कर्णाली प्रदेश सभा

# छैंठौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

## बैठक संख्या: १ देखि ९ सम्म

कर्णाली प्रदेश सभा

**प्रदेश सभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

२०७७

# छैंठौं अधिवेशन

# कूल बैठक संख्या:२९

# सम्पूर्ण कार्यवाहीको संक्षिप्त विवरण

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| बैठक संख्या 1 | • **दलको तर्फबाट धारणा राख्ने माननीय सदस्यहरूः**<br>1. मा. जीवनबहादुर शाही<br>2. मा. यामलाल कंडेल<br>3. मा. सोशिला शाही |
| बैठक संख्या 2 | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा आफ्ना भनाई राख्ने माननीय सदस्यहरु:-<br>1. मा. सीताकुमारी नेपाली<br>2. मा. दीनवन्धु श्रेष्ठ<br>3. मा. पदमबहादुर रोकाया<br>4. मा. अम्मरबहादुर थापा<br>5. मा. रातो कामी<br>6. मा. पद्मा खड्का<br>7. मा. कौशिलावती खत्री<br>8. मा. दानसिंह परियार<br>9. मा. बदमी क्वारी बोहोरा<br>10. मा. राजु नेपाली<br>11. मा. सुशीलकुमार थापा<br>12. मा. अमृता शाही<br>13. मा. गणेशप्रसाद सिंह<br>14. मा. गोपाल शर्मा<br>15. मा. धर्मराज रेग्मी<br>16. मा. चन्द्रबहादुर शाही<br>• आर्थिक कार्यविधि ऐन २०७४ को दफा ९ तथा प्रदेश नियमावली २०७४ को परिच्छेद १७ विनियोजन तथा अर्थ विधेयकसम्वन्धी कार्यविधिको नियम १३२ को उपनियम (२) बमोजिम विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथामिकता र प्रमुख नीतिहरू आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाबाट सभासमक्ष पेश । |
| बैठक संख्या 3 | • पछिल्लो घटनाक्रमको विषयमा ध्यानाकर्षण गराउने माननीय सदस्यहरु:-<br>1. मा. सीताकुमारी नेपाली<br>2. मा. दानसिंह परियार |

| बैठक संख्या | संक्षिप्त विवरण |
| --- | --- |
| | • माननीय सदस्यहरूले व्यक्त गर्नुभएका विचार र भावनामा सभाको गम्भीर ध्यानाकर्षण भएको माननीय सभामुखबाट जानकारी ।<br>• माननीय सभामुखबाट छैटौं अधिवेशनको दोस्रो बैठकको विशेष समयमा माननीय सदस्यहरूले सार्वजनिक सरोकारका विविध विषयमा उठाउनु भएका जिज्ञासा एवम् प्रश्नको सम्बन्धमा सभालाई सम्वोधन गर्न कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीलाई समय प्रदान ।<br>• प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने विषयहरूमा आफ्ना भनाई राखे माननीय सदस्यहरुः-<br>1. मा. गुलावजंग शाह<br>2. मा. हिमबहादुर शाही<br>3. मा. खडकबहादुर खत्री<br>4. मा. रातो कामी<br>5. मा. मिनासिंह रखाल<br>6. मा. वीरबहादुर शाही<br>7. मा. झोवा वि.क.<br>• कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाले सभासमक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्नो धारणा राखे माननीय सदस्यहरुः-<br>1. मा. चन्द्रबहादुर शाही<br>2. मा. यज्ञबहादुर बि.सी.<br>3. मा. कुर्मराज शाही<br>4. मा. अमृता शाही<br>5. मा. झोवा वि.क.<br>6. मा. पद्मा खड्का<br>7. मा. विन्दमान विष्ट<br>8. मा. गणेशप्रसाद सिंह |
| बैठक संख्या 4 | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा विशेष समयमा आफ्नो धारणा राख्ने सहभागी माननीय सदस्यहरुः-<br>1. मा. यामलाल कंडेल<br>2. मा. कृष्णा शाह आचार्य<br>3. मा. खड्कबहादुर खत्री<br>4. मा. अम्मरबहादुर थापा |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | 5. मा. पद्मा खड्का<br>6. मा. बदमी क्वारी बोहोरा<br>7. मा. सुशीलकुमार थापा<br>8. मा. गणेशप्रसाद सिंह<br>• कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालाले सभासमक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा केन्द्रित रही आफ्नो धारणा राख्न सहभागी माननीय सदस्यहरुः-<br>1. मा. जीवनबहादुर शाही<br>2. मा. पदमबहादुर रोकाया<br>3. मा. दीनवन्धु श्रेष्ठ<br>4. मा. अम्मरबहादुर थापा<br>5. मा. हिमबहादुर शाही<br>6. मा. सोशीला शाही<br>7. मा. धर्मराज रेग्मी<br>8. मा. खडकबहादुर खत्री<br>9. मा. मिनासिं रखाल<br>10. मा. सुशीलकुमार थापा<br>11. मा. यामलाल कंडेल<br>• विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयवस्तुहरूमा माननीय सदस्यहरूले छलफलको क्रममा उठाउनुभएका जिज्ञासा तथा सुझावहरूलाई आगामी बजेट र कार्यक्रममा समावेश गर्ने सम्बन्धमा प्रदेश सरकारको तर्फबाट धारणा प्रस्तुत गर्नुहुँदै आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वाला । |
| बैठक संख्या 5 | • सरकारका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीद्वारा प्रदेश सरकारको आर्थिक वर्ष २०७७÷०७८ को नीति तथा कार्यक्रमको मूल प्रति प्रदेश प्रमूख माननीय गोविन्दप्रसाद कलौनीलाई हस्तान्तरण ।<br>• कर्णाली प्रदेशका प्रदेश प्रमूख माननीय श्री गोविन्दप्रसाद कलौनीद्वारा प्रदेश सरकारको आर्थिक वर्ष २०७७÷०७८ को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत ।<br>• माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीद्वारा प्रदेश सरकारको २०७७÷०७८ को नीति तथा कार्यक्रम सभासमक्ष टेबुल ।<br>• माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रदेश सरकारको २०७७÷०७८ को नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम माननीय प्रदेश प्रमुखज्यूलाई सभाको |

| बैठक संख्या | संक्षिप्त विवरण |
| --- | --- |
| | तर्फबाट धन्यवाद ज्ञापनको प्रस्ताव माननीय गुलावजंग शाहद्वारा पेश । <br>• माननीय गुलावजंग शाहद्वारा पेश धन्यवाद ज्ञापन पत्रलाई माननीय सीताकुमारी नेपालीद्वारा समर्थन । <br>• उक्त प्रस्ताव स्वीकृत गर्नका लागि माननीय सभामुखद्वारा सभामा निर्णयार्थ पेश तथा सर्वसम्मतीले पारित भएको घोषणा । |
| बैठक संख्या 6 | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा विशेष समयमा आफ्ना भनाई राख्ने माननीय सदस्यहरुः- <br>1. मा. जीवनबहादुर शाही <br>2. मा. गुलावजंग शाह <br>3. मा. हिमबहादुर शाही <br>4. मा. कुर्मराज शाही <br>5. मा. मिनासिं रखाल <br>6. मा. पद्मा खड्का <br>7. मा. वीरबहादुर शाही <br>8. मा. धर्मराज रेग्मी <br>9. मा. सीताकुमारी नेपाली <br>• माननीय सभामुखज्यूद्वारा कोभिड-१९ लाई मध्यनजर गर्दै माननीयज्यूहरूले गर्ने जिल्ला भ्रमण जस्ता कृयाकलापबाट सभा ब्यवस्थापनमा अपनाएको सावधानी निरर्थक हुने भन्दै सभाको स्वीकृति नलिई जिल्ला भ्रमणमा नजान र जानै पर्ने अवस्था भएमा सभामा भाग लिनु अगावै अनिवार्य रुपमा पुनः पिसिआर जाँच गरेर मात्र सभामा भाग लिन माननीय सदस्यहरूलाई रुलिङ। <br>• माननीय मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नुभएको प्रदेश सभाको आर्थिक वर्ष २०७७÷०७८ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्ना धारणा राख्ने माननीयहरुः- <br>1. मा. जीवनबहादुर शाही <br>2. मा. चन्द्रबहादुर शाही <br>3. मा. अमृता शाही <br>4. मा. राजु नेपाली <br>5. मा. देवी वली <br>6. मा. पदमबहादुर रोकाया <br>7. मा. गणेशप्रसाद सिंह <br>8. मा. ठम्मरबहादुर विष्ट |
| बैठक संख्या 7 | • प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा विशेष समयमा |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | आफ्ना भनाई राख्ने माननीय सदस्यहरुः-<br>1. मा. दीनवन्धु श्रेष्ठ<br>2. मा. गुलावजंग शाह<br>3. मा. झोवा बि.क.<br>4. मा. मिनासिंह रखाल<br>5. मा. अमृता शाही<br>6. मा. खड्कबहादुर खत्री<br>7. मा. गोपाल शर्मा<br>8. मा. ठम्मरबहादुर विष्ट<br>• विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाको सन्दर्भमा आफु सम्वद्ध विषयहरूमा माननीय सामाजिक विकास मन्त्री दल रावलद्वारा सभालाई जानकारी ।<br>• मन्त्रीले जवाफ दिईसकेपछि सांसदहरूले उठाएको कुराको पुरक प्रश्न उठाउन पाउनु पर्ने माननीय जीवनबहादुर शाहीको माग, माननीय सभामुखद्वारा त्यस्तो ब्यवस्था नभएको जानकारी ।<br>• कर्णाली प्रदेशका मुख्यमन्त्री माननीय महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७÷०७८ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमाथि छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुः<br>1. मा. हिमबहादुर शाही<br>2. मा. गुलावजंग शाह<br>3. मा. यज्ञबहादुर बि.सी.<br>4. मा. सीताकुमारी नेपाली<br>5. मा. कृष्णा शाह<br>6. मा. बझी क्वारी बोहोरा<br>7. मा. धर्मराज रेग्मी<br>8. मा. कौशिलावती खत्री<br>9. मा. पद्मा खड्का<br>10. मा. कुर्मराज शाही |
| बैठक संख्या ८ | • प्रदेश सरकार र र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा भनाइ राख्न विशेष समयमा आफ्नो धारणा राख्ने माननीय सदस्यहरूः-<br>1. मा० जीवनबहादुर शाही<br>2. मा० पदमबहादुर रोकाया<br>3. मा० हिमबहादुर शाही |

| बैठक संख्या | संक्षिप्त विवरण |
|---|---|
| | 4. मा० अम्मरबहादुर थापा<br>5. मा० बद्मीक्वारी बोहोरा<br>6. मा० पद्मा खड्का<br>7. मा० मिनासिंह रखाल<br>8. मा० खड्कबहादुर खत्री<br>9. मा० कृष्ण शाह (आचार्य)<br>10. मा० सुशीलकुमार थापा<br>• सभा समक्ष टेबुल भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमका विषयहरूमाथि छलफलमा आफ्नो धारणा राख्नुहुने माननीय सदस्यहरू:<br>1. मा० दीनबन्धु श्रेष्ठ<br>2. मा० अम्मरबहादुर थापा<br>3. मा० झोवा विक<br>4. मा० गोपाल शर्मा<br>5. मा० दानसिंह परियार<br>6. मा० खड्कबहादुर खत्री<br>7. मा० रातो कामी<br>8. मा० करवीर शाही<br>9. मा०वीरबहादुर शाही<br>10. मा० मिनासिंह रखाल<br>11. मा० विन्दमान विष्ट<br>12. मा० सुशीलकुमार थापा<br>13. मा० सोशिला शाही<br>14. मा० यामलाल कँडेल<br>• प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमका विषयहरूमाथि छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुँदै मा० मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही ।<br>• प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमका विषयहरूमाथिसंशोधनको प्रस्ताव फिर्ता लिनको लागी छुट्याएको समयमा बोल्नु हुँदै माननीय जीवनबहादुर शाही । |
| बैठक संख्या ९ | • प्रदेश सरकार र र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा भनाइ राख्न विशेष समयमा आफ्नो धारणा राख्ने माननीय सदस्यहरू:<br>1. मा० जीवनबहादुर शाही<br>2. मा० बद्मीक्वारी बोहोरा |

| बैठक संख्या | संक्षिप्त विवरण |
| --- | --- |
| | 3. मा० यज्ञबहादुर बि.सी.<br>4. मा० कौशिलावती खत्री<br>5. मा० खड्कबहादुर खत्री<br>6.मा० विन्दमान विष्ट<br>7. मा० ठम्मरबहादुर विष्ट<br>• यस सभाका अघिल्ला बैठक र आजको विशेष समयमा सार्वजनिक सरोकारका विषयमा माननीय सदस्यले उठाउनुभएका प्रश्न एवम् जिज्ञाशाको सन्दर्भमा यस सभालाइ जानकारी गराउँदै कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय नरेश भण्डारी ।<br>• खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको विधेयक, २०७५ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभा समक्ष राख्दै मा० राजु नेपाली । |

# विषयसूची


| क्र.सं. | बैठक संख्या | पृष्ठ संख्या |
|---|---|---|
| 1. | बैठक संख्या १ | १-२५ |
| 2. | बैठक संख्या २ | २६-५९ |
| 3. | बैठक संख्या ३ | ६०-११० |
| 4. | बैठक संख्या ४ | १११-१७५ |
| 5. | बैठक संख्या ५ | १७६-१९२ |
| 6. | बैठक संख्या ६ | १९३-२३६ |
| 7. | बैठक संख्या ७ | २३७-२८७ |
| 8. | बैठक संख्या ८ | २८८-३६३ |
| 9. | बैठक संख्या ९ | ३६४-३८९ |

**(वि.सं. २०७७ साल जेष्ठ ११ गते आइतबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको पहिलो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको छैठौं अधिवेशन आह्वान्सम्बन्धी पत्र प्राप्त हुन आएको छ । सो पत्रको व्यहोरा वाचन गरेर सुनाउँछु ।

**विषय:** प्रदेश सभाको छैठौं अधिवेशन आह्वान सम्बन्धमा ।

श्री प्रदेश सभा सचिवालय,
कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेत ।

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख माननीय गोविन्दप्रसाद कलौनीज्यूबाट मिति २०७७/१/३० मा भएको आदेशानुसार नेपालको संविधान धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको छैठौं अधिवेशन मिति २०७७ जेष्ठ ११ गते आइतबार दिनको ३:०० बजे प्रदेश सभा सुर्खेतमा बस्ने गरी आह्वान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले
ठाकुरप्रसाद सिग्देल
सचिव, मिति २०७७/१/३०

माननीय सदस्यहरू, प्रदेश सभाको छैठौं अधिवेशन शुभारम्भको पहिलो बैठकमा दलको तर्फबाट धारणा राख्नका लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय, हामी आज छैठौं अधिवेशनमा छौं । यो त्यस्तो परिस्थितिमा छौं कि पहिला-पहिला भन्ने गर्थे केही बदमास गर्ने भए नि मुख लुकाउँछन् भन्थे आज हामी मुख लुकाउने अवस्थामा पुगेका छौं । यो छैठौं अधिवेशनमा सर्वप्रथम म सभामुख, माननीय सभामुखज्यूमार्फत् सम्पूर्ण सदनलाई म हार्दिक बधाई दिन चाहन्छु र कोभिड– १९ कोरोना भाइरसले संसारभरि ज्यान गुमाउनेहरू र नेपालमै पनि ३ जनाले ज्यान गुमाइसक्नुभएको छ । उहाँहरूप्रति म हार्दिक श्रद्धाञ्जली ज्ञापन गर्न चाहन्छु । र अहिलेको जुन परिस्थित कोरोना भाइरसले संसारलाई तहसनहस गरिरहेको अवस्थामा हामी नेपालीहरूलाई पीडामाथि पीडा थपिएको छ । कोरोना भाइरस कोभिड-१९ को असर संसारलाई छ भने हामीलाई दोहोरो छ । आफ्नो मातृभूमि पनि हामीले अरुबाट खोसिएको हुन त यो धेरै वर्ष भएको थियो तर अहिले एकदम नक्सामा नै पारेर, सडक नै खनेर जुन एक किसिमको हामी नेपालीहरूलाई बज्रपात भएको छ । र यो सम्बन्धमा नेपाल सरकारले नेपालका सम्पूर्ण पार्टीहरूले आफ्ना आन्तरिक मतभेदहरू हुँदाहुँदै पनि राष्ट्रियताको लागि आफ्नो भूमिको लागि हामी सब एक भएको र नेपाल सरकारले प्रतिनिधि सभाका, राष्ट्रिय सभाका सांसदहरूले सुझाव दिने क्रममा उहाँहरूले दिएका सुझावहरू पार्टीलाई सर्वदलीय

बैठक बोलाएको बेला सर्वदलीय बैठकमा नेताहरूले दिएको सुझावलाई अगाडी लगेर जुन सरकारले नेपालको आफ्नो भूमि कालापानी, लिपुलेख, लिम्पियाधुरालाई समेटेर जुन नक्सा बनाएको छ, त्यसको लागि म नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । नेपालका पार्टीहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । नेपाली जनतालाई म धन्यवाद ज्ञापन गर्न चाहन्छु, जसले गर्दाखेरि जुन आज यस्तो महामारीको अवस्थामा हो यो समस्या एउटा कालापानी, लिम्पियाधुरा र लिपुलेखको मात्र थिएन, सुस्ताको पनि हो । यो विवादितमा रहेको नक्साहरू अहिलेसम्म बनेका थिएनन् विवादमा थियो कुनै बेला गौण रह्यो होला, कुनै बेला अलि चर्को आवाज उठ्यो होला तर अहिले आएर चाहिँ नेपालीहरूलाई जुन हेप्ने काम गऱ्यो र नेपालीहरूले पनि एकमुष्ट आफ्नो राष्ट्रको लागि जुन काम भएको छ, त्यसको लागि पनि मैले पुन: धन्यवाद दिन चाहैं र म अनुरोध गर्न चाहन्छु । कर्णाली प्रदेशले पनि यसलाई समर्थन गरेर हामीले यो सम्मानित सदनबाट पास गरेको खण्डमा राम्रो होला भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु । अब यति कुरा राखिसकेपछि म अलिकति जुन अहिले यो भयावह अवस्थाहरू चाहिँ आइरहेको छ । विदेशबाट नागरिक ल्याउने सम्बन्धमा यो हाम्रो भन्दा पनि संघीय सरकारको चाहिँ दायित्वभित्र धेरै पर्छ प्रदेश सरकारको भन्दा पनि ।

यिनलाई कसरी कसरी ल्याउने ? कति आउने हुन् ? अब अहिले हाम्रो आँकडामा ३० लाखदेखि ५० लाख नेपालीहरू बाहिर छन् भन्ने कुरा छ, त्यो ल्याउनको लागि क्रमबद्ध ढंगले बिस्तारै कसरी ल्याउने हो ? त्यो संघीय सरकारले गरोस् भन्ने म अनुरोध गर्न चाहन्छु । त्यो आइसकेपछि हाम्रो बोर्डरमा आइसकेपछि प्रदेश प्रत्येक प्रदेशहरूले आफ्नो-आफ्नो ठाउँमा तिनलाई व्यवस्थित कसरी गर्ने भन्ने कुराहरू चाहिँ उपयुक्त होला भन्ने मलाई लाग्छ । संघीय सरकारले गर्नुपर्ने कुराहरूमा र अहिले आएर यस्तो, यस्तो अवस्थामा छ हामी दुई महिना नाग्न थालिसक्यो लकडाउनमा छौं र त्यो बेला अब कैयौंले खान नपाउने अवस्था आइरहेको छ । मजदूरी गर्ने, ज्यालादारी गर्ने, पैसै भएकाहरूलाई पनि किनेर खान नसक्ने अवस्थाहरू छन् । यस्तो अवस्थामा जुन सरकारले अस्ति एउटा खालको गाइँगुइँ गाइँगुइँ कुराहरू ल्याएको छ । यो ६० वर्षभन्दा मुनिका एकल महिलाहरू अपाङ्गहरूलाई चाहिँ जुन भत्ता नदिने भनेर भनेको छ यसमा चाहिँ सरकारले तुरुन्त पुनर्विचार गरोस् । हुन त मानवअधिकारले यो चाहिँ गर्नुपर्छ भनेर त्यहाँ भनिसकेको छ, निर्देशन दिइसकेको छ । यद्यपि यस्तोबेला चाहिँ सरकारले यी कुरामा अल्झिने बेला हैन उनीहरूलाई दिनुपर्ने उनीहरूले पाउनुपर्ने चाहिँ कुराहरूलाई चाहिँ प्राप्त गरोस् दिलाओस् भन्ने चाहिँ म चाहन्छु । त्यसको लागि पनि प्रदेश सरकारले पनि हाम्रो सिंगो संसद् सम्मानित संसद्ले पनि यसमा आवाज उठाओस् भन्ने पनि म आग्रह गर्न चाहन्छु । अहिले आएर यो जुन कोभिड-१९ को महामारीमा प्रत्येक गाउँमा, जिल्लामा, प्रदेशमा, केन्द्रमा जो-जो व्यक्तिहरूले जुन सहयोग गरेका छन्, उहाँहरूलाई पनि म धन्यवाद दिन चाहन्छु । हुन त हामी यहाँ थिएनौं, यहाँ पनि हाम्रो प्रदेश सरकारले ठाउँ-ठाउँबाट चाहिँ सामानहरू उपलब्ध गराको, कसैले नगद उपलब्ध गराएको भन्ने सुन्नमा आएकै छन्, त्यसको लागि पनि म मेरो दलको तर्फबाट र नेपाली

कांग्रेसको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु । यस्तै सन्दर्भमा अहिले अलिकति ठूलो भोल्यूममा हाम्रो स्वर्गीय प्रभाकर राणा, स्वर्गीय प्रभाकर राणा उहाँचाहिँ सोल्टी होटेलको मालिक हुनुहुन्थ्यो र उहाँको छोरी तारा राणाले करिब १ करोड रुपैयाँ कुमारी ट्रष्ट भन्ने एउटा ट्रष्ट छ, त्यो ट्रष्टलाई उहाँले दिएर यो कर्णाली प्रदेशलाई सहयोग गर्ने भनेर १ करोडको कुमारी ट्रष्टमार्फत् सामग्रीहरू खरिद गरेर कर्णाली प्रदेशका सबै जिल्लाहरूलाई भनेर चाहिँ उहाँले चाहिँ सहयोग गर्नुभएको थियो र त्यसमा सायद जुम्लामा हाम्रो कर्णाली विज्ञान प्रतिष्ठान भएको हुनाले अहिले त्योबाहेक अरु नौ वटा जिल्लाहरूलाई हुने गरेर कुमारी ट्रष्टका अध्यक्ष राजीव विक्रम शाहमार्फत\ यो प्रदेशमा आएको छ, सायद मलाई विश्वास छ त्यो हाम्रो सरकारलाई हस्तान्तरण भइसकेको होला र यो एउटा भेन्टिलेटरसहित अरु आईसीयू बेडसहित जुन कालागाउँ हस्पिटललाई दिएको छ, त्यसरी नै अरु ८ वटा जिल्लाहरूलाई पनि सामग्रीहरू दिएको छ । मलाई विश्वास छ, हाम्रो सरकारले यो ती सामग्रीहरू तुरुन्त नै उक्त जिल्लाहरूमा पठाउनेछ र सरकारलाई पठाइदिनको लागि छिटो पठाउनको लागि अनुरोध गर्दै यी दाताहरूलाई जसले कसैले आफ्ना बावुका सम्झनामा, कसैले आफ्नो पेट काटेर पनि दिएकोलाई उहाँहरूलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

अब अहिलेको परिवेशमा हामीले कुरा गर्नुपर्ने नै यो कोरोनाबाट यी हामी नेपालीहरू अजीबका छौं, अचम्मका छौं । कुनै मन्त्रीहरूले भन्ने गर्नु भो नेपाल कुरान कोरोनामुक्त देश हो, आउनुस् हाम्रो देशमा । यहाँ कोरोनाले केही गर्नेवाला छैनन् भने पनि हाम्रा संघका मन्त्रीहरूले भनेको पनि यहाँहरूले सुन्नुभयो । अनि हामी प्रदेशमा पनि हाम्रो प्रदेश भनेको कोरोनामुक्त प्रदेश हो, यहाँ केही गर्न सक्दैन भन्ने खालका कुराहरू पनि नभएका होइनन् । मैले १२/१४ मा र १/२९ मा यलाई म विवेक्ति, विज्ञप्ति भन्दिन प्रेस नोट सरकारलाई सहज होस् भन्नको लागि मैले दलको तर्फबाट प्रेस नोट जारी गरेको थिएँ । यो यसरी जाँदा राम्रो होला, सरकारले अहिले बेलैमा बुद्धि पुऱ्याओस् । कर्णाली प्रदेश, कर्णालीलाई जहिले पनि जो ले पनि हेर्दाखेरि गरिब प्रदेश, निमुखाहरूको प्रदेश, भोकानाङ्गाहरूको प्रदेश भनेर चाहिँ भन्ने गरिन्छ तर मैले सोचेको मैले देखेको कर्णाली अहिले हामी न भोका छौं, न नाङ्गा छौं, न कोहीभन्दा हामी त्यस्तो मागी खाने गरिब नै छौं । हाम्रो मानसिकता गरिब छ, हामीसँग रिसोर्सहरू छन् । मैले भनेको थिएँ त्योमार्फत् पनि भनेको छु र इन्टरभ्यूहरूमा पनि भनेको थिएँ कि हामीलाई अहिले प्रदेश सरकारलाई पैसाको समस्या छैन । क्षेत्र विकास कोष पनि हामीले झिकेर दिनुपर्ने हो भने त्यसमा हामी अन्यथा मान्दैनौं किनकि अहिले सबभन्दा पहिला कर्णालीवासीलाई हामीले जोगाउनुपर्नेछ । कर्णालीवासीलाई हामीले भोकबाट जोगाउनुपर्नेछ, स्वास्थ्यबाट जोगाउनुपर्नेछ, यो गरौं भनेर पनि भन्यौं तर हाम्रो दरिद्रतापन छँदैछ । अझै पनि हामी हात फैलाउने र हामी गरिब छौं हामी, हामी खान पाउदैनौं भनेर हामी जहाँ पनि जाँदाखेरि जसको हेर्ने दृष्टिकोणहरू छन्, त्यो गलत दृष्टिकोण चाहिँ हामी निर्माण गर्दैछौं । यो गर्नु हुन्न भन्ने मलाई चाहिँ लाग्दछ । कहिले कहिले तपाइँहरू हेर्नुभो भने मैले यो एउटा कथामा पढेको थिएँ, बाटोमा एक जना महिला दिदीबहिनी एउटा सानो बच्चा बोकेर

बसिरहनुभएको रहेछ माग्न । उहाँलाई माग्दाखेरि के भन्ने भने मेरो बच्चा १० दिनदेखि भोकै छ, मलाई एक डलर दिनुस् भनेर भन्दा सबैले त्यो हेयको दृष्टिकोणले हेरेर हिंड्दै जाने गरेछन् तर एक जना मान्छे जब ऊ मरसिडिज कारमा सरर्र आयो, एउटा बच्चा बोकेको छ बाहिर निस्क्यो एउटा डिपार्टमेन्टल स्टोरमा गयो र अहिले उले भन्यो सरी मैले आज मेरो चाहिँ पर्स ल्याउन बिर्सेछु, मेरो बच्चाले दुध पाएको छैन भन्दाखेरि सबैले जाइने म दिन्छु र म दिन्छु गरे । यो प्रवृत्तिलाई यो यो मानसिकतालाई पनि तपाईँ हामीले बुझ्नुपर्छ भन्ने मलाई लाग्दछ । हामी यस्ता भूमिका जनताहरू हुन्, जस जुन फापरले आज डायबिटिजको औषधि गर्छ । जुन फापरले आज ब्लडप्रेसरको चाहिँ औषधि गर्छ । जुन कोदोले आज चाहिँ रक्तअल्पताको काम गर्छ । यस्ता-यस्ता चीजहरू प्रकृतिले दिएको ठाउँमा अनि हामी सधैं भन्ने गर्ने हामी गरिब छौं, हामी निमुखा छौं, हाम्रो प्रदेश यस्तो छ भनेर हामीले आफैले चाहिँ हेयको दृष्टिमा जानु हुँदैन भन्ने पनि म आज यहाँहरूलाई चाहिँ अनुरोध गर्न चाहन्छु । अब यस्तो बेलामा हामीले म्यानेजमेन्टको कुरा हो । यहाँ चाहिँ मन्त्रीज्यूहरू सरकार लागेको छ, सरकार लाग्यो तर समिति बनायौं, अर्को बनायौं भन्ने कुरामा लाग्यो र मैले त्यो बेलामा पनि अनुरोध गरेको थिएँ समितिहरू मात्र बनाएर होइन । सबभन्दा पहिलो कुरा भनेको चाहिने मात्राका औषधिहरू, पीपीईहरू, स्वास्थ्यकर्मीहरूलाई चाहिने पीपीईहरू सबै अनि टेस्टिङ्गको लागि, ट्रेसिङ्गको लागि चाहिने सबै इक्यूपमेन्टहरू चाहिँ हामीले तयार गरेर बसौं भन्ने पनि मैले अनुरोध नगरेको होइन । त्यस्तै गरेर यी क्वारेन्टिनका नाममा हामीले चाहिँ के गर्ने जस्तै मैले चाहिँ के देखिरहको छु असाध्यै फोटोमा फोटोशेसनका लागि घण्टाघरका पालहरू असाध्यै राम्रा देखिदारहेछन् तर अब आज ती क्वारेन्टिनमा हामी हाम्रा मान्छेहरू ल्याएकालाई बसाउन सक्छौं कि सक्दैनौं ? ती कोठाभित्रमा जहाँ एसी छन्, जहाँ फेन चलिरका छन्, त्यस्तो ठाउँमा बस्न अप्ठ्यारो भइरहेको बेला त्यस्तो बेला हामीले राख्न सक्छौं कि सक्दैनौं ? यी कुरालाई पनि सरकारले बेलैमा ध्यान पुऱ्याउन पर्थ्यो भन्ने लाग्छ तर मलाई लाग्छ मैले सभामुख महोदय म भन्न चाहन्छु । हाम्रो सरकार यस्तो छ कि सबैमा विज्ञता प्राप्त भएको कसैलाई एकपल्ट सोधौं, सल्लाह लिऔं, अहिले त के छ भर्चुअल मिटिङ्गहरू भइरहेका छन् गरिरहेका छन् । त्यसमा गरेर कसैलाई सोधेर चाहिँ सानो हुने होइन सभामुख महोदय । म सरकारलाई सभामुख महोदयमार्फत् भन्न चाहन्छु कैयौं विज्ञहरू होलान् । गाउँका पढेलेखेका मान्छे नभए पनि उनीहरूको ज्ञान र विज्ञान हुन सक्छ त्यलाई हामीले विचार गर्नुपर्थ्यो भन्ने नै हो । त्यसकारणले हामीले गर भन्यौं । पचास करोड रुपैयाँ हामीले छुट्यायौं । १५/१५ लाख गाउँपालिकाहरूलाई २०/२० लाख नगरपालिकालाई दियौं । त्यसमा के भइरहेको छ ? कुन गाउँपालिकाले राम्रो गऱ्यो ? कसले गरेन ? भन्ने कुरामा पनि हामीले त्यति साह्रो ध्यान दिएको जस्तो पनि लाग्दैन र अहिले सरकारले भनिरहेको छ, करिब-करिब ८० हजार भारतबाट मात्र आउँदै छन् । ८० हजार हाम्रा नागरिकहरूलाई हामीले कसरी व्यवस्थापन गर्ने हो ? अहिलेको अवस्थामा केही नभए पनि ट्रेसिङ्ग र टेस्टिङ्ग त हामीले गर्नै पऱ्यो । यो कुरामा चाहिँ सरकारले चाहिँ अहिलेदेखि व्यवस्थित गर्नुपर्छ । हुन त हामी गौरवका साथ

भनिरहेका छौं । पीसीआर गर्ने दुइटा मेसिन छन्, तीनटा मेसिन छन्, त्यो मेसिन भित्र चाहिने मलाई मेडिकल टर्महरू थाहा छैन त्यो मेसिनहरूलाई चाहिने मेडिकल मेडिसन मेडिसनल चीजहरू चाहिन्छ कि चाहिँदैन ती मेसिनहरूले मात्र हुन्छ त होइन होला । यी-यी कुराहरूमा हामीले यस्तो गर्नुपर्‍यो कि हामीसँग यति समय समानहरू हुनुपर्‍यो कि टेस्ट गर्नलाई कर्णाली प्रदेशले टेस्टिङ्ग किटहरू भएनन् भन्ने कुराहरू आउनु हुँदैन बरु बढी भएछन् भने भने भोलि हामी अरु प्रदेशहरूलाई दिउँला । जसरी आज हामीले यो प्रदेशमा केही पनि छैन भन्यौं, कैयौं जिल्लामा के भन्दैछन्, हाम्रो जिल्लामा त के छ भनेर यो सबै जिल्लामा हुनेवालो छ । सबै ठाउँमा जानेवालो छ । यलाई हामीले जाहिँ अहिले अलिकति राम्रो ख्याल गरेनौं भने यले हामीलाई कुन ठाउँमा पुर्‍याउँछ ? हामीलाई थाहा छैन । सरकारले असाध्यै गम्भीरतापूर्वक सोच्नुपर्ने कुरा जुन संक्रमण लागेपछि भू-कम्प आएजस्तो, बाढीपहिरो आए जस्तो सरकारचाहिँ दुइटा साना कीट लिएर हेलिकप्टरमा घुम्न थाल्यो । निरीक्षणको लागि जान थाल्यो । हामीले सुझाव दिऔं सरकार तिमी यसो नगर किनकि वुहानमा उहाँहरू हामीभन्दा धेरै पढेलेखेको हुनुहुन्छ, धेरै विद्वान् हुनुहुन्छ । वुहानमा कसरी कन्ट्रोल भयो ? वुहानको मेयरले उले आफ्नो कोठा छोडेन, ऊ कोठाभित्र बस्यो, उले भन्यो त्यहाँका स्वास्थ्यकर्मीहरूलाई त्यहाँका सुरक्षाकर्मीहरूलाई के भन्यो भने के के सामान चाहिन्छ ? तिमी लिएर जाऔ, यलाई नियन्त्रण गर । तर हामी त के भयौं भने गयौं, भाषण गर्‍यौं, सबैभन्दा सुरु जुम्लाबाट भयो । जुम्लामा गएर भाषण गर्‍यौं मान्छेलाई पूरा कुरा हामीले जम्मा गर्‍यौं अनि हामीले त्यहाँ उपदेश दियौं हामीले भन्यौं पैसाले मात्र हुँदैन रैछ, प्राविधिकले मात्र हुँदैन रैछ, स्रोत र साधनले मात्र हुँदैन रैछ, जब जनता नै सचेत भएन भने जनताले नै मानेन भने भनेर हामीले भाषण गर्‍यौं । एकछिन पछि बाहिर आएर फेरि हामी सबैसँग अँगालो मारेर फोटो खिच्यौं । जो ठूलोले जे गर्छ उनीहरूले सिक्ने त्यही हो । हुम्लामा गएपछि त हुम्लामा त पूरा अबिर जात्रा नै भयो सभामुख महोदय । अनि मैले सुन्दै थिएँ अस्ति भयो अरे मैले संयोगले आफू बिरामी परेको हुनाले आउँदाखेरि मलाई सन्चो भएन, मलाई धेरै झुमिट भएको हुनाले त्यो दिन सुतिरहें । जुम मिटिङ भयो रे हामीले डक्टर भगवान कोइरालालाई पनि हामीले निमन्त्रणा गर्‍यौं रे डक्टर अर्जुन कार्कीलाई पनि हामीले निमन्त्रणा गर्‍यौं रे अनि हामीले भन्यौं रे कसरी बस्ने ? के गर्ने ? ती कुरा गर्‍यौं साह्रै राम्रो कुरा हो । तर ती कुरा आफूले लागू गरेनौं । के यो रजनीसले भन्ने गर्थे, पिपुल हु मेक द रुल एण्ड रेगुलेशन दे ब्रेक द रुल एण्ड रेगुलेशन भन्थे के त्यही नै हो त ? यहाँहरूले पनि भन्ने गरेका नसुनेका होइनन् यो कर्णाली झैं भाइरसमुक्त यो भाइरस कसैले रोकेर रोकिने चीज छैन भन्ने कुराहरू छन् । अझ दुईचार वर्ष जान्छन यो भाइरससँगै लडेर बस्नुपर्ने अवस्थाहरू छन् । अझैं दुईचार वर्ष जान्छ भन्ने कुराहरू आइरहेको छ । त्यस्तो अवस्थामा पनि हामीमा कम्पिटिसन भयो । म तपाईंहरूलाई पहिलो बिगारेको भन्दिन केन्द्रीय सरकारका मन्त्रीहरूले त्यस्तो समेत गरे छाता लगेर पानी भिजेको छ, विचारा फलानो मन्त्रीज्यू त आफ्ना जनता आफ्ना जिल्लाका जनतालाई पुर्‍याउनको लागि पानीमा रुज्दै-रुज्दै पनि पुर्‍याउनुभयो भने । मैले सोचेको थिएँ आजसम्म

माननीज्यू हुनुहुन्छ एउटा पार्टीको माननीय हुनुहोला हामी छौं एउटा पार्टीको हौंला तर सरकार सिंगो देशको हो । सरकार सिंगो प्रदेशको हो । म सबैको हुँ भन्ने चाहिँ परिकल्पना गरेनन् अनि त्यहाँबाट मान्छेहरू लाइनका लाइन धक्कलपक्कल गर्न सुरु गरे, त्यही प्रदेशले सिक्यो । प्रदेशले पनि त्यही गऱ्यो । जो जो मन्त्रीज्यूलाई जे जे जिम्मा दिइएको थियो, उहाँहरूले भन्न थाल्नुभो कर्णाली प्रदेशले यो काम गरेको छ तपाईँहरू नआत्तिनुस्, कर्णाली प्रदेश सबैको लागि हो । सरकार सबैको हो । भलै म कुनै पार्टीबाट निर्वाचित भएर आएको हुँला भलै म कुनै पार्टीलाई मैले मलाई मतदान दिएर पठाएको होला भोलि मलाई त्यो पार्टीले फेरि पनि निर्वाचित गर्छ होला । मानिस हुँ उन्नाइसको बीस हुन्छ होला तर चिन्ता नगर्नुस् भन्ने यो प्रदेशबाट आएन सभामुख महोदय । आफ्ना आफ्ना मन्त्रीहरूले गरेका कुरालाई सरकारले गऱ्यो कहिल्यै पनि भनेन । फलाना मन्त्रीज्यूले त्यही राशन दिनुभयो । फलाना मन्त्रीज्यूले यति चाहिँ गाडी ल्याउनुभयो । म तपाईँहरूलाई धन्यवाद दिन चाहन्छु यदि तपाईँहरूले आफ्नो खल्तीको पैसा, आफ्नो श्रीमतीको खल्तीको पैसा, बुवाआमाको खल्तीको पैसाबाट दिएको हो भने म यहाँबाट सम्मान टोपी राखेर सम्मान प्रकट गर्न चाहन्छु । होइन भने राज्यको नेपाली जनताले तिरेको करको लागि म सरकारले गरेको हुँ भन्ने कुरा एउटा हुति आउँदैन भने अनि हामीले यो सरकारलाई कसरी सरकार मान्ने सभामुख महोदय । सरकार सबैको हो । अब हुँदाहुँदा यस्तोसम्म पनि कुरा आको छ सभामुख महोदय, आफ्ना आफ्नो अहिले निर्वाचित जनप्रतिनिधिहरू आफू नजिकका कहाँ छन् आफू पार्टी नजिकका कहाँ छन्, त्यो भन्दा पनि आफू नजिकका कहाँ छन्, त्यहाँ चाहि डक्टरहरूलाई पुऱ्याउने । जहाँ अरुले जितेका छन्, त्यहाँ डक्टरको दरबन्दी पनि नदिने, डक्टर पनि नदिने र भन्दाखेरि फलानोले हेप्छ भन्ने अनि ती डक्टरहरू तिम्रोमा त हामीलाई खटाएको छैन, हामी आउँछौं तर तिमीले हामीलाई टीएडीए दिनुपर्छ भन्ने । यही हो सरकार भनेको ? यही हो सरकारको नैतिकता ? यो कुराहरूमा चाहिँ अब यस्तो कुरा नहोस् भन्न म चाहिँ आग्रह गर्न चाहन्छु । सम्झनोस् तपाईँहरू हामी सबैको सरकार हो, हामी सबैको अभिभावक हो । म विनम्रका साथ भन्न चाहन्छु कि त र म गर्ने नगर्नुस् सधैं यो कुर्सीमा भइरहने मैले एक जना अस्ति माननीयज्यूलाई देख्तै थिएँ, हामी नेपालीहरूको प्रचलन हुँदासम्म हाइहाइ नत्र बाइबाइ भन्ने । एक जना मन्त्री अहिले पनि निवर्तमानै हुनुहुन्छ तर यहाँ कसैले टेरिरहेका थिएन किनकि उहाँ निवर्तमान भइसक्नु भएको छ । यस्तो मुलुक हो हाम्रो । त्यसकारणले सोच्नुपऱ्यो जुन कुर्चीमा अहिले हुनुहुन्छ म यो सम्पूर्ण जनताको लागि हो । म जुन दिन मन्त्री भएँ म सबैको साझा भएँ भन्ने कुरालाई तपाईँले राख्नुस् भन्न चाहन्छु सभामुख महोदय । अनि यो आरडीटीको कुराहरू, आरडीटीको कुराहरू आइरहेको छ । अब कुन विज्ञको कुरा कसरी सुन्ने ? मलाई त थाह छैन । एउटा विज्ञले भन्छ यो ठीक छ, यो यस्तो यस्तो हुन्छ भन्छ । अर्को विज्ञले भन्छ यो ठीक छैन भन्छ । तर अधिकांश हामीले हेर्दा यो आरडीटी त्यति विश्वसनीयता नभए जस्तो लागिरहेछ । त्यले चेक गरेका कुराहरूमा पोजिटिभ हुने फेरि नेगेटिभ देखाउने र अहिले पनि होला, टेक्निकल्ली ज्ञान छैन नभएको हुनाले प्याच्च बोल्नु

पनि उपयुक्त होइन तर यहाँ के भइरहेको छ भने पीसीआरको मेसिनमा पनि हामीहरूको पहिला टेस्ट हुने त्यसलाई भेरिफाइ गर्नलाई हामीले नेपालगञ्ज पठाउनुपर्ने भन्ने कुराहरू पनि आइरहेको छ । टेक्निकल्ली केही होला तर मान्छेले आम नेपाली जनताले आम कर्णालीवासीले बुझ्दाखेरि यो कस्तो खालको मेसिन हो ? यो थोत्रो मेसिन हो कि भन्ने कुराहरू हामीले कोले प्रभाव पार्दैछौं भने हामी आफैले पनि गर्दैछौं । जुन ठाउँमा हामीले क्वारेन्टिनहरू बनायौं, अस्ति दैलेखको आठबिसकोटको केश अनाहकमा मन्त्रीलाई गाली गरिरहेको पनि सुनिरहेको थिएँ । अनाहकमा राजीनामा देऊ भनिरहेको पनि सुनिरहेको थियो । त्यो उनीहरूले भने कमजोरी कहाँबाट भयो ? हामीले सम्झिनु पर्ने कुरा के हो भने कमजोरी कहाँबाट भयो ? ढंग नपुऱ्याउँदाखेरि गाली खाने कुराहरू हुन्छ । जब आठबिसमा भएको मान्छेलाई सरासर ल्याएर कम संख्यामा भएको ल्याएको भए हुन्थ्यो नि । त्यहाँ गइयो त्यहाँबाट प्रचार के गरियो भने फेरि स्कूलको जंगलको छेउमा छ सल्लाका रुखहरू छन् । आहा यति राम्रो ठाउँ त यति राम्रो ठाउँ कि यदि कोरोना पोजेटिभ मलाई भएछ भने मन्त्रीज्यूले भन्नुभयो रे म त यहीं आएर बस्ने थिएँ, यस्तो छ यो आइशोलेसन । यति राम्रो डक्टर स्ट्याण्डवाइ सुरक्षाकर्मी स्ट्याण्डवाइ उम त्यस्तो हो भने त्यही किसिमले सम्झाइनुपर्थ्यो, होइन भने जलाई जलाई चाहिँ डेडिकेटेड हस्पिटल भनेका हुन् त्यले गर्दाखेरि जुन गाली खाने भयो त्यले गर्दाखेरि धेरै राम्रो गर्नुभएको होला । अब मानी लिऔं यसरी बढ्दैछ अहिले मेरो इनफर्मेशनमा आएको त्यो कति सत्य हो थाहा छैन त्यो सरकारलाई थाहा होला । अब हाम्रा ९ जना चाहिँ प्रमाणित भइसके भन्ने कुरो छ । अब कैयौं आरडीटी पनि जसले जसले काम गरेको छैन भनेका छौं, त्यसको पनि मान्छेलाई भरोसा हुने थियो । त्यो पनि नगरेर चाहिँ चारैतिर मान्छे आइरहेका छन् भने अब हाम्रो स्थिति के होला ? एम्बुलेन्स भएको ठाउँमा त एम्बुलेन्स ए स्ट्याण्डवाइ राखौंला । जुन ठाउँमा आज पनि मोटर बाटो पुगेको छैन, जुन ठाउँमा आज पनि हामी जान सकिरहेका छैनौं, जुन ठाउँमा एक ठाउँबाट अर्को जानलाई तीन घण्टा लाग्छ त्यसको अवस्था के हुने हो ? जुन साबिकको कर्णाली, जुन ठाउँमा यो फैलियो भने कोही बाँच्नेवाला छैनन् । त्यसको लागि पनि आजैदेखि हामीले त्यलाई सोच्नुपर्दछ भन्ने लाग्दछ सभामुख महोदय । आरडीटीकोमा सबैले भनेका छन्, विज्ञ डक्डर गरेका हामीलाई डीआर भनेको के जान्दैनौं, बुझ्दैनौं तर के भन्छन् भने यो गलत छ यो राम्रो चीज छैन पीसीआर नै गर्नुपर्छ । यदि त्यो हो यदि हामीलाई पैसा पुग्दैन भने सरकारलाई के ले रोकेको छ । हामीले भनिरहेका छौं यो वर्ष हामीले चाहिँ अरु काम गर्ने नै होइन । हिजो पुराना केही योजनाहरू छन् भने त्यलाई कन्टिन्यूयसन गर्नुहोस् अनि दुइटा पैसाहरू दुइटा तीनटा कुराहरूलाई मात्र छुटयाउनुस् पहिला स्वास्थ्य, कृषि र शिक्षा किनभने स्कूल बन्द छन् । भविष्य बिगार्नु भएन त्यसैले सभामुख महोदय हाम्रो एकजना मन्त्रीज्यूले जहिले पनि डिजिटाइज डिजिटाइज डिजिटाइज भन्नुहुन्छ अब डिजिटलको चाहिँ काम आएको छ कि ती बच्चाहरूले घर-घरबाट चाहिँ पढ्न पाऊन् । यसमा हामी खर्च गरौं अरु कुरा किन कल्पना गर्नुपर्ने छ हामीले ? अरु कुरा हामीले कल्पना नगरौं । त्यसरी जब हामीले यो

कर्णाली प्रदेशका जनतालाई जोगाउन सक्नेछौं । जब यिनलाई हामीले बचाउन सक्नेछौं एक वर्षपछि सडक पनि खनौंला, भएको सडक बनाऔंला, किन ? सडक नभएर अहिले कोही मरिहाल्नेवाला छैनन् तर खान नपाए भने मर्नेवाला छन् । स्वास्थ्यको उपचार पाएन भने मर्नेवाला छन् । अब हामीले एकदुई वटा हस्पिटल थप्नु पर्‍यो भने पनि थप्नु पर्‍यो । पीसीआर त्यो मेसिन हामीले किन्नु पर्‍यो भने पनि हामी त्यत्रो हामीसँग बजेट छ, अहिलेको बजेट भनेको जम्मा ८ प्रसेन्ट मात्र खर्च भएको छ सभामुख महोदय । सदनले त्यो बजेटलाई सबै स्वास्थ्य र केरे यो सुरक्षा, स्वास्थ्य सुरक्षा उत्पादनका लागि मात्र गर्ने हो भने हामी सक्दैनौं । अरू कल्पना नगरौं, अरु बाँड्ने कुराहरू नगरौं । यो कुरामा जाऔं भन्ने मलाई लाग्छ त्यसैले पैसाको अभाव हैन मानसिकताको अभाव छ सभामुख महोदय । यसरी चाहिँ हामीले काखा र पाखा गर्ने गर्‍यौं भने त्यस्तो बेला गरेको कुरोले यस्तो बेलामा लोभ र लालच गरेको यदि हामी हुन त यो भगवान नमान्नेको लागि देउता नमान्नेको लागि केही नहोला तर मान्नेको लागि चाहिँ केही भएको जुन सुनिएको छ त्यस्तो गरेको हो भने त किरै परेर मर्नुबाहेक अरु केही हुन सक्दैन सभामुख महोदय । त्यसकारणले हामीले यी सबै कुराहरूमा चाहिँ सोचेर जानुपर्‍यो । हाम्रो अहिलेको दायित्व के हो ? प्रदेश सरकारको के हो ? संघीय सरकारको के हो ? आज तपाईँहरूले चाहिँ मिडियामा सुनिरहनु भएको छ, सबै स्थानीय तहहरूले चाहिँ प्रदेश सरकार नालायक भयो । संघीय सरकारले हामीलाई दबाब मात्रै दियो । काम गर्ने हामी यिनीहरू चाहिँ केही पनि गर्दैनन् । अफिसहरू यसरी राखेका छन् । अफिस तिनीहरू सबै पैसा उठाउने भएका छन् भन्ने कुरा आइरहेको छ सभामुख महोदय । अफिसका जुन हाम्रा प्रदेशका युनिटहरू छन् त्यहाँका हाकिमहरू जो हाकिम हुनु नपर्ने मान्छेहरू हुन् तिनलाई हामीले हाकिम बनाका छौं । हाकिम हुनुपर्नेलाई लगेर कुनै ठाउँमा हामीले थन्क्याएका छौं अनि उनीहरूले त भन्न थालिसके रे पैसा त गजबै कमाइयो तर देखाउने अहिले त स्रोत खोज्दो रैछ, स्रोत कहाँबाट देखाउने होला ? अनि यहाँबाट मन्त्रीज्यूले योजना हाल्यो एउटा माननीयको भनेको सिफारिसमा हालेको होला अनि आफ्ना कार्यकर्ताहरूलाई फोन गरेर त्यो पैसा यति आको छ है तिमी उपभोक्ता बनाइहाल भनेर भन्ने र वडा अध्यक्षहरूको मानमर्दान गर्ने अधिकार हामीलाई कसलाई दियो सभामुख महोदय । यदि यो प्रदेशको सरकारको अधिकार के संघीय सरकारले खोस्यो भने भोलि तपाईँहरूलाई के हुनेछ अनि वडाको अधिकार खोस्न पाउने अधिकार हामीलाई छ कि छैन सभामुख महोदय । यी कुरामा पनि हामीले चाहिँ सोच्नुपर्ने भको छ र समन्वय भएको छैन । अहिलेको अवस्थामा त म के भन्न चाहन्छु भने एकदम नियन्त्रण हाम्रो काम चाहिँ अनुगमन गर्ने, हाम्रो काम चाहिँ कोअर्डिनेशन गर्ने र स्थानीय तहलाई चाहिँ कार्यान्वयनमा लगाउने कामहरूमा गरौं । यदि राजनीतिक दृष्टिकोणले मात्रै हेरिएको हो भने पनि अहिले सत्ता पक्षकै चाहिँ धेरै स्थानीय तहहरू छन् सभामुख महोदय । होइन भने आज भनिरहेका छन् ठाउँठाउँमा हामीलाई क्वारेन् कालीकोटको क्वारेन्टिन गरी बनाएको हिजो एउटा फेसबुकमा फोटोहरू देखिरहेथे रुखको छेउमा त्यो कालो प्लाष्टिकको पाल हालिरहेको थियो । हामीले डब्लुएचओ

भनेको सभामुख महोदय अमेरिकन स्टाइलको चाहिँ क्वारेन्टिन भनेका छैनौं, रसियन स्टाइलका क्वा, क्वारेन्टिन भनेका छैनौं । कम्तीमा पनि डब्लुएचओले पनि यस्ता डेभालपिङ्ग कन्ट्रीहरूको डब्लुएचओको मापदण्ड चाहिँ अलि पानीकै कुरामा पनि अलि कमसल खालको भए पनि हुने खालको त्यतिसम्म त हामी गरौं न, त्यतिसम्म त हामीले बनाऔं । यो पैसा लगेर हामीले तिनीहरूलाई दिएका पैसा कहाँ कहाँ सदुपयोग भए कि भएनन् । त्यो पनि पैसाको हिसाब आयो कि आएन, अब के के गर्नुपर्ने हो भन्ने कुरामा पनि हामी लाग्नु पऱ्यो र यो गर्नुपऱ्यो किनकि यसरी स्थानीय तह र हाम्रोबीचमा चाहिँ विरोध हुँदै जाने हो र हामीले पनि एउटा अभिभावकको रूपमा नहेरेर जाँदै गर्ने हो भने यसको हालत के हुन्छ । त्यो त्यसलाई हामीले बुझ्नु पऱ्यो । उनीहरूलाई असन्तुष्टि बनाएर हामीले बीचमा गएर बसेर मात्रै केही हुन्छ भन्ने मलाई लाग्दैन सभामुख महोदय । अब यो स्थानीय तहहरू सायद अहिले एकदम रिसाउने समन्वय पनि रिसाउने कारण पनि होला । हामीले जब सर्वोच्च अदालतले उनीहरूले पाउने पारिश्रमिकलाई चाहिँ हटाइदियो । एउटा १ नम्बर प्रदेशको बाहेक अब अहिले त के प्रदेशको नाम के भको राखेको छैनन् । १ नम्बर प्रदेशबाहेक हाम्रो हटाइसकेपछि जुन सेवा र सुविधा भन्ने शब्द राखेर बनाइदिनु पर्थ्यो । हामीले त्यो पनि गरेनौं । अब हिउँदे अधिवेशन त्यस्तैमा गयो । यो हामीले चाहिँ टेलिफोनबाट अथवा मेसेजबाट चाहिँ बन्द भएको हामीले त्यो सुन्नुपऱ्यो । त्यसकारण हिजोका हाम्रा कैयौं आन्तरिक कुराहरू थिए, हिजो सरकारले ल्याएका हिजोका बजेटका बारेमा हामीले कहीं केही कुराहरू पनि हामीले गर्न सकेनौं त्यतिखेर जुन खालको अवस्था चाहिँ आयो । अब अहिले हामी त्यो भन्न चाहँदैनौं । अहिले भनेको कसरी हुन्छ सबैलाई बचाउने हो । अब आएर यत्रो-यत्रो मान्छेहरू म अस्ति आउँदाखेरि आफै पनि बिरामी भएर एउटा सोध्न पनि सकिन । तल हेल्पडेस्क भनेका छन् मान्छे कमसेकम, कमसेकम तिनलाई पनि बोल्ने शिष्टता पनि सिकाउनु पऱ्यो । मान्छे एउटा पिडाले आइरहेको हुन्छ, एउटा बोलेर एकदम हपारेर गाली गरिरहेको छ र उनीहरूको पनि आफ्नो सुरक्षाको लागि पीपीई पनि केही पनि छैनन् । अनि उता चाहिँ ट्रकका ट्रक चाहिँ लाइन बसिरहेका छन् । मान्छे यताबाट उता कुदिरहेका छन् । अनि सरकार भन्छ हामी गर्दैछौं । अस्ति मैले हाम्रो सभामुख महोदय हाम्रो आन्तरिक मामिला मन्त्रीज्यूलाई पनि मैले एकचोटि मेरो धेरै फोन गर्ने चलन छैन किनकि मान्छेको एउटा स्वभाव हो, सरकारले गरिरहेको छ उले केहि सम्झ्यो भने फोन गर्ला हुन्छ तर पनि मैले भनेको थिएँ अब यो मान्छेहरू राख्ने अवस्था कसरी गर्ने हो ? यदि संघीय सरकारले के गर्नु पऱ्यो भने भारतबाट विशेषगरी आएकालाई चाहिँ पहिलो क्वारेन्टिन चाहिँ हाम्रो मूल बोर्डरमा नै हुनु पऱ्यो । त्योबाट टेस्ट गरिसकेका मान्छेलाई अब यहाँ होइन आफ्नो आफ्नो जिल्लामा डाइरेक्ट डाइरेक्ट पठाउने गऱ्यौं भने त्यले चाहिँ हामीलाई केही गर्न सक्ला होइन भने यहाँ ल्याउने फेरि ल्याएर छिन्चुका बीचमा राख्ने, कहाँ ल्याएर बीचमा राख्ने फेरि अर्को एउटा द्वन्द्व उवाज्ने कामहरू हामीले गरिरहेका छौं । त्यसमा चाहिँ हामी अलिकति सम्झनु पऱ्यो, सोच्नु पऱ्यो । र यलाई चाहिँ यो कोरोनाले यस्तो अवस्थामा चाहिँ यलाई चाहिँ दुरूपयोग

गर्नीतिर हामी कोही पनि लाग्नु भएन । र अर्को कुरा चाहिँ यस्तो महामारीको अवस्थामा हाम्रो सरकार तदर्थ रूपमा चलिरहेको छ । सुन्नमा आइरहेका छन् धेरै मन्त्रालयहरूमा चाहिँ निमित्तका सिमित्तहरूले चलाइरहेका छन् । हामीले एउटा सहसचिव यो प्रदेशमा ल्याउन सक्दैनौं भने कर्णालीको विकास कसरी हुन सक्छ ? के हामी एउटा निर्णय गऱ्यौं सभामुख महोदय यदि हामीले निर्णय गरेर हुने हो भने अब यहाँका चाहिँ हाकिमहरू, जिल्लाका हाकिमहरू जो भए पनि हुने, सुब्बा भए हुने खरदार भए हुने अनि प्रदेशका मन्त्रालयको सहसचिव नचाहिने अधिकृत भए हुने होइन भने एउटा सहसचिव पनि हामीले पाउन नसक्ने तर सुनिन्छ जो भएर गए बसेर गएका सहसचिवहरूले भन्ने गरेका छन् सभामुख महोदय हामीलाई चाहिँ कर्णाली प्रदेशले बस्न दिएन । हामीले नियम नियमसंगत काम गर्दाखेरि हामीलाई त्यहाँ धपाइयो, र मन्त्रीहरूको चाहिँ व्यक्तिगत स्वार्थको कारणले चाहिँ नजिकका मान्छेलाई चाहिँ निमित्त बनाएर चाहिँ एकदम ब्रम्हलुट भइरहेको छ भन्ने आइरहेको छ त्यो आरोपबाट मुक्त हुनको लागि पनि म चाहिँ सरकारलाई सभामुख महोदयमार्फत चाहिँ अनुरोध गर्न चाहन्छु । अब रह्यो देशभित्रका मानिसहरूको किनकि हामीले अब ट्रेन बिगारिसक्यौं सभामुख महोदय, काठमाडौं भएकालाई ल्याउने गऱ्यौं, नेपालगञ्ज भएकालाई ल्याउने गऱ्यौं, नाममा सिलबन्दी गरेका छौं भन्यौं तर हामीले खुल्लमखुल्ला रूपमा ल्यायौं हुन त सरकार पनि लाचार अवस्थामा छ । एक जना मन्त्रीज्यूको स्ट्याटस हेरिरहेको थिएँ । म त के गर्ने सेनाविनाको प्रधानसेनापति भएँ, अधिकार विनाको अधिकारी भएँ अथवा के छ पछाडिको हुनु पनि ठिकै होला । एउटा सिडियोले मुख्यमन्त्रीलाई टेर्दैन, एउटा सिडियोले मन्त्रीलाई टेर्दैन, एउटा सिडियोले सांसदलाई टेर्दैन । हामीले गलत काम गर भनेका छैनौं, हाम्रो दायित्व छ, हाम्रो जिम्मेवारी छ, एउटा सांसदप्रतिको सबैप्रतिको भरोसा हुन्छ किनकि हामी अन्तत्वगत्व सबै सांसदहरू हुँ । यस्तो अवस्थामा सरकारसँग कोअर्डिनेशन हुन्छ कि हुँदैन । संघीय सरकारसँग कोअर्डिनेशन हुन्छ कि हुँदैन । मलाई त्यो लाग्दैन सरकार पनि त्यति निमुखा र त्यति बेकुफ छ कि जथाभावी गरौं भन्ने सरकारलाई पनि छैन होला । सांसदहरूलाई पनि छैन होला तर कुनै सांसद एउटा सिडियोमा जाँदाखेरि उलाई चाहिँ अपमानित गर्ने, कुनै प्रहरीकोमा जाँदाखेरि उलाई अपमानित गर्ने हो भने यो त हाम्रो चाहिँ कोअपरेटिभ संघीयता हो । त्यसको लागि हामीले आवाज उठाउने कि नउठाउने ? त्यसको लागि हामीले कुरा गर्ने कि नगर्ने ? हामीलाई पनि थाहा छ, जथाभावी मान्छे लानु हुँदैन तर सभामुख महोदय हुन त मैले अघि नै भनिसकें कि सेनाविनाका सेनापतिले गर्नेवाला त केही छैनन् । यहाँ कुरा सुन्नमा आउँदैछ । यहाँ ५ हजार दियो भने पास पाइन्छ । हामी ४/५ जना सांसदलाई काठमाडौंबाट हाउस आइरहेको छ त्यसको लागि पनि सभामुखले धेरै चोटि चिठी लेख्नुपर्ने भयो । हाम्रो माननीय मैले त त्यहाँ माथि केन्द्रमा एकपल्ट फोन गर्ने वित्तिकै पूर्व राजाले त पास पाउनुभाछैन, तपाईँहरूको कुरा गर्नुहुन्छ, भनेर एउटा सहसचिवले भन्यो अनि मैले त्यो भन्दा मैले बोल्ने आँट गरिन । पूर्व राजाले नपाएपछि तँ को होस्, तैले गएर के गर्छस् । यस्ता खालका हीन, लज्जास्पद् हामीले चाहिँ शब्दहरू चाहिँ व्यहोर्नुपऱ्यो । ५ गते आउने

भनेका मान्छेलाई तीन दिन अर्को बढी लाग्यो कि त कसैलाई मुभमेन्ट गर्न नदिने भनेको भए, सुरक्षित हुने कसरी आउने ? हामीलाई पनि डर लागि अहिले डर त्यही हो, कतै यो महामारीले हामी सबैलाई सिध्याउने त होइन । यले त ठूलो त भन्दैन सानो त भन्दैन । यी कुराहरू भइरहेका छन् अब मैले जोड्न खोजेको के हो भने सभामुख महोदय त्यतिखेर हुम्ला र डोल्पाका मानिसहरूलाई जहाँ गाडी जाँदैन प्लेनबाट लिने भनेर मानिसहरू नेपालगञ्ज ल्याए र आज उड्दै थिए, अर्को दिन त्यहाँ धेरै मानिसहरू पोजेटिभ भेटिए । पोजेटिभ भेटिएपछि रोक्नु स्वभावीकै थियो तर कैयौं मान्छेहरू बाटोमै अलमल भएर बसे । आज पनि रोएर बसिरहेका छन् । त्यो माइनस ५ डिग्रीमा बस्ने मान्छे आज प्लस ४० डिग्रीमा चाहिँ ऊ भतभती चाहिँ पोलेर चाहिँ हामी यसरी मर्नुभन्दा कोरोना लागोस् हामी मर्न तयार छौं भन्ने स्थितिमा मान्छेहरू पुगे । त्यत्ति भएको थियो, सहँदै थिए सभामुख महोदय तर पहुँचवालहरू चाहिँ यहाँबाट हेलिकप्टर चार्टर्ड गरेर जाने, पहुँचवालाहरू ए जहाजहरूमा जाने अनि ती गरिबले जान नपाउने यो कदापि हुन सक्दैन, यो कदापि पनि न्यायसंगत हुन सक्दैन । त्यसकारण म सभामुख महोदयमार्फत्मा आग्रह गर्न चाहन्छु, हाम्रा दशै वटा जिल्लाका मान्छेहरूलाई कोलाई अब सबैले आफ्नो घर जान चाहेका छन् । गए पनि मरे पनि आफ्नो प्राण त्याग्न पनि आफ्नो बावुआमाको काखमा प्राण त्याग्न चाहिरहेका छन् । आफ्ना श्रीमतीका श्रीमानका काखमा, छोराछोरीका काखमा प्राण त्याग्न चाहिरहेका छन् । यो अवस्थालाई सरकारले इमिडियटली ती मान्छेलाई ल्याउन व्यवस्था गरेर सुरक्षित साथ आफ्ना आफ्ना पालिकामा पठाउने कुराहरूमा चाहिँ ध्यान दिनुपर्छ किनकि फेरि हुँदैछ मैले सुन्दैछु, पैसावाला पैसा तिर्ने सक्नेवालाहरू चाहिँ चार्टर्ड गरिरहेका छन्, ती पैसावालालाई कोरोना नलाग्ने, गरिब निमुखाहरूलाई मात्र लाग्ने हो, यसको चाहिँ यो सम्मानित हाम्रो संसद्ले पनि यो कुराको आवाज उठाओस् । अरु कुराहरू म अहिले देश यस्तो आक्रान्त भएको बेला म अरु कुरा गर्न चाहन्नँ र हाम्रो पार्टी, हाम्रो दल यो सरकारलाई साथ दिनको लागि हरेक कदममा साथ दिनको लागि हामी तयार छौं । यसको अर्थ यो हैन कि तिमी भ्रष्टाचार गर, तिमी नराम्रो बाटोमा जाऊ, तिमी मेरा गर, तिमी तिम्रा गर, मन लागेको ठाउँमा डक्टर देऊ, नलागेको ठाउँमा नदेऊ त्यस्तो कुरा नगरौं । हिजो पनि सरकारले जति निर्णयहरू गरेको छ, त्यलाई म धन्यवाद दिन चाहन्छु र मलाई केही छैन । मैले सबैलाई राम्रो गर्नुपर्छ भन्ने कुरा हो तर अस्ति मैले एउटा प्रेस विज्ञप्तिमा लेखेको थिएँ, सरकारले अहिलेको अवस्थामा प्राइभेट सेक्टरहरू सबै थिला थिला भएको अवस्थामा हाम्रो कर्णाली सरकारले एउटा हेलिकप्टर चार्टर्ड गरेछ, एउटा कम्पनीको लागि । अनि मैले लेखेको थिएँ कि हिजो त हाम्रो सरकार आर्मीको हेलिकप्टरमा गइरहेको हुन्थ्यो, अहिले हामीले यस्तो बेलामा त आर्मीको हेलिकप्टर प्रयोग गरेको भए, हाम्रो पैसा पनि सरकारको खातामा जान्छ । त्यो सरकारको खातामा जानु भनेको हाम्रोमा आउने हो त्यो पैसा । आर्मीको हेलिकप्टर प्रयोग गरेको भए प्राइभेट अहिलेको लागि नगरेको भए पनि एउटा प्राइभेट कम्पनीको त्यो पनि एउटा दलाल खालको मान्छेले त्यो कम्पनीको मान्छे होइन, जथाभावी चाहिँ हामीलाई गाली गरेर लेख्यो सायद त्यसमा चाहिँ

सरकारलाई गर्व होला कि आफ्नो एउटा सांसदलाई त्यसरी गाली गर्दाखेरि उहाँहरू खुसी हुनुभएको होला । त म भन्न चाहन्छु सरकारलाई सोध्न चाहन्छु कि हेलिकप्टर उडाउन पाइन्छ हाम्रा यस्ता ठाउँहरू छन् यहीँ पनि लानुस् प्रत्येक ठाउँमा लानुस् मेरो कुनै गुनासो छैन तर यत्रो प्राइभेट कम्पनीहरू १०/१२ कम्पनीहरू आज धेरै पाइलटहरू निकाल्दै छन् । धेरै मान्छेहरूलाई निकाल्दै छन् । उनीहरू यति तयार छन् १ हजार डलरदेखि १२ सय डलरसम्म १ घण्टा पर आवर, यो पर आवरको हिसाबले लान्छ । त्यति दिन तयार छन् तर एउटा खुसुक्क ल्याएर न त्यलाई चाहिँ टेन्डरको त कुरै छैन, कोटेशन पनि नगरेर ल मिलाएर ल्याएर गरेपछि कुरा ल्याउँदाखेरि उसबाट गाली गर्न लगायो । फेरि हिजो चाहिँ निर्णय गरेको छ, सरकारलाई चाहिँ नेपाल सरकारलाई अनुरोध गर्ने आर्मीको हेलिकप्टर प्रयोग गर्ने भनेर । एकुरेल हेलिकप्टर यहाँहरूलाई भन्न सक्छ सभामुख महोदय यो जले चाहिँ गुण्डागर्दी यस्तै-यस्तै बेलाका नाफा कमाउनेहरूले भन्न सक्छन् । आर्मीको हेलिकप्टर एकुरेल हो त्यो एकुरेल हेलिकप्टरले धेरै बोक्दैन भन्न सक्छन् । बिथ्री यिनीहरूले ल्याएका हेलिकप्टरको चाहिँ त्यो कल चाहिँ बिथ्री हो सभामुख महोदय, उनीहरूले प्राइभेट एअरलाइन्सले एउटामात्र पाइलट राख्छ, त्यहाँ ५ जना मान्छे बोक्न सक्छ । आर्मीको हेलिकप्टरको क्यापासिटी एउटै नै हो फरक यति मात्र हो कि उले दुईटा पाइलट राख्छ तर हामीले बुझ्नुपर्थ्यो, यदि सेनाको हेलिकप्टर प्रयोग गर्दाखेरि न हामीले गृहको चाहिँ उ लिनुपर्ने छ अर्को छैन तुरुन्त भन्न वित्तिकै यो उड्थे नि तर हिजो त आखिरी त्यही कुरामा आएछ । त्यसरी गाली गराउँदासम्म पनि उहाँहरू हेर्नुभयो होला । आज मज्जा लुट्नुभयो होला आज जसले हामीलाई ती निकृष्ट शब्द भनेका छन् ती शब्दहरू पनि सभामुख महोदय, उहाँहरूलाई फर्केर आउनेछन् । हामी त्यसका खोजिनीतिमा लाग्नेवाला छैनौं तर गलत काम नगर जो अगुवा हुन्छ त्यले चाहिँ अलि विचार गर भन्नलाई हामीले भनेका हौं यो पल्ट योसँग तिमी हेलिकप्टर चढ्दै नचढ भनेका छैनौं सभामुख महोदय । कर्णाली प्रदेशमा मुख्यमन्त्री जानुभयो ठीक छ सरकारको प्रमुख भएर जानुभयो होला । स्वास्थ्यमन्त्री जानुभयो स्वास्थ्यको लागि जानुभयो होला अनि त्यहाँ चाहिँ प्रमुख सचिव जानुपर्ने कारणहरू के थिए ? अर्को कर्मचारी जानुपर्ने कारणहरू के थिए ? यसले के बुझाउँछ भने भोलिका हिसाबकिताब मिलाउनलाई पनि सजिलो होला किनकि यहाँ देखिसकेको छ मन्त्रीको आदेश सचिवले नमान्ने, सचिवको आदेश उपसचिवले नमान्ने यो प्रदेशमा चाहिँ अब त्यले मान्दैन कि भनेर लगेर हुलउज्जत गर्न मिल्छ कि मिल्दैन सभामुख महोदय । यी कुराहरूलाई चाहिँ म ध्यानाकर्षण गराउँदै अब सरकार राम्रो ढंगले जाओस् हामी साथमा छौं, हामी साथ दिन तयार छौं तर सरकारले यी कोही पनि होइनन्, हामी मात्रै हौं भने राम राम गर्न सकिन्छ सभामुख महोदय, भीरबाट गएको गोरुलाई राम राम भन्न सकिन्छ, काँध थाप्न सकिँदैन । यति भन्दै म यहाँहरूबाट विदा भएँ । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख:** माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेल:** माननीय सभामुख महोदय, विषम परिस्थितिमा हामी कर्णाली प्रदेशको छैठौं अधिवेशन नियमित छैठौं अधिवेशनको सुरुवाती दिनमा प्रवेश गरेका छौं । यस अवसरमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का नामले चिनिएको कोरोना भाइरसबाट मृत्यु हुनुहुने देशभित्र र देशबाहिर मृत्यू हुने नेपालीहरू र विश्वभरि नै मृत्यु हुने सबैमा म कर्णाली प्रदेशका जनताको तर्फबाट, नेपाल कम्युनिष्ट पार्टीको तर्फबाट, दलको तर्फबाट सर्वप्रथम म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यो क्रमश: विश्वव्यापी बन्दै जाँदा देशमा र क्रमश: कर्णालीमा पनि संक्रमितको संख्या बढीरहेको छ । यो प्रारम्भको दिनमा सबै संक्रमितहरूको स्वास्थ्यको शुभ स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । बच्न र बचाउने अभियानमा अग्रभागमा रहेर भूमिका निर्वाह गर्नुहुने जो स्वास्थ्यकर्मीहरू हुनुहुन्छ, सुरक्षाकर्मी हुनुहुन्छ, पत्रकार साथीहरू हुनुहुन्छ उहाँहरूलाई म पार्टीको तर्फबाट दलको तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु । मैले अघि पनि भने अधिवेशन नियमित हो, परिस्थिति विषम छ । यलाई यो यो परिस्थिति हामी नेपालीका निम्ति मात्रै होइन, सबैका निम्ति नयाँ छ । जे परिकल्पना गरेका थियौं, जे हामीले जसरी जे ज्ञान गरिरहेका थियौं, त्यो भन्दा भिन्न ढंगले यसले आफ्नो क्षेत्रहरू विस्तार गरिरहेको छ, दिनहरू लम्ब्याइरहेको छ । यो कति दिन लम्बिने हो ? कुन क्षेत्रमा पुग्ने हो ? यसको कुनै ठेगान छैन । यस्तो नयाँ समस्यामा यो अधिवेशन गर्न गइरहेका छौं । त्यो जिम्मेवारी बोधका साथ हामीले यो अधिवेशनमा आफूलाई सहभागी बनाउनुपर्ने परिस्थिति हाम्रो बीचमा उत्पन्न भएको कुरा मलाई लाग्छ हामी सबैलाई जानकार भएकै अवस्था हो । यस्तो अवस्थामा जिम्मेवारी हामीले नै पूरा गर्नुपर्ने हुन्छ । हामीले नै ढंग पुऱ्याउने गरी अगाडी बढ्न सक्नुपर्ने गरी अगाडी बढ्नुपर्ने एउटा अवस्था रहन्छ । म सबैमा यो राष्ट्रिय अभियानमा राष्ट्रिय भावना छ यो विषयमा । अरु विषयमा तलवितल भएपनि यो विषयमा राष्ट्रिय वा नेपाल एक ठाउँमा उभिएको एउटा अवस्था छ यलाई हामीले त्यसरी बुझ्नुपर्ने, त्यसरी सामना गर्नुपर्ने गरी बुझ्न पर्छ जस्तो मलाई लाग्छ । त्यसकारण यस अवसरमा अगाडी बढीरहँदा एकले अर्कोलाई मलमपट्टि लगाउनु पर्ने अवस्था हो । यो समस्या नेपालको मात्र थिएन, यो ने यो समस्या हाम्रो छिमेकी मुलुकको मात्र थिएन यो समस्या विश्वव्यापी रहेकै कारणले गर्दा ज्ञानको अभाव छ सीपको अभाव छ, अनुसन्धानको अभाव छ, उपचारको अभाव छ, स्वभावीकले साधनको पनि अभाव नहुने कुरै भएन । यस्तो अवस्थामा विश्वव्यापी रूपमा विश्वबन्धुत्वको भावनालाई अगाडी बढाएर जानुपर्ने अवस्थामा हाम्रो छिमेकी राष्ट्रले यस्तै मौका कुरेर बेलामौकामा चरित्रहरूलाई प्रकट गर्दै आएको एउटा अवस्था हामी सबैका अगाडी जगजाहेर छ । जुन समस्या सुगौली सन्धि देखि आजसम्म बेलाबखतमा उठिरहेको नेपाल र भारतबीचको सिमानाकै कुरा थियो । अहिले त सिमानाको कुरा छ इतिहास फर्केर जाँदा त्यसले हाम्रा कतिपय आन्तरिक मामिलामा देखिने गरी मात्र हैन, एउटा जमाना थियो सरकारको वा सरकारको मन्त्रिपरिषद्मा त्यो देशको प्रतिनिधि बैठकमा सामेल हुने व्यवस्था पनि व्यहोरेर आएको एउटा यो मुलुक हो । जब यो आफूलाई समून्नत गर्दै जा गयो जनताका बीचमा चेतना फैलाउँदै गयो । देशको राष्ट्रभक्ति

आन्दोलन अगाडी बढ्दै गयो, यसले आफ्ना आवाजहरू मुखरित गर्ने क्रममा त्यस्तो स्वभाव राख्नेहरूलाई असजिलो लागिरहेको कुरा फेरि यही बीचमा प्रकट भयो । यद्यपि यो समस्या पुरानो हो तर यही कोभिड-19का विरुद्ध लडिरहेकै बेला ध्यान केन्द्रित गरिरहेकै बेला सबैको सहयोग लिएर अघ बढीरहेकै बेला हाम्रा निम्ति त्यो विगत हुँदाहुँदै पनि प्रमुख समस्या नेपालीले बनाइरहेको थिएन तर बनाउनुपर्ने गरी देशव्यापी रूपमा कुरा उठ्यो, पार्टीभित्र कुरा उठ्यो, जनप्रतिनिधहरूबीच कुरा उठ्यो । फलस्वरूप आज हामीले लगाइरहेको जो लोगो छ, त्यो लोगोभन्दा भिन्न नक्सा नेपाल सरकारका तर्फबाट प्रकाशित गर्नुपर्ने तहमा आज नेपाल पुगेको छ । यस अवसरमा म पार्टीको तर्फबाट दलको तर्फबाट नेपालको इतिहासमा पहिलो पटक भाषण त हामीले विभिन्न ठाउँमा गरे हौंला, प्रशिक्षण गरे हौंला तर नीति तथा कार्यक्रममै उल्लेख गरेर संसद्को औपचारिक बैठकमा सरकारका तर्फबाट धारणा प्रस्तुत गरेको यो पहिलो चोटि हो । भाषण त हामीले गर्दै आयौं सबैले गऱ्यौं तर पहिलो चोटि संघीय संसद्मा नीति तथा कार्यक्रममार्फत नेपालको जुन दृष्टिकोण सार्वजनिक गरेर त्यसलाई दृढतापूर्वक अगाडी बढाउने क्रममा हडपेको जमिनसहितको नक्सा निकाल्ने तहसम्मको काम जुन गरेको छ । त्यसलाई त्यो संघीय सरकारलाई संघीय सरकारको नेतृत्व गर्नुहुने सम्माननीय प्रधानमन्त्रीज्यूलाई म हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसले यो आपतविपद्मा लडिरहेको अवस्थामा कस्तो अवस्था होला मानसिक रूपमा कसरी होला ? आज हामी त्यो देशका सञ्चार माध्यमबाट मा भइरहेको बहसबाट सजिलै अनुमान गर्न सक्छौं । प्रतिष्ठित मान्छेले प्रतिष्ठित ठाउँमा पुगेकोले त नेपाल सरकारको समर्थन गर्दा नामै लिएर भन्न चाहन्छु, अभिनेत्री मनिषा कोइरालाप्रति जे टिप्पणी भइरहेको छ सर्वसाधारण जो दरबान र चौकीदार भएर रहेका छन्, उनले नेपालीको कुरा गर्दा तिनले कस्तो अवस्था व्यहोर्नुपर्ने परिस्थिति त्यहाँ रहेको होला, हामी सबैले अनुमान गर्न सक्छौं । कोभिडले मात्रै हैन नेपालले पहिलो चोटि आफ्नो स्वाभिमानीका साथ दृढतापूर्वक आँखा जुधाएर आमने र सामने संसद्बाट आफ्ना कुरा उठाइरहँदा त्यो मित्रराष्ट्रले त्यलाई सकारात्मक ढंगले लिएको भए हामीलाई राम्रो हुन्थ्यो तर त्यसको बदला उसले गरिरहेको एउटा अवस्थामा कोभिडले त मान्छेलाई आतंकित बनाएको छ छ तर जो मित्रराष्ट्र भारतमा व्यवसाय रोजगारका अवसरमा रहेका नेपालीहरूको लाई कुन मनोविज्ञानले थप प्रेसर गर्दा हामीलाई अझ थप व्यवस्थापनमा असहज हुने, असजिलो हुने अफ्ठ्यारो हुने परिस्थिति छ, त्यलाई पनि हामीले पूर्वअनुमान गरेर सहजताका साथ व्यवस्थापन गर्ने गरी अगाडी बढ्नुपर्ने कुरा म राख्न चाहन्छु । अधिवेशन नियमित हो अवस्था विशेष छ । नियमित अधिवेशन सम्झिएर नियमित कुरा गरौं, कहाँ पुगिने हो ? विशेष परिस्थिति मात्रै सम्झेर नियमित कुरा छोडिदिऔं कहाँ पुगिने हो ? म अनुरोध गर्न चाहन्छु, परिस्थिति त विशेष हो कामकारबाही नियमित हुन् है । म फेरि पनि विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु दुई महिना त भयो तर दुई महिनाभन्दा अगाडी कोभिड त थिएन, अहिले त सबैलाई कोभिड भन्ने अवसर भयो, प्राप्त भयो । त्योभन्दा अगाडीको हालत अवस्था मभन्दा बढी म जत्तिकै सबै माननीय सदस्यहरू जानकार हुनुहुन्छ । म म गरुँ,

आत्मसमिक्षा गरौं, महसुस गरौं र नयाँ जिम्मेवारीका साथ अगाडी बढ्ने कुरा गर्न सकियो भने कोही कसैले कोही कसैले साथ नपाउने कुरा हुन्छ जस्तो मलाई लाग्दैन । यद्यपि हाम्रो समाजमा अनुहार र पक्षधर्ता पार्टीका आधारबाट विचार र दृष्टिकोण बनाउने चलन छ । संघीय संसद्को सदन सुरु हुनुभन्दा अगाडी देशभित्र पार्टीभित्र सबै पार्टीभित्र अहिलेको सम्माननीय प्रधानमन्त्रीप्रति एउटा टिप्पणी थियो । हामी सबै जगजाहेर छौं त तर आर्को जब विषय परिस्थिति यसरी अगाडी आयो जुन विषय उहाँले जनताको भावन ट्याकल के त्यलाई सम्बोधन गरेर अगाडी बढ्ने आँट गर्नुभयो । आज एक हप्ता अगाडी के भन्नेहरू आज के भनिरहेका छन् सबैले देख्ने गरी अनुभूति गर्ने अवस्था छ । यसकारणले अनुहार ठूलो कुरा रहेन रहेछ, पक्षधरता ठूलो कुरा रहेन रहेछ । विषय र तपाईंले जिम्मेवारीका साथ अगाडी बढ्न सक्नु भयो भने समर्थनको कुनै अभाव रहँदो रहेनछ, के पुष्टि भएन र ? भयो त । देशका सबै पार्टी आन्तरिक रूपले सोध्नुहुन्छ भने कतिपय मान्छेहरू असहमत भए होलान् । असहमत भएर मुर्मुरिरहेका होलान् । तर सार्वजनिक रूपले सहमत हुनै पर्ने परिस्थिति देखा परेको छ । जसका कारणले नेपाल आज बलियो बन्दै गएको एउटा अवस्था छ । त्यसो हो भने कर्णालीको जे हामीले प्रारम्भदेखि भनिरहेका छौं हाम्रो जे अवस्था बदल्ने कुरा छ भने बदल्ने गरी अगाडी बढ्दा समर्थकको के अभाव हुन्छ, मलाई त्यस्तो लाग्दैन । त्यसकारणले घटनाक्रमबाट हामी सबैले पाठ सिकौं, अगाडी बढ्ने कुरा गरौं भन्ने कुरा राख्न चाहन्छु । अहिलेको संक्रमणलाई आफ्नो जिम्मेवारीको क्षेत्रमा समाधान गर्नको निम्ति जिम्मेवारीमा रहनुभएका साथीहरूले आफ्नो अधिकतम क्षमता सामाजिक सञ्जालबाट किनभने भेटघाट त आजै मात्र देखाभेट भइराछ । सामाजिक सञ्जालबाट हेर्दा जिम्मेवारी साथीहरूको सक्रियता राम्रै छ । हालत बेहालै अवस्था होला यलाई म अन्यथा अवमूल्यन गर्न म चाहन्न तर म अनुरोध गर्न चाहन्छु आजसम्मको दुई महिनाको अनुभवका आधारबाट जसको अग्रभागमा तपाईंहरू नै हुनुहुन्छ । छलफल गरिरहनु भएको छ । सामेल गरिरहनु भएको छ । त्यो अनुभवका आधारबाट मेरो तर्फबाट अनुरोध छ, हामीले सोचे जस्तो समयसीमाभित्र यो रोग समाधान हुने अवस्था म देख्दिन । हामीले सोचे जति मात्रै मात्रै मान्छे आउने अवस्था देखिदैन, भएका जतिकै मान्छेहरू वा हाम्रो जनसंख्यामा जति मान्छे छन् ती सबै मान्छे अब हामीले चाडवाडमा होइन कि केही समय सधैंभरिका निम्ति हामीले भूभागमा देख्नुपर्ने परिस्थिति निर्माण भको छ । त्यसो हो भने त्यस अनुसारको योजना बनाउने कुराको तत्परता गर्न म जरुरी र आवश्यकता म ठान्दछु । आजै म भएगरेका कामकारबाहीका बारेमा म धेरै चर्चा गर्न चाहन्न किनकि तपाईंहरूको मेहेनत सह्रानीय छ तर घुम्नु पनि भा्छ कोरोनाले एक्लै भेटिन्छ कि भनेर सँगसँगै पनि घुम्नुभा्छ । कति समर्थक पाउनुभा्छ त्यो थाहा छैन मलाई । मेहेनत राम्रै गर्नुभाछ । यो कठिन घडी हो । कठिन घडीमा नै मान्छेले आफ्नो जिम्मेवारीको योग्यता र पुष्टि गर्न सक्दा आफ्नो त भलो हुन्छ हुन्छ नै समाजको जिम्मेवारी निर्वाह गरेको ठहरिन्छ तर म तपाईंहरूले गर्नुभएको कामकारबाहीका बारेमा तपाईंहरूले जसरी बैठक र जसरी निर्णय सार्वजनिक गरिरहनु भएको छ एकचोटि सुरुदेखि आजसम्मका

बैठकका निर्णय तपाईँहरूले नै पढ्नुस् भन्न चाहन्छु । त्यस्तो किसिमको अस्थिरताले फेरबदलले यो सामुहिक अभियानलाई अगाडी बढाउन सकिदैन । लकडाउन छ, बन्दाबन्दीको अवस्था छ । निर्वाचित निकाय जीवित भए पनि औपचारिक ढंगले नभए जस्तो देखिन्छ । तपाईँहरूको जनप्रतिनिधि निकायको साथीहरू नै जिम्मेवारीको ठाउँमा हुनुहुन्छ । कहिलेकाहिँ सजिलाका निम्ति आर्को निकाय बलवान हुने जननिर्वाचित निकाय र जननिर्वाचित व्यक्तिहरू कमजोर हुने परिस्थिति नजाँनिदो किसिमले हुने हो कि यो तपाईँहरूले हेक्का राख्नुभा छ कि छैन तर म अनुरोध गर्न चाहन्छु, यता पट्टि सबैको ध्यान जान जरुरी छ । हामी वार्षिक २५ करोड अनुमानित आय-व्यय बनाएर बजेट बनाउने प्रदेशका जनप्रतिनिधि हौं । जनताको जिउधनका निम्ति कुनै कुरा राख्नु हुँदैन तर तपाईँहरूले वितरण गर्नुभएको बजेट शीर्षकअनुसारको धनराशी उपयुक्त लागेको छ भने मेरो भन्नु केही छैन । यो केही, केही दिन मात्रै थेग्ने कुरा भएको भए केही थिएन । कति दिन हो थेग्ने कुराको ठेगान छैन भने भएको ढुकुटी वितरण गर्ने कुरामा अलि गम्भीरतापूर्वके ख्याल गर्नुभएन भने हुनेबेलासम्म त बाँड्नु होला । बाँड्नका बाँड्ने दिन सकिएर समस्या ज्यूँकात्यूँ भयो भने खोज्दै आयो भने हामी कहाँ जाने ? कहाँ जाने ? मैले यति भन्दिन तपाईँहरूले अनावश्यक बाँड्नुभा्छ त म भन्दिन तर म भन्न चाहन्छु, तपाईँहरूले वितरण गरेका पैसा कतिले त खर्चै गर्न सक्तैन भन्ने अवस्थामा हुँदाहुँदै पनि पैसा गयो त । त्यसकारणले हाम्रो अवस्था कमजोर भएका ठाउँका हौं हामी । दामासाहीले माथिको संघीय सरकारले हामीलाई पैसा दिन्छ । समस्या अन्तको भन्दा हामीकहाँ धेरै छ भने हामीले प्राप्त गरेको साधन र स्रोत खर्च गर्ने कुरामा अरुले अरुलाई पनि जित्नेगरी जाँदा के होला ? समस्याको समाधान गर्ने कुरामा तत्काल त सहजै होला । ढुकुटी सकिदै गयो भने अप्ठ्यारो पर्ला कि म त्यतापट्टि ध्यानाकर्षण गर्न चाहन्छु । तपाईँहरूले नै त्यो भूमिका खेल्नुपर्ने हुन्छ, स्थानीय तह र संघीय सरकार र प्रदेश सरकारका बीचमा जे कार्यविधि यो अहिलेको संक्रमणलाई निधान गर्नका निम्ति जे कार्यविधि बनाका छन् हामी माननीय सदस्यहरूभन्दा तपाईँहरू नै बढी जानकार हुनुहुन्छ । के तादम्यता मिल्याछ त ? म त्यस्तो देख्दिन । उसँग छलफल गर्नुपर्ने हो भने तपाईँहरूले नै छलफल गर्नुपर्ने हुन्छ । सहयोग माग्नु भयो भने हामीले केही सहयोग गर्न मिल्ने रैछ भने सहयोग नगर्ने कुरै भएन अरु पा अरु पार्टीको साथीहरूले पनि सहयोग नगर्ने कुरै भएन । त्यस्तो अभ्यास गरेजस्तो त मैले देख्याछैन किनभने यो समस्या त मै नै पार लाइदिन्छु भन्ने गरी नै साथीहरू चल्नुभा हुनाले मलाई लाग्छ माननीय सदस्यहरू पनि ढुक्कले आफ-आफ्ना ठाउँमा नियम पालना गरेर बसेकै जस्तो देखें । के छ त हालखबर ? भन्दा त हामी त ढुक्कले बसिएकै छ । अब साथीहरूले मात्रै यो पार लाउनुहुन्छ भने त हामी स्वास्थ्य लाभ गरेर घरै बसौं । म त्यस्तो देख्दिन । यसकारणले कि हामीले सामाजिक दूरी कायम गर्ने नाममा, नाममा हामी जे प्रशिक्षण गरिराछौं, त्यो गर्नपर्ने कुरा हो । एकआपसमा नजोडियौं एक-आपसमा सम्पर्क नगरौं भन्ने जुन शिक्षा हामीले दिइरा्छौं त्यो दिनुपर्ने कुरा हो तर त्यसका नाममा जब संक्रमित देखा परे, छुवाछुतको भावना जसरी मान्छेले व्यवहार गर्ने परिस्थिति प्रकट भयो त । संक्रमित

देखा नपर्दासम्म त हामी सबैले अंकमाल गऱ्यौं । नारा-जुलुस पनि गऱ्यौं । देखियो, देखिएको कुरालाई अब अन्यथा मान्ने कुरा भएन तर संक्रमित देखिसकेपछि त तेरो र मेरो भन्ने अवस्था देखा पऱ्यो । यो तेरो र मेरो भन्ने भावना जनस्तरमा होला तल स्थानीय तहसँग सम्पर्क राखेर स्थानीय तहकाले त्यो तहका राजनीतिक तह निकायसँग समन्वय र सम्पर्क गरेर नीतिगत रूपले चाहे क्वारेन्टाइन राख्ने कुरा होस्, चाहे संक्रमितलाई राख्ने कुरा होस्, कुन चाहिँ राजनीतिक पार्टीको नेता र कार्यकर्ताले असहमत गर्छ ? मलाई त्यस्तो लाग्दैन तर व्यवहारमा समस्या त देखा पऱ्यो त । उस्तै पर्दा हाम्रो हाम्रो तहको निकायले त ठाउँ नपाउला जस्तो देख्दैछु । हो हामी स्थानीयभन्दा माथि छौं, संघभन्दा माथि छौं, टेरोटेरी हाम्रोभित्र पर्छ तर संविधानले व्यवस्था गरे अनुसारको टेरोटेरी ओगट्ने अरु पनि छन् भन्ने हेक्का राखेर ख्याल गर्दागर्दै राजनीति कसैले गरेको हो भने त्यसको भर्त्सना गरौं तर ख्याल नगरीकन यहाँ जहाँ देख्यो त्यहाँ योजना बनाउने कुरा हो भने त्यले मलाई गाह्रो देख्छु । अहिले अब क्वारेन्टाइन अभियानकै रूपमा बन्याछन् । अब तालिका त्यस्तो देखिन्छ । यत्रतत्र घटेका घटनाका आधारबाट म फेरि पनि विनम्रतापूर्वक म यही सभामार्फत् अब यहीको सरकार भा्हुनाले अन्तलाई गुहार्न पर्छ मलाई त्यस्तो लाग्दैन । जनताले आफैले आफै नै क्वारेन्टाइन बनाएर त्यसको सुरक्षा गर्न सक्ने अवस्था के देखा पऱ्यो र ? ५ नं. प्रदेशको बाँकेको घटना देखा परिसक्यो । यहीँ पनि क्वारेन्टाइनमा राखेका मान्छेहरू विना पुलिस आर्कोले गएर सम्झाएर बस्न सक्ने अवस्था छैन भने क्वारेन्टाइन बनाउने कुराको साथसाथै त्यसको सुरक्षा र सञ्चालन गर्ने कुरामा भोलेन्टेरी छोड्ने कुरा सबै ठाउँमा लागू होला मलाई त्यस्तो लाग्दैन । त्यसबाट सरकार, चाहे संघीय सरकार होस्, चाहे प्रदेश सरकार होस्, चाहे स्थानीय सरकार होस्, भागेर क्वारेन्टाइन बनाउन त्यहाँ राख भनेर सुरुक्क बसिहाल्ने नेपाली मानसिकता मैले देखेको छैन । त्यसकारणले त्यसको सुरक्षा कसरी गर्ने हो त अब त्यसपछि अघि पनि भन्नु भो मैले त त्यहासम्म पुग्न पाछैन । पहिला पहिला राम्रै प्रभाव दियाथ्यो हाम्रो यहाँ तल रहेको क्वारेन्टाइनको विषय तर त्यसको प्रोपर युज भयो त भन्दा मैले बुझ्दा भाछैन, गरिएको छैन । के त्यो केका लागि हो त ? त्यो क्वारेन्टाइनमा को कहाँका मान्छे बस्छन् त ? यदि कोही पनि नबस्ने हो भने त्योलाई थन्क्याएर राखिदिए भयो कमसेकम मान्छेले असन्तुष्टि त हुँदैन । सबै नै अहिलेसम्म अहिले पो पछिल्लो बदलिँदो परिस्थिति अनुसार सबैले स्थानीय निकायले जाने सबैले भैसकेपछि त । त्यहाँ बस्ने कहाँका हुन् ? जहाँ कोही मान्छे बस्दैन त्यहाँ एउटा क्याप्टेनको कमाण्डमा सुरक्षा छ जहाँ क्यान्टोनमेन्ट के क्वारेन्टाइनमा मान्छे बस्याछ त्यहाँ कुनै सेक्युरिटीको मान्छै छैन त ? कले सामुन्य समन्वय गर्ने कुरा होइन र ? मेरो विचारमा गर्नुपर्ने अवस्था हुन्छ । त्यसकारणले त्यस्तो एउटा स्थिति देखिन्छ । अलि दिनमा कल्पना गरौं अब तपाईंहरूकै बढी सम्पर्क होला, मसँग पनि छिटफूट सम्पर्क हुँदा र मैले अनुमान गरेको कुरा हुँदा आएजतिका सबै मान्छेलाई स्थानीय निकायमा जिम्मा लगाउने देशव्यापी चलिरा्छ । यहाँ कुनै यहाँ, देशव्यापी चलिरा्छ, उनको साधनस्रोत सकिया दिन हात खडा गरिदिए भने के हुन्छ होला ? त्यलाई बलियो, त्यलाई भरपर्दो त्यलाई विश्वसनीय

बनाउनका निम्ति मेरो विचारमा हुन त हाम्रो मन्त्रीजीहरूका बेलावखत ठट्टा गर्ने गर्छु, म अलि यलाई अलि फरक तरिकाबाट राज्यको दायित्व र जिम्मेवारी हो तर क्वारेन्टाइनमा बस्नेहरूले फूलफेज अधिकारका रूपमा प्रयोग गर्ने स्थिति माग गर्ने स्थिति देखा पर्दैछ । यो भएन, त्यो भएन, यो चाहियो, त्यो चाहियो तर म विनम्रतापूर्वक भन्न चाहन्छु, हामीले दु:ख पाएको बेलामा संकट आएको बेलामा महामारी फैलिएको बेलामा रोग लागेकाहरूलाई राज्यको तर्फबाट औकात र क्षमता अनुसार जिम्मेवारी बोकेको कुरा हो तर परिवारबाट अलग हुने मानसिकता, अलि दिनमा त हाम्रो कर्णाली प्रदेशमा त गौं पाक्ने बेलामा राहत बाँड्यौं हामीले, हाम्रो प्रदेश यस्तो प्रदेश हो । गडाभरि गौं छ राहत दिइयो । साउनका महिना केही हुन्न अनि सबै मान्छे बबई जाँदै क्वारेन्टाइनमा बस्नेतिर पो लाग्लान् जस्तो स्थिति देख्दैछु म त, हाम्रो प्रदेशमा त किन त्याँ खान पाइन्छ । त्यहाँ बस्न पाइन्छ । कहाँबाट आएको भन्दा म नानपाराबाट आको । राख्नै पर्‍यो क्वारेन्टाइनमा, १४ दिन त व्यवस्था हुने भो नि । त्यसकारणले यो परजीवी क्वारेन्टाइन गर्ने कुरा भन्दा कमसेकम ल, ल पशचगएन व्यवस्थापनको कुरा भएन उले ओड्ने ओछ्याउने ल्याउन सक्छ, आर्को के ल्याउन सक्छ । हामीले छलफल चलाउने कि नचलाउने । अब मन्त्रीहरूले जनप्रिय भाषण गरेको बेलामा म एउटा जनप्रतिनिधिले यस्तो भाषण गर्ने कुरा नमिल्ने कुरा हो तर मैले भन्ने कुरा उपयुक्त ठाने । त्यसकारणले क्वारेन्टाइनको व्यवस्था र बसोबासको मानसिकतालाई परजीवी बनाउने कुरा होइन, समस्या समाधानमा सरकारले राहत र सहयोग गरेको अनुभूति दिलाएर गर्ने कुरा गरियो भने त्यो फलदायी हुन्छ । त्यस किसिमको ढंगले हामीले छलफल र कुराकानी गर्नुपर्ने जरूरी र आवश्यकता देख्छु । आर्को म तपाईंहरूलाई भन्न चाहन्छु । तपाईंहरूको निर्णयको अक्षम बेलैमा निर्णय गर्ने क्षमता छैन म भन्दिन । बेलैमा निर्णय गर्न नसक्दा कतिपय अन्तर्विरोधहरू तल ल्याउने र नल्याउने, कहाँ राख्ने र नराख्ने जस्ता जुन छलफल किन भन्दाखेरि अघि नै भन्नु भो अब पुष्टि भयो भने नौ जना पुग्ने प्रदेशभित्र परिसक्यो । आउने ताँती केही दिन होइन, केही महिना रोकिन्न किनकि मैले बुझे अनुसार साथीहरूले भने अनुसार सबै प्रदेशबाट इण्डियाले छोडिराछैन । कहीं छोड्याछ कहीं छोडिरा´छैन । आउने क्रम जारी छ भने त्यस्तो अवस्थामा क्वारेन्टाइन सञ्चालन विधिको कुरामा हामीले अलि ध्यान दिऔं छलफल गरौं कुराकानी गरौं भन्ने कुरा म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु ।

दोस्रो, हुन त तपाईंहरूको बैठकमा संघीय सरकारका फुली लगाएका सबै मान्छे सदस्य नै हुनुहुन्छ, बसेको देख्छु । समन्वयको अभावका कारणले पनि जनताले दु:ख पाछन् । तपाईंहरूले एउटा निर्णय गर्नुहुन्छ संघीय सरकारको एउटा हुन्छ अनि उले आफूलाई जुन संघीय सरकारको मन पर्‍याछ त्यो संघीय सरकारको देखाइदिन्छ । आफूलाई प्रदेश सरकारको निर्णय अनुकूल छ प्रदेश सरकारको निर्णय देखाइदिन्छ । यो अवस्था स्थानीय प्रशासनले गरिरहेको देख्छु । यो अब हुन त हामी अहिलेसम्म यस्तो संघीयतामा

गाछौं कि त्यसोभन्दा आन्तरिक मामिला मन्त्रीज्यूलाई अन्यथा होला एउटा कस्टेवल हामीले सिधा आफ्ना मातहतमा चलाउन नसक्ने गरी हामीले प्रदेश सरकार चलाइरहेका छौं । त्यो विडम्बना हो । त्यो छिटै हुनुपर्थ्यो तर व्यहोर्नुत पऱ्यो त । त्यसकारणले त्यो समन्वयको म आवश्यक देख्छु । अर्को म यो प्रमुख काम हो हामी सप्पैको तर यत्ति मात्रै काम हो त हाम्रो भन्दा जसरी आज सर्वसाधारणहरू बिरामीले हस्पिटलमा उपचार सहज नपाउने अवस्था छ । अरु पनि समाजमा चाहिँ हिंसाका कुरा घटनाका कुरा भइरा छन्, व्यापार व्यवसायका कुरा पनि भइराछन् र यही बन्दाबन्दीमै नहुनुपर्ने कुरा धेरै हुन्छन् । त्यतापट्टि हामी सबैको ध्यान जाहोस् भन्ने कुराको म ध्यानाकर्षण गर्न चाहन्छु । यही बन्दाबन्दीमै सबै जिल्लामा होला जस्तो लाग्छ, अभाव छ सामान चाहियो तर सप्पै मान्छे निर्वाद आउन पाउँदैनन् । सप्पै गाडी चल्दैनन् । सप्पैलाई इजाजत छैन । अब हिजआज छ कलाई त छनौट हुन्छ कसरी ? म अरु जिल्लाको भन्न चाहन्न म यहाँ आज यो सम्मानित सभामार्फत् के गर्दिनुस् त के भन्ने तर म सप्पैको ध्यानाकर्षण गर्न चाहन्छु, सरकारसँग धेरै पटक देखिनेहरू अब यति भन्न चाह देखिनेहरू तपाईँहरूसँग भेटघाट गर्नेहरूको मिलोमतोमा तपाईँहरूकै मिलोमतोमा त म कसरी भनूँ म रहेको पार्टी छ म त्यो तहमा त छैन तर म यति भन्न तयार छु, यति भन्नु पर्ने एउटा जनप्रतिनिधिको नाताले हाकर छ कि व्यापार भइराछ । सेटिङ्गवाला स्वाट आउँछ सेटिङ्ग नभाका बबई र पर शुभकामा रोकिन्छ त । के यसमा तपाईँ त्यो ए सरकारी सूचना दिनदिनै सूचना लिने, दिनदिनै बैठक गर्ने के सूचनाबाट अभाव हुनुहुन्छ र मैले हिजो मेरै बारेमा प्रचार गर्नुपर्ने त होइन । मैले हिजो एउटा स्टाटस लेखें, सूचना छैन भने आऊ मसँग म सूचना दिन्छु म घर बसिराछु, भनेर लेखे मैले एउटा । यो यहाँ मात्र होइन मलाई लाग्छ सबै ठाउँमा अभाव छ । दशै जिल्लामा त्यो चाहिँ के हो त भन्दाखेरि सप्पैले सहज ढंगले गर्न सकिराछैनन् भने बन्दाबन्दीका बेलामा निश्चित मान्छेहरूले बन्दाबन्दीबाट फाइदा उठाएर अगाडी बढाउने कुराको हेर्ने कले हो त ? निर्माणका सामाग्रीहरू प्रयोग भा छैनन् तर निर्माण सामग्रीको मूल्य बढेको बढेइ छ त । हामी त यही सभाका सांसद भाहुनाले हिँ सरकार भाको कारणले गर्दा कति अधिकार छ/छैन तर समन्वय गरेर हुन्छ वा के गरेर हुन्छ । हामीले हाम्रो भूमिकालाई जनपक्षीय बनाउने कुरामा लाग्न जरूरी र आवश्यकता देख्छु । म फेरि पनि दोहोऱ्याएर भन्न चाहन्छु कि उनीहरूको यत्रो लामो बन्दाबन्दीमा पुलिसको संलग्नता विना गाडी छिर्छन् ? अक्कलझुक्कल भए पुलिसले देखेन भन्नु । मैले यतिसम्म भने ती मान्छे भनेको उपकारका नाममा तपाईँहरूसँग हात मिलाउनेकै संख्या बढी छ । तिनले उता कति कमाउँछन् कति ल्याएर यहाँ दानदातव्य गर्छन् ? त्यसैका आधारबाट व्यापार चलाउने कुरा ठूला हुन सक्छ वा बन्दाबन्दीका बेलामा सामाजिक विसङ्गति आर्थिक विसङ्गति बढाउने जुन

कामहरू भइरहेको एउटा अवस्था छ त्यलाई कसरी रोकथाम र चाहिँ नियन्त्रण गर्ने कुरा हो । त्यतापट्टि हामी सप्पैको ध्यान रचनात्मक ढंगले जाऊन् । कुरा उठाउने पुष्टि गर्न नसक्ने गरी संस्थालाई र मर्यादा, संस्थालाई र निकायलाई विस्थापित गर्ने कुरा कोही कसैले नगरौं मैले पहिला पनि भन्याहुँ आज पनि भन्न चाहन्छु । यो कुरा हामीले अलि हेक्का राख्नु पर्‍यो । आर्को म यो कुनै सऽऽ पहिला १४ दिन भएपछि जे सबै पुष्टि हुन्छ त्यसकारण १४ दिन क्वारेनटाइनमा राख्ने भन्ने भो कोही डेढ महिनामा कोही दुई महिनामा कोही कहिले देखा पर्‍याछ । अब तपाईँहरूको आर्को मेरो क्वारेन्टाइनमा बसाउने सम्बन्धमा के भन्दाखेरि भिडिसीवाइज हैन कि लट अनुसारको व्यवस्था गरौं । एउटा भिडिसीमा एक जना छ, १० दिन बसिराछ, आर्को दशौं दिनमा आर्को १४ जना आए त्यही भीडमा लगेर राख्दिदा उही १० दिन बसेको पनि भोलिपल्टै सर्‍यो भने बसेको के अर्थ रह्यो र ? स्थानीय निकायहरूलाई पनि लट आफ्नो भूभागको आधारबाट होइन कि लटका आधारबाट त्यो क्वारेन्टाइनमा त्यही क्वारेन्टाइन छ भने त्यहाँभित्र बस्ने कुरा गर्न सकियो भने हामीले कतिपय रोकथाम गर्न सकिने एउटा अवस्था म त्यस्तो मैल देख्छु । आर्को अन्त अलिअलि भइराछ, यहाँ पनि कसरी गर्ने होला ? हामी छलफल चलाऔं किनभने क्वारेन्टाइन वा यो कोरोना रहेकै बेलामा दैनिक सबै काम ठप गरेर हाम्रो जीवन चल्छ जस्तो मलाई लाग्दैन । हाम्रो प्रदेश यस्तो प्रदेश हो अलिदिन कोरोनाबाट होइन कि साउनपछि भोकले मर्नेहरूको वा भोकमरीको समस्या सार्वजनिक हुने प्रदेशको बीचमा छौं । त्यसो हो भने दैनानुदिन यत नियमित अवस्थामा त निर्माण व्यवसायले काम गर्दैनथे, अहिले त उनलाई कोरोना भन्ने ठाउँ पाए । त्यसका बीचमा उनीहरूलाई प्रेरित गरेर, व्यवस्था गरेर निर्माणको काम सुरु गरिसक्नुपर्थ्यो केही न केही जिल्लामा एउटा दुइटा कसकहाँ पर्थे पर्दैन्थ्यो होला तर विश्वस्त दिलाउनका निम्ति त्यो अभ्यास गर्नपर्थ्यो जस्तो लाग्छ मलाई चाहिँ । यो भन्दा अगाडी नै जिल्लामा वा एउटा निर्वाचनका क्षेत्रमा हिजो बन्दोबस्ती भएका, ठेक्कापट्टा लगाएकाहरूलाई समदूरीमा राखेर, सुरक्षाका नियमका पालना गरेर, उनीहरूलाई इजाजत दिएर गर्ने विकासका कामहरू हामीले सञ्चालन गरिसक्न पर्थ्यो । अब प्रदेश सरकारले विकासका काम सञ्चालन गर्ने भन्छ, सिडियोसाप गएर कागज दिदैन त । जबसम्म सिडियोलाई त्यो हालतमा पुर्‍याउनु हुन्न यस्तो निकाय यस्तो निर्णय गर्नेबाट ख्याल गरौं भन्ने मेरो अनुरोध छ है । गर निर्णय गर्न त सकिन्छ तर त्यो निर्णय आर्काका कारणले आफूभन्दा तल्लो निकायका कारणले गरेर डिफ्यूज हुने कुरा किन सार्वजनिक गर्ने ? अब तपाईँहरूले के ठान्नुहुन्छ हामी त सरकार हो ठोक्दियौं न त निर्णय । ठोक्दिनुहुन्छ निर्णय, ठोक्दै जाँदा आर्को तलकाले रोक्दिन्छ अनि के भन्छन् जनताले ए सरकार त त्यही रैछ । सरकार त त्यही सिडियोसापै रैछ । यति त हामीले

ख्याल राखौं । त्यले तपाइँको मात्र होइन, त्यले सरकारको मर्यादा रहने भनेको संसद्को मर्यादा, प्रदेश सभाको मर्यादा रहने कुरा हो तर त्यतापट्टि त्यस्तो रहेन । त्यस्तो कुरा हामीले कसरी गर्न सकिने कुरा हो । र अन्तमा मैले पहिला पनि भन्या थिएँ अहिले पनि भन्छु, यदि तथ्य हामी सप्पै मिलेर कहिलेकाहिँ भन्नुहुन्छ संख्याका हिसाबले प्रदेश सरकारमा दुईतिहाइ रहेको नेकपा गल्ती गर्दागर्दै पनि यहाँ रहेका माननीय सांसदहरू यहाँ रहेका सरकारमा रहेका मान्छेहरू नतमस्तक छन् कि भन्ने अर्थ दुनियाँले नबुझ्दा हुन्छ म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु, यदि कहींकतै कोहीकसैले गलत भएको कुरा प्रमाणित गर्ने गरी यहाँ प्रस्तुत हुनुहुन्छ भने गलत कुराको नेकपाले समर्थन गर्दैन । नेकपाको यो दलले समर्थन गर्छ जस्तो मलाई लाग्दैन । सरकारले ठिकै गऱ्यौं प्रमाण तेर्स्याउदा तेर्स्याउदै पनि देखाउँदा देखाउँदै पनि ठीकै गऱ्यौं भन्छ जस्तो मलाई लाग्दैन । त्यो दिशातिर लागियो भने ने हामी ठीक ठाउँमा पुग्न सक्छौं । त्यो बाटोमा हामी नहिंड्ने विषयहरू धेरै सार्वजनिक गर्दिने कुरा गर्दा यहाँ सरकार वा सत्तारुढ दल मात्रै होइन कि सिंगो संसद् नै जनताका नजरमा विस्थापित हुने सम्भावना अरुले देख्नुहुन्छ कि देख्नुहुन्न म चाहिँ त्यस्तो देख्छु । त्यो कुराबाट हामी अगाडी बढौं र म यसैबाट भन्न चाहन्छु, यही बन्दाबन्दीमा नै हाम्रो देशको अब हाम यहाँ यस्तो छ म भन्न छ भनेर मैले भनेको होइन तर हाम्रो कल्चर के छ ? बजेट खर्च गर्न, खर्च गर्ने महत्त्वपूर्ण भूमिकामा रहेका कर्मचारी साथीहरूले असारतिर धकेल्दै लैजाने । बाढीपहिरो आएपछि बजेट जतासुकै देखिने । बाढीपहिरो नआका बेलाँ ततदरुन गर्ने पैसा कहीं पाइन्न ? वा संकटका बेला पैसा छताछुल्ल हुने अनि संकटका नाममा निर्णय प्रक्रिया छिटोछरितो गर्ने नाममा पुष्टि हुन नसक्ने गरी काम गर्नुभयो भने त्यले काम गर्ने साथीहरूलाई नै नोक्सान पुऱ्याउँछ । दलीय व्यवस्था भाहुनाले नेकपालाई नै त्यले नोक्सान पुऱ्याउँछ । जे कुरा यो भोलि समय क्रम आउदा सरकारमै रहनुभएको साथीहरूले पक्कै पनि ध्यान दिनुभएको होला । म भन्दा अघि बोल्नु हुने प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यल जे कुरा लक्षित गरेर उहाँले भन्नका निम्ति मात्रै भन्नु भो मैले त्यस्तो बुझिराछैन । केही भएरै भन्नुभाहोला, सरकारले त्यस्तो गऱ्या होला, त्यस्तो पनि मलाई लाग्दैन फेरि तर सदनमा प्रवेश गरिसकेपछि सुन्नेहरूले बाहिर सुन्नेहरू जतिको संख्या त विशाल छ नि त । तिनले त त्यही कुरा सुन्छन् त । तिनलाई त्यो कुरा बेलैमा आफ्नो कुरा सुनाउन सकिएन भने जे कुरा सुने त्यही कुराको आधारबाट धारणा बनाउने एउटा अवस्था रहन्छ । म अहिले नै उहाँको कुरा खण्डन गर्न चाहन्न किनकि त्यसका बारेमा म जानकार छैन तर जे कुरा उठाइरहनु भएको छ त्यतिकै उठाउनुभाको होला, जसरी उठाउनुभाछ त्यस्तो किसिमको काम सरकारले नै गरिराहोला मेरो तहबाट अहिले नै धारणा सार्वजानिक गर्न चाहन्न तर म भन्न चाहन्छु र अनुरोध गर्न

चाहन्छु । आपतका बेलामा उपाय सिकाउनेहरू निर्णयकर्ताका अगाडी पुग्नेहरूको संख्या धेरै हुन्छ है । आपतका बेलामा, सप्पै कुरा गर्दिन्छौं भन्ने हुन्छन् तर तिनको व्यवस्था अर्कै हुन्छ। यस आधारबाट हामीले अगाडी बढ्ने कुरा गरौं र आजदेखि प्रारम्भ भाछ, फेरि पनि म एउटा अघि भनेको वाक्य दोहोऱ्याउन चाहन्छु, नियमितका नाममा विषम परिस्थिति पनि नभुलौं, विषम परिस्थितिका नाममा यो नियमित अधिवेशन हो अब हामीले यस्तैमा दिनचर्या र नियमित काम गर्नपर्ने हुन्छ । यस आधारबाट अगाडी बढ्ने कुरामा हामी सबै अगाडी बढौं र फेरि अन्तमा जे सङ्क्र कोरोना भाइरसको जे सङ्क्रमितको प्रबल आधार क्षेत्रका रूपमा कर्णाली छ, त्यलाई आजसम्म तपाइँहरूले आफ्नो बलबुताले भ्याएसम्म केही कामहरू गर्नुभएको छ । म फेरि पनि अनुरोध गर्न चाहन्छु अब आउने जे समस्याहरू सार्वजनिक प्रकट भएका छन्, त्यही तरिकाबाट, त्यही तरिकाबाट गर्दा नै अहिलेसम्मको अनुभवबाट उपयुक्त छ भन्ने साथीहरूलाई लागेको छ भने त मेरो भन्नु केही छैन, अन्यथा होइन भने त्यसमा अलि गम्भीरतापूर्वक ध्यान दिऔं । मेले पनि बेलावखतमा भनेको छु आजको शासित गर्ने भनेको आफूले नियम पालना गरेर जनतालाई लाइनमा लगाउने हो है । आफूले नियमको पालना नगर्ने कुरा जनताले केही दिन मान्दिन्छन् । म वीरेन्द्रनगरमा त्यस्तो देख्दैछु, म त्यहाँको जनप्रतिनिधि पनि हुँ । फरूवा समाएको किसान यरिचोकमा २ घण्टा घाम ताप्छ । काम नभएकाहरू बजारमा घुमिराछन् । यो काम कसको हो ? त्यसकारणले नियम लगाउनेले पहिला नियम पालना गर्नुपऱ्यो, त्यसो गर्दा उहाँको नै सुरक्षा स्वास्थ्यको सुरक्षा हुन्छ । त्यसरी नै मान्छेहरूलाई ठीक ठाउँमा ल्याउन सकिन्छ तर त्यसमा ज्यान सुरक्षाका नाममा यहाँ माननीय सदस्यहरूको कुरा सुन्दा अघि प्रतिपक्ष दलको नेताले पनि भन्नु भो, त्यो मनोविज्ञान छ कि जनप्रतिनिधिहरूलाई कुनै पनि त्यो तपाईँहरूसँग दैनिक तपाईँहरूले ५० लाख समेतको बजेटको व्यवस्था गरेर खुसी पार्नुभएको सिडियोको व्यवहार जनप्रतिनिधिमैत्री देखिदैन । यद्यपि मसँग त्यस्तो छैन, किनभने ५० लाख त दामासाहीले दिनुभाछ त । यो प्रकोप दामासाहीको अर्थ हो कि समस्यामूलक वितरण हो तपाईँहरू छलफल चलाउनुस् अहिले किन धेरै टिप्पणी गरौं । त्यसकारणले म अनुरोध गर्न चाहन्छु ल बन्दाबन्दी भाहुनाले सिभिल प्रशासनको भन्दा दण्डधारीहरूको शासन प्रमुख बनिरहेको यो अवस्थामा मैले यसो नभन्नु पर्ने हो किनकि सुरक्षाकर्मीहरू अहोरात्र हामीलाई नै बचाउनका निम्ति, जनतालाई बचाउनका निम्ति खटिरहनुभएको छ तर एकाध घटनाहरूले बदनामित गर्न सक्ने एउटा अवस्था त्यस्तो देखिन्छ । त्यसकारणले म सबै प्रशासनिक निकायहरूलाई सिधा सिधा भन्नुहुन्छ रे उहाँहरूले । सिधा सिधा के भन्नु भो म यहाँ नभनौं किन रेकर्ड गराउने त्यस्तो शब्द यहाँ ? कुनै माननीयको मात्रै होइन, जो तपाईँहरूले दैनिक बैठक आफ्नो

अध्यक्षतामा गरिरहनुभएको छ । अध्यक्षतामा वा सदस्य भएर बैठक गरिरहनुभएको छ तपाईँहरूका सम्बन्धमा पनि कुनै मर्यादाविनाको टिप्पणी सडकमा यिनीहरूले व्यक्त गरिरहेका छन् । यस्तो अवस्थाबाट यो समस्याको समाधान गर्न सकिदैन । यसरी हातेमालो गरेर अगाडी बढ्न सकिदैन । त्यसमध्ये पनि यद्यपि पार्टीको सरकार छ, डिक्टेटर गर्नुपर्छ म त्यस्तोमा छैन । मैले जे भन्यो पार्टीका नेताले त्यो भन्ने मान छैन तर जनताले त्यो सिडियोले गरेको गल्ती बुझ्दैन । त्यहाँ पुलिस प्रशासनले गरेको गल्ती बुझ्दैन, त्यो नेकपाको सरकारले गरेको गल्तीका दलीय रूपले आक्षेप लगाउनुपर्ने भाको कारणले बुझ्ने भाको हुनाले यो मैले यति यहाँ चर्चा गर्नुपर्ने मैले आवश्यकता ठानें । यस आधारबाट अगाडी बढ्ने कुरा गरियो भने विषम परिस्थितिको अगाडी बढ्न सकिने अवस्था रहन्छ । यस आधारबाट चाहिँ तपाईँहरूले फेरि पनि भन्न चाहन्छु, सप्पै भार अब स्थानीय निकायमा छ भने उनीहरूलाई हाम्रो तर्फबाट कुनै कमी हाम्रा हाम्रो सीमा दायराभित्र कुनै कमी नहुने कुरा व्यवहारत: गर्ने कुरामा तपाईँहरूले ध्यान दिनपर्ने जरुरी छ । त्यो आधारबाट अघि बढ्ने कुरा गरियो भने मलाई लाग्छ हाम्रो ठाउँमा समाधान, समस्या समाधानका निम्ति हामीले हाम्रो भूमिका खेलेको ठहर्छ । यिनै कुरा राख्दै यो छैठौं अधिवेशनको सफलताको शुभेच्छा शुभकामना सहित आफ्ना भनाइहरू यही टुङ्ग्याउँछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री सोशिला शाही ।

**माननीय श्री सोशिला शाही:** माननीय सभामुख, आजबाट कर्णाली प्रदेश सभाको वर्षे अधिवेशन प्रारम्भ भएको छ । कर्णाली प्रदेश, प्रदेश कर्णाली प्रदेशका दुरदर्शी राजनीतिक अगुवाहरू र कर्णालीका जनताको संघर्षबाट पछि जन्मिएको सातौं प्रदेश आज यो प्रदेशको गरिबी ५१ प्रतिशतभन्दा बढी छ । मानव विकास सूचकाङ्कमा धेरै पछाडि छ, भौगोलिक रूपमा अत्यन्त विकट छ । सुर्खेतको सानो उपत्यका बाहेक बाँकी सबै जिल्लाहरू पहाडैपहाड छन् । तसर्थ थुप्रै चुनौतीहरूका बाबजुद प्रश प्रशस्तै सम्भावना बोकेको प्रदेश हो यो । जलविद्युतको क्षेत्रमा २५ हजार मेगावाट क्षमता विद्युत उत्पादन गर्न सकिन्छ तर हाल केवल साढे सात साढे आठ प्रतिशत मात्र विद्युत उत्पादन भएको छ । यातायातको क्षेत्रमा अझैं पनि १९ वटा स्थानीय तह तहमा सडक सञ्जालले छुन सकेको छैन । जनसंख्याको ८५ प्रतिशत जनसंख्या कृषिमा निर्भर छ । यो अधिवेशनसम्म आइपुग्दा हामीले ठूल्ठूला चुनौतीहरूको सामना गरिरहनुभएको छ । हामीले कल्पनासम्म पनि नगरेको अवस्था आज भौगोलिक रूप भोगिरहेका छौं । त्यसैले भन्ने गरिन्छ यो समय बलवान छ । समय बलवान छ, कहिलेकाहिँ हामी मानवलाई लाग्छ कि म बलवान छु तर हामी भ्रममा छौं । बलवान हामी होइनौं रहेछ विश्वमानव जातिलाई नै घायलकायल पार्ने गरी विस्तार भएको कोरोना

भाइरसबाट आज हामी पनि अछुत रहन सकेनौं । संयोजक, संयोगले केही दिन अघिसम्म एक जना पनि कोरोना संक्रमित नभएको हुँदा हामी हाम्रो प्रदेश हामी सुरक्षित महसुस गरिरहेका थियौं तर आज आएर यो प्रदेशमा कोरोनाले प्रवेश गरिसकेको अवस्था छ । साथै हाम्रो प्रदेशको ठूलो जनसंख्या रोजगारीको सिलसिलामा भारतमा जाने प्रचलन भएको र हामी भारतमा अलपत्र भएर बसेको ती हाम्रा दाजुभाइ दिदीबहिनीहरूलाई सकुशल उद्धार गरी ल्याई ल्याएर चेकजाँच गरी क्वारेन्टाइनमा राख्नु पर्दछ । १४ दिनपछि मात्र घर पठाउने व्यवस्था गर्नुपर्दछ । यो कुरालाई यदि हामीले समयमै ध्यान पुऱ्याउन सकेनौं भने भोलि भयावह स्थिति निम्तिने कुरामा दुई मत छैन । समय समयमै बुद्धि पुऱ्याउन आवश्यक छ । यो असहज अवस्थालाई मध्यनजर गरी प्रदेश सरकारले समयमा नै बुद्धि पुऱ्याएर काम गर्नुपर्दछ । यस यस यसमा ढिलाई गरियो वा हेलचत्र्याइँ गरियो वा सावधानी अपनाएर काम गर्न सकेनौं भने भोलि स्थिति नियन्त्रण बाहिर जान सक्छ । त्यतिबेला चाहेर पनि हामी केही गर्न सक्दैनौं टुलुटुलु हेरेर बस्नु बाहेक हामीसँग अरु कुनै उपाय हुँदैन । अबको बजेट कर्णाली प्रदेशलाई कृषिमा आत्मनिर्भर गरी गरी बनाउने अर्ग्यानिक उत्पादन कसरी बढ्ने भन्नेमा केन्द्रित हुनुपर्दछ । वितरणमुखी बजेट कनिका छर्ने खालको बजेट नभएर परिणाम दिने गरी बजेट तर्जुमा गर्नुपर्दछ । असामान्य परिस्थितमा हाम्रो योजना कार्यक्रम र कार्यान्वयन पनि असामान्य ढंगको नै हुनुपर्दछ । सभामुख महोदय, कोरोना महामारी जुन विश्वव्यापी रूपमा फैलिएका कारण अबका केही महिनामा नेपालबाट रोजगारीको सिलसिलामा विदेश, विदेश गएका नेपालीहरू स्वदेश फर्किन बाध्य हुनेछन् । त्यतिबेला कर्णाली प्रदेशबाट पनि बाहिर गएका ठूलो संख्याका युवाहरू घर फर्किने छन् । तिनीहरूलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भनर पनि आजै हामीले सोच्नुपर्दछ । स्वदेशमा नै कसरी रोजगारी दिलाउने भनेर हामीले अहिले सोच्न सकेनौं भने अबको विकराल स्थिति आउन सक्ने हामीले देखेका छौं । तसर्थ आज समय हुँदै बुद्धि-विवेकको आवश्यकता छ । जटिल परिस्थितिबाट कसरी पार लगाउने भन्ने चुनौती हाम्रा सामु खडा भएको छ । सरकार विगतदेखि हामी हामीले गुण र दोषका आधारमा समर्थन र विरोध गर्दै आइरहेका छौं । सरकारले गर्ने रचनात्मक कामको हामीले जहिले पनि सहयोग र समर्थन गर गर्नेछौं भन्ने गलत कामको विरोध गर्नेछौं । जनताको पक्षमा गर्ने हाम्रा, राम्रा कामको समर्थन गर्नेछौं । आजको अवस्था भनेको सरकार एक्लै दौडिने अवस्था होइन, एक्लै दौडेर जित्ने लडाई होइन । सबै दल र सबै पक्षको सामुहिक प्रयासबाट मात्र यो महामारीबाट पार पाउन सकिन्छ, सफल हुन सकिन्छ । सभामुख महोदय, आफ्नो भनाइ त मैले राखें यहाँ । थोरै टिपोट गरेर पनि अलिकत पनि फेरि पनि म राख्न चाहन्छु । यो कोभिड-१९ ले विश्व विश्वभरि विश्वलाई नै हल्लाएको छ ।

त्यो मैले पढिसकेको छु । यहाँ हजुरलाई जानकारी भई नै सकेको छ र जुन यो प्रदेशमा आको लगभग अहिले म हामी सम्पूर्ण माननीयहरू २५ महिना अथवा २६ महिना कति भयो त्यति भयो होला जस्तो लाग्छ मलाई तर किनभने हुँदाहुँदै पनि आज दूरी कायम गरेर हामी जति कोरोनाबाट दूरी कायम गर्नुपर्छ भनेर हामी टाढटाढा बसिरहेका छौं । दलको हिसाबले अगाडी नै बस्नुपर्छ र अगाडी नै राख्न पर्छ त मैले भनेको थिएन तर किनभने अब यस्तो यो उसको आ केरे हलको कमीकमजोरीले भएको कारणले लास्ट मलाई राखिएको हो कि भन्ने मैले आफै बुझेर बुझेर नै म पछाडि बसेको थिएँ कि समयमै मलाई जानकारी गराएर मलाई पछाडि नै राख्दिएको भए अझैं राम्रो हुन्थ्यो किनभने मलाई मलाई सोच कस्तो भयो भने हे हेपाहा प्रवृत्ति गरेको हो कि जस्तो लाग्यो मलाई आज किनभने आज दुईटा दल अगाडी हुने र मलाई चाहिँ पछाडि राख्ने किनभने यो कस्तो हो मैले बुझ्न सकेन सभामुख महोदय किनभने मेरो पनि एउटा दल हो राष्ट्रिय प्रजातन्त्र पार्टी, जुन एउटै भए पनि समानुपातिक भए पनि आएको थिएँ तर दुइटै पक्षले सोच्नु पर्थ्यो भोलि तलमाथि हुन्छ कि अथवा म पनि म नआउँला म यहाँ आउँला/नआउँला छुट्टै कुरा भयो । भोलि मेरो दल पनि यहाँ उपस्थित होला त्यतिखेरको परिस्थिति हजुरहरूले नै बुझ्नु हुनेछ । मैले समय-समयमा भनेको थिएँ किनभने समयमा मैले समर्थन गर्छु । समर्थन गरेरै आको छु । समर्थन गर्नेछु गलत कुराको क्यारे स समर्थन गर्ने छैन । राम्रो कुराको समर्थन गर्नेछु भनेर टाइम-टाइममा भनेको थिएँ । आज किनभने मलाई जुनसुकै, जुनसुकै उसमा पनि एकदम त्यस्तो हेपाहा प्रवृत्ति जस्तो लाग्यो किनभने न मैले ए क सबै मिलेर नै जान पर्छ अगाडी, मैले यस्तो भन्नु हुँदैन, त्यस्तो भनेपछि किनभने हामी छौं जम्मा तीन दल, तीन दल मि के विरोध गर्ने किन विरोध गरेर अगाडी पछाडि भएर यस्तो गर्ने भनेर य जुन उ सोचाई थियो त्यो त्यो आज मलाई हजुरहरूले सोचेर नै राख्नु भएको होला । फिरि त्यहाँबाट तलमाथि नगर्दिनुहोला । आशा छ त्यही नै त्यही पछाडि भए पनि बसौंला फिरि, फिरि पनि मलाई यस्तो अवहेलना अवमान्यता नगर्दिन् होला । मलाई अपमान गऱ्यो भने जनतालाई पनि अपमान गर्नुहुने गर्नु हुँदोरहेछ भन्ने मलाई अनुभूति भयो । म एउटा सोझो भको कारणले आएको कारणले त्य त्यसो भको कारणले आफ्ना, आफ्ना भनाइहरू यहीँ अन्त गर्न चाहन्छु । हवस् त धन्यवाद । अलि मायक पनि कम भको कारणले मैले भनेन ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ १२ गते सोमबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

□□□

# a}7s ;¥of-@

**(वि.सं. २०७७ साल जेष्ठ १२ गते सोमबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको छैठौं अधिवेशनको दोस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री सीताकुमारी नेपाली । समय ७ मिनेट । त्यसपछि माननीय श्री दीनबन्धु श्रेष्ठ तयार रहनुहोला ।

**माननीय श्री सीताकुमारी नेपाली:** माननीय सभामुख महोदय, विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ का कारण ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । श्रमिकहरू सङ्क्रमितहरूको स्वास्थ्य लाभको कामना गर्दछु र विदेशबाट स्वदेशमा फर्किइरहेका दाजुभाइ तथा दिदीबहिनीहरूमा सुरक्षित क्वारेन्टाइनमा बसिदिनका निम्ति म अनुरोध गर्न चाहन्छु । कोभिड-19 रोकथाम र नियन्त्रणका लागि अहोरात्र खटिनुभएका चिकित्सकहरू, स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरू, पत्रकारहरू र कर्णाली प्रदेश सरकार र स्थानीय तहलाई विशेष धन्यवाद पनि दिन चाहन्छु । हामी कर्णाली प्रदेशको छैठौं अधिवेशनको दोस्रो बैठकमा छौं र यो दोस्रो बैठककै संघारमा कर्णाली प्रदेशमा एउटा जातीय विभेदको घटना घटेको छ । माननीय सभामुखज्यूमार्फत् म कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, जेठ १० गते शनिबार साँझ रुकुम चौरजहारी नगरपालिका वडा नं. ८ मा भएको जुन घटना हो त्यो घटनाको भर्त्सना पनि गर्न चाहन्छु । २१औं शताब्दीमा आएर एउटा प्रेमको केटा र केटीले प्रेम गरेको आधारमा जुन प्रकारको घटना घटाइएको छ, दुई जनाको हत्या पनि गरिएको छ, ४ जना अझैं बेपत्ता भइरहेको अवस्था छ । यो अवस्थामा त्यो घटनालाई सरकार भएको अनुभूति त्यहाँको जनताले गर्न पाउनुपर्छ । सरकार घटना घटेको ३ दिन भइसकेको छ, ४ जना बेपत्ता भइसकेको अवस्था छ उनीहरूको खोजी अझैं पनि भइरहेको छैन । जुन नवीन वि.क. भेरी नगरपालिका वडा नं. ४ का नवीन वि.क. र चौरजहारी नगरपालिका ८ कि सुष्मा मल्लको बीचमा प्रेम सम्बन्ध भएको र एक महिना अगाडी नै त्यो विषयमा त्यहाँको स्थानीय प्रशासनमा छलफल भएर एक महिनापछि यो घटना भएको छ । त्यसकारण पनि यो जातीय विभेदको घटना हो । र यसमा मृतक जुन २ जनाको शव भेटिएको छ, उहाँहरूप्रति म उच्च सम्मानसहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र ४ जना भेरी नगरपालिका वडा नं.४ का संजु वि.क., गणेश वी.एम. र वडा नं.११ का लोकेन्द्र सुनार र भूपेन्द्र शाही अझैं पनि बेपत्ता हुनुहुन्छ । उहाँहरूको खोजी कार्यका निम्ति माननीय सभामुखमार्फत म कर्णाली प्रदेश सरकारलाई माग गर्न चाहन्छु, सँगसँगै यो निन्दनीय जुन घटना छ, यो घटनालाई छानविन

गर्नका निम्ति एउटा उच्चस्तरीय छानविन समिति गठन गरियोस् भन्ने माग पनि म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई गराउन चाहन्छु र म के स्मरण गराउन चाहन्छु भने विगतमा कर्णाली प्रदेशमा जातीय विभेदका घटनाहरू घटिरहेका छन् । कालीकोटमा मना सार्कीलाई हत्या गरिँदा हामीले यही सम्मानित सदनमा विषय उठाएका थियौँ कर्णाली प्रदेश सरकारले छानविन समिति गठन गरोस् र तथ्यसत्य छानविन गरेर दोषीहरूलाई कारबाही गरियोस् भन्ने हामीले माग उठाएका थिइम् । कर्णाली प्रदेश सरकारले कुनै त्यसमा कदम चालेको हामीले आभास पाएनौं र यो घटनामा त्यो नहोस् भन्नका लागि पनि म आज यो गरिमामय सदनमा विशेष अनुरोध सहित सम्मानित सदनमा सभामुखमार्फत् यो घटनाको छानविनको निम्ति उच्च स्तरीय छानविन समिति गठन गरियोस् र त्यो घटनामा संलग्न जोसुकै भए पनि कारबाहीको दायरामा ल्याइयोस् भन्ने कुरा म उठाउन चाहन्छु । र आज महामारी फैलिरहेको अवस्था छ, विशेष गरेर म कर्णाली प्रदेश सरकारलाई धन्यवाद पनि दिन चाहन्छु । महामारी फैलिदै गर्दा कर्णाली प्रदेशमा लगभग लकडाउनको दुई महिनासम्म कर्णाली प्रदेशमा पोजेटिभ कोरोना भाइरसको पोजेटिभ संक्रमित भेटिएको थिएन । र आजको दिनसम्म आउँदा ११ जना मात्रै छ । त्यही पनि विदेशबाट आएकाहरूमा संक्रमण पोजेटिभ देखिएको छ । यस मानेमा पनि म विशेष धन्यवाद दिन चाहन्छु र आगामी दिनमा कर्णाली प्रदेशलाई अझ सुरक्षित गर्नका निम्ति थप तयारीका कुराहरूमा अझ पहल गर्नका निम्ति पनि म अनुरोध गर्न चाहन्छु । विदेशबाट आउनेहरू नाकामा अलपत्र भइरहेको अवस्था छ एकातिर भने प्रदेश सरकार र स्थानीय तहहरूले आफ्ना नागरिकहरूले आफ्नो तहसम्म ल्याउनका निम्ति मेहेनत पनि भैराखेको छ । उनीहरूको नाकामै परीक्षण गरेर सम्बन्धित जिल्लाका पालिकाहरूमा पठाउँदाखेरि पालिकाले व्यवस्थापन गरेको क्वारेन्टाइनमा अनिवार्य बसालेर मात्रै घरपरिवारसँग पठाउनका निम्ति विशेष पहल गर्न जरुरी छ । हाम्रो कर्णाली प्रदेश विदेश रोजगारीको सिलसिलामा धेरैभन्दा धेरै संख्यामा रोजगारीमा गएको अवस्था छ । एकातिर यतिबेला राष्ट्रियको राष्ट्रियताको सवाल पनि अगाडी बढीरहेको छ । म नेपाल सरकारलाई धन्यवाद पनि दिन चाहन्छु कि यतिबेला कालापानी, लिपुलेख र लिम्पियाधुरा समेटिएको राजनीतिक र प्रशासनिक नक्सा जुन सार्वजनिक भएर कार्यान्वयनको प्रक्रियामा छ । सभामुखज्यूमार्फत म संघीय सरकारलाई म विशेष धन्यवाद पनि दिन चाहन्छु र यही परिस्थितिमा विदेशबाट नेपालीहरूलाई हाम्रो देशमा पठाउने क्रम पनि भइरहेको छ । यसलाई पनि व्यवस्थापन गर्नका निम्ति म अनुरोध गर्न चाहन्छु र सँगसँगै यो महामारीको बीचमा जुन प्रकारका गतिविधि भएरहेको छ । प्रशासनमार्फत लकडाउनलाई व्यवस्थित गर्ने नाममा होस् या विशेष पासहरू दिने व्यव विषयमा होस् वा व्यापारीहरूले यही लकडाउनको अवधिमा कालाबजारी गर्ने अवस्थामा जुन प्रकारको मिलोमतोहरू देखिराखेको छ, मिलोमतोमा कालोबजारीहरू भइरहेको छ । म उदाहरणको रूपमा भन्न चाहन्छु । हामीले १०/१५ रुपैयाँ पर्ने सूर्ती अहिले ५०/१०० रुपैयाँमा बिक्री भइरहेको छ, खुलेआम ५०/१०० रुपैयाँमा बिक्री भइरहेको छ । यो के कालोबजारी होइन ? यसलाई हामीले हेर्नुपर्छ कि

पर्दैन ? पहुँचवालाहरूले पास पाउने सामान्य नागरिकले अति आवश्यक काममा पनि पास नपाउने प्रकारको स्थिति हुने, पास लिएर मनपरी घुम्ने नागरिकहरू घरको आँगनमा बस्दाखेरि अपराधीको जस्तो व्यवहार गरिने (सकौं माननीय सदस्य) यो अवस्था नआओस् भन्नका निम्ति म विशेष ध्यान दिन आग्रह गर्न चाहन्छु र अन्तमा मुश्लिम समुदायको महान पर्व इदुल फ्रिद ईदको अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै अब कर्णाली प्रदेशको छैठौं अधिवेशनमा आउने बजेटमा विशेष गरेर महामारी र भोकमरीलाई अन्त्य गर्ने गरी रोग र भोगले कोही पनि कर्णालीवासी नमरुन् भन्ने कुरामा ध्यान दिंदै स्वास्थ्य, कृषि उत्पादन, स्वरोजगार र उद्योग शिक्षाको क्षेत्रमा बजेट व्यवस्थित गरेर विनियोजन गर्नका निम्ति विशेष अनुरोध गर्दै आफ्ना भनाइ यही अन्त्य गर्छु । हवस् त धन्यवाद !

**माननीय सभामुख:** माननीय श्री दीनबन्धु श्रेष्ठ । यसपछि माननीय श्री पदमबहादुर रोकाया तयार रहनुहोला ।

**माननीय श्री दीनबन्धु श्रेष्ठ:** माननीय सभामुख महोदय, सर्वप्रथम त कोभिड-१९ का कारणले स्वदेश तथा विदेशमा हालसम्म मृत्यु हुनुभएको प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र स्वदेश र विदेशमा जति पनि हुनुहुन्छ सङ्क्रमितहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । र यसको साथसाथै एकदुई दिन भयो, भर्खरै पनि माननीयज्यूले पनि राख्नुभो, जाजरकोटमा एउटा दु:खद् घटना घटेको छ । त्यो जाजरकोटमा त्यो दु:खद् घटनामा २ जनाले ज्यान पनि गुमाइसक्नुभएको छ । उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै म सभामुख महोदयमार्फत् प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्न चाहन्छु, सत्य-तथ्य के हो ? त्यो यथाशीघ्र पत्ता लगाएर दोषीमाथि कारबाही अगाडी बढाइयोस् । सभामुख महोदय, भन्नै पर्छ नेपालले राष्ट्रियताका कुरामा राष्ट्रिय अखण्डताका कुरामा सार्वभौम सम्पन्नका कुरामा हामीलाई धेरै पहिलादेखि छिमेकी राष्ट्रले हाम्रा केही भू-भागहरू अतिक्रमण गरेका कुराहरू आइरहेको थियो । जसरी नेपाल सरकार अगाडी बढ्नु पर्थ्यो, त्यसरी प्रभावकारी ढंगले अगाडी बढेन । ढिलै भए पनि परिवर्तित नक्सा सार्वजनिक भएको छ, त्यो नक्सामा हाम्रो भू-भाग चाहिँ लिम्पियाधुरा, लिपुलेक र कालापानीसमेत समेटिएको र त्यो नेपालको पूर्ण नियन्त्रणमा ल्याउने गरी नक्सा सार्वजनिक भएको छ । यो सभामुख महोदयमार्फत संघीय सरकार, सरकारलाई धन्यवाद दिन चाहन्छु र साथै यतिले मात्रै पुग्दैन । अब हामीले त्यहाँका भू-भागहरू एउटा कुटनीतिक छलफलबाट हामीले ती भू-भाग हामीले आफ्नो चलनचल्तीमा ल्याउन पनि सबै दल, सरकार र नागरिक समाज र आम नेपाली नागरिकहरू एक ठाउँमा एक ढिक्का भएर अगाडी बढ्नु पर्दछ भन्ने म चाहन्छु । सभामुख महोदय, आज देश कोभिड-१९ ले हाम्रो देश होइन, विश्व नै महामारीले आक्रान्त छ । ठूला-ठूला राष्ट्रहरू पनि योबाट आत्तिएका छन् । हाम्रो नेपाल कर्णाली प्रदेश त्यसमा पनि धेरै कुराले हामी पछि छौं तर कर्णाली प्रदेशको सरकारले धेरै कुराहरू गर्ने कोसिस गरेको छ । केही पनि गरेन भएन भन्ने होइन, त्यो कोसिसको वावजुत धेरै पछि सङ्क्रमित कर्णाली प्रदेशमा भेटियो तर अहिले हेर्दा देशभरिमा ६ सय ७५ सङ्क्रमित हुनुहुन्छ र कर्णाली प्रदेशमा आज बिहानसम्म

११ जना हुनुहुन्छ । र आज तीन जनाले ज्यान गुमाइसकेको स्थिति र भर्खरै बारामा जेठ ४ गते एक जनाको टेस्ट गर्दा मृत्यु भइसकेको पनि त्यो कोभिड-19 पोजेटिभकै कारणले भन्ने आएको छ । त्यो भयो भने चार जना हुन सक्छ तर अहिलेसम्म कर्णाली प्रदेशको जुम्ला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पी पीसीआर पद्धतिबाट परीक्षण भएको २७ सय ३० र सुर्खेतमा प्रदेश हस्पिटलमा परीक्षण भएको २३ सय गरी चानचुन पाँच हजार जति पीसीआर परीक्षण भएको रैछ । यो धन्यवादयोग्य छ तर यतिले मात्र पुग्दैन । यो दायरा अगाडी बढाउन जरुरी छ । कर्णाली प्रदेश सरकारले संघीय सरकारको हाराहारीमा ३ महिना पहिला जब यो कोभिड-१९ को महामारी फैलिन भन्नाविक्तिकै कर्णाली प्रदेश सरकारले ५० करोडको रकम विनियोजन गऱ्याथ्यो । पुग्दैन, अरु गर्नुस्, अन्य योजनाहरू काट्नुस् र यो कोभिड-19 को महामारीबाट यो कर्णाली प्रदेशमा न्यूनभन्दा न्यून हामी ठेकी कसरी हुन्छ र यलाई कसरी हामीले रोक्न सक्छौं यतातिर सरकार केन्द्रित होस् । जसरी सरकार अहिले अगाडी बढेको छ, अबको परिस्थिति भयावह स्थितितिर गइरहेको छ । जस्तै ५ नं. प्रदेश र सुदुरपश्चिम प्रदेशबाट आउनेको ताँतीको ताँती दशौमा हजारौं मान्छेहरू भेटिसकेका छन् । योभन्दा पहिला पनि कर्णाली प्रदेशमा २८ हजार चानचुन मान्छेहरू भित्रिसकेका छन् । अब पनि २० हजार २५ हजार भित्रिने क्रममा छन्, सधैं आइरहेका छन् तर सुन्नमा आको छ बबई नाकामा पनि हामीले आरडीटी र्‍यापिड कीटबाट पनि परीक्षण गर्ने हामीसँग छैन भनेर हुन सकको छैन भनेर सुन्नमा आयो । सरकारले तुरुन्तै त्यो नाकाहरूमा पनि र्‍यापिड कीटबाट यो आरडीटी परीक्षण गर्न जरुरी छ । यदि नगरेर हामीले हचुवाको भरमा हजारौं-हजारौं नागरिकहरू इण्डियाबाट बाहिर छिमेकी राष्ट्रबाट आएका नागरिकहरूलाई पठाउन लाग्यौं भने त्यो महामारी तपाइँ हाम्रो हातबाट बाहिर जानेछ । हामी त्यतिखेर पछुताएर केही हुँदैन । सरकारले त्यसमा चिन्ता गरेर होला क्वारेन्टाइनको व्यवस्था हामीले हेऱ्यौं तर डब्लूएचओको मापदण्डअनुसार भएन र सामान्य पनि पूर्वाधारको एउटा भौतिक पूर्वाधार, पूर्वाधारको हिसाबले ध्यान दिएर त्यो मापदण्डअनुसार क्वारेन्टाइन बन्नु पर्थ्यो त्यतातिर पनि त्यति प्रभावकारी काम भएजस्तो लागेन । अब क्वारेन्टाइनमा हजारौं-हजार मान्छेलाई राखेर कतिसम्म सम्भव हुन्छ । हिजो सय दुईसय चारसय पाँचसय आउँदा पनि हामीलाई गाह्रो भएको थियो भने अब सरकारले यसमा अलिकता वैकल्पिक केही सोच राख्न जरुरी छ, किन हजारौं हजारौं हामीले अहिले प्रदेश प्रदेशबाट गाउँपालिका, गाउँपालिकाबाट वडामा हामीले पठाइरहेका छौं । तर उनीहरू चाहिँ कडाइका साथमा क्वारेन्टाइनमा बसेको स्थिति छैन । सङ्क्रमणको भयावह कर्णाली प्रदेशमा अबको बढी देख्छु । हिजोका दिनमा हामी कर्णाली प्रदेश सङ्क्रमितबाट धेरै कम छौं, बच्यौं, भन्थ्यौं अब त्यो स्थिति रहेन । दिनप्रतिदिन यदि भयावह स्थिति आयो भने त्यसपछि हामीसँग विकल्प के छ ? हो कर्णाली प्रदेश सरकारले तीनटा हस्पिटल, जुम्ला स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुर्खेतको यो कालागाउँ हस्पिटल र पश्चिम रुकुमको चौरजहारीलाई तोक्यो तर त्यहाँका पूर्वाधारको तयारी के के छन् ? आइसोलेसनको तयारी के छ ? क्वारेन्टाइनको तयारी के छ ? आईसीयूको कति वटा बेड छ ? भेन्टिलेटर के छ ? भोलि

परिआएपछि गरौंला भन्ने होइन । सरकारसँग ३ महिनाको टाइम थियो । हो सरकारले तीन महिनाको टाइममा आफ्नो कोशिस सरकारले गर्‍यो । यो बेला सम्पूर्ण शक्ति सरकारलाई साथ दिनुपर्छ तर पनि सरकारले यत्रो साथ सहयोग र अन्य योजनाका बजेट पनि काटेर यसमा लगाऔं भन्ने बेलामा सरकार अब यो गतिले पुग्दैन । अब भयावहको दिन प्रतिदिन बढीरहेको छ कर्णाली प्रदेशमा पनि । अब तपाईँहरू यसको विकल्प स्कूललाई क्वारेन्टाइन बनाउने हो कि सम्बन्धित गाउँपालिकामै घरबाट खाना ल्याएर व्यवस्थित गर्ने हो कि । यो छाडा तालले हामीलाई बोर्डरबाट छोड्ने स्थिति आयो भने यो भोलि हाम्रो हातबाट बाहिर जानेछ । त्यतिखेर पछुताएर केही पनि हुने छैन र सरकारले त्यतिखेर आफ्नो भनाइ राखेर पनि त्यले कुनै मतलव राख्ने छैन, जस्तो मलाई लाग्दछ । त्यसैले यो कुरामा सरकारले ध्यान दिन एकदम जरुरी छ र अब विशेष गरेर इण्डिया नाकाबाट आउनेहरूलाई पनि सरकारले अलि कडाइका साथ चेकजाँच र यो चेकजाँचको कुरामा पनि हामीलाई पछिल्लो पिरियडमा जति बढायौं परीक्षणको दायरा त्यति सङ्क्रमित देखिंदै गयो । जब परीक्षण दायरा बढाएनौं भने सङ्क्रमित देखिंदैन । यलाई पनि अलि चनाखो भएर सरकार अगाडी बढेको खण्डमा हामी नेपाली कांग्रेस, प्रतिपक्ष नेपाली कांग्रेस सरकारलाई पूर्ण साथ दिन यो महामारीबाट लड्नलाई साथ दिन तयार छ तर कोभिड-19 कै बहानामा यदि सरकारका गलत क्रियाकलापको नेपाली कांग्रेस यसमा आफ्नो अडान यथावत् छ र गलत कमीकमजोरीहरू नेपाली कांग्रेसले सही ठाउँमा राख्ने पनि छ तर मैले यो भन्न खोजेको होइन, हामी सरकारलाई असहयोग गर्ने होइन, हाम्रो पूर्ण सहयोग रहन्छ सरकारलाई सरकार उच्च मनोबलका साथ यो कोभिड-19 को महामारीबाट कर्णाली प्रदेशलाई कसरी मुक्त गर्ने अन्तिमभन्दा भयो सक्यो नि कमभन्दा कम अझ यलाई कमभन्दा कम कसरी गर्न सक्छौं सरकारले जति लागेको छ धन्यवाद दिन चाहन्छु । सरकारले गरेन भन्दैनौं हामीसँग स्रोत साधन छैन त्यो पनि एक्कासी आएको यो कोभिड-19 को महामारी हो **(माननीय सभामुख:** टुङ्ग्याऔं टुङ्ग्याऔं माननीय सदस्य) कत्रो शक्तिशाली राष्ट्रको त तयारीमा थिएनन् भने हामी नेपाल र कर्णाली प्रदेशको थुप्रै किसिमको समस्याहरू छ । त्यो हामी बुझ्छौं र आम जनता पनि बुझ्छन् तर यतिले अबको दिनमा पुग्ला जस्तो लाग्दैन सरकार सक्रिय रूपले अगाडी बढेको खण्डमा हाम्रो प्रतिपक्ष दल नेपाली कांग्रेसले सरकारलाई पूरा सघाउनेछ भन्दै अन्तमा छैठौं अहंअ प्रदेश सभाको अधिवेशन यो बजेट अधिवेशन पनि हो । यो महत्त्वपूर्ण अधिवेशन पनि छ **(माननीय सभामुख:** सकौं माननीय सदस्य) सके सके सभामुख । अब यो अधिवेशनले भोकमरी र भोलिका चुनौतीहरू र यो महामारीहरूलाई हामीले कसरी सामना गर्न सक्छौं, त्यसरी अगाडी बढ्ने सफलता प्राप्त गरोस् भन्ने शुभकामना दिंदै विदा हुन्छु । धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री पदमबहादुर रोकाया। यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री पदमबहादुर रोकाया:** माननीय सभामुख महोदय, अहिले देखापरिरहेको विश्वमहामारी कोभिड-19 कोरोना भाइरसमा ज्यान गुमाउनेहरूको लागि श्रद्धाञ्जली अर्पण गर्न

चाहन्छौं । अस्पतालमा उपचार गरिरहेका व्यक्तिहरूप्रति स्वास्थ्य लाभको कामना गर्न चाहन्छौं । क्वारेन्टाइनमा बसेकाहरूका लागि सकुशल भएर सन्चो भएर घरमा फर्कून् भन्ने कामना गर्न चाहन्छौं र अहिले मानवजाति रोग, भोग र शोकमा गुज्रिरहेको छ। त्यसभित्र लोभ पनि छ । केही मानिसहरू चौकामा मौका हान्ने अवस्थामा पनि छन्। विगतका इतिहास हेर्नुपर्ने हो भने चाहे ०७ सालको प्रजातन्त्र किन नहोस् चाहे १० वर्षको जनयुद्धमा किन नहोस्, भूकम्पको नाममा किन नहोस्, मधेस आन्दोलनका नाममा किन नहोस्, अहिले विश्व कोरोना भाइरसको नाममा किन नहोस् केही दलाल विचौलियाहरू लोभमा पनि फसिरहेका देखिन्छन् । यो यस्तो अवस्थामा मान्छेहरू खान नपाएर, लाइन नपाएर, बस्न नपाएर, ५ सय ६ सय किलोमिटरमा यस्तो गर्मीमा हिंडिरहेका छन् । उनीहरू गर्मीले हर्टयाट्याक भएर बाटोमै मरिरहेका छन्, छटपटाइरहेका छन्, पानी पानी भन्दै मरिरहेका छन्, यो अवस्थामा ती लोभीपापीहरू कमाउनेहरू भ्रष्टचारीहरू यो कमाएको सम्पत्तिले मात्रै हैन उनको पैतृक सम्पत्तिले पनि ठूलै जति खर्च गरे पनि उपचार नहुने बिराम लागोस् जस्तै क्यान्सर जस्ता बिरामी लागोस् । उनी पनि नमरुन् छटपटाइरहून् जस्तो अहिलेको अवस्था कोरोना छ, त्यस्तै होस्, म यही भन्न चाहन्छु । अहिले जो अहिलेको सरकारले राजनीतिक पार्टीले यो लिपुलेक, लिम्पुवाधुरा र कालापानीको एउटा नक्सा ल्याएको छ, नेपालको नक्सा ल्याएको छ । यो स्वागतयोग्य छ नेपालले नेपालीको लागि मेरो लागि पनि सरकारलाई स्वागत छ है, आभारा व्यक्त गर्न चाहन्छु, धन्यवाद दिन चाहन्छु । यो २ सय ५० वर्षसम्म जहानियाँ राणा, राणा राजतन्त्रले शाहवंशले शासन गरेको थियो यो कुरा आएन, यो कुरा उठेन, जब ०४६ सालको परिवर्तनपछि पटक पटक राजनीतिक पार्टीहरू सरकारमा गए त्यतिखेर गाइँगुइँ कुरा उठेको थियो तर यो आएन । अहिलेको सरकारले राजनीतिक पार्टीहरूले नक्सा ल्याए । यसमा हामी पनि धेरै खुसी नै छौं, नक्सा मात्रै हैन अब त्यो भारतको भूमिबाट नेपालको भूमिमा फिर्ता ल्याउनुपर्‍यो । चाहे नेपालीले जस्तोसुकै मूल्य चुकाउन किन नपरोस् । यो फिर्ता आउनुपर्‍यो, हाम्रो भनाइ यही नै छ। त्यसैकारणले अहिले मान्छेहरू दिनप्रतिदिन इण्डियाबाट आइरहेका छन् । उनीहरू नाकामा बसिरहेका छन् । इण्डियाको पुलिसले लखेटिरहेको छ । उनीहरू फोन गरिरहेका छन्, सबैलाई हामी कहाँ जाऔं, के खाऔं ? इण्डियाले आउन दिँदैन भनिरहेका छन् । उनीहरू बबईको नाकामा बसिरहेका छन् भने हामीहरू त्यसको बेवास्ता गर्नुपर्छ । अहिले क्वारन्टाइनमा मान्छे खचाखच भरिरहेका छन् । अरु व्यवस्था क्वारेन्टाइनको व्यवस्था गरिनुपर्छ । अहिले यो कर्णाली प्रदेशमा भयावह स्थिति आउने अवस्था छ । मान्छेहरू दशौं हजार मान्छे भित्रिसकेका छन् यिनलाई व्यवस्थापन गर्नुपर्दछ । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री अम्मरबहादुर थापा । यसपछि माननीय श्री रातो कामी तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, सर्वप्रथम यो कोभिड-19 कोबाट मृत्यु हुनेहरूलाई भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र उपचारका क्रममा रहनुभएका सबैलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । बाँकी सबै सुरक्षित रहन म आग्रह गर्न चाहन्छु । र वास्तवमै यो कोरोना भाइरस प्रवेश गरिसकेपछि आज हामी कर्णाली प्रदेशमा अस्तिसम्म भन्दै थियौं हाम्रो यो कर्णालीको पानीले आउन दिने छैन । यहाँ कुनै चिन्तै नगर्नुस् यहाँ कुनै प्रवेशै गर्दैन भन्ने थियो । मैले त्यतिखेर पनि भन्या थिएँ कि यो हामीले यो भाइरसलाई प्रवेश गर्न नदिने विधि अवलम्बन गर्न पर्छ । संघीय सरकारका मन्त्रीहरूसँग, प्रदेशका मन्त्रीहरूसँग र सबैसँग मैले आग्रह गर्‍या थिएँ कि हामीले अब यो कोभिड-19 को उपचार छैन, उपचार भनेकै लकडाउन हो । त्यो लकडाउन गर्नका लागि संघीय सरकारले वैदेशिक नाकालाई लकडाउन गरेर त्यही क्वारेन्टाइन निर्माण गरेर त्यही व्यवस्थापन गरेर उपचार गरेर अगाडी पठाउनुपर्छ र प्रदेशले प्रदेशको नाका बन्द गर्नपर्छ र त्यहाँ प्रदेशको नाका बन्द गरेर प्रदेशका नागरिकहरूलाई आउन नदिने नाका बन्द गर्ने होइन । त्यहीं उपचार गरेर त्यहीं जाइने व्यापक र्‍यापिड टेस्टदेखि लिएर पीसीआर टेस्ट गरेर जनतालाई सुरक्षित आफ्नो घरमा पठाउने वातावरण सिर्जना गर्न पर्छ भन्ने अनुरोध गरिएको थियो । र जिल्लाले जिल्लाको नाका तयार गर्दा जिल्लाको नाकामा पनि त्यो सुरक्षित गर्दा आज हामी ११ जना पुगे भन्नेमा जान सक्ने थिएनौं । र यहाँ ११ मात्र होइन जम्मा अस्ति दैलेखमा मात्रै गएका १५-१६ सय मान्छे जाँदाखेरि जम्मा २ सयलाई मात्र परीक्षण गरिएको छ । २ सय त र्‍यापिड टेस्ट गरिएको छ । पीसीआर त अझैं भन्ने हो भने २०-४० भन्दा बढी गरिएको छैन । त्यसको अन्तिम टुंगो लगाउने पीसीआरको कीटबाटै हुने हो, हुने हो । त्यसकारणले त्यो दुई २०-४० बाट ११ निस्के भने सबैलाई टेस्ट गर्ने हो भने कति निस्कला ? भयावह स्थिति सिर्जना भएको छ । वास्तवमा कर्णाली प्रदेश सरकारले केही गरेन भन्ने पक्षमा छैन तर पनि यसलाई नियन्त्रण गर्ने विधिमा आज सोझै रुपैडियाबाट दैलेख पठाउँदा मलाई दुई तीनवटा पालिकाको सम्झना आइराछ । मलाई बारबार भनिराख्नु भाछ साथीहरूले अब यहाँ कसरी थाम्ने होला ? कुनै टेस्टै नगरेर यहाँ आइसके मान्छे । अहिले यहाँ विद्रोह गरिरहेका छन् । कोहिले ती जहाँ क्वारेन्टाइन राखेका छन् यहाँ राख्न पाइन्न भनेर कोही गाउँका मान्छेहरू आन्दोलन गर्दैछन् किनभने सुरक्षित छैन भन्ने उनलाई लागिरहेको छ, किन गरे भन्ने प्रश्न होइन । अब यो कुनै टेस्टै नगरेर आएका मान्छे भएको हुनाले यो रोग भाइरस हामीकहाँ नपुगोस् भन्ने चाहना होला । गइसकेका मान्छेहरू त्यहाँ जाइने बस्न तयार छैनन् । त्यसोभाको हुनाले हामीले सोझै रुपैइडिया नाकाबाट प्रदेशको कुनै दायित्व छ कि छैन भनेर सिधै जाइने उहाँ आठबीसमा पठाउँदा हाम्रो दायित्व त्यतिले मात्रै यहाँबाट बाटो खोल्दिएर मात्रै नाका खोल्दिएर मात्रै पूरा हुने होइन । त्यसैले हामीले टेस्ट गर्‍यौं कि गरेनौं । पीसीआरको कुरा त पछि गरौंला, कमसेकम र्‍यापिड टेस्ट गरेर त्यहाँबाट टेस्ट गरिएका र केही पोजेटिभ देखिएका मान्छेहरूलाई हामीले प्रदेशको क्वारेन केरे आइसोलेसनमा राख्ने प्रदेशको अस्पतालमा राख्ने गर्न पर्थ्यो तर पहिला सुरुमा साँच्चै भन्नुहुन्छ

भने अन्यत्रको भन्दा यहाँ हामीले सुन्यौं हेऱ्यौं कर्णाली प्रदेश सरकारले १ हजारका क्वारेन्टाइनहरू यही निर्माण गरिसकेको छ । पाल पूरै जाइने टुडिखेलमा पाल हालिएका छन् । तर त्यहाँ मान्छे कोही बस्दैनन् । के फेसन, फेसबुकमा हाल्नलाई बनाइएको हो ? एक दिन म त्यो सुरक्षा समितिको बैठकमा कताबाट स्वाट्ट पुग्या थिएँ, त्यहाँ पाल त हाल्नलाई आफ्नो कर्णाली प्रदेश सरकारको २ करोड रुपैयाँ गयो ७६ करोड रुपैयाँ खर्च भइसक्यो तर पाल हालिसकेपछि त्यो पालभित्र राखेर बस्ने मान्छेको जिम्मा लिने को हो ? त्यो मान्छे पाइएन । सेनाले पाल हाल्ने रे, सुरक्षा गर्ने रे, अनि खाना कले खुवाउने ? बस्ने कले ? यहाँ केरे शुभ होटलको दैनिक ११ सयको सम्झौता गरेको अवस्था भेटायौं । सरकार मलाई लाग्छ सरकार कहाँबाट चलेको छ ? सरकारले के यो यहाँका ब्यूरोत्रयासीहरू यो सरकारको मातहतमा छन् कि छैनन् ? मैले त्यहीँनिर प्रश्न गरें । सेनाले, सेनाले यो क्वारेन्टाइनको जिम्मा सुरक्षाको मात्र होइन, व्यवस्थापन सबै गर्ने सेनाले गर्न पर्थ्यो कि पर्दैन ? भन्दा माननीयज्यू यो यो माथिबाट हामीलाई आदेश छैन भन्नु भो सेनाको जर्नेलले भने यो प्रदेश सरकारले निर्णय गरसक्यो भने सुरक्षा मात्रै गर्ने काम त होइन नि । तिनीहरूलाई व्यवस्थापन गर्नलाई के छ समस्या छ ? २५/२५ जनाको एउटा किचन बनाएर खाना खुवाउन त सकिन्छ होला भने न सेना चल्छ न पुलिस ? त्यहाँ भित्र जान खोज्छ बाहिरै डण्डा हान्नमा तयार छ । त्यसो भाहुनाले प्रदेश सरकारको निर्णयलाई पालना गर्ने प्रवृत्ति यहाँ भएको छैन । प्रदेश सरकारले त्यो पालना गराउन सकिरहेको अवस्था छैन । यहाँबाट मान्छे लखेटिदिएर आज म मात्रै सुरक्षित हुने अरु जाइने जनताहरूलाई कहाँ पठाउने ? मलाई लाग्छ दैलेखको यो भयावह स्थिति देख्दा आज पनि ११ जनामध्येमा ८ जना दैलेखमा देखिसकियो र अब कति देखिने हो ? महावु गाउँपालिकामा ११-१२ सय मान्छे गएका छन्, त्यहाँ र्‍यापिड टेस्टको एउटा कुनै चीज गएको छैन, त्यहाँका जनताहरू कसरी बस्ने होलान् ? त्यसोभा हुनाले यो सरकारले तत्काल यी उपचारका निमित्त त्यो जाइने टेस्टका निमित्त त्यो जाँच गर्नका निमित्त सामाग्रीहरू बनाएर तत्काल अभियानको रूपमा त्यहाँ पुग्नु पर्छ र शान्ति सुरक्षाको व्यवस्था पनि गर्नुपर्छ । आइसोलेसनको लागि रा केरे हस्पिटल तयार गर्नुपर्छ अब प्रत्येक जिल्लामा दैलेख जिल्ला जस्तो सुरुवात त्यो भइसक्यो अहिले रुकुम का मान्छे रुकुममा लिनुपर्ने या जुम्लामा लिनुपर्ने या सुर्खेतमा लिनुपर्ने अवस्था होइन । १० जना बेड बनाइएको छ ८ जना भरिसके । त्यसकारणले तत्काल ती कति बनाउन सकिन्छ सरकारले व्यवस्थापन गरेर आइसोलेसन दैलेखमा निर्माण गर्न पऱ्यो हैन भने यहाँ अब ८ जना पुगिसके ती ८ जनालाई अस्ति एकजनालाई त कुनै पत्रिकामा निस्क्यो भनेर ल्याइहाल्नु भो अब ती ८ जनालाई ल्याउनुपर्छ कि पर्दैन ? त्यसोभाको हुनाले यो कामलाई अगाडी बढाउनुपर्ने अवस्था छ । यसैले अहिले अर्को नयाँ कुराहरू (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) यो मुलुकको सिमाना (**माननीय सभामुख:** अब सक्नुस् सक्नुस् माननीय सदस्य सकौं) मिच्ने जहिले पनि । कहिल्यै नाकाबन्दी गर्ने कहिले सिमाना मिच्ने काम भारत मित्रराष्ट्र भारतले गरिरहेको छ । त्यो बाट अहिले नेपालले होशियारीपूर्वक अगाडी बढेको महसुस मैले गऱ्याछु ।

अहिलेसम्म नेपाल कति हो भन्ने कुरा थाहा रैन्छ । अहिलेसम्म नेपाल नक्सामा (**माननीय सभामुख:** सकौं माननीय सदस्य) कति परेको भन्ने कुरा थाहा रैन्छ त्यसकारणले अहिले पत्ता लागेको छ, अब यसलाई सामना गरेर भए पनि कुटनीतिक तरिकाले अगाडी बढेर पनि नेपालको जमिन नेपालमा आउनुपर्छ भन्ने कुरा राख्दै म सरकारलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री रातो कामी । यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री रातो कामी:** माननीय सभामुखज्यू, आज हामी कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको दोस्रो बैठकमा छौं । देश कोराना महामारीको चपेटामा परिरहेको छ । यसै अवसरमा यस सन्दर्भमा देशका धेरै नागरिकहरू कोरोना सङ्क्रमितबाट देशैभरिमा क्वारेन्टाइनमा हुनुहुन्छ उहाँहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र सँगसँगै केही नागरिकको कोरोनाको कारणले मृत्यु भएको छ, उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । र सँगसँगै देशको सीमा बोर्डरमा धेरै नागरिकहरू अलपत्र अवस्थामा हुनुहुन्छ सभामुखमार्फत कर्णाली प्रदेश सरकारलाई ती अलपत्र रहनुभएका नागरिकहरूको यथाशक्य उद्धारका लागि म सभामुखमार्फत\ अनुरोध गर्न चाहन्छु । र सँगसँगै यतिबेला यो विषम परिस्थिति उत्पन्न भइरहेको सन्दर्भमा रुकुम जिल्लाको चौरजहारी नगरपालिका र छिमेकी जिल्ला जाजरकोटको भेरी नगरपालिका आसपासको छिमेकीको बीचमा एक जोडी केटाकेटीको प्रेम प्रसंगसँगै एउटा विवाहमा बाँधिने सन्दर्भसँग जोडिएर एउटा असाध्यै दु:खद्पूर्ण घटना घटेको छ । यतिबेला चौरजहारी नगरपालिका भेरीगंगा नगरपालिका सिंगो रुकुम पश्चिम र जाजरकोटमा सन्नाटा छाइरहेको छ । दुई जनाको हत्या भइसकेको छ, चार बेपत्ता हुनुहुन्छ र उहाँहरूको सन्दर्भमा खोजी कार्य गर्नका लागि कर्णाली प्रदेश सरकारलाई म सभामुखमार्फत जोडदार माग गर्दछु र सँगसँगै बेपत्ता रहनुभएका भेरीगंगा नगरपालिकाका संजु वि.क., गणेश वि.क./गणेश बी.एम. लोकेन्द्र सुनार ११ का भेरीगंगाको गोबिन्द शाही अहिले पनि एउटा बेपत्ताको स्थितिमा रहनुभएको छ । आज हामी २१औं शताब्दीको एउटा नयाँ संघारमा छौं । आज हामी देशलाई सुशासन र सुव्यवस्थित र समतामूलक समाज निर्माण गर्ने ध्ययका साथ अगाडी बढीरहेको सन्दर्भमा सामन्ती ब्राम्हणवादी राज्यव्यवस्था निरङ्कूस राजतन्त्र हुँदा र त्यसका जाइने त्यसले सिर्जना गरेका त्योबाट जाइने पालितपोषित समस्याहरू जो साँस्कृतिक समस्याहरू छन् आज पनि त्यसका रयलपयलहरू बाँकीटाँकीहरू मतलव चाहिँ हाम्रा चाहिँ कतिपय कुनाकन्दरामा देखा परिरहेका छन् । यस सन्दर्भमा कर्णाली प्रदेश सरकारले जुन प्रकारको चाहिँ भयावह स्थिति त्यहाँ चाहिँ तनावग्रस्त स्थिति बनिरहेको छ। यति बेला सरकारको आफ्नो ध्यान कहाँ गइरहेको छ ? सरकारको ध्यान जानुपर्छ कि पर्दैन ? सरकारले आफूले आफ्नो ठाउँबाट त्यहाँ नागरिकहरूको बीचमा एक किसिमको जाइँ त्यो समस्याग्रस्त भइरहेको बेला नागरिकहरूको बीचमा द्वन्द्व भइरहेको बेला एउटा नेपालमा कथित उच्च र निच्चको बीचमा परेको जो समस्या त्योबाट भएको जाहिँ लडाई र त्योबाट

जाइने मानवीय क्षति भइसकेको सन्दर्भमा कर्णाली प्रदेश सरकारले जुन प्रकारले अहिले पनि चाहिँ तीनतीन दिन बित्दासम्मलाई पनि कुनै पनि आफ्नो चाहिँ कदमहरू अगाडी बढाइरहेको छैन र यसका बारेमा दु:ख लागिरहेको छ । कर्णाली प्रदेश सरकारलाई सभामुखमार्फत म के भन्न चाहन्छु भने जतिसक्यो छिटो-छरितो एउटा जाहिँ एउटा समिति निर्माण गरेर संसदीय समिति निर्माण गरेर उच्च स्तरीय संसदीय समिति निर्माण गरेर घटनाको सत्य-तथ्य छानविन गरेर दोषीउपर कडाभन्दा कडा कारबाही गर्न र पीडित र त्यो चाहिँ क्षति भएको मानिसहरूको चाहिँ क्षतिपूर्तिका लागि जाइने अगाडी बढाउनका लागि म जोडदार माग गर्न चाहन्छु । र यस सन्दर्भमा हामीले भन्ने गरेका चाहिँ छौं सधैंभरि हामीले एउटा समतामूलक समाज निर्माण गर्नका लागि र हाम्रो ठाउँबाट चाहिँ हामीले गर्छौं भनेर प्रतिबद्धता जाहेर गरेर आज हामी यो यो हलमा हामी उपस्थित छौं, यो हाउसमा हामी उपस्थित छौं तर यहाँ हामी आज हामी, हामी बोल्ने हामीले अल्छी मानिरहेका छौं, हामीले बोल्न झ्याउ मानिरहेका चाहिँ छौं, यो कुरा होइन । समतामूलक समाज निर्माण गर्नका लागि सबै क्षेत्रबाट समाजमा रहेका कमीकमजोरीहरूलाई कमी गर्दै समाजको चाहिँ एउटा सकारात्मक पक्षलाई बढावा दिनका लागि हामी सबैको दायित्व उत्तिकै रहने गर्दछ । त्यसोभएको हुनाले रुकुम र जाजरकोटको मतलव चाहिँ छिमेकीको बीचमा जुन प्रकारको चाहिँ आज यो भयावहपूर्ण यो त एउटा जाहिँ असाध्य दु:खदायी घटना भएको छ । यो घटनालाई चाहिँ धेरैले चाहिँ विभिन्न किसिमका तर्कबाजी पनि गर्न सक्लान् । अन्तरजातीय विवाह पहिला प्रेम प्रसङ्ग र त्यसपछि विवाहमा जोडिँदाखेरि भएको घटना हो र यसका बारेमा कोहीकसै भ्रममा रहन जरुरी छैन । यो घटना घटिहाल्यो, घटनापछिका कसरी चाइने यलाई जाइने समाजमा चाइने सद्भाव कायम गर्ने, समाजमा कसरी जाइने एउटा फेरि, एउटा सम्बन्ध कायम गर्ने कसरी जाइने हाम्रो चाहिँ समाजमा चाहिँ एउटा चेतना मतलव चाहिँ कमी भएका अथवा चाहिँ सामन्ती एउटा अवशेषको रूपमा रहेको एउटा कथित उच्च जात र निच्च जातको बीचको जाइने जो द्वैष छ, यसका बारेमा चाहिँ मतलव हामीले कसरी जाइने हामीले चाहिँ एउटा यलाई आजको सापेक्षतामा जाइने यलाई अगाडी बढाएर सप्पै समाजलाई एकढिक्का बनाएर अगाडी जान सक्छौं यो हाम्रो दायित्व हो । त्यसो भएको हुनाले अन्तमा म के भन्न चाहन्छु भने यो, यो कदम सरकारले जति सक्यो जाइने छिटो आजकै चाहिँ मितिमा गठन गरेर यलाई चाहिँ तलसम्मलाई चाहिँ सामान्यभन्दा सामान्य जनतालाई कर्णाली प्रदेश सरकारको प्रत्याभूति बनाउनका लागि म, म चाहिँ सभामुखमार्फत सरकारको विशेष ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री पद्मा खड्का । यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला ।

**माननीय श्री पद्मा खड्का:** सभामुख महोदय, छैठौं अधिवेशनको दोस्रो बैठकमा हामी आज भाग लिइरहेका छौं । यसमा आज विश्वमहामारी रूपमा फैलिएको कोरोना भाइरस कोभिडले स्वदेश तथा विदेशमा ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

सङ्क्रमित जुन बिरामीहरू हुनुहुन्छ उहाँहरूलाई छिटोभन्दा छिटो शीघ्र स्वास्थ्यलाभको कामनासहित घर फर्किने वातावरण मिलोस् भन्ने म शुभकामना दिन चाहन्छु र यसैगरी यो मानव जातिमा परिरहेको त्रास त्रासपूर्ण संकटलाई सभ्य र सावधानी र संवेदनशील भएर आफ्नो-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्न म सम्पूर्णमा सम्पूर्ण नागरिकमा म अपिल गर्न पनि चाहन्छु र यसैगरी आज हामी यो छैठौं अधिवेशनको सन्ध्यामा जुन प्रवेश गरिरहँदा यो अधिवेशनमा हामी उभिरहँदा यो कर्णाली प्रदेशको नजिकै राजधानी नजिकै रहेको जिल्ला जुन जाजरकोट जिल्ला र रुकुम जिल्लाको आसपासमा एकदमै छिमेकी वडासँग जोडिएको जुन घटना यहाँ पूर्व माननीयज्यूहरूले पनि भनिरहनुभएको छ, त्यो जेठ महिनाको १० गतेको राति घटेको जुन घटना छ, त्यो घटना निन्दनीय घटना छ । यो घटनाले सामाजिक सद्भावलाई एउटा खलबलाउने, सामाजिक उत्तरदायित्व बहन गर्न नसक्ने यी विभिन्न समाजमा एउटा भड्कीलो एउटा समाजलाई विकृतितिर फैलिने जुन खालको एउटा जातीय घटनाले उग्र रूप लिएको देखिन्छ । यो घटनालाई मैले सत्यतथ्य छानविन गरी दोषीलाई हदैसम्मको कारबाही गरी प्रदेश सरकारसँग म जोडदार माग गर्न चाहन्छु र बेपत्ता जुन अहिलेसम्म बेपत्ता हुनुहुन्छ ४ जना उहाँहरूको छिटोभन्दा छिटो खोजीका लागि पनि प्रदेश सरकारलाई म हार्दिक अनुरोध गर्न चाहन्छु र मृतकलाई अहिलेसम्मन पनि मृतकहरूको पोष्टमार्टम पनि भाको छैन र सत्यतथ्य छानविन गरी पोष्टमार्टम गरी र मृतकका परिवारहरूलाई उचित क्षतिपूर्तिको पनि म माग गर्न चाहन्छु र यसैसँग मैले सुर्खेत जिल्लाको ०७७ साल बैशाख २९ गते राति सिम्ता गाउँपालिकाको आग्रीगाउँ प्रहरीचौकीमा घटेको जुन घटना एउटा समाजलाई शान्ति सुरक्षा दिलाउँदै समाजमा एउटा शान्तिपूर्ण वातावरण सिर्जना गराउने महत्त्वपूर्ण भूमिका खेलेको सुरक्षा निकायको एउटा प्रहरीचौकीमा त्यो घटना घट्यो जो घटनाले आज त्यो समाजमा आम नागरिक शान्तिपूर्ण हिसाबले बाँच्न पाउने शान्तिपूर्ण रूपले आफ्ना कामकारबाहीहरू अगाडी गर्ने जुन खालको मनस्थिति सिर्जना नभई आतंकित भएको एउटा अवस्था छ । त्यो घटनाले त्यस त्यतातिर समाजलाई लगेको देखिन्छ । जो घटना घटिसक्यो त्यो घटना घटिसकेपछि प्रहरी प्रशासनको एउटा छानविन टोली पनि गठन भयो र त्यो टोलीले घटनाको सत्यतथ्य छानविन गर्नलाई जुनखालको भूमिका निर्वाह गर्नपर्थ्यो, जुनखालको त्यहाँ नजिकै रहेका त्यहाँका नागरिक अगुवाहरूको जुन बयान त्यहाँका सुनेर बुझेर बयानका आधारमा ल्याइनु पर्थे त्यो नल्याइएको । कता कता त्यहाँ जनमानसमा त्यहाँ आफन्त परिवारहरूलाई घटनालाई अर्कै रूप लिएको भन्ने चाहिँ जुन सार्वजनिक भइरहेको छ । त्यो प्रति म खेद प्रकट गर्न चाहन्छु । वास्तवमा एउटा घटना त्यहाँ सामान्य नागरिकले पनि त्यो घटना घटेको पत्ता लाग्ने एउटा त्यहाँ धेरै प्रमाणहरू छन् । त्यहाँ प्रमाणहरू कसरी छन् भने त्यो पेस्तोल कसको हातमा हुन्छ ? त्यो एउटा चौकीको इन्चार्जको हातमा हुने पेस्तोल कसरी त्यो एउटा सिपाहीको हातमा गएर त्यो मृतकको शरीरमाथि पेस्तोल राखिएको छ । त्यो आफैले पेस्तोल हानेको छ भने कसरी त्यो दाहिने हात त्यो छातीमा राखिरहेको छ । पेस्तोल समातिरहेको छ । र मर्दा मान्छे मृत्यु हुँदा उले कति प्रयासहरू गर्छ होला । उले आफ्नो

सास रहँदा उले आफ्ना प्रयासहरू बच्नका लागि कति गर्छ कति छटपटाउँछ होला ? कहीँकतै छटपटाएको एउटा प्रमाण छैन । चप्पल जस्ताको तस्तै खुट्टामा छ । सामान्य अनुसन्धान गर्दा पनि अनुसन्धान अधिकारीले त्यो पत्ता लगाउन सक्छ यो घटना षडयन्त्रपूर्वक भाको छ । त्यो घटना चोकीभित्रैबाट भाको छ भन्ने त्यहाँका नागरिकहरूको बुझाई छ । यसका लागि यो प्रहरी प्रशासनले आफूभित्र भको घटनालाई लुकाउनका लागि विभिन्न जालझेल गरिरहेको अवस्था छ, आम नागरिकमा । त्यसकारणले पनि यो घटना सत्यतथ्य छानविन होस् भन्ने म माग गर्न चाहन्छु । र यसैगरी मैले अहिले जतातते एउटा कोरोना भाइरस कोभिडले हामी मानवजाति सबैलाई एउटा आतंकित बनाइरहेको बेला कर्णाली प्रदेश लकडाउनको २ महिनासम्म हामी एक जना पनि कोरोना पोजेटिभ नदेखिदा हामी उत्साहित पनि थियौं हाम्रो कर्णालीमा कोभिड कोरोनाको कुनै व्यक्तिमा अहिलेसम्म सङ्क्रमण छैन भन्ने हामी जतातते त्यो एउटा बुझाइमा थियौं । विस्तारै विस्तारै हाम्रा कर्णालीका जुन खालका नागरिकहरू वैदेशिक रोजगारीका लागि नजिकै छिमेकी जिल्ला भारतमा जुन जाने वैदेशिक रोजगारीका लागि जाने क्रम बढ्दो मात्रामा र अहिले धेरैभन्दा धेरै भित्रिने जुन संख्यामा आइरहेको छ । त्यसका कारणले अब हामी उच्च जोखिममा छौं है भन्ने कुरा देखिएको छ । दिनप्रतिदिन हाम्रो सङ्क्रमितको संख्या वृद्धिदर बढीरहेको छ । त्यसकारणले अब हामी सबैले सरकारको मात्र दायित्व हैन हामी सबैको दायित्व र कर्तव्य हो भनेर हामी सबै आम नागरिकले पनि सहयोग गर्नुपर्ने कहिकसैले यहाँ क्वारेन्टाइन बनाउन नदिनु पर्ने आइसोलेसन बेडहरू निर्माण गर्दा असहयोग गर्नुपर्ने विभिन्न असहयोगका कुराहरू हैन कि अब हामी सबैले सहयोग गरेर यो महामारी विरुद्ध लड्ने अभिभानमा, अभियानमा एकताबद्ध हुनुपर्छ भन्ने मलाई लाग्छ र यो एकताबद्ध हुँदा प्रदेश सरकारले अब, अब आउने बजेट र अहिले तत्कालका लागि पनि गरिरहेका योजनाहरूलाई कटाएर भए पनि रोगसँग लड्नका लागि जहाँ बढीभन्दा बढी मात्रामा जुन पालिकामा भित्रिएका छन् त्यो रेकर्ड अनुसार हामी त्यो रेकर्ड अनुसार त्यहाँ व्यवस्थापनका लागि भौतिक व्यवस्थापन, संरचना व्यवस्थापनका लागि पैसा छिटोभन्दा छिटो पठाउन म हार्दिक अनुरोध गर्दछु र अन्तमा र्‍यापिड टेस्ट आरडिटी भन्ने गरेका छौं हामीले जति सक्यो छिटो बबईमा सकिन्छ भने बबई त्यसपछि पनि नसके हामी राजधानीमा आइरहेका गाडीहरू कसरी व्यवस्थापन गरेर हुन्छ यहाँ चेक गरौं, यहाँ सकिदैन भने जिल्लामा पुग्नवित्तिकै जिल्लामा चेक गरेर सम्बन्धित पालिकामा पठाऔं । यो पठ यो गर्नका लागि म सरकारलाई एकदमै छिटोभन्दा छिटो हामी कछुवा गतिमा छौं भने खरायो गतिमा दौडिनका लागि म हार्दिक अनुरोध गर्दै मेरा भनाइ यही अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री कौशिलावती खत्री । यसपछि माननीय श्री दानबहादुर दान सिं परियार तयार रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्री:** माननीय सभामुखज्यू, विश्वमा झाँगिएको कोरोना भाइरसका कारण मृत्यु हुने मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र सङ्क्रमण हुनेको शीघ्र

स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र हाल भारतबाट आएका र भागेर गाउँमा पसेकाहरूका निम्ति के किसिमको योजना बनाउने हो त्यसको निम्ति सरकार र स्थानीय सरकारलाई म सभामुखमार्फत् अनुरोध गर्न चाहन्छु । र साथै संघीय सरकारले आफ्नो हडपेको भूमिलाई आफ्नो नीति तथा कार्यक्रममा समावेशै गरेर नक्सा जारी गऱ्यो यसको लागि संघीय सरकारलाई म माननीय सभामुखमार्फत् हार्दिक आभारसहित धन्यवाद टऱ्याउन चाहन्छु । माननीय सभामुख महा महोदय, बन्दाबन्दीका अवस्थामा बसेर पनि जाजरकोट र रुकुमबीच एउटा प्रेम प्रसंगलाई लिएर जाजरकोट भेरी नगरपालिकाका नविन वि.क. र रुकुम पश्चिम चौरजहारी सोतीका पुष्पा घर्तीबीच प्रेमको सुष्मा मल्लको प्रेमको कारण जा जन्म र जातका आधारमा आज यो घटना भएको छ, जहाँ जन्म र आधार जन्म र जातका आधारमा भेदभाव गर्न पाइँदैन । छुवाछुत राष्ट्र हो नेपाल, छुवाछुत पालिका हो त्यो । त्यही छुवाछुतलाई लिएर आज अत्यन्तै निन्दनीय घटना घटेको छ, त्यसमा जाजरकोट भेरी नगरपालिका ४ का नवीन वि.क. र चौरजहारी नगरपालिका ८ का टिकाराम वि.क.ले ज्यान गुमाउनुभएको छ । चौरजहारी नगरपालिकाका टिकाराम वि.क. र नवीन वि.क.को आफन्त हो र भेरी नगरपालिका ११ का गणेश वि.क., लोकेन्द्र सुनार, गोविन्द शाही र संजु वि.क. अहिले सम्म पनि आफन्तको र प्रहरीको सम्पर्कमा हुनुहुन्न, बेपत्ता हुनुहुन्छ । यो घटनालाई यथार्थ रूपमा छानविन गर्नको लागि उच्च स्तरीय संयन्त्र बनोस् । दोषीलाई कडाभन्दा कडा कारबाही होस् । मृतकलाई क्षतिपूर्तिको व्यवस्था होस् र जुन बेपत्ता हुनुहुन्छ त्यो पनि अहिले पत्ता लाग्न आउलान् भन्ने भरपर्दो स्थिति छैन । उहाँहरूलाई यथाशीघ्र रूपमा खोजी कार्य जारी गर्नको लागि म सभामुखमार्फत् सम्बन्धित निकायको ध्यान आकर्षण गराउन चाहन्छु । साथै सुर्खेत जिल्लाको पूर्वमा बैशाख २९ गते सोमबार साँझ २ बजे ड्युटीमा बसेका प्रहरी जवान नरेन्द्र खड्का आग्रीगाउँ प्रहरीचौकीमा शंकास्पद अवस्थामा मृतक फेला पर्नुभएको छ । कस्तो अचम्म जो चौकीका इन्चार्जले पेस्तोल राख्न पर्ने हुन्छ तर मृतकका हातमा पेस्तोल छ, एक घण्टा अघि मृतकले हतियार चोरेर भागेको भन्ने सामाजिक सञ्जालमा अफवाह फैलाइन्छ । एक घण्टापछि आत्महत्या गरेको भनेर सामाजिक सञ्जालमा लेखिन्छ र मृतकको परिवारलाई जानकारी नदिएर यहाँबाट पुलिसले नै आफ्नो शववाहन लिएर त्यहाँ जान्छ र बल्ल मृतकको परिवारलाई जानकारी दिइन्छ। कस्तो रहस्यमय घटना ? कसरी विश्वास गर्ने अब जनताले ? जो बर्दीमा रहेको सुरक्षाकर्मी नै आफ्नो क्याम्पभित्र, आफ्नो चौकीभित्र सुरक्षा छैन र आत्महत्या गरेर भनेर उहाँको दाहिने हातमा पेस्तोल छ, केही पनि भएको छैन, अवश्य पनि मर्दाखेरि एउटा कुखुरा काट्दा कति छटपटाउँछ, उहाँले आफैले पेस्तोल हानेको भए पनि त्यहाँ छटपटाए भने लाएको चप्पल सिदै त्यस्तै सुताएको जस्तो लाश हुन्छ र ? अनि भनिन्छ, उहाँले आत्महत्या गर्नुभयो । कसरी आत्महत्या हुन सक्छ ? जो मृतकको पछाडिपट्टिको शरीरमा नीलडाम छ, देब्रे कञ्चटबाट गोली लागेर दाइने कञ्चटमा बाट ठूलो प्वाल परेको छ । यसरी कतै रक्षक नै भक्षक भएर न्याय नमरोस् । आम जनताले विश्वास गरेको सुरक्षाकर्मीप्रति आम जनताको त्रास नपरोस् । यस घटनालाई निष्पक्ष

छानविन गर्नको लागि एउटा संयन्त्र पनि बनेको थियो रे । त्यले आल्ल र टाल्ल गरेको स्थिति छ । त्यलाई तुरुन्त त्यो संयन्त्रले यथाशीघ्र रूपमा त्यो घटनाको छानविन गर्नको लागि म सम्बन्धित निकायको ध्यान आकर्षण सभामुखमार्फत् गर्न चाहन्छु । र दोषीउपर कडा कारबाही होस् । मृतक जवानलाई उचित क्षतिपूर्तिको व्यवस्था होस् । यसरी कोरोनाको कारण विश्व आक्रान्त छ । र कतै सुरक्षाको कारणले जनता आक्रान्त नबनोस् । हामीले न्याय मर्न दिनुहुन्न हामीले अवश्य आफ्नो पहल गर्नुपर्छ । जो ड्यूटीमा बसेको सुरक्षाकर्मीको परिवार मेरो गाउँकै बहिनी हो । उले उ अहिले पनि शोकमग्न छ । उलाई जबरजस्ती तेरो श्रीमानले आत्महत्या गरेको हो भनेर पुलिसबाट नै दबाब दिएको छ । यो दबाबबाट पनि महिला हिंसा भएको मैले अनुभूति गरेको छु । यो महिला हिंसा उसको एक त श्रीमान गुमाउनु परेको छ । अर्को हिंसाबाट पीडित हुनुपरेको छ । यस्तो हिंसालाई हिंसाप्रति पनि कडा कारबाही होस् भन्नका लागि म सम्बन्धित पक्षको ध्यान आकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री दान सिं परियार । यसपछि माननीय श्री बद्मी क्वाँरी बोहोरा तयार रहनुहोला ।

**माननीय श्री दान सिं परियार:** सभामुख महोदय, मिति २०७७ जेठ १० गते राति रुकुम चौरजहारी नगरपालिका वडा नं. ८ सोती गाउँमा जाजरकोट भेरी नगरपालिका वडा नं. ४ का नवराज वि.क. र चौरजहारी नगरपालिका वडा नं. ८ कि सुष्मा मल्लबीचको प्रेम सम्बन्धको विषयलाई लिएर नवराज वि.क. र टिकाराम सुनारको लखेटी-लखेटी निर्ममतापूर्वक हत्या गरी भेरी नदीमा फालिएको अवस्था छ । उक्त घटनामा अन्य चार जना संजु वि.क. , लोकेन्द्र सुनार, गणेश वी.एम. र गोविन्द शाही चार जना अहिले पनि बेपत्ता अवस्थामा छन् र उक्त घटनामा सम्बन्धित अन्य १२ जना व्यक्तिहरू केही घाइते अवस्थामा छन्, केही प्रहरीको नियन्त्रणमा अहिले पनि छन् र यो घटना गम्भीर घटनाको रूपमा अगाडी आइराख्या छ । सभामुख महोदय, यसको जति निन्दा गरे पनि कमै हुन्छ। अहिले पनि हामीले एक्काइसौं शताब्दीमा समतामूलक समाज, न्यायपूर्ण राज्य व्यवस्था र संघीय गणतान्त्रिक शासन व्यवस्थाको हामीले अभ्यास गर्दा अहिले पनि एउटा जातीय विभेदकै कारणले गर्दा एउटा कलकलाउँदो उमेरका यूवाहरू अहिले पनि लखेटी-लखेटी नदीमा जो निर्ममतापूर्वक जो हत्या गरिएको छ, त्यसको भर्त्सना गर्न म नेपाली शब्दकोशमा पनि कुनै शब्द भेटिन । कुन शब्दले भर्त्सना गरौं ? त्यसोभकोले मलाई लागिरहेको छ कि नेपालका हरेक क्रान्तिहरूमा उत्पीडित समुदायले रगत बगायो ताकि २२से २४से राज्य एकीकरणदेखि कर्णाली प्रदेश निर्माण गर्ने अभियानसम्म चारजनामा एकजना दलितको चाहिँ रगत बगेको छ । नेपालका हरेक क्रान्तिहरूमा दलित समुदायले आफ्नो कोटा पूरा गरेको छ तर साँस्कृतिक क्रान्तिविना राजनीतिक क्रान्ति पूर्ण हुँदैन भनेर साँस्कृतिक क्रान्तिमा उपेक्षित समुदायका मान्छेहरूलाई लडाउने र सत्ता प्राप्तिमा चाहिँ उत्पीडितहरूलाई भऱ्याङ्ग बनाउने, जब सत्ता प्राप्ति भइसकेपछि

यो र त्यो नाममा फेरि साँस्कृतिक क्रान्तिका नाराहरूलाई बुर्जुवा क्रान्तिको रूपमा फेरि अगाडी लाने र राज्यसत्तामा फेरि उत्पीडित समुदायको प्रतिनिधित्व नगराउने, र यो र त्यो नाममा सामाजिक न्यायसहितको राज्य व्यवस्थाको स्रोतसाधनको वितरणको नीति अवलम्बन नगर्ने र त्यस्तो राज्यका हरेक निकायमा पछाडि परेको वर्ग समुदायलाई निरूत्साहित गर्ने जुन अभ्यास भइरहेको छ यसमा मेरो गम्भीर ध्यानाकर्षण भको छ । त्यसो भकोले सभामुख महोदय म भन्न चाहन्छु कि यो घटना जसरी लक्ष्मी परियारको हत्या भयो, जसरी अजित मिजारको हत्या भयो, जसरी सिद्ध दमाईको हत्या भयो, जसरी मन सार्कीको हत्या भयो त्योभन्दा पनि गम्भीर किसिमको घटना हो यो । यसले कर्णाली प्रदेशको मात्र हैन, सिंगो नेपालको शिर तल भइराख्याछ । के आज हामीले हाम्रो चेतना, हाम्रो संस्कृति, हाम्रो राज्य व्यवस्था कसरी अगाडी बढीराख्याछ भन्ने कुरा गम्भीर रूपमा अगाडी बढीराख्या चाहिँ छ । त्यसो भकोले म अन्तमा के भन्न चाहन्छु भने यस विषयमा सरकारले गम्भीर रूपमा लगोस् र भोलिको संसद्मा कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा गृहमन्त्रीले यो घटनाको सत्य-तथ्य जानकारी चाहिँ संसद्मा गराइयोस् र दोषी जो यो घटनामा संलग्न जति अपराधीहरू छन् तिनीहरूलाई हदैसम्मको चाहिँ कानुनी कारबाहीको निमित्त सरकारले विशेष ढंगले सोचोस् र यसमा संलग्न अझैं बेपत्ता व्यक्तिहरूका निमित्त पनि सरकारले तत्काल खोजी गरोस् र अन्य घाइतेहरूको लागि पनि थप औषधि उपचारको व्यवस्था पनि तत्काल सरकारले गरोस् र यस्ता घटनाहरू राज्यले गम्भीर रूपमा लगोस् र आगामी दिनहरूमा विभेदकै कारणले गर्दा कर्णालीमा र नेपालमा कुनै पनि उत्पीडित समुदायका मान्छेले मर्नु नपरोस् । यसका निमित्त सरकारले आगामी नीति कार्यक्रममा पनि कोरोनाभन्दा खतरनाक भाइरस, जातीय छुवाछुतको भाइरस जुन ३५०० वर्ष अगाडीको भाइरस्, यसलाई निरुत्साहित गर्नको निमित्त चाहिँ प्रदेश सरकारले नीति कार्यक्रममा पनि सम्बोधन गरोस् । अन्तमा, फेरि भन्न के चाहन्छु भने जो मृत जो नवराज वि.क. र विशेषगरेर अर्को एकजना टिकाराम सुनारको चाहिँ तत्काल न्याय प्राप्तिको निमित्त चाहिँ सरकारले विशेष ध्यान दियोस् र यसका निमित्त ठोस कदम अगाडी बढोस् र भोलिको संसद्मा गृहमन्त्रीले यसको चाहिँ जवाफ चाहन्छु म । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री बद्मी क्वारी बोहोरा । त्यसपछि माननीय श्री राजु नेपाली तयार रहनुहोला ।

**माननीय श्री बद्मी क्वारी बोहोरा:** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको छैठौं अधिवेशनको दोस्रो बैठकमा हामी विशेष समयमा भाग लिइरहेका छौं । आज हाम्रो प्रदेश विकासको गतिमा विभिन्न योजनाहरू विभिन्न विकासका गतिविधिहरू अनुगमन गर्ने क्रम अगाडी बढ्ने बेलामा दु:खको कुरा आज विश्वमहामारीले विश्वलाई नै थकित बनाएको अवस्था छ र यसमा नेपाल लगायत विदेशमा हुनुहुने सम्पूर्ण नेपाली र सम्पूर्ण राष्ट्रका जुन ज्यान गुमाउने मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै जुन बिरामीहरू हुनुहुन्छ । लाखौंको संख्यामा उहाँहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । सभामुख महोदय, बीसौं वर्षको अन्तरालपछि देश संघीयतामा गएको अवस्थामा जनताले विकास निकासको अनुभूति गर्ने

बेलामा यो मान्छेलाई मान्छे-मान्छेमा यो छुवाछुत हुने रोग महामारी कहाँबाट आयो ? आज मै हुँ भन्ने राष्ट्र पनि थकित भएको अवस्था छ र यसै बीचमा पनि हाम्रो यो कर्णाली प्रदेश हिजोको संघीय संरचनामा पनि पछाडि परेको प्रदेश त्यसैमा पनि दुर्गम जिल्ला, विभिन्न रोग र भोगले ग्रसित भएको जिल्ला केरे प्रदेश, आज हामी यही प्रदेशका एउटा जनप्रतिनिधि आज जनताको विकास निकास बाटाघाटा उद्घाटन गर्ने बेला, स्वास्थ्य शिक्षाका भवन उद्घाटन गर्ने बेला दु:खको कुरा क्वारेन्टाइन अनुगमन गर्नुपर्ने अवस्था आएको छ । यो दु:खको कुरा हो र यसमा अहिलेसम्म प्रदेश सरकारले जुन तरिकाले जनताको दु:खसुखलाई एउटा सरकारको अनुभूति गराएको छ । यसमा म प्रदेश सभा सभामुखज्यूमार्फत् प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र यसैमा हाम्रो कर्णाली प्रदेशका दुर्गम जिल्लाहरू जुन एउटा स्वाव परीक्षणको लागि र त्यहाँ आरडीटी कीटहरू परीक्षणको लागि असाध्यै अभावमा छ कर्णाली प्रदेश भर्खरै मात्रै अस्ति कर्णाली प्रदेश मन्त्रिपरिषद्ले क्याविनेटमा आरडीटी कीट किन्नको लागि १ करोड पैसा छुट्याएको कुरा सुनेको छु मैले । सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । सरकारले गरेको कार्य छिटोभन्दा छिटो यो अलिकता हाम्रो सरकारको कार्यक्रम त छिटै आउँछ तर कार्यान्वयनमा अलि गडबडी हुन्छ । यसमा चाहिँ छिटो कार्यान्वयन गरेर जुन जनताहरूलाई परीक्षण गरेर जुन उहाँहरूलाई चाहिँ आरडीटी परीक्षण गरेर, पीसीआर गरेर जुन जनतालाई ढुक्क गराउनुपर्ने कुराहरूमा यहाँ प्रदेश सरकारले छिटो ध्यान दिने छ भन्न चाहन्छु । सभामुखज्यूमार्फत छिटो गर्नुहुन अनुरोध गर्छु र अर्को कुरा डोल्पा जिल्लाका माथिल्ला बेल्ड जुन दुनै सदरमुकामबाट हिन्दाखेरि ५ दिन ६ दिन लाग्छ । त्यहाँ न कुनै गाडी जान्छ न कुनै मोटरसाइकलहरू जान्छ । त्यहाँ स्वास्थ्यकर्मी त्यहाँको सुरक्षा टोली जान एकदमै ५/६ दिन लाग्नु लाग्ने ठाउँहरू छन्, त्यसमा कर्णाली प्रदेश सरकारले डोल्पाजस्तै दुर्गम जिल्ला हुम्ला, मुगु, दैलेखकै विकट ठाउँहरू होलान्, सुर्खेतकै दुर्गम ठाउँहरू होलान्, जाजरकोटका विकट ठाउँहरूमा जुन नेपाली सेनाको हेलिकप्टरबाट स्वाव संकलन गरेर परीक्षणको लागि प्रदेश अस्पतालमा ल्याउने एउटा प्रयास गरेको छ र यहाँ सम्बन्धित मन्त्रालय सामाजिक विकास मन्त्रीज्यूको मुखबाट मैले सुनेको छु, कर्णाली प्रदेशको सरकारले संघीय सरकारको रक्षा मन्त्रालयमा कोअर्डिनेशन गरिराखेका छौं हामी केही दिनमा कुरा टुङ्गिन्छ र हेलिकप्टरमार्फत हामी त्यहाँका दुर्गमका जनताहरूको स्वाव परीक्षणको लागि हेलिकप्टरमार्फत ल्याउँछु भनेर भन्नुभएको छ । यसलाई सभामुखज्यूमार्फत् धन्यवाद दिँदै छिटोभन्दा छिटो जनताको स्वाव परीक्षणको लागि र त्यहाँ बाहिरबाट काठमाडौं लगायत अन्त विभिन्न बाहिर यो जिल्लाभन्दा बाहिरबाट यो हाम्रो नेपालका बाहिर झापा, इलाम, धरान, नेपालगञ्ज, सुर्खेतबाट जिल्लामा जानुभएका केही महानुभावहरू पनि अझैं पनि त्यहाँ आरडीटी कीट परीक्षण छुटेको छ, त्यलाई छिटो गर्नु हुन सभामुखज्यूमार्फत\ अनुरोध गर्दै जुन जाजरकोटको र एउटा रुकुमको एउटा छिमेकी जिल्लाबीचमा जुन भएको दु:खद् घटनाप्रति दु:ख व्यक्त गर्दै, त्यहाँका घाइते केरे बेपत्ताको खोजी छिटोभन्दा छिटो सभामुखज्यूमार्फत् प्रदेश सरकारले गरोस् भन्दै मृतकप्रति हार्दिक

श्रद्धाञ्जली व्यक्त गर्दै र बैशाख २९ गते जुन हाम्रो सिम्ताको आग्रीमा भएको घटनालाई पनि एउटा सामान्य नठान्नु हुन प्रदेश सरकारलाई मृतक प्रहरीलाई उचित राहतको व्यवस्था गरिदिन हुन सभामुखज्यूमार्फत् आग्रह गर्दै मेरो भनाइ यहीँ अन्त गर्छु। धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री राजु नेपाली । यसपछि माननीय श्री सुशील कुमार थापा तयार रहनुहोला ।

**माननीय श्री राजु नेपाली:** सभामुख महोदय, छैठौं अधिवेशनको दोस्रो बैठकमा विशेष समयमा आफ्ना केही कुराहरू राख्न अनुमति चाहन्छु । सभामुख महोदय, जेष्ठ १० गते राति शनिबार जाजरकोट नगरपालिका सोती गाउँमा जातीय विभेदका कारणले दुई जनालाई हत्या गरिएको छ नवीन वि.क र टिकाराम वि.क.को र त्यो हत्या भएका मृतकलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र चार जना बेपत्ता छन् । बेपत्ताको पनि खोजी छिटोभन्दा छिटो खोजी गर्न सभामुखमार्फत् प्रदेश सरकारलाई अनुमति दिन चाहन्छु। हामीले जातीयका आधारमै कहिलेसम्म ज्यान गुमाउने ? २१औं शताब्दीमा आएर पनि हामीले मानव भएर मानवीय जीवन विताउन नपाउनु यो कस्तो विडम्बना हो? सभामुखमा महोदय, हामीले यहाँ नभनि कहाँ भन्ने ? र हामीले कुरा नउठाए कसल उठाउने भन्ने पर्ने भयो । हरेक घटना कर्णालीमा घटेका छन् जे जति घटनाहरू घटिरहेका छन् जातीय कारणका घटनाहरू घटिरहेका छन् । अबदेखि यो घटना घट्न नदिनका लागि हाम्रो प्रदेशले सामाजिक मर्यादा कायम गर्नका लागि पनि यो महामारी कोरानाभन्दा जातीय विभेदको महामारीले प्रदेश आक्रान्त बनेको बेला त्यसका लागि पनि हाम्रो सरकार कर्णाली प्रदेश सरकारले कार्य नीतिमा आफ्ना बजेट पनि ल्याइनु पर्छ र हामीले पूर्वी सुर्खेतको आग्रीगाउँमा पनि घटना घटेकै हो र अहिलेसम्म त्यसको पनि कुनै केही बेवास्ता भएको महसुस भएको छ लगायत यो जाजरकोट लगायत आग्री गाउँ घटनाको लागि उच्चस्तरीय संसदीय समिति गठन गरी सत्यतथ्य कुरा आओस र छानविनको लागि अगाडी बढ्न एउटा समिति बनोस् भन्ने कुरा राख्दै आफ्ना कुरा यहि अन्त गर्छु । हवस, धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री सुशीलकुमार थापा । त्यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापा:** माननीय सभामुख महोदय, कोभिड-19 बाट सङ्क्रमित भई मृत्युवरण गर्नुहुने प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र यस रोगबाट सङ्क्रमित भई सङ्क्रमित हुनुहुने प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । आज हाम्रो देश नेपाललाई यो या त्यो बहानामा विगत लामो समयदेखि भारतले विभिन्न ठाउँमा हाम्रो सीमा अतिक्रमित गर्ने गरिरहेको थियो । आज नेपाल सरकारले भारत लगायत विश्वलाई हिजोको वीर गोर्खालीहरूको ले नेपाललाई जसरी एकीकृत गरेर आजसम्मन नेपाललाई स्वतन्त्र राष्ट्रका रूपमा विश्वजगतमा पहिचान गर्न सफल भए, त्यस्तै आज नेपाल सरकारले आज विश्व जगतलाई नेपाल सरकार आफ्नो भूमि एउटा पनि आफ्नो भूमिको सामान्य भू-भाग पनि

कसैलाई पनि अतिक्रमण दिन हामी दिदैनौं है हामी आफै आफ्नो देशको भूमि रक्षा गर्न सफल छौं भन्ने हेतुका साथ वीर गोर्खालीहरूको शिर उच्चो गराउने गरी नेपालको नक्सा सार्वजनिक गरेको छ । यसको लागि नेपाल सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । कोभिड-19 बाट आज विश्व नै आक्रान्त भइरहेको अवस्था छ । यसबाट हामी नेपाल र हाम्रो प्रदेश कर्णाली प्रदेश पनि अछुतो रहन सकेन। जसका कारण आज हामी ६ सय ७५ भित्र कर्णाली प्रदेश पनि ११ जना कोभिड-19 बाट सङ्क्रमित हाम्रा नागरिकहरू देखा पर्ने अवस्था सिर्जना भयो । सभामुख महोदय, आज हामी कर्णाली प्रदेश केही समय अगाडी कर्णाली प्रदेश सरकारले कोभिड-19 अर्थात नेपाल सरकारले घोषणा गरेको लकडाउनलाई अत्यन्तै व्यवस्थित ढंगले पालना गर्दागर्दै पनि हाम्रो कर्णाली प्रदेशका प्रदेश गरी ५१ प्रतिशत गरिबी रेखामुनि रहेका हाम्रो यो प्रदेशका नागरिकहरू आफ्नो रोजीरोटीको लागि भारत लगायतका थुप्रै देशहरूमा हाम्रा दाजुभाइ दिदीबहिनीहरू गएको अवस्था र यो कोभिड-19 ले विश्वनै आक्रान्त भएकोले हाम्रा देशका नागरिकहरू पनि फर्किनुपर्ने र हामीले पनि ल्याउनुपर्ने अवस्था सिर्जना भएको कारण उहाँहरू आफ्नो देशमा फर्किंदै गर्दा आज यो कोभिड-19 को पनि थुप्रै चुनौतीहरू भएको छ र हाम्रा भारत लगायतका विभिन्न देशमा रहेका रहेका नागरिकहरूलाई पनि ल्याउन हाम्रो उत्तिकै दायित्व छ । यसै सन्दर्भमा अहिले भारतबाट आउने दाजुभाइ दिदीबहिनीहरू रुपैडियाको नाकामा भएर आउँदै गर्दा दिनहुँ कर्णालीका मात्रै ५ हजारभन्दा बढी नागरिकहरू भित्रिरहेको अवस्था छ । हाम्रा प्रदेशका नागरिकहरू भित्रिरहँदा ती नागरिकहरूको अवस्था र तिनको ती नागरिकहरूबाट हामीले नेपाल अर्थात रुपैडियाको नाकासम्म आउँदा र त्यहाँबाट यता आइसकेपछि आफ्नो जिल्लामा अर्थात आफ्नो पालिकामा गएर क्वारेन्टाइनसम्मन बस्न पर्दाको अवस्था सुन्ने हो भने बडो कहालीलाग्दो छ । म सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । हाम्रा दाजुभाइ दिदीबहिनीहरू आज भारतका विभिन्न ठाउँमा नेपालको नक्सा जारी गरिसकेपछि यो या त्यो नाममा ती हाम्रा दाजुभाइ दिदीबहिनीहरूलाई विभिन्न खाले यातनाहरू दिने काम गरिरहेको छ । एक ठाउँबाट अर्को ठाउँमा लिने र बस्ने र खाने पनि त्यस्तै खालको अव्यवस्थित ढंगले हाम्रा नागरिकहरूलाई मानसिक यातना लगायतका थुप्रै खालका यातना दिने आर्थिक लुटान गर्ने लगायतका थुप्रैखाले समस्याहरू देखा पऱ्याछ । कर्णाली सर म सभामुखमार्फत कर्णाली सरकारमा सरकारले संघीय सरकारसँग समन्वय गरेर तत्काल हाम्रा नागरिकहरूलाई नि:शर्त नेपाल आउने वातावरण गराउन र नेपाल आइसकेपछि रुपैडिया नाका हुँदै बबई हुँदै जानपर्ने जुन समस्या छ । यसलाई पनि निराकरण गर्दै आउँदै गरेका दाजुभाइ दिदीबहिनीहरूलाई व्यवस्थित ढंगले क्वारेन्टाइन यसरी बस्नुस् र तपाईंहरूलाई व्यवस्थित ढंगले क्वारेन्टाइनको व्यवस्था गरियाछ, तपाईंहरूको आरडिटी र पिसीआर रिपोर्ट आइसकेपछि नेगेटिभ भएका दाजुभाइ दिदीबहिनीहरूलाई हामी आफ्नो घर फर्काउने वातावरण सिर्जना गर्ने छौं । त्यतिबेलासम्मनका लागि धेर्यताका साथ तपाईंहरू बस्नुस् भनेर ती दाजुभाइ दिदीबहिनीहरूलाई आफ्नो घर जाने वातारण सिर्जना गराउनुपर्ने आवश्यकता छ ।

आज तिनको अवस्था हेर्दा एकातिर कोभिड-19 रोगले मान्छे आत्तिरहेको अवस्था छ भने उनीहरूलाई आज छुट्टै भोग र सोक र अहिले भइरहेको अफ्ठेरो परिस्थितिले उनीहरू मर्ने हौं कि भन्ने डर भइरहेको छ । आज ती दाजुभाइ दिदीबहिनीहरू रोग भन्दा पनि अन्य कारणले गर्दा आज मृत्युसँग रोगसँग लड्नुपर्ने भन्दा पनि अन्य कारणले जुन लड्न पर्ने अवस्था छ । यसको निराकरण गर्न कर्णाली प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु र कर्णाली प्रदेशको पहिलो सङ्क्रमित जो हाम्रो दैलेक जिल्लामै हुनु भो, र उहाँलाई कर्णाली प्रदेश सरकारको राजधानी अर्थात हाम्रो प्रदेश हस्पिटलसम्म ल्याउन पनि हामलाई ठूलो समस्या भो । आज कर्णाली हाम्रा आज कर्णाली प्रदेशको सरकारको अवस्था हेर्दा हाम्रो दैलेखको जो सङ्क्रमित व्यक्ति छन् उहाँको अवस्था हेर्दा तुलना गर्दा आज कतै सुर्खेत लगायत केही ठाउँमा सरकारकै नेतृत्वमा नभएको कारण त्यो क्षेत्रका नागरिकहरूले यो सरकार छ कि छैन भन्ने अपनत्व गर्न नपाको हो कि भन्ने त्यो घटनाले महसुस गराएको छ । म त्यसकारण सरकारलाई दैलेखमा तत्काल दैलेखको जिल्ला हस्पिटल दुल्लु हस्पिटल र राकम कर्णालीमा चाहिँ आइसोलेसनको व्यवस्था गरेर व्यवस्थित क्वारेन्टाइन सहितको व्यवस्था गरेर हाम्रा दाजुभाइ दिदीबहिनीहरूलाई आरडिटी र पीसीआर चेक गर्ने वातावरण गरियोस् । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री अमृता शाही । त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री अमृता शाही:** सभामुख महोदय, आज दोस्रो दिनको, दोस्रो दिनको बैठकमा बोल्दै गर्दा आज विश्वलाई यो कोभिड-19 ले अस्तव्यस्त र अस्वस्थ बनाएको छ । धेरै मान्छेहरूले नेपाल लगायत विश्वमा ज्यान गुमाएका छन् । ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली र बिरामी सङ्क्रमितको स्वास्थ्य लाभको कामना गर्छु र हाम्रो कर्णाली प्रदेशमा हामीलाई खुसी थियो, छैन हाम्रो प्रदेशमा कोरोना हामी पनि स्वस्थ छौं भन्ने हामी कर्णालीवासी एकदमै खुसी थियौं तर अहिले ११-१२ जनाको संख्या पुग्यो र त्यसैमा कर्णाली पनि अछुतो रहेन । त्यसैले हाम्रो कर्णालीका दशै जिल्लामा हामीले कोरोनाको लागि प्रशस्तै यो सामग्री कीटहरू स्वास्थ परीक्षणको लागि र डाक्टरहरू १०सै जिल्लामा व्यवस्था गर्नुपर्‍यो र सबै ठाउँमा कोरोना जाँच गरेपछि यो ११-१२ भन्दा पनि धेरै संख्या देखिन्छ जस्तो लाग्छ किनकि हामीले त थोरै परीक्षण गरेका छौं र थोरै देखिन, देखिएका छन् तर धेरैको परीक्षण गर्न बाँकी छ, गर्नुपर्छ प्रत्येक जिल्लामा यो व्यवस्था मिलाउनुपर्छ जस्तो लाग्छ मलाई, यो व्यवस्था हुनै पर्छ सभामुख महोदय । र यो अर्को कुरा एकल महिला ६० वर्षमुनिका र अपाङ्गता भएका व्यक्तिको अब मैले पनि अब प्रष्टैले भन्ने मलाई पनि यो सुन्नमा आएको कुरा हो, के हो सरकारको तर्फबाट ? यो हो भने पछि यसको कि पहिला नदिनुथियो, दिइसकेपछि अहिले यो कोरोनाले महामारी एकातिर छ भनेपछि अर्कोतिर यो किन अपाङ्गाको र ६० वर्षमुनिका एकल महिलाको भत्ता घटाउन लाग्यो यो किन होला ? यो यसको नकटाउन र यो जस्तातस्तै राख्न अनुरोध सदा सभामुखमार्फत गर्न चाहन्छु र अहिले यो कोरोनाको लकडाउनमा बस्दै गर्दा हामी ठूलो मान्छेभन्दा पनि हाम्रो बालबालिकाहरूलाई एकदमै समस्या देखिन लागेको छ

सभामुख महोदय, यो पनि सरकारले बेलैमा ध्यान राखोस् किनकि त्यो बच्चाहरू खेल्ने बेला अहिले जस्तै स्यानो बच्चाहरू खेल्ने खानेबेला उ गर्नेबेला तिनीहरूलाई पनि घरभित्र पहिलो चोटि तिनीहरूलाई एकदमै गाह्रो छ यो कर्णाली प्रदेशको गाउँघरभन्दा पनि यो अलिअलि बजार क्षेत्रमा ती केटाकेटी स्कुल जान पनि नपाउने घरभित्रको घरभित्रै थुनिएको थुनियै यसको व्यवस्था सरकारले बेलैमा गरोस् भन्न चाहन्छु र यो एकदमै दु:खद् घटना भेरी नगरपालिका र रुकुम चौरजहारीको सिमानामा भयो यो सायद एकदमै नराम्रो दु:खद् घटना हो । यो घटनाको छानविन गरेर दोषीलाई कारबाही हुनुपर्‍यो र दोषी अम्किन नपाओस् निर्दोष नफसोस् भन्न चाहन्छु । र यस्तै सिम्ताको आग्रीगाउँ देउली चौकीमा प्रहरी जवान नरेश खड्का दशरथपुर निवासी हुन् उनको २५-२६ वर्षको केटा हो उनले आत्महत्या गर्नुपर्ने कारण पनि कही छैन र त्यो, त्यो घटना एकदमै रहस्यमय छ यसको लागि छानविन होस् र त्यो परिवारलाई क्षतिपूर्तिको व्यवस्था होस् । दोषीलाई कडाभन्दा कडा कारबाही होस् निर्दोष चाहि नफस् नफसोस् भन्न चाहन्छु र सभामुख महोदय यो, यो एउटा भन्नै पर्ने कुरा हो यो हाम्रो यो भेरीगंगाको यो बबई, बबईको र यो राष्ट्रिय निकुञ्ज यो छ राष्ट्रिय निकुञ्जले हाम्रो त्यहाँको बस्तीलाई बारमासै त्यहाँबाट निस्केको यो जनावरले लगाको खेतीबाली कहिल्यै पनि तिनीहरूले खान पाउँदैनन् । यसको व्यवस्था या त त्यो राष्ट्रिय निकुञ्जले गर्ने हो या त सरकारले कसले गर्ने हो यो व्यवस्था चाहिँ अब अहिले अब खेतीबालीको मौसम नभए पनि अहिलेदेखि मैले सल्लाह सुझाव सभामुखमार्फत् प्रदेश सरकारलाई दिन चाहें र सभामुख महोदय यो कोरोनाको एकदमै हाम्रो यो भेरीगंगाको बबईमा जाजरकोट जाने सलेन रुकुम जानेलाई त्यहाँ र दैलेख जानेलाई यता सुर्खेततिर व्यवस्था गरियोस् किनकि त्यहाँ एकदमै मान्छेले दु:ख पाका छन् । बसका लाइनमा मान्छे बसेका छन् र त्यहाँको मान्छेहरू एकदम आहात भएर आत्तिन्छन् र त्यो व्यवस्था सरकारले राम्रोसित मिलाओस् भन्न चाहन्छु हवस् त धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख:** माननीय श्री गणेशप्रसाद सिंह । त्यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री गणेशप्रसाद सिंह:** माननीय सभामुखज्यू, यो विश्व महामारीको चपेटामा अथवा कोभिड-19 को चपेटामा हाम्रो देश लगायत संसारभरि परेको छ र हाम्रो देश लगायत संसारभरिका आजका मितिसम्म मृत्युवरण गर्ने दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र विश्व लगायत हाम्रो देशका सङ्क्रमितहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । र हामी सबैले विश्व स्वास्थ्य संगठन र नेपाल सरकार, प्रदेश सरकार र विभिन्न तहका स्थानीय तहका सरकारहरूको निर्देशनलाई पालना गरेर हामी सबै बाँचौं र बचाऔं भन्ने म यो सरकारमार्फत आग्रह गर्न चाहन्छु र यो सँगसँगै हाम्रो जिल्लामा एउटा दु:खद् घटना घट्यो अस्ति १० ग अस्ति १० गते राति त्यो दु:खद् घटना भेरी नगरपालिका ४ जाजरकोटका केही युवा र चौरजहारी नगरपालिका ८ सोतीखोलाका जनताको बीचमा केही

चाहि मतलव निन्दनीय घटना जो भयो यो असाध्यै निन्दनीय घटना जसको अब विरोध गरेर साध्यै छैन । यो भर्त्सना गरेर साध्यै छैन । त्यसकारण यसको प्रदेश सरकारले छानविन गरेर २ जना यूवाहरूको लाश चाइने प्राप्त भएको छ । बाँकी ४ जनाको खोजतलास गरेर यसको सत्यतथ्य छानविनको लागि प्रदेश सरकारको स्तरबाटै छानविन आयोगको बनाई यथाशीघ्र यसको छानविन गरियोस् र ४ जना अझ बेपत्ता हुनुहुन्छ र उहाँहरूको खोजतलास गरियोस् भनी म सरकारसँग माग गर्न चाहन्छु । र अर्को यो जेठ चाहिँ २९ गते यहाँ सिम्ता गाउँपालिकाको आग्रीचौरमा जो प्रहरीको रहस्यमय मतलव अब हत्या जो भयो यसको पनि प्रदेश सरकार स्तरबाटै छानविन गरियोस् । र यस्तो खालको घटना यो सुरक्षाको अनुभूति भएन । मतलव मान्छे रहस्यमय तरिकाले त्यहाँ घटना हुन थाल्यो र यसको छानविन गरियोस् । र यो सँगसँगै आज यो मुसलिम समुदायको यो एउटा चाडको दिन हो र यो एउटा इद बक्रिदको चाड भएको हुनाले सम्पूर्ण देश विदेशमा रहनुभएका मुसलिम समुदायमा म हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । र विशेषगरेर कोरोनाको विषयमा मैले सस सरकारलाई के सुझाव दिन चाहन्छु भने भारत लगायत तेस्रो मुलुकबाट अहिले हाम्रो कर्णाली प्रदेशमा धेरै दाजुभाइहरू आइराख्नुभा छ । सीमादेखि नाकासम्म आइपुग्दा त्यहाँ चाइने मतलव दु:ख पाइराख्नुभाछ । त्यसको व्यवस्थापन आरविटी चेकको व्यवस्था गरेर सम्बन्धित जिल्लाको सम्बन्धित गाउँपालिकाको क्वारेन्टाइनमा पठाउने व्यवस्था, त्यसको व्यवस्था बबईमै कर्णाली प्रदेश सरकार र ५ नं. प्रदेश सरकारले वार्ता गरेर बबईमै चाइने २४ घण्टा सास्ती पाइराख्या अवस्था हो । त्यहाँ चाहिँ राम्रो व्यवस्था व्यवस्थापन भएको छैन । त्यहाँ पानी खाने व्यवस्था भएको छैन, त्यहाँ चाउचाउ खाने व्यवस्था भएको छैन, त्यहाँ चिउरा खाने व्यवस्था भो बस्नै पाइएको छैन । यो प्रदेश सरकार दुईटा प्रदेश सरकारको बीचमा सम्वाद गरेर त्यो खाली जग्गामा त्यो पालहरू किन टाङ्न नपाइने । यो कसको भूमि हो ? कुन सरकारको भूमि हो ? त्यो हामी सबै नेपाली जनताको भूमि हो । त्यो बारेमा शीघ्रातिशीघ्र दुईटा सरकारको बीचमा छलफल गरेर त्यहाँ क्वारेन्टाइनको व्यवस्था गरियोस् । सम्बन्धित जिल्लामा पठाए ठीक छ, त्यहाँ पीसीआरको व्यवस्था गरियोस् । र कीट भीटीएम यो एकमुष्ट प्रदेश सरकारले जाइने खरिद गर्ने व्यवस्था गरोस् तल जिल्ला जिल्लामा खरिद गरेर विकेन्द्रित हुन्छ र यसको क्वालिटी हुन सक्दैन । र प्राइमेरी हिसाबले खरिद गर्दा त्यो चाइने गुणयुक्त स्तरयुक्त त्यो चाहिँ मतलव आरवीटि र पीसीआर भीटीएम आएन सक्दैन । त्यसको लागि प्रदेश स्तरमा केन्द्रीकृत रूपमा त्यसको खरिद गर्ने व्यवस्था गरियोस् । त्यसो भयो भने पिसीआर र त्यो चाहिँ परीक्षण प्रणाली विस्तार गरियोस् । त्यसो भयो भने सुरक्षा र जानकारी हुन्छ र कमसेकम तेस्रो मुलुक र भारतबाट आएका मान्छेहरू चेक गरेर १४ दिनको क्वारेन्टाइन बसेर घर जाने व्यवस्था होस् र यसको लागि म माग गर्न चाहन्छु । र जाजरकोटमा अहिलेसम्म ५० वटा मात्रै हिजोका मितिसम्म त्यो पीसीआर भीटीएम छ । आरविटी छँदैछैन । र आज गयो म जान्न सक्दिन त्यो त अब हाम्रो सरकारलाई थाहा होला र यसको, यसको जाहिँ त्यहाँ व्यवस्था गरियोस् र विद्यार्थी लगायत

कर्मचारीहरू यहाँ चाइने मतलव अन्य प्रदेशका जिल्लामा आवत-जावतलाई सहजीकरण गर्न पर्‍यो । पासको अन्त्य गरेर हुन सक्छ ? यो प्रदेश सरकार र मतलव सिडियो, डिएसपीका बीचमा को-अर्डिनेशनको अभाव भइरहेको छ । एकात्मक शासन व्यवस्था कोभिड-19 को जाइने सवाललाई लिएर जाइने एकदलीय व्यवस्था चलिराख्याछ अहिले । यहाँ कसैको सल्लाह सुझाव पनि लिइदैन । सल्लाह सुझाव लिएपछि सरोकार राखिदैन र जे मन लाग्यो प्रशासनले यहाँ दु:ख दिन गरिराख्याछ । सहजीकरणको नाममा ठाउँ-ठाउँमा जाहिँ मतलव मान्छेहरू दुई चार घण्टा, ६ घण्टा पूरै घाम तापिराख्या स्थिति हो। यसको व्यवस्थापनमा सहजीकरण गरियोस् भन्न चाहन्छु र पिसीआर जाँचलाई अलि व्यवस्थित गरियोस् । भिटीएम सबै चाहिँ अब केन्द्रीकृत रूपमा खरिद्ने व्यवस्था गरियोस्। अब यो क्वारेन्टाइन गाउँपालिका नगरपालिकाभन्दा तल नबनाऔं । वडामा सेल्फ क्वारेन्टाइन हुन सक्छ र गाउँपालिका नगरपालिकाभन्दा तल हामीले बनाउने आदेश नदिऔं । र त्यो क्वारेन्टाइन बनाउँदा सुविधायुक्त विद्यालयहरू बोर्डिङ्गहरूमा लैजाऔं । यो पाल, यो पाललाई हामी हटाउनुपर्छ किनभन्दा खेरि यो पालमा एकदम गर्मी हुन्छ, हावाहुरी चल्छ र मान्छे बिरामी पनि हुन सक्छन् । यो पाल देखाउनको लागि मात्रै, यो फोटो खिच्नका लागि अघि हाम्रो माननीय अमरजीले भन्नुभाथ्यो यो सही हो । यहाँ थुप्रै जाइने प्लस माविहरू छन्, बोर्डिङ्गहरू छन्, किन हामी त्यहाँ नलैजाने ? त्यसकारण त्यो व्यवस्था गरियोस् । यो सँगसँगै अब जिल्ला-जिल्लामा खाद्यान्न भोकमारीको समस्या बढ्नेवाला छ । अहिले हाम्रो जाजरकोट जिल्लामा भन्नुहुन्छ भनेपछि हिउँ, असिना पानी वर्षा धेरै भएका कारणले गौं कुहिएको छ । र त्यो गहुँ पर्याप्त मात्रामा त्यसको राम्रो बाली उत्पादन भएको छैन । त्यसकारणले त्यसको भोकमारी पर्न सक्ने सम्भावनालाई मध्यनजर गरेर जिल्ला-जिल्लामा खाद्यान्नको व्यवस्था गरियोस् । यो सँगसँगै अब गाउँपालिकामा हामीले स्थानीय तहमा क्वारेन्टाइनको व्यवस्था गर्दा थप राहतको लागि पनि पुनर्विचार गरियोस् प्रदेश सरकारकोबाट । र यो सँगसँगै हामीले अब केही केन्द्र सरकारलाई पनि प्रदेश सरकारमार्फत म सुझाव दिन चाहन्छु जस्तो हाम्रो यो टेलिफोन टावर छैन । यतिबेला टेलिफोन टावरको व्यवस्था गरियोस् र त्यो त्यो क्वारेन्टाइनमा बसेका बेमारीहरूले वाइफाइ र टेलिफोन नेटको पनि त आशा गरे । माग गरे । थुप्रै ठाउँमा चाइने तपाईंहरू भर्चुअलबाट मिटिङ्ग गरिराख्नुभाछ र हाम्रो जाजरकोट जिल्लाको जुनीचाँदे, कुशे, बारेकोटमा जाइने भर्चुअल मिटिङ्गमा सहभागी हुन पाएन जनप्रतिनिधिहरू त नेट नेटवर्कका कारण होस् टेलिफोनकै कारण हो । यो कहिले बनाउने हो ? यो विशेष अवस्थामा (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) बनाइनुपर्छ त्यो सँगसँगै थ्रीफेजको लाइन छैन । चौरजहारी जस्तो यो चाइने क्वारेन्टाइनको व्यवस्था लिएको अस्पतालमा थ्रीफेज छैन अन्य जिल्लामा थ्रीफेज छैन । यो तत्काल व्यवस्था गरियोस् । यो सँगसँगै बाँकी हाम्रो नलगाड हाइड्रोपावरको विद्युतको बुआव्जा बाँड्ने कार्यक्रमको पहल गरियोस् । जिल्ला मतलव केन्द्र केन्द्रको नलसिं हाइड्रोपावर (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य)वितरण गर्न चाहन्छ र सिडियोले जाइने मानिराख्या स्थिति छैन । अब यो सँगसँगै आगामी वर्षका

योजनाहरूलाई म्याद थप्नुपर्छ छ महिना अरु किन आद्दाआदि (**माननीय सभामुख:** अब सक्नु पऱ्यो माननीय सदस्य) काम भइराख्याछ ? धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री गोपाल शर्मा । यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री गोपाल शर्मा:** माननीय सभामुख महोदय, यो बीचमा खासगरी अस्ति भर्खर गत १० गते राति ए साँझ साढे पाँच बजेदेखि छ बजेसम्मको एउटा घटना रुकुम जिल्लाको चौरजहारी नगरपालिका वडा नं. ८ मा घट्यो । यो अत्यन्त दु:खद् छ र यसको निष्पक्ष छानविन होस् भन्ने हामी सबैको चाहना छ । प्रहरीले छानविनको प्रक्रिया अगाडी बढाइसकेको हुनाले यससँग सम्बन्धित विषयमा धेरै बोल्न जिम्मेवारीयुक्त हुँदैन भन्ने मैले ठानेको छु र त्यसअर्थमा मैले धेरै कुरा राख्न चाहन्न । र यसमा दुईटा विषय बडो जटिल छ सभामुख महोदय, एउटा विषय यो प्रेम सम्बन्धसँग जोडिएको विषय भनेर बाहिर आएको छ र संयोगले के परेको छ भने यो एक जना दलित युवा र एक जना ठकुरी महिलाको बीचमा महिला भन्दा पनि उनको उमेर अवस्थाले १७ वर्षको छ । अब यो अवस्थाले उनको प्रेम प्रसंगको प्रसंगबाट हेर्दाखेरि यलाई विवाहको प्रसंग जोडेर एउटा घटना यसको ब्याख्या भइराखेको छ । अर्को प्रसंग १९ जनाको टीम एउटा जिल्लाबाट अर्को जिल्लामा वडा समेत सील छन्, एउटा वडाबाट अर्को वडामा जान पाईँदैन र गाउँलेहरूसमेत सचेत छन् यो विषयमा । १९ जनाको टीम त्यो पनि १७ देखि २० वर्ष उमेरका मात्रै छन्, ती युवाहरू ह्वारह्वार्ती गाउँमा पस्दाखेरि अहिलेको मनोबल गाउँलेहरूको कोभिड-19 खासगरी कोरोना भाइरसको मनोबलको कारणले उनीहरूबाट पैदा हुने उत्तेजनाको अर्को कारण पनि यससँग जोडिएको छ सभामुख महोदय। म त्यसैलाई म गम्भीरतापूर्वक छानविन गर्न अनुसन्धान गर्न र यससँग भएका सबै तथ्यहरू निष्पक्ष रूपले बाहिर ल्याउन अनुरोध गर्दछु र यसबाट तरंगित नहुन म सबै जनसमुदायलाई सभामुखमार्फत बाहिर पनि र माननीय सदस्यहरूलाई सभामुखमार्फत् पनि म खासगरी विशेषत सरकारको ध्यानाकर्षण यस सन्दर्भमा गराउन चाहन्छु । यो असाध्यै दु:खदायी छ । यले घटनाले दुईटा रूप लियो सभामुख महोदय, पहिलो दिन यो एक घण्टाको मात्रै टाइम थियो, साढे पाँच बजे युवाहरू गाउँमा प्रवेश गरे, छ बजेदेखि उनीहरूको बीचमा तनाव उत्पन्न भयो, साढे छ बजे प्रहरी घटनास्थलमा पुगिसकेको छ। त्यो तीन यो केरे लकडाउन उल्लङ्घन गरेको कारणले तिनी युवाहरूलाई प्रहरीले नियन्त्रणमा लगेको छ । पहिलो दिन लकडाउन उल्लङ्घनको कारणले कारबाही गर्ने प्रक्रियामा पुलिस गयो तर संयोगले भोलिपल्ट नदी किनारामा एक जना युवाको बिहान शव मिलिसकेपछि घटनाले अर्को प्रक्रिया अगाडी बढायो र असाध्यै दु:खदायी घटनाको रूपमा यो परिणत भयो, रुपान्तरित भयो । यो धेरै संवेदनशील छ, यसले सामुदायिक रूपले भावनात्मक विषयको प्रतिनिधित्व गर्छ । अर्कोतिर छिमेकी जिल्लाहरू र छिमेकी वडाहरूको बीचमा पनि तनाव सिर्जना गर्ने काहिँ न काहिँ यसले सामुदायिक र साम्प्रदायिकताको रूप लिने खतरा छ । त्यस अर्थमा सरकार सचेत भएर र हामी सबै सचेत भएर यस घटनाको निष्पक्ष छानविन

गर्न सहयोग गर्ने, घटनालाई जे रूपमा छ त्यही रूपमा बुझ्ने र दोषीउपर कारबाही गर्ने प्रक्रिया अगाडी बढाइयोस् भन्ने कुरा म सभामुखमार्फत अनुरोध गर्न चाहन्छु । दोस्रो कुरा सभामुख महोदय, केही समय यता खासगरी भारतबाट हामीकहाँ आइसकेपछि मात्रै कोरोना भाइरस कर्णालीमा प्रवेश गरेको छ । हामी एकदमै सचेत छौं । भारतबाट अहिले हाम्रा दाजुभाइहरूलाई दिदीबहिनीहरूलाई नउठाएर पनि सुख छैन । उहाँहरूको व्यवस्थित व्यवस्थापन नगरेर पनि हामीलाई सुख छैन । मैले यस सन्दर्भमा कर्णाली प्रदेश सरकारको माननीय सभामुखमार्फत ध्यानाकर्षण गराउन चाहन्छु कि हामी स्थानीय तहका सरकारहरूमा गम्भीरतापूर्वक भर पर्नुपर्‍यो र उनीहरूलाई व्यवस्थापनमा सहयोग गर्नु पर्‍यो । मैले अस्ति मात्रै रुकुमको मात्रै तथ्याङ्क सभामुख महोदय, १३ हजार ८ सय ८८ मान्छेहरू रुकुममा भारतबाट आउँदैछन् । उनीहरूको मिनिमम अहिले सरकारले तोकेको खानाको मापदण्डको कुरा मात्रै गर्दाखेरि ५ करोड ९३ लाख केरे ५३ लाख रुपैयाँ पर्छ तर अहिले पालिकाहरूमा १० लाख रुपैयाँ तपाईंहरूले निकाल्नुहोस् भन्दाखेरि स्थानीय तहका सरकारहरूसँग पैसा छैन । एक लाख रुपैयाँ पनि छैन उनीहरूसँग । यो हैसियतमा स्थानीय तहका सरकारहरू, त्यो व्यवस्थापनका चुनौती गम्भीर चुनौतीमा उनीहरू छन् । यसलाई सरकारले उनीहरूलाई सहयोग गर्ने, तत्काल सबै स्थानीय तहहरूलाई साधन र स्रोतसम्पन्न बनाउने अहिले यसलाई सामान्य कीटहरूसमेत छैन उनीहरूसँग । मैले लाग्छ बबईमा भन्दा अझ प्रभावकारी के हुन्छ भने सिमानाबाट सबै पालिकाका गाडीहरूले पालिकामै सम्बन्धित पालिकामै लैजाने र त्यहाँ क्वारेन्टाइनमा राख्नुभन्दा पहिले आरडीटी चेक गराउने र सम्बन्धित क्वारेन्टाइनमा राखेर काम अगाडी बढाउने केरे सुरक्षित गर्ने पालिकाहरूलाई नै जिम्मेवारी दिन जरुरी छ । त्यो भयो भने नै हामी तनावबाट मुक्त हुन्छौं । यो तनावपूर्ण व्यवस्थापनबाट मुक्त हुन्छौं र हामी यो रोगलाई पनि व्यवस्थित रूपले रोकथाम गर्ने नियन्त्रण गर्ने प्रक्रिया अगाडी बढाउन सक्छौं । अर्को कुरा सभामुख महोदय, हामीले सरकारले गरेका कतिपय निर्णयहरूले निर्णयहरू राम्रा छन् । म सरकारलाई धन्यवाद दिन चाहन्छु, आजसम्म गरेको मेहेनतको लागि । सरकारले धेरै मेहेनत गरेको छ कर्णालीमा । दुई महिनापछि मात्रै पनि केरे दुई महिनासम्म पनि प्रवेश गर्न दिइएन सरकारको मेहेनत राम्रो छ । हामी सबैले पनि यसमा मेहेनत गरेका छौं तर कहिलेकाहिँ हाम्रा निर्णयहरूले कालोबजारी गर्ने वातावरण सिर्जना नगरोस् भन्ने कुरा सरकार सचेत हुन जरुरी छ । कतिपय मैले कुरा सुन्दैछु, नाकाबाट राति राति पास नभएका गाडीहरू पनि पठाइन्छ । कसरी पठाइन्छ भन्ने कुरा पनि अनुसन्धान गर्न जरुरी छ जब ती गाडीहरू सम्बन्धित ठाउँमा पुग्छन्, त्यहाँ कालोबजारी बढेको छ सभामुख महोदय, सात सा आठ सय पर्ने, सात सय पर्ने सिमेन्टको मूल्य १२ सय पुगेका छन् । यो अवस्था हाम्रा निर्णयहरूको कारणले यसमा नआओस् । अहिले रुकुममा मात्रै प्रदेश सरकारको बजेट जम्मा ११ प्रतिशत खर्च भएको छ । प्रदेश सरकारको बजेट ११ प्रतिशत खर्च हुने अवस्थामा मैले के भन्न चाहन्छु भने निर्माणको कामलाई अरु कामहरूलाई सहज

बनाउनको लागि प्रदेश सरकारले सुरक्षित रोगलाई, रोगलाई कन्ट्रोल गर्ने गरी सुरक्षित रूपले सहज रूपले यसलाई व्यवस्थापन गरोस् । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री चन्द्रबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मी:** माननीय सभामुख महोदय, अत्यन्तै जटिल अवस्थामा हामी बैठकहरू सञ्चालन गरिरहेका छौं सभामुख महोदय, बैठक छोटो गर्नुपर्ने एकातिर चुनौती छ र लामो समयपछि हावस सुरु भएको कारणले गर्दा हाम्रा केही जनप्रतिनिधिका नाताले भन्नु पर्ने बाध्यताहरू छन्, त्यो कारणले चाहिँ संसद्मा चाप बढीराखेको छ । म बडो संक्षेपमा दुई तीनटा विषयहरू चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु सभामुख महोदय, पछिल्लो समय भारतबाट आउने खासगरी भारतबाट आउने नगरिकहरूको धेरै चाप कर्णाली प्रदेशमा त्यो चाहिँ धेरै चाप छ र त्यसमध्ये पनि दैलेखमा त्यो संख्या चाहिँ उल्लेख्य छ । थुप्रै मान्छेहरू बाटोमा छन् र थुप्रै मान्छेहरूको आउने क्रम छ । यले हामीकहाँ चुनौतीहरू थपिदै जान्छ र डिजास्टर चाहिँ योभन्दा बढी योभन्दा कठिन हुन्छ भन्ने कुरा हामी सबैलाई यसको जानकारी छ । तत्काल हामीले दैलेखमा अहिले पछिल्लो संख्याले यो प्रदेशमा दैलेख कोरोनाको इपीसेन्टर हुने हो कि भन्ने चुनौती थपिएको छ । दैलेख अस्पताललाई त्यसमा चाहिँ आइसोलेसनहरू खासगरी चाहिँ भेन्टिलेटर थप्न सकिने अवस्थामा चाहिँ भेन्टिलेटर थप्न आइसोलेसशनहरू बढाउन र आईसीयूहरू र केही वार्डहरू विस्तार गर्न म सबभन्दा पहिले प्रदेश सरकारको सम्बन्धित विभागीय मन्त्रालयलाई बढीरहेको बिरामीहरूको आधारलाई हेरेर र सम्भावित बाहिरबाट आउने मान्छेहरूको चाहिँ संख्यालाई हेरेर यो निर्णयमा पुग्न म सबभन्दा पहिले प्रदेश सरकारलाई विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु । दैलेख जिल्ला प्रशासन कार्यालयले र स्थानीय सरकारले धेरै महत्त्वपूर्ण कामहरू गर्नुभाछ योसँग ट्याकल गर्दा । दैलेखमा प्रमुख जिल्ला अधिकारी फस्ट कलास हुने र एसपी हुने व्यवस्था छ संघीय सरकारले त्यो व्यवस्था गरेको हो र हालसम्म त्यो जिल्लामा नपठाएको अवस्था छ र म यस बैठकमार्फत संघीय सरकारसम्म पनि यो कुरा पुगोस् सम्माननीय सभा माननीय सभामुखमार्फत त्यहाँ तत्काल चाहिँ फस्ट क्लास सिडियो र चाहिँ एसपीको व्यवस्था चाहिँ दैलेखमा शान्ति सुरक्षा लगायतका विषयहरू बढेको रा जिम्मेवारीहरू थपिँदै जाने क्रम भएकोले त्यो चुनौतीपूर्ण जिम्मेवारी यद्यपि जिल्लामा भइरहेको साथीहरूले बडो कुशलतापूर्वक निर्वाह गर्नुभाछ म त्यसको धन्यवाद ज्ञापन गर्न चाहन्छु ।योसँगै पछिल्लो बेला छलफल हुन्छ सभामुख महोदय, प्रदेश सरकारले गरेका कामकाजहरूको बारेमा कोरोनो विरुद्ध प्रदेश सरकारले गरेका कामकाजहरूको बारेमा म यहाँ बसेर अहिले प्रशंसा गर्छु यो सम्मानित सभामा र अहिलेसम्म प्रदेश सरकारले कोरोनाको प्रतिकार्यमा के के कामहरू गरेको हो, त्यसको चाहिँ सबै विवरणहरूसहित प्रदेश सभामा त्यसको सम्बन्धित विभागीय मन्त्रीले जानकारी दिनुपर्छ किनभने यो सभा कर्णाली प्रदेशका जनताको सार्वभौम निकाय हो र सरकारका कामहरूको बारेमा सार्वजनिक सञ्चाल माध्यममा देख्ने कुरा बाहेक यो एसेम्बलीले चाहिँ जानकारी लिन पाएको

छैन । त्यसकारणले म सभा सभामुखमार्फत् प्रदेश सरकारको सम्बन्धित विभागीय मन्त्रीलाई हालसम्म प्रदेश सरकारले कोरोनाको प्रतिकार्यमा गरेका कामकाजहरू र यसका चुनौतीहरू र भावी रणनीतिहरू हामी कसरी टयाकल गर्छौं यो बारेमा म एसेम्बलीमा राख्न म चाहिँ माननीय सभामुखज्यूमार्फत यो चाहिँ म विभागीय मन्त्रीज्यूलाई रुलिङ्ग चाहन्छु सभामुख महोदय । यसमा खासगरी जनप्रतिनिधिहरूलाई कसरी जोड्न सकिन्छ ? र सरकारलाई मितव्ययी ढंगले कसरी सञ्चालन गर्न सकिन्छ ? कोरोनाको जुन चाहिँ डिजास्टर बढीराखेको छ । यले गर्दा हामीलाई स्रोतको अभाव हुने हाम्रो जस्तो ठाउँमा र मान्छेहरू कालापहाडबाट हजारौं मान्छेहरू आउँदाखेरि यसको व्यवस्थापन कसरी गर्ने ? त्यसकारणले सरकारले मितव्ययी भएर चल्नुपर्ने र चालु खर्चहरू कम गर्नुपर्ने अवस्था छ । तीन जना मन्त्री नगएर एक जना मिल्छ भने एक जना जानुपऱ्यो । मन्त्री नगएर कर्मचारीहरू जान मिल्ने ठाउँमा कर्मचारी जान पऱ्यो । सुरक्षाकर्मीहरू जानमिल्ने ठाउँमा सुरक्षाकर्मीहरू जान पऱ्यो । यसको एउटा कंक्रिट प्लान चाहिँ चाहियो । त्यो प्लान र त्यो स्ट्राटिजी चाहिँ संसद्मा राख्न म विनम्रतापूर्वक निवेदन गर्दछु । यति कुरा मैले राखेर सभामुख महोदय, यो अत्यन्तै ठूलो डिजास्टर हो र यसको सामना गर्ने गरी हामीले तयारी गरेका छैनौं र हामीले यो तयारी गर्दै जानपर्छ । यो युद्धको अवस्थामा कतिपय के हुन्छ भन्दाखेरि तयारीहरू गर्दागर्दै युद्धलाई चाहिँ अगाडी बढाउनुपर्ने स्थिति हुन्छ ।

यो मानवताको पक्षमा हामीले चाहिँ तयारीहरू बढाई राख्नुपर्छ र यसको लागि सामुदायिक सक्रियता, अब यो सरकारको अथवा चाहिँ जनप्रतिनिधिहरूको अथवा सुरक्षाकर्मीहरूको मात्रै प्रयासले सम्पन्न नहुने भएकोले यो कार्य सामुदायिक सक्रियताको लागि सरकारले बढीभन्दा बढी स्थानीय समुदायहरू गैरसरकारी संस्थाहरूका नेटवर्कहरू परिचालन गर्नु पऱ्यो । विभिन्न समूहहरू परिचालन गर्न पऱ्यो । हाम्रो कृषि मन्त्रालयका थुप्रै तल चाहिँ समूहहरू कृषि सहकारीहरू छन्, उनीहरूलाई परिचालन गर्नुपऱ्यो र यसमा सामुदायिक सक्रियताका लागि म सरकारसँग विशेष व्यवस्था गर्न निवेदन गर्छु र मैले फाइनल्ली म के भन्न चाहन्छु भन्दाखेरि हामीकहाँ ठूलो विपत्ति आउन सक्छ त्यसको सामना गर्नेगरी हामीले आफूलाई चाहिँ तयारी राख्नु पर्छ । हिजो अमेरिकाको करिब एक लाख मान्छेको नजिक एक लाख मान्छेको मृत्युको नजिक अमेरिका पुगेपछित्यहाँको विख्यात पत्रिका न्यूज टाइमले आफ्नो पहिलो पृष्ठमा सभामुख महोदय करिब १ लाख मान्छेहरूको नाम लेखेर उले एउटा समाचार प्रकाशित गरिसकेको छ र त्यसमा लेखेको छ, दे वयर नट सिम्पल्ली नेम अन लिष्ट दे वयर अस, यी जो मान्छेहरूको जो हामीले सूची सार्वजनिक गरिराका छौं, यी चाहिँ मर्ने मान्छेहरूको सूची होइन यसमा हाम्रो सूची छ । हामी जो जिउँदा मान्छेहरू छौं, सभामुख महोदय । अहिले हामीले यो कर्णालीतिर हामी जुन संख्याहरू दुईटा तीनटा चारवटा संख्याहरू हेरिराछौं, यहाँ अरु मान्छे बिरामी भएको संख्या होइन सभामुख महोदय, यसमा हामी छौं । यो सूचीमा हामी सबै छौं यसकारणले हामी सबै यो सूचीमा छौं । पीडितको सूचीमा हामी सबै छौं, मृतकको सूचीमा हामी सबै छौं र जो पनि पर्ने खतरा छ मानव समुदायको यो

अहिलेको सबैको अनुभव हेर्दाखेरि त्यसो हुँदाखेरि यो प्राप्त अनुभवहरूको कसरी सरकारले कुशलतापूर्वक चाहिँ यसको ट्याकल गर्ने त्यो स्टार्टिजी चाहिँ चाहियो । त्यसको लागि जनप्रतिनिधिको रूपमा अथवा एसेम्लीबाट हामीले के गर्नु पर्छ त्यसको लागि चाहिँ सांसद तयार छ । म प्रदेश सरकारलाई आफ्नो स्टार्टिजी यहाँ राख्न रुलिङ्ग गर्दै म यो अफ समयको लागि माननीय सभामुखज्यूप्रति आभारी भएर आफ्नो कुरा यही टुङ्गयाउँछु । धेरै धेरै धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री चन्द्रबहादुर शाही ।

**माननीय श्री चन्द्रबहादुर शाही:** सभामुख महोदय, कोरोना भाइरसको विश्वव्यापी महामारीबाट मुलुकभित्र र बाहिर अमूल्य जीवन गुमाउनुभएका सबै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली । यो रोगबाट सङ्क्रमित सम्पूर्ण व्यक्तिहरूको स्वास्थको बारेमा शीघ्र स्वास्थ्यलाभको म कामना गर्न चाहन्छु । यो रोग दिनप्रतिदिन बढ्दो छ । यसले न जात भन्छ, न धर्म भन्छ, न लिङ्ग भन्छ । न सानो भन्छ, न ठूलो भन्छ । न हिमाल भन्छ, न पहाड भन्छ, न तराई भन्छ । सबै क्षेत्र र बस्तीहरूमा एकपछि अर्को गरेर फैलिरहेको छ । यो रोगसँग लड्नको लागि हामी सबै जातजाति धर्म, पार्टी, विचार सबै एक भएर जुट्नु पर्दछ । र कर्णाली सरकारले कर्णाली प्रदेशभित्र यसको गम्भीर भएर व्यवस्थापन गर्नुपर्दछ र यदि हल्का ढंगले हेरियो भने भयाभह स्थिति सिर्जना हुन सक्दछ र यही समयमा छिमेकी मुलुक भारतले नेपालको भूमिसहित, नेपालको भूमिसहित उले नक्सा निकाल्यो त्यो नक्साको कारणले गर्दा नेपालका सडकहरू, नेपालका जनजनमा विरोध भयो र नेपाली सरकारले नेपालको सरकारले यो समस्यालाई वार्ताद्वारा समाधान गरौं । कुटनीतिक ढंगले यो समस्या समाधान गरौं भनेर तीन-तीन चोटि नोट जारी गर्दा पनि भारतले भारत सरकारले कुनै वास्ता गरेन । कुनै वास्ता नगरी एकलौटी ढंगले हाम्रो भूमि मिच्यो र कुटनीतिक ढंगले ऊ अगाडी बढ्न चाहेन । उल्टै उल्टै भारतीय सेनाका प्रमुखले नेपालका विरुद्धमा आपत्तिजनक लान्छना लगाएपछि त्यसको चर्को विरोध फेरि पनि नेपाली सडकमा उम्लियो । सभामुख महोदय, अहिलेसम्म पनि भारत कुटनीतिक ढंगले यो समस्यालाई हल गर्न चाहन्न । वार्ताको माध्यमद्वारा यो समस्यालाई हल गर्न चाहन्न कि माथिल्लो निकायबाट यो समस्याको वार्तालाभ गर्नुपर्ने ठाउँमा तल्लोस्तरका कर्मचारीलाई मात्रै छलकपट ढंगले वार्ताको नामबाट छलछाम गर्नकै लागि कराकानी आदानप्रदान गरिरहेको भन्ने कुराहरू आइरहेको छ । सभामुख महोदय, कोरोना भाइरस विरुद्ध लड्नुपर्ने यस समयमा भारतले सीमाको विवाद ल्याएर विश्वलाई मुलुकलाई अर्कै मोडतिर ध्यान आकर्षित गरेको छ । यो समय भनेको यो मुद्दा भनेको वार्ता र कुटनीतिक क्षेत्रबाट मात्रै हुन सक्छ । अहिले हामी नेपालीलाई सीमा अतिक्रमणको घाउ परिरहेको छ । हाम्रो मुटुमा हाम्रो मन-मनमा घाउहरू छन् तर फेरि पनि भारतले चाइनाको उक्सावटमा नेपाल अगाडी बढीरहेको छ भनेर आज हउवा फिंजाइरहेको अवस्था छ । र यस सीमा सम्बन्धी सभामुख महोदय, अहिले मात्रै होइन बेला-बेलामा नेपालीका नेपालका सडकहरू तातेको तथ्य हामीलाई जगजाहेर छ तर भारत अहिले पनि गम्भीर भएर

गम्भीरतापूर्वक यो समस्यालाई लिएको छैन । सभामुख महोदय, ऐतिहासिक प्रमाण हामीसँग सुगौली सन्धि लगायतका थुप्रै प्रमाणहरू हाम्रा बलिया छन् । त्यो बलिया प्रमाणले गर्दा हामी जुनसुकै ठाउँमा पनि अन्तर्राष्ट्रिय अदालतमा पनि अरु कुनै पनि निकायमा पनि हामी उभिएर नेपालको भूमि हामी फिर्ता लिन सक्छौं । हामी यो समस्यालाई सभाधान गर्न सक्छौं तर आज नक्कली, नक्कली (**माननीय सभामुख:** टुङ्ग्याऔं माननीय सदस्य) लिम्पियाधुरा बनाएर, नक्कली काली बनाएर अनि नेपालको जम्मै भूमि आफूले लगेर नेपालमाथि दोहन गरिरहेको छ । यस विषयमा कर्णाली संसद्ले खेद प्रकट गर्नुपर्दछ र संघीय संसद्लाई संघीय सरकारलाई यो समस्यालाई कुटनीतिक हिसाबले वार्ताको हिसाबले यो समस्या समाधान गरिनु पर्छ भनेर सुझाव दिनुपर्छ भन्ने सुझाव राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्रदेश सभाको आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनुभएका सार्वजनिक महत्त्वका प्रश्न एवम् जिज्ञासाका सन्दर्भमा सरकारका तर्फबाट विभागीय मन्त्रीहरूलाई प्रदेश सभाको आगामी बैठकमा जवाफ दिन रुलिङ्ग गर्दछु ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउछु । माननीय सदस्यहरू, आर्थिक कार्यविधि ऐन २०७४ दफा ९ तथा प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७ विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधिको नियम १३२ को उपनियम (२) बमोजिम विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सभासमक्ष प्रस्तुत गरी सो माथि छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७ विनियोजन तथा अर्थ विधेयकसम्बन्धी कार्यविधिको नियम १३२ को उपनियम (२) बमोजिम पूर्व बजेट छलफल प्रयोजनका लागि विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा नीतिहरू सभासमक्ष प्रस्तुत गर्दछु ।

माननीय सभामुख महोदय, सार्वभौम सत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण ऐतिहासिक संघर्षबाट प्राप्त उपलब्धिहरूलाई दीगो एवम् संस्थागत गर्न जननिर्वाचित संविधान सभाबाट घोषणा भएको नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको अवधारणाअनुसार गठित कर्णाली प्रदेशवासीको प्रतिनिधिमूलक यस सम्मानित प्रदेश सभासमक्ष आर्थिक वर्ष २०७७/०७८ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू कर प्रस्तावबाहेक प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस विशिष्ट अवसरमा गरिमामय प्रदेश सभा समक्ष आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका सिद्धान्त, र प्राथमिकताहरू प्रस्तुत गर्नुपूर्व लोकतान्त्रिक गणतन्त्र, संघीयता,

धर्मनिरपेक्षता, समावेशीता, सामाजिक न्याय र कर्णाली प्रदेश स्थापनार्थ जीवन उत्सर्ग गर्नुहुने श्रद्वेय सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवसरमा सम्पूर्ण आदरणीय अग्रज, सहिद परिवार, आन्दोलनका घाइते, अपाङ्ग तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । अतिक्रमित भूमि कालापानी लिपुलेक र लिम्पियाधुरासहित समेटेर नेपालको राजनीतिक र प्रशासनिक नक्सा जारी गरेकोमा नेपाल सरकारलाई हार्दिक धन्यवादसहित सबै पक्षको सहयोगमा उक्त भूमिमा आफ्नो नियन्त्रण शीघ्र मिल्ने विश्वास लिएको छु । कोभिड-19 को विश्वव्यापी महामारीबाट मुलुकभित्र र बाहिर अमूल्य जीवन गुमाउनुभएका नेपाली दिदीबहिनी तथा दाजुभाइका साथै सबै मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । यस रोगबाट सङ्क्रमित सम्पूर्ण व्यक्तिको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । प्रदेश सरकारले सबै पक्षको सहयोग र समन्वयमा सुरुवातदेखि नै कोभिड-19 कोरोकथाम र नियन्त्रणका लागि लिएको रणनीति प्रतिकार्य योजना र सक्रियताको कारणले हालसम्म यस प्रदेशमा सङ्क्रमणले महामारीको रूप लिएको छैन । यसको नियन्त्रणमा प्रत्यक्ष रूपमा खटिई अग्रपंक्ति रहेर काम गरिरहनुभएका स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको अथक मेहेनतको उच्च प्रशंसा गर्दै समन्वय र सहयोग गर्नुहुने माननीय सदस्यहरू स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, आम सञ्चार र समग्र जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि सबैसँग हार्दिक अपिल गर्दछु । चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन भइरहेको महत्त्वपूर्ण समयमा विश्वव्यापी रूपमा फैलिएको कोभिड-19 को महामारीबाट हाम्रा विकास कार्यक्रमहरू प्रभावीत भएका छन् । यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्राथमिकता दिंदै आर्थिक गतिविधिलाई नियमित बनाउनु हालको प्रमुख चुनौती रहेको छ। मैले आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट निर्माण गर्दा समाजवाद उन्मुख आर्थिक संरचनाको आधार तयार गर्दै समून्नत, समतामूलक र समृद्ध कर्णालीको भावी तस्विरलाई सामुन्ने राखेर कोभिड-19 महामारीको तत्कालीन चुनौतीको सामना गरी दीर्घकालीन विकासको मार्गचित्र तय गर्ने दिशामा विनियोजन विधेयक २०७७ का प्राथमिकता केन्द्रित गरेको छु । माननीय सभामुख महोदय, कर्णाली प्रदेशमा समावेशी, दीगो र उच्च आर्थिक वृद्धि हासिल गर्दै आर्थिक सामाजिक रुपान्तरण र सामाजिक न्याय कायम गर्न स्वास्थ्य, शिक्षा, उत्पादन र रोजगार जीवनस्तरमा रुपान्तरण र दीगो पूर्वाधार भन्ने मूल धेयका साथ आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट तर्जुमा गरिनेछ । यस दिशामा केन्द्रित भई अब म यस सम्मानित प्रदेश सभा समक्ष कर्णाली प्रदेश विनियोजन विधेयक, २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु । नेपालको संविधानले निर्देशित गरेको लोक कल्याणकारी राज्यको अवधारणा, नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरू, समाजवाद उन्मुख अर्थतन्त्र, संघीय शासन प्रणालीअनुरूप संघ, प्रदेश र स्थानीय तहबीचको सहअस्तित्व, सहकारीता र समन्वय सार्वजनिक-निजी-सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्यायसहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रूपमा अंगिकार

गरिनेछ । वार्षिक बजेट तर्जुमा गर्दा कर्णालीवासीको आकांक्षा नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्य, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम, समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन राष्ट्रिय आकांक्षामा आधारित समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको सोच र प्रदेश सभा सदस्य निर्वाचनको लागि जन अनुमोदित चुनावी साझा घोषणापत्रमा ध्यान केन्द्रित गर्दै अनपेक्षित रूपमा देखिएको कोभिड-19 को प्रभावबाट सिर्जित विषम अवस्थालाई समेत मुख्य आधारको रूपमा लिइनेछ । नेपालको संविधानमा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका सूची, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, प्रदेश सरकारको कार्य जिम्मेवारी एवम् प्राथमिकता, मन्त्रालयहरूको कार्यक्षेत्र, संस्थागत क्षमता र साधनस्रोतको उपलब्धताका आधारमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ । बजेट प्रणालीमा विनियोजन दक्षता, कार्यान्वयनमा उत्कृष्टता र वित्तीय स्वच्छता कायम हुने गरी परिपूरणको सिद्धान्तका आधारमा उत्पादनमूलक र प्रतिफलयुक्त कार्यक्रम एवम् आयोजनाहरूमा बजेट विनियोजन गरिनेछ । नागरिकहरूका बीच रहेका सबै किसिमका विभेदको अन्त्य गरी सामाजिक समावेशी विकास, सामाजिक संरक्षण एवम् सुरक्षा सहित आर्थिक सामाजिक समानता कायम गर्ने दिशामा बजेट तथा कार्यक्रम केन्द्रित हुनेछ । विकासमा सार्वजनिक निजी, सहकारी एवम् सामुदायिक क्षेत्रसँग अर्थपूर्ण एवम् नतिजामूलक साझेदारी गरिनेछ । नवीनतम् प्रविधिको प्रयोग गर्दै परम्परागत स्थानीय ज्ञान सीप र जनशक्ति उपयोग गर्ने गरी बजेट तथा कार्यक्रम तय गरिनेछ । माननीय सभामुख महोदय, अब म आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रमका उद्देश्यहरू प्रस्तुत गर्दछु ।

(क) आधारभूत तथा मौलिक हकको रूपमा रहेको स्वास्थ्य सेवाको थप विकास विस्तार र संस्थागत सुदृढीकरण गरी विश्वव्यापीरूपमा देखिएको कोभिड-19 लगायतका महामारीको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचार क्षमता बढाउने र नियमित स्वास्थ्य सेवाका माध्यमबाट नागरिकलाई स्वस्थ राख्ने ।

- कृषि, उद्योग, वनलगायतका क्षेत्रको विकास गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- शिक्षामा सबैको समान पहुँच प्राप्त हुने वातावरण तयार गरी जीवन जीवनोपयोगी प्राविधिक तथा व्यवहारिक शिक्षा प्रदान गर्ने ।
- अर्थतन्त्रका सबै क्षेत्रको समावेशी एवम् समन्यायिक विकासबाट रोजगारीका अवसरहरू वृद्धि गरी जीवनस्तरमा रुपान्तरण गर्ने ।
- खाद्यान्न लगायत आधारभूत आवश्यकताका वस्तुहरूको भण्डारण र सहज आपूर्तिको व्यवस्था गर्ने,
- दीगो गुणस्तरीय र रणनीतिक पूर्वाधारको विकास गर्ने ।

- सार्वजनिक स्रोतको प्रभावकारी परिचालनका लागि प्राथमिकीकृत लगानी, आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुशासन कायम गर्ने।

माननीय सभामुख महोदय, अब म विनियोजन विधेयक २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता तथा प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

कोभिड-१९ को महामारीबाट कर्णालीवासीलाई सुरक्षित राख्न स्वास्थ्य क्षेत्रमा आवश्यकता अनुसार अस्थायी पूर्वाधारको समेत शीघ्र विकास गरी अत्यावश्यक औषाधि, उपकरण र स्वास्थ्य सामाग्रीको उपलब्धता र सहज आपूर्तिको व्यवस्था मिलाउँदै यसको रोकथाम नियन्त्रण, प्रतिकार्य र उपचारको उचित प्रबन्ध मिलाइने छ । स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच स्थापित गरिनेछ । यस क्षेत्रको दीर्घकालीन क्षमता विकासका लागि भौतिक पूर्वाधार उपकरण एवम् दक्ष जनशक्ति विकास गरिनेछ । कर्णालीवासीको स्वास्थ्य अवस्थाको प्रोफाइल तयार गर्ने कार्यको सुरुवात गरिनेछ । दुर्गम स्थानहरूमा दूर उपचार टेलिमेडिसन तथा घुम्ती उपचार सेवाको व्यवस्था मिलाइनेछ । कर्णालीवासीको खाद्य सम्प्रभूता कायम गर्न कृषि तथा पशुपन्छी पालन व्यवसायबाट उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्दै व्यावसायिक कृषिको विकास गरी अर्थतन्त्रमा यसको योगदान वृद्धि गर्ने गरी बजेट तथा कार्यक्रम तय गरिनेछ । वैज्ञानिक भूउपयोग नीति, भूमि व्यवस्थापन र भूमि बैंकको अवधारणासहित आधारभूत कृषि उपजको आत्मनिर्भरता विकास गर्ने नीति लिइनेछ । यस विषम परिस्थितिमा कर्णालीवासीलाई महामारी र भोकमरीबाट बचाउनु सरकारको पहिलो प्राथमिकता हुनेछ । नागरिकको आधारभूत खाद्य सुरक्षाको प्रत्याभूति गर्न संघ र स्थानीय तहसँगको समन्वय र सहकार्यमा खाद्यान्न लगायत अतिआवश्यक सामग्रीहरूको सहज आपूर्तिका लागि भण्डारण तथा उपलब्धताको व्यवस्था मिलाइनेछ । प्रदेशभित्र उपलब्ध यूवा जनशक्ति कोभिड-१९ महामारीबाट स्वदेश र विदेशबाट रोजगारी गुमाएका तथा बेरोजगार युवाहरूलाई उद्यमशील एवम् स्वरोजगार बनाउन कृषि, उद्योग, पूर्वाधार र पर्यटन क्षेत्रको विकासमा केन्द्रित रही गरिबी निवारण गर्ने रुपान्तरणकारी बजेट तथा कार्यक्रम तयार गरिनेछ । सबै क्षेत्रको आवद्धता हुने गरी एकीकृत रूपमा मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतका जीविकोपार्जन तथा उद्यमशीलता विकास हुने रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ। नागरिकलाई भोकमरीबाट बचाउन खाद्य आपूर्ति र श्रमको सम्मान गर्दै खाद्यान्नका लागि श्रमसहितको रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ । साक्षर कर्णाली अभियानलाई निरन्तरता दिदै राष्ट्रप्रति वफादार असल नागरिक निर्माण गर्ने दिशामा शिक्षा क्षेत्रका कार्यक्रमहरू केन्द्रित हुनेछन् । स्थानीय तहसँगको सहकार्यमा प्राविधिक, व्यावसायिक, रोजगारमूलक र जीवनोपयोगी शिक्षाको विकास गरिनेछ । भाषा संस्कृति साहित्य र कलाको संरक्षण र प्रवर्धन गरिनेछ । सडक लगायतका भौतिक पूर्वाधारको दीगो विकासका लागि संघ र स्थानीय तहसँग समन्वय गरिनेछ । कर्णालीमा रहेको अपार जलस्रोतको बहुउपयोगमा जोड दिइनेछ । आधारभूत स्वच्छ खानेपानीको व्यवस्था, उत्पादन वृद्धिको लागि सिंचाइको व्यवस्था र ऊर्जा विकासलाई प्राथमिकता दिइनेछ । जलस्रोत क्षेत्रको विकासमा सार्वजनिक निजी साझेदारी नीति

लिइनेछ । छरिएको र जोखिमयुक्त बस्तीलाई लक्षित गरी बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ । सञ्चार तथा सूचना प्रविधिको पूर्वाधार विकासमा जोड दिइनेछ । उद्योग क्षेत्रको विकास गरी युवा वर्गमा थप उद्यमशीलता प्रवर्धन गरिनेछ । साना तथा घरेलु उद्योगको माध्यमबाट स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ । बहुमूल्य जडीबुटीको दीगो संकलन तथा प्रशोधनमा जोड दिंदै वनस्रोतको बहुउपयोग गरी आयआर्जन बढाइनेछ । विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरण संरक्षणको पक्षलाई समेत प्राथमिकता दिइनेछ । प्रदेशमा रहेको उच्च पर्यटकीय सम्भावनालाई उपयोग गरी आन्तरिक पर्यटनको एक प्रमुख आकर्षण केन्द्रको रूपमा विकास गर्ने तथा अन्तर्राष्ट्रिय पर्यटकको आगमन वृद्धि गर्न साँस्कृतिक पर्यटन र पर्यापर्यटनको विकास गरिनेछ । प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । प्रतिफलयुक्त एवम् प्राथमिकतापूर्ण विशेष परियोजनाहरू पहिचान गरी कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कन गर्ने स्वचालित पद्दतिको विकास गरिनेछ । चालु र निर्माणाधिन अधुरा आयोजनाहरूलाई समयमै सम्पन्न गर्ने गरी साधनस्रोतको परिचालन गरिनेछ । लैङ्गिक तथा सामाजिक आर्थिक गतिविधिमा रहेका सबै प्रकारका विभेद अन्त्य गर्ने नीति लिइनेछ । लैङ्गिकमैत्री बजेट प्रणालीको माध्यमबाट महिला उत्थान, सशक्तीकरण र विकासका क्रियाकलाप सञ्चालन गरिनेछ । दलित समुदायको शैक्षिक तथा आर्थिक स्तर उठाउन परम्परागत सीप संरक्षण गर्दै आर्थिक उपार्जनमा प्रयोग गर्ने एवम् अन्य सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ । अल्पसंख्यक सीमान्तकृत लोपोन्मुख राउटे जेष्ठ नागरिक एकल महिला र अपाङ्गता भएका नागरिकको हकहितको संरक्षण र सुरक्षा गर्ने गरी सामाजिक उत्तरदायी बजेट तथा कार्यक्रम ल्याइनेछ । माननीय सभामुख महोदय, समृद्ध कर्णालीका भावी कर्णधारका रूपमा रहेका हाम्रा बालबालिकाको उज्जल भविष्यका लागि शारीरिक, मानसिक र शैक्षिक क्षमता अभिवृद्धिका साथै उनीहरूको संरक्षण, विकास र सहभागिता सुनिश्चित गरिनेछ । अभिभावकविहिन तथा सडक बालबालिकाको सुनिश्चित भविष्यको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । समून्नत प्रदेश निर्माणको आधार र जनसांख्यिक लाभको रूपमा रहेको युवा जनशक्तिलाई सीपमूलक तालिम उत्पादन र विकासमा सक्रिय सहभागी गराइनेछ । स्वस्थ नागरिक तयार गर्न र खेलको माध्यमबाट प्रदेशको पहिचान वृद्धि गर्न खेल पूर्वाधारको निर्माण, राष्ट्रिय प्रतियोगिता सञ्चालनको पूर्वतयारी तथा खेलाडीको वृत्ति विकासमा विशेष प्राथमिकता दिइनेछ । निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नीतिगत कानुनी तथा पूर्वाधार संरचनाको व्यवस्था गरी लगानीमैत्री वातावरण तयार गरिनेछ । सहकारी तथा सामुदायिक क्षेत्रलाई स्थानीय उत्पादन, प्रवर्धन र जीविकोपार्जन सुधारका क्रियाकलापमा परिचालन गरिनेछ । संघ र स्थानीय तहसँगको समन्वयमा विपद् व्यवस्थापनको लागि पूर्वतयारी, प्रतिकार्य राहत र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ । बाढीपहिरो आगजनी लगायतका प्रकोपबाट पीडित परिवारलाई उचित राहत उपलब्ध गराइनेछ । विपद् उद्धारमा स्वयम्सेवी रूपमा सहभागी हुन नागरिकलाई उत्प्रेरित गराउनुको साथै आवश्यक प्रशिक्षण र सामाग्री उपलब्ध गराइनेछ । सुशासन,

विकास र शान्ति सुव्यवस्थाका लागि प्रदेश निजामती सेवा र प्रदेश प्रहरीको कानूनी व्यवस्था गरिनेछ । प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा आवश्यक कानून तर्जुमा गरिनेछ । आन्तरिक स्रोतको न्यूनता र संघीय सरकारबाट प्राप्त हुने स्रोत समेत हुन सक्ने संकुचनलाई मध्यनजर गरी आगामी आर्थिक वर्षमा उत्पादनमूलक र प्राथमिकतापूर्ण कार्यमा मात्र बजेट विनियोजन गरिनेछ । परिणाममुखी, प्रतिफलयुक्त, सहभागितामूलक, रोजगारमूलक र दीर्घकालीन प्रभाव पार्ने विकास परियोजना कार्यान्वयनमा विशेष जोड दिइनेछ । पूँजीगत खर्च क्षमता बढाउने, चालु खर्च घटाउने र प्रशासनिक खर्च कटाउने नीति लिइनेछ । अत्यावश्यक बाहेक थप आर्थिक व्ययभार पर्नेगरी नयाँ संगठन संरचना स्थापित गरिनेछैन । वन लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलनको दायरा वृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिइनेछ । राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ । विपन्न भूमिहिन सुकुम्बासी लगायत विकासको दृष्टीले पछि परेका वर्ग, समुदाय र क्षेत्रलाई बजेट विनियोजनमा विशेष प्राथमिकता दिई प्रदशको सोच र योजनालाई कार्यान्वयन गरिनेछ । संघ, प्रदेश र स्थानीय तहका कार्यक्रम तथा आयोजनामा दोहोरोपना नहुने गरी सन्तुलित रूपमा बजेट विनियोजन गरिनेछ । आफ्नो गाउँ आत्मनिर्भर बनाऔं भन्ने मूल मन्त्रका साथ वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहसँगको समन्वय र सहकार्यमा उत्पादनमूलक र विशेष प्रकृतिका आयोजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । कर्णालीवासीलाई सुशासनको प्रत्याभूति दिन शान्ति, सुरक्षा सार्वजनिक सेवामा सदाचार मितव्ययिता र वित्तीय अनुशासन प्रभावकारी खरिदबिक्री व्यवस्थापन सदाचारीताको थप विकास र नतिजामूलक अनुगमन मूल्याङ्कनलाई विशेष प्राथमिकता दिइनेछ । स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, प्रविधिमैत्री, सहभागितामूलक, उत्प्रेरित र जनउत्तरदायी प्रशासनको विकास गरिनेछ । कर्णाली प्रदेश समन्वय परिषद् विकास परिषद् लगायतका संरचनाहरूलाई थप सक्रिय गराउँदै संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिसँगको समन्वय र सहकार्यलाई प्रभावकार बनाइनेछ। प्रदेशका नीति तथा कार्यक्रमहरू तर्जुमा बजेट निर्माण कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा जनप्रतिनिधिको भूमिका र स्वामित्व वृद्धि गरिनेछ । कोभिड-१९ को चुनौतीको बीचमा कर्णाली प्रदेशका जनप्रतिनिधिको सम्मानित थलोमा बसेर महामारीको चुनौतीसँग मुकाविला गर्दै प्रदेशको विकास र समृद्धि तथा कर्णालीवासीको खुसीको लागि हामी खुला रचनात्मक छलफल गर्नेछौं । यस छलफलबाट नतिजा निकाल्न सहयोग पुग्ने गरी बहस गरौं र ताजा निष्कर्षमा पुगौं भन्ने मेरो हार्दिक अनुरोध छ ।

माननीय सभामुख महोदय, अन्तमा यो छलफलले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमलाई थप नतिजामुखी कर्णालीमैत्री बनाउन सहयोग पुऱ्याउने विश्वास लिएको छु। प्रदेश सरकार नीति, योजना, कार्यक्रम र बजेटमा आम कर्णालीवासी र जनप्रतिनिधिहरूको स्वामित्व, अपनत्व र सहभागिता स्थापित गर्न चाहन्छ । यो सम्मानित सभामा आर्थिक वर्ष २०७७/०७८ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू

(क) प्रस्ताव बाहेकमा रचनात्मक छलफल र महत्त्वपूर्ण सुझावसहित आवश्यक मार्ग दर्शनको लागि म प्रदेश सभाका माननीय सदस्यहरूसँग हार्दिक अनुरोध गर्दछु । यहाँहरूले दिएका महत्त्वपूर्ण सुझावहरूलाई समावेश गर्दै आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने विश्वास दिलाउँछु । धन्यवाद ।

माननीय सभामुखज्यू, अब म माननीय सभामुखज्यूको अनुमतिले आर्थिक कार्यविधि ऐन २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली २०७४ को परिच्छेद १७, विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधिको नियम १३२ को उपनियम २ बमोजिम पूर्व बजेट छलफल प्रयोजनका लागि विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरूका सम्बन्धमा सभा समक्ष छलफल गरी आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तयार गर्नका लागि माननीय सदस्यहरूको सुझाव मार्ग निर्देशन सभामार्फत् प्राप्त हुने विश्वासका साथ विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरू सम्बन्धमा सभा समक्ष छलफलका लागि प्रस्ताव गर्दछु। धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सभा समक्ष छलफल गरियोस् भनी आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले पेश गर्नुभएको प्रस्ताव आगामी बैठकमा छलफल हुने व्यहोरा सभालाई जानकारी गराउँछु । सभामा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले उक्त दिनको बैठक समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनु होला ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ १३ गते मंगलबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

## a]ks ;¥of-#

**(वि.सं. २०७७ साल जेष्ठ १३ गते मंगलबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश, प्रदेश सभाको छैठौं अधिवेशनको तेस्रो बैठकको कारबाही प्रारम्भ हुन्छ । (के हो माननीय सदस्यज्यू ? समय त विशेष समयमा माननीय सदस्यहरूले बोली नै राख्नुभाको छ ।)

**माननीय श्री सीताकुमारी नेपाली:** पछिल्लो घटनाक्रमको विषयमा हामीले केही ध्यानाकर्षण गराउनुपर्ने छ । त्यसैले हामीलाई समय, समय दिनको लागि माननीय सभामुखज्यूलाई म अनुरोध गर्न चाहन्छु ।

**माननीय सभामुख:** होइन, हिजोको बैठकमा पनि माननीय सदस्यज्यूहरूले कुरा राख्नु नै भाको छ । आज पनि विशेष समय छ । विशेष समयमा माननीय सदस्यका धारणाहरू आइराखेकै छन् ।

**माननीय श्री सीताकुमारी नेपाली:** माननीय सभामुखज्यू, हामीले कार्यसूची पाएका छौं र कार्यसूचीमा आज सरकारको प्रमुख माननीय मुख्यमन्त्रीज्यूको सम्बोधन पनि हुँदैछ । त्यसकारण पनि यो गम्भीर जुन घटना भएको छ । त्यो घटनाको विषयमा विशेष हामीले ध्यानाकर्षण गर्नुपर्नेछ । यो साँच्चिकै शान्ति प्रक्रियामा आइसकेपछि नरसंहारकै रूपमा जुन सामुहिक हत्या भएको छ । यो अत्यन्तै निन्दनीय छ । दु:खद् छ ।

**माननीय सभामुख:** अनुमति, अनुमति लिएर बोलौं माननीय सदस्य । माननीय सदस्यहरूले विशेष समयमा राखिराख्नै भएको छ । आगामी विशेष समयको बेला पनि राख्नै हुनेछ। त्यसैले बसिदिऔं माननीय सदस्य ।

**माननीय श्री सीताकुमारी नेपाली:** हामी यो जातीय छुवाछुतको घटना हो । त्यसैले समुदायगत हिसाबले प्रतिनिधित्व गर्ने माननीयहरू हामी यो सम्मानित सदनमा उभिएका छौं, हाम्रो कुनै मनसाय छैन, संसद् अवरुद्ध गर्ने हाम्रो मनसाय छैन । आज सरकारको प्रमुख माननीय मुख्यमन्त्रीज्यूले सम्बोधन गर्दै हुनुहुन्छ । त्यले गर्दा ध्यानाकर्षण गर्न पर्ने विषयहरू छन् । त्यसका निम्ति हामीले समय पाऔं ।

**माननीय सभामुख:** एक, एक जनाले बोलौं माननीय सदस्य ।

**माननीय श्री सीताकुमारी नेपाली:** हस् । माननीय सभामुख महोदय, पछिल्लो घटनाक्रमका विषयमा (**माननीय सभामुख:** बसौं माननीय सदस्य, अरु माननीय सदस्यहरू बसौं) बसौं बसौं माननीय सदस्य । बसौं बसौं म बोल्छु, बसौं । (**माननीय सभामुख:** हुन्छ ल, बोल्नु न) जुन घटनाक्रममा यो सम्मानित सदनमा माननीय सांसदज्यूहरूले बोल्नुभएको छ कि कर्णाली प्रदेश जो कि जातीय हिसाबले पनि २४ प्रतिशत दलितहरूको प्रतिनिधित्व छ र जुन घटना घटेको

छ । त्यो घटनाको क्रममा साँच्चिकै भन्ने हो भने शान्ति प्रक्रिया पछिको यो दर्दनाहक मानवीय एउटा संवेदनाका हिसाबले पनि सोच्दाखेरि जति निन्दा गरेपनि, जति भर्त्सना गरेपनि कमै हुन्छ । यो अत्यन्तै दु:खद् घटना हाम्रो कर्णाली प्रदेशमा घटेको छ । यो कर्णाली प्रदेशमा घटेको घटना, जो रुकुमको चौरजहारी-८ सोत गाउँमा भेरी नगरपालिकाको वडा नं. ४ का नवराज वि.क. सहितको टिम जुन प्रेम सम्बन्धको कुरा छ, सुष्मा मल्लसँगको प्रेम सम्बन्धको कुरालाई एउटा विवाहमा परिणत गर्नका निम्ति जाँदै गर्दाखेरि विषय अन्ततिर डाइभर्ट गरिँदैछ । देश महामारीको अवस्थामा छ । बन्दाबन्दीको अवस्था छ, त्यो बन्दाबन्दीको अवस्थामा के त्यो बन्दाबन्दीको अवस्थामा त्यो विवाहमा परिणत गर्नका निम्ति गएको समूह जो छ, त्यसलाई स्थानीय प्रशासनले समातेर राख्न सक्दैनथ्यो । त्यहाँ त्यो घटना भएको छ । त्यो घटनामा हामीले आइरहेको छ, सामाजिक सञ्जालहरूमा आइरहेको छ । त्यहाँको स्थानीय प्रशासनसँग हामीले बुझिरहेका छौं । त्यहाँका दलका साथीहरूसँग हामीले बुझिरहेका छौं । नागरिक समाजलाई बुझिरहेका छौं । त्यहाँ पत्रकार साथीहरूले पनि त्यहाँ विभिन्न अन्तरवार्ताहरू लिएर राखिराखेको स्थिति छ । घाइतेले प्रत्यक्ष रूपमा बोलिराखेको अवस्था पनि छ । त्यले गर्दा घटनास्थलदेखि गाउँदेखि भेरी नदीसम्म आउनको निम्ति लामो दूरी छ (**माननीय सभामुख:** खास माग के हो ? माननीय सदस्यको मागलाई मागमा केन्द्रित रहेर प्रस्तुत होऔं ।) त्यसले गर्दाखेरि यो अमानवीय जुन घटना भएको छ, हत्या भएको छ । यो हत्यमा छानविन गर्नका निम्ति हामीले उच्चस्तरीय छानविन समितिको माग हामीले गरिरहेका छौं । आजसम्म हामीले त्यो समिति कर्णाली प्रदेश सरकारले बनाइरहेको अवस्था छैन । कर्णाली प्रदेशका जनता यहाँको नागरिकले कर्णाली प्रदेशसँग अपेक्षा गरेको छ, कर्णाली प्रदेश सरकारले यो घटनामा किन ध्यान दिइरहेको छैन ? किन हेरिरहेको छैन ? कर्णाली प्रदेश सरकार अरु घटनाक्रम हुने बेलामा कर्णाली प्रदेशको मन्त्रीज्यूहरू पुग्नुहुन्छ त्यो घटनास्थलमा यो जघन्य एउटा अपराध हुँदा किन कर्णाली प्रदेशको उपस्थिति छैन त्यहाँ ? आम नागरिकले यो कोइशन गरिरहेको छ । यो कर्णालीभरिबाट हामीलाई प्रश्न गरिराख्नुभएको छ । हामीले उत्तर दिन सकिरहेको अवस्था छैन । हामीले यो गरिमामय संसद्मा सरकारसँग जुन माग गरेका छौं । माननीय सभामुखज्यूमार्फत एउटा उच्च स्तरीय छानविन समिति बनाउनका निम्ति म विशेष हामी समुदायगत हिसाबले प्रतिनिधित्व गर्ने माननीयहरूको बीचबाट हामीले यो माग गरिरहेका छौं, र कर्णाली प्रदेश सरकारले कर्णालीमा प्रदेश सरकार छ भन्ने कुरा कर्णालीका जनतालाई सरकारको प्रतिनिधत्व गराउने कुरामा के तयारी गरिरहेको छ ? छानविन समिति लगायत अरु के के तयारी भइरहेको छ ? त्यो विषयमा हामी जवाफ चाहन्छौं, माननीय सभामुखज्यू । धन्यवाद ।

**माननीय सभामुख:** बसौं माननीय सदस्य । बसौं माननीय सदस्य  माननीय सदस्यले राखिसक्नु भो कुरा त्यही माग होला माननीय सदस्यको पनि । बसौं माननीय सदस्य ।

**माननीय श्री दान सिं परियार :** एक मिनेट मात्रै ... सभामुख महोदय । **(माननीय सभामुख:** ल राखौं, राखौं) सभामुख महोदय, हामीले विशेष समयमा हिजो कुरा राखिसक्या छौं र आज नयाँ कुरा केही गर्नु छैन । माननीय सीता नेपालीले धेरै कुरा राखिसक्नु भएको छ । हाम्रो एउटै कुरा के हो भने घटना घटिसकेपछि कर्णाली प्रदेश सरकारले यसलाई कसरी लिइराख्याछ ? यसको उत्तर चाहिँ आजको चाहिँ, आजको संसद्मा कर्णाली प्रदेशको सरकारको प्रमुख हाम्रो प्रमुख मुख्यमन्त्रीले यसको उत्तर दिनुपर्छ । र आम जनताहरूले विशेषगरी उत्पीडित समुदायका मान्छेहरूले यो घटनापछि प्रदेश सरकारले यसको एक्सन, यसको प्रतिक्रिया केले देखाएको छ भन्ने कुरा चाहिँ आम रूपमा बाहिर बुझ्न खोजिराखेको स्थिति कारणले गर्दा हामीले गर्न खोजेको के हो ? हाम्रो प्रदेश सरकारले यो घटनालाई कसरी लगेको छ र आगामी दिनमा यो घटनामा संलग्न अपराधीहरूलाई हामी हदैसम्मको कारबाही गर्नको निमित्त के गर्न सक्छौं । यसको उत्तर आजकै संसद्मा चाहिँ हाम्रो सरकारको चाहिँ मुख्यमन्त्रीले यसको उत्तर दिनुपर्छ र दियोस् भन्ने चाहना राख्छु । धन्यवाद ।

**माननीय सभामुख:** अमँ, रुकुममा यही जेठ १० गते राति भएको दु:खद् घटनाले हामी मर्माहित भएका छौं । प्रत्येक नागरिकलाई विधिको शासन मानवअधिकार र सामाजिक न्यायको प्रत्याभूत गरिएको आजको सभ्य समाजमा देखा पर्ने यसप्रकारका घटनाले सिंगो देशलाई स्तब्ध बनाको छ । यस सभाको मिति २०७७/२/१२ र १३ गतेको बैठकमा माननीय सदस्यहरूले व्यक्त गर्नुभएका विचार र भावनामा सभाको गम्भीर ध्यानाकर्षण भको छ । संविधान प्रचलित कानून र प्रदेशको क्षेत्राधिकार समेत ख्याल गर्दै म संघीय सरकारलाई कानूनबमोजिम आवश्यक अनुसन्धान अभियोजन गर्न, उचित पहल गर्न गराउने वातावरण बनाउन कर्णाली प्रदेश सरकारका नाममा रुलिङ्ग गर्दछु । माननीय सदस्यहरू यस सभाको जेठ १२ गते बसेको छैठौं अधिवेशनको दोस्रो बैठकको विशेष समयमा माननीय सदस्यहरूले सार्वजनिक सरोकारका विविध विषयमा उठाउनुभएका जिज्ञासा एवम् प्रश्नको सम्बन्धमा सभालाई सम्बोधन गर्न कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई समय दिन्छु ।

**माननीय मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाही:** माननीय सभामुख महोदय, र विश्व यतिखेर विषम परिस्थितिको बीचबाट र अहिले विश्व महामारीकै रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ को ठूलो विपद्मा छ र यो विपद्लाई सामना गर्नको लागि सबै राष्ट्रहरू यतिखेर सबै यसैमा केन्द्रित भइराखेका छन् र नेपाल पनि यो महामारीबाट अछुत रहन सकेन । र नेपाल सरकार पनि यो महामारीबाट सिंगो राष्ट्रलाई कसरी जोगाउने ? नागरिकलाई कसरी जोगाउने भनेर लागिराखेको चाहिँ छ । र यसै सन्दर्भमा कर्णाली प्रदेश पनि अछुतो रहेको चाहिँ छैन । र कर्णाली प्रदेश सरकार र यहाँको स्थानीय तह पनि कर्णाली प्रदेशका हरेक नागरिकलाई यो विश्व महामारीबाट कसरी जोगाउने भनेर सबै ध्यानकेन्द्रित यो भइराखेको यस सन्दर्भमा अहिले हामीले अधिवेशनको सुरुवात चाहिँ गरिराखेका छौं । र यो अधिवेशनमा सबभन्दा पहिला त यो विशिष्ट परिस्थितिभित्र पनि संघीय

सरकारले जो नेपालको गुमेको भूगोललाई अहिले समेटेर अतिक्रमित भूगोल कालापानी, लिम्पियाधुरा, लिपुलेक लगायतको भूगोललाई समेटी जो नयाँ नक्सा सार्वजनिक गरेको चाहिँ छ, र म कर्णाली प्रदेश सरकारको तर्फबाट संघीय सरकारलाई धेरै आभारसहित धन्यवाद व्यक्त गर्न चाहन्छु । र यो विश्वमहामारीको रूपमा फैलिएको यो कोरोना भाइरसबाट मृत्यु हुने विश्वका तमाम नागरिक र नेपाली नागरिक पनि विश्वका विभिन्न देशमा मृत्यु भएको छ र नेपालमा पनि ४ जनाको मृत्यु चाहिँ भइसकेको छ र उहाँहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र सङ्क्रमितहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यी ठूलो विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरसबाट सिंगो देश लकडाउनमा रहेको अहिलेको अवस्थाभित्रबाट पनि रुकुम जिल्लामा हामीले दु:खद् घटना घटेको छ । र अहिले पनि माननीय सदस्यज्यूहरूले ध्यानाकर्षण गराउनुभएको चाहिँ छ । र यसबाट मृत्यु हुने मृतकको लाई म सबभन्दा पहिला हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र यस घटनाबाट घाइते हुनुभएका घाइतेहरूलाई स्वास्थ्य शीघ्र स्वास्थ्यलाभको कामना म गर्न चाहन्छु । र कोरोना भाइरस कोभिड-१९ ले विश्वलाई नै आक्रान्त पार्ने अनिश्चयको महामारीको रूपमा देखिदैछ । स्रोत साधन र स्वास्थ्य सवा प्रणाली उन्नत नभएका नेपाल जस्ता देशहरूका लागि यो कठिन चुनौती चाहिँ हो । र हाम्रो प्रदेश समेत यो महामारीका सम्बन्धमा संकटको उच्च जोखिममा छ । र यसको सामना हामीले गर्नुछ । र यो चुनौतीको घडीमा यो अधिवेशनको सुरुवातमै यहाँ शुभकामना मन्तव्य राख्ने माननीय सदस्यहरूले पनि यो विषम परिस्थितिमा सरकारको भूमिकालाई यहाँ थप जिम्मेवार बनाउनका लागि महत्त्वपूर्ण विषयहरू उठान चाहिँ गर्नुभएको छ । र यी सबै विषयवस्तुहरूका बारेमा सरकारले अहिलेसम्म गरिराखेका काम कारबाहीहरू र यो महामारीबाट कर्णाली प्रदेशका जनतालाई कसरी बचाउन सकिन्छ ? भन्ने विषयवस्तुहरूमा केन्द्रित रहेर यो सम्मानित सभा समक्ष प्रदेश सरकारको प्रमुखको हैसियतले केही समसामयिक विषयहरूमा मैले मेरा विचारहरू र चाहिँ उठेका प्रश्नहरूको म जवाफ दिनेछु । यो बन्दाबन्दी लकडाउनका कारण प्रदेशवासी तथा अन्य समुदायमा पर्न गएको असुविधाप्रति प्रदेश सरकार नितान्तै दु:खी छ, यो महामारीसँग जुध्न प्रदेश सरकारले आफ्ना सम्पूर्ण प्रयासहरू एकीकृत रूपमा परिचालित गरिराखेको चाहिँ छ । र यस महामारी नियन्त्रण रोकथाम र उपचारको अग्रमोर्चामा रहेर महत्त्वपूर्ण योगदान गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरू र बन्दाबन्दीको पालना तथा संयमता अपनाई सरकारलाई सहयोग गर्नुहुने जनप्रतिनिधिहरू, पत्रकारहरू र आम नागरिकहरूलाई धन्यवाद दिंदै आगामी दिनमा थप साथ र सहयोगका लागि म अपिल गर्दछु । र प्रदेश विपद् व्यवस्थापन समिति र अहिले केन्द्रले यो कोरोना भाइरस् नियन्त्रण, रोकथाम र उपचारका लागि सीएमसी गठन गरेको चाहिँ छ र त्यसपछि प्रदेशमा पीसीएमसी गठन गरेको चाहिँ छ । र यी पीसीएमसी र अर्को यो विपद् व्यवस्थापन समिति चाहिँ छ, यसका चाहिँ हामीले बैठकहरू चाहिँ बसेर प्रदेश सरकारले कर्णाली प्रदेशमा फैलिने सक्ने कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्ययोजनाहरू चाहिँ अगाडी बढायो । र नेपालमा लकडाउन सुरु भएको चाहिँ थिएन,

त्यतिखेर कर्णाली प्रदेश सरकारको विपद् व्यवस्थापन समिति चाहिँ बसेर हामीले केही निर्णय चाहिँ गऱ्यौं र त्यसपछि कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठक बसेर पनि हामीले केही निर्णय चाहिँ गऱ्यौं । अब यो ठूलो भयानक चाहिँ रूप लिन्छ र यसबाट अछुतो कर्णाली प्रदेश रहन सक्दैन । यसका लागि हामीले उच्च शतर्कता अपनाउनुको अर्को विकल्प चाहिँ छैन भनेर हामीले सुरुमै कर्णाली प्रदेशका भित्रिने नाकाहरूमा हामीले हेल्थ डेस्क स्थापना चाहिँ गरेर कर्णाली प्रदेशमा आउने सबै नागरिकहरूको स्वास्थ्य जाँच गरेर मात्रै भित्र्याउने र त्यस्ता लक्षण भेटिएकालाई हामीले तुरुन्तै क्वारेन्टाइनमा राखेर उनीहरूको थप परीक्षण प्रक्रिया चाहिँ अगाडी बढाउने भनेर हामीले निर्णय गऱ्यौं । र काहिँकतै पनि अन्य प्रदेशहरूमा संघीय सरकारले चीनबाट आएका विद्यार्थीहरूका लागि खरिपाटीमा क्वारेन्टाइनको व्यवस्था गरेको चाहिँ थियो अरु ठाउँमा गरेका चाहिँ थिएन, हामीले सुर्खेत वीरेन्द्रनगरको खुलामञ्चमा हामीले चार सय बराबरको क्वारेन्टाइन स्थापना गऱ्यौं र त्यसपछि हामीले अर्को अपिल चाहिँ गऱ्यौं कि अब यस भयावह यसले रूप लिन्छ र भोलि बाहिरबाट ल्याउने मान्छेहरू प्रदेशभित्र हाम्रा नागरिक ल्याउन धेरै गाह्रो हुन्छ भनेर प्रदेश सरकारको तर्फबाट हामीले अपिल चाहिँ गऱ्यौं । कर्णाली प्रदेशका नागरिकहरू प्रदेशभन्दा बाहिर आएर अन्य प्रदेशमा रहनुभएका भारत लगायत अन्य मुलुकमा रहेका नागरिकलाई १० दिनभित्र चाहिँ फर्किनका लागि हामीले चाहिँ अपिल गऱ्यौं र अपिल गरिसकेपछि केही फर्किनु भयो र त्यतिखेर केही नागरिकहरू फर्किन सक्नुभएन, जो टाढा हुनुहुन्थ्यो र कतिपय मजदुरहरूले समयमै पैसा नपाइसकेपछि र विभिन्न कारणले आउन नसक्ने अझैं धेरै कर्णाली प्रदेशका बाहिर चाहिँ रहे र त्यसपछि संघीय सरकारले त्यसको केही दिनभित्रै देशभरि एकैपटक लकडाउन गरिसकेपछि स्थिति अलिकति असहज बन्न पुग्यो । र त्यसपछि त्यो लकडाउनलाई हामीले एकदम कडाइ गर्ने भनेर संघीय सरकारले गरेको निर्णयलाई प्रदेश सरकार र स्थानीय सरकारहरू कार्यान्वयनमा अगाडी बढ्यो । र हामीले पनि बाहिरबाट आउने सबै नागरिकका लागि हामीले अनावश्यक बाहिरका, कर्णाली प्रदेशभन्दा बाहिरका नागरिकहरूलाई कर्णाली प्रदेशमा हामीले प्रवेश चाहिँ नदिने, यदि आउनैपर्ने त्यस्तो विशेष काम पऱ्यो भने स्थानीय प्रशासनसँग चाहिँ अनुमति लिएर मात्रै आउने प्रकारको व्यवस्थापन हामीले गर्नुपर्छ भनेर हामीले त्यो भन्यौं र लकडाउनपछि जहाँ अलिकति सङ्क्रमण देखिएको भारतका केही ठाउँहरू र हाम्रै पनि देशभित्रका केही जिल्लाहरूमा अलिकति फैलिएको चाहिँ थियो र त्यस्ता ठाउँबाट आउने नागरिकलाई अब हामीले अनिवार्य क्वारेन्टाइनमा राख्ने व्यवस्थान चाहिँ हामीले गर्नुपर्छ भनेर हामीले भन्यौं र यहाँ विषय पनि उठ्यो त्यत्रो चाहिँ तपाईंको लगानी गरेर क्वारेन्टाइन स्थापना गरिएको छ, मान्छे छैनन् खाली छ भन्ने कुराहरू लगभग लगभग त्यहाँ ३-४ ट्रिप त्यहाँबाट चाहिँ हामीले क्वारेन्टाइनमा राखेर जिल्ला जिल्लामा त्यहाँबाट स्वास्थ्य परीक्षण गरेर सबैमा नेगेटिभ देखिसकिएपछि हामीले जिल्लामा पठाउने काम चाहिँ गरेका छौं । र उता सुदुरपश्चिम प्रदेशका पनि केही नागरिकहरू थिए अछामका उनीहरूलाई पनि हामीले यहाँ राखेर उता पठाउने कामहरू हामीले गरेका चाहिँ छौं । र त्यसपछि ठूलो संख्यामा बाहिरबाट आउने

सम्भावना चाहिँ देखियो । त्यतिखेर संघीय सरकारको अलिकति बढी प्रेसर काठमाडौं उपत्यकाभित्र रहेका नागरिकहरूको अलिकति बढी प्रेसर चाहिँ आयो । त्यतिखेर तुरुन्तै पठाइहाल्ने केही २ दिनका लागि ३ दिनका लागि मात्रै भए पनि लकडाउन चाहिँ खोल्ने भन्ने किसिमको अलिकति घाइँघुइँ चाहिँ बाहिर चर्चा पनि चल्यो । र हामी सबै प्रदेशबाट हामीले सुझाव दियौं कि अब अहिले त्यसरी नागरिकहरू ओसारपसार गर्नका लागि हाम्रा लागि त्यति चाहिँ राम्रो हुँदैन । ती नागरिकलाई जहाँ छन्, जता छन्, जुनसुकै ठाउँमा छन्, त्यहीं ठाउँमा बरु बस्ने र खाने व्यवस्थापन हामीले गर्नुपर्छ र बरु प्रदेशले अन्य प्रदेश र विदेशी नागरिकहरू छन् भने तिनीहरूको बस्ने र खाने सम्पूर्ण व्यवस्थापन हामी आफैले गर्छौं भनेर हामीले यहाँबाट पनि सुझाव पठायौं र अन्य प्रदेशबाट पनि सुझाव चाहिँ गयो । र त्यसपछि काठमाडौंबाट बाहिर गाडी पठाउने विषयमा औपचारिक निर्णय संघीय सरकारले चाहिँ गर्न सकेन र गरेन । निर्णय त भएन तर कार्यान्वयन फेरि भयो । कार्यान्वयनमा चाहिँ हाम्रा जिम्मेवार चाहिँ सरकारमा रहेका मान्छेहरू पनि र त्यसपछि अन्य जनप्रतिनिधिहरू र त्यसपछि अब अलिअलि चाहिँ उद्धार गर्नेमा रमाउने मान्छेहरूले ठाउँठाउँबाट त्यहाँ रहेका नागरिकलाई उद्धार गरेर पठाउनेहरूको अलिकति प्रतिस्पर्धा चाहिँ चल्यो । बढी होडबाजी चाहिँ चल्यो । र जसका कारणले गर्दा धेरै ठूलो संख्यामा हाम्रो प्रदेशमा पनि लकडाउनको बीचमा बाहिरका नागरिकहरू चाहिँ आए । र अब तिनीहरूका तिनीहरूबाट अब सङ्क्रमणको खतरा चाहिँ अब रह्यो । अब यिनीहरूको व्यवस्थापन कसरी गर्ने ? हामीले भनेका चाहिँ थियौं, लकडाउनको बीचमा छिटफूट ढंगबाट आएका मुख्यगरी अझैं भारतको सिमाना दशगजामा रहेका र त्यहाँबाट लुकीछिपी आउने नागरिकलाई हामीले क्वारेन्टाइनमा राख्ने भनेर धेरै ठूलो संख्यामा नागरिकहरू आउँदैनन् भन्ने हाम्रो सोच चाहिँ थियो । कडा लकडाउन चाहिँ छ र कोही विशेष कामले आएकाहरूलाई पनि अनिवार्य क्वारेन्टाइनमा राख्ने भनेर बाहिर रहेका कोही पनि होस् कर्मचारी होस् स्वास्थ्यकर्मी होस् कोही जनप्रतिनिधि होस् जो पनि मान्छे प्रवेश गरिसकेपछि अनिवार्य क्वारेन्टाइनमा राखेर कम्तीमा पनि १४ दिन क्वारेन्टाइनमा राखेर मात्रै अन्य काममा खटाउने गरीकन हामीले क्वारेन्टाइन स्थापना हामीले गरेका चाहिँ थियौं तर एकै पटक ठूलो संख्यामा आयो, बीचको भनेको १२ हजार कम्तीमा पनि १२ हजारको संख्यामा रातारात मान्छेहरू ठाउँठाउँबाट कहाँबाट को आए भन्ने कुरा अत्तोपत्तो नहुने गरीकन मान्छेहरू चाहिँ आए, ती आइसकेपछि हामीले फेरि भन्यौं निर्णय गऱ्यौं कि अब सुर्खेतमा राखेर उनीहरूको व्यवस्थापन गर्न सकिदैन । जिल्ला जिल्लामा पठाउने र जिल्लामा अनिवार्य क्वारेन्टाइन बनाउने भनेर जिल्ला यो चाहिँ यो अहिलेको म्यानेजम्यान्ट सेन्टर अहिलेको यो जो छ डीसीएमसी जो चाहिँ डीसीएमसीलाई यहाँबाट पत्राचार गऱ्यौं, निर्णय गऱ्यौं अब जिल्लामा अनिवार्य क्वारेन्टाइन चाहिँ बनाएर राख्नु भनेर हामीले निर्णय गरेर हामीले पठायौं । र त्यसपछि अब त्यहाँ कतिपय गाउँपालिकाले राम्रो भूमिका निर्वाह गऱ्यो । त्यस्ता पालिकाहरूमा क्वारेन्टाइनको व्यवस्थापन राम्रो भयो र कतिपय पालिकाहरूमा व्यवस्थित क्वारेन्टाइन बनाउन सकेनन् र मान्छेहरू गाउँमा गए, आफ्नो घरमा गए मान्छेहरू ।

कतिपयले हामीलाई क्वारेन्टाइन चाहियो, हामी घर जाँदैनौं भन्ने मान्छे पनि भेटिए । कतिपय मान्छेहरू हामीलाई थुन्ने हामीलाई यहाँ जेल हाल्न ? हामी के अपराध गऱ्याछौं भनेर कतिपयले बस्नै नमानेर बस्न नचाहेर पनि घरतिर जाने काम पनि गरे । जनप्रतिनिधिहरूले त्यतिखेर बल प्रयोग गरेर क्वारेन्टाइनमा राख्न सक्ने अवस्था भएन र त्यतिखेर हामीले बनाएको क्वारेन्टाइनमा सुरक्षाको व्यवस्थापन पनि कमजोर चाहिँ भयो । सुरक्षाकर्मीले जिम्मा लिएका चाहिँ थिएनन् । र त्यस्तो स्थितिमा केही मान्छेहरू चाहिँ गए । र केही मान्छेहरू क्वारेन्टाइनमा बसे राम्रो काममा स्कूलमा बसे । स्कूलको फिल्ड बनाएँ, रंगरोगन गरें । त्यस्तो राम्रो काम गरेका पनि क्वारेन्टाइनमा केही मान्छेहरू बसे । त्यस्तो पनि छ भने केही ठाउँमा तपाईंको अलिकति तपाईंको नेगेटिभली गतिविध सञ्चालन गर्ने भएका चाहिँ तपाईंको बेडहरू भाँच्ने, तोडफोड गर्ने हामीलाई भत्ता चाहियो, वाइफाइ चाहियो, अर्को चाहियो भनेर चाहिँ सेवासुविधाहरू पूरै माग्ने किसिमको कामहरू पनि भयो । र कतिपय ठाउँमा सट्टामा क्वारेन्टाइन हामी पनि बस्छौं भनेर फेरि सट्टामा पनि क्वारेन्टाइनमा पठाउने काम पनि भयो । र कतिपय क्वारेन्टाइनमा साँझपख सबै घरपरिवार बोलाएर सँगै बस्ने फेरि जाने । त्यस्तो प्रकारको पनि भयो । त्यसो भाहुनाले यी सबै अघिल्लो शिक्षाले गर्दा अहिलेको क्वारेन्टाइनलाई हामीले अझैं व्यवस्थित गर्नका लागि हामी अलिकति नयाँ ढंगको प्लानिङ्ग चाहिँ हामीले बनायौं । र त्यतिखेर कतिपय बसे कतिपय बसेनन् । नबस्दाखेरिमा अब यसको प्रभाव प्रत्येक गाउँमा चाहिँ पर्न सक्छ अब हामीले कर्णाली प्रदेशमा बाहिरको नागरिकलाई आउनेमा लकडाउनको कारणले गर्दाखेरि आउन सकेनन् र थोरै छिटफूटमा तलै क्वारेन्टाइनको व्यवस्थापन गऱ्यौं र माथिका गाउँघरमा अब थप जनशक्ति गएन र मान्छेहरू चाहिँ गएनन् भने अब माथिको ठाउँहरू के छन् त हाम्रा । जिल्लाहरू चाहिँ के छन् ? भनेर हामीले सङ्क्रमण प्रदेशभित्र फैलिएको छ कि छैन भन्ने कुरा बुझ्नका लागि हामीले के प्लानिङ्ग चाहिँ गऱ्यौं भने हामीसँग भएका ७ सय १८ वटा वडामा टोली बनाएर प्रत्येक वडाबाट १० जनाको चाहिँ हामीले स्वाव संकलन गर्न हामीसँग कीट चाहिँ थिएनन् । सबै नागरिकको एकै पटक हामीले परीक्षण गर्नका लागि १० जना एउटा वडाबाट लियो भने विभिन्न समयमा र विभिन्न ठाउँबाट आएका मान्छेबाट हामीले स्वाव संकलन गरेर हामीले एउटा किटमा राखेर १० जनाको स्वावलाई एउटा कीटमा राखेर हामीले त्यसको परीक्षण गर्ने र त्यो टोल सङ्क्रमित छ कि छैन भन्ने कुरा त्यसपछि पत्ता लाग्छ र पत्ता लागिसकिसकेपछि जुन टोलमा देखा पऱ्यो वडामा देखा पऱ्यो त्यो वार्डलाई पूरै हामीले सील गर्ने । जुन वडामा देखिएन, त्यो हामीले लकडाउनलाई खोल्दिने र त्यहाँका चाहिँ किसानहरूले खेतीपातीका कामहरू पनि अगाडी बढाउन् र विकास निर्माणका कामहरू पनि अगाडी बढोस् र त्यहाँ अब अन्य काम कारबाहीहरूलाई नियमित सुचारु चाहिँ गर्नका लागि त्यो निर्णय गर्ने र जुन पालिकामा देखा पऱ्यो त्यो पालिकालाई कडाइ गर्ने सील गर्ने जुन पालिकामा देखिएन ती पालिका चाहिँ हामीले खोल्दिने जुन जिल्लामा बढी सङ्क्रण चाहिँ देखियो ती जिल्लाहरूलाई लक गर्ने रेड जोनको रूपमा राख्ने । जुन जिल्लामा देखिएन ती

जिल्ला चाहिँ खोल्दिने भनेर हामीले अभियानकै रूपमा जाने भनेर चाहिँ हामीले त्यो किसिमको प्लान बनायौं र यसका लागि आवश्यक पर्ने भनेको परीक्षणका लागि । सबभन्दा पहिले यहाँ मेसिन थिएन, ल्याव थिएन हामीसँग र हामीले ल्यावका लागि संघीय सरकारलाई भन्यौं र संघीय सरकारले एउटा सानो मेसिन हामीलाई पठायो । र यत्तिले मात्रै अब हामीले सबैको परीक्षण गर्नका लागि असम्भव देखिसकेपछि हामीले दुइटा थप गर्ने निर्णय गऱ्यौं र एउटा सुर्खेतमा र एउटा जुम्लामा दुई वटा मेसिन थप गरिसकेपछि त्यहाँबाट परीक्षण सुरु भयो र माथिका जिल्लाहरू साविकका कर्णालीका ५ वटा जिल्लामा जुम्लाको स्वास्थ्य विज्ञान प्रतिष्ठानले जिम्मा लिने र परीक्षण गर्ने र अझैं दैलेखसम्म पनि भनेका चाहिँ छौं र त्यसपछि तलका चाहिँ अरु जिल्लाहरूमा सुर्खेतबाट गर्ने भनेर हामीले प्रदेश हस्पिटलबाट गर्ने भनेर हामीले त्यो निर्णय गऱ्यौं । र जुम्ला स्वास्थ्य विज्ञान प्रतिष्ठानले कालीकोट जिल्लासम्म उले सक्यो साविकका कर्णालीका पाँचै जिल्लामै सक्यो। त्यसपछि यहाँ तल्लो तलतिर पनि सुर्खेत त्यसपछि जाजरकोट लगायतका जिल्लाहरूमा परीक्षण भइराखेको चाहिँ छ र सबै ठाउँमा अहिले हामीले कम्पिलिट गर्न सकेका चाहिँ छैनौं । यो प्रोसेसिङ्गमै चाहिँ छ । र अब गाउँमा यदि पोजेटिभ अहिले माथिसम्मको सबै रिपोर्ट आएको जति परीक्षण चाहिँ भयो, अहिलेसम्म सबै ठाउँको चाहिँ रिपोर्ट चाहिँ के आको छ भने सबै ठाउँमा नेगेटिभ रिपोर्ट आको छ । र त्यसो हुँदा हाम्रो बुझाई के हो भने अब लगभग लगभग गाउँहरूचाहिँ संक्रमित छैनन् भन्ने कुराको एउटा बुझाई हो । र अब गाउँमा सङ्क्रमण चाहिँ छैन । गाउँमा चाहिँ तपाइँको संक्रमित चाहिँ भेटिएनन्, अब अहिलेको चाहिँ सबभन्दा खतरा भनेको एकैपटक तपाइँको ठूलो संख्यामा अहिले औपचारिक रूपमा त नाका खुला भएको छैन, बन्दै छ दुई देशीय नाका तर मान्छेहरू आइराखेका चाहिँ छन् । ठूलो संख्यामा एकै पटक मान्छेहरू आका छन् । अब अहिले सबभन्दा ठूलो चुनौती भनेको यी नागरिकहरूको व्यवस्थापन गर्ने कुरा नै हाम्रा लागि सबभन्दा ठूलो चुनौतीको रूपमा खडा भएको चाहिँ छ । र अब यसका लागि हामीले अहिले हामीले भनेका चाहिँ थियौं कि संघीय सरकारलाई अब यदि भारतमा रहेका नागरिकलाई दशगजामा छन् सीमा क्षेत्रमा छन्, नेपालको सीम लाग्छ उनीहरूलाई, नियमित टेलिफोन सम्पर्कमा चाहिँ छन् । लाइभ त्यहाँको चाहिँ अवस्थाका बारेमा जानकारी गरिराखेका चाहिँ छन् । अब अलिकति त्यहाँ बसेका नागरिकहरूको व्यवस्थापन राम्रो नभएको सार्वजनिक सञ्जालमा आइराखेको चाहिँ छ । अब हामीले औपचारिक निर्णय गरेर ती नागरिकलाई ल्याऔं । र अब एकठाउँमा हामीले क्वारेन्टाइनमा राख्ने व्यवस्था चाहिँ गरौं सबै प्रदेशका नागरिकहरूलाई निश्चित क्वारेन्टाइनमा चाहिँ बनाएर त्यहाँ राखेर त्यही चाहिँ चेक चेकजाँज गरेर मात्रै हामीले गाउँमा आउन दिने व्यवस्था चाहिँ गर्न जरुरी चाहिँ छ भनेर सुझाव हामीले माथिको सीसीएमसीलाई र त्यसपछि संघीय सरकारलाई हामीले लिखित निर्णय गरेर यहाँबाट पठायौं र यदि त्यो गर्न नसकिने हो र आ-आफ्ना चाहिँ प्रदेशमा गर्ने हो भने पूर्व जानकारी प्रदेश सरकारलाई भयो भने यति जना नागरिक आज फलानो प्रदेशका फलानो ठाउँबाट आउँदैछन् । यसका लागि आवश्यक व्यवस्थापन गर्नुपऱ्यो भन्ने कुराको चाहिँ पूर्व जानकारी

२/३ दिन अगाडी जानकारी आयो भने त्यसको व्यवस्थापन गर्न हामीलाई सजिलो हुन्थ्यो त्यो गरौं भनेर हामीले भन्यौं र अहिले समस्या के भयो भन्दाखेरि को मान्छे कहाँबाट कसरी आइपुग्छ भन्ने कुराकै थाहा नहुने भयो । जो रुपैडियाको नाकाबाट आउने, रुपैडियाको नाकामा हामीले केही त्यहाँ हामीले राखेका छौं जनशक्ति, उनीहरूले रिपोर्ट दिन्छन् र त्यहाँबाट आउनेहरूको सूचना चाहिँ आउँछ त्यो पनि वारी आइसकेपछि मात्रै नेपालको सिमानामा आइसकेपछि मात्रै उनीहरूले सूचना पाउँछन् । आउने वित्तिकै यति आए भन्ने हुन्छ । अब अहिले १ मिनेट पनि तपाईंको अहिले यो पछिल्लो चरण नेपालगञ्जमा पनि बढी ठूलो त्रास चाहिँ फैलिएको हुँदा एक मिनेट पनि रोक्न नदिएर त्यहाँबाट तुरुन्तै पठाउने व्यवस्था भइहाल्छ । र त्यसपछि अब मान्छे र सूचना सँगसँगै तपाईंको हामीले प्राप्त गर्ने स्थिति देखिसकिसकेपछि निकै गाह्रो चाहिँ हामीलाई भयो । र त्यसपछि अब हामीले यहाँबाट अलिकति केही समय डिले गराएर अहिले पनि स्थानीय पालिकाको के छ भने अलिकति केही समय रोकिदिनुस्, त्यही रोकिदिनुस् हामी यहाँ व्यवस्था गर्दैछौं । अब रोक्ने ठाउँ नै छैन काहिँनेर मान्छे उभिनै दिन्नन् बबईमा झर्नै दिन्नन् । बबईका त्यहाँनिरका मान्छे हुन पनि ठूलो जोखिममा छन् त्यहाँ । अब जंगलमा रोकौं त्यो समस्या अहिले त्यही पनि हामीले केही समय अलिकति ढीला गरेर कमसेकम उनीहरूको बस्ने व्यवस्थापन जिल्लाहरूले गर्न सजिलो होला भनेर अलिकति डिले गर्ने कामहरू पनि भयो । र त्यसपछि अहिले कुरा के आयो भने ठाउँ-ठाउँमा रोक्ने भनेर धेरै दिन फेरि भोका पनि छन् । हिनेका छन् धेरै सायद जीवनको पहिलो पटक होला यति ठूलो दुःख चाहिँ पाएको अलिकति आक्रोशित, अलि उत्तेजित छ आएको चाहिँ मास यो भोगले हो, भोगको आक्रोश हो । अब यस्तो स्थितिमा हामीले फेरि ठाउँठाउँमा बाटो बाटोमा जहिँ ति पायो त्यहीँ व्यवस्थापन खानाका लागि गर्नका लागि पनि निकै गाह्रो चाहिँ भयो । चाउचाउ, बिस्कुट, चिउरा, त्यस्तै गरेर चाहिँ तपाईंको केही समय वयट गर्नुपर्ने भयो भने अर्को कुरा हामीले सके सीमा नाकामै गर्ने अल्लि अल्लि अगाडी सीमा नाकामै आरडिटि गराएर पठाउने काम भयो । र त्यसपछि अब हामी नसक्ने भयौं । ठूलो संख्यामा चाहिँ आयो नसक्ने भयौं अब प्रदेश-प्रदेशले त्यहाँ गर्ने भन्ने भइसकिसकेपछि त्यहाँबाट नागरिकहरू आरडिटी नगराएर आउने भए र प्रदेश सरकारले फेरि आरडिटी चेक गर्नका लागि आरडिटी कीटहरू हामीसँग पर्याप्त नभइसकेको स्थितिमा आरडिटी चेक गर्नको लागि गाह्रो चाहि भयो । अब आरडिटी चेक भयो केहीको । केहीको चेक भयो, फेरि केहीलाई नगरौं भने पनि आधालाई गर्ने आधालाई नगर्ने भन्ने किसिमको समस्या सिर्जना हुने अब हामीले सबैको गरौं भने एउटा आरडिटीमै पनि प्रश्न चाहिँ उठेको छ, यो प्रयोग गर्ने कि नगर्ने भन्ने कुरा धेरै प्रदेशहरूमा यो खासै अरु प्रदेशले त यो गर्नेमा त्यति जाँगर चाहिँ गरेका छैनन् । अझ यहाँ छिमेकी देश भारतमा भन्ने हो भने त दुई हप्ता क्वारेन्टाइनमा राख्ने दुई हप्तामा कुनै पनि प्रकारको लक्षण देखिएन भने पीसीआर पनि नगरीकन घर पठाउने गऱ्या चाहिँ छ, छिमेकी राष्ट्र भारतले तर हामीले सकेसम्म आरडिटी गरौं ठीकै हुन्छ आरडिटीबाट पोजेटिभ देखिएकाहरूलाई फेरि पीसीआर गरौं भन्यौ अब हामले पछिल्लो चरण भारतबाट

आएका, अघिल्लो चरण विभिन्न ठाउँबाट आएकाहरूलाई त चेक गऱ्यौं । पोजेटिभ देखाएकाहरूलाई पनि पछि पीसीआर गर्दाखेरि नेगेटिभ देखायो । यले गर्दा त्यति यो काम छैन यसको यो बेकार किन खर्च गर्ने ? नगरौं भन्नेमा नै हो र हामीले बैठकमा यो नगर्ने एकैपटक हामीले पीसीआर गर्ने भनेर हामीले भनेका चाहिँ थियौं । हैन गरौं केही छ हामीसँग कीटहरू छ गरौं भन्ने भइसकिसकेपछि अनि हामीले चेक गर्दाखेरिमा पोजेटिभ देखियो अनि जति जना हामीले आरडिटी गर्दा पोजेटिभ देखियो फेरि पीसीआर गर्दा नि पोजेटिभ देखियो । यले गर्दा अलिकति विश्वसनीयता चाहिँ फेरि पैदा भो यो त ठीकै हो कि भन्ने भयो तर फेरि अहिले डक्टरको कुरा के छ भन्नुहुन्छ भने आरडीटी गर्दाखेरिमा पोजेटिभ नेगेटिभ देखाएकालाई पनि तपाईंको पीसीआरमा पोजेटिभ देखाउन थाल्याछ भन्नेछ त्यसोभाहुनाले अहिले अब हामीले फेरि अलिकति कस्तो अनुमान गरेका छौं भने लगभग लगभग भारतबाट आएका प्राय:सँग चाहिँ सङ्क्रमण चाहिँ छ कि भन्ने कुराको एउटा हामीले आशंका मात्रै गऱ्या चाहिँ छौं । अब यसका लागि हामीले फेरि पनि सकेसम्म आरडिटी पनि गरौं, पीसीआर पनि गरौं भनेर यसका लागि पनि आवश्यक पहल हामीले गरेका छौं र केही संघीय सरकारले पठाएको छ तर संघीय सरकारले थोरै मात्रै पठाउने भाहुनाले हामीलाई नपुग्ने ठूलो संख्यामा भारतबाट आउने भाहुनाले हामीले आफै पनि जहा-जहाँ जुन-जुन ठाउँमा जतिजति भेटिन्छ ती ल्याएर गरौं भनेर भइहाल्यो भनेका चाहिँ छौं । र अहिले अब हामीले यहाँ ठूलो संख्यामा आउने र बबईमा मात्रै सबैको चेक गर्न नसकिने भाहुनाले अब हामीले अहिले क्वारेन्टाइनमै राख्ने हामीले पोजेटिभ आए पनि नेगेटिभ आए पनि क्वारेन्टाइनमा अनिवार्य राख्ने भनेर हामीले बरु क्वारन्टाइनमै गएर त्यो आरडिटी गरौंला तर आरडिटी गर्नुपभन्दा पनि पीसीआर नै गर्ने कुरा सबैभन्दा राम्रो हुन्छ । अन्तिममा पीसीआर रिपोर्ट नआएसम्म हामीले पठाउँदैनौं । यसका लागि हामीले पीसीआरमा नै बढी जोड गर्ने पीसीआरका लागि चाहिने सामग्रीहरू ल्याउने कुरामा चाहिँ हामीले जोड दिएका चाहिँ छौं । र यले गर्दाखेरिमा अब कडाइ गर्ने भनेर सिधै हाम्रो सीमाक्षेत्र बबईमा आइसकेपछि सबै गाडीको स्कटिङ्ग गर्ने र काहिँकतै पनि बाटोमा झर्न नदिने कुनै गाउँमा झर्न नदिने अलि धेरै ठूलो आक्रोस त तपाईंको काहिँ पनि झर्न दिएनन् काहिँ पनि रोकेनन् भनेर सबभन्दा बढी पानी पनि खान दिएनन् भन्ने धेरै चाहिँ तपाईंको आक्रोश त्यहाँबाट पैदा भो र हामीले अलिकति नरोक्ने जताततै नझर्ने सिधै गाडीबाट भटाभट उही पुगाउने सोचका साथ त्यो गऱ्या हुँदाखेरि स्कटिङ्गको माध्यमबाट नत्र भने अघिल्लो पटक के भयो भने नजिक नजिक पुग्न थाल्यो सटसट बीचबीचमा झरिहाल्ने । अब ड्राइभरले कन्ट्रोल गर्न सक्ने कुरा भएन पुग्ने ठाउँमा जाँदाखेरिमा त गाडी मात्रै पुग्ने खाली गाडी मान्छे कोही पनि नहुने किनकि क्वारेन्टाइनमा राख्छन् भन्ने कुरा बाटोमै थाहा पाइहाले त्यसपछि बीचबाटै भाग्ने स्थिति सिर्जना भइसकेपछि यो पटक पनि त्यो नहोस् भन्ने हिसाबले पुलिसहरूको स्कटिङ्ग गरेर सिधै जहाँ हो तोकिएको क्वारेन्टाइनमा सिधै पठाउने । अब अहिले स्थानीय तहलाई पनि के भनिएको छ भने अहिले स्थानीय प्रशासनलाई पनि अहिले अघिल्लो पटक के भयो भने यहाँबाट प्रदेशले सजिलाका लागि यो त सबैले सजिलो चाहिएको

हो । संघलाई सजिलाका लागि प्रदेश प्रदेश पठाउन भन्दा एकदम सजिलो निर्णय हुने, प्रदेशले स्थानीय सबै तपाईंको जिल्लामा पठाइदिने भनेर निर्णय गर्दा प्रदेशलाई सजिलो हुने । अनि जिल्लाको यो जो क्राइसिस म्यानेजमेन्ट सेन्टरले तपाईंको पालिका पालिकामा पठाइदिने भनेर उलाई पनि निर्णय गर्न सजिलो हुने । अनि पालिकाले के निर्णय गर्दाखेरिमा सबै तपाईंको वडा वडामा पठाउने भनेर पालिकाले निर्णय गर्न सजिलो भयो । अनि वडाले के गऱ्यो भन्नुहुन्छ भने सब घर-घर जाने क्वारेन्टाइनमा बस्ने तातोपानी खाने भनेर तपाईंको चाहिँ त्यले निर्देशन चाहिँ गर्दियो । अब यस्तो प्रकारको फेरि समस्या चाहिँ नआओस् भन्ने सायद अहिले यतिखेर त बढी रिस्क हुने भाहुनाले अहिले के भनियो भन्नुहुन्छ भने अहिले यहाँबाट हामीले जिल्लाको मात्र टोली छुट्याउने कमसेकम आफ्नो जिल्लामा चाहिँ पुगुन् छुट्याउने र जिल्लामा गइसकेपछि एउटा ग्रुप एउटा क्वारेन्टाइनमा बस्ने । पालिका जुनसुकै हुन् । अब आ-आफ्नो पालिकामा भाग नहाल्ने भनेर भनिएको छ । र धेरै जिल्लामा लागू पनि भा´छ चाहिँ छ अहिले । पालिकामा एउटा टोली आयो एउटा क्वारेन्टाइनमा बस्यो, अर्को टोली आयो अर्को क्वारेन्टाइनमा बस्यो । अर्को टोली आयो अर्को क्वारेन्टाइनमा बसेर एउटा टोली एउटा क्वारेन्टाइनमा चाहिँ राख्ने भनेर त्यो भनिएको छ र धेरै तपाईंको जिल्लाले त्यो कार्यान्वयन पनि गरेका छन् । र केही ठाउँमा नभएको भन्ने कुरा पनि आयो फेरि पालिका-पालिकामा भाग हाल्ने पठाउने पनि भएको छ भन्ने छ । र अब अहिले फेरि क्वारेन्टाइन जति चाहिँ बनाइएको छ, ती क्वारेन्टाइनहरूमा सुरक्षाकर्मी अनिवार्य चाहिँ रहने भनेर धेरै चाहिँ क्वारेन्टाइन अहिले हामीले बनाउन नसकिने स्थिति सिर्जना चाहिँ भयो भने स्कूलहरू दुई तीनटा प्रयोग गर्न सकिएला ठाउँ दुई तीनटा प्रयोग गर्न सकिएला तर क्वारेन्टाइनको कमान्ड एउटै गर्ने गरीकन स्थानीय पालिकाको प्रमुखको संयोजकत्वमा सुरक्षा त्यहाँको प्रमुख र त्यसपछि स्वास्थ्य प्रमुख सहितको अनि एउटा क्वारेन्टाइन व्यवस्थापन समिति बनाएर त्यले व्यवस्थापन गर्ने भनेर खटाइएको चाहिँ छ । अहिले सबै क्वारेन्टाइनहरूमा जहाँ तपाईंको तोकिएका क्वारेन्टाइन चाहिँ छन् त्यो क्वारेन्टाइनमा सुरक्षा व्यवस्थापन चाहिँ गर्ने भनेर धेरै क्वारेन्टाइनमा सुरक्षाकर्मी खटिएको भन्ने कुराको सूचना जानकारी हामीकहाँ आको चाहिँ छ भने त्यो ठाउँमा छन् कि छैनन् ? के कस्तो भइराख्या चाहिँ छ यसका लागि अनुगमन गर्नका लागि सुरक्षा निकायका प्रमुखहरूलाई परिचालन गरिएको चाहिँ छ । अहिले दुईटा प्रहरीका दुईटा डिआइजीहरू र सेनाको पृतनापतिलाई केही जिल्लाहरूमा क्वारेन्टाइनमा सुरक्षा व्यवस्थापन चाहिँ कस्तो छ भनेर हेर्नको लागि र अलिकति कमजोर भएको ठाउँमा थप सुरक्षा व्यवस्थापन कडाइ गर्नका लागि हेर्नुस् एकपटक भनेर उहाँहरू अहिले परिचालित हुनुभएको चाहिँ छ । र अहिले अब सबभन्दा ठूलो समस्या भनेकै सुरक्षाकर्मीको अभाव भन्ने कुरा नै सबभन्दा बढी सुरक्षा निकायहरूबाट आयो । र अहिले सशस्त्र प्रहरी सबै सीमाक्षेत्रमा झिकाइसकेको सशस्त्र प्रहरी चाहिँ अहिले हामीकहाँ छैन, धेरै कम मात्रै छ, ब्यारेकको सुरक्षा मात्रै गर्ने जनशक्ति मात्रै यहाँ चाहिँ छ । र केही-केही ठाउँमा थोर-थोरै खटिएको चाहिँ छ, धेरै जनशक्ति सीमाक्षेत्रमा गइसक्यो । र अब आर्मी

परिचालित हुने अहिले व्यवस्था चाहिँ छैन । अहिले आर्मीलाई परिचालन गरेर हरेक क्वारेन्टाइनमा खटाउने निर्णय नगरीकन सरकारले त्यसरी जान आर्मी सक्दैन । अब जनपथ प्रहरी मात्रै हो जनपथ प्रहरी कहाँ गइसक्ने कति कहाँ गइसक्ने अब ती भाटा हान्दै ठिक्क छ। त्यसैले अब एउटा क्वारेन्टाइनमा एक जना दुई जना मात्रै छन् अरे । अब हाम्रा त मान्छेहरू सब हट्टाकट्टा बलिया छन् । दुईजनालाई त एकैचोटि पेलपाल खेलाइहाल्छन् दुईजना प्रहरी फेरि । अब सङ्क्रमित छन् भन्ने डरआको छ फेरि छोउछोउ भन्ने वित्तिकै भाग्ने भए पुलिस फेरि त्यहाँबाट । अब त्यो भा'हुनाले अब अलिकति क्वारेन्टाइनको सेकुरिटीमा ठूलो च्यालेन्ज खडा भएकै छ फेरि त्यो । त्यसका लागि हामीले अहिले के निर्णय गरेका चाहिँ छौं भने अब एउटा निर्णय गरेर क्वारेन्टाइनको सुरक्षाका लागि नेपाली सेनाले चाहिँ जिम्मा लिने व्यवस्थाका लागि चाहिँ हामीले यहाँबाट अनुरोध गरेर पठाएका चाहिँ छौं र स्थानीय प्रशासन ऐनमा पनि व्यवस्था चाहिँ रैछ र स्थानीय प्रशासनले जिल्लामा निर्णय गरेर पनि सेनालाई निश्चित कामको जिम्मा दिनसक्ने व्यवस्था त्यो रैछ । त्यो व्यवस्था अनुसार सेनालाई पनि अहिले त्यो पनि फेरि सेनाको अब यहाँ पृतनापतिकै सुझावअनुसार ल हुन्छ हामीले त्यो व्यवस्था चाहिँ भयो भने हामी खटिन तयार छौं भन्ने कुरो उहाँहरूको भइसकिसकेपछि हामीले सेनालाई पनि अहिले क्वारेन्टाइनमा खटाउने भन्नेतिर चाहिँ अब निर्णय चाहिँ भाको चाहिँ छ र अब सेनाले त्यो काम चाहिँ तुरुन्तै अगाडी बढाउदै छ । अब त्यसपछि अब हामीले क्वारेन्टाइनको व्यवस्थापन गरिसकेपछि त्यसपछिको कुरा भनेको परीक्षणको कुरा हो । अब १४ दिन कटी सकिसकेपछि हामीले परीक्षण सुरु गर्ने र यसका लागि आवश्यक कीटको व्यवस्थापन चाहिँ गर्ने भनेर यसको व्यवस्थापन चाहिँ अब का लागि केही टेण्डरहरू चाहिँ भको छ र संघीय सरकारसँग पनि हामीले कम्तीमा पनि हाम्रो प्रदेशमा अहिले ८० हजार जति नागरिक इण्डियामा चाहिँ छन् । ८० हजारमा न्यूनतम आउने भनेको हाम्रो २५-३० हजार अवश्यै पनि आउँछन् र २५-३० हजारलाई चाहिँ पुग्ने किसिमको कीटको व्यवस्थापन चाहिँ अब गरिदिनका लागि चाहिँ भनेर हामीले यहाँबाट लेखेर पठाएका चाहिँ छौं भने त्यसपछि अब अहिले यसको डिटेलमा अझैं हामीले विभागीय मन्त्रीले पछि कुनै बेला संसद्मा जानकारी गर्नु हुनेछ । अझैं विस्तृत हामीले कति-कति कहाँ-कहाँ के-के गर्‍यौं भन्ने कुराका बारेमा र अहिलेसम्म अब हामीले मोटामोटी मात्रै भन्छौं र अहिलेसम्म पीसीआर चाहिँ गरेको ६ हजार ५ जनाको चाहिँ पीसीआर चाहिँ गरेको रिपोर्ट चाहिँ छ हामीसँग । आरडिटी अब १० हजार ६ सय १८ जनाको छ । त्यसपछि अब अहिलेसम्म हामीले पीसीआर चाहिँ जाँच गरेर पोजेटिभ देखिएका बिरामीहरू हिजोको दिनसम्मको रिपोर्ट चाहिँ हो । अब आज कति आउँछ थाहा छैन र हामीसँग २३ जना चाहिँ छ । र त्यसपछि अब हामीले आरडीटीबाट गर्दाखेरिमा ५ हजार ९ सय ८२ जनाकोमा चाहिँ देखिएको थियो र अहिले अब हामीले लगभग त्यति जनाको परीक्षण गरेका चाहिँ छौं भने त्यसपछि अब यो अहिले अब हामीले मुख्यगरी उपचारका लागि अब हामीले भनेर मुख्यगरी तीनटा हस्पिटल एउटा जुम्लाको स्वास्थ्य विज्ञान प्रतिष्ठान रिफर केशहरू चाहिँ हामीले त्यहाँ ल्याएर उपचार

गर्ने । त्यसपछि अब अर्को भनेको प्रदेश हस्पिटल, र त्यसपछि अब हामीले अर्को हस्पिटल भनेको चौरजहारीको त्यो सामुदायिक चाहिँ हस्पिटल । यी तीनटा हस्पिटललाई हपको रूपमा चाहिँ राखेर त्यसपछि अरु हस्पिटलहरू १० वटा अरु हस्पिटलहरूलाई हामीले यसको प्रारम्भिक उपचारका लागि केही भौतिक पूर्वाधारहरू चाहिँ तयार पार्ने भनेर हामीले निर्णय गर्‍यौं र जुम्लालाई टार्जेट ३ सयको राख्ने आइसोलेसन बेड, ३ सय बेड जुम्लालाई टार्जेट राखेर अहिले अब कति सकिन्छ शुरू गर्दै जाने भनेर भनिएको छ र अहिले अब यहाँ, त्यहाँ हामीले भन्यौं भने त्यसपछि यता सुर्खेतलाई पनि हामीले ३ सयको लक्ष्य राखेर यलाई पनि अब क्रमश: यलाई आइसोलेसन बेडहरूचाहि बनाउने भनेर हामीले यलाई भन्यौं र हामीले १ सयको लक्ष्य राखेर चौरजहारी सामुदायिक हस्पिटललाई बनाउने भनेर चाहिँ हामीले भन्यौं । र त्यसपछि प्रत्येक जिल्लामा कम्तीमा पनि ५० बेडको आइसोलेसन तपाईँको बेडहरू तयार पार्ने भनेर हामीले जिल्लालाई भन्यौं र यसका लागि आवश्यक बजेटको व्यवस्थापन भयो र हामीले जुम्लाको हस्पिटललाई त्यसपछि प्रदेश हस्पिटललाई त्यसपछि आवश्यक पूर्वाधारका लागि भनेर तत्काल आइसोलेसन बेड र त्यसपछि आईसीयूहरू र भेन्टिलेटरहरू । र कम्तीमा पनि ५ वटासम्म जिल्लाको हस्पिटलमा आईसीयू बेड बनाउने र एउटासम्मको भेन्टिलेटर चाहिँ बनाउने भनेर एउटासम्मको भेन्टिलेटर चाहिँ बनाउने भनेर हामीले निर्णय गर्‍यौं । र यसका लागि आवश्यक बजेटको माग भएको छ र केही बजेट यहाँबाट हामीले पठाएर टेण्डरको प्रक्रियामा छन् भने केही ठाउँमा आइसकेको पनि रिपोर्ट चाहिँ छ । र अब यो सबै कूल हालसम्मको भनेको आइसोलेसन बेडको संख्या सबै गरेर अहिले ५ सय ४० वटा चाहिँ छ, टोटलमा । त्यसपछि आईसीयू ४० वटा चाहिँ छ । अनि भेन्टिलेटर १७ वटा चाहिँ छ । यसरीकन अहिले तयार भएको चाहिँ छ । र अरु बाँकी चाहिँ तयार चाहिँ हुँदै छ । हामीले ४० वटासम्म प्रदेश हस्पिटल यहाँ आइसियू बेड र ७-८ वटासम्म चाहिँ भेन्टिलेटर र यसैको रेसियोमा पनि जुम्ला हामीले गर्ने भनेर भनेका छौं भने अब जुम्लामा अलिकति बढी गर्ने भन्दा पनि सुर्खेतमा बढी गर्ने कुराले पछिका लागि चाहिँ बढी फेरि यूज सुर्खेतमा बढी हुने भको हुँदाखेरिमा सुर्खेतलाई अझैं हामीले बढाउने लक्ष्यका साथ हामीले अगाडी बढेका चाहिँ छौं भने अब अहिलेसम्मको हामीसँग कूल जनशक्ति परिचालन चाहिँ स्वास्थ्यकर्मीको भएको ३ हजार १ सय ७७ वटा चाहिँ छ । यति जनशक्तिहरू अहिले अब हामीले प्रत्येक ठाउँमा परिचालन गरेका छौं भने अहिले परिचालित जनशक्ति पनि अहिले प्रत्येक तल स्वास्थ्य चौकीहरूचाहिँ छन्, त्यहाँ हामीले त्यो भनेको वडा पालिकास्तरमा चाहिँ हो । त्यसपछि हामीले अब अर्को अहिले सेन्टर पर्ने लगभग लगभग हामीले २४ वटा निर्वाचन क्षेत्रलाई अलि लक्षित गरेर त्यस्ता ठाउँहरूमा अहिले हामीले अस्थायी हामीले अलि उपचार चाहिँ केन्द्रको रूपमा खडा गरेर तत्काल अस्थायी हामीले केही प्रकृतिका पूर्वाधार बनाएर उपचार प्रक्रिया सुरु गर्ने भनेर पनि केही जनशक्ति परिचालन भको चाहिँ छ । र अहिले जिल्ला हस्पिटल र त्यसपछि अनि यता हस्पिटलहरूमा प्रदेश र जुम्लाको हस्पिटलमा त्यसपछि तपाईँको अहिले क्वारेन्टाइनहरूमा र त्यसपछि अब ठाउँठाउँमा जो हाम्रा

प्रवेशद्वारहरूमा अहिले प्रारम्भिक चेकजाँचका लागि र आरडिटी टेस्टका लागि जनशक्ति परिचालित भको चाहिँ छ । र यसरीकन अहिले अब जनशक्ति परिचालन चाहिँ भको चाहिँ छ भने हामीले अब भोलि अहिले स्वाव संकलनका लागि र आवश्यक सामग्री सप्लाईका लागि र स्वास्थ्यकर्मीहरू पठाउनका लागि र भोलि बिरामीहरूलाई चाहिँ फेरि ओसारपसार गर्नका लागि चाहिँ भनेर जुनजुन जिल्लाहरूमा पालिकाहरूमा चाहिँ सडकको एक्सेस चाहिँ छ, त्यो ठाउँमा एम्बुलेन्समार्फत हामीले र गाडीमार्फत सामग्री स्वास्थ्य सामग्री सप्लाई गर्ने र त्यसपछि स्वाव संकलन गर्ने र स्वास्थ्यकर्मीहरू चाहिँ खटाउने निर्णय गरेका चाहिँ छौं भने जहाँ अहिले सडक सञ्जाल पुगेको छैन मुख्यगरी हुम्ला र डोल्पा र त्यसपछि कि मुगुका ठाउँहरूमा पालिकाहरूमा अहिले गाडी रोड नपुगेको हुँदा त्यहाँ हामीले हेलिकप्टरमार्फत कामहरू गर्ने गरीकन हामीले हेलिकप्टरको आवश्यक व्यवस्थाका लागि संघीय सरकारसँग लेखेर पठाएका चाहिँ छौं तर हामीलाई अहिले हेलिकप्टर उपलब्ध भको चाहिँ छैन भने तल अहिले रहेका सबै एम्बुलेन्सहरू अहिले पालिकाका एम्बुलेन्सहरू जिल्ला हस्पिटलमा रहेका एम्बुलेन्सहरू र अन्य हस्पिटलमा रहेका एम्बुलेन्सहरूलाई हामी सबैलाई अहिले स्टाण्डबाइ राखेर भोलि अब त्यलाई हामीले अहिले डक्टरहरू पनि अहिले गाडीमार्फत\ र त्यसपछि अब बिरामीहरू त्योमार्फत् सप्लाई गर्ने गरी त्यो व्यवस्थापन गरिएको चाहिँ छ यसरीकन । अब यो भयो र त्यसपछि अब उपचारको कुरा चाहिँ छ । अब हामी उपचारका लागि पनि पहिलो केश चाहिँ भयो दैलेखमा देखिएको । अब त्यो केश पहिलो केश चाहिँ थियो र यो पहिलो केशमा सबैको अलिकति बढी ध्यानकेन्द्रित चाहिँ हुन्छ । अब सङ्क्रमित देखिने वित्तिकै तपाइँको पोजेटिभ देखिने वित्तिकै ऊ त पूरै ढलेकै छ भन्ने बुझाइ त बाहिर पर्ने भो । सिकिस्तै बिरामी छ भन्ने टाइपको बाहिरका मान्छेहरूले बुझ्दाखेरि त त्यो बुझ्ने भए र भोलि उपचारका लागि सरकारले केही पनि गरेन भन्ने प्रकारको म्यासेज चाहिँ बाहिर जान्छ । त्यले गर्दाखेरिमा आम चाहिँ जनतालाई त्यसको चाहिँ नेगेटिभ चाहिँ म्यासेज जाने भयो । सरकार छैन, कोही पनि छैन भनेर त्यले निराशा बढी पैदा चाहिँ गर्छ जनतालाई त्यो म्यासेज दिनका लागि पनि अब त्यो सङ्क्रमितलाई तुरुन्तै हामीले हस्पिटल लिएर राख्नुपर्छ । ल यसको व्यवस्थापन गरिहाल्नु त भनेर भनियो किनकि बढी प्रचारबाजी चाहिँ हुन्छ भनेर भनियो र अनि मन्त्री स्वयम्लाई मैले खटाएर जानुस् तपाइँ त्यहीं गएर एकचोटि बिरामीको व्यवस्थापन गरेर आउनुस् । त्यहाँ राम्रो हस्पिटल त शुरूमा राख्नुस् । अब त्यहाँ छैन भने बरु यहिँ ल्याइहालौं प्रदेश हस्पिटलमा ल्याइहालौं । कमसेकम सरकारले तुरुन्तै उपचार प्रक्रिया अगाडी बढायो भनेर एउटा जनतामा नयाँ त्यले चाहिँ विश्वास अलिकति उत्साह चाहिँ पैदा गर्छ भनेर चाहिँ भनियो । त्यसपछि अनि दैलेखको जिल्ला हस्पिटलले आइसोलेसन हस्पिटलका रूपमा तपाइँको तल स्कूललाई बनाएको रहेछ । हेर्दा असाध्यै राम्रो छ अरे फेरि त्यो पूरै जङ्गलै-जङ्गल भएको धेरै राम्रो भन्ने छ फेरि त्यसो अब बाहिर फेरि मिडियाबाजी के भो भन्नुहुन्छ भने ल कसैले पनि हेरेन, कसैले पनि हेरेन । स्कूलमा छ भनिसकेपछि त अब एक जनालाई त स्कूलमा राखे भने हामी सबै सङ्क्रमित भयौं भने त कहाँ राख्ने हुन् यिनीहरू

भनेर जनतामा ठूलो प्रकारको निराशा चाहिँ जाने बाहिर । पूरा मिडियाबाजी अब गर्न थाले अहिले त अब सिधै अहिले त के छ लाइभ सङ्क्रमितहरूबाटै सिधै लाइभ दिन सकिने व्यवस्था, जताततै अहिले फेरि नेशनल मिडियासहितले । उनीहरूले चाहिँ उच्च प्राथमिकताका साथ लिई सकिसकेपछि अनि रातारात तपाईँको चाहिँ बिरामी त्यो हुँदैन अब सकिन्छ दुईटा बेड छन् भने जिल्ला हस्पिटलमै राख्ने त्यही राख्नुस् दुईटा बेड त छ त त्यहाँ बनाएको । हस्पिटलले बनाछ भोलि धेरै जना सङ्क्रमित भए भने पो हस्पिटलमा राखौंला । त्यो त केही हुन्न यहिँ भित्र पनि सङ्क्रमितको दूरी मात्रै कायम गराएर बस्यो भने त झ्याप्पै देख्न वित्तिकै सर्ने रोग हुँदै होइन । दूरी कायम गर्ने कुरामा किन डराउनु पर्‍यो ? भनेको त्यहाँ त माथि फेरि तपाईँको डीएमसीले निर्णय गरेछ कि हुन्न । त्यहीँ राख्नुपर्छ माथि ल्याउनै हुन्न हस्पिटलमा देखाउनै हुन्न देख्ने वित्तिकै अब त्यहाँ त फेरि समस्या चाहिँ पर्छ भन्ने प्रकारको चाहिँ फेरि कुराकानी भएछ र अब त्यो हस्पिटलमा नराख्ने स्थितिमा सिर्जना भइसकिसकेपछि त्यसो भने यहिँ ल्याउनुस् अब हामी सबै हेरौं नजिकबाट तपाईँको चाहिँ उसको उपचारमा अलिकति हामीले ध्यान दियौं भने सकेसम्म चाँडै तपाईँको निको बनाएर पठायौं भने पनि अरुलाई मनोबल हाई होला । अब बोलाउनुस् तलतिर ल्यायौं । ल्यायौं तलतिर यहिँ ल्यायौं यही अब छिटो-छिटो भन्दा अब एक डेढ हप्तामै ठीक पारेर पूरै ठाँट्टिकन घर पठायो भने त भोलि अरुमा पनि त मनोबल चाहिँ हाई होला भन्ने हिसाबले अब यहाँ ल्याइएको छ सायद मान्छे हेर्दा त केही पनि हट्टाकट्टा छ भन्ने छ । अब सङ्क्रमित चाहिँ छ । अब यस्ता त थुप्रै हुन्छन् भन्ने छ । अरु ठूला-ठूला तपाईँको अब सम्पन्न तपाईँको देशहरूले पनि यस्ता बिरामीहरूलाई घरमै तपाईँको होम आइसोलेसनमै उपचार हुने । रुगाखोकी मात्रै त हो नि रुगा लाग्ने वित्तिकै कोही हस्पिटल आएर भर्ना भा'थिए र ? हिजो पनि भाथेनन् नि । त्योभन्दा अलिकति एक स्टेप अगाडी मात्रै भा'हुनाले हामीले ठूलो डर फैलिएको हो । त्यसो भा'हुनाले अब त्यो भएर हामीले यहाँ ल्यायौं । र अहिले के भनेका छौं भने निर्णय गरेर अब सबै जिल्लामा अब पठाइसकियो तलबाट सबै सङ्क्रमित भेटिन्छन् अब प्रत्येक क्वारेन्टाइनमा भोलि चेकअप गर्न वित्तिकै जरुर रूपमा सबै जिल्लामा जहाँ-जहाँ पठाएका थियौं भेटिन्छन् अब त्यो । अब हामीले के भनेका छौं भने जिल्लामा नै उपचार गर्ने । अब जिल्लामा उपचार गर्न नसक्ने सिरियस केशलाई मात्रै रेफर तपाईँको चाहिँ यी तोकिएका हस्पिटलमा गर्ने भनेर निर्णय गरेर पठाइएको छ । अब हामीले यस्ता केशहरू तुरुन्तै अस्पताल चाहिँ हामीले ल्याउँदैनौं र यसका लागि आइसोलशन बेडको रूपमा आइसोलेसन हस्पिटलको रूपमा त्यहाँ त कहाँ छ तोकिएको स्कुल पनि हुन सक्ला । कुनै अन्य बिल्डिङ्ग भवनहरू पनि हुन सक्लान् त्यो ठाउँमा राखेर नै उपचार गर्ने गरीकन जाने भन्ने कुरा भको छ र बरु स्वास्थ्यकर्मीहरू हामीले त्यही खटाउने त्यही पठाउने भन्ने निर्णय चाहिँ हामीले गरिसकेका चाहिँ छौं र अहिले हामीले यो सबै यो भाइरसको रोकथामका लागि यसको नियन्त्रणका लागि उपचारका लागि चाहिँ भनेर कर्णाली प्रदेश सरकारले सुरुमै हामीले पछि फेरि अब यस्तो भूगोल यस्तो छ, अरुको भन्दा अलि वेशी समस्या नै हो । अब हामीले भोलि पैसा छुट्याउन्

वित्तिकै सबै खर्च गर्नुपर्छ भन्ने पनि छैन । र हामीले ५० करोडको एउटा कोषको रूपमा विपद् कोषको रूपमा हामीले खडा गर्ने निर्णय हामीले गऱ्यौं । र यसका लागि चाहिँ हामीले अपिल गऱ्यौं, सार्वजनिक अपिल गऱ्यौं । हामीले तत्काल चाहिँ हामीले चाहिने रकम भनेको ५० करोड चाहिँ हो र यो ५० करोड पैसा कोषमा जम्मा गर्नका लागि पुगाउनका लागि हामीले सार्वजनिक अपिल हामीले गऱ्यौं । र त्यसपछि अब यो विभिन्न संघसंस्थाहरू र व्यक्तिहरूले अहिले हाम्रो कोषमा पैसा जम्मा भएको चाहिँ छ करिब-करिब सवा करोड जति पैसा अहिले हामीसँग सहयोग जुटेको चाहिँ छ र त्यसपछि केही सामग्रीहरू पनि हामीलाई प्राप्त भएको चाहिँ छ । र कतिपयले सामग्री दिए हामीले सामग्री नै दिनुस् पनि भन्यौं । अब अलिकति यहाँ फेरि हाम्रो चाहिँ फेरि सार्वजनिक खरिद ऐनको आधारमा फेरि जानुपर्ने भाहुनाले तुरुन्तको तुरुन्तै हामीले सामान ल्याउन नसक्ने भाहुनाले तपाईँहरूको पैसाले त सामान तुरुन्तै खरिद गर्न सकि हामीलाई त चाहिएको सामान हो । ल्याइदिनुस् तपाईँहरूले सामान भनेर पनि कतिपयलाई हामीले भन्यौं र कतिपयले सामान सपोर्टको लागि पनि उहाँहरूले सहयोग गर्नुभको छ र कतिपयले सहयोग गर्ने फेरि प्रतिवद्धता गर्नुभएको चाहिँ छ र म सबै सहयोग गर्ने सहयोगीलाई पनि म धेरै-धेरै धन्यवाद चाहिँ दिन चाहन्छु । यसरी हामीले यसको चाहिँ व्यवस्थापन गर्ने र अब त्यसपछि गाउँ सुरक्षित राख्न सकिन्छ र अब हामीले जसको चाहिँ पोजेटिभ देखिन्छ त्यलाई उपचार गर्ने, नेगेटिभ देखिएकाहरूलाई घरमा पठाउने भन्ने तयारी सरकारको भएको कुरा म सम्मानित सदनमा जानकारी गर्न चाहन्छु । र अब यसपछि अब हामीले यस बीचको लकडाउनको पिरियडमा हामीले अलिकति कडाइ चाहिँ गरौं है कर्णाली प्रदेशको हकमा फेरि अलि सजिलो पनि छ अरु प्रदेशको हकमा । अरु प्रदेश भनेको भारतको खुला सिमानासँग जोडिएको भूगोल छ, हाम्रो प्रदेश भनेको सीमित नाका छन् । कपुरकोटमा कडाइ गऱ्यो र यता बबई र चिसापानीमा मात्रै कडाइ गऱ्यौं भने त्यसपछि मध्यपहाडीबाट एकदम कम मान्छे आउँछन् यलाई पनि हामीले निगरानीमा राखेर त्यहाँ पनि हामीले सुरक्षाकर्मी खटाएर यति ठाउँहरू चाहिँ हामीले टाइट गऱ्यौं भने कर्णाली प्रदेशमा हामीले सङ्क्रमणबाट जनतालाई जोगाउन सक्छौं भन्ने सोचका साथ हामीले बाहिरबाट आउने नागरिकलाई हामीले कडाइ गर्ने टाइट गर्ने क्वारेन्टाइन अनिवार्य राख्ने र अब मान्छे मात्रै टाइट गरेर भएन सामग्रीको कुरा चाहिँ छ । अहिले अब यस क्षेत्रका चाहिँ व्यक्तिहरूको भनाइ के छ भने अहिलेसम्मको रिसर्च अनुसन्धानले पुष्टि गरेको कुराहरू अन्य सामग्रीहरूमा पनि लगभग लगभग ७२ घण्टासम्म भाइरस सक्रिय रहन्छ भन्ने छ । यझैं यस्तो अनुसन्धान टुङ्गिएकै पनि छैन, त्यो के हुन्छ ? कसो हुन्छ भन्नेका बारेमा । अब त्यसो हो भने त सामाग्रीबाट पनि आउने भो । मान्छेलाई टाइट गर्ने, कडाइ गर्ने, आउन नदिने, आए पनि क्वारेन्टाइनमा राख्ने । अब त्यो सबैले छोएका तपाईँको चाहिँ सबै तरकारीहरू एकैचोटि उपभोक्ताकहाँ पुग्ने, एकैचोटि फलफूल उपभोक्ताकहाँ पुग्ने, एकैचोटि दूध सबैको घरघरमा पुग्ने, दही सबैको घरघरमा पुग्ने, माछामासु सबैको घरघरमा पुग्ने भइसकिसकेपछि त फेरि महामारी त अर्को ठाउँबाट फैलिने भो भनेर हामीले के निर्णय गऱ्यौं भन्दाखेरिमा अहिले

तत्कालका लागि तरकारी हाम्रो प्रदेशमै हामी आफै निर्भर छौं । अलिकति चाहिने भनेको सुर्खेतको बजारका लागि मात्रै हो । यहीँ पनि हामीले उत्पादन गर्न सक्छौं । अरु त गाउँवै हुन् ठूला सहर होइनन् । तरकारीको लागि अभाव रहँदै अलिकति फलफूल, माछा-मासुजन्य यसमा अलि अभाव रहन सक्छ भन्ने हो । यसमा अभाव चाहिँ रह्यो, तरकारीमा त खासै अहिले तल अभाव रहेको कुराको जानकारी चाहिँ छैन । अलिअलि त फेरि हुने भई नै हाल्यो थोरथोरै त । यलाई हामीले कडाइ गर्‍यौं । र त्यसपछि अब अन्य सामाग्रीहरू पनि हामीले बाहिरबाट आउने सामग्रीहरू ७२ घण्टा पूरा गरेर नै आयोजना स्थलमा निर्माण सामग्रीहरू पुर्‍याउने । जस्तै भैरहवाबाट लोड भएको ट्रक जुम्ला पुग्नका लागि ७२ घण्टा क्रस भएको हुनुपर्‍यो अनलोड गर्दासम्म । त्यस्तै नेपालगञ्जबाट आएको कुनै सामग्री कुनै ट्रक सुर्खेत आइपुग्दा ७२ घण्टा पास गरेकै हुनुपर्‍यो भनेर हामीले ७२ घण्टा त्यलाई पुगाउने र मात्रै अनलोड गर्‍यौं भने त्यसबाट पनि भाइरस निश्क्रिय हुन सक्छ । अब तल फेरि बाहिरको बडीमा चक्कामा सबैमा अब त्यो औषधिहरू हानेर निश्क्रिय चाहिँ पार्ने भनेर हामीले त्यो गर्‍यौं र यसमा अब कडाइ गर्ने भनेर चाहिँ निर्देशन चाहिँ भयो र फेरि अब यहाँ हिजो अस्तिको कुरा पनि फेरि अलिअलि पनि उठ्यो । टाइट प्रदेश सरकारले गर्ने तर भित्रभित्रबाट तपाइँको सामग्रीहरू लुकीछिपी फेरि आउने र फेरि यो कालाबजारीयाहरूकै फेरि हालिमुहाली हुने खतरा देखियो भन्ने कुरा जो आयो, त्यलाई अब प्रदेश सरकारले गम्भीरताका साथ चाहिँ लिएको चाहिँ छ । अब लिएको छ, कार्यान्वयन गर्नलाई त उही सिपाहीविनाको कमाण्डर भन्या जस्तै धेरै पटक हाम्रो आन्तरिक मामिला मन्त्री भन्नुहुन्छ, अब अहिले हामी आफै गएर तपाइँको कि कोही अर्को जनशक्ति परिचालन गरेर के भा´छ भन्ने कुरा पत्ता लगाउदै हिंड्नुपर्‍यो । नत्र भने हामीले फेरि ल कडाइ गर्नुपर्‍यो है भनेर भन्ने अनुरोधै गर्ने आग्रह गर्ने हो हामीले त, प्रशासनलाई र प्रहरीलाई । अहिले हाम्रो प्रशासन पनि होइन, प्रहरी पनि प्रदेश सरकारको चाहिँ होइन । हामीले त गर्नुपर्‍यो भनेर मात्रै हामीले आग्रह र अनुरोधकै कुरा हो प्रदेश सरकारले अहिलेसम्म गर्ने भन्या त, जहाँसम्म आफ्नो संरचना र जनशक्ति चाहिँ हुँदैन । अब यलाई कडाइ गर्नका लागि पनि हामी सबै सक्रिय चाहिँ रहेर यो कालाबजारीयाहरूलाई हामीले कडाइ गर्ने र त्यस्तो चाहिँ भेटिएपछि हामीले कडा कारबाही गर्ने हामीले चाहिँ अब नीति लिनुपर्छ र हामीले कारबाही गर्नुपर्छ । र यलाई हामीले अझैं पनि कडाइ गरेरै जाँदा राम्रो हुन्छ भन्ने कुरा चाहिँ हो र त्यसपछि खाद्यवस्तुहरू जो लामो समय बाहिर राख्दाखेरिमा नबिग्रिने दाल, चामल, तरकारी, चिनी यसको समस्या चाहिँ यो भोलि फेरि ठूलो संकट पैदा होला भनेर हामीले यलाई अलिकति हामीले समय पार गरेर भित्र्याउने भनेर यी सामग्रीहरू अहिले भित्रिराखेका चाहिँ छन् । अरु टोटल हामीले जीवित र त्यसपछि त्यहाँ काटिएको मासुजन्य चीजहरू, पशुपंछी यताउति सबै अण्डाहरू टोटल चाहिँ बन्द गरिएको अवस्था चाहिँ हो । अब यलाई धेरै ठाउँबाट कुरा आकाछन् । खुलाउने भन्ने कुरा पनि आको छ । अब यसको अलिकति उच्च सावधानी चाहिँ अपनाएर अब यलाई सधैं बन्द गर्नुहुन्न । अब यलाई खुलाउने र यसको सुरक्षा व्यवस्थापनलाई हामीले भर पर्दो

बनाएर नै भित्र्याउने गरी हामीले लाग्नुपर्छ भन्ने नै हाम्रो कुरा हो र यसरी हामीले त्यलाई हामीले यो गरेका चाहिँ छौं । र त्यसपछि अब अहिले अलकति नमिलेको कुरा चाहिँ छ, खटिन त प्रहरी, प्रशासन सबै सक्रियताका साथ लागिराखेका चाहिँ छन् । सुरक्षाकर्मी पनि खटिएकै छ । अब धेरै अब यस्तो बेला अब सामान्य चाहिँ छैन फेरि त्यो । अलि गाह्रै छ फेरि त्यो, गाह्रै छ तर फेरि अब समस्या के छ भन्नुहुन्छ भने अब सप्रेको काम जति आफूले गरेको अलिअलि समस्या आउने वित्तिकै प्रदश सरकारको हो । अब छोड्नुपर्ने सट्ट छोडेल्ने, रोक्नुपर्ने प्रदेश सरकारले रोक्ने भन्याछ भनेर फेरि अलिअलि प्रदेश सरकारको टाउकोमा फेरि हालिदिने कामहरू पनि केही भएका चाहिँ छन्, यो कुरा चाहिँ त्यति राम्रो कुरा चाहिँ होइन । यो यतापट्टि भको छ भने त्यसपछि अब हामीले निर्माण सामाग्रीका बारेमा अहिले अब भित्रिसकिसकेपछि र बाहिरबाट हामीले अहिले केही त्यसको अलि स्कील लेबरहरू चाहिँ ल्याउनुपर्‍यो भने सुरक्षा सावधानी चाहिँ अपनाएर आयोजना स्थलमा छुट्टै राखेर काम गराउने र अरुसँग यहाँका अरु मजदुरसँग टच नहुने र अलग उनीहरूबाट मात्रै काम गराउनपर्ने आयोजना स्थलहरू छन् भने बाहिरबाट पनि तपाईंको स्कील लेबरहरू चाहिँ ल्याएर काम गराउन दिने भन्ने निर्णय चाहिँ भको छ । यो संघीय सरकारले पनि निर्णय गरेको छ र प्रदेश सरकारले पनि यो निर्णय गर्‍या चाहिँ छ । त्यसपछि अब बाँकी आयोजनाहरू सामग्री प्राप्त भइसकिसकेपछि यहाँकै चाहिँ मजदुरहरू चाहिँ लगाएर यहाँकै तपाईंको मजदुरहरू प्रयोग गरेर केही चाहिँ निर्माण सामग्रीहरू प्राप्त भएको केही त्यस्ता आयोजनाहरूमा कामहरू चाहिँ अगाडी बढाउने, बनाउन दिने भन्ने कुरा पनि भनिएको छ । तर फेरि हामीले दिने भन्ने निर्णय गर्‍यौं फेरि स्थानीय प्रशासनले अरुभन्दा कार्यालय जाने कर्मचारीलाई पनि पूरै चाहिँ अलि कडाइ गरेर कार्यालयसम्म पनि जान नदिएको, पास नदिएको, भन्ने कुराको गुनासाहरू चाहिँ आएका चाहिँ छन् । र जसका कारणले गर्दा हामीले आयोजना अगाडी बढाउन चाहिँ सक्या छैनौं भन्ने सूचना पनि आको छ भने केही ठाउँमा चाहिँ कामहरू अगाडी बढीराखेको पनि छ यतापट्टि । अब अहिले अरु सबै कुराहरू हामीले अब नीति तथा कार्यक्रममा हामी व्यापक छलफल गर्ने छौं र अहिले पनि सरकारका सिद्धान्तहरू, प्राथमिकताहरू के हुने भन्ने कुराका बारेमा पनि एउटा सामान्य छलफलका लागि बहसका लागि एउटा विषयवस्तुहरू चाहिँ पस्किएको चाहिँ छ । र अहिले मुख्य यले अब, अबको हाम्रो बजेट, अबको हाम्रो नीति कहाँ फोकस हुने भन्ने कुराहरूको आवश्यक सरकारलाई निर्देशन संसद्ले अवश्य पनि गर्ने नै छ । र हामी त्यहाँबाट अगाडी बढ्ने चाहिँ छौं । र अहिले अब हामीले तत्काल खाद्य अभाव चाहिँ सिर्जना हुन सक्छ भनेर यलाई हामीले पनि केही व्यवस्थापन प्रदेश सरकारले पनि तत्काल अहिलै पनि गरिहाल्ने कि भनेर पछि फेरि समस्या सिर्जना भइसकिसकेपछि हामीले त्यो सामग्रीहरू काहिँ-कतै नपाउन सक्छौं भोलि भनेर यसका लागि पनि आवश्यक चाहिँ व्यवस्थापन भएको चाहिँ छ ।

त्यसपछि अब किसानहरूलाई पनि अब यो भौतिक दूरी चाहिँ कायम गराएर खेतीपाती लगाउने काम र लगाउने कामहरू चाहिँ अगाडी चाहिँ बढाउन दिने भन्ने कुरा पनि अब यहाँ

निर्णय चाहिँ गरिएको चाहिँ छ । अंह, अब यो छ भने अब अर्को कुरा अब अहिले तत्कालका लागि बाहिरबाट आउने नागरिकहरूको हकमा अहिले अब समस्या चाहिँ खाद्यान्नमा समस्याहरू अलिकति देखिएको चाहिँ छ । अहिले हामीले यो मुख्यमन्त्री रोजगार कार्यक्रम भनेर कही बजेट भनेर हामीसँग थियो । अहिले अब हामीले प्रत्येक पालिकामा चाहिँ पठाएर पालिकामा त्यहाँको समस्याहरू चाहिँ हेरेर मुख्यगरी अब यो कामका लागि यो खाद्यान्न, खाद्यान्नका लागि चाहिँ काम भनेर, नभए हामी आफैले खाद्य खरिद गरेर भए पनि तपाइँको दिने गरीकन कामहरू चाहिँ अगाडी बनाउने भनेर प्रत्येक चाहिँ अब पालिकामा यो बजेटहरू चाहिँ अगाडी बढाउने कामहरू चाहिँ भएको चाहिँ छ। अब अहिले अब समसामयिक विषयहरू अब यिनै हुन् । त्यसपछि अब अर्को कुरा यो दु:खद् घटना चाहिँ घट्या चाहिँ छ, जो नघट्नु पर्थ्यो घटना चाहिँ घट्या चाहिँ छ । र आज पनि फेरि सरकारको गम्भीर चाहिँ ध्यानाकर्षण माननीयज्यूहरूबाट गराउनुभको छ। हिजो पनि बोल्ने विशेष समयमा बोल्ने माननीयज्यूहरूले पनि यसका बारेमा घटनाका बारेमा पनि गम्भीर ध्यानाकर्षण सरकारको गराउनुभको चाहिँ छ । र आज मात्रै पनि प्रतिनिधि सभामा यो घटनाले प्रवेश पाएको चाहिँ छ । र त्यहाँ पनि अब माननीय सदस्यहरूले व्यापक रूपमा आफ्ना विचारहरू त्यहाँ पनि व्यक्त गर्नुभको चाहिँ छ । र अहिले संघीय सरकारले तुरुन्तै एउटा छानविन आयोग पनि गठन गरिसकेको चाहिँ छ, गृह मन्त्रालयमार्फत् । अब यो घटनाका बारेमा संघीय सरकारको भूमिका के रहने ? यसको रोल के रहने ? भन्ने बारेमा पनि सायद हामी सबै स्पष्ट नै छौं जस्तो मलाई लाग्छ । र सरकार हो, सरकार कुनै पनि घटनाप्रति मुकदर्शक चाहिँ भएर बस्न सक्दैन। सरकारले आफ्नो दायित्व पूरा गर्नुपर्छ, कर्तव्य पूरा गर्नुपर्छ । र कर्णाली प्रदेश सरकार यो घटनामा आफ्नो कर्तव्य पूरा गर्नेमा एकदम प्रतिवद्ध चाहिँ छ भन्ने कुराको म विश्वास माननीय सदस्यलाई म दिलाउन चाहन्छु । र अब यसको अनुसन्धान अगाडी चाहिँ बढीराखेको छ । अब यसमा थप अनुसन्धानलाई प्रभावकारी बनाउनका लागि छिटोभन्दा छिटो सत्य-तत्थ घटनाको चाहिँ पत्ता लगाई र सार्वजनिक गर्नका लागि र त्यस बखतपछि दोषीलाई कडाभन्दा कडा गर्नका लागि संघीय सरकारसँग सहकार्य चाहिँ गरेर स्थानीय, प्रदेश र संघीय सरकारले सहकार्य गरेर हामीले सत्यतथ्य छानविन गर्ने र दोषीलाई कडा कार्बाही गर्ने कुराको प्रतिवद्धता म व्यक्त गर्न चाहन्छु । जहाँसम्म त्यले लिने केही असहज चाहिँ रूप लिन सक्छ । र यलाई हामी सबैको भूमिका भनेको यो घटनालाई सहज बनाउने, सहजीकरण चाहिँ गर्ने र यो अपराधीलाई उम्किन नदिने, दोषीलाई कारबाही गर्नेमा हामी सबैको भूमिका रहनुपर्छ । र हामी सबैले चाहिँ यसमा सहयोग गर्नुपर्छ । र अहिले जुन घटनाबाट चाहिँ मृत्युबरण गर्ने मृतक परिवारका लागि आवश्यक सहायता पनि अब प्रदेश सरकारको तर्फबाट गर्ने कुरामा पनि म प्रतिबद्धता म व्यक्त गर्न चाहन्छु । र यसको छानविन गर्ने कुराहरू हुनेछ । र अबको हाम्रो भावी प्लान भनेको मुख्यगरी अहिलेको कोरोना भाइरसबाट उतपन्न भएको जटिल परिस्थितिको सामना गर्ने, यसबाट सिर्जित हरेक समस्याहरू छन् चाहिँ छन् । अहिले उपचारको समस्या छ भोलि फेरि भोकमारीको समस्या छ । भोकबाट र रोगबाट

कर्णाली प्रदेशका नागरिकलाई सुरक्षित कसरी राख्ने भन्ने कुरामा यो वर्षको नीति तथा कार्यक्रम र बजेट केन्द्रित हुने कुरामा विश्वास दिलाउँदै मेरो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री गुलाब जंग शाह । समय, ५ मिनेट ।

**माननीय श्री गुलाबजंग शाह:** माननीय सभामुखज्यू, आज म यो छैठौं अधिवेशनको तेस्रो दिन आफूलाई समसामयिक विषयमा उभ्याएर भन्ने केही जमर्को गरिरहेको छु । सभामुखज्यू, अहिले विश्व नै महामारीको रूपमा यो कोरोना भाइरसदेखि अत्यन्त आक्रान्त भको छ । यो महामारी भाइरसले अहिलेसम्मन देशभित्र देशबाहिर मृत्युबरण गर्नुहुने सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । खासगरी अहिले जो जो व्यक्तिहरू एकदमै आइसोलेसनमा हुनुहुन्छ । उपचारार्थ हुनुहुन्छ, उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्न चाहन्छु । र यसै सन्दर्भमा आज हजारौं सुरक्षाकर्मीहरू, डक्टरहरू, स्वास्थ्यकर्मीहरू, सबै यो क्षेत्रमा अहोरात्र खटिरहनुभएको छ, उहाँको यथोचित सुरक्षाको लागि सरकारले व्यवस्थापन गर्दै उहाँहरूलाई पनि धेरै धेरै आभार व्यक्त गर्न चाहन्छु । र अहिले मुलक संसारैभरि विशष परिस्थितमा उभिदै गर्दा खासगरी हाम्रो मुलुक अझैं विशेषगरी विशेष परिस्थितिमा उभिएको छ । वर्षौंदेखि हाम्रो भूमि अतिक्रमित थियो, कालापानी, लिपुलेक जस्ता हाम्रा केही हाम्रा भूभागहरू मिचिएका थिए । वर्तमान सरकारले ऐतिहासिक साहसिकताका साथ त्यसलाई आफ्नो राजनीतिक र प्रशासनिक नक्सा सार्वजनिक गरेको छ । अत्यन्त महत्त्वको विषय छ, त्यसैले यो अत्यन्त महत्त्वको काम गरेको हुनाले मैले संघीय सरकारलाई धेरै-धेरै आभार धन्यवाद दिन चाहन्छु । माननीय सभामुखज्यू, अहिले हामी कोरोनाले आक्रान्त छौं । आज खासगरी सबै नेपालीहरू एउटा अवारनेसको स्वास्थ्यको जरुरी छ । हामीलाई थाह छ आजभन्दा १०० वर्ष पहिला स्पेनिस फ्लुस भनेर फ्लु भनेर करिब करिब ५ करोड मान्छेको मृत्यु भको थियो । आज भर्खर भर्खरै थोरै केही मान्छेहरूको मृत्यु हुँदा आज मुलुक नै भयाभह छ । हिजो हिजो हामीले भन्ने गऱ्यौं यो एउटा भाइरस सिजनल्ली आउने गर्छ तर आज त्यस्तो देखिएन । संसारभरिका करिब करिब २ सय भन्दा बढी राष्ट्रमा यो फ्लू फैलिएको छ । त्यसले कहीँकतै हामीले अलि स्वास्थ्यका दृष्टिकोणले पनि हामी राजनीतिक पार्टीका कार्यकर्ता, जनप्रतिनिधि यसलाई वास्तवमा एउटा अवारनेस् रूपमा जनताका बीचमा लैजान जरुरी छ । स्थानीय सरकार छ, प्रदेश सरकार छ, संघीय सरकार छ, हामी जहाँ छौं, हामी जहाँ जनप्रतिनिधि छौं, हामीले कहीँकतै खेल्नुपर्ने भूमिकामा अलिकति मात्रै थोरै मात्रै हामीले भूमिका निर्वाह गर्न सकेनौं भने मलाई के लाग्दछ भन्दा धेरैभन्दा धेरै मान्छेहरू आत्तिएर, धेरैभन्दा धेरै मान्छेहरू आत्तिएर वास्तवमा यसबाट आफै मर्ने स्थिति छ । अहिले

सबै चिजको लकडाउन छ, शिक्षा, स्वास्थ्य, उत्पादनको क्षेत्रमा हरेक क्षेत्रमा तवाह मच्चिरहेको छ । यस्तो अवस्थामा कसरी आफूलाई चाहे सरकारमा रहेका मान्छेहरू हौं, चाहे जनप्रतिनिधि हौं सबैले संयमताका साथ आफ्नो भूमिका खेल्नुपर्ने मैले देख्दछु । हाम्रो कर्णाली प्रदेशमा लकडाउन सुरु भएको करिब-करिब २ महिना नाघिसक्दा जेठ ५ गते एउटा भाइरसको फ्लु देखियो । हामी योभन्दा पहिला हामीले भन्ने गरेका थियौं कि कर्णाली कोरोनामुक्त हुन्छ कि खानपानको दृष्टिकोणले, हावापानीका दृष्टिकोणले भन्ने यावत् प्रश्नहरू पनि उठेका थए तर आज छिमेकी राष्ट्र भारतबाट हजारौं मान्छेहरू प्रवेश गर्दा आज, आजका दिनसम्मन २३ जनामा देखिसकेको छ । मलाई लाग्छ त्यो न्यूनतम हो, न्यूनतम रूपमा आरडिटी परीक्षण पनि हामीले गर्न सकेका छैनौं । पिसीआर त परको कुरा हो । जतिभन्दा धेरैभन्दा धेरै हामीले परीक्षण गऱ्यौं भनेपछि यो संख्या अझैं धेरै बढ्नेछ । त्यसैले अब यसको लागि पनि हामीले एउटा जनमानसमा अवारनेसको जरुरी जनप्रतिनिधिको रूपबाट, फोनमार्फत, टेलिभिजनमार्फत, पत्रपत्रिकामार्फत हामी सबैले भूमिका खेल्यौं भनेपछि केही सर्वसाधारणलाई यसले पनि जोगाउन सकिन्छ कि भन्ने यो सभा समक्ष राख्न चाहन्छु सभामुख महोदय । सभामुख महोदय, मैले सभामुख महोदयमार्फत कर्णाली प्रदेशको सरकारलाई भन्न चाहन्छु, हजारौं मान्छेहरू दिनप्रतिदिन हाम्रो प्रदेशमा छिमेकी राष्ट्रबाट आइरहनुभएको छ । आज ती आउने मान्छेहरू न्यूनतम रूपमा आरडिटी मात्रै हामीले टेष्ट गरेर सामान्यभन्दा सामान्य न्यूनतम जानकारी राख्न सक्यौं भने सम्भावित जोखिमबाट बचाउन सकिन्छ । अहिले मान्छेले प्रश्न गर्न थालेका छन्, कर्णाली प्रदेश सरकारले कोरोना भाइरस नियन्त्रण सम्बन्धी के काम गऱ्यो हामीले भन्नु पर्नेछ, यो यो काम गऱ्यौं भनेर मले सुन्दैछु कर्णाली प्रदेशभरिका प्राइभेट विद्यालयहरूले करिब-करिब ६५ गोटा विद्यालय क्वारेन्टाइन बनाउँछौं भनेर निवेदन दिनुभाकोथ्यो रे । मलाई लाग्छ त्यो सुनुवाई भएन जस्तो लाग्छ । कर्णाली प्रदेश अन्तर्गत सरकार अन्तर्गत एउटा क्षेत्रीय स्तरको प्रयोगशाला यहाँ स्थापना भको थियो, हामीले त्यसलाई वास्तवमा अन्त्य गऱ्यौं । अहिले त्यो कर्णाली प्रदेशको प्रयोगशाला बनाइदेको भए, सायद मलाई लाग्छ यति हामी अत्तालिएर हिंड्नु पर्ने अवस्था पनि थिएन होला । म माग गर्न चाहन्छु कि कर्णाली प्रदेशले खारेज गरेको प्रयोगशाला यथाशक्य छिटोभन्दा छिटो लागू गरोस् । आज सलेनका स्थानीय दशै तहमा व्यापक ढंगले मान्छेहरू गइरहेका छन्, मान्छेहरू अत्तिरहेका छन् । अब हामी घरभित्र घरघरमा कोरोना आइसक्यो भनेर हरेक मान्छे आत्तिएका छन्, त्यसलाई कसरी बचाउने होला ? स्थानीय तह र हाम्रोबीचमा कसरी समन्वय गरेर अगाडी जाने होला ? आज प्रदेश तहका माननीयहरूको भूमिका कसरी समन्वय गरेर जानुपर्ने होला ? यी सबै कुराको ध्यान दिनको लागि माननीय सभामुखज्यूमार्फत् मैले कर्णाली प्रदेश सरकारलाई माग गर्न चाहन्छु । आज दु:खदायी घटना रुकुम र जाजरकोटको बीचमा जुनखालको एउटा घटना घट्यो वास्तवमा घट्न हुन्थेन । आज २१औं शताब्दीमा जातीयताका कारण मान्छेको हत्या हुनु वास्तवमा राम्रो होइन । जातीयताका कारणले मान्छेले ज्यान गुमाउनु पर्ने अवस्थामा रहेका हामी नेपाली मलाई लाग्छ अत्यन्त दु:खदायी

घटना हो । गम्भीरताका साथ सरकारले छानविनमा सहयोग गरोस् । र वास्तवमा मृतक हुने मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र सरकारले उचित ढंगले राहत पनि उपलब्ध गराओस् । माननीय सभामुखज्यू, अहिले मलाई लाग्छ हामी एउटा कठिन चुनौतीपूर्ण अवस्थामा उभिएका छौं । अहिले त कोरोना भाइरस आइपुगेको छैन । लकडाउन भको २ महिना नाघ्दै गर्दा मात्रै २३ जना भका छन् तर मलाई लाग्छ यो संख्या ठूलो छ । हामी हाम्रो तयारी कसरी यसको प्रतिवाद गर्ने होला ? त्यो ढंगले सरकारले योजना बनाएन भने अझैं ठूलो महामारी, अझैं ठूलो समस्या व्यहोर्नुपर्नेछ । बेलैमा सबैको चेत खुलोस् यही शुभकामना गर्न चाहन्छु । हवस् त धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय, माननीय श्री हिमबहादुर शाही । समय ५ मिनेट ।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, सर्वप्रथम यस गरिमामय सदनमा केही दिन अगाडी अथवा ३ दिन अगाडी जुन जाजरकोट र रुकुमको बीचमा एउटा अत्यन्तै अमानवीय, अत्यन्तै निन्दनीय, अत्यन्तै जगन्य जुन घटना भयो, त्यसको लागि म आफ्नो व्यक्तिगत तर्फबाट र नेपाली कांग्रेसको तर्फबाट घोर भर्त्सना गर्दै त्यसको सोच स्पष्ट र उच्च छानविन भएर दोषीलाई कडाभन्दा कडा कारबाही हुनुपर्दछ भन्ने मान्यता अभिव्यक्त गर्दछु । सभामुख महोदय, कर्णाली प्रदेशको म गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । आज विश्व जगतमा अवश्य पनि विश्व मानव जीवनको परम् शत्रु कोरोना भाइरस कोभिड-19 चुनौतीको रूपमा अगाडी आएको छ, यो कसैबाट छिपेको छैन । यसैको सिलामा विश्वको अथवा नेपाल अधिराज्यको भन्दा पनि म कर्णाली प्रदशको बारेमा केही कुरा राख्न चाहन्छु । यहाँ धेरै स्थानीय विज्ञहरूबाट अग्रज नागरिक समाजबाट केही बुद्धिजिवीहरूबाट कर्णाली प्रदेशको भविष्य बारेमा विभिन्न भविष्य अभिव्यक्तिहरू आइरहेका छन् । कर्णाली प्रदेशको कार्यशैलीले कर्णाली प्रदेशको दायित्व वहन गर्ने कार्यशैलीबाट कर्णाली प्रदेश भविष्यमा गएर इटाली जस्तै अवश्य पनि अत्यन्तै दु:खद्, अत्यन्तै पीडादायक अवस्थामा पुग्ने सम्भावना छ भनेर भनिरहेका छन् । मलाई पनि त्यही लागेको छ । म कर्णाली प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु, कर्णाली प्रदेश संवैधानिक मान्यता अनुसार दश वटा जिल्ला २४ वटा निर्वाचन क्षेत्रमा निर्धारित प्रदेश हो तर कर्णाली प्रदेशको सरकार गणितमा भूल गरिरहेको छ, कर्णाली प्रदेशको सरकारको नजरमा १० वटा जिल्ला र २४ वटा निर्वाचन क्षेत्र अंकित छैनन् । मैले देखिरहेको छु, कर्णाली प्रदेश सरकारको नजरमा केही जिल्ला र केही निर्वाचन क्षेत्र अंकित भएर चाहे ती बजेट विकास परिचालन होस्, चाहे मन्त्रीहरूको उपस्थिति अथवा भ्रमण होस् अथवा चाहे कोरिना कोरोना भाइरस् होस् यी सबै कार्यशैलीमा कर्णाली प्रदेश सरकार गणितमा भूल गरिरहेको छ । समग्रमा १० वटा जिल्ला र २४ वटा निर्वाचन क्षेत्रलाई समानुपातिक दृष्टिकोण राख्न सकेको छैन । अर्को कुरा म स्मरण गराउन चाहन्छु, गाउँलाई सुरक्षित राख्न कर्णाली प्रदेश सरकार प्रतिवद्ध छ भन्ने हाम्रा मुख्यमन्त्रीज्यूबाट अभिव्यक्ति यहाँ प्रसारण भएको छ । मलाई गाउँलाई सुरक्षित राख्न सकिन्छ भन्ने प्रतिवद्धता होइन, म कर्णाली प्रदेशसँग

ठाडो प्रश्न गर्न चाहन्छु कोरोना भाइरसलाई नियन्त्रण गर्न चाहन्छ या प्रदेश सरकार परिचालन गर्न अगाडी बढीरहेको छ । मैले भर्खरै आज तीन दिनभित्र देखेको छु । दैलेख जिल्लामा ११ सय ४२ जना इण्डियाबाट भारतबाट आएका व्यक्तिहरू ११ सय ४२ जना भित्रिएका छन् । म प्रदेश सरकारसँग प्रश्न गर्दछु ११ सय ४२ जनामध्ये कति जनाको परीक्षण गरियो ? चाहे आरडिटी होस् चाहे पिसीआर होस् कति जनाको भो ११ सय ४२ जना आज ३ रातमा मात्रै भित्रिएका छन् । २७/२७ वटा बस मन्त्रीज्यूको सहयोगमा रातारात गुराँसे पार्क पास भएका छन् गुराँसबाट बाहिर गएका छन् । आज भन्दै हुनुहुन्छ, उहाँ प्रत्येक जिल्लामा ५० बेडको आइसोलेसन बनाउँदैछौं । ५ वटा हामी भेन्टिलेटर राख्दैछौं कहिले हो बनाउने ? जब आज १२ सय १३ सय मान्छे त तीनदिनमा भित्रिए भने त्यो भन्दा अगाडी कति भित्रिए होलान् ? र भोलि कति भित्रिए होलान् । ५० होइन ५०० बेड बनाए पनि त्यले थेग्न सक्नेवाला छैन । म कर्णाली प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु, कर्णाली प्रदेशका जनताको स्वच्छ संरक्षण र स्वच्छ चाइने कोरोना भाइरसमा संग उन्मुक्ति दिने हो भने तपाईँहरूको कार्यशैलीमा परिवर्तन गर्नैपर्छ । तपाईँहरूले प्रदेश सभाकाक सदस्यहरूलाई त सिडियोको बन्धक, डिएसपीको बन्धक, अथवा चाहिने उसको एउटा हवलदारको र पुलिसको बन्धक बनाउनुभो । तपाईँहरू त खुला हुनुहुन्छ प्रदेश सरकार, सभाका सदस्यहरू सबै लकडाउनमा कोठाभित्र बन्दी छन् । तपाईँहरू खुला हुनुहुन्छ तपाईँहरू थेग्न सक्नुहुन्छ कि हुन्न यदि कर्णाली प्रदेशको यो चुनौती साझा चुनौतीको समस्या थेग्न सक्नुहुँदैन भने कर्णाली जन कर्णाली प्रदेशका १७ लाख जनताको अपराधको खाल्डामा तपाईँहरू नै पर्नुहुनेछ । अरु कर्णाली प्रदेशका सभासदहरूको कुनै पनि त्यहाँ शंका उपशंका रहनेछैन । त्यसको लागि तपाईँ शतर्क रहनुहोस् । मैले देखिरहेछु कर्णाली प्रदेश सरकारको कार्यशैलीले कोरोना भाइरसबाट कर्णाली प्रदेश उन्मुक्त हुन्छ भन्ने विश्वास गर्न अहिलेको समयमा सक्दैन । भोलिको समयमा योभन्दा ठूलो आशा र भरोसा पनि गर्न सकिएला । ठूलो यसबाट चाहिने केरे परिणाम पनि लिन सकिएला तर आज योभन्दा अहिलेको समयसम्म योभन्दा बढी गर्न सक्दैन । मैले यतिसम्म थाहा पाएको छु। मा मन माननीय मन्त्रीज्यूका मान्छेहरू आए भने तपाईँलाई भोट चाहियो कि चाहिएन भने राति १:०० बजे पनि उहाँलाई गाडी दिएर गाउँमा पठाउनुहुन्छ, त्यो नियन्त्रण हो कि परिचालन हो ? मैले मसँग प्रमाण छ कहाँ कतिको के भो ? क्वारेनटाइन के गर्ने क्वारेन्टाइन ? भेडा हुल्ने कि, बाख्रा हुल्ने कि, बंगुर हुल्ने कि कस्तो क्वारेन्टाइन हो ? माननीय मन्त्रीज्यू स्पष्ट बनोस्, त्यो क्वारेन्टाइन भनेको के हो ? त्यो क्वरेन्टाइन हो कि स्वरेन्टाइन हो ? पैसा रुपैयाँ सोर्ने रुपैयाँ सोर्ने, रुपैयाँ सोर्ने सोरेन्टाइन हो त्यो क्वारेन्टाइन होइन त्यो । रुपैयाँ सोर्ने सोरोन्टाइन हो । त्यसैले प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । अहिले अरु भन्दा पनि तपाईँलाई के को सहयोग चाहियो ? तपाईँलाई आर्थिक सहयोग चाहियो ? बजेट कम भो ? ल म अहिले आग्रह गर्न चाहन्छु, कर्णाली प्रदेशका माननीयज्यूहरूलाई तपाईँको बजेट पुग्दैन भने हामले पाउनुपर्ने पारिश्रमिक सुविधाहरू घरको चाहिने बहाल करहरू अथवा अरु खानेपानी केरे बत्तीका करहरू कति

तपाईँलाई चाहिन्छ ? हामी तपाईं दिन प्रतिबद्धता जनाउँछौं तर १७ लाख कर्णालीवासीहरू कोरोना भाइरसबाट उन्मुक्ति हुन उन्मुक्ति दिन सक्ने क्षमता र कला र शैलीलाई अगाडी बढाउनुहोस् । म आजलाई यति भन्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय खड्कबहादुर खत्री । समय ५ मिनेट ।

**माननीय श्री खड्कबहादुर खत्री:** माननीय सभामुख महोदय, मैले अस्ति पनि भन्ने गरे नोट र भोट । यो नोट चाहिँ पारिश्रमिकको खाता सञ्चालन कर्णाली प्रदेश सञ्चालन गरेर यो घुसको नोटबाट शाखा सन्तानलाई पनि कि सखाप पार्ने ? घुसको नोटले । कोरोना भाइरसले नोटबाट पनि सर्छ भनिरहेको छ । यो घुस खाने नोट हात लाग्यो भने यसले शाखा सन्तानै रहने छैन । घुस चाहे कर्मचारी होस्, चाहे माननीय होस्, चाहे मन्त्री होस्, चाहे जनप्रतिनिधि होस् । त्यसैले अहिले विशेष सरकारको मातहतमा रहने कर्मचारीहरू म विनम्रसाथ अनुरोध गर्न चाहन्छु, यो तीनटा शक्ति प्रदेश सरकार, संघीय सरकार, स्थानीय सरकारको माननीयलाई मन्त्रीलाई दिनको सलाम गर्नपर्छ, दिनको घर जानपर्छ भन्ने होइन । पटक्कै ऐन नियम विपरीत एउटा अराजकता जस्तै चुनाव आयो, निर्वाचन आयो, कुनै ठूलठूला जनमत संग्रह जस्तो त्यस्तो अवस्थाको सिर्जना छ, दुई तिहाईको सरकार छ । एकातिर हिजोका घटना विकास निर्माणका एउटा पाटो छ, अर्को पाटोमा आज महामारीको रोग यो कोरोना-19 एउटा विश्व संगठनले चाहिँ नामाङ्कन गऱ्यो अनि हात मिचिमिची धोऊ । कहिले १४ दिनको पनि चाहिँ यकीन छैन । कोही ५८ दिनको पनि पत्ता लाग, त्यसैले यो विश्व संगठन पत्ता नलगाको चिज विश्व संसारभरिको चाहिँ महामारीको रोग फैलिएको बेला, मलाई लाग्छ हिजो हाम्रो समाजमा दादुरा पर्ने, महामारी आउने, झाडापखाला आउने हिजोका पनि भएको हो तर आज यो के भो त भन्दा यो पैसा सक्ने महामारीका नाममा, पैसा सक्ने मात्रै काम भा'छ । मलाई लाग्छ म सरकारलाई अनुरोध गर्न चाहन्छु कति कति कुन जिल्लामा ? कुन ठाउँमा बस गएको छ ? त्यसको यकिन डाटा चाहिन्छ । कति कति कुन ठाउँमा खर्च भएको छ ? त्यही स्थानीय तहबाट पनि खर्च भएको छ । त्यही मान्छेले पनि हालिरहेको छ कहीं, कहीं सरकारले हालेको छ । कसैले प्रदेश सरकारले हालेको छ पैसा तल चाहिँ हिसाबकिताब छैन, प्रत्येक व्यक्तिले नाकाबाट आउँदा दु:ख पाएर हाल्दा त्यो हिसाबकिताब भएको छैन । म आग्रह गर्न चाहन्छु, माननीय सदस्यहरूले हिजो धेरै कुरा उठाउनुभयो । आज बर्दी लगाको आज कुनै एउटा सुर्खेत जिल्लाप्रति नाम नआउने भो । आज भागवण्डाका हिसाबले कहीं चारवटा गाविस भएका जिल्ला छन्, कहीं फुटेका जिल्ला छन्, अनि शक्तिका आधारमा विकास बजेटहरू शक्तिका आधारमा चाहिँ बाँड्ने काम भइराछ र भागबण्डा लाउने काम भाछ । जनसंख्याको आधार सुर्खेत जिल्लाको म माननीय भएको नाताले होइन, सुर्खेत राजधानी हो जनसंख्याको आधार हिसाब हुनुपर्छ र विकास निर्माण जस्तै लगाम, सिम्ता, लेखपराजुल जस्ता पनि यहाँ पनि सुत्केरी हुन्छन्, यहाँ पनि अझ दुई दिन तीन दिन हिंड्नु पर्ने हुन्छ । पश्चिम लगाम अहिले बाटो भएको अवस्था छैन । मलाई लाग्छ विभागीय मन्त्री

त्यहाँ यात्रा गर्दा पनि हुन्छ । मलाई लाग्छ आज एउटा मन्त्रालयको बजेट छुट्टिएको ठाउँमा कृषिको राजधानीको वरिपरि जोत्ने र खन्ने काम भा´छ । ट्रायलको रूपमा यातायात भनौं लाइसेन्स दिनेजस्तो एउटा लाइसेन्सको रूपमा ट्रयाक्टर चलाएर हिंड्ने काम भाछ । जब त्यहाँ आज जग मन्त्रालयको सात वटा मन्त्रालय बन्ने ठाउँमा जग बनेको ठाउँमा २० करोड भो आज छुट्टिएको त्यसको सुरुवात जग पुर्ने बेलामा आज एउटा पनि देखाउने अर्ग्यानिक खेती मलाई लाग्छ हाम्रो गाउँठाउँमा जोतखन गर्छन्, मल बोक्छन्, कान्ला तान्छन्, असुराको चाहिँ छापो हाल्छन्, के अर्ग्यानिक बनाउने यहाँ ? यहाँ कुनै पनि बैतनिक हाम्रो हिजो रासायनिक मल हालेर यो ठाउँको बग्यो आज त्यलाई फालेर अर्ग्यानिक बनाउँदैछौं । त्यसैले म के आग्रह गर्न चाहन्छु भन्दा आगामी बजेट आउँदैछ, माननीय सांसदज्यूलाई अनुरोध गर्न चाहन्छु र दुईटा चीज रोग र भोग स्वास्थ्यतिर बजेट लगाऔं र दुईतीन अरब जति खाद्यान्नको अवस्था आज यस्तो अवस्था भइसक्यो । आज प्रत्येक जिल्ला सुर्खेत जिल्लामा आज मलाई लाग्छ ३५ सयभन्दा बढी आइसक्या छ । तिनीहरूलाई बस्ने ठाउँ छैन । स्कूलहरू ठाउँ छ ६ जना ७ जनाभन्दा अटाउँदैन । घरबाट भनौं पाखी ल्याएर मान्छे बसिराछ । अब यहाँ पालहरू चार सय मात्रै छ । मलाई लाग्छ, चार हजार १० हजार भयो भने भोलि भागाभाग हुन्छ । त्यहाँ स्वास्थ्यकर्मी जान सक्दैन, सुरक्षाकर्मी जान सक्दैन, पत्रकार जान सक्दैन । अहिले सरकारको पत्रकारले चाहिँ उ गर्‍या हुन्छ, एउटा मन्त्रीले मन्त्रीको समस्या पर्‍या अर्को मन्त्रीले सरकारले मुख्यमन्त्रीले भन्नेको ठाउँमा पत्रकारले काउण्टर दिया हुन्छ । त्यसको सफाई दिया हुन्छ, त्यसको बचावट गर्‍या हुन्छ । पत्रकारबाट अडिट गर्नुभो भने अहिले त केही समय अडिट गर्नुहोला । सधैं यस्तो दिन त्यो लेखाजोखा हिसाबकिताब गर्ने दिन कुनै सरकार, सक्षम सरकार आयो भने त्यतिखर हुने छ । आज सार्वजनिक खरिद ऐनलाई कि कानुनी हिसाबले नेपाल सरकारले संशोधन गर्न पर्‍यो । सरन सहकारी कुन ऐनमा टेकेर भइराछ । आज मलाई लाग्छ समपूरक बजेट आफ्नो अनुकूलको अर्थमन्त्रीज्यूले चाहिँ सञ्चालन गर्नुभाछ । आज ६ महिना ७ महिना भइसक्यो, कार्यविधिमा एउटा बनाउने कानून एउटा गर्ने तलबाट संग एउटा उपभोग्ता समिति संगठन गर्दा पनि त्यो चाहिँ विधि अनुसार टेक्न नसकिने अवस्था सिर्जना भएर एउटा भनौं जुन गत वर्ष पाँचौ सदनबाटै पास भएका कुरालाई बंग्याएर उता दिएजस्तो गर्ने कार्यान्वयन नहुने अवस्था सिर्जना भाछ । म यो सच्याउन म अनुरोध गर्न चाहन्छु । त्यस्ता दिन आउँदा दिनमा नहोस् र विशेष महामारीको उसमा के आग्रह गर्न चाहन्छु त भन्दा यो खाद्यान्नको तीन करोड जतिको खाद्यान्न र स्वास्थ्य मलाई लाग्छ औषधि कुनै खोप नै तयार भाछैन । प्रत्येक घरका मान्छेलाई आफू सजग बन्नुहोस् हामीले त्यहाँ जान पर्ने भनौं व्यवस्था गरिदिन पर्‍यो, लुकेर कोठाभित्र बसेपछि त आफै सन्चो हुनेछ त यो रोग । त्यति मात्रै वातावरण भयो भने पुग्छ हामीलाई । मलाई लाग्छ एउटा बसको जस्तै ५ वटा नाका छ गौरीफन्टा छ, त्यसपछि भैरहवाको नाका छ, रुपैडियाको नाका छ, प्रदेशले पैसा कति छुट्याउने हो । हामीसँग कति क्षमता छ, १७ अरबमध्ये हामीले आज मलाई लाग्छ कूलो नभए, आज बाटो नभए पनि मर्दैन । हिजो पनि

हामी हिनेको मान्छे हौं, हिज नून र भात र रोटी मात्रै खाएर पनि तरकारीसँग बाँच्या मान्छे, तरकारी नखाने मान्छे, दाल र भात मात्रै खाएर बाँचेको मान्छेको अवस्था हो । आज भोकमारी परेको अवस्था छ, यो भोकमारीलाई सबै माननीय सांसदज्यूहरूलाई म के आग्रह गर्न चाहन्छु त भन्दा यो अहिलेको बजेट भोकमारीतिर चाहिँ हामी केन्द्रित होस् । बरु चार अरब लाग्छ कि पाँच, भोलि मलाई लाग्छ पैसा भएर पनि पाउने अवस्था छैन । आज भनौं विश्वभरि चाहिँ हाम्रो नजिकको छिमेकी भारत अरु ठाउँ त नाका छ । त्यहीँबाट आउने ठाउँ सबै बन्द छन् सबै उद्योगधन्दा बन्द छन् । आज मज्दुरहरू जान सक्या अवस्था छैन । एक ठाउँबाट आज भनौं अर्को ठाउँ जाने सहज अवस्था भाछैन । त्यसैले के आग्रह गर्न चाहन्छु भन्दा आउने बजेटलाई मुखरित भोकमारीतिर लाउने । समयमा हामी खाद्यान्न चाहिँ व्यवस्थापन गर्ने । यो बजेट हामी लाउन सकियो भने मान्छे बचाउन सकियो र मान्छे चाहिँ सुरक्षित हुन सकियो भने भोलि राजनीति गर्ने, पेशा व्यवसाय गर्ने, उत्पादन गर्नेतिर ध्यान जान सक्छ । त्यसैले म आग्रीगाउँको घटनाप्रति मुख्यमन्त्रीज्यूको हिजो माननीय सांसदले त्यत्रो कुरा उठाउनुभयो त्यो कुनै अर सुर्खेत जिल्लाको कुरा होइन, उहाँ त्यहीँ दशरथपुर ३ वर्ष ४ वर्ष कमाण्डर भएर बस्नुभाछ । अनि सुरक्षा निकाय आज बन्दुक चलाउने चलाउनेबीचको संघर्ष हो कि जनतालाई न्यायोचित न्याय पाउने हो । आज जनता बाँच्न पाउने अधिकार सरकार गर्छ भने तपाईं हामीलाई जनप्रतिनिधि बनाछन् । हामी त्यहाँबाट राज्यको ढुकुटीमा हामी गाडी लिइराछौं हामी बसिराछौं । वाल पेपरमा हामी लगाइराछौं । हाम्रो बसाइ आज यसो जनताको बसाइ एकातिर छ, हाम्रो बसाइ यस्तो छ । मलाई लाग्छ जनता जनप्रतिनिधिहरू जुन जिम्मेवारी हामीलाई पठाछन्, हामी तिनीहरूको अभिभावक हौं । तिनीप्रति एउटा सदासयता होस् । हाम्रा नेताहरू छन् हाम्रो केही न केही गर्छन् भन्ने किसिमको भावना मात्रै उनलाई कुराले मात्रै गर्न हामी सक्दैनौं ? म के आग्रह गर्न चाहन्छु भन्दा जब रक्सीको एउटा भाँडो नै बरामत भाछ । पाँच जना बसेको ठाउँमा फूली लगाएर एउटा ड्यूटीमा बसेको पुलिस अनि कन्चटमा हानेर हातमा हानेको एउटा फोटोसहित सम्प्रेसित त्यसको बारेमा कर्णाली प्रदेशले एउटा पनि बोलेको अवस्था छैन । त्यसैले म के आग्रह गर्न चाहन्छु भने यहाँको आन्तरिक तथा कानून मन्त्रीजीले एउटा भनौं प्रदेश सरकारबाट एसपीको नेतृत्वमा बनायो अनि पुलिसको त्यो प्रशासक गर्ने चीज प्रशासकहरूलाई कानूनबमोजिम हुन्छ अथवा यहाँ हुँदैछ । अहिले सुसाइड गऱ्यो भनेर ठाउँठाउँ बोल्दै हिंड्नुभाछ । त्यसैले के आग्रह गर्न चाहन्छु भन्दा मन्त्रीज्यूहरूले अथवा सरकारले हामी सबैले सरकारमा भएका ती ऐन नियम कानूनलाई पनि कम्तीमा पनि जनताको अन्याय परेको कुरा लाई तिर ध्यान दिन म आग्रह गर्न चाहन्छु । र त्यसको भनौं सत्यतथ्य पहिला पत्ता लाइयोस् कारबाहीको कुरा पछि पत्ता लाइसकेपछि कारबाही हुने कुरा हो । त्यस्तै यो जातीय छुवाछुतको भावनाबाट आज ६ जना मर्दा कोही हाम फालेको कोही लखेड्दा मऱ्यो यस्तो किसिमको अत्याचार । हाम्रो नारा के थियो । दुईतिहाइको सरकारको नारा के हो ? दमाई-कामीप्रति चौधरीप्रति यही हो । नारा हाम्रो के थियो ? आँखा फुटेका, खुट्टा काला भएका, हिंड्न नसक्ने, खान

नसक्ने, गिट्टी कुट्ने त्यसको सत्तामा जाने हामी आझ हिज युद्ध लडेको होइन ? आज ती दिन बिर्सिहाल्यौ ३ वर्षैमा हामी बिर्सन्छौं **(माननीय उपसभामुख:** माननीय समय...छोटयाउनुस्) न्याय पाऔं । त्यसैले म के आग्रह गर्न चाहन्छु । यी दुइटै घटनाप्रति एउटा प्रदेश सरकारले न्यायोचित ढंगले छिटो छानविनको दायरामा ल्याओस् । म त्यही आग्रह गर गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री रातो कामी । समय ५ मिनेट ।

**माननीय श्री रातो कामी:** माननीय सभामुखज्यू, मैले २०७७ जेठ १० गते शनिबारको घटनाको सम्बन्धमा यद्यपि हिजो मात्रै पनि मैले विशेष समयमा आफ्ना कुरा राखेको थिएँ। त्यही जिल्लाको भएर फेरि केही थप कुरा राख्न आज यो विशेष समय मैले मागेको हुँ । खासगरीकन घटनाका सम्बन्धमा सामान्यभन्दा सामान्य जनस्तरमा अथवा मान्छेहरूमा तल जनस्तरमा एउटा चिन्ता पैदा भइरहेको छ । आज दलित र तथाकथित गैरदलितको बीचमा यी र यस्तै बीचमा हुने विभिन्न घटनाहरू नेपालको राज्य व्यवस्थाले अथवा नेपालका सरकारले अहिलेसम्मनलाई तदारुकता नदेखाएको कुरा छँदैछ । त्योबाट अथवा त्यो आशंका अझैं पनि जनमानसमा छ उत्पीडित जनमानसमा छ । यो चौरजहारी र जाजरकोट भेनपाको बीचको जुन प्रकारको घटना छ यो । घटनाका सम्बन्धमा पनि विभिन्न किसिमका चाहिँ अड्कलबाजीहरू हुने गरेका चाहिँ छन् । र घटनाका बारेमा विभिन्न किसिमका विश्लेषण हुन थालेका छन् । र घटनाको सत्यतथ्यका बारेमा प्रहरीले आफ्नो अनुसन्धानलाई अगाडी बढाइराखेको छ । म के अनुरोध गर्न चाहन्छु भने सभामुखमार्फत् सम्मानित सदनमा घटना जस्तो तरिकाबाट घटेको हो । त्यसको सत्यतथ्य हुन जरुरी छ । जनसधारणले त्यो कुराको अपेक्षा गरिरहेका चाहिँ छन् । त्यसो भएको हुनाले घटनाका बारेमा मानिसहरू झगडा पऱ्यो एउटा विषयलाई लिएर झगडा पऱ्यो, प्रेम सम्बन्ध र पछि वैवाहिक सम्बन्धमा जोडिने सन्दर्भको चाहिँ घडीमा झगडा पऱ्यो । ती आफन्त र ती जुन मान्छेहरू भेरीमा हाम फालेका छन्, तिनी आजको भेरी होइन श्रावण भाद्र महिनाको भेरीमा पनि वारपार गर्ने मान्छे हुन् ती । जुन मान्छेहरू भेरीमा भेरी पौडिन सक्दैनथे तिनीहरू चाहिँ भेरीमा हाम फालेका छैनन् । फालिसकेपछि त्यहाँ कसरी ती मान्छेहरू चाहिँ मर्न गए ? त्यहाँ ढुंगाढैनो, लहरोलवेदो त्यहाँ भएको छ भन्ने कुरा त्यहाँ चाहिँ प्रशस्तै रूपमा त्यहाँ कतिपय फुटेजहरूबाट पनि देखिरहेको छ । यसैले गर्दा यसको सत्यतथ्य हुन जरूरी छ । यो एउटा घटना क्रमले असाध्यै ठूलो देशव्यापी रूपमा यले चाइने हंगमा मच्चिरहेको छ आज । यति मात्रै होइन यो एउटा राज्यमा एउटा किसिमको परिवर्तन भइसकेपछि राज्यका सबै तह र तप्काका नागरिकहरूको चेतना अभिवृद्धि भइसकेपछि पनि नागरिकले आफ्नो अधिकारलाई प्रयोग गर्न नपाउने प्रकारको व्यवस्था यो जाहिँ आजका मितिमा चाहिँ कामयावी हुँदैन । आज त्यस्तो व्यवस्था चाहिन्छ, जसले सुशासन र सुव्यवस्थित ढंगले राज्य सञ्चालन हुन जरुरी छ । मान्छेको पक्षपातरहित शासन प्रणालीको चाइने आवश्यकता छ । मान्छेले चाहिँ हाम्रो नेपालको प्रचलन राजनीतिको अपराधीकरण र अपराधीको राजनीतिकरण गर्ने परिपाटी पनि

यदाकता नदेखिएको भन्ने होइन । यसो गरिनु हुँदैन । ठोस वस्तुको ठोस विश्लेषण गर्न जरुरी छ । मान्छेले चाहिँ गारा माछा पाखा बिला लाउनु जरुरी छैन । वास्तवमा चाहिँ त्यो भएको घटनाक्रमका सन्दर्भमा जागा मान्छेहरू देखि जान्ने सुनी जान्ने र त्यहाँ चाहिँ प्रत्यक्ष घटनास्थलमा छन् । कतिपय मानिसहरू घाइते पनि छन् । तिनीहरूको कुरा बुझ्ने कि हामीले हाम्रा अरु अरु ढंगले चाहिँ कुरा बुझ्ने ? अथवा चाहिँ त्यो त्यलाई लिने, त्यसो हुन सक्दैन । त्यसो भको हुनाले अहिले जाजरकोटको प्रशासनले पनि पुलिस प्रशासनले पनि आफ्नो ढंगले अनुसन्धान गरिरहेको छ । त्यहाँ चाहिँ मृतकहरूको चाहिँ सनाखत आदि कुरा चाहिँ जाजरकोटमा भइरहेको छ भने रुकुमको प्रहरी प्रशासनले हत्या घटनास्थल रुकुमतिरै भएको हुनाले त्यले चाइने एउटा अनुसन्धान गरिरहेको छ । त्यो अनुसन्धान असाध्यै चाहिँ आजका मितिमा एउटा चाहिँ न्यायोचित ढंगले निष्पक्ष ढंगले र त्यो चाहिने सबैले एउटा चाइने सबैको जाइने जनसाधारणको पनि चित्त बुझ्ने गरीकन र यो घटनाको बारेमा मतलव त्यो छानविन हुन म जोडदार माग गर्न चाहन्छु । माननीय मुख्यमन्त्रीज्यूले सदनमा अरु विषय र यो विषयलाई लिएर पनि जवाफ दिनुभयो तर म के कुराको मलाई जाइने अपुगता मैले महसुस गरिरहेको छु भने माननीय सभामुखमार्फत म कर्णाली प्रदेश सरकारका सरकारलाई म के भन्न चाहन्छु भने कर्णाली प्रदेश सरकारको चाहिँ यस्ता किसिमका घटनामा उपस्थिति कस्तो किसिमको हुने ? कसरी उपस्थिति जनाउने ? को जाने ? के के गर्ने ? हुनुपर्छ कि नाई । अमूर्त आयो, यो कुराले जाइँ के हो भन्दाखेरि कर्णाली प्रदेश सरकारले जनताको मतलव चाहिँ ज्यूँ-धनको रक्षा र जनताका प्रतिनिधिहरूबाट बनेको जो सदन हो, यसले जाइने जवाफ दिन जरुरी छ । आजका मितिमा त्यो, त्यो आवश्यक कुरा हो । त्यसो भएको हुनाले यो अमूर्त कुरामा चाहिँ यो जनसाधारणको चित्त बुझ्ने विषय होइन । कर्णाली प्रदेश सरकारले त्यो घटनाका बारेमा घटनाका पीडितहरूलाई मतलव चाहिँ त्यहाँ गएर उपस्थिति जनाउने कुरा, त्यहाँको चाहिँ सामान्य भए पनि त्यहाँ चाहिँ मतलव चाहिँ उपस्थिति जनाएर त्यहाँको जाइने अध्ययन अनुगमन गर्ने कुरा हुन्छ, यो रुकुम र जाजरकोट दुईटा जिल्लाका जनताहरू अहिले जाइँने कष्टकर आफ्नो चाइने समस्या कष्टकर जीवन आज बिताइरहेका छन् र त्यहाँ चाहिँ सन्नाटा छाएको छ । यस्तो विषम परिस्थितिमा कर्णाली प्रदेश सरकारले त्यहाँ उपस्थिति जनाउने कुराले एउटा महत्त्वपूर्ण चाहिँ भूमिका निर्वाह गरेको जनतामा चाहिँ बुझिन्छ । यो बारेमा चाहिँ अझैं चित्तबुझ्दो जवाफ नआएको कुरा मैले राख्न चाहन्छु । धन्यवाद । नमस्कार ।

**माननीय उपसभामुख:** माननीय श्री मिनासिं रखाल । समय ५ मिनेट ।

**माननीय श्री मिना सिं रखाल:** सर्वप्रथम छटौं अधिवेशनको तेस्रो बैठकमा आज विश्वव्यापी रूपमा फैलिएको कोभिड-19 ले विश्व नै आत आतंकित र त्यसमा नेपाललाई पनि प्रभाव परेको छ । आज नेपालमा सङ्क्रमितको संख्या ६८२ देखिएको छ भने हाम्रो कर्णाली प्रदेशमा २३ जनामा सङ्क्रमित देखिएको छ । आज हामले हाम्रो प्रदेशको सरकारको पनि पहिलो

प्राथमिकता कोभिड-19 अथवाकोरोना भाइरसलाई नै गरेको छ भने आज हामीले हाम्रो कर्णाली प्रदेश समृद्धि बनाउँछौं भन्ने धारणाबाट हामी विकास उन्मुख हुँदाहुँदै आज हामी रोग र भोगले मरिने त्रासमा हामी त्राही-त्राही भइरहेका छौं । लकडाउन नगरे रोगले मर्ने, लकडाउन गरे भोकले मर्ने अवस्था अब नेपालमा भइरहेको छ । र त्यसमा पनि हामी कर्णाली प्रदेश साह्रै नै दयनीय अवस्थामा बसेका हाम्रा जनताहरू जसले आफ्नो जिल्ला छोडेर छिमेकी राष्ट्र भारतमा गएर मात्र कमाइकाज गरेर ल्याएर आफ्नो परिवार पाल्ने हाम्रा आज युवा जनसंख्याहरू आज रातारात दिनमा १५ गाडी १६ गाडी बनाउँदै आफ्ना जिल्लातिर फर्किरहेको यहाँहरू सबैलाई अवगात छ । त्यसमा पनि दैलेखी जनताहरू अधिकांश भारतमै गएर कमाइकाज गरेर ल्याउने आज ती अब हेर्दाहेर्दै भोकमारीले थलो पार्छ भन्ने मलाई लागिरहेको छ र यदि हामीले ती भारतमा बाट आएका सबै नेपालीहरूलाई सबै नागरिकहरूलाई चेक गर्‍यौं भने अझ पनि धेरै सङ्क्रमित संख्या भेटिनेछ । र आज क्वारेन्टाइनमा पनि हाम्रा ती भाइछोराहरू बस्न मानिरहेको अवस्था छैन । ती क्वारेन्टाइन पनि व्यवस्थित नभएर पानी पनि नपाएर खान नपाएर आतंकित भएको सुन्नमा आएको छ । त्यसैले छिटोभन्दा छिटो कर्णाली सरकार मैले यो गर्छु त्यो गर्छु भन्दा पनि ती क्वारेन्टाइनहरू व्यवस्थित गराउनुपर्‍यो । जिल्लाको लागि पिसीआर पीपी पिसीआरहरूलाई र पिसीआरको कीट र ती सामग्रीहरू जिल्लामा पठाउनुपर्‍यो। र स्थानीय, प्रत्येक स्थानीय तहमा नै परीक्षणको व्यवस्था गर्नुपर्‍यो र क्वारेन्टाइनलाई पनि व्यवस्थित गर्न पर्‍यो । र भोकले नमर्नको लागि खाद्यान्न पनि उपलब्ध गराउनुपर्‍यो र श्रमिक जनताहरू आज लकडाउनको कारणले काम गरेर खान पाएका छैनन् । सबैभन्दा समस्या ती श्रमिकहरूलाई छ । र उनीहरूलाई दिएका राहतहरू कति ठाउँमा राहतमा पनि विभेद भयो भनेर अहिले राहत दिन छोडिरहेको छ । र आफ्नै आँखा अगाडी आफ्ना लगाएका चाँदीका जस्ता मुन्द्रा बेचेर पनि भात खाएको, चामल किनेको हामीले देखिरहेका छौं । र त्यस्ता जनताको लागि छिटोभन्दा छिटो खाद्यान्न उपलब्ध गराउनुपर्‍यो । गौं पाक्याछ भन्ने नाममा अथवा खेती स्याहार्‍याछ भन्ने नाममा श्रमिक किसानहरू, श्रमिक ज्यालादारी मजदूरी गर्नेहरूलाई भोकै मार्नु भएन। यो कर्णाली स प्रदेश सरकारले छिटो छिटोभन्दा छिटो खाद्यान्न उपलब्ध गराओस् र अर्को कुरा आज हामीले यहाँ बोलिरहँदा हाम्रो कर्णाली प्रदेश छुवाछुतमुक्त प्रदेश बनाउन त हामीले सकेका थिएनम् तर रुकुम जिल्लालाई हामीले छुवाछुतमुक्त भनेर घोषणा गरेका थियौं । आज जातीयकै कारणले कलकलाउँदा हाम्रा २१ वर्षीय, २० वर्षीय, १८ वर्षीय तीन जना युवाहरूले मर्न परेको छ । भोलि ती राष्ट्रका कर्णधार हुन् । भोलि तीले केही गर्न सक्थे । आज एकल छोराहरू मरेर जाँदा ती आमा र ती बाबालाई कस्तो भएको होला ? र हामीले सुनेर रमाउने दु:ख व्यक्त गर्ने मात्रै होइन । छिटोभन्दा छिटो ती मृतकको आमाबुवाहरूलाई राहत पुग्ने गरेर तिनीहरूलाई सम्वेदना मात्रै होइन तिनीहरू जसको कारणले उनीहरूले मर्न पर्‍याछ पुगे तीहरूलाई छिटोभन्दा छिटो कार्बाहीको दायरामा ल्याएर कारबाही गरोस्, कर्णाली प्रदेश सरकार आफै लागोस् र अर्को कुरा सुर्खेतमा घटेको घटना, प्रशासन र प्रहरी प्रशासनहरूको जायजेति पनि हामीले देख्न र

सुन्न पाएकै छौं । जहाँ सिम्ता गाउँपालिकामा हिज पनि धेरै कुराहरू उठाउनुभयो । आफ्नो सुरक्षित गर्ने सुरक्षाकर्मी पनि सुरक्षित सुरक्षाकर्मीसँग सुरक्षित छैन भने जनता कसरी सुरक्षित हुन सक्छ ? अनि त्यो घटना सुन्दाखेरि र त्यो घटनाको फोटो हेर्दाखेरि कि त्यो आफैले आत्महत्या गऱ्यो त ? त्यसरी आत्महत्या गऱ्यो भन्ने नाममा त्यो षडयन्त्रमूलक षडयन्त्र गरेको त्यो हत्यालाई लुकाउन प्रहरी प्रशासनले न नपरोस् र त्यो लाई त्यो षड्यन्त्रलाई उजागर गरोस् र त्यस्ता व्यक्तिलाई छानविन गरोस् र मात्रै हामी कर्णाली प्रदेशमा हामीले काम गर्न सकेको सार्थक हुनेछ । हैन भने जातीयको कारणले ठूलो सानोको विभेदको कारणले मर्न पर्ने हो भने हामीले यहाँ केही गर्न सक्ने छैनौं, गर्छौं भनेर खोक्रा नारा लगाएको सार्थक हुने छैन । र यसैमा म के भन्न चाहन्छु भने हाम्रा जुन दशै जिल्लाका जनताहरू भोगले नमरुन, रोगले अझैं सङ्क्रमित नहोस् । कर्णाली प्रदेश सरकारको ध्यान जाओस् र कर्णीली प्रदेश सरकारले सरकार भएको नाममा सरकारको नाम मात्रै होइन काम गरेर देखाओस् भन्ने अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री वीरबहादुर शाही । समय ५ मिनेट ।

**माननीय श्री वीरबहादुर शाही:** माननीय सभामुख महोदय, आज छैठौं अधिवेशनको तेस्रो बैठकमा विश्वमा फैलिएको महामारीले देश अथवा विदेशमा जो मृतकप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जो सङ्क्रमित प्रति सङ्क्रमणमा रहेर औषधिउपचार गरिरहनुभएका दाजुभाइ दिदीबहिनीहरूलाई सुस्वास्थ्यको कामना गर्न चाहन्छु । र अहिले यो हामीले यो महामारीको कारणले लकडाउन गर्दै गर्दा हाम्रा कर्णाली प्रदेशको हिमाली जिल्लामा रहेको बहुमूल्य यार्चागुम्बा जुम्ला, हुम्ला र मुगु र डोल्पा र रुकुमको लेकमा पाइने अहिले यो महामारीको कारणले त्यो लेकमा बन्द गरिएको छ । र त्यहाँ हिमाली जिल्लाका जो वर्षौंदेखि यार्चागुम्बैको भरमा जीवन गुजारा गरिरहेका नागरिकहरूलाई एकदमै समस्या आएको छ र यो कर्णाली प्रदेशले संघीय सरकारमार्फत यलाई दूरी कायम गरी टिप्न लगाइयोस् । यदि यलाई रोक्ने हो भने यो हिमाली जिल्लामा को लागि खाद्यान्न व्यवस्था नि:शुल्क रूपमा चाहिँ ती गरिबहरूलाई वितरण गर्नुपर्छ र ढुवानी यसको लागि ढुवानीको लागि ५० प्रसेन्ट छुट दिनुपर्छ । भन्ने गरिएको छ अहिलेसम्म उप्पर कर्णाली उप्पर क भन्ने गरिएको छ तर यो संघीय व्यवस्था भइसकेपछि जस्तै गाडी नपुगेको जिल्ला हुम्ला र डोल्पामा गाडी त, बाटो त पुग्यो गाडी त पुगेको छैन । त्यसलाई मुगु पनि केही र कर्णालीका धेरै गाउँपालिका होलान् । जो गाडी नपुगेको जिल्लामा हेलिकप्टर भएता पनि त्यहाँ चामलको व्यवस्था गरेर कर्णाली प्रदेशले भोगबाट अन्त्य गराउन पर्छ । आज हेलिकप्टरबाट औषधि बाँडेर मात्रै रोग त मर्ला, भोक मर्दैन। अब भोगको लागि पनि यो हिमाली जिल्लामा हेलिकप्टरको व्यवस्था गर्नुपर्छ । मलाई लाग्छ जब यो संक्रमण होइन, यो सरकारले पनि कोलपक्ष बेवास्ता गरेको मलाई अनुभव गर्छु मैले । जब अस्ति यहाँ राहत बाँड्दै गर्दा मैले डोल्पा जिल्लाका डेढ सय जनाभन्दा बढी विद्यार्थीहरू अलपत्र परेको थिए त्यो विद्यार्थीको रातानाङ्ला मैले मन्त्री

मन्त्रिपरिषद्को मिटिङ्गमै मैले मैले ध्यानाकर्षण गरेर मैले निवेदन दिएँ । यो चाहिँ हामीले कोठा नगरपालिकामा पठाइसक्याछु, नगरपालिका जानुस् भन्ने वहाँबाट आदेश आयो । नगरपालिकामा मैले यहाँको उपमेयरलाई मैले फोन गरेँ, उहाँले भन्नु भो कि वडामा पठाएको छु अरे । वडाले फोन गर्दाखेरिमा टोल कमीटीमा गएको छ अरे । बाहिर निस्किदाखेरिमा पुलिसले लठ्ठी हान्ने र विभिन्न निकायमा लाएर अब ठूलो अप्ठेरो महसुस गरेर अहलेसम्म मैले देखेको अनुसार ४५ जनाभन्दा बढीले राहत पाएको छैन तर ८० प्याकेज चाहिँ गएर कर्णाली प्रदेश सरकारले डोल्पाको लागि राहत छुट्याए मैले पाइयो। यसको चाहिँ अब राहतको बारेमा चाहिँ यो सम्बन्धित मन्त्रालयले यसको बारेमा छानविन गर्नुपर्छ । अर्को अलपत्र परेका बिरामी बिरामीहरूलाई आ-आफ्नो जिल्ला पठाउनको लागि कर्णाली प्रदेश सरकारले राहतको व्यवस्था गरेको छ र गाडीभाडा गरेको भन्ने मैले सुनियो । डोल्पा र जाजरकोटमा उद्योग तथा पर्यटन मन्त्रीले जम्मा लिनुभएको छ भन्ने त्यो पनि सुने मैले तर आखिरीमा मैले डेकदुला गाउँपालिकाको ५० हजार रुपैयाँ मैले भाडा तिरेर पठाको छु । यसको भाडाको चाहिँ बिल चाहिन्छ भरपाई चाहिन्छ गरे, सरकारले एउटा गाडी व्यवस्था गर्दाखेरिमा सामान्य एउटा विद्यार्थीलाई कि एउटा माननीयको जिम्मा दिनुपर्छ कि आफै पनि काम गर्नुपर्छ । यसको बारेमा चाहिँ यो कुन कुन जिल्लामा कतिवटा गाडी यसको चाहिँ छानविन हुनुपर्छ । अझैं पनि डोल्पाका विद्यार्थीहरू काठमाडौंमा र नेपालगञ्जमा गर्दा लगभग ९ सय जना विद्यार्थीहरू छन्, जो परीक्षा होला, परीक्षाको पर्खाइमा बस्दाबस्दै अहिले ९ सय/हजार विद्यार्थीहरू नेपालगञ्ज काठमाडौं सुर्खेतमा अलपत्र छन् । यो कर्णाली प्रदेश सरकारले जम्मा लिनुपर्छ । भन्ने गरिएको छ स्थानीय सरकारलाई जम्मा लाइएको छ । यहाँ आ-आफ्नो चाहिँको जसको पहुँच छ उहिले चाहिँ गाडीको रातारात गाडी पठाएको छ । जसको पहुँच पुग्दैन, त्यसका मान्छेहरू अलपत्र परिरहेका छन् । आज मलाई सभामुखमार्फत केन्द्रीय सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु । यो ०७७/०७८ को बजेटमा विनियोजन हुँदा पनि संघीय सरकारले पनि डोल्पा जिल्लालाई पनि कुनै पनि त्यो नीति कार्यक्रममा आएको देखिएको छैन । जो तिब्बती नाका रुपैडिया हुँदै डोम..म सम्म क्याटरुसम्म जोड्ने नाका त्यो गौरवको योजनाभित्र नपा राखेको छैन । त्यको नाम भेरीकरिडोर नामाकरण नै राखेको छैन र फेवाताल र रारातालको चाहिँ सूचीकृतमा आको छ र डोल्पाको फोक्सुण्डो ताल सूचीकृतमा राखेको पनि छैन । व्यापार केन्द्र भनिएको छ, हुम्ला सिमीकोट राखिएको छ, क्याटगुण्डा नाका राखिएको छ, डोल्पाको क्याथो र मणिमा नाका राखिएको छैन र यता मुगुको नाक्चेनाग्ला पनि राखिएको छैन । अब यो प्रदेश सरकारले नीति तथा कार्यक्रममा यो पनि समेट्नुपर्छ । जतिखेर अब जनतालाई आपतविपद् पर्छ त्यतिखेर चाहिँ सरकार सम्झिन्छ । सरकार भनेको जनताको अभिभावक हो । कि जतिखेर मान्छे दु:ख अप्ठेरो पर्छ त्यतिखेर सरकार सम्झिन्छ तर जनताले अहिले सरकारको अनुभूति गरेको छैन । जो मान्छेहरू आफ्ना पहुँचमा पुग्छन् ती मान्छेहरू घरमा पुगेको छन् । जो मान्छे पहुँचमा पुगेको छैन, ती मान्छेहरू बेपत्ता परिराखेका छन् । त्यसकारणले गम्भीर रूपबाट यो सरकारले १०सै

जिल्लाका नागरिकहरूलाई बचाओस् । सुरक्षित साथ क्यारे यो रोगबाट अन्तिम गरोस् । रोगभन्दा भोगबाट अन्त्य गरोस् र जो यो चाहिँ हिमाली जिल्लामा पाउने यार्चागुम्बालाई चाहिँ यसको चाहिँ एकदम ध्यानाकर्षण गरेर अगाडी बढाओस् भन्ने कुरा राख्दै मेरो भनाइ यही अन्त्य गर्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री झोवा वि.क. । समय ५ मिनेट ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, यो रुकुम चौदारी छुवाछुतको घटानामा हामी पनि दुखै छ । पैले यो कर्नाली प्रदेश सरकारले हामी छुवाछुतको मुक्त गर्ने हो भने म पनि रुकुम चौदारीमा गएको हो । त्यति छुवाछुत मुक्त गर्ने भने सबभन्दा झन् डेन्जर त्यइ मुक्त गर्ने ठाउँमा मान्छे मार्नेको त्यही ठाउँ त्यही त पुग्यो त । ए मान्छेलाई कुकुर काट्न पनि ऐले चाहिँ डर लाग्ने गर्छ, मान्छेलाई मान्छे काट्न्या तीन-तीन मान्छे काट्न्या ठाउँ त्यही नै पऱ्यो त । छुवाछुत गर्नु पैला न छुवाछुत गर्नु हुँदैन त्यहि मुक्त गर्नु हुँदैन । हामी त झन् आशा छ रुकुम छुवाछुत मुक्त गरे हाम्रो मुगुतिर पनि पुग्छ कि भनेर आश कति लाग्यो त । झन् यसरी डेन्जर अब क्यारे महिला पुरुष मुन मिले पछिमा अब भिहे गर्न दिनु कि बिहा गर्नै हुँदैन, लव गर्नु हुँदैन भनेर प्रहरीचौकीमा बुझाए भैगो त त्यही चौकीमा बुझाएर छुटपत्र गरे भैगो त । मार्नु काट्नु के परेछ त । यसरी डेन्जरको कुरा सुन्नबित्तिकै म पनि डर लाग्दो के धेरै भयो यहाँ हाम्रो माथितिर त झन् कुरा बुझ्दैन । ऐले चाहिँ त्यही छ यो लेखाइपढाइ नभएर झन् कति काट्छ कि कति मार्छ कि यसरी छुवाछुतमा त धेरै डेन्जर हुन लाएछ । अनि यो कोभिड-19 त्यही केरे रोगले हामी माथितिर केही पनि गाडी जाँदैन । पिलिन जाँदैन, केही पनि जाँदैन । अब यो त्यै केरे यार्चागुम्बा टिपेर अब माटो खनेर त्यहीमा बच्चा बसालेर हामी यार्चागुम्बा टिप्छन् । टिपेर हामी जीवन, पेट पाल्छन् त्यहीमा अब यो लकडाउन बन्दक भएपछिमा के गरेर खाने हो कि यहाँतिर कसैले तेल, कसैले चामल, कसैले सापन, कसैले माक्स दिएछ । हाम्रो माथितिर र एक माक्समा एउटा सापन दियो भन्छ त्यहीले के गर्ने हो कि, पेटमा के चारो हाल्ने हो कि, त्यै माक्स मात्र लाएर हुने हो कि, मुख मात्रै धोएर हुने हो कि, पेटमा के हाल्ने हो कि । चामल दिए छैन, तेल दिए छैन, केही पनि हाम्रो माथितिर सुविधा केही पनि छैन हवस् । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभासमक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्नो धारणा राख्नको लागि क्रमश: समय दिन्छु । सर्वप्रथम माननीय श्री चन्द्रबहादुर शाही । समय ७ मिनेट ।

**माननीय श्री चन्द्रबहादुर शाही:** सभामुखज्यू, म सर्वप्रथम रुकुम जाजरकोट घटनाको दु:ख व्यक्त गर्न चाहन्छु र मृतक आत्माको चीरशान्तिको कामना गर्दै त्यो घटना सत्यतथ्य निष्पक्ष ढंगले संघ र प्रदेश सरकारको तर्फबाट तदारुकताका साथ अगाडी बढाइनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । सभामुख महोदय, विषम परिस्थितिमा उभिएर माननीय आन्तरिक मामिला आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले यस सम्मानित सदनमा आ.व. ०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सम्मानित सदन समक्ष पेश गर्नुभएको छ । विषम परिस्थितिमा कोभिड-19 को तत्कालीन चुनौतीको सामना गरीदीर्घकालीन विकासको मार्गचित्र तय गर्नुपर्ने नीति बोकेर यो प्रि-बजेट यहाँ पेश गरिएको छ । कोभिडलाई पनि हाम्रो अगाडी चुनौती छ । यो सँगसँग दीर्घकालीन विकाससँग पनि हामी लडेर अगाडी बढ्नुपर्ने चुनौती हाम्रो अगाडी उभिएको छ र दुईटै सँगसँगै कर्णाली प्रदेश, कर्णाली प्रदेशको सरकार, कर्णाली प्रदेशको संसद् र कर्णालीवासीको अगाडी उभिएको छ । सभामुख महोदय, स्वास्थ्य शिक्षा उत्पादन  रोजगारसँगै जीवनस्तरमा रुपान्तरण र दीगो पूर्वाधार गर्नको लागि अर्थात गरी समाजवाद उन्मुख अर्थतन्त्र संघीय शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहबीच सहअस्तित्व, सहकार्य कारिता र समन्वय गरी सामाजिक न्यायसहितको आर्थिक विकास गर्ने सिद्धान्त सहितको यो नीति बोकेर आएको छ । के को लागि भन्दा समृद्ध कर्णाली र सुखारी कर्णालीवासीको लागि यी सबै कुरा समेटेर यो कार्यक्रम सम्मानित सदनमा पेश भएको छ । यी सबै कुरा समेटेर आएकोले मैले मेरो तर्फबाट यो विधेयक यो कार्यक्रमको समर्थन गर्दछु । सभामुख महोदय, अनपेक्षित रूपबाट देखिएको कोभिड-19 लाई नियन्त्रण गर्ने प्रतिवद्धतासहित यो नीति सिद्धान्त कार्यक्रम अगाडी आएको छ र मन्त्रालयहरूको कार्यक्षेत्र संस्थागत क्षमता साधनस्रोतको उपलब्धताका आधारमा बजेट तर्जुमा गर्नेदेखि लिएर हाम्रो जस्तो विकट ठाउँमा दूर उपचार टेलिमेडिसिन, घुम्ति उपचारहरू पनि सञ्चालन गरेर कर्णालीवासीलाई भोक र रोगबाट हामी बचाउन सक्छौं भनेर यो सिद्धान्त र नीति प्राथमिकता अगाडी बढेको छ । त्यस्तै भूमि बैंक, महामारी र भोकमारीबाट कर्णालीवासीलाई बचाउने, बेरोजगार युवाहरूलाई उद्यमशील एवम् स्वरोजगार बनाउने, खाद्यान्नको लागि श्रमसहितको रोजगार दिलाउने, प्राविधिक र व्यावसायिक शिक्षामा जोड दिने, सडक लगायत भौतिक पूर्वाधारका क्षेत्रमा पनि यले प्राथमिकतामा राख्ने, स्वच्छ खानेपानीको व्यवस्थापन, उत्पादन, वृद्धि लगानी, वृद्धिको लागि सिंचाइको व्यवस्था, छरिएको र जोखिमयुक्त बस्तीलाई पनि सुरक्षित स्थान र व्यवस्थित विकास गरी कर्णालीवासी जनतालाई हामी सुरक्षित राखेर वातावरणमैत्री यो कार्यक्रम हामी अगाडी बढाउँछौं भनेर नीति तथा कार्यक्रमले बोलेको छ । त्यसोभकोले यो सकारात्मक छ र यो नीति, सिद्धान्त र प्राथमिकता अहिलेको आवश्यकता अनुसार अहिलेको समयअनुकूल भएकोले मैले यसको समर्थन जनाएको छु । र यसमा मेरो सुझाव के रहेको छ भने मुलुक गम्भीर अवस्थामा, प्रदेश गम्भीर अवस्थामा अगाडी बढीरहँदा हामीकहाँ दुईटा चुनौतीहरू यहाँ देखापरेका छन् सरकारले ध्यान दिनुपर्छ । एउटा विकटता छ, चेतनाको अभाव छ, मान्छे जब थला परिसकेपछि मात्रै हस्पिटल जाने हाम्रो परम्परा

छ । तर कोरोनाले यदि कर्णालीमा छिट्टै मान्छेलाई त्यस्ता मान्छेलाई छोयो भने मृत्यु संख्या बढ्न सक्दछ है । अरु प्रदेशको भन्दा पनि कर्णालीको मृत्यु संख्या बढी हुन सक्छ, बढीया हुन सक्छ । यो कुरामा हामीले समयमै ख्याल गर्नुपर्दछ, सरकार तमतयार हुनुपर्दछ र अब सिद्धान्त तथा नीतिले प्राथमकितामा राखेको छ, यसको लागि म स्वागत गर्न अर्को जुन अहिले बाहिरबाट बेरोजगारी भएर मान्छे फर्किएका छन् । एउटा घर छोडेर तलैतिर बसाई सरेर आएका मान्छे फेरि पनि आफ्नो घर सम्झिएर गएका छन् । उनीलाई आज खाए भोलि बिहान के खाने ? भोलि बिहान खाए पर्सी के खाने ? र समस्या देखा परेको छ । अर्को क्षणिक रोजगारीको लागि आएका मान्छेहरू फर्किएका छन्, उनले भोक पनि लिएर गएका छन्, रोग पनि लिएर गएका छन् । अब बाहिरबाट घर फर्किएका भोक र रोग बोकेर गएका मान्छेलाई कसरी व्यवस्थापन गर्नुपर्दछ । छिटोभन्दा छिटो कर्णाली सरकारको ध्यान जानुपर्छ भन्ने कुरा राख्दै विदा हुन्छु । हवस त, धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री यज्ञबहादुर बि.सी. । समय ७ मिनेट । त्यसपछि माननीय श्री कुर्मराज शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सभामुख महोदय, सर्वप्रथम विश्वभर फैलिएको कोभिड-१९ बाट मुलुकभित्र र मुलुकबाहिर मृत्यु भएका र विश्वमा मृत्यु भएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरू लगायत अन्य सम्पूर्ण मृतक वर्गहरूलाई आत्मैदेखि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । र साथै मुलुकभित्र र बाहिर र विदेश अन्य मुलुकमा सङ्क्रमित हुनुभएका कोभिड-19 बाट सङ्क्रमित सम्पूर्णलाई शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरूको बारेमा आफ्ना कुराहरू राख्न म यहाँ उपस्थित भएको छु । सभामुख महोदय, जुन सिद्धान्त उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरू जुन विनियोजन विधेयक २०७७ का सिद्धान्तहरू जुन आज यो क्रमागत हिसाबले जो आइरहने प्रक्रिया आ.व. ०७७/०७८ लाई मध्यनजर गरेर जुन यो आधारपत्र प्रस्तुत गरिएको छ । मैले सरसर्ती हेर्दा यो आधारपत्र जुन यसका सिद्धान्त र उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरू एकदमै यो कर्णाली प्रदेशलाई कोभिड-१९ र महामारीबाट नियन्त्रण गर्ने प्राय: राखेको छ । त्यसको साथसाथै भोलिका दिनहरूमा यो कर्णालीवासीहरू भोकमरीको समस्याबाट ग्रसित नहोऊन् भन्नेका खातिर पनि यस सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरूमा व्यवस्था गरिएको मैले पाएँ र विशेष गरेर यस विषम परिस्थितिमा जुन कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले टेबल गर्नुभएको जुन यो आधारपत्र छ । यसमा सरसर्ती हेर्दा हाम्रो संविधानअनुसार लोक कल्याणकारी राज्यका अवधारणा, नागरिकको मौलिक हक तथा राज्यका सिद्धान्तहरूको समाजवाद उन्मुख अर्थतन्त्र र संघीय शासन प्रणाली अनुरूप संघ, प्रदेश र स्थानीय तहबीचको सहअस्तित्व, सहकारीता, समन्वयको आधारमा जुन अगाडी बढ्ने

जुन एक परिकल्पना गरिएको छ, यो असाध्यै राम्रो पक्ष छ । सभामुख महोदय, र यसमा स्वास्थ्य र कृषि शिक्षालाई जुन जोड दिएको छ । अहिलेको कोभिड-१९ बाट कर्णाली प्रदेशका जनतालाई सुरक्षित महसुस गराउनका लागि र यसको यो कर्णाली प्रदेशलाई का जनताहरूलाई भोकमरीको समस्या पर्न नदिनका खातिर जुन यसमा व्यवस्था गरिएको छ । यसबाट मैले सर्रर हेर्दा अब सरकार र इमानदारीता कत्तिको गर्दछ । किन भन्देखिन् हिजोका ०७६/०७७ मा पनि सरकारले विधिवत् ढंगबाट यस्तै प्रकारले सिद्धान्त, उद्देश्य र प्राथमिकता र मुख्य नीतिहरू प्रस्तुत गर्ने यो प्रचलनै हो । त्यसका खातिर त्यो अनुरूप हिजका दिनमा सभामुख महोदय, यस गरिमामय सदनप्रति कत्तिको सरकार अबका आउने दिनहरूमा जिम्मेवारीपूर्ण तरिकाले यो सदनलाई यस गरिमामय सदनलाई विश्वास दिलाउन सक्छ । हिजोको त्यो अवस्था हेर्दा सरकारले जे-जति शब्दहरू लेखेपनि यस गरिमामय सदनका हामी सबै सांसदहरू सरकारका क्रियाकलपाप्रति असन्तुष्ट व्यक्त गरेर आएकै हौं । यस मानेमा सभामुख महोदय, म सभामुख महोदयमार्फत सरकारको ध्यान आकर्षण गराउन चाहन्छु यो जुन आधारपत्र जो छ, एकदमै राम्रो छ । अहिलेको परिस्थितिलाई समेट्ने आधार त छ । त्यसकारण म भन्न चाहन्छु, यसले लैङ्गिक, सामाजिक, आर्थिक विभेदलाई पनि अन्त्य गर्ने जो यहाँ आधारपत्रमा उल्लेख गरिएको छ । अन्तमा म के भन्न चाहन्छु भने सभामुख महोदयमार्फत यो सरकार जहाँसम्म लाग्छ विभेदकारी सरकार छ । उदाहरणको लागि म के भन्न चाहन्छु भने यो विभेदकारी सरकार भएको कुरा सम्मानित सदनका माननीयज्यूहरूबाट व्यक्त भइसकेको कुरा म यहाँ प्रष्ट गर्न चाहन्छु । उदाहरणका लागि क्षेत्र विशेष कार्यक्रम जुन क्षेत्रमा निर्वाचन क्षेत्रमा, क्षेत्र विशेष कार्यक्रम जुन राखियो त्यसमा सरकारले पहिलो कार्यक्रम सञ्चालन विधेयक ल्यायो त्यो कार्यक्रम सञ्चालन विधेयकमा कार्यविधिमा दफा ३ मा उल्लेख के गरिएको छ भने परामर्श समिति गठन गर्ने व्यवस्था गरिएको छ, त्यो अनुरूप प्रत्यक्ष निर्वाचन प्रणालीबाट आएका माननीयको संयोजकत्वमा समानुपातिक निर्वाचन प्रणालीबाट आएका माननीयहरूको लाई सदस्य, सम्बन्धित जिल्लाका समन्वय प्रमुख उपप्रमुख सदस्य, सम्बन्धित गाउँपालिकाका प्रमुख उपप्रमुख, नगरपालिकाका प्रमुख उपप्रमुख सदस्य भनेर व्यवस्था गरिएको छ, पहिलो कार्यक्रम सञ्चालन कार्यविधिमा र दफा ३ कै खण्ड-ख मा के गरिएको छ भने र संयोजक परामर्श समितिकै संयोजक जुन एउटा निर्देशक समिति भनेर त्यसमा व्यवस्था गरिएको छ । त्यो निर्देशक समिति भनेर व्यवस्था गरेकोमा संयोजक प्रत्येक्ष निर्वाचन प्रणालीबाट आएकै परापर्श समितिकै माननीय संयोजक र त्यसको साथै समानुपातिक निर्वाचन प्रणालीबाट आएकै माननीयहरू सम्बन्धित निर्वाचन क्षेत्रका स्थायि बसोबास भएका माननीयहरू सदस्य र योजना कार्यक्रम छनौट गर्दा निर्देशक समितिको सहमतिमा छनौट गर्ने व्यवस्था गरियो तर लगत्तै १५ दिनपछि सहमतिको आधार हैन, एकल निर्णय गर्ने संयोजक प्रत्यक्ष निर्वाचन प्रणालीबाट आएको माननीय जो संयोजक हो उले एकल निर्णय गर्ने जुन दोस्रो चाहिँ कार्यक्रम सञ्चालन कार्यविधि चाहिँ निर्देशिका जुन सरकारले ल्यायो, यो सरकार विभेदकारी सरकार छ । त्यस मानेमा अब यो सरकारले म सभामुख महोदयमार्फत ध्यान

आकर्षण गराउन चाहन्छु, रातारात पहुँच हुनेवालाले गाडीका गाडी सम्बन्धित ठाउँमा पुगाए तर त्यसै ठाउँमा छन् अन्य कर्णालीवासीहरू पनि तर अन्यत्र जिल्लाका जो पहुँच नभएका जिल्लाका जुन मानिसहरू हुन् (**माननीय उपसभामुख:** समय सकिएको छ माननीय सदस्य) चाहे दैलेखका हुन्, सुर्खेतका हुन् उनीहरूको गाडीमा चढ्न (**माननीय उपसभामुख:**छोटो बनाउनुस्) पाएनन् भन्ने पनि गुनासो आइरहेको छ सभामुख महोदय, अरु सब सहकारीता र सहअस्तित्व र समन्वयको कुरा जो छ स्थानीय निकायमा संघको कुरा, म स्थानीय निकायको गुनासो यहाँ राख्न चाहन्छु । (**माननीय उपसभामुख:** समय सकिएको छ माननीय सदस्य) ती स्थानीय निकायका प्रमुख उपप्रमुखज्यूहरूबाट यस्तो गुनासो आयो, अब प्रदेश सरकारका प्रमुखहरू प्रतिनिधिहरूलाई स्थानीय कुन हैसियतको मान्छेले फोन गर्दा फोन उठ्छ तर हाम्रो फोन उठेन भन्ने छ । यो धेरै गुनासो छ, त तपाईंले यो कुरा प्रदेश सरकारलाई सभामुखमार्फत जगजाहेर गर्नुहोला भन्ने गुनासो आएको छ । त्यसो भएर यो कोभिड-१९ लाई हामीले पराजित गर्नका लागि एकताको खाँचो छ । अब कर्णाली प्रदेश सरकार हय हामी हाम्रो पछि कर्णालीका सांसदहरू पनि छन् है भन्ने खालको वातावरण सिर्जना गरेर अगाडी बढ्नेछ भन्ने कुरा राख्दै मेरो भनाइ यहि अन्त्य गर्छु । हवस्, धन्यवाद । जय नेपाल ।।

**माननीय उपसभामुख:** माननीय श्री कुर्मराज शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री अमृता शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कुर्मराज शाही:** माननीय सभामुख महोदय, छैठौं अधिवेशनको तेस्रो बैठकमा हामी उपस्थित भएका छौं । आर्थिक वर्ष ०७७ नीति कार्यक्रमहरू आइरहँदा बजेट आइरहँदा त्यसको पूर्व तयारीका निम्ति बजेटको सिद्धान्त कार्यक्रमको सिद्धान्त कस्तो रहने ? यसैगरी हाम्रो उद्देश्यहरू के हुने ? लक्ष्य के रहने र त्यसको प्राथमिकता के रहने ? भन्न विषयमा हाम्रो अर्थमन्त्रीज्यूले पेश गर्नुभको टछ । यसको सिद्धान्त, प्राथिमकता र यसको उद्देश्य आज यो विषयमा हामी छलफल गर्न लागिरहेका छौं । अब सँगसँगै यहाँनेर म विशेष समयमा बोल्न सकिन र यहीसँगै जोडेर मेरो आफ्नो केही भनाइ राख्ने अनुमति चाहन्छु । यो कोभिड-19 को बारेमा धेरै चर्चा भा´छ । मेरो आफ्नो छुट्टै प्रकारको विश्लेषण छ यहाँनेर । मैले यलाई तीनटा दृष्टिकोणले हेरिरहेको छु । मेरो आफ्नो स्वतन्त्र विचार हो । मैले विचारको छलफल गर्न पाउनुपर्छ र मेरो बहस गर्न पाउनुपर्छ । मैले तीनटा कोणबाट हेरेको छु यलाई । एउटा प्राकृतिक कोणबाट मैले यलाई हेरेको छु र म जतिबेला क्याम्पस पढिरहँदाखेरि माल्थसको जनसंख्या सिद्धान्तलाई मैले अध्ययन गरेको छु । कहिलेकाहिँ यो जनसंख्या वृद्धि हुँदै जाने, प्राकृतिक स्रोत र साधन कम हुँदै जाने, यलाई ब्यालेन्स मिलाउनको लागि यस्ता महामारी आउने र यस्ता भूकम्पहरू आउने गर्छन् भनेर माल्थसले भन्नुभा´थ्यो । त्यो मैले अध्ययन गरेको थिएँ सायद यो हो कि भन्ने जस्तो लाग्छ मलाई, प्राकृतिक दृष्टिकोणबाट हेर्दाखेरि । मेरो बुवा साह्रै आध्यात्मवादी हुनुहुन्थ्यो, पदमबहादुर शाहीले सप्ताह लाउनुहुन्थ्यो र दैलेखका चाहिँ पण्डितहरू जान्थे, पण्डितहरूले भन्ने गर्थे त्यतिबेला कथा

लाउँदा बुवाले भन्नुहुन्थ्यो मलाई कहिलेकाहिँ बाबु यो कलियुग चाहिँ विदा हुँदाखेरि यस्तोखालको भयाभह अवस्था आउँछ है भन्नुहुन्थ्यो । करिब आध्यात्मवादी दृष्टिकोणले ठीकै पनि हो जस्तो लाग्छ मेरो । आफ्नो विचार हो मेरो, नितान्त मेरो निजी विचार बाहेक अरु केही छैन यसमा । अर्को मेरो छ यो साइन्टीफिक दृष्टीकोणबाट हेर्दाखेरि यो सामाजिक दूरी कायम गर्नु भन्या चाहिँ यो शंकाष्पद कुरा हो नि । कले भन्यो र यो हामीलाई मुखमा मास्क लगाउनु, साबुन पानीले मिचीमिची हात धुनु भन्छ हामीलाई । यो सिकाएकै छन् त हामीलाई भन्दाखरि यो साइन्टिफिक दृष्टिकोणले हेर्दाखेरि यो जैविक वार त होइन यो ? एउटा शंका गर्ने विषय, एउटा बहस गर्ने विषय । खैर जे पनि होस् तर यो कोभिड-19 बाट कोरोना भाइरसबाट विश्वभरि हाम्रो नेपालमा जति दाजुभाइहरूको मृत्यु भको छ, सबैप्रति म श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । जो आइसोलेसनमा हुनुहुन्छ, क्वारेन्टाइनमा हुनुहुन्छ, उहाँहरूको शीघ्र स्वास्थ्य लाभको म कामना गर्न चाहन्छु । र यसैगरी अब रुकुम कुरा आउँदाखेरि रुकुममा घटेको जो घटना हो सोतमा घटेको घटना, यो निन्दनीय छ, अमानवीय छ र यो आतातायी घटना हो । यसको घोर भर्त्सना गर्दछु म । न्यायिक छानविन गरी दोषीमाथि कडाभन्दा कडा कारबाही होस् । र अर्को सँगै थोरै मैले जोड्न खोजेँ सुरुमा यो कानून निर्माणको प्रक्रियामा अब म प्रवेश गर्दैछु । कानून निर्माणको प्रक्रियामा ढिला भएका छन् बजेट कार्यान्वयन हुन सकेका छैनन् म जोडे यहाँनेर प्रसङ्ग । जसले गर्दा सामाजिक न्याय, आर्थिक समृद्धि र भौतिक निर्माणका कामहरू विलम्ब भएका छन् यहाँनेर । कानून निर्माणको ढिला भएका कारणले गर्दाखेरि अनि कानून निर्माणका प्रक्रियाहरू कछुवा गतिमा गएका छन् । मैले अस्ति मात्र एउटा सरकारलाई भन्याथिएँ । यो वातावरणीय संरक्षण ऐन पारित नहुँदाखेरि सबै पूर्वाधाका कामहरू रोकिने अवस्थामा छन् । यो ढिला भको छ, त्यो भको हुनाले कानून निर्माणको प्रक्रियालाई खरायोको गतिमा लिन म आग्रह गर्न चाहन्छु सरकारलाई । र अर्को सँगै अतिक्रमण भूमि कालापानी, लिम्पियाधुरा, लिपुलेकसहित समेटेर नेपालको राजनीतिक र प्रशासनिक नक्सा जारी गरेकोमा नेपाल सरकारलाई हामीले धन्यवाद दिन पर्छ, म धन्यवाद दिन चाहन्छु । र उक्त भूमिको नियन्त्रणमा हाम्रो शीघ्र होस् सरकारले पहल त्यो नेपाली जनताले देख्न पाउन् । हाम्रो नियन्त्रणमा रहेको कुरा र बजेट कार्यान्वयन प्रक्रियामा कर्मचारीतन्त्रको ढिलासुस्ती अत्यन्तै छ । असारमै पु-याइहाल्ने आर्थिक प्रलोभन छ कर्मचारीहरूमा सरकारले हेक्का राखोस् । पुरानो मानसिकता अहिले पनि चेन्ज हुन सकेको छैन । यले गर्दा जनतामा ठूलो निराशा पैदा भाछ । यो निराशाको यो बादललाई अन्त्य गरेर विकास निर्माणमा सुशासनको प्रत्याभूति दिलाउन कसरी सक्छ ? यो सरकारले गम्भीर ढंगले ध्यान देओस् भन्न म चाहन्छु । अब यसको सैद्धान्तिक पक्षमा चाहिँ जो पेश गर्नुभएको छ, यसको विनियोजन विधेयक बजेट र कार्यक्रमको सिद्धान्तको पक्षमा म थोरै बुँदागत हिसाबले म यहाँ भन्न चाहन्छु । लामो संघर्ष पछि भन्ने गरेका छौं हामीले, प्राप्त गरेका ऐतिहासिक उपलब्धिहरू लगभग अब २-३ वर्ष ३-४ वर्ष तिर्न थालिसक्यो । यो संघीय लोकतान्त्रिक गणतन्त्रको भन्छौं हामी, हामीले प्राप्त गरेको उपलब्धि हो । धर्म निरपेक्षता

भन्छौं हामी, हामीले प्राप्त गरेको उपलब्धि हो । सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्ने हामीले भनेका छौं । हामी संघीय संविधानमा समाजवाद उन्मुख नेपाली समाज लैजाने भनेका छौं हामीले, यो हाम्रो उपलब्धि हो । अब यो उपलब्धिलाई मलाई लाग्छ बचाउनुका निम्ति सरकारले विचार र विवेकसहितको संघर्षबाट, म त विचार र विवेक भन्छु फेरि । विचार र विवेकसहित सरकारले को संघर्ष गर्न आवश्यकता छ यहाँनेर, बन्दुकको संघर्ष मैले भनिन, विचार र विवेकसहितको संघर्ष अब गर्नुपर्ने आवश्यकता यहाँनेर देख्छु म । रुपान्तरण र परिवर्तन यदि गर्ने हो भने पुराना मख्खिएका सामाजिक उत्पादन सम्बन्धलाई अन्त्य गर्ने प्रकारको सिद्धान्त हामीले निर्माण गर्नु पर्‍यो । पुरानो मख्खिएको सामाजिक उत्पादन सम्बन्ध अहिले पनि हामीसँग छ यहाँनेर । सामान्तवाद अहिले पनि छ जग्गा सामन्तहरूको हातमा छ अहिले पनि हाम्रो प्रदेशमा । अहिले जनता र सामन्तहरूको बीचको चाहिँ सामाजिक सम्बन्ध अहिले पनि अन्त्य गर्न सकेका छैनौं हामीले । यसलाई एउटा आधार बनाउनु पर्‍यो, वेश बनाउनु पर्‍यो हाम्रो सैद्धान्तिक हिसाबमा । अर्को कुरा चाहिँ उत्पादन शक्ति र उत्पादनका स्रोत, उत्पादन शक्ति पुरानै छ अहिले पनि, जेटिएले जेठ पुर्‍याइदिन्छ । आभरसियरले जेठ असारमा पुरयाइदिन थाल्यो यहाँनेर यो उत्पादन शक्तिलाई रुपान्तरण र परिवर्तन गर्न सकेनौं भने हाम्रै त हुन उत्पादन शक्तिहरू । अहिले पनि हाकिमहरू मजाले बसिराख्या हुन्छन् यी उत्पादक शक्तिलाई परिवर्तित गर्न सकिएन भने रुपान्तरण गर्न सकिएन भने । यसैगरी उत्पादनका हाम्रा स्रोतहरू, अहिले त राजस्व छँदै छैन, पूरै स्रोतहरू बाहिरबाट आउने स्रोतहरू जो छन् नि । हामीले आफ्नो स्रोतलाई निर्माण गर्न सकेनौं भने यसैगरी मलाई लाग्छ, अहिलेको कोभिड-19 छयो रोग र भोगबाट मुक्त हुन सकिएन भने यसलाई निषेध गर्न सकिएन भने यसको न ठाउँमा नयाँ प्रगतिशील अग्रगामी उत्पादन सम्बन्ध स्थापना गर्दै समृद्ध नेपाल र सुखी नेपालको नेपालीको दीर्घकालीन राष्ट्रिय आकांक्षामा आधारित हाम्रो प्रदेश सरकारले समृद्ध कर्णाली सुखारी कर्णालीवासी भन्ने मूल नारा र आफ्नो सिद्धान्त बनाएको छ । यो सिद्धान्तलाई परिपूर्ति गर्नका निम्ति हामीले उद्देश्यहरू मूले नारामा भन्याछु । समय छोटो छ, यसका निम्ति सबभन्दा पहिला स्वास्थ्य हामीले भनिहाल्यौं, धेरै कुरा आको छ यहाँ । रोग आको छ भोग आको छ । स्वास्थ्यलाई पहिलो प्राइअरिटि दिऔं, गएको आर्थिक वर्षहरूमा हामीले भौतिक पूर्वाधारलाई पहिलो प्राइअरिटी दिएका छौं । स्वास्थ्य त्यसपछि यसको उद्देश्य लक्ष्य भन्दैछु, तत्कालीन लक्ष्य र उद्देश्य प्राप्त गर्नका निम्ति यही आर्थिक वर्षमा, ०७७ मा प्राप्त गर्नका निम्ति स्वास्थ्य जीवनका लागि दिर्गो च दीगो पूर्वाधार । दीगो पूर्वाधारको अहिले पनि खाँचो छ । पूर्वाधार पुगेको ठाउँमा आफ्नो होला । जस्तै सडक पुगेको छैन मान्छे बिरामी भो कसरी ल्याउनुहुन्छ ? बोकेर ल्याउनुहुन्छ ? सडक, सडक आवश्यकता छ, हस्पिटल आवश्यकता छ, १५ शैया हस्पिटल एउटा गाविसमा बनाउन, विस्तारै गरेर एउटा वडामा पनि चाहिँ १५ शैयाको हस्पिटल बनाउन आवश्यकता छ । भौतिक पूर्वाधार खानेपानी पुगेको छैन, सिंचाइ पुगेको छैन, मान्छेको अब असार आयो मारामार हुन थाल्याछ यहाँनेर । पुगेको ठाउँमा पुग्यो होला आफ्नो कुरा हो,

नपुगेका ठाउँहरू छन् । त्यो हुनाले मैले भनेको स्वास्थ्य जीवनका लागि, स्वस्थ जीवनका लागि दीर्घ पूर्वाधार केरे सरी दीगो पूर्वाधार । आत्मनिर्भर र अर्थतन्त्र, आत्मनिर्भर अर्थतन्त्रका लागि उत्पादन शक्ति र घरेलु रोजगार । उत्पादन शक्तिको विकाससँगै घरेलु रोजगार निर्माण गर्न सकियो भने आत्मनिर्भर अझ म यहाँ स्वाधिन भन्ने पनि शब्द थप्दिन्छु । स्वाधिनता र आत्मनिर्भर अर्थतन्त्रका लागि उत्पादन शक्तिमा वृद्धि र घरेलु रोजगारको निर्माण गर्न सकियो भने हाम्रो उद्देश्य प्राप्ति हुन्छ । र यसैगरी प्राथमिकता मैले यसरी भन्याछु स्वास्थ्य, कृषि र उद्योग मैले शिक्षा तल हटाइदियाछु । स्वास्थ्य पहिलो हाम्रो प्राथमिकरण भइहाल्यो, दोस्रो कृषि अहिले धेरै विद्यार्थीहरू विदेशबाट आएका मान्छेहरू गएका छन्, लास्ट हाम्रो काम भनेको कृषि नै रहेछ जति जहाँ पुगेपनि, काठमाडौं पुगेपनि, अमेरिका पुगेपनि, जापान पुगेपनि लास्ट कृषि नै रहेछ यो ठूलो विषयवस्तु भनेको । स्वास्थ्य, कृषि, उद्योग त्यसपछि गएर साना तथा मझौला उद्योगको विकास गर्न सकियो भने मान्छेलाई अल्झाउन सकिन्छ यहाँनेर र रोजगार त्यले सिर्जना गर्छ । त्यसपछि गएर शिक्षा, वन, पर्यटन र दीगो पूर्वाधार गर्न सकियो भने मात्रै मलाई लाग्छ यो, यो सिद्धान्तमा टेकेर हामी अगाडी बढ्न सक्छौं । समृद्ध कर्णाली प्रदेश र सुखारी कर्णाली प्रदेशका जनता हामी बनाउन सक्छौं । समृद्ध नेपाल सु सुखी नेपाली जनता बनाउन सकिन्छ । यो लक्ष्य पूरा गर्न सकिन्छ भन्ने कुरा राख्न चाहन्छु र यति भन्दै यो साह्रै राम्रा कुराहरू छन्, आएका छन्, खाद्यान्नका लागि श्रमसहितको रोजगार सिर्जना गर्ने भनेको छ । आफ्नो गाउँ आफै बनाऔं भन्ने नारा थियो, हाम्रो प्रदेशमा आफ्नो गाउँ र आत्मनिर्भर बनौं भन्ने खालको छ । र यसैगरी सबै विषयवस्तुहरूलाई समेटेर आको छ, लामो पढ्नलाई त्यति पट्यारिलो पनि छैन, सजिलो सरल ढंगले बुझ्न सकिन्छ । बुझ्ने विषयवस्तु यसमा समेटेका छन् त्यो भको हुनाले प्रस्तुत गर्नुहुने माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाप्रति आभार प्रकट गर्दै मेरो आफ्नो छोटो सुझाव यहि अन्त गर्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री अमृता शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री झोवा वि.क. तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री अमृता शाही:** सभामुख महोदय, आज छैठौं बैठकको तेस्रो दिनको कार्यक्रममा भाग लिदै गर्दा विधेयक विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र मुख्य नीतिहरूको पुस्तिका हाम्रो हातमा परेको छ । यसमा सरसरी हेर्दा सबै कुरा समेटिएर आएको छ । हामी कर्णालीवासीको लागि के कति गर्नुपर्ने वा हामीले अहिलेसम्मरि नगरेका काम पनि यसमा सिमटिएका छन् किनकि यो हामीले यो पुस्तक यो साल मात्र होइन हामीले अहिलेदेखि प्रत्येक वर्षमा एकचोटि हामीले नीति, नीति कार्यक्रम ल्याउँछु र यसमा सम्पूर्ण हामीले विकासको बारेमा यसैमा सुरुमा आउँछ त्यसपछि बजेट विनियोजन हुन्छ र यसमा मैले सरसरी हेर्दा छोटो स्यानो पुस्तक र पढ्न पनि सजिलो छ र अनि त्यसमा कुरा पनि राम्रो छ किनकि यसमा यो कोरोनाको बारेमा हामीले यसमा भोकमारीको कसरी जोहो गर्ने भन्ने कुरा छ र यसमा पछाडि पारिएको जात सीमान्तकृत जात, एकल महिला र अपाङ्गता भएका

व्यक्तिको पनि यसमा समेटिएको छ । एकल महिलाको कुरा गर्दै गर्दा हिजो पनि मैले एकल महिला ६० वर्षमुनिका एकल महिला र अपाङ्गता भएको भत्ताको कुरा गरिराखे कटौतिको कुरा तर यसमा आएको छ । योचाहिँ जस्ताको तस्तै आओस्, नकाटिएर आओस् भन्ने कामना गर्छु र हामीले यो कोरोनाको बारेमा मैले र यो उसको नीतिको बारेमा चाहिँ एक दुईटा कुरा मात्रै राख्छु किनकि हामीले अहिले हामीले योजना गराउँदा यहाँ आउन त धेरै आको छ । कृषि र स्वास्थ सम्बन्धी एकदमै यसलाई अगाडी ल्याउनुपर्छ र हामी किनभने कर्णालीवासीहरू जहिले पनि सुखारी कर्णाली, सुखी कर्णाली भन्ने नारा मात्रै ल्याउँछु तर कर्णाली सुखी पनि हुँदैन, स्वस्थ पनि अहिले अस्वस्थ हुन लाग्यो कर्णाली झन् । यसलाई कसरी स्वस्थ बनाउने र सुखी कसरी गराउने भन्ने बारेमा यसपालि चाहिँ मन्त्रीज्यूहरूले एकदमै यसमा प्राथमिकता दिनुहोला र कृषि, कृषिमा विदेशबाट हाम्रो कर्णाली प्रदेशमा हजारौंको लाखौंको संख्यामा मान्छेहरू भित्रिदैछन्, रोजगारी पनि छैन र भोकमारी छ, रोगसित आएका छन् । यिनीहरूको लागि स्वास्थको व्यवस्था गर्नुपर्‍यो कसरी हुन्छ र अहिले एकदिनमा ३०-३५ वटा बस आउँदैछन् । तर हामी यहाँ बसेर हामीले हेरेका छौं र देखेका छौं भन्ने मात्रै हो अहिले गएर सिम्तामा एक सय जना मान्छेको बीचमा २ जना प्रहरी हुन्छन् । तिनीहरूले कसरी तिनीहरूलाई उ गर्छन् केरे लकडाउनमा राख्ने कोशिस गर्छन् किनकि उनीहरू आफ्ना आफ्नो घरमा गएर अहिले जतातते लथालिङ्ग बनाइदिएका छन् । रोगहरू सर्ने डर अझैं पनि छ । अहिले हाम्रो कर्णाली प्रदेशमा २३ जना मात्रै होइन, २३सौं हजारको संख्यामा पनि बढ्ने जस्तो पनि भैसक्यो । यसमा एकदमै सरकारले कसरी हुन्छ, ध्यान दिनुपर्छ र अर्को कुरा कृषिको बारेमा कुरा गर्दैगर्दा कृषि अहिले बाँझो खेत यो सरकारको पहिले देखिको नीति हो तर अहिलेसम्म कार्यान्वयन भएको छैन । अब चाहिँ हुनुपर्छ । कृषि नभई नहुने हाम्रो पहिला सुरुमा हाम्रो यो सदन हुँदाखेरि अर्गानिक खेती गर्ने भनेर हामीले धेरै हामीले हल्ला गर्‍यौं अथवा बाहिर कुरा ल्यायौं तर गर्न सकेनौं हामीले अर्गानिक भएन तर अब चाहिँ अर्गानिक खेती पनि गर्ने र विदेशबाट बेरोजगारमा आको मान्छेहरूलाई तिनीहरूलाई रोजगारी कृषिमा लगाउने र मैले यहाँ मन्त्रालयको अगाडीपट्टि अलिकति जोतेको देखें । के यहाँ मन्त्रालय अगाडीपट्टि अलिकति जोतेकोले मात्रै यहाँ कृषि फर्म हुने हो कि अथवा यो देशभरिको यो कर्णाली प्रदेशभरिलाई खान पुग्ने हो त्यो किन रैछ अलिकति जोतेको ? विचार गर्नलाई हो कि के हो त्यो ? मैले चाहिँ त्यो कुरा बुझिन र त्यो बरु मन्त्रीज्यूहरूले गाउँगाउँमा गएर त्यस्तै बाँझो जग्गाहरूमा उद्घाटन गर्दिने, जोत्दिने, त्यहाँको मान्छेहरूलाई बरु ल्याएर काम नगर्ने मान्छेहरूलाई चाहिँ आफूले गर्दिएपछि ल आफै पनि आएर काम गर्छन् होला । त्यो चाहिँ गर्नुपर्छ जस्तो लाग्छ र अर्को कुरा हामीले जहिले पनि यो किताबमा नारा र एकदमै सिद्धान्तहरू, राम्रो-राम्रो सिद्धान्तहरू ल्याउछौं तर लागू हुँदैन । अब अघि भर्खरै कुरा सुनें भ्रष्टाचार यो कोरोनाबाट पनि एक छाक खानाको ११ सय भनेर भन्ने पनि कता सुनें मैले । यो यसमा भ्रष्टाचार गर्नु भन्या यो कस्तो नराम्रो कुरा, एकदमै नालायक कुरा हो किनकि एक त मान्छे रोगले र भोगले आत्तिएका छन् भनेपछि यसैमा पनि अझ

कस्तो भ्रष्टाचार गर्नु कति नपुगेको होला ? त्यो गरिब जनताहरूभन्दा पनि अझ त्यो भ्रष्टाचार गर्नेलाई अझ पुगेन छ, यसैलाई लाग्नुपर्छ कोरोना जोले भ्रष्टाचार गर्छ त्यसैलाई लाग्नुपर्छ किनभने त्यो कोरोनाबाट खान अथवा रोगले ग्रस्त भाको मान्छेबाट पनि त्यो छाक काटेर पनि तिनीहरूले किन भ्रष्टाचार गर्ने ? अनि त्यसमा त भ्रष्टाचार हुन्छ भनेपछि यो देशमा, अरुमा त कति भ्रष्टाचार भयो होला ? यो चाहिँ लेखाजोखा हुनुपर्छ । यो बजेट ल्याउने सिद्धान्त, नीति, सबै कार्यक्रम त आउँछ तर यसमा हामीले अहिलेसम्मरि कहाँ कति भ्रष्टाचार भयो ? भन्ने कुरा थाहा छैन । तर अहिले भर्खरै यो कोरोनाबाट आको मान्छेबाट पनि छाक काटेर भ्रष्टाचार गर्छ भनेपछि त्यसमा अछुतो पक्का पनि मान्छेहरू छैनन् । यसमा हामी सभासद जतिजना छौं यी हामी सबैले यो कुरा उठाएर कुन चाहिँले भ्रष्टाचार गरेको छ ? यो चाहिँ सत्यतथ्य अगाडी ल्याउनुपर्छ र त्यो मान्छेलाई जिन्दगीभरिमा भ्रष्टाचार नगर्ने कि गराउनुपर्छ कि त्यले सरापेर त्यो कोरोना त्यलाई छिटै लागिकन छिटै कोरोनाले लैजाओस् भनिकन सप्पैले सराप्नुपर्छ भन्ने कुरा राख्दै मैले आफ्नो भनाइ यहाँ राखें, धन्यवाद । जय नेपाल ।

**माननीय उपसभामुख:** माननीय श्री झोवा वि.क., समय ७ मिनेट । त्यसपछि माननीय श्री पद्मा खड्का तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, म त हातमा किताब छैन, पढ्न सक्दैन, अब नेपरेर आयो केही भन्न सक्छ कि सक्दैन । सक्छन् यो सिद्धान्त अनि यो तै केरे किताबमात्रै सिद्धान्त प्राथमिक दिएछ । अब यो सिद्धान्त प्राथमिमा धेरै चाहिँ पछाडि परेको दैलि, मैला पछारी परेको माथिमाथि यो दूरदराको कुरा यो किताबमा आइसकेछ । अब कुरालाई मात्तरी किताब आउने हो कि कामलाई पनि किताब गर्ने हो कि । अब यो ०७७ को छुटै ल्याए मात्रै । ०७६ को त केही मैला यो तैलाई यो सामापातिहरूलाई भो चाहि यो त्यैलाई प्रत्यक्ष माननीयहरूले केही पनि हामीलाई महिलाहरूलाई केही उस्ता दिएछैन । मन दु:खीराखेछ । अझ यो साल के पो गर्न हो कि थाहा छैन । यो साल पनि मुन दुख्ने हो कि अब केही थाहा पाएछैन । यो भन्नु त यो पीछरिए भनेर माथि मुगु, डोल्पा, होम्ला, जुम्ला, अपाङ्गो आनि एकल महिला सबै चाहिँ यो किताबमा आएछ अब म पढ्न नसकेपछिमा अरुलाई परेको त मैले सुनेछ । अब त्यै किताब मात्तरी अब यो सालको किताब हरिया, सेतो, कालो विभिन्न रंगको किताब ल्याउने हो कि काम पनि यसरी गर्छ कि । यो साल त झन् सजिलो छ माहामारी रोग आएर अब त्यै निउ त्यो रोगको निउमा आफू पेटमा जाग्ने हो कि । त्यै रोगलाई दिने हो कि म थाहा पाए छैन । त्यी शंका पनि लाएछ मलाई । अब यता रोगको नाममा चाहिँ यति छुटेछ, यति दि छुटेछ, यति दिएछ भनेपछिमा त भोलि रोगको चाहिँ नियन्तन गर्ने हो कि रोगलाई उपचार गर्ने हो कि आफूको पेटको उपचार गर्ने हो कि थाहा पाए छैन । अब यसरी राम्रो किताब नीति ना यो प्राथमिक त ल्याएछ, त्यसो मुन्त्रीलाई म धन्यवाद दिन्छो । अब पछि काम पनि यसरी ल्याएपछिमा त झन् धेर मुरीमरी म धन्यवाद दिने हो । अब त्यसो कुरा मात्रै ल्याए त्यै किताब मात्रै ल्याएपछिमा त फिरि फेर्न पनि सक्छन्, फिरि फिरि आतंक मच्चाउन पनि सक्छ । यो त सुरुआत हो । यो त अब अगाडी

सुरुआत भयो अब पछि के-के हुने हो कि झन् अब यो पोर पोर सालदेहि हामी त्यै यो तैके सामानपाति हो चुपुक्क बस्यो पछि त यो साल त हामी पनि आतंक मच्चाएर हामी पनि टेबल ठोकाठोक गर्छन् । धन्यवाद । जय नेपाल ।

**माननीय उपसभामुख:** माननीय श्री पद्मा खड्का, समय ७ मिनेट । त्यसपछि माननीय श्री विन्दमान विष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री पद्मा खड्का:** सभामुख महोदय, प्रदेश सभाको छैठौं अधिवेशनको दोस्रो बैठकमा प्रस्तुत गर्नुभएको प्रदेश विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूका विषयमा सैद्धान्तिक छलफलमा भाग लिएर केही सुझाव महत्त्वपूर्ण सुझाव यहाँ राख्न चाहन्छु । सर्वप्रथम यतिबेला यो समय एउटा विश्वभरि फैलिरहेको महामारी कोभिड-१९ ले हामी कर्णाली प्रदेशका आम नागरिक सुरक्षित यहाँ भएका स्थानीय यहीँ बसिरहेका नागरिक २ महिनासम्मन सुरक्षित भएको एउटा आभास जुन नागरिकहरूले पाइरहेको अवस्था थियो । दिन प्रतिदिन कर्णालीको गरिबी, कर्णालीको भौगोलिक कठिनाई, हरेक अवस्थाका वावजुद यहाँका आम नागरिकहरू वैदेशिक रोजगारीका लागि श्रम गर्न छिमेकी राष्ट्र, नजिकैको छिमेकी राष्ट्र भारतमा जसरी वर्षौंवर्षदेखि जानेक्रम जो अहिले फर्किने क्रम छ खेतीबालीको मौसम सिजनमा फर्किने क्रममा र अहिले व्यापक यो कोरोना भाइरस कोभिडको एउटा महामारीको प्रकोपले पनि धेरैभन्दा धेरै हाम्रा कर्णालीवासीहरू फर्किदा र फर्किरहेका व्यक्तिहरूको परीक्षणले आज देखा परिरहेको सङ्क्रमितको संख्या दिनप्रतिदिन बढीरहेको अवस्था छ यसले हामीलाई कर्णालीवासीका जनप्रतिनिधि कर्णाली बा.. कर्णाली प्रदेशको सरकारलाई गम्भीर बनाएकै छ । यही गम्भीर अवस्थामा कर्णाली प्रदेश सरकारले यो छैठौं अधिवेशनमा प्रदेशको विनियोजन विधेयक प्रस्तुत गरिरहँदा अब हामीले ल्याउने नीति तथा कार्यक्रम बजेटको पूर्वसन्ध्यामा ल्याइएको यो विनियोजन विधेयकमा कस्तो खालको नीति, प्राथमिकता र उद्देश्य र प्रमुख नीतिहरू कसरी हामीले समेटेका छौं र कसरी यी प्रमुख नीति र उद्देश्य र सिद्धान्तलाई हामीले बजेटमा तालमेल गर्छौं ? कसरी हामीले अहिलेको यो विषम परिस्थितिलाई समेटेर हामीले लैजान्छौं भन्ने कुरा आज आमनागरिकले हेरिरहेका छन् । विभिन्न सामाजिक सञ्जालका माध्यमहरूबाट कर्णाली प्रदेश सरकारले कसरी कर्णाली प्रदेशका १७ लाख जनताहरूको भविष्यमाथि कस्तो खालको चाहिँ बजेट ल्याउँदैछ कस्तो खालको नीति ल्याउँदैछ भन्ने कुरा हेरिरहेको हुँदा हामी गम्भीर भएर यो छलफलमा भाग लिइरहँदा मलाई लाग्छ अहिले हामीले धेरैभन्दा धेरै जुन ब यो सिद्धान्त र उद्देश्य नीति प्राथमिकता र प्रमुख नीतिहरूले एउटा सानो किताबमा जुन समेटिएर ल्याइएको छ, प्रष्ट रूपमा सरल ढंगले पढ्न सक्ने गरी र सरल भाषामा अझ यलाई धेरै शब्द र ब्याख्या नगरीकन अझ छोटो र सरल भाषामा आम नागरिकले बुझ्नेगरी सबै पढ्न सक्ने र पढ्न नसक्नेले पनि सुनेको आधारमा बुझ्ने गरी हाम्रा प्रमुख नीति र सिद्धान्तहरू, उद्देश्यहरू ल्याइयो भने अझ यो राम्रो हुन्थ्यो भन्ने मैले सुझाव दिन चाहन्छु । ११ पेज र २९ बुँदामा समेटिएर ल्याइएको यो विनियोजन विधेयक यो आफैमा महत्त्वपूर्ण छ । यो महत्त्वपूर्ण किन छ कि यसमा टेकेर

हाम्रो प्रदेश सरकारले नीति बनाउँछ कि बनाउँदैन । यसैमा टेकेर हाम्रो प्रदेश सरकारले बजेट बनाउँछ कि बनाउँदैन भन्ने कुरा महत्त्व छ, महत्त्वपूर्ण छ । मैले यसैमा आज हामी हिजो यो महामारी नफैलिँदा पनि कर्णाली प्रदेशका विभिन्न जिल्लाका विभिन्न गाउँबस्तीमा सबैलाई हामीले खाद्यान्नको आपूर्ति, खाद्यान्न आफ्नै जिल्ला आफ्नै गाउँघरमा पुग्ने एउटा अवस्थाको जुन आँकलन हामीले हेरिरहेका थियौं पुग्ने अवस्था थिएन भने अहिले एउटा देशैभरि र विश्वभरिको एउटा तथ्याङ्क हेर्दा पनि अहिले भर्खरै मात्र पनि विश्व खाद्य संगठन, संगठनको भर्खरै जारी प्रतिवेदनले पनि के देखाउँछ भने कोभिड-१९ नआउँदा पनि भोकमरीको संख्या विश्वमा हेर्दा १३ करोडभन्दा माथि भोकमरीबाट मान्छे आक्रान्त हुन्थे भने आज यो विश्व विश्वभरि फैलिएको महामारीले गर्दा यसको डबल होइन, त्रिबल रूपमा चाहिँ भोकमरीको समस्या आउने भका कारणले अब हाम्रा यो प्रमुख उद्देश्य, सिद्धान्त, प्रमुख नीतिले पहिलो प्राथमिकतामा ठोस किटान गरेर पहिलो प्राथमिकतामा सँग रोगसँग लड्ने, स्वास्थ्यसँग सम्बन्धित, स्वास्थ्यसँग सम्बन्धित विभिन्न प्रयोगशालाहरू, स्वास्थ्यसँग सम्बन्धित विभिन्न उपकरणहरू, स्वास्थ्यसँग सम्बन्धित विभिन्न संरचनाहरू निर्माण गर्ने, त्यसैगरी भोगसँग लड्नका लागि उत्पादनसँग जोड्ने र अहिले आइरहेका श्रम गर्न सक्ने योग्य नागरिकलाई उत्पादनमा जोड्ने हाम्रा प्रमुख नीतिले समेट्नुपर्छ । केही यहाँ बुँदाहरूमा ल्याइएको छ । यलाई अझ ठोस रूपले, यलाई अझ प्रष्ट रूपले बुझिनेगरी अझ यलाई विस्तृतीकरण गरेर नीति तथा कार्यक्रमका आओस्, कार्यक्रममा आओस्, बजेटमा यले तालमेल मिल्नेछ भन्ने कुरा म राख्न चाहन्छु । र यसैगरी हामले लिएको बाटो सरकारको कार्यकाल कम्तीमा पनि बजेट प्रस्तुत गरेको तीन कार्यकालभन्दा बढी भइसक्यो, हामीले केही राम्रा कामहरू अगाडीका प्रमुख नीति र कार्यक्रमहरूमा पनि समेटेका छौं । ती कार्यक्रमहरूलाई पनि बिर्सिनु हुन्न कि भन्ने मलाई लाग्छ । हामी नयाँ नयाँ कार्यक्रमहरू थप्दै जाँदा हाम्रा केही राम्रा कार्यक्रमहरू पनि छुटे भने फेरि ती कार्यक्रमलाई कसरी समेट्न सक्छौं । जस्तो हामी अहिले यो यो एउटा विश्वभरि महामारी फैलिरहँदा हाम्रो प्रदेश जो आफैमा कर्णाली प्रदेश एउटा नाकाभन्दा धेरै टाढा भएको प्रदेश, एउटा सुन्दरताले भरिएको कर्णाली प्रदेश, एउटा सुन्दरतासँगसँगै यहाँ, यहाँ हामीले उत्पादन गर्न सक्यौं भने यहाँका नागरिकलाई हामीले यहीं रोजगार दिन सक्ने, यहीं उत्पादनसँग जोड्न सक्ने हामीसँग पर्याप्त मात्रामा त्यस्तो खालको हामीसँग प्रकृतिले दिएका विभिन्न जस्तै जल, जमिन, जडीबुटी विभिन्न स्रोतहरू छन्, ती स्रोतहरूलाई परिचालन गर्ने र उत्पादनसँगसँगै हामीले अर्गानिकको कुरा बढाइरहेका प्राङ्गारिकका कुरा बढाइरहेर अगाडी बढेको कार्यक्रमलाई हामीले निरन्तरता दिन सक्यौं भने यले अझ राम्रो गर्नेछ भन्ने कुरा राख्दै अन्तमा मैले जसरी यो लामो समयसम्मको लकडाउनले एउटा प्रकृति रूपले धर्तीमाताले एउटा विश्राम पाउँदा यसरी मुस्कुरा मुस्कुराइरहेछ यो धर्ती । यसरी विश्राम लिइरहेको छ यो धर्ती । यस्तो अवस्थामा अब हामी यो अवसरलाई, यो अवसरलाई छोप्नका लागि हामी सबै जनप्रतिनिधि एकताबद्ध भएर हामीले ल्याउने नीति कार्यक्रममा कोही कतै विभेद नभइकन हामीले ल्याउने हामीले लिएका उद्देश्यहरू हामीले राखेका प्राथमिकतामा कहीं

कतै यो जिल्ला त्यो जिल्ला नभइकन समग्र कर्णाली प्रदेशको १७ लाख नागरिकको भविष्य कोर्ने एउटा यो प्रदेश सभाको यो प्रदेश सभामा हामी उपस्थित हुने जनप्रतिनिधिले र त्यसैगरी प्रदेशको कार्यकारी प्रदेश सरकारले त्यो खालको योजनालाई अगाडी सारोस् भन्ने शुभकामना दिँदै मेरा भनाइ यही अन्त्य गर्छु । धन्यवाद।

**माननीय उपसभामुख:** माननीय श्री विन्दमान विष्ट, विष्ट, समय ७ मिनेट । त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री विन्दमान विष्ट:** माननीय सभामुख महोदय, कोभिड-१९ ले विश्वभरि आक्रान्त बनिराखेको यो परिस्थितिमा कर्णाली प्रदेश सभामा हामी नियमित अधिवेशन बजेट अधिवेशनमा सहभागी भइराखेका छौं । यो क्रममा यो महामारीमा आफ्नो ज्यान गुमाउनुहुने सम्पूर्णप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र सङ्क्रमितहरूको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । हामी एउटा विशेष परिस्थितिमा उपस्थित छौं । यो बजेट अधिवेशनको प्रारम्भमै हामी हाम्रो आर्थिक वर्ष ०७७/७८ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताहरूमाथि हामी गम्भीरतापूर्वक छलफलमा सहभागी भइराखेका छौं । प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयको तर्फबाट माननीय मन्त्रीज्यूले एउटा सिद्धान्त र प्राथिमकताको मन्तव्य यहाँ प्रस्तुत गर्नुभएको छ । आगामी बजेटलाई अझ पूर्ण र सुन्दर बनाउनको लागि र अहिलेका विषम परिस्थितिमा सिर्जना भएका चुनौतीहरूलाई सामना गर्नको लागि बजेटलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा सदनको महत्त्वपूर्ण यो संसद्को महत्त्वपूर्ण सुझावहरू, धारणाहरू केन्द्रित गरेर त्यतातिर उद्दत हुनको निमित्त यो गम्भीर छलफल र बहसको विषयमा हामी सहभागी भइराखेका छौं । अब यसमा सरसर्ती यो मन्तव्य सुन्दाखेरि र यो पढ्दाखेरि सिद्धान्त र प्राथमिकताहरूलाई हेर्दाखेरि असहमति जनाउनुपर्ने यसलाई यो पक्ष नराम्रो छ, यो पक्ष खराब छ, यलाई हटाउनुपर्छ भन्ने कुराहरू मैले पाउन सकेको छैन र यसमा केही फोकस गर्नुपर्ने कुराहरूलाई मात्र मैले यहाँ उजागर गर्ने प्रयत्न गर्नेछु । सभामुख महोदय, अहिले हामी अत्यन्तै विषम परिस्थितिमा छौं । यो कोभिड-१९ को कारणले गर्दाखेरि, यो सङ्क्रमणको कारणले गर्दाखेरि, यो महामारीको कारणले गर्दाखेरि विश्वभरि नै रोजगारी गुम्दै गइराखेको छ, तमाम मान्छेहरूको । त्योबाट हाम्रो देश पनि अछुतो रहन सक्दैन हाम्रो प्रदेश पनि रहन सक्दैन । यो बन्दाबन्दीको कारणले गर्दाखेरि आर्थिक गतिविधिहरू न्यून हुँदै गइराखेका छन् । जसको कारणले गर्दाखेरि गरिबीको दर बढ्दै गइराखेको छ । योबाट हाम्रो देश अछुतो रहन सक्दैन, हाम्रो प्रदेश पनि अछुतो रहन सक्दैन । बन्दाबन्दीको कारणले गर्दाखेरि विश्वभरि जहाँतहीँ उत्पादन र उत्पादकत्व घट्दै गइराखेको छ । जसको कारणले गर्दाखेरि आधारभूत आवश्यकताहरू पूर्ति गर्नको निमित्त हाम्रो जस्तो प्रदेशमा जो आयातमा निर्भर हुनुपर्ने हाम्रो प्रदेश जो छ । यो आयात घट्ने कुरा निश्चित छ, बन्दाबन्दीको कारणले गर्दाखेरि । त्यसकारणले गर्दाखेरि यले ठूलो भोकमरीको सिर्जना गर्ने खतराको सन्निकटमा हामी उभिएर आज आगामी वर्षको बजेट प्राथमिकता सिद्धान्तहरूमाथि हामी छलफल गरिराखेका छौं । यसकारणले गर्दाखेरि यो सिद्धान्त र प्राथमिकताहरू यहाँ

प्रस्तुत जो भएको छ । यसलाई सरसर्ती मैले के देख्छु त भन्दाखेरि समेट्नु पर्ने विषयहरू सबै समेटिएका छन् । हाम्रो पहिलो प्राथमिकता भनेको स्वास्थ्यलाई रोगलाई टाढा पुऱ्याउन केरे भगाउनको लागि सङ्क्रमणको अन्त्य गर्नको लागि रोगबाट जनताको जीवनलाई सुरक्षित गर्नको लागि पहिलो प्राथमिकता राख्नुपर्ने हाम्रो काम त्यही नै हो । स्वास्थ्य उपकरणहरूलाई हामीले कसरी व्यवस्थित गर्ने, स्वास्थ्य सामग्रीहरूलाई हामीले कसरी व्यवस्थित गर्ने, हाम्रा स्वास्थ्यका पूर्वाधारलाई कसरी व्यवस्थित गर्ने र स्वास्थ्यसँग खटिने जनशक्तिलाई हामीले कसरी व्यवस्थित गर्ने ? यो कुरालाई पर्याप्त रूपमा ध्यान नदिइकन अहिले विश्वव्यापी रूपमा जुन प्रकारको भाइरसले महामारीले विश्व आक्रान्त भइराखेको छ । त्यो अवस्थाबाट हामी हाम्रो प्रदेशका जनताहरूको हाम्रो जीवन रक्षा हामी गर्न सक्दैनौं, त्यसकारणले गर्दाखेरि हाम्रो बजेटको पहिलो प्राथमिकता हाम्रो बजेटको मूल पक्ष त्यतैतिर केन्द्रित गर्नुपर्छ । आज हामी छलफल जे विषयमा गरिराखेका छौं, त्यो विषय यहाँ केन्द्रित भएको छ । यसकारणले गर्दाखेरि हामी आगामी दिनमा बजेट विनियोजन गर्ने बेलासम्म पनि हामी यो स्प्रीडलाई कायम गरेर त्यो अनुसारका कामहरूलाई अगाडी बढाएर लैजान जरुरी छ । म यतातिर प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको विशेष ढंगले ध्यान आकृष्ट गराउन चाहन्छु । दोस्रो कुरो हाम्रो खाद्य सुरक्षामा हाम्रो ठूलो संकट आउँदैछ । खाद्य सुरक्षा अब पहिलो कुरा रोग हो दोस्रो कुरा भोग हो । हामी सबैले यहाँ कुरा गरिराखेका छौं, छलफलमा सहभागी भइराखेका छौं । खाद्य सुरक्षाको ठूलो संकट हाम्रो प्रदेशमा आउँछ । आजका मितिमा पनि हामी करिब करिब ६ देखि ७ महिनाको आवश्यकता पर्ने यो प्रदेशका लागि आवश्यकता पर्ने खाद्यान्न हामी बाहिरबाट आयात गर्नुपर्ने अवस्थामा छौं । अब आयात जब रोकिन्छ त्यसपछि गएर हामी खाद्य सुरक्षाको ठूलो संकटमा हामी पर्ने अवस्थामा छौं । त्यसकारणले गर्दाखेरि म आग्रह गर्न चाहन्छु खाद्य सुरक्षालाई ध्यान दिइकन अहिले हामी भण्डारणको व्यवस्थालाई खाद्य, अहिले यही अवस्थामा हामी पूरै उत्पादन गरेर आत्मनिर्भर हुन सक्छौं भनेर नारा लगाएर मात्रै हुनेवाला छैन । त्यसकारणले गर्दाखेरि भण्डारणको कुरालाई हामी कहाँबाट अहिले नै । अहिले गौं पाकेको छ । अरु प्रदेशमा हाम्रो प्रदेशभन्दा बाहिर अरु प्रदेशहरूमा गौं हामी लिन सक्छौं भने बजेट पास हुँदै गर्छ अहिलेकै बजेटबाट मेरो त आग्रह के छ भन्दाखेरि अहिलेकै बजेटबाट गौं कति सकिन्छ, धान कति सकिन्छ हामीले हाम्रो प्रदेशमा भण्डारण गरौं । अब असार लाग्दैछ, साउनमा त ठूलो भोकमरी विगतदेखि नै कर्णालीमा हुँदै आएको हो र यो वर्ष अझ बढी भोकमरी हुने अवस्था छ । त्यसकारणले गर्दाखेरि खाद्य सुरक्षाको लागि भण्डारण उत्पादन पनि हाम्रो प्राथमिकतामा हो । उत्पादनलाई पनि जोड दिऔं, त्यो सँगसँगै भण्डारणलाई पनि अगाडी बढाएर लैजाऔं । यो भण्डारण गर्नको लागि मेरो प्रस्ताव के छ त भन्दाखेरि भण्डारण गर्नको लागि एउटा निश्चित एउटा निकाय बनाएर एउटा संस्था बनाएर खाद्यान्न हाम्रो प्रदेशभित्रको उत्पादनको पनि भण्डारण गर्ने र त्यसपछि गएर हाम्रो एक्ज्याक्ट आँकडा लिएर बाहिरबाट कति खाद्यान्न आयात गर्नुपर्ने हो, जति बेला बाली पाक्छ, त्यतिबेला भण्डारण गरेर, त्यलाई प्रशोधन गरेर जनताको बीचमा पुऱ्याउन सक्ने

वातावरण हामीले सिर्जना गर्नुपर्छ । खाद्य सुरक्षाको लागि गम्भीरतापूर्वक हामीले ध्यान दिनुपर्छ र त्यतातिर हाम्रो बजेटको मूल पक्ष त्यतातिर केन्द्रित हुनुपर्छ म यो आग्रह गर्न चाहन्छु । तेस्रो कुरा रोजगारीको कुरा हो । रोजगारी सिर्जना गर्नको निमित्त हामीले खासगरी कृषि उद्योग र वन उद्योगलाई हामी प्राथमिकतामा राखेर कामहरूलाई अगाडी बढाऔं । उद्योगमा हामीले जोड दिनैपर्छ । अरु स्वरोजगार बनाउने कुराहरू त छँदैछन् । उद्योगमा जोड दिएर रोजगारी सिर्जना गर्ने सन्दर्भमा कुरा गर्दाखेरि अरु उद्योगहरू स्थापना गरेर अहिले हामीले ठूलो चक्काचौट हाम्रो प्रदेशमा गर्न सक्छौं यो विषम परिस्थितिमा भन्ने मलाई लाग्दैन । खासगरी कृषि उद्योग र वन्य वनजन्य उद्योगहरूमा हाम्रो ध्यानलाई केन्द्रित गर्ने प्रदेश सरकारको ध्यानलाई कन्द्रित गर्ने त्यसपछि गएर प्रदेश सरकारको आगामी बजेटलाई त्यतातिर केन्द्रित गर्ने हो भने केही मान्छेहरूलाई हामी रोजगारी दिनसक्ने र त्यसपछि गएर अहिले जुन प्रकारले हाम्रो प्रदेशको अवस्था भनेको त अनौपचारिक क्षेत्रको रोजगारीमा ठूलो संख्या छ । त्यसमा पनि सीमित समयको लागि ३ महिनाको लागि भारततिर गएर त्यसपछि काम गरेर नेपाल फर्कने यो अवस्थाबाट जो हाम्रो अलिअलि रोजगारीको अवस्था सय दिने रोजगारी जो नेपाल सरकारले बेलाबेलामा ल्याउने गर्छ, ती सय दिने रोजगारीको रूप अवस्थामा हाम्रो कर्णाली प्रदेशको ठूलो संख्या छ । त्यो संख्यालाई आज हामीले रोजगारी सिर्जना गर्नको निमित्त कृषिजन्य र वनजन्य उद्योगमा हामीले हाम्रो लगानीलाई केन्द्रित गर्नुपर्छ, त्यहाँबाट रोजगारी सिर्जना गर्नुपर्छ भन्ने मेरो धारणा छ । मैले विगतका वर्षका बजेटहरूमा पनि बेला-बेलामा जोड दिने गरेको छु विभिन्न जिल्लामा प्राइमरी लेवलका जडीबुटी प्रशोधन केन्द्रहरू स्थापना गरौं, प्रदेशको राजधानीमा एउटा ठूलो जडीबुटी प्रशोधन केन्द्र हामीले स्थापना गरौं । त्यलाई बाहिरसम्म औषधि उत्पादन गर्न जडीबुटी लिंदाखेरि त त्यो व्यापार त्यो व्यवसाय, त्यो व्यापार त कहिलै पनि घट्दो रैन्छ जस्तोसुकै बन्दाबन्दी भए पनि जस्तो सुकै महामारी भए पनि जस्तो सुकै केरे अप्ठेरो परिस्थिति सिर्जना भए पनि त औषधि त चाहिँदो रहेछ । त्यसपछि विश्व बजारमा हामीले त्यलाई पुर्‍याउन सक्ने अवस्था हुँदोरैछ । विगतदेखि नै जोड दिंदाखेरि तर हामीले के गर्‍यौं त भन्दाखेरि मठमन्दिर बनाउनको लागि, गुम्बा बनाउनको लागि, चैत्य बनाउनको लागि हामीले करोडौं रुपैयाँ लगानी गर्‍यौं तर जडीबुटी हाम्रो जो स्रोत छ, आम्दानीको स्रोत छ त्यतातिर हामीले लगानी केन्द्रित गर्न हामीले सकेनौं । जसको कारणले गर्दाखेरि हामी आज पछि परेका छौं । अब ढिलो गर्नुहुँदैन । कृषिजन्य उद्योग र वनजन्य उद्योगमा हाम्रो लगानी केन्द्रित गरेर त्यसपछि गएर हाम्रो रोजगारी सिर्जना गर्ने र आफ्नो आर्थिक स्रोतलाई व्यवस्थित गरेर जानेतिर हामीले ध्यान केन्द्रित गर्नुपर्छ । यतातिर हामी ध्यान केन्द्रित गरौं । अर्को प्रश्न शिक्षाको प्रश्न छ । अब आईटीको कुरा हुन्छ, केरे सामाजिक दूरी कायम गर्दाखेरि विद्यालयमा विद्यार्थीहरू जान नसक्ने स्थिति छ । आईटी बनाउनुपर्छ भन्ने छ । हिजो माननीयज्यूले कुरा गर्दै हुनुहुन्थ्यो, सबै विद्यार्थीहरूको घरमा सबै विद्यार्थीहरूको हातमा रेडियो नहुँदाखेरि रेडियो न सुन्न नपाउँदाखेरि हामीले क्लास सञ्चालन गर्न नसक्ने अवस्थाको हामी प्रदेशमा छौं । त्यसकारणले

गर्दाखेरि यो अवस्थालाई कसरी हामीले केरे निरूपण गर्ने होला ? शिक्षाको यो प्रश्नलाई हामीले कसरी हल गर्ने होला ? हामीले गम्भीरतापूर्वक छलफल गरेर त्यतातिर ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकताको विन्दुमा हामीहरू छौं । त्यसकारणले गर्दाखेरि अब यो प्राथमिकता र सिद्धान्तहरूको कुरा गर्दाखेरि यसको सबैभन्दा महत्त्वपूर्ण पक्ष मलाई के लागेको छ त भन्दाखेरि पूँजीगत खर्च बढाउने, चालू खर्च घटाउने, प्रशासनिक खर्च कटाउने भन्ने कुरा जो आएको छ । यो अत्यन्तै आजको यो महामारीको अवस्थामा हामी जुन प्रकारको कठिन घडीमा विषम परिस्थितिमा छौं । यो कुराले हामीले कटाउनुपर्ने कुरालाई कटाउनुपर्छ, अनावश्यक रूपमा हामीले गत वर्षका विगतका बजेटहरूमा पनि हामीले गम्भीरतापूर्वक छलफल गरेका थियौं बहसहरू उठाएका थियौं । चालू खर्च घटाऔं, प्रशासनिक खर्च घटाऔं, त्यसपछि गएर पूँजीगत खर्च बढाऔं आज हामी ठीक विन्दूमा आएका छौं । यो स्पीडलाई हामी परसम्म लैजानको निमित्त हामी प्रतिवद्ध भएर प्रदेश सरकार अगाडी बढ्न जरुरी छ, म यो आग्रह गर्न चाहन्छु । अर्को यो सँगै के विशेषता विशेष ढंगले म प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण के गर्न चाहन्छु त भन्दाखेरि प्राथमिकता सिद्धान्तमा छलफल गर्दाखेरि राम्रो विषयहरू आउँछन्, नीति कार्यक्रम राम्रो आउँछ तर बजेटसम्म आइपुग्दाखेरि जब मन्त्रालयमा अझ रकम विभाजन गर्ने ठाउँमा गइपुग्दाखेरि कहीं न कहीं बतासिने अवस्था सिर्जना भएको छ हाम्रो प्रदेशमा । त्यसकारणले गर्दाखेरि यहाँ आर्थिक मामला मन्त्री यहाँ हुनुहुन्छ म विशेष आग्रह गर्न चाहन्छु । हरेक योजना बजेट विनियोजन अंक विनियोजन गर्ने बेलासम्म आर्थिक मामला मन्त्रालयले यसको नियन्त्रण गर्ने, निर्देशन गर्ने, अनुगमन गर्ने, निगरानीमा राख्ने र त्यसको एउटा आर्थिक अनुशासन कायम गर्ने पाटोमा विशेष ढंगले जोड दिन जरुरी छ । त्यतातिर ध्यान केन्द्रित हुनेछ म यो विशेष आग्रह गर्न चाहन्छु । अर्को कुरा यहाँ विभिन्न ढंगले विषयहरू उठेका छन्, कर्णालीवासीमा अझ कर्णाली प्रदेशमा सुशासन स्थापना गर्ने कुरा गर्दै गर्दाखेरि भ्रष्टाचारको कुरा पनि सँगसँगै उठेको छ । हामी यो छलफल गर्दैगर्दाखेरि आज हामीले गम्भीरतापूर्वक छलफल गर्नुपर्नेछ म आग्रह गर्न चाहन्छु, अस्ति कोले भन्दै हुनुहुन्थ्यो मलाई यो कुरा चित्त पनि बुझ्यो । शून्य सहनशीलता, भ्रष्टाचारमा शून्य सहनशीलता हामीले नीति लिन्छौं नेपालमा । शून्य सहनशीलता भनेको जिरो टोलरेन्स होइन कि सुन्ने सहनशीलता: कानले सुन्ने सहनशीलता भइराखेको छ भन्ने कुरा थियो । अब भ्रष्टाचार भएको छ, भएको छ, हामी सबैले भनिराखेका छौं । आज यो विषम परिस्थितिमा यो केरे यो सदनमा म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि यो सदनमा हामी आत्मसमीक्षा सबैले गरौं, प्रश्नहरू उठेका छन् । जरुर रूपमा प्रश्नहरू उठेका छन्, प्रदेश सरकारले दिइएका विभिन्न मन्त्रालयबाट दिइएका अनुदानमा केही न केही समस्या पैदा भएको छ भन्ने प्रश्न उठिराखेको छ, हैन । प्रदेश सरकारको तर्फबाट डीपीआर भनेर निर्माण गरियो, त्यसमा प्रश्नहरू उठिराखेका छन् । १०० किलोमिटर बाटो छ ५ किलोमिटर बाटोको रिपोर्ट ल्याएपछि, ईन्जिनियरिङ्ग रिपोर्ट ल्याएको छ, त्यसको नाम डीपीआरको नामाकरण गरिएको छ । र त्योबाट पर्याप्त मात्रामा डीपीआरको केरे पैसा भुक्तानी गरिएको छ । त्यसका पनि के

हुन् सीमा-समस्याहरू ? यसको पनि हामीले अध्ययन गरौं । कुन-कुन क्षेत्रबाट यसका समस्याहरू पैदा भइराखेका छन् ? हामीहरू एकदम तलसम्म गएर गहिराईमा गएर यसको समीक्षा गरौं । यसको केरे समीक्षा गरेर एउटा प्रतिबद्धता जाहेर गरौं । हामीले भ्रष्टाचारमा जिरो सहनशीलता नै अपनाउने हो तर त्यो जिरो सहनशीलता मौखिक, ओठेवक्ती त्यसपछि रियलमा व्यवहारिकता हो कि के हो ? हामी कति को मान्छे कति पानीमा छौं ? हामी एकचाटी हामी आफैले समीक्षा गर्ने ठाउँमा छौं जस्तो लाग्छ । त्यसकारणले गर्दाखेरि म आग्रह गर्न चाहन्छु, यसमा आर्थिक अनुशासन कायम गर्न, सुशासनको प्रत्याभूति दिन हैन, अब यो यस्तै हुँदै जाँदाखेरि, महामारी फैलिदै जाँदाखेरि, केरे भोकमरी बढ्दै जाँदाखेरि अपराधिक घटना पनि बढ्दै जाने स्थिति हुन्छ । हामीले नियन्त्रण गर्नको निमित्त शान्ति सुरक्षाको सबै कुरामा कर्णाली प्रदेश सरकारले आजको आवश्यकता के हो ? भन्ने कुरालाई गम्भीरतापूर्वक लिएर अगाडी बढ्न जरुरी छ । त्यो सँगसँगै हामीले के भन्न जरुरी, के अहिले हामीले हाम्रो आन्तरिक स्रोतलाई कसरी बढाउने होला ? त्यतातिर हामी गम्भीरतापूर्वक ध्यान दिऔं । मैले विशेष आग्रह गर्न चाहन्छु, खासगरी हाम्रो वन क्षेत्र, यो प्रदेशभरिका वनहरूबाट राष्ट्रिय वनहरूबाट कति ढलापडा काठहरू कति उत्पादनका पञ्चवर्षीय योजनामा यिनीहरूको कार्ययोजना कति छ ? त्यो अनुसारको पर्याप्त बजेट हामीले पठाऔं र त्यो काठको सदुपयोग गरौं । जडीबुटीको कामलाई व्यवस्थित गरौं र त्यहाँबाट हाम्रो आम्दानी बढाऔं र त्यसपछि गएर हामीले हाम्रो तर्फबाट गर्ने अरु आन्तरिक स्रोत वृद्धि गर्ने कार्यक्रमहरूतिर हामीहरू केन्द्रित भइम भनेपछि हाम्रो आन्तरिक स्रोत बलियो भो भने पछि मात्रै हामीले रोगसँग लड्न सक्ने, भोकसँग लड्न सक्ने, विकास र समृद्धिको सपनालाई हामीले पूरा गर्न साक्ने सक्ने, सुखी कर्णालीवासी र केरे सुखी कर्णाली र सुखारी, समृद्ध कर्णाली र सुखारी कर्णालीवासी भनेर हामीले जो भनेका छौं, त्यो विन्दूमा हामी पुग्न सक्ने स्थितिमा पुग्न सक्छौं । यसकारणले गर्दाखेरि यसमा म प्रदेश सरकार र अझ खासगरी आर्थिक मामिला तथा योजना मन्त्रालय र माननीय मन्त्रीज्यूको म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । आजका विन्दुदेखि हामी जे छलफलमा, छलफल प्रारम्भ भएको छ । यसको बजेट पास हुन्जेलसम्मको निमित्त सरकारले सम्पूर्ण रूपमा मार्गनिर्देशन गर्ने र त्यसपछि गएर सदनका जायज आवाजहरूलाई सांसदहरूका जायज आवाजहरूलाई अरु नागरिक समाजका जायज आवाजहरूलाई सम्बोधन गरेर अगाडी बढ्ने कुराको ग्यारेन्टी केरे त्यो प्रकारको हाम्रा सुझावहरू हाम्रा मान्यताहरू स्वीकार्य छन् भन्ने कुराको अनुभूति स्वीकारिएका छन् भन्ने कुराको प्रत्याभूति दिन सकियो भने सबैको केरे अपनत्व हुन सक्यो भनेपछि हामी अगाडी बढ्न सक्छौं । अन्तिममा म एउटा कुरा के भन्न चाहन्छु त भन्दाखेरि यहाँ भूमि बैंक बनाउने, भू-उपयोग नीति बनाउने र त्यसपछि गएर अगाडी बढ्ने भन्ने बडो सुन्दर ढंगले यहाँ राखिएको छ तर यो बेलामा म गम्भीरतापूर्वक म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि प्रदेश सरकारले आजका मितिमा टुङ्ग्याउनु पर्ने विषय के छ त भन्दाखेरि संघीय सरकारले भूमिमाथिको स्वामित्व प्रदेश सरकारलाई दिंदैन, स्थानीय सरकार जति भूमि छ

आफ्नो मौजाको रूपमा प्रयोग गर्न खोजिराखेको छ । यो अन्तरविरोध त्यो दुईटा बुझाई संघीय सरकार र स्थानीय सरकारको त्यो दुईटा बुझाईबाट प्रदेश सरकारको भूमिमाथिको अपनत्व के हो ? र त्यसमा निर्माण गर्ने योजना के हो ? र त्यलाई प्रभावकारी ढंगले कार्यान्वय गरेर हामी व्यवस्थित ढंगले हामी कसरी अगाडी बढ्ने होला ? यो विषयमा प्रदेश सरकार र यो प्रदेश सभाले गम्भीरतापूर्वक बहस गर्नुपर्ने, छलफल गर्नुपर्ने र अगाडी बढ्नु पर्ने ठाउँमा हामीहरू छौं । यो सबै कुरालाई हामी ध्यान दिंदै अगाडी बढौं बहस र छलफल गरौं । यो महामारी जो छ, जो विपद्को अवस्था छ यलाई मुकाविला गरेर अगाडी बढ्नको निमित्त हामी सबैले एकचोटि गम्भीरतापूर्वक छलफल गरेर अगाडी बढौं भन्ने कुरा म तपाइँहरूको बीचमा केरे यो सम्मानित सदनमा राख्न चाहन्छु र आफ्नो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री गणेशप्रसाद सिंह, समय ७ मिनेट ।

**माननीय श्री गणेशप्रसाद सिंह:** माननीय सभामुखज्यू, सर्वप्रथम मैले मेरो जिल्ला, मेरो निर्वाचन क्षेत्रमा एउटा दु:खद् घटना घटेको म जानकारी गराउन चाहन्छु । आज हामी सदनमा बसिराखेकै थियौं नलगाड नगरपालिका वडा नं.९ तात्र गाउँमा त्यहाँ स्वास्थ्य भवन निर्माण गर्न गइरहेका त्यहाँका मजदुर नागरिकहरूको एउटा त्यो बालुवाको ढिस्को बालुवा खन्दाखेरि बालुवाको ढिस्को पुरिएर एकजना मजदुरको मृत्यु भएको छ र पाँच जना घाइते हुनुहुन्छ, त्यो २:२० को समय थियो । र अब मृतक कुमारी सिंह वर्ष ३३ को हुनुहुन्छ । घाइते यज्ञबहादुर सिं वर्ष ४१ को, लक्ष्मण सिं वर्ष ३५ को, कमला सिं वर्ष ३६ को, अर्को कमला सिं (ख) वर्ष ३२ को, तारा सिं वर्ष ११ को वहाँहरूलाई नलगाड नगरपालिकाको अस्पतालमा उपचारको लागि ल्याइँदैछ । र अब यो मृतकको क्षतिपूर्ति र बिरामीको औषधिउपचारको लागि प्रदेश सरकारको २४ घण्टा, १२ घण्टाभित्र त्यहाँ चाहिँ ध्यानाकर्षण जाओस् । यसको व्यवस्थापन होस् भन्ने म माग गर्न चाहन्छु । र यो माननीय आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालाज्यूले यो संसद्मा प्रस्तुत गर्नुभएको ३९ बुँदे यो सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको कार्यक्रम असाध्यै मिहिनेत गरेर उहाँ आफै पनि लेखक र साहित्यकार हो । उहाँले शानदार रूपले यो कार्यक्रम प्रस्तुत गर्नुभएको छ । र मलाई अलिकति अनुभूतिको कुरा म सुरुमा राख्न चाहन्छु, यो दुई वर्षको तीन वर्षको यो प्रिबजेटको कार्यक्रम प्रस्तुत गर्दैगर्दा र यसको पछाडि यसको पूरकमा आउने नीति कार्यक्रम र यसको आधारमा विनियोजन हुने बजेट र कार्यान्वयन र त्यसबाट प्राप्त हुने चाहिँ परिणाममुखी नतिजा हेर्दा मलाई कस्तो लाग्छ भने अर्थमन्त्रीले प्रस्तुत गर्नुहुन्छ यसमा कोही कमेन्ट गर्ने ठाउँ छैन । एकदम सुन्दर छ, असाध्यै मेहेनत गरेर ल्याउनुभएको छ, उहाँलाई आभारसहित धन्यवाद दिन चाहन्छु तर हाम्रो सरकार प्रमुखले जुन फौजी काशनमा जसरी कार्यान्वयन गर्नुहुन्छ र त्यहाँ पनि केही विभेद देखिन्छ । र त्यो सार्वभौम संसद्बाट पास हुन्छ, त्यहाँ कतै गएर रोकिन्छ । त्यो अलपत्र पर्छ । त्यसपछि अब फिल्ड कमाण्डरहरू विभागीय मन्त्रीहरूले भागवण्डा लाउन थाल्नुहुन्छ । त्यहाँ गएर असमानता प्रष्टै देखिन्छ, देखिने

गरीकन । यहाँ समानता विभेदका कुराहरू प्रष्टै एकदम यस्तो सुन्दर लेख्नु भाछ त्यहाँ गएर एकदम कुरूप हुन्छ, कार्यान्वयनमा जाँदाखेरि । तल गएर राष्ट्रसेवक कर्मचारी मित्रहरूले आर्थिक वर्ष भर्खर जेठमा लाग्याजस्तो गर्नुहुन्छ । साउनमा होइन र ? भन्न कोभिड-१९ भनिएला अथवा जासुसी-१९ भनिएला जे-जे भने पनि भो । स्वास्थ्य, शिक्षा, यो के भन्छ खाद्य सम्प्रभूता, भण्डारण यो यतिबेलाको आवश्यकता हो । असाध्यै सुन्दरता छ तर कार्यान्वयन जाँदाखेरि यो कहाँ गएर हराउने हो ? कहाँ गएर यो चाइने गुम्राह हुने हो ? कहाँ गएर ढिलासुस्ती हुने हो ? गर्न हामीले सुशासनका कुरा धेरै गर्दै आ॑छौं । सुशासन भन्या ढिलासुस्ती होइन र ? सुशासन भनेको चाहिँ जनतालाई सेवा शीघ्रातिशीघ्र दिनु होइन र ? हामी गएर त्यहाँ धेरै अविष्टिकलहरू पार गर्नुपर्छ जहाँ जनता त्यो पार गर्नै सक्दैन उभिन्छ, ठण्डाराम । हाम्रो समेत हालत खराब हुन्छ । हामी मैले भन्छु नि सामाजिक परिचालकहरू यानि विनानामका, विनाकामका, हैन विनाभूमिकाका भन्न त यो चाहिँ यो यो उसमा भनिएको छ, जनप्रतिनिधिको स्वामित्व स्थापित गर्ने भन्छ कार्यान्वयनमा जाँदाखेरि केही हिसाबकिताबै हुँदैन । यो नहोस्, मेरो अनुभूति हो, मेरो सुझाव हो । कार्यान्वयनमा जाँदाखेरि सबैको अब यहाँ उपलब्धिको संरक्षण र उपलब्धिगत संस्थागत गर्ने भन्या त हामीलाई पनि जोड्ने होला । यो चाहिँ मतलव प्रि-बजेटलाई व्यवहारमा लागू गर्ने कुरा होला । यी धेरै कुराहरू गम्भीरतापूर्वक व्यवहारमा लागू गर्ने कुराको महत्त्व, धेरै महत्त्व छ किनभन्दाखेरि स्थानीय तहसम्म हामीले चाहिँ मतलव यतिबेला तत्कालीन, अल्पकालीन, दीर्घकालीन स्वास्थ्यका पूर्वाधारहरू निर्माण गर्ने कुरा धेरै महत्त्वपूर्ण छ । अब स्वास्थ्य सम्प्रभूता, भण्डारणको कुरा, अघि पूर्व माननीयज्यूले भन्नुभो, प्रदेश स्तरमा भण्डारण गरौं खाद्यको, सकिन्छ जिल्लास्तरमा गरौं, भोकमारी आउँछ, आत्मनिर्भर चाहिँ खाद्य नीति अनुसार कृषिमा बढीभन्दा बढी जाइने बजेट विनियोजन गरौं न त । पोहोर साल हामीले साढे ६ अरबको गरौं भन्दाखेरि तपाईंहरूले मान्नु भएन अहिले गरौं न त, कसरी चाहिँ रोजगार दिन सक्छौं ? कसरी महामारीलाई अन्त्य गर्न सक्छौं ? धेरैभन्दा धेरै बजेट विशिष्टीकरण विनियोजन कृषिलाई, रोजगारीलाई, आत्मनिर्भर खाद्य व्यवस्थालाई मध्यनजर गरेर गरौं न त । अब हिसाब-किताब गर्ने बाँध्ने बेला फेरिचाहिँ कृषिलाई फेरि चाहिँ उही समानताको हिसाबले बाँड्छौं । त्यो कसरी हुन्छ ? त्यसकारणले अब कृषि उत्पादनसँगै उद्योगको कुरा आयो, उत्पादनसँगै औद्योगीकरणको कुरा आयो, प्रोसेसिङ्ग प्याकेजिङ्गको कुरा आयो, सप्लाईको कुरा आयो, अरु यो अर्ग्यानिक खानासँग जोडिएको छ । हाम्रो यो कोभिडको चाहिँ मतलव यूमिनिटीसँग जोडिएको छ । यूमिनिटी पावर क्षमता वृद्धि गरेर प्रतिरोध गर्ने कुरा छ । यो कुरा त हामीले बुझ्याछौं । बुझेर यो आएको छ । एकदम राम्रो छ यसलाई कार्यान्वयन गर्ने कुरामा फेरि पनि विभेद नहोस् यो कुरा म आग्रह गर्न चाहन्छु । असन्तुलन नहोस् । कुरा गरेने, कुरा र व्यवहारमा अन्तर आकास-पातालको हुन जान्छ । यसो भयो भने राम्रो हुँदैन । यस्तो भयो भने हामीले भनेका छौं, वनमा अब थुप्रै बजेटहरू विनियोजन गर्दाखेरि अहिले जिल्लामा निर्वाचन क्षेत्रका बजेटहरू लगभग-लगभग त्यहाँ चाहिँ रोक्का गरियो, त्यो कार्यान्वयनै भएन ।

सार्वभौम संसद्बा पास भएका किन कार्यान्वयन भएन ? त्यसको स्पष्टीकरण दिनुपर्छ सरकारले । त्यसकारणले पर्यटनका सवालमा, पदमार्गको सवालमा, तटबन्धका सवालमा, हो त्यसो हो भने वनले गर्ने के हो त ? जडीबुटी हो ? जडीबुटीमा के हो त ? कुन ठाउँ हो ? त्यलाई टार्जेट गरेर जाऔं । जडीबुटीका पनि त्यसका जाइने भेराइटीहरू छन्, तत्काल आउटपुट आउने, आमजनतालाई रोजगारी हुने, ती मसलाजन्य, ती चाइने विभिन्न किसिमका छन् । र त्यो किसिमको योजना निर्माण भएर संसद्बाट पास भइसकेपछि, त्यो नीति र कार्यक्रमले इंगित गरिसकेपछि त्यलाई सिद्धान्ततः यो सिद्धान्त र उद्देश्यले जाइने लक्ष्यित गरिसकेपछि त्योलाई फेरि बीचमा गएर बेवारिसे बनाउने कुरा त्यो मेरो आपत्ति हो । अर्को साल यो नहोस् । यसो हो भने हाम्रो सहमति रहँदैन, मेरो सहमति रहँदैन । सहमति हुन्छ कार्यान्वयन गरौं यसका लागि म प्रतिबद्ध जाहेर गर्छु । जहाँ सहमति गरिएका कुरा अक्षरसः लागू गरौं । त्यो अनुसार त्यो फर्मूलामा त्यो सूत्रमा रहेर कार्यान्वयन गरौं भन्ने कुरा सुझाव राख्दै म विदा हुन्छु। हवस् त धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयहरूमा सुझाव दिने क्रम भोलि पनि जारी रहने व्यहोरा जानकारी गराउँछु । बोल्न बाँकी माननीय सदस्यहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउने छु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ १४ गते बुधबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ ।

## a}7s ;¥of-$

**(वि.सं. २०७७ साल जेष्ठ १४ गते बुधबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको चौंथो बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्नो भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री यामलाल कँडेल ।

**माननीय श्री यामलाल कँडेल:** माननीय सभामुख महोदय, मैले हिजो पनि राखौं भन्ने थियो, हिजो केही कारणले राखिएन तर आज एउटा घटनाले यो सम्मानित सभाको सभामुखमार्फत ध्यानाकर्षण गराएर आगामी दिनमा हाम्रा कामकारबाही अलि बढी प्रभावकारी होलान् भन्ने उद्देश्यका साथ म एउटा विषयमा केन्द्रित भएर केही सुझावहरू राख्न चाहन्छु । यद्यपि म अहिले यो बोलिरहँदा त्यो व्यक्तिको रिपोर्ट नेगेटिभ आएको छ । यदि त्यो पोजेटिभ आएको भए हिजका कामकारबाहीहरू जे भए जे सुनियो र जे अवस्था छ । त्यसले मलाई लाग्छ हामीप्रति धेरैले प्रश्न उठाउने परिस्थिति रहन्थ्यो । कोरोना भाइरस कोभिड-१९ हाम्रो प्रदेशमा पनि एकपछि आर्को वृद्धिदर आक्रामक देखिएको छ । अहिले मैले बोलिरहँदा कर्णाली प्रदेशमा ३५ के २३ बाट त्यो संख्या ३८ पुगिसकेको अवस्था छ । म खासगरी यो विश्वव्यापी र देशव्यापी भएको कारणले गर्दा यहाँ चलाइएका कामकारबाही, यहाँ भनिएका कतिपय रिपोर्ट र व्यवहारका बीचमा अरु जिल्लामा के छ थाहा छैन तर हीं रहेको जिल्लासँग तुलना गर्दा तालमेल मिलिरहेको अवस्था छैन । त्यसकारणले म सरकार आफैमा निर्णय गर्न त तयार या सक्षम छ, गरिरहेकै छ तर म अनुरोध र आग्रह गर्न चाहन्छु यो देशव्यापी चलिरहेको यो अभियान भएको हुनाले संघीय सरकारले गरेका निर्णयलाई आधार बनाएर निर्णय गर्नुभाछैन त म भन्दिन तर म फेरि पनि स्मरण गराउन चाहन्छु । संघीय सरकारले तय गरेको नीतिलाई आधार मानेर आफूभन्दा तल रहेको स्थानीय निकायसँग पनि समन्वयात्मक ढंगले अगाडी बढ्ने कुरा गरिरहनुभाछ तर यही गराईले समस्याको समाधानमा सबैको सहभागिता जुटिरहेको र अनुभूति गरिरहेको मैले देखिरहेको छैन । त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु र अस्ति पनि मैले भन्याथिएँ आजसम्मको अनुभवका आधारबाट आत्मसमीक्षा गरौं र काम गर्ने तरिकामा सुधार गरौं भन्ने कुरा राखिरहेको थिएँ तर फेरि पनि म दोहोऱ्याउन चाहन्छु । तालमेल मिलिरहेको छैन, त्यो तालमेल नमिलाउने कुरा रहँदा हाम्रो प्रदेशमा जुन विभिन्न ठाउँबाट वा खासगरी भारतबाट रहनुभएकाहरू जसरी प्रवेश गरिरहनुभएको छ, त्यलाई समन्वयात्मक ढंगले अगाडी बढाउनका निम्ति अगाडी बढ्न जरुरी मैले एउटा यो कुरा राख्न चाहन्छु । दोस्रो कुरा बबई पहिलादेखि केन्द्रित छ तर बबईदेखि

कोही हाम्रो प्रदेशको सुरुवातदेखि गन्तव्यसम्मको यात्रा देख्दैखेरि विकराल छ । बबईदेखि हाम्रो प्रदेशभित्रको स्थानीय तहसम्म सम्म पुग्ने जुन यात्रा विकराल छ, देख्दा सोभनीय छैन, देख्दा उपयुक्त छैन, त्यलाई व्यवस्थित गर्ने कुरा के होला ? कमसेकम बबईमा अरु नगरे पनि बबईबाट वीरेन्द्रनगर आउन सार्वजनिक साधनलाई ३ घण्टा ४ घण्टा लाग्छ । त्यही एवम् रीतले अरु ठाउँमा ४ लाग्छ भने त्यहाँ अरु धेरै गर्दा सक्दा गरे भयो गरौं तर कम्तीमा चाहिँ त्यो अभिलेख तयार गरेर बबईबाट सार्वजनिक साधन हिंड्नुभन्दा अगाडी स्थानीय तहको सरकारलाई यति व्यक्ति यति बेला यी साधनबाट आउँदैछन् भन्ने सूचना प्रदेश सरकारले दिन सक्यो भने समन्वय गर्ने कुरामा सहज र सरल हुन्थ्यो र जनताले जे दु:ख पाइरहेका छन्, त्यसमा केही सहजताको एउटा स्थिति आउन सक्थ्यो तर म भन्न चाहन्छु कि त्यो व्यवस्था गरेको भन्ने छ तर व्यवहारमा त्यस्तो देखिएको छैन । त्यसकारणले बबईको जो अभिलेख राख्ने कुरासम्म गरेर त्यहाँबाट हिंड्नुभन्दा अगाडी सम्बन्धित निकायलाई सूचना प्रवाह गर्ने कुरा गरियो भने व्यवस्थित गर्न सकिन्छ त्यतापट्टि ध्यान दिनुपर्‍यो, यो कुरा राख्न चाहन्छु । दोस्रो कुरा यो यातायातको व्यवस्थापन के हो ? यद्यपि यहाँ माननीय सदस्यहरूको कुरा सुन्दा कोही सरकारले गरेको हो कोही व्यक्तिले गरेको, कोही कसैले गरिरहेको एउटा अवस्था छ । जसले गरेको भए पनि तर त्यो अव्यवस्थित छ । कोही टयाक्ट्रमा छन्, कोही ट्रकमा छन्, कोही टिप्परमा छन्, कोही गाडीमा छन् र यतिसम्म छ कि धनगढीबाट आएका कतिपय साधनहरू बेरोकटोक वीरेन्द्रनगर पनि छिरिरहेको भन्ने बुझिन्छ । त्यसो हो भने जनताले प्रश्न उठाउन सक्छन् लक बन्दाबन्दीको बेला यत्रोचाहिँ जाँचपड्ताल भइरहेको बेला कहाँ छ ? के गरिरहेको छ ? राम्रो धेरै काम गर्दा एउटा मात्रै काम तलवितल भयो भने प्रश्न उठाउनेलाई प्रश्न र दिने ठाउँ रहन्छ । त्यसकारणले अब यो सरकारी हो कि गैरसरकारी हो म त्यतातिर त जान चाहन्न । तर म भन्न चाहन्छु यातायात व्यवसाहीसँग सम्पर्क गरेर सम्बन्धित आउनेहरूले नै पैसा लिएको कुरा उनीहरूले नै प्रत्यक्षदर्शी भनिरहेका छन् हामीले पैसा तिरेका छौं भने यातायात व्यवसायीसँग समन्वय गरेर व्यवस्था गरेर सम्बन्धितले नै पैसा तिरिरहेका छन् भने पनि सहज ढंगले पुग्ने व्यवस्थाका निम्ति के हामीले समन्वय गर्न सक्तैनौं र ? सक्नुपर्ने हुन्छ । त्यसकारणले म त्यतातिर ध्यानाकर्षण गराउन चाहन्छु । आर्को एउटा महत्त्वपूर्ण आज यो एक मौसम प्रतिकूल बन्दै गइरहेको छ । गर्मी छ, सार्वजनिक साधनहरू सार्वजनिक स्थानहरू जो हामीले निर्माण गरेका छौं चाहे विद्यालय हुन्, त्यहाँ सबै भौतिक पूर्वाधारहरू छैनन्, सबै मान्छेलाई त्यहाँ राख्नु पर्ने हाम्रो बाध्यता छ । क्वारेन्टाइन व्यवस्थापनका निम्ति सरकारले एउटा निर्देशिका जारी गरेको रहेछ, मैले त भर्खरमात्रै पढ्दैछु तर सरकारमा रहने साथीहरूले पढ्नुभएकै होला । यो अनुसार त हामीले बनाउन सक्तैनौं तर यसको जिम्मेवारी यस अनुसारको जिम्मेवारी जसलाई तोकिएको छ त्यस्तो अनुभूति छ त ? भन्दा उनीहरू आफ्नो कार्यालयमा छन्, भन्छन् के भन्दाखेरि राति १२-१ बजे कोही मान्छे आयो भने जहाँको जनप्रतिनिधि छ, तेरा मान्छे बुझ, भनेर जनप्रतिनिधिलाई जसलाई जिम्मा दिएको छ सरकारले कोभिड-१९ अन्तर्गत कोरोना भाइरस अन्तर्गत क्वारेन्टाइनमा लैजानुपर्ने

क्वारेन्टाइनमा के भन्दाखेरि सञ्चालन गर्नुपर्ने जुन कुरा छ । मलाई लाग्छ त्यसको अनुगमन गर्न अन्त कहीँ जान पर्दैन हाम्रो प्रदेशको ठूलो राशी खर्च गरेर बनाएको त्यही घण्टाघरको चौरमा गए पुग्छ । आज पनि पत्रपत्रिकाले लेखिरहेका छन्, त्यस आधारबाट म त्यतातिर ध्यानाकर्षण गर्न चाहन्छु । त्यसकारणले क्वारेन्टाइनको सुरक्षासहितको क्वारेन्टाइनको व्यवस्था गरौं यो कुरा राख्न चाहन्छु । तेस्रो कुरा यो अभियानलाई व्यवस्थित गर्नेको लागि ती जुन जिम्मेवार निकाय छन्, ती जिम्मेवारी रहेका निकायहरूलाई परिचालित गर्ने कुरा गरेर हेर्दा यहाँ त हामी माननीय सदस्यहरूलाई समेत परिचालित गर्ने व्यवस्था रहेछ तर हामी सबै माननीय सदस्यहरू त्यो अभियानबाट टाढा रहँदा जनताको जिम्मेवारी निर्वाह गर्ने कुरा कहीँकतै नभएको जस्तो देखिन्छ । बत्ती बलिसकेको म आफ्नो विषयलाई विषयमा प्रवेश गर्न चाहन्छु । त्यस्तै सङ्क्रमित भैसकेपछि त्यो सङ्क्रमितलाई ल्याउने व्यवस्था भन्दा छ भनिन्छ । दु:खको कुरा हिजो त्यो जो आज नेगेटिभ देखियो उहाँ बबईमा बमिट गर्नुभएछ, भेरी नदीमा आउँदा बमिट गर्नुभएछ, सुब्बाकुना आउँदा पुलिसले एम्बुलेन्स मागेछ, एम्बुलेन्स कहीँकतै पाउन सकिएन । म अनुरोध गर्न चाहन्छु सङ्क्रमितको संख्या बढीरहेको छ । सुविधा जमातमा होइन दुरदराजमा पनि क्वारेन्टाइनमा रहेकाहरू सङ्क्रमित हुँदा त्यो ठाउँबाट आइसोलेसनसम्म ल्याउने व्यवस्था कहाँ हो ? के हो ? कसलाई भन्दा हुने हो ? यसको सुनिश्चितता गरिएन भने हामीले दु:ख पाउन सक्ने अवस्था देखिन्छ । त्यस्तै अर्को विषय सङ्क्रमित भइसकेपछि त्यसको ट्रेक त्यसको कोसँग सम्पर्क छ यद्यपि त्यो डब्लुएचओलाई जिम्मा दिएको छ भन्ने बुझाई छ तर त्यसको राम्रोसँग सोधखोज गरेर ट्रेसिङ्ग गर्ने कुरालाई अहिलेदेखि ध्यान दिन जरुरी छ । त्यस्तै अहिले त नसोचौं कोही त्यस्तो नहोस् तर कथमकदाचित् हाम्रो काबुभन्दा पर गएर कोही मान्छे मृत्युवरण भयो भने धुलिखेलको जस्तै फेरि हामीले समस्या ब्यहोर्नुपर्ने परिस्थिति निर्माण हुन सक्छ । त्यसकारणले कागजमा जे भनिएको छ, व्यवहारमा त्यस्तो अवस्था छैन । त्यसकारणले म फेरि पनि यो अभियान सप्पैले मिलेर अगाडी बढ्ने हो । तर जो जिम्मेवारीमा छ, त्यसका निम्ति म विनम्रतापूर्वक भन्न चाहन्छु । हाम्रो प्रदेश सभा पनि यहाँ चलिरहेको छ । हामीले राजधानी त बनायौं, राम्रो राजधानी बनाउला भन्ने थियो तर यो त समस्याको राजधानी पो बन्ला जस्तो छ । यहाँको जो प्रशासन, यहाँको जे जिम्मेवारी छ यहाँ प्रत्यक्ष अनुभूति हुने गरी छ र हामी सप्पै यहीं छौं, यहीँकै व्यवस्था लथालिङ्ग र अवस्थाको छ भने अन्तको व्यवस्था के होला ? त्यसैबाट स्वत: अनुमान गर्न सकिन्छ । त्यसकारणले यसलाई प्रभावकारी बनाउने कुरामा हामी सप्पैको के सहयोग चाहिन्छ, हामी सहयोग आ-आफ्ना ठाउँमा पुऱ्याऔं तर जसले जिम्मेवारी पाउनुभएको छ, उहाँहरूले आफ्नो जिम्मेवारीलाई व्यवहारत: अनुभूति हुने गरी गर्ने कुरामा लागिरहेका छौं तर जे समस्या बढीरहेको छ, त्यो समस्यालाई समाधान गर्नका निम्ति अलि हेक्ka पुऱ्याउनुपर्ने र सम्बन्धितलाई त्यस अनुसारको अनुभूति गराउने कुरामा म मेरो तर्फबाट सभामुखमार्फत हामी सबैको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** अब माननीय श्री कृष्णा शाह (आचार्य) । त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयार रहनुहोला ।

**माननीय श्री कृष्णा शाह (आचार्य):** सभामुख महोदय, आज विश्वमानव जाति कोरोना भाइरस विरुद्धको जीवन-मरणको लडाई लडिरहेको यो विषम परिस्थिति हो । यो परिस्थितिमा भारतबाट नागरिकहरू आउने चापसँगै हाम्रो कर्णाली प्रदेशमा कोरोना सङ्क्रमितको संख्या बढ्ने प्रक्रिया तीव्र छ । जसले गर्दा अन्य बिरामी मर्कामा पर्नुका साथै उपचार प्रक्रिया प्रभावीत भएको छ । जस्तो छिटोछरितो गर्नुपर्ने इमरजेन्सीका बिरामी, दीर्घरोगी, त्यसपछि गएर सुत्केरीहरूको उपचार प्रक्रियामा प्रभावित हुँदाखेरि आज समस्यामा पर्नुभको छ । यो प्रक्रियालाई मिलाउनको लागि तालमेल मिलाउनको लागि सरकारले त्यहाँ ध्यान देओस् भन्ने कुरा म राख्न चाहन्छु । हिजोको घटनामात्रै हाम्रो माननीयज्यूले पनि राख्नुभयो बाटोमा आउँदैगर्दा हस्पिटल पुगेको समयमा जुन बिरेन्द्र रोकायको मृत्यु भएको छ त्यले गर्दाखेरि हामीलाई दु:खित तुल्याएको छ । यस्ता घटना नदोहोरिउन् भन्नको लागि सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । सभामुख महोदय, यही विषम परिस्थितिको बीचमा रुकुम र जाजारकोट दुई छिमेकी जिल्लामा नघट्नुपर्ने दु:खद् घटना यही जेष्ठ १० गते बेलुका घटेको छ । जुन घटनाको जुन घटनाबाट नवराज जुन घटना नवराज वि.क. र सुष्मा मल्लको प्रेम सम्बन्धका कारण घटेको घटनामा नवराज वि.क.लगायत ३ जनाको मृत्यु भएको छ भने ३ जना अझैं बेपत्ता छन् । र उक्त बेपत्ताहरूको गोताखोरसहितको टोलीले खोजी कार्य जारी राखिराखेको छ । उक्त घटनाले यतिबेला संघीय सदन तातेको छ र प्रदेश सदन तातेका छन् । यसले ठूलो विषय लगेको छ । र उक्त घटनाले यो एउटा अमानवीय घटना हो र उक्त घटनाको सत्यतथ्य बुझ्न र छानविन गर्नको लागि संघीय गृह मन्त्रालयले पाँच सदस्यीय छानविन आयोग पनि बनाएको कुरा सुन्नमा आएको छ । यस्ता घटना नदोहोरिने गरी सत्यतथ्य र निष्पक्ष छानविन होस्, दोषीमाथि कार्बाही होस्, पीडितलाई न्याय दिलाइयोस्, क्षतिपूर्ति, क्षतिपूर्ति र राहतको व्यवस्था गरियोस् भन्ने कुरा म राख्न म यहाँ सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गर्न चाहन्छु । अर्कोतर्फ जो मृतककी १७ वर्षीय प्रेमिका अर्थात १७ वर्षीय जो किशोरी सुष्मा मल्ल आज दुवै पक्षबाट भएको मानसिक आघातप्रति सरकार जिम्मेवार रहनुपर्छ र उनको त्यो मानसिक आघातबाट टाढा राख्नको लागि सरोकार पक्ष र राज्य दुवैले संवेदनशील बन्न पर्छ भन्ने कुरा पनि मैले यहाँ राख्न चाहन्छु । प्रदेश सरकारले आफ्नो घरआँगनमै घटेको घटना भएकै कारणले अझ उक्त घटनाप्रति महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नु पर्छ र त्यहाँ तदारुकता देखाउनुपर्छ भन्ने म सभामुखमार्फत् यहाँ ध्यानाकर्षण गराउन चाहन्छु कि यो घटनालाई लिएर ट्विस्ट गर्ने, र यो घटनालाई लिएर राजनीतीकरण गर्ने राजनीतिक रङ दिने कुरामा हामी टाढा रहनुपर्छ र हामी जनताको चेतनाभन्दा अलि माथि उठेका हामी जनप्रतिनिधि हौं । यस यो समस्यालाई हामीले सचेतनापूर्वक आगामी दिनमा फेरिफेरि पनि नदोहोरिने गरी हामीले यलाई समाधान गर्नको लागि हामी संयम भएर यसलाई एउटा प्रक्रियाद्वारा संवैधानिक व्यवस्था, कानूनमा भएको व्यवस्था अनुसार हामीले यलाई हल

गर्नुपर्छ । यो निन्दनीय घटनामा जुन दोषीहरू छन्, उनीहरूलाई कडा कारबाही गरियोस् भन्ने म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, अर्को मैले यहाँ स्मरण गराउन लायक विषय महत्त्वपूर्ण विषय के छ भने हामीले स्थानीय तहका जनप्रतिनिधि र समय केरे समन्वय समितिका प्रतिनिधिको मासिक पारिश्रमिक र जुन व्यवस्था गरिएको थियो, त्यो व्यवस्थाअनुसार २०७६ कार्तिक १ गतेबाट नपाउने गरी सर्वोच्च अदालतले यसलाई अदालतद्वारा रोकिएको छ । जो मासिक ह स्थानीय जनप्रतिनिधिको हैसियतले मासिक पारिश्रमिक पाउने संविधानले व्यवस्था नहुँदाखेरि यो रोकिनु पर्छ भन्ने जुन सर्वोच्च अदालतको जिकिर छ, त्यसलाई हामीले कसरी बाटो खोल्ने ? प्रदेश सरकारले जति सके छिटो यसको बाटो खोलोस्, यसको ढोका खोलोस् । समस्या समाधान गरोस् र यो प्रक्रियालाई अगाडी बढोस् भन्ने सम्पूर्ण स्थानीय पालिकाका जनप्रतिनिधिहरूको समन्वय समितिका प्रतिनिधिहरूको माग छ, यो कुरा म यहाँ गम्भीरतापूर्वक सरकारले लिने छ भन्ने कुरा सम्मानी सम्माननीय सभामुखमार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री खड्कबहादुर खत्री, यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्री:** माननीय सभामुख महोदय, यो आज घटेको घटना दु:खद् घटनाबाट नेगेटिभ परीक्षण गर्दा देखिएको छ । उहाँ चाहिँ चिङ्गाड गाउँपालिका वडा नं.३ हाल चाहिँ ५ नोगर्के भन्ने बस्ने जितबहादुर रोकाय, वर्ष २१ को हुनुहुन्छ, उहाँ गुजरातबाट आएको हो । यो अघि माननीयजीले पूर्ववक्ता माननीयजीले भनिसक्नुभाको छ, र बबईदेखिको यो व्यवस्थापन त्यो बस रातारात गइराछ । त्यो पुलिसहरूसँग लड्ने, पुलिसहरू सुरक्षा गर्ने कर्मीसँग अब हामी मन्त्री, सम्बन्धित मन्त्रीहरू, सम्बन्धित जिल्लाको समै मात्रै चासो गर्ने अथवा सचिवहरू अथवा कोही कर्मचारीहरू जो जो जुन ठाउँ छ त्यहाँ मात्रै चासो गर्ने अहिलेको समस्या भनेको जुन मानिसहरू इण्डियाबाट आइरहेको छ अथवा भनौं अहिले छिमेकी भारतबाट अब हवाई यात्राबाट अरु अरु देशबाट भेटिएको अवस्था छ । विशेषगरी हाम्रो ७५ प्रसेन्ट मलाई लाग्छ सलेन, सुर्खेत, रुकुम र जाजरकोट विशेषगरी दैलेख यी चारवटा जिल्लाका र अरु पनि जान्छन् तर मलाई लाग्छ यो बस्ती विशेषगरी पूर्णरूपले भारतमा कमाई खाने जाइ एउटा जीवनभरि जीवन आयआर्जनको त्यसैको भरमा बाँच्ने अवस्था र सधैं आउने यो बेला भएको कारणले आज सरकारले मात्रै आव्हान गर्दा मात्रै होइन कि उनीहरूको आउने बेला भको कारणले जुन एउटा सरकार र स्थानीय निकाय अथवा जनप्रतिनिधिहरू, माननीयहरू, अरु कर्मचारीहरू, पत्रकारहरू, जो समन्वय गर्नपर्ने थियो, त्यो समन्वय भएको अवस्था छैन । त्यो समन्वय हुनका लागि मलाई लाग्छ हामीले यहाँ भनिरहँदा हाम्रो पनि दायित्व हो । हामीसँग पनि समन्वय होस्, हामीलाई लाग्छ कसैको घरमा केही व्यापार गर्न कुनै उहाँहरूसँग समन्वय गर्न भन्दा पनि एउटा जिम्मेवार नाताले फोन गर्‍यो फोन उठ्दैन । सधैं फोन उठाउनुपर्छ भन्ने छैन उहाँहरू पनि काममा हुनुहुन्छ ।

त्यसैले समन्वयको अभाव, यो माननीय प्रदेशको माननीयको प्रदेश सभाका सदस्यको दायित्व के हो त ? कम्तीमा पनि उहाँहरूसँग सम्पर्क गरेर तपाइँहरू जिम्मा लिनुस् । कम्तीमा पनि त्यो त प्रदेश सभाको सदस्यको क्षेत्रमा कति वटा गाउँपालिका छ, कति वटा नगरपालिका छ, त्यहाँ समस्या के छ ? टिपोट कति छ ? भन्ने किसिमको एउटा जिम्मेवारीपन एउटा भनौं त्यसको दायित्व जिम्मेवारी दिएको भए मलाई लाग्छ यो समन्वय गर्न सजिलो हुन्थ्यो । मानिस कति आए, कति गए ? पैसाको हिसाब छैन । म एउटा आग्रह गर्न चाहन्छु, मलाई सरकारले कर्णाली प्रदेश सरकारले आन्तरिक मामिला तथा कानून मन्त्रीजीले मलाई बोलाउनुभो मलाई मेसेज छ । परिषद्मा, त्यसपछि मैले प्रमुख सचिवलाई मैले खबर गरें, तपाइँहरू दुईजनालाई माननीयको तर्फबाट यो जुन विपद् व्यवस्थापन परिषद् कोष छ त्यसको लागि एउटा मिटिङ्गमा जानुस् भनेर जानकारी गराउनुभो, म त्यो मिटिङ्गमा गएँ । त्यसपछि मलाई पत्र प्राप्त छैन, केको लागि बोलाउनुभो एउटा छलफल छ भन्ने कुराकानी भयो । त्यहाँ मिटिङ्ग चलिरहेको थियो । दुईटा रजिष्ट्ररमा चारवटा एउटा रजिष्ट्रर मैले सही गरे, अर्कोमा त्यसैदिनको सही गरें । अनि एउटा मुख्यमन्त्रीसँग चाहिँ जोडिएको त्यसमा प्रतिपक्ष दलको नेताज्यू त्यसपछि गएर गोपाल शर्माज्यू माननीयको तर्फबाट तपाइँ तीनजनालाई चाहिँ बोलाइयाछ मैले पत्र चाहिँ उपलब्ध गराउनुभो । ठीक छ आज पत्र पछि गरौंला भन्ने कुराकानी भयो । मिटिङ्गमा गर्दा मुख्यमन्त्रीसँग त्यो रजिष्ट्ररमा तीनटा सही गराएर सचिवजीले ल्याउनुभाथ्यो, मास्क लाउनुभाथ्यो, मैले चिनिन, हजुर को हुनुहुन्छ सचिवजी भन्नुभो मैले पहिलाको मैले सही गर्दिन आजको म सही गर्छु, यो पनि तपाइँले पत्र मलाई अब पछिसम्म दिनुपर्छ र पत्र दिनुहुन्न भने अर्को चोटि म आउँदिन भन्ने कुरा गरें । मैले पाँच चोटि आन्तरिक मामिला तथा कानून मन्त्रीजीलाई फोन गरें पत्र पाउनुहुन्छ भन्नु भो मुख्यमन्त्रीसँग सल्लाह गर्नुपर्छ भन्नु भो । त्यो दिन मैले कुरा उठाएँ । उठाउँदा अडिटका कुरा आयो, सबै कुरा आए, मलाई लाग्छ ९ करोड ९० लाखको कुरा पेपरमा आको थियो । अहिलेसम्मको हिसाब ५० करोडको हिसाब उठेको पैसा कुन कुन ठाउँबाट उठेको हो । कहाँ कहाँ खर्च भएको हो ? के के मा खर्च भएको ? कति मानिसहरू आको कति खाद्यान्नमा गको ? कति यातायातमा गएको ? कुन-कुन ठाउँमा कति मान्छे गएको ? यो हिसाब सरकारले सदनलाई चाहिँ उत्तर दिनुपर्छ म आग्रह गर्न चाहन्छु । र अर्को अहिले जटिल विषय के छ त भन्दा दैलेख, सुर्खेत, जाजरकोट र यो हिजोदेखिको नाका बबई, बबई नाकाबाट मान्छे अहिले पनि २५सौं गाडी आको अवस्था छ । र मलाई लाग्छ स्थानीय तहमा केही पनि छ, स्थानीय तहका जिम्मा लगाएर रकम मलाई लाग्छ १६ लाख, १६, १६ करोड, १५ करोड कर्मचारीको संख्या त्यही हो । जहाँसुकै स्थानीय तहको सरकारलाई कति कठिन छ । यी ७९ तह, ७९ वटा स्थानीय तहका सरकारलाई मलाई लाग्छ अहिले जुलुस नारा र वडाध्यक्ष, सदस्यहरू काटमार हुने अवस्था सिर्जना भाका, साना-साना स्कूल छन् ती स्कूल पनि कोही बनेका छैनन् । त्यो स्कुलमा पाँच जना छ जना एकै ठाउँमा सुतिरहेको अवस्था छ, खान बस्नको व्यवस्थापन छैन । गाडी ल्याउने अवस्था छैन । समन्वय गऱ्यो यता सिडियोसापले

सम्पर्क गर्दा इण्डिया र यो नेपालको, नेपालको बोर्डरमा महेन्द्रनगरको, त्यसपछि नेपालगञ्जको र सुनौलको यो भैरहवाको उतापट्टि इण्डियाको चाहिँ बीएम, नेपालको सिडियो यिनीहरूको पत्राचार र प्रक्रिया पूरा गराउनै सातआठ दिन लाग्ने प्रोसेस छ र मान्छे एउटा बेहाल अवस्थामा बसेको छ । म के आग्रह गर्न चाहन्छु त भन्दा अहिले यहाँ कुरा एकातिर छ, यता निर्माणका काम अथवा अनुदानका काम भित्रभित्रै कागज कर्मचारीलाई खटाइयाछ, दौडाइयाछ, म के आग्रह गर्न चाहन्छु भन्दा पहिला मानिस बचाऔं, मानिस बचाइयो भने राजनीति बन्छ, व्यापार बन्छ, उद्योगधन्दा बन्छ, पहिलो नम्बर यो, यो गऱ्यौं भने यसैले हाइहाइ हुन्छ । मान्छे बचाउनलाई यत्रो बजेटको हामीसँग अहिलेको पनि खर्च भको अवस्था छैन । आगामी बजेटको पनि सामान्यीकरणबाट आको अवस्था छ । त्यसैले यो रोग र भोकबाट बचाउनका निम्ति मान्छे बचाउने काममा लागौं । मलाई लाग्छ यो दिनप्रतिदिन जटि-जटिल अवस्था सिर्जना भएको छ, जुन-जुन किसिमले जुन वृद्धिदर एउटा सङ्क्रमणको वृद्धि दर बढेको छ । विभिन्न ठाउँमा समस्या छ म के आग्रह गर्न सुर्खेत जिल्लाका मात्रै र दैलेख र जाजरकोट प्रत्येक जिल्लामा मलाई लाग्छ यो तीन हजार, चार हजारको हाराहारी सङ्क्रमित हुने र बस्न सक्ने अवस्था सिर्जना छ र गाउँमै ब म काटाकाट हुनेछ र सुरक्षा निकायका प्रति सँग पनि मन्त्रीहरू अप्ठेरो पऱ्यो आफ्ना लागि जहाँ पनि जान्छ जस्तै आज लादेको घटना घटयो त्यहाँ स्वयम् मन्त्रीज्यूहरू आफै गएर त्यहाँ लड्नुभाछ पुलिसलाई कुटिएको छ र पुलिसहरू जानसक्ने अवस्था छैन र एक त पुलिसहरू पुलिस पुलिसमा मारामार भको अवस्था छ भने छ य स प्रदेश सरकारलाई नटेडिएको अवस्था अथवा एक-एक तहले कर्मचारीप्रति पनि विश्वास नलिएको अवस्था र समन्वयको अभाव भएको कारणबाट के आग्रह गर्न चाहन्छु भन्दा सरकारले यो बजेटलाई कम्तीमा पनि मानव संवेदनलाई बचाउनका निम्ति अहिले सुरक्षित ठाउँमा जानका निम्ति र (**माननीय सभामुख:** सकौं माननीय सदस्य सकौं) बजेट मितव्ययीताका लागि त्यसतिर ध्यान दिन आग्रह गर्दै म सरकार र सभामुखमार्फत सरकारलाई अनुरोध गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री अम्मरबहादुर थापा, यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, अब सरकारलाई हामीले सुझाव दिने हो, सरकारले सुनेन भने बर्बाद हुँदोरहेछ । मैले सदन चल्नुभन्दा पूर्व पनि भनेको थिएँ र सदनभित्र पनि कराउँदाखेरि बोल्दाखेरि त्यसको कुनै भ्यालू भाको जस्तो लाग्दैन । एउटा कुरा सरकारले अहिलेको यो सङ्क्रमण संकट जे आको छ यसलाई मोचन गर्नुपर्ने, पूर्णरूपले मोचन त नगरौंला तर सावधानी अवलम्बन गर्न पर्ने । मलाई नबोलौं भन्दा पनि त्यही कुरा बोलिरहन मन लाग्ने भो, दैलेखबाट मैले राति १२-१ बजे पनि सुत्न नपाउने अवस्था छ । र फोनका फोन आइराख्याछन् र गाउँपालिकामा थाम्न नसक्ने मान्छे भइसके, अहिलेसम्म दैलेखमा बाहिरबाट आका मान्छेको संख्या पहिलेदेखिको गणना गर्ने हो भने करिब १०-११

हजार संख्या पुग्याछ । र यसै पटकको लिस्टमा पनि अस्ति दुई-चार दिनभित्र पनि जाइने यहाँ करिब-करिब ६-७, ६-७ हजार मान्छे पुगिसके । आठबीसबाट सभामुखज्यूलाई पनि आउँछ होला, मलाई पनि आइराछ । मान्छे सडकमा छन्, ती मान्छेलाई राख्ने ठाउँ छैन । मा अँ भने स्कुलहरू भरिसके त्यो अवस्था सिर्जना भइरहेको छ र अहिले पनि मैले अस्ति मन्त्रीजीसँग सोधे मन्त्रीजीले हामी तत्काल पैसा जहाँ जहाँ अहिले संकट आको छ, त्यो संकट आउने पालिकाहरूलाई पैसाको व्यवस्थापन गरेर छिटो पठाउँछौं भन्ने आको सुन्याथिएँ । र पहिला पनि वास्तवमा पहिला कर्णाली प्रदेशले साँच्चिकै कोरोना प्रवेश गर्न दिंदैन कि क्या हो भन्ने हामीलाई पनि महसुस भाथ्यो, क्वारेन्टाइन प्रशस्त बनेका छन्, स्रीप एउटा कुराको जाइने सरकारले के गऱ्या थिएन भने संघ हाम्रो भनाइ थियो सिमानामा, कमसेकम सिमानामा सय दुई सयको क्वारेन्टाइन बनाऔं । त्यहिँबाटै परीक्षण गरेर सम्बन्धित निकायमा ऱ्यापिड टेस्ट गर्ने ठाउँ त चाहियो अथवा त्यहाँ पिसिआर गर्न सकिएन भने पनि प्रारम्भिक चरण त्यसको विश्वसनीयता छैन तर पनि छैन भन्ने छ तर पनि मान्छेलाई भरोसा गराउनका लागि पनि र त्यसले पनि ५०/६० प्रसेन्ट त यथार्थतामा देखाउँछ तर ऱ्यापिड टेस्ट गरेर गाउँ गाउँपालिकामा पठाउने एउटा सरकारले निर्णय गऱ्यो । हिजो मुख्यमन्त्रीजीले पनि धेरै कुराहरू राख्नु भो । अनि त्यो कार्यान्वयन गर्ने विधिमा स्वास्थ्य मन्त्रीजीले भन्नुहुन्छ २७ वटा टेबल हामीले व्यवस्था गऱ्याछौं । २५-२६ जना डाक्टरको व्यवस्था छ भन्नुहुन्छ, त्यो कहाँ छ ? कता छ ? दैलेखा त मलाई लाग्छ केही देखिदैन । महावुमा आज सात दिन भइसक्यो, ६-७ दिन भइसक्यो मान्छे करिब-करिब १७-१८, बा ११-१२ सय मान्छे गाइसक्या छन्, ती मान्छेको ऱ्यापिड कीट छैन भनियो कीट पठाइयो । अहिले डाक्टर छैन । अहिले त्यो कि जाँच गर्ने मान्छे छैन । हिजो अस्ति मात्रै भन्दा जाइने एक हजार कीट जाइने सुर्खेत र एक हजार कीट दैलेखमा पठाइयो भनेपछि हामीलाई खुसी के लाग्यो भने अब ती जे होस् प्रारम्भिक चरणको ऱ्यापिड टेस्ट हुन्छ भन्ने लाग्यो । अहिले पनि ऱ्यापिड टेस्ट भाको छैन । किन छैन ? भनेर मैले त्या सोध्दाखेरि त्यहाँ जनशक्ति छैन । त्यसकारणले जनशक्तिको व्यवस्थापन गर्ने र त्यो कीटहरूको व्यवस्थापन गरेर, अहिले त्यहाँ आन्दोलन भइराछ । हिजो पनि त्यो जाइने त्रिभुवन उच्च माविमा जाइने राति उठेर मान्छेले नाराजुलुस सहित गरिराछन् । अनि महावुमा त्यस्तै गरिराछन् भने हरेक ठाउँमा कुरा के छ भन्दा त्यो क्वारेन्टाइन भन्याछौं हामीले अब विचारा पालिकाहरूले पनि कति ठाउँ बनाउने । एउटै स्कूलमा ३०-३५ कोठामा ३०-३५ जना मान्छे हुल्नु पर्ने अवस्था छ । त्यो भाहुनाले यो व्यवस्थित भएन भन्ने ठाउँ-ठाउँमा मान्छे अलिकति जाइने त्यति सहज छैन उनीहरूलाई । वास्तविक दिनुपर्ने चिज दिन नसकेपछि उनीहरूले नाराजुलुस गर्ने कुरा स्वाभावीक छ । र त्यहाँ स्थानीय तहले थाम्न सक्ने अवस्था छैन । त्यसोभाको हुनाले सरकारले तत्काल यो ऱ्यापिड टेस्टको लागि र जाइने पिसीआर टेस्टको लागि जाइने एकदमै ध्यान पुऱ्याउनु पऱ्यो । अहिले जे भित्रिएका छन्, मैले अस्ति पनि भने जे भित्रिएका छन् तिनलाई सम्बन्धित क्वारेन्टाइनमा गएर जाइने त्यो व्यवस्थापन गर्नुपऱ्यो र अब नाकामै कहाँ कहाँ हो ?त्यहाँ

जाइने त्यो टेस्ट नगरेर प्रवेश नगरौं । गर्नबाट रोक्न लगाऔं भनेर भनियो, त्यहाँ सुरक्षा छैन । अहिले स्थानीय युवाहरूले कहाँकतै सुरक्षा गऱ्याछन् । बाँकी मान्छे सुरक्षित एउटा पुलिस पनि एउटा क्वारेन्टाइनमा एउटा पुलिस पनि छैन । त्यसो भाहुनाले सुरक्षा दस्तालाई पनि अलि व्यवस्थित गर्न पर्छ जस्तै: उहाँ जाइने केरे कटकुवामा जाइने झडप भयो भन्ने सुनियो, सुन्नमा आयो । झडप किन भयो ? भन्दा २ जना पुलिस छन्, हजार छन् ती मान्छे त सो ए अनुशासित, मर्यादित हुने भए हुन्थ्यो । हिजो जाइने एउटा मलाई सम्झना छ, पहिला जाइने कुनै बेला जाइने एकजना पुलिस गयो भने पूरै गाउँलाई सोरेर ल्याउँथ्यो, किनभने मान्छे डर मान्थे अहिले त त्यस्तो छैन । पुलिस पनि, पुलिससँग पनि प्रतिवाद गर्ने अवस्था सिर्जना भा´छ र त्यस्तो प्रतिवाद गर्नेलाई सरकारले कानुनी दायरामा पनि ल्याउनुपर्छ । त्यसैले अहिलेको हकमा त्यो किसिमको वा वास्तविकतालाई ध्यानमा सरकारले दिएर यसलाई हामीले भनेका छौं । सबै बजेट काँ कताबाट चाहिन्छ तपाईंको बजेट व्यवस्था गर्नुस् भन्याछ, मैले पिसिआरको विषयमा ५० लाख रुपैयाँ गाको त्याँ दैलेखमा, त्यो अन्त खर्च गर्नुपऱ्यो भन्दा मानेनन् र अहिले एउटा पिसीआर मेसिन किन्ने भन्ने निर्णय भएर आको छ । मैले आन्तरिक मन्त्रीजीसँग आको रैछ त्यो चिठी त्यसको अनुमति सहमति दिएर पठाइदिनुस् भन्दा अहिलेसम्म पठाइएको अवस्था छैन । एउटा पिसिआर मेसिन दैलेख जस्तो त्यत्रो संख्यात्मक रूपले त्यहाँ मान्छे भाको ठाउँमा एउटा पिसीआर मेसिन र राखेको भए त्यहाँ त्यो त्यसको प्राविधिक रूपले त्यसको व्यवस्थापन गरेको भए सहज हुन्थ्यो । सरकारलाई हाम्रो अनुरोध मात्रै गर्ने सरकारले सुन्दिएन भने बर्बाद हुँदो रहेछ । त्यसकारण सरकारले सुन्दिन पऱ्यो । जनताप्रति हामी उत्तरदायी छौं भनेपछि सरकारले त्यसरी सुन्नुपर्छ भन्ने म (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) अनुरोध गर्न चाहन्छु र अर्को कुरा यो (**माननीय सभामुख:** सकौं सकौं) रुकुमको नहुने घटना घटेको छ, त्यसलाई व्यवस्था राजनीतीकरण नगरेर त्यसलाई वास्तवमा जाइने अपराधीलाई कानूनको दायरामा ल्याउनु पर्छ । मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जनप्रतिनिधिहरूको सेवा सुविधाको विषयमा (**माननीय सभामुख:** सकौं माननीय सदस्य) अहिलेसम्म त्यो विधेयकको व्यवस्थापन गरोस् । धन्यवाद ।

**माननीय सभामुख:** अब माननीय श्री पद्मा खड्का, त्यसपछि माननीय श्री बद्मी क्वाँरी बोहोरा तयार रहनुहोला ।

**माननीय श्री पद्मा खड्का:** सभामुख महोदय, हामी आज प्रदेश सभाको छैठौं अधिवेशनको चौंथो बैठकमा भाग लिइरहेका छौं । यो गरिमामय प्रदेश सभामा प्रदेश सरकारलाई सार्वजनिक महत्त्वका ध्यानाकर्षण गराउनुपर्ने विषयमा मैले केही सुझावहरू राख्न चाहन्छु । सर्वप्रथम मैले विश्व महामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड-१९ ले सबै नागरिकमा नागरिकलाई एउटा त्रासपूर्ण वातावरण सिर्जना गरिरहेको अवस्था छ । त्यो हाम्रो कर्णाली प्रदेशको राजधानीमा दिनप्रतिदिन बढ्दो क्रममा छ । र बढ्दोक्रमसँगै सबै नाकारि नागरिकहरू कर्णालीवासीका नागरिकहरू भित्रिएर यो राजधानीमा छोएर जाने एउटा सेन्टरको

रूपमा राजधानी त्यसैका कारणले पनि दिनप्रतिदिन जुन संख्यामा गाडीहरू आइरहेका छन्, त्यो यहाँका राजधानीवासीका नागरिकहरूले दैनिकजसो देखिरहेको निहालिरहेको अवस्थामा सम्पूर्ण यहाँ सुर्खेतवासी आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू एकदमै त्रसित बनिरहेको अवस्था सबै नागरिकहरू आइसके सरकारले छिटोभन्दा छिटो परीक्षणको दायरा फराकिलो गर्नुपर्थ्यो यो दायरा फराकिलो नहुँदा अब गाउँगाउँमा कोरोना भाइरस पुगिसक्यो भन्ने एउटा चिन्ता र चासो भइरहेको यो अवस्थामा आज मात्रै, हिजो मात्रै आइरहेको, भारतबाट गुजरातबाट आइरहेका चिङ्गाड गाउँपालिका अवलचिङ्ग निवासी वीरेन्द्र रोकाय जसले सामान्य बमिट गरिरहेका थिए र उनले समयमै उपचार पाएको भए समयमै हाम्रो आपतकालीन् सेवाहरू तत्कालका लागि चाहिँ प्रयोग भएको भए, उनी चाहिँ अस्पताल पुग्थे होला । अस्पताल पुगरे उनको उनलाई सन्चो गराउन सकिन् सकिन्थ्यो कि भन्ने हामीले एउटा आशा, हामीले त्यो आशा जुन हाम्रो आशा निराशामा परिणत भयो र उनी बाँच्न सफल भएनन् । र यो कारणले गर्दा धेरैभन्दा धेरै नागरिकहरूलाई रोग मात्र होइन, मानसिक चिन्ता मानसिक पीडाले पनि कहिल्यै रोग नलाग्दै सबैले ज्यान गुमाउनु पर्ने हो कि भन्ने चिन्ताको विषय बनेको छ । यसकारण म सरकारलाई कत्ति पनि विलम्ब नगरीकन प्रदेश सरकारले स्थानीयलाई देखाउने स्थानीयले वडालाई देखाउने होइन । अब प्रदेश सरकारले पनि आफ्नो महत्त्वपूर्ण जिम्मेवारी अहिलेसम्मन गरिराख्नुभाको छ, त्यो जिम्मेवारीलाई अलि फराकिलो दायरा बनाएर आफ्ना कामकारबाहीहरूलाई एकदमै द्रुत गतिमा अगाडी बढाउनका लागि म विशेष ध्यानाकर्षण गराउन चाहन्छु र मैले यो सँगसँगै कर्णाली प्रदेशको एउटा राजधानी जनघनत्वको हिसाबले प्रदेशको राजधानीमा धेरैभन्दा धेरै जुन बसाइसराइको अवस्था देखि लगेर अहिले पछिल्लो चरणमा नागरिकहरू भित्रिने क्रमले गर्दा यहाँको अस्पताललाई एउटा हुनुपर्ने जुन अस्पतालले गर्नुपर्ने भूमिका आम नागरिकले देख्नेगरी नगरेको अवस्था छ । यो अस्पतालको प्रशासनलाई बेला-बेला यही गरिमामय सदनमा सभामुखमार्फत् हामीले पटक-पटक प्रदेश सरकारलाई ध्यानाकर्षण गराएका छौं । सम्बन्धित मन्त्रालयको मन्त्रीज्यूलाई ध्यानाकर्षण गराएका छौं । हाम्रो कर्णाली प्रदेशको प्रदेश अस्पतालले सोचेअनुसार काम गर्न सकेको अवस्था छैन । प्रशासनिक कुरा अल्झिएको छ, बजेटको कुरामा कुनै कमी छैन । हामीले अस्ति भर्खरै मात्र पनि सुनेका छौं, कर्णाली प्रदेशको राजधानी भोलि भव्यतव्य बिरामीहरूको संख्या बढ्ने भएको कारणले अरु प्रदेश अरु जिल्लाहरूभन्दा यहाँ धेरै बजेट हालेको कुरा हामीले सुनिरहेका छौं । संख्याको हिसाबले यहाँ धेरै बजेट यहाँ उपलब्ध भको छ तर कामकारबाहीका हिसाबले आज सामान्य जिल्ला अस्पतालजस्तो पनि गतिमा गएको देखिदैन । यो के कति कारणले भयो मैले सम्बन्धित मन्त्रीलाई ध्यानाकर्षण गराउन चाहन्छु किन आज यो ढिलासुस्ती भइरहेको छ ? आज त्यहाँ सामान्य बिरामीले पनि चेकअप गर्न पाउने अवस्था छैन । भोलि यो स्थिति भयावह भयो भने त्यो अस्पतालको अवस्था के हुन्छ ? यतातिर मैले ध्यानाकर्षण गर्न चाहन्छु । आज मन्त्रीजीले भन्दै हुनुहुन्छ, नेपालको सबैभन्दा बढी चेकअप र परीक्षणको दायरा टेकु अस्पतालले जुन बढाएको छ, त्योभन्दा

दोस्रोमा कर्णाली प्रदेशको कर्णाली विज्ञान प्रतिष्ठानले चेकअप अहिलेसम्म परीक्षणको दायरा यति पुग्यो भनेर गर्वका साथ यहाँ हामीलाई जानकारी गराउनुहुन्छ । जहाँ जुम्लामा अवस्थित त्यो अस्पताल छ, आज त्यो दायरा फेलाउन यहाँ प्रदा प्रदेश राजधानीसँग भित्रिएका नागरिकहरूलाई आज दैलेख, जाजरकोट, सलेन, सुर्खेत जहाँ धेरैभन्दा धेरै नागरिकहरू परीक्षण नगरीकन गाउँ पुगेका छन् । आज त्यहाँ जुम्लामा धेरै परीक्षण गरिसकियो भनेर भन्ने मन्त्रीज्यूले आज यिनै जिल्लाहरूमा किन परीक्षणको दायरा, परीक्षण गर्ने सामग्रीहरू र दक्ष जनशक्तिहरू पुऱ्याउन किन सक्नुभाको छैन ? के हेर्नुभाकोछ ? यदि कर्णाली विज्ञान प्रतिष्ठानमा दक्ष जनशक्ति धेरै छन् भने आज किन झिकाउन सक्नुभाको छैन ? आज ती जिल्लामा किन खटाउन सक्नुभाको छैन ? त्यसकारणले पनि यो जुन संख्यामा आइरहेको नागरिकहरूको चाप छ, त्यो चाप भएको जिल्लालाई, त्यो पालिकालाई छिटोभन्दा छिटो आपतकालीन व्यवस्था गरेर सम्बन्धित मन्त्रालयले त्यतातिर व्यवस्थापन गर्नका लागि त्यहाँ तिर हाम्रो जनशक्ति खटाउनको लागि म प्रदेश सरकारको एकदमै ध्यानाकर्षण गराउन चाहन्छु र सबै सम्बन्धित पालिकाहरूलाई जसरी अहिले हम्मे-हम्मे परिरहेको अवस्था छ । जसले क्वारेन्टाइन व्यवस्थापन गर्न नसकिने अवस्था आइरहेको छ । त्यसकारणले पनि ती प्रदेशका यी प्रदेशका त्यस्ता पालिकाहरूलाई प्रदेश सरकारले विलम्ब नगरीकन छिटोभन्दा छिटो आफ्नो ध्यानाकर्षण गरेर तिनी पालिकाहरूमा तयारीका साथ व्यवस्थापनलाई अगाडी बढाउनु हुन म हार्दिक अपिल गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री बद्मी क्वाँरी बोहोरा, यसपछि माननीय श्री सुशीलकुमार थापा तयार रहनुहोला ।

**माननीय श्री बद्मी क्वाँरी बोहोरा:** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको छैठौं अधिवेशनको चौंथो बैठकमा हामी केही सरकारका ध्यानाकर्षण गर्ने कुराहरू राख्न गइरहेका छौं । सभामुख महोदय, कोरोना भाइरस कोभिड-१९ ले अहिले जुन देशमा जुन किसिमको एउटा सङ्क्रमण अवस्था सिर्जना भएको छ । यसले गर्दा जनताले धेरै दुःख भोग्नुपरेको छ । कसैले जिल्लाबाहिर कसैले जिल्ला प्रदेशभन्दा बाहिर देशभन्दा बाहिर बसेर जुन सरकारलाई आग्रह गरिरहने कुरा अझै जारी छ । आजसम्म हेर्दाखेरि हाम्रो कर्णाली प्रदेश केही दिन अगाडी हाम्रो कर्णाली प्रदेश कोरोना अछुत रहन्छ कि भनेर जुन हामीले आँकलन गरेका थियौं । आज एक हप्ता सरकारको सदन सुरु भएको अधिवेशन सुरु भएको विकास अधिवेशन बजेट अधिवेशन सुरु भएको एक हप्ता नपुग्दै मान्छे दिनहुँ न दिनहुँ सङ्क्रमितको संख्या बढ्दैछ । यसै को मान्छे कतिखेर कहाँ निर जाने हो, कहाँनेर मर्ने हो, मान्छे कसैलाई ठेगाना आफ्नै ज्यानको ठेगान छैन । आज यस्तो महामारीको घडीमा कर्णाली प्रदेशका दशै जिल्लामा आफ्नो ज्यानलाई बाजी राखेर खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधि, यहाँको सरकार जसरी खटिरहेको छ अझ अझैं पनि कमीकमजोरीहरू हामीले देखिरहेका छौं । जति जनशक्ति स्वास्थ्य क्षेत्रतिर खटिने जनशक्ति जति उहाँहरू आज जति

उपलब्ध हुनुहुन्छ उहाँहरू खटिनुभएको छ । उहाँहरूले दिनरात जसरी आफ्नो ज्यानको बाजी राखेर सुरक्षाकर्मीहरू खटिराख्नुभएको छ । उहाँहरूलाई पनि सुरक्षित रहन र सरकारले उहाँहरूलाई उहाँहरूको स्यानो स्यानो दु:खलाई ध्यान दिनुहुन पनि सभामुखज्यूमार्फत् प्रदेश सरकारलाई आग्रह गर्दछु किनकि सरकारको ढुकुटीमा थुप्रै बजेट छ, करोडौं बजेट छ । सरकारले जिल्लामा पनि बजेट विनियोजन गरेर जिल्ला विपद् व्यवस्थापन समितिलाई ५० लाख रुपैयाँ जिल्लामा, अस्पताललाई त्यस्तै गरेर २५-३० लाख रुपैयाँ र प्रत्येक स्थानीय पालिकामा गाउँपालिकालाई १५ नगरपालिकालाई २० अलि जनसंख्या धेरै भएको नगरपालिकालाई ३०/२५ गरेर जुन रकम सरकारले विनियोजित गरेर जुन पठायो, सरकारले एउटा सरकारको अनुभूति गराउनको लागि बजेट पठायो । त्यसमा म धन्यवाद दिन चाहन्छु सभामुखज्यूमार्फत् तर पनि कुरा के भयो भने बजेट गयो, बजेट गयो कोषमै रह्यो, मान्छेलाई सामान्य एउटा मास्क, सामान्य एउटा सेनिटाइजर किन्ने ठाउँ भएन । लंकामा सुन छ, कान बुच्चै भन्याजस्तो । कोषमा ५०औं २०औं लाख रुपैयाँ छ, मान्छेले एउटा सामान्य औषधि नपाएको अवस्था हामीले मैले देखेको छु । म भर्खरै डोल्पा जिल्लाबाट भर्खरै म प्रदेश सभाको सदनमा हाम्रो उपस्थित हुने क्रममा आउने बेला पनि जाने बेला पनि मैले बाटोमा धेरै ठाउँ हेल्थ डेस्कहरू देखें । सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरू बसेको ठाउँ भेटें तर त्यो हेल्थ डेस्कमा न सेनिटाइजर छ, न सामान्य उनीहरूले लाउने मास्क छ । जिल्लामा जाँदा ग्रीनहाउसको पाललाई सिलाएर पीपीई सेट बनाएको छ । पैसा मात्रै कोषमा राखेर सरकारको सहानुभूति जनतालाई गर्न खोजेको, सरकारले गर्न खोजेको उद्देश्य पूरा हुँदैन जस्तो लाग्छ । किन भन्दाखेरि अहिलेको आवश्यकता भनेको बन्दाबन्दीको बेला भनेको टाइममा औषधि पाउँदैन, भनेको टाइममा सामग्री पाउँदैन । त्यो हामी जानकार छौं र जनता पनि जानकार छन् तर पनि सरकारले दिनुपर्ने कुरा दिनुपर्‍यो । पैसा दिएर मात्रै त्यहाँको समस्या समाधान हुँदैन । जस्तै डोल्पाकै कुरा गरौं, पचासौं लाख रुपैयाँ जिल्लाको विपद् कोषमा छ । अहिलेसम्म ३-४ लाख रुपैयाँ ५-७ लाख रुपैयाँ खर्च भएको छ । मान्छेहरू थुप्रै मान्छेहरू बाहिरबाट जाने विद्यार्थीहरू हजारौंका हिसाबले डोल्पामा पनि नेपालभित्रकै मान्छेहरू डोल्पामा गए तर आरडिटी कीट छैन, त्यहाँ चेकअप गर्ने कुनै साधन छैन । एउटा सामान्य थर्मोमीटरले त्यो जरो मात्रै हेरेर मान्छेलाई कसरी सङ्क्रमित मान्छेहरू पत्ता लाग्छन् । त्यसैले प्रदेश सरकारले साना-साना कुरामा ध्यान दिन जरुरी छ । ठूला सपना देख्ने हो, ठूला सपना नदेखेर सानो कुराहरू सफल हुँदैनन् तर पनि कुरा ठूला धेरै गर्ने तल हेर्दाखेरि एउटा सामान्य नागरिकलाई एउटा सामान्य नागरिकका कुरा त छोड्दिऔं स्वास्थ्यकर्मी सुरक्षाकर्मीलाई लाउने एउटा मास्क छैन, हातमा लाउने ग्लोब्स छैन, एउटा सेनिटाइजर छैन । मान्छेले ग्रीनआउसको पाल सिलाएर पीपीई सेट बनाएर स्वास्थ्यकर्मीले उपचार गरेको पनि मैले यहाँ प्रमाणित गर्नुपर्ने भए पनि म सरकारलाई प्रमाणित गर्न सक्छु । अब यस्तो अवस्थालाई प्रदेश सरकारले ध्यानमा राखेर डोल्पा जिल्ला जस्तै हुम्ला जुम्ला दुर्गम जिल्लाहरूमा जतिसक्दो छिटो दक्ष डक्टरहरू अरु औषधि यसको औषधि अहिले यो कोरोना

भाइरस यो कोभिड-१९ सिटामोल खाएर एउटा त्यहाँको यहाँकोले जरोको औषधि खाएर रुगाखोकीको औषधि खाएर सन्चो हुने रोग त होइन, तर यसको रोगको उपचार चाहिँ मान्छे सुरक्षित तरिकाले घरमा बसौं । सरकारले गरेको लकडाउनलाई पालना गरौं भनेर जसरी प्रदेश सरकारले बेला-बेला यहाँ आह्वान गरिराखेको छ, प्रचारप्रसार गरिराखेको छ । जिल्लाहरूमा पनि नेपाली सेना, नेपाल प्रहरी, त्यहाँका जनप्रतिनिधि, त्यहाँका स्वास्थ्यकर्मीले जसरी जनतालाई एउटा सूचनामूलक कार्यक्रममार्फत गाउँमा गएर (सकौं माननीय सदस्य) जुन तरिकाले कुरा गरिराख्नु भएको छ । यसलाई प्रदेश सरकारले ध्यानमा राखेर छिटोभन्दा छिटो जनतालाई सजिलो तरिकाले जुन कुरा जनतालाई सहज लाग्छ, जुन तरिकाले त्यहाँ खटिनुभएका सम्पूर्णलाई सहज लाग्छ, त्यो सामग्रीहरू उपलब्ध गराइदिन हुन अनुरोध गर्दै म मेरो आफ्नो भनाइ यहिँ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सुशीलकुमार थापा । यसपछि माननीय श्री गणेशप्रसाद सिंह तयार रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापा:** माननीय सभामुखज्यू, आज विश्व नै कोभिड-१९ कोरोना भाइरसले आक्रान्त भइरहेको बेलामा, हाम्रो देश र कर्णाली प्रदेश पनि यसबाट अछुतो रहन सकेन । फलस्वरूप आज कर्णाली प्रदेश कोभिड-19 को यो विषम परिस्थितिले थुप्रैखाले समस्याहरू उत्पन्न हुने अवस्था सिर्जना भइरहेको छ । सभामुख महोयदय सरकार जनताको अभिभावक हो, सरकारले एउटा असल अभिभावकको भूमिका निर्वाह गर्नुपर्छ । यतिबेला कर्णाली प्रदेशका १७ लाख नागरिकले कर्णाली प्रदेशभन्दा बाहिर अर्थात आफ्नै भूमि नेपालका विभिन्न ठाउँमा गएका आफ्ना दाजुभाइदिदीबहिनीहरू जो कर्णाली प्रदेशका १० वटा जिल्लामा भित्रिनुभएको छ । लगभग २० हजार ती दाजुभाइ, दिदीबहिनीहरू र हाम्रो छिमेकी देश भारत लगायतका विभिन्न ठाउँबाट धन्नै ३० हजार जति जो दाजुभाइ, दिदीबहिनीहरू यो प्रदेशमा प्रवेश गर्नुभएको छ, उहाँहरूले यतिबेला एउटा गम्भीर संकटबाट आफ्नो जीवनलाई गुजारा गरिराख्नुभएको छ । आफ्नो जन्मभूमि अर्थात आफ्नो जिल्ला, आफ्नो घरमा जानका लागि जुन ठाउँबाट उहाँहरू हिन्नुभो, अहिले आफ्नो सम्बन्धित ठाउँमा अर्थात् आफ्नो पालिकामा आफ्नो क्वारेन्टाइनमा पुग्दासम्मनको अवस्था हेर्ने हो भने त्यो बडो दर्दनाहक छ, बडो कहालीलाग्दो छ । यतिबेला हामीले हेरिरहेका छौं, देखिरहेका छौं । अझ बढी भन्नुहुन्छ भने कर्णाली प्रदेशको सबैभन्दा बढी दैलेख जिल्लामा बाहिरबाट आउने दाजुभाइ दिदीबहिनीको संख्या उल्लेख्य मात्रामा देखिन्छ । रातभरि वीरेन्द्रनगरबाट उकालो लागेका बसहरूको संख्या हेर्ने हो भने त्यो बाटोमा रहेका घरपरिवारलाई सोध्नुहोस्, जो उहाँहरू त्यो गाडी रातभरि हिडिरहँदा सुत्न पाउनुभाछैन । त्यो चापका साथ कर्णाली प्रदेशका नागरिकहरू यसरी फर्किरहँदा सरकार एउटा गम्भीर अभिभावकको भूमिकामा रहनेछ भन्ने मैले अपेक्षा गऱ्याछु । आज ती दाजुभाइ दिदीबहिनीहरू कतिपय भारत लगायत विभिन्न ठाउँमा अलपत्र रहेको अवस्था छ । अहिले पनि राति १२ बजे होस् या विभिन्न अवस्थामा भारतको

गांजियापुर लगायतका थुप्रै ठाउँमा दाजुभाइहरू रोइ राख्नुभाछ । मैले विभिन्न ठाउँमा गएर भने ती दाजुभाइहरूलाई उद्दार गरौं, आज मसंगै सम्पर्कमा आको ११ दिन भइसक्यो ती दाजुभाइहरूलाई हामीले नेपाल ल्याउन सकिराछैनौं । त्यहाँको सरकारले त्यहाँको पुलिस प्रशासनले विभिन्न खाले यातना दिइराखेको छ र उनीहरूलाई त्यहाँ गएर साँझ अर्थात राति अर्थात खाना खाँदा थुप्रै खालका लाञ्छनाहरू लगाउने र आक्रमणसम्मन गर्ने खालका घटनाहरू गरिरहेको छ । जुन खाना खुवाउनेदेखि लिएर सुत्नेसम्मको अवस्था हेर्ने हो भने त्यो डरलाग्दो छ । माननीय सभामुखज्यू, यतिबेला हामीले अर्थात कर्णाली प्रदेश सरकारले आरडिटी र पिसीआर समयमै टेस्ट गर्न सकेन, परीक्षण गर्न सकेन भने यसले अर्को भयावह रूप लिनेछ । सायद आज विभागीय मन्त्रीले अर्थात सरकारले जवाफ दिने कार्यक्रम होला म आग्रह गर्न चाहन्छु कि सरकारले भन्न पऱ्यो जब क्वारेन्टाइनमा नागरिकहरू क्वारेन्टाइनमा बसेका छन्, त्यसको कति समयभित्र तपाइँहरूको आरडिटी र पिसीआर टेस्ट हुन्छ र तपाइँहरू त्यो टेस्ट भइसकेपछि कति समयमा रिपोर्ट आउँछ र नेगेटिभ भएका दाजुभाइ दिदीबहिनीहरूलाई उच्च सम्मानका साथ घर पठाउने र पोजेटिभ भएकालाई उचित उपचारको बन्दोबस्त मिलाउने कसरी गर्न सकिन्छ त्यो जवाफ सरकारले छिटै दिनेछ भन्ने मैले विश्वास गरेको छु । अर्को कुरा, हामीले कर्णाली प्रदेशलाई समृद्ध कर्णाली प्रदेश सुखारी कर्णालीवासी भनेर नारा दिएका छौं । यतिबेला ठूलो अपरच्यूनिटी छ ती ५० हजार जो दाजुभाइ दिदीबहिनीहरू कर्णाली प्रदेशमा प्रवेश गर्नुभएको छ । ती ५० हजार दाजुभाइ दिदीबहिनीहरूका एक लाख हातहरूलाई हामीले साँच्चै उत्पादनमा जोड्न सक्यौं, कृषिमा जोड्न सक्यौं भने यो एउटा सुनौलो अवसरका रूपमा हामीले प्रयोग गर्न सक्नेछौं, एउटा इतिहास रच्न सक्ने छौं । यद्यपि हामीले अहिले यतिबेला ती दाजुभाइ दिदीबहिनीहरूलाई हामीले साँच्चै उत्पादन अर्थात कृषि लगायतका उत्पादनहरूमा जोड्न सक्ने सुनौलो अवसर छ । अहिले हाम्रा कर्णाली प्रदेशका थुप्रै जिल्लाका स्कुलहरू र सार्वजनिक जग्गाहरू, सार्वजनिक स्थलहरू क्वारेन्टाइनका रूपमा हामीले स्थापित गरेका छौं । साँच्चै कर्णाली प्रदेश सरकारले त्यसको कृषि मन्त्रालयले ती हाम्रा दाजुभाइ दिदीबहिनीहरूलाई फलफूलका बेर्नादेखि लिएर तरकारीका बेर्ना लगायतका थुप्रै कृषिका उत्पादनका वस्तुहरू हामीले आरडिटी र पिसिआर टेस्ट गर्नुभन्दा पहिला टेस्ट गर्नुसँगसँगै हामीले ती बेर्नाहरू हामीले ती दाजुभाइ दिदीबहिनीहरूलाई उपलब्ध गराउन सक्यौं भने ती हाम्रा भोलि स्कुलहरू सार्वजनिक जग्गाहरू फलफूल र तरकारीमय हुनेछन् । त्यो एउटा सुनौलो अवसरका रूपमा हामीले प्रदान गर्न सक्नेछौं । र सँगसँगै ती नेगेटिभ आका दाजुभाइ दिदीबहिनीहरूलाई कृषि अर्थात उत्पादनसँग जोडिने बीउ-बीजनहरू र स्रोतसाधनहरू हामीले ती दाजुभाइ दिदीबहिनीहरूलाई हामीले दिन सक्यौं र हातहातमा उपलब्ध गराएर (**माननीय सभामुख:** कौं माननीय सदस्य) हामीले ती नागरिकहरूलाई घर फर्किदा हामीले ती हात पार्न सक्यौं भने त्यो एउटा ठूलो कृषिमा हाम्रो कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाउन सक्ने त्यो अवसर प्रदान हुनेछ । सभामुख महोदय, आज क्वारेन्टाइन बडो डरलाग्दो (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) अवस्थामा

छ । कर्णाली प्रदेशको क्वारेन्टाइनमा कम्तीमा पनि योगा र विभिन्न खालका रचनात्मक क्रियाकलापहरू र तिनीहरूलाई कृषि अर्थात उत्पादनसँग जोडिने प्रशिक्षणमूलक कार्यक्रमहरू सहित गरेको भए आज ती क्वारेन्टाइनभित्र रहेका हाम्रा दाजुभाइ दिदीबहिनीहरू राम्रोसँग बस्न सक्ने अवस्था हुन सक्थ्यो । यद्यपि हामीले ख्याल गरेनौं भने ती ५० हजार दाजुभाइ दिदीबहिनीहरू (**माननीय सभामुख:** सकौं माननीय सदस्य) यो अवस्थाले भोलि भयावह अवस्था, भयावह रूप लिन सक्ने गम्भीर खालको अवस्था देखिएको छ । त्यसकारणले समयमै सरकारले सचेत रहोस् भन्ने समयमै सरकारले सोचोस् भन्ने चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** मानननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री गणेशप्रसाद सिंह:** माननीय सभामुखज्यू, सभामुखज्यूमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, यो कोभिड-१९ कै विषयमा यो कर्णाली प्रदेशका जनताहरू जाजरकोट लगायतका जनताहरू भारतका विभिन्न प्रान्तहरूमा छटपटिरहेका र त्यहाँबाट टेलिफोन आइरहेको छ हामी सहजरूपले हाम्रो सीमा नाकासम्म आउन पर्छ । हाम्रो कर्णाली प्रदेश सरकारलाई सभामुखज्यूमार्फत् केन्द्र सरकारसँग अब इण्डियाबाट जस्तो हिमाञ्चल, उत्तराञ्चल, पश्चिम बंगाल धेरै ठाउँमा छ, त्यहाँबाट सिमानासम्म आउनका निमित्त पनि केन्द्र सरकारको यो उच्चस्तरीय छानविन समितिले त्यो व्यवस्थाका निमित्त मतलब उच्चस्तरीय समितिले भारत सरकारसँग त्यो व्यवस्था सहज गर्दिने भनेर यसको लागि पनि ध्यानाकर्षणको लागि मैले आग्रह गर्न चाहन्छु । अब यता हाम्रो चाइने भारतबाट रुपैडियाबाट आउने नाकामा पनि कर्णाली प्रदेश सरकारले त्यहाँ रिसिभ गर्ने व्यवस्था मिलाउनु पर्‍यो, त्यहाँ दु:ख पाए । त्यसपछि आइसकेपछि बबईमा अलि व्यवस्था राम्रो गर्नुपर्‍यो । त्यहाँ चाइने अब २४ घण्टा बस्नुपर्ने हो कि ४८ घण्टा बस्नुपर्ने हो कि त्यो बस्दासम्मको दु:ख भयो बस्दासम्मको सास्ती भयो, त्यसपछि आरडिटी चेकको व्यवस्था भयो यो चेक गर्ने व्यवस्थालाई अलि सरल र अलिकति व्यवस्थित गरिनुपर्‍यो । त्यो सँगसँगै सम्बन्धित जिल्लामा जाने सम्बन्धित पालिकामा जानका निमित्त पनि त्यसको व्यवस्थापन अलि सहज हुनुपर्‍यो । धेरै मान्छेले सास्ती पाए, धेरै मान्छेले दु:ख पाए । यो कुरा म सरकारलाई गम्भीरतापूर्वक ध्यान दिन सभामुखज्यूमार्फत् म ध्यानाकर्षण गराउँछु । मैले यो दोस्रो पटक भनिसकें अब यता आइसकेपछि अस्तिको यो जाजरकोट र रुकुमको घटनामा विशेषगरेर म अहिले के कुरा सुझाव दिन चाहन्छु भने सरकारको त्यहाँ तुरुन्त उपस्थितिको आवश्यक छ, आन्तरिक मामिला मन्त्रालयको उपस्थिति छ किनकि त्यो चाइने जातीयता र यता क्षेत्रीय मतलव तिर जाइने मतलव दंगातिर जान सक्ने राजनीतिकरणको कलर दिइँदैछ । त्यसो नगरियोस् म यो सभा गरिमामय सदनबाट सरकारमार्फत यो चाइने तल स्थानीय तहका पार्टी, स्थानीय तहका जनप्रतिनिधि सबै आम जनतासँग म अपिल गर्न चाहन्छु । यसो नहोस् त्यो एउटा दु:खद् र निन्दनीय घटना हो । त्यसको न्यायिक छानविनका लागि केन्द्रीय सरकार गृह मन्त्रालयबाट छानविन समिति बनिसक्याछ । त्यसलाई विषय विषयान्तर गर्ने कुरा त्यो राम्रो हुँदैन । म

त्यहीँको जनप्रतिनिधि हुँ र न्यायिक छानविन हुनुपर्छ । यो दु:खद् घटना फेरि-फेरि पनि नहोस् भन्नका निमित्त प्रदेश सरकारको त्यहाँ उपस्थितिको आवश्यक छ । मृतकहरूलाई क्षति मृतकहरूको क्षतिपूर्ति र घाइतेहरूको स्वास्थ्यको औषधिउपचारका निमित्त र खोजविन कार्य पनि केन्द्रीय सरकारले गोताखोर परिचालन गरिसक्या छ । थप प्रदेश सकारको तर्फबाट पनि उपस्थितिको आवश्यकता छ र यसका निमित्त प्रदेश सरकारलाई सभामुखमार्फत म ध्यानाकर्षण गराउन चाहन्छु । घटनाहरू घटिराख्या छन्, हिजोअस्ति पनि घटना घट्यो, हिजो चाहिँ अब हामीले घटनाको जानकारी गरायौं, नलगाडको एकजना त्यही घटनास्थलमै मृत्यु भयो कुमारी सिंहको । फेरि आउँदै गर्दा बाटामा अर्को यज्ञबहादुर सिं को पनि घटनामा आउँदै गर्दा मृत्यु भको छ । र त्योसँगै घाइतेहरू उपचारार्थ छन्, त्यसको व्यवस्थापन, त्यसको क्षतिपूर्ति र त्यसको पनि चाइने गरियोस् । अब आजै यो घटना भयो, एम्बुलेन्सको व्यवस्था त्यहाँ चाहिँ बबईमा गरियोस् । आउँदाआउँदै बान्ता भएर औषधि उपचारै गर्न नपाउने, अस्पतालै पुग्न नपाउने, बाटैमा मृत्यु हुने त्यो हामीले देख्नुपर्ने, सुन्नुपर्ने हामी यहाँ चाइने सदनमा हामीले बोलिराख्नु पर्ने सरकारले गम्भीरतापूर्वक किन नलिने ? यस्तो नहोस् ।मान्छेहरू अलपत्र परेका छन्, मान्छेले दु:ख पाएका छन् र यसप्रति सरकार गम्भीर हुन पर्‍यो । यो प्राथमिकताको जिम्मेवारीको काम हो भन्ने कुरा बोध गर्नुपर्‍यो किन सरकारले जाइने मतलव यो गम्भीरतापूर्वक लिदैन । भोलि पनि यस्तै मर्दै गयो, पर्सी पनि यस्तै मर्दै गयो भने यसको परिणाम के हुन्छ ? यो हामीले के जवाफ दिने हो ? जनतालाई के जवाफ दिने हो सरकारले ? यो सदनबाट हामी बोलिरहँदा सरकारले ध्यान नदिए जस्तो लाग्यो र यसको तत्काल व्यवस्था गरियोस् र त्यहाँ एउटा निजी गाडी स्ट्याण्डवाइ गरियोस्, त्यो जाइने मतलव बबईको नाकामा । ल धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्रदेश सभाको २०७७/०२/१३ र आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले सार्वजनिक महत्त्वका विषयमा उठाउनुभएका प्रश्न एवम् जिज्ञासाका सम्बन्धमा सभाको आगामी बैठकमा सरकारका विभागीय मन्त्रीलाई जवाफ दिन रुलिङ्ग गर्दछु । माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालाले सभा समक्ष छलफलका लागि प्रस्ताव गर्नुभएको विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य प्राथमिकता र प्रमुख नीतिहरूमा केन्द्रित रही आफ्नो धारणा राख्ने क्रम आजै समाप्त हुने भएकाले बोल्न चाहने माननीय सदस्यले सभामुखको बायाँतर्फ रहेका सचिवालय कर्मचारीहरूलाई आफ्नो नाम टिपाउनुहोला । आफ्नो धारणा राख्न बाँकी माननीय सदस्यहरूलाई क्रमश: समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्माननीय सभामुख महोदय, हुन त म यहाँ उपस्थित आर्थिक वर्ष २०७७/०७८ को प्रि-बजेटको सिद्धान्त, उद्देश्य र प्राथमिकतामा बोल्नलाई आइपुगेको छु र यो विशेष समय पनि रैछ, त्यो चाहिँ थाहा भएन । अब विशेष समयको जानकारी हुन त अहिले डिजिटाइज भएर आउँछ त्यो नआएको हुनाले भएन, जो अपरझट पऱ्यो होला । यस्तो अवस्थामा स्वाभावीक हो । अब अहिले मैले अहिले थाहा पाए भनेमैले पनि अपर्झट नै सम्झेर यो बोल्नुभन्दा अगाडी केही कुराहरू चाहिँ अहिले माननीयज्यूहरूले उठाएको कुरामा म पनि आफ्ना धारणा राख्नको लागि सम्माननीय सभामुखज्यूसमक्ष अनुरोध गरेँ र मैले अनुमति मागेँ ।

माननीयज्यूहरूको सबैको कुरा सुनिसकेपछि मैले त भन्नै पर्ने भयो, ए सरकार तिमी त अब राजीनामा देऊ, त्यत्रो माननीयज्यूहरूले कसैले पनि कुनै व्यक्तिले एउटा विशेष सन्तुष्टि प्राप्त नगरेको बेला कुन नैतिकता छ र ? भन्नु पर्ने हो तर म त्यो भन्दिन सभामुख महोदय, म के भन्न चाहन्छु भने आज जुन माननीयज्यूहरूले बोलिरहनु भएको त्यो मर्म र भावनालाई हेर्ने हो भने यो १० वटा जिल्ला भएको १० वटा जिल्ला, २४ वटा निर्वाचन क्षेत्र भएको र त्यसमा मुलुकभरिमा अरु धेरै प्रदेशहरूमा २/२ वटा निर्वाचन क्षेत्र भएका जिल्लाहरू छन् ४/४ वटा भएका भएका छन् । हाम्रो मात्र एउटा यस्तो प्रदेश हो, जहाँ जम्मा दुईटा जिल्लामा दुईटा क्षेत्र छन्: दैलेख र सुर्खेत । जहाँको जनसङ्ख्या सबैभन्दा बढी छ, जनसंख्या बढी भएको ठाउँमा २/२ क्षेत्र दिने हो । र मेरो यो ठ्याक्कै मैले हो भन्न खोजेको हैन, सभामुख महोदय, यी टेन्टेटिभ हुन सक्छ तर अधिकांश मिल्छ जस्तो लाग्छ । जनसंख्याको हिसाबले हेर्ने जुन अहिले भारतबाट आएका हाम्रा नागरिकहरूले पाएको दु:ख र कति सङ्ख्या छ भन्ने कुरा चाहिँ माननीयज्यूहरूले पनि केही भन्नुभयो र हिजो पनि केही कुराहरू आएको छ तर सरकारले गर्ने जुन निर्णयहरू छन्, जुन प्रक्रियाहरू छन् । हिजो कल्पना के गरियो जम्मा ८० हजार । मैले यो मैले अहिले पनि दोहोऱ्याएँ टेन्टेटिभ कालीकोटबाट ५५ हजार छन् रे बाहिर भारतमा कालीकोटबाट, दैलेखबाट ४५ हजार त्यो त आधिकारिक त्यहाँको सिडियोले नै त्यहाँको गरिसक्नुभा, तेस्रोमा धेरै भएको सुर्खेत ३५ हजार प्लस, सलेन माननीयज्यूहरूलाई थाहा होला त्यहाँ २५ हजार, जुम्ला ३० हजार, रुकुम २० हजार, जाजरकोट १५ हजार, हुम्ला १२ सय, डोल्पा ९ सय, मुगु २ हजारदेखि बढी भन्ने कुरो चाहिँ यो आएको छ, टेन्टेटिभ कस्तो भन्दा भारतमा भएका दुइटा कुरा एउटा त्यहीँ बसेर काम गर्ने, अर्का चाहिँ सिजनल माइगे माइग्रेट भनौं न हिउँदमा गए अहिले फर्किदै छन् । यो संख्या हेर्ने हो भने करिब-करिब २ लाख २७ हजार चानचुन चानचुन हुँदोरैछ । अनि सरकारले भन्छ ८० हजार बाहिर छन्, आउने भएपछि २०-२५ हजार आउलान् । आएपछि हामी ठ्याक्कै गरौंला । कम्तीमा पनि १ लाख, कम्तीमा पनि १ लाख मान्छे भित्रिने कुराहरू चाहिँ यो डेटाहरूले चाहिँ देखाउँछ सभामुख महोदय, अहिले हामी धेरैले भन्ने गरेका छौं १७ लाख, १७ लाख । होला भोलि हामी १७ लाख पुगौंला तर चाहिँ अहिलेको २०११ को जनगणना अनुसार १५ लाख ७० हजार ४ सय १८ हो हाम्रो यो जनसंख्या । र मैले यो

अहिले किन जोडिरहेको छु भने सदरमुकाम, प्रदेशको राजधानी र जोडिएको जिल्ला दैलेख र सुर्खेत र हिजोको साविकको भेरी अञ्चल, जसमा एउटा जाजरकोट पनि छ । यत्रो महामारी भइरहेको अवस्थामा सरकारले द्रुततर ढंगले काम अगाडी बढ्नुपर्ने ठाउँमा जहाँ धेरै जनसंख्या भएको ठाउँमा यो प्रदेश सरकारमा पनि प्रतिनिधित्व हुनुपर्थ्यो नि कि दैलेखका, सुर्खेतका, जाजरकोटका मान्छेहरूले बेलामा मान्छेका टाउका नगिडिएको हो कि या चाप्लुसी गर्ने माननीयहरू नभएर हो कि । के भएर हो ? सरकारमा स्थान रिक्त छ, अहिले वास्तवमा यो महामारीको लागि भनेर यिनी जिल्लाबाट कोही न कोही एउटा यत्रो-यत्रो विद्वान माननीयहरू हुनुहुन्छ लाई अवसर दिनुपर्ने हो कि होइन ? एकातिर काम बढ्न सकिरहेको छैन, एकातिर यत्रो कुरोहरू आइरहेको छ । ३८ जना पुगिसके अब भोलि त्यहीभन्दा डबलमा जाला । यो कुरालाई पनि हुन त मैले भनेर हुने कुरा होयन माननीय सभामुख, सम्माननीय सभामुख महोदय, यो असाध्यै जटिल कुरा हो । आज विभिन्न देशहरूमा एउटा मन्त्री, लकडाउनको उल्लंघन गरेर साइकलमा चढ्यो भनेर उसको पद चाहिँ गएको छ । अब उहाँहरूजस्तो सारा संसार इन्टरनेट हेर्ने डिजिटाइज गर्नेहरूलाई त थाहा नभइकन त म जस्ता लठुवालाई कहाँ थाहा होला ? अष्ट्रेलियामा त्यस्तो भयो, ब्राजिलको स्वास्थ्यमन्त्रीले राजीनामा दियो, बेलायतको मन्त्री आफ्नो, लकडाउनको बेला आफ्नो परिवारहरू लिएर पार्कमा गयो भनेर उले राजीनामा दिनुपर्ने अवस्था आयो । आज हेर्ने हो भने उहाँहरूको क्रियाकलापले त सबैले राजीनामा दिनुपर्नेछ तर पनि मैले फेरि भने राजीनामा होइन, यो जुन धेरै क्षेत्र १० वटा १० वटा निर्वाचित सांसद भएको क्षेत्रलाई त एक जना अहिले एकदम होनहार मान्छे त देऊ न, आफू पनि गर्न नसक्ने त्यलाई मोबिलाइज पनि गर्न नसक्ने कुरा चाहिँ राम्रो हुन सक्दैन सभामुख महोदय । अहिले आएर मैले अर्को एउटा उदाहरण दिन चाहन्छु । हामीले गर्‍यौं भन्यौं, हामीसँग बजेट छ होला, होइन भने सदनले विशेष कुराहरू ल्याउन पर्छ भने हामी तयार छौं । मैले अहिले टेन्टेटिभ हिसाब गर्दा सबै माननीयज्यूहरूको कुरा सुन्दाखेरि करिब-करिब भारतबाट मात्रै एक लाख मान्छे आउँछन् भने जहाँ जहाँ गाडी जान्छन् एकजना मान्छेलाई हामीले ३ हजारका दरले पनि तिनलाई राखेर सम्बन्धित ठाउँमा पुर्‍याउने गर्ने हो भने ३० करोड रुपैयाँ लाग्ला । त्यस्तै डोल्पा र हुम्लाका अप्पर बेल्टमा तैपनि लोअर बेल्टमा होइन अप्पर बेल्टमा जहाँ अहिलेसम्म मोटरबाटो छैन, त्यहाँका मान्छेहरूलाई जहाजबाट पुर्‍याउनलाई ५ करोड लाग्ला त्यस्तै अहिले हामीले स्थानीय निकायका कुराहरू गर्‍यौं । हाम्रोमा ७९ स्थानीय तहहरू छन् त्यसमा २५ वटा नगरपालिका रैछन्, ५४ वटा चाहिँ गाउँपालिका छन् । यलाई हामीले एउटा चाहिँ श्रेणी बनाऔं ए,बी,सी,डी नगरपालिका पनि ए,बी,सी,डी भन्नको अर्थ के हो भने अब १० हजार करिब करिब १० हजारका हाराहारीमा पुगेका पनि नगरपालिका छन्, त्यहाँ धन्नै-धन्नै २ लाखका पनि नगरपालिका छन् अथवा ५० हजारका, कतिका होलान् । त्यो भएको हुनाले ए,बी,सी,डी गरौं अनि नगरपालिकालाई ८० लाख, ९० लाख र करोड, त्यसरी दिऔं र यो ५४ वटा गाउँपालिकालाई ५०, ६०, ७० त्यहाँको जनसंख्याको आधार हेरेर त्यो पैसा पठाएर अनि हाम्रो यो जस्तै अब माननीयहरूले

गर्नु गर्नुहुनेछ, त्यसको रेखदेख हुनेछ भन्ने कुरा आएपछि अनि त्यो पैसा सही सदुपयोग भयो कि भएन भन्ने कुराहरू आएन सक्छ । यो कुरा अहिले म किन भन्दैछु भने हिजो भनेका कुराहरू नमानिदिँदा खेरि, हिजो भनेका कुरामा हाम्रो त ग्रीन ज्वरो अब यलाई नियन्त्रण गर्छौं भन्दै हेलिकप्टर चढ्दै अबिर लाउँदै गएको परिणाम आज यो भयो । र त्यसकारण आजै म यो भन्न चाहन्छु, त्यलाई करिब-करिब ९० लाख चानचुन कतिको क्यारे ९० करोड कतिको हुन्छ त्यो पैसा त्यलाई हामी अहिले १ अरब छुट्याइदिऔं । यो गाउँपालिकाको लागि भनेर हामी १ अरब छुट्याइदिऔं अनि यो पिसिआर टेस्टका मेसिनहरू ल्याउने होला । स्वास्थ्यकर्मीहरूलाई वृत्ति गर्ने त्यसमा हामी २ अरब छुट्याइदिऔं किनकि मलाई लाग्यो हिजो मलाई टाउको दुखे दुखे जस्तो भए पनि फिलिङ्ग कस्तो कस्तो भयो गर्मीले रैछ । आज त शान्त छ, त्यसैले मैले यो दौरासुरुवाल फालेर आएँ, टोपी पनि लाउन एकदम मलाई अफ्ठ्यारो भयो, त्यहाँबाट म बाहिर जान्छु र एकछिन चेक गराउँछु भनेको हिजो अलिकति लामै भयो, बाहिर त स्वास्थ्यकर्मी एक जना पनि छैन । अनि त्यो बाहिरपट्टि एउटा एम्बुलेन्स पनि छैन, एउटा स्वास्थ्यकर्मी पनि छैन, एकजना माननीय ढलिहाले भने त ढलिगो त यहाँ । त यसको अर्थ मैले के बुझें भने विचरा स्वास्थ्यकर्मीहरू पनि थोरै हुनुहोला, सीप छैन होला । यो काहिँको कहाँको हो सम्माननीय सभामुख महोदय, सदन नसिध्दिदासम्म न सुरक्षाकर्मीले छोड्न मिल्छ, न स्वास्थ्यकर्मीले छोड्न मिल्छ । सबै सांसदहरू गइसकेपछि बल्ल सास् गएर के सोच्छु भनेको त त्यहाँ त एकदम निरसिलो पो छ त भने त्यो व्यवस्था गरेका छौं भन्ने सरकारले त्यति पनि ध्यान दिएको छ कि छैन ? सायद उहाँहरूले भन्ने गर्नुहुन्छ यो भीआईपी रोग हो । कोठाभित्रै बसेर एसीमा बसेर उहाँहरूलाई सुविधा प्राप्त भएको होला । यसमा चाहिँ ख्याल गर्नुपर्छ भन्ने मलाई लाग्छ सभामुख महोदय । ल आजै म अर्को कुरा भन्न चाहन्छु पिसीआरको स्वास्थ्यकर्मीको संख्या बढाउने, सुरक्षाकर्मीहरूलाई चाहिँ उनीहरूको मनोबल बढाउनको लागि पनि यो जानुपऱ्यो र अर्को भनेको, हिजो पनि माननीय सदस्यले असाध्यै राम्रो मलाई एउटा घत लागेको छ, चित्त बुझेको छ, हैन । सही कुरालाई हामीले सही भन्नुपऱ्यो, खाद्यान्न भण्डारणको कुरो आयो । अब यो वर्षभरि यो कोरोनाले चाहिँ यो गरौंला र उ गरौंला भन्ने चाहिँ होइन । जहाँ जहाँ हुन्छ यही प्रदेशबाट हुन्छ कहाँबाट हुन्छ, हामीले कम्तीमा पनि ४ अरब रुपैयाँ चाहिँ खाद्यान्न भण्डारणको लागि चाहिँ हामीले राखौं । खाद्यान्न भण्डारण गरौं, चामल मात्र होइन, गहुँ, चामल, मकै, कोदो जे जे छ, त्यलाई अहिले गरिराख्यो भने यो वर्षभरिमा कमसेकम हामीले जनतालाई चाहिँ दिएर बचाउन सक्छौं, होइन भने आजै अघि नै कुरो आइसक्यो सभामुख महोदय, ए सरकार तिमी हामीलाई एक गिलास पानी दिन सक्दैनौं भने एक गास भात दिन सक्दैनौं भने ट्वाइलेट जाऔं भन्दा खाल्डो खनेर ट्वाइलेट गर भन्छौं भने बरु हामीलाई गोली हानेर मार भनेर आजै घण्टाघरमा भनेको छ सभामुख महोदय, यो भन्दा विरक्त हुने कुरा के हुन सक्छ ? त्यो क्वारेन्टिन हो कि, क्वारेन्टिन हो कि ट्रान्स ट्रान्सफर सेन्टर हो । क्वारेन्टिन भनेको कस्तोलाई भनिन्छ त सोसिएल डिस्टेन्स भएर बस्ने, त्यले हरेक कुराको सुविधा पाउने,

सेनिटाइजरको कुरा होला, साबुनको कुरा होला, ट्वाइलेट राम्रो, ट्वाइलेटमा त अझ भनिएको छ सकभर त अरुले युज गरेकोमा नगर्नु, गरिहालेउछौ भने पनि त्यलाई पूरा स्प्रे गरेर गर्नु, अब भन्यो रे अहिले हामीले जिम्मा दिएका छौं । म यसको शक्त विरोधी हो । अरु कुरामा गरौं तर जनतासँग जनसम्पर्क हुने कुरामा आर्मीलाई राखेर चाहिँ, चुप लाग ! पहिला-पहिला आर्मीमा भन्ने गरिन्छ नून एकदम चर्को हाल्ने केटा हो, दाल आज एकदम ठीक छ हो कि होइन ? भने, छ सर ! भन्नुपर्ने । त्यसरी जनतालाई गर्न सकिन्छ । आज त्यसको जिम्मेवारी कले लिन सक्छ ? त्यो कसको जिम्मेवारी हो ? यो कुरामा चाहिँ ध्यान दिऔं । मैले यी सुझावहरू अहिले दिएको छु, यति छुट्याऊ अहिले । अनि हुन्छ त्यसपछि अरु कुरा गरौंला भन्ने कुरा गरें । यति कुरा मैले चाहिँ यो अहिले माननीयज्यूहरूको कुरा आइसकेपछि मलाई भन्नै मन लाग्यो ।

सम्माननीय सभामुखज्यू यसको लागि यो व्यवस्था अब गरेनौं भने कसैले फूर्ति नगर्दा हुन्छ बरु सक्दैन भने छोड्दा हुन्छ भन्ने मलाई लाग्छ । मैले एउटा भन्ने पर्ने भयो, हामीले हिजो सरकार प्रमुखलाई सरकार प्रमुखको एउटा एउटा भ्वाइस आउनेछ । अब यो प्रदेशमा यो हुँदैछ, यो गर्दैछौं, यसो गर्दैछौं, तपाईंहरू नआत्तिनुस् माननीयज्यूहरू, कमी-कमजोरी भए होलान् हामी यो यो गरौंला, अझैं पनि भएन मिटिङ्ग राख्छौं भन्लान् भनेर आएको त, के गन्थन हो ? के गन्थन हो ? बेलका आयो लुकेर गैगो त्यहाँबाट यस्तो भयो, उ भयो । यो खालले चाहिँ अब भएन । यही कुराहरू मैले राख्दै यही मैले सुझाव किन सरकारका मन्त्रीजीहरू यहीं हुनुहुन्छ । यो गर्दिनका लागि म चाहिँ हार्दिक अनुरोध गरें सम्माननीय सभामुख महोदय र मलाई समय प्राप्त भएकोमा सम्माननीय सभामुखज्यूलाई मैले धन्यवाद दिएँ । अब आजको विषय यति गाह्रो भएको छ सम्माननीय सभामुखज्यू, गलत छ, राम्रो छैन भनौं भने यो आत्माले मान्दैन राम्रै देख्छु । राम्रो छ, असाध्यै राम्रो ल्याएको हो भनौं भने मनले मान्दैन के गरौं । अहिले प्रक्षेपण भएको छ, हाम्रो मुलुकको आर्थिक वृद्धि दर 2.03 प्रतिशत मुलुकको । यो भन्दा अगाडीको सालमा ८ प्रसेन्ट भनेको थियो भनेपछि हाम्रो प्रदेशमा त अब देशभरिमा 2.03 भो भने हाम्रो मात्रै प्रदेशमा भन्ने हो भने यो माइनस नेगेटिभमा जान्छ, त्यो देखियो । त्यसकारणले कही कुरा राम्रा आउँदाआउँदै पनि केही कुरा परम्पा परम्परावादी ढंगले ल्याइएको छ । महामारी र भोकमरी, महामारी र भोकमरी, रोग र भोक भन्नु र महामारी र भोकमरी भन्नु आकाश पाताल फरक हो सम्माननीय सभामुख महोदय । रोग र भोग त हिजो पनि थियो, निरन्तर हामी त्यसका विरुद्धमा लडिरह्यौं तर आज के आयो ? महामारी आयो । आज एक जना नेगेटिभ अब त यहाँ त शंका लाग्न थाल्यो, के विद्रोह पो भइहाल्छ कि मरिसकेपछि हामी देख्ने होइन नेगेटिभ भन्या पो हुन् कि भन्ने शंकाको वातावरण रह्यो सभामुख महोदय । २२-२३ वर्षको एउटा हट्टाकट्टा केटो एम्बुलेन्स-एम्बुलेन्स भनेको पाएको छैन, क्वाट लगेर डक्टरकोमा राखे, डक्टर भेटेको छैन, सुनेका कुरा ती न हुन् । मरिसकेपछि स्वाव टेस्ट गऱ्यौं नेगेटिभ रैछ । पोजेटिभ रैछ भनेपछि त यहाँ त हाहाकार होला भन्ने पनि हुन सक्छ है सभामुख महोदय, यो त हामीले शंकाको

दृष्टिकोणले अब आफू डक्टर होइन, सिटामोल भन्न जानिदैन कि के हो ? शंकाष्पद कुराहरू छन्, त्यसमा ख्याल गर्नुपर्ने कुराहरू चाहिँ हामीलाई आएछ । त्यसैले महामारी, फेरि पनि मैले दोहोऱ्याएर भने महामारी र भोकमरी । भोकमरी भनेको के हो भने सारा फेमिन भएपछि खत्तम भएपछि भोकमरी हुने हो । भोका त हिजो पनि थिए तर भोकमरीलाई नियन्त्रण गर्न कसरी गर्ने ? महामारीको कारणले काम गर्न सकिरहेका छैनौं । लकडाउन छ । हुन त मैले सुन्दै थिएँ आजकल हामीकहाँ प्रशस्तै मात्र तरकारीहरू छन्, सारा छन्, समबार कि कैले बिहान खुल्दो रैछ । खोज्न गयो भने एउटा काँक्राको पाताभन्दा अरु भेटिदैन रैछ । तरकारी त केही देखिएन । भन्नको लागि नभनौं । त्यसकारण यी दुइटालाई चाहिँ हामीले चाहिँ अगाडी बढाउनको लागि भन्न चाहन्छु, जे जस्तो भए पनि हिजोका कुराहरू जसरी आउँथे, जुन ढंगले आउँथ्यो, त्यो भन्दा धेरै परिष्कृत भएर आएको हुनाले म सरकारलाई र सरकारको मन्त्रीलाई म धन्यवाद पनि दिन चाहन्छु । अब अघि एक जना माननीयज्यूले भन्नु भो त्यले गर्दागर्दै मेरो पनि कल्पना आयो । सही कुरो भन्नु भो । समृद्ध कर्णाली सुखारी कर्णाली कति राम्रो छ हगि समृद्ध कर्णाली सुखारी कर्णाली म आँसु कवि त होइन तर मेरोमा अहिले लाग्यो के साँच्चिकै अहिले हाम्रो कर्णाली समृद्ध कर्णाली सुखारी कर्णाली छ या दु:खित कर्णाली, दु:खारी कर्णालीवासी छ । दु:खित कर्णाली, दु:खारी कर्णालीवासी । दुई करोड सुन्नमा आएको । मलाई त हिसाब छैन । दुई करोडको हामीले त्यो दिऔं, अघि एक जना माननीयज्यूले भन्दै हुनुहुन्थ्यो, विपक्षी दलको नेता अथवा प्रतिपक्षी दलको नेता पनि विपद् व्यवस्थापन अहिलेसम्म म एउटा पनि मिटिङ्गमा एट्यान्ड गर्न पाएको छैन । एकचोटि बोलाउनु भो काठमाडौं त्यहाँ लकडाउन थियो, मेरो आउने उपाय थिएन । मसँग पखेटा छैन । हेलिकप्टर उडाउने आफ्नो सामर्थ्य छैन । गाडीमा आउन दिएन । दुई करोडको क्वारेन्टिन बनाइसकेपछि चर्पी नहुनु, क्वारेन्टिन घण्टाघरको चौरमा बनाउनु, खाना खुवाउन अर्को चाहिँ उसमा लानु, यो भन्दा लज्जाष्पद कुरा के हुन सक्छ ? फौजीलाई यसकारणले दिइन्छ कि फौजी अनुशासित हुन्छ उनीहरूले भान्सा पनि खाना पनि त्यही पकाउँछन् अनि उनीहरूले चाहिँ अनुशासन पनि मेनटेन गर्छन् भनेर दिइएको हो नि । दिशा गर्न खाल्डो खन, साबुन छैन त के, पानी एक जनाले यति जनाले खाऊ, हे रामराम । रामराम ।। यो कुरामा त कमसेकम ख्याल गर्नुहोस् । अनि अर्को सभामुख महोदय, १५औं पञ्चवर्षीय योजना र कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाअनुरूप गरिनेछ भनेर आएको छ । कुरो सही हो । नर्मल समयमा यो आउनु कुरा ठीक छ । यही कुरा गर्नुपर्ने हो भने त महामारीको कोले हामीले ढडा ठोक्नुपर्ने कुरा पनि छैन । भोकमारीको कुरा गर्नुपर्ने पनि छैन । पञ्चवर्षीय योजना भनेका के हुन् ? यो गर्नेछौं, यति सडक ल्याउनेछौं, यसको सामाजिक वृद्धि गर्नेछौं, ह्याँ गर्नेछौं, हुँ गर्नेछौं । यो अहिले त्यो बेला नै होइन । सम्माननीय सभामुख महोदय, म चाहिँमार्फत् माननीय मन्त्रीज्यूलाई भन्छु । हो के ल्याउने ? यो गर्न सक्ने अवस्थामा छैनौं । त्यसकारणले यी पञ्चवर्षीय योजनाहरूका कुराहरू नगरौं । हामीले भन्ने गरेका छौं, स्वास्थ्य हाम्रो मौलिक हक र अधिकार हो, हो । त्यो मात्र हो र ? पिउने पानी हाम्रो

मौलिक हक होइन ? सिंचाइ हाम्रो मौलिक हक होइन ? खाद्य सम्प्रभूता हाम्रो मौलिक हक होइन ? बस्ने आवास हाम्रो मौलिक हक होइन ? के हामी सबै प्राप्त, दिन सक्छौं त ? सक्दैनौं । त्यसकारण दुईटा कुरालाई स्वास्थ्य, स्वास्थ्य, स्वास्थ्य । कृषि, कृषि, कृषि । र हिजो जब एक जना माननीयज्यूले भन्नुभयो कृषि, कृषिमा त अब असारपछि त भोकमरी हुँदैछ । त्यसकारणले भण्डारणको कुरा गर्न पऱ्यो । त्यो बीचमा उत्पादन हुने अहिले फूँजी स्याउ मैले सुन्नमा आको एक वर्षमा फूँजी स्याउ फल्छ रे भनेपछि अब यो बेला त गइसक्यो होला । यही बेला हामीले स्याउ हुने ठाउँमा स्याउ रोपेको भए, डाटा त दिइएको छ पञ्चवर्षीय योजनामा । हुम्लामा स्याउ, सिमी, ओखर हुन्छ रे । त्यो स्वायल टेस्ट भएको छ ? कुनै विज्ञले भनेका छन् ? कमसेकम पञ्चायतकालमा पनि गाउँगाउँमा वडावडामा चाहिँ त्यो कृषिविज्ञहरू राखिएको हुन्थ्यो । आज त तीनजना कर्मचारी राखेर जम्मा तपाईँहरूको पैसा उठाउने एजेन्टमात्र भएका छन् ।

सम्माननीय सभामुख महोदय, यी कहीँ बारम्बार कति चोटि बोलिसकियो, हाम्रो यो बोलेको त यहाँको पिपलको चौतारीमा बोलेको जस्तो छ सम्माननीय सभामुख महोदय । त्यसकारण यी कुराहरूलाई अनि अब हिजोको यो अवस्था देखिसकेपछि मलाई लाग्यो । यहाँहरूले जनशक्ति कैयौं हेल्थ स्टेशनहरू हामीले काम पाएका छैनौं भन्छन्, तिनलाई ठाउँठाउँमा राख्नुपऱ्यो । यिनलाई ठाउँठाउँमा लगेर दिनुपऱ्यो । यो कुरामा लाग्यौं, हामीले स्वास्थ्य जगायौं र भोकमरीबाट जगायौं भने अनिमात्र अरु विकासको कुरा गरौंला । उद्योगधन्दा के के गर्न सकिने हो, त्यो गरम्, नगरम भनेको छैन तर त्यले चाहिँ हाम्रो चाहिँ अहिलेको समस्यालाई समाधान गर्ने कसरी हो भन्ने कुरामा हामी जानुपर्छ भन्ने कुरा म भन्न चाहन्छु सभामुख महोदय । अनि हामीले भनेका छौं, आत्मनिर्भर हुनुपर्छ हाम्रो प्रदेश, आत्मनिर्भर भन्ने शब्दलाई पनि ख्याल गरिदिनको लागि म हार्दिक अनुरोध गर्न, के मा आत्मनिर्भर हुने हो ? गौंमा हुने हो, धानमा हुने हो, कोदोमा हुने हो, स्याउमा हुने हो, आज अमेरिका समेत पनि आत्मनिर्भर छैन सम्माननीय सभामुख महोदय । हरेक कुरा हरेक देशमा हुन सक्दैन । हामीले भन्यौं यो प्रदेश गौं, धान, आलु, जौं, यसमा आत्मनिर्भर अरु हामीले कहाँबाट ल्याउने हो ? त्यो कुरा राख्ने आत्मनिर्भर उ एकपल्ट चाहिँ यहाँ आएको थियो सभामुख महोदय, हुँदा हुँदा, हुँदा हुँदा कोठा पनि अर्गानिक, टेबुल पनि अर्गानिक भन्ने आको थियो नि यहाँ । फुसका छानाबाट पनि अर्ग्यानिक अब त्यस्तो खालकोले हुन सक्दैन । र अर्को एउटा भनिएको छ सभामुख महोदय, पर्यटन विकास एकदम राम्रो । हाम्रो मुख्य मूल ध्येय नै पर्यटन विकास हो । तर अहिले पर्यटन विकास गर्न सक्ने अवस्था छ ? जब कि हामीले एक ठाउँबाट अर्को ठाउँमा हिंड्न नसक्ने अवस्थामा छौं । अनि आन्तरिक बाहिरका फ्लाइटहरू भइरहेका छैनन्, प्रदेश गर्ने, फेरि यो कतै-कतै केरे यो त्यो प्रदे पर्यटन मार्ग भनेर अथवा के चिज संरक्षित क्षेत्र भनेर हामीले यो हिनामिना गर्ने कुरामा जानु हुँदैन सभामुख महोदय । अब यहाँ आइरहेको छ गत साल के भयो भने के भन्छ यो हाम्रो पर्यटकहरूलाई बस्नको लागि चाहिँ होटल सोटल नभइसकेपछि ठाउँ-ठाउँमा घरहरू बनाउनका लागि दिऔं

। अनि तिनलाई के भन्यौं भने उसको घर बनाउनलाई पैसा दिऔं अनि पर्यटन मार्ग भनेर पर्यटनको लागि भनेर गेट बनायौं । त्यो पर्यटक गेट हेर्न आउला त सभामुख महोदय । पेरिसका आइफेल टावरहरू जस्ता छन् तिनलाई नहेरेर यहाँको यो सिमेन्टको ना त्यो पर्यटन मार्गको लागि भनेर गरियो । त्यसकारण यो कार्यक्रम अहिलेको लागि हुने कुरा हुँदैन । र अर्को एउटा भनिएको रैछ सभामुख महोदय, खाद्यान्नको लागि श्रमसहितको रोजगारी कार्यक्रम । खाद्यान्नको लागि श्रमसहितको रोजगारी कार्यक्रम । श्रमको अर्थ के हो ? श्रम भनेको हातले गर्ने या कलमले गर्ने, कलम चलाउने पनि श्रमजीवी हो, पत्रकार । त्यो चाहिँ मासमिडिया पढेकाहरूले पनि हामी श्रमजीवी भन्छन् । हलो काँधमा हाल्नेलाई पनि श्रमजीवी भनिन्छ । भनेपछि अब अंग्रेजीमा भन्दा ब्लू कलर लेवर र ह्वाइट कलर लेवर भनिन्छ । यो जुन ल्याउनुभएको छ, राम्रो छ तर शब्दमा फुड फर वर्क भनौं न, कामको लागि खाद्यान्न भनौं न । यो हिजो थियो, अहिले किनभने यो राम्रो कुरा ल्याउनुभएको छ । पैसा भएरमात्र खान पाउने अवस्था छैन । त्यसको लागि हामीले अघि मैले भने ४ अरब खाद्यान्नको लागि खाद्यान्न भन्नको लागि अहिले के भने धान, चामल, गौं, मकैदेखि लिएर दाल साल यिनीहरू अब भोलिको दिनमा त पूरा तरकारीसहित ८४ व्यञ्जनको अथवा यो खाउँला भन्ने कुरो छैन नि । बाँच्ने आधारको लागि भने जस्तै काम गरेर पैसा नभए नि काम गरेर दिनेलाई फूड फर वर्क अंग्रेजीमा भनिन्छ भने कामका लागि खाद्यान्न भन्दाखेरि त्यो राम्रो होला । श्रम टेबलमा बस्नेले पनि लेखेको छ त त्यो पनि श्रम गरेको छ । त्यो कुरालाई चाहिँ ध्यान दिनको लागि पनि म सम्माननीय सभामुखज्यूमार्फत सरकारलाई म ध्यानाकर्षण गराउँछु । अर्को चाहिँ बस्ती विकास कार्यक्रम । मान्छे जोगाउने कार्यक्रममा वच आएको छैन अहिले बस्ती विकास गर्न सक्छौं ? यो वर्षमा मैले त्यस त्यो राम्रो कुरा हो । भोलिको लागि राम्रो छ । भोलिको लागि त सडक पनि चाहिएको छ । अर्को पनि चा, यो प्लानिङ्गमा राख्नुस् तर त्यसमा बजेट नहाल्नुस् । बजेट उद्योगधन्दा, कृषि, स्वास्थ्य अझ त अहिलेको अवस्थामा शिक्षा पनि पछाडि हो । एक वर्ष पढ्न नपाएर त्यसको भविष्य नाश हुन सक्दैन तर एक वर्ष खान नपाए भने जिन्दगीभर जान सक्छ । यी कुरालाई चाहिँ ध्यान दिनुपर्छ भन्ने लाग्छ सभामुख महोदय । मैले एक दुई वटा यो लेखेका शब्दको समायोजन होस् भन्न चाहन्छु । आज आएर जातीयताको कुरा यो त कतै-कतै नेपाल पनि रुवाण्डा हुने त होइन मलाई पीर लाग्न थालेको छ । अनि यहाँ चाहिँ हामी त्यै त्यै कुराहरू चाहिँ लेख्दै ल्याउँदा रैछौं । यस्ता अर्को चोटि प्रिबजेट आउँदा नीति कार्यक्रम आउँदा पहिलो वर्ष के के भएका थिए, हुन त तपाईँहरू पनि साँचो हुनुहुन्छ । प्रतिपक्षहरूले आफ्नो प्रशंसा गऱ्यो प्रशंसा गरेर ल्यायो भन्ने कुराहरू पनि नउठेका होइनन् तर त्यो हामी भन्न चाहन्छौं । म एउटा उदाहरण दिन चाहन्छु यहाँ के भनिएको छ भने बुँदा नं १६ मा माथिको कुरा छोड्दियौं । दुर्गम स्थानहरूमा दूर उपचार टेलिमेडिसन तथा घुम्ती उपचार सेवाको व्यवस्था मिलाइनेछ । यी त पोर साल पनि आएजस्तो लाग्थ्यो । टेलिमेडिसन कुन जिल्लामा कुन कुन पालिकामा कुनै माननीयज्यूले सरकार धन्यवाद छ मेरो गाउँमा त अहिले टेलिमेडिसनको उ आयो भनेर भन्या त सुनिन ।

अब यस्ता कुराहरू राख्नुको कुनै औचित्य छैन भन्ने लाग्छ सभामुख महोदय । पर्यटनको सम्भावनालाई मैले त्यही भनिहालें । र अर्को एउटा कुरो छ सभामुख महोदय, यो लैङ्गिक तथा सामाजिक आर्थिक गतिविधिमा रहेका सबै प्रकारका विभेदहरूको अन्त्य गर्ने भन्ने २६ नं.मा लेखिएको छ । त्यो भन्दै जाँदा सञ्चालन गरिनेछ । त्यसपछि के भनियो भने दलित समुदायको शैक्षिक तथा आर्थिक स्तर उठाउन परम्परागत सीप संरक्षण गर्दै आर्थिक उपार्जनमा प्रयोग गर्ने एवम् अन्य सीपमूलक कार्यक्रम सञ्चालन गरिनेछ । अब यो शब्द भन्नलाई ठीक हो कि होइन, हिजोको त्यो रुकुमको केस हेरिसकेपछि यो भन्नु उपयुक्त छ कि छैन भन्ने लाग्यो मलाई । दलित पनि भन्न नहुने भन्ने कुरा पनि त आइरहेको छ त । त्यो कुरा हो भने यलाई सामाजिक विभेद गरिएका समुदायको शैक्षिक तथा आर्थिक स्तर उठाउन सीपमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ भन्दा होला । परम्परा भन्या के हो भने त्यो कुटो चाहिँ लगेर आरनामा बसेर फुइँफुइँ गर र त्यो कलै चलाए सिलाउ अनि सिलाउनेलाई के भन्ने भए के भन्छन्, अनि आरनमा बस्नेलाई के भन्छन् अनि जुत्ता काड्नेलाई के भन्छन् भन्ने कुरामा जान, जान सक्छ । अब त्यो नभ सामाजिक विभेदमा भनेपछि समाजले विभेद गरेको को नयाँ सीपमूलक भनेपछि मेसिन खरर्, एक जना हाम्रो रातो कामी माननीयज्यूले सधैं भन्ने गरेको हुनुहुन्छ गत साल पनि भन्नु भो, गत साल पनि भन्नु भो, ए सरकार मलाई पैसा देऊ म यहाँ बटनैबटन निल्दिन्छु भन्नुहुन्थ्यो । भैंसीका हड्डीबाट, गाईका सिङबाट, के बाट म निकाल्छु । त्यो त एउटा राम्रो इण्डियाभरि जाला, चाइनाभरि । त्यस्ता त्यस्ता कुरामा लागौं । त्यसकारण यी कुराहरू लेखेर राख्नको लागि पनि हामीले चाहिँ सरकारले चाहिँ त्यसमा ध्यान दियोस् भन्ने म चाहिँ आग्रह गर्न चाहन्छु । समग्रमा सबै माननीयज्यूहरू मैले भनेको हैन, म सबै माननीयज्यूहरूको भ्वाइसमा असाध्य राम्रो ल्यायो । मान्छे पनि राम्रा छौ कुरा पनि मीठो छ, मसिनो छ, कतै चुइने छैन । तर जब यो कागजमा लेख्दा कहीं चुइँदैन तर बाहिर गएपछि त्यो हाँडी हेर्‍यो भने यताबाट छिल्ल, उताबाट छिल्ल, यताबाट यस्तो हुन्छ । यो नहोस् है भन्ने सबै माननीयज्यूहरूको भ्वाइस आको हुनाले त्यही भ्वाइसमाथि मरो पनि भ्वाइस मिलाउँदै र मलाई यो समय दिनुभएकोमा सम्माननीय सभामुखज्यूलाई म आग्रह गर्दै र अन्त्यमा एउटा कुरो राख्नै पर्ने भयो सभामुख महोदय, मनले मान्दै मानेन एउटा म रेकर्ड गराउन चाहन्छु सभामुख महोदय । यो नियमावलीभन्दा ऐन ठूलो कहाँबाट भयो भन्ने कुरा पनि आयो, ऐनभन्दा संविधान ठूलो कहाँबाट पनि भयो भन्ने कुरा आयो सभामुख महोदय, कार्यविधि त हामीले बनाउने हो । सरकारले बनाउने नियम, ऐन हामी मान्छौं ? भन्ने पनि आयो । म एउटा रेकर्ड गराउन चाहन्छु सभामुख महोदय, ऐन विपरीतका नियमावली, नियमावली विपरीतका कार्यविधिहरू चाहिँ तुरुन्त कुन समितिले गर्ने हो तिनलाई ल्याएर तिनको छानविन गरेर तिनका विरुद्ध भएका कामहरू चाहिँ यथासम्भव त्यलाई चाहिँ के भन्छ अं नेपालीमा झण्डै झण्डै आएन क्यान्सिल गरियोस् भन्ने कुराहरू राख्दै म यहाँबाट विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** अब माननीय श्री पदमबहादुर रोकाया, त्यसपछि माननीय श्री दीनबन्धु श्रेष्ठ तयार रहनुहोला । समय ७ मिनेट ।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुखज्यू, हामी अहिले कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ को सिद्धान्त र उद्देश्यमाथि भाग लिएर बोल्ने अनुमति चाहन्छौं । यो सिद्धान्त र उद्देश्यको सानो बुक हेर्दाखेरिमा राम्रै छ । सबै बुँदाहरू उनन्चालिस शीर्षकमा यो आएको छ । सबै बुँदाहरू पढ्दाखेरिमा सबै समेटिएको छ । त्यसको लागि आर्थिक मामिला तथा योजना मन्त्री प्रकाश ज्वालालाई धन्यवाद दिन चाहन्छौं तर किताबमा मात्रै सीमित भएर भएन, किताबमा लेखेका पानाहरूमा सबै किताबमा राम्रै देखिन्छन् । कुनै पनि किताबमा गलत हुँदैन, गलत भएको किताब त विनियोजन हुँदा पनि हुँदैन । त्यसै कारणले यस्तै किताब यो भन्दा राम्रा किताब नीति तथा कार्यक्रम यो भन्दा गएको वर्षहरूमा ०७५/७६, 076/७7 मा पनि आएका थिए । रेल मार्ग, सुरुङ्ग मार्ग, जल मार्ग आएकै थिए तर हामीले त्यतिखेर भनेका थियौं, यो सपना नबाँडौं त्यो रेल मार्ग, जल मार्ग, सुरुङ्ग मार्ग हुने अहिले अवस्था छैन, हामीले बाटो चाहियो, टेक्टर बाटो चाहियो सबै गाउँठाउँमा । हुम्ला र डोल्पा बाटै पुगेको छैन भनेका थियौं हामीले । त्यस्तै नहोस् हिजो माननीयजीले पनि यो हावाहुरीमा बतासमा नउडाओस् । त्यसै कारणले हिजोका दिनहरूमा बजेटहरूमा हामीले प्रत्यक्ष अनुभव गरेका छौं हामीले । बजेट, नीति तथा कार्यक्रम आयो, माननीयज्यूहरूले त्यसको हामीले विरोध गर्‍यौं । यो डल्लो बजेट भयो, यो चालु तर्फ बढी बढी भयो, भनेर भन्दाखेरिमा संशोधन प्रस्ताव मन्त्रीले ल्याउनुभयो । यो संशोधन हुन्छ, चालुको पूँजीगततर्फ जान्छ, डल्लो बजेट वितरण हुन्छ भनेर संशोधन प्रस्ताव ल्याउनुभयो । हामी आशावादी थियौं त्यो आएन पछि, जस्ताको तस्तै भयो । त्यस्तै यो नहोस् मन्त्रीज्यू यो । किताबमा त राम्रै छ यो, बुँदाहरूमा त राम्रै छ यो । सबै समेटेको छ अहिलेको यो कोरोना भाइरसदेखि लिएर विकास योजनादेखि लिएर वन समेत सबै समेटिएको छ तर यो कार्यान्वयन र व्यवहारमा लागू गर्नुपर्‍यो । किताब मात्रै लेखेर भएन, लेख्नाको त मन्त्रीज्यू सिपालै हुनुहुन्छ । हरेक पत्रपत्रिकाको लेखमा पनि हामीले प्रकाश ज्वालाले लेखेका हामीले लेख पढेका थियौं । लेख्न त सिपालु हुनुहुन्छ तर काममा सिपालु हुनुपर्‍यो मन्त्रीज्यू तपाईं हामीले यो आग्रह गर्न चाहन्छौं । सभामुख महोदय, यहाँ भनिएको छ, अब यो बुँदागत सबै पढौं भने समयले भ्याउँदैन । अब हामीले सरसर्ती रूपले प्रमाणमुखी प्रतियुक्त सहभागितामूलक, रोजगारीमूलक र दीर्घकालीन प्रभावकारी विकास परियोजना र विशेषमा जोड दिइनेछ पूँजीगत खर्च क्षमता बढाउने र चालु खर्च घटाउने र प्रशासनिक खर्च कटाउने, आवश्यकबाहेक थप गरिनेछैन भनेर भन्याछ । प्रशासनिक घटाउने, चालु घटाउने, पूँजीगत बढाउन भनिएको छ । राम्रो हो यही कार्यान्वयन हुन्न मन्त्रीज्यू यही यही यसमै भोलि कार्यान्वयनमा व्यवहारमा उतार्नुपर्‍यो । यहाँ वनसम्बन्धी भनिएको छ यहाँ । वन लगायत प्राकृतिक स्रोत स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलन दायरा वृद्धि गर्ने तथा सरल सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिइनेछ । राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै

नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ । अब जडीबुटी राजस्वको लागि थाहा छ हामीसँग जटामासी, भुल्तेको रोकिएको थियो राजस्व, राजस्व पूर्जी अहिले संघले दिएको छ अहिले जटामासीको पूर्जी । हाम्रो नेपालमा एक मात्र स्रोत साधन भनेको जल, जङ्गल र जडीबुटी हो । अरु हामीसँग केही छैनन् । उद्योगधन्दा, कलकारखाना, खानीहरू छैनन् । हामीसँग जल उपयोग गर्नुपर्छ, जङ्गल हिजो माननीयज्यूले भनिसक्नु भो त्यो काठलाई सडेगलेका काठलाई जङ्गल हामीसँग प्रशस्त छ, त्यो काठलाई उपयोग गर्नुपर्छ । जडीबूटीलाई उपयोग गर्नुपर्छ । राजस्व केन्द्रले उठाइरहेको छ भुल्तेको अहिले । नेपालगञ्जका व्यापारीहरूले करोडौं रुपैयाँ तिरेर राजस्व मात्र होइन, त्यसको डबल त्रिबल बढी मुनाफा दिएर केन्द्रबाट पूर्जी ल्याएका छन् । जटामासी भनिन्छ त्यसको लोकल नाम भुल्ते पनि भनिन्छ । लाखौं टन आउँछ त्यहाँ हाम्रो सबै यो कर्णाली प्रदेशमा दैलेखलगायत साविकको कर्णाली अञ्चलमा प्रशस्त हुन्छ जडीबुटीहरू अनि हामीले योभन्दा अगाडी पनि मैले भनेको थिएँ- झ्याउ, झ्याउ प्रशस्त पाइन्छ हामीसँग त्यो झ्याउ रोकिएको छ । झ्याउको निकासी पूर्जी खोल्नुपर्‍यो अनि त्योबाट राजस्व संकलन हुन्छ । भुल्तेको पनि प्रदेश सरकारले दिनुपर्‍यो केन्द्रीय सरकारसँग भन्नु पर्‍यो, हाम्रो आयस्रोत के ? कर्णाली प्रदेशको आयस्रोत के ? जो राजस्व उठ्ने केन्द्रीय सरकारले लिन्छ भने उठाउँछ भने हाम्रो आयस्रोत के त ? त्यसैकारणले सभामुख महोदय, म अनुरोध गर्न चाहन्छु, यहाँ मानिसहरूलाई अहिले मानिसहरूले भनेका छन् । सुनेका छौं हामीले, हामीलाई बाँच्ने अधिकार त बाँच्नु पर्‍यो हामीले, खान पहिलो खान पाउनुपर्‍यो लाउन पाउनुपर्‍यो । हामी विकास चाहिएको छैन भनेका छन् हामीले, विकास त पछिल्लो पाटो हो । बाँचे पछि बाटोमा हिंड्ने हो, बाँचे पछि कुलो लाउने हो, खानेपानी खाने हो । मरेपछि के चाहियो ? केही चाहिँदैन । हामीले बाँच्न पाउनुपर्‍यो भनेका छन् । त्यसैकारणले अहिले कर्णाली प्रदेश सरकारले धेरै माननीयज्यूले भनिसक्नु भो । मैले भन्नभन्दा पनि कोरोना कोरोना कोरोना महामारी महामारी महामारी । यस विषयमा भनेर मात्रै भएन, कर्णाली प्रदेश सरकारले कार्यान्वयन गर्नुपर्‍यो । हामीसँग बजेट प्रशस्त छ, अहिले हिजो कुरो आएको थियो ५० करोड भन्ने ५० करोड । ५० करोड भन्या कम होइन, आधा अरब हो । त्यो रुपैयाँ त्यही के त्याँ चाइनाको पालमा त्यही पालमा गयो होला । एक जिल्लामा ५० लाख रुपैयाँ गएको छ । मैले अस्ति दलको मिटिङ्गमा पनि भनेको थिएँ, ए जिम्मेवारी पन्छ्याउन सबै, सबै चाहन्छन् । विदेशबाट नेपाल भित्र्या आफ्नो देशमा भित्र्याउने संघलाई जिम्मा दिनुहोस्, भन्नुहोस् । प्रदेश (अब सकौं माननीय सदस्य) सरकारले समन्वय गरोस् अनि प्रदेशबाट प्रदेश सरकारले जिल्ला आ-आफ्नो जिल्ला भित्र्याउने जिम्मा लिनुहोस् अनि जिल्ला भित्र्याइसकेपछि क्वारेन्टाइन बस्ने स्थानीय सरकारले आफ्नो जिम्मा लियोस् । अनि मात्र जे अहिले आफ्नो जिम्मा पन्छिन पाउँदैन । आफ्नो जिम्मा लिन्छन् । त्यसैकारणले सभामुख महोदय, अहिलेको यो कोरोना भाइरस (सकौं सकौं माननीय सदस्य अब) विश्व महामारी कोरोना भाइरससँग मुकाबिला गर्ने प्रतिरोध गर्ने हामीसँग क्षमता मिलोस् भन्ने कामना गर्दै म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री दीनबन्धु श्रेष्ठ, यसपछि माननीय श्री अम्मरबहादुर थापा तयार रहनुहोला ।

**माननीय श्री दीनबन्धु श्रेष्ठ:** माननीय सभामुख महोदय, आज हामीहरू छैठौं अधिवेशनको बजेट अधिवेशनमा हामीहरू बोल्दैछौं । आजको छलफल माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले यस प्रदेश सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य र प्राथमिकतामा हामी छलफल गर्दैछौं । समय कम छ र यी कुराहरू सबै उपयुक्त राम्रा छन् । यसमा हामीले कसरी अहिलेको परिस्थितिमा ल्याउनुपर्थ्यो भन्ने पनि छ । तर यसमा पनि प्राथमिकताका हिसाबले कलाई बढी महत्त्व दिनुपर्छ भन्ने आफ्नो ठाउँमा होला । तर विगतमा दुईतीन वर्ष पनि यसरी हामीले प्रिबजेटका हेऱ्यौं, सबै राम्रो थियो तर कार्यान्वयन पक्ष त्यसरी देखिएन । म अलिकता निराश छु किनभने माननीय सभामुख महोदय, हिजो यस प्रदेशमा विशेष समयमा बोल्नुभएका माननीय सदस्यहरूको जवाफ दिने कुरामा हाम्रा माननीय मुख्यमन्त्रीज्यू जसरी उहाँले नै वक्तव्य दिने, बोल्ने, जवाफ दिने भन्ने सुन्दा उहाँले आज विशेष गरेर यो यस्तो कोभिड-19 को विश्वव्यापी महामारीको बेलामा उहाँले केही विशेष कुराहरू प्याकेजहरू यहाँ ल्याउनुहुन्छ भन्नुहुन्छ भन्ने लागेको थियो । मुख्यमन्त्रीले नै बोल्ने भनेपछि महत्त्वपूर्ण वक्तव्यहरू आउँछ भन्ने लाग्याथ्यो तर त्यो देखिएन । उहाँलाई ४-५ वटा पाना दिएर एउटा क्वारेन्टाइन कति छन्, हामीसँग भेन्टिलेटर कति छन्, हामीसँग आइसोलेसन कति छ, र खर्च कति भो भन्ने सामान्य हिसाबकिताब दिएर उहाँलाई यहाँ बाचन गर्न लगाइयो तर उहाँ मुख्यमन्त्री प्रदेश सरकारको प्रमुख हो । उहाँ ६ जना मन्त्रीको मात्रै मुख्यमन्त्री होइन ? उहाँ आम कर्णाली प्रदेशका नागरिकको मुख्यमन्त्री हो । उहाँले बोल्ने र राख्ने कुराले धेरै महत्त्व राख्छ त्यसैले मुख्यमन्त्रीजी जसरी प्रस्तुत हुनुभयो म अब यी अहिलेका यी प्रस्तुत भएका आवश्यक यस्तो महामारीको बेला यी सबै कुराहरू भोलि सम्बोधन हुन्छ भन्ने म विश्वस्त छैन । त्यसैले म यहाँ भन्न चाहन्छु माननीय सभामुख महोदय आज हामीले धेरै कुरा गर्नुभन्दा पनि हामीले पहिलो प्रथम अब आउने बजेट नीति तथा कार्यक्रममा यो कोभिड-19 विश्वव्यापी महामारीलाई सम्बोधन गर्ने किसिमले आउन जरुरी छ । यो बढ्दैछ, यहाँ ३८ जना चानचुन पुगिसक्यो कर्णाली प्रदेशमा । यो बढीरहेको छ, भोलि यले कस्तो सिर्जना लिन्छ ? कति वर्ष जान्छ ? हामीलाई ठेगान छैन । त्यले गर्दा त्यससँग सामना गर्न सक्ने किसिमले ठोस कार्यक्रमहरू आउनुपर्दछ, अहिलेको नीति तथा कार्यक्रम र बजेटमा विनियोजन हुनुपर्छ जस्तो लाग्छ । त्यसको लागि पहिलो त स्वास्थ्य नै हो, स्वास्थ्यभन्दा महत्त्वपूर्ण कुरा केही पनि छैन । त्यो स्वास्थ्यको लागि हामीले अस्थायी र स्थायी किसिमका पूर्वाधारहरू तयार गर्नुपर्दछ । आज ३ महिना वित्यो तर हामीले त्यो तयारी जति गर्न सक्थ्यौं, गर्न सकेका छैनौं । जब अहिले हाम्रा सङ्क्रमितहरू बढ्दैछन् हामी आत्तिएका छौं, आत्तिएर हुँदैन । यसको लागि हामीले प्रत्येक पालिका स्तरमा पनि पूर्वाधारको विकास गर्नुपऱ्यो र प्रदेशमा पनि, जिल्लामा पनि हामीले यसको लागि के के चाहिने हो त ? जनशक्ति स्वास्थ्य जनशक्ति हो कि त्यसको इक्विपमेन्ट्सहरू स्वास्थ्य सामग्रीहरू के चाहिने

हो ? तपाईँको आईसीयू अनि त्यसपछि गएर तपाईँको भेन्टिलेटर कति चाहिने ? त्यसमा क्वारेन्टाइन हामीले व्यवस्थित किसिमले कसरी बनाउन सक्छौं ? आइसोलेसनका ती कुराहरू छन्, कति जनशक्ति चाहिन्छ ? यसमा ध्यान दिन जरुरी छ । भोलि महामारीको बेलामा मुख ताक्ने कुरो होइन, पहिले यसमा विनियोजन हुन अति महत्त्व छ । स्वास्थ्यभन्दा ठूलो अर्को कुरा छैन, यसमा खेलवाड गर्न सकिदैन । अब यो महामारीको बीचमा हामीलाई थाह छ भोलि खाद्य संकट पर्छ । हामीहरू भोकै मर्न पनि स्थिति आउँछ भन्ने छ, कति जान्छ थाह छैन त्यसको लागि पहिलो कुरो चाहिँ हामीले खाद्यान्न अब अन्य देशबाट आउनेवालो छैन । छिमेकी राष्ट्र भारतबाट आउनेवाला छैन, अब हामीले यहीँ नै उत्पादन गर्नुपर्छ । उत्पादनमुखी र हामीले एउटा त्यसमा रोजगारमुखी पनि, आत्मनिर्भरमुखी पनि हामीले खाद्यान्न उत्पादन गर्नतिर लाग्नुपर्छ ताकि कर्णाली प्रदेशलाई धान्न सकोस् यले, कर्णालीका जनता भोकै नमरुन् । अबको बजेट यसमा केन्द्रित हुनुपर्छ । त्यसको लागि स्थानीय बालीलाई पनि हामीले प्रोत्साहन गर्नुपर्छ । हामीले खाद्य, खाद्यान्न लगायतका हामीले तपाईँको यसमा के ल्याउन सकिन्छ फलफूल, पशुपालन, तरकारी पनि हामीले यसमा गर्न सक्छौं र यसमा स्थानीय बालीलाई पनि हामी विस्तारै लोप हुँदै गएको छ । यलाई पनि हामीले महत्त्वका साथ अगाडी उत्पादनमुखी बनाएर लैजानु पर्दछ । अब हामीले अर्ग्यानिक प्रदेश भन्याछौं, यलाई एउटा स्थानीय बालीलाई पनि अर्ग्यानिक बाली व्यवसायिक रूपले पनि उत्पादनतिर लाग्न जरुरी छ । हाम्रो लागि त जरुरी छ, छ प्रदेशमा पुर्याउनुछ । तर पनि अहिले विदेशबाट वैदेशिक रोजगारमा गएका छिमेकी राष्ट्र भारतमै भनौं तेस्रो मुलुकमा त धेरै कम होला तर त्यहाँबाट अहिले कोभिड-19 कोमहामारीले गर्दा नेपालमा भेटिने हजारौंको यो कर्णाली प्रदेशमा भेटिने सिलसिला जारी छ, तर उनीहरूका सीपलाई युवा जनशक्तिलाई हामीले प्रयोग गरेर यो कृषिमा लगायौं भने के हुन्छ भने हामीले एउटा उत्पादन लिन सक्यौं रोजगारको व्यवस्था पनि गर्न सक्यौं यसमा ठोस किसिमले कार्यक्रम आउँछ र भोलिका भोकमरीका लागि पनि आइसक्यो कुरा तर भण्डारको जरूरी छ । यो हामी स्थानीय निकायमा कति हुन्छ स्थानीय सरकारले गर्न सक्छ तर जिल्लास्तरमा पनि खाद्यान्न भण्डारण तत्काल गर्न जरुरी छ । र प्रदेशमा पनि खाद्यान्न भण्डारण गर्न जरुरी छ । भोलि त्यो अनिकालको भोकमरीको स्थिति आको बेलामा सोचेर हामी अगाडी बढ्न सक्दैनौं । त्यले ल्याउने परिणाम दु:खदायी हुन्छ । त्यसैले कृषकहरूलाई यो अहिलेको यो महामारीको बेलामा सरकारले विशेष किसिमले हेर्नुपर्ने स्थिति आउँछ । उत्पादनमुखी, आत्मनिर्भर मात्र भनेर हुँदैन, हामीले र बाहिरबाट आएका युवा जनशक्तिलाई पनि हामी त्यसमा लगाउने रोजगारको एउटा हामीले वातावरण बनाउने भन्छौं । त्यसको लागि सरकारले सहुलियतमा लोन दिनुपर्‍यो त्यो सहज प्रक्रियाबाट ऋण पाउने स्थान एउटा व्यवस्था गर्नुपर्‍यो तर यो अपारदर्शी किसिमले जसरी अनुदान वितरण गरिएको छ, यलाई बन्द गर्नुपर्‍यो । हाम्रा कर्णाली प्रदेशमा उत्पादन हुने जडीबुटीबाट उत्पादन हुन सक्ने उद्योगधन्दाको स्था स्थापना गरौं, सानो घरेलु उद्योगधन्दामा जोड दिऔं र हामीले विकास निर्माणका अहिले धेरै कुराहरू

सोच्न सक्दैनौं तर पनि अल्पकालीन र मध्यकालीन र दीर्घकालीन पनि हामीले राख्न सक्छौं । कसरी जान सक्छौं ? अब शिक्षा आयो । शिक्षामा आउने हामीले पनि अलिकत फरक ढंगले सोच्न पर्दछ अहिलेको परिस्थितिमा । हामीले प्राविधिक व्यावसायिक शिक्षामा ध्यान दियौं भने हामीले प्राविधिक जनशक्ति यही उत्पादन गर्न सक्छौं । अर्काको भर पर्न सकिदैन । त्यो उत्पादन गऱ्यौं भने हामीलाई अनुकूल किसिमले हामीले आफ्नो किसिमले यो प्रदेशमा हर कुराहरू प्राविधिकबाट अगाडी बढ्न सक्छौं र जस्तै यो अहिलेको यो प्रिबजेटमा आएको छ । सरकारले त्यही शान्ति सुरक्षा र सुशासनको प्रत्याभूति भन्याछ । यहाँ एउटा कुरा छुट्याछ किनभने सुरक्षा निकाय र प्रशासन सिडियो प्रदेश सरकारको मातहतमा छैन भने संघीय सरकारसँग समन्वय गरेर गर्नेछु भन्दिए भैगो नि त । अझ राम्रो होला । र आर्को यहाँनिर अर्को यो पनि आको छ कि वित्तीय अनुशासन, मितव्ययीता र सार्वजनिक खरिद ऐन, हो यो पालना गर्नुपर्छ तर अहिले आम व्यक्ति र कर्णालीवासीको मुखमा बेलामौकामा यो क्वेइशन पनि उठ्न सुरु भएको छ । हामी यसमा अडेर कति कार्यान्वन गरेका छौं ? सरकारले । मैले दोष दिन खोजेको होइन, तर यो आम जनताले अनुभूति हुने किसिमले, आभास हुने किसिमले सरकारको कार्यशैली अगाडी बढ्न जरुरी छ ताकि जनताको विश्वास सरकारमा बढोस् र सभामुख महोदय, अब यो २०७७/२०७८ को बजेटमा **(माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) फजुल खर्चलाई घटाउनुपऱ्यो, फजुल खर्च घटाउनुपऱ्यो, चालू खर्च घटाउनुपऱ्यो र पूँजीगत खर्चमा बढाउनु पऱ्यो भन्दै र यो यसमा जुन किसिमले अहिले सरकारले ल्याएको छ यो सिद्धान्त, उद्देश्य र प्राथमिकताको किताब अति राम्रो छ, कार्यान्वयन पक्षमा पनि त्यसरी उत्रियोस् भन्ने चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री अम्मरबहादुर थापा . यसपछि माननीय श्री हिमबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७ को सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरूको विषयमा आर्थिक मामला मन्त्रीजीले प्रस्तुत गर्नुभएको उनन्चालिस बुँदे विधेयक पेश भाको छ । त्यसमा बसेर छलफल गर्दा यसमा धेरै कुराहरू र असल छ । सिद्धान्ततः यसमा ल्याउनु पर्ने कुरा छोटो सानो र त्यो व्यवस्थित गरेर ल्याए ल्याउनुभाको छ तर यस्तै सधैं आउने त किताब आउने हामी नेपालीहरूको किताबमा लेख्नमा सिपालु छौं, कार्यान्वयन कति हुन्छ ? यसमा ध्यान दिनुपर्ने छ । यो किताब अहिले यसलाई साँच्चै कार्यान्वयन गर्ने हो भने यो त साँच्चै अब यो कर्णाली प्रदेश बन्छ कि भन्ने जस्तो छ है । यसको लागि म स्वागतै गर्न चाहन्छु र मेरा सुझाव छन्, विश्वव्यापी रूपमा देखिएको कोरोना कोभिड-19 लगायतका महामारी रोगबाट हामी कसरी बच्ने ? अहिलेको बजेट यतातिर मुखरित हुनपर्छ । त्यसकारणले यसलाई यो रोगलाई नियन्त्रण गर्न र औषधि उपचारदेखि लिएर यसका उपकरणहरूको व्यवस्था गरेर सामग्रीहरू सहज रूपले आपूर्ति गर्ने विधि के हो ? यो बजेटले त्यो कुरा बोल्न पर्छ । र यसमा अस्थायी

रूपमा भए पनि हामी कर्णाली प्रदेशका सकेसम्म निर्वाचन क्षेत्र, सकिएन भने जिल्लामा अस्थायी रूपका अस्पतालहरू र भेन्टिलेटरहरू र जाइने आईसीयूहरू र जाइने आइसोलेसन अस्पतालका रूपमा हामीले यस यतातिर तत्काल सरकारले यो भोलि आउँदो आर्थिक वर्षभन्दा पनि तत्काल यतातिर ध्यान दिएर सरकार अगाडी बढ्नु पर्छ । तब मात्र हामीले केही होसियारी गर्न सक्छौं । धेरै कुराहरू आइसके अब यो महामारीबाट बच्न, बच्न बचाउनका लागि अलि लापरबाही भको छ । यो लापरबाही गरियो भने हामीले यो प्रदेशको वास्तवमै जाइने व्यवस्थापनमा अथवा त्यो अगाडी बढ्न सकेनौं भने जनताले दुःख पाउँछन् । यसैले अब, अब यो भदौसम्मका लागि के कार्ययोजना बनाउने ? यो आउँदो आर्थिक वर्षको बजेट पास भइसकेपछि भन्दा पनि अहिले पनि यो सरकारलाई जनताको भोग र रोगलाई नियन्त्रण गर्ने तपाईंहरूलाई समस्या छ भने संसद् चलिरहेको छ । यसमा केही के ल्याउन के गर्नपर्ने हुन्छ, हामी संसद्हरू तयार छौं जस्तो मलाई लाग्छ । मैले एउटा डाटा बनाको छु, कर्णाली प्रदेशको जनताको भोक र रोगबाट बचाउनका लागि निम्न अनुसारको बजेट व्यवस्था गर्न पर्ने । कर्णाली प्रदेशका ७९ वटा नपा र गाउँपालिकाका १७ सय १८ वटा वडालाई ध्यानमा राखी खाद्यान्नका लागि काम योजना निर्माण गर्नुपर्छ । नपा वडालाई २५ लाख र गाउँपालिकाका वडालाई २१ लाखका दरले बजेटको व्यवस्था गर्न पर्छ । योजना निर्माण गर्दा ६० प्रतिशत फुड फर र चालिस प्रतिशत क्याश फरको जाइने व्यवस्था गरेर अगाडी बढ्न पर्छ । यो गरियो भने यसले कम्तीमा पनि तत्काल यो जाइने आउँदो वर्षसम्म पनि यो तरिकाले त जाउँला तर तत्काल यो आर्थिक वर्षभित्र साउन भदौसम्मै हामीलाई भोकमारी पढ्नेवाला छ । त्यसोभाहुनाले यसलाई कसरी व्यवस्थापन गर्ने सरकारले ध्यान जाओस् । र यसमा लाग्ने लागत सहित मैले हिसाब गऱ्याछु । लागतमा कमसेकम व २५ वटा नपाका २ सय ९३ वटा वडा छन् । २ सय ९३ वटा वडालाई करिब २५ लाखका दरले सा कति ७३ करोड रुपैयाँ लाग्छ भने गाउँपालिकाका वडालाई ८९ करोड रुपैयाँ लाग्छ । त्यो टोटलमै १ अरब ६२ करोड ५० लाख रुपैयाँ । १ अरब पचास, १ अरब ६२ करोड ५० लाख रुपैयाँको व्यवस्थापन यो सरकारले गर्न जरुरी छ । यो व्यवस्थापन गरियो भने यसले कमसेकम जाइने जनताको जीवनलाई हामीले सुरक्षित खाद्य र रोग र भोकबाट बचाउन सक्ने योजना सरकारले निर्माण गर्नुपर्छ, यो कुरा मैले ध्यानाकर्षण गराउन चाहन्छु । र स्वरोजगारका कार्यक्रमहरू यसले व्यवस्थापन गर्न जरूरी छ । जस्तै अस्ति हिजो मुख्यमन्त्रीजीले भन्नुभो ८ लाख, १७ लाख मान्छेमध्ये ८ लाखलाई सय दिनको रोजगारी दिने हो भने पनि कमसेकम कति रुपैयाँ दैनिक हिसाबले तोक्ने हो, त्यसको पनि करिब करिब मैले हिसाब गऱ्याछु तर प्रधानमन्त्री स्वरोजगार, मुख्यमन्त्री स्वरोजगार त्यस्ता कार्यक्रम लगाएर यसो बाँदर हटाएर झाडु लगाएर खाने हो भने त यसले अर्थ राख्दैन । यसले दुई तीनवटा कुराको अर्थ राख्छ, यो कमसेकम जाइने यो काम खा के खाद्यान्नको लागि कामको लागि खाद्यान्न भन्या अहिले ल्याउन त ल्याउनु भाछ, खाद्यान्नका लागि काम भनेर तर यसलाई कार्यान्वयन गर्ने विधिमा जानपर्छ । यो विषयमा मैले पहिल्यै पनि सरकारसँग छलफल गरेको

थिएँ मैले धेरै ठाउँमा भन्याछु । अहिलेको अवस्थामा यो लेख गर्नपर्ने काम के गर्छ भन्दा भोकमरीबाट जनतालाई बचाउछ, अर्कोतिरबाट बेरोजगारीबाट बच्न सक्छ र अर्को विकास निर्माणमा बाधा पुग्दैन । अहिले दिएको राहत अब पनि जनताले भोका रहे भने त जनताका घर घर खाद्यान्न त पुऱ्याउनुपऱ्यो नि हिजोको राहत वितरण हामीले देखेका थियौं, दुईतीन भकारी चामल भित्र राख्नेले पनि एक बोरो चामल लिएकै छ । खान नपाउनेले पनि त्यही एक बोरो पाउँछ, घर सम्पन्न हुनेले पनि एक बोरो पाउँछ तर जनताको दिमागमा कस्तो छ भन्दा यो हाम्रो अधिकार हो, राज्यको राजस्व हामीले पाउनुपर्छ भन्छ तर केन्द्रीय सरकारले त के भन्या थियो भने दिनभरि काम गर्ने र बेलुका किनेर खाने मान्छेहरूलाई मात्रै राहत देऊ भन्याथ्यो । यहाँ त राहत दिनेमा प्रतिस्पर्धा भयो कि कसरी राजनीतिक रूपमा यो मानवीय हिसाबले कसरी मान्छेलाई सक सुरक्षित गर्नुपर्छ भन्दा पनि राहत दिएर कसरी राजनीति अथवा राजनीतिक रूपले अगाडी बढ्ने भन्ने कुराले समस्या खडा गरेको छ । त्यसोभा हुनाले यी कुराहरूमा सरकार ध्यान देओस् र यी कमसेकम विकास पनि हुने जनताको रोजगारी पनि हुने जनता भोका पनि नरहने र यसका सिद्धान्त छन्, सबै व्याख्या अहिले गर्न सकिदैन । तर त्यो सिद्धान्तका आधारमा सल्लाह माग्नुभो भने यो योजना ल्याउनु भो मलाई सल्लाह माग्नु भो भने कसरी अगाडी बढ्न सकिन्छ यो केरे हामीले विश्व खाद्य कार्यक्रम न्याप-3 बाटकाम गरेको अनुभव छ । कमसेकम ६०-७० किलोमिटर बाटो हामीले ७०-८० किलोमिटर बाटो हामीले यही फूड फर वर्कबाटै काम गरेका छौं । त्यसोभाको हुनाले यतातिर ध्यान सरकारको जाओस् । रोजगारीको समस्याको समाधान गर्न कृषिमा आधारित उद्योगहरू र निर्यातमुखी उद्योगहरू, हामी अहिले विदेशमा जाइने गएको रिमि आएको रिमिट्यान्सबाट जाइने नेपाल चलिरहेको थियो भने अब त्यो रिमट्यान्स हामीले अर्को स्रोत खोज्ने कि नखोज्ने ? त्यसकारणले कृषि उद्योगहरूमा निर्यातमुखी उद्योगहरूमा पनि हामीले त्यस्ता उद्योग उद्यमीहरूलाई खोज्न जरुरी छ ती त्यतातिर पनि हाम्रो ध्यान जान जरुरी छ । र बाँकी व्यावसायिक कृषितिर जाइने जनताको ध्यान व्यावसायिक कृषिमा पनि जानुपर्छ, त्यसकारणले जनतालाई कसरी हामीले जीवनस्तर जनताको माथि उठाउन सक्छौं । त्यसैले मैले पटक पटक भन्याछु, सुखारी कर्णाली बनाउनलाई त केही गर्न परे न गर्ने हो । अब अहिले गत दुईतीन वटा बजेटमा हामीले भन्यौं, ठूलो शीत भण्डार निर्माण गर्ने, यो प्रदेशमा रहेका जनताका जाइने चा जाइने उत्पादन गरेका चिजहरू भण्डारमा राख्ने, खै वर्षको बजेट छुट्याछ शीत भण्डार कहाँ छ ? थाह छैन । बजेटमा किताबमा लेखेर सबै कुरा हुँदैन, व्यवहारमा उतार्न पऱ्यो । त्यसकारण मैले पटक पटक भन्ने गऱ्या थिएँ जलस्रोत, जलस्रोतमा २०सै मेगावाट बनाउनु पर्नेछ भने त्यो हेरेर बनाऔं र त्यो २० मेगावाटले पनि हाम्रो प्रदेशको स्रोत बन्न सक्छ भनेर । अहिले हाम्रो एकजना माननीय विन्दमान माननीयले भन्नुभाछ मलाई पनि त्यो उहिल्यै लाग्याथ्यो कि अहिले वनमा सडेपडेका ती जाइने सालका र कुकाठका रुखहरूलाई हामीले त्यहाँ लगानी गरेर त्यलाई हामीले, हामीले जाइने बिक्रीवितरण गर्ने हो भने प्रशस्त राजस्व उठ्छ । जडीबुटी प्रशोधन भन्या भनेइ छ, जडीबुटी प्रशोधन

लेख्ने मात्रै हो, त्यहाँ कार्यान्वयनमा छैन । त्यसकारणले अहिले कुनै पनि किताबमा लेखिएका कुराहरू असल छन्, सुन्दर छन्, स्वागतयोग्य छन् । यसलाई समर्थन गर्न पर्ने नगरिरहन प्रतिपक्षले पनि समर्थन गरेकै छन्, सत्ता पक्षा त कुरै नगरौं तर व्यवहारमा उत्रियो भने यो सबैभन्दा महत्त्वपूर्ण हुने भाकोहुनाले हामीले व्यवहारमा ख्याल गरौं र यसैलाई हामी अगाडी बढाऔं र यो यस्ता यस्ता सुझाव सहितको व्यवस्थापन गरेर अगाडी बढ्न म सरकारलाई आग्रह गर्न चाहन्छु र प्रदेशको राजस्वलाई कसरी व्यवस्थापन गर्न सकिन्छ, प्रदेशको जाइने आम्दानी कसरी व्यवस्थापन गर्न सकिन्छ । प्रदेशका जनताको व्यवसायीकरण कृषिमा उद्योगमा कसरी दिन सकिन्छ । र यहाँ अनुदान दिने प्रवृत्ति बढेर फटाफट पैसा खर्च भयो कि भएन भनेर सोध्ने हो भने अनुदान दिया पैसाभरि सबै खर्च भैसके विकास निर्माण गर्ने पैसा खर्चै हुँदैन । अहिले जे होस् अनुदान रोकिएको रहेछ । अनुदानमा बजेट छुट्याए पनि रोकिएको छ तर पनि त्यो तरिकाको अनुदान वितरण गर्ने हो भने राज्यको ढुकुटी खाली हुने तर ज त्यहाँबाट जुन उद्देश्यले दिएको चिजहरू उपलब्धिविहिन हुने काममा सरकार नलागोस् । र यसलाई वितरणमुखी होइन, परिणामुखी योजनाहरूलाई निर्माण गरेर अगाडी बढ्नुपर्छ । परिणाम हामीले निकाल्न सक्याछैनौं यो अबका यो बजेटले परिणाममुखी धेरै वितरण गरेर हुँदैन ठोस रूपले दुईचार वटा परिणाममुखी योजना निर्माण गरौं भन्ने सुझावसहित म आफ्नो भनाइ यही अन्त गर्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट । त्यसपछि माननीय श्री सोशिला शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, सर्वप्रथम म आज अर्थमन्त्रीले जुन आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम एवम् बजेट निर्माणको लागि जुन आधारपत्र पेश गर्नुभएको छ । त्यसको लागि पहिलो चरणमा यो किताब पढिसकेपछि पहिलो चरणमा प्रारम्भिक चरणमा म अर्धमन्त्रीलाई धन्यवाद दिन्छु । धन्यवाद म यसकारणले दिन्छु म क्वारेन्टाइनमा कोठामा बस्दा योजना आयोगको सदस्य दिपेन्द्रजीले मलाई नीति तथा कार्यक्रम र बजेट निर्माणको बारेमा तपाईंको सुझाव के छ भनेर सोध्नुभएको थियो । र उहाँलाई मैले फोन सम्पर्कबाट स्वास्थ्य कृषि रोजगार र खाद्य ४ वटा विषयलाई मात्रै प्राथमिकतामा लैजानुपर्छ भन्ने मैले सुझाव राखेको थिएँ । त्यसको लागि यो खुसी लागेको छ । त्यसकारणले प्राथमिक पहिलो चरणमा धन्यवाद दिएको हुँ, उहाँले पनि आधारपत्रमा विधेयक होइन यो, आधारपत्रमा स्वास्थ्य, कृषि, खाद्य र रोजगार र पूर्वाधार जो ६ वटा मूल विषयहरू छन् यी विषयको बारेमा म अत्यन्तै खुसी छु तर अर्थमन्त्रीज्यूको, अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु । अथवा उहाँलाई स्मरण गर्न म अपिल गर्दछु, फल रङले होइन बासना, मूल्य र मान्यताबाट मात्र त्यो सबैको लाभदायक हुन सक्छ । फूल रातो हुन सक्छ, सेतो हुन सक्छ, पहेंलो हुन सक्छ तर रंगले होइन त्यसको बासनाले मात्र त्यसको मूल्य निर्धारण गर्छ, त्यस्तै अर्थमन्त्रीले प्रस्तुत गर्नुभएको आधारपत्र अपेक्षा गर्दछु मैले भनेजस्तै आगामी दिनमा यस गरिमामय सदनमा पेश हुने नीति तथा कार्यक्रम र आर्थिक

वर्ष ०७७/७८ को बजेटले कस्तो किसिमको प्रभावकारीता र कस्तो किसिमको अर्थपूर्ण प्रकृतिको भएर आउँछ ? त्यसले मात्रै निर्धारण गर्छ । अवश्य पनि मलाई विश्वास छ, यसभन्दा पहिलेका वर्षहरूमा जे जस्तो भएतापनि जे कुराहरू आएतापनि यस वर्ष अवश्य पनि आगामी दिनमा पेश हुने केरे नीति तथा कार्यक्रम र बजेट अवश्य पनि कर्णालीवासीको हित र कल्याणको लागि कर्णालीवासीको अहिलेको आवश्यकतालाई परिपूर्ण गर्न बल पुग्ने किसिमले अर्थमन्त्रीज्यूबाट प्रस्तुत हुनुहुने र प्राथमिकीकरणको धन्यवाद आज दिएको छु । त्यसपछि मात्र म सार्थकको धन्यवाद त्यो दिन दिउँला तर त्यो आएन भने म अहिले भन्न सक्दैन । माननीय सभामुख महोदय, आज देशमा ठूला ठूला आरोहअवरोह पार गर्दै संघीयताको संसदीय व्यवस्था प्राप्त गरेर जनताले आफ्नो पहिचान खोजिरहेको बेला जनताले आफ्नो अवश्य पनि सहजता र सुलभता खोजिरहेको बेला सबैतिर आज तनाव र संत्रासको वातावरण भित्रिएको कुरा कसैबाट लुकेको छैन । सबैतिर तनाव र संत्रासको वातावरणको एउटै मात्र थलो अथवा एउटै मात्र धरातलीय सङ्क्रामक रोग आज स्वास्थ्य कोरोना भाइरस आएको छ । अब यो कोरोना भाइरसलाई कसरी नियन्त्रण गर्ने यहाँ त अर्थमन्त्रीज्यू हुनुहुन्छ, कृषि मन्त्रीज्यू हुनुहुन्छ सायद यतिबेला मुख्यमन्त्रीज्यू हुनुपर्थ्यो विभागीय स्वास्थ्यमन्त्रीज्यू हुनुपर्थ्यो, स्वास्थ्यका कुरा गर्दा । मैले त स्पष्ट भन्छु, जहिले पनि मेरो भनेको शब्द काचो हुन्छ, ठाडो हुन्छ, धेरैलाई मन पर्दैन, तर कर्णाली प्रदेश सरकारको कार्यशैली हेर्दा आज स्वास्थ्यको क्षेत्रमा जे आयोस् नीति कार्यक्रम जे आओस् तर आज कोरोना भाइरसलाई नियन्त्रण र कोरोना भाइरसबाट जनतालाई उन्मुक्ति दिनको लागि कर्णाली प्रदेशको कार्यशैली हेर्दा गाउँघरमा एउटा उखान गर्छन्, न मर्ने मर्दो न बाटो छोड्दो, तपाईँहरू स्मरण गर्नुहोस् । न मर्ने मर्दो, न बाटो छोड्दो । तब त्यस संकटको परिस्थितिमा कर्णाली प्रदेशका जनता के गर्न सक्छन् ? कर्णाली प्रदेश सभाका माननीय के गर्न सक्छन् ? यस कुरालाई गम्भीर रूपमा कर्णाली प्रदेशको सरकारले अवश्य पनि ध्यानपूर्वक सुनेर आगामी दिनमा अगाडी बढ्न म आग्रह गर्दछु । सस्तो नाराले हुँदैन, सस्तो नारा दिनमा कर्णाली प्रदेश सरकार अत्यन्तै माथि छ, चन्द्रमाभन्दा माथि, सूर्यभन्दा माथि छ सस्तो नारा दिनमा तर त्यसको परिणाम दिनमा, त्यसको प्रभावकारिता दिनमा कतिसम्म सफल भएको छ ? यस बारेमा म कर्णाली प्रदेशको ला को कार्यशैलीको लागि कुनै पनि आज अनविज्ञ छैन । न जनता अनविज्ञ छन्, न प्रदेश सभा अनविज्ञ छ । म यलाई धेरै लामो उसमा लैजान्न । म अर्को कुरा कर्णाली प्रदेशको सरकार अथवा सत्तापक्षका साथीहरूलाई पनि आह्वान गर्न चाहन्छु भन्न चाहन्छु कि आज कर्णाली प्रदेशलाई तदर्थवादबाट सञ्चालन गर्न खोजिरहनु भएको छ ? आज तीन-तीन वर्षसम्म आज समितिका निर्वाचन भएको छैन, संवैधानिक मान्यता प्राप्त गरेर कुनै पनि समिति आज निर्माण हुन सकेका छैनन् । आज पाँच महिना चार महिनासम्म एउटा जावा नियमावली संसद् सचिवालय सञ्चालन गर्ने नियमावली पारित गर्न संसदीय नियमावली पारित गर्न सकिएको छैन, एउटा अध्यक्ष र सभापतिको दुईटा शब्दमा अड्किराखेको छ । सानो त्यान्द्रोमा बाँधिराखिएको छ । के यो तदर्थवाद होइन ? के आज कर्णाली प्रदेशलाई तदर्थवाद नै दुई

तिहाइको दम्भले आज देशलाई चलाउनु प्रदेशलाई चलाउनु कहाँसम्म संवैधानिक मान्यता हुन सक्छ । कहाँसम्म यो कुरा हुन सक्छ यस बारे म ध्यानाकर्षण गर्न चाहन्छु । अर्को कुरो यही परिप्रेक्ष्यमा यस्तै किसिमको कार्यशैलीले अगाडी बढ्ने हो भने चाहे न्यून संख्यामा होस् प्रतिपक्षमा रहेको नेपाली कांग्रेसले पनि आगामी दिनमा केही सोच्नुपर्ने अवस्थाको सिर्जना हुन सक्छ, म अहिले यहाँ स्पष्ट गर्न चाहन्छु । अन्तमा म कर्णाली प्रदेशको सरकार र दुईतिहाई सत्तामा रहेको पार्टीलाई एउटा अपिल गर्न चाहन्छु कर्णाली प्रदेशमा दुई तिहाई सत्ता भएको पार्टीमा पूर्वाधार भौतिक पूर्वाधार विकास हुने मन्त्री रहेनछ । छिटो विज्ञापन गरेर ७ नं.तिर दुईतिहाइमा कहीं छन् कि ६ नं. तिर कहीं छ कि चाँडो भौतिक पूर्वाधार मन्त्री पूर्ति गरिदिन आग्रह गर्दै अहिले विदा हुन्छु । धन्यवाद । जय नेपाल पनि ।

**माननीय उपसभामुख:** माननीय सोशिला शाही, समय ७ मिनेट । त्यसपछि माननीय धर्मराज रेग्मी तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सोशिला शाही:** सभामुख महोदय, विधेयक २०७७ का सिद्धान्त र प्राथमिकता प्रमुख नीतिहरू, छैठौं अधिवेशनको चौंथो सभामुख महोदय, छैठौं अधिवेशनको चौंथो अधिवेश चौंथो बैठकमा आज हामी वर्षे अधिवेशनमा सरकारको आगामी बजेट कस्तो रहने ? बजेटका प्राथमिकताहरू के-के हुन् ? बजेटका मूलभूत सिद्धान्तहरू के-के हुन् ? भन्ने विषयमा सदनमा छलफल गर्न गइरहेका छौं । निश्चय, निश्चय रूपमा पनि जब देशमा राजनैतिक परिवर्तन हुन्छ, त्यो परिवर्तन सरकारले लिने नीति निर्माण, निर्णयबाट जनताको जीवनमा परिवर्तन आउनुपर्दछ । देशले समृद्धि हासिल गर्नुपर्दछ । देशको विकास र परिवर्तन पनि नहुने, जनताको जीवन स्तरमा परिवर्तन नहुने केही निश्चित टाँठाबाठाले टाँठाबाठाहरूले मात्र फाइदा लिने अझ भ्रष्ट प्रष्ट भन्ने हो भने विचौलियाहरू हावी हुने यस्तो भयो भने जनताको सरकारप्रति मात्र होइन, राजनीतिक व्यवस्था प्रति नै वितृष्णा जाग्ने स्थिति आउन सक्छ । आज हामीले ठीक ढंगले सञ्चालन गर्न सकेनौं भने परिणाम अकल्पनीय हुन सक्छ । नेपालको सबै सबैभन्दा कान्छो प्रदेश, सबैभन्दा पछाडि परेको प्रदेश, ५१ प्रतिशतभन्दा बढी गरिबी रहेको प्रदेश, विकास र अवसरबाट सधैं बञ्चित रहेका कारण नै सिंहदरबार प्रशासनले कर्णाली प्रदेशको विकासमा नजर पुऱ्याउन सक्दैन । कर्णाली कर्णालीको विकास हामी स्वयम्ले गर्ने व्यवस्था र पद्दति चाहिन्छ भन्ने मान्यताले नै यो प्रदेश जन्मिएको हो । हामीलाई नै शासन गर्ने जिम्मेवारी दिंदा हामीले ठीक ढंगले हाँकेर लैजान सकेनौं भने यसले निश्चय पनि जनतामा वितृष्णा बढाउँदै जानेछ । तसर्थ हामीले बनाउने योजना कार्यक्रम र कार्यान्वयन जनपक्षीय हुनुपर्छ । आज विकास, विकासका नाममा गाउँगाउँमा सिंहदरबार त गएको छ, सँगसँगै सिंहदरबारका सिंहहरू पनि गाउँ-गाउँ पसेका छन् । सिंहदरबारको भ्रष्टाचार पनि सँगसँगै गाउँ पसेको छ, पसेको मात्र होइन चरमचुलीमा पुगेको छ । विचौलियाहरू अत्यन्तै हावी भइरहेका छन्, भ्रष्टचारलाई कसरी निर्मूल गर्न सकिन्छ र विकास विकासे योजनालाई कसरी पूर्ण रूपमा सदुपयोग गर्न सकिन्छ भन्ने विषयमा एउटा अधि अधिकार-सम्पन्न भ्रष्टाचार निवारण आयोग गठन गर्नुपर्दछ । पार्टीका आसेपासे कार्यकर्ता मात्र पोस्ने ढंगले बजेट ल्याउनु हुँदैन । मूल,

मूल कुरा बजेटलाई कसरी जनपक्षीय बनाउने ? कसरी पूर्ण रूपमा कार्यान्वयन गर्ने ? कसरी भरपूर सदुपयोग गर्ने ? भन्ने विषय यो सदन केन्द्रित हुन्छ मैले आशा र विश्वास लिएकी छु । आज हामी विषम परिस्थितिमा परिस्थितिको सामना गरिरहेका गरिरहेका छौँ । कोरोना भाइरसबाट हामी प्रताडित छौँ । यो विषम स्थिति अझ दिनप्रतिदिन बढेर जाने अवस्था छ । यसलाई लक्षित गरेर बजेट तर्जुमा गर्नुपर्दछ । कर्णाली प्रदेशलाई कृषिमा जोड दिने, अग्र्यानिक कृ, अग्र्यानिक प्रदेश बनाउने कुरामा कुरा हाम्रो बजेटले उच्च प्राथमिकता दिनुपर्दछ । स्वास्थ्य जाँचको लागि अस्पतालको स्तर वृद्धि गर्नुपर्दछ । सहज रूपमा जाँच नगरी अस्पतालहरूको व्यवस्थापन गर्नुपर्दछ । नयाँ अस्पतालहरू निर्माण गर्नुपर्दछ । प्रदेशलाई समून्नत प्रदेश बनाउने भन्ने सन्दर्भमा मुख्यमन्त्रीज्यूको अत्यन्तै चासो र चिन्ता रहेको मैले पाएको छु । यसका लागि म उहाँलाई धन्यवाद व्यक्त गर्न चाहन्छु । उहाँको त्यो सोचाइ सफल बनाउन उहाँसँग चाहे सरकार होस् चाहे सचिवालय होस् राम्रो टिम चाहिन्छ । त्यसले साथ दियो भने मात्र उहाँको सोच सफल हुन्छ । हामी चाहन्छौं सरकारले राम्रा काम गरोस्, परिणाममुखी काम गरोस्, जनतालाई विश्वास र भरोसा दिने काम गरोस् यस्तो भयो भने हामी सधैं साथ दिन तयार छौँ । सरकार सरकारले गलत बाटो अख्तियार अख्तियारी गऱ्यो भने त्यतिबेला हामी एक्लै भए, भए पनि विपक्षीमा उभिने छौँ । भक्क सभामुख महोदय, भक्कर राष्ट्र बैंकले राजाको तस्वीर अंकित नोट नचलाउने भन्ने निर्णय गरेको कुराप्रति हाम्रो ध्यानआकर्षित भएको छ । कुनै पनि संस्था भनेको एउटा इतिहास हो, इतिहासलाई मेटाएर जान खोज्ने काम पूर्वाग्रही हो, यस्ता कामले कसैको भलो हुँदैन । तसर्थ यो निर्णयलाई अविलम्ब सच्याउन म माग गर्दछु । सभामुख महोदय, जो जाजरकोटमा घटना घटिरहेको थियो, त्यो घटनाप्रति हामी पनि अत्यन्तै दु:खित छौँ । त्यो घटनाप्रति एकदम विशेष तरिकाले छानविन होस् । यस्ता घटनाहरू २१औं शताब्दीमा पनि घटनाहरू घटिरहेका छन् । पहिला, पहिला-पहिला भन्ने गरिन्थ्यो, मान्छे त मारिदैनथ्यो रे विटाला मात्रै बनाइन्थ्यो रे, अहिले त मान्छे पनि मारिन्छ रे । अब यस्तो यस्तो चलन बढ्दै गएपछि के के हुन सकिन्छ र अब पहिला किनभने यस्ता घटनाहरू फिरि नदोहोरिउन् भन्न चाहन्छु । जुनसुकै घटना भएपनि त्यसको विशेष गरेर छानविन हुनुपर्छ विशेष गरेर उसको पहिचान हुनुपर्छ भन्न चाहन्छु । मृतकप्रति श्रद्धाञ्जली गर्न चाहन्छु र घाइतेप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु र पीडक पीडित परिवारलाई उचित क्षतिपूर्ति दिन पनि माग गर्दछु भन्दै आफ्ना शब्दहरू यही अन्त गर्न चाहन्छु । जय राष्ट्रवाद ।

**माननीय उपसभामुख:** माननीय श्री धर्मराज रेग्मी, समय ७ मिनेट । त्यसपछि माननीय श्री खडक्क बहादुर खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मी:** माननीय सभामुख महोदय, माननीय प्रदेश सरकारका अर्थमन्त्रीज्यूले पेश गर्नुभएको विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमाथि टिप्पणी गर्न पुगेको छु र म यो अवसरको लागि माननीय सभामुखज्यूप्रति

आभारी छु । आगामी बजेटको लागि यो महत्त्वपूर्ण डकुमेन्ट पेश गर्नुभएकोमा माननीय अर्थमन्त्रीजीलाई म बधाई ज्ञापन गर्न चाहन्छु । धेरै महत्त्वपूर्ण विषयहरू यसमा समावेश भएका छन्, सरकारले राख्नु पर्ने प्राथमिकताका विषयहरू, सरकारको भावी रणनीति र यो अलि जोखिपूर्ण अवस्थामा हामी चाहिँ जटिल अवस्थामा निर्माण गरिराखेको बजेटका चुनौतीहरूको मूल्याङ्कन गर्नेखालको चाहिँ डकुमेन्टमा संक्षेपमा चाहिँ माननीय अर्थमन्त्रीजीले पेश गर्नुभाछ । यसको लागि म हार्दिक धन्यवाद ज्ञापन गर्छु र म यलाई चाहिँ यसको सेरोफेरोमा रहेर थोरै चाहिँ म केही रचनात्मक सुझाव राख्न चाहन्छु । सभामुख महोदय, हामी जटिल परिस्थितिमा हामी यो छलफल गरिराख्याछौं, बाहिर चाहिँ कोरोनाको पोजेटिभ हुनेहरूको संख्या चाहिँ बढीराख्या छ । स्वास्थ्यकर्मीहरू र सुरक्षाकर्मीहरूले फ्रन्टलाइनमा काम गरेजस्तै हामी जनप्रतिनिधिहरू पनि फ्रन्टलाइनमा काम गर्ने जिम्मेवारीका साथ यो हलमा छौं हामी । कोरोनाको जोखिम छ भन्ने बुझ्दाबुझ्दै पनि हामी यो प्रदेशका जनताको जिन्दगी सुरक्षित गर्नुपर्ने दायित्व यो सभामा भएको कारणले हामी चाहिँ सतर्कता अपनाएर यहाँ उभिएर टिप्पणी गरिराछौं । त्यसकारणले अरु नर्मल अवस्थामा पार्लियामेन्ट चलाउने कुरा र अहिले चलाउने कुरा चाहिँ फरक छ । हामी त्यो जिम्मेवारीका साथ चाहिँ यहाँ उपस्थित छौं र सरकार पनि जिम्मेवारी बोधका साथ उपस्थिति होला, हुनुपर्छ भन्ने चाहिँ मैले सबभन्दा पहिले त्यो विषय राख्न चाहन्छु ।

अब म दफावार त्यसको छलफल त्यसरी त म गइन अतिक्रमित भूमिलगायतका विषयहरू सरकारको नीति कार्यक्रममा राख्दा चाहिँ त्यसमा राम्रो हुन्छ, त्यो चाहिँ उपयुक्त हुन्छ पछाडि चाहिँ यो बजेटको सिद्धान्त, प्राथमिकताको विषय होइन । अहिले चाहिँ जस्तो म ६ नं. दफामा जाँदा चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरू कार्यान्वयन भइरहेको महत्त्वपूर्ण समयमा विश्वव्यापी रूपमा फैलिराखेको भनेर यो कोभिडको सन्दर्भ जोडेर चुनौतीहरू लेख्नुभाछ अर्थमन्त्रीजीले मैले चाहिँ, हाम्रो स्थिति त के हो भने कोभिड आउनुभन्दा अगाडी चालू आर्थिक वर्षका कार्यक्रमहरू कार्यान्वयन गर्न नसकेको र दुरदशापूर्ण अवस्था हाम्रो त त्यो विषयको त चाहिँ संसद्लाई जानकारी छैन, अवश्य पनि जानकारी छ । सरकारलाई त्यो विषय जानकारी छैन भने मैले यो रोष्टमबाट स्मरण गराउन पर्ने हुन्छ । कोभिडले त अहिले चाहिँ कम्तीमा माननीय अर्थमन्त्रीजी यो डकुमेन्ट लिएर हजुर यहाँ प्रस्तुत हुन सक्नुभाछ । यो कोभिड नभा भए हाम्रो पोजिसन के हुन्थ्यो ? बजेट कार्यान्वयनको अवस्था कति चुनौतीपूर्ण थियो ? हामीले चाहिँ दुई महिना अगाडीको त्यो अवस्था बिर्सियाछौं र माननीय सभा अर्थमन्त्रीज्यू, त्यो त बिर्सिया छैनौं हामी । त्यसो हुँदाखेरि हामी द्रुत गतिमा त्यो बेला चाहिँ बजेट कार्यान्वयन भइराथिएन, बजेट कार्यान्वयनमाथि अत्यन्तै धेरै चुनौतीपूर्ण अवस्थामा हामी थियौं र त्यही बीचमा हामी चाहिँ कोभिडमा हामी प्रवेश गर्‍याछौं र थप चुनौतीहरू बढ्या चाहिँ छ । तीनवटै वर्षका बजेटहरूको कार्यान्वयनको हाम्रो गति र चाहिँ पूँजीगत खर्चको चाहिँ विस्तार त नभएको सत्य हो त्यो कुरा चाहिँ हामीले हाम्रा डकुमेन्टहरूमा फर्दर चाहिँ त्यो कुरा स्वकारेर जानुपर्छ । अब यो हामी समाजवाद उन्मुख आर्थिक संरचनाको आधार

तयार एउटा गम्भीर बहस ३ वर्षमा हामीले चाहिँ चलाउनुपर्ने अवस्थामा हामी पुग्याछौं । हामी सत्तारुढ पार्टीभित्र पनि यो बहस चाहिँ चलाइराख्या छौं र हामीले निर्माण गरिरहेको आर्थिक संरचना, हामीले निर्माण गरिरहेको बजेट चाहिँ समाजवाद उन्मुख बजेट प्रणाली हो वा चाहिँ हामीले भनिरहेको हामीले आलोचना गरिरहेको हामीले टिप्पणी गरिरहेको दलाल पूँजीवादी चाहिँ आर्थिक कार्यक्रम हो । यसमा चाहिँ यो विषयमा चाहिँ हाम्रा धारणाहरू हाम्रा कार्यक्रमहरूमार्फत् स्पष्ट हुनुपर्छ । हामीले जे प्रचलन चलाइराख्या छौं, त्यो प्रचलनमा त म कतै पनि समाजवादको छनक त म पाउँदिन बजेटको कार्यान्वयनका सन्दर्भमा । मन्त्रीज्यूले स्वीकार गर्नुभा´छ यसको सिद्धान्तको रूपमा हामीले संविधान, कानून राज्यका आर्थिक नीतिहरू र प्रचलित कानूनहरूलाई लियाछौं अवश्य पनि यदि हामी संवैधानिक दायित्वभित्र नपरेको भए के हुन्थ्यो भन्दाखेरि चाहिँ हामीले हाम्रो तरिकाले मात्रै कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्थ्यो । संविधानप्रति हाम्रो प्रतिवद्धता नभा भए, लोकतन्त्रप्रति नभा भए, हामी कुन व्यवस्थामा छौं ? अवधारणागत रूपमा हामी क्लियर हुन जरुरी छ हामी चाहिँ संविधानको सर्वलितामा आधारित संसदीय व्यवस्थामा छौं । यसमा यो संसदीय व्यवस्थामा हामीले नेकपाको चुनाव चिन्हमा हामीले चाहिँ बढी मत ल्या हो । विपक्षी दलका नेता माननीय जीवनबहादुर शाहीज्यूको नेतृत्वको पार्टीले हामीभन्दा कम मत ल्याउनु भो र उहाँहरू त्यतापट्टि हुनुहुन्छ, उहाँहरूको बढी मत भा भए उहाँहरू यतापट्टि हुनुहुन्थ्यो हामी त्यतापट्टि हुन्थ्यौं । कम्युनिष्ट पार्टीको ब्यानरमा हो हामी, यसमा भ्रम के पर्नु हुँदैन भने हामी समाजवादको अभ्यास गर्दै छौं कि साम्यवादको अभ्यास गर्दैछौं कि भने भने होइन सरकारले हमेसा संविधान र कानूनहरूको पालना गर्नुपर्छ । मैले गर्न खोजेको संकेत के हो भने हामीले बजेटको कार्यान्वयन गर्दा कहिलेकाहिँ हामीलाई के लाग्छ भने हामी फूल अथोरिटी हो, हामी नै हो सरकारलाई मनलाग्दाखेरि यो यतापट्टि हामीले केही काम गर्न सकिन्छ, यतापट्टि गर्न सकिन्छ, हामी हिंड्दै गयौं चौर देख्यौं भने चाहिँ पुष्प खेती गर्न सकिन्छ, हामी हिंड्दै गयौं खोला देख्यौं भने पुल बनाउन सकिन्छ, हामी हिंड्दै गयौं जो तपाइँको नदी देख्यौं भने चाहिँ त्यलाई पर्यटक क्षेत्र बनाउन सकिन्छ भने अहँ सकिदैन यो डकुमेन्टमा हामीले पहिले पास गर्नुपर्छ, प्रचलित संविधान र कानूनको दायराभित्र रहेर काम गर्नुपर्छ, सोध्नुपर्ने अरु सरकारहरू छन् भने उनीसँग सोध्नुपर्छ र अनुमति लिनुपर्छ । अवधारणागत रूपमा कतै सरकारलाई केही समस्या चाहिँ छ, यो सम्मानित सभाको सदस्यको रूपमा मलाई समस्या छैन । यो समाजवाद होइन । यो साम्यवाद होइन । समाजवाद उन्मुख हामी व्यवस्थाको खोजी गरिराछौं, संविधानले त्यो भन्याछ र हामी संविधानको सर्वोच्चतामा बाँधिएका छौं । सरकारले त्यही बाँधिनुपर्छ, मैले यो रचनात्मक सुझाव दिन चाहन्छु । मैले यति बुझ्दाखेरि इशारा चाहिँ काफी हुन्छ । अहिले अघि हामीले चाहिँ जस्तो संविधान र कानूनमा अर्को कुरा के स्वीकार गऱ्याछौं भने हामीले चाहिँ तीनखम्बे अर्थ नीति खासगरी निजी, सहकारी र सरकारी क्षेत्रको । अहिले यो डकुमेन्टमा चाहिँ मैले नजानेर त आयो म भन्दिन, यो डकुमेन्टमा चाहिँ एउटा सामुदायिक क्षेत्र भनेर आछ । यो बडो सुझबुझ तरिकाले र यो चाहिँ

बिर्सेर अथवा त्यसै परेको हो भन्ने जस्तो मलाई लाग्दैन । दुईटा ठाउँमा यो चाहिँ विषय पऱ्या छ । यो सामुदायिक क्षेत्र भनेको के हो र को सँग सरकारले चाहिँ समन्वय गरेर काम गर्ने हो ? सहकारीसँग त हामीले गरिराछौँ । संविधानले हामीले मान्या छौँ । प्राइभेट सेक्टरसँग हामीले गरिराछौँ । सरकारको म हामी पब्लिक सेक्टरको म हामी आफैले चाहिँ सरकारका तर्फबाट काम गरिराछौँ । अब यो डकुमेन्टमा उल्लेख गरे जस्तो यदि हामीले चाहिँ सामुदायिक क्षेत्रसँग सहकार्य गरेर जाने हो भने त्यो सामुदायिक क्षेत्र भनेको के हो ? उपभोक्ता समिति हो कि, सहकारी हो कि, आमा समूह हो कि, एनजीओजहरूले बनाएको चाहिँ गाउँको चाहिँ कम्यूनिटी अर्गनाइजेशन हो मैले दफा ३० मा चाहिँ ध्यान आकर्षित गराएँ मैले हाम्रो अर्थमन्त्रीज्यूको । यसमा हामीले के भन्यौं भने सामुदायिक क्षेत्र दुईटा ठाउँमा हामीले बडो कुशलतापूर्वक भन्याछौँ सहकारी तथा सामुहिक क्षेत्रलाई यो तीन वर्षको दौरानमा हामीले केही सामुहिक क्षेत्र ला केरे केही सामुदायिक क्षेत्र बनाछौं, त्यो संरचना कतै छ ? त्यलाई राज्यको प्रचलित कानूनले मान्यता दिन्छ भन्दाखेरि हामी चाहिँ यस्तो मिस लिडिङ्ग हामीले गर्नु हुँदैन । म यलाई करेक्सन गर्न चाहिँ निवेदन गर्दछु । र यो कोरोनाको जटिलतम स्थिति यस्तो छ कि माननीय अर्थमन्त्रीज्यू सरकारले अब ल्याउनुपर्ने बजेट हामीले चाहिँ अंकमा भोलि छलफल गर्दा बजेटमा छलफल गर्दा जाउँला । अब ल्याउनुपर्ने बजेटले हामीले कति वटा चाहिँ कीट किन्नुपर्ने ? कति वटा एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने ? त्यो स्थिति नआओस् म त्यसको कामना गर्दिन तर हामीले चाहिँ कति वटा शव-वाहन बनाउनुपर्ने ? हामीले कति वटा दाह-संस्कारको तयारी गर्नुपर्ने स्थिति नआओस् म त्यो कल्पना गर्दिन, त्यो हाम्रो नियन्त्रणभित्र होला । हामी चाहिँ उपचार प्रभावकारी बनाउला तर सरकारको तयारी त त्यो चाहिन्छ । अहिले हामीले ५० वटा एम्बुलेन्स बनाइराखेर यो बीचमा हामीले चाहिँ ४०-५० जना चाहिँ चालकहरू राखिराखेर करारमा राखिराखेर हामी चाहिँ स्ट्याण्डबाइ स्रोतसाधनहरू राख्नु पर्ने अवस्थामा छौँ । त्यसकारणले सधैँको जस्तो गरिबी निवारण, रुपान्तरणकारी जिन्दगी, शिक्षा, स्वास्थ्य यी कुराहरू आकर्षक छन् अझ हामी सरकारका लागि चाहिँ गायत्रीमन्त्र जस्तो हो यो । अझ नियमित रूपमा हामीले लेख्ने जस्तो, भूमिसुधार । एउटा म विद्यार्थी राजनीतिमा लागेदेखि मैले बुझेदेखि हामी भूमिसुधार व्यापक छ । प्रतिपक्ष दलको नेता हाम्रो कांग्रेसको सभापतिजी माथि चाहिँ प्रधानमन्त्री हुनुहुन्थो, उहाँले एकचोटि क्रान्तिकारी भूमि सुधारको कुरा थियो । यो कम्युनिष्टलाई मात्रै होइन, यो कांग्रेसलाई चाहिँ पनि नेपालमा भूमिसुधार लोकप्रिय कुरा हो यो । हुन त यो ०२१ सालको अवस्था हेर्दा राजाहरूको पनि लोकप्रिय कुरा हो । यो बारबार चाहिँ प्रेदेशको भूमिसम्बन्धी अधिकार कति छ ? यो कुरामा हामी क्लियर छौँ भने किन हामी हरेक पल्ट यो गायत्री मन्त्रजस्तो चाहिँ भूमि सुधारमा केही काम गर्छौं, वैज्ञानिक भूउपयोग नीति, भूमि व्यवस्थापन र भूमि बैंकको अवधारणासहित आधारभूत, यो कुराहरू हामी किन चाहिँ गर्छौं ? भूमिमा हाम्रो अधिकार त बैग लिमिटेड अधिकार छ हामीले के गर्न सक्छौं त ? देखिराख्या छौं, सुकुम्बासी र भूमिको समस्या समाधान गर्न बारबार हामीले चाहिँ सरकार गठन भएदेखि प्रयास गरिराछौँ

। माथि चाहिँ सरकारले चाहिँ एउटा कमीशन आयोग गठन चाहिँ गऱ्याछ । यसको जिल्लामा केही नियुक्तिहरू हुँदैछ । हामीले यसमा क्लियर के हुनुपर्छ भने भूमिको केही अधिकारहरू माथि छ, केही अधिकारहरू तल छ, तल अधिकार भासँग पनि हामीले काम गर्नुपरे भने सम्झौता गर्नुपर्ने हो, पुष्प खेती गर्नुपर्ने हो भने पनि । माथि अधिकार भासँग पनि हामीले चाहिँ यसको हामीले सहकार्य गर्नुपर्ने हो । त्यसो हुँदा हामीसँग भूमि सम्बन्धी भएको अधिकारभित्र रहन पर्छ । यो अरु चाहिँ तपाईँको अहिले रुपान्तरणकारी जिन्दगीको कुरा छैन, अहिले हामीले जिन्दगी चाहिँ जोगाउनु पर्ने कुरा छ । तर अर्थमन्त्रीजी यसमा संक्षेपमा देखा पर्नुभाछ, छोटकरीमा आउनुभाछ अलि यसको ३८ को कुरा चाहिँ संघ प्रदेशसँगको सहकार्यको कुरा र एउटा महत्त्वपूर्ण कुरा यसको सार चाहिँ के छ भन्दाखेरि १८ को कुरामा चाहिँ उहाँले भन्नुहुन्छ, कर्णालीवासीलाई महामारी र भोकमारीबाट बचाउनु । यो डकुमेन्टको केही चाहिँ सबभन्दा महत्त्वपूर्ण कुरा केही हो भने यो चाहिँ कर्णालीका जनतालाई महामारी र भोकमारीबाट बचाउने हो । त्यो बचाउन सरकारले चाहिँ आफ्ना अब आउने बजेटमा र चाहिँ कार्यक्रमहरूमा मैले पहेंलो बत्तीको यो अवस्था हेरेर कार्यक्रमहरूमा कम्पिलिट रूपमा हामीले चाहिँ योजनासहित आउनुपर्छ । मैले अघि भने जस्तो कति वटा एम्बुलेन्स ? कति वटा ड्राइभर ? कति वटा चाहिँ तपाईँको शव-वाहन ? कति वटा चाहिँ स्वास्थ्यचौकीहरूमा चाहिँ हामीले सामग्रीहरू उपलब्ध गराउने ? कति छोराछोरीहरूलाई पौष्टिक तत्व ? अलि यति कुरा राखेर मैले अन्तिममा के भने भने एउटा यसमा चाहिँ उल्लेख छ, यो नियमित बिरामीहरूमा समस्या परिराख्याछ अहिले । टेलिमेडिसियनहरूको कुरा त छोडौं, नियमित बिरामीहरू जले डायलसिस गर्नुहुन्थ्यो, जले चाहिँ तपाईँको यो क्यान्सरको चाहिँ जले यो सुईहरू क्यान्सरको नियमित लाउनपर्ने चाहिँ सुईहरूको कुरा छ यो मैले चाहिँ बिर्से किमो अहिले किमो लगायतका कुरामा हामीले अहिले कोरोनाको कारणले गर्दा अस्पतालहरू अकुपाई भएको कारणले गर्दा नियमित बिरामीहरूलाई हामीले चाहिँ खासगरी सुत्केरी महिलाहरू पे बच्चा जन्मदाखेरिका नवजात शिशुहरूको सुरक्षाको विषय, कोरोनासँग फोकस गर्दागर्दै पनि नियमित उपचार प्रणालीलाई कसरी व्यवस्थित गर्न सकिन्छ यसमा सरकारले एउटा स्पष्ट भिजन ल्याओस् । कृषिका बारेमा हामीले तत्काल लगाउनुपर्ने तरकारीहरू अब यो मैले १ मिनेट मात्रै सह सभामुखसँगको अनुमतिले १ मिनेट समयमा मैले के भने भने कृषिमा हामीले दुई तीन वर्षमा केही लगानीहरू गऱ्यौं केही करोड पैसा हामीले लगानी गऱ्यौं केही अरब पैसा हुनसक्छ तर त्यसको रिटर्न कति आयो ? हामीले कति फर्कायौं ? जस्तो मेरो किसानहरूले गुराँसबाट हामीले अघि अघि यो वर्ष ५० करोडको तरकारी बेच्यौं । त्यसमा प्रदेश सरकारले गरेको लगानी एक करोड, दुई करोड करिब हामीले दुई करोड लगानी हामीले त्यहाँ गऱ्याछौं तर त्यो हाम्रा कारणले होइन । नियमित रूपले किसानहरू चाहिँ उत्पादन गरिराख्याछन् । छिटो गर्न सकिने लकडाउनको बीचमा मान्छेले तरकारी फलाईसके, फर्सी फलाइसके, तत्काल अब हामीले चाहिँ कृषिकोमा त्यो कुरामा पनि के भन्दाखरि पाँच लाख मान्छे हाम्रो श्रम बजारमा नयाँ भित्रिने हुन् भने ती मान्छेलाई हामीले डाइरेक्ट चाहिँ ५० हजार १ लाख

रुपैयाँ बराबरको ऋण दिन सक्छौं भने उनीहरूलाई एक वर्ष, दुई वर्ष, तीन वर्षमा फर्काउने गरी ऋण दिन सक्छौं भने पाँच लाख मान्छेलाई हामीले एक-एक लाखको दरले दिंदा पनि त ५ अर्बमा हामी चाहिँ केही काम गर्न सक्छौं । यो सबै कागती बेच्ने मान्छेहरू विस्तापित भए, नाङ्लो पसलेहरू विस्तापित भए । एउटा महिलाले बदम बेच्नुहुन्थ्यो र उहाँको पाँच जना परिवारचाहिँ त्यसमा व्याकपमा पालिन्थ्यो । यो बाटोभरि जति छाप्राहरू देखिन्थ्यो, ती छाप्राले पाँच सात जना १० जना मान्छेलाई रोजगारी दिन्थ्यो, कर्णालीको त यो त सबै बन्द भो त । त्यसकारणले मैले सरकारलाई क्याटोगरिकल्ली अब रोजगारी दिने हो भने पनि कृषिमा रोजगारी भनेर हामीले चाहिँ गोश्वारा कुरा गर्ने होइन, कति वटा रोजगारी सिर्जना गर्नुहुन्छ ? कुन पालिकामा पैसा इन्भेस्ट गर्नुहुन्छ ? यो, यो एङ्गलबाट चाहिँ बजेटमा मैले आशा गरें माननीय मन्त्रीज्यूहरूलाई यति मैले सुझाव राखेर यो अर्थमन्त्रीजीले पेश गर्नुभएको डकुमेन्टलाई यति रचनात्मक सुझाव राख्दै पार्लियामेन्ट जहिले पनि हामी सरकारको साथमा छौं तर सरकारले यो समग्र प्रक्रियाको नेतृत्व गर्न आफ्ना परफरमेन्सहरूलाई बढाएर लैजान जरुरी छ । त्यो चाहिँ डकुमेन्टमा पनि व्यक्त हुनुपर्‍यो र व्यवहारमा पनि हुनुपर्‍यो । मैले यति निवेदन गरे र यो अवसरको लागि धेरै धेरै धन्यवाद दिएर आफ्नो कुरा यही टुङ्ग्याएँ ।

**माननीय उपसभामुख:** माननीय श्री खड्कबहादुर खत्री, समय ७ मिनेट । त्यसपछि माननीय श्री मिना सिं रखाल तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्री:** माननीय सभामुख महोदय, म आज प्रदेश सभाको सदस्यको हैसियतले पहिलो चोटि यहाँ बोल्ने र सदनमा भाग लिने अवसर मिलेको छु । म पूर्व मन्त्री त्यो पनि अब नेपाल सरकारको ५० प्रसेन्ट दायित्व भएको कृषि विकास बैंकअन्तर्गत रहेको बैंकमा मैले कुनै एउटा साक्षी बसेको बैंक ग्यारेण्टी भन्ने मलाई लाग्छ माननीयज्यू धेरैलाई जानकारी होला । यो दुईटा पाटो रैछ, व्यावसायिक गर्ने मान्छेहरू अथवा खेती-किसानी गर्ने मान्छेहरू यो राजनीति कारखाना चलाउनेहरू । दुईटा पाटो - मैले यो राजनीति कारखाना भन्नाले संयन्त्र संसारले राज्यले चलाइराछ । त्यसैकन के आग्रह गर्न चाहन्छु भने व्यावसाय लागेका मान्छेहरूलाई सबै छौं कोही कृषिमा छौं, कोही शिक्षक भएर आयाछौं कोही सबै छौं मलाई लाग्छ हेर्ने दृष्टिकोण फरक भएको छ । त्यसैले हिजो मैले संहाल्या कुरामा ममाथि एउटा टिप्पणी अथवा डीपीआरका कुरामा अरु कुनै छ भने पनि म त्यसो भागेदार हुन तयार छु । मलाई लाग्छ डीपीआर गर्दा धेरै माननीयज्यूहरूलाई सम्पर्क भएको छ । त्यसमा कुनै गलत भको छ, त्यसमा केही छ भने म कानुनी कठघरामा उभिन तयार छु र मैले मदेखि तल जो जिम्मेवार छ, त्यले गरेको उले दायित्व बोक्नेछ र मलाई लाग्छ डीपीआरको अर्थ अहिले डीपीआरमय फेसबुकमय स्थिति जुन सिर्जना भाछ, त्यसैले मैले म यो अर्थमन्त्रीले ल्याएको यो कार्यक्रममा लाग्न चाहन्छु । यो मैले विषयभन्दा अलिकति प्रसङ्गभन्दा फरक ढंगले आज उपस्थित छु । र यो मञ्च मेरो पहिलो चोटि हो, त्यसैले यो पर्यायवाची शब्द धेरै राखेर अर्थमन्त्रीजीले देओस् । मलाई लाग्छ चाहे मन्त्री हुँदा मैले सोचिराथैं अगुवा हुनुहुन्छ म सधैं एउटा प्रारम्भिक कमीटि हुँदा उहाँ मेरो अग्रज नेता पनि हो । मलाई लाग्छ

०३६/०३७ सालदेखि म उहाँसँग सहकार्य गर्दै आएको मैले नेता सम्झया थिएँ । उहाँ दुईटा प्रधानमन्त्रीको संघीय सरकारको सल्लाहकार अनुभव प्राप्त संविधान सभाको जिम्मेवार व्यक्ति । मलाई लाग्छ यो पर्यायवाची शब्द छ मन्त्री हुनुहुन्छ हामीले यहाँ अब । मलाई लाग्छ अब झगडा गर्न मात्र बाँकी छ । उहाँलाई शब्दकोषमा नभएको शब्द बोल्न मिल्दैन । अब हामी यो मञ्चबाट बोल्दा कस्तो शैली देखियो भने हाम्रा गाउँठाउँका ७५-९० प्रसेन्ट हामीले बोल्ने भाषा नबोल्ने अझ त अझ नेपाली बोलिराछौं हामी । काम गर्दा प्रोफाइलहरू ईंगलिसमा आउँछन् टोटल, प्रपोजलहरू चाहिँ अङ्ग्रेजीमा राख्ने, अहिले त अझ विदेश अमेरिकाबाट, काठमाडौंबाट त्यो सबै सुरुवात भइसक्यो । मलाई लाग्छ यस्ता प्रचलनमा विशेष अर्थमन्त्रीजी पनि त्यो राष्ट्रिय अर्थ समितिको सभापति हुँदा म निर्माण व्यवसायी त्यतिखेर सदस्य थिएँ, मैले धेरै अनुभव संगालेको छु र त्यो उसबाट म कमीटिमा थिएँ । ६० करोडको चाहिँ कार्यक्रम राख्दा उहाँ चाहिँ थाइल्याण्ड जानुभाथ्यो कुनै व्यवसायीसँग र उहाँसँग मेरो सहकार्य भएको छ र १ अरबको चाहिँ भनौं परिवर्तन आको थियो संघीय संगठनले बनाको उसमा पनि चेन्ज भएर आको थियो म आग्रह गर्न चाहन्छु । त्यसैले म यसको कुरामा एउटा मात्रै कुरा राख्न चाहन्छु, अहिले त त्यहाँ हाम्रो पूर्व माननीयले डाटा हाम्रो प्रतिपक्ष दलको नेताजीले पनि भन्नु भो म आग्रह गर्न चाहन्छु । यो हामीमा कस्तो रैछ भने हुन त यो सदनबाट जनता जनताले सुन्ने त्यो पनि हेर्ने मान्छेले । मलाई लाग्छ हाम्रो कर्णाली प्रदेशका ९० प्रसेन्टले त थाहै पाउँदैनन्, बोल्ने भाषा पनि थाहा छैन, असहिष्णु मा बोल्न कि अङ्ग्रेजीमा बोल्ने कि लय मिलाउने कि, कमा दीर्घ, ह्रस्व दीर्घ यो छ नि मलाई लाग्छ ९० प्रसेन्टले बुझ्दैनन् । अफिसै चिन्दैनन् । कार्यालयमा जाने कहाँ त्यो थाहै छैन । यो अनुदानका कुरा यिनी भनौं यी शीर्षकका त कुरै छोडौं मलाई लाग्छ हामी मन्त्री छौं यसो कल्पना गर्‍यो भने हाम्रो मन्त्री मलाई लाग्छ मन्त्री भन्ने शब्द अब नराखे हुन्थ्यो जस्तो लाग्छ । या सरकार पनि तल स्थानीय तहमा पनि सरकार छ, ए मन्त्रीले भनौं सेवासुविधा राज्यको पैसा लिएर टाँठछाट कहिलेसम्म चल्ने हो यो हाम्रो । सधैंभरिका मन्त्री हौं के हामी ? नेपाल सरकारको खुनपसिना रगत पसिना यो गरिबका हाम्रा आमाबाबु, दाजुभाइ यी गिट्टी कुट्ने, डोका बोक्ने, खुट्टा च्यातिएका जुत्ता नलाउनेको खुन पसिना खाएर हामी कति दिनसम्म अगाडी गर्ने ? यहीं हेरौं मलाई लाग्छ, प्रत्येक ठाउँमा यो बुट्टा भर्ने टिपिरहनुहुन्छ के माननीय मैले यो व्यक्तिगत ढंगले अन्यथा नमान्नुहोला मन्त्रीज्यू, यो सबैका टिपेर शब्द सबैका हाल्नुभाछ उहाँले चाहे क्याविनेटमा होस्, चाहे यहाँ होस् जहाँ पनि टिपिरहने । अनि ती सबै यहाँ पर्यायवाची शब्द राखेर यति बुट्टा भरिएको छ, मलाई लाग्छ यो यस्तो त कुनै संसारमा छैन होला यो । अब दीगो विकास गुणस्तर भएपछि आफै दिगो हुन्छ त्यो । त्यो शब्द लेखे, शब्द जाल हानेर यो संसारलाई खेडेर क्वाटरमा लिएर मन्त्रालय लिएर संगठन निर्माण गरेर यो नगर्दा पनि हुन्छ, मलाई लाग्छ व्यवस्था चेन्ज हुँदै आए । हिजो पञ्चायती व्यवस्था विरुद्ध गर्दा एउटा चिठी लिंदा हिजोका याद पनि गर्नुस् । आफ्ना बाबुआमालाई सम्झनुस्, आ-आफ्नो परिवारलाई सम्झिनु पर्‍यो, आफ्ना छोराछोरीलाई सम्झिनुपर्‍यो, आ-आफ्ना

श्रीमतीलाई सम्झनुपर्‍यो । कल्पना गरौं त हामी त्यहाँ पुगौं त हामी कुन ठाउँमा छौं हामी ? मलाई लाग्छ हेर्दा मजा लिने, खिसी उडाउने । मलाई लाग्छ यहाँ जिम्मेवार नेताहरू जस्तै प्रदेश प्रमुख हाम्रो नेता हुनुहुन्थ्यो यसो कल्पना गर्नुस् त उहाँको जीवन । अब अहिले नभनौं हिजो लाल्टिन बालेर बस्ने बालाराम शर्मा कहिले भेटे हुन्थ्यो नि । उहाँको अवस्था के छ ? कस्तो खानुहुन्छ ? के बोल्नुहुन्छ ? के सिकाउनुहुन्छ गुरुहरू छन् नि । सधैं जिन्दगीभर ढाइ वर्ष दुई दुई वर्ष छ, यो आशन हामी पाइन्छ कि पाइन्न । सकभर यहाँ आउन पाइन्छ कि पाइन्न । मलाई लाग्छ अब जनताले साँच्चिकै जनताले बुझे भने अब ख्याल गर्नुपर्नेछ यो पार्टीको । न पार्टीले कारबाही गर्ने दलीय संस्कार छ, केही बोल्यो भने पनि नाका लाउने । यो प्रणाली कस्तो रैछ भने प्रधानमन्त्रीय प्रणाली अथवा मुख्यमन्त्री प्रणाली २५ जना एकातिर भयो भने पनि एउटाले टाउको यतै हल्लायो भने टाउको यतै हल्लियाछ, लेख्ने अर्को लेख्यो भने भोलिपल्ट अर्कै आउँछ । र अर्को आग्रह म के गर्न चाहन्छु भने अर्थमन्त्रीजीलाई र मुख्यमन्त्रीजी त यहाँ हुनुहुन्न । यो फाइल गएका भित्र लुकाउने अथवा भनौं हराउनेलाई के भन्नुपर्छ त्यो शब्दकोषमा त्यस्तो भन्न मिल्ने शब्द छ कि छैन ? म हिजोका दिनमा त्यस्तो भोगें, अहिले पनि त्यस्तो भइराछ । चाहे कर्मचारीले गर्नुहुन्छ चाहे अर्कोले गर्छ । अब भ्रष्टाचार छ, भ्रष्टाचारका शब्दमा अर्थमन्त्रीले कतिचोटि मञ्चमा बोल्नुभाछ । कतिचोटि हाम्रो विभागीय मन्त्री अहिले भौतिक पूर्वाधार हुनुहुन्छ, मुख्यमन्त्रीले कति बोल्नुभाछ । को हो त भ्रष्टाचार गर्ने ? अब यहाँ मलाई लाग्छ यो वृद्धिको कुरा छ, के मन्त्रीको आर्थिक उन्नति हो कि जनताको हो यो ? मलाई लाग्छ, कठघरामा मात्रै यहाँ क्षमा दिने कुरा हुँदैन, २० वर्षपछि ३० वर्षपछि जेल खाएका त कैयौं नेताहरू चाहिँ परेका छन् । अपराध गर्नेले त्यसको सजाय पाउनुपर्छ, जोसुकै होस् । हिजो राजनीतिक मुद्दामा आन्दोलन गर्दा पनि ज्यान केश लागेका छन् । कसैलाई भनौं, कलाई राजद्रोह लागेको छ । कलाई देशद्रोह लागेको छ त्यो छुट्टै विषय हो । मलाई लाग्छ, जनताको खुन पसिना लिने चाहे मन्त्री होस्, चाहे सचिव होस्, चाहे उपसचिव होस्, म आग्रह गर्न चाहन्छु, हिजो म एउटा पेशा व्यवसाय गर्दाखेरि भ्रष्टाचार, भौतिक पूर्वाधार विकासमा छ एकदमै छ खोलेर भन्न पर्छ मलाई लाग्छ जोसुकै नेताले पनि भन्न पर्छ र संघर्ष त्यहाँ लड्न पर्छ कोरोनासँग होइन । मैले कृषिसँग मेरो व्यक्तिगत सम्बन्ध छैन, उहाँ एउटा ऊर्जाशील, हिजो लडाइँ गरेको, भीडाइ गरेको, त्यस्तो किसिमको मान्छे । कम्तीमा पनि मन्त्री भए हुन्थ्यो भन्ने आशा राख्थे, व्यक्तिगत उहाँसँग मेरो टकराव छैन । हिजो प्राधिकरणका हिसाबले पूर्वाधार विकासलाई माइनस हुनेगर आयो । खै आज त्यो विषय आएको समावेश छैन । त्यस्तै हिजो आएका एजेण्डा आज बिर्सिहाल्छ । छ छ महिनामा बिर्सिने अनि जनतालाई लटपट्याउने । कार्यविधिमा हामी कति दिन मिटिङ्ग बस्यौं ? उत्तर चाहिन्छ यहाँ प्रदेश सभालाई हामीले तलब कति लियौं ? हामीले तेल कति खर्च गर्‍यौं ? हामीले क्वाटरमा कति खुवायौं ? प्रदेश सभामा उत्तर चाहिन्छ म रुलिङ्ग गर्न चाहन्छु । रुलिङ्ग होस् यहाँ सभामुख महोदयबाट । जनताको खुनपसिना हो, माथि संघले पठाइदिएको पैसा हामीले केही उत्पादन गर्‍याछौं यहाँ ? कुनैबाट स्रोत जुट्या छौं

हामीले ? त्यसैले के आग्रह गर्न चाहन्छु भन्दा यो प्रत्येक क्वाटरम, प्रत्येक चाहिँ कार्यविधिमा, प्रत्येक भत्ता, यो उसमा बैंकमा एउटा सिस्टमले हालेर हुँदैन यहाँ चाहिन्छ हिसाब । म आग्रह गर्न चाहन्छु, कार्यविधिमा कति वटा बने त्यसबाट मलाई लाग्छ दुईटा मिटिङ्ग बस्याछु म । त्यो मन्त्री बस्यो भने २५ सय हुँदो रैछ, सचिव बस्यो भने पाँचसय बढी हुँदोरैछ र अनि सकभर मन्त्रीको सही गराउने सिस्टम । यस्तो किसिमको सिस्टम त्यो कति छ आउनुपर्छ यहाँ । इमानदार को मन्त्री छ मान्छेले श्रद्धा गर्छन्, जनता रोइराछन् । हिजो नाचे, गाए, खुट्टा दुखाएर, बाजा बजाएर जिताए भनौं हिजो कंग्रेसले जन आफ्ना मान्छेलाई भर्ना गर्‍यो । कांग्रेसले विकास गरेन, अरु पार्टीले गरेन । दुईटा पार्टी जनताको भावनाबाट आएको हो यो कम्युनिष्ट पार्टी । यो तपाईं हामीहरूले सल्लाह गरेर पनि आहैन, जनताको चाहना यी एक भइदिए हुन्थ्यो कम्तीमा पनि जनताले हामी हिजो गरिब दु:खीका लागि लागेको पार्टी हो । दु:खी पीडितका लागि पाटी लागेको पार्टी हो । यो चाहिँ दुई तिहाइ आयो भने कम्तीमा पनि कहीँ फरक होला भन्ने किसिमले गरेको हो । अब मान्छेलाई पञ्चायतकाभन्दा पनि हिजो निर्दलीय व्यवस्थाभन्दा पनि त्यस्तो किसिमले हेर्ने किसिमले हेर्ने स्थिति छ । म आग्रह गर्न चाहन्छु त्यसैले यो दुईटा चिजको यो आर्थिकमा म सुझाव गर्न चाहन्छु । सुझाव दिन चाहन्छु । अहिलेको हिसाबले अघि माननीय पूर्व माननीयज्यूले चाहिँ कुरा राख्नुभाछ । अहिले भोकमारीका निम्ति मात्रै नारा लेख्नुभाछ त्यही नारालाई भोकमारी र महामारी । मलाई लाग्छ अहिलेको बजेट टोटल लगाउँदा हुन्छ । यो कृषिमा के जोड्ने ? कृषिका कुरा आउँछ यो ? कहाँ गयो मदाने चौरको अहिले त मृत्यु भइसक्यो, पर्यटन मन्त्री हुने ठाउँमा हामी त्यहाँ पुग्यौं, ६ विगाह जमिन भो त्यो कृषि मन्त्रीले हराउनुभएन त्यो पर्यटन मन्त्रालयबाट मन्त्री विभागीय मन्त्रालयमा हराइसक्यो । दुई करोडको त्यो पनि कपुरकोटै गयो कि के हो ? कागजमा एउटा लेख्ने काम एउटा गर्ने रकमान्तर अर्को ठाउँ गर्ने अनि यहाँ हामीलाई लटपट्याएर सोझासाझालाई कोट्यायो चिमट्यो लग्यो एकछिन गाडी दियो भने हामी त म त एउटा गाडी दिए पछि मेरो समर्थन तपाईंलाई भइहाल्छ । यहाँबाट मेरो कोठामा गाडी पठाइदिनुभ भनेपनि मेरो सम्बन्ध जो ले गाडी दिन्छ त्यहीमा मेरो समर्थन हुन्छ । अरु माननीयज्यूको मलाई थाहा छैन । त्यसैले यस्तो किसिमको व्यवस्था नहोस् । तपाईंहरू जनताको खुनपसिनाबाट एउटा जनअनुमोदित आउनुभाछ यो जिन्दगीभरिको होइन, यो बरदान पनि होइन । भोलि मलाई लाग्छ अब जनता उठ्नुपर्छ कर्णाली प्रदेशका जनता अब उठ्न जरुरी छ । यो मलाई लाग्छ आज यस व्यवस्थाप्रति पनि मान्छेको वितृष्णा पैदा हुने अवस्था प्रत्येक ठाउँबाट भ्रष्टाचार बोल्याछ । कले गर्छ त भ्रष्टाचार ? केन्द्रमा पनि भ्रष्टाचार भा भन्छ अर्कले पनि भ्रष्टाचार । भ्रष्टाचार गर्ने को छ ? भ्रष्टाचार गर्ने प्राविधिकहरू छन्, कर्मचारीहरू छन् त्यसमा संलग्न मुख्य, मन्त्रीहरू हुनुहुन्छ । अथवा म पनि छु भने कार्बाही हुनुपर्छ र कठघरामा उभिनुपर्छ । यो छुटकारा दिनुहुँदैन । मलाई लाग्छ यसका निम्ति कुनै पनि हाम्रो पनि कुरा मात्रै उठ्छ कुनै दलीय एउटा संसदीय दलबाट छानविनको समिति गराउनुपर्छ । चिठी पठाए त्यसको चिठीको उत्तर आउँदैन । मलाई लाग्छ

प्राविधकको कुराहरूमा अहिले पूर्वाधार विकास मन्त्रालय संहाल्नुभएको मुख्यमन्त्री हुनुहुन्छ मलाई लाग्छ अस्ति विभिन्न ठाउँबाट कमेन्ट आयो । २० करोड पैसा छुट्याछ यो मन्त्रालय, यो राजधानी सार्ने हो ? सोझै भने हुन्छ नि त्यो ठाउँमा एउटा कृषि मन्त्रालयको हामीले कृषिप्रति कुनै पूर्वाग्रह छैन, त्यो ठाउँमा आज जग पुर्नुपर्ने, त्यो ठाउँमा आज छ वटा मन्त्रालय एउटा योजना आयोगको चाहिँ कार्यक्रम डीपीआर गरिएको छ । डीपीआरमा बदमासी भए पनि हिजोका मन्त्रीले बदमासी गऱ्यो कि सचिवले बद्‌मासी गऱ्यो कि भ्रष्टाचार गऱ्यो कि त्यो त्यो कुरालाई रोकेर राम्रा कुरालाई अघि बढ्नुपर्छ कि पर्दैन ? म आग्रह गर्न चाहन्छु मुख्यमन्त्रीजीलाई पनि उहाँले विभागीय मन्त्रालय संहाल्नुभाछ । मलाई लाग्छ अहिले म मन्त्री हुँदासम्म कर्मचारी नियुक्ति गर्न मिल्दैन भनेर मलाई लाग्छ मन्त्रीजीहरू यही हुनुहुन्छ । अहिले ५५-६० जना चाहिँ नियुक्ति भाछन् । अहिले सव सवओभरसियर, इन्जिनियर भए हुन्छ कि नेपाल सरकारले अधिकार प्राप्त मान्छे चाहियो । आज कामु निर्णय गरेर संघीय सरकारले गरेको निर्णय आज कामु निर्णय गर्दै आफूले चलाउनुभाछ । मलाई लाग्छ, अब जनता जाग्न पर्छ म आग्रह गर्न चाहन्छु । मलाई लाग्छ अबका दिनदेखि यो भ्रष्टाचारको मुद्दा जुन किसिमको उठेको छ यो छानविन समिति यस सदनबाट चाहिँ भनौं गठन होस् र प्रत्येक मन्त्रालय, प्रत्येक समिति जो कोहिले गरेको भ्रष्टाचार छ, त्यसका विरुद्धमा मात्रै भ्रष्टाचारको त्यो नारा लगाएर जनतालाई लटपट्यार भोट मात्रै लिने कुरा होइन । यो चाहिँ भनौं परिणाममुखी हुनुपर्छ भन्दै मेरा भनाइ यहीँ राख्छु हवस् त धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री मिना सिं रखाल, समय ७ मिनेट । त्यसपछि माननीय श्री सुशीलकुमार थापा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री मिना सिं रखाल:** माननीय सभामुख महोदय, कर्णाली प्रदेश सभा प्रस्तुत कर्णाली प्रदेश विनियोजन विधेयक सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको २०७७ को आउँदो नीति तथा कार्यक्रमको लागि योजनाको रूपमा प्रस्तुत भएको यो विनियोजन विधेयकमाथि हामीले आफ्ना धारणाहरू राख्ने क्रममा, केही कुराहरू म भन्न गइरहेको छु । र नीति र कार्यक्रमको यो प्रस्तुत विषयमा बोल्न लाग्दा विगतका दिनहरूको नीति र कार्यक्रम ल्याउँदाखरिको अवस्थालाई सम्झिदा यो बुँदागतमा पढ्दै अविश्वास लाग्दोछ किन लाग्छ भन्ने कुरा म चाहिँ यहाँहरूलाई अवगत गराउन चाहन्छु । हामीले विगतमा २०७४ को नीति तथा कार्यक्रम पनि ताली बजाएर पास गरेका थियौं र ती आएका कार्यक्रममा हामीले जुन उद्देश्य जुन विचारहरू राखेर बजेटसँगैको योजनाहरू पनि हामीले कार्यान्वयन भएको पाएका छैनौं । त्यस्तै अहिले योनि विषम परिस्थितिमा कोभिड-19 ले ग्रस्त पारेको बेलामा र प्राथमिकता नै पहिलोमा कोभिड-19 भनेर आएको छ । यसलाई हामीले विशेष ध्यान दिनुपर्छ र अहिलेका बजेटहरू अथवा अहिलेका कार्यक्रमहरू शिक्षा, स्वास्थ्यमा कोभिड-19 कै लाई उद्देश्यमा राखेर कार्यान्वयन गर्नुपर्छ र कृषिमा हामीले ध्यान पुऱ्याउनुपर्छ र सबैभन्दा खाद्य भण्डारमै अहिलेबाटै लाग्नुपर्छ । अहिले यो कोभिड-19 कैकारणले भारतमा रहेका अधिकांश नेपालीहरू अथवा अधिकांश कर्णालीवासीहरू आफ्नो जिल्लामा फर्किने क्रममा आज कोरेन्टाइन गतिलो

नभएर अथवा व्यवस्थित नभएर ती लुछाचुँडी भएर ती हानाहान मारामार गरेर बसेको अवस्था छ । कोरेन्टाइनको व्यवस्था कस्तो हुनुपर्छ भन्ने विगतका अगाडी बोल्ने माननीयज्यूहरूले भनिसक्नुभएको छ । आज त्यो बाख्राको खोर हो कि कुखुराको खोर हो कि अथवा कैदी राखेको हो, त्यस्तो किसिमको कोरेन्टाइनले गर्दाखेरि ती कोरेन्टाइनभित्र बस्ने जनताहरू आतंकित छन् । यहाँ चाहिँ आएको छ, मौलिक हक भन्याछ, मौलिक हकले नै सप्पै कुरालाई समेटेको छ । हामीले मौलिक हकलाई नै प्राथमिकता दिएर यी योजनाहरू बनाइम् भने र हामीले यहाँ लेखेका सप्पै कुराहरू पाउँछौं तर लेख्ने एक, गर्ने अर्को हामीले विगतबाट पाइरहेका छौं । र यो नीति तथा कार्यक्रम आउँदाखेरि अथवा बजेट आउदाखेरि योजना र अंकमा सही रूपले आउनुपर्छ र त्यसलाई कार्यान्वयन गर्दाखेरि पनि त्यसै किसिमले गर्नुपर्छ । गत वर्षकै घटना हामीलाई याद छ, नीति तथा कार्यक्रम आयो । यहाँ धेरै माननीयज्यूहरूले त्यसको विरोध पनि गर्नु भो । हस्ताक्षर संकलन गरेर पनि बुझाउनुभो तर ती हस्ताक्षर संकलनलाई के रैछ भन्ने बुझ्झियो त भन्दाखेरि मन्त्रीहरूको राजीनामा माग्यो भन्ने बुझियो तर हामीलाई थाहा थियो, त्यो चाहिँ क्षेत्र विकास कोष हुनुपर्छ भनेर उहाँहरूले हस्ताक्षर संकलन गरेर दिनुभयो त्यो अनुरूप क्षेत्र विकास कोष भयो र त्यसमा ५ करोड आफ्नो क्षेत्रमा गयो । त्यहाँनिर हामीलाई विभेद लाग्यो, त्यो क्षेत्र विकास कोषको योजना बनाउँदाखेरि, कार्यविधि बनाउदाखेरि के भनेर लेखियो त भनेपछि प्रत्यक्ष निर्वाचनमा लड्नुभएका माननीयहरू संयोजक र समानुपातिक माननीयहरू सदस्य र आवश्यकता परेपछि संयोजकले नै निर्णय गर्न सक्नेछ भनेर कार्यविधि गराएर त्यसरी हामीलाई विभेदमा पारियो । अनि हामीले कसरी विश्वास गर्ने हाम्रो सरकारले ल्याएको नीति र सही हुन्छन् ? र भोलि ती तीसले सपैलाई समेट्छन् भन्ने हामीलाई विश्वास गर्ने अवस्थामा छैनौं तर पनि यो विषम परिस्थिति हो, अहिले हामीले यसलाई एकदमै स्वास्थ्यमै ध्यान दिनुपर्नेछ । कृषिमै ध्यान दिनुपर्नेछ । कृषि भन्ने कुरा हामी अगामी दिनमा गर्दै जान्छौं तर अहिले नै तुरुन्तै खाद्यान्नको अवस्था छ । त्यही कोरेन्टाइनभित्र बस्ने जनताले पनि पानी खान नपाएको अवस्था छ, भात खान नपाएको अवस्था छ, बस्न नपाएको अवस्था छ । त्यसैले सर्वप्रथम हामीले पहिलो प्राथमिकता खाद्यान्नलाई नै दिनुपर्नेछ । र विगतमा एउटा फेरि उदेकलाग्दो के छ भनेपछि सदन भनेको सम्मानित सदन हो । यहाँबाट हरेक नीतिहरू विधेयकहरू पास हुन्छन् यसले सदनले पास गरेर पठाएको ती विधेयकहरूलाई मन्त्रिपरिषद्ले चाहिँ कार्यान्वयन गरेको छैन, त्यसले अपहेलना गरेको छ । उदाहरणको लागि वन पर्यटन मन्त्रालयबाट परेका कतिपय माननीयहरूले राखेको योजना मन्त्रिपरिषद्को बैठक राखेर कटाएको छ । सदनको त्यस मन्त्रिपरिषद्ले चाहिँ सदनको अपमान गरेको छ । किताबमा आएका योजनाहरू किन परेनन् ? किन परेनन् उदाहरणको लागि भन्ने हो भने ०७५/०७६ मा मन्दिरहरू बनाउनुपर्छ भनेर माग भए सदनले पास गरेर लग्यो तर व्यक्तिगत व्यवहारिक हिसाबबाट मन्दिरहरू नबनाउने भनेर भनियो, त्यो सदनको अपमान हो कि होइन ? फेरि काँहिकतै मन्दिरहरू पनि बने । आफ्नो इच्छा लागेपछि सप्पै कुरा भइजाने र इच्छा नलागेपछि नहुने यस्तो किसिमको

प्रवृत्तिले चलेको सरकार आफैले आफैलाई हेर्नुपर्छ, अर्कालाई हेर्ने होइन । अहिले यहाँ राम्रो कमलको फूल देखाउने हैन, त्यो कमलको फूल टिपेर हामीलाई दिनुपर्‍यो मात्र हामी विश्वास गर्छौं र आज कमलको फूल हेरिरहेको अवस्थामा हामीले टिप्न सक्ने कि नसक्ने भन्ने कुरामा हामी शंकात्मक छौं । त्यसैले म हाम्रो यो सरकारलाई के भन्न चाहन्छु भने यसपालिको यो एकदम सानो किताबमा आको छ, छोटो आको छ, धेरै आको छैन र जति योजनामा आउँछन्, त्यति अंगमा आउनुपर्छ । जति अंकमा आउँछन्, त्यो कार्यान्वियन हुनुपर्छ । यदि कार्यान्वय भयो भने मात्रै हाम्रो सरकार हामीप्रति हाम्रो जनताले विश्वास गर्छ । हैन भने हामी सदनमा, सदनमा उपयोग गर्ने, कराउने र चिच्याउने अनि एकछिन फोटोमा देखिने अथवा यूट्यूबमा हाल्ने, रमाइलो मान्ने त्योबाहेक अर्को यहाँ केही पनि देखिदैन । त्यसैले विगतमा पनि हामीले भनेका योजनाहरूलाई भौतिक पूर्वा मन्त्रालयबाट गएका योजना पनि पूरा भएनन् । अहिले त भौतिक पूर्वाधार मन्त्रीविहीन जस्तो देखिएको छ । त्यहाँ कसैको सँग सम्पर्क पनि छैन, सम्बन्ध पनि छैन, त्यो योजना कहाँ पर्‍यो थाहा पनि छैन । मैले विरोधको लागि विरोध गरेको होइन यो मेरो सुझाव हो र आगामी दिनमा चाहिँ यो सरकार राम्रोसँग चलोस् र फेरि पनि छोटो थोरै आएको योजनालाई लापरबाही नगरोस् । सबैभन्दा ठूलो ध्यान चाहिँ अहिले कोभिड-19 तिर दिएर हाम्रा ती जनताको सुरक्षा र स्वास्थ्यमा ध्यान दियोस् र महामारी र भोगमरीबाट बचाउने उद्देश्यले लागोस् भन्दै म आफ्ना दुई शब्द यही राख्छु । हवस् धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री सुशीलकुमार थापा, समय ७ मिनेट । त्यसपछि माननीय श्री यामलाल कँडेल तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सुशीलकुमार थापा:** माननीय सभामुखज्यू, आज विनियोजन विधेयक २०७७ का सिद्धान्त, उद्देश्य र प्राथमिकता र प्रमुख नीतिहरू सम्बन्धमा म आफ्नो धारणा राख्न गइरहेको छु । सभामुख महोदय, यो विनियोजन विधेयक हेर्दा र यसको अध्ययन गर्दा कर्णाली प्रदेशको अहिलेको परिवेशलाई समेट्नुपर्ने थुप्रै कुराहरू समेटेको छ । यो आउनुपर्ने कुराहरू आएको छ । यसका लागि म आर्थिक मामिला तथा योजना मन्त्री माननीय प्रकाश ज्वालालाई हार्दिक धन्यवाद दिन चाहन्छु, बधाई दिन चाहन्छु र विनियोजन विधेयकका बारेमा छलफलमा उपस्थित भइरहँदा हामीले यो भन्दा आगामी वर्षहरूमा पनि विनियोजन विधेयक नीति कार्यक्रम र बजेटका सन्दर्भमा हामी विभिन्न बहस गर्‍यौं । म यस पटक सरकारलाई के आग्रह गर्न चाहन्छु भने विगतबाट हामीले पाठ सिकेका छौं कि विगतमा विनियोजन विधेयक योभन्दा अझैं राम्रो थियो । आउँदा नीति कार्यक्रम अझ केही राम्रै थियो तर बजेटमा आउँदा त्यसको तात्पर्य धेरै फरक थियो । अहिलेको विनियोजन विधेयकमा जसरी सबैलाई समावेश गरिएको छ समेटिएको छ, त्यसैगरी नीति कार्यक्रम र बजेट जब अंकमा आउँछ, त्यतिबेला सम्मन संसद् र सरकारको यही सहकार्य यही सम्बन्ध र यही विश्वास रहिरहनेछ मैले यो विश्वास गरेको छु । गत साल हामीले नीति कार्यक्रमपछि जब अंकमा बजेट ल्याउनुपर्ने भो अरुलाई त कति अप्ठेरो भो त्यसको मूल्याङ्कनै गर्न सकिन्न । माननीय सांसदहरूले

सरकारलाई भेट्नै गाह्रो हुने अवस्था सिर्जना भयो । सडकमा भौतारिएर हिंड्न पर्ने अवस्था भो । त्यसकारण म अझैं थुप्रै समय छ, मलाई विश्वास छ जब बजेट अंकमा आउनेछ, त्यतिसम्मनका लागि यो विनियोजन विधेयकमा समावेश भएको समावेशी समानुपातिक सबै कुराहरू जुन ढंगले आएको छ, यसलाई अक्षरस: पालना गरी कोभिड-19 लाईपरास्त गर्न आज विश्व मानव जात जसरी एक भएर अदृश्य शक्तिका विरुद्धमा लडिरहेको छ, त्यसैगरी कर्णाली प्रदेश सरकारले पनि समग्र कर्णाली प्रदेशका आम नागरिकहरूका लागि सबैखाले अदृश्य शक्तिहरूलाई परास्त गर्न सबै जिल्ला, सबै स्थानीय तह र सबै प्रदेश समान ढंगले अफ्ठ्यारो परिस्थितिमा छन् । विकासले सबै भोको छन्, सबै ठाउँमा थुप्रैखालका समस्या छन्, सबैलाई सबैलाई समान ढंगले समावेश गरेर जान पर्छ भन्ने धेयका साथ अगाडी बढ्नुहुनेछ भन्ने त्यो विश्वास गरेको छु । जस्तै यतिबेला हाम्रासामु कोभिड-19 ले जुन चुनौती दिइरहेको छ, यसमा अझैं व्यवस्थित ढंगले जस्तो भारत हाम्रो एउटा छिमेकी राष्ट्र र नेपालको सबैभन्दा श्रम रोजगारको मा जाने हाम्रो मुलुक भाको कारणले भारत लगायतका विश्वका विभिन्न देशहरूमा रहेका नेपालीहरूलाई आफ्नो देशमा फर्कने वातावरण बनाई उनीहरूलाई उत्पादन, कृषि र रोजगारीको वातावरण सिर्जना गर्ने यो किटानीसहित उल्लेख गरेको भए अझैं राम्रो हुन्थ्यो । यी कुराहरूलाई हामीले यसमा ल्याएको भए राम्रो हुन्थ्यो । हामीले भनिरहेका छौं, विशेषगरी यति बेला यो महामारीलाई परास्त गर्नका लागि हामीले हाम्रा नागरिकहरूलाई हरेक ढंगले अधिकार सम्पन्न अर्थात उनीहरूको जीवनलाई सुरक्षित पार्नका लागि सरकार एउटा अभिभावको भूमिकाका रूपमा अगाडी बढ्नपर्छ । यहाँ थुप्रै कुराहरू आइसक्या छ । पूर्ववक्ता माननीयहरूले पनि राख्नुभाछ । यसमा मेरो समर्थनसहित खाद्यान्न भन खाद्यान्न भण्डारण, स्वास्थ्य, शिक्षा, उत्पादन कृषि र रोजगारीमा यतिबेला हामीले विशेष बजेटको व्यवस्थापन गर्न पर्छ । हामीले शिक्षालाई नकार्न मिल्दैन किनकि अहिलेको ग्लोबलाइजेसन आज महामारीले त्यो अवस्था सिर्जना ग्लोबलाइजेसन ओपन नभए पनि केरे विश्व यतिबेला लकडाउनमा भए पनि हामी यतिबेला यो कोरोना भाइरस कति समयसम्म निश्चित हुने भन्ने निश्चित छैन । यसको दुई चार हप्ता दुई चार महिना एक दुई वर्ष पनि जान सक्छ । त्यसकारण हाम्रो सिङ्गो भविष्य बोकेका भोलिका यो मुलुकको भविष्य बोकेका ती कर्णधारहरूको सुन्दर भविष्यलाई नजरअन्दाज गर्न मिल्दैन । हामीले राज्यका हरेक अंगहरूमा सक्षम योग्य व्यक्तित्व निर्माण गर्न त्यो पहिलो आधार भनेकै त्यो शिक्षा हो । त्यसकारणले अहिले हामीले अबको यो लकडाउनमा पनि विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा कसरी आर्जन गर्न सक्छौं ? अहिले हाम्रो प्रविधिमैत्री गुणस्तरीय शिक्षा हामीले अहिले पनि अध्यापन गराउन सक्छौं । हुन त हाम्रो भौगोलिक बनावटका कारण थुप्रै खालका समस्याहरू छन् नभाको होइन् । यद्यपि यो समस्याका बीचमा पनि अहिले भइरहेको कर्णाली प्रदेशका दुईटा भूगोल जसरी हिजोको भेरी र अहिलेको राप्ती हिजोको राप्ती साविकको कर्णाली यो अवस्था ती दुईटाखालको भूगोललाई फरक ढंगले शिक्षा एउटा गुरुयोजना बनाएर हामीले अध्यापन गराउने वातावरण सिर्जना गर्न सक्ने अहिले पनि गर्न सकिन्छ । त्यो खालको

एउटा हामीले शैक्षिक क्षेत्रलाई पनि विशेष कोट गरेर बजेटलाई अलि केन्द्रित गरेर हामीले अहिलेको टेक्नोलोजीलाई प्रयोग गरेर गुणस्तरीय शिक्षा अध्यापन गराउने वातावरण सिर्जना गराउनुपर्छ म यो कुरा राख्न चाहन्छु । सभामुख महोदय, हामीले कोभिड-19 जो कोरोना भाइरस कर्णाली प्रदेशमा पनि जुन ढंगले आज प्रवेश गरिरहेको छ आज कहालीलाग्दो अवस्था हेर्ने हो भने मलाई लाग्छ, दैलेख सुर्खेत यतिबेला सबैभन्दा बढी कोभिड-19 को जोखिममा परेको छ । यद्यपि म पुन: फेरि दोहोऱ्याउन चाहन्छु । यदि यो कोरोना भाइरसलाई अन्त्य गर्नको लागि नागरिक र अधिकार सम्पन्न अर्थात हामी सुरक्षित छौं आत्मबल बढाउनका लागि सरकारले गम्भीर ढंगले अहिले पनि आरडिटि र पीसीआरलाई द्रुतगतिका साथ उपचार गर्ने वातावरण सिर्जना अगाडी गरिएन र बजारमा भइरहेको अहिले पनि हेर्नुहुन्छ भने थुप्रै खालका दलालहरूले थुप्रै खालका माफियाहरूले खाद्यान्नदेखि लिएर विभिन्न ठाउँमा जुन अहिले महँगीदेखि लिएर थुप्रै खालका यी प्रवेशहरू गरिरहेका छन् । यो अवस्था हेर्ने हो भने भोलिका दिनमा यो कहालिलाग्दो रूपमा चाहिँ उपस्थित हुने देखिएको छ त्यसकारण सभामुख महोदय, सभामुखमार्फत् म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, यद्यपि सरकारमा कर्णाली प्रदेश सरकारमा सुर्खेत र दैलेखको प्रस्तुति नभएपनि कर्णाली प्रदेश सरकारले एउटा जिम्मेवार अभिभावकको भूमिका निर्वाह गरेर तत्काल अव्यवस्थित रूपमा रहेका क्वारेन्टाइनमा रहेका ती नागरिकहरूलाई व्यवस्थित रूपमा राख्न र ती नागरिकहरू जुन अहिले अत्यन्तै मानसिक रूपमा पनि तनाव र हरेक खालको अर्कै खालको जुन परिस्थिति निर्माण भको छ, एकदम गम्भीर रूपले आँकलन गरेर उनीहरूलाई तत्काल आरडिटी र पिसीआर गराएर उनीहरूको सुरक्षित हुने वातावरण सिर्जना गरियोस् म यो आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री यामलाल कँडेल, समय ७ मिनेट ।

**माननीय श्री यामलाल कँडेल:** सभामुख महोदय, आज हामी आगामी विनियोजन विधेयक सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिगतका सम्बन्धमा छलफल गर्न गइराछौं । विषयमा विषय केन्द्रित छलफल हुँदाहुँदै पनि धेरै विषय यहाँ उठे । विषयतिर केन्द्रित हौं वा कार्यसूचीसँग केन्द्रित हौं वा विषयतिर केन्द्रित हौं म द्विविधामा छु । यद्यपि मलाई तोकिएको समय निश्चित छ, यो दलीय व्यवस्था छ, केही प्रश्नहरू यहाँ उठेका छन्, म त्यलाई सांकेतिक रूपमा म आफ्नो धारणा राख्न चाहन्छु । त्यसपछि म विषयमा जान चाहन्छु र म अनुरोध गर्न चाहन्छु, यसकारणले कि कार्यक्रम अनुसार स्वयम् मन्त्रीज्यूले जवाफ दिने कार्यक्रम छ । उद्घाटनमा पनि धेरै कुरा उठे हिजो मुख्यमन्त्रीले पनि कति सम्बोधन गर्नुभयो अहिले मन्त्रीजीले पनि सम्बोधन गर्ने विषयसूची मैले देखिरहेको छु । यो दलीय व्यवस्था हो, जे प्रश्न उठिरहेका छन् स्केप हुँदा व्यक्ति स्केप हुन सक्छ तर पार्टी स्केप हुन सक्दैन । उठाउनेले किन उठाउनुभयो म यहाँ प्रश्न गर्न चाहन्न तर म त्यो दलको एउटा सभासद्को नाताले म पनि सरकारको ध्यानाकर्षण गर्न चाहन्छु कतिबेला कसरी तपाइँहरूले जवाफ दिन मिल्छ त्यो तपाइँहरूको कुरा हो तर प्रश्नबाट मुद्दाबाट भाग्न भाग्ने कुरा व्यक्तिका निम्ति सज उपयुक्त हुन सक्ला तर पार्टीका निम्ति उपयुक्त हुँदैन । यो भूगोलको पार्टी होइन यो नेकपाको पार्टी

हो, नेकपाको सरकार हो । कसलाई के गर्ने कुरा त्यो तपसिलको कुरा हो । त्यसकारणले म नेकपाको सरकार त्यो आधारबाट अगाडी बढ्ने गरी आफ्ना प्रस्तुतीहरू राख्नका निम्ति राख्न चाहन्छु र विषयसँग जान चाहन्छु र यो तेस्रोपटक यस्तो दस्तावेजमा छलफल गर्दैछौं । संरचना उही छ वा जे सरकार थियो त्यहि सरकार छ । जो प्रस्तोता हुनुहुन्थ्यो त्यही उही प्रस्तोता हुनुहुन्छ । परिस्थिति कोभिड मात्रै बदलिएको छ, त्यसकारणले भन्न चाहन्छु, लेखिएका सबै कुरालाई सिद्धान्त भन्न मिल्छ कि मिल्दैन । त्यसमा मन्त्रीज्यू जानकार हुनुहुन्छ । बजेट बनाउने आधार भन्न सकिएला सिद्धान्तै भन्नका निम्ति केही चिज चाहिन्छ होला, त्यसमा हेक्का राखौं । जब संर प्रस्तोताको संरचना उही छ, व्यक्ति उही छ भने सिद्धान्त र उद्देश्य एउटै बनाइएन भने त्यले के असर पार्छ त्यसमा उहाँ जानकार हुनुहुन्छ जस्तो लाग्छ । समय संक्षिप्त भाहुनाले म अनुभवका आधारबाट यो नीतिमा यी कुरा उल्लेख गरिएको भए, उल्लेख गरिएका कुराहरू म अहिले तिर जान चाहन्न किनकि समय छैन तर यो यो का दस्तावेजमा नीति क नीतिमा निम्न कुरा निम्न कुराको पनि म व्याख्या गर्न चाहन्न किनभने समयले साथ दिदैन । यो नीतिमा के मैले के ठानिरहेको थिएँ भने आजसम्मको अनुभवका आधारबाट हाम्रो कार्यान्वयन क्षमता बढाउने के कुरा सोचियो त ? कार्यान्वयन भनेको बजेटको कार्यान्वयन भनेको त त्यो निराशाजनक छ । त्यसकारणले यो नीतिमा बजेट कार्यान्वयनको क्षमता वृद्धि गर्न सक्ने गरी हामीले के नीति बनाउन पर्थ्यो ? के गर्न जरुरी थियो ? त्यो कुरा उल्लेख गर्ने कुरामा ध्यान दिंदा सरकार फलदायी बन्न सक्ने अवस्था रहन सक्थ्यो । म यसमा एउटा यो विषय राख्न चाहन्छु । दोस्रो विषय, हामी सधैंभरि अनुदानमा भर पर्ने वा हाम्रो आन्तरिक स्रोत बढाउने तरिका के हो ? त्यतातिर अलि ध्यान बढी ध्यान केन्द्रित गर्ने अवस्था थियो । बा माथिबाट प्राप्त गरेको चिजको बाँडफाँड मात्रै गर्ने वा व्यवस्थापक मात्रै बन्ने वा आफैले आम्दानी गर्ने कुरा के हो ? हाम्रो कर्णाली प्रदेशको सन्दर्भमा पहिलो वर्ष त हामी पहिलो चोटि थियौं, आज हामी तेस्रो बजेट वा तेस्रो चौथो बजेट तेस्रो नीति यस्तो किसिमको छलफलमा छौं भने आन्तरिक स्रोत बढाउने तरिका कसरी अगाडी बढ्ने कुरा हुनथ्यो त्यो कुरा यसमा लेखिनुपर्थ्यो । आर्को आजसम्म पनि बजेट बन्दैछ, मान सबै माननीय जानकार हुनुहुन्छ भन्ने थाहा छैन तर योजना कसरी छ बन्छ ? कुनै विधि तय छैन । यद्यपि हामीकहाँ योजना आयोग बनाएको छ, त्यले एउटा दस्तावेज प्रकाशित गरेको छ, त्यसको म प्रारम्भिक अध्ययनमा छु म अहिले धेरै त्यत्रो विद्वानले निकालेकोमा अहिले नै टिप्पणी गर्न चाहन्न तर योजना छनोट कसरी हुन्छ ? प्रक्रिया के हो ? विधि के हो ? यो पहिले नै प्रष्ट पार्ने कुरा गरेको भए मलाई लाग्छ, जनता पनि सचेत हुने, जनप्रतिनिधि पनि सचेत हुने, माननीय सदस्यहरू पनि त्यो बाटोबाट जान पर्ने कुरा हुन्थ्यो त्यो कुरामा यसमा प्रष्टता हुनुपर्ने कुरा रहन्थ्यो । त्यस्तै प्रक्रिया त एउटा भयो । छनोट कसरी हुन्छ त ? यसका बारेमा यस्ता नीतिगत कुराहरूका बारेमा प्रष्टता पार्ने कुरा गरेको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । अर्को छनोट कसरी हुन्छ खर्च कसरी गर्ने ? अब यहाँ खर्च गर्ने के छ भने अघि पनि उठ्याछ, म पनि धेरै जाँदा अध्ययन गरी नसक्ने तहमै हुँदा रहेछन्

। आज हामी तीन वर्ष पुग्दाखेरि पनि ऐनबाट होइन, नियमावलीबाट होइन, कार्यविधिबाट सबै बजेट खर्च गरिराछौं त । के यसले सुशासन कायम गर्छ, के आर्थिक अनुशासन कायम हुन्छ ? अनि कार्यविधि पनि कोले तय गर्छ त भन्दा सामुहिक पनि छलफल हुँदैन रे । जुन मन्त्रीले जुन योजना छ ए चलाइरहनु भएको छ, वा जुन मन्त्रालयले जुन योजना चलाइराछ, त्यही मन्त्री तहबाट नै कार्यविधि तय गरेर आज एउटा तय हुन्छ, काम गर्दै गयो फेरि भोलि अर्को तय हुन्छ । त्यसबाट छलफल, छलफल गर्न कुरा के उपयुक्त हुन्छ ? के त्यसैलाई नै राम्रो ठानिरहनुभएको छ । होइन, त्यलाई सुधार गर्नुपर्ने जरुरी छ भने यो खर्च गर्ने जुन तरिका छ, कानून पुऱ्याउने जुन तरिका छ वा कार्यविधिबाट नै तीन वर्षपछि पनि खर्च गर्ने जुन तरिका छ यसका बारेमा मलाई लाग्छ, ध्यान दिन जरुरी छ, नीति बनाउन जरुरी छ, धारणा बनाउन जरुरी छ, म यो सुझाव स्वरूप राख्न चाहन्छु । त्यस्तै अर्को आर्थिक अनुशासन यत्रा धेरै प्रश्न उठिराछन् । उठेका उठे छन्, यसबीचमा माननीय सदस्यहरू संसदीय समितिमार्फत अनुगमनमा जानुभाछ । मैले प्रारम्भिक रूपमा सोध्दा कसैको पनि राम्रो कुरा छैन तर एउटा पनि कहीं पत्ता लागेको पनि छैन, एउटा कुनै कारबाही भाछैन तर सरकारमा रहेका बाहेक सबै हामी के भन्छौं भन्दा बेठीक भइराछ, आर्थिक अनुशासन तीन वर्षको अनुभवमा के हो त तपाईंको वा सरकारको कसरी आर्थिक अनुशासन कायम गर्न सकिन्छ त ? यो कुरालाई यसमा समेटेर जानुपर्ने हो । आर्को सुशासनको कुरा, हुन त सात वटा प्रदेशमध्ये ओएनएम सर्वे गरेर आफ्नो संरचना गर्नुभो तर म भन्न चाहन्छु, अनुरोध गर्न चाहन्छु, त्यो ओएनएम सर्भेको जे ढाँचा छ, त्यो कायम रहँदासम्म तपाईंले भनेको सुशासन गर्ने कुरामा के सार्थक रहन्छ ? खरदार हाकिम अधिकृत लेखा अधि अधिकृत लेखा अधिकृत हुने व्यवस्थाले सुशासन कायम हुन सक्छ ? मेरो विचारमा मैले विचार गरिन, त्यले रहँदैन त्यसमध्ये पनि ९ वटा जिल्लामा कार्यालय छ, जहाँ ४ वटा निर्वाचन क्षेत्र छ । जहाँ जनसंख्या छ, त्यहाँ कार्यालय राख्नुभाछैन त अनि त्यले सुशासन कायम गर्छ त ? गर्दैन त । त्यस्तै अर्को गम्भीरतापूर्वक हाम्रो परिस्थिति त्यस्तो छ, चालु वर्षका योजनाहरू यही वर्षमा सकिन्छन् तर समयका कारणले कोभिडका कारणले गर्दा यही वर्ष नियमले यही वर्ष सकिने तर दायित्व सिर्जना भएका योजनाहरूलाई यो वर्ष के गर्नुहुन्छ त ? समय अवधिले सकिन्छ तर दायित्व सिर्जना भइसकेका छन् ती योजनाहरू यो वर्ष आउँदा, अर्को बजेट आउँदा के गर्नुहुन्छ अब ? समय सकियो छोड्दिनु हुन्छ, त्यसो हो भने त्यो दायित्व सिर्जना भएको अवस्थालाई कसरी समाधान गर्नुहुन्छ ? यतापट्टि गम्भीरतापूर्वक ध्यान जाँदा मलाई लाग्छ एउटा ध्यान दिनुपर्ने पाटो । अर्को म व्याख्या गर्न चाहन्न योजनालाई नै व्यवसाय बनाउने प्रवृत्ति हाम्रो प्रदेशमा अलि हावी देख्छु त्यलाई तपाइँ कसरी निरुत्साहित गर्नुहुन्छ । के छ तपाइँहरूको सोच ? सरकारको सोच के छ ? त्यो आधारबाट अगाडी बढ्नपर्ने हुन्छ । अब सन्तुलित बजेट त विगतको छलफल हेर्दा सबैले तारिफ गर्नुभाछ तर सबैले तर लाउनुभाछ । कारण के हो त भन्दा विश्वासको संकट छ । बजेट पास भो म सुन्दैछु मलाई थाहा छैन । अहिले नै असन्तुलित बजेट बन्ने गरी दायित्व सिर्जना गर्ने गरी सरकारले योजना

छानिसक्या छ रे त । भन्नुहुन्छ सन्तुलित बजेट यही बीचमा तपाइँहरूले छानेका कतिपय योजना र बजेटले असन्तुलित बजेट बन्ने गरी आधार र दायित्व सिर्जना गर्ने गरी सरकार अगाडी बढीसकेपछि कसरी सन्तुलित बजेट बन्न सक्छ ? म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु कि आज परिस्थिति विषम छ । हामी सप्पैले अगाडी बढाउनु पर्ने एउटा अवस्था छ । लामो समयसम्म राम्रो काम गर्नुभो सानो कुरामा तलवितल गरियो भने बाहिर रहेको आवेग र उत्तेजनाले वर्षदिनभरि वा तीन वर्षसम्म तपाइँहरूले गर्नुभएको कामले तपाइँहरूलाई मात्रै हैन, नेकपा पार्टीप्रति सार्वजनिक प्रश्न खडा हुने अवस्था सिर्जना हुन्छ । त्यसकारणले मैले विषयगत रूपले मात्रै यिनी कुरा ती तपाईँले उल्लेख गरेका कुराको साथसाथै यिनी कुरा पनि उल्लेख गरेर जानुभएको भए व्यवहारका आधारबाट आगामी दिनको बजेट अलि परिष्कृत हुन सक्थ्यो । त्यसबाट तपाइँलाई बाँधिन सजिलो हुन्थ्यो तर मेरो विचारमा के लाग्छ भने यहाँ यो पास गर्ने अघि पूर्ववक्ता माननीय सदस्यले भनेसि अब बजेट ल्याउँदा वा अंक ल्याउँदा प्रस्तोताहरू नै पल्ला भारी हुने गरी बजेट त छँदैछ । वहाँहरूले त त्यसैलाई राख्नु भो भने नि बजेट भइसक्यो । अनि सन्तुलित कसरी हुन्छ ? अहिलेका चुनौतीहरूलाई कसरी सामना गर्न सकिन्छ र दायित्व सिर्जना भएर बसेका योजनाहरूलाई तपाइँले कसरी रकमको व्यवस्था गर्नु सक्नुहुन्छ ? त्यसैले विगतको भन्दा अहिले बजेट प्रस्तुत गर्ने कुरा मलाई लाग्छ परिस्थितिले अलि कठिन छ । त्यसमा हेक्का राखेर सरकारले जनताका बीचमा राम्रो बजेट ल्याउने गरी अगाडी बढ्ने कुरामा आज हामीले छलफल गरिरहेको । यो छलफल र तपाइँले प्रस्तुत गर्नु भएको दस्तावेज कामयावी होस् यही शुभेच्छा शुभकामनासहित विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्राविधिक कारणले यो बैठक २० मिनेटका लागि स्थगित हुन्छ ।

a}7s ;¥of-$ -lgoldt_

**माननीय सभामुख:** माननीय सदस्यहरू, २० मिनेटका लागि स्थगित बैठक सुरु हुन्छ ।

माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयवस्तुमा माननीय सदस्यहरूले छलफलको क्रममा राख्नुभएका जिज्ञासा तथा सुझावहरूलाई आगामी बजेट र कार्यक्रममा समावेश गर्ने सम्बन्धमा प्रदेश सरकारको धारणा राख्न कर्णाली प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वालालाई समय दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री प्रकाश ज्वाला:** माननीय सभामुख महोदय, अँह आज कर्णाली प्रदेशको आगामी वर्षको बजेटका सिद्धान्त, प्राथमिकता तथा प्रमुख नीतिहरूको सम्बन्धमा प्रदेश सभाका माननीय सदस्यहरू हिजो र आज दुई दिनसम्म जसरी यो सम्मानित सदनमा महत्त्वपूर्ण सुझाव दिनुभको छ आफ्ना भनाइहरू राख्नुभको छ । त्यसका निम्ति म

सबै माननीय सदस्यज्यूहरूलाई माननीय सभामुखज्यूमार्फत् धन्यवाद ज्ञापन गर्न चाहन्छु । वास्तवमा कर्णाली प्रदेशको आगामी आर्थिक वर्षको बजेटका सिद्धान्त, उद्देश्य, प्राथमिकता तथा प्रमुख नीतिहरू कर प्रस्ताव बाहेकका सम्बन्धमा प्रदेशसभाका माननीय सदस्यहरूको यो छलफलमा जसरी एउटा सहभागिता देखियो, यसमा जुन चासो देखियो र यसमा अत्यन्त गहन छलफल गरेर यतिबेलाको विषम परिस्थितिमा नागरिकको जीवन रक्षाका लागि कोभिड-१९ को नियन्त्रणलाई कसरी प्राथमिकतामा राख्ने र बजेटमा सम्बोधन गर्ने सम्बन्धमा सुझाव आए सुझावहरू आएका छन् र त्यस्तै गरी अन्य महत्त्वपूर्ण विषयहरूमा यहाँहरूले धेरै सुझावहरू जिज्ञासाहरू राख्नु भको छ र माननीयज्यूहरूका सुझावहरूलाई म आत्मसाथ गर्दै जसरी यो बजेटका प्राथमिकता तथा सिद्धान्त तथा प्राथमिकताहरूलाई यहाँहरूले समर्थन गर्नुभएको छ, त्यसको निम्ति हृदयदेखि धन्यवाद दिन चाहन्छु र माननीय सदस्यज्यूहरूले दिएका सुझावहरूलाई मार्गदर्शनको रूपमा ग्रहण गर्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु । र यहाँ सुझावहरू पनि आएका छन्, केही जिज्ञासाहरू आएका छन् । सुझावहरू ग्रहण गर्ने कुरा हो, तिनीहरूलाई बजेटमा सम्बोधन गर्ने प्रतिबद्धता जाहेर गर्न कुरा हो । म फेरि पनि कुनै आशंका नगरेर यहाँहरूले विश्वास गर्नका निम्ति म अनुरोध गर्न चाहन्छु र हाम्रो क्षमता अब आफ्नो हाम्रो चाहिँ बजेटको सीमा छ निश्चित । त्यो क्षमतालाई पनि ध्यानमा राखेर र अहिलेको विशेष परिस्थितिको गम्भीरतालाई आत्मसाथ गरेर माननीय सदस्यहरूले दिएका सुझावहरूलाई हामी बजेटमा सम्बोधन गर्ने एकपटक फेरि प्रतिबद्धता जाहेर गर्न चाहन्छु । र केही जिज्ञासाहरू जो यहाँहरूले उठाउनुभएको छ, त्यसको म चाहिँ एकदम विषय-विषयमा गएर लामो जवाफ दिने पक्षमा म छैन । मूलत: यहाँहरूले जे-जति कुराहरू राख्नुभको छ, राम्रोको निम्ति कर्णाली प्रदेशमा यतिबेला देखा परेको जो महामारी विश्वमहामारीको रूपमा देखा परेको कोभिड-१९ कर्णाली प्रदेशको निम्ति पनि सबैभन्दा ठूलो चुनौती स्वाभावीक रूपमा सबभन्दा ठूलो चुनौतीको रूपमा देखा परेको छ र म यो रोष्टममा उभिदासम्म ३८ जना व्यक्तिहरू संक्रमित देखिसकेका छन् । अब आज अघि माननीयज्यूहरूले पनि बताउनुभयो, आज मृत्यु भएका व्यक्ति पोजेटिभ देखिएको भए अझ स्थिति भयावह जस्तो रूपमा देखिन्थ्यो । उनी चाहिँ सङ्क्रमित रहेनछन्, अब त अरु कारणले मान्छे मर्दा पनि कोरोनाको कारणले हो कि भन्ने एउटा जगजगी एउटा आशंका स्वाभाविकरूपमा मान्छेहरूमा छ, फेरि इण्डियाबाटै आएको भन्दाखेरि त त्यो शंका आउनु स्वाभावीक पनि हो । त्यो केश एक किसिमले अब टुङ्गि पनि सकेको पनि छ । अझै जसरी पनि यो बीचमा अब परीक्षण कीटको अभावले गर्दाखेरि हाम्रा पनि त्यसमा सीमा छन्, यहाँहरूले त्यो बुझ्नुहुन्छ । जसरी जति धेरै यो चाहिँ परीक्षणको दायरा बढाउनुपर्थ्यो, त्यति सकिएको छैन । यो दायरा बढाउँदै जाँदाखेरि सङ्क्रमितको संख्या बढ्ने निश्चित जस्तै देखिन्छ । यो त अझै ठूलो च्यालेन्ज छँदैछ । अहिलेसम्म दुईवटा जिल्लामा मात्रै देखिएको छ किनभने सबभन्दा बढी परीक्षण यही भएको हो छ । त्यसकारणले यहाँ सबभन्दा बढी देखिएको होला, अब अलिकति उत्तरका केही दुर्गम जिल्लाहरूमा यो जोखिम कम पनि होला किनकि इण्डियबाट हाम्रो त यहाँ कर्णालीमा देखा

परेको भनेको एकजना काठमाडौंमा हस्पिटलबाट चाहिँ आएको मान्छे सङ्क्रमित देखिए अरु चाहिँ इण्डियाबाट आएका मात्रै देखिए । अब अहिलेसम्म एउटा चाहिँ एउटा अवस्था के हो भने यहाँ पहिले देखि प्रदेशमै अथवा घरमै भएका मान्छेमा सङ्क्रमित देखिएको छैन । त्यस्तो हुँदाखेरि यो दोस्रो चरणमा अर्थात पहिलो चरणबाट बाहिरबाट आएका बाहेकमा देखा परेको छैन । यो एउटा चाहिँ एउटा सामान्य अवस्था हो । समुदाय तहमा गएको छैन । हामीले यही रूपमा राख्न सकियो भने पनि यो ठूलो सफलता हुन्छ । यसका निम्ति सबै एकजुट हुनु जरुरी छ । यो अब कसैको चाहिँ सत्रु कसैको चाहिँ यो कसैका निम्ति मित्र पनि होइन, यो सबैको साझा सत्रु हो । यसका विरुद्ध लड्नु नै अहिलेको हाम्रो सबभन्दा मुख्य दायित्व हो र यो बजेटका सिद्धान्त र प्राथमिकताका बारेमा माननीयज्यूहरूले आफ्ना कुरा राख्दा पनि केन्द्रविन्दू चाहिँ कोभिड-१९ लाई बनाउनुभको छ । म त्यसका निम्ति धन्यवाद दिन चाहन्छु । विश्व विश्वमा यस शताब्दीकै गम्भीर संकटको रूपमा देखिएको कोभिड-१९ महामारीबाट मानव सभ्यतामाथि नै एउटा संकटको उत्पन्न भएको अवस्थामा यसको सामना गरी नागरिकलाई सुरक्षित गर्न प्रदेश सरकार सुरुदेखि नै गम्भीर रूपमा लागेकै छ । जनताको जीवन रक्षा गर्न प्रदेश सरकार पूर्ण प्रतिबद्ध पनि छ । यस विषयमा यस विषम परिस्थितिमा कोरोना संकट सम्बोधन हुने गरी कोरोना केन्द्रित बजेट तथा कार्यक्रम ल्याउने कुरामा पनि म प्रतिबद्धता जनाउन चाहन्छु । हाम्रो फोकस हाम्रो केन्द्रविन्दू अहिले चाहिँ मान्छेको एउटा जीवन रक्षा गर्ने कुरा मान्छेको ज्यान बचाउने कुरा बाँचेपछि नै अरु सबै कुरा हुन्छ भनेर जसरी यहाँहरूले भन्नुभको छ । त्यो कुरामा म पूर्णरूपमा सहमत छु र मान्छे बचाउने गरी बजेट केन्द्रित हुन्छ । अर्थात जसरी सिद्धान्त र प्राथमिकताको एउटा केन्द्रविन्दूको रूपमा महामारी र भोकमरीबाट कर्णालीवासीलाई बचाउने कुरालाई फोकस गरियो । यहाँहरूले पनि त्यो कुरालाई हाइलाइट गर्नुभो यसैमा हामी केन्द्रित हुन्छौं । महामारी र भोकमरीबाट मान्छेलाई बचाउने कुरा अरु धेरै कुरा बाँचेपछि पछि गर्न सकिन्छ । हामीले बाँचेपछि म गर्ने समय धेरै हुन सक्छ । अहिले मान्छेलाई बचाउने कुरा मान्छेको चाहिँ जीवन रक्षा गर्ने कुरा प्रमख कुरा हो । पहिलो नम्बरमा महामारीबाट माहामारीबाट तत्कालै मान्छेलाई बचाउनुपर्ने छ । अनि केही समयपछि अब यो महामारीको जुन छ त्यो भायावह स्थिति छ । त्यो बढ्दै गयो भने खाद्यसंकट पनि बढ्ने, आयात पनि नहुने, अनि उत्पादनमा चाहि असजिलो हुने, अझ सुनिदैछ यो अरु खालका चाहिँ महामारी पनि सलह चाहिँ कता दिल्लीसम्म आइपुग्यो भन्छ । त्यो सलह नै प्रवेश पो गर्ने हो कि त्येले भोलि उत्पादन खत्रकै थला पढ्ने अवस्था हुन सक्छ । यस्ता एकदम चाहिँ अहिले पनि चुनौतीसँग लड्नुपर्ने मुकाविला गर्नु परिरहेको छ । सम्भावित चुनौतीको चाहिँ संघारमा पनि छौं । त्यस्तो अवस्थामा मान्छे बाँच्ने कुरा अनि एउटा भनाइ पनि छ, सामान्य रूपमा चाहिँ एउटा हुलहालमा ज्यूँ जोगाउनु, अनिकालमा बीउ जोगाउनु भन्याजस्तै अहिले चाहिँ मान्छेको ज्यूँ जोगाउने कुरा बीउ जोगाउने कुरा मुख्य कुरा हो । यसमा चाहिँ क्याटगोरिकल्ली यहाँहरूले अब यहाँहरूले यो त तपाईंहरूले सामान्य रूपमै सुझाव दिनु भको छ, किटानीका साथ

तपाइँहरूले चाहिँ सुझाव दिनुहुनेछ । एकदम अनेस्टली इमानदारीसाथ ती सुझावहरू ग्रहण गर्ने कुरा तपाइँहरूसँग राख्न चाहन्छु । अनि महामारी र भोकमारीबाट मान्छेलाई जोगाउदै अनि रोजगारीसँग जोड्ने कुरा । फेरि मान्छेलाई काम त दिनु पऱ्यो, त्यसकारण हाम्रा अबका विकास निर्माणका आगामी आर्थिक वर्षका निर्माणका कार्यक्रमहरू रोजगारीसँग जोडिन्छन् । रोजगारी नदिने खालका योजनाहरू हामी छनोट गर्दैनौं । हामीले चाहिँ कूलो बनाउनु पऱ्यो भने पनि मान्छेलाई रोजगारीसँग जोड्छौं । खानेपानीको कार्यक्रम होला रोजगारीसँग जोड्छौं अथवा सडककै कुरा होला रोजगारीसँग जोड्छौं । भवन बनाउने कुरा होला रोजगारीसँग जोडेर रोजगारी पनि आफ्नै प्रदेशमा सिर्जना गर्नुपऱ्यो किनभने हजारौंहजार मान्छेहरू अब ठ्याक्कै एक्ज्याक्ट डाटा त हामीसँग अहिले पनि तयार भाछैन किनभने आउनेक्रम पनि जारी छ । त्यसैले हामीले चाहिँ मान्छेलाई रोजगारीसँग जोड्ने, उत्पादनसँग जोड्ने र कमसेकम चाहिँ हामी आफ्नै प्रदेशभित्र आफ्नै गाउँमा बाँच्न सक्ने अवस्था सिर्जना गर्ने कुरा नै प्राथमिकताको कुरा हो । यसमा कसैको बीचमा द्विविधा पनि छैन । माननीयज्यूहरूले त्यो अनुसार बजेट आउँछ कि आउँदैन भन्ने मात्रै एउटा यक्ष प्रश्न गर्नु भएको छ । त्यो प्रश्नले हामीलाई अत्यन्तै धेरै गम्भीर बनाएको छ । यो कुरा चाहिँ बजेट बनाउँदा ध्यानमा राखिन्छ । अब जस्तो चाहिँ कोभिड-१९ नियन्त्रण, रोकथाम, प्रतिकार्य र उपचारका सम्बन्धमा बजेट चाहिँ क्याटगोरिकल्ली हामीले चाहिँ एउटा मैले चाहिँ एक किसिमको प्लान गरेको के हो भने पहिलो नम्बरमा कोरोना नियन्त्रणका लागि क्वारेन्टाइन व्यवस्थापन गर्न अहिले भर्खरै । क्वारेन्टाइनलाई व्यवस्थापन गर्ने परीक्षणको दायरालाई बढाउने समुदायसम्म पुऱ्याउने त्यसका निम्ति आवश्यक पर्ने चाहिँ सामाग्रीहरू कीटहरू चाहिँ बढीभन्दा बढी चाहिँ उपलब्ध गराउने कुरा हामीले चाहिँ संघीय सरकारसँग पनि बारम्बार अनुरोध गरिरहेका छौं । त्यस्तैगरी हामीले पनि बजेट छुट्याएर आफैले सरकारले खरिद गर्न अथवा सरकारका निकायहरूले खरिद गर्ने पनि काम गरिरहेका छौं । क्वारेन बाहिरबाट आएका मान्छेलाई क्वारेन्टाइनमा राख्ने अनि त्यसपछि परीक्षण गरेर उसको चाहिँ पोजेटिभ भए चाहिँ उपचार गर्ने नेगेटिभ भए चाहिँ गाउँमा पठाउने यही नै अहिलेको चाहिँ मुख्य कुरा हो । यो यही आर्थिक वर्षमा पनि यही काममा केन्द्रित हुन्छौं अब यो चाहिँ आगामी आर्थिक वर्षको निम्ति पनि हाम्रो चाहिँ पहिलो नम्बरमा यो हुन्छ र समुदाय स्तरमा यसलाई फैलिन नदिने कुरामा हाम्रो सबभन्दा बढी ध्यान केन्द्रित हुन्छ । त्यही अनुसार बजेट आउँछ । अनि दोस्रो कुरा भनेको कोरोना परीक्षण र संक्रमितको उपचारका लागि चिकित्सक र स्वास्थ्यकर्मीहरूको सुरक्षालाई ध्यानमा राखेर स्वास्थ्य सामग्री तथा सुरक्षाकर्मीहरूलाई उत्प्रेरित गर्ने अब त स्वास्थ्यकर्मीहरू नै निराश भए भने त अनि त्यसपछि त हामी झन् समस्यामा पर्छौं त्यसैले स्वास्थ्य सामाग्री भयो भने उनीहरू ढुक्क हुने भए एउटा कुरा, अर्को कुरा उनीहरूलाई उत्प्रेरित उत्साहित पनि गरिरहन पऱ्यो । त्यो कुरामा पनि हामी आवश्यक बजेट हामीले प्लान गरेर कतिसम्म खर्च लाग्न सक्छ, हामी अर्थ विविधमा पनि भोलि चाहिँ अलिकति बजेट राखौंला त्यो बजेटबाट पनि नपुग भएपछि हामीले खर्च गर्न सक्छौं, त्यो कुरामा हामी केन्द्रित हुन्छौं । तेस्रो कुरा सङ्क्रमितको

उपचारका लागि अब फेरि सङ्क्रमित भएपछि उपचार गर्न पऱ्यो । सङ्क्रमितको उपचारका लागि चाहिँ हामीले हस्पिटलहरूमा आइसोलेसन बेडहरू विस्तार गर्ने कुरा आईसियूहरू थप्ने कुरा जस्तो हामीले प्रदेश अस्पतालको कुरा गरौं अब चाहिँ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान केन्द्रीय निकायको रूपमा रहेको छ । अब उसँग पनि हामीले कतिपय सवालमा चाहिँ सहकार्य गरिरहेका छौं अहिले । परीक्षणमा पनि राम्रो सहयोग कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले गरिरहेको छ । त्यस्तैगरी अरु जिल्ला अस्पतालहरू र आवश्यकता अनुसार अन्य अस्पतालहरूमा पनि आइसोलेसन, आईसीयू आ यो भेन्टिलेटर र आवश्यक स्वास्थ्य उपकरणका साथै औषधिको व्यवस्था गर्ने र स्वास्थ्य सम्बन्धी पूर्वाधारको अस्थायी संरचना अब फेरि अब स्थायी संरचना बनाउन थालेर त सम्भव नहुन सक्छ । अस्थायी संरचना बनाएर भए पनि जस्तो चाहिँ प्रिफेकको चाहिँ कुनै भवन हुन सक्छ भइरहेको छ भने त्यसैलाई व्यवस्था गरौं नभए अस्थायी संरचना बनाउने गरी हामी उपचारलाई पनि प्राथमिकतामा राखेर बजेट यसरी क्याटगोरिकल्ली हामी चाहिँ यसमा केन्द्रित गर्छौं । अब यो कार्यान्वयन गर्ने कुरामा चाहिँ यहाँहरूले जुन ध्यानाकर्षण गराउनुभको छ, संघीय सरकारसँग पनि समन्वय गर्न पऱ्यो किनभने अब स्वास्थ्य सामग्रीहरूको कुरा छ । त्यसपछि आएर चाहिँ औषधिको कुरा छ । ती तमाम कुरामा चाहिँ संघीय सरकारसँग पनि समन्वय गर्ने स्थानीय सरकारसँग सहकार्य गर्ने, समन्वय र सहकार्य गरेर यसलाई हामी कार्यान्वयन गर्छौं । र अन्य पक्ष अब माननीयज्यूहरूले भन्नु भो हाम्रो भूमिका के हो ? छलफल गरौं के भूमिका निभाउन सकिन्छ । त्यस्तैगरी चाहिँ एउटा चाहिँ नागरिक समाज होला । उद्योगी व्यवसायी होलान् अन्य क्षेत्रमा काम गर्ने मान्छे होलान्, को कसको सहयोग यसमा चाहिँ आवश्यक पर्छ, त्यसका निम्ति चाहिँ हामी सबैको सहयोग लिन तत्पर छौं । अब काम गर्ने क्रममा कतिपय ढङ्ग नपुगेको पनि हुन सक्छ ध्यान नपुगेको पनि हुन सक्छ । इन्टेशनल्ली कसैको सहयोग नलिऔं हामी अल इन अल हामी नै हौं, हामीबाहेक कोही छैन भन्ने ढंगले सरकार चलेजस्तो लाग्दैन । हाम्रो क्षमता जति छ, त्यो क्षमता सम्पूर्ण रूपमा प्रयोग गरेकै छौं । त्यसैले पनि होला हामीले निकै लामो समयसम्म सङ्क्रमितरहीत एउटा चाहिँ प्रदेशको रूपमा राख्न सक्यौं र अहँ हामी अब बाहिरबाट आउनेहरूको जुन प्रेसर भयो, यहाँहरूले पनि देख्नुभको छ । त्यो प्रेसर हाम्रो क्षमताभन्दा बढी भयो के, त्यसले गर्दा केही असावधानीहरू रहेका छन्, केही शतर्कता अपनाउने कुरामा हाम्रो ध्यान पुग्न सकेको छैन होला । त्यसले गर्दा सङ्क्रमितहरू अलि बढी देखिन थालेका छन् तर पनि हामी त्यसमा चाहिँ सबैको सहयोग लिन तत्परै छौं । यसमा म तपाईं यहाँहरू सबैलाई विश्वास दिलाउन चाहन्छु । अब यो कोभिड महामारीको संकटलाई अवसरको रूपमा समेत लिएर अन्य सम्भावित महामारी जस्तो हाम्रो त झाडापखाला पनि हुने गर्छ, अब यो साल त अझ के समय भयो भने यो अन्य चाहिँ समस्याहरू धेरै स्वास्थ्य सम्बन्धित अब यो ओझेलमा परेका हुन् कि नदेखिएका हुन् तर पनि त ती त हामीले सधैं व्यहोर्दै आएका समस्याहरू त छदैछन् त हामीसँग । त्यसैले त्यस्तो चाहिँ कुनै सम्भावित महामारी नियन्त्रण तथा जनताको जीवन रक्षाको लागि जनस्वास्थ्यलाई प्राथमिकतामा राख्दै

अब रेगुलर अरु अन्य हिसाबले पनि मान्छेलाई त फेरि बचाउनु पऱ्यो । महामारीबाट मात्रै बचाउने अर जेसुकै होस् भन्न पनि हामी सक्दैनौं । त्यसैले त्यसका निम्ति पूर्वाधारको कुरा होला, उपकरणको कुरा होला, स्वास्थ्य सामग्रीको कुरा, औषधिको कुराको उचित प्रबन्ध गर्ने गरी अर्को क्याटगोरीमा स्वास्थ्य क्षेत्रलाई यो दुई क्याटगोरीमा गरेर बजेट ल्याउँछौं । यसमा चाहिँ अझैं वि एप ठोस सुझाव यहाँहरूसँग म अपेक्षा गर्न चाहन्छु । हामी ग्रुपमा पनि छलफल गरौंला, व्यक्तिगत रूपमा पनि माननीयज्यूहरूसँग हामी छलफल गर्नेछौं अब नीति कार्यक्रमपछि बजेटमा हामी केन्द्रित हुन्छौं । त्यसपछि अर्को विषय भनेको अब हामी अघि हामीले अघि भनेजस्तै भोकमारीबाट बचाउनुपऱ्यो

महामारीको कारणबाट खाद्यान्न आपूर्तिमा हुने अवरोध र उत्पादनमा आउन सक्ने कमीले कर्णाली प्रदेशमा खाद्यसंकट उत्पन्न भई भोकमरी हुन सक्ने समस्या छ । त्यसरी भोकमरीबाट जनतालाई जगाउनका निम्ति हामी फेरि उच्च शतर्कता अपनाउनु पर्नेछ । अति विपन्न र जोखिममा परेकालाई राहत पनि उपलब्ध गराउनुपर्नेछ । कतिपय व्यक्ति काम गर्न नसक्ने पनि हुन्छन् । रोजगारी खोसिएका व्यक्तिहरू पनि छन् र काम गर्न सक्ने जनशक्तिहरूलाई श्रम सहितको रोजगारीमा लगाउनु पर्नेछ । त्यसैले अब यहाँनेर पनि दुईवटा मा चाहिँ मा किसिमले हामी हेरौं, जस्तो माननीयज्यूहरूले भने जस्तै अब उत्पादन बढाउने त्यसकारण चाहिँ खाद्य आपूर्ति गर्ने अनि चाहिँ भोकमरी हुन नदिने भनेर हुँदैन । हामीले अहिले बाली लगायौं भने बाली अब लगाएकै बालीको अवस्था के छ ? यसै पटक चाहिँ विभिन्न ढंगले चाहिँ मा लगाइएको बाली पनि क्षति भइरहेको छ । अब अहिले चाहिँ बाली लगाउदाखेरि पनि लगाउन पनि कति सहजता अनुकूलता हुने हो ? बीउ, मल आदिको चाहिँ पर्याप्तताको पनि समस्या छ । त्यसैले अब म उत्पादन बढाएर चाहिँ भविष्यलाई चाहिँ हामी खाद्य सुरक्षा गर्ने र अहँ एक किसिमले चाहिँ खाद्यान्नको संकटबाट मान्छेलाई बचाउने, भोकमारीबाट बचाउने त होला तर तत्कालै हामीले गर्नुपर्ने भनेको । यहाँहरूले चाहिँ ध्यानाकर्षण गराएजस्तै अहिलेकै बजेटबाट पनि त्यसमा चाहिँ हामी आगामी वर्षको बजेटमा पनि त्यलाई त्यही ढंगले प्रायरिटीमा राख्छौं, अहिलेकै बजेटबाट पनि अब अरु धेरै काम त नहुने अब खर्च क्षमताको कुरा पनि बताइसक्नु भो । यहाँहरूले चाहिँ ध्यानाकर्षण गराइसक्नु भको छ । त्यसैले खर्च नहुने बजेट त हामीसँग छ । त्यो बजेटलाई हामीले खाद्यान्न संकलनको लागि खरिद संकलनको निम्ति अब त्यसको के तौरतरिका अपनाउनुपर्छ ? हामी त्यसमा छलफल गरेर खाद्यलाई खाद्यान्न भण्डारण गर्ने र त्यसको आपूर्ति गर्ने कुरा । अब जस्तो हामीले सुर्खेतमा कति, राजधानीमा कति क्षमता छ अहिले राख्न सक्ने ? र अनि जिल्ला जिल्लामा हामीले कसरी त्यसको भण्डारण गर्न सक्छौं ? त्यो कुरामा हामी गम्भीर छौं र अब बजेटमा हामी चाहिँ छलफल गरौं । अब स्थायी खालको अब अस्तो खाद्य संस्थान चाहिँ कम्पनी चाहिँ अब हाम्रो मातहतको भएन, त्यसैले हामीले नै प्रदेश सरकारकै कुनै इन्टीटी बनाएर हुन्छ कि कुनै त्यस्तो संरचना बनाउनु पर्छ कि या हाम्रो रेगुलर प्रोसेसबाट चाहि सम्भव छ कि त्यो खाद्य सुरक्षा र खाद्य आपूर्तिको निम्तिचाहिँ हामीले एउटा चाहिँ ठोस

आगामी आर्थिक वर्षको बजेटमा एउटा ठोस खालको कार्यक्रम ल्याउँ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अब यसमा चाहिँ बाँझो जग्गा र प्रयोगमा नभएको जग्गालाई समेत प्रयोग गरी कृषि उपजको उत्पादन र उत्पादकत्व बढाउँदै रोजगारमूलक क्रियाकलाप सञ्चालन गरिने, जस्तो खाद्य संकलन र भण्डारण गर्ने कुरा तत्कालको कुरा भो । दीर्घकालीन रूपमा चाहिँ भनौं न भोलिसम्मको निम्ति चाहिँ हामीले खाद्यान्न उत्पादन गर्ने कुरा, उत्पाद उत्पादकत्व बढाउने कुरा र खाद्य सुरक्षा सुनिश्चित गर्ने कुरा नै हाम्रो प्राथमिकतामा पर्छ र अनि त्यसैसँग हामीले चाहिँ रोजगारी गुमाएका बेरोजगारहरूलाई चाहिँ जोड्ने कुरा रोजगारीसँग जोड्ने कुरा हामी यो बजेटमा प्राथमिकताका साथ राख्छौं । त्यसका निम्ति अब परम्परागत सीपको विकास गरी उद्यमशीलता विकास गर्ने कुरा होला । जीविकोपार्जन सुधारका लागि वन लगायतका क्षेत्रहरूको चाहिँ हामीले उपयोग गर्ने कुरा होला यो कुरा पनि म तपाईँहरूसँग अनुरोध गर्न चाहन्छु र अब यो हामीले सिद्धा प्राथमिकतामा के ल्यायौं त भन्दाखेरि अघि माननीयजीहरूले भन्नु भयो, फूड फर वर्क नै किन नभन्ने त कामको लागि खाद्यान्न किन नभन्ने । हिजोको र अहिलेको चाहिँ अब प्राथमिकतामा पनि केही भिन्नता हुन सक्छ । जस्तो हिजो कामका लागि खाद्यान्न थियो हैन, काम गर्ने अनि खाद्यान्न । खाद्यान्नका लागि काम होइनको कामका लागि विकासका लागि बाटो बनाउनका लागि खाद्यान्न दिइन्थ्यो । अब खाद्यान्नका लागि काम गर्नुपर्ने भो के । यलाई अलिकति सुल्ट्याउनुपर्‍यो भन्ने हामीले सोच्यौं । अहिले हामीले बाटो बनाउने भन्दा प्राथमिकता चाहिँ खाद्यान्न भयो । हिजो बाटो बनाउने कुरा प्राथमकिता थियो त्यहीभएर बाटोको लागि खाद्यान्न थियो अब खाद्यान्नका लागि बाटो बनाउने, खाद्यान्नका लागि सिचाई बनाउने, खाद्यान्नका लागि त्यो गर्ने भने त्यसपछि खाद्यान्नका लागि श्रमसहितको भन्या छ कामसहितको यसको भोलि त कार्यविधि बनाउला बजेटमा चाहिँ विस्तृत रूपमा ल्याउँला । त्यस रूपमा हामीले चाहिँ खाद्यान्नको लागि रोजगारी अथवा खाद्यान्नको लागि काम भन्ने किसिमले उ गर्‍यौं । बजेटमा त्यसलाई कसरी क्वाइन गर्ने ? यहाँहरूको सुझाव म अपेक्षा गर्न चाहन्छु र हामीले सोचेको के भने वडा तहसम्म अलिकति स्थान अलिकति आधारभूत तहसम्म यो चाहिँ यो खाद्यान्नसहितको कामको चाहिँ अगाडी बढाउनु पर्छ यसको डिजाइन पनि गरौं । बसेर छलफल गरौं । म यहाँहरूसँग अनुरोध गर्न चाहन्छु । अब शिक्षा प्राप्त गर्ने नागरिकको अब अर्को प्रा प्राथमिकता भनेको शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक हकको प्रत्याभूति हुने गरी कोभिड-१९ को संकटलाई मध्यनजर गरी शिक्षा क्षेत्रका कार्यक्रम तय गर्छौं हामी । कोरोनाको प्रभाव नदेखिए यसमा पनि सामान्यतया के सोचेका छौं भने यसमा पनि यहाँहरूलाई सुझाव दिनुहोला । अब कोरोनाको प्रभाव नदिएका चाहिँ नदेखिएका जिल्लाहरूमा अलिकति पठनपाठनलाई सहज गरौं कि त्यसमा सुरक्षा शतर्कता अपनाएर, यो चाहिँ भौतिक दूरी कायम राखेर, त्यो सबै शतर्कता अपनाउँदै हामीले चाहिँ केही पठनपाठनलाई सहज गरौं,अँ मलाई त्यस्तो लागेको । त्यसपछि आएर अलि कोरोना प्रभावीत जिल्लाहरूमा चाहिँ त्यस्ता जिल्लाहरू अलि तलकै सुर्खेत, दैलेख, सलेन, रुकुम जस्ता जिल्लाहरू होलान् । त्यस्ता जिल्लाहरूमा यो चाहिँ म यो एक किसिमले भन्ने यो चाहिँ दूर

शिक्षा जस्तो के डिस्ट्यान्स लर्निङ्ग खालको डिजिटल एजुकेशन खालका कार्यक्रमहरू गर्नुपर्छ होला, त्यसमा चाहिँ अब सम्बन्धित मन्त्रालयले कार्यक्रम बनाउला । त्यसैले यो पठनपाठनको कामलाई कसरी अगाडी बढाउने भन्नेमा चाहिँ हामी बजेटलाई केन्द्रित गर्छौं । त्यस्तैगरी अब प्राविधिक शिक्षालाई ध्यान दिने कुरा,आवासी आवासीय विद्यालयको कुरा हामीले गर्दै आएका छौं । यो धेरै कुरा मैले गर्न चाहिँ परेन अर्थात हाम्रा प्राथमिकता भनेको महामारीबाट जनतालाई जोगाउने, भोकमरीबाट मान्छेलाई जोगाउने त्यसका निम्ति कृषि उत्पादनलाई वृद्धि गर्ने खाद्य आपूर्तिलाई चाहिँ उ चाहिँ सुरक्षित गर्ने अनि त्यसरी रोजगारीका अवसरहरू सिर्जना गर्ने अनि शिक्षालाई समेत हामीले प्राइअरिटी दिएर हामी जान्छौं । बजेटका केन्द्रविन्दू यिनै हुन यसपटक । त्यसैले हामीले नारा के बनायौं त भन्दाखेरि-स्वास्थ्य, शिक्षा उत्पादन र रोजगार अब माननीयजीहरूले भन्नु भो अहिले चाहिँ यो अवस्थामा जीवन रुपान्तरणको नारा नहुन सक्छ भने के हुन सक्छ त अहिलेको चाहिँ विषयलाई सम्बोधन गर्ने गरी यहाँ हाम्रो बीचमा छलफल पनि भन्ने गरियाथ्यो । सहज आपूर्ति र दीगो पूर्वाधार भन्ने हो कि हैन । त्यो पो अहिलेको निम्ति उपयुक्त हुन्छ कि हामी छलफल गरौं अर्थात प्राथमिकता भनेको स्वास्थ्य नै हो, उत्पादन हो, रोजगारी हो, शिक्षा हो । यति कुरामा त हाम्रो बीचमा विवाद रहेन तिनै प्राथमिकतालाई हामीले केन्द्रित गरेर बजेट ल्याउने कुरा महत्त्वपूर्ण कुरा होला । अब त्यसपछि पूर्वाधारको कुरामा पनि अब फेरि हामीले चाहिँ यति काम गरिरहँदा अरु कामै केही पनि नगर्ने हुँदैन होला । प्राथमिकतामा यी क्षेत्र रहन्छन्, त्यसपछि हामीले गर्नुपर्ने भोलि सामान्य अवस्था पनि हुन सक्छ । जस्तो ३ महिनामा चाहिँ यो कोभिड चाहिँ नियन्त्रण भयो हैन, नियन्त्रणमा आयो फेरि रेगुलर काममा त गर्नुपर्ने होला । फेरि विकासका अन्य क्षेत्रका कामहरू अगाडी बढाउनुपर्ने होला ।अब कस्तोसम्म हुन सक्छ भने भोलि चाहिँ सामान्य अवस्था हुन वित्तिकै पर्यटकहरू एक ठाउँबाट अर्को ठाउँमा जाने संख्या अझ वृद्धि हुन सक्छ ।त्यले ती सम्भावना हामी कतिपय विषयहरू के गर्छौं भने विषय राख्ने बरु बजेट कम राख्ने गरी पनि सोचिरहेका छौं । अब सामाजिक सुरक्षाका कार्यक्रमहरू सामाजिक विकासका कार्यक्रम अब छोरी सुरक्षा कार्यक्रम हामीले गत सालदेखि सन अब चाहिँ ल्याएका छौं । त्यस्तैगरी अब महिलालाई प्राथमिक दिने कुरा दलित शब्द भन्ने कि नभन्ने त्यो पनि छलफल गरौं हैन । त्यो समुदायलाई चाहिँ प्राथमिकता दिने कुरा, अरु सीमान्तकृत समुदायको कुरा छ, वर्गको कुरा छ । यी क्षेत्रहरूलाई पनि हामी चाहिँ यो बजेटमा समेटेर लैजान्छौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अब यो एउटा विषय उठेको छ, यो अधुरा योजनाहरू हामीले अब समस्याहरू माननीयजीहरूलाई पनि थाहा छ, हैन । हामीले पनि ती समस्याहरूलाई कसरी छिचोल्ने अब सकेनौं होला । कानूनको पनि साह्रै धेरै अभाव होइन, कानून पनि हामीले बनायौं, संरचनै बनायौं । कतिपय संरचना नमिलेका पनि हुन सक्छन् । त्यो मिलाउने कुरा पनि अब म हुन सक्छ त्यो यो एकदम पूरै लास्ट हो र अब त्यसमा प्रवेशै गर्न सकिन्न भन्ने पनि हुँदैन । हिजो कर्मचारीको अभाव थियो केही जे प्राविधिक कर्मचारी ल्यायौं तर रेगुलर कर्मचारी त हामीले फेरि पनि आपूर्ति गर्न सकेका छैनौं

। लोक सेवा आयोग बनाउन सकिएन त्यो हाम्रो कुरा होला तर त्यो आयोग बनाए पनि फेरि त्यो निजामती कर्मचारी सम्बन्धी ऐन नबनेसम्म हामीले कर्मचारी भर्ना गर्ने प्रक्रिया त अगाडी बढाउन सक्दैनौं तर पनि लोक सेवा आयोग सम्म हाम्रो कुरा भाहुनाले हामीले छिटो गठन गर्नुपर्छ यो आफ्नो ठाउँमा छ । त यी चुनौतीहरू सँगसँगै अब यो आर्थिक वर्षमा बजेट चाहिँ खर्च पहिलेभन्दा राम्रो हुन्थ्यो । अघिल्लो पहिलो चौमासिकमा चाहिँ यही हो ओएनएमले नै हामीलाई चाहिँ अलिकति धेरै समय खायो । दोस्रो चौमासिक धेरै खर्च हुने प्रदेश होइन किनभने हिमाली पहाडि जिल्ला नै बढी भएकोले, अब चाहिँ अलि धेरै खर्च हुने भनेको फागुन पछि नै हो । फागुन, चैत, बैशाख, जेठ असार यो समयमा खर्च गर्नुपर्नेमा खर्च गर्ने अलिकति, खर्च गर्ने कार्यक्रमहरू अगाडी बढ्ने, टेण्डरहरू हुने सम्झौताहरू हुनेबेलामा ठ्याक्कै यो महामारी र महामारीको कारणले लकडाउन भैसकेपछि टोटल्ली अवरोध भयो हैन, ब्रेक भयो यसमा भन्ने कुरा मात्रै हो । एकदम बहुत राम्रोसँग हामीले खर्च गरिरहेका थियौं तर चाहिँ एकदम यसले मात्रै रोक्यो भन्ने आसय हाम्रो होइन । धेरै चुनौतीहरू थिए तर त्यसमा यो अत्यन्त ठूलो चनौति आएर खर्च गर्न सकिएन यो चाहिँ समस्या हामीले व्यहोरिरहेकै छौं । अब यो फेरि यो कर्णालीको मात्रै समस्या रहेनछ के ? सबै सिस्टम अंह व्यवस्थित भएको भनिएको अथवा चाहिँ संरचनाहरू छन्, कर्मचारीहरू छन्, सबै भएको संघीय सरकारको बजेट खर्चको अवस्था पनि एकदम चाहिँ कोर खालकै छ, त्यति उत्साहजनक छैन । हाम्रा कतिपय कानुनी सम उ चाहिँ समस्याहरू पनि छन्, सार्वजनिक खरिद ऐन लगायतका कतिपय कानूनहरूले पनि यसमा चाहिँ हामीलाई अप्ठेरो पारेका छन् । अब हामी संशोधन गर्न सक्दनौं । हामीले चाहिँ खरिद ऐन आफ्नै बनाउन सक्दैनौं, संघीय खरिद ऐनलाई च्यालेन्ज गरेर । त्यसैकारणले नियमावलीसम्म बनाउने हो । नियमावली पनि चाहिँ अब खरिद ऐनसँग बाझिने गरी त बनाउन मिलेन । त्यहिभित्र बसरे बनाउने हो भने खासै चाहिँ मुख्य चाहिँ अब जो समस्या छन् त्यलाई एड्रेस गर्न नसकिने भो । त्यसो हुँदाखेरि खरिद ऐन संघीय सरकारले नै चाहिँ संशोधन गर्न जरुरी छ, अत्यन्त आवश्यक छ । त्यसो भो भने अरु कामलाई चाहिँ सहज होला, अरु कतिपय झमेलाहरू पनि छन् एउटा कुरा भो । अब हामीले अर्को एउटा यहाँ कमीटमेन्ट के गर्‍यौं त भन्दाखेरि माननीयजीहरूले पनि यसमा थप सुझाव दिनुभको छ । पूँजीगत खर्च बढाउने, बढाउनका लागि कानूनमा केही समस्या छन् । जस्तो हामीले गर्नै नसक्ने हो भने हामीले चाहिँ प्रयास गर्ने कुरा होला, सार्वजनिक ऐन जस्ता कानूनहरू । अब हामीले बनाउने कानून पनि कुनै आवश्यक छन् भने हामीले कानून बनाउने कुरामा अथवा यहाँहरूले भनेजस्तै कानून अनुसारको नियमावली बनाउने कुरा, नियमावली अनुसारको आवश्यक पर्दा कार्यविधि बनाउने कुरामा चाहिँ अलि हामी केन्द्रित हुनुपर्छ । बजेट खर्च बढाउने प्वाइन्ट अफ भ्यूबाट । अब यो कुरा चाहिँ छलफल गरौं, अहिले अब यो आर्थिक वर्ष त यसरी नै गइहाल्यो । आगामी आर्थिक वर्षको निम्ति बढाउने उपाय के हुन सक्छ ? माननीयजीहरूको एकदम चाहिँ ठूलो सहयोगको म अपेक्षा गर्छु । अहिलेको चाहिँ अघिल्लो पटक पनि धेरै छलफल भको अहिले हामीले त्यसलाई सम्बोधन गर्ने यद्यपि हामीले चालु खर्च

घट घटाउने कुरामा पनि संसद्ले संसद्मा जुन प्रतिबद्धता हामीले व्यक्त गऱ्यौं, त्यो अनुसार हामीले घटाएका छौं । त्यो पनि हामी संसद्मा पठाऔंला । र अर्को कुरा यो एमुस्ट डल्लो बजेट त्यस्तै रह्यो भन्नुभो त्यो पनि होइन,त्यो एकमुष्ट बजेट पनि बाँडफाँड भयो । जस्तो चाहिँ अब एक अरब ९२ करोड त हामीले जनता सडकमा २/२ करोड थियो८/८ थपेर १०/१० करोड बनाउदाखेरि त्यो बजेट त चाहिँ विनियोजन भयो । त्यस्तैगरी १ अरब २० करोड हामीले पूर्वाधार विशेषमा छुट्यायौं । त्यस्तैगरेर हामीले यो रारा सडक अनि त्यसपछि तेलपानी सडक, सुर्खेतको खानेपानी लगायतका कुराहरूमा गरेर सप्पै ब्रेकडाउन भयो त्यो । अब कति खर्च गर्न सकियो त्यसको फेरि अर्को पाटो मैले अघि नै त्यो समस्याको कुरा बताइहाले । अँह यसरी हामीले त्यो एकमुष्ट बजेट चाहिँ अहिलेसम्म त्यसरी बाँकी रहेको होइन । चालु खर्च पनि मन्त्रालयलय घटाउने ह सक्ने जति घटाएका छन्, केही कार्यक्रम रोकिएका छन्, यहाँ पास भएको किन रोकियो भन्ने प्रश्न पनि छ । त्यसका त्यस विषयमा फेरि छलफल गरौंला । अहिलेको हाम्रो कमीटमेन्ट के हो भने हामी चालु खर्च घटाउँछौं, चालु खर्च अब टोटल रोकेर पनि हुँदैन आवश्यक त हुन्छ नै । फेरि चालु खर्चभित्र कतिपय कार्यक्रम पनि हुन्छन् मैले बारम्बार भन्दै आएको पनि छु । त्यले चालु खर्च अघिल्लो आ.व.को भन्दा हामीले उल्लेख्य रूपमा घटाउँछौं, यो प्रतिबद्धता यहाँ राख्न चाहन्छु । अर्को कुरा प्रशासनिक खर्च हामी घटाउने मात्र होइन कटाउदै जान्छौं हामी निर्ममतासाथ कटाउँछौं, हैन । किटानीका साथ कटाउँछौं, यो कुरा चाहिँ हाम्रो प्रतिबद्धता हो मेरो पनि र सरकारको पनि प्रतिबद्धता हो र अझ यही नै म चाहि आजकै बैठकमा म चाहिँ प्रष्ट रूपमा भन्न चाहन्छु यो यो विषम अवस्थामा यो महामारीको चुनौतीको बीचमा चाहिँ हामीले सवारी साधन खरिद आगामी आर्थिक वर्षमा गर्दैनौं, हैन । त्यो त्यो शीर्षकमा एम्बुलेन्स यसभित्र फेरि एम्बुलेन्स जस्ता अत्यावश्यक बाहेक हामीले चाहिँ रेगुलर सवारी साधन खरिद गर्दैनौं, हैन । सरकारले गर्दैन, यो चाहिँ बजेटमा आउँदैन, रातो किताबमा त्यो सवारी साधन खरिदको विषय आउँदैन । त्यसपछि कार्यालय भवनहरू केही सामान्य मर्मत सर्मत गर्ने कुराहरू अति जरुरी भयो भने बाहेक हामीले अब एउटा चाहिँ मन्त्रालय बनाउने जो चाहिँ योजना पहिलेदेखिको छ, त्यो एउटा नयाँ बिल्डिङ्ग नै बनाउनु पऱ्यो हाम्रो बजेटले साथ दियो भने त्यसमा छलफल गरौंला नत्र भने चाहिँ हामी कार्यालय भवन बनाउने कुरामा पनि हामी बजेट राख्दैनौं । फर्निचर र फिक्चर्स यो चाहिँ हामी यस पटकको शीर्षकमा राख्दैनौं जति फर्निचर छ जति कतिपय सामाग्री, कम्प्यूटर आदि इत्यादि पनि जे जति अहिलेसम्म छ त्यसैबाट हामी चलाउँछौं । आगामी आर्थिक वर्षको बजेटमा यी चाहिँ शीर्षकमा बजेट छुट्टिदैन, तत्काल प्रतिफल प्राप्त हुने अत्यन्त अनिवार्य जस्तो चाहिँ एउटा सुझाव आको थियो, यो शिक्षक र यो कर्मचारीलाई हैन, अनिवार्य रूपमा केही तालिम दिनुपर्ला नयाँ अवस्था अनुसार शिक्षकले पढाउनुपर्ने होला, त्यस्तो अनिवार्य हुन्छ नि कतिपय तालिम अथवा डिजिटल सिस्टममा लैजान पर्ने होला सिक्न पर्ला, त्यस्ता कम्पलसरी खालका तालिम, गोष्ठी, सेमिनारबाहेक अरु कार्यक्रमहरू हामीले राख्दैनौं, त्यसमा बजेट हुँदैन । त्यस्तैगरी चाहिँ अँह इन्धन, मर्मत विविध खर्च अनुगमन खर्च

र कार्यालय सञ्चालन खर्च चाहिँ हामीले अत्यधिक घटाउँछौं । म यो एक किसिमले हाम्रो मन्त्रा केरे सरकारमा छलफल भैसकेको छ । हामी त्यो अत्याधिक घटाउँछौं । म माननीयज्यूहरूले अनुभूति गर्ने गरी त्यो हामी घटाउँछौं । भत्ता हामीले बन्द गर्छौं । पहिले पनि निर्णय गरेकै छौं । यो कुरा पनि यो एकदम ठोस रूपमै म आज यो सम्मानित सदन समक्ष माननीय सभामुखज्यूको चाहिँ अनुमतिले राख्न चाहन्छु । त्यस्तैगरी केही सुझाव आएका छन्, म अब एक-एक लाइनमा मात्रै । प्रदेशको एकल अधिकार र साझा अधिकारको विषयमा कानून निर्माण गर्ने कुरा हामी अगाडी बढाउछौं । त्यसपछि आयोजना कार्यान्वयनको प्रभावकारीताको लागि अनुगमन मूल्याङ्कन प्रणालीलाई, प्रणालीलाई नतिजामुखी बनाउने कुरामा हाम्रो ध्यान जान्छ । आर्थिक सुशासन, वित्तीय सुशासन, सदाचारीता र भ्रष्टाचार नियन्त्रणमा हाम्रो ध्यान जान्छ । अब यो भ्रष्टाचार भन्ने त्यसपछि यो नियन्त्रण नगर्ने भन्ने खालको एकदम धेरै जोडदार रूपमा आइरहन्छ नि । यो पनि अलिकति छिचोलेरै छलफल गरौं भन्ने मलाई लाग्छ हैन । कहीँ त्यस्तो भको छ भने त्यसलाई चाहिँ निर्ममतापूर्वक चाहिँ नियन्त्रण गर्ने कुरामा लागौं । अब कहीँ चाहिँ एकदम अनियमितता बदमासी भएकै छ भने त्यसलाई हामी कार्बाहीको दायरामा ल्याउने पनि प्रयास गरौं, पार्लियामेन्टमा पनि भ्रष्टाचार भयो, सरकारले चाहिँ यो अनिमितता गऱ्यो अरु जस्तो यही कोभिडकै सम्बन्धमा कोष चाहिँ हिनामिना गऱ्यो कि भन्ने जस्तो उठ्छ । हो हामीले यहाँ चाहि बताउनै पर्छ एक एक हिसाब हामीले बताउनु पर्छ । त्यो सम्बन्धित मन्त्रीजीहरूले बताउनुहोला, त्यो चाहिँ कुनै अब अपारदर्शी कुराले खर्च गर्न हुँदैन । गर्न मिल्दैन । तर चाहिँ कहीँ त्यस्तो भको छ भने यहाँहरूले चाहिँ सहयोग गर्न म अनुरोध गर्न चाहन्छु । अब अहिले यो चाहिँ मन्दिर, कतिपय पर्यटन पूर्वाधारका कुरा होलान् अथवा चाहिँ अन्य अनुत्पादक क्षेत्रहरूमा हाम्रो बजेट चाहिँ केन्द्रित हुँदैन, यो पनि म विश्वास दिलाउन चाहन्छु । केही विषयहरू छन् जस्तो पूर्वाधार विशेष कार्यक्रम अब हामीले कसरी लैजान्छौं ?हामीले रोजगारीसँग जोडेर जानसक्छौं कि कुन तरिकाले हामी गर्ने हो अब हामी बसेर छलफल गरौं । जनता सडक कार्यक्रम एकदम राम्रो भन्ने भो तर यस वर्ष त धेरै कार्यान्वयन हुन सकेन । यो यही आर्थिक वर्षको दायित्व पनि बाँकी रहने भो । त्यसलाई हामीले कसरी अगाडी बढाउने ? यसमा पनि हामी छलफल गरौं र यसैसँग म अर्को अनुरोध गर्न चाहन्छु, अधुरा योजना जो चाहिँ दायित्व सिर्जना भइसकेका कार्यक्रमहरू छन्, योजनाहरू छन् जो हामीले ब्रेक गर्न सक्दैनौं कुनै टेण्डर भइसक्या होला, कुनै सम्झौता भइसक्या होला । त्यस्ता कार्यक्रमहरूलाई चाहि हामीले सामान्यतया क्रमागतमा यो चाहिँ हामीले निर्णय त गरिसक्या छैनौं, हामीसँग समय पनि छ फेरि । त्यो लाई चाहिँ अब कन्टिन्यूटी दिनै पर्छ । अधुरा योजना हामीले कम्पिलिट गर्नै पऱ्यो । कम्पिलिट भन्या चाहिँ एउटा हतसम्म गर्न पऱ्यो । अब खानेपानी चाहिँ कम्पिलिट नगरी त धाराबाट पानी आउँदैन । सडक चाहिँ बरु अहिलेलाई यत्ति गरौं भन्ने हुन्छ होला । प्रकृति हेरेर तिनीहरूलाई चाहिँ हामीले व्यवहारिसे अवस्थामा छोड्न हुँदैन, म यहाँहरूसँग अनुरोध गर्छु । र एउटा कुरा के हो भने हामीले

एउटा चाहिँ निर्दे मापदण्ड नै बनाएर निर्देशन मन्त्रालयलाई के दिएका छौं भने अहिले बजेट छुट्याउँदाखेरि कमसेकम अघिल्लो केरे यो अहिले सिर्जना भएको यो आर्थिक वर्षमा सिर्जना भएको दायित्वको निम्ति बजेट छुट्याएर मात्रै नयाँ कार्यक्रममा चाहिँ बजेट छुट्याऔं भन्दाखेरि ती योजनाहरू अलपत्र पर्ने स्थित हुन दिदैनौं हामी । यी कतिपय बस्ती विकास लगायतका कार्यक्रमहरू अब सामान्य स्थिति भयो भने अगाडी बढ्छन् यो अब समस्या बेलामा केही पनि अहिले प्राइअरिटीमा पर्दैनन् । अनुदान बन्द गर्ने कुरा हामीले गरिसकेका छौं । केही चाहिँ अब प्रोत्साहन अनुदान जस्ता अबम कार्यक्रमहरू यस पटक अब कार्यक्रममै भएकोले चाहिँ अगाडी बढेका होलान् । हैन भने हामी आगामी वर्षमा यो चाहिँ नगद अनुदान बाँड्ने वितरणमुखी अनुदान चाहिँ हुँदैन । हामीले त्यसको अल्टरनेटमा यो ब्याज अनुदान अलि ठूलो खालको चाहिँ व्यावसायिक कृषकहरूलाई चाहिँ ब्याज अनुदान दिने बैंकमार्फत बैंकबाट लिएको लोनमा चाहिँ हामी ब्याज अनुदान दिन्छौं । अलि सानालाई के गर्ने त भन्दा ब्याज अनुदानले त सबैलाई समेट्दो रहेनछ किनभने लोन चाहिँ सबैले सामान्य अवस्थाका मान्छेहरूले कोलेक्टर राख्न नसक्ने मान्छेहरूले त ऋण पाउँदैनन् । त्यस्ताहरूलाई चाहिँ सहुलियत कर्जाबाट सम्बोधन गर्न पर्छ भनेरहामीले एउटा सोचबनाएका छौं । त्यही अनुसार चाहिँ हामी अगाडी बढ्छौं । त्यसपछि अब यो कतिपय केही कुराहरू छन् जस्तो उत्पादन वृद्धिमा समुदायको सवाल कसरी जोडियो भने हामीले त उत्पादन वृद्धिका लागि सहकारी क्षेत्र र समुदाय जनतालाई परिचालन गर्ने कुराको अर्थमा हामी मैले चाहिँ त्यो वक्तव्यमा ल्याएको हुँ । भूमिका सम्बन्धमा संविधानले दिएको जे निर्देशन छ हैन, अधिकारको सूचीको चाहिँ व्यवस्थाभन्दा बाहिर कोही जान सक्दैन, हामी त्यो भित्र रहेर हाम्रा कामहरू गर्छौं । कतिपय कुरा जस्तो अस्तिको चाहिँ संघीय सरकारको नीति तथा कार्यक्रममा पनि आएको छ । भूमि बैंक लगायतका कार्यक्रम प्रदेश र स्थानीय तहसँग मिलेर गर्ने भनिसकेपछि हामीले पनि त सम्बोधन त गर्न पर्‍यो । सहकार्य गरेर गर्ने खालका कुराहरू पनि छन् । टेलिमेडिसनको कुरा चाहिँ सुरु भएकै छ, त्यता चाहिँ धेरै प्रभावकारी हुन सकेको छैन । घुम्ती उपचार सेवा चाहिँ हामीआगामी आर्थिक वर्षमा प्राथमिकताका साथ अगाडी बढाउँछौं किनभने सबै ठाउँमा हस्पिटल हुँदैनन्, सअम त्यस हिसाबले चाहिँ त्यलाई हामी प्राथमिकता दिने गरी नै ल्याउँछौं । अब यो आन्तरिक स्रोत बढाउने कुरामा चाहिँ जुन चिन्ता माननीयज्यूहरूले गर्नुभको छ, यो एकदम महत्त्वपूर्ण छ । अब त्यसका निम्ति पनि जस्तो चाहिँ हामीले वन क्षेत्र होला, जडीबुटीको सवाल होला, त्यो पनि हाम्रो अमअ चाहिँ कार्यक्षेत्रभित्र पर्ने विषयहरूमा न हामीले बढाउन सक्ने भयौं । अब हामीलाई चाहिँ जे दिएको छ, केरे कृषि आयमा कर भनेर दिन्छ । अब कृषि आयमा कर लगाउने अधिकार प्रदेशले पाउँछ, हैन । अनि कृषि किसानलाई चाहिँ तपाईंको तर लगाउँदाखेरि त्यसको म्यासेज के जान्छ हामीले नै विनियोजन विधेयकबाट त्यो हटाएका छौं अथवा यस पटक कर नलगाउने व्यवस्था गर्‍यौं अघिल्लो वर्षमा । त्यसैले हामी हाम्रो चाहिँ दायरै साँगुरो बनाइयो के, संविधानका सु त्यो चाहिँ हाम्रा अधिकार सूचीले नै चाहिँ खुम्च्याइदिए । कानूनले नै हाम्रो अधिकार खुम्चाइदियो । अब चाहिँ अहँ सवारी साधन

कर हो अलिकति ठूलो चाहिँ प्रदेशले प्राप्त गर्ने । अब हाम्रो प्रदेशमा कति सवारी साधन दर्ता हुन्छन् कति नवीकरण हुन्छन् । यही पनि त कुनै कुनै प्रदेशमा १०-१२ अरब रुपैयाँ चाहि संकलन हुन्छ त तर हामीसँग त हुँदैन । त्यसैले हामी चाहिँ एउटा एउटा बाध्यताले पनि हाम्रो दायरा सानो छ । अब त्यही भित्र पनि सम्भावना के के मा छन् ? त्यो चाहिँ खोजौं । हामी तपाईँहरूले चाहिँ ध्यानाकर्षण गराएको कुरामा गम्भीर छौं । अब, अब योजनाछनोटका कुरा छन्, कार्यान्वयन प्रक्रियाका कुरा छन्, यसमा पनि हाम्रो ध्यान गको छ । र एउटा कुरा यो ठाक्कै यही विषयसँग चाहिँ प्रत्येक्ष रूपमा नजोडिएला । स्थानीय र जिल्ला समन्वय समितिका जनप्रतिनिधिहरूको सुविधाको कुरामा चाहिँ हामी तयारीमा छौं । यस यसैपटको संसद्मा हामी त्यो संशोधन दर्ता गर्छौं । यसै पटक पास हुने अपेक्षा हामी गर्छौं । त्यसपछि अब बजेटलाई सन्तुलित गराउने कुरामा हाम्रो प्रयास रहन्छ तपाईँहरूको सहयोगबाट पनि त्यो चाहिँ सम्भव हुन्छ भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । अन्तिममा म दुई-तीन लाईनमात्रै तपाईँहरूसँग के अनुरोध गर्छु भने यो विशेष अवस्थाको यहाँ विशेष अवस्थामा छौं हामी विशेष अवस्थाको बोध जसरी चाहिँ पार्लियामेन्टले गरेको छ, हाम्रो प्रदेश सभाले गरेको छ, माननीय सदस्यहरूले गर्नुभको छ, त्यही खालको जिम्मेवारी बोध यो विशेष अवस्थामा छौं भन्ने कुराको अनुभूति सरकारलाई छ । त्यही अनुसार चाहिँ सरकार अगाडी बढ्ने कुरा म तपाईँहरूलाई अनुरोध गर्न चाहन्छु । एउटा रमाइलो पनि भयो हैन रङ त राम्रै रहेछ हैन, बासना आओस् भन्ने कुरा । सांकेतिक रूपमा यस्ता धेरै कुरा आएका छन्, हैन । अब यो चाहिँ पुस्तक राम्रो रहेछ, पुस्तक त जो पनि राम्रा हुन्छन्, पुस्तक पनि सबै त राम्रा हुँदैनन् नि त, हैन । वक्तव्य पनि सबै राम्रा हुँदैनन् अथवा त्यो विषयलाई त्यो सम्बोधन गर्‍यो कि गरेन तर चाहिँ मेरो एउटा कुरा के हो भने यो चाहिँ किताब मात्रै हैन, यो चाहिँ एउटा डकुमेन्ट हो र यो चाहिँ आगामी आर्थिक वर्षको बजेटको बजेटका सिद्धान्तहरू र त्यसका प्राथमिकताहरू चयन अब सबै कुरा यसमा त आउने कुरा भएन त्यो त बजेट नीति कार्यक्रममा धेरै कुरा आउँछन् । बजेटमै धेरै कुरा आउँलान् । एउटा चाहिँ के एक किसिमको मार्गदर्शन हाम्रो चाहिँ अबको चाहिँ बजेटको रूपरेखा कस्तो हुन्छ भन्ने कुराको स्केच न हो यो त । त्यसकारणले यहीं नै सबै कुरा बोल्न पनि सकिँदैन, यो नै फेरि बजेटको चाहिँ आधार पनि हो, हैन । यसै आधारमा बजेट बन्ने कुरा पनि म यहाँहरूलाई अनुरोध गर्न चाहन्छु र हामीले सहकार्य गर्ने कुरालाई चाहिँ अब धेरै कुरा बजेटमै ल्याउँला यसमा चाहिँ केही संकेत गरेका छौं । जस्तो आफ्नो गाउँ आत्मनिर्भर बनाऔं भन्ने अभियानका साथ स्थानीय तहसँग चाहिँ सहकार्य गरौं भन्ने खालको अपिल चाहिँ हामीले गरेका छौं । त्यसलाई हामीले अलि व्यवस्थित रूपमा अनुदानमार्फत् होला । संयन्त्रमार्फत होला । सहकार्य र साझेदारीमार्फत् होला । स्थानीय सरकारहरूसँग हामीचाहिँ सहकार्य गर्ने कुरामा प्रतिबद्ध नै छौं । अहिलेको यो समस्याको बेलामा जसरी अब गम्भीरताका साथ विषयहरू आएका छन्, सुझावहरू आएका छन् र फेरि पनि हामी बजेट बनाउने बेलासम्म कुनै आग्रह विना यो मुख्य रूपमा चाहिँ अहिलेको साझा सत्रु यो चाहिँ कोभिड परास्त गर्ने गरी हामी बजेट केन्द्रित अब विभिन्न ढंगले परास्त गर्ने

अभियान त होलान् तर बजेट त्यसमा केन्द्रित गर्ने कुरा र यो चाहिँ कोभिडलाई जित्ने गरी बजेट निर्माण गर्ने कुरामा चाहिँ हामी लागौं भन्ने कुरा म अनुरोध गर्न चाहन्छु । र फेरि पनि बजेटकार्यान्वयन र कार्यान्वयनमा सहजीकरण गर्ने कुरा र अनुगमनमा भूमिका खेल्ने कुरामा जनप्रतिनिधिहरूको अथवा प्रदेश सभाका सदस्यहरूको भूमिकाकसरी स्थापित गर्न सकिन्छ ?पहिले पनि केही प्रयासहरू भए अब त्यो अगाडी बढ्न सकेन । अब चाहिँ हामी त्यसमा चाहिँ छलफल गरौं र यसमा पनि एउटा निष्कर्श निकालौं । बजेटमै एउटा खालको चाहिँ ठोस रूपमा बोल्ने खालको चाहिँ एउटा टुङ्गो गरौं भन्ने म अनुरोध गर्न चाहन्छु । यो सबैको अपनत्व र स्वामित्व हुने गरी बजेट ल्याउने गरी हामी प्रयास गर्छौं, हामी त्यसमा लाग्छौं । यो बजेट सबैको हो, यस पटकको बजेट हाम्रो हो । यो प्रदेश सभाले चाहिँ प्रदेश सभाका सदस्यहरू प्रदेश सभाले पास गर्ने बजेट प्रदेश सभाले स्वामित्व नलिंदाखेरि त्यो बजेट कस्तो हुन्छ बताइरहनै पर्दैन । सबैको स्वामित्व स्थापित गर्ने गरी हामी बजेट बनाउने कुरामा लाग्नेछौं । बजेट निर्माणमा अन्तिम समयसम्म हाम्रो भेट हुनेछ । साङ्केतिक रूपमा यो चाहिँ धेरै राम्रो महत्त्वपूर्ण कुरा गर्नुभको छ सरकार र प्रदेश सभाका सदस्यहरूको बजेट आउनेबेलासम्म भेट हुने, बजेट आउने बेला भे बजेट आउनुपूर्व भेट नहुने, बजेट आएपछि चाहिँ घम्साघम्सी हुने स्थिति सिर्जना हुन नदिनेगरी हामी लाग्छौं । बरु पछि चाहिँ धेरै भेट नहुने किनभने यो माहामारीको प्रकोप पनि छ । धेरै छलफल गर्न परेन भन्ने अवस्था सिर्जना गर्ने गरी लाग्ने कुरामा म चाहिँ तपाईँहरूसँग एकदम चाहिँ गम्भीरताका साथ अनुरोध गर्न चाहन्छु । फेरि भनेर मात्रै भएन त्यो कन्ट्रिव्यूसन पनि हामीले अपेक्षा गरेका छौं । त्यो सहयोग पनि हामीले अपेक्षा गरेका छौं । यति नै कुरा यहाँहरूको बीचमा राख्दै यहाँहरूका अत्यन्त एकदम अमूल्य सुझाव, सल्लाह, मार्गदर्शन माननीय सभाजी सभामुखज्यूमार्फत् चाहिँ अनुरोध गर्न चाहन्छु, अनुरोध दोहोऱ्याउन चाहन्छु । म चाहिँ यो सभा, सम्मानित सभा, जनप्रतिनिधहरूको कर्णाली वासीको चाहिँ एउटा केन्द्रविन्दू जनप्रतिनिधिहरूको यो चाहिँ जुन महत्त्वपूर्ण सभा हो, यो सभाले चाहिँ आगामी आर्थिक वर्षको बजेट महामारीलाई सम्बोधन गर्ने, महामारी र भोकमारीबाट कर्णाली प्रदेशका जनतालाई बचाउने र अहिलेका चाहिँ ज्वलन्त सवालहरूलाई सम्बोधन गर्ने गरी आउने कुरामा म यहाँहरूको राय, सुझाव, सल्लाह, सहयोगको र मार्गदर्शनको पूर्ण अपेक्षासहित आफ्नो भनाइ यहिँ टुङ्ग्याउछु । धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरू, विनियोजन विधेयक, २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयवस्तुहरूमाथिको छलफल भएको समासमा भएको जानकारी गराउछु ।

माननीय सदस्यहरू, विनियोजन विधेयक हामी २०७७ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयवस्तु सम्बन्धमा भएको छलफलमामाननीय सदस्यहरूले दिनुभएका सुझाव र मार्ग दर्शनहरूलाई आगामी बजेटमा के-कसरी समावेश गर्न सकिन्छ भन्ने अवस्थामा आवश्यक ध्यान गएकै होला । जानेनै छ भन्ने विश्वास व्यक्त गर्दछ .

मानिनीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ १६ गते शुक्रबार दिनको ३:०० बजेसम्मको लागि यो यहीँ स्थगित हुन्छ ।

□□□

**(वि.सं. २०७७ साल जेष्ठ १६ गते शुक्रबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको पाँचौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री गोविन्दप्रसाद कलौनीज्यूको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरी सभामालाई सम्बोधन गर्न गरिएको आमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनुभएकोमा प्रदेश सभाको तर्फबाट उहाँलाई म हार्दिक स्वागत गर्दछु ।

माननीय सदस्यहरू, अब म प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमको मूल प्रति प्रदेश प्रमुख माननीय श्री गोविन्दप्रसाद कलौनीलाई उपलब्ध गराउन अनुमति दिन्छु ।

माननीय सदस्यहरू, अब म नेपालको संविधानको धारा १८४ एवम् कर्णाली प्रदेश नियमावली २०७४ को नियम ३५ बमोजिम कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री गोविन्दप्रसाद कलौनीज्यूलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न अनुरोध गर्दछु ।

**माननीय प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनी :** प्रदेश सभाका माननीय सभामुख, प्रदेश सभाका माननीय सदस्यहरू, सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध र विभिन्न समयका आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने गरी जननिर्वाचित संविधान सभाबाट घोषणा भएको नेपालको संविधानमा व्यवस्था भएबमोजिम संघीय शासन प्रणालीबाट गठित कर्णाली प्रदेशका नागरिकको प्रतिनिधिमूलक यस गरिमामय सभामा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, समावेशिता, सामाजिक न्याय र कर्णाली प्रदेश निर्माणका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान् सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहुने व्यक्तित्वहरूको स्मरण गर्दै सम्मान व्यक्त गर्दछु ।नेपाल सरकारले ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको क्षेत्रलाई समेटी नेपालको राजनीतिक र प्रशासनिक नक्सा अद्यावधिक गरी सार्वजनिक गरेकोमा कर्णाली प्रदेश सरकार धन्यवादसहित उच्च सम्मान व्यक्त गर्दछु।

विश्वव्यापीरूपमा फैलिएको कोभिड-19 महामारीले सम्पूर्ण मानवजातिलाई नै आक्रान्त बनाएको छ । यसबाट स्वदेश र विदेशमा ज्यान गुमाएका नेपाली लगायत सबै मृतकप्रति

हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारजनप्रति समवेदना अर्पण गर्दछु। साथै, सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यस विषम महामारीबाट जीवनरक्षाका लागि सरकारबाट लिइएको नीतिको परिपालनाका लागि सबैलाई धन्यवाद दिँदै थप सतर्कता र संयम अपनाउन समेत अपिल गर्दछु।कोभिड-19 बाट उत्पन्न संकट व्यवस्थापन गर्न प्रदेश सरकार उच्च प्राथमिकताका साथ सक्रिय छ । विदेशमा तथा प्रदेश बाहिर रहेका र घर फिर्ता हुन प्रयत्नरत कर्णालीवासीको मानवीय संवेदनालाई उच्च महत्त्व दिँदै गन्तव्यसम्म पुग्न सहजीकरण, प्रदेश प्रवेश हुने विभिन्न नाकामा स्वास्थ्य जाँचका लागि स्वास्थ्यकर्मी र सुरक्षाकर्मीको सघन परिचालन, जिल्ला तथा स्थानीय तहमा क्वारेन्टिनको व्यवस्था, राहत वितरण, स्वास्थ्य संस्थामा आइसोलेसन कक्ष निर्माण, आवश्यक औषधी, स्वास्थ्य सामग्री र आवश्यक पूर्वाधारको शीघ्र विकासका लागि प्रदेश सरकारले बजेट प्रवाह र जनशक्ति परिचालन गरिरहेको छ। प्रदेश सरकारले आर.टी. पि.सि.आर. लगायतका मेसिन उपकरणहरूको उचित व्यवस्थासहित ठूलो संख्यामा परीक्षण कार्यलाई निरन्तरता दिइएको छ ।यस महामारीको नियन्त्रण, रोकथाम र उपचारको अग्रपंक्तिमा रहेर महत्त्वपूर्ण योगदान गर्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाइकर्मी तथा सञ्चारकर्मीप्रति उच्च सम्मान र आभार प्रकट गर्दछु । यस विषम परिस्थितिमा प्रदेश विपद् व्यवस्थापन कोषमा योगदान गर्ने दाताहरू, महामारीको प्रभाव न्यूनीकरणमा खटिनुहुने जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सामाजिक तथा गैरसरकारी संघ-संस्था र बन्दाबन्दी एवं व्यक्तिगत तथा सामाजिक दूरीको पालना एवम् संयम अपनाई सरकारलाई सहयोग गर्नुहुने आमनागरिकमा हार्दिक धन्यवाद ज्ञापन गर्दै जीवन रहे सबथोक रहन्छ भन्ने मान्यतालाई आत्मसाथ गरी यस महामारीलाई परास्त गर्ने अभियानमा सबैले आ-आफ्नो स्थानबाट थप महत्त्वपूर्ण योगदान पुऱ्याउन आह्वान गर्दछु । यस संकटको घडीमा विदेश र मुलुकका अन्य स्थानहरूबाट प्रदेश सिमानामा आई अलपत्र परेका र बन्दाबन्दीको कारणले समस्यामा परेका नागरिकको सुरक्षा तथा उद्धार गर्नु प्रदेश सरकारको एक प्रमुख दायित्व हो । यस्ता नागरिकको स्वास्थ्य परीक्षण गरी संक्रमितको उचित उपचारको व्यवस्था मिलाइएको छ । सबै स्थानीय तहमा निश्चित संख्यामा नमूना परीक्षण पश्चात प्रदेशभित्रको जोखिम पहिचान तथा नागरिकमा आत्मविश्वास वृद्धि गरी आर्थिक गतिविधि नियमित गरिनेछ ।

माननीय सदस्यहरू, चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी संघीयताको नवीन अभ्यासलाई सार्थक बनाउने दिशामा कर्णाली प्रदेशका सबै संयन्त्रहरू क्रियाशील छन् । प्रदेश सरकार गठन भएको छोटो समयमा पनि हाम्रो अथक प्रयासबाट आर्थिक, सामाजिक र पूर्वाधारका सूचकहरूमा उल्लेखनीय प्रगति हासिल भएको छ । वर्तमान सरकार गठन भएपश्चात् संघीय राजधानीसँग नियमित र भरपर्दो हवाइ सम्पर्क स्थापित गरिएको छ। जनताको आधारभूत स्वास्थ्य सेवाका लागि जिल्ला अस्पतालहरूको क्षमता अभिवृद्धि गर्दै प्रदेश अस्पतालको स्तरोन्नति, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारी सामुदायिक अस्पताललाई आवश्यक सहयोग गरी विशिष्टीकृत सेवा प्रदान गर्ने

अस्पतालको रूपमा विकास गरिएको छ । जिल्लास्तरबाट समेत सेवा प्रवाहलाई प्रभावकारी र जनमैत्री बनाउन प्रदेशलाई आवश्यक पर्ने संगठन संरचना र जनशक्ति टुङ्गो लगाइएको, प्रदेशको व्यवस्थित र दूरगामी विकासको कोशेढुङ्गाको रूपमा प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र स्वीकृत भएको, प्रदेश समन्वय परिषद् र विकास परिषद्को बैठक गरी कर्णालीका प्राथमिकता पहिचान गरिएको, जोखिममा परेका गर्भवती र सुत्केरी महिलालाई हवाई उद्धारको व्यवस्था भएको, सबै कर्णालीवासी र राष्ट्रसेवक कर्मचारीको सामूहिक दुर्घटना बीमा गरिएको, छोरीहरूको बैंक खाता खोलिएको, छोरी बुहारीलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिएको, सामुदायिक नर्स तथा स्वयंसेवकहरू परिचालन गरिएको, सहयोगापेक्षी सडक मानवको उद्धार र संरक्षण गरिएको, दिवा बृद्ध सेवा केन्द्र लगायतका आर्थिक, सामाजिक र पूर्वाधार विकासका दूरगामी प्रभाव पार्ने कार्यक्रम र आयोजना सञ्चालन गरिएका छन् । यस अवधिमा प्रदेश महत्त्वका ठूला सडकहरूको विस्तृत परियोजना प्रतिवेदन तयारी र खरिद प्रकृया अघि बढाई निर्माण कार्यको सुरुवात गरिएको छ । प्रहरी इकाइहरूको भौतिक पूर्वाधार विकासका साथै स्रोत साधन सम्पन्न बनाइएको छ । अर्गानिक खेती प्रवर्द्धन, कृषि बालीको उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रम सञ्चालन भएका छन् । नागरिक र सरकारबीच जीवन्त सम्बन्ध स्थापित गर्न जनताका दुःख-सुखका कुरा सुन्न "हाम्मा कुडा हाम्मा मुख्यमन्त्री" कार्यक्रम सञ्चालनमा रहेको छ ।

माननीय सदस्यहरू, विकास गतिविधिले गति लिने र नतिजा देखाउने समयमा कोभिड-19 को प्रभावका कारण सार्वजनिक जीवन अवरुद्ध हुन पुगी सरकारका विकास प्रयासमा गतिरोध उत्पन्न भएको छ । समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षाअनुरूप कर्णाली प्रदेशको दीर्घकालीन सोच समृद्ध कर्णाली सुखारी कर्णालीवासीलाई साकार पार्न आर्थिक, सामाजिक रुपान्तरण तथा साँस्कृतिक सुधारसहितको समावेशी विकास हासिल गर्ने दिशामा हाम्रा प्रयास केन्द्रित रहेका छन् । प्रदेशको दीर्घकालीन विकासको लागि स्वीकृत प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र तथा परिवर्तित परिस्थितिअनुरूप प्राथमिकता तय गरी आवधिक योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ । प्राथमिकतामा आधारित लगानी र त्यसको प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ । कृषि, उद्योग, भौतिक पूर्वाधार र पर्यटनको विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा लगानीमैत्री वातावरण सिर्जना गर्नका लागि प्रदेश विकास रणनीति तयार गरिनेछ । आयोजना छनौटका वस्तुनिष्ठ आधार तयार गरी प्रदेश महत्त्व लगायतका योजनाहरू समेटेर ठूला पूर्वाधार विकासका लागि परियोजना बैंक बनाइनेछ र उच्च प्रतिफल दिने प्राथमिकताक्रम एवं मध्यकालीन खर्च संरचनाका आधारमा सरकारी, निजी तथा वैदेशिक लगानीको प्रवर्धन गरिनेछ । प्रदेशभित्र हुने आर्थिक गतिविधि वृद्धि गर्दै यसको लाभ जनस्तरसम्म पुऱ्याउन तथा समन्यायिक बनाउन निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँग साझेदारीको नीति लिइनेछ । कर्णाली प्रदेशमा उच्च, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्दै सामाजिक, आर्थिक न्याय सहितको विकासका लागि "स्वास्थ्य, शिक्षा, उत्पादन र आपूर्ति: रोजगारी, आजीविका, पूर्वाधार र समृद्धि" भन्ने मूल

ध्येयका साथ आर्थिक वर्ष २०७७/०७८ को कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ । यसका लागि नेपालको संविधानले व्यवस्था गरेको तीन तहका शासकीय संरचनाबीच सहकारिता, समन्वय र सहअस्तित्वको सैद्धान्तिक आधारमा रही विकास र समृद्धिका गतिविधि अघि बढाइनेछ ।विश्वव्यापी महामारीको रूपमा देखिएको कोभिड-१९ को प्रभावबाट शिथिल आर्थिक गतिविधि र सुस्त बनेको विकासलाई गतिशीलता दिने, संघीय सरकारले अवलम्बन गर्ने नीतिअनुरूप हुने गरी कोरोना भाइरसको प्रभाव रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउने, स्वास्थ्य क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गर्ने, खाद्यान्न लगायतका आधारभूत आवश्यकताका वस्तुको भण्डारण तथा सहज आपूर्तिको व्यवस्था मिलाउने, रोजगारी गुमाएका तथा बेरोजगारलाई लक्षित गरी कोभिड-19 को सामना गर्दै बाँच्ने, खाने र उत्पादन गर्ने किसिमले रोजगारीका अवसर सृजना गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र आम जीवनस्तरमा सुधार गर्नेतर्फ आगामी आर्थिक वर्ष २०७७/०७८ को कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम लक्षित गरिएको छ ।

माननीय सदस्यहरू, कोभिड-१९ महामारी न्यूनीकरणलाई उच्च प्राथमिकता दिई यसको रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको उचित व्यवस्था गर्दै प्रदेशभित्र आवश्यक औषधी एवं औषधीजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरी महामारीबाट जनतालाई सुरक्षित राखिनेछ । महामारीको अवस्था विश्लेषण गरी बन्दाबन्दीलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै कोभिड-१९ नियन्त्रण तथा उपचारका लागि प्रदेश बाहिरबाट आई क्वारेन्टिनमा राख्नुन पर्ने व्यक्तिलाई स्थानीय तहमार्फत् खानाको व्यवस्थासहित क्वारेन्टिन व्यवस्थित गर्ने र प्रदेश सरकारले त्यस्ता व्यक्तिलाई निर्वाह भत्तासमेत उपलब्ध गराउनेछ । परीक्षणको दायरा र क्षेत्रलाई व्यापक विस्तार गरी समुदायस्तरसम्म पुऱ्याइनेछ । परीक्षणबाट संक्रमित देखिएका बिरामीमध्ये सामान्य अबस्थाका बिरामीलाई जिल्लास्तरमा रहेको आइसोलेसनमा र गम्भिर अवस्थाका बिरामीलाई आई.सी.यू.सहितको तोकिएका अस्पतालमा उपचारको व्यवस्था मिलाइनेछ । जटिल अवस्थाका संक्रमित बिरामीलाई एम्बुलेन्स र सडक पहुँच नभएका स्थानीय तहबाट हवाई उद्धार गरी विशिष्टीकृत अस्पतालमा पुऱ्याई उपचार सेवा उपलब्ध गराइनेछ । आवश्यकताका आधारमा सबै जिल्ला अस्पतालमा कम्तीमा पचासदेखि एक सय शैयाका आइसोलेसन कक्ष, कम्तीमा पाँच शैयाका आई.सी.यू. कक्ष र कम्तीमा एक भेन्टिलेटरसहितको सघन उपचार कक्षको व्यवस्था शीघ्र मिलाइनेछ । महामारी नियन्त्रणका लागि थप जनशक्ति र पूर्वाधारको व्यवस्था गरी उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई विशेष प्रोत्साहन प्रदान गरिनेछ । सबै नागरिकलाई सुरक्षित राख्ने, जनस्तरमा मनोसामाजिक परामर्शसहितका चेतना सचेतनामूलक कार्यक्रम सञ्चालनका साथै घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यलाई प्रोत्साहन गरिनेछ । यस महामारीको नियन्त्रणको लागि आवश्यक मास्क, पी.पी.इ., स्यानीटाइजर, साबुन लगायतका स्वास्थ्य सामग्री उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन गरिनेछ । जनताको आधारभूत मौलिक हकको रूपमा रहेको स्वास्थ्य सेवामा सबैको पहुँच, सबैको सहज पहुँच स्थापित गर्ने नीति

लिइनेछ । यसका लागि स्वस्थ प्रदेश अभियान सञ्चालन गरी सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ । प्रदेश अस्पताललाई विशिष्टीकृत र सबै जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रूपमा विकास गरिनेछ । राकम कर्णालीमा ट्रमा सेन्टरको स्थापना गरिनेछ । जिल्ला अस्पतालमा प्रयोगशालाको सुदृढीकरण गर्दै नेपाल सरकारसँगको सहकार्यमा प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिनेछ । घुम्ती प्रयोगशालामार्फत् स्वास्थ्य सङ्कट देखिएका स्थानहरूमा तत्काल परीक्षण पहुँच पुऱ्याइनेछ । स्थानीय तहसँगको साझेदारीमा जनसंख्या र भूगोलको आधारमा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास र स्वास्थ्य सामग्री उपलब्ध गराउनुका साथै घुम्ती स्वास्थ्य तथा दूर स्वास्थ्य टेलीमेडिसिन सेवाको अतिरिक्त वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ । हरेक स्थानीय तहमा पन्ध्र शैयाको अस्पताल निर्माण गर्ने नेपाल सरकारको नीति कार्यान्वयन गर्न स्थानीय तहसँग साझेदारी गरिनेछ । मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा पोषणसम्बन्धी कार्यक्रमका साथै बर्थिङ सेन्टरलाई व्यवस्थित गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरी आमाको जीवनरक्षाका लागि हवाइ उद्धार कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाइनेछ । प्रदेशलाई पूर्ण खोपयुक्त प्रदेश घोषणा गरिनेछ । सबै जनताको वर्षमा एक पटक अनिवार्य स्वास्थ्य जाँच (मेडिकल स्क्रिनिङ्ग)को व्यवस्था गरी स्वास्थ्य तथा उपचार अवस्थालाई व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गराई स्वास्थ्य अभिलेख हेल्थ प्रोफाईल तयार गर्ने कार्य सुरूवात गरिनेछ । माननीय सदस्यहरू, मुख्यमन्त्री युवा उद्यमी अभियान सञ्चालन गरी नवीनतम् ज्ञान, सीप, प्रविधि तथा उद्धमशीलताका कार्यक्रममार्फत् युवाको क्षमता विकास गरी दक्ष र उद्यमशील बनाई उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ । कोभिड-19 को महामारीको संकटबाट रोजगारी गुमाएका र बेरोजगारलाई लक्षित गरी आत्मनिर्भरता एवं रोजगारीका अवसर सृजना गर्न मुख्यमन्त्री रोजगार कार्यक्रमलाई थप परिमार्जन गरी निरन्तरता दिइनेछ । यस कार्यक्रममार्फत कृषि र उद्योग क्षेत्रमा उद्यमशीलता विकास गरी स्वरोजगारी सृजना गर्न युवा जनशक्तिलाई तोकिएको मापदण्डका आधारमा सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान दिने व्यवस्था मिलाइनेछ । कोभिड-१९ को प्रभावबाट रोजगारी गुमाएका नागरिकलाई लक्षित गरी श्रम अभियान सञ्चालन गरिनेछ । वडास्तरमा श्रम सहकारी, श्रम कार्यदल र श्रम स्वयम्सेवक परिचालन गरी श्रममूलक विकास निर्माण कार्यहरू सञ्चालन गरिनेछ । स्थानीय तहसँगको साझेदारीमा परम्परागत मौलिक सीप, हस्तकला र प्रविधिलाई प्रवर्धन गरी युवालाई रोजगारीको अवसर सृजना गरिनेछ । खाद्य सुरक्षाका लागि श्रममूलक रोजगारी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

माननीय सदस्यहरू, 'मेरो किसान मेरो अन्नदाता' अभियानलाई निरन्तरता दिई आधारभूत खाद्यवस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। कृषक प्रोत्साहन, कृषि बीमा, सहुलियत कर्जा र न्यूनतम समर्थन मूल्य जस्ता किसानमैत्री कार्यक्रम संघ र स्थानीय तहसँग साझेदारी तथा सहकार्य गरी सञ्चालन गरिनेछ । मल, बीउ, बेर्ना, कृषि उपकरण लगायतका आधारभूत

कृषि सामग्रीको समयमै उपलब्धता सुनिश्चित गरिनेछ । कृषि उत्पादन वृद्धि गर्न साना सिंचाइ आयोजना सञ्चालन गरिनेछ । परम्परागत मौलिक बालीको विकासमा प्रोत्साहन गरिनेछ । अर्गानिक कृषि उत्पादन र कृषि उपजको बजारीकरणमा सहयोग गरिनेछ । फलफूल, तरकारी र उच्च मूल्य कृषि उपजमा पकेट क्षेत्र प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ । एक स्थानीय तह एक विशेष उत्पादन र एक सामुदायिक बीउ बैंक, एक वडा एक पोखरी वा जलाशय र एक जिल्ला एक स्रोत केन्द्र विकास गरिनेछ । कृषि उपज भण्डारणको लागि शीत भण्डार निर्माणलाई प्रोत्साहन गरिनेछ । पशुपन्छीजन्य उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउनुका साथै यस्ता उत्पादनको निर्यातलाई प्रवर्धन गरिनेछ । व्यावसायिक एवं उन्नत नश्लका पशुपक्षी, माछापालन, मौरीपालन र उच्च मूल्यका पन्छीपालनलाई प्रोत्साहन गरिनेछ । पशुपन्छी प्रयोगशालाको क्षमता विकास, संस्थागत साझेदारी र कृषि तथा पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गरिनेछ । सार्वजनिक, निजी र सहकारी क्षेत्रको साझेदारीमा दुग्ध उत्पादन, दाना, ह्याचरी, प्रशोधन केन्द्र, अर्गानिक मल, जैविक विषादी, बधशाला, स्रोतकेन्द्र विकास, सेलार चिस्यान केन्द्र र कृषि औजार तथा उपकरणको उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

माननीय सदस्यहरू, कर्णालीवासीको खाद्य सुरक्षाको सुनिश्चितताको लागि खाद्य आपूर्तिको भरपर्दो व्यवस्था मिलाइनेछ। कोभिड-19 बाट हुन सक्ने खाद्य संकट समाधानका लागि अत्यावश्यक खाद्यवस्तुको खरिद, भण्डारण र वितरणको समूचित प्रबन्ध गरिनेछ । प्रदेशभित्र उत्पादित कृषि उपजको बजारीकरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । खाद्य भण्डारण, आपूर्ति तथा बजारीकरणमा सहजीकरण गर्न खाद्य सञ्चय भण्डार ´एक स्थानीय तहः एक अन्न भकारी´ स्थापना गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ । आम उपभोक्ताको अधिकतम हित प्रवर्धन गर्न दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्तिको दिगो व्यवस्था मिलाउने, उपभोक्ता हित सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने, गुणस्तर परीक्षण र प्रभावकारी बजार अनुगमनको व्यवस्था मिलाइनेछ ।

मानननीय सदस्यहरू, ज्ञान र सीपयुक्त जनशक्ति समृद्धिको आधार हो । कर्णाली प्रदेशमा दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । यसका लागि प्राविधिक र स्वरोजगारमूलक शिक्षामा जोड दिँदै संघ र स्थानीय तहसँगको सहकार्यमा जीवनोपयोगी शिक्षाः सीपयुक्त योग्यता अभियान सञ्चालन गरिनेछ । नवसिर्जनशील, वैज्ञानिक, व्यावसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि प्रदेश शिक्षा नीति र कानूनी प्रबन्धका साथमा समायानुकूल पाठ्यक्रम परिमार्जन गर्न संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ । स्थानीय तहको सहकार्यमा विद्यालय शिक्षादेखि ज्ञानसहितको स्वआर्जन/लर्न एण्ड अर्न गर्ने जीवनोपयोगी शिक्षाको विकास गरिनेछ । बदलिँदो समय र कोभिड-१९ को प्रभाव समेतलाई मध्यनजर गरी प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रोत्साहन र प्रवर्धन गर्नुका साथै प्रविधिमैत्री जनशक्ति र पूर्वाधार विकास गरिनेछ । साक्षर घोषणा हुन बाँकी रहेका स्थानीय तह तथा जिल्लामा सघन साक्षरता कार्यक्रम सञ्चालन गर्न स्थानीय तह परिचालन गरी साक्षर कर्णाली

अभियानलाई निरन्तरता दिइनेछ। विशेष विद्यालय, विद्यालय पुस्तकालय, प्रयोगशाला र सूचना प्रविधिको विकासका लागि स्थानीय तहसँग साझेदारी गरिनेछ। गुणात्मक र स्तरीय प्राविधिक जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ। प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा अध्ययन, अनुसन्धान र शैक्षिक पर्यटकीय केन्द्रको रूपमा विकास गरिनेछ। मध्यपश्चिमाञ्चल विश्वविद्यालयसँगको साझेदारीमा प्रदेश विकासको लागि अनुसन्धान र विकासका कार्यमा सहकार्य गरिनेछ। विद्यालय शिक्षामा सबैको सहज र सरल पहुँच स्थापित गर्न एवं गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सामुदायिक विद्यालयको क्षमता विकास गरिनेछ। भूगोल र विद्यार्थी संख्याको आधारमा स्थानीय तहसँगको साझेदारीमा विद्यालय समायोजन तथा एकीकरण गर्न प्रोत्साहित गरिनेछ। हिमाली र विकट पहाडी क्षेत्रमा आवासीय विद्यालय सञ्चालन गर्न सम्भाव्यताका आधारमा कार्य अघि बढाइनेछ। स्थानीय तहसँगको सहकार्यमा दोहोरोपना नहुने गरी एक स्थानीय तह एक नमूना सामुदायिक विद्यालय र प्रदेश विशेष विद्यालय स्थापना र सञ्चालन गरिनेछ। मध्यम तथा उच्चस्तरको दक्ष प्राविधिक जनशक्ति उत्पादन एवं गुणस्तरीय प्राविधिक शिक्षामा जनताको सहज र सरल पहुँच कायम गर्न प्राविधिक तथा व्यावसायिक शिक्षाको विकासमा जोड दिइनेछ। सामुदायिक एवं प्राविधिक विद्यालयको भौतिक पूर्वाधार तथा प्रविधि विकासमा सहयोग गरिनेछ। एक निर्वाचन क्षेत्र एक सामुदायिक क्याम्पस र एक जिल्ला एक बहु-प्राविधिक शिक्षालय सञ्चालनमा सहयोग गरिनेछ। लक्षित वर्गलाई प्राविधिक उच्च शिक्षा अध्ययनको लागि विशेष छात्रवृत्ति प्रदान गर्नुका साथै स्थानीय तहसँगको लागत साझेदारीमा एक स्थानीय तह पाँच प्राविधिक जनशक्ति - मेडिसिन, इन्जिनियरिङ्ग, कृषि, भेटेरिनरी र सूचना प्रविधि उत्पादन कार्य सुरुवात गरिनेछ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश अस्पतालको साझेदारीमा चिकित्साशास्त्रमा स्नातक र स्नातकोत्तर अध्यापन कार्यक्रमको सुरुवात गरिनेछ।

माननीय सदस्यहरू, उद्योग तथा व्यवसाय क्षेत्रको प्रवर्धन, विकास र विस्तारका लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था गरी अर्थतन्त्रलाई सुदृढ गरिनेछ। स्थानीय तह र निजी क्षेत्रसँगको साझेदारीमा कोभिड-19 को प्रभावबाट शिथिल बनेको आर्थिक गतिविधिलाई नियमित गर्न साना, घरेलु तथा लघु उद्यमलाई प्रोत्साहन गरिनेछ। मझौला तथा ठूला उद्योग स्थापनालाई प्रोत्साहन गर्न सडक र विद्युत पहुँचका लागि पूर्वाधार विकास गरिनेछ। नवउद्यमीलाई प्रोत्साहन गर्दै प्रविधि हस्तान्तरण, सहुलियतपूर्ण कर्जा, प्राविधिक एवं वित्तीय परामर्शबाट रोजगारी लक्षित उद्यम विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशका पहिचानजन्य, निर्यातयोग्य, अर्गानिक, रैथाने लगायतका उत्पादनको प्रमाणीकरण तथा ब्राण्डिङ्ग गरी बजार प्रवर्धन गरिनेछ। संघीय सरकारसँग समन्वय गरी प्रदेशभित्र पेट्रोलियम पदार्थको भण्डारणको लागि पूर्वाधार विकास गरिनेछ। यस कार्यमा निजी क्षेत्रलाई समेत प्रोत्साहन गरिनेछ।

माननीय सदस्यहरू, वञ्चितीकरणमा परेका तथा राज्यको विशेष संरक्षण आवश्यक पर्ने वर्ग, क्षेत्र र समुदायको संरक्षण, विकास, जीविकोपार्जन र आयवृद्धिका लागि स्थानीय तहसँगको

समन्वय तथा साझेदारीमा कर्णाली सरकार सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ। राउटे लगायतका लोपोन्मुख तथा अल्पसंख्यक सीमान्तकृत वर्गको संरक्षण र सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी मूलप्रवाहीकरणका लागि छोरीको खानपिन,उपचार,लालन-पालन,शिक्षा आदिमा हुने भेदभाव अन्त्य गर्न,कम उमेरमा हुने विवाह रोक्न, बैंक खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रमलाई निरन्तरता दिइनेछ। छोरा र छोरी बीचको विभेदको अन्त्य गर्दै प्रदेशलाई लैङ्गिक दृष्टिले सुरक्षित र समतामूलक प्रदेशमा रुपान्तरण गरिनेछ। बाल विकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाको लागि सामुदायिक योगदान एवं स्ववृद्धि कोष प्रणालीको रूपमा प्रोत्साहन कार्यक्रमलाई परिमार्जन गर्दै निरन्तरता दिइनेछ। आर्थिक तथा सामाजिक रूपमा पछिपरेका दलित महिलाको समुचित विकास गर्न स्थानीय तहसँगको साझेदारीमा दलित महिला आय-आर्जन कार्यक्रम सञ्चालन गरिनेछ। जोखिममा परेका अभिभावक विहिन बालबालिकालाई स्थानीय तहसँगको सहकार्यमा उचित संरक्षण, पालनपोषण, शिक्षा र स्वास्थ्यको समुचित व्यवस्था मिलाइनेछ। जेष्ठ नागरिकको सहज दिनचर्याका लागि वडास्तरमा जेष्ठ नागरिक मिलन केन्द्र तथा जेष्ठ नागरिकको सुरक्षा एवं संरक्षणका लागि बृद्धाश्रम, अपाङ्गता भएका व्यक्ति तथा अन्य अशक्त, असहाय र आश्रित व्यक्तिका लागि कल्याणकारी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। जनयुद्ध, जनआन्दोलन, प्रदेश प्राप्ति लगायतका अन्य अधिकार प्राप्तिका आन्दोलनका घाइते योद्धा, सहिद परिवार र बेपत्ता भएका व्यक्तिको परिवारको उचित व्यवस्थापन, राहत, औषधोपचार, पुनर्स्थापना तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। सन्तुलित, समानुपातिक र सार्थक सहभागिताको लागि आर्थिक एवं सामाजिक रूपमा बहिष्करणमा परेका कर्णालीका अति विपन्न नागरिकको न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने नीति लिइनेछ। यसका लागि स्थानीय तहसँगको साझेदारीमा खाना, नाना, छाना कार्यक्रम सञ्चालन गरिनेछ। पहिचान गरिएका गरिब/विपन्न परिवारलाई लक्षित गरी गरिबी निवारणका एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू, **कर्णालीको पानीः जनताको लगानी** अभियान सञ्चालनका लागि जलस्रोत गुरुयोजना तयार गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा आकर्षक र प्राविधिकरूपले योग्य जलविद्युत तथा बहुउद्देश्यीय आयोजनाको सम्भाव्यता अध्ययन गरिनेछ। आधारभूत विद्युत सेवा नपुगेका स्थानमा लघु जलविद्युत तथा वैकल्पिक ऊर्जाको माध्यमबाट विद्युतीकरण गर्न कर्णाली उज्यालो कार्यक्रमलाई निरन्तरता दिइनेछ। भेरी बबई बहुउद्देश्यीय आयोजना र जगदुल्ला जलविद्युत आयोजनामा प्रदेश सरकारको उचित लगानी गरिनेछ। भेरी बबई बहुउद्देश्यीय आयोजनाको बाँधलाई प्रयोग गरी संघीय सरकारसँगको सहकार्यमा यस प्रदेशको पूर्ण स्वामित्व कायम हुने गरी छुट्टै जलविद्युत आयोजना निर्माण प्रकृया अगाडी बढाइनेछ। राष्ट्रिय विद्युत प्रशारण सञ्जाल नपुगेका दुर्गम र भौगोलिक रूपमा कठिन स्थानमा लघु जलविद्युत एवम् सौर्य, वायोग्यास, वायु ऊर्जा लगायतका वैकल्पिक ऊर्जाको विकास

गरिनेछ। आमजनताको स्वामित्व रहने गरी पब्लिक कम्पनी वा सहकारीबाट कार्यान्वयन गर्ने गरी उपयुक्त क्षेत्रमा बहुउद्देश्यीय जलस्रोत आयोजना सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ। सुरक्षित, भरपर्दो र गुणस्तरीय सडक पूर्वाधार विकास गर्न गुरुयोजना तर्जुमा गरिनेछ। रणनीतिक तथा पर्यटकीय महत्त्वको सुर्खेत-हिल्सा सडक खण्डको विकास र स्तरोन्नतिको लागि स्वदेशी र विदेशी दुबै स्रोतको परिचालन गर्न संघीय सरकारसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ। स्थानीय तहको केन्द्रदेखि जिल्ला सदरमुकाम जोड्ने पहुँच मार्ग निर्माणको कार्यलाई निरन्तरता दिँदै जिल्ला सदरमुकामबाट प्रदेश राजधानी जोड्ने रणनैतिक महत्त्वका प्रादेशिक सडकको स्तरोन्नति गरिनेछ। प्रदेश राजधानी वीरेन्द्रनगरमा बाहिरी चक्रपथ निर्माणको प्रकृया अघि बढाइनेछ। नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गरी जनताको आवतजावत सहज बनाइनेछ। स्थानीय तहसँगको सहकार्यमा प्रदेश राजधानीमा विद्युतीय सवारी साधन सञ्चालनलाई प्रोत्साहन गरिनेछ। सुर्खेत उपत्यका भित्रका प्रमुख सडकमा पदमार्ग र साइकल लेनको व्यवस्था गरिनेछ। सवारी दुर्घटनालाई न्यूनीकरण गर्न राजमार्गमा सडक सुरक्षा परीक्षण, रिफ्रेस तथा भेइकल फिटनेस सेन्टर स्थापना गर्न प्रोत्साहन गरिनेछ। सडक, सवारी तथा यातायात सभ्यता विकासका लागि नमूना तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै नियमित सडक निरीक्षणको व्यवस्था मिलाइनेछ। भू-कम्प प्रतिरोधी सार्वजनिक तथा निजी भवन र संरचना निर्माणको लागि नीतिगत तथा कानूनी व्यवस्था मिलाइनेछ। "कर्णाली प्रदेश यातायात सेवा" सञ्चालनका लागि शेयर साझेदारी, अनुदान, सहुलियत ऋण तथा पूरक अन्तर कोष सहयोगमा आम जनताको शेयर स्वामित्व रहने गरी समाजवादी अवधारणामा पब्लिक कम्पनी वा सहकारी प्रणालीमार्फत प्रदेशको सार्वजनिक यातायात सेवालाई सुरक्षित, प्रतिस्पर्धी, गुणस्तरीय र सेवामुखी बनाउने नीति लिइनेछ। जनतालाई आधारभूत खानेपानीको व्यवस्था र सिँचाई सुविधा उपलब्ध गराइनेछ। कर्णाली र भेरी बेसीन, बबई र शारदालगायतका नदी किनाराका बस्ती र खेतीयोग्य जमिनलाई लक्षित गरी नवीन प्रविधिको माध्यमबाट स्वच्छ खानेपानी तथा सिँचाइ सुविधा विस्तार गरिनेछ। घर, विद्यालय, सार्वजनिक संस्था र विकट बस्ती तथा खानेपानीका स्रोत नभएका स्थानमा स्वच्छ तथा गुणस्तरीय खानेपानी उपलब्धताको लागि वर्षातको पानी सङ्कलन, डिप-बोरिङ तथा लिफ्ट आयोजना सञ्चालन गरिनेछ। प्रदेश राजधानी वीरेन्द्रनगरको खानेपानीको समस्या समाधान गर्न भेरी लिफ्ट खानेपानी आयोजना अघि बढाउन नेपाल सरकारसँग समन्वय गरिनेछ। वैकल्पिक स्रोत एवम् बहुउद्देश्यीय उपयोगको दृष्टिकोणले चिङ्गाड खोलाको विस्तृत सम्भाव्यता अध्ययनको कार्य अघि बढाइनेछ। खानेपानी सुरक्षा योजना कार्यान्वयन गर्न घुम्ती भ्यान पानी परीक्षण प्रयोगशालासहित र सबै सहरमा स्थानीय तहसँगको सहकार्यमा बहुउद्देश्यीय सार्वजनिक शौचालय, ढल व्यवस्थापन र फोहोरमैला प्रशोधन केन्द्र निर्माणको सुरुवात गरिनेछ। दलित, राउटे, विपन्न, घरबारविहीन, विपद् पीडित जनता र छरिएको तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी शिक्षा, स्वास्थ्य, रोजगारी र आय-आर्जनका अवसर उपलब्ध गराउने गरी एकीकृत बस्ती

विकास तथा सामाजिक रुपान्तरण कार्यक्रम अगाडी बढाइनेछ। प्राकृतिक प्रकोपको उच्च जोखिममा रहेका बस्ती लक्षित गरी सुरक्षित एवम् एकीकृत नमुना बस्ती विकास गर्न सम्भाव्यता अध्ययन गरी अति विपन्न, लक्षित वर्ग र समुदायको जीवनस्तर सुधार तथा सामाजिक रुपान्तरणका लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ। सुरक्षित, व्यवस्थित र वातावरणमैत्री सार्वजनिक तथा निजी भवन निर्माणसम्बन्धी कानून तथा सुरक्षा मापदण्ड तर्जुमा गरिनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार सहरी सौन्दर्य र मनोरञ्जनजन्य क्रियाकलापका लागि आधारभूत सुविधायुक्त खुला मैदान निर्माणलाई प्रोत्साहन गरिनेछ ।समाजवादी अवधारणा अनुसार आम नागरिक र निजी क्षेत्रको शेयर स्वामित्व रहने र लाभको न्यायोचित वितरण हुने गरी प्रदेश सरकारको जमानी र प्रोत्साहनमा निर्माण, स्वामित्व र सञ्चालन प्रारूप अनुरूप साझेदारीमा रणनीतिक महत्त्वका पूर्वाधार आयोजनाको सम्भाव्यता अध्ययन गरी सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू,"समृद्धिका लागि वन" कार्यक्रममार्फत वैज्ञानिक वन व्यवस्थापन, वन्यजन्तु, जडीबुटी तथा जैविक विविधताको दिगो संरक्षण तथा व्यवस्थापनबाट रोजगारी, हरित अर्थतन्त्र र पर्यापर्यटनमार्फत प्रदेशको विकास र समृद्धिका लागि वन क्षेत्रको योगदान बढाइनेछ। वनस्रोतको सर्वेक्षण, संरक्षण, सदुपयोग र व्यवस्थापन गरी वन, वनस्पति तथा वन्यजन्तुको दिगो विकास एवं पूर्ण क्षमतामा काष्ठ र गैह्रकाष्ठ वनपैदावारको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गरी पहिलो तहको प्रशोधन गर्न प्रोत्साहन एवं वनपैदावारको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ। हाईटेक नर्सरी प्रविधि अवलम्बन गरी कृषि वन र वन नर्सरीमा बहुमूल्य प्रजातिका रुख तथा जडीबुटीका बिरुवा उत्पादन र वन विकास तथा विस्तार गर्न सरकार, समुदाय, सहकारी र निजी क्षेत्रको साझेदारीमा वनपैदावारमा आधारित उद्यमको प्रवर्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र रोजगारी सिर्जना गरिनेछ। उच्च हिमाली, महाभारत श्रृङ्खला र चुरे क्षेत्रमा अनुकूल वन तथा वनस्पतिको संरक्षणका विशेष कार्यक्रम सञ्चालन र विस्तार गरिनेछ। सामुदायिक वन तथा खाली जग्गालाई आयमूलक रूपमा उपयोग गर्न फलफूल, जडीबुटी र सुगन्धित वनस्पतिको खेती र सङ्कलन कार्यलाई प्रवर्धन गरिनेछ। जैविक विविधताको अध्ययन, अनुसन्धान एवं वैज्ञानिक अभिलेखन गरी प्रत्येक जिल्लामा नमुना वृहत वनस्पति उद्यानको स्थापना गर्ने एवं जैविक विविधता संरक्षण, निजी तथा सार्वजनिक जग्गामा व्यावसायिक जडीबुटी खेतीका लागि प्रोत्साहन, बहुमूल्य जडीबुटीको मूल्य श्रृङ्खला विकास र पर्यापर्यटनमा टेवा पुर्‍याउने कार्यक्रमहरू सञ्चालन गरिनेछ। कर्णाली प्रदेशलाई सुरक्षित, आकर्षक र विशिष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। यसका लागि प्रदेश पर्यटन गुरुयोजना अनुसार पूर्वाधार विकास र प्रवर्धन गरिनेछ। पर्यटनलाई स्थानीय जनताको रोजगारी र आयआर्जनसँग आबद्ध गराइनेछ। विमानस्थलबाट टाढा पर्ने विकट क्षेत्रमा हेलीप्याड निर्माण तथा प्रदेशका सबै विमानस्थल एवम् सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नति गरिनेछ। नियमित उडान व्यवस्थान व्यवस्थाका लागि दुर्गम क्षेत्र सेवा कोष परिचालन गर्न पहल गरिनेछ। कोभिड-19 बाट प्रभावीत पर्यटन

उद्योगलाई सहयोग गर्न विशेष प्रोत्साहनको व्यवस्थाका साथै प्रदेशभित्रका पर्यटन सम्भाव्य क्षेत्रमा नमूना पर्यटकीय पदमार्ग, पर्यटकीय पहुँच मार्ग तथा एक जिल्ला एक पर्यटकीय गन्तव्य पूर्वाधार विकास गरिनेछ। साहसिक पर्यटन, सामुदायिक घरबास (होमस्टे) तथा रारा क्षेत्रमा नमूनाको रूपमा पर्यटकीय मुर्मा गाउँ विकास, प्रदेशभित्र रहेका ऐतिहासिक गढी, किल्ला, देवलको संरक्षण गर्दै विश्वप्रसिद्ध धार्मिकस्थल मानसरोवर जाने पहुँचमार्ग निर्माणलाई विशेष प्राथमिकता दिइनेछ। अति संवेदनशील जलाधार क्षेत्रको पहिचान, जलस्रोतको संरक्षण, गुणस्तर अभिवृद्धि तथा तालतलैया, जलाशय र खोलानालाको संरक्षण र व्यवस्थापन गर्न स्थानीय तहसँग साझेदारी गरी जलवायु परिवर्तन अनुकूल अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। प्रदेशको राजधानी वीरेन्द्रनगरलाई नमूना हरित सहरको रूपमा विकास गरिनेछ । पूर्वाधार विकास तथा निर्माण कार्यलाई जलवायु अनुकूलित र वातावरणमैत्री बनाइनेछ। भूमिगत पानीको पुनःभरण (रिचार्ज)को आवश्यकतालाई मध्यनजर गर्दै सम्भाव्यताका आधारमा स्थानीय तह र सहकारी क्षेत्रसँगको सहकार्यमा जलाशय निर्माण कार्यलाई अघि बढाइनेछ। निर्माण सामग्रीको दिगो आपूर्ति, पर्यावरणीय सन्तुलन र राजस्व वृद्धिका लागि स्थानीय तहसँगको समन्वय र साझेदारीमा उत्खनन्, संकलन र घाटगद्दीको जिम्मेवारी सुरक्षा संयन्त्रलाई दिने र संकलित सामग्री प्रतिस्पर्धाबाट बिक्री-वितरणको प्रबन्ध मिलाइनेछ।

माननीय सदस्यहरू, सहकारी प्रणालीलाई आर्थिक विकासको एक सम्वाहकको रूपमा विकास गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको विकासको आधारको रूपमा उपयोग गरिनेछ। नमूना गाउँ, उपभोक्ता हित संरक्षण, उत्पादन, शिक्षा, स्वास्थ्य, यातायात क्षेत्र र विकास निर्माण कार्यमा सहकारी प्रणालीको उपयोग गरिनेछ । उद्यमशील कार्यका लागि बचत परिचालन र कृषि क्षेत्रमा उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणको कार्य गर्न सहकारीलाई प्रोत्साहन गरिनेछ। कृषिमा आधारित सहकारीलाई प्रोत्साहित गरी "एक सहकारी एक उत्पादन" को कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशको भू-उपयोग नीति, कानून तथा गुरुयोजना तर्जुमा गरी वैज्ञानिक भूमि व्यवस्थापनको माध्यमबाट भूमिको वर्गीकरण र यसको उत्पादनमूलक उपयोग गरिनेछ। जमिन बाँझो नराखौं, सक्नेलाई खेती गर्न दिऔं अभियान सञ्चालन गरिनेछ। चक्लाबन्दीलाई प्रोत्साहन गरी व्यक्तिगत, सामूहिक वा सहकारी खेतीलाई प्रवर्धन गरिनेछ। गुठी तथा ऐलानी जग्गाको व्यवस्थापन, सुकुम्बासी तथा भूमिहीन सम्बन्धी समस्याको समाधान र जनयुद्धकालमा जनसत्ताबाट किनबेच गरिएका जग्गा-जमिनको लगत व्यवस्थापन गर्ने कार्यलाई संघ र स्थानीय तहसँग समन्वय गरी अघि बढाइनेछ। कृषि तथा अन्य प्रयोजनका लागि जग्गाको वर्गीकरणसहितको भू-सूचना प्रणाली स्थापना गर्न भूमिसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापनको लागि जिल्लास्थित मालपोत तथा नापी कार्यालयलाई आवश्यक सहजीकरण गरिनेछ ।

माननीय सदस्यहरू, ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक स्थलको खोज र विकास गर्दै विभिन्न जाति, वर्ग, क्षेत्र र समुदायको परम्परागत संस्कृतिलाई संरक्षण र सम्बर्द्धन

गरिनेछ। प्रदेश सङ्ग्रहालयलाई स्तरोन्नति गरी प्रदेश अभिलेखालयको रूपमा विकास गर्नुका साथै सिँजा र दुल्लुमा स्थानीय तहसँगको साझेदारीमा तथ्य, प्रमाण, लिपिसम्बन्धी दस्तावेजको व्यवस्थित संग्रहसहितको सांस्कृतिक संग्रहालयको स्थापना र पूर्वाधार विकास गरिनेछ। मनोरञ्जन, स्वास्थ्य र व्यक्तित्वका लागि खेलकूद भन्ने अभियानलाई सार्थक बनाउन अब्बल खेलाडी उत्पादन र खेलकूद क्षेत्रको पूर्वाधार तथा संस्थागत विकास गरिनेछ। स्थानीय तहसँगको साझेदारीमा सामुदायिक विद्यालयमा खेल मैदान निर्माण, विकास र विस्तार गर्दै विद्यालय, वडा तथा स्थानीय तह हुँदै प्रदेशसम्म खेलकुद अवसरको विस्तार गरी खेल प्रतिभा पहिचानबाट अब्बल खेलाडी उत्पादन र खेलकुदको विकास गरिनेछ। राष्ट्रिय स्तरका खेलकुद प्रतियोगिता सञ्चालन गर्न खेलकुद पूर्वाधारको विकासको लागि नेपाल सरकार र स्थानीय तहसँग सहकार्य गरिनेछ।

माननीय सदस्यहरू,मानव अधिकारका सर्वमान्य सिद्धान्त, मूल्य मान्यताको प्रवर्धन, नागरिकको जिउधन र स्वतन्त्रताको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभूतिका लागि आवश्यक कानूनी, संस्थागत तथा भौतिक पूर्वाधारको समुचित प्रबन्ध गरिनेछ। शान्ति, सुरक्षा तथा अमनचयन कायम राख्न सुरक्षा नीति तर्जुमा, कानूनी तथा संस्थागत प्रबन्ध गरी प्रदेश प्रहरी गठन गरिनेछ। दक्ष, जनउत्तरदायी, व्यावसायिक र उच्च मनोबलयुक्त प्रहरी संगठन निर्माणका लागि प्रहरी तालिम केन्द्रको स्थापना, आवश्यक प्रविधि तथा पूर्वाधारको प्रबन्ध गरी नागरिकमैत्री प्रहरी प्रशासनको अवधारणा कार्यान्वयन गरिनेछ। कानूनी राज्यको प्रत्याभूतिका लागि आवश्यक कानून निर्माण, प्रभावकारी कार्यान्वयन र कानूनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ। कारागारलाई सुधार केन्द्रको रूपमा विकास गर्न उत्पादनमूलक खुला कारागार निर्माण कार्यलाई नमूनाको रूपमा अघि बढाइनेछ। जनयुद्ध र अधिकार प्राप्तिका विभिन्न आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने महान सहिदहरूको सम्मान र सम्झनामा राजनीतिक आन्दोलन तथा सामाजिक परिवर्तन झल्कने तथ्य, प्रमाण, वस्तु र दस्तावेजको व्यवस्थित संग्रहसहितको शान्ति पार्क निर्माण प्रारम्भ गरिनेछ। सडक सुशासन प्रवर्धनका लागि प्रभावकारी सार्वजनिक यातायात सेवाको विकास, प्रविधिको प्रयोग, सचेतना विकास, सवारी दुर्घटना न्यूनीकरण, खोज, उद्धार एवं उपचार सेवालाई भरपर्दो बनाइनेछ। कर्णाली प्रदेशको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र सम्बद्ध संघसंस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ । वडा तहसम्मको विपद् जोखिम व्यवस्थापन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। विपद्को पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई समन्वयात्मक रूपमा अगाडी बढाउन स्थानीय र वडा तहमा स्ववृद्धि प्रणालीमा आधारित विपद् राहत कोष स्थापना तथा प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको क्षमता विकास गरिनेछ। प्रदेशका स्थानीय स्थायी बासिन्दा र कार्यरत राष्ट्रसेवक तथा संघसंस्थाका कर्मचारीको विपद् जोखिम विरुद्ध सामुहिक दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिनुका साथै समुदाय तथा विपद् व्यवस्थापनका लागि स्वयंसेवी दूतको व्यवस्था गरिनेछ। विपद् जोखिम क्षेत्र नक्साङ्कन र

पूर्वसूचना प्रणालीको विकास गरिनेछ। पुनर्स्थापित हुन नसकेका सुर्खेतका वि.सं. २०७१ सालका बाढीपीडित लगायतका पीडित परिवारको आवास निर्माण कार्यलाई सम्पन्न गरिनेछ। आमसञ्चार माध्यमलाई स्वच्छ, मर्यादित र व्यावसायिक बनाउन तथा सञ्चारकर्मीको क्षमता अभिवृद्धिको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ। श्रमजीवी पत्रकारको स्वास्थ्य सुरक्षा, उत्प्रेरणा र व्यावसायिक दक्षता विकास गर्न पत्रकार स्वास्थ्य बीमा र स्नातकोत्तर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ। सञ्चार माध्यमको दर्ता, इजाजत, नवीकरण र नियमनको आवश्यक कानून निर्माण गरी कार्यान्वयन गरिनेछ। सूचना प्रविधिको क्षेत्रमा विश्वबजारमा देखिएका नवीन प्रविधिको प्रयोग गर्दै विद्युतीय शासनको संकल्प सार्थक पार्न डिजिटल कर्णाली गुरुयोजना तर्जुमा र कार्यान्वयन गरी सरकारी कामकाजलाई प्रविधिमैत्री बनाइनेछ। सूचना प्रविधि तथा तथ्याङ्कको भण्डारण र सुरक्षा गरी विद्युतीय शासनको समुचित व्यवस्थापन गरिनेछ। प्रदेश मन्त्रालय र अन्तर्गतका कार्यालयबाट क्रमशः स्वचालित कार्यालय प्रणाली/अफिस अटोमेसन सिस्टमको सुरुवात गरिनेछ। साथै, प्रदेशको एकीकृत एप्लिकेशन निर्माण गरी प्रदेश सरकारका सूचना तथा सेवा विद्युतीय माध्यमबाट प्रवाह गरिनेछ। स्वस्थ, सभ्य, सुरक्षित र सुसंस्कृत कर्णाली समाज निर्माण गरिनेछ। कुसंस्कार, कुलत, लागुऔषध उत्पादन, ओसार-पसार, बेचबिखन र दुर्व्यशन, जुवातास जस्ता विसंगतिलाई निर्मूल गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ। कुलतमा लागेका व्यक्तिको सुधार र पुनर्स्थापनाको लागि अभिमुखीकरण, जीवनोपयोगी तालिम र मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

माननीय सदस्यहरू, कोरोना भाइरसको महामारीबाट अर्थतन्त्रमा सिर्जित विषम परिस्थितिमा भएको स्रोतको संकुचन र यसबाट पर्ने वित्तीय भारसमेतलाई मध्यनजर गरी चालु खर्चलाई निश्चित सीमामा राख्ने, नयाँ संगठन संरचना थप नगर्ने तथा प्रशासनिक खर्चको नियन्त्रण गरी निश्चित सीमाभित्र कायम गरिनेछ । दीर्घकालीन दायित्व न्यूनीकरण गर्ने र गैरबजेटरी खर्चलाई निरुत्साहन गरी वित्तीय उत्तरदायित्व र जवाफदेहिता प्रवर्धन गरिनेछ । प्रदेशमा वित्तीय साक्षरता, बैङ्किग प्रणालीमा पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गरिनेछ। नागरिकको वचत वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। आन्तरिक स्रोत अभिवृद्धि गर्न प्रदेशको अधिकार क्षेत्रअन्तर्गत रहेको राजस्वको दायरा विस्तार तथा कर प्रणालीलाई सुधार गरिनेछ। साथै, नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदनको एकीकृत स्वचालित प्रणाली विकास गरी लागू गरिनेछ। कर्णाली प्रदेशको पूर्वाधार लगायतका प्राथमिकता प्राप्त क्षेत्रमा विकास साझेदारलाई परिचालन गरिनेछ। प्रत्येक्ष वैदेशिक लगानी आकर्षण गर्न सुरक्षा र लगानीमैत्री वातावरणको प्रत्याभूति प्रदान गरिनेछ।

माननीय सदस्यहरू, जनताको लोकतान्त्रिक चेतना सचेतना अभिवृद्धि, मानवअधिकारको प्रवर्धन, शासकीय सूचनाको प्रत्याभूति, जनआवाजको सुनुवाइ प्रबन्ध एवं नागरिक मञ्चसमेतका माध्यमबाट प्रदेश सरकार र जनताबीचको नजिकको सम्बन्ध स्थापित गरी सुशासनको प्रत्याभूति गर्न जनतासँग कर्णाली सरकार कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ। प्रदेश सरकारबाट

सञ्चालित विभिन्न आयोजना तथा सरकारका क्रियाकलापप्रति आमनागरिकको गुनासो तथा धारणा सम्बोधन हुने गरी प्रदेश सरकारसँग प्रत्यक्ष रूपमा आफ्नो कुरा राख्न हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। सञ्चार माध्यमसँगको सहकार्यमा नागरिक शिक्षा कार्यक्रम सञ्चालन गरी नागरिक अनुगमन तथा पृष्ठपोषण प्रणाली अपनाई नागरिक सहभागिता, अपनत्व अभिवृद्धि गरी शासन, प्रशासन तथा विकास प्रक्रियालाई पारदर्शी, परिणाममुखी, प्रतिस्पर्धी, जनउत्तरदायी, जवाफदेही एवम् थप विश्वसनीय बनाइनेछ। प्रदेश सरकारबाट सञ्चालित रु. पाँच करोडभन्दा माथिका कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रभावकारीता अभिवृद्धि गर्न उच्चस्तरीय अनुगमन तथा सहजीकरण संयन्त्र बनाइनेछ। स्थानीय तहमा नवप्रवर्तन र विकासका लागि प्रतिष्पर्धा बढाउन प्रदेशभित्रका सबै स्थानीय तहले लाभ लिन सक्ने गरी एक सिर्जनशील साझेदारी कोष (इन्नोभेटिभ पार्टनरसीप फण्ड) स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ। सार्वजनिक सेवा प्रवाहलाई चुस्त, अनुमानयोग्य एवं सुशासनयुक्त बनाई समृद्ध कर्णालीको जनअपेक्षा सम्बोधन गर्न सबल, सक्षम मानवस्रोतको विकास र शासकीय प्रणालीमा समयानुसार सुधार गर्दै लगिनेछ। प्रदेश निजामती सेवासम्बन्धी कानून तर्जुमा र कार्यान्वयन गरी प्रदेश निजामती सेवालाई सक्षम, निष्पक्ष, पारदर्शी, उत्तरदायी, सदाचारयुक्त एवं नागरिकप्रति संवेदनशील बनाई प्रदेशको प्रशासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च गराई काम, कर्तव्यप्रति अझ बढी बफादार, जिम्मेवार, उत्तरदायी बनाउन विशेष योगदान पुऱ्याउने कर्मचारीलाई कर्णाली सेवा पुरस्कारबाट सम्मानित गरिनेछ। राष्ट्रसेवक तथा निजी क्षेत्रको औद्योगिक एवं ठूला उद्योग-प्रतिष्ठान, व्यापारिक केन्द्रलगायतका ठूलो संख्यामा महिला कर्मचारी, मजदुर कार्यरत रहने कार्यस्थलमा शिशु हेरचाह सहजताको लागि दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गर्न प्रोत्साहित गरिनेछ। व्यवस्थापन परीक्षणमार्फत स्वचालित कार्यसञ्चालन (अटोमेसन) एवं कर्मचारी सूचना प्रणाली अवलम्बन गरी प्रदेश सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ। नवीनतम् प्रविधिको अधिकतम उपयोगबाट प्रदेशको समृद्धि र सुशासन प्रवर्धन गर्न प्रादेशिक सुशासन प्रवर्धन केन्द्र स्थापना गरिनेछ । प्रदेश सरकार मातहत रहेका विभिन्न तालिम केन्द्रलाई क्रमश: एकीकृत गरी यस केन्द्रलाई प्रदेश तहमा प्रशिक्षणसम्बन्धी कार्य गर्ने एक विशिष्टीकृत संस्थाको रूपमा विकास गरिनेछ। संघ, प्रदेश र स्थानीय तहबीच नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापन तथा कार्यान्वयनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँडसम्बन्धी विषयमा संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाइनेछ। नेपालको संविधानले प्रदेशको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका अधिकार तथा कार्य विस्तृतीकरणबाट प्रदेशलाई प्राप्त अधिकार तथा जिम्मेवारी पूरा गर्न सक्ने गरी आवश्यक आर्थिक स्रोतसाधन, जनशक्ति  र कार्ययोजना तयार गरी अघि बढाइनेछ। नेपाल सरकार तथा स्थानीय तहसँग बजेट साझेदारी, नीतिगत मार्गदर्शन, कार्यक्रमगत दिशाबोधबाट सहकार्य, साझेदारी, समपूरक आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्रम समन्वय इकाइबाट

प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा विषयगत निकाय तथा स्थानीय तहमार्फत् कार्यान्वयनमा ल्याइ कार्यक्रमलाई नतिजामुखी एवं उपलब्धिपूर्ण बनाइनेछ। प्रदेश तथा स्थानीय तहबीच नवप्रवर्तित विकास निर्माणको सिकाई, अनुभव र अभ्यास आदान प्रदान तथा अनुशरण (रेप्लिकेट) का कार्यक्रम अघि बढाइनेछ। प्रदेश समन्वय परिषद्को व्यवस्थापन तथा निर्णयको प्रभावकारी कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थानीय तह सम्पर्क इकाइ सञ्चालनमा ल्याइनेछ।

माननीय सभामुख,

माननीय सदस्यहरू,

प्रस्तुत नीति तथा कार्यक्रमले कोभिड-19 ले अर्थतन्त्रमा पारेको प्रभावलाई न्यूनीकरण गर्नुका साथै कर्णालीको राजनीतिक, आर्थिक, सामाजिकलगायतका समग्र शासकीय क्षेत्र र विकासमा थप सुधार तथा प्रगति हुने विश्वास लिएको छु। सरकारी, निजी, सहकारी, विकास साझेदार लगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको संयुक्त प्रयास, समन्वय, सहकार्य र साझेदारीबाट प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयन भई कर्णाली प्रदेशको विकास र समृद्धिमा योगदान पुर्याउने अपेक्षा गरेको छु। कर्णाली प्रदेशको समग्र विकासको फराकिलो आधार निर्माण गर्नको लागि प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह-सुझाव दिइ योगदान गर्नुहुने संघीय र प्रदेश सभाका माननीय सदस्य, प्रदेश सभाका विषयगत समिति, विज्ञ समूह, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, प्रदेश योजना आयोग पदाधिकारी, बुद्धिजीवी, निजी क्षेत्र, नागरिक समाज, श्रमजीवी नागरिक, सञ्चारकर्मी, विकास साझेदार संघसंस्था र सम्पूर्ण कर्णालीवासीप्रति धन्यवाद ज्ञापन गर्दै अन्तर्हृदयबाट आभार र कृतज्ञता प्रकट गर्दछु।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई कोभिड-19 को प्रभावबाट देखिएको महामारी नियन्त्रण गरी कर्णालीवासीको जीवनरक्षा, यस संकटबाट उत्पन्न हुन सक्ने खाद्य संकटको निवारण र शिथिल बनेको आर्थिक गतिविधिलाई पूनर्जीवन दिन सक्षम हुनेछ भन्ने विश्वास लिँदै सर्वपक्षीय सहयोगका लागि अपिल गर्दछु। धन्यवाद !

**माननीय सभामुख:** माननीय सदस्यहरू, यो बैठक अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

a}7s ;¥of–% -lgold t_

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको पाँचौं बैठक विश्रामपछि पुन: सुचारु हुन्छ ।

माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको छैठौं अधिवेशनको पाँचौं बैठकमा सम्बोधन भएको नीति तथा कार्यक्रमप्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम १ बमोजिम यस सभा समक्ष टेबुल गर्न कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही:** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको पाँचौं बैठकमा प्रस्तुत गरिएको प्रदेश सरकारको आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम १ बमोजिम सभासमक्ष टेबल गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा उहाँप्रति कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम धन्यावाद ज्ञापनको प्रस्ताव राख्न माननीय श्री गुलाबजंग शाहलाई अनुमति दिन्छु ।

**माननीय श्री गुलाबजंग शाह:** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम सभामा प्रस्तुत भएकोमा कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम माननीय प्रदेश प्रमुखज्यूलाई सभाको तर्फबाट धन्यावाद ज्ञापनको प्रस्ताव पारित गरियोस् भनी प्रस्ताव गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म माननीय श्री सीताकुमारी नेपालीलाई कर्णाली प्रदेश सभा नियमावली २०७४ को नियम ३६ को उपनियम बमोजिम माननीय श्री गुलाबजंग शाहले पेश गर्नुभएको धन्यवाद ज्ञापनको प्रस्तावलाई समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय श्री सीताकुमारी नेपाली:** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा माननीय प्रदेश प्रमुखज्यूलाई सभाको तर्फबाट धन्यवाद ज्ञापन गरियोस भनी माननीय श्री गुलाबजंग शाहले राख्नुभएको प्रस्तावलाई कर्णाली प्रदेश सभा नियमाली २०७४ को नियम ३६ को उपनियम २ बमोजिम समर्थन गर्दछु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रस्तुत भएकोमा उहाँलाई यस सभाको तर्फबाट धन्यवाद ज्ञापन प्रस्ताव पारित गरियोस् भनी माननीय श्री गुलाबजंग शाहले पेश गर्नुभएको तथा माननीय श्री सीताकुमारी नेपालीले समर्थन गर्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला । यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् : हुन्छ ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक

वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा उहाँसमक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन गरियोस् भन्ने प्रस्ताव कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम ३ बमोजिम सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममाथि छलफल गर्नका लागि प्रदेश सभा नियमावली २०७४ को नियम ३७(१) अनुसार यही जेठ १८ र १९ गतेका दिनहरू तोकेको छु । छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूले उक्त दिनको बैठक बस्ने समय अगावै आफ्नो नाम सचिवालयमा टिपाउनुहोला ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ १८ गते आइतबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

**(वि.सं. २०७७ साल जेष्ठ १८ गते आइतबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको छैठौं बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत् सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही । माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्मानीय सभामुख महोदय, सर्वप्रथम कोरोनाबाट प्राण गुमाउनु हुने हाम्रै प्रदेशका दैलेखका दुल्लु नपाका व्यक्तिप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । यो एकदम भयावह अवस्था आइरहेको छ । यसै सन्दर्भमा मैले यो बोल्नु आज अपरिहार्य हो भन्ने मलाई लागेर र यहाँ प्रदेश प्रमुख सरकार प्रमुख पनि यहाँ हुनुभएको हुनाले आज यो भयावह अवस्था आइरहेको छ । हामी अझैं पनि निद्रामा झुलिरहेको जस्तो अवस्थामा देखियौं । जसले गर्दाखेरि जुन हामीले हिजो हवुवा फैलायौं कर्णाली प्रदेशको सम्बन्धमा । आज यत्रो मान्छेहरू र अब कति जना मान्छेहरू हुन्छन् भन्ने हामीलाई कुनै साध्य छैन । र यो प्रदेश सरकारलाई कोरोना नियन्त्रण अथवा कोरोनामुक्त प्रदेश बनाउन पर्याप्त समय थियो, नभएको होइन । सरकारलाई कोरोना नियन्त्रणका लागि क्वारेन्टिन व्यवस्थापन गर्न, स्वास्थ्य परीक्षण कीट व्यवस्थापन गर्न, स्वास्थ्य सामग्री व्यवस्थापन आदि महत्त्वपूर्ण कार्य गर्न विभिन्न सयममा सरकारलाई हामीले पनि सुझाव दिएकै हो । प्रतिपक्ष दलको हैसियतमा सरकारलाई कस्तो सहयोग चाहिने हो, हामीले गर्न सक्नेमा हामी तयार छौं भन्ने पनि भनेकै हो तर सरकारमा त्यो कुरा कुनै चासो रहने अवस्था पनि रहेन । प्रतिबद्धता जाहेर गरेकै र काम गर्ने पनि हामीले के ले रोक्यो के त्यो पनि हामी भन्न सक्दैनौं । अनि हाम्रो सरकार कर्णाली प्रदेशलाई कोरोनामुक्त प्रदेश बनाउछु भन्दै भाषणबाजीमा पनि सीमित रह्यो । साठी दिनसम्म देखिएन भन्दै कर्णाली प्रदेश ग्रीनजोनमा छ भनि जनताहरूमा भ्रम छर्नमा सरकार पनि व्यस्त रह्यो र केन्द्रमा पनि बुझ्दाखेरि अरुको चिन्ता गर्नुस् कर्णालीको चिन्ता गर्नुपर्दैन भन्ने कुरामा चाहिँ रह्यो । र परीक्षण गर्नतिर लाग्नुपर्नेमा परीक्षण गर्नतिर लागेन परीक्षण नै नगरेपछि कसरी कोरोना सङ्क्रमणको तथ्याङ्क बाहिर आउँथ्यो । हाल परीक्षण सुरु भए, सुरु गरेपछि एक जनाको मृत्यु भइसकेको छ र कोरोना सङ्क्रमितको सङ्ख्या १२३ पुगिसकेको छ । प्रदेशका ४ वटा जिल्लामा सङ्क्रमितको संख्या पहिचान भइसक्यो । यही अवस्थामा अन्य जिल्ला जिल्लाहरू अछुतो रहन्छ चाहिँ भन्न सकिने अवस्था छैन । सरकारी भाषामा हामीले विश्वास गर्ने अवस्था पनि रहेन र यस्तो अवस्थामा कता-कता सुनिँदैछ, सभासद्हरू पनि हस्पिटल बनाउने आदेश दिँदै हिँडेको भेटियो । बजेट बन्दैछ, ०७६/७७ को मा हस्पिटलको कुनै बजेट देखिदैन । अनि ०७७/७८ को भर्खर नीति

कार्यक्रममा हामी अगाडी लागिरहेका छौँ । त्यो कहाँबाट आयो ? कसरी आयो ? किन त यो एउटा संस्थागत ढंगले जाने कुरामा जानुपर्थ्यो । यी कुराहरू पनि देखियो । सम्माननीय सभामुख महोदय, अब म सरकारमा रहनुभएका आदरणीय नेताज्यूहरूलाई सम्माननीय मुख्यमन्त्रीज्यूलाई, मन्त्रीज्यूहरूलाई सभामुखज्यूमार्फत् म केही प्रश्नहरू गर्न चाहन्छु । तपाईँहरूले जीवनमा राजनीति गर्नुभयो र कम्युनिज्मको परिभाषा दिनुभयो समाजवाद हामी सबैको लागि गर्छौं भनेर अनेक कुराहरू गर्नुभो तर त्योभित्र हप्तौं दिन खान नपाएका भारतबाट फर्किएका विभिन्न विपन्न मजदुर वर्गहरू पर्छन कि पर्दैनन् त्यो परिभाषाभित्र ? महामारीको चटारोमा बढीरहेको गाउँमा मरिरहेकी सुत्केरीहरू र आमा, सुत्केरी आमा र तिनबाट जन्मिन नसकेका बच्चाहरू र दीर्घरोगीहरू पर्छन् कि पर्दैनन् ? यत्रो महामारी भएर देशै तथा प्रदेशै डुब्ने बेलामा पनि ब्याप्त भ्रष्टाचार के हो प्रगतिशील समाजवादमा पर्छ कि ? तीन चौथाइको सरकारले २५ हजार जति विदेशिएका युवाहरूको उद्दार गर्न पनि सकेन भन्ने कुरा लाज मान्नुपर्ने हो कि होइन सभामुख महोदय । सम्पूर्ण कर्णालीवासिन्दाको जिम्मेवारी लिइसकेपछि महामारीको आडमा तुच्छ राजनीति गरेर पैसा कमाउने अर्को चुनाव कसरी जित्ने अनि विपत्तिमा विपत्तिलाई चाहिँ प्रयोग गर्ने र सरकारमा रहिरहनुपर्ने हो कि होइन ? मेरो आजको प्रश्न हो सभामुख महोदय तर मैले यहाँहरूलाई केवल प्रश्न मात्र मैले सोधिन, सोध्दिनँ र म केही सुझाव पनि दिन चाहन्छु सभामुख महोदय । यी प्रश्नहरूको उत्तर तपाईँहरूले ऐना अगाडी उभिनुहोला आफ्नो चेहरालाई हेर्नुहोला र जवाफ आफूले आफूलाई नै खोज्नुहोला । अहिलेको माहामारीको वैज्ञानिक सुझाव पनि लिएर हामीले बुझेसम्म सबै ठाउँबाट बुझेर मैले केही प्रयासहरू गरेको छु । हामी अस्ति सभामुख महोदय, यस संसद्का माननीय सांसद यामलाल कँडेलज्यूले हस्पिटलमा केही व्यवस्थापन गर्नुभएको रहेछ, यसलाई कसरी हामीले चाहिँ निराकरण गर्न सकिन्छ भन्ने कुरामा त्यसमा म पनि सहभागी हुने सौभाग्य पाएको थिएँ । त्यहाँ आयो विभिन्न सबै डक्टरहरूको छलफलबाट बृहत्तर डक्टर र वैज्ञानिकहरूसँग छलफल पछि चाहिँ ती रायहरू उहाँहरूको लिएर म यहाँ उभिएको छु । हाम्रो सरकारका प्रमुख माननीय सम्माननीय मुख्यमन्त्रीज्यू र विभागीय मन्त्रीज्यू उहाँहरू त, उहाँहरूको त के छ भने आफू नजिकका भाइभारदारहरूको कुरा मात्र सुनेर महामारी कट्दैन सभामुख महोदय । अध्ययन र वैज्ञानिकताबाट मात्र यो महामारी कटाउन सकिन्छ भनेर म आज यहाँ उभिएको छु र यो विशेष समय लिएको छु, सम्माननीय सभामुख महोदय । कोरोनाका पाँचवटा लक्षणहरूमध्ये यो सर्वव्यापी सिद्धान्त सबैले भनेको सिद्धान्तहरू हुन् सभामुख महोदय । अहिले हामी पहिलो चरणमा छौँ । यो चरणमा बाहिरबाट आएकाहरूमा मात्र सङ्क्रमण रहने हुँदा २५ देखि ५० हजार बराबरको क्वारेन्टिन बनाउन पनि हामीले सकेनौँ । अनि सभामुख महोदय म सरकारलाई प्रश्न गर्न चाहन्छु, अब हामीलाई सरकारमा रहिरहने हाम्रो हामीलाई नैतिकताले कति कदर गर्छ ? डब्लूएचओको मिनीमम् स्ट्याण्डर्ड प्रोटोकल अफ क्वारेन्टिन म्यानेजमेन्ट बारे चाहिँ यहाँहरू पूर्ण ज्ञात हुनुहुन्छ, ज्ञान छ र त्यो सम्बन्धमा त अब मैले त सभामुख महोदय सबैलाई डक्टर मुख्यमन्त्री, डक्टर स्वास्थ्यमन्त्री, डक्टर

अर्थमन्त्री, डक्टर आन्तरिक मामिला मन्त्री, डक्टर कृषि मन्त्री भन्नु मात्रै बाँकी छ । यी भीषण भाषण गर्दै हिंड्नु भको छ तर यस अनुसार कार्य नभएकाले कुनै कुराहरू म टिपाउन चाहन्छु । सायद टिप्नुपर्ने विभागीय मन्त्री त देखिरहेको छैन तर सिंगै सरकारको प्रमुख यहीँ हुनुभएकोले म अनुरोध गर्न चाहन्छु, यी कुराहरू टिपिदिनु होला, गरिदिनुहोला । अब छ यलाई डब्लूएचओको मिनिमम् स्ट्याण्डर्ड प्रोटोकललाई हेर्दाखेरि के गर्ने त भन्दा १५ बेड बराबर एउटा शौचालय हुनुपर्ने दुई मिटरको दूरीमा एक एक वटा बेड र बेड राखिनुपर्ने । पोषिलो खाना र स्वास्थ्यकर्मीलाई पीपीईको व्यवस्था अनिवार्य रूपले गरिनुपर्ने हो, त्यो गरियोस् भनेर चाहिँ म सुझाव राख्न चाहन्छु सभामुख महोदय । यसरी व्यवस्थापकीय दृष्टिकोणले उत्कृष्ट क्वारेन्टाइनले नै रोगी र निरोगीबीच दूरी, दूरी हुने र रोग फैलनेबाट जोगाउन सकिन्छ र सरकारको पूर्ण ध्यान यतातिर गएन, तुरुन्त जाओस् भनेर म सभामुख महोदयमार्फत यो भन्न चाहन्छु । अनि यो सडक पुगेका प्रत्येक जिल्ला जहाँ जहाँ, जुन जुन जिल्लामा सडक पुगेका छन् ती जिल्लाहरूमा कम्तीमा पनि सरकारले दुईवटा दुई/दुई वटा एम्बुलेन्सको व्यवस्था गर्नुपर्‍यो र ती नभएसम्म, ती नभएसम्म भोलिको दिनमा महामारी अझै वृद्धि भएर जानेछ किनकि अस्ति देख्यौं एम्बुलेन्स नभएको कारणले एउटाले ज्यान गुमाउनुपर्‍यो । सभामुख महोदय, मान्छेको सेकेण्ड सेकेण्डमा ज्यान प्राणको कुराहरू हुन्छ त्यो भएन । त्यसकारण ती ठाउँहरूमा दुई/दुई वटा एम्बुलेन्सको व्यवस्था गर्नुपर्‍यो भने जहाँ दुर्गम हिमाली जिल्लाहरू आज पनि मोटरबाटो नपुगेका र यही सुगमका जिल्लाहरू पनि भन्दैमा मोटरबाटो पुगेको छ, भन्ने होइन त्यस्ता जिल्लाहरूको लागि कम्तीमा पनि हेलिकप्टर चाहिँ स्ट्याण्डवाइ नगरेमा उद्धार गर्न सकिने छैन र दीर्घ-दीर्घकालीन कठिनाइ हुनेछन् अनि भोलिका दिनमा हामी को कहाँ पर्छौं कसैलाई थाह हुने छैन सभामुख महोदय । कोरोना-कोरोना भन्दै गर्दा अर्कोतिर महिला र बालबालिकाको मृत्युदर बढेको छ सभामुख महोदय । अनि हामीले भन्ने गरेका छौं, बेला-बेला खै त हेलिकप्टर कहाँ छन् ? भन्दा अनि त्यहाँ भन्ने गरिन्छ सभामुख महोदय, मन्त्रीज्यूहरूको राजकीय भ्रमणमा छ भन्ने उत्तरहरू आउँछन् । यहाँहरूलाई थाह छ, दुई लाखको स्वास्थ्य सामग्री बोकेर १० लाखको हेलिकप्टर सवारी नगर्दिनको लागि म सरकारलाई विनम्र अनुरोध गर्दछु । नक्कली काम र प्रचारप्रसार भन्दा पनि स्वास्थ्यकर्मी र स्वास्थ्य सामाग्री ढुवानी गरौं तथा मानवीय उद्धारमा हेलि प्रयोग बढीभन्दा बढी भएको कर्णालीवासीलाई चाहिँ अनुभूति होस् भन्ने म चाहन्छु सभामुख महोदय । राजनीतिक चतुर्याइँको अध्ययन भन्दा कोरोनाको मेडिकल अध्ययन बढी गरियोस् भनेर चाहिँ म सभामुख महोदयमार्फत\ सरकारको म ध्यानाकर्षण गर्न चाहन्छु । र अहिले अध्ययनले भन्छ, एक सयमा तीन जनालाई आईसीयू चाहिन्छ, आईसीयूबेड चाहिन्छ । हामीकहाँ धेरैभन्दा धेरै भयो भने २० वटा बेडभन्दा बढी नभएको चाहिँ बुझनमा आएको छ र त्यस्तो एकातिर त्यस्तो अवस्था छ भने अर्कोतर्फ हामी अनावश्यक हेलिकप्टर प्रयोग गर्दा सामग्री खरिदमा हुने अनियमितता रोक्न नसक्दा यसको अवस्था के भएको छ यदि हामीले त्यो रोक्न सक्यौं भने हेलिकप्टर खर्चले र अनियमितताबाट बचेको रकमले सय वटा बेड

आईसीयू बन्छन् र सच्चा नेपाली र सरकारमा भएर सोच्ने बेला आएको छ, होइन भने सभामुख महोदय ती दिन अब आउन धेरै टाढा छैन । अब मैले एउटा कुरो हामी कहाँनिर चुक्यौं त ? कहिल्यै पनि सरकारले दिएका सुझावमा यहाँनिर यो भइरहेको छ भन्ने कुरा पनि हामीले जुन प्रयास गऱ्यौं त्यो रहेन । जुन सरकारले गर्नुपर्ने दायित्वमा पनि सरकार रहेन । एउटा जवाफमा आउँदाखेरि पनि एउटा मुखिया-खरदारले जस्तो त्यो स्तरमा हामीले जुन गऱ्यौं, त्यले पक्कै पनि प्रदेशको समृद्धिको लागि अथवा सुखी कर्णाली र सुखारी कर्णालीको नारालाई अगाडी बढाउँदैन । बरु दु:खी कर्णाली र दु:खारी कर्णालीवासी कुराहरू अगाडी जान्छन् । मैले के भन्छु भने तथ्याङ्कले केरे अनुमानित तथ्याङ्कले भनेको थियो हामी कहिले कहिले यो अहिले सामाजिक सञ्जाल भनेको यति खतरनाक चिज छ, जुनमा हामीले बुद्धि पुऱ्याउने हो भने जथाभावी राखेर हामीलाई राम्रो गर्दैन सभामुख महोदय, हामीले अन्दाज के गरेनौं भने कम्तीमा पनि कर्णालीबा कर्णालीका चाहिँ एक लाख जना भारतमा गएका मान्छेहरू आउँछन् भन्ने हामीले परिकल्पना गर्न सकेनौं । हामीले अन्दाज गऱ्यौं ८० हजार जति बाहिर छन् र यहाँ आए भने दश पन्ध्र बीसहजार जति आउलान् तर ठीकै छ ल ८० हजारमा १०-१५ हजार आउलान् भन्ने हाम्रो एजम्शन थियो भनेतापनि तिनका लागि पनि क्वारेन्टिनको व्यवस्था गर्न सकेनौं । तिनको लागि पनि हामीले आरडिटी व्यवस्था गर्न सकेनौं, तिनका लागि पनि हामीले पिसिआरको व्यवस्था गर्न सकेनौं र हामी यस्तो अवस्थामा आयौं कि सुरुमा गरी हामीले त्यो चेकजाँचै नगर्दाखेरि ती मान्छे के भयो भन्ने अवस्थामा पनि हैन आज मैले ती भनिरहनु पर्दैन सभामुख महोदय, आज सबैको हातहातमा मोबाइल छ, हाम्रो हाम्रै जिल्ला दैलेखको एउटा क्वारेन्टाइन देख्नुभएको छ, त्यो भैंसीगोठ हो या हामीहरूको पहिला पहिला भन्ने छाउगोठ हो या अहिले आएर जाडोमा अलिकति राम्रो गाउँतिर चाहिँ कुकुरहरूलाई पनि राख्ने एउटा खोर बनाइन्छ त्यो खोर हो, के खोर हो । त्यसमा चाहिँ अहिले मानिसहरूलाई राख्ने अवस्था चाहिँ आइरहेको छ, सभामुख महोदय । त्यसकारणले म भन्न चाहन्छु, प्रदेशमा हाल भारतबाट आएका बासिन्दाहरूमा नै सङ्क्रमण बढी देखिएको छ । सिमानामा स्वास्थ्य परीक्षण र क्वारेन्टाइनको व्यवस्था नहुँदा र विना चेक भित्र्याउँदा विभिन्न जिल्ला विशेष गरेर सुर्खेत, दैलेख, कालिकोट, सलेन सायद हुन सक्छ कालिकोट मुख्यमन्त्रीज्यूको जिल्ला भएको हुनाले छुदैन कि भन्ने सोचाइ थियो कि तैपनि त्यहाँ पनि त्यलाई पनि बाँकी राखेन । अब हुम्लामा स्वास्थ्यमन्त्री भएकोले नछोला भन्ने हो भने त्यहाँ पनि छोड्नेवाला छैन कसैलाई छोड्नेवाला छैन । त्यसकारणले हामीले त्यो बेला त्यो मान्छेहरू आएर गाउँगाउँमा चाहिँ सङ्क्रमितहरू पुगे । अब सिमानामा क्वारेन्टिन र चेकजाँचको व्यवस्था गरौं र यस यसभन्दा पहिला भित्रिएकाहरूलाई लगत संकलन गरी र स्वास्थ्य परीक्षण गरौं र अत्याधिक सङ्क्रमण देखिएका क्षेत्रहरूलाई हामी सिल गरौं । त्यो कुरामा हामी जान पर्ने अवस्था आएको छ । हिजो त एक जनाको मृत्यु भयो, आज कतिको हुन्छ ? थाह छैन । भोलि कतिको हुन्छ ? थाह छैन, हामी कतिको हुने हो त्यो पनि थाहा छैन । हाम्रो पनि स्थिति यहाँ त्यस्तै खालको देखिरहेको छ सभामुख महोदय र अनि अर्को कुरा सायद आज, सायद आज भन्नै पर्छ हुन त

संघीयताको विशेष महत्त्व राखेको यो प्रदेश, प्रदेश सभा, प्रदेश सरकार हो । हामीले बोल्दै गर्दा पनि भन्नुपर्ने भयो के हामी यसका लागि लायक छौं त ? आज यदि स्थानीय तह नभइदिएको भए र केन्द्रीय सरकार नभइदिएको भए आज हाम्रो के हविगत हुन्थ्यो होला भन्ने मलाई लाग्छ सभामुख महोदय । त्यसकारणले स्थानीय तह सरकार निजी क्षेत्रको सहकार्यको प्रभावकारी हुन सकेन हामीले प्रभावकारी गरेनौं । यसले गर्दा कोरोना नियन्त्रणमा कठिनाई उत्पन्न भयो र नागरिकहरूलाई विभिन्न स्थानबाट गाउँ पठाउने काम त भयो तर स्थानीय सरकारहरूलाई हामीले कति दियौं । एउटा सरकारलाई १५ लाख दियौं, एउटालाई २० दियौं होला । धेरै बढी दियौं भने हामीले ३० लाखभन्दा बढी दिएको चाहिँ मेरो चाहिँ नलेजमा चाहिँ छैन र स्थानीय तह सरकारलाई क्वारेन्टाइन व्यवस्थामा समस्या उत्पन्न भएको छ । आज गोठजस्ता ठाउँहरूमा मान्छेले राख्न थालेका छन् । परीक्षाको परीक्षणको दायराहरू साँगुरो हुन पुगेका छन् । वास्तविक संक सङ्क्रमितको चाहिँ हामीले पहिचान गर्न सकेका छैनौं । आज सुन्नमा आइसकेको छ बाहिरबाट गएका श्रीमानलाई श्रीमतीले घरमा आउन नदिने, श्रीमतीलाई श्रीमानले घरमा आउन दिने त्यो भयावह अवस्था चाहिँ यहाँ आइरहेको छ सभामुख महोदय । त्यसकारणले अब जिम्मेवारी बोधका साथ सङ्क्रमित स्थानहरूलाई सिल गरौं कन्ट्याक्ट ट्रेसिङ्ग गरौं । स्थानीय सरकारलाई बढीभन्दा बढी सहकार्य समन्वय गरौं र जनसङ्ख्याका आधारमा अहिले यो विकास नभएको हुनाले मैले बारम्बार भन्ने गरेको छु सभामुख महोदय । विकासको बेला ३ लाखको खर्च ती जिल्लाको चाहिँ जिल्ला दर अनुसारको बजेट छुट्याइनुपर्छ र भूगोललाई पनि हेरिनुपर्छ तर आज यो महामारीमा हामीले हेर्ने भनेको जनसङ्ख्यालाई आधार मान्नुपर्छ । त्यसकारण सरकारले कम्तीमा पनि एक करोडदेखि तीन करोडको जनसंख्याको आधारमा चाहिँ रकम पठाउने छुटाउने त्यो व्यवस्था चाहिँ हामीले गर्नुपर्‍यो भन्ने चाहिँ म अनुरोध गर्न चाहन्छु सभामुख महोदय । सरकार प्रयास पर्याप्त मात्रामा चाहिँ क्वालिटीको मैले क्वालिटीको आरडीटी भनेको छु र आरटीपीसीआर टेस्ट कीटहरू ल्याउनु पर्‍यो । आइसोलेसन वार्डको व्यवस्थापनमा उदासिन देखिनु भएन र आजको अवस्थामा प्रदेश जुन उदाशिन देखिएको कारणले नै आजको अवस्थामा प्रदेश पुगेको छ । यसमा ख्याल गरौं, मनन् गरौं र पुन: गल्ती नदोहोर्‍याऔं भन्न चाहन्छु सभामुख महोदय । यो आरडिटी एउटा लेपु भन्ने कम्पनी छ भन्ने सुनेको छु विभिन्न कम्पनीहरू छन् रे, र व्यापारीहरूले आफ्नो सामान बिकाउनको लागि अनेक गरेका तर लेपु भन्ने जुन अहिले हाम्रो प्रदेशमा पछिल्लो चोटि आएको छ, त्यलेचाहिँ धेरै राम्रो गरेको छ भन्ने सुन्नमा आको छ, सत्यतथ्य के हो ? त्यलाई चाहिँ त्यलाई हेरेर गर्नु पर्‍यो भन्ने चाहिँ म आग्रह गर्न चाहन्छु सभामुख महोदय । अनि अर्को कुरा सुर्खेत हाम्रो राजधानी । अब सुर्खेत कोही सुर्खेतीको मात्र रहेन, सायद सुर्खेतका विभिन्न क्षेत्रबाट माननीयज्यूहरू निर्वाचित भएर आउनुभएको होला तर यो प्रदेशको राजधानी भएको हुनाले कर्णाली प्रदेशले सबैले यो चाहिँ सुर्खेतलाई हामीले महत्त्व दिनुपर्छ भन्ने चाहिँ मेरो मान्यता र म हिजो पनि बोल्दै आइरहेको थिएँ र आज पनि त्यही बोल्न चाहन्छु सभामुख महोदय । सुर्खेतको वीरेन्द्रनगरमा निर्माण

भएका क्वारेन्टाइनहरू त्यति उपयोगिता हुन सकेन । बाहिरबाट आएका नागरिकहरूलाई गाउँमा पठाइयो । क्वारेन्टाइनमा केही पनि कोही पनि बस्न रुचाएनन् । ती पाल हेर्दाखेरि यो टुरिजममा टेन्ट हालेजस्तो होइन सभामुख महोदय । त्यहाँका व्यवस्थापनका कमीकमजोरी भएका हुनाले यहाँ म त्योभन्दा अलि माथि बोल्छु । हिजो पनि प्रहरीहरूले माइकिङ्ग गर्दै थिए तपाईंहरू शान्त भइदिनुस्, शान्त भइदिनुस् भनेर चाहिँ त्यहाँ बोलिरहेका थिए । गरिरहेका थिए । तिनलाई व्यवस्थापन भएन भनेर कराइरहेका थिए । त्यो के खालको व्यवस्थापन हो ? यो चाहिँ सरकारले चाहिँ ध्यान दियोस् भन्न चाहन्छु सभामुख महोदय । दैलेख लगायतका जिल्लामा कोरोना पोजेटिभ भएकाहरूलाई वाइ आइसोलेसन वाड नभएका कारण गोठमा बसिरहेका छन् जसमा सरकार अनविज्ञ छ भन्ने मलाई लाग्दैन । त्यस्तो अवस्थामा पनि हाम्रो गरिबीका नाममा हामीले नराम्रा कामहरू गर्नु भएन भन्ने लाग्छ र वीरेन्द्रनगरमा बनेको क्वारेनटाइनमा राम्रो उपयोग नभए नभएको र स्थानीय तहमा रहेका क्वारेन्टाइनमा पशु चौपाया हुले जस्तै गरी राखिएको, सङ्क्रमितलाई समेत अन्य व्यक्तिसँगै राखी जसले झन् प्रकोप वृद्धि वृद्धिमा सहयोग मिल्यो । कर्णालीमा बनाइएका क्वारेन्टाइनहरू कोरोना महामारी फैलाउने माध्यम बन्ने खतरा भएको छ सभामुख महोदय । त्यसकारण यलाई पनि बेलैमा चाहिँ हामीले सरकारले सोचोस् भन्ने म चाहन्छु । सुर्खेतमा भएको यो प्रयोगशालामा पनि त्यति विश्वसनीयता नदेखिएको जस्तो मलाई थाहा छैन एउटाबाट गरेको पिसीआर फेरि अर्कोमा लान पर्ने अब बाहिर माहोल के छ भने यहाँको गरेको पिसीआरले ठीक रेकर्ड निकालेन भने नेपालगञ्जमा लानुपर्छ भन्ने कुराहरू त्यो उठिरहेका छन् । यदि त्यस्तो हो हुने हो भने त्यले मान्छेलाई झन् भयावहको अवस्था चाहिँ सिर्जना गर्छ र त्यो त्यो टेस्टिङ्ग कीट उपलब्ध गराउन गराएको र त्यसको गति कन्ट्याक्ट ट्रेसिङ्गमा पनि कमजोरी रहेको भन्ने देखिन्छ । यदि त्यस्तो हो भने त्यलाई तुरुन्त सुधार गर्नुपर्‍यो अनि स्वास्थ्यकर्मी तथा चिकित्सकहरूलाई पर्याप्त मात्रामा पीपीई सेट चाहिँ उपलब्ध गर्न सकेनौं त्यसमा पनि सरकारले विशेष ध्यान पुर्‍याओस् भन्नु चाहन्छु । सभामुख महोदय, बन्दाबन्दी र सामाजिक दूरी बढाउने कार्यको उल्लंघनमा सरकार र हामी सभासद्, सांसदहरू नै अनुशासित भएनौं अनि जनस्तरबाट पनि सरकारकै सिको गर्ने काम भयो । त्यसले पनि कोरोना प्रकोपलाई बढावा दिने कार्यमा चाहिँ मलजल गरेकै छ । यो कुरा देखिरहेको छ, हामीले पनि सोचिरहेका छौं यलाई नर्मल ढंगले लगिरहेका छौं र वास्तवमा म सभामुख महोदय, म आग्रह गर्न चाहन्छु, हामीले यो सदन चलिरहँदासम्म हामीले पनि सुर्खेत छोड्न मिल्दैन हामीहरू पनि सुर्खेतमा बस्नुपर्छ । आज कलाई के हुन्छ भोलि को ढल्ने हो कसैलाई थाहा छैन । हामीले त्यो सहज ढंगले यलाई नलगौं किनकि कोरोनाका विशेषज्ञहरू यहाँ कोही पनि छैनन् । संसारका मै हुँ भन्ने विशेषज्ञहरूले पत्ता लगाउन नसकेका चाइने कैले रुगाखोकी हुन्छ, कहिले टाउको दुख्छ, कहिले हिन्दाहिन्दै ढाल्ने यो अवस्था आएको छ, कहिले ओठ सुक्छ, कहिले मुख सुक्छ । यो अवस्थामा चाहिँ म चाहिँ आग्रह गर्न चाहन्छु सभामुख महोदय । अनि यो सरकारले गर्‍यो मेडिकल मास्कका नाममा कुनै पालिकामा प्रदेश सरकारले दक्ष

स्वास्थ्यकर्मीको व्यवस्था गर्‍यो, जहाँ गरिएका स्थानमा पनि हाल संक्रमण देखियो तर उपयुक्त स्थानको छनोट भएन भन्ने मलाई लाग्छ सभामुख महोदय । अनि प्रदेशबाट लखेटयाइएका पालिकाहरूमा र उनीहरूलाई के भने प्रदेश सरकारको जिम्मेवारी होइन ? उनीहरूलाई के भनियो भने कि त तिम्रो काम हो हामी डक्टर पठायौं भने पनि गाउँपालिकाले तिमीहरूले व्यवस्थापन गर । टिएडिए देऊ, खानबस्न देऊ, आज गाउँपालिकाको अवस्था के छ ? हामीलाई प्रदेशमा यत्रो ठूलो बजेट हुँदाखेरि त हामीले केही गर्न सकेका छैनौं भने स्थानीय तहको र १२-१५ करोड भएको ठाउँमा के हुन सक्छ । त्यसकारण मेडिकल टोलीको सम्पूर्ण खर्च व्यहोर्नुपर्ने भन्ने जस्ता कुराहरूले पनि त्यो राम्रो गरेन त्यस्तो खालको विभेद कमसेकम सरकारले गर्नुहुँदैन भन्ने मलाई लाग्छ सभामुख महोदय । राहत, उद्धारका कार्यमा सरकारी बजेटले आफ्नो व्यक्तिगत लगानीमा गरेजस्तै गरी सरकारका पदाधिकारीहरू प्रचारबाजी गर्न तथा प्रतिस्पर्धा गर्नमा लागिपरेर महाविपद्मा समेत राजनीतिकरण र विभेदजन्य कार्यहरू गर्न परेको छ । जस्तै अस्तिको एउटा कुरो आयो म फेरि दोहोर्‍याउन चाहन्छु सभामुख महोदय । दैलेखकै कुरामा थियो सायद राजनीतिका मान्छेहरूलाई थाहा नहुन सक्छ तर डक्टरहरूले त्यो ल्याएको त्यत्रो विवाद भयो सायद समयमै यहाँहरूले चाहिँ ल्याउनुभो राम्रो गर्नुभो यदि आज हिजोको जस्तो घटना त्यहाँ मरेको भए त्यहाँ अर्को इस्यू एउटा उठ्नेवाला चाहिँ अवस्था चाहिँ थियो । त्यसकारण यी कुराहरूलाई चाहिँ हामीले एकदम चासोका साथ राख्नुपर्छ भन्ने मलाई लाग्दछ सभामुख महोदय । अनि अलिकति यस्तो अवस्था भइरहेको छ, सायद फोन गर्ने मन्त्रीजीहरूले म म भन्नुहोला मैले यो पनि उठाउन पर्ने अवस्था नै आयो यो अवस्थामा यस्तो विषम परिस्थितिमा पनि सरकारका प्रतिनिधिहरूबाट जिल्ला जिल्लामा चिट र स्लीप फोनबाट कर्मचारीलाई प्रभाव पारी एकै व्यक्तिबाट खोलिएका फर्ममा फरक फरक शीर्षकमा अनु अनुदान दिई अप्राकृतिक व्यक्ति र आफू नजिकका कार्यकर्तालाई पोस्ने काम भएको छ सभामुख महोदय । यसको पनि छानविन होस भन्न म चाहन्छु र अर्को यो डीपीआरको कुराहरू आइरहेका छन् सभामुख महोदय । बारम्बार डीपीआरको कुराहरू आए, डीपीआर भनेको के हो ? डीपीआर बनाउँदाखेरि त्यसमा संलग्न को-को हुन्छन् ? त्यसमा मैले जानेको मेरो सानो बुद्धिले के भन्छ भने इन्जिनियर अथवा टेक्निसियनहरूको टोली त हुने नै भयो सभामुख महोदय । त्यसपछि इन्भाइरनमेन्टलिष्ट हुन्छ, जिओलोजिष्ट हुन्छ, सोसियोलोजिष्ट हुन्छ, इकोनोमिष्ट हुन्छ । ती टोलीले गरेको डिटेल प्रोजेक्ट रिपोर्टलाई डीपीआर भनिन्छ । एउटा सव-ओभरसियरलाई राख्ने सव-ओभरसियरको नाममा चाहिँ अनि त्यलाई नाप्ने अनि त्यलाई डीपीआर भन्ने अनि त्यसपछि त्यो एउ एक किलोमिटर बाटोलाई ७०-८० हजार, एक लाखसम्म छुटयाउने त्यस्तो कहाँबाट आयो ? म आज एउटा हुम्लाको उदाहरण दिन चाहन्छु सभामुख महोदय, डीपीआर गरेको सडकको टेण्डर भयो । डीपीआर गरेर सडक टेण्डर भयो, टेण्डर भएपछि ठेकदारले काम गर्न सुरु गर्‍यो, काम गर्न सुरु गरिसकेपछि वनले रोक्यो । वनले के भन्यो भने मलाई जहाँसम्म लाग्छ ५० करोडभन्दा तलका डीपीआर चाहिँ त्यसमा चाहिँ इआइए हुँदैन आइइ हुन्छ ।

डीपीआरमा आइइ भएको हुनुपर्थ्यो रोक्यो वनले किनभने आइइ तिम्रो भएको छैन । आइइ भएको छैन भने त्यलाई डीपीआर कसरी मात्र सकिन्छ ? त्यो कसरी डीपीआर भयो ? र प्रदेशभरि नै सबै आइइ भएका छन् कि छैनन् ? एउटा रिसले र कसैले ती जनता सडक माननीय सभामुख महोदयमार्फत म मुख्यमन्त्रीज्यूलाई भन्न चाहन्छु त्यो तिब्बत जोड्ने बाटो त्यलाई षडयन्त्र गरियो । टेण्डर भयो, त्यो वनले चिठी लेखेर रोक्यो अनि डीपीआरका नाममा लाखौं रुपैयाँ खर्च भयो, त्यतिले मात्र हैन माननीय सभामुख महोदय, म यो सिङ्गो सम्मानित संसद्लाई भन्न चाहन्छु, रोकिसकेपछि काम रोक्नुपर्छ कि पर्दैन ? तर फेरि अर्को पिचको पनि टेण्डर भयो । कारण के रैछ भन्दाखेरि टेण्डर भयो, टेण्डर भएपछि त डीपीआरको पैसा पचाउन पाइने भयो नि । त्यस्तो मान्छेलाई, त्यस्तो मान्छेलाई सम्माननीय सभामुख महोदयमार्फत म मुख्यमन्त्रीज्यूलाई अहिले भौतिक पनि हेर्नुभएको मन्त्रीज्यूलाई म आग्रह गर्न चाहन्छु, त्यस्तो मान्छेलाई जागिरीबाट रिटायर्ड भइसकेपछि कन्सल्टेन्टी नाममा उलाई माथि गएर पठाइएको छ र पैसा खाएर भाग्ने दौडमा भएको हुनाले म सदनमा यो, यो सदनमा म रेकर्ड गर्न चाहन्छु त्यस्ताहरूलाई कारबाही यदि ती कामहरू अगाडी बढेन भने डीपीआरको पैसा असुलउपर भएन भने यो चाहिँ सरकार सिंगो त्यसमा संलग्न छ भन्ने कुराले हामीले अरु ठाउँ जानुपर्ने होला तर हुन त यो कुराहरू हेर्नुपर्ने हाम्रो सार्वजनिक लेखा लेखाले हो यो सम्बन्धमा कुरा डीपीआरका कुराहरू धेरै भए म भन्न चाहन्छु म सार्वजनिक लेखालाई पनि भन्न चाहन्छु । तपाईँहरूलाई पनि अप्ठ्यारो परेको हो कि, गर्न नचाहनुभएको हो कि अगाडी किन बढेन ? जो सुकै पर्ला बद्मासी जले गरेको होला आफन्तहरूलाई लाएर राखेर चाहिँ डीपीआर बन्ने कुरामा यो पचासौं करोडको भ्रष्टाचार भएको छ । जो परे पनि पर्छ यदि सार्वजनिक लेखाले यदि त्यलाई अगाडी बढाउदैन, त्यो टाइममा त्यसको चाहिँ किन अख्तियारको पनि देखिसकियो सभामुख महोदय, अख्तियारका कुराहरू पनि के देखिए यहाँबाट गएका कुराहरू आजसम्म कि त त्यो फाजेलीमा गयो भन्नुपर्‍यो, कि त त्यो चाहिँ भएको थिएन भन्नुपर्‍यो । त्यो पनि भएका छैनन् सरकारले हामीले गरेका बारम्बार यो पुरानो सार्वजनिक लेखाले पनि गरेका कुराहरू सरकारले पनि त्यो कहिल्यै पनि अगाडी बढाएन । यसको अर्थ त के हुन सक्छ भनेपछि यो सबैको मिलोमतो छ, यही मौकामा सबैले यी कुराहरू अगाडी बढाउने कुराहरू गरिसकेपछि त्यसकारण मेरो फेरि पनि जोडदार साथ भन्न चाहन्छु, यी डीपीआरहरू सार्वजनिक लेखाले सम्माननीय सभामुख महोदयबाट रुलिङ्ग गर सार्वजनिक लेखाले कति दिनभित्र अब यलाई चाहिँ बाहिर निकाल्नु पर्‍यो, कुन कुन जिल्लामा कति कति वटा डीपीआर भए ? ती डीपीआरमा को को चाहिँ मान्छेहरू संलग्न छन् ? त्यसमा को को प्राविधिक छन् ? को को कुराहरूको चाहिँ यो आउनुपर्छ होइन भने यो भयावह महामारी त छँदैछ यो महामारीले खत्तम बनाउनेछ र अस्ति जुम्ला जाँदाखेरि भन्ने गर्थे गरे ए बाबा यी मन्त्रीहरू चाहिँ दौडादौड गरेर हामीलाई काममा डिस्टर्व गर्नुभन्दा त एकजना डक्टरले भन्यो रे भन्नुभन्दा त आफ्नो ठाउँमा गएर नीति बनाए हुन्थ्यो नि भन्ने कुरा एक जना डक्टरले भनेछ । अब सबै डक्टरले भन्ने अवस्था नआओस् र त्यसरी नै सबै जनताले भन्ने अवस्था नआओस्,

यही कुराहरू यी सुझावलाई चाहिँ सरकारले मनन गर्नेछ, अगाडी बढ्नेछ, र फेरि पनि गरेका मानिसहरूले भूल गर्न सक्छ, कमजोरी गर्न सक्छ, यदि सुधार्ने पक्षतिर सरकार जाओस् त्यो सद्बुद्धि मिलोस् भन्ने शुभकामना व्यक्त गर्दै मैले मलाई जुन बोल्ने मौका दिनुभयो त्यसको लागि हार्दिक धन्यवाद दिदै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख:** अब माननीय श्री गुलाबजंग शाह, समय ५ मिनेट ।

**माननीय श्री गुलाबजंग शाह:** माननीय सभामुखज्यू, म आज विशेष समयमा खासगरी यो कोरोना भाइरससम्बन्धी कोरोना भाइरस सङ्क्रमित भएर हाम्रो प्रदेशमा जुन खालको एउटा महामारीको रूपमा देखा पर्दैछ । त्यसमा हामीले समयमै माननीय सभामुखज्यूबाट भन्न चाहन्छु, समयमै सरकारले अहिले जसरी स्थानीय तहको सरकार र प्रदेश सरकारलाई समन्वयकारी भूमिकामा प्रदेश सरकारलाई लिइएको छ । स्थानीय तहलाई परेको अप्ठ्यारो अहिले खासगरी भन्ने हो भने छिमेकी राष्ट्र भारतबाट आउने क्रम तीब्रत्तर छ । मैले सलेन जिल्लाको पूरै १० वटै पालिकाको यहाँ भयावह रूपमा पेश गर्न चाहन्न । भर्खरै मात्रै वनगाडकुभिण्डे नगरपालिकामा ३ सय ९३ जना पिसिआर चेक गरेको मध्ये ९६ जनाको एउटा ग्रुपमा २६ जना पोजेटिभ देखिसकेको छ । मलाई लाग्छ बाँकी २ सय ९३ मा त्यही क्रमले त्यो पोजेटिभ देखिने क्रम जारी हुनेछ । त्योभन्दा बाहेक १२ सय मान्छे क्वारेन्टाइनमा राखेपछि एउटा नगरपालिकामा, बाँकी ९ वटा पालिकाहरूमा त्यही ढंगले क्वारेन्टाइनमा राखेको छ । करिब-करिब वनगाड कुभिण्डे नगरपालिकाको १३ वटा प्राथमिक विद्यालय, माध्यामिक विद्यालय र त्यहाँ रहेको क्याम्पसमा क्वारेन्टिनमा राखिएको छ । सरर्र हेर्दै गर्दा हाम्रो क्वारेन्टिन कस्तो छ भन्दा हामीले सामाजिक दूरी पनि कायम गर्न सकिएको छैन र सामान्यभन्दा सामान्य मेडिकल नर्म्सलाई पनि हामीले उपयोग गर्न सकिएको छैन । १२ सयमध्येमा ३ सय ९३ पिसिआर टेस्ट भो । ३ सय ९३ मध्येमा एउटा ग्रुपमध्येमा २६ जना देखिए भने अब कल्पना गरौं, १२ सयमा कति देखिन सक्छ ? म सभामुखज्यूमार्फत् भन्न चाहन्छु, प्रदेश सरकारले यथाशक्य ढंगले पिसिआरको टेस्ट गर्न प्रक्रिया मिलाउनु पर्‍यो न कि हामी प्रदेश सरकार समन्वयको नाममा कुरा मात्रै गर्ने, परिपत्र मात्रै गर्ने । त्यो हामीलाई लागेको आरोप पुष्टि नहुने गरी प्रदेश सरकारले काम गर्न अनुरोध गर्न चाहन्छु । माननीय सभामुख महोदय, यो रिपोर्ट हेर्दै गर्दा प्रदेश सरकारले यो भन्दा पहिला करिब-करिब ५० करोडको कोष पनि तपाईँको जम्मा भएको भन्ने सुन्नमा आको थियो । हामीले त्यो पैसा कसरी वितरण गरौं ? जब सुरु-सुरुमा लकडाउनको अवस्था सुरु भको थियो, त्यो पैसा हामीले प्रत्येक ७९ तहकै पालिकालाई हामीले विभाजन गरौं जस्तो लाग्छ । जिल्ला प्रशासन कार्यालयलाई पैसा मात्रै वितरण गर्ने होइन न नि हामी, त्यो पैसा ठीक ढंगले सदुपयोग हुन्छ कि हुँदैन हामीले भन्ने कि नभन्ने । हामीले कहिलेकाहिँ हामी माननीय मन्त्रीको रूपबाट हामीले एउटा थर्मल-गन वितरण गरेको हामीले फेसबुकमा राख्यौं, सामान्य वीपीका सेटहरू हामीले वितरण गरेको फेसबुकमा राख्यौं अब फेसबुकमा जारी गर्ने बेला भएन

अब । महामारीको रूप देखिसक्यो । अस्ति क्षेत्रीय अस्पतालका यहाँ मेसुले भन्नुभाथ्यो यो इटली हुन सक्छ । एउटा डक्टरले यो खालको स्थितिको कल्पना गरिसकेपछि अब हामीले सोचौं, सोच्ने बेला भइसक्यो अब हामीले फेसबुकमा काम गर्ने हो कि वास्तविक ढंगले काम गर्ने होला । अब हामीले स्थानीय तहलाई राहत उपलब्ध गराउने होला कि, सामग्री उपलब्ध गराउने होला कि, रकम उपलब्ध गराउने होला कि, या हामीले समन्वयकारी भूमिका मात्रै खेल्ने होला ? गम्भीर ढंगले सोचौं । त्यसैले माननीय सभामुखज्यू, हामी सबैले अर्कालाई परेको चोट यो सबै हामीलाई आउन सक्छ । आज मुलुकभरि जसरी पोजेटिभको संख्या व्यापक ढंगले वृद्धि हुँदै गएको छ र स्थानीय तहमा क्वारेन्टिनको नाममा, क्वारेन्टिनको नाममा जसरी ती बिरामीलाई राखिएको छ अब कल्पना गरौं, २६ जना मान्छेलाई कहाँ राख्ने होला ? आइसोलेसन बेड कसरी बनाउने होला ? जहाँ कि जिल्ला अस्पतालको क्षमता २० वटा सीट राख्ने क्षमता छ । एउटा डक्टर दरबन्दीमा हुनुहुन्छ, दुईटा डक्टर संस्थाबाट काम गर्नुभाकोछ । हामीले अब स्थानीय तहमै हामीले आइसोलेसन बेड बनाउनुपर्ने भयो भने त्यहाँ त स्वास्थ्यकर्मी पनि राख्नु पर्ने होला, डक्टर पनि राख्नुपर्ने होला, त्यहाँ खानेपानी सुविधा पनि गर्नुपर्ने होला, त्यहा चर्पीको व्यवस्थापन गर्नुपर्ने होला । १३ गोटा स्थानीय तहमा विद्यालयहरूमा पूरै ठाउँ क्वारेन्टिनले भरिएको छ, एउटा नगरपालिकामा । यो समस्यालाई कसरी समाधान गर्ने हो ? बेलैमा हामीले समाधान गर्ने बाटोतिर लागेनौं भने त्यो भयावह फेरि यहाँ पनि आउनेछ र अनि ५-७ जना मान्छे मर्दैमा चेत मरिसकेपछि हामी आफै अलप हुनपर्ने अवस्था आउनेछ । त्यसैले समयमा हामीले खासगरी हाम्रो भूमिका हाम्रो प्रदेश सरकारको भूमिका भनेको समन्वयकारी भूमिका केन्द्रको कुरा मैले पनि बिहान वास्तवमा केन्द्रको सामान्य स्वास्थ्य राज्यमन्त्रीलाई खबर गरें । यहाँ मैले चाहिँ सामाजिक मन्त्रीज्यूलाई आन्तरिक मामला मन्त्रीज्यूलाई केही त्रिपालहरू छन् भनेपछि हामीले त्यहाँ परेको समस्यालाई त्यही पालको व्यवस्थापन गरेर त्यहाँ सामान्य मान्छेलाई पालमा व्यवस्थापन गरौं । बाँकी विद्यालयलाई हामीले आइसोलेसन बेड बनाऔं अनि मात्रै हामीले समाधानको बाटो अगाडी बढ्न लैजाउला अनि अर्को कुरा के देखिन्छ अहिले वास्तवमा केही बिरामीलाई अब जिल्ला अस्पताल या त्यही राख्ने या अन्य कतै लैजानलाई हामीले एम्बुलेन्सको व्यवस्था कस्तो होला ? यो भयावह स्थितिलाई बेलैमा हामीले समाधान गर्ने वास्तवमा गर्ने गरी प्रदेश सरकारले लागोस् हामी त्यस क्षेत्रका जनप्रतिनिधि कुन खालको भूमिका गर्नुपर्ने हुन्छ, हाम्रो पनि सहयोग लियोस्, त्यही भन्न चाहन्छु हवस त धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री हिमबहादुर शाही । यसपछि माननीय श्री कुर्मराज शाही तयार रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, म माननीय सभामुख महोदयमार्फत कर्णाली प्रदेश सरकार समक्ष दैलेख जिल्लाको कोरोना भाइरसको विन्ती पत्र जाहेर गर्दछु । जहाँसम्म मलाई लाग्छ, कर्णाली प्रदेश सरकार विन्ती पत्रलाई एकचोटि कानमा रहेको कानेगुजीलाई पनि निकालेर सुनिदेओस् । दैलेख जिल्लामा विश्वमा फैलिएको कोरोना

भाइरसको अहिले जुन भयावह स्थिति छ । त्यस स्थितिलाई नै दैलेख जिल्लालाई पनि अछुतो राखेन । दैलेखी त महामारी मात्र होइन कोरोना भाइरसको महायुद्ध प्रारम्भ भएको छ । म कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु, नार आज बिहानको ८ बजेसम्म, बिहानको ८ बजेसम्म नारायण नगरपालिकामा १३ सय ७०, महाबु गाउँपालिकामा १६ सय ५०, नौमूले गाउँपालिकामा ३ सय, भगवती गाउँपालिकामा १ सय २६, डुङ्गेश्वर गाउँपालिका ५ सय ४, गुराँस गाउँपालिकामा ५ सय १, दुल्लू नगरपालिकामा २२ सय २३, भैरवी गाउँपालिकामा १३ सय ४२, चामुण्डाविन्द्रासैन नगरपालिकामा ७ सय १५, ठाँटिकाँध गाउँपालिकामा ६ सय, आठबीस नगरीमा नगरपालिकामा ५ सय ४० गरी ९ हजार ८ सय ७१ जना क्वारेन्टाइनमा राखिएको छन्, क्वारेन्टाइनमा हुलिएका छन् । क्वारेन्टाइनमा हुलिएका छन् । अहिलेसम्म दैलेख जिल्लाको डुङ्गेश्वरमा रहेको आइसोलेसनमा ३१ जनाहरू राखिएका छन् भने १७ जना मात्रै बिहान ८ बजे जुम्लाबाट पुष्टि भएर आज १७ जना थपिएर १८ जना अठ अठ्चालीस आज आइसोलेसनमा दैलेख जिल्लामा प्रवेश गर्दैछन् ४८ जना र मृत्युको १ जना छ । यस सन्दर्भमा कर्णाली प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु, कर्णाली प्रदेश सभालाई त यो मास्क दिनुभो, केरे त्यो सेनिटाइजर दिनुभो, हात धुन लगाउनुहुन्छ, एउटा मशिनबाट चड्नीमा के हो के टिका हो कि के लगाउनुहुन्छ तर यी आठ नौ हजार आठसय एकहत्तर जनालाई के गरिरहनुभएको छ । मिचीमिची साबुन पानीले हात धुनुपर्छ, त्यहाँ साबुन त परै जाओस् पानी पनि छ कि छैन साबुन दल कुरा रैगो ९ हजार ८ सय ७१ जनालाई खानेपानी पनि छ कि छैन । तिनीहरूको यहाँ ३ फिटको दूरी भनिन्छ, ३ फिटको दूरी होइन ३ इन्चको पनि दूरी छ कि छैन, भेडा र बाख्रा हुलिएजन स्कूलको कोठामा लम्पसार भएर सुतेका छन् । मलाई जिल्ला प्रशासनबाट जानकारी भए अनुसार नारायण नगरपालिका र दुल्लू नगरपालिकामा क्वारेन्टाइनमा रहेका केही व्यक्तिहरूको आरडिटी र आरडिटी भएको छ। अरु क्वारेन्टाइनमा राखिएका कुनै पनि व्यक्तिको आरडिटी भएको छैन, परीक्षण भएको छैन । अहिलेसम्म भएको छैन । यसैले म स्पष्ट साथ भन्न चाहन्छु कर्णाली प्रदेश सरकारले दैलेख जिल्लाको लागि एकीकृत कोरोना भाइरस नियन्त्रण अथवा उन्मुक्तिको लागि २४ घण्टाभित्र एकीकृतका ठोस कार्ययोजना दैलेख जिल्लावासीको अगाडी दिन सक्नुपर्दछ । यदि कर्णाली प्रदेश दिन सक्दैन भने दैलेख जिल्लाका प्रतिनिधिहरू, दैलेख जिल्लाबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिहरूले के गर्नुपर्ने हो ? मुख्यमन्त्रीज्यूको कार्यकक्षमा पलेटी मार्नुपर्ने हो, या स्वास्थ्यमन्त्रीजीको कार्यकक्षमा पलेटी मार्नुपर्ने हो या प्रदेश सभाहलको यसै तल पलेटी मार्ने हो, पलेटी मार्न पर्ने हो । पलेटी मार्न तयार छन् दैलेखका जनप्रतिनिधिहरू दैलेखका ३ लाख जनताहरू मरेर प्रदेश सभामा ५-७ जना प्रतिनिधि रहेर केही पनि उपलब्धि छैन र हामी पनि बाँच्न चाहँदैनौं । यसकारणले म २४ घण्टाको ध्यानाकर्षण होइन, चेतावनी दिन चाहन्छु कर्णाली प्रदेश सरकारलाई दैलेख जिल्लाको लागि कोरोना भाइरसको एकीकृत ठोस कार्ययोजना २४ घण्टाभित्र भोलि चल्ने यसै प्रदेश सभामा जानकारीको लागि माग गर्दछु, हवस् धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री कुर्मराज शाही । त्यसपछि माननीय श्री मिना सिं रखाल तयार रहनुहोला ।

**माननीय श्री कुर्मराज शाही:** माननीय सभामुख महोदय, कोरोना कोरोना भन्दाभन्दै हामीले ३ महिना जति बितायौं । कस्तो हुन्छ यसको रूपरंग भन्ने ढंगले हामीले आफ्नो ठाउँबाट विश्लेषण र यसको छलफल गरिरहेका थियौं । कोरोना विस्तारै हाम्रो घरआँगनमा आइपुगेको छ । र यो हामीलाई जब चीनको वुहान प्रान्तबाट सुरु भयो । चीनप्रति हामीलाई विश्वास थियो, पक्कै पनि चीनले चाहिँ नेपालमा आउने खालको वातावरण बनाउदैन । हाम्रो असल मित्र हो भन्ने ढंगले हामीले बुझेका थियौं र चीनको कोरोना यो पहाड क्रस गरेर नेपालमा आउन सकेन, आएन । बरु यूरोपतिर गयो, उतै-उतै गयो र यूरोका हामी धेरै कथाहरू सुन्यौं स्पेनका कथाहरू सुन्यौं, इटलीका कथाहरू धेरै सुन्यौं हामीले र जब चाहिँ यो कोरोना भारतमा प्रवेश गऱ्यो, हामीलाई डर लाग्न सुरु भयो नेपालमा । नभन्दै आखिर भारतबाटै प्रवेश गऱ्यो नेपालमा, अझभन्दा कर्णाली प्रदेशमा भारतमै प्रवेश गऱ्यो । म यो भारतको बारेमा थोरै म भन्न चाहन्छु यहाँनेर, जतिबेला देशमा प्राकृतिक प्रकोप आउँछ, राजनीतिक समस्याहरू उत्पन्न हुन्छन्, सामाजिक समस्याहरू उत्पन्न हुन्छन्, साँस्कृतिक समस्याहरू उत्पन्न हुन्छन्, आर्थिक समस्या संकटमा पर्छ, त्यतिबेला हाम्रो छिमेकी भनेको हामीले विस्तारवाद भन्दै आएका छौं । यो या त्यो कोणबाट मानसिक, शारीरिक, साँस्कृतिक हमला गरिरहेको इतिहास हामीले भोग्दै आएका छौं । ०७२ सालको भू-कम्पले देश त्राहीमाम भएको थियो, थिलो-थिलो भएको थियो, देश आक्रान्तित भएको थियो, भयावह भएको थियो, त्यतिबेला नाकाबन्दी गऱ्यो, नेपालमाथि पीडा दिने काम गऱ्यो । अहिले यसैगरी मलाई के लाग्छ भन्दाखेरि ग्रीन-जोन सरकारले भन्नु स्वाभाविक विषय हो । जब भारतमा प्रवेश गरेको थिएन भारतमा प्रवेश गरिसकेपछि आउदैन भन्ने लाग्या थियो हामीलाई त्यो विश्वास थियो, अहिले फेरि अर्को पीडा चाहिँ हामीमाथि थोपऱ्यो भारतले । अर्को पीडा दियो फेरि जुनबेला देश कमजोर हुन्छ त्यतिबेला भारतले हामीलाई पीडा दिँदै आएको इतिहास छ। अहिले पनि हिजो हाम्रो श्रम उले लगेको छ, हाम्रो कलालाई उले प्रयोग गरेको छ, त्यो श्रम र कलाबाट धेरै आर्थिक उन्नति र प्रगति भारतले गरेको छ । जब अहिले कोरोना आयो, यो भाइरस आयो, त्यो भाइरस विस्तारै-विस्तारै नेपालमा प्रवेश गराएर चाहिँ नेपाललाई झन कमजोरभन्दा कमजोर बनाउने स्थिति उसले वातावरण बनाएको छ। त्यो भको हुनाले भारत हाम्रो असल मित्र कहिल्यै पनि भएन । अहिले यो कर्णाली प्रदेशमा जति संक्रमित भएका छन्, जम्मै भारतबाट आएका मान्छेहरू मात्रै संक्रमित भएका छन् । मैले सुनेको छु भारतबाट मान्छेले फोन हानेका छन् । त्यही घरबास भएका मान्छेहरू बाहेक अरु सबैलाई मलाई के लाग्छ भन्दाखेरि त्यहाँबाट चाहिँ तपाईँको कुट्ने, पिट्ने, मानसिक यातना दिने, शारीरिक यातना दिने, भौतिक यातना दिएर नेपालमा लखेट्ने काम गरेको छ । एक दुई हप्ता जति भो सिमानामा धेरै मान्छेहरू अलपत्र परेका छन् । त्यहाँबाट फोन हान्ने गरेका छन्, हामीलाई जसरी पनि उद्धार गर्नुपऱ्यो भनेका छन् उनीहरूले । त्यो भको हुनाले त्यो उद्धार गर्ने नाउँमा सरकारले

काम गरेकै छ, उद्धार गरेकै छ । हाम्रो देशका मान्छे हुन् हाम्रो नागरिकका मान्छे हुन्, तिनको सुरक्षा गर्नु हाम्रो पहिलो दायित्व हो, हाम्रो जिम्मेवारी हो, त्यो जिम्मेवारी बहन गर्ने क्रममा चाहिँ मान्छेलाई सरासर ल्याएर एउटा व्यवस्था राम्रो गऱ्यो सरकारले । हाम्रो सामर्थ्य अनुसार हाम्रो क्षमता अनुसार हामीले अमेरिकाको क्वारिन्टिन हेर्ने होइन यहाँनेर, हामीले अमेरिकाको आइसोलेसन बेड, आइसोलेसन वार्ड हेर्ने होइन हामीले यूरोपको । हाम्रो सामर्थ्य क्षमता जे छ त्यही प्रयोग गऱ्यौं हामीले । विद्यालयका भवनहरू हामीले प्रयोग गऱ्यौं, त्यो भको हुनाले अहिले सिधै आएर विद्यालय भवनमा ती आएका चाहिँ मलाई लाग्छ राखिसकेपछि केही हदसम्म मलाई लाग्छ समाजमा फैलिएको स्थिति छैन, अहिले आजको दिनसम्म । त्यलाई कन्ट्रोल गरेका छौं, त्यलाई नियन्त्रण गरेका छौं, यदि तिनलाई कन्ट्रोल नियन्त्रण नगर्ने हो भने तिनलाई सुरक्षित साथ मलाई लाग्छ हामीले निर्माण गरेको हाम्रो सामर्थ्य र क्षमताअनुसार निर्माण गरेको क्वारेन्टाइनमा तिनलाई राख्दैन थियौं भने आज पूरै समाज मलाई लाग्छ संक्रमित हुन्थ्यो । आजको दिनसम्म हामीले बचाएका छौं । यलाई निरन्तर निरन्तरता दियोस् सरकारले भन्ने म आग्रह गर्न चाहन्छु र त्यो भको हुनाले हिजोमात्र इण्डियाबाट आएका कालिकोटमा, कालिकोटमा आउदैन भन्ने लाग्याथ्यो तर इण्डियाबाट आएका मान्छेहरूबाट संक्रमित हुन्छन् भन्ने कुराको विश्वास पनि थियो त्यहाँका मान्छेलाई, पहिले सुरक्षित थिए समुदायहरू समुदायमा जान दिएनौं । एउटा विद्यालयबाट अर्को विद्या एउटा ठाउँको मान्छेलाई अर्को ठाउँमा, अर्को ठाउँको मान्छेलाई अर्को ठाउँमा गर्दाखेरि आफ्नो घरसम्पर्कमा जान पाएनन् । आज त्यसै ठाउँमा मलाई लाग्छ संक्रमित भएका छन् १७ जना । शोभाकालिकाका १२ जना र महावैका ५ जना १७ जना भएका छन् । आज बिहान मात्रै १ जना थपिएको छ त्यो जम्मै इण्डियाबाट आएका मान्छेहरू संक्रमित भएका छन् । स उनीहरूको परीक्षण गर्दा पिसिआर परीक्षण गर्दाखेरि कर्णाली विज्ञान प्रतिष्ठानले पोजेटिभ देखाएको छ र तिनीहरूलाई अब त्यही ठाउँमा राख्ने होइन । त्यो भको हुनाले तिनीहरूलाई राखनका निम्ति जिल्ला सदरमुकाममा मुख्यमन्त्रीज्यू अस्ति जानुभको छ ।एकीकृत भवन छ जिल्लामा अहिलेसम्म कुनै कार्यालयहरू बसेका छैनन्, त्यो कार्यालयलाई आइसोलेसन बेडसँगै आइसोलेसन वाडको व्यवस्था गरीकन त्याँ संक्रमित मान्छे त्यहाँ राख्ने व्यवस्था त्यसको प्रबन्ध प्रदेश सरकारले मिलाओस् भन्ने म चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** अब माननीय श्री मिना सिं रखाल । यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला ।

**माननीय श्री मिना सिं रखाल:** सभामुख महोदय, आज विशेष परिस्थितिमा उभिएर विशेष समयमा विशेष समयको अनुमति लिंदै गर्दा विश्वमा फैलिएको यो कोरोना भाइरसको कारणले आज धेरै नेपालीहरू भाइरसको पोजेटिभ पनि देखिरहेको अवस्था छ । त्यसैकारणले आज दैलेख जिल्लामा दुल्लु नगरपालिका बस्ने क्वारेन्टाइनभित्र बसिरहेका मृतक कर्णबहादुर मर्स्याङ्गी मगरको मृत्यु भएको छ । उहाँप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

देशबाहिर बसेर मृत्यु हुने १ सय २१ जना नेपालीप्रति पनि म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । नेपालमै आजसम्म मृत्यु हुने बच्चासहितको ९ जना मृतकहरूप्रति पनि म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । परिवारप्रति म समवेदना व्यक्त गर्दछु । सभामुख महोदय केही समय अघि त कोरोना भाइरस भन्ने केही होइन, हाम्रो नेपालमा आउँदैन भन्ने जस्तो पनि आभास हुन्थ्यो । आज आफ्नै अगाडी आफ्नै छेउका युवकहरू मृत्युवरण गरिरहँदा अब नेपाली जनता अथवा दैलेखीवासीहरूको आफ्नो मनोबल घटिरहेको अवस्था मैले पाइरहेको छु। समयमै परीक्षण भइदिएको भए आज क्वारेन्टाइन भित्रै मृत्युवरण गर्नुपर्थेन कि सीमाक्षेत्रभित्रबाट आउने क्रममा गाडीमा खचाखच भएर जो आफ्नो जिल्लामा भित्रिए, त्यसले गर्दा पनि एकअर्कामा संकीर्ण हुन गइरहेको छ र आज दैलेख जिल्लामा धेरैभन्दा धेरै ४१ हजार जनता त भित्रिसकेको र बाँकी, १२ हजार जनता भित्रिसकेको र बाँकी ४१ जनता अझ पनि आउने क्रम अनुमानित गरिदैछ र तिनीहरूलाई बस्ने व्यवस्था जो क्वारेन्टाइन छ त्यो व्यवस्था चाहिँ राम्रो भइरहेको छैन । स्थानीय सरकार र स्वास्थ्य जनशक्ति, स्थानीय सरकारको आफ्नो शक्तिले भ्याएसम्म उले प्रयत्न गरिरहेको छ । स्वास्थ्य जनशक्तिमा कमी आएको छ र ६ सय जनाको स्वाव संकलन भइरहेको छ, त्यसको परीक्षण भइरहेको छैन र आइसोलेसनको व्यवस्था छैन यी यति कारणले गर्दा पनि क्वारेन्टाइनभित्र बस्ने मान्छेहरू पनि आतंकित भइरहेका छन् । क्वारेन्टाइनभित्र बस्ने कतिपय महिलाहरू दुईजिउको हुनुहुन्छ, कतिपय महिलाहरूले को महिनावारीको समस्या छ र त्यहाँ बस्ने महिलाहरूको लागि पनि प्याडहरूको र सुत्केरीको व्यवस्था मिलाइनुपर्छ र छिटोभन्दा छिटो प्रत्येक गाउँपालिकामा आइसोलेसनको व्यवस्था हुनुपर्छ र आज दैलेखबाट नै मृत्युवरणको भइरहेको सुरुवात भइरहेको छ । दिनदिनै यसै हुने हो भने अब हामी कोही पनि बाँकी रहने अवस्था देखिदैन । त्यसैले कर्णाली प्रदेशको सरकारले स्थानीय तहसँग समन्वय गरेर भए पनि आरडीटी आर पिसिआरको व्यवस्था गर्नुपर्‍यो, स्वास्थ्यकर्मीहरूलाई पठाउनुपर्‍यो । र हिजो मात्रै दुल्लुमा मैले सम्पर्क गरेको यहाँ चाहिँ डक्टरहरूलाई पनि क्वारेन्टाइनमा राख्ने अवस्था भयो, सुर्खेतबाट नै डक्टरहरू नै आउनुहुनेछ भन्ने कुरा आज बिहानसम्म पनि भइरहेको थियो । यसरी जनशक्तिकै अभावले व्यवस्थागत कमीले आज मान्छेहरूले मृत्युवरण गर्ने अवस्था आइरहेको छ । म सभामुख महोदय, सरकारको ध्यानाकर्षण गर्न चाहन्छु, दैलेखमा धेरै अधिकांश मान्छेहरू क्वारेन्टाइनभित्र बसिरहेका र आइसोलेसनको व्यवस्था नभएको हुनाले तुरुन्त तुरुन्त तुरुन्तै छिटोभन्दा छिटो त्यसको व्यवस्था गराइयोस् भन्ने माग राख्दछु । हवस् धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री पद्मा खड्का, त्यसपछि माननीय श्री बीरबहादुर शाही तयार रहनुहोला ।

**माननीय श्री पद्मा खड्का:** सभामुख महोदय, छैठौं अधिवेशनको यो छैठौं बैठकमा कर्णाली प्रदेश सरकारलाई केही महत्त्वपूर्ण विषयमा मैले आफ्नो सुझाव राख्न चाहन्छु । सर्वप्रथम हामी अहिले सबैको एउटा तत्कालको एउटा विषय, तत्कालको एउटा इस्यू, तत्कालको

एउटा समाधान गर्नुपर्ने जुन जटिल परिस्थिति हामीसँग आइरहेको छ, यो कोरोना भाइरस कोभिड यसलाई हामीले कसरी परास्त गर्ने होला ? यो हामी सबैका सामु एउटा चुनौती, चुनौतीको विषय चाहिँ बनेको छ । त्यसकारणले मैले यहाँ के भन्न चाहन्छु भने, सर्वप्रथम त मैले दुई महिनासम्म जुन कर्णाली एउटा कोरोनाको भाइरसबाट एउटा पनि व्यक्ति पोजेटिभ नदेखिएको अवस्थामा हामीले एउटा आँकलन गरिरहेको अवस्था थियो कोरोना भाइरस आयो भने इण्डियाबाट आउने नागरिकबाट यहाँ प्रवेश गर्न सक्छ भन्ने हामी सबैलाई लागेको अवस्था हो । त्यसको अलि हामीले पूर्व तयारी एकदमै सरकारले विभिन्न निर्णयहरू गर्दै अगाडी बढीरहेको स्थानीय तहले पनि काम गरिरहेको देखियो तर कता कता समन्वयको अलि अभाव भयो कि भन्ने चाहिँ हामीलाई अहिले लागिरहेको छ । काम गरेको गरेइ तर त्यसको प्रतिफल निस्किने बेला नगरेजस्तो जुन खालको अहिले परिस्थिति देखिएको छ । यो कता-कता समन्वयको अभाव भयो कि भन्ने चाहिँ हामीलाई फिल भएको छ र मैले के भन्न चाहन्छु भने आजसम्मन हामीले के गर्‍यौं ? त्यसमा कुनै एउटा अर्थ राख्ने छैन अब हामीले के गर्दैछौं ? अब यो परिस्थिति आइसक्यो अब हामीले के गर्ने ? कसरी समन्वय गर्ने ? भन्ने कुरामा सरकारले छिटोभन्दा छिटो त्यतातिर आफ्ना सम्पूर्ण यूनिटहरूलाई परिचालन गरोस् भन्ने म सुझाव राख्न चाहन्छु र यसैगरी जुन घटना घट्यो हामीले सोचेका थियौं कर्णालीमा कसैले पनि मृत्युवरण कोरोनाका कारण गर्नु नपरोस् भन्ने एउटा हाम्रो प्रतिज्ञा थियो, तर कारणवश एउटा दैलेखमा दैलेख दुल्लु निवासी एक जना व्यक्तिले मृत्युवरण गर्नुभयो । उहाँको म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । परिवारलाई एउटा सम्वेदना प्रकट गर्दछु र सम्पूर्ण यो घटनाले कर्णालीवासीमा एउटा त्रासको सिर्जना उत्पन्न भको छ । कोही कसै नागरिकले पनि कर्णालीवासी सम्पूर्ण नागरिकले आफू सुरक्षित बसेर र अहिले क्वारेन्टाइनमा बसिरहेका सम्पूर्ण नागरिकहरू एकदमै चिन्तित हुनुहुन्छ । तपाईँहरू सबैलाई यो गरिमामय प्रदेश सभाको यो सदनबाट मैले अपिल गर्न चाहन्छु सम्पूर्ण नागरिकले कहीं कतै तपाईँ विचलित नभइकन तपाईँहरू एकदमै धैर्यता कायम गरीकन सुरक्षित बसिदिन सम्पूर्ण नागरिकहरूलाई म अनुरोध पनि गर्न चाहन्छु र यो सँगै मैले सुर्खेत जिल्ला एउटा कर्णालीको प्रदेशको राजधानी यो राजधानीभित्र सम्पूर्ण कर्णालीवासीहरू यहाँ टेकेर जानुपर्ने जुन अवस्था छ, त्यो अवस्थासँगै हामी प्रदेश राजधानीलाई कति व्यवस्थित गर्न सकेका छौं ? आएर त हाम्रो प्रदेशमा प्रवेश गर्न बित्तिकै हामीले कसरी व्यवस्थापन गर्न सकेका छौं भन्ने कुरा नजिकैको बबई नाका कट्न वित्तिकै भेरीगंगा नगरपालिकालाई हामीले कसरी कोअर्डिनेशन गर्ने भेरीगंगा नगरपालिकासँग हामीले कसरी समन्वय गर्ने ? त्यहाँको स्थानीय राजनीतिक पार्टीहरूलाई हामीले कसरी समन्वय गर्ने र त्यहाँका नागरिक अगुवाहरूलाई हामीले कसरी समन्वय गर्ने ? यो सबैको दायित्व हो कोही प्रदेश सरकारको मात्र पनि होइन स्थानीय तहको मात्रै पनि होइन । हामी सबै नागरिकको हो भन्ने खालको एउटा मनोभावना कसरी बढाउने होला ? यो कुरामा हामी चिन्तित भएर सबै लाग्न पर्छ भन्ने म राख्न चाहन्छु र यसैगरी सुर्खेतमा अहिले राजधानीभित्रै यो राजधानीको नगरभित्रै धेरै कोरेन्टाइनहरू छन् हामीले यहाँ

यहाँभित्र बसिरहने धेरै महानुभावहरूले सुन्नुभाको छ । यो र त्यो नाममा हामी क्वारेन्टाइनभित्र गरिएका जुन नागरिकहरूले गरेका हमलाहरू हामीले सुनिरहेका छौं । यो भएन, त्यो भएन भन्ने जुनखालको एउटा देखिरहेको छ । हाम्रो सामर्थ्य कति छ ? हाम्रो स्थिति के छ ? त्यसैमा हामीले व्यवस्थापन गरेर सबै नागरिकले एउटा त्यो खालको भूमिका निर्बाह गर्दियौं भने यो रागलाई जित्न सक्ने हामी सबैमा क्षमताको विकास हुन्छ भन्ने कुरा म राख्न चाहन्छु । अन्तमा मैले सधैं हामीले कर्णालीका विरहलाग्दा कताको सिरानी हालेको धेरै भयो । दु:ख महावु लेकभन्दा पनि हाम्रा अग्ला छन्, पीडा भेरी नदी र कर्णाली भन्दा पनि लामा छन् । त्यसैगरी बेदनाको बेदना से-फोक्सुण्डो र राराभन्दा गहिरा छन् हाम्रा तिनै दु:ख र पीडा बेदनाको पोकापुन्तुरा खोज खोजतलास गर्ने मेसोमै आइदिएको यो कोरोनाले कोरोनाको कहरले कर्णालीको चेहरामा निराशाको बादल मडारिन थालेको छ । यो, यो अवस्थामा अब हामी सबै सचेत हुँदै अब हामी सम्पूर्ण सचेत हुँदै सबैले सहकार्य गर्दै अगाडी बढ्ने एउटा उत्प्रेरणा मिलोस् भन्ने म शुभकामना पनि दिन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री वीरबहादुर शाही । यसपछि माननीय श्री धर्मराज रेग्मी तयार रहनुहोला ।

**माननीय श्री वीरबहादुर शाही:** माननीय सभामुख महोदय, आज यस कोरोना महामारीले कर्णाली प्रदेश दैलेखमा ज्यान गुमाउनेमध्येमा मेरो हार्दिक श्रद्धाञ्जली । यो अहिले देशमा महामारी फैलिएको अवस्थामा यो हामीले भन्ने गरेको छु, यो कोरोना इण्डियाबाट पनि प्रवेश भएको छ, अन्तबाट नआउला भन्ने कुरो हामीले सोचेको छैनौं । अब हाम्रो हिमाली जिल्ला मुगुको नाक्चेनाग्ला र डोल्पाका क्याटु र बुम्ला पनि उताको चौरी नेपालमा चर्ने, उताको च्याङ्ग्रा नेपालमा चर्ने, नेपालका चौरी र च्याङ्ग्रा तीब्बतमा चर्ने सुरुवात भइसक्यो यसको बारेमा पनि सरकारले यो तिब्बती नाका पनि अहिलैबाट त्यहाँ सुरक्षाकर्मी राखेर त्यसको चाहिँ नाका पनि नाकालाई अहिलैबाट सिल गऱ्यो भनेपछि केही अझैं तिब्बतका नाकाहरूबाट छिर्नबाट रोकिएला र अहिले हिमाली जिल्लामा रोग सँगसँगै भोकले पनि चेपिरहेको छ । हाम्रो डोल्पाका मैफ तुलनाको भन्ने हो भने हाम्रो खाद्यको ठेक्का तिब्बतबाट हुँदै चाइनाबाट डोहसम्म आउथ्यो र उप्पर डोल्पाका तिन्जे, साल्दाङ र छाकाताङ् डोरयुद्धको तीन वटा गाउँपालिकाले उप्पर डोल्पाबाट तिब्बतबाट आको आएको खाद्यान्न ढुवानी गरी त्यहाँको जनतालाई वितरण गरिन्थ्यो । अब अहिले म सरकारलाई म अनुरोध गर्न चाहन्छु । त्यो टेण्डरलाई तोडी गोरेटो बाटो हुन्छ कि या त अथवा चाहिँ हेलिकप्टरबाट उप्पर डोल्पाबाट चामलको व्यवस्था गराइयोस् र अहिले हाम्रो हामीले यहाँ नजिकै बस्या छौं हामीले श्वासप्रश्वास र रोगीहरू धेरै निस्केका छन् । अप्पर डोल्पामा अहिलेसम्म छाकाताङछाङ दवोबुद्ध र सेफोक्सुण्डोमा चेकजाँचै भएको छैन । अब यलाई हेलिकप्टरबाट भए तापनि नमूना परीक्षण गरियोस् । छिटोभन्दा छिटो त्यहाँ पनि इण्डियाबाट आएको मान्छेहरू भित्रिसकेका छन् । त्यहाँ चेकजाँच नभएको कारणले मात्रै अलि रोग निस्केको छैन । त्यसको निमित्त कर्णाली प्रदेश सरकारले हिमाली जिल्लामा पनि एकदम गम्भीरबाट सोच्नुपर्छ र अहिले हिमाली

जिल्लामा किताबमा आइरहेको छ बहुमूल्य जडीबुटी भन्ने तर बहुमूल्य जडीबुटीमा यार्चागुम्बा छोर्दे भने हुन्थ्यो होला मलाई लाग्छ अहिले हिमाली जिल्लामा चाहिँ त्यहाँका नागरिकहरूले जडीबुटी यार्चागुम्बा टिप्ने सिजन यही नै हो । अहिले त्यहाँ रोगले भन्दा पनि भोगले एकदम सास्ती खपिरहेका छन् र यस वर्ष आगामी यार्चागुम्बा दिन्छु भनेर त्यहाँ चामल र नून खाइरहेका छन् खाइरहन्छन् र त्यसको निमित्त यो कर्णाली प्रदेश सरकारलाई यो त्यो यार्चागुम्बातर्फ ध्यान जाओस् भन्ने म यो सदनमार्फत् सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु । यो अहिले जो हामीले कोरोना-कोरोना भनिरहेका छौं यो अझैले अझै पनि यो कोरोनाले चाहिँ गएर देशमा महामारी फैलिरहेको छ र यसमध्ये पनि भोलि हिमाली जिल्लामा अझैं पनि यसको सास्ती खप्न पर्ने मैले देखिरहेको छु र यो कर्णाली प्रदेश सरकारलाई जो योभन्दा अगाडी जो काम गरेको छ । गतिशील अगाडी बढेको छ म धन्यवाद दिन चाहन्छु, अझैं पनि सरकारले यो आजबाट जब एकजना दैलेखको मृत्यु होइन, आज १७ लाख कर्णालीवासीलाई त्रसित बनाइराखेको छ । यसमा हामी जनप्रतिनिधि, सरकार, सम्पूर्ण नागरिक यसको चाहिँ नियन्त्रणको लागि अगाडी बढ्नुपर्छ भन्दै मेरो कुरा अन्त गर्छु । धन्यवाद ।

**माननीय उपसभामुख:** माननीय श्री धर्मराज रेग्मी । यसपछि माननीय श्री सीताकुमारी नेपाली तयार रहनुहोला ।

**माननीय श्री धर्मराज रेग्मी:** सभामुख महोदय, हामी एउटा अत्यन्तै जटिल परिस्थितिमा यो छलफल गरिराख्याछौं सभामुख महोदय, हिजोमात्रै दैलेखको दुल्लुस्थित क्वारेन्टाइनमा एक जना युवकको कोरोनाको कारणले दु:खद् निधन भएको छ । म मृतकप्रति गहिरो श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु । सभामुख महोदय, हिजो साँझ सामाजिक विकासको एउटा सामाजिक विकास मन्त्रालयको एउटा वक्तव्य थियो, दैलेखको दुल्लुमा एक जना युवकको निधन भएपछि वक्तव्य दियो र त्यो वक्तव्यले के लेख्यो भन्दाखेरि माथि विवरण लेखेर को दैलेखमा एक जनाको चाहिँ मृत्यु भयो दुल्लु स्थित क्वारेन्टाइनमा तल लेख्दा निजलाई कोरोनाको लक्षणहरू थिएन र आखिरतिर लेख्दा चाहिँ रिपोर्टबाट पोजेटिभ देखिएको छ । हामी कति समयपछि चाहिँ नागरिकहरूको मृत्युको कति समयपछि हामी चाहिँ रिपोर्ट दिन सक्छौं ? हाम्रो तयारीको अवस्था चाहिँ के हो ? यो अवधिमा हामीलाई काफी तयारी गर्ने अवस्था थियो । सत्य कुरा के हो भन्दाखेरि हामीसँग संरचना छैन । प्रदेश सरकारका आफ्नै निकायहरू छैनन् । हामीले परिचालन गर्नुपर्ने एजेन्सीहरू छैनन् । यो कुरा चाहिँ सत्य हो तर यो हुँदाहुँदै पनि हामीले कोरोनाको प्रतिकार्यमा प्राप्त गरेको समय चाहिँ लामो समय थियो सभामुख महोदय त्यो समय चाहिँ छोटो समय थिएन । युद्धको तयारीको लागि त्यो पर्याप्त लामो समय थियो । तर हामीले यो बीचमा गरिरहेका तयारीहरू कस्ता छन् भन्दाखेरि पहिलो केश दैलेखमा देखापर्‍यो र पहिलो डेथको केश पनि चाहिँ दैलेखमा देखा पर्‍यो । मरिसकेपछि चाहिँ धेरै पछि चाहिँ यसको रिपोर्ट हामीले साँझतिर चाहिँ रिपोर्ट प्रकाशित गर्‍यौं र त्यो रिपोर्ट चाहिँ पोजेटिभ

देखियो । यले केही डाक्टरहरूले भनिरहेका छन् कि कर्णाली इटली बन्न सक्छ भन्ने कुरा डाक्टरहरूले भनेको कुरा हो सभामुख महोदय, यो हामीले भनेको कुरा होइन अथवा हामी यो भनिराखेका छौं कि कुनै भयावह स्थिति सिर्जना गर्न हामी जनताका प्रतिनिधिको रूपमा यो कुरा राखिराछैनौं सभामुख महोदय । हामी बडो जिम्मेवारीपूर्वक जनताको प्रत्येक जनताको जिन्दगीको बडो हामी जिम्मेवारीपूर्वक उहाँहरूको प्रतिनिधिको रूपमा यहाँ बोल्दैछौं र म सम्मानित सभामा माननीय सभामुखज्यूमार्फत के आग्रह गर्न चाहन्छु भने हाम्रो कोरोनाविरुद्धको प्रतिकार्यको लागि प्रदेश सरकारको भइरहेको तयारीको अवस्था यति नाजुक हो भने हामीले यो उत्पन्न परिस्थितिको सामना गर्न सक्छौं कि सक्दैनौं सभामुख महोदय । नसकिने स्थिति हो भने हामीले इमानदारीपूर्वक भन्नु पर्‍यो यदि हाम्रो काबुभन्दा बाहिर यो चिज जाँदैछ भने स्थानीय स्तरमा तल चाहिँ स्थानीय सरकारका प्रतिनिधिहरूले छातीको भरमा चाहिँ यो क्वारेन्टाइन धानिराख्नुभाछ सभामुख महोदय । हामीले क्वारेन्टाइनको अवस्था कस्तो छ भन्ने बारेमा छलफल गर्‍यौं तीन चार सय मान्छेहरूको हूल एउटा वडाध्यक्षको अगाडी जान्छ र वडाध्यक्षले क्वारेन्टाइनको व्यवस्था गर्नुपर्ने जिम्मेवारी लिनुभएको छ सभामुख महोदय । स्थानीय प्रशासन र स्थानीय सरकारका प्रतिनिधिहरूले छातीको भरमा जे काम गरिराखेका छन् म यो सम्मानित सभामा म उहाँहरूलाई धेरै धन्यवाद दिन चाहन्छु सभामुख महोदय । हामीले एक जना नागरिक समयमै उपचार गर्न नसक्नुका कारणले एक जना नागरिकको मृत्यु भयो र मृत्यु भएको १२ घण्टापछि रिपोर्ट प्रमाणित गर्‍यौं । यसको लागि प्रेदेश सरकारलाई कुनै खेद छ । हामी कसैले माफी माग्छौं यसको लागि । कसैले दु:ख व्यक्त गर्न हामी वक्तव्य निकाल्न सक्छौं ? म जनताको प्रतिनिधिको रूपमा यो सम्मानित सभामा हाम्रो तयारी पुगेन म माफी माग्न चाहन्छु । सभामुख महोदय संसद् चलेको एक साता भयो, विभागीय मन्त्रीले आएर उपस्थित भएर केही जवाफ दिनुभो ? एउटा पुस्तिका वितरण गरिएको थियो, त्यसको अन्तिम पेजमा लेखिएको थियो सभामुख महोदय यो पुस्तिका सामाजिक विकास मन्त्रालयका प्राविधिक कर्मचारीहरूले तयार पारिएका हुन्, त्यसको लागि एक पेज जोडिएको थियो । एउटा पुस्तिका थियो अस्ति विभागीय मन्त्री आएर यो एक सातासम्म संसद् चल्दा यो संसद्का सदस्यहरू कोरोनाका बारेमा प्रदेश सरकारले गरिरहेको कामकाज के हो ? त्यसको गति कति हो ? यो बारेमा जानकारी राख्ने अधिकार राख्छौं कि राख्दैनौं सभामुख महोदय । यस्तो जटिल परिस्थितिमा संसद् चलिराख्या छ, हामी कोही पनि असुरक्षित छौं । सभामुख आफै असुरक्षित हुनुहुन्छ, संसद्को सदस्य हामी आफै असुरक्षित छौं, जनताहरूको चाहिँ दिनका दिन चाहिँ सिमानादेखि यहाँसम्म मान्छेहरूको अवस्था यो छ, ती बहादुर मान्छेहरू गाडीचालकहरू जले कोरोनाको चाहिँ एक गाडी कोरोनासँग मान्छे को-कोरोनाबाट इन्फेक्टेड मान्छे बोकेर ल्याइरहेका छन् । उनीहरूप्रति हामीले सम्मान व्यक्त गरेका छौं कि छैनौं ? सुरक्षाकर्मीहरू असाध्यै जोखिमपूर्ण अवस्थामा यसको नेतृत्व गरेर बसिरहेका छन्, स्वास्थ्यकर्मीहरू जोखिमपूर्ण अवस्थामा यसको ट्याकल गरिरहेका छन्, हामीले उहाँहरूका हामीले उहाँहरूसँग ऐक्यबद्धता प्रकट गर्ने अवस्था हाम्रो छ कि छैन सरकारको तर्फबाट ।

हामीले सम्बोधन गरेका छौं कि छैनौं सरकारको तर्फबाट । त्यसो हुँदाखेरि म विनम्रतापूर्वक सभामा माननीय सभामुखज्यूमार्फत नै के आग्रह गर्छु भने माननीय सभामुखज्यूले एउटा यस्तो निर्देशन सभाबाट गर्न जरुरी छ । जटिल परिस्थितिमा हामीले संसद् चलाइराछौं । यो प्रदेश सभाप्रति हामीले गरिरहेको छलफलबाट क्वारेन्टाइनमा बसिरहेको मान्छेले केही उनीहरूको जीवनप्रतिको आशा पलाउनुपऱ्यो । आइसोलेसनसँग बसेका मान्छेहरूको जीवनप्रतिको आशा पलाउनुपऱ्यो म बढीभन्दा बढी दैलेख, सुर्खेत र बढीभन्दा बढी जोखिम देखिएको क्षेत्रमा सभामुख महोदय दैलेखमा करिब ४० देखि ५० हजार मान्छे आउने तथ्याङ्कहरू छ । सभामुख महोदय, १० हजार भन्दा बढीको तथ्याङ्क अहिले चाहिँ उपस्थित पुगिसकेको अवस्था छ । त्यसो हुँदा म यो क्षेत्रमा बढीभन्दा बढी चाहिँ टेस्टिङ्ग गर्न टेस्टिङ्ग बढाउन पिसिआर मेसिन लगायतको व्यवस्था गर्न र दैलेखमा आइसोलेसनको व्यवस्था गर्नका लागि स्थानीय सरकारलाई पर्याप्त पैसा दिनुपऱ्यो केही सकिदैन भने हामीसँग पैसा छ । इमान्दारीपूर्वक त्यो पिसिसिएमसी कि के को बैठ बैठक बसालेर यहाँबाट चाहिँ माननीय मुख्यमन्त्रीजीको अध्यक्षतामा छ, त्यसको बैठक बसालेर पैसा पठाइदिन पऱ्यो जोखिमपूर्ण क्षेत्रमा । त्यसको बैठक बसालेर केही सामग्री दिन सकिन्छ भने सामाग्री दिनुपऱ्यो, सकिदैन भने हामीले जिम्मेवारीपूर्वक वक्तव्य निकालेर मरेका मान्छेहरूलाई समवेदना व्यक्त गर्नुपऱ्यो र जीउँदा मान्छेहरूको जिन्दगी बचाउँछौं भनेर प्रतिवद्धता व्यक्त गर्नुपऱ्यो म विनम्रतापूर्वक माननीय सभामुखज्यूमार्फत यो प्रदेश सरकारको सम्बन्धित विभागीय मन्त्रीले यी सारा विवरण हाउसलाई ल्याएर दिनुपर्छ । उहाँहरूले गरिरहेको प्रतिकार्यको अवस्था के हो ? कोरोनाको यो जोखिमपूर्ण चाहिँ अवस्थामा कति नागरिकहरू चाहिँ छन् र सरकारले प्रतिकार्यको ठोस योजना के छ भन्ने बारेमा बडो क्लियरली यहाँ बोल्नुपऱ्यो । माननीय मुख्यमन्त्रीजीले अस्ति सम्बोधन गर्नु भो तर विभागीय मन्त्रीजीको आउनुपर्ने जुन तथ्यगत विषयहरू छन् त्यो माननीय मुख्यमन्त्रीज्यूले ओभरअल विषयहरू राखे पनि त्यो विषय आएन । मैले विनम्रतापूर्वक यति अनुरोध गरेर सम्मानित सभामा यो जटिल परिस्थितिको ट्याकल गर्नका लागि प्रदेश सरकारको ठोस योजना विभागीय मन्त्रीले यहाँ आएर राख्नुपऱ्यो सभामुख महोदय। धेरै धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री सीताकुमारी नेपाली ।

**माननीय श्री सीताकुमारी नेपाली:** माननीय माननीय सभामुखज्यू, कोरोना भाइरस कोभिड-१९ को महामारीको रूपमा नेपालमा फैलिँदैछ, यो अवस्थामा कोरोनाको सामना गर्नका निम्ति एकताबद्ध हुनुपर्ने अहिलेको अत्यन्तै आवश्यकता छ र कर्णाली प्रदेशमा जुन तयारी थियो त्यो तयारीका बाबजुद पनि छिमेकी राष्ट्रमा रोजगारीको सिलसिलामा जाने हाम्रा कर्णाली प्रदेशका नागरिकहरू फर्कदै गर्दा बाहिरबाट आएको नागरिकहरूमा परीक्षण गर्दा अहिले कोरोना भाइरस पोजेटिभ देखिएको अवस्था छ अहिले हामी पहिलो फेजमै छौं कर्णाली प्रदेशमा । यो दोस्रो, तेस्रो हुँदै महामारीको रूपमा नजाओस् भन्नका निम्ति अझैं एकताबद्ध भएर तीनवटै तह

एकताबद्ध भएर जानुपर्ने अहिलेको आवश्यकता छ । कर्णाली प्रदेशमा पहिलो पोजेटिभ सङ्क्रमित दैलेखबाट सुरु भयो र मृत्यु हुने पनि दैलेखबाटै सुरु भएको छ । मृतक कर्णबहादुर मर्स्याङ्गी मगरप्रति म हार्दिक श्रद्धाञ्जली पनि व्यक्त गर्न चाहन्छु । कर्णाली प्रदेशभित्रका १० वटै जिल्लामा छिमेकी राष्ट्रबाट फर्किनेहरूको तथ्याङ्क छ कि छैन । स्थानीय पालिकाहरूले कति नागरिक बाहिर छ र कति फर्किंदैछ भन्ने तथ्याङ्क राखेको छ कि छैन र आएका फर्किएका नागरिकहरूलाई जुन क्वारेन्टिनहरू बनाइएको छ क्वारिन्टाइनमा बसालिएको छ क्वारिन्टाइनको व्यवस्थाको बारेमा धेरै कुराहरू आइसकेको छ मैले भन्नुपर्ने स्थित छैन । त्यलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता छ सँगसँगै ती क्वारेन्टाइनहरू हाम्रा विद्यालयहरू क्वारेन्टाइन भइरहेको छ, विद्यालयमा पानीको व्यवस्था छैन, शौचालयहरूको व्यवस्था छैन, हामीले पानी र शौचालयको व्यवस्था तत्काल गर्न सक्छौं त्यो व्यवस्था गर्नका निम्ति पनि म सम्मानित सदनमा यो कुरा उठाउन चाहन्छु र जसरी कर्णाली प्रदेशमा कोरोना पोजेटिभ बढ्दै जाँदा आइसोलेसन वार्डको अभाव हुने कुरा बेडहरूको अभाव हुने कुरा र अब कोरोनाको निम्ति तोकिएका हस्पिटलहरूमा मात्रै होइन स्थानीय स्तरसम्म बनाउनुपर्ने आवश्यकता छ । त्यसका निम्ति कर्णाली प्रदेश सरकारले आइसोलेसन वार्डहरू घोषणा गरोस् र त्यसको व्यवस्थापन गर्न अगाडी लागोस् भन्न चाहन्छु र सुर्खेत जिल्लामा, सुर्खेत जिल्लामा कर्णाली प्रदेश स्तरको हस्पिटल छ र सँगसँगै मेहेलकुना, दशरथपुर र चिङ्गाडको अवलचिङ्ग, सालकोट र सिम्तामा आइसोलेसन वार्ड राख्नका निम्ति कर्णाली प्रदेश सकारले त्यो घोषणा गर्नका निम्ति सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत म अनुरोध पनि गर्न चाहन्छु । र परीक्षणको दायरा बढाउनुपर्ने, क्वारेन्टाइनमा बसेकाहरू १४-१५ दिन १४ दिनसम्म त बस्लान् तर उनको परीक्षण नगरीकन घरपरिवारकहाँ पठाउन सक्ने अवस्था छैन । त्यले गर्दा क्वारेन्टाइनमा बसेकाहरूको परीक्षण गरेर मात्र घरमा पठाउनुपर्छ भन्ने कुरा म राख्न चाहन्छु र त्यसका निम्ति आवश्यक पर्ने आरडिटी र पिसिआरको व्यवस्थापनको कुरा धेरैभन्दा धेरै कति हो त संख्यात्मक हिसाबले कति आवश्यक हो त्यो आवश्यकताका आधारमा तयारी गर्न जरुरी छ । माननीय सभामुखज्यू, लकडाउन लम्बिँदैछ, एकातिर लकडाउन लम्बिँदैछ अर्कोतिर कोरोना पोजेटिभहरू बढ्दै गइरहेको अवस्था छ । जनतामा त्रास फैलिएको अवस्था छ यो अवस्थामा कोरोनाको कहर छँदाछँदै अब भोकमरीले मर्ने अवस्था आइसकेको छ । भोकमरीले नमर्ने स्थित आओस् भन्नका निम्ति खाद्यान्नको व्यवस्थापनको कुरा र कोरोनाबाट होइन, अब कोरोनाभन्दा अरु कारणले मान्छेहरू मरिरहेको अवस्था छ । हामीले कर्णाली प्रदेशकै कुरा गर्दाखेरि आत्महत्याका घटनाहरू थुप्रै भइरहेका छन्, बलात्कारका घटनाहरू घटिरहेका छन्, घरेलु हिंसा बढीरहेको अवस्था छ । सुर्खेत निर्वाचन क्षेत्र १ (ख) मा दुईवटा बलात्कारका घटनाहरू, लेकवेशी नगरपालिका वडा नं. ७ मा आठ वर्षको बच्चालाई भेरी नदीमा पानी लिन गएको अवस्थामा बलात्कार भएको छ । त्यो बलात्कारीलाई गिरफ्तार गरिसकेको अवस्था छ भने भेरीगंगा नगरपालिकामा पनि ४ वर्षको बालिकालाई बलात्कार भएको अवस्था छ । यी र यस्तै प्रकारका थुप्रै घटनाहरू

घटिरहेको अवस्था छ । त्यले गर्दाखेरि यस्ता घटनाहरू नघटुन भन्नका निम्ति पनि लाग्नु पर्ने र सँगसँगै भोकमरीले कोरोनाको कहर त छँदैछ भोकमरीबाट जनता नमरुन् भन्नका निम्ति पनि कर्णाली प्रदेश सरकारले तयारी मजबुत तरिकाले गर्दैछ भन्ने हामीलाई विश्वास त छ तैपनि फेरि पनि म माननीय सभामुखज्यूमार्फत विशेष ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, यसभन्दा अगाडी र आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले उठाउनुभएका जरुरी सरोकारका विषयहरूमा सभाको आगामी बैठकमा जवाफ वा धारणा राख्न प्रदेश सरकारका विभागीय मन्त्रीलाई रुलिङ्ग गर्दछु । माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू, कोभिड-१९ को सङ्क्रमणको उच्च जोखिमलाई ध्यान, ध्यानमा राखी प्रदेश सभाले छैठौं अधिवेशन सुरु हुनु अगावै सबै माननीय सदस्यहरू लगायत सम्बद्ध सबैको पिसिआर लगायतका जाँच र अन्य सतर्कतासम्बन्धी क्रियाकलापहरू सभा व्यवस्थापनले पूरा गरी थप सावधानीहरू अपनाउने सम्बन्धमा आचारसंहिता बनाई सोको पालना गर्नुपर्ने व्यहोरा अवगत नै छ । सभा परिसर बाहिर असावधानीपूर्वक हुने जनसम्पर्क र जिल्ला भ्रमण जस्ता क्रियाकलापबाट सभा व्यवस्थापनले अपनाएको सावधानी निरर्थक हुने भएकाले सभाको स्वीकृति नलिई जिल्ला भ्रमणमा नजान र जानै पर्ने अवस्था भएमा सभामा भाग लिनु अगावै अगाडी अनिवार्य पुनः पिसिआर जाँच गरेरमात्र सभामा भाग लिनुहुन माननीय सदस्यहरू र सभासम्बद्ध सबैलाई रुलिङ्ग गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नुभएको प्रदेश सभाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमा केन्द्रित रही आफ्ना धारणाहरू राख्ने समय दिन्छु । सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही ।

**माननीय श्री जीवनबहादुर शाहीः** सम्माननीय सभामुख महोदय, सभामुख महोदयको अनुमतिले नीति तथा कार्यक्रममाथि छलफलमा भाग लिन आएको छु । प्रि-बजेटको छलफल हुँदा अलि आशा जागेको थियो, सरकारले अहिलेको परिस्थितिलाई निहालेर अहिलेको अवस्थालाई सुजबुझका साथ केही अगाडी बढाउनेछ भन्ने मनसायले सायद यहाँ पक्ष र प्रतिपक्ष नभनेर सबैले सरकारलाई धन्यवाद दिएको अवस्था थियो र त्यसमा सबैले तर भन्ने शब्दलाई चाहिँ छुटाउनुभएको थिएन । जब यो नीति तथा कार्यक्रम आयो, ६३ बुँदाको ३२ पेजको मैले यो भन्दा अगाडीको यो वर्षको र ०७६/०७७, ०७५/७६ को ०७७/७८ को यो तीनटालाई हेर्ने हो भने केही पनि रैनछ । के गरेको रहेछ भने अब केन्द्रको अहिले २७६ बुँदाको चाहिँ छ, ६३ पेजको ०७५/७६ मा हाम्रो वास्तवमा १७४ बुँदा रैछ, पेज नं. ३१ रैछ तर हामीले के गर्‍यौं भने त्यलाई घटायौं १८.१, १८.२ भनेर घटाएका रैछौं उति नै रैछ, त्यति भन्दा पनि के बिग्रिनेवाला थिएन । त्यसपछि पहिलाको चाहिँ १७० रैछ ०७५/७६ को चाहिँ १७४ रैछ खास पेज ३१, ३२ र अहिलेको ०७६, ०७७/७८ को चाहिँ अहिले चाहिँ

७० को छ । अब त्यसरी कसैले धेरै पेजमा धेरै बुँदामा ल्यायो भन्ने कुराहरू पनि थिएन । त्यसरी प्वाइन्टवाइज गरेर गर्नुपर्ने आवश्यकता पनि थिएन त्यो कुरामा चाहिँ यसैबाट सुरुवात के हुन्छ भने सदनलाई गुम्राहमा राख्ने जस्तो । सभामुख महोदय १ नम्बर, म १ नम्बरबाट नै जान चाहन्छु किनकि सभामुख महोदयको रुलिङ्ग छ यसैमा चाहिँ केन्द्रित रहेर गर्ने । यसमा लेखिएको छ सभामुख महोदय, सार्वभौम सत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष जनयुद्ध र विभिन्न समयका आन्दोलनहरूबाट प्राप्त भनेर कुरा लेखिएको छ । कमसेकम पहिला पहिला गत आर्थिक वर्षमा पनि जनयुद्ध भन्ने शब्दको मैले विरोध गरेको थिएँ र त्यो बेला जनआन्दोलन भन्ने शब्दसम्म लेखिएको थियो र अहिले विभिन्न समयका आन्दोलन भनेर राखियो । र केन्द्रीय सरकारले गर्दाखेरि के लेखेको रहेछ भने नेपालको सार्वभौम सत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीविकाका लागि भएका विभिन्न आन्दोलनहरूमा ज्यान गुमाउनेहरूलाई श्रद्धाञ्जली । विभिन्न, अब यो जनयुद्ध भन्ने शब्द उहाँहरूले छोड्न सक्नुहुन्न । भन्न पाइन्छ जत्ति पनि भन्नुस् तर संविधानमा यहाँहरूलाई थाहा छ, पहिलो संविधान सभामा भएका माननीयज्यूहरू पनि यहाँ हुनुहुन्छ र दोस्रोमा भएका पनि हुनुहुन्छ । आठ वर्ष लाग्नको लागि एउटा यो शब्द पनि थियो जुन चाहिँ जनयुद्ध होइन सशस्त्र संघर्ष हो भनेर चाहिँ गरेर लेखेको कुरा किनकि यो आधिकारिक संस्था हो । बाहिर भन्न पाइन्छ हामी पनि भन्छौं जनयुद्ध भएको भन्छौं तर आधिकारिक संस्थामा यो कुरा लेख्न पाईंदैन सभामुख महोदय कि अब म एउटा कुरा आग्रह गर्न चाहन्छु यति मात्र होइन सभामुख महोदय, सम्बन्धित सरकार जो सरकारमा छ जो सरकारको पार्टी छ त्यो पार्टीले समेत पनि आफ्ना पार्टीका कार्यक्रमहरूमा जनयुद्ध भन्ने शब्द नराखेर सशस्त्र संघर्ष राखिसकेको हुनाले यो चाहिँ सुरुवात गरियोस् भनेर चाहिँ म भन्न चाहन्छु सभामुख महोदय, यो कुरा हामीले किनभने यो सरकारी दस्तावेज अस्ति हुन त यो हामीले भन्नुपर्ने हो यो सरकार अहिले कम्युनिष्टको एकतन्त्रीय शासन व्यवस्था होइन । यो हिजो भन्ने गरेको खसीको टाउको राखेर के को मासु बेच्ने भने जस्तै मानिएको अवस्थामा त्यही अवस्थामा चाहिँ त्यसका विरुद्धमा आको होइन सम्झौताको ड-डकुमेन्ट भएको हुनाले त्यो चाहिँ म आग्रह गर्न चाहन्छु किनकि अब सरकारले पनि केन्द्रीय सरकार संघीय सरकारले पनि नगरेका शब्दहरू चाहिँ यसरी राख्न मिलेन सभामुख महोदय । त्यसपछि ५ मा आरटी पिसिआरलगायतका मेसिनबाट ठूलो संख्यामा परीक्षण निरन्तर गरिएको छ भनेर भन्नु भको छ । सायद निरन्तर भएकै कारणले यति चाहिँ पत्ता लागेको होला । र पहिला हामीले निरन्तर गरेका हुनाले यहाँ केही पनि छैन भन्ने कुरो थियो । अब उपकरणहरूको उचित व्यवस्था छ भन्ने कुरो छ, ती कुन-कुन ठाउँमा छन् थाह छैन ? मैले अघि पनि भने सभामुख महोदय, त्यो भैदिएको भए उचित व्यवस्था भएको भए फेरि नेपालगञ्जमा चाहिँ हामीले जानुपर्थ्यो होला भन्ने मलाई लाग्दैन । अनि सभामुख महोदय, समस्या परेका नागरिकको सुरक्षा तथा उद्धार गर्नु सरकारको एक प्रमुख दायित्व हो । असाध्यै राम्रो कुरा भनिएको छ दायित्व हो तर कत्तिको उद्धार भयो त्यो उद्धार गर्दाखेरि राज्यको कोषबाट दिएर मैले गरेको भन्ने प्रचार मात्र

भयो अथवा उद्धार भयो । आज सरमलाग्दो अवस्था छ सभामुख महोदय, यो सुपाकुनामा प्रत्येक व्यक्तिहरू एउटा चाउचाउको पोको र एउटा बोतल लिएर जाने किनकि सरकारले व्यवस्थापन गर्न नसकेको र जनताहरू भोकभोकै प्यासले मर्न लागेको भन्ने कुराहरू आयो सभामुख महोदय । म्यागी भन्ने एउटा महिला जो चाहिँ यो सीएनएन हिरो पनि हुन् उनले पुरस्कार पाएकी थिइन्, तिनी समेत त्यहाँ धर्नामा बसिन् । यतिसम्मको व्यवस्था अथवा सरकारले कसैले केही दिन चाहन्छ भने हामीले अरुसँग पनि सहकार्य गर्नुपर्छ, केही दिन चाहन्छ भने सरकारमार्फत दियोस् त्यो-त्यो अनुसार वितरण गरौं भन्नु पर्छ कि पर्दैन ? किनभने सरकारमा केही क्षमतै छैन अनि मान्छेहरू फोटो खिचेर के गरिरहेका छन् । अब यसले चाहिँ कति समस्या परेका नागरिक, नागरिकको सुरक्षा सुरक्षा गऱ्यो र भोकमरीबाट उनीहरूलाई मुक्त गऱ्यो सभामुख महोदय । ८. मा आर्थिक, सामाजिक र पूर्वाधार सूचक उल्लेखनीय प्रगति भएका छन् । म त एकछिन धन्नै चाहिँ झसङ्ग उसबाट खसेजस्तै भएँ सभामुख महोदय छाँगाबाट । कर्णाली प्रदेशका सबै संयन्त्रहरू क्रियाशील छन्, प्रत्येक प्रदेश सरकार गठन भएको छोटो समयमा छोटो समयमा पनि हाम्रो अथक प्रयासबाट आर्थिक, सामाजिक र पूर्वाधारका सूचकहरूमा उल्लेखनीय प्रगति भएको छ । काँको चाहिँ भयो छ ? सभामुख महोदय, म यो चाहिँ नीति तथा कार्यक्रम ल्याउने सरकारलाई भन्न चाहन्छु, यहीं अगाडीको बाटो बन्यो कि ? त्यहाँको नाली बन्यो कि ? चिङ्गाडको खानेपानी आयो कि ? भेरीको चाहिँ पम्पिङ्ग आयो कि ? लोहोरे खोलाको पानी माथि दुल्लू पुग्यो कि ? अथक प्रयास त भयो होला । क्वाटर रंगिए होलान्, क्वाटर सरे होलान् त्यो भन्दा अरु के भएको छ ? यी राख्नु पर्ने अवस्था केही अहिलेको अवस्थामा छँदै थिएन सभामुख महोदय । यो खालले चाहिँ फेरि उता गऱ्यो राम्रो गरेजस्तो गरेर फेरि चाहिँ यो उसमा आउदाखेरि चाहिँ त्यही नै ढंगले आको छ सभामुख महोदय । अनि अर्को ११. मा भनिएको छ प्रहरी इकाइहरूको भौतिक पूर्वाधारका साथै स्रोत-साधन सम्पन्न गरियो । कुन चाहिँ प्रहरीको गरिएको हो ? सभामुख महोदय । इकाइ पनि बन्यो, अहिलेसम्म हाम्रो प्रहरी चाहिँ तयार भएको छैन, मन्त्री आफै भन्छन् विनासेनाको सेनापति भनेर तिनको लागि कहाँबाट आयो ? र मैले सुन्नमा आको प्रहरीहरूको इकाइ भवनको लागि हामीले त व्यवस्था गऱ्यौं टेण्डर गर्न लगायौं अहिले भुक्तानी दिएका छैनौं । भौतिक पूर्वाधार कहाँबाट ? अनि स्रोतसाधन कहाँबाट आयो ? यी कुराहरू कसरी आए ? भन्ने कुराहरूलाई चाहिँ पनि यो नीति तथा कार्यक्रममा आएका छन् सभामुख महोदय । नागरिक र सरकारकाबीच जीवन सम्बन्ध स्थापित गर्न जनताका दु:खसुखका कुरा सुन्न हाम्मा कुरा हाम्मा मुख्यमन्त्री कार्यक्रम सञ्चालनमा रहेको छ, त्यो रहेको छ तर मैले पनि एकदुई पटक हेरें, त्यहाँ त जनताका कुरा हाम्मा कुरा सुनिएका थिएनन् कि मन्त मुख्यमन्त्रीका कुरा मात्रै सुन्निया थिए त । भन्दै जाइने ओत्नेले नओत्ने अब आफ्नै कुडा त ओत्नु पऱ्यो त ओत्नेले नहओत्ने भन्नेले भन्दै जाने केही पनि नहुने । त्यो हाम्मा कुडा हाम्मा मुख्यमन्त्रीको चाहिँ अर्थ कतिसम्म रहन्छ भन्ने चाहिँ मैले भन्न खोजेको हुँ सभामुख महोदय । विकास गतिले विकासको गतिविधिले गति लिने र नतिजा देखाउने समयमा कोभिड-१९ को

प्रभावका कारण सार्वजनिक जीवन अवरुद्ध हुन पुगी सरकारका विकास प्रयासहरू गतिरोध उत्पन्न भको छ । गतिरोध जरुर उत्पन्न भएको छ तर विकासको गति लिएको थिए कि थिएन ? चैत्र ११ गतेबाट चाहिँ लकडाउन भयो, त्यो भन्दा अगाडी को आएको चैत मसान्तसम्म पूँजीगत खर्च सरकारको 9.62 मात्रै छ, चैत मसान्तसम्म । अब बैशाख जेठमा यी दुई महिना र असारको आधा महिनासम्म गति लिने थियो त ? कमसेकम लेख्दाखेरि केही हामी कमजोर भएको अवस्थामा पनि यस्तो ल्याएर झनै गर्न सकेन भने मान्छेको चित्त बुझ्ने कुरा त हुन्थे नि सभामुख महोदय । र यो चाहिँ एकदम फूलबुट्टा भरेर हुँदै नभएका कुराहरूलाई गर्नु त्यति राम्रो कुरा चाहिँ हो भन्ने लाग्दैन । १४.२ मै सामुदायिक अस्ति पनि कुरा आएको थियो यहाँ सदनमा पनि कुरा उठेको छ सभामुख महोदय, सामुदायिक भनेको के हो ? जनस्तरसम्म पुऱ्याउन तथा समन्यायिक बनाउन निजी, सहकारी तथा सामुदायिक क्षेत्रसँग साझेदारीको नीति लिइनेछ । त्यसो हो भने निजीलाई पनि हटाइदिऔं, सहकारीलाई पनि हटाइदिऔं सामुदा, समुदाय भने भने त्यो बस्तीमा जाने होला । यी कुराहरूले चाहिँ सहका अब अहिले निजी-निजीकाहरू के भइरहेका छन् ? सायद सरकारकोमा आइरहेको छ, निजीले कुनै राहत त पाएको छैन । राहत दिन त हामीले सकेका छैनौं नि । त्यो शब्दप्रति पनि मेरो आपत्ति छ सभामुख महोदय । प्रदेश बाहिर र एउटा नबुझेको यो १७.1 मा के भनिएको छ भने प्रदेश बाहिरबाट आएकालाई क्वारेन्टिनमा स्थानीयले राख्नुपर्ने, खाना खुवाउनुपर्ने, निर्वाह भत्ता चाहिँ प्रदेशले दिने भन्यो । अब खाना पनि उनैले खुवाउनु पर्ने भो, क्वारेन्टिन पनि उनैले बनाउनुपर्ने भो । अनि निर्वाह भत्ता भनेको कि त के हो भने जीवनभरि केही दिने भत्तालाई निर्वाह भत्ता भनिने होला, हैन । अहिले के कि त के भन्नु पर्थ्यो भने बाहिरबाट आउनेहरूको लागि हामी किनभने यो, यो माननीयज्यूले हेर्नुभएको होला, नीति तथा कार्यक्रम अहिलेकोमा साझेदारी गर्ने, संघीयसँग साझेदारी गर्ने, स्थानीयसँग साझेदारी गर्ने उनीहरूसँग सहकार्य गर्ने भनेको छ । कि त के भन्नु पऱ्यो भने क्वारेन्टिन चाहिँ उनीहरूले बनाउनुपर्ने, प्रदेश सरकारले खाना खुवाउनेछ भन्नु पर्ने । खाना उनैले खुवाउनुपर्ने, क्वारेन्टिनमा उनैले बसाल्नुपर्ने, निर्वाह भत्ता चाहिँ यो यो नबुझेको कुरा चाहिँ क्लियर हो यस्तो कुरा चाहिँ गोलमटोल चाहिँ यसरी चाहिँ आउनु उपयुक्त हुँदैन सभामुख महोदय । त्यसरी नै सत्र दर क्या गजब-गजबका कुराहरू आएका छन् यो पटक कुरा त असाध्यै राम्रा छन् आँखामा हालेर नबिझाउने भन्ने जस्तै । १७.१४ मा के कुरा भने सबै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्शसहितका सचेतनामूलक कार्यक्रम सञ्चालनका साथै घरेलु उपचार विधिबाट रोग प्रति प्रतिरोधी क्षमता बढाउने कार्यलाई प्रोत्साहन, यो घरेलु उपचार विधि भनेको के हो ? यो आयुर्वेदिक कुरा भन्या हो कि त्यो त्यसको विधि चाहिँ हाम्रो सरकारले कार्यविधि बनाएको छ कि ? यो यो कुरामा चाहिँ क्लियर हुनु चाहिँ जरुरी छ भन्ने मलाई लाग्छ सभामुख महोदय । अनि यो १८.१ मा भनिएको छ । प्रदेश अस्पताल विशिष्टीकृत, जिल्ला अस्पताल विशेष सेवा, अनि त्यसपछि के भन्छ भने अर्को वैकल्पिक चिकित्सा विकास अझ, यो भन्या के हो ? विशिष्टकरण भन्नाले के-के सुविधा भयो भने त्यो

विशिष्टीकरणकृत हुन्छ । अस्पताललाई विशेष सेवा प्रवाह गर्ने अस्पतालको रूपमा लियो भने के-के विशेष सेवाहरू ? अब यस्तो खालको कुराहरू चाहिँ यहाँ देखिएको छ र अनि अर्को भनिन्छ कि वैकल्पिक चिकित्सा पद्धतिको टेलिमेडिसिन्समा गर्ने भनिएकै छ १८.२ मा चाहिँ दूर स्वास्थ्य गर्ने सेवाको अतिरिक्त अब अरु कुरा यावत् कुराहरू गर्दै जाने त्यसपछि टेलिमेडिसन पनि गर्ने र त्यो सेवाको अतिरिक्त पनि वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ । के सरकारका डक्टरहरूले गर्ने हो यो वैकल्पिक भन्या के हो ? त्यसमा चाहिँ त्यो पनि एकदम गोलमटोल तरिकाले ल्याइएको छ । अब हामीले सबैले सहयोग स्वीकारेको कुरा मुख्यमन्त्री रोजगार कार्यक्रम त छ नि यो आवश्यक छ गरेको कुरा राम्रो होला त्यो कति वस्तुनिष्टले अगाडी बढ्यो या बढेन त्यो आफ्नो ठाउँमा छँदैछ । अब भएन भने फेरि अर्को राखौंला । मुख्यमन्त्री युवा उद्यमी अभियान, मुख्यमन्त्री युवा उद्यमी अभियान ल्याउने हो भने तरुणा केरे युवालाई ल्याएपछि अधवैंशेलाई किन नल्याउने ? बुढालाई पो किन नल्याउने ? महिला पो किन नल्याउने ? जनजाति पो किन नल्याउने ? यी शब्दैपिच्छे त्यसै गरिरहनु पर्ने आवश्यकता हो सभामुख महोदय । यो एउटा युवा स्वरोजगारले कत्रो बबाण्डर गरेको छ । त्यसैमा रोजगारीमा गर्ने त्यही मुख्यमन्त्री रोजगारमा चाहिँ युवाहरूलाई चाहिँ उद्यमी बनाए भो । नबनाउनु त भन्या छैन, झार काटेर फाल्नु त कसले भन्या छ र ? अरुलाई गरे भए नि । यी खालका चाहिँ उत्व केरे उद्यमशील बनाई उत्पादनशील क्षेत्रमा परिचालन गरिनेछ । अनि यो मुख्यमन्त्री रोजगारबाट चाहिँ बनाउन सकिदैन ? यसमा पनि हामीहरूको आपत्ति छ । अनि अर्को एउटा गजब छ सभामुख महोदय, पोहोर साल पनि यो कुरा निस्केको हो, त्यति साह्रै हामीले जोड दिएर भनेनौं ठीकै छ त्यति सार यो जोडतोडले आएको हुनाले हामीले पनि जोडतोडले राख्न चाहयौं सभामुख महोदय, श्रम अभियान, श्रम सहकारी, श्रम कार्यदल र श्रम स्वयम्सेवक परिचालन गरी श्रममूलक विकास निर्माण कार्यहरू सञ्चालन गरिनेछन् । के भनेको यो, श्रम सहकारी भनेको के हो ? तीन खम्बे नीतिको कुरा र प्राइभेट, सहकारी, सरकारी भन्ने त सुन्याछौं, श्रम सहकारी कुन ऐनको कुन दफाले दिएको हो ? सभामुख महोदय । आज छ यो कुरो छ आज मैले भन्नुपर्ने हुन्छ श्रम सहकारी र हस्पिटल बनायो, जनताले गरे भने प्रदेशले पैसा दिने अनि श्रम सहकारीबाट भयो भनेर चाहिँ त्यसको प्रचार गर्दै हिने सभामुख महोदय यसमा त के भयो भने कता-कता पहिला पहिला क्यान्टनमेन्टमा हुन्छ भन्ने कुरो सुन्या थिएँ, त्यस्तै त्यस्तै त होइन ? श्रम अरुलाई गराउने सहकारी आफूले गर्ने कलाई कलाई मिलाउन पर्ने यसको म चाहिँ घोर आपत्ती जनाउन चाहन्छु । यी यी कुराहरू चाहिँ हटिनुपर्छ सभामुख महोदय । यो चाहिँ संविधानले, ऐनले दिएका कुराहरू गर्ने हुन्, श्रम सहकारी भनेर चाहिँ हामीले गर्न सक्ने कुरा चाहिँ यो हुन सक्दैन । यो कुराको लागि हाम्रो चाहिँ विशेष आपत्ति छ । खाद्य सुरक्षाका लागि श्रममूलक रोजगारी विशेष कार्यक्रम सञ्चालन गरिने अस्ति चाहिँ केरे आर्थिक मामिलाले खाद्यान्नका लागि काम गर्नपर्ने भया हुनाले यस्तोरी राख्या हौं भन्या छ त्यो अब त्यो हेर्दै जाउला सभामुख महोदय । त्यो चाहिँ अब हेर्ने कुरा छँदैछ । त्यो शब्दले नतर चाहिँ के हो भने कामको

लागि खाद्यान्नै हो । अब चाहिँ खाद्यान्न के का लागि दिनपर्ने हो भने सिंचाइ बनाउने पनि काम हो, त्यसका लागि खाद्यान्न किन, किन पैसा नदिने भन्दाखेरि अहिले भोकमरी छ, भोकमरीमा चाहिँ अहिले नै खाद्यान्नको व्यवस्था गर्नुपर्ने भन्ने कुरोलाई चाहिँ जानुपर्ने कुराहरू हुन् सभामुख महोदय । अनि अर्को कुरो गजब छ हुन त अब हाम्रा सबै मन्त्रीज्यूहरू बम्बईको सहरमा दिल्लीको सहरमा जन्मिनुभएको हुनाले त्यो भएको हुन सक्छ कि २०.१५ मा के भनिन्छ भने एक स्थानीय तह एक विशेष उत्पादन ठीक छ, र एक सामुदायिक बीउ बैंक त्यो पनि ठीकै मानौं र एक वडा एक पोखरी, एक वडा एक पोखरी वा जलाशय र एक जिल्ला एक स्रोतकेन्द्र विकास गरिने, एक जिल्ला एक स्रोतकेन्द्र । एक वडा एक पोखरीले गर्छ के ? एउटा वडा हिजोको एउटा गाविस एउटा वडा छ अहिले । हिजोको एउटा गाविस एउटा वडा छ, त्यो एउटा वडामा कति वटा गाउँ छन् ? अनि एउटा पोखरीले ती के गर्ने रैछ, ती के के माछा मार्ने हो कि त्यो वडाले के गर्ने हो ? अनि जलाशायको अर्थ के हो ? जलाशाय भनेको के हो ? त्यसको लेन्थ कति हुन्छ ? त्यसको वीड्थ कति हुन्छ ? त्यो के पोखरीलाई भ्यागुत्ता उफ्रनेलाई जलाशय भन्ने हो कि ? जत्ति शब्दहरूको पनि चयन गरेर राख्ने र यो त्यहीका त्यसैका नाममा भोलि चाहिँ पैसा चाहिँ हिनामिना हुने कुराको सुरुवात होउन् भन्ने कुरा चाहिँ मैले भन्न हिच्किचाइन सभामुख महोदय । अर्को २४.२ मा भन्याछ लर्न एण्ड अर्न, लर्न एण्ड अर्न अरे के लर्न गर्ने हुन् । स्थानीय तहको सहकार्यमा विद्यालय शिक्षादेखि ज्ञानसहितको स्वआर्जन लर्न एण्ड अर्न गर्ने जीवनउपयोगी शिक्षाको विकास गरिनेछ । कि त भोकेसनल स्कूलहरू बनाउनेछौं भन्नुपऱ्यो सरकारले, भोकेसनल स्कूलहरूमा जो जो भोकेशनल्ली कामहरू हुन्छन् । त्यो भोकेसनल स्कूलमा पढ्ने विद्यार्थीहरूले पढेवापत् को पैसा दिइनेछ हैन, दे वील लर्न दे वील अर्न, भन्नुपऱ्यो । होइन आफ्नो किताब चाहिँ लर्न गर्न त कति गाह्रो छ कहाँबाट के को अर्न गर्ने हुन् । यो पनि फेरि लर्न एण्ड अर्न यो यसको पनि हामी यसको विरोध गर्न चाहन्छौं मिलेन । २४.६ मा पर्वतीय विज्ञान तथा प्रविधि विश्वविश्वविद्यालय पोहोर साल पनि थियो सभामुख महोदय, गुणात्मक र स्तरीय प्राविधिक जनशक्ति उत्पादनको लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापना गर्ने कार्य निरन्तरता दिइनेछ, निरन्तरता दिइनेछ । एउटा पहिलाको बजेटले निरन्तरता दिएको छ । केही पनि आउटकम निस्केको छैन । अहिले पनि त्यो फेरि त्यसमा किन प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन, अनुसन्धान र शैक्षिक पर्यटकीय केन्द्रको रूपमा विकास गरिनेछ । आज भएका एउटा स्कूललाई हामीले चाहिँ यस मेनेज गर्न सकेका छैनौं, नामै नै राख्ने भएपछि त जे पनि राखे भयो । यी यी कुराहरू पनि अहिलेको अवस्था पनि फेरि त्यही-त्यही कुरा यहाँ आएको देखिन्छ सभामुख महोदय । अनि यो अर्को यो एउटा गजब छ सभामुख महोदय, हिजोका मान्छेले पनि सोचेका २५.१ मा भूगोल र विद्यार्थी सङ्ख्याको आधारमा स्थानीय तहसँगको साझेदारीमा विद्यालय समायोजन तथा एकीकरण गर्न प्रोत्साहित गरिनेछ । हाम्रो भूगोल यस्तो छ कि अहिले जबसम्म भूगोलमा हरेक गाउँ-गाउँमा बाटो नजोडिदासम्म त्यहाँ भएका कि त हामीले आवासीय विद्यालयहरू बनाएर राम्रोसँग व्यवस्थित गर्नुपऱ्यो, होइन

भने त्यसै समायोजन गरेर ४ जना भए पनि राज्यले शिक्षा दिन त राज्यको नीतिको कुरा हो नि । अहिले आएर तिनीहरूलाई चाहिँ समायोजन गरेर चाहिँ फेरि दुःख दिने चाहिँ कुराहरू हुन सक्दैन । अब यो सामाजिक सामुदायिक क्याम्पसका त अब कुरै लेखेका छन् । यसको त कुनै कहानी गरेर कुनै उसको नै छैन सभामुख महोदय । यो यो कति गर्न सक्ने हुन् थाहा छैन । समायोजन त भनिहाले अब यो, यो यसको विषयमा मैले न, हिजो नबुझेको कुरा मैले बुझें मलाई यो त होला जस्तो लाग्दैनथ्यो । यो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश अस्पतालको साझेदारीमा चिकित्सा शास्त्रमा स्नातक र स्नातकोत्तर स्थापना अध्यापन गर्ने कुराहरूमा मैले एकजना मन्त्रीज्यूलाई पनि सोधेँ, यो हुन्छ हामीले एमओयू गरेपछि भन्नु भो । स्नातकोत्तर भनेको एमडी होला मैले बुझेको त्यहाँ चिकित्सा शास्त्रमा, स्नातक भने भने एमबीबीएस होला । यो कुराले यो दुइटाको सहमतिले फ्याट्टै हुने हो होइन । त्यो किन राखियो त्यो थाह भएन । तर मैले हिजो यसो बुझ्दाखेरि यो हुन्छ नै भन्ने कुरो चाहिँ मन्त्रीज्यूले सुन्ने मन्त्रीज्यूले मुसुमुसु हाँस्ने भया होला । मझौला तथा ठूला उद्योग स्थापना प्रोत्साहन गर्न सडक र विद्युत पहुँचका लागि पूर्वाधार विकास गरिनेछ । अब कुन कुन पूर्वाधार विकास हुने हुन् ? अहिलेको यो अवस्थामा । अनि अर्को एउटा कुरो चाहिँ चाखलाग्दो कुरो चाहिँ छ सभामुख महोदय, २८.१ मा के भनिएको छ भने राउटे लगायतका लोपोन्मुख तथा अल्पसंख्यक सीमान्तकृत वर्गको संरक्षण र सुरक्षाका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । अब यसको अर्थचाहिँ मैले के बुझें भने लोपोन्मुख भएकाहरूलाई जगाइराख्ने हो नि । राउटेलाई हराउन दिनु हुँदैन, राउटेलाई घरबार गर्न दिनुहुँदैन, राउटेलाई चाहिँ बस्तीमा ल्याउनुहुँदैन भन्ने हो नि लोपोन्मुख । उनको राउटे भने भने फिरन्ते जीवन हो, २ महिना एक ठाउँमा बस्यो अर्को ठाउँमा जाने हैं, कोसी बनाउने, बेच्ने त्यही परम्पराको शिक्षालाई बचाइरहने कुरोको लागि लोपोन्मुखलाई संरक्षण गर्ने भनेको होला तर फेरि उहाँहरू आफै के भन्नुहुन्छ भने ३४ मा गएर के भन्नुहुन्छ भने दलित, राउटे, विपन्नलाई सामाजिक रुपान्तरण गर्ने भन्नुहुन्छ । एकातिर चाहिँ सामाजिक रुपान्तरण गर्ने भन्नुहुन्छ, अर्कातिर चाहिँ लोपोन्मुखहरूलाई चाहिँ जगाइराख्ने भन्नुहुन्छ यो आफै आपसमा नै जुझिने कुराहरू चाहिँ गर्नुहुँदैन भन्ने मलाई लाग्छ सभामुख महोदय । अब यो जनयुद्ध, जनयुद्ध त जतातत‍ै जनयुद्धले नै गर्दाखेरि यो सबै यहाँ आएकै छ, यो अर्को ठाउँमा पनि आइरहेकै छ सभामुख महोदय । यो पब्लिक कम्पनीको चाहिँ मोह चाहिँ देखेर पनि अचम्म लाग्छ । के हो यो पब्लिक कम्पनी ? कहिल कहिले के कम्पनी भन्ने कहिल कहिल के कम्पनी भन्ने सरकारको कम्पनी त केही गर्न सक्या छैन । पब्लिक कम्पनी हुने भए सरकारी कम्पनी किन चाहियो यहाँ ? सरकार किन चाहियो ? अहिलेको अवस्थामा यी कुराहरू ल्याउनुपर्ने आवश्यकता पनि किन रह्यो ? अनि अर्को चाहिँ सभामुख महोदय, हैंअ यो हाँसो लाग्ने यत्रो बुद्धिजिवीहरू हुनुहुन्छ, सुर्खेत-हिल्सा रणनीतिक तथा पर्यटकीय महत्त्वको सुर्खेत-हिल्सा सडक खण्डको विकास र स्तरोन्नतिको लागि स्वदेशी र विदेशी दुवैको स्रोतको परिचालन गर्न संघीय सरकारसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ । कहिले गर्ने हो ? स्वदेशी त भएन भएन,

विदेशी त गरेकै थियो, विदेशी ल्याएर आफ्नै डिपिआर जुन बनाएको छ त्यो डिपिआरलाई बीचमा तोडमोड गर्न खोजिएको छ । त्यो तोडमोड गरेको डिपिआरलाई यो हैन है हामीले विदेशीहरू ल्याएर चाहिँ यो डिपिआर योजना बनाइसक्याछौं । डिपिआर पनि यलाई नभनौं म त के भन्छु भने एफडिआर । एफडिआर भनेको यो डिएफडिआर - डिटेल फिजिविलिटी स्टडी रिपोर्ट । डिटेल फिजिविलिटी स्टडी रिपोर्ट हामीले गरिसक्यौं भनेर यो सरकारले एक शब्द बोलेको छैन । तपाईँहरूलाई थाहा छ हुम्लामा सरकारले भन्छ कि यले बनाको बाटोलाई तोडमोड गर्न खोजिएको त्यो होइन हामीले त विदेशबाट ल्याएर बनाएका हौं भन्ने बोल्न सक्दैन अब त्यो बाटो कसरी बनाउँछ ? एक सिन्को यति गरेर त्यो फिजिविलिटी डिटेल स्टेड बाहेक एउटा केही भएको छैन । अब यस्ता कुरा राखेर राख्नुको कुनै अर्थ छैन । र त्यसैमा फेरि अर्को जोडिएको छ अर्को के जोड्छन् भने विश्व प्रसिद्ध धार्मिक स्थल मानसुरुङ जाने पहुँच मार्ग बनाउने यो कहाँबाट बन्ने हो फेरि, त्यो पहुँच मार्ग कहाँबाट हो भन्नुपर्‍यो नि, कि त लिभीबाट हो कि चौखलाबाट हो कि, कि नाक्चेबाट हो, कि मुरिङ्लाबाट हो । त्यो शब्द राखिदियाछ रणनीतिक महत्त्वको त्यो बनाउने भनेर राखेको छ अनि फेरि आएको छ सभामुख महोदय, फेरि आयो, फेरि आयो, फेरि आयो नि त । खुला कारागार बनाउने, बन्दी कारागारमा हालखबर त यस्तो छ खुला कारागार बनाएर राख्ने कहाँ हो सभामुख महोदय । यो एउटा एकदम चाहिँ शिक्षित ठाउँमा जहाँ साँच्चै डिजिटाइज भएको छ, जुन मान्छे एक ठाउँबाट पनि अर्को ठाउँमा मुभ हुन्छ त्यसको मुभ हुन वित्तिकै रेकर्डिङ्ग हुन्छ, त्यस्तो ठाउँमा राख्न सकिने होला नि त यी त खुला कारागार भन्या । यहीं भएका त दुलो खोपेर बाहिर भागिरहेको अवस्थामा खुला कारागार बनाउन सकिन्छ ? इहि यी कुराहरू यस्ता यस्ता कुराहरू किन आउँछन् ? कसरी आउँछन् ? कोले भन्छ ? हाइटेक टेक, हाइटेक । कति मिठो, टेक हाइटेक । हाइटेक नर्सरी प्रविधि अवलम्बन गरी कृषि वन र वन नर्सरीमा बहुमूल्य प्रजाति । पोहोरसालका हाइटेक कहाँ गए ? पोहोरसालका हाइटेकहरू जुन हाइटेकमा जुन ठाउँमा दिइएका थिए, जुन ठाउँमा भनियो यो हाइटेकमा पैसा पुग्दैन तिमीले राम्रो गर भनेर ती हाइटेक आजसम्म बन्न सकेन भने फेरि कहाँको हाइटेक हो ? अब यो हाइटेक नर्सरी हैन हाइटेक सुजको व्यवस्था गरिनेछ भन्नु पर्‍यो । मन्त्रीहरू किनभने धेरै भ्रमणमा जाने भएको हुनाले हिमालैहिमाल पहाडैपहाड भएको हुनाले हाइटेक नर्सरी बनाउन नसकिएको हुनाले अब हाइटेक जुत्ताको चाहिँ व्यवस्था गरिनेछ भनेर यो नीति तथा कार्यक्रममा ल्याउँदाखेरि राम्रो होला भन्ने मलाई लागेको छ सभामुख महोदय । मेरो कुराहरू करिब-करिब, करिब-करिब अन्त-अन्ततिर गएको छ । ऐतिहासिक, पुरातात्विक एवम् सँस्कृतिक स्थलको खोज विकास गर्दै विभिन्न जाति, वर्ग, क्षेत्र, समुदायको परम्परालाई सँस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिनेछ भनेर लेख्याछ । पोहोरसाल कसैका सँस्कृतिमा गुम्बा बनाउने थियो गुम्बा गुम्बा पनि हटाइयो, कसैका सँस्कृति मन्दिर बनाउनु थियो त्यो पनि हटाइयो । कसैका सँस्कृति चर्च थियो होला त्यो पनि हटाइयो । अनि यी कुरा किन राखिरा अहिले ? अहिले राखिराख्ने कुनै आवश्यकता छैन सभामुख महोदय ।

अब हाम्मा कुडा अघि त कुडा भैगिया, हाम्मा कुडा फेरि आएर यहाँ के भनिएको छ भने सभामुख महोदय, ५८.१ मा प्रदेश सरकारबाट सञ्चालित विभिन्न आयोजना तथा सरकारका क्रियाकलापप्रति आमनागरिकको गुनासो तथा धारणा सम्बोधन हुने गरी प्रदेश सरकारसँग प्रत्येक्ष रूपमा आफ्नो कुरा राख्न हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी, अघिको त्यसको अर्थ उहाँ आफैले भन्नुभएको छ, पहिलाको प्रभावकारी भएन अब थप अर्को दफा राखेर थप प्रभावकारी गर्ने हो ? के-के भए भने थप प्रभावकरी हुने भयो, एउटा ठाउँमा राखे पुग्नेमा सभामुख महोदय, अब फेरि थप प्रभावकारी बनाउने भनेर यसरी राखिएको छ । प्रदेश सरकारबाट सञ्चालित, प्रदेश सरकारबाट सञ्चालित रु. पाँच करोडभन्दा माथिका कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रभावकारीता अभिवृद्धि गर्न उच्चस्तरीय अनुगमन तथा सहजीकरण संयन्त्र बनाइनेछ । पाँच करोडका लागि माथिलाई चाहिँ सहजीकरण गर्नुपर्ने भयो, उच्चस्तरको अनुगमन पनि बनाउनु पर्ने भयो । पाँच भन्दा तलका चाहिँ बाँडेर खाने हो भनेको हो । प्रदेश सरकारबाट सञ्चालित सञ्चालित हुने मा हुने कार्यक्रम आयोजनाको कार्यान्वयन प्रभावकारी अभिवृद्धि गर्न उच्च-स उच्चस्तरीय अनुगमन तथा सहजीकरण संयन्त्र बनाइनेछ भन्न मिल्दैन ? पाँच करोडभन्दा माथिलाई चाहिँ हेर्नुपर्ने भयो, पाँच करोडभन्दा मुनि त खान्छन् नि भन्ने मनसाय जस्तो यो देखिन्छ । यले राम्रो गरेन सभामुख महोदय । प्रदेश समन्वय परिषद्को व्यवस्थापन तथा निर्णयको प्रभावकारी कार्यान्यनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थानीय तह सम्पर्क इकाइ सञ्चालन ल्याइनेछ । अस्ति चाहिँ भार पर्ने अरू अरू बनाइने छैन, भार पर्नको लागि कर्मचारीहरू चाहिँ ल्याइने छैन भनेर सरकार भन्दै थियो । अब यो इकाइ गठन गर्ने भनेका भार पर्ने नै होला । यो खालले जुन चाहिँ फेरि पनि यो नीति कार्यक्रम चाहिँ जुन एउटा अस्ति अहिले ललीपप भनौं न त्यो गरेकोलाई म म यसबाट म अझ पनि भन्न चाहन्छु जुन प्रिबजेटको चाहिँ मनसायले आएको थियो यो फेरि परम्परावादी गएर अनि त्यही कुरो घुमाउरोपनाले गएको हुनाले यो नीति तथा कार्यक्रमलाई चाहिँ यी भनेका बुँदाहरूमा त पटक्कै पनि सहमति जनाउन सकिएन र त्यसमा पनि थोरैबाहेक अरुलाई सँग सहमति जनाउने कुराहरू रहन सकेन सभामुख महोदय, तिनीहरूलाई चाहिँ परिवर्तित गरियोस् भनेर सभामुखमार्फत् सरकारलाई म अनुरोध गर्न चाहन्छु र म विदा हुन्छु धन्यवाद । जय नेपाल।

**माननीय सभामुख:** अब माननीय श्री चन्द्रबहादुर शाही, त्यसपछि माननीय श्री अमृता शाही तयार रहनुहोला ।

**माननीय श्री चन्द्रबहादुर शाही:** सभामुख महोदय, प्रदेश प्रमुख माननीय गोविन्दप्रसाद कलौनीज्यूले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रम छलफलको लागि सम्मानित सदनमा बाचन गर्नुभएको छ र हामी यो छलफलमा जुटेका छौं र यो नीति तथा कार्यक्रम विषम परिस्थितिमा आएको छ र यो नीति तथा कार्यक्रमले रोजगारीदेखि पानीमा लगानीसम्म ठूला प्रोजेक्ट हाइड्रो पावरदेखि सार्वजनिक शौचालयसम्म

स्थानीय तहसँग साझेदारी गरी समृद्ध कर्णाली र सुखारी कर्णालीवासी गर्ने लक्ष्य लिएर यो नीति तथा कार्यक्रम आएको छ । यस कारण मैले यो नीति तथा कार्यक्रमको समर्थन सपोर्ट गर्दछु तर मेरा केही सुझावहरू छन्, सभामुख महोदय, हाम्रो गाउँघरमा उखान छ- सर्पले टोकेकी छौ र जेउडी देखे भ्याइअ, सर्पले टोकेकी छौ र जेउडी देखे भ्याइअ गत साल पनि गत आ.व.मा पनि कार्यक्रम नीति एकदम सुन्न राम्रो सम्मानित सदनमा पेश भएर हामीले छलफल गरेका थियौं । अन्तिम बजेट विनियोजित गरिरहँदा हाम्रो चित्त दु:ख्यो । समानुपातिक त्यो ढंगले वितरण हुन सकेन, हामीले विरोध जनाउनुपर्ने भयो, हामी धेरै सांसदहरूले सम्मानित सदनमा विरोधका स्वरहरू आए, बजेट आइसकेपछि त्यो बजेट मन्त्रीमुखी भयो, त्यो बजेट समानुपातिक ढंगले अब वितरण हुन सकेन, हामीले विरोधका स्वरहरू चढायौं । र त्यसो भाकोले मैले भन्न खोजेको कुरा के हो भने पानामा मात्रै यो लेखेर भएन त्यसको कार्यान्वयन पक्ष सुन्दर हुनुपर्‍यो भनेर म यहाँ राख्न चाहन्छु । सभामुख महोदय, यो नीति तथा कार्यक्रमले दुइटा कुरा समेटेर आएको छ- एउटा महामारी अर्को भोकमारी । महामारी र भोकमारीसँग लक्ष्यित भएर आएको छ तर अहिलेसम्म महामारीको अवस्था हेर्दाखेरि फितलो देखिएको छ । फितलो भएकै कारणले गर्दा आज एक हप्ता पनि भएको छैन १ सय ५० एक हप्ता पनि भएको छैन देखा परेको समथिङ्ग १ सय ५० पुग्दैछ । एक जनाको मृत्यु भइसक्यो म मृतक कर्णबहादुरप्रति श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । र यही सिलसिलामा सरकारले कहिले कर्णाली प्रदेश सिल भनेर भन्छ, कहिले कर्णाली प्रदेशकै मन्त्रीहरू आ-आफ्ना निर्वाचन क्षेत्रका अब मान्छे बोकेर अनि त्यसपछि अब, अब गाडीमा तछाडमछाड गरेर अब हाल्ने कुरामा अगाडी बढीरहेको अवस्था आउँछ । हामीले बाहिरबाट हेर्दाखेरि सिल भन्छन् त मन्त्री र माननीयहरूले त मान्छे अब तछाडमछाड गरेर पठाएको अवस्था अब देखिन्छ । त यसरी हामीले एकातिर बोलिरहेका छौं, अर्कोतिर त्यो बोलेको कुरालाई किन कार्यान्वय गरे गर्दैनौं ? अहिले हाम्रा कारणले, हाम्रा कारणले कर्णाली प्रदेश कोरोनाको सम्बन्धमा भयावह उठाउँदैछ । भयावह अवस्था यहाँ जुन अगाडी बढ्दैछ किनभने इण्डियाबाट आउने ती मान्छेलाई हामीले अलिकता मात्रै व्यवस्थित गरेको भए यो प्रदेशलाई सुरक्षित हामी राख्न सक्थियौं । दशैंको पिरियडमा इण्डियाका खसीबोकाहरू खाँदेजस्तै गरेर हालेर एउटा २५-३० वटा सीट भएको गाडीमा ५०-६० वटा १०० वटा जति मान्छे राखेर हामीले अहिलेसम्म पनि पठाइरहेका छौं । यताबाट पठाइसकेपछि न माथि हामीले कति जना पठायौं त्यो गाउँपालिकामा हामीले कीटको कति व्यवस्था गर्नुपर्ने हो ? अब कति दिन क्वारेन्टाइनमा उनीहरूलाई राखेर घर पठाउनुपर्ने हो ? कीट नभएर स्थानीय निकाय १४ दिनसम्म राख्छन्, उनीसँग के छ कस्तो छ कुनै मतलव नगरीकन अनि घर पठाउने अवस्था रहेको छ । त्यसो भएकोले क्वारेन्टाइनको पनि अब तल व्यवस्थाको त्यति राम्रो छैन । कीट छैन औषधिदेखि लिएर अरु राम्रो व्यवस्था तल नहुँदाखेरि यो भयावह अवस्था हामीले सिर्जना गरिरहेको अवस्था छ । अर्को कुरा यो भोकमारी तर अहिले जलवायु परिवर्तनले गर्दा किसान सुरक्षित छैनन् । किसानको मेहनत सुरक्षित छैन तर यो नीति तथा कार्यक्रम त्यो

जलवायुसँग सम्बन्धित भएर बोलेको अवस्था देखिदैन । र अर्को कुरा मैले अघि भने हामीले गतसाल अर्ग्यानिक प्रदेश भनेर ठूलो प्रचार गऱ्यौं तर अहिले फेरि यो नीति तथा कार्यक्रममा हामीले कीटनाशक मल बीउ हामीले भित्र्याउने छौं । गत साल त हामीले कीटनाशक मल बीउ कर्णाली भित्रिन नदिन जसरी अहिले हेल्थ डेस्क राखिएका छन् ठाउँठाउँमा त्यसरी कीटनाशक औषधि र बीउ भित्रिन कर्णाली प्रवेश नगराउनको लागि ठाउँठाउँमा ती डेस्कहरू राखिने भनेर (माननीयज्यू समय..) अहिले फेरि पनि त्यस्तो कुराहरू हामीले यहाँ गरेका छौं, सँगसँगै अहिले खाद्य भणडारणका कुराहरू ल्याएका छौं तर यो खाद्य भण्डारण गरिरहँदा बाहिरको चिजलाई मात्रै ल्याउने हैन, हामीले कमसेकम कर्णालीभित्र रहेका कोदो चीनो, कागुनी, फापर कैयौं गाउँमा अहिले पनि प्रशस्त मात्रामा उपलब्ध गर्न सकिन्छ । त्यो कुरामा हामीले ध्यान राखौं । अर्को कुरा यहाँ के रहेको छ भने (छोट्यायौं माननीय छोट्याऔं) फाँटा र जङ्गल भएको प्रदेश आत्मनिर्भर गर्न सकिने हो तर हामीले फाँटा र जङ्गल भएको प्रदेश मुलुकलाई हामीले आत्मनिर्भर बनाउन सकिरहेका छैनौं यो अब नीतिले पनि कमसेकम त्यो बोल्नुपर्थ्यो त्यो बोलेको छैन तर यलाई पनि सुधारेर जानु पर्छ भन्ने मलाई लागेको छ र अर्को अनि गत साल हामीले अनि यो पदमार्गहरू अहिले पनि गत सालका पदमार्गहरू अनि हामीले कार्यान्यिन गऱ्याछैनौं तिनलाई रोक्याछौं (छोट्याऔं छोट्याऔं माननीय) तर अहिले फेरि पनि पदमार्गहरू बढाउनुपर्छ भनेर यहाँ जुन नीति तथा कार्यक्रममा आएको छ, यो कुरा सच्याइनुपर्छ र अन्तमा, अन्तमा यो नीति तथा कार्यक्रममा जे गर्दाखेरि पनि स्थानीय तहको साझेदारी गरेर जाने भन्ने कुरा उल्लेख भएर आएको छ तर स्थानीय तह हामीले काम गर्ने हो भने प्रदेश सरकारको काम छैन, खारेज गर्नुपर्छ भनेर उले आवाज उठाइरहेको छ तर के कुरामा हामीले साझेदारी गर्ने के कुरामा हामी आफैले आफ्नो खुट्टामा उभिएर प्रदेश सञ्चालन गर्ने भन्ने कुरामा कर्णाली प्रदेश सरकारको सोच जानु पर्छ भन्ने कुरा राख्दै विदा हुन्छु । हवस त धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री अमृता शाही, त्यसपछि माननीय श्री राजु नेपाली तयार रहनुहोला।

**माननीय श्री अमृता शाही:** सभामुख महोदय, आज नीति तथा कार्यक्रममा भाग लिन भाग लिदै गर्दा यो नीति तथा कार्यक्रमको पुस्तिका हामीले तीनदिन पहिला पाको हो । हामीले एकदमै हेऱ्यौं, पढ्यौं, खुसी पनि लाग्यो यो किनकि चार पाँच, पाँचवटा भइसक्यो हामीले यो पुस्तिका पढेर हामीले कर्णालीको विकासको बारेमा सोच्दै सोच्दै पढ्दै गर्छौं हामी जहिले पनि तर विकास भयो कि भएन त्यो चाहिँ हामीले चाहिँ देख्न पाका छैनौं । अब अहिले अघि बोल्ने माननीयज्यूहरूले कुरा धेरै राख्नु भयो यसमा बुँदा बुदामा गएर तर म चाहिँ छोटो कुरा राख्छु । यसमा किनकि यसमा सप्पै जनतालाई चाहिने आवश्यक भनौं अब जग्गा बाँजो नराख्ने छ यसैमा नाना छाना खाना भन्ने कुरा पनि यसैमा लेखिएको छ । अहिले मलाई यो नाना, छाना, खानाको कुरा गर्दै गर्दा कस्तो लाग्यो भनेपछि मलाई अहिले हामीलाई घरको छानाभन्दा पनि

यो क्वारेन्टाइनको छाना चाहिँ गराउनुपर्छ जस्तो लाग्छ मलाई किनकि अहिले कर्णाली प्रदेशमा इण्डियाबाट आउने यो कोरोना भाइरस बोकेर आउने भनौं अब सबै जति-जतिलाई उस केरे जति छन् उनीहरूलाई आउँछ यो के भन्छन् कोरोना लाग्या थाहा हुन नेगेटिभ पोजेटिभ आउँछ । त्यसैले उहाँहरूलाई छाना कोरोनाको क्यारे क्वारेन्टाइनमा बस्ने त्रिपालको छाना चाहिँ छिटोभन्दा छिटो सरकारले बनाउनुपर्छ किनकि उहाँहरू भेडाबाख्रा हुलेजन एउटै, एउटै हलमा हुल्छन्, राति-राति गाडी हिंड्छन् दिउँस गाडी हिंड्दैनन्, राति-राति कसरी व्यवस्था गर्ने अनि त्याँट एउटै गोठमा हुल्ने भए, अब भको नभको सर्ने भया अनि यसको बारेमा एकदमै यसमा पनि भोकमारीको बारेमा लेखेको छ । बाँझो जग्गा नराख्ने भनेर यसमा लेखिएको छ । सभामुख महोदय, बाँझो जग्गा नराख्ने र कर्णालीलाई निर्भर बनाउने भन्ने कुरा त्यो पहिलाको वर्षदेखि आउँदै गर्दा पनि अहिले पनि त्यस्तै छ । अहिले त बाँझो जग्गा जोतेर अथवा उगरेर भन्दा पनि यो रोगलाई कसरी नियन्त्रण गर्ने भन्नेतिर हामी एकदमै लाग्न पर्छ जस्तो लाग्छ मलाई र हाम्रो यो अरु बजेटको बारे अरु यो विकासको बारेमा चाहिँ पछि सोचौंला, हामीले धेरै सोचिउँ तर विकास भएन नभए पनि अब यसपालि यसपालिको बजेट विकासमा भन्दा पनि हाम्रो कर्णालीको १० वटा जिल्ला र २४ वटा निर्वाचन क्षेत्रमा चाहिँ खाद्य डिपो राख्नु पर्छ र एक वर्षसम्मै हुने खाद्य चाहिँ जम्मा गर्नुपर्छ जस्तो लाग्छ मलाई किनकि अहिले कर्णाली त्यत्तिकै पहिलै पनि भोको आदि ६ महिनालाई खान पुग्थ्यो भने अहिले त हाम्रो कर्णालीमा रोगले र भोगले गर्दाखेरि मान्छेहरू ठूलो संख्यामा इण्डियाबाट आको छ उनीहरूलाई पनि खानको जोखो गर्नुपर्छ किनकि त्यही त्यसै कारणले एक वर्षलाई खानको खाद्यन्न २४ वटै निर्वाचन क्षेत्रको हुन्छ कि १० वटा जिल्लाको हुन्छ यो चाहिँ तुरुन्त सरकारले राखोस् र यो रोगबाट त डाक्टरले र औषधिले बचाउने हो, भोगबाट चाहिँ छिटोभन्दा छिटो बचाउनु पऱ्यो । रोग पनि यो किटाणुहरू जाँच्ने कोरोना कीटाणुहरू जाँच्ने सामग्रीहरू ठाउँ-ठाउँमा पठाउनुपऱ्यो किनकि भेरीगंगाको बबईमा सभामुख महोदय, भेरीगंगाको बबईमा दिनभरि मान्छे बसेर त्यो यहाँबाट डाक्टर पनि नजाने त्यो सामग्री पनि केही नगएर त्यो राति-राति त्यसै आएर यहाँ यता यहाँको भेरीगंगा ए सुर्खेतको नगरपालिकाको हलहरूमा भेडाबाख्रा खाँदिजस्तै गरी खाँदेको छ । यसमा सरकारको ध्यान जाओस् भन्न चाहन्छु । र यसमा भेरी-बबई डाइभर्सनको भेरी-बबई डाइभर्सन जलविद्युतको उत्पादनको कुरा निस्केको छ । अब यो जल विद्युत सिंचाइ अथवा विद्युतीय प्रयोग यसमा सबै छ तर त्यहाँको जनताले प्रधानमन्त्री आउँदै गर्दा त्यहाँको जनताले चाहिँ मोहौजाका कुरा गर्न पाइएन सभामुख महोदय, उहाँहरूलाई जग्गाको मोहौजा दिइएको छैन, यसको कुरा बरु हजुरहरूले यसमा लेख्नुपर्ने र जनतालाई पहिला त्यहाँको जनताहरूलाई अहँ एउटा शर्तसहितको त्यहाँको पानी बर्दियामा लिने भन्ने शर्त थियो, त्यो शर्त अहिले केही पनि पूरा भाको छैन सभामुख महोदय, त्यो शर्त यसमा छैन हजुरले यसमा राख्नु भको छैन, सभामुख महोदय यहाँको सरकारलाई म भन्न चाहन्छु, र अर्को कुरा यहाँ अह द्वन्द्वपीडितको कुरा छ, विपत्ता, विपत्ता शहित परिवार भन्या यो द्वन्द्वपीडितको कुरा आको छ यसमा । द्वन्द्वको

द्वन्द्वकालमा कति बेपत्ता भए कति मरे, कतिका घरजग्गा लुटिए त्यसको कुरा आएन, घरजग्गा धनसम्पत्ति लुटेको कुरा पनि यसमा आउनुपर्छ र त्यो ध..अ केरे घरजग्गा धनसम्पत्ति लुटिएको त्यो फिर्ता हुनुपर्छ सरकारले यो कुरा पनि यसमा राख्नु पर्छ र सत्य मेलमिलाप निरूपण आयोग त्यो गठन भको कति वर्ष भयो, त्यो आयोगले के गऱ्याछ सभामुख महोदय, यो मैले प्रदेश सरकारलाई भन्न चाहें र यसको छलफल छिटोभन्दा छिटो होस् र त्यो आयोगले काम गरोस् र (छोट्याऔं माननीय जी छोट्याऔ) एक मिनेट सभामुख महोदय, कर्णाली प्रदेशमा हामीले यस्ता किताब यस्ता विकास धेरै चोटि पढ्यौं, धेरै चोटि हामीले उ गऱ्यौं, यसमा भएको  विकास र यो केरे यो कागजको विकासले हामीलाई कहिल्यै काम गरेन किनकि हामीलाई चाहिने विकास हो तर विकास चाहिँ हुन सकेको छैन । यसको यो किताब हेर्दै र पढ्दै गर्दा यो नयाँ नयाँ शब्दहरू छन्, यो नयाँ नयाँ शब्दहरू के को लागि हो ? सभामुख महोदय । यो यसमा यो किताबमा (छोट्याऔं छोट्याऔं माननीय) भ्रष्टाचारको गन्ध आउँछ सभामुख महोदय, हामीले हामी माननीयहरूले कहिल्यै पनि हामीले दिएका योजनाहरू एकातिर फाल्ने हराउने र हाम्रो योजना कहिल्यै पनि नहाल्ने र योजना मात्रै किताबमा ल्याएर आउने तर विकास चाहिँ कहिल्यै नहुने (छोट्यौ छोट्यौ माननीय सदस्य) सभामुख महोदय, अब चाहिँ अहिले विकासभन्दा पनि रोग र भोगको उसमा केरे भोक तर्फ लागोस् कर्णाली सरकार भन्ने चाहन्छु । हवस् त धन्यवाद । जय नेपाल

**माननीय सभामुख:** माननीय श्री राजु नेपाली, त्यसपछि माननीय श्री देवी ओली तयार रहनुहोला ।

**माननीय श्री राजु नेपाली:** सभामुख महोदय, नीति तथा कार्यक्रममा भाग लिन म अनुमति चाहन्छु । विश्वव्यापी महामारीको रूपमा फैलिएको यो कोभिड-नाइनले कर्णाली प्रदेशलाई पनि अछुतो राखेन र त्यही महामारीमा भएर मृत्युवरण हुने सम्पूर्ण स्वदेश र विदेशमा रहने मृत्यु हुनुभएकालाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र सङ्क्रमितलाई उचित स्वास्थ्यको उपचार गर्नका लागि पनि म भन्न चाहन्छु र विश्वव्यापी महामारीका रूपमा फैलिएको यो कोभिड-नाइनबाट कर्णाली प्रदेशका अधिकांश जिल्लाहरू प्रभावीत हुने सम्भावना बढ्दै गएको जटिल अवस्थामा हामी मा विश्व बिमारीहरू समेतलाई पनि सम्बन्धित जिल्लामा नै विशिष्टीकृतको सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यदि त्यो व्यवस्थासम्मत् नभए तोकिएका अस्पतालहरूमा पर्याप्त स्वास्थ्य सामग्री उपकरण र अनियन्त्रित सम्पर्कमा नआउने गरी पर्याप्त स्वास्थ्यकर्मीको टीम बनाई प्रभावकारी ढंगले परिचालन गर्नपर्नेछ । बुँदा नं.३७ मा सभामुख महोदय, सामाजिक समाजवादी आधार समाज वादी आधारमा अनुरूप आमनागरिकको र निजी क्षेत्रको सीप र स्वामित्व रहने गरी लाभको न्यायोचित वितरण हुने नीति महत्त्वपूर्ण महत्त्वका पूर्वाधार, योजना सम्भाव्यता अध्ययन गरिने विषयमा अनुपरणीय एवम् अंगृत्त अंगृत्त भएको छ । सभामुख महोदय, ठोस कार्यक्रमसहितको नीति आउनुपऱ्यो । वातावरणीय संरक्षण एवम् विज्ञान प्रविधिसम्बन्धी ठोस नीति तथा कार्यक्रम समावेश गर्ने

देखिन्छ । प्रदेश राजधानी वीरेन्द्रनगर बाढी-पहिरो बीच बाढी बारी बाढी-पहिरो र पहिरोको दृष्टिकोणले उच्च जो उच्च जोखिम रहेको हुँदा इत्राम, खोर्के, न्यावरे लगायत खोलाको निकासका निकासको गाउँबस्तीको जोखिम न्याय न्यायकर्ण न्यायकर्ण गर्नका नीति तथा कार्यक्रम समावेश गरिनुपर्नेछ र अध्ययन-अनुसन्धानलाई नीति तथा कार्यक्रमले समिटेको देखिएन । कृषि, वन तथा वातावरण संरक्षणको क्षेत्र अध्ययन अनुसन्धानलाई प्रोत्साहन गरिने व्यवस्था गर्नुपर्नेछ । हालको अवस्था चैत्र महिनादेखि नै विकास निर्माणका कामहरू, कामहरू तथा खरिद प्रक्रियासमेत बन्द रहेकाले खरिद प्रक्रियालाई अगाडी बढाउनका लागि टेण्डर भई म्याद नाघेका र म्याद थप नभएका पनि हालको अवस्थाले काम गर्न नसकेका योजनाहरूको अब अवधि थप गर्ने र उल्लेखित अवस्था सबै कार्यक्रमलाई बजेटमा निरन्तरता दिने व्यवस्था मिलाउन नीति तथा कार्यक्रममै गर्नुपर्ने हुन्छ । यो नीति तथा कार्यक्रम सबैभन्दा पहिला त नियति तयार हुन्छ, नियति तयार भयो भने नै नीति बनाइन्छ । त्यसकारणले यो जे-जति यहाँ लेखिएका छन्, अत्यन्तै महत्त्वपूर्ण कुराहरू लेखिएका छन् र छुटेका केही कुराहरूलाई समावेश गरेर सभामुखमार्फत कर्णाली प्रदेश सरकारले ल्याउनुपर्ने हुन्छ र मेहेनेत गरेरै ल्याएको छ । छुटेका त केही पनि छैनन् फेरि पनि पहिला पनि हामीले धेरै अपेक्षा गरेका थियौं, बीचमा हामीलाई अलिकतै गाह्रोसाह्रो महसुस परेको थियो । अहिले सायद गाह्रोसाह्रो महसुस नहुने गरी यहाँहरूले कार्यक्रम नीति कार्यक्रम ल्याउनु हुनेछ भन्ने आशा र अपेक्षा राख्दै र धन्यवाद पनि दिँदै विदा हुन्छु । हवस् त धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री देवी ओली, त्यसपछि माननीय पदमबहादुर रोकाया तयार रहनुहोला ।

**माननीय श्री देवी ओली:** माननीय सभामुख महोदय, सर्वप्रथम सभामुख महोदयमार्फत आजका मितिसम्म नोबेल कोरोना भाइरसका कारण मृत्युवरण गर्नुहुने सम्पूर्ण देशविदेशका नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । सङ्क्रमितहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । सभामुख महोदय, प्रदेश सरकारको नीति कार्यक्रम आएको छ, परिस्थिति विषम छ, मानवजातिले नोबेल कोरोना भाइरससँग संसारका नेपाली नागरिक प्रदेशका नेपाली नागरिकले कठिन संघर्ष गरिरहेको अवस्थामा यो परिस्थितिलाई मुख्य रूपमा लक्षित गरेर आएको नीति कार्यक्रमको स्वागत गर्न चाहन्छु, सरकारलाई धन्यवाद दिन चाहन्छु । यो नीति कार्यक्रमले स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारलाई प्राथमिकतामा राख्ने नीति लिएको छ । सभामुख महोदयमार्फत सरकारलाई हार्दिक धन्यवाद दिन चाहन्छु र समर्थन गर्न चाहन्छु । सभामुख महोदय, कोरोना महामारी न्यूनीकरण, रोकथाम, नियन्त्रण, प्रतिकार्य उपचारलाई ध्यानमा राखेर आवश्यकताका आधारमा सबै जिल्लाहरूमा कम्तीमा ५० देखि १०० शैयासम्मको आइसोलेसन कक्ष, ५ शैयाको आईसीयू एक वटा भेन्टिलेटर निर्माण गर्ने महत्त्वपूर्ण नीति लिएको छ । कोरोना महामारीले थिलो-थिलो पार्ने संकेतका बीचबाट पनि कर्णाली सरकार सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रमको निरन्तरता दिएको छ । महिला, दलित आय-आर्जन

र उद्यमशीलतालाई पनि प्राथमिकता दिएको देखिन्छ । मुख्यमन्त्री रोजगार कार्यक्रम चालु आ.व.मा चलिरहेकै हुँदाहुँदै मुख्यमन्त्री युवा उद्यमी कार्यक्रम पनि यो नीतिमा समावेश गरेको देखिन्छ । यसकारण नीति कार्यक्रमले संकटका बीचबाट पनि केही गर्न खोजेको देखिन्छ सभामुख महोदय, यो स्वागतयोग्य नै छ यसको सँगसँगै यो नीतिमा समेट्नु पर्ने र सरकारले ध्यान दिनुपर्ने कुराहरू सुझावका रूपमा म राख्ने अनुमति चाहन्छु । सर्वप्रथम नीति कार्यक्रमको पहिलो पेजमा लेखेको जुन शब्द छ, त्यसमा संविधानको भावना र मर्मलाई अलिकति समेट्न सकिएन कि भन्ने मलाई लागेको छ । जनयुद्ध र विभिन्न समयका जनआन्दोलनह आन्दोलनहरूबाट भनेर जनआन्दोलनको महत्त्वलाई अलिकति मान्छेहरूले हेर्ने देख्ने सन्दर्भमा घटाइएको हो कि भन्ने आभास आएको हुँदा विगतका नीति कार्यक्रमहरूमा राखिएकै शब्द जनआन्दोलनलाई राखिन पर्छ भन्ने मलाई लागेको छ । त्यसको सँगसँगै नीति कार्यक्रमले बजेटलाई पछ्याउन सकोस् र बजेट ल्याउँदाखेरि जे-जति पूर्वाधार सामाजिक सुरक्षादेखि उद्यमशीलताका कार्यक्रमहरू छन् । यो कार्यक्रमलाई नीतिका रूपमा राखेर बजेटले चाहिँ अहिलेको महामारी व्यवस्थापन गर्नको निम्ति बढीभन्दा बढी लक्षित गरोस् र पछि जब नोबेल कोरोना भाइरसलाई हामी कर्णाली प्रदेशका नागरिकहरूले जित्न सक्छौं र त्यो साम्य हुन्छ, त्यतिखेर सरकारले रकमान्तर गरेर पनि पूर्वाधारदेखि अरु कामहरू गर्न सक्छ । त्यसकारण पहिलो प्राथमिकता अहिलेको महामारी नियन्त्रण, रोकथाम र प्रतिकार्यमै लगाओस् भन्ने मेरो गम्भीरतापूर्वक ध्यानाकर्षणसहित यो सुझाव रहेको छ र अहिले गरिएका जति पनि नीति कार्यक्रम पछिका बजेटहरूले पछ्याएका कार्यक्रमहरू र सरकारको व्यवहारमा कहीँ न कहीँ तालमेल नमिलेको कुरा हामीले महसुस गरिरहेका छौं, मैले त्यो कुरा महसुस गरिरहेको छु । यो मा सरकार गम्भीरतापूर्वक यो नीतिसँग बजेट र बजेटसँग व्यवहारलाई तालमेल मिलाउनको निम्ति गम्भीर होस् र व्यवहारिक रूपमा सबैको मन जित्न सक्ने कार्यक्रमहरू अगाडी सारिउन् भन्ने कुरा राख्न चाहन्छु । कृषि क्षेत्रमा अहिले हामीले धेरै कुरा आधुनिकीकरण र बजारीकरणका कुरा चिस्यान घरका कुरा गर्न लागेको ३ वर्ष भयो, अहिलेसम्म हामीले त्यो गर्न सकेका छैनौं र अहिले यो महामारीको बेलामा पनि तत्काल हामी गर्न सक्ने लक्षण मैले देख्दैन । त्यसकारण कृषि क्षेत्रमा साना सिंचाइ र अहिलेसम्म जनताले कृषकले गर्दै आएको जो परम्परागत खेती प्रणाली छ, रैथाने बालीहरू छन्, त्यसलाई नै वृद्धि गर्नेतिर हाम्रो ध्यान जानुपर्दछ भन्ने कुरा म राख्न चाहन्छु र कोरोना राक रोकथाम भएपछि रकमान्तर गरेर पनि फेरि आधुनिकीकरणतिर हामी लैजान सक्छौं । त्यसकारणले तत्काल त्यो कुरालाई हामीले मध्यनजर गर्नुपर्छ भन्ने कुरा राख्न चाहन्छु र शिक्षाको क्षेत्रमा अरु सबै कुराहरू नीति कार्यक्रममा आएकै छ र कर्णाली प्रदेशका लगभग ६ लाख ४८ लाख विद्यार्थी बालबालिकाहरू बाल शिक्षादेखि माथिका बालबालिकाहरूको यो एक वर्ष अथवा अर्को अर्को शैक्षिक सत्र आउँदासम्म पनि नमिल्न सक्छ त्यो सम्भावित खतरालाई मध्यनजर गरेर पठनपाठनको माध्यम कसरी लैजान सकिन्छ । संघीय सरकारले कस्तो नीति लिन्छ, त्यसमा आधारित रहेर यो यो क्षेत्र शिक्षा क्षेत्रलाई पनि हामीले ध्यान दिनुपर्छ र यसमा कसरी

पठनपाठनको व्यवस्था मिलाउन सकिन्छ भन्ने कुराको व्यवस्था सरकारले मिलाउनुपर्छ । स्थानीय तहमा वृद्धि गर्ने उत्पादनको वृद्धि गर्ने र बजारीकरणको (छोटयाऔं माननीय छोटयाऔं) ग्यारेन्टी गर्ने कुरालाई सरकारले लिनुपर्छ र अन्तमा यो संविधानसँग बाझिए पनि अथवा प्रदेश सरकारले १० वटा जिल्लाका जिल्ला समन्वयहरूलाई कानुनी रूपमा संवैधानिक रूपमा नचिने पनि व्यवहारिक रूपमा र अलिकति नीतिमा बोल्नुपर्ने कुरा यहाँ मैले ठानेकी छु किनभने १० वटा जिल्ला समन्वयहरूलाई अहिलेसम्म भूमिकाविहिन भएको अवस्था स्थितिमा त्यहाँको जनशक्ति संस्थागत रूपमा भ्रष्टाचार जस्तो नीतिगत रूपमा भ्रष्टाचार जस्तो त्यहाँका पदाधिकारी, कर्मचारीहरू त्यतिकै बसिरहेको अवस्था स्थितिमा जिल्ला समन्वयलाई पनि केही न केही भूमिकामा राख्नुपर्ने नीति आउनुपर्ने मैले अन्तमा सुझाव राख्दै आफ्ना भनाइ अन्त्य गर्न चाहन्छु, धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री पदमबहादुर रोकाया, त्यसपछि माननीय श्री गणेशप्रसाद सिंह ।

**माननीय श्री पदमबहादुर रोकाया:** माननीय सभामुखज्यू, हामी नीति तथा कार्यक्रममा भाग लिनको लागि अनुमति चाहन्छौं । यो नीति तथा कार्यक्रमको किताब ६३ बुँदामा आएको छ, यसको लागि माननीय मुख्यमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छौं । यस्तै किताब योभन्दा अगाडी पनि आएका थिए । जति यो बुँदामा छन् ती सबै आएका थिए । एउटै बुँदा मात्रै अब मैले याद गरिन कि हिमाली जिल्लामा ६ महिनामा बजेट फ्रिज जाने भएको हुनाले हिउँ पर्ने हुनाले थप गरिनेछ भन्ने भनिएको थियो त्यो आएको जस्तो देखिन मैले । त्यो नीति कार्यक्रममा त्यसैकारणले थप गरिदिन हुन म आग्रह गर्न चाहन्छु । अरु सबै आएको छ यहाँ । अब मुख्य अहिलेको आवश्यकता कोभिड-१९ यो विषयमा प्रत्येक बुँदामा कोभिड-१९ कोभिड-१९ आएको छ । माननीयज्यूहरूले पनि यो विश्वमा कोरोना महामारी भाइरसको विषयमा धेरै बोलिसक्नु भयो, धेरै त्यही विषयलाई बोलेर समय खेर फाल्नु आवश्यक छैन । हामीलाई ७ मिनेट मात्र दिएको हुन्छ कि प्रतिबद्ध भने जस्तै बुँदा बुँदा दियाभैले हामी पनि किताब हेरेर बुँदा बुँदामा हे दे वाक्य गर्न चाहन्थ्यौं, त्यो हामीलाई छैन । त्यसैकारणले यहाँ भनिएको छ, समृद्ध कर्णाली सुखारी कर्णाली, नाना आना छाना, मेरो किसान मेरो अन्नदाता, त्यो सबै आएको छ यो तर किताबमा मात्रै आएर भएन त्यो व्यवहारमा लागू गर्नुपर्‍यो । गत सालमा पनि नीति तथा कार्यक्रम किताबमा आएको थियो तर व्यवहारमा केही कुरा त लागू भयो होला, केही धेरै कुरा लागू नभएको जस्तो छ । त्यसैकारणले म हाम्रा कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीजीकै जीसँग आग्रह गर्न चाहन्छु । अब यहाँ खाद्यान्न भण्डार भन्ने आएको छ, खाद्यान्न भण्डार छिटोभन्दा छिटो गर्नु पर्‍यो । कहाँबाट ल्याउने खाद्य ? नाका बन्द छ। नेपालकै खाद्यले हामी नेपालले पुगेको छैन । अहिले ४५ लाख नेपालीहरू विदेशबाट भित्रिएका छन्, ती सबै आए भने खान पुग्ने अवस्था छैन । हामीले सिजन-सिजनमा अहिले नेपालगञ्जका मिलमा गोदाममा खाद्यहरू छ अहिले, हामीले बजेट निकासी छिटो कहाँबाट गर्नुपर्छ तुरुन्तै खरिद गर्नुपर्ने हो । भोलि झापा पनि जान सक्छ, दार्चुला जान सक्छ हुन त त्यहाँ गए पनि हाम्रो नेपाली हुन् तर तिनीभन्दा अगाडी हामी खाद्य छिटो ल्याऔं र

सिजनअनुसार त्यहाँ आफ्नो प्रमुख उत्पादन भएको खाद्य हामी खरिद अहिलेको सिजन भनेको गहुँ बाली र जौं बाली हो यो पनि अब खरिद गर्न लागौं हामी । हामीले साउनभित्रै हामीले खाद्य जम्मा गर्न सक्यौं भने प्रत्येक स्थानीय तहमा यहाँ आएको छ नीति तथा कार्यक्रम गर्न सक्यौं भने अनि भोकमारीबाट केही दिनसम्म हामी बचौंला । नत्र हामीले उत्पादन गरेको अन्नबालीबाट हामीलाई पुग्दैन हामी भोकमारी भयावह भोकमारी हुन सक्दछ, यो म आग्रह गर्न चाहन्छु । अब राउटेहरूलाई को बारेमा आएको छ अहिलेसम्म राउटे भनेका हाम्रा कर्णाली प्रदेशमै छन्, ती राउटे अहिलेसम्म जंगलमा घुमिरहेका छन् । उनीहरू अस्थायी उनीहरूको घर छ, पाल छ उनको सके योभन्दा अगाडी पनि नेपाल सरकारले राउटेहरूलाई बस्ती दिने भन्ने कुरो आएको थियो उनीहरूले मानेका थिएनन् । तब उनीहरू अहिले यिनीहरू केही पश्चातापमा होलान् अब अझ पनि हामीले कर्णाली प्रदेश सरकारले राउटेहरूसँग गएर सम्झाइबुझाइ उनलाई फकाइफुलाई अझ पनि उनीलाई एक ठाउँमा ल्याएर बस्ती बसालौं । यो कर्णाली प्रदेश प्रदेशको इतिहास नै रहनेछ । जमानाबाट राउटेहरूले घरबार नपाएका राउटे अहिले कर्णाली प्रदेश सकारले बस्ती बसाल्यो, उनीहरूलाई बस्ती बसालेर यो कर्णाली प्रदेशले इतिहास रहन सक्छ । राउटेहरूलाई बस्ती बसालौं अहिले उनीहरू आउन सक्छन् । नेकपाको पार्टी कार्यालयमा दुई महिनासम्म उनीहरूका सामानहरू त्यहाँ गल्लीमा राखिएका थिए । अनि घर पाए उनी राख् बस्दैनन् राख्दैनन् । राख्छन् उनीहरू अहिले यो पहल कर्णाली प्रदेश सरकारले गर्नुपर्‍यो र अब यहाँ अहिले बजेट यो योजनाहरू अब आउँदै होला अब नीति तथा कार्यक्रम पास भएपछि गत साल मन्त्रीज्यू आएका बजेटहरू अंकमा घटिए, त्यो पछि बजेट आउनेबेला घटाउ भनौंला । बजेटमा एक आयो अंकमा घटिएरै गए आए पछि जस्तो अघि हाम्रो प्रतिपक्ष दलका नेताले भने हाइटेक नर्सरी त्यसरी घटेर पहिला ९० लाख ९० लाख भनेर आए पछि ३० लाख भने त्यही ३० लाख पनि हराइगो अहिले कोही हाइटेक नर्सरी बनेका छैनन् । खै अरु जिल्लामा बनेका छन् कि थाहा छैन, हाम्रो जिल्लामा बनेका छैनन् । त्यसै कारणले अब नेपालका युवाहरू कश्मिरदेखि कन्याकुमारीसम्म मेचीदेखि महाकालीसम्म आफ्नो व्यवस्थाका लागि भौंतारिराखेका छन्, अहिलेसम्म । अब त्यहीं पनि जानेवाला छैनन् । अहिले झाल्लिसके युवाहरू, नेपालीहरू झाल्लिसके, कर्णाली प्रदेशका मान्छेहरू झाल्लिसके अहिले । अब बौडरमा रोक्किए, नाङनागै भोकभोकै बसे भने अब उनीहरू जानेवाला छैनन् । आफ्नै प्रदेशमा आफ्नै घरमा उनीहरू कुटोकोदालो गरी खानेवाला छन् । तिनीहरूको लागि हामीले जग्गा जिमिनजग्गा हामीसँग प्रशस्त छ हामीहरूको भूमो-पाखो जग्गा छ खेत नभएपनि तिनीहरूलाई बीउबीजन र कृषिको लागि मल, अर्ग्यानिक मलको लागि हामी उपाय गरौं । अब गाईभैंसो पाल्न, भेडाबाख्रा पाल्न छोडिसके, घोडाघोडी पाल्न छोडिसके, घोडाघोडी बाख्राको मोलमा जानलागे अहिले पाल्न छोडिसेक । त्यसैकारणले उनीहरूले र हामीले किसानहरूलाई सहयोग गरौं र अर्को कुरा आएको छ- हाम्मा मुख्, हाम्मा कुडा-कुडा, कुरा होइन कुडा हाम्मा मुख्यमन्त्री, हाम्मा मुख्यमन्त्री यो सायद खस भाषा नै होला जस्तो लाग्छ । यो पूर्वतिर पनि हाम्मा कुडा भने बुझिदैन,

पश्चिमतिर पनि बुझिदैन । यो खास खस भाषा नै होला । यो त हाम्मा कुडा, हाम्मा मुख्यमन्त्री भनेको त मुख्यमन्त्रीसँग जोडिएको होला यो तर मुख्यमन्त्रीज्यू यहाँ हुनुहुन्छ । हाम्मा कुडा हाम्मा मुख्यमन्त्री मात्र होइन, हाम्मा फोन पनि उठ्दैन मुख्यमन्त्रीज्यू, मैले फोन गरेको छु २-४ पटक फोन उठेन मुख्यमन्त्रीज्यू अनि कुरा कहाँबाट हुने ? हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कहाँबाट हुने हुन् ? अहिलेको अवस्था भयावह अवस्था कोरोना भाइरसको अवस्थामा ठाउँठाउँमा थुनिएका थिए, हाम्रा हामीसँग सम्पर्क भएका हाम्रा जिल्लाका मान्छेहरूले हामीसँग फोन गरे- के गरौं ? कसो गरौं ? कहाँ जाऔं ? बबईको वडाध्यक्षले तपाईँलाई धन्यवाद दिन चाहन्छु धेरै पटक उहाँले व्यवस्था गर्नुभयो । आफ्नोतर्फबाट खुवाउनुभएको छ त्यो बबईमा भने मैले धेरै पटक फोन गरें त्यहीं भने हामीले (छोट्याऔं माननीय छोट्याऔं) हाम्रो उपाय नलाग्ने भयो, हाम्रो उपाय नलागेपछि त हाम्मा मुख्यमन्त्रीसँग हाम्रो कुडा त गर्नुपर्‍यो तर त्या हाम्मा कुडा हाम्रा मुख्यमन्त्रीसँग कुडा भएनन् । फोन उठेन मुख्यमन्त्रीज्यू यो गुनासो छ । अरु कसैका माननीयज्यूका उठे कि मेरो उठेन कि त्यो म जान्दिन भने मुख्यमन्त्रीज्यूले पनि अरु मन्त्रीज्यू काखे मन्त्रीज्यूले पनि हाम्मा कुडा हाम्मा मुख्यमन्त्री हाम्मा मन्त्रीले कुरा गर्दिनुपर्‍यो हाम्रा कुरा सुनिदिनुपर्‍यो अनि हाम्मा कुडा हाम्मा मुख्यमन्त्री हाम्मा मन्त्री होलान् । अब कागजमा हाम्मा कुडा हाम्मा मुख्यमन्त्री आउने कुरा नसुन्ने फोन नउठाउने के गर्ने हामीले ? त्यसैकारणले म अहिलेको यो भर्खरै कर्णाली प्रदेशमा हाम्रो एकजना दैलेखमा हाम्रा मित्रले ज्यान गुमाउनुभयो । पहिलो कर्णाली प्रदेश सायद पहिलो गुमाउनुभयो उहाँलाई श्रद्धाञ्जली दिंदै मरो आफ्नो भनाइ यहाँ अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख:** माननीय श्री गणेशप्रसाद सिंह । यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार रहनुहोला ।

**माननीय श्री गणेशप्रसाद सिंह:** माननीय सभामुखज्यू, यो ६३ बुँदे नीति तथा कार्यक्रम माननीय मुख्यमन्त्रीज्यूको मुख्यमन्त्री कार्यालयले ल्याएको कार्यक्रमका विषयमा मैले केही कुरा राख्ने सन्दर्भमा यो सर्वप्रथम दैलेख जिल्लामा कोरोनाका कारणले आफ्नो ज्यान गुमाउने कर्णबहादुर मगरप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । हाम्रो कर्णाली प्रदेशमा सङ्क्रमित सबै दाजुभाइ दिदीबहिनीहरूको स्वास्थ्यलाभको कामना गर्दछु । अब यो ६३ बुँदा यो नीति तथा कार्यक्रम र सुन्दर छ, राम्रो छ, यलाई मैले अब केही सुझावहरूद्वारा थप समृद्ध गर्न म चाहन्छु । अब यो एक नं. बुँदाको अब जनयुद्ध जनआन्दोलन गत सालको नीति तथा कार्यक्रममा पनि आको थियो, मतलव यो ठीकै छ अहिले । अब जनुयद्धलाई सशस्त्र भाषा भने पनि जनयुद्ध भने पनि मास के भन्छ पिपुल्स वार र मास मुभमेन्ट कुरा एउटै हो, यहाँ त्यो अन्यथा मान्ने विषय छैन गतसाल पास भइसक्याछ त्यो ठीकै छ । अब यो अर्को विषय के भन्दाखेरि यो मलाई पनि त्यो लाग्यो खस भाषाको इतिहास झल्काउने हाम्मा म हाम्मा कुडा हाम्मा मुख्यमन्त्री । यसको यो इतिहास झल्काउन खोज्या हो कि यही भाषातिर हामी कर्णाली प्रदेशलाई आम रूपमा चाइने ल्यांगुइज अल्फावेटतिर हामीले चाहिँ मतलव बोली अभिव्यक्तिको कल्चर संस्कार विकास गर्न खोज्या हो मैले बुझ्या छैन है । यो हिज्ट्रीलाई स्मरण गराउन खोज्या

हो भने ठीकै छ हाम्मा कुडा हाम्मा मुख्यमन्त्री । अघि पदमजीले भन्नु भो अब व्यवहार र यो चाहिँ सिद्धान्तको तादम्य मिलेन अब अलिकति मिलाउनुपर्छ अब मैले गत सालको पनि अहिले राम्रो आको छ, कोभिडलाई मध्यनजर गरेर कोभिड विशेष नीति कार्यक्रम भन्दा पनि हुन्छ ठीकै छ । स्वास्थ्य, शिक्षा, रोजगारी अब यो खाद्यभण्डार यो एकदम शान्दार छ । त्यसैलाई टार्जेट बनाएर धेरै कुरा आएका छन् । गत साल पनि जनभकारी आको थियो, मलाई लाग्छ त्यो जनभकारी कार्यान्वयन गरेको भए, यसले अहिले बेशिकल्ली निरन्तरता पाउँथ्यो । अहिले भण्डारण भन्ने छ अर्को साल सायद स्टोरेज आउला । शब्द शब्दमा चेन्ज गर्ने भन्दा पनि अलि व्यवहारिक चाइने कार्यान्वयनतिर ध्यान दिऔं । मैले अस्ति नै भन्याछु यो चाहिँ अब के भन्छ प्रिबजेटमाथिको छलफलमा सिद्धान्त, उद्देश्य, प्रमुख नीति कार्यक्रम नि आजको यो नीति कार्यक्रम र भोलि बजेट विनियोजन र कार्यान्वयन यो चारवटा कुराको तादम्य मेल खादैन के । यहाँ म केही कुरा म मैले मेरो रिजर्वेशन छ रिज्याक्ट छ । आई एम नट एग्री भन्छु मैले एउटा बुँदामा । त्यो पदमार्गमा भन्ने अहिले नीति आको छ । तर मेरो निर्वाचन क्षेत्रमा पदमार्गको ४५ लाख अहिले चाइने स्थगन भको छ है । त्यहाँका जनताले अहिले पनि गुनासो गर्‍याछन् बारेकोट गाउँपालिकाको ४ नम्बर । साइकुमारी पदमार्गमा ४५ लाख एलोकेट गरिएको थियो, रातो किताबमा आएको थियो । अब त्यहाँका जनताले अहिले पनि गुनासो गर्‍याछन्, अब त्यहाँ चाहिँ स्थगन गरिएको थियो । अहिले पनि यो आयो यसमा मेरो समर्थन छैन यो बुँदा हटाइनुपर्छ । पदमार्ग प्रदेशभरिमा ग कि त नगरौं, गर्ने भए गरौं । पोहोर सालको साउँब्याज सहित त्यो फिर्ता दिनुपर्छ, जाजरकोट जिल्लाको मेरो निर्वाचन क्षेत्रको रातो किताबमा सार्वभौम संसद्ले पास गरेको किन रोकियो ? त्यसकारण मेरो सहमति छ, त्यो हटाइनु पर्छ । यी धेरै कुराहरू राम्रा छन् तर कार्यक्रममा विभेद नहोस्, असन्तुलन नहोस् । यो कुरामा हामीले गत साल पनि धेरै ठूलै स्ट्रगल गर्‍याछौं र यो विषयमा मेरा केही सुझावहरू छन्- अब कर्णाली प्रदेश पूर्वाधार कार्यक्रम आएको छैन, जसलाई हामीले सांसद कोष भनेर गत साल हामीले ५ बुँदामा सहमति गर्‍याछौं । यो नीति कार्यक्रममा आएको छैन आउनुपर्छ, कर्णाली प्रदेश पूर्वाधार कार्यक्रम जसलाई हामीले सांसद कोष भनेका छौं । यो कार्यान्वयन स्थानीय तहले होइन, हाम्रा प्रदेशका कार्यालयले गरिनुपर्छ अहिले तल कैयौं ठाउँमा स्थानीय तहको मतलव गाउँपालिका नगरपालिका कार्यान्वयन गरी गरिदिएका छैनन् सम्झौता गरिदिएका छैनन् । त्यो दृष्टान्त त्यो अनुभूति मेरो निर्वाचन क्षेत्रको छ मसँग छ । कयौं फ्रिज जाँदैछ, त्यसकारणले यो हाम्रा प्रदेश कार्यालयले गर्नुपर्छ हैन, यो आउनुपर्‍यो देखिन पर्‍यो । जनता सडक राम्रो कार्यक्रम हो, गत सालको ठेक्का लागेका क्यान्सिल भएका छन् । अहिले फेरि पुन: ठेक्का लागेका छन् तर कार्यक्रममा आएको छैन, त्यो निरन्तरतामा जनता सडक आउनुपर्छ, दुई । तेस्रो कुरा अर्ग्यानिक कृषि उत्पादनको कृषिमा धेरै कुरा आएको छ, प्याकेजिङ-प्रोसेसिङ्गको कुरा पनि आएको छ तर अर्ग्यानिक भनेर यसको चाहिँ मतलव सर्टिफाइ गर्ने एउटा सुर्खेतमा भए पनि प्रयोगशाला हुनुपर्छ, स्थापना गरिनुपर्छ, न्यूनतम एक ठाउँमा, प्रदेशभरिको चेक भएर जान्छ । अर्को कुरा अर्ग्यानिक

मलको कुरा आइराख्याछ, हामीले बेलाबखतमा उठाउँदै आएका छौं, अर्ग्यानिक प्राङ्गारिक मलको लागि अनुदान दिइनुपर्छ । प्रत्येक गाउँपालिकाको प्रत्येक वडाले चाहिँ अर्ग्यानिक मलको व्यवस्थापन गर्नुपर्छ, नभए अब यो कसरी हुन सक्छ अर्ग्यानिक उत्पादन ? यो कुरा आउनुपर्छ । जलस्रोत यो आयोजना कम्पनी सहकारीमार्फत साझेदार मा अब सम्भाव्यता अध्ययन भन्ने छ यहाँ कतिपय ठाउँमा साझेदारी, लगानी र कार्यान्वयन गर्ने कुरा आउनुपर्छ, यो जलस्रोतमा । जस्तो जाजरकोट जिल्लाको मेरो निर्वाचन क्षेत्रमा एक जना प्राइभेटले १० मेगावाटको सर्भे गरेर बस्याछ । त्यहाँ चाहिँ लगानीकर्ता खोजिराख्या छ एक अरबको लगानीको कुरा छ भनेपछि प्रदेश, गाउँपालिका र प्राइभेट सेक्टरबाट लगानी गरेर त्यो उत्पादन गर्न सकिन्छ ८ मेघावाट आउँछ । त्यो ताक्छुघाट जलविद्युत आयोजना हो, भनेपछि त्यो उत्पादन गरेर हामी नलगाड हाइड्रोपावरलाई बेच्न सक्छौं अथवा डोल्पा बेच्न सक्छौं अथवा जुम्ला जाजरकोटमै चाहिँ विद्युतीकरण गर्न सक्छौं भनेपछि यहाँ अध्ययनको कुरा होइन, यो धेरै पछि आयो नीति कार्यक्रम त्यो प्राइभेट सेक्टर अगाडी गइहाल्यो, त्यहाँ विद्युत सर्भे गरेर बस्याछ, त्यस्तै अरु जिल्लामा पनि होला, त्यो आउनुपऱ्यो है । अर्को कुरा अब यो आ.व.०७६/७७ को विकास बजेटलाई कोभिड-१९ को कारणले ६ महिना थपिनुपर्छ, गत साल हिमालीलाई ६ महिना भनिएको थियो अहिले हिमाल हैन कि यो प्रदेशभरिमा कोभिडका कारणले ६ महिना थपिनुपर्छ । प्रदेशको बजेट प्रदेशस्तरीय जिल्लामा रहेका कार्यालयहरूमार्फत कार्यान्वयन गरिनुपर्छ । सबै चाइने यो मतलव गाउँपालिका स्थानीय तह नगरपालिकालाई दिने कुर राम्रो हुँदैन । यस वर्षमा आयोजना प्रायजसो जिल्ला कार्यालयहरूबाट आएका छन्, अब हाम्रो सल्लाह-सुझाव त्यहाँ अलिकति केन्द्रीकरण भाछैन है । त्यसो हो भने कोभिडका कारणले कतै एक दलीय व्यवस्थाको प्रोसेस त लागू हुन खोजेन ? जनप्रतिनिधिहरूको स्वामित्वको त्यहाँ कसरी समायोजन हो । योजना छनौट र योजना चाइने मतलव प्रक्रिया के हो यो ? यो विषयमा म अलि यहाँनेर शंका मलाई लागिराख्याछ, कतै एकदलीयतिर चाहिँ जाँदै त छैन सिस्टम ? यो कुराको, त्यो बजेट अनुदो अनुमोदनमा गएर जाऔंला । जाजरकोट बारेकोट गाउँपालिकाको फलाम खानी सम्भाव्यता अध्ययन होइन कि त्यहाँ उद्योग सञ्चालनको लागि बजेट केही छुट्याइनु पऱ्यो । गत साल पनि मैले प्रस्ताव राख्याथिएँ । हामीसँग आजभन्दा ५० वर्ष पहिला बनाएका सामग्री छन्, त्यहाँ विद्युत उत्पादन हुँदैछ र फलाम खानी जाजरकोट ७५ जिल्लाको अहिले ७७ जिल्ला भो, त्यहाँ चाइने काइनेटिक स्टोनको चाइने धनी जिल्ला हो त्यो । स्टोनको चाइने उद्योग सुरु हुनुपऱ्यो । दुईटा कुरा आउनुपऱ्यो यदि यो आएको छैन, हैन । केन्द्रीय खरिद ऐनका कारणले डिस्टर्ब भइराख्याछ । सातौं, आठौं, नवौं कारणले भएका ठेक्का पनि खारेज भएका छन् । यो संशोधनको लागि नीति कार्यक्रममा आउनुपर्छ र केन्द्र सरकारसँग आग्रह गरेर यो अधिकार (छोटयाऔं माननीय छोटयाऔं) हामीले ल्याउनुपर्छ, ल्याउनुपर्छ । कोभिड-१९ लाई मध्यनजर गरेर शिक्षा विधिमा विशेषगरी ध्यान दिनुपर्छ । बालबालिकाको पढाइलेखाइ अस्तव्यस्त भइसक्यो, यो हाम्रो डिजिटल प्रदेश भनेर माननीय चाहिँ केरे हाम्रो आन्तरिक

मामिला मन्त्रीजीले भनिसक्नुभाछ । यो डिजिटल प्रदेश हो भने प्रत्येक बालबालिकालाई मतलव अब ल्यापटप अथवा त्यो खालको चाहिँ मतलव उपकरण डिजिटल दिने र पाठ्यक्रम नयाँ बनाएर आउने साउनदेखि घर-घरमै चाइने अध्ययन र पठनपाठनको व्यवस्था सुधार गर्नुपर्छ । यदि चाहिँ ६ महिना, १ वर्ष, २ वर्षसम्म यो चाइने कोरोना चल्यो भने के हुन्छ त त्यसको व्यवस्था यो नीतिमा आउनुपऱ्यो धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्ट:** सभामुख महोदय, अब हामी खासगरी यो ०७७/७८ को नीति कार्यक्रम उपरमै रहेर छलफलमा सहभागी भइरहेका छौं । त्यसअन्तर्गत एउटा यो खासगरी अब यो भूकम्पको केन्द्रको ज्वालामुखी भनेजस्तै अहिलेको चाहिँ ज्वालामुखी भनेको यो कोरोना भाइरसको रूपमै वरिपरि जताबाट घुमेपनि त्यही हामी आइपुग्छौं विषय त्यहीं केन्द्रित छ । यसो मलाई यहाँ सुरुमै अलिकति सँगै पृष्ठभूमि तयार गरिएको छ यो नीति कार्यक्रममा मलाई योसँग जोडेर भन्न मन के लागेको छ भने हामीले एक-दुई वटा बलण्डर मिस्टेक चाहिँ के गऱ्यौं जस्तो लाग्छ । म अस्ति त्यहाँ संयोगले एउटा डक्टरहरूको प्रदेश अस्पतालको डक्टरहरूको एउटा बसाइमा जाँदा उहाँहरूले भने अनुसार जस्तो एउटा चाहिँ हामीले मूल भकाभक चाहिँ नदी सोज्याइदिने त्यसपछि गाउँ बचोस् भनेर हुँदैन । बबईबाट मान्छे चाहिँ तपाइँको पूरै चाहिँ आलु लादे जस्तो गरेर हामीले गाउँगाउँ पठायौं, अब आज मात्रै पनि मलाई सिम्ताबाट रिपोर्ट आइराछ जहाँ कि थुप्रै स्कूलहरू भरिए कहाँ पठाउने ? त्यसको पनि अहिलेसम्म तयारी छैन । र अझ विचित्र के भाछ भने ७-८ सय त तपाइँको त्यो स्याम्पल लगेको अहिलेसम्म स्टक छ प्रदेश अस्पतालमा जो मेसिन बिग्रिएर हाम्रो समेत अस्ति स्याम्पल गर्दा जुम्लाबाट ल्याइयो । यतातर्फ कसैको ध्यान छैन, त्यसकारण यो बलण्डर मिस्टेक भो भने अर्को फेरि बलण्डर मिस्टेकतिर हामी छिर्दैछौं यसमा तत्काले एउटा रेस्क्यू यो कुनै घण्टाको कुरा छैन यो एकदम अन द स्पोट यलाई गर्न सक्यौं भने केही हाम्रो फेस सेरिङ्ग होला हैन भने यो, यो सबै चाइ एउटै आलुको बोरा सबैमा कुहियाजस्तो स्थिति हाम्रो हुने खिस्सा यहाँ छ । त्यसकारण यसो मैले सुरुमै यो ब नीति कार्यक्रमको कुरा गर्दा अलि क्रिटिकल्लीमै बढी विश्वास गर्ने भाहुनाले मैले रचनात्मक हिसाबले हेर्दा अब यो नीतिगत चाहिँ तपाइँको तयारी प्रतिरोध र स्थायी एउटा प्रणाली के हो ? भन्ने कुरा यसमा आएन के । यो कुरा चाहिँ ठोस रूपमा आउनुपर्थ्यो नीतिगत तयारी के हो ? त्यसको प्रतिरोध के हो ? र त्यसको स्थायी समाधान के हो ? भन्ने कुरा यो चाहिँ डकुमेन्टले समा समेटेको जस्तो मलाई लाग्दैन । यो कुरा मैले सुरुमै यहाँ राख्न चाहें । अब अर्को धेरै बुँदावाइज भंगेरा छिराइमा त म जाने समय छैन तर हल्का रूपमा यसो सरसर्ती हेर्दा अब यो एउटा जस्तो अघि पनि कुरा हल्का आको छ । जस्तो यो निर्बाहमुखी भत्ता दिने भनेको छ, जब कि खिस्सा के छ भने १७ लाखलाई नै चाहि तपाइँको यो तरिकाले गर्दा भेटाउलाजस्तो मलाई लागिसक्यो कतिलाई तपाइँ दिइसक्नु हुन्छ र कति दिनुहुने हो ? जबकि बाढिपीडितको खिस्सा त ०७१ देखि हामीले चाहिँ उनलाई तपाइँको पालमुनिबाटै यता ल्याउन सक्याछैनौं भने यो हुने कुरा र

साँचो कुरा पो गर्नुपर्‍यो यो के हो यो ? एक । दोस्रो कुरा आजै मान्छे वित्नुभको छ । हामीले सबैले श्रद्धाञ्जली गर्‍यौं, यदि हो नै सरकारले गर्न खोज्या भने २ नम्बर प्रदेशबाट सिकौं न । मरेकोलाई मृत्यु भकोलाई उनीहरूले क्षतिपूर्ति दिने ५ लाख, १० लाख, ८ लाख कति हो ? त्यो गरौंन कमसेकम किनकि यो त तपाईंको मृत्यु मात्रै होइन नि ? घरको परिवारले पनि नजिक गएर हेर्न पाउँदैन, उनीहरूलाई पीडा छुट्टै छ, राम्ररी दाहसंस्कार पनि गर्न पाउँदैन । त्यो गरौं न गर्ने भए मलमपट्टि लाउने भए, यो कहाँ दु:ख्या टाउको कहाँ लगाउने मलम भन्याजस्तो यो तरिकाले कसरी होला ? हैन यो कुरामा चाहिँ संशोधन तत्काल गर्न जरुरी छ, मृतकहरूलाई र उनीहरूको चाहिँ क्षतिपूर्तिको कुरामा गरौं । यो लफडामा नछिरौं, यो हलभरि चाहिँ गाईजात्रामा आको जस्तो तपाईंको सबै जात्रामा आ मान्छेलाई तपाईंको निर्वाह पनि गर्न थाल्नुभो भने लास्टाँ भोटीको फेर पनि बच्नेवाला छैन । रकम कति हुने हो ? र यो कति सालमा पत्ता लाग्ने हो यो पनि ठेगान छैन भने त्यसै अन्धाधुन्दा घोषणा गरेको जस्तो यो सहज छैन वातावरण । एउटा अर्को कुरा अब यहाँ त्यसकारण अर्को यसमा अब यो जस्तो यहाँ आवश्यकताअनुसार जस्तो भेण्टीलेशनको कुरा यो सबै कक्षको यो केरे अस्पतालको चाहिँ व्यवस्था गरिने कुरा आको छ हैन १७.३ मा यो कुरा अहिले यहाँ आउने जरुरी छैन । यो त तयारीको रिपोर्ट यहाँ आउनपर्थ्यो । अनि भेन्टिलेटर बनाउने, आइसियू बनाउने त्यसपछि त्यहाँ क्वारेन्टाइन र आइसोलेसन बनाउने तपाईंले नीतिमा राख्नुहुन्छ भने यो कति हो वर्षदिन पछि तयार हुने हो । त्यसकारण यो त हामी यति तयारी गरिसक्यौं भनेर तयारीको लेवलमा रिपोर्टमा आउनुपर्ने हो । यो त यद्धस्तरमा यो त महायुद्ध हो, जनयुद्ध मात्र होइन यो, यो झापा आन्दोलनको कुरा पनि हैन यो तपाईंको, अरु खालका सशस्त्र चाहिँ आन्दोलनका कुरा पनि हैनन्, यो त महायुद्ध, दोस्रो विश्वयुद्ध होइन, यो त अझ महा तेस्रो विश्वयुद्धको पनि ठूलो रूप हो । त्यसकारणले यो ढंगले यलाई चाहिँ आउन पर्थ्यो त्यो कुरा यहाँ देखिएन । र त्यो आओस् भन्ने पनि कामना गर्न चाहन्छु । अब यो धेरै ठाउँ साझेदारीको कुराहरू उठेको छ । अब स्थानीयसँग पनि साझेदारी, संघसँग पनि साझेदारी, सरकारकै चाहिँ तपाईंको हामी सबैले भन्छौं सरकारका मन्त्रीबाट सबैबाट हामी सुन्छौं, हाम्रो त भूगोल नै छैन । अस्ति एउटा चाहिँ तपाईंको अलिकता जोत्न खोज्नुभाथ्यो र नगरपालिकाले के के भो यहाँ सबै थाहा छ । भूगोल किन छैन ? २४ वटा क्षेत्र हैन, तपाईंले उही जिल्ला ब्यूँताउने, तपाईंले उही चाहिँ जिल्ला समन्वय अधिकारीलाई खोज्दै हिंड्ने, तपाईंले उही स्थानीय तहलाई खोज्दै हिंड्ने, एउटा जाबो संसद्को चाहिँ रकमलाई हामीले प्रयोग गर्न सकेनौं । अहिले दु:ख पाइरा स्थिति छ । कतिपय टुत्र्याउनुपर्ने अनेकखालको तल झन्झट व्यहोर्नु पर्‍याछ । संरचना बनाउन एउटा, दुईटा । २४ वटा क्षेत्रमा २४ वटा संरचना बनाउन त ल । उद्योगै पनि एक-एक वटा २४ वटा बनाउन हामीले । अनि सधैं तिनीसँग चाहिँ तपाईंको पहिला चाइने निवेदन हाल्नु पर्ने वडाध्यक्षलाई के कारण छ ? यो के यो कताबाट संघीयताको व्यवस् यो त खारेजै गर्नुपर्छ त हामीले ? काँशी जाने कुत्तीको बाटो समाएर हुन्छ ? अर्का भरमा भुइ चढेर अनि त्यसपछि लिएर

सगरमाथा चढ्ने । आफ्नो बनाउन हामीले, फेडरलिज्मको परिभाषा त पढौं न हामी कम्तीमा पनि । ह्वाट इज फेडरालिज्म ? मोटामोटी हामी त्यसको भित्र फङ्सनमा नगएपनि हल्का त्यसको त प्रारूप त छ नि । के यही भाछ अमेरिकामा ? यही भाछ इण्डियामा ? कमसेकम त्यतिमा त हामीले सिकौं । यति त अध्ययन गरौंन । यो कहाँको अध्ययन गरेर ल्याइराछौं हामीले ? त्यसकारण यसको चाहिँ सुरुवात गरौं जस्तो मलाई लाग्छ ।

अब अर्को, यो अब शिक्षाको कुरामा जहाँसम्म लर्न एण्ड अर्न भन्ने यो एकदम चाहिँ मार्मिक शब्द आयो, यो भन्दा पनि अहिले सबैभन्दा ढाड सेकिएको शिक्षामा के हो भन्दाखेरि दुई चरणको नीति त्यहाँ प्रयोग भइराछ- एउटा निजी शिक्षा अर्को सरकारी शिक्षा । एउटा सधैं दास बन्ने शिक्षा एउटा गरिबका छोराछोरी, एउटा सधैं उनीहरू मालिक बन्ने एउटा त्यो सुरुमै पढ्दाखेरि टेबल पुच्छने उसको चाहिँ जागरि सुनिश्चित हुने । यो कुराको अन्त्य गरौं न हिम्मत छ भने कमसेकम । निजी शिक्षा र चाहिँ तपाईँको सरकारी शिक्षालाई एउटा सम्म अहिले पनि यो गाईजात्रा भइसक्यो । प्याब्सन-एनप्याब्सनले जारी गरेर २२ गतेदेखि उनीहरू भर्ना लिँदैछ, सरकारलाई थाह छैन भन्छ, स्थानीय तहले तल जिम्मेवारी होला भन्छ, के हो यस्तो ? गर्ने कुरातिर हामी नलागेर लर्न अर्न हैन, दिस-द्याट भन्नेतिर लागेर अनि कहाँ पुग्छौं हामी ? यसमा चाहिँ ठोस गरेर आउनुपर्‍यो । अब अर्को चाहिँ यो, अब यो सडकका कुराहरू सबै कुरा साइकलका कुराहरू यी सबै आएका छन्, यी पोरका कुराहरू नै आएका छन् । अब नेपालीमा एउटा उखान छ के मा मुखमा लाउने माड छैन, के मा लाउने जाइफल भन्या जस्तो । अब यहाँ मान्छे मरेर चाहिँ यहाँ थला पर्ने बेला भो, साइकल लेन, त्यसपछि यो के-के लेन यो-यो बेकार यो चाहिँ तपाईँको यो हाँसोको हुने बाटो नगरे पनि हुन्थ्यो सकभर । त्यो पोहोरै गर्‍या भए अहिले नराखे पनि हुन्थ्यो कि त कति साइकल लेन बने, त्यतै गएर एकचोटि हामी माननीयहरूले उद्‍घाटन गर्दाहौं । यो राखेका राखै साइकल लेन यो त अचम्मै भो के । त्यसकारण यो राख्नलाई मात्रै किन गर्ने यो जोकड्याइँ हुनलाई । यो हटाएर कमसेकम अहिलेको थिति-मिति के छ, अहिलेको भवितव्यता के छ, त्यसमा चाहिँ एड्रेसिङ्ग गरेर जाऔं जस्तो लाग्छ । अर्को यो चिङ्गाडको पानीको कुराहरू आको छ, भेरीमा त यत्रो बग्याछ चिङ्गाड हामीले हिउँदमा देखेका छौं, चिङ्गाड ल्याउँदा पनि अब भ्यालिमा पुग्दैन, गर्ने हो भने गुरु योजना बनाएर भेरीबाट तानौं न, चिङ्गाडको त आफै पनि पानीको विवाद छ, कति कुराहरू त्यहाँ हामीलाई थाहा छ । त्यसकारण यो हुनेतिर हामी लागौं र अब पोहोर पनि त्यही भन्दियाछ, गए साल पनि त्यही भन्दियाछ । अब पानीको यसमा यो अगाडी के हो ? कुनै चाहिँ अहिलेसम्म चाहिँ तपाईँको छाँट छैन । जहाँसम्म विमानस्थलको कुरा स्तरउन्नति लेखको छ, पोहोर त कमसेकम विमानस्थल गर्ने, हेर्ने भन्ने थियो त्यो पनि अहिले काटेर ल्याइएको छ । अब यो झन् झन् उँधोगति विमानस्थलको कुरा स्तरोन्नतिको कुरा आको छ । कमसेकम विमानस्थल बनाउने प्रदेश स्तरमा भन्ने कुरा हो नि, त्यो नै यहाँ काटेर आको छ, यो कुरा यहाँ समावेश गर्न पर्‍यो । (अब सकौं माननीय सदस्य) म चाहिँ अन्तिममा आएँ, अब यो सभामुख महोदय मैले अब जस्तो यो कतिपय कुराहरू यहाँ राम्रै पनि

छन् जस्तो यो जनयुद्धकालको अथवा आन्दोलनकालका घाइते अपाङ्ग सबै द्वन्द्वपीडितहरूलाई राहत दिने उ गर्ने भन्ने कुरा छ । हुन त यद्यपि जनयुद्धको संविधानमा छैन भन्ने भो यो सीमाको कुरा पनि थिएन, अहिले त राखिदैछ अब राखिएला त्यो पनि किनकि कम्युनिष्ट पार्टीले अब त्यलाई अर्न गरेर जाने एउटा चाहिँ तपाईँको स्वामित्व बनाएर जाने भन्ने कुरा भाछ । इतिहासमा कतिपय कुराहरू छुट्छन्, त्यो त संशोधन हुँदै जान्छ नि यलाई सहजीकरण बुझौं कर्णालीबाट सुरु गरौं न त राम्रो कुरा । त्यो त एउटा इतिहास भइसक्यो, त्यलाई त त्यसको अवमूल्यन गर्ने कुरा यो समग्र चाहिँ हामीले परिवर्तनलाई नै अवमूल्यन गरेको कुरा हुन्छ, १७ हजार सहिदहरूको रगतमा हामीले कुल्चेको ठहर्छ र त्यसकारण यस्ता धृष्टता हामीले नगरौं हैन । त्यसैले यलाई चाहिँ तपाईँको संविधानमा बरु अब हामीले व्यवस्था गर्दै जाऔं । बरु केन्द्रलाई पनि हामीले आकर्षित गर्दै जाऔं । कति अरु कुरा छुटेका होलान् त्यलाई पनि हामीले सहभागी गराऔं । त्यसकारण यसमा अब मैले ठोस रूपमा यो कोरोनाको कुरा, रोजगारको कुरा, उत्पादनको कुरा तिर अलि ठोस भएर चाहिँ आउन पऱ्यो, अलि बजेट छरिएर पोहोरकै कुरा दोहोरिएर आको छ, यलाई जसरी पनि तपाईँको केही बुँदाहरू थपेर अलिकति यलाई प्रस्कृत गराउन जरुरी छ । धन्यवाद ।

**माननीय सभामुख:** माननीय सदस्यहरू, प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमाथिको छलफल भोलि पनि जारी रहने कुरा जानकारी गराउँछु । बाँकी, बोल्न बाँकी माननीय सदस्यहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउनेछु ।

माननीय सदस्यहरू अब यो बैठक २०७७ साल जेठ १९ गते सोमबार दिनको ३:०० बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

**(वि.सं. २०७७ साल जेष्ठ १९ गते सोमबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुखः** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैठौं अधिवेशनको सातौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानार्कषण गराउनु पर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु ।

सर्वप्रथम माननीय श्री दीनबन्धु श्रेष्ठ, समय ५ मिनेट ।

**माननीय श्री दीनबन्धु श्रेष्ठः** माननीय सभामुख महोदय,सर्वप्रथम त हिजो राति भारतइण्डियबाट आएको हाइस गाडी बाँकेको अगैयामा त्यसमा सवार सलेन,दाङ्ग र रोल्पाका नागरिकहरू बसेर आएको गाडी अगैयामा ट्रकसँग ठोकिदा दुःखद् दुर्घटना भएको छ । त्यसमा निधन हुनुभएका १२ जनाको अहि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु त्यस्तै घाइते २१ जना प्रति शीघ्र स्वास्थ्य कामनाको गर्दछु । सभामुख महोदय, र दैलेख कोभिड-१९ पोजेटिभबाट दैलेख दुल्लुका १ जना व्यक्तिको निधन भएको छ । म उहाँप्रति पनि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । अब, कर्णाली प्रदेश सरकारले जसरी अगाडी यो कोभिड-१९ लाई रोकथाम गर्न र यलाई क्षतिबाट कमभन्दा कम गर्न जसरी कर्णाली सरकार अगाडी बढेको हामी देखेका थिइम् तर हामीले विश्वास पनि गरेका थियौं । अन्य क्षेत्रभन्दा कर्णाली प्रदेशमा कोभिड-१९ को महामारी धेरै कम हुन्छ भन्ने सोचमा थियौं तर जसरी सरकारको प्रचार-प्रसार र काम गराइको शैली हेर्दा हामीलाई आशा थियो तर त्यसको परिणाम जति सोचेका थियौं, त्यो आउन सकेन । त्यो कारण के हो भने कर्णाली प्रदेश सरकारले आफै निर्णय गर्ने, त्यो निर्णयमा अट्न नसक्ने, त्यो निर्णय कार्यान्वयन गरेर पनि यो स्थिति आएको हो । सुरुबाट हामीले कोभिड-१९ हामीलाई जतिपनि अहिले भयावह स्थिति सिर्जना भएको छ, छिमेकी राष्ट्र भारतमा वैदेशिक रोजगारमा गएका नागरिकहरू फर्किने बेलामा सुरुमा केही ध्यान पुऱ्याउन पर्थ्यो, त्यो पुऱ्याउन सकेनौं त्यसैको प्रतिफल हो अब त्यतातिर सोचेर फाइदा छैन । सभामुख महोदय, अब यो आजसम्म कर्णाली प्रदेशमा सङ्क्रमित १९८ जना भइसक्यो, दिन प्रतिदिन ४०-४५ जनाको दरले बढीरहेको छ । मृत्यु १ जनाको भयो र यसमा करिब-करिब कर्णाली प्रदेशका दैलेख, सुर्खेत, सलेन, जुम्ला कालिकोट र मुगु जिल्ला प्रभावीत भइसकेका छन् र दिनप्रतिदिन बढ्दैछ । यो अझ भयाबहको स्थिति अगाडी बढ्दै छ ।

सभामुख महोदय, त्यही छिमेकी राष्ट्र इण्डियाबाट फर्किएका जुम्लाको कर्णाली प्राविधिक शिक्षालयको क्वारेन्टाइनमा बसेका व्यक्तिहरूमध्ये परीक्षण गर्दा कोभिड-19 को पोजेटिभ १७ जना, हिमा गाउँपालिका र सिँजा गाउँपालिकाकोमा देखियो र त्यहाँ उनीहरूलाई

सुरक्षामा खटिएका २ जना सुरक्षाकर्मीमा पनि कोभिड-19 को संक्रमण देखियो र अब, जुम्लामा जम्मा १९ जनाहरू संक्रमितहरू छन् र हिजो नै राति ११:०० बजेतिर इण्डियाबाट यहाँ आएका भारतबाट नै आएका मानिसहरूलाई लिएर करिब-करिब ३५ जना जति मानिसहरू जुम्ला पुग्दा क्वारेन्टाइनको एउटा व्यवस्था नहुँदा त्यसैमध्येबाट धेरैजसो मान्छेहरू क्वारेन्टाइनमा नबसेर आफ्नो घरमा गएको परिस्थिति छ र आज जुम्ला भयावह परिस्थितिमा छ र यतिले मात्र होइन, हिजो हामीले चैतबाट बैशाख-जेठसम्मको बीचमा जति पनि छिमेकी राष्ट्र इण्डियाबाट वैदेशिक रोजगारमा गएका मान्छेहरू कर्णाली प्रदेशभरि र जुम्ला लगायतका हामीले सुरुमा कर्णाली प्रदेशले एउटा व्यवस्थापन गरेर हामीले नाकामा, नाका नभए कर्णाली प्रदेशमा, नभए जिल्लामा हामीले क्वारेन्टाइन गरेर राख्नु पर्थ्यो । त्यो गर्न सकेको स्थिति भएन र प्रदेश सरकारले जिल्ला, जिल्लाले गाउँपालिका, गाउँपालिकाले वडामा पठायो । उनीहरू प्रत्येक मान्छेहरू परीक्षण नभएर घरमा पुगे । आज त्यो संक्रमण दिनप्रतिदिन फैलिने छ । उनीहरूको हामीले कसरी अअव संक्रमणहरूको पत्ता लगाऔं र परीक्षण कसरी गर्ने हो ? सम्भव देख्दैनौं हामी ।आज म त्यहाँ स्वास्थ्यकर्मीहरूसँग पनि सम्पर्कमा छु । वडा भयावहको स्थिति आयो, को कहाँ हुनुहुन्छ ?कसरी हामी पत्ता लगाउन गाह्रो भयो भने स्थितिमा हामी पुग्यौं । जुम्ला मात्र होइन कर्णाली प्रदेशभरि त्यो स्थिति सिर्जना भयो । यसमा अब अहिले आएर सरकार यसरी गम्भीर हुने होइन भने मलाई लाग्दछ । कर्णाली प्रदेश १/२ नम्बरमा ठूलो यो चाहिँ तपाईँको यो कोरोना भाइरसको जोखिममा पर्दैछ, हाम्रो नियन्त्रणभन्दा बाहिर जाँदै छ, यसमा कर्णाली प्रदेश सरकारले कति गम्भीर छ ? अब, आर्को कुरो जुम्लाको स्वास्थ्य विज्ञान प्रतिष्ठानले साविकको कर्णाली अञ्चलका जिल्ला मात्र होइन,त्यो कर्णाली प्रदेशका अन्य जिल्लामा पनि सेवा पुऱ्याइरहेको थियो, अबपरीक्षणको दायरा पनि पहिलाको भन्दा बढाइरहेको थियो । पहिला हामीले परीक्षण नै गरेनौं २ महिनासम्म हाम्रो कर्णाली प्रदेशमा संक्रमित हुन्नौं भन्यौं। जब परीक्षण बढ्दै गयो संक्रमितको संख्या झन् बढ्दै गयो । अब अहिले कर्णाली प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि के छ भने त्यहाँ पनि कीटहरूको अभाव भैसक्यो किट छैन र यलाई परीक्षणको दायरा अझ बढीभन्दा बढी बढाउनु पर्ने स्थिति छ, म सभामुखमार्फत कर्णाली प्रदेश सरकारको ध्यान आर्कषण गराउन चाहान्छु, यदि अब त्यहाँ तपाईँको क्वारेन्टाइन बन्ने स्थिति छैन भने हामी ७९ गाउँपालिका र तपाईँ नगरपालिकाहरूलाई पनि कति आर्थिक दिनुपर्छ, त्यो हामी एउटा व्यवस्थित क्वारेन्टाइन, आइसोलेसन र अन्य स्वास्थ्य सामाग्रीहरू उपलब्ध गराउनलाई त्यो पैसाको पनि व्यवस्था गर्दा समयमा गर्दा एउटा पोजेटिभ रिजल्ट निक्सेला, हैन भने भोलि गाह्रो हुन्छ जस्तो लाग्छ र पहेंलो बत्ती बलिसक्यो र अर्को मलाई सुन्नमा आएको छ । हिजो भर्खर कर्णाली प्रदेश सरकारले पीसीसी पीसीसीएमसीले सीसीसीएमसीलाई कर्णाली प्रदेशभित्रका साबिकका कर्णाली अञ्चलका जिल्लामा यार्चागुम्बा संकलन र शैक्षिक क्षेत्र खुल्ला गर्ने र यार्चागुम्बा संकलन जेठ २५ गतेबाट भनेको छ । मलाई लाग्दछ, अहिलेको यस्तो महामारी कर्णाली प्रदेशमा यले हाम्रो नियन्त्रणभन्दा बाहिर जानेछ कोभिड-१९ तर त्यो दिने हो भने कर्णाली प्रदेश

सरकारलाई त्यलाई नियन्त्रण गर्ने मापदण्ड के छ ?प्रष्ट छ कि छैन ?हचुवाको भरले नगरौं यो भोलि यले दिने परिणाम ठूलो दुःखदायी हुन्छ । यो पनि म सभामुख महोदयमार्फत सरकारलाई जानकारी गराउन चाहान्छु । अन्तमा (सकौं माननीय सदस्य), मैले सके सभामुखज्यू, अन्तमा म के भन्न चाहान्छु भने कर्णाली प्रदेश सरकारले क्वारेन्टाइनमा हजारौं मान्छे आए अब त्यो व्यवस्थापन गर्न सक्ने स्थिति छैन भने त्यसको विकल्प के हो ?समयमा दिनु पर्‍यो र अर्को कुरो अब सरकारसँग कोभिड-19 को नियन्त्रणका लागि ठोस कार्ययोजना के छ ?त्यो पनि प्रष्ट आउनु पर्‍यो । त्यो अनिर्णयको बन्दी बन्नु भएन, कहिले गाउँपालिकामा क्वारेन्टाइन, कहिले प्रदेशमा क्वारेन्टाइन, कैले नाकामा क्वारेन्टाइन तर त्यसको रिजेल्ट(सकौं माननीय सदस्य सकौं) के छ कार्यान्वयन चाहिँ त्यसरी प्रभावकारी भएन ।, यी सबै कुराहरू म माननीय सभामुखज्यूमार्फत् कर्णाली प्रदेश सरकारको ध्यानआकर्षण गराउन चाहान्छु । धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री गुलाबजंग शाह, त्यसपछि माननीय श्री झोवा वि.क. तयार रहनु होला ।

**माननीय श्री गुलाबजंग शाहः** माननीय सभामुखज्यू, म आज खासगरी हाम्रो प्रदेशमा जसरी कोरोना प्रभावीत संक्रमितको संख्या दिनानु दिन बढ्दैछ । यसैको सन्दर्भमा हिजो राति भारतबाट आफ्नो स्वदेश, आफ्नो घर जाने क्रममा नेपालगञ्जबाट सलेन जाने एउटा गाडी रातको १२:०० बजे अर्को बसमा ट्रकमा ठोक्किन गई त्यहाँ भित्र रहेका ३३ जनामध्येमा १२ जना मान्छेको मृत्यु भएको छ । बाँकीको संख्या अहिले भेरी अञ्चल अस्पतालमा उपचार गराइरख्नु भको छ । मृत्युबरण गर्नुहुने दाङ्ग, सलेन, रोल्पाका सबै ती मृतकप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र बाँकी जो स्वास्थ्य उपचारमा हुनुहुन्छ, सरकारमार्फत यथोचित ढंगले उपचारमा सहयोग पुर्‍याउन सभामुखज्यूमार्फत अनुरोध गर्न चाहान्छु ।

माननीय सभामुखज्यू, फेरि पनि कुरा कोरोनाकै उठ्छ । मैले पूर्ववक्ता माननीयज्यूले भने जस्तै अहिले हाम्रो करिब-करिब कर्णाली प्रदेशमा २ सयको संख्यामा जति हामीले टेस्ट गरेका छौं । त्यसमध्येमा २ सयको संख्यामा करिब-करिब पुगिसकेका छौं । अझैं आरडीटी या पिसीआर टेस्ट भइसकेका रिजल्ट नआएका थुप्रै त्यो संख्यामा हुनुहुन्छ भन्ने हामीले अनुमान गरिरहेका छौं । बाँकी हामीले थुप्रै संख्यामा त्यो पिसीआर टेस्ट गर्न सकिरहेका छैनौं । सायद स्वास्थ्य सामग्रीकै अभावकै कारणले होला तर पनि यो व्यवस्था दिनप्रतिदिन एउटा महामारीको रूपमा फैलिरहेको छ । यसलाई हामीले अब कसरी यसलाई नियन्त्रण गर्ने होला ? हुन सक्छ सरकारसँगसीमित साधनस्रोतका कारण पनि हामीले त्यो टेस्ट गर्न नसकेको हुनुपर्छ तर पनि अब यतिका संख्यामा हाम्रो प्रदेशमा भित्रिसके पछि अब कसरी यी सबै मान्छेहरूलाई क्वारेन्टाइनमा राखेर आरडीटी या पिसीआर टेस्ट गरेर कसरी वास्तवमा त्यसको उपचारको विधि अगाडी बढाउने होला ? भर्खरै मात्रै एउटा दृष्टान्त दिन चाहान्छु सभामुख महोदय, वनगाढ कुपिण्डे नगरपालिकामा २६ जना २५ एक २६ जना गरी पिसीआर

पोजेटिभ देखियो, हामीले सरकारको तयारी अन्तर्गत कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान एउटा, एउटा प्रदेश अस्पताल सुर्खेत, एउटा सामुदायिक अस्पताल चौरजाहारीमा कोरोना परीक्षण पोजेटिभ देखिसकेपछि सम्बन्धित नजिक पर्ने स्थानमा उपचार गराउने भनेर ३ ओटा अस्पताललाई तोकेको जस्तो मलाई लाग्छ । सरकारले पनि यी ३ ओटै अस्पताललाई सकेको सहयोग गरेजस्तो मलाई लाग्छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान अहिले पनि संघ सरकारको मातहतमा छ । प्रदेश अस्पताल हाम्रै मातहत छ भन्ने हामीले सुनेका छौं। सामुदायिक अस्पताल चौरजाहारी हिजो एउटा संस्थागत ढंगले चलेको एउटा संस्थाले चलेको एउटा अस्पताल थियो । हामीले ३ ओटा अस्पताललाई त हामीले तोक्यौं तर आज ती ३ ओटा अस्पतालले हाम्रा बिरामी भर्ना गर्न किन मानिरहनु भएको छैन ? सरकारको पैसा ती अस्पतालहरूलाई सहयोग गर्नुपर्ने, मेरो जिल्लामा भएको जिल्ला अस्पताल नाजुक अवस्थामा छ, जो सरकारी अस्पताल हो । संघबाट सञ्चालित भएको कर्णाली विज्ञान प्रतिष्ठानलाई सरकारले सहयोग गर्नुपर्ने, संस्थाबाट चलेको अस्पताललाई सरकारले सहयोग गर्नुपर्ने तर जनताका छोरा बिरामी हुँदा वास्तवमा ती अस्पतालमा भर्ना किन नलिनु पर्ने, नलिइनु पर्ने ?मैले सुन्दैछु, प्रदेश अस्पताल सुर्खेतका मेडिकल सुपरिटेन्डेन्टले सलेनबाट बिरामी ल्याउनु हुँदैन भनेर ब्यापक ढंगले लाग्नुभयो रे। यदि प्रदेश सरकार मातहतको अस्पताल हो भने उहाँले त्यो कुरा किन अबज्ञा गरिरहनु भएको छ ?तर ढिलै भए पनि आज त भर्ना लिनुभएको छ । भनाइको अर्थ के हो भन्दाखेरि प्रदेश सरकार मातहत भका अस्पतालहरूले जसरी सरकारबाट सुविधा पनि लिनुभएको छ । सरकारले सायद त्यस्तो महामारी आउन सक्छ भनेर बेलैमा ती अस्पतालहरूलाई सहयोगको सुविधा पनि गरेको छ तर पर्याप्त रकम नहुन सक्छ । पर्याप्त रकम नहुन सक्छ तर सरकारले तोकेका अस्पताललाई वास्तवमा सरकारले भनेको कुरा मैले माननीय मुख्यन्त्रीज्यूलाई भनेको छु, माननीय मन्त्रीज्यूहरूलाई भनेको छु, अस्पतालहरूले भर्ना लिन किन मानिरहेका छैनन् ? यदि यस्तो हो भने सरकारले ती अस्पताललाई सहयोग गर्नुपर्ने कारण किन ?अब, यस्तै हो भनेपछि ३ ओटा मात्रैलाई अस्पताल तोकेर हामीले आफ्नै जिल्लामा त्यो पैसा किन नलैजाने ?र सरकारले वास्तवमा तोकिएको अस्पताललाई भर्ना नलिए वापत वास्तवमा ती कर्मचारीलाई कुन ढंगले हेरिनुपर्छ सभामुखज्यूमार्फत सरकारलाई अनुरोध गर्न चाहान्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री झोवा वि.क., यसपछि माननीय श्री मिनासिं रखाल तयार रहनुहोला ।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, हिजोको बस ठोक्किएको मृत्यु भएकोलाई श्रद्धाञ्जली म व्यक्त गर्दै छौ । ती बिरामीहरूलाई तुरुन्ता हस्पिटल चाहिँ छिटोभन्दा छिटो भर्ना गर्नु माग गर्दै माग गर्दैछु । हाम्रो यो सरकारले लापता गर्दै पहिला भनेकै हो, यो सु कर्णाली प्रदेशमा चाहिँ यार्चागुम्ब खाएको डाँडाकाँडा भएको सरकारी कर्णाली प्रदेश हो भनेर यो भाइरस कोरेनको आउन सक्दैन हामीलाई छिर्न सक्दैन भन्यो हामी एलिकता घमण्ड गरेर यो बबईमा चाहिँ भारतबाट आएको त्यै केरे आएको मान्छेलाई त्यै केरे त्यहिँती चेक गरेपछिमा

आफ्नै जिल्ला-जिल्लालाई पठाएपछिमा हामीलाई यत्ति रोग फैलाउदैन । अब गाउँगाउँमा पठाइसके पछिमा डक्टर गाउँ-गाउँमा जाँदैन । हाम्रो माथि मुगुम कार्मारोङ्ग, यो डोल्पा, हम्लातिर केबाट यो, के पीसीसी हो कि क्या केबाट त्यहि गाउँ-गाउँमा जाने हो कि डाक्टर कसरी जान्छ कि । यति रोग भएको बेलामा डाक्टरलाई पनि ज्यानको माया, सरकारलाई पनि ज्यानको माया । पहिला होशियार गर्नु पर्न्या पहिलादेखि यसोरी भारतबाट आएको मान्छेलाई बबई भएपछिमा, मात्र सुर्खेत भएपछिमा चेक गर्दै पठाएपछिमा यसरी हुन्या धेरै रोग फैलाउने पनि थिएन । अब रोग फैलाइसके पछिमा त रोग आइसकेपछिमा रोगलाई ठूलो भन्दैन, सानो भन्दैन । रोगलाई उकालो भन्दैन, रोगलाई ओरालो भन्दैन सबैलाई चेप्छन् । हामी सरकारी हो भनेको घमण्ड गरेपछिमा हामी यति जना चेक गरेपछिमा फेरि चेप्न पनि सक्छ । त्यैलाई पहिलैदेखि होशियार गरेपछिमा हुन्छन् । अब यो छिटोभन्दा छिटो गाउँघरमा चाहिँ यो कुना-कोप्चामा छिटोभन्दा छिटो डाक्टर पीसीसी हो कि त्यै पठाउन सुरु छिटोभन्दा छिटो मेरो माग छ । अब केही यो यार्चागुम्बा टिप्नुलाई अनि खोल्यो भनेपछिमा पहिला यार्चागुम्बो आफै त त्यो दम लागेला, दम लागेर पर जान सक्दैन कत्तिको मान्छे मर्छन् । फिरि यो रोग हुँ हुँदै फेरि यार्चागुम्बा खालेपछिमा झन् मान्छे यो साल झन् भुतुक्कै मान्छे मर्छन् । त्यलाई फेरि चाहिँ खोल्नुहुँदैन अनियी स्कुल पनि अब यो हुँदैहुँदै अब स्कुल खोले पछिमा भोलि चाहिँ बच्चाहरूलाई खराब हुन्छ त्यहिलाई मेरो माग छ । हवस् धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री मिना सिंह रखाल, यसपछि माननीय श्री अमृता शाही तयार रहनु होला ।

**माननीय श्री मिनासिंह रखालः** माननीय सभामुख महोदय, हिजो मात्रै माइक्रोबसमा दुर्घटना हुनुभएका १२ जना मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । २१ जना घाइतेप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सभामुख महोदय, जसरी कोरोना भाइरसले हामी सबैलाई आतंक गरिरहेको बेलामा दैलेख जिल्लामा कृषकहरूलाई फेरि खेतीपातीमा रोग लाग्नेको कारणले आतंक बनाइरहेको छ । दैलेख जिल्ला माहाबु गाउँपालिका १ नम्बर, २ नम्बर र ३ नम्बर वडामा अहिले गोड्न लाइरहेको मकैमा गोबारो लागेर ती तीनटा वाडमा मकैहरू सखाप भएका छन् । त्यहाँका किसानहरूले फेरि मकै लाउने कि के गर्ने भनेर दोधारमा परिरहेका केही त मकै लाउन पनि सुरुवात गरिरहेको सुन्नमा आएको छ । त्यसकारणले म के भन्न चाहान्छु भने हामीले अर्गानिक खेती प्रणाली, रैथाने बाली भनिरहेको बेलामा हामीले लगाएका बालीहरू आज गोबारा भन्ने रोगबाट मकैबाली नष्ट भएको हुँदा म कर्णाली प्रदेश सरकारलाई के अनुरोध गर्न चाहान्छु भने छिटोभन्दा छिटो ती दुई-तीनटा वडामा प्राविधिकहरूलाई पठाएर त्यहाँको रोगको परीक्षण र माटोको परीक्षण गरेर अहिले फेरि सुरुवात मकै लाउन सुरुवात गरिरहेको बेलामा त्यसको माटोको परीक्षण गरियोस् र मात्रै

किसानलाई फेरि बाली लगाउने निर्देशन गरियोस् भन्ने म यो सदनबाट कर्णाली प्रदेश सरकारलाई सभामुखद्वारा अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री अमृता शाही । यसपछि माननीय श्री खड्कबहादुर खत्री तयार रहनुहोला ।

**माननीय श्री अमृता शाही**: सभामुख महोदय, विशेष समयमा विशेष कुरा भन्दै छु । आज हिजो राति १२:०० बजे बाँकेको अगैया भन्ने ठाउँमा भारतबाट आएका मानिसहरू चढेको मिनीबस ट्रकसित ठोकिदा १२ जनाको मृत्यु भयो र २१ जना घाइते । मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्छु र घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्छु । अर्को कुरा सभामुख महोदय, हाम्रो भेरीगंगा नगरपालिका वडा नम्बर १० को मदानेचौर भन्ने ठाउँमा ४ बर्षे बालिका ५ दिन अगाडी २५ बर्षीय केटाले बलात्कार गरेर त्यो केटीको बिचल्ली भएको छ किनकि दिन प्रतिदिन यस्तै लेकवेशी वडा नम्बर कुइरे भन्ने ठाउँमा वडा नम्बर ६ हो कि कति मैले त्यो वडा नम्बर बिर्सिएँ, ७ बर्षे बालिकालाई वर्ष अन्दाजी वर्ष ३० कोले बलात्कार गरी ऊ पनि सस्त घाइते छन् । यो के भयो सभामुख महोदय, यो कर्णाली प्रदेशमा ? कहीँ मान्छे मारिएका छन् जातको आधारमा, कहिँ बलत्कृत भएर मरका छन्, कोरोना त विश्वव्यापी सबैलाई रुवाएको छ, यसको त कुरै छैन । अब, कर्णालीमा नरुवाउने त कुरै भएन, कोरोनाले त रुवायो-रुवायो अरु घटना पनि घट्दैछन् दिनप्रतिदिन । कोरोनाबाट मर्नेको संख्या पनि अब बढ्न बढ्दै जान लाग्यो । दैलेखमा १ जना हिजो मरे मृतकप्रति मेरो हार्दिक श्रद्धाञ्जली अर्पण गर्छु ।

सभामुख महोदय, यो बालिका बलात्कृतको घटनालाई सत्य-तथ्य, त्यो अपराधीलाई सकेसम्मनको हदैको कडासम्म कडाभन्दा कडा कारबाही हुनुपर्छ किनकि अहिले बालिकालाई कोहिले गर्भैबाट मार्छ भने कोहिले अब यस्तो ४ वर्ष, ५ वर्ष, ७ वर्षको बालिकालाई पनि त्यस्तो अपराधी काम गरेर त्यो त्यस्तो घाइते बनाउने भन्या यो सानो कुरा होइन, यसलाई सभा सभामुखमार्फत कर्णाली प्रदेशको सरकारको ध्यान आर्कषण गराउन चाहान्छु । र अर्को कुरा भारतबाट आउनेको लर्को भेरीगंगा नगरपालिकाको बबई भन्ने ठाउँमा एकदमै धेरै भएर त्यहाँ मान्छेहरू त्यो अरुभन्दा पनि त्यो गाउँको र त्यो सानो-सानो बजार छ, त्यो बजारको मान्छेहरूलाई पनि सर्छ भन्ने डर भैसक्यो कीटहरू छैन भन्छन् त्यहाँको मान्छेहरूले त्यो कीटहरू पठाइदिन पर्‍यो । र त्यहाँबाट छिटोभन्दा छिटो कसरी हुन्छ,त्यहाँको त्यो भीडलाई यतातिर पास गरेर, कहाँ हुन्छ चेक गर्ने चेक गराएर आ-आफ्ना ठाउँमा क्वारेन्टाइन बनाएर राख्न पर्‍यो । सभामुख महोदय, यस्तै लापरबाही हो भने यो नेपालीभन्दापनि हाम्रो कर्णालीवासी चाहिँ एकदमै संकटमा पर् पर्छौं जस्तो लाग्छ मलाई किनकि दिनप्रतिदिन मान्छेभरि इण्डियाबाट आउँदैछन् । कीट छैन, कीट भएको अलिअलि भाको अस्पतालमा ठिकै छ, हेल्थ पोस्टमा पठाइ दिन्नन् भनेर भन्छन् । जसरी हुन्छ त्यहाँ एकदमै व्यवस्था गर्नुपर्‍यो । दिनभरि कुराएर राति साँझखेर पठाउँछन् त्यहाँबाट, मान्छेहरू भोकै त्यसपछि यहाँ

आउँछन्,यहाँ यहाँ पनि त्यस्तै रातभरि एउटै खोरमा हुल हुलेर अथवा एउटै भवनमा बसालेर सब कोरोनाले सबलाई निरुवालाई अथवा रोगी सब एकनास हुने भए सभामुख महोदय, यसको सभामुखमार्फत कर्णाली सरकारको र स्वास्थ्य मन्त्रीको ध्यान आर्कषण गर्न चाहान्छु, हस्त धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय श्री खड्कबहादुर खत्री । यसपछि माननीय श्री गोपाल शर्मा तयार रहनुहोला ।

**माननीय श्री खड्कबहादुर खत्रीः** माननीय सभामुख महोदय, यो मादक पदार्थ सेबन यो रक्सिका कारणले धेरै कुराहरू यो आग्रीगाउँको घटना पुलिसले पुलिसलाई, बर्दी लगाको पुलिसले डिउटिमा खटिएको त्यसको छानविन भएन । अस्ति प्रदेश कर्णाली प्रदेशको प्रमुख मुख्यमन्त्रीबाट उत्तर आएन । यो घटना यति अप्ठ्यारो छ, अहिले त्यलाई त्यो चार जना जुन पुलिस छन्, जुन हतियार पेस्तोल ईन्चार्जसँग छ । चार जना अहिले हुइ हुनुहुन्छ, संगै बसेको, संगै सुतेको जो डिउटीबाट आको, डिउटीमा चाहिँ राइफल हुन्छ, पेस्तोल इन्चार्जसँग हुन्छ, त्यो पेस्तोल राखेर, १० लिटरको जर्किनमा ८ लि ८ लिटर रक्सि चाहिँ खाइएको छ । त्यो चाहिँ बरामत भएको छ । त्यस्तो ठाउँमा त्यो कुरा उठिरहेको छैन । यो रक्सिसँगै गाँसिएको कुरा अघि पूर्ववक्ता माननीयज्यूले कुरा उठाइसक्नु भो, मैले मन्त्रीज्यूलाई पनि बिहान खबर गरेको छु । १३ नम्बर बेडमा ३ महिना बाँकी छ ४, ४ वर्ष पुग्न असारमा ४ वर्ष पुग्नुहुन्छ उहाँ त्यो नानी । रक्सिकै कारणबाट ५ बर्षेदेखि लिएर साढे १ बजे रातिको त्यो पनि बाबुको, त्यो नानीको बाबु, पुलिसमा सशस्त्र प्रहरी सशस्त्र बलको प्रहरी जवान डिआइजिलाई फोन गरेर जनपथ र पुलिस लागेर खोजेर त्यो पनि परालको टौवामा अहिले त्यो पाठेघर फुटेको छ । र त्यस्तो अवस्थामा डाक्टरसँग सम्पर्क गर्दा उसको होस् छैन र उसको स्वास्थ्य उपचार र राहातको व्यवस्था होस् । मैले बिहान मन्त्रीज्यूलाई पनि कुरो गर्दा वचन दिनुभको छ । मलाई लाग्छ व्यक्तिगतभन्दा संस्थागत जानपर्छ र त्यस्तै उसको यो लेकवेशीको घटना पनि यस्तै छ, विशेषगरी ती रक्सिका कारणले जस्तै त्यो मादक पदार्थ सेवनलाई हामीले हिजोदेखि समाजमा करका नाममा अलिकति बढाउदैएउटा राजस्वको नाममा चाहिँ गर्ने गरिएको छ, यसप्रति ध्यान सरकारको जाओस् । मलाई लाग्छ हिजोको दिनमा हामी रक्सि बन्द गर्नुपर्छ समाजमा विभिन्न टोलमा, समाजमा गरियो । आग्रीगाउँमा पनि त्यहि घटना थियो, रक्सि चाहिँ निषेध गरिएको थियो । त्यही ठाउँमा रक्सिको जर्किन बरामद भयो, त्यो घटना अहिले जस्ताको तस्तै छ । र जुन सुरक्षाकर्मी एउटा बर्दिप्रति कति विश्वास गर्ने समाजमा अराजकता उत्पन्न भएको छ र त्यो भाको कारणले गर्दाखेरि यसप्रति सरकारको ध्यान जान पर्छ र मलाई लाग्छ यसप्रति सरकारको आउँदा दिनमा यो मादक पदार्थ सेवनलाई नियन्त्रण गर्ने वा निषेध गर्ने कुरातिर हामी जान सकियो भने समाज समाजमा अमनचयन, शान्ति सुरक्षा हुन सक्छ र यो अर्को म के आग्रह गर्न चाहान्छु त भन्दा अब हामीले हिजोका दिनमा धेरै कुराहरू गऱ्यौं, सरकार हामी, हामी पनि सरकारका सदस्य थियौं,

माननीय हौं । हामी पनि जनप्रतिनिधि एउटा जुन सार्वभौम सत्ता शब्दमाथि लेख्दा धेरै कुरा छ, माननीय छौं मलाई लाग्छ यो माननीयको कुरा केन्द्रीय सरकारबाट, संघीय सरकारबाट, संविधानबाट अहिलेसम्म हामीलाई संविधान बनाउनमा अथवा ऐन-नियम बनाउनेमा पनि छैन । बनाइए पनि बाझिएर हामी आउने, भत्ता लिने, जनताले हामीप्रति आशा गर्ने, जनताले माननीयज्यूहरूले सबै टोटल ठाउँ मलाई लाग्छ जति माननीयज्यूहरू हामी छौं, कुरा सरकारलाई राख्यो, सरकारसँग अधिकार छैन अनि त्यो संविधानभन्दा विपरीत भटाभट यो गर,उ गर भन्ने पछाडि चाहिँ अनि कामकारबाही सुरु हुने । पहिला काम गर्ने, बिल मिलाउने अनि पछि त्यसपछि गर्ने मैले एउटा सरकारमा केही समय बस्ने मौका पनि पाएँ । पहिला निर्णय, पछि प्रस्ताव अबयस्तो सिस्टम हुन्छ कि हुँदैन ?यो मलाई लाग्छ यो माननीयको पनि हामी कसरी बस्ने ? कसरी खाने ? कसरी बाल्ने ? के-के बोल्न पर्छ ? विधेयक के हुन् ?यी प्रक्रियामा पनि हामीले पूर्णरूपले मलाई लाग्छ मैले थाहा पाएको छैन, अरु धेरैले थाहा पाउनुभाछ कि मलाई जानकारी छैन । यसमा पनि प्रशिक्षणको व्यवस्था म लाज नमानेर भन्न चाहान्छु, हाम्रा यो कर्णाली प्रदेशका दाजुभाइ दिदीबहिनीहरूले कार्यालय चिन्दैनन्, नेपाली भाषा पढ्न आउदैन । अनि चिजहरू अहिले अमेरिका बसेर विज्ञहरूबाट काठमाडौं बसेर यहाँ प्रशिक्षण सुरु सुरु हुन लाग्यो । मलाई लाग्छ माननीयज्यूहरूलाई पनि भोलि यस्तै किसिमको सुरुवात भयो भने ९० प्रसेन्ट जनताहरू एकापट्टि अनि विभिन्न जातका नाममा दुःखीका नाममा मलाई लाग्छ, मेरो पहुँच हाम्रो त्यो भनौं क आग्रीगाउँको घटना - न सरकारीबाट पहुँच छ, न कर्मचारी ब्यूरोक्रेटबाट चाहिँ पहुँच छ, न राजनीतिबाट पहुँच छ, न नेतृत्वबाट पहुँच नभएका कारणबाट यो केश ओझेलमा परेको छ । तपाईँहरू सम्झनुस् यो मलाई लाग्छ आग्रीगाउँको मात्रै घटना होइन, सुर्खेतको मात्रै घटना होइन, यो प्रत्येक ठाउँ घटना घट्न सक्छ । मलाई लाग्छ, आज धेरै मान्छेहरू आन्दोलनमा मरे, धेरै मान्छे सहादत प्राप्त गरेर आइयो, मलाई लाग्छ तपाईँहरू विज्ञ लडाकु हुनुहुन्छ, हिजो भनौं यस्तो यो संघर्ष गरेर जनताका परिवर्तनका निम्ति, जनतालाई फाइदाका निम्ति, जनतालाई लाभ हुनका निम्ति, गरिबलाई चाहिँ भनौं धनि बनाउनका निम्ति अथवा भनौं काम नगर्ने फटाहा, बदमास, जालीहरूलाई तह लगाउनलाई बनेको सरकार, हाम्रो कमाण्डर अहिले मुख्यमन्त्री पनि हुनुहुन्छ । म आग्रह गर्न चाहान्छु कि यी संविधान संविधानमा भएका कुरा कानून अनुसार कानूनलाई रुपान्तण गर्दै संघीय सरकारको प्रधानमन्त्रीसँग पनि कुरा गर्ने तपाईँको थलो छ । त्यो ठाउँमा परिषद्मा बसेर संविधानलाई जति सक्यो छिटो हामीले भनौं आफ्ना कुरा राख्न सक्ने संविधान बदल्न सक्ने संविधानबाट भएका कुरा कानून ऐन-नियम कानून चाहिँ बदलेर हामी त्यो विधिबाट चल्न सकियो भने प्रभावकारी हुन सक्छ । हाम्रो त के देखियो भने आज यहाँ बोल्ने त्यसपछि ती बोलेका कुरा ती हिजोकै कानूनमा टेक्दै अगाडी बढ्ने अवस्था सिर्जना भएको छ । म के आग्रह गर्न चाहान्छु भने यो कोरोना भाइरसको अवस्थामा मेरो निर्वाचन क्षेत्र तीनट छ । सुर्खेतमा लगभग अहिले ५ हजार, ६ हजारको हाराहारी पुगिसक्यो र कीटको व्यवस्था भा'छैन । केन्द्रीय सरकारको राज्यमन्त्री यहि प्रदेशको हुनुहुन्छ र मलाई

लाग्छ यो सुर्खेत र दैलेख विशेषगरी जाजरकोट यो क्षेत्रमा निगरानी चाहिँ सामाजिक मन्त्रीज्यूको र स्वास्थ्य मन्त्रालयको चाहिँ कम भएको छ र त्यसपछि चाहिँ कीट र परीक्षणको व्यवस्था छिटोभन्दा छिटो होस् र बच्ने अवस्था छैन । क्वारेन्टाइनको यो मापदण्ड हामीले मापदण्ड चाहियो, अमेरिका जस्तो हुन पर्‍यो, जापान-भारत जस्तो हुनुपर्छ भन्ने छैन । स्कुलमै भएका मान्छेलाई पनि समयमा हामीले परीक्षण गर्न सक्यौं र तिनलाई सबै चाहिँ व्यवस्थापन गर्न सक्नेहो भने केही मान्छेहरू बाँच्न सक्ने अवस्था हुन सक्छ । परीक्षण नभएकै कारणले हाम्रो समस्या चाहिँ भएको छ । परीक्षण हुनेहो भने मलाई लाग्छ, आधाभन्दा बढी ३ हजार ४ हजारभन्दा पनि बढी संक्रमित हुने अवस्था छ भन्दै मेरा भनाइ यही राख्छु, हवस त, धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री गोपाल शर्मा । यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट तयार रहनु होला ।

**माननीय श्री गोपाल शर्माः** माननीय सभामुख महोदय, विश्वव्यापी फैलिराखेको यो महामारी कुनै सरकारको कारणले, कुनै सरकारको कारणले सिर्जना हुने कुरा होइन, यो विश्वका मै हुँ भन्ने विकसित राष्ट्रहरूले पनि यसलाई कन्ट्रोल गर्न नसकेको अवस्था हामीकहाँ जगजाहेर छ । यसको आधारमा नेपाल सरकारलाई कर्णाली प्रदेशको सरकारलाई मात्रै दोषीदिनु त्यति धेरै उपयुक्त नहोला तर पनि सरकार आमजनताको एउटा अभिभावक हो, अभिभावकले आफ्नो हैसियत अनुसार के गर्न सक्नुपर्छ ? त्यसतर्फ सरकारको ध्यान जानुपर्छ र सरकार त्यसतर्फ सचेत हुनुपर्छ भन्नेमा म यहाँ भन्न चाहान्छु । हामी संकट नआउन्जेलसम्म हाम्रा तयारीहरूप्रति हामी आ आवश्यकीय ध्यान पुर्‍याउन नसक्दाखेरि जब संकट आइलाग्छ । त्यसको व्यवस्थापन गर्न हामीलाई धौ-धौ पर्ने हामी आत्तिने, त्यसपछि अर्को स्थितितिर हामी लाग्ने अवस्थातिर जान थाल्यो परिस्थिति । सभामुख महोदय, आजको अवस्थासम्म आउँदाखेरि कर्णाली प्रदेशमा संक्रमणको टेस्ट मात्र गर्दाखेरि टेस्टको आधारमा २७ देखि ४५ प्रतिशत संक्रमण टेस्टमा देखिएको छ । २७ देखि ४५ प्रतिशतको स्थिति हेर्दाखेरि मैले आज रुकुमको मात्रै स्थिति यसो हेर्दाखेरि रुकुममा कम्तीमा भारत अहिले आजको दिनसम्म क्वारेन क्वारेन्टाइनमा बस्नेहरूको संख्या १२ सय १७ छ । १२ सय १७ को यदि ३० प्रतिशत सरदर संक्रमण देखापर्‍यो भने त्यहाँ ३ सय ८८ जना संक्रमित हुन्छन् र त्यहाँ त्यो खालको आइसोलेसनको व्यवस्था आइसोलेसन बेडहरूको अथवा अस्पतालको व्यवस्थाको तयारी जरुरी छ तर हामीसँग सरकारले व्यवस्थापन गरेको चौरजहारी अस्पताल, जो प्रदेश स्तरको आइसोलेसन हस्पिटलको रूपमा ब्याख्या गरेको छ । त्यसको पनि आजसम्म आउँदाखेरि जम्मा,जम्मा ३८ बेडको तयारी छ । टोटल जिल्लाभरिमा ३ सय ८८ सम्भावित छ र आजको टेस्टको सम्भावना मात्रै हेर्दाखेरि २ सय ७७ जनाको यहाँ प्रतिक्षा भइराखेको छ, यसको रिपोर्ट आउन, त्यो आयो भने पनि कम्तीमा ८३ जनाको अपेक्षि सम्भावित सम्भावना छ तर यहाँ कस्तो छ भने मानौं अलिकति अर्को एउटा सम्वा हल्ला गरियो, चौरजहारी

अस्पतालले बिरामी लिन मानदिएन, यसो गर्न मानेन भन्ने खालको अस्पतालको दोष त्यसमा छैन । मैले देखेको कुरा के छ भने सरकारले तयारी गर्ने कुरा स्थानीय सरकारले माग गरेअनुसार स्थानीय सरकारले यदि कोरोना हस्पिटल आइसोलेसन हस्पिटलको रूपमा त्यलाई विकास गर्ने हो भने यो-यो चाहिन्छ भनेर भनेको कुरा छ । मसँग एउटा प्रदेश सरकारको खासगरी प्रदेश सरकारले अगाडी सारेको समितिकै बैठक चौरजहारीमा गत ३० गते के रे चैत १३ गते २३ गते बसेको छ सभामुख महोदय,चैत २३ गते बसेको बैठकले यस्तो निर्णय गरेको छ कि यो भौतिक संरचना निर्माण सम्बन्धमा छलफल गर्दा अस्पतालमा भौतिक संरचनाको अभाव भएकोले आइसोलेसन वार्ड निर्माणको लागि चौरजहारी नगरपालिका वडा नम्बर २ मा शितल मा.वि.को जमिनमा भवन लगायतको संरचना निर्माणको लागि कर्णाली प्रदेश सरकारसँग बजेटको माग गर्ने भनेको छ र चौरजहारी अस्पतालमा तत्काल ५० वाडको आइसोलेसन केन्द्र स्थापना गर्न आवश्यक भौतिक संरचना, उपकरण र जनशक्तिको लागि लागत अनुमानलाई संघ र प्रदेश सरकार समक्ष पेश गर्ने भनेको छ सभामुख महोदय, । यसको लागि सम्बन्धित स्थानीय सरकारले पनि सम्बन्धित हस्पिटलको टिमले पनि साढे ५ करोडको स्टीमेट बनाएर पठाएको छ तर अहिलेसम्म सरकारले जम्मा ५० लाख व्यवस्था गरेको छ, जब कि अस्ति १४ दिनमा तयार भएको आइसोलेसन हस्पिटलको लागि जम्मा खर्च ९८ लाख भएको छ । अब सरकारले भन्छ हामीले आइसोलेसन केन्द्र तोकेको हस्पिटलले किन लिन सकेन ?साढे ५ करोड चाहिँएको छ सभामुख महोदय, ५० बेडको तयारी गर्नको लागि तर हामी आदेश गर्दिन्छौं, भन्दिन्छौंत्यहाँ जाऔं बिरामी राख्ने ठाउँ हुनुपर्‍यो नि, ।बिरामीको लागि आवश्यक पर्ने सामाग्री हुनुपर्‍यो नि, अरु सबै चिज हुनुपर्‍यो । मैले देखिराछु सरकारले १३ गते एउटा निर्णय गर्‍यो ५० लाख सम्बन्धित पालिकामा केरे हस्पिटलमा पठाउने भनेर त्यहि पैसा जान कति दिन पर्खिनुपर्‍यो भन्दाखेरि २८ गते मात्रै चैत्र २८ मात्र गयो । पैसा गैसकेपछि १४ दिनमा हस्पिटल तयार भयो १४ बेड १५ बेडको यैले १ करोड दिने निर्णय गरेको झण्डै १ महिना वित्न थाल्यो २० दिन भैसक्यो आज तर एक करोड पैसा पनि गएपछि कम्तीमा अरु कामहरू अगाडी बढ्थ्यो नि त्यो पैसा पनि जादैन मन्त्रिपरिषद्ले निर्णय गर्छ सम्बन्धित मन्त्रालयले कार्यान्वयन गर्दैन । यो समस्याले हामी तयारीको पाटो कति तयारी गर्न सक्छौं ?हामीले अरुलाई आरोप लगाउनेभन्दा हाम्रो कार्यान्वयनको तदारुकता हामीले कति दियौं? भन्ने कुराहो। आज चाङ्गको चाङ्ग परीक्षणहरू, कीट केरे टेस्टको रिपोर्ट आउन सकिराखेको छैन कि त हामीले भनौं अब यो कसैका लागि कसैले दोष दिने कुरा होइन हामी यति मात्रै तयारी गर्न सक्छौं । यतिलाई अब हामीले यसरी गरौं भनेर सल्लाहा गरौं मलाई लाग्छ यहि भयाबह अवस्था आयो भने हस्पिटलले मात्रै थेग्न सक्ने अवस्था हुँदैन। हामीले घरघरमा आइसोलेसन बनाउनु पर्ने अवस्था पनि सिर्जना हुन सक्छ । हामी त्यसको पनि तयारी गरौं बिरामीहरूलाई हस्पिटल ल्याउने र हस्पिटलमा उपचार हुने खालको वातावरण बनाऔं व्यवस्थापन गरौं । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री ठम्मरबहादुर विष्ट ।

**माननीय श्री ठम्मरबहादुर विष्टः** माननीय सभामुख महोदय, यो विशेष समयअन्तर्गत मैले १/२ वटा कुराहरू यहाँ यो फोकस गर्दा यो हिजो मात्रै सभामुखज्यूले एउटा यो संसद्हरूको लागि सूचना जारी गर्नुभयो अब, गाउँतिर जनसम्पर्कमा गएपछि सबैले चाहिँ पिसीआर गरेर मात्रै छिर्ने भन्ने तर मैले जानकारीमा पाएअनुसार अब अस्ति केही माननीयहरू जिल्ला जानुभयो । उहाँहरूको सायद पिसीआर अहिलेसम्म भा`छैन । केही अरु जिल्लामा पनि जानुभा छ सायद उहाँहरूको पनि अब, यो हुने स्थिति कस्तो हो ?यसको मापदण्ड के हो ?कतिचोटि भित्र पसिसकेपछि त्यसपछि गर्नुपर्ने हो । यसकारण यलाई अलिकति कडाइका रूपमा लागु गर्नु पऱ्यो, माननीयलाई ठूला मान्छेलाई त हामीलाई केही नहुने त होइन, होला दोस्रो कुरा फेरि हामीले मेसेज पनि दिनुपर्ने भएको हुनाले कतिपयभित्र आउने माक्स नलगाउने लापरबाही यो खालको पनि देखिन्छ, त्यसकारण अलि स्ट्रिक्ली कमसेकम गेटभित्र आइसकेपछि सबैले माक्स लगाउने माक्स लगाएर मात्रै बाहिर जाने अनावश्यक मान्छेलाई बाहिर भेट्ने मात्रै वातावरण बनाउने भित्र आउन नदिने त्यो पनि अलि-अलि देखिराको छ नेक्लिजेन्स । यो कुरामा चाहिँ सभामुखज्यूले हिजो जो जारी गर्नुभाछ त्यो सह्रानीय, छ तर यलाई यो गोरु अगाडी केरे गाडा अगाडी गोरु पछाडि जस्तो चाहिँ यो भयो यसकारण यलाई कडाइका रूपमा लागु गर्नु पऱ्यो । मैले यो कुरा निवेदन गर्न चाहन्छु सभामुख महोदयमार्फत दोस्रो कुरा भनेको यो पिसीआर र यो उसको आरडीटीको विषयमा चाहिँ आजको मात्रै रिपोर्ट अनुसार सुर्खेतमा झण्डै ८ हजार चाहिँ क्वारेन्टाइनमा मान्छेहरू छन् र कर्णाली प्रदेशमा २० हजार पुगिसके त्यो क्रम डेली बढ्दैछ भन्ने आजको रिपोर्ट छ, डाक्टरहरूको । त्यसकारण अब यो हिसाबले उहाँहरूको मैले रिपोर्ट सुने उहाँहरूको के रहेछ भने अहिलेसम्म उहाँहरूले बढीमा १ सय २४ चाहिँ उहाँले गर्न भ्याउनुभा छ पिसीआर । र आरडीटी प्रदेश अस्पतालमा ४२०० मात्रै छ आजको तथ्याङ्क भने त्यो खालको ३० हजार मान्छेलाई गर्नलाई मानौं पिसीआर गर्दा उता सर्वोच्चले सबैलाई पिसीआर गर भन्याछ । त्यो पीसिआर गर्दा मुस्किलले अति सकेपछि उहाँहरूले २०० सक्नुहुन्छ, मानौं अब ६ हजार गर्दा ३ महिना जान्छ भने त्यो ३० हजार गर्नलाई तपाइँको डेढ वर्ष २ वर्ष जान्छ । त्यसकारण मन्त्रीज्यू हुनुहुन्छ, यो सवाल-जवाफको विषय होइन । यो दुईटा मेसिन कम्तीमा पनि चाहियो, के पैसा नभको हो भने उठाऔं बरु कसरी उठाउने त्यो गरौं कति लाख, कति करोड चाहिन्छ जीवन-मरणको कुरा छ, त्यो गरौं । अब आरडीटी पनि  तपाइँको चाहिँ ४२०० छ मान्छे १४ दिन पुगिसक्यो कसरी हुन सक्छ ? त्यसकारण तुरुन्तै आरडिटी चाहिँ तपाइँकोजस्तो सुर्खेतकै हकमा १० हजार चाहिने भयो, प्रदेशभरीको २० हजार त कम्तीमा चाहियो आजकै मितिमा । पिसीआर अर्को मेसिन दुईटा मेसिन नभएसम्म हुनै सक्दैन, नभए यो राजीले सल्लाह गर्दागर्दै ७ गाउँ डुबे भन्ने एउटा उखान छ सबै सिध्याउने हाम्रै कारणले हुन्छ । भोलि चाहिँ कठघरामा पनि उभिनुपर्छ हामी सबै किनभने निकाय वा हाम्रो व्यक्तिगत कुरा होइन किन मन्त्रीज्यू आज यहाँ उपस्थित हुनुहुन्छ । यलाई अब चाहिँ तपाइँको यो कुनै सवाल-जवाफ होइन कि यति मितिभित्र यो मेसिन आउँछ,यति मितिभित्र यो आरडिटी आउँछकन्फर्म हुनुस्

भनेर साँच्चिकै ठोस, ठोस मात्रै होइन साँच्चिकै ठोस हिसाबले गर्नुपऱ्यो अन्यथा चाहिँ तपाइँको विषय यो अनियन्त्रित हुन्छ मैले यति कुरा निवेदन गरेँ । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु । माननीय सदस्यहरू यो सभाको अघिल्लो बैठक र आजको बैठकको विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवं जिज्ञासाको सन्दर्भमा आफूसम्बद्ध विषयहरूमा यस सभालाई जानकारी गराउन कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री माननीय श्री दल रावललाई समय दिन्छु ।

**सामाजिक विकास मन्त्री माननीय श्री दल रावलः** माननीय सभामुखज्यू, सर्वप्रथम मैले सम्हालिरहेको मन्त्रालय सम्बद्ध उठेका प्रश्न माननीयज्यूहरूले उठाउनुभएको प्रश्न, केही सुझाब सल्लाहका बारेमा चाहिँ मैले यस अघिनै जिज्ञासा राख्ने प्रयत्न गरेको थिएँ, समय पनि मागेको थिए, तरपनि समय पाबन्दी भयो होला आज यस गरिमामय सदनमा चाहिँ मैले राख्ने जुन समयको व्यवस्था गरिदिनु भयो, यसका लागि माननीय सभामुखज्यूलाई म हृदयदेखि अभार प्रकट गर्न चाहान्छु ।

माननीय सभामुख महोदय, आज संसार नै एउटा बिषम परिस्थिति यो शताब्दिकै सबैभन्दा ठूलो चुनौती संसारका मान्छेहरूलाई परेकोछ । यसबाट विश्वभरि लाखौं मान्छेहरू चाहिँ प्रभावित छन् ।नेपालमा मात्रै १५ सय ७२ जना १ घण्टा अगाडीको रिपोर्ट अनुसार प्रभावित भएका छन् । हाम्रो प्रदेशमा १ सय ९८ जना चाहिँ यसबाट चाहिँ प्रभावीत हुनुभएको छ, उहाँहरूको म शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । मैले त आशा गरेको थिएँ सकेसम्म संसद् सुरुहुँदाका दिनसम्म कर्णालीमा १ पनि केस नदेखिन पाएको भए राम्रो हुन्थ्यो, मैले संसद्मा सम्बोधन गर्न जतिखेर समय पाउँछु,त्यतिन्जेलसम्म १ जनाको मृत्यु पनि नभएको र १ जना पनि केस नदेखिएको अवस्था भएको भए राम्रो हुन्थ्यो भन्ने लागेकै थियो तर प्रकृतिसँग चाहिँ वास्तवमा नसकिने कुरा नै रैछ तर पनि हामी संयमतापूर्वक बढेका छौं बढ्नुपर्ने चाहिँ छ । त्यसैगरी आजसम्म दुनियाँमा संसारभरिमा लाखौं मान्छेहरूको मृत्यु भएको छ नेपालमा मात्र ८ जनाको दुःखद् मृत्यु भएको छ । हाम्रो कर्णाली प्रदेशको दैलेख जिल्लाको दुल्लु नगरपालिका ११ मा ३५ वर्षीय एकजना युवकको दुःखद् निधन भएको छ । उहाँहरूप्रति पनि म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । र उहाँहरूका परिवारप्रति म चाहिँ सम्वेदना प्रकट गर्न चाहान्छु ।

त्यसैगरी आजै मात्र सलेन जुन तिर जाँदै गरेको बस जो इण्डियाबाट दाजुभाइहरू आउनुभएको थियो दाङ्ग, रोल्पा र सलेनका उहाँहरूको पनि चाहिँ दुःखद् बसको दुर्घटना भयो । धेरै नागरिक हताहत हुनुभएको छ । जो मृतक हुनुभएको छ, उहाँहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । जो घाइते हुनुभका नागरिकप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहान्छु । त्यसैगरी जुन यो रुकुममा अत्यन्तै दुःखद् पाशविक एउटा घटना घटेको छ ।

बर्बर घटनाको रूपमा म लिन्छु एउटा नागरिकको नाताले पनि त्यो घटनाप्रति पनि म चाहिँ भत्सर्ना पनि गर्न चाहान्छु । त्यो घटनाका मृतकप्रति म चाहिँ समवेदना पनि प्रकट गर्न चाहान्छु र चाहिँ ती पीडितहरूले चाहिँ साँच्चैको न्याय पाउने, न्यायका लागि सरकार लाग्ने एकजना मन्त्री र नागरिकको नाताले पनि चाहिँ त्यो घटनाको छिटोभन्दा छिटो छानविन भएर त्यो दोषीमाथि कारबाही हुनुपर्छ भन्ने मलाई लाग्छ त्यो हुनुपर्छ र हुन्छ । त्यसैगरी अब, यो घटनैघटना दुःखैदुःख भको बेला मैले सम्बोधन गर्नुपरेछ, समय त्यस्तो मिल्यो । अहिले भर्खरै मात्रै माननीयज्यूले बिहान पनि फोन गरेर भन्नुभको थियो अहिले पनि कुरा उठाउनुभयो एक जना ४ वर्षको नपुगेकी बालिकाको जो विभत्स ढंगले त्यो बलत् बलत्कार गर्ने चाहिँ पाशविक काम गरिएको छ, त्यो बलात्कृत गर्ने जुन पीडक मान्छे हो त्यसप्रति कानूनतः कडा कारबाही हुन्छ हुनुपर्छ र ती बलात्कृत नानीको जुन बालिकाको प्रदेश सरकारबाट निःशुल्क औषधि उपचार हुने पनि म चाहिँ जानकारी गराउन चाहान्छु । मैले बिहान पनि भनिसक्या छु । त्यसैगरी अब यो कोभिडकै सन्दर्भमा जाँदाखेरि हाम्रो यो प्रदेश धेरै समयसम्म प्रदेश चाहिँ प्रभावकारी ढंगले नै हामी सबैको एउटै मन्त्रीको होइन, सरकारको होइन, आमनागरिकको लकडाउनप्रतिको चाहिँ मर्यादित सोच नागरिकहरूको, जनप्रतिनिधिहरूको अत्यन्तै महत्त्वपूर्ण भूमिका सुरक्षाकर्मी, पत्रकार सबैको राम्रो भूमिका रह्यो र हामी केही समयचाहिँ हामी ग्रीन-जोनकै रूपमा कर्णाली थियो तर कर्णालीमा चाहिँ जुन कालापहाड जानु जानुभएका दाजुभाइहरू अत्यन्तै बढी संख्यामा हामीले आँकलन गरेको भन्दा पनि बढी संख्यामा आउन थालिसकेपछि स्वाभावीक ढंगले नागरिकहरू आफ्नो घर सम्झेर आउने नै भए । हामीले बन्द गरेर मात्र सम्भव थिएन । आउने क्रममा यो रोग पनिसँगसँगै अत्यन्त महामारीको रूपमा चाहिँ भित्रिएको छ । अब, यसका लागि हामी चाहिँ प्रयत्नरत छौं । त्यसैगरी चाहिँ यो अब मैले धेरैपछि अघिल्लो संसद्को सेसनमा त बोल्नै पाइएन । बल्ल-बल्ल बोल्ने अवसर पाएको छु । मसँग विषय पनि धेरै जोडिएका छन् यो कोभिडकै कारणले म चाहिँ स्वास्थ्यको जिम्मा लिएको मन्त्रीका नाताले पनि अल्ली समय मैले पाउने नै छु भन्ने आशा गर्‍याछु माननीय सभामुखज्यू, यो जुन म एउटा जनप्रतिनिधिका नाताले मात्रै पनि जुन अहिलेसम्म इतिहासमै गुमेको भूमि थियो त्यो भूमि नेपाल सरकारले ऐतिहासिक ढंगले आफूले ल्याउने नेपालको नक्सामा पार्ने र संसद्मा दर्ता समेत गरिसकेर सम्भवतः पास होला योसम्मको ऐतिहासिक काम नेपाल सरकार र नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू, लगायत आदरणीय नेताहरूले गर्नुभएको छ, यसप्रति पनि उच्च सम्मानका साथ उहाँलाई धन्यवाद दिन चाहान्छु र अब कोभिडका तयारीका बारेमा हामीले फागुन १९ गते हाम्रो ९ गते हाम्रो मन्त्रालय त्यसपछि १९ गते फेरि हामीचाहिँ माननीय मुख्यमन्त्रीसहितको सबै टिम र २३ गतेको पहिलो क्याबिनेट बसेर चाहिँ निकै छलफल गर्‍यौं र केही तयारी पनि हामीले अगाडी बढायौं । तीन खालका अस्पतालको रूपमा चाहिँ विकास गर्नुपर्‍यो भनेर स्थानीय स्ट्राटजी एउटा लोकेशनमा भएका रणनीतिक स्थानीय अस्पतालहरू, त्यसपछि जिल्लाका सेटलाइट हस्पिटलहरू र तीनटा कोभिड स्पेसिफिक हस्पिटलहरूको रूपमा चाहिँ विकास गरौं भनेर हामीले त्यही खालको

व्यवस्थापन गऱ्यौंर त्यही खालका कामहरू अगाडी बढायौं, त्यही खालको बजेटको व्यवस्थापन पनि गरेर हामीले पठाएका हौं र कतिपय ठाउँमा तयारी पनि भए, कतिपय ठाउँमा अलि ढिलासुस्तीका कारण केही तयारीहरू हुँदै रहेको अवस्था पनि चाहिँ छ । त्यो भइरहँदा हामीले चाहिँ के गऱ्याथियौं भने माननीयज्यूहरूलाई म जानकारी गराउन चाहान्छु । सम्मानित सदनमा प्रदेशको अस्पताल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र चौरजहारीको सामुदायिक अस्पताल तीनओटा लोकेशनमा भएका अस्पतालहरू चाहिँ यो चिकित्सकीय निगरानीमा आवश्यक भएका बिरामीहरू यो अब अल्ली डक्टरसाबहरूले गर्ने लक्षण समेत देखिएका चिकित्सकको अलिकति बढी क्रिटिकल केयर गर्नुपर्ने बिरामीहरूलाई राख्ने गरी ती तीनटा अस्पतालहरूलाई हामीले तयारी गऱ्या हौं । त्यसैगरी जिल्लाका अस्पताललाई हामीले यति ठूलो चाहिँ इण्डियाबाट आउँछ भन्ने थाह अब त्यति चाहिँ आँकलन भएन तर पनि हामीले ५ ओटा मिनिमम् आइसोलेसन राख्नुस् ५ देखि १५ आइसोलेसन बनाउनुहोस् भनेर हामीले भन्या थियौं । त्यही अनुसार स्रोत पनि हामीले चाहिँ दिएका थियौं, र सबै अस्पतालले ५, १०, २०, २५, गरेर बनाउनु भयो हामीसँग अहिलेसम्म आइसोलेसनको ५५० ओटा आइसोलेसन छ । त्यो सबै जिल्ला अस्पतालमा भयो । अब तल-तल चाहिँ क्वारेन्टिन चाहिँ स्थानीय सरकारकै जिम्मामा भको र उहाँले गर्नु पनि भएको अवस्था देखियो र त्यसपछि जिल्लाका अस्पतालले लक्षण नदेखिएका तर कोरोना पोजेटिभ भएका जिल्ला अस्पतालमा राख्ने भन्ने हामीले चाहिँ निर्णय गरेका थियौं । त्यसपछि स्थानीय तहका जुन रणनीतिक ठाउँमा चाहिँ २७ ओटा लोकेशन तोक्यौं र चाहिँ काहिका प्राथमिक स्वास्थ्य चौकीहरूमा पनि शंकास्पद देखिएका प्रभावीत स्थानबाट आई क्वारेन्टिनमान राखिएका मान्छेहरूको निगरानी गर्ने र स्वाब संकलन गर्ने गरी उहाँलाई TORचाहिँ तोकेर त्यो ढंगको हामीले तयारी गऱ्या थियौं, त्यो तयारीपूर्वक नै उहाँहरू चल्नुभयो, हामीले चाहिँ परीक्षणको पनि के प्लानगऱ्यौं भने पहिला चाहिँ यीमिडलिस्टबाट आका खाडीबाट आका,यूरोपिय युरोप, अमेरिका, जापान, मलेसियाबाट आएका मान्छेहरूको चाहिँ हामीले टेस्ट गरौं भनेर धेरै-थोरै संख्यामानै रहेछ त्यो सबैको चाहिँ हामीले टेस्ट गऱ्यौं, पिसीआर नै टेस्ट गऱ्यौं उहाँहरूको, पहिलो चरणमा जुन इण्डियाबाट आउनुभएका नागरिक हुनुहुन्थ्यो जुन चैत्र ७ गतेभन्दा अगाडी ६-७ हजारको रेसियोमा हुनुहुन्थ्यो उहाँहरू, उहाँहरूको हामीले आरडीटी टेस्ट गऱ्यौं । त्योबाट पोजेटिभ भएका पिसीआरै टेस्ट गऱ्यौं, त्यसरी नै हामीले सबै गऱ्यौं । त्यसपछि हामीले फेरि केभन्यौ भने छुटेका हुन सक्छन्,७ सय १८ वडामा एक वडामा १० जना जनसंख्या कम भएको वडामा कम पनि हुन सक्छन् । जनसंख्या ठूलो भएको वडामा २०-२५ जना पनि हुन सक्छन्, तर रेसियोमा चाहिँ १० जना पर्ने गरीकन हामीले टेस्ट गरौं भन्यौं त्यो पनि करिब-करिब अन्तिममा छ । हामीले दुईटा अस्पताललाई जिम्मा लगायौं तर सबै टेस्ट गर्ने जिम्मा प्रदेश अस्पताललाई माथिको सबै टेस्ट गर्ने जिम्मा चाहिँ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई र त्यो गऱ्यौं त्योपनि गर्दाखेरि करिब-करिब चाहिँ हामीले पोजेटिभ भेटिएन, हामी खुसी व्यक्त गऱ्यौं, राम्रो भयो कर्णाली चाहिँ सुरक्षित नै छ भन्ने एकखालको एउटास्याम्पल सर्भेजस्तो पनि हो त्यो सबैको

गरेर सम्भव पनि थिएन, गऱ्यौं त्यतिन्जेल पनि ठीक थियो, अब पछि चाहिँ इण्डियाबाट जब दाजुभाइहरू बढी आउन थाल्नुभयो, त्यसपछि उहाँहरूचाहिँ अब इण्डियाबाट आउने अब उहाँ इण्डियाको जहाँ बस्नुहुन्थ्यो,त्यहा चाहिँ संक्रमित हुनुहुन्थ्यो कि हुनुहुन्थेन तर आइसकेपछि बाटोमा धेरै मान्छेहरू ट्रेन पनि संगै आउनुपर्ने भयो, धेरैलाई त रूपडियाँमा, गौरीफन्टामा धेरै विभिन्न नाकामा रोकदियो त्यहाँ पनि बस्नुपर्ने भयो, स्कूलका क्वारेन्टाइनमा बस्नु भो, यताआउँदा गाडीमासँगै आउनुभयो र संक्रमितको हुनेक्रम बढ्यो । त्यो संक्रमित भइसकेपछि अहिले दु:खद् रूपमा चाहिँ हामीले १ सय ९८ अन्ठाउन्न केरे अन्ठानब्बे जना जो चाहिँ तपाईंको अहिलेसम्ममा नदेखिएको जिल्ला डोल्पामा छैन, मुगुमा छैन, हुम्लामा छैन, जुम्लामा १९ जनामा देखिएको छ ।त्यसमध्धे २ जना प्रहरी र १ जना स्वास्थ्यकर्मी हुनुहुन्छ । उहाँचाहिँ त्यो केटीएसको क्वारेन्टाइनमानै खटिनुभएको थियो उहाँ, त्यो खटिएकै स्वास्थ्यकर्मीलाई चाहिँ उहाँलाई देखिएको हो यो । त्यसपछि कालिकोट १८ जना, दैलेख सबैभन्दा बढी ८९ जना, सलेन ३५ जना, सुर्खेत १५ जना, बाजुराको एक जना मान्छे त्यो बोल्न कहिले मुगु कहिले बाजुरा भन्ने बोल्न अलिकति नजान्ने मान्छे हुनुहुन्छ उहाँ १ जना, बझाङ्गको १ जनागरी १ सय ९८ जनामा चाहिँ त्यो देखिएको छ,पोजेटिभ देखिएको छ । सबै सामान्य स्वास्थ्य स्थिति उहाँहरूको सामान्य छ । एक जनाको चाहिँ दु:खद्मृत्यु भएको छ । मैले सम्मानित सदनलाई चाहिँ माननीय सभामुखज्यूमार्फत म चाहिँ यो जानकारी गराउन चाहेँ,त्यसपछि अहिलेसम्म टेस्ट भएका जुन आरटीपिसीआर भन्छौंजो हामी चाहिँ रियल टाइम क्वालिमेरी च्यानेज रियाक्सन भन्ने जुन आरटीपिसिआर भन्छौं हामीले त्यसपछि यो ऱ्यापिड डाइग्नोस्टिक टेस्ट भन्छौं आरडीटी भन्छौं यी दुईटै विधिबाट टेस्ट गरिएका आजसम्म कर्णालीमा ७ हजार १ सय ३०जनाको अहिले १ घण्टा अगाडीसम्मको यो हो । यो चाहिँ हामीले पिसिआर विधिबाट चाहिँ चेक गर्न सकेका छौं । त्यस्तै आरडीटी टेस्ट १३ हजार ८ सय ५८ जना नागरिकहरूको टेस्ट भको छ । आरडिटी चेक गरेर आजसम्म आजका दिनमा १ सय ४५ जना चाहिँ पोजेटिभ देखिनुभको छ । उहाँहरूको हामी पिसीआर गर्दै छौं । स्वाब संकलन भैसकेको अवस्था चाहिँ छ । त्यसपछि पिसीआर टेस्ट गरेर पोजेटिभ हुनुभएको १ सय ९८ जना हुनुहुन्छ, मैले भनिहाले उहाँहरू हुनुहुन्छ । त्यसपछि आरटीपिसीआरको चाहिँ ट्रेसिङ्ग गरेर जुन सिम्टोम्याटिक मान्छे हुनुहुन्थ्यो जुन चाहिँ उहाँहरूचाहिँ क्वारेन्टिनबाट बाहिर जाँदै हुनुहुन्थ्यो, उहाँहरूको स्वाब संकलन विभिन्न जिल्लाबाट गरेर १७ सय ४३ जनाको प्रोसेसमा छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको ल्याबमा प्रोसेसमा छ २४सैं घण्टा साथीहरू खट्नुभको छ ।त्यसैगरी कर्णाली हाम्रो चाहिँ प्रदेश अस्पतालको ल्यावमा जुन भेटेनेरी प्रयोगशालामा हामीले राखेका छौं त्यहाँ चाहिँ २४सैं घण्टा साथीहरू खटेर गरिराख्नुभको छ, त्यो हामीले यहाँ सम्भब नभएपछि केही चाहिँ काठमाण्डौको केन्द्रीय प्रयोगशालामा हामीले पठाएका छौंर केही छिमेकी प्रयोगशालामा पनि अनुरोध गरी पठाएका छौं । यो १७ सय ४३ जनाको स्वाबचाहिँ प्रोसेसिङ्गमा छ यो १-२ दिनमा चाहिँ हाम्रो यसको परिणाम आउला । र त्यसैगरी अअह त्यसैगरी अब हामीले सबैभन्दा पहिला यो देशमै

सबैभन्दा पहिला हेल्थ डेस्क, ६ वटा हेल्थ डेस्क हाम्रा चाहिँ सिमानामा राख्यौं । त्यो राख्ने चाहिँ हामीनै थियौं । काठमाडौंबाट आउनेले पनि काठमाडौं चेक नगरे यहाँ गरेका थिएँ, देशका अन्य भागबाट आउनेले पनि चेक नगरेर यहाँ आथिए, ती नागरिकहरू १ लाख ६९ हजार ८ सय ५० जना हुनुहुन्छ आजसम्म । हाम्रो प्रदेशमा प्रवेश गर्ने इण्डियाबाट होस्र देशका विभिन्न ठाउँबाट प्रवेश गर्ने यति नागरिकलाई हामीले विभिन्न हेल्थडेस्कबाट हामीले चाहिँ परीक्षण गऱ्यौं । सामान्य परीक्षण हो यो चाहिँ ज्वरो नाप्ने यस्तै परीक्षण हो । यसैगरी आजसम्म चाहिँ आजका दिनमा चाहिँ क्वारेन्टिनमा २२ हजार ४ सय ८२ जना कर्णालीवासीहरू चाहिँ क्वारेन्टिनमा हुनुहुन्छ, विभिन्न जिल्लामा गरी । त्यसैगरी हाम्रो क्वारेन्टाइनको संख्या अहिले बढ्दै गको छ । आवश्यकता पनि बढाउनुपर्ने भो, २९ हजार १ सय ३७ बेड चाहिँ हाम्रो क्वारेन्टिनको संख्या छ । त्यसैगरी चाहिँ कु कुल आइसोलेसन चाहिँ ५ सय ५० बेड छ, आईसीयूको संख्या चाहिँ हामीले अहिले थप्दै लगेको छ र फेरि अनिवार्य गरेका छौं, जिल्ला अस्पताललाई ५ ओटा आईसीयू र एउटा भेन्टिलेटर अनिवार्य गर्नु भनिएको छ । त्यसैगरी तीनटा हब अस्पतालमा अहिले गरीकन यो प्रदेशअस्पतालमा २५ कासमा १० र दैलेखमा ५ गरेर ४४ ओटा आईसीयू चाहिँ बेडहरू छन् अहिले र यसैगरी भेन्टिलेटर पनि १७ ओटा बेड छन् अहिले हाम्रो प्रदेशमा तर हामी बढाउँदैछौं । यो टेन्डर भैसक्या छन्, आउनेक्रम जारी छ र अब यही त हो समस्या देशभरिनै चाहिने रैछ, त्यो टेण्डर स्वीकृत भैसकेपछि सप्लायरले दिन नसक्ने अवस्था पनि हुँदोरहेछ । ती विदेशबाट आउने र ल्याउने हुनाले देशमा नबन्ने त्यसैको पर्खाइमा अलिकति टाइम र प्रोसेस लाग्दो रहेछ । यो चाहिँ म सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत् जानकारी गराउन चाहान्छु । त्यसैगरी हाम्रो प्रदेशमा ३१ सय ७७ ओटा स्वास्थ्यकर्मी हुनुहुन्छ । प्रदेशको संरचनाभित्र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा, चौरजहारी कम्यूनिटी हस्पिटलमा र २६ सय ७८ हाम्रो स्थानीय सरकारसँग जोडेर यतिचाहिँ स्वास्थ्यकर्मी हुनुहुन्छ । केही मध्येबाट हामीले चाहिँ विभिन्न कलस्टरिङ्ग गर्छौं । स्थानीय सरकारको क्वारेन्टाइन हेर्नेमा हुनुहुन्छ, २९ वटा लेकेशनका केरे २७ ओटा लोकेसनका रणनीतिक अस्पतालमा डाक्टरहरू हुनुहुन्छ । जिल्ला अस्पतालमा हुनुहुन्छ र तीन वटा हब हस्पिटलमा हुनुहुन्छ । त्यसरी हामीले चाहिँ डक्टरहरूको व्यवस्थापन गऱ्याछौं, र ५८ वटा चाहिँ हामीले तत्काल चाहिँ छोटो सूचनामा पहिला चाहिँ रोस्टरमा भएका मानिसहरू लियौं जो चाहिँ हामीले विभिन्न हेल्थ डेस्कमा राखेका छौं । पारमेडिक्सहरू हुन् स्टाप नर्सहरू हुन् उहाँलाई लिएर चाहिँ ५८ जना छन्, अहिले अब नपुग्ने भाछ । यो ल्याबका साथीहरू हामीलाई धेरै कम भाछ, ल्याबको महसुस एकदमै चाहिँ आवश्यकता परेको छ । स्वाब संकलन गर्न जानुपर्ने,ट्रेसिङ्गमा जानुपर्ने, ल्याब चलाउनुपर्ने देखि लिएर अप्ठ्यारो भको हुनाले केही ल्याबको जनशक्ति थप्नुपर्ने बाध्यता चाहिँ भको छ । यस यो पनि म सम्मानित सदनलाई माननीय सभामुखज्यूमार्फत चाहिँ जानकारी गराउन चाहान्छु । त्यसैगरी अब हामीसँग तीनवटा यी पिसीआर मेसिन संघीय सरकारले एउटा सानो स्केलको चाहिँ प्रदेश अस्पतालमा राख्ने गरी पठाएको थियो, त्यले १२ देखि १५ जना मात्रै

ट्रेस गर्थ्यो । त्यसपछि हामीले नभइसकेपछि अब आफै पहल गर्नुपर्छ भनेर दुईटै पिसीआर मेसिन प्रदेश सरकारको पहलमा आ'का हुन् । संघीय सरकारले दिएको होइन, प्रदेश सरकारले त्रिभुवन विश्वविद्यालयका भी.सी.सापलाई अनुनय-विनय गरेर त्यो पनि दुई नम्बर प्रदेशमा पठाउन खोजिया थियो त्यो पिसीआर मेसिन । हामीले चाहिँ अनुरोध गरेर टीयूबाट ल्याएर चाहिँ यहाँ प्रदेशको चाहिँ भेट्नेरी प्रयोगशालामा जडान गऱ्यौं । त्यसैगरी कासमा हामीले पैसा दिइसकेपछि कासले तुरुन्त चाहिँ टेण्डर गरेर खोजेर चाहिँ उले राख्यो भनेपछि प्रदेश सरकारको आफ्नो इफोर्ट पिसीआर मेसिनहरू राखिएका हुन् । एउटा मात्र सानो मेसिन संघीय सरकारबाट प्राप्त भको हो र फेरि पनि हामीले प्रदेश अस्पतालमा एउटा पिसीआर मेसिन थप्दै छौं । यसका लागि बजेट एलोकेशन गरेर टेण्डरमा जाने प्रक्रियामा हामी छौं । र दैलेखले पनि इन्टेस्ट गरेको छ, दैलेखमा पनि सम्भव हुन्छ भनेर हामीले पैसा पठाइसकेका छौं । उहाँहरूलाई पनि अगाडी बढ्नुस् भनेर किन दैलेखमा धेरै प्रभावीत बढी देखिएको जनसंख्या बढी भको हुनाले दुईटा पिसीआर मेसिन थप्ने हामी प्रक्रियामा छौं तर थप्दाखेरि पनि आखिरी पिसीआर मेसिनको पनि क्षमताको हिसाबले त्यो सानो नै हुँदोरैछ के । हामीले जति भनेपनि हामी जति गर्न चाहाँदा पनि आखिरी उसको चाहिँ टेक्निकल्ली उले चाहिँ थोरै गर्ने हुनाले जति गर्न खोज्दा पनि हाम्रो अलिकति कमै हुन्छ । त्यसैगरी आरडीटी कीटको पनि विश्वसनीयताको कुरा थियो, नेपाल सरकारको क्याबिनेटले नै प्रयोग गर्नुपर्छ भनी निर्णय गरेको र हामीले कर्णालीमा प्रयोग गर्दाखेरि त्यले रिजल्ट पनि राम्रो देखाको हो । पहिला त हामीले व्यवस्थितै गऱ्यौंनि बाहिरबाट आउने मान्छे कम थियो, हामीले आरडीटी टेस्ट गऱ्यौं, पोजेटिभ देखिएकोलाई पिसीआर गऱ्यौं, पछि त ठूलो भोलुममा आउन हजार ४ हजार मान्छे एक दिनमा आउन थालेपछि त त्यो सम्भवै भएन । त्यहाँ हाम्रो क्षमताभन्दा बाहिरको कुरा भयो, त्यसपछि चाहिँ हामीले चाहिँ क्वारेन्टिनमा अनिवार्य राख्ने, क्वारेन्टाइन पछिमात्र पिसीआर, आरडीटी प्रयोग गर्ने भन्ने ढंगले चाहिँ हामीले एउटा डिसिजन गऱ्यौं । त्यो चाहिँ हाम्रा विज्ञ साथीहरूसँग सल्लाह, सर-सल्लाह गरेरै गरिएको डिसिजन थियो । अब हामी त्यसरी नै अगाडी बढ्छौंर पिसीआरलाई चाहिँ हामी सकेसम्म चाहिँ हामी प्राथमिकताका साथ अगाडी बढाउने जानकारी गराउन चाहान्छु । त्यसैगरी अलिकति यो सम्मानित सदन र यो सदनमार्फत चाहिँ आमजनतालाई पनि कति पैसा गए छ त यसको लागि भन्ने जानकारी हुँदा राम्रै हुन्छ भनेर मैले यो पनि तयारी गऱ्याछु किनभने यो स्रोत मैले भन्ने गऱ्याछु हाम्रा स्वास्थ्य संस्थाका साथीहरूलाई मैले ९ गते फागुन ९ गतेको मिटिङ्ग, पहिलो मिटिङ्गमा मैले भन्याछु । दुःखको घडीमा कैलेकाहिँ फाइदा लुट्न खोज्ने मान्छे तत्वहरू हुन्छन्, यसप्रति होशियार हुनु । आम संसारलाई यस्तो परेको बेला दुई पैसाको लोभ र पाप कसैबाट भयो भने आमाको रगत खाएसरह हुनेछ तर काम गर्न पनि नडराउनु फेरि काम अगाडी बढ्नु भनेर मैले स्पष्ट निर्देशन भनौं कि अनुरोध मैले गरिसक्या छु । त्यो भएको नाताले यसमा माननीयज्यूहरू हजुर, हजारौं जनताको जनप्रतिनिधि हुनुहुन्छ । आफ्नो आफ्नो अस्पतालमा पनि के भयो ? के भएन ? कति पैसा कहाँ गारहेछ ? भनेर लेखोजोखो राखेर चाहिँ

हिसाबकिताब खोज्ने अधिकार हजुरहरूसँग छ, आमनागरिकसँग छ, खोज्दिन म आग्रह गर्न चाहान्छु । र मैले हामीले चाहिँ पठाका पैसाको चाहिँ फेहरिस्ती एकछिन् पढेर सुनाउने अनुमति चाहान्छु । हामीले पहिला ६ करोड पैसा चाहिँ विभिन्न निकायमा पठायौं माननीयज्यूहरू, त्यसमध्ये सामाजिक विकास मन्त्रालयमा १२ लाख ५० हजार,स्वास्थ्य सेवा निर्देशनालयमा १ करोड ७० लाख, त्यो पिपिई सिपिई लगायतका सबै स्वास्थ्य सामाग्री खरिद गर्नको निम्ति हो । टेण्डर गरेर खरिद पनि भइसकेर भर्खर स्टकमा र केही जिल्लामा पठाएका छौं हामीले । प्रदेश अस्पतालमा ६२ लाख,जनस्वास्थ्य कार्यालय सुर्खेतमा चाहिँ ६९ लाख,स्वास्थ्य सेवा कार्यालय सलेनमा ४१ लाख,स्वास्थ्य सेवा कार्यालय रुकुममा २७ लाख,स्वास्थ्य सेवा कार्यालय जाजरकोटमा २८ लाख,स्वास्थ्य सेवा कार्यालय दैलेखमा २९ लाख ५० हजार,स्वास्थ्य सेवा कार्यालय कालिकोटमा २५ लाख,स्वास्थ्य सेवा कार्यालय जुम्लामा १५ लाख, किन त्यो कास त्यहाँ भएको त्यहाँको स्वास्थ्य सेवा कार्यालय, अस्पताल छैन, स्वास्थ्य सेवा मात्रै भएको नाताले कम भको हो । स्वास्थ्य सेवा कार्यालय हुम्लामा २५ लाख, स्वास्थ्य सेवा कार्यालय मुगुमा २७ लाख,स्वास्थ्य सेवा कार्यालय डोल्पामा २५ लाख,मेहलकुना अस्पताललाई ४२ लाख,प्रदेश आर्युवेद अस्प-औषधालयलाई २ लाख गरी ६ करोड पैसा चाहिँ हामीले पहिला रकमान्तर गरेर हामीले पैसा पठाइदिएका छौं । विभिन्न संरचनामा उहाँहरूले पिसिआर किन्नु केरे यो पिसीआर भन्छु,यो पिपिईदेखि लिएर विभिन्न किन्ने आइसोलेसन ५ बेड भन्यौं त्यो राख्नेदेखि लिएर यस्ताकाममा चाहिँ उहाँहरूले खर्च गर्नुभयो, यो पैसा। त्यसपछि राहात कोषबाट जुन हाम्रो उद्धार राहात कोष छ, कोरोना स्पेसिफिक फन्डजस्तो पनि हो त्यो । प्रदेश अस्पतालमा १ करोड हामीले दिएका छौं, निर्णय गरेर दिएका छौं । त्यसैगरी अर्थ बजेटबाट प्रदेश अस्पताललाई २ करोड दिएका छौं, भर्खरै निर्णय भएर गएको छ । संघबाट चाहिँ मलाई सोधिएको थियो, कहाँ-कहाँ कुन-कुन अस्पतालमा हालौं ? भनेर मलाई माननीयज्यूले मन्त्रीज्यूले सोध्नु भाथ्यो मैले एउटा सुर्खेतै अब ठूलो भयो अब प्रदेश अस्पतालमा १ करोड दिइदिनुपर्‍यो । त्यसपछि जनसंख्या दैलेख ठूलो छ, १ करोड हाल्दिन पर्‍यो भनेर मैले २ करोड रुपैयाँ संघबाट सिफारिश गर्न लगाएर त्यहाँ हालियाछ । त्यसमध्येको गरेर हाम्रो प्रदेशको अस्पताललाई ४ करोड ६२ लाख रुपैयाँ चाहिँ अहिलेसम्म कोरानाको फण्ड गएको छ । म सम्मानित सदनमा जानकारी गराउन चाहें । त्यसैगरी स्वास्थ्य कार्यालय, स्वास्थ्य सेवा कार्यालय जाजरकोटलाई पनि १ करोड रुपैयाँ चाहिँ हामीले निर्णय गरी पठाएका छौं । ५० बेडको अस्पताल अलि ठूलो रोगब्याधि बढी भएको हुनाले त्यहाँ पनि हामीले पठाएका छौं त्यहाँ पनि १ करोड २८ लाख गएको छ । त्यसैपछि स्वास्थ्य सेवा कार्यालय दैलेखलाई पनि संघबाट १ करोड गएको छ, फेरि थप मैले अघि नै भने त्यो गरेर १ करोड २९ लाख ५० हजार रुपियाँ गएको छ । त्यसैगरी स्वास्थ्य सेवा कार्यालय कालिकोट पनि त्यो ठूलो जिल्ला भयो, त्यसमा पनि १ करोड रुपियाँ पठाएका छौं । त्यो गरेर १ करोड २५ लाख रुपियाँ गएको छ । त्यसैगरी कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चाहिँ राहात कोषबाट १ करोड र पछि क्याविनेटबाट अर्थ विविधबाट ७५ लाख

गरेर १ करोड ७५ लाख रुपैयाँ चाहिँ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हामीले पठाका छौं । त्यही गरी त्यसैगरी चौरजहारी अस्पताललाई राहात कोषबाट ५० लाख फेरि अर अर्थ विविधबाट १ करोड गरी १ करोड ५० लाख रुपियाँ चाहिँ हामीले पठाएका छौं । भनेपछि १६ करोड २५ लाख रुपियाँ यो कोरोनाको लागि विभिन्न स्वास्थ्य संस्थाहरूमा पुगेको छ । माननीयज्यूले मैले संकेत गरेको देखें, मैले आग्रहका साथ भन्न चाहान्छु, सरकारको व्यूरोक्रेटिक च्यानल प्रोसेस पनि पुऱ्याउनै पऱ्यो माननीयज्यू त्यो गर्दा यो पैसा फेरि चौरजहारी अस्पताल भन्याकम्यूनिटी अस्पताल हो, सरकारी अस्पताल भैदिया भए डाइरेक्ट चाहिँ सामाजिकमन्त्रालयले पठाउन सक्थ्यो, ,त्यो सक्दैन । सामाजिक मन्त्रालयले डाइरेक्ट पठाउन नसक्ने र क्याविनेट त्यो क्याबिनेटको निर्णय हुनुपर्ने पहिला त्यसपछि चाहिँ त्यो अअब आन्तरिक मामिला मन्त्रालयले चाहिँ त्यसको फण्डबाट चेक काटेर दिएपछि सामाजिक मन्त्रालयले जम्मा गर्नुपर्ने । ३-४ वटा ठाउँ भएर आउँदाखेरि त्यो अल्लि ढिलो भएको हो । अरु रेगुलर जाने पैसा हामीबाट रोकिएको छैन । निर्णय गरेर अर्थबाट प्राप्त हुँदाविक्तिकै हामीले राताकारात हामीले पैसा पठाइदिएको अवस्था चाहिँ छ, म प्रष्ट पार्न चाहान्छु सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत । त्यसैगरी५ ओटा जिल्ला अस्पतालहरूलाई पहिलै २/२ करोडको चाहिँ त्यो बिल्डिङ्ग बनाउने भन्ने पैसा थियो माननीयज्यूहरू, अब अहिले हामीले सरकारले के सल्लाह भयो भने बिल्डिङ्ग बनाउन चाहिँ डिपिआर-सिपिआर सबै रेडि भयो फागुनमा टेण्डर हुने भन्दा कोरोनाले रोक्यो अब विभिन्न डिपीआरहरू छन् ।अब, डोल्पाको अस्पताललाई चाहिँ माथि संघबाटै पैसा आको छ,अन्य ४ ओटा अस्पताल चाहिँ अब हामी चाहिँ टेण्डर आउँदो वर्ष गर्छौं । त्यसका लागि लागत छुट्याएका २/२ करोड पैसा थिए यहाँहरू जानकार हुनुहुन्छ, रातो किताबमै छ, हाम्रो सदनले नै पास गऱ्याहो । त्यो अबचाहिँ हामी उसमा जान सक्ने होइन भने त्यसो भए यो पनि चाहिँ यो अस्पतालको चाहिँ वृद्धिविकासको लागि राम्रौ हुन्छ अहिले कोरोनाका लागि काम लाग्छ । पछि त्यसको चाहिँ लङट्रम काम लाग्छ ।भेन्टिलेटर किनौं,आईसीयू किनौं,अक्सिजन प्लान्ट राखौं, त्यो खर्च गर्न भनेर हामीले डेढ-डेढ करोड रुपैयाँ चाहिँ संशोधन गरिएको छ । यो पैसा गएको छैन, अर्थमन्त्रालयले चाहिँ त्यो स्वीकृत गऱ्याछैन प्रोसेसमा छ ।यो पनि मैले जानकारी गराउन चाहें ।त्यसैगरी आजमात्रै हामीले चाहिँ सामाजिक विकास मन्त्रालयको प्रस्तावमाथि योभन्दा अगाडी क्याबिनेट थियो, माननीय मन्त्री, माननीयज्यूहरू त्यो क्याबिनेटमा चाहिँ केही पैसा चाहिँ ४ करोड ९३ लाख ५० हजार रुपैयाँ आज विभिन्न ठाउँमा हामीले पठाउने निर्णय गरेका छौं । त्यो पनि म जानकारी गराउन अनुमति चाहन्छु । हामीले के भन्यौं भने विभिन्न रणनीतिक ठाउँमा अब आइसोलेसन चलाउन पऱ्यो । अघि माननीयज्यूले दिएका सुझाबअनुसार है अब जिल्लामा मात्र चलाएर भएन यही पनि अब माननीयज्यूले कुरा उठाइहाल्नु भो स्वाभावीक पनि हो । बाहिरबाट बुझ्दा सुर्खेत किन ल्याइएन ? चौरजहारी किन लिइएन ? भन्ने बुझिने तर त्यसको मक्सद अर्को हो, त्यहाँ चाहिँ सिम्टोम्याटिक मात्र होइन, अत्यन्त क्रिटिकल केयर चाहेका मान्छे त्यहाँ जान्छन्, नभए जिल्ला अस्पताल बस्छन्

भनेर हामीले त्यसरी तयारी गरेका थियौं तर अहिले के भन्यौ भने व्यवहारिक रूपमा चाहिँ अब अहिले हाम्रो प्रदेश अस्पतालमा, चौरजहारीमा क्षमताले धान्ने अवस्था नै छ । अब त्यहाँ तयार नभएको अवस्थामा ल्याइदिऔं त भन्ने व्यवहारिक कुरा मात्र भयो अन्य त यी अस्पतालको काम भने क्रिटिकल केयर नै हो । वास्तवमा त्यसरी हामीले तयार पार्‍या थियौं । अब हामीले चाहिँ तयार पारेको हजुरको म लोकेशन पनि म पढेर पढ्ने अनुमति चाहन्छु । स्थानीय आइसोलेसन तोक्ने स्थान र बजेट, बजेट मैले अब टोटलमै भने हजुर छुट्टै-छुट्टै गरिन । सलेन कुविण्डे वनगाड १ मा चाहिँ देवस्थलमा चाहिँ १सय बेडको चलाऔं भन्ने हामीले प्रस्ताव गर्‍याछौं, स्वीकृत भैसक्यो ।त्यसैगरी बाघचौर २ मा चाहिँ ५० बेड चलाऔं भन्या स्वीकृत भैसक्यो,नौ ९ लाख २० हजार भयो ।कपुरकोट ३ मा चाहिँ धनबाडा हेल्थपोस्टमा चाहिँ ५० बेडको चलाऔं भनेको, सलेनमा ३ ठाउँमा चाहिँ अब ५० बेडका रणनीतिक स्थानमा किनभने डाक्टर पनि चाहिने प्रत्येक पालिकामा नसकिने, त्यो भएर ३ ठाउँमा चाहिँ अब गर्ने भनेर आज पास भएर बजेट चाहिँ जान्छ भोलि यो भयो । जाजरकोटको २ ठाउँमा अहिले २ ठाउँमा चाहिँ जाजरकोटमा नदेखिएको हुनाले छेडागाडको दशेरा स्वास्थ्यचौकी र त्रिवेणी नलगाडको दल्ली प्राथमिक स्वास्थ्य केन्द्र राख्दा ठिक हुन्छ भनेर २ ठाउँमा चाहिँ हामीले आइसोलेसन चलाउने निर्णय गर्‍यौं । एउटा जिल्ला अस्पतालमा हुन्छ ३ ठाउँ भयो, त्यसैगरी रुकुम पश्चिमको चौरजहारीमा छँदै छ । अहिले आठबीसकोटमा मात्रै चलाऔं भन्यौं हामीले जिल्लामा पनि माथि मुसिकोटमा छँदैछ, आठबीसकोट र चौरजहारी भयो भने ३ ठाउँ हुन्छ भनेर आठबीसकोटमा ५० बेडको आईसीयू केरे आइसोलेसन बेड चलाउने हामीले निर्णय गर्‍यौं । त्यसैगरी सुर्खेतको चाहिँ अलि धेरै ठाउँमा किन सुर्खेतमा पपुलेशन पनि धेरै बाहिरबाट आएका मान्छे पनि धेरै बस्ने हुनाले पञ्चपुरी नगरपालिकामा चाहिँ ५० बेडको चलाऔं भनेर त्यो हाम्रो चाहिँ के भन्छ त्यो अस्पताल छ एउटा त्यहाँ, यो सालकोटको अस्पताल छ । त्यहाँ चाहिँ ५० बेड चलाउने, चौकुनेमा उता इण्डियाबाट धेरै आउने र प्रेसर भएको ३० बेड चलाउने अहिले त्यहाँ पनि हामीले डाक्टर राखेका छौं । त्यसैगरी गुर्भाकोट नगरपालिकाको मेहलकुना अस्पतालमा ५० बेड चलाउने, त्यसैगरी चाहिँ चिङ्गाड गाउँपालिकाको औलचिङ्ग प्राथमिक स्वस्थ्य केन्द्रमा हामीले डाक्टर पठाइसकेका छौं । त्यहाँ पनि ५० बेडको चलाउने त्यसैगरी वीरेन्द्रनगर नगरपालिकाको मध्यपश्चिम विश्वविद्यालयको एउटा बिल्डिङ्गमा त्यहाँ चाहिँ ५० बेड चलाउने भनेर हामीले सुर्खेतमा ४-५ ओटा ठाँउमाचाहिँ १,२,३,४,५ ठाउँमा हामीले प्रस्ताव गर्‍यौं र यो क्याबिनेटले पास गर्‍या छ, त्यो पनि भोलिदेखि हामी काममा लाग्छौं । त्यसैगरी दैलेखको नारायण नगरपालिकाको जुन त्यो नारायण क्याम्पसको अत्यन्त राम्रो बिल्डिङ्ग छ, त्यहाँ नै चलाऔं भन्यौं अब, अस्पतालले मात्र नधान्ने भएपछि त्यहाँ ५० बेड,ठाँटीकाध गाउँपालिकाको लकान्द्रा प्राथमिक स्वास्थ्य केन्द्रमा ५० बेड, आठबिसकोट नगरपालिकाको राकम कर्णाली स्वास्थ्य चौकीमा ५० बेड, दुल्लु नगरपालिकाको दुल्लु अस्पतालमा ५० बेड,४ ठाउँमा चाहिँ अब, त्यो के भन्छ दैलेखमा पनि हामी ५०/५० बेडका आइसोलेसन चलाउने निर्णय गरेर त्यो पनि

हामी स्रोत छुट्याइसक्यौं, हामी भोलि जान्छ यो पैसा । त्यहाँ कालिकोट जिल्लाको पचाल झरना राम्नाकोट स्वास्थ्य चौकीमा ५० बेड,कुमाल यो नरहरिनाथ गाउँपालिकाको कुमालगाउँ प्रथामिक स्वास्थ्य केन्द्रमा ५० बेड,तिलागुफा नगरपालिकाको जुबिथा स्वास्थ्य चौकीमा ५० बेडर रास्कोट गाउँपालि नगरपालिकामा ५० बेड गरी ४ ठाउँमा यहाँ पनि चाहिँ चलाउने भनेर हामीले निर्णय गरिसक्यौं, यो पनि पैसा जान्छ । त्यसै गरेर जुम्लाको तातोपानी र सिँजा, सिँजा गाउँपालिका र तातोपानी गाउँपालिकामा २ ठाउँचलाऔं अहिले । किन उतापट्टिका कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान छँदै छ भनेर यताका २ ठाउँमा हामीले तोकेका छौ । त्यहाँ पनि ५०/५० ओटा बेड चलाउने त्यस र भनेर यो चाहिँ करिब-करिब हामीले २४ ठाउँमा २४ ठाउँका हजार ६० ओटा आइसोलेसन बेड तयार हुने गरी हामीले चाहिँ बजेटिङ्ग गरेर अहिले भर्खरैको क्याबिनेटमा पास गरेका छौं,यो हामी पठाइदिन्छौं ।यो पनि चाहिँ स्रोतको जानकारी सम्मानित सदनमा गर्दा राम्रो हुन्छ भनेर मैले चाहिँ राखें, त्यसैगरी आजै चाहिँ निर्णय के गऱ्या छौं भने यो पिसीआरको आरएनएक्सएन कीटभन्ने त्यो महङ्गो हुन्छ । त्यो संघलाई जति अनुरोध गर्दा पनि बल्ल हजार पठाउनु भयो उहाँहरूले अस्ति । हजार पठाउदाखेरि फेरि ट्युब सानो पठाउनु भएछ, त्यो नमिल्ने ट्युब आएछ । मैले नेपालगञ्जको चाहिँ भेरी अञ्चल अस्पतालको मेसुलाई अनुरोध र विनय गरेर फोनबाटै हात जोडेर फेरि ट्युब ल्याएर अहिले हामी चलाइराछौं भने अब हामीले किनौं केही प्रदेश अस्पतालले चाहिँ किन्दै योभन्दा अगाडी टेण्डर गरिसक्याछ, किन्दै छ । केही चाहिँ कासले किन्दै छ भने अब फेरि किनौं हामीले पुग्दो भनेर डेढ-डेढ करोड अझैं पनि यो कम भयो भन्ने छ तर अहिले चाहिँ डेढ-डेढ करोडकै यो ६ हजार कीट आउँदो रहेछ यो, यो किन्ने भनेर टेण्डरका लागि हामीले पैसा पठाउने गरी हामीले करिब आज चाहिँ ४ करोड ७५ लाख ६५ हजार रुपैयाँ बराबरको स्रोत र यो कामहरू आज क्याबिनेटमा गऱ्या छौं । त्यो पनि सम्मानित सदनमा माननीय सभामुखज्यूमार्फत आमनागरिकलाई यो चाहिँ रकम-कलम कति गएको रहेछ भनि थाहा पाउँदा राम्रै होला भनेर यो मैले जानकारी गराउने चाहिँ अनुमति चाहें र मैले गराएँ पनि । त्यसपछि अब यो, अब केही चाहिँ माननीयज्यूहरूले चाहिँ म आग्रह गर्न चाहान्छु । यो मन्त्री भएपछि बोल्न चाहिँ त्यति सदनमा पाइँदोरहेनछ, अहिले पूर्व मन्त्री माननीय खड्क खत्रीज्यू दिनदिनै बोल्नुहुन्छ । मलाई पनि रहर लाग्न थालेका छ, अहिले त अब अहिले १ जना मात्र मन्त्री बाहिर जानुभाथ्यो दिनदिनै बोलेर तपाइँले टाइम अलिकति कमै पाउनु भा'होला माननीयज्यू पछि हामी ४/५ जना मन्त्री बाहिर गयौं भने त दिनदिनै हामी बोल्न थाल्यौं भने हजुरले अलि कमै पाउनुहुन्छ कि जस्तो छ । त्यहि भएर म चाहिँ माननीय सभामुखज्यूलाई म आग्रह गर्न चाहान्छु । अलिकति २/३ हसामा भए पनि एकचोटि मन्त्रीलाई आफ्नो विभागीय कुराहरू जानकारी गराउन दिएपछि अल्ली धेरै कन्फ्युजनहरू हट्ने रहेछन् भन्ने मलाई आ उ छ मलाई फिलिङ्ग छ । त्यो भएर अलिकति टाइम मिलाई दिन पायो भने म कार्यव्यवस्था परामर्श समितिका माननीयज्यूलाई पनि म आग्रह गर्न चाहान्छु । बलगरी भनेपछि मात्रै समय पाउने यो चाहिँ भएन अलिकति समयको उपलब्धता गराइदिन पऱ्यो

केहीकुरा राख्ने अनुमति चाहिँ दिनुपर्‍यो भन्ने म चाहिँ आग्रह गर्न चाहान्छु । र चाहिँ अर्को अब अलिकति हुनत अब म मन्त्री भएरै जोडिएका होलान् तैपनि मन्त्री हुँदाहुँदै म जनप्रतिनिधि पनि हो काहिँबाट निर्वाचित जनप्रतिनिधि पनि म हो, त्यहाँसँग पनि अल्ली जोडिएर केही कुरा उठे र उठाउनु भयो आदरणीय नेताहरूले म त्यहाँहरूप्रति सम्मान छ । लोकतन्त्रमा स्वभावीक ढंगले संसद्मा कुरा उठ्छन् । तर म खुलेरै भन्न चाहान्छु मन्त्री नै नहुनुभएका माननीयज्यूले उठाए त मलाई त्यति उ लाग्या छैन, मन्त्री भएका माननीयज्यूले अझ संघकै मन्त्री भएका माननीयज्यूले उठाएको मलाई अलि-अलि कता-कता भित्र चिसिक्क चाहिँ भाकै छ । हजुर पनि मन्त्री भैसक्या हजुरले पनि गाडी चढ्या, हजुरले पनि प्लेन चढ्या, हजुरले हेलिकप्टर चढ्या, कुन प्रबन्धमा चढ्या भन्ने कुराहरू यहाँहरू जानकारै हुनुहुन्छ, मलाई त्यो लाग्छ र चाहिँ जनतालाई भ्रमित हुने ढंगले नभन्दिदा राम्रो हुन्छ । मैले मन्त्री भएर पाटी खानको लागि चाहिँ घरमा हेलिकप्टर लिएर गएको होइन, जनताका दैलो घरदैलोमा एक जना एमबीबीएस डाक्टर हुम्लामा एक जना छोरी चाहिँ एमबीबीएस डाक्टर चाहिँ हाकिम हुँदाखेरि सरुवाका लागि कति चोटि लागियो तर मैले त विभिन्न विचार र सिचारको कुरा होइन, काम गर्नुस भनेर विभिन्न जुन विचारका मान्छेहरू पनि हाकिम बनाएर पठाएको छु मैल हाकिम भनेर स्वीकारेको छु र उहाँहरूलाई अगाडी बढाएर सहयोग गरेको छु । र अत्यन्त दुर्गम ठाउँमा दुर्गम जनताको ठाउँमा चाहिँ डाक्टर पुर्‍याउदाखेरि हेलिकप्टर प्रयोग भएको छ । सामान पठाउँदाखेरि हेलिकप्टर प्रयोग भएको छ । यति गाह्रो रहेछ कि नेपाली सेनाको हेलिकप्टर प्रयोग गरौं त माननीयज्यूहरूको सुझाब पनि आइसके हामी पनि गरौं भन्दा धेरै चोटि प्रयास गर्‍यौं, करिब-करिब २ हप्ता भयो अपर डोल्पाका ३ ओटा गाउँपालिकामा चाहिँ स्वाब संकलनका लागि आजै पनि मन्त्रीज्यूले किचकिच गर्‍यागर्‍यै हुनुहुन्छ । माननीयज्यूले किचकिच गर्‍यागर्‍यै हुनुहुन्छ । नेपाली सेनाको हेलिकप्टर भनेर यो भन्दा अगिल्लो चाहिँ तपाईँको यो पीसीएमसीको बैठकमा चाहिँ अनुरोध गरेर पठाएको २ हप्ताभयो, अहिलेसम्म मैले यहाँको जर्साबलाई पनि भनेको भन्यै छु अनुरोध गरेको गर्‍यै छु । भनिसके हजुर भन्नुहुन्छ माथिको प्राविधिकसँग हिजोमात्र कुरा भयो यो हामीलाई किन उपेक्षा गरिन्छ सरकार माननीय मन्त्रीज्यू भनेर मैले भने तर पनि हामीसँग हेलिकप्टर पाईँदैन २ हप्ता भयो आउदैन । अब यसरी अब प्राइभेट पनि हामी प्रयोग नगर्ने सरकारी पाइने हैन भने अब हाम्रा सेवा सर्भिस डेलिभरि कसरी हुन्छ ? यो त अप्ठ्यारै पर्ने भयो नि र हामीले भनेका छौं मैले त चिन्दैनथें यसमा बढी चिनजान अब एयरलाइन्ससँग बढी परिचित त मेरा आदरणीय दाइ हाम्रो प्रतिपक्ष दलको नेता पूर्व पर्यटन मन्त्री हुनाले उहाँनै बढी चिनजान छ । उहाँ एयरलाइन्ससँग म त बढी त्यति राम्रो चिन्दिन तर मुख्मन्त्रीले चाहिँ यो जुन हेलिकप्टर उड्यो त्यसको सिइयो हो कि साउजी के हो ? दलाल को हो ? उनीहरू चिन्ने कुरा भए, चिन्नेले चिनोस् म चिन्दैन । सस्तोमा राष्ट्रलाई संकट पर्‍या बेला तपाईँहरूको हेलिकप्टर फ्युल चार्जमा मात्र उढाइदिनुस् है भनेर भन्नु भाछ । फोन गरी भन्नु भा´छ मिटिङ्गबाटै भन्नु भाछ । सम्भवत त्यस्तो महङ्गो लिने गरी उनीहरू प्रयोग हुँदैन होला मलाई त्यो लाग्छ । त्यसरी बुझिदिन म चाहिँ सम्मानित

सदनमा आदरणीय नेताहरूलाई आदरणीय मेरा त अग्रज हुनुहुन्छ । हजुरले जे सिकायो, त्यहि हामीले गर्ने हो । म एकदम हृदयदेखि म छाती खोलेर आज भन्नै पर्ने हुनाले भने दुःख नमान्नु होला मेरो सम्मान छ हजुरहरूप्रति फेरि अत्यन्त सम्मानका साथ सम्मान भावका साथ भित्रमा लाग्याकुरा मैले राख्न मात्रै खोजेको हो । त्यसपछि अर्को पनि यो चिकित्सक २७ ठाउँमा हामीले पठायौं, पठाँउदाखेरि हजुरको हाम्रो कस्तो छ भने एउटा चाहिँ माथिबाट एघारौं तहको डाक्टरसहित ३ जना पठाको थियो, त्यो उनको संयोजकत्वमा चाहिँ टेक्निकल टिम बनाउने भनी नेपाल सरकारले पठाएको के नाम गरेको हुनुहुन्थ्यो उहाँगएर फेरि अर्को आउनुभयो । फेरि उहाँपनि गैसक्नु भयो । उहाँहरूको नेतृत्वमा चाहिँ यहाँका प्राविधिक मान्छे बसेर स्वास्थ्य यो हाम्रो यो निर्देशक चाहिँ सदस्य सचिव हुनेगरी माथिबाटै कार्यविधि पठाएर पठाको उहाँले रणनीतिक लोकेशन तोकेको र जिल्लाको सदरमुकाम आसपासका ठाउँमा जिल्लाले हेर्ने जिल्लाको हस्पिटलले हेर्ने, जस्तै म मेरो हुम्लाको उदाहरण दिन चाहान्छु । आदरणीय दाइ प्रमुख प्रतिपक्ष दलको नेताज्यू र म एकै जिल्लाका दाइ-भाइ पनि हौं हामी, हामीलाई भूगोल थाहा छ । कतिपय माननीयज्यू त जानु पनि भा'होला, त्यो भूगोल जुन-जुन भूगोलमा माथिको नाम्खा भनेको अत्यन्तै टाढा नाम्खामा पठाइयो डाक्टर कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट । तलका ४ ओटा पालिका पर्न त मेरो निर्वाचन क्षेत्र पर्छन् तै पनि अत्यन्त टाढाहुन् ती । सिमीकोटबाट हिड्यो भने ३ दिन ४ दिन २ दिनको बाटोमा छन् । स्वाब चाहिँ ७२ घण्टामा हामीले काँ त्यो स्वाब संकलन गरेर परीक्षण गर्नुपर्दो रहेछ । यस्तो अप्ठ्यारो अवस्था भने पछि जुन सिमीकोट सदरमुकाममा चाहिँ अहिले ४ जना डाक्टरहरू हुनुहुन्छ । र नजिकैको खार्पुनाथ गाउँपालिका दुबै गाउँपालिकालाई जिल्लाको सदरमुकामको डाक्टरले हेर्ने जिल्लाको स्वास्थ्य कार्यालयले हेर्ने भनेर हामीले टीओआर नै तोकेर डाक्टर खटाउन पनि उहिल्यै उतिखेर पठाइसक्यौं भने पछि जहाँसम्म लाग्छ २७ ओटा रणनीतिक लोकेसन अत्यन्तै छानेरै राम्ररी पठाए जस्तो लाग्छ, मलाई कुनै राजनीति आग्रह-पूर्वाग्रह मैले त भनेकै छु यस्तो बेलामा, यस्तो बेलामा लोभ र पाप गर्नु आमाको रगत खानु सरह हो पक्ष-विपक्ष, पार्टी,धर्म,जात,क्षेत्र भन्नु चाहिँ त्यो जस्तो ठूलो अपराध केही पनि होइन, भनेर हिंड्ने मान्छे मै हुँ । र मलाई गऱ्या पनि छैन जस्तो लाग्छ तरपनि आदरणीय नेताहरूले बोल्दाखेरि आदरणीय अब यो अलिकति कस्तो-कस्तो चित्त दुख्दोरैछ के ? जति लाग्यो दौडयो रात २ बजे भन्या छैन, १ बजे भन्या छैन । फोन आकाआई गरेको गऱ्यै अब के गर्ने । एक जना मान्छेले त्यो सम्भव छैन हाम्रो पूरै सिङ्गो चाहिँ राज्य, सिङ्गो नागरिकहरू, सिङ्गो चाहिँ सदन, सिङ्गो सरकारमा नलागेसम्म त यो सम्भव पनि त छैन नि । यो त दुनियाँले देख्या कुरो होनि त । अरबौं-खरबौं भएको अमेरिका पनि त आच्छु-आच्छु भैसक्यो त । तेत्रो चाहिँ स्वास्थ्यको प्रणाली अत्यन्त राम्रो भएको युरोप पनि त हैरानमा पऱ्या छ त भनेपछि एकै कर्णाली हैरानमा पऱ्या होइन, कर्णालीमा मलाई आग्रह छ, म विश्वास छ, अझैं पनि हामी चाहिँ कन्ट्रोलमा लिन चाहिँ सक्छौं । अहिले पनि लोकलाइज भा छैन यो कम्युनिटीमा चाहिँ ट्रान्सफर्म भा छैन । अब जुम्लामा हिजो चाहिँ त्यो पनि क्वारेन्टाइनमा

बसेका मैले सोधे त्यहाँको चाहिँ जुम्ला कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको त्यहाँको चाहिँ मैले उलाई सोधे रजिस्टार साबलाई सोध्दाखेरि उहाँले के भन्नुभयो भने त्यहि चाहिँ केटीएसको क्वारेन्टाइनमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी माथि सऱ्या रैछ । भनेपछि लोकल ट्रान्समिसन भएको छैन, यो सौभाग्य हो । यलाई हुन नदिऔं, स्थानीय सरकार पनि लाग्नुभएको छ, अझैं पनि लाग्दिन म चाहिँ सम्मानित सदनमार्फत म आग्रह गर्न चाहान्छु । त्यसैगरी माननीयज्यूहरू पनि त्यसैगरी र सञ्चारकर्मीहरू अत्यन्त राम्ररी लाग्नु भाछ, २/४ जना अब लेख्नका लागि लेख्दिनुहुन्छ तर धेरैले, धेरै नेपालमा सञ्चारकर्मीले अत्यन्त उत्साहकासाथ राम्रा लेख आफ्ना उ चाहिँ न्यूजहरू बजाउनु भएको छ । उहाँहरूप्रति पनि मेरो सम्मान छ । आफ्नो ज्यूँज्यानको बाजी त्यागेर चाहिँ चिकित्सकहरू, स्वास्थ्यकर्मीहरू, प्रहरीहरू सुरक्षा निकायहरूचाहिँ अगाडी अग्रमोर्चामा हुनुहुन्छ, उहाँहरूप्रति मेरो उच्च सम्मान छ । फेरि पनि जनताको जिउधनको रक्षाको निम्ति लागिदिन म यो सम्मानित सदनमामार्फत म एक जना क्याबिनेटको सदस्यको नाताले र विभागीय मन्त्रीको नाताले म चाहिँ हार्दिकताका साथ म आग्रह गर्न चाहान्छु र यसलाई चाहिँ अब हामी नआत्तिकन आमजनतालाई पनि कर्णालीवासीलाई म चाहिँ आग्रह गर्न चाहान्छु । आत्तिनु भएन, हामीले चाहिँ स्वास्थ्य विज्ञानले दिएका निर्देशन मानौं, सरकारले गरेका लकडाउनका नीतिहरू अवलम्बन गरौं, त्यसपछि त समस्या मेरो विचारमा हुँदैन र नेपालमा देखिएको कोरोनाको अहिलेसम्मको स्टडी हेर्दाखेरि पनि करिब ८० प्रतिशत बिरामीहरू संसारभरि त्यस्तो छ, अझ नेपालमा चाहिँ अनि अलिकति उत्साहाजनक ढंगले आइसके पछिपनि त्यो त्यति चाहिँ उ नभएको हुनाले हामीले चाहिँ अलिकति आत्मअनुशासित भएर लाग्यौं भने आमनागरिकले सहयोग गरिदिनु भयो भने फेरि क्वारेन्टाइन बस्ने र नारा लायो भने त त्यो हुँदैन । क्वारेन्टाइनका पनि बाध्यता छन्, सरकारका पनि बाध्यता छन्, स्रोतका पनि बाध्यता छन् । चाहेर मात्रै हुने पनि छैन, यलाई व्यवस्थित गरेर अगाडी बढ्ने हो । त्यो गर्नको लागि चाहिँ प्रदेश सरकार,संघको सरकार, स्थानीय सरकार पनि लागि पर्नुभएको छ । वास्तवमा संघ स्थानीय सरकारका साथीलाई पनि कम दुःख छैन । रात पनि फोन आएका छन्, रात मान्छे आएकाछन्, व्यवस्थित गर्नु छ, धेरै समस्याहरू छन्, स्रोत छैन । त्यो भको नाताले यसकालागि चाहिँ यसरी गरिदिन म आग्रह गर्न चाहान्छु । त्यसैगरी अघि माननीयजीले उठाउनु भएको थियो, विद्यालय सञ्चालनको कुरा अहिले विद्यालय सञ्चालन हुँदैन । मैले आज पनि क्याविनेटमा भनिसकेंअहिलेजुम्लासम्म त्यो पुगिसक्यो हामीले त अस्ति अहिले पहिला परीक्षण हेरेको हुनाले अल्ली ग्रिनजोन जस्तो देखिए जिल्लामा चलाउने कि भन्नेमा पक्षमा थियौं तर अहिलेको अवस्था हेर्दाखेरि विद्यालय सञ्चालनको अवस्था हुँदैन मैले संघीय स्वास्थ्य, शिक्षा मन्त्रीज्यूलाई पनि भनिसक्याछु । बरु अरु-अरु चाहिँ अल्टरनेटिभ एजुकेशनका पद्धतिहरू जति छन्, अब त्यो अनलाइन सिस्टममा जान सक्छौं, भर्चुअल सिस्टममा जान सक्छौं । त्यति मात्र गएर फेरि जो पहुँचवाला छन्, त्यो पहुँचवाला मात्रै फेरि शिक्षा लिने होलान्, जो गरिबका बालबच्चा

जोसँग रेडियो सुनिदैन, टिभि छैन, अनलाईनको माध्यमछैन, उहाँहरूचाहिँ पहुँचविहिन हुने होला, त्यसका लागि टेक्सटबुकको माध्यमबाट हुनसक्छ ।

घरमा अथवा एफ.एम. रेडियो दिएर हुन सक्ने हो कि हामी चाहिँ अध्ययनमै छौं हामी अध्ययन गरिराछौं यो असारपछि ए एतातिर अल्टरनेटिभ एजुकेसन सिस्टममा चाहिँ हामी जाने प्रयत्नमा हामी छौं । त्यो भएको नाताले अब आजसम्म चाहिँ यस्तो अवस्था चाहिँ छ । मैले चाहिँ पाएको समयमा छोटकरीमा भए पनि केही कुरा राखें जस्तो लाग्छ । अब यति, अब यो अलिकति यो,यो विशेष परिस्थितिमा बोलेको बोलाई भनेर बुझिदिनु पर्ला । विशेष परिस्थितिमा चाहिँ यहाँहरूको सहयोग र सद्भावविना चाहिँ हामी अगाडी बढ्न सक्दैनौ । सिङ्गो संसद्को सहयोग चाहिँएको छ, सिङ्गो सरकारको सहयोग चाहिँएको छ, आमनागरिकको सहयोग चाहिएको छ । त्यो भएको नाताले मेरो हार्दिकताका साथ आग्रह छ, मान्छेलाई पोजेटिभ कुरा गर्दाखेरि कति पोजेटिभ भाव बहन्छ र अलि नेगेटिभ कुरा सुन्दाखेरि चाहिँ आख्ला मरेर जाँदोरैछ के ? त्यो भएको नाताले योबीचको बेला पनि कोरोनाकै बेलाहामी १० ओटा अस्पताल पुगेर आइयाछ, १० ओटा अस्पतालको अध्ययन गरेर आयौं,व्यवस्थित पनि धेरै भाका छन् । पहिला कति थियो हामीसँग जम्मा १७ ओटा आइसियूथियो, अहिले त ४५ ओटा आईसियू पुऱ्यायौं हामीलेयही अवधिभित्रै हो । भेन्टिलेटर जम्मा हामीसँग ४-५ ओटा थियो, अहिले त १७-१८ ओटा भेन्टिलेटर पुगे, अझ पुग्दैछन् । प्रत्येक जिल्लामा भेन्टिलेटर हुँदैछन् भनेपछि हामीलाई तयारीका हिसाबले ढिलो गरेको होइन, चाँडै तयारी गरेका हौं र कर्णाली चाहिँ साँच्चै वास्तवमा भन्ने हो भने भएकै थियो अब इण्डियाबाट आउने त कसको के तागत ? हामीले कसरी रोक्ने ? ती दाजुभाइहरू आफ्नो घरआँगन सम्झेर आका दाजुभाइलाई हामीले कसरी फर्काउने ? आउने सिलसिलामा अब संक्रमित भएर दाजुभाइहरू आए । अब यसको उपचार चाहिँ तपाईं हामी लागेर सिंगो सदन लागेर माननीय सभामुखज्यूमार्फत आम नागरिकलाई र स्थानीय सरकारलाई आग्रह गर्न चाहान्छु । मिडियालाई, चिकित्सकहरूलाई स्वास्थ्यकर्मीलाई सबैलाई आग्रह गर्न चाहान्छु, उच्च मनोवलका साथ हामी लागौं, निराश नहोऔं, अप्ठ्यारो नमानौं,नआत्तिऔं, केही फरक पर्दैन हामी चाहिँ । यो अप्ठ्यारोसँग जुदेर अगाडी बढौं भन्ने चाहिँ आग्रह र आह्वानका साथ विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः** के हो? माननीय सदस्यज्यू ।

**माननीय श्री जीवनबहादुर शाहीः** सायद त्यहाँ थाहा नभएर हो कि के हो ? मन्त्रीले जवाफ दिइसकेपछि संसद्हरूले उठाएको कुराको पूरक प्रश्न उठाउन पाउनु पर्छ । त्यो व्यवस्था गरियोस् भनेर मैले अनुरोध गरें ।

**माननीय सभामुखः** यो हाम्रो यो नियमावलीमा त्यो व्यवस्था नभएकोले त्यो सम्भावनालाई पनि हामीले हेरेका हौं । त्यो व्यवस्था हाम्रो नरहेकोले त्यो गर्न अहिले,अँ त्यो व्यवस्था अहिले तत्काललाई गर्न नसकिने जानकारी गराउँछु माननीय सदस्य । अब समसामयिक विषयमा छलफल गर्न सकिने हाम्रो प्रवधान प्रावधान पनि छ, त्यसका लागि शून्य समय र विशेष

समय कार्य बोझलाई ध्यान दिएर त्यो व्यवस्था गरौंला आगामी दिनमा । अब संशोधनको प्रक्रियामा पनि छौं हामी । त्यो व्यवस्था गर्नका लागि माननीय सदस्यहरूलाई म अनुरोध गर्दछु ।

माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमाथिको छलफल आज पनि जारी रहन्छ । आफ्नो धारणा राख्न चाहनु हुने माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । सर्वप्रथम माननीय श्री हिमबहादुर शाही, समय ७ मिनेट यसपछि माननीय श्री गुलाबजंग शाह तयार रहनुहोला ।

**माननीय श्री हिमबहादुर शाहीः** माननीय सभामुख महोदय, प्रदेश प्रमुख माननीय गोविन्दप्रसाद कलौनीज्यूले कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिकवर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम बारेमा केही कुराहरू भन्न यहाँ उभिएको छु । माननीय सभामुख महोदय, म त के भन्न चाहान्छु भने स्पष्ट रूपमा परम् ब्रम्हा परम् धामम् पवित्रम् परमम् भवाः पुरुषो सासकत्व देवम् माहदिदेव मजमभवम्। १७ लाख कर्णाली जनताको परम् ब्रम्हा परम् धाम पवित्र मन्दिर स्वयम् सार्वभौम सत्ता सम्पन्न पुरुषोत्तम कर्णाली प्रदेश सरकारको अगाडी यस मञ्चबाट जति रुद्रि-पाठ गरेपनि, जति चण्डी-पाठ गरेपनि, जति गीता-पाठ गरेपनि कर्णाली प्रदेश सरकारका लागि कर्णाली प्रदेशका जनताको लागि तात्विक उपलब्धि अहिलेसम्म आंशिक रूपमा पनि देखा परेको छैन म स्पष्ट पार्न चाहान्छु ।

सभामुख महोदय, अवश्य पनि नीति तथा कार्यक्रम यहाँ प्रस्तुत भएको छ । हामीले भनेका थियौं कोरोना भाइरस नियन्त्रण, कोरोना महामारी नियन्त्रण कृषि, खाद्य, रोजगारलाई प्राथमिकता दिनुपर्छ भनेर यसमा केही रूपमा आएको छ, कत्तिपनि आएको छैन भन्ने कुरा होइन । हामीले मैले त अझ भनेको थिएँ स्पष्ट, कृषिलाई त झनै बढवा दिनु पर्छ । नेपाल कृषिप्रधान देश हो । आज कृषिलाई अवश्य अग्रपंक्तिमा हामीले लगेनौं भनेपछि आत्मनिर्भर हुन सक्दैन । त्यस्तै कामको लागि खाद्य रोजगार भनेर आएका थियौं तर यहाँ आयो आज विश्व मानव नै कोरोनाको महामारीबाट नरसंहारको पीडालाई भोगेर नरसंहारको दु:ख र पीडालाई भोगेर अगाडी बढीरहेको छ । यस चुनौतीलाई सामना गर्नको निमित्तकेवल प्रदेश सरकारको मात्र दायित्व होइन, हामीले स्पष्ट भनेका थियौं नेपाली कंग्रेसले चाहे गाउँहोस्, चाहे प्रदेश होस्, चाहे केन्द्र होस् सरकारलाई कुन किसिमको सहयोग चाहिन्छ ? जुनै किसिमको सहयोगमा पनि काँधमा काँध मिलाउन कांग्रेस तयार छ भनिरहेका थियौं र अहिले पनि हाम्रो त्यो संकल्प छ । कर्णाली प्रदेश सरकारलाई कर्णाली प्रदेशको प्रतिपक्षको हैसियतले कर्णाली प्रदेश सरकारलाई महामारी नियन्त्रण अथवा महामारीलाई अवश्य पनि आज महामारीको संकटबाट प्रदेशलाई पार लगाउन के सहयोग चाहिन्छ ? नेपाली कांग्रेस तयार छ तर,खोइत कोरोना महामारीको नरसंहारको आज योजनालाई त्यो कोरोनाको अगाडी मौरीको

फ्वाँकमा मौरीको भित्र मह लाउन त्यो लाउन नगएर मौरीका फ्वाँग बाहिर मौरी म्याँ-म्याँ-म्याँ घुमेजस्तै कोरोना भाइरसको नाममा एकीकृत ठोस कार्ययोजना के छ त यसमा ?अहिले सामाजिक मन्त्रीजीले सुनाउनुभोसबै कुराहरू सुनाउनु भो, विगतका कुरा र अहिलेको कुरो भक्करै सुनाउनु भएको छ डेढ-डेढ करोडको ६ हजार कीटनाशक औषधि खरिद गर्ने आजको निर्णय सुनाउनु भएको छ, उहाँलाई धन्यवाद दिन चाहान्छु । यत्ति पनि उहाँले जानकारी गराउनु भो तर पनि खोई के छ, ठोस कार्ययोजना के छ ?केवल प्रस्तुत गरेर प्रदेश प्रमुखज्यूले प्रस्तुत गरेर कर्णप्रिय शब्द मात्रै राखेर आज कर्णाली प्रदेशका जनता कर्णाली प्रदेशका सुखारी कर्णाली सुखी कर्णाली हुन सक्दैन । यस-यसको लागि तात्विक रूपबाट उपलब्धि दिन सक्ने एकीकृत योजनाहरू यस नीति र कार्यक्रममा आउन सकेन । स्पष्ट उसमा भन्नु पर्दा कृषि, खाद्य, रोजगारीलाई पनि केवल साझा,साझा,साझा कति कस्तो साझा हो यो ? म यहाँ मुख्यमन्त्रीज्यूलाई अब कर्णाली प्रदेश सरकारको गम्भीर ध्यान आकर्षण गर्न चाहान्छु । निजीसँग साझा, सहकारीसँग साझा, स्थानीय गाउँपालिकासँग साझा, नगरपालिकासँग साझा,कस्तो सा गैरसरकारी संस्थासँग साझा यो कस्तो कुन साझा हो यो ? म आग्रह गर्छु, यो त्यसो हो भने मुख्मन्त्रीज्यू यहाँ कर्णाली प्रदेश पनि दुई तिहाईको एकाधिकार किन गठन गर्नु हुन्छ ? साझै सरकार गठन गरौंन त के भयो त ?साझै सरकार गठन गरौं, किन यसमा हजुरले निराश हुनुपऱ्यो ? किन उत्साहमा देखिन पऱ्यो ? अथवा आज मेयरलाई ल्याएर मन्त्री बनाउने मन्त्रीहरू मेयर हुने साझा प्रतिबद्धता अनुसार ल्याऔं, स्थानीय निकायलाई पनि यहाँ सहभागी बनाउने साझा प्रतिबद्धता ल्याऔं। साझा, साझा, साझा भन्ने शब्द नै आज अत्यन्तै लोकप्रिय छ । अत्यन्तै आवश्यकता छ भने साझा साझा भनेर ल्याऔं। साझाभन्दा अरु केही पनि पाइँदैन । एउटाकुरा भन्न चाहान्छु, संविधानको आज स्पष्ट प्रस्तावनामा,प्रस्तावनामा स्पष्ट लेखिएको राष्ट्रियता, लोकतन्त्र, अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदान भन्ने प्रस्तावनामै उल्लेखित छ । यहाँ जनयुद्ध भनेर मनोगत रूपमा कसरी कार्य यो नीति र कार्यक्रममा आयो ? त्यसमा नेपाली कांग्रेस सहमत हुन सक्दैन । त्यलाई अवश्यपनि यो यस कार्यक्रमबाट हटाएर यसलाई अवश्य पनि संशोधन गर्नुपर्छ भन्ने आग्रह गर्दछु । अब समय यहाँकेरे पहेंलो बत्ती बलिसक्यो सभामुख महोदय, अलिकता उ नगरौं । अर्को कुरा म छोटकरीमा भन्न चाहान्छु, केवल कोरोना भाइरस,कृषि,खाद्य, रोजगार र साझा मात्रै कर्णाली प्रदेशको दायित्व र जवाफदेहिता हो ? खोई यसमा कालोबजारीको बारेमा एउटा शब्द लेखिएको छैन । भ्रष्टाचारको बारेमा एउटा शब्द लेखिएको छैन । जलवायु र वातावरण संरक्षणमा एउटा शब्द उल्लेख भएको छैन । बालविवाह, बहुविवाह,जातीय भेदभाव, छुवाछुत लैंगिक विभेदको बारेमा कुनै पनि यसमा उल्लेख भएको छैन, प्रदेश सरकारको दायित्व होकि होइन ?आज प्रदेशमा प्रदेशको सामाजिक अवस्थामा जलवायु परिवर्तन र वातावरण, भ्रष्टाचार र कालो बजार,बालविवाह,बहुविवाह, जातीय भेदभाव,छुवाछुत, लैंगिक विभेद जस्ता कुरा छाउपढी प्रथा उन्मल्लन भनेर गाउँ-गाउँमा गएर भाषण गरेर, ठूला-ठूला गाउँमा आज डलरलाई

कुम्ल्याउनेहरू खोई तआज छाउपडी प्रथा यहाँ लेखिएको ? छाउपढी प्रथाको उन्मूलनमा लेखिएको खोई कहाँ छ ? किन यस्तो किसिमको आज आफू जवाफदेहितालाई र उत्तरदायित्वलाई पनि छिपाएर, लुकाएर आज उत्तर कर्णाली प्रदेश सभालाई नै एकदम चाइने केरे उसमा बन्दी बनाएर राख्नको राखेको हुनाले यो कर्णाली प्रदेशमा प्रस्तुत नीति र कार्यक्रम संशोधन र परिमार्जन भएर स्पष्ट रूपमा आओस् भन्ने नेपाली कांग्रेसको धारणा छ । यदि त्यसरी आउन सक्दैन भने नेपाली कांग्रेसको तर्फबाट यो नीति र कार्यक्रमलाई समर्थन छैन भन्ने उद्घोष गर्दै अहिले विदा हुन्छु, धन्यवाद । मुख्यमन्त्रीज्यूलाई जय नेपाल ।

**माननीय उपसभामुख:** माननीय श्री गुलाबजंग शाह ।

**माननीय श्री गुलाबजंग शाहः** माननीय सभामुखज्यू, म सरकारले ल्याएको यो ०७७/७८ को नीति तथा कार्यक्रम मेहनतका साथ सुझबुझका साथ अत्यन्त गहनतम मेहनत गरेर ल्याएको हुनाले सरकारलाई आभार व्यक्त गर्न चाहान्छु । तथापि यो, योभित्र जति बुँदामा लेखिएको छ, त्यसलाई केही सुझाबको रूपमा राख्न चाहान्छु ।

माननीय सभामुखज्यू, धेरै कुरा चर्चा र व्याख्या नगरीकन मैले बुँदावाइज ढंगले केही करेक्सन गर्न सुझाब गर्न चाहान्छु । यो बुँदा नं. ९ मावर्तमान सरकार गठन भए पश्चात संघीय राजधानीसँग नियमित र भरपर्दो हवाई सम्पर्क स्थापित गरेको छ, भनेको छ वास्तवमा यो स्वागतयोग्य छ । जनताका आधारभूत सेवालाई सहयोग गर्नका लागि कर्णाली विज्ञान प्रतिष्ठान, सामुदायिक स्वास्थ्य अस्पताल चौरजहारी र जिल्ला अस्पतालहरूको केही क्षमता अभिबृद्धि गर्ने, प्रदेश अस्पतालको पनि क्षमता अभिबृद्धि गर्ने सोच राखिएको छ । सम्भवत: यो ०७७/७८ को होला कोरोना भाइरसले महामारीको रूप लिएकै कारणले सम्भवत: यसमा यथाशक्य छिटोभन्दा छिटो तर प्रश्न एउटा छ । हामीले सहयोग गर्दा ती स्वास्थ्य संस्थाबाट रिटर्न नहुँदा सोचिनु पर्छ, सुझाब राख्न चाहान्छु । यसै सन्दर्भमा अर्को एक ठाउँ परीक्षणको दायरालाई क्षेत्रलाई विस्तार गरिनेछ । हाम्रो अहिले माग पनि छ वास्तवमा, अहिले हामीले अस्पतालको स्थानीय तहको खासगरी माननीय मन्त्रीज्यूको जवाफ पनि हामीले सुन्यौं । स्थानीय जिल्ला स्तरमा हामीले सबै जिल्ला अस्पताललाई ५० शैयाको अस्पताल बनाउने त निर्णय यसभन्दा अगाडी गरिएकै छ । यहि कोरोना महामारीको सन्दर्भमै जिल्ला अस्पतालको भौतिक अवस्थालाई पनि सुधार गर्दै, परीक्षण सामाग्रीलाई पनि विस्तार गर्दै, आइसोलेसन बेडहरूलाई पनि विस्तार गर्दै,ल्याव टेस्टका परीक्षणका दायरालाई पनि फराकिलो गर्न सकियो भने अहिले त कोरोना माहामारी छ, भोलि इन फ्यूचरमा पनि भविष्यमा पनि हामीले यसलाई सदा-सदाको लागि सहयोगको रूपमाउपयोग गर्नेछौं । यो वर्ष लेखिए जस्तै काम होस् शुभकामना व्यक्त गर्न चाहान्छु । अर्को कुरा यो १७.३ मा जिल्ला अस्पतालमा कम्तीमा पनि ५० देखि १०० शैयाका आइशोलेसन कक्षहरू निर्माण गर्ने कुरा राखिएको छ । भेन्टिलेटर-भेन्टिलेटर यो कुरा पनि वास्तवमा यसले समय लाग्न सक्छ । महामारी र भोकमरी भन्ने हामीले वास्तवमा यो रातोदिन जपि पनि रहेका छौं । यसैलाई मध्यनजर गर्दै

अहिले आउने बजेटमा पनि खासगरी हाम्रो बजेट केन्द्रित पनि कोरोना माहामारी भए जस्तै स्वास्थ्यलाई विशेष प्राथमिकता राखेरजिल्ला अस्पतालका सेवा वृद्धिमा हामीले चाहिँ टेवा पुऱ्याउन सक्यौं भनेपछि जनताले दिनानुदिनको राहत पनि प्राप्त गर्नेछन् भन्ने कुरा सुझावका रूपमा राख्न चाहान्छु ।

माननीय सभामुखज्यू, मातृशिशु स्वास्थ्यमा सुधारका लागि किशोरी र गर्भावस्था, सुत्केरी स्वास्थ्य अवस्थालाई केयरिङ्ग गर्नको लागि यो बुँदानम्बर १८.३ मा यो बर्थिङ्ग सेन्टरलाई विस्तार गरिनेछ भनिया छ । वास्तवमा यो चाहिँ गाउँ-गाउँमा महिलाहरू सुत्केरी हुन समस्या भैसक्या अवस्थामा हामीले हेलिकप्टरबाट उद्धार गर्नुपर्ने अवस्था टड्कारो रूपमा देखिएको अवस्थामा चाहिँ पालिका स्तरमा वा हेल्थपोष्टको स्तरलाई बृद्धि गरीकन यसै आर्थिक वर्षमा त्यो निर्माण गर्ने गरी विगतमा सरकारले २५ लाख रुपैयाँ विनियोजित गरेको थियो, अहिले त्यसको बृद्धि गरेर कमसेकम पनि ५० लाख या ६० लाख सरकारको अनुमानित ढंगले बर्थिङ्ग सेन्टरलाई प्रायोरिटिको बेसिसमा राख्यो भनेपछि मलाई लाग्छ सुत्केरीहरू अकालमा मर्नुपर्ने छैन र हाम्रो हेलिकप्टर खर्च पनि ट्रान्सपोर्टेशन कम हुनेछ । यो ७९ तहमै यसको सेवा विस्तार गर्नुपर्छ भन्ने कुरा सुझावको रूपमा राख्न चाहान्छु । अर्को कुरा यो १९ नम्बर बुँदामा मुख्मन्त्री युवा उद्यमी अभियान एउटा कुरा छ त्यसको लगत्तै तल १९.१ मा कोभिड-१९ को महामारीको संकटबाट भनेर मुख्यमन्त्री रोजगार कार्यक्रम छ । यो दुइटै उस्तै कार्यक्रम हुन् । मुख्यमन्त्री जस्तो हेड अफ द गभर्नमेन्ट्स सरकार प्रमुखको मन् व्यक्तिकहाँ धेरै यस्ता सांगठनिक संरचना खडा गर्दा एउटा छुट्टै मन्त्रालय खडा गर्न खोज्या जस्तो देखिन्छ । त्यसैले एउटा मात्रै संस्था जो पहिले सबभन्दा पहिले मुख्यमन्त्री रोजगार कार्यक्रमलाई नै प्राथमिकता दिने र अर्को सांगठानिक संरचना खडा नगर्दा राम्रो देखिन्छ र सरकार प्रमुखले मन्त्रालय सञ्चालन गरे जस्तो अवस्था आउन थाल्यो भने त वास्तवमा आलोचनाको विषय बन्छ, त्यसो नगर्न अनुरोध गर्न चाहान्छु । अर्को कुरा एक स्थानीय तह एक विशेष उत्पादन र एक सामुदायिक बीउ-बैंक, एक वडा एक पोखरी वा जलाशय र एक जिल्ला एक स्रोतकेन्द्र विकास गरिनेछ भनियाछ । वास्तवमा नारा त अत्यन्त राम्रो छ यो, अब यसलाई कार्यरूपमा कसरी ल्याउन सकिन्छ ? यो नारा मात्रै आर्कषक नल्याइकन स्थानीय तहमा किसानले लगाएको फसललाई कसरी सिंचाइ गर्न सकिन्छ ? सिँचाई पोखरी बनाएर हुन्छ कि या तपाईँको चाहिँ मान्छेलाई खानेपानीको कति ठूलो समस्या छ ? अहिले वास्तवमा भन्नुहुन्छ भनेपछि यो पहाडी क्षेत्रमा सबै ठाउँमा हाहाकारको अवस्थामा छ । नारा मात्रै नलेखेर वास्तवमै काम गर्नेगरी यो आयो भनेपछि राम्रो हुनेछ भन्न चाहान्छु । पहेंलो बत्ती बलिसक्या छ माननीय सभामुखज्यू थोरै मिनेट म लिन चाहान्छु । अब धेरै कुरा नभनिकन फेरि पनि म जोड गर्न चाहान्छु, मैले विशेष समय पनि भनेको थिएँ। यो कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान प्रदेश अस्पतालको साझेदारीमा चिकित्साशास्त्रमा स्नातक र स्नातकोत्तर तह अध्यापन कार्यक्रमको सुरुवात गरिनेछ भनिया छ, मलाई लाग्छ । फेरि पनि भन्न चाहन्छु कर्णाली विज्ञान प्रतिष्ठान वास्तवममा संघ अन्तर्गतको हो । स्नातक भनेको

मलाई लाग्छ यो मेडिकल साइन्समा एमबीबीएस, स्नातकोत्तर भनेको एमडी या एमएस यो संघ अन्तर्गत रहेको अस्पताललाई हामीले के सेवा गरेर तपाईँको चाहिँ त्यत्रो ठूलो खालको विशेषज्ञ सेवा प्रदान गर्ने होला ? मेडिकल साइन्समा स्नातक तह भनेको एमबीबीएस तह भनेको मलाई लाग्छ नट जोक, अझ त्यसमध्येमा विशेषज्ञ सेवा एमडि या एमएस वास्तवमा त्यो खालको मेनपावर उत्पादन गर्ने खालको क्षमता मलाई लाग्छ चानचुने ढंगले हुँदैन होला । हामीले कस्तो खालको सहयोग गर्न खोजेको हो ?

अन्तमा, एउटा अलिकत वास्तवमा यो संघीय सरकारले निर्णय गर्नुपर्ने अवस्था छ । यो ४४.२ मा गुठी तथा ऐलानी जग्गाको व्यवस्थापन सुकुम्बासी तथा भूमिहिनसम्बन्धी समस्याको समाधान गर्न जनयुद्ध कालमा जनसत्ताबाट किनबेच गरिएका जग्गा-जमिनको लागत व्यवस्थापन गर्ने कार्यलाई संघ र स्थानीय तहसँग समन्वय गरी अघि बढाइनेछ, वास्तवमा लेखाइको कुरो राम्रो छ । वास्तवमा चित्त बुझाउनलाई लेख्या कुरो ठिकै छ तर वास्तवमा जग्गाजमिनसम्बन्धीमा संघीय सरकारले नै अधिकार सम्पन्न भाको हुनाले यस्तो खालको निर्णय संघले गर्‍यो भने हामले यसमा अगाडी बढ्न सक्नेछौँर वास्तवमा हामीले लेख्नलाई मात्र नलेखेर खासै काम गर्ने गरी लेख्न पर्छ भन्ने सुझाब दिन चाहान्छु । अन्तिममा एउटा सुझाब दिन चाहान्छु, ५८.४ मा स्थानीय तहमा नवप्रवर्तन विकासका लागि प्रतिस्पर्धा बढाउन प्रदेशभित्रका सबै स्थानीय तहले लाभ लिन सक्ने गरी एक सिर्जनशील साझेदारी कोष ईन्नोभेटिभ पार्टनरसीप फण्ड स्थापना र सञ्चालनको व्यवस्था मिलाइनेछ भन्याछ । फेरि कन्ट्र्याडिक्ड आयो यहाँनिर, हामीकहाँ अहिले तपाइँको चाहिँ हामीकहाँ अहिले संघीय सरकारले होस् या हामीले मलाई लाग्छ वित्त हस्तान्तरणसम्बन्धी ३/४ प्रकारका हामीले चाहिँ वित्त हस्तान्तरणका नियमहरू छन् । त्योभन्दा बाहेक अर्को वित्त हस्तान्तरण आयो यहाँहामीकहाँ यसभन्दा पहिला समानीकरणमा हामीले बजेट दिएकै छौं । सशर्तमा पैसा दिएकै छौं । विशेष अनुदानमा पैसा दिएकै छौं । (सकौं माननीय सदस्यज्यू) सशर्त तर्फ हामीले योजना दिएकै छौं, फेरि योभन्दा अर्को खालको वित्त हस्तान्तरण वित्त कोष चाहिँ अल्ली यो, यो राम्रो देखिएन त्यसैले यो यस्तो अर्को खालको कोष खडा गर्नु हुँदैन । सरकारले नेपाल सरकारले संवैधानिक व्यवस्था अनुसार जुनखालको रकमविनियोजित वितरण गरिन्छ,त्यसैमा टेकेरअगाडी बढ्दा राम्रो हुन्छ । फेरि अर्को न खालको फेरि कोष खडा गरेर भद्धा खालको स्थिति बनाउनु हुँदैन भन्ने सुझाब दिन चाहान्छु । जसरी गतवर्ष यो सबै प्रकारका रकममा शीर्षकमा बजेट विनियोजन गरियो, सुझाब दिन चाहान्छु- यो साल त्यस्तो नहोस् । धन्यवाद ।

**माननीय सभामुखः** माननीय यज्ञबहादुर बि.सी. । त्यस पछाडि माननीय सीताकुमारी नेपाली ।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सभामुख महोदय, आज प्रदेश प्रमुखज्यूले प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश सरकारका मुख्यमन्त्रीज्यूले छलफलका निमित्त टेबुल गर्नुभएको कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रममा आफ्ना कुराहरू राख्नाका लागि म उपस्थित भएको छु ।

सभामुख महोदय, सर्वप्रथम हिजो राति मात्रै १२ बजे भारतबाट आफ्नो घर कर्णाली प्रदेश सलेनतिर आइरहेका दाजुभाइ तथा दिदीबहिनीहरू घटनामा बस दुर्घटनामा परेर मृत्यु हुनुभएका मृतकप्रति हार्दिक श्रद्धाञ्जली, घाइते हुनुभएका दाजुभाइ-दिदीबहिनीहरू शीघ्र स्वास्थ्यको लाभको कामना,शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्न चाहान्छु साथै दैलेख नगरपालिकाका कोरोना कोभिड-१९ ले क्वारेन्टाइनमै बसेर मृत्यु हुनुभएका उहाँप्रति पनि हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारप्रति समवेदना प्रकट गर्न चाहान्छु । सभामुख महोदय, आज यो ०७७/७८ को नीति तथा कार्यक्रममा आफ्ना कुराहरू राख्दै गर्दा सर्वप्रथम बुँदा नम्बर १ मा जुन यहाँ व्यवस्था गरिएको छ । सार्वभौम सत्तासम्पन्न नेपाली नागरिकको बलिदानपूर्ण संघर्ष जनयुद्ध र विभिन्न समयको आन्दोलनहरूबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्ने गरी जननिर्वाचित संविधान सभाबाट घोषणा भएको संविधानअनुसार प्रस्तुत गर्न पाउँदा खुसी लागेको कुरा यहाँ लेखिएको छ । र हामीले एकातिर संविधानमा व्यवस्था गरेअनुकूल भनेका छौं अर्कोतिर के भनदेखिन ऐतिहासिक जनआन्दोलनसशस्त्र संघर्षबाट उपलब्धि भनेर जुन संविधानको पहिलो संशोधनको २०७२ ले ०७२ को प्रस्तावनामा जुन व्यवस्था गरिएको छ,त्यो अनुरूप म आज त्यही अनुरूप यहाँ उल्लेख भएको हुनुपर्छ भन्ने सभामुखज्यूमार्फत म यो प्रदेश सरकारको ध्यान आर्कषण गराउन चाहान्छु र यसमा मेरो विमति छ । यसलाई संविधानत: संविधान ०७२ को प्रस्तावनामा व्यवस्था भएको ऐतिहासिक जनआन्दोलन र सशस्त्र संघबाट संर्घषबाट उपलब्ध भएकै कुरा उल्लेख गर्न पर्छ भन्ने मलाई लाग्दछ । सभामुख महोदय, बुँदा नम्बर ८ मा चालु आर्थिक, आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरी संघीयता, संघीयताको नवीन अभ्यासलाई सार्थक बनाउने दिशामा कर्णाली प्रदेशका सबै संयन्त्रहरू क्रियाशील छन् । र प्रदेश सरकार गठन भएको छोटो समयमा पनि हाम्रो अथक प्रयासबाट आर्थिक, सामाजिक पूर्वाधार सूचक र उल्लेखनीय प्रगति हासिल भएको छ । अब यो प्रदेश सरकारले जुन नीति तथा कार्यक्रम जुन प्रस्तुत गऱ्यो यो नीतिगत रूपमा सधैंको यो एउटा निरन्तरता दिएको गत साल पनि यही प्रक्रियाले अगाडी बढीरहेको थियो अहिले पनि त्यसैको निरन्तरता हो । र कहाँ कहाँ उल्लेखनीय काम गऱ्यो ? प्रष्ट जनताका सामु जनतालाई अनुभूति हुने कुरामा कहाँ-कहाँ के गऱ्यो ? त्यो प्रश्न चाहिँ फेरि पछि आउने 0७७/७८ को बजेटमा पनि सारा चाहिँ एक किसिमले चाहिँ सैद्धान्तिक हिसाबबाट, एक किसिमले चाहिँने नाराको रूपमा मात्रै उल्लेख गर्ने र व्यवहारमा लागु नगर्ने प्रक्रिया अहिले सम्मपनि त्यहि यथावत् छ, सभामुख महोदय ।

अब यसै गरेर बुँदा नम्बर ११ मा व्यवस्था गरिएको छ कि यस अवधिमा प्रदेश महत्त्वका ठूला-ठूला सडकहरू, परियोजनाहरू, प्रतिवेदन तयार, खरिद प्रक्रिया अघि बढाई निर्माण कार्य सुरुवात गरिएको छ । परिस्थिति सबै आज चैतदेखि लकडाउन भएको आजसम्म त्यो बेलामा ९.६२ प्रतिशत चाहिँ सरकार काम गर्न सफल भएको,दोस्रो तेस्रो चौमासिकमा आईपुग्दा, तेस्रो चौमासिकमा आइपुग्दा भने अहिले गएर फेरि त्यही प्रकारको बिल्कुलै पनि सबै कुराहरू स्वास्थ्यको क्षेत्रमा कोभिड-१९ को भयाबह स्थितिलाई निराकरण

गर्नका लागि सरकार अगाडी बढ्ने हिसाबमा खाली सस्तो प्रिय नारा ल्याएर यहाँ प्रस्तुत गरिरहेको छ, सभामुख महोदय र यसैगरी १३ मा समृद्ध नेपाल सुखी नेपाली राष्ट्रिय आकांक्षा जुन अनुरूप जो नारा थियो त्यसैको सिलसिलामा प्रदेशको दीर्घकालीन सोच समृद्धिसमृद्धि कर्णाली सुखारी कर्णालीवासी, साकार कर्णालीवासीलाई साकार आर्थिक, साकार आर्थिक-सामाजिक रुपान्तरण तथा सांस्कृतिक सुधार सहितको सामाजिक विकास हासिल गर्ने दिशामा हाम्रो प्रयास केन्द्रित रहेको छ । आजको अवस्था आर्थिक र सामाजिक रुपान्तरण, आज यही हो सामाजिक रुपान्तरणको अवस्था ? आज यो कर्णाली प्रदेश भर्खरै मात्र जातीय विवाद विभेदका कारण आज चाइने त्यत्रो घटना भएको ६/६ जनाको मृत्यु भएको छ । खोई आज के रुपान्तरण गरिरहेको अवस्था ?छाउपडीका कुराहरू आएको छ, गोठ भत्काउने कुराहरू, डलरका कुराहरू । त्यसो भएर आखिर के भनदेखिन् अब यो पहेंलो बत्ती बलिसक्यो, सभामुख महोदयर बुँदावाइज धेरै कुराहरू छन् त्यसो भएर म के अनुरोध गर्न चाहान्छु भने कर्णाली प्रदेशको सरकारलाई स्वास्थ्य सबैभन्दा ठूलो कुरा हो र कर्णालीवासीलाई कोरोना कोभिड-१९बाट बचाउनका लागि र स्वस्थ राख्नका लागि आज प्रायःजसो यो ०७७/७८ को उसमा प्रदेश सरकारले जुन प्राथमिकता दिएको छ,केही कुरालाई म समर्थन गर्न चाहान्छु र केही कुराहरूको म विरोध गर्न चाहान्छु । सभामुख महोदय, र यहाँ स्वास्थ्यकर्मीहरूको बारेमा पनि आफू रहे ज्यान रहे, सबै थोक हुन्छ भनेर स्वास्थ्यकर्मी सुरक्षाकर्मी सबैलाई धन्यवाद ज्ञापन गरेको छ तर आज स्वास्थ्यकर्मी सुरक्षाकर्मीहरूलाई सुरक्षाको निम्ति पिपिई प्राप्त सबैलाई भएको छ कि छैन ?त्यो अवस्था हेर्न जरुर छ । सभामुख महोदयस्वास्थ्य, शिक्षा, स्वास्थ्य र कृषि त खाद्य भण्डारका कुराहरू पनि आएको छ । र स्वास्थ्यका कुरा शिक्षाका कुराहरू आएका छन् । त्यसैगरी पदमार्गका कुराहरू आएका छन् । यो गत साल पनि यही प्रक्रिया थियो, यो गत सालकै नीति तथा कार्यक्रमको निरन्तरता हो । अब यसलाई प्रदेश सरकारले इमान्दारीका साथ हिजोको जस्तो हामीले नीति तथा कार्य-कार्यक्रममा ०७६/७७ मा १ करोडको बजेटदेखि एक करोडको कार्ययोजना, यो चाहिँ विनियोजित बजेट योजना नबनाउने भनेर हामीले निर्णय गऱ्यौं । एक करोडदेखि माथिका योजना छनौट गर्नुपर्छ भन्यौं तर पछि गएर सरकारले सबै चानचुने खुद्रा चाहिँमा आयो । कार्यान्वयन गर्ने अवस्थामा र सरकार आज आफ्नो मनपोली ढंगबाट स्वेच्छाचारी सरकार हो यो, स्वैच्छाचारी । आज सदन एकातिर छ, सदनले चाहिँ सम्मानित सदनले पास गरेका निर्णयहरू आज लागु गर्दैन । अर्को मानेहामी अनुभवी छौँ त्यो बारेमा सरकारप्रति सरकारले हामी कामको अप्ठ्यारो पऱ्यो तत्काल संयन्त्र भएन,नि हाम्रो प्रदेशमा कर्मचारी संयन्त्र भएन,(सकौं माननीय सकौं) सरकारले छिटो-छरितो अब चाहिँ यो विधेयक चाहिँ पारित गर्न पऱ्यो । यो चाहिँ विधेयक हामीले कर्मचारीहरूलाई भर्ना गर्नु पऱ्यो भनेर हामीले विधेयक पारित गऱ्यौं । त्यो विधेयक पारित गरिसकेपछि त्यो विधेयक प्रमुख, प्रदेश प्रमुखज्यूले प्रमाणित गर्नुभयो । प्रमाणित गरिसकेपछि लोकसेवा विधेयक, प्रमाणीकरण गरिसकेपछि यो सरकारले लागु नै नगरेर फेरि संशोधनको प्रस्ताव ल्यायो ।

सभामुख महोदय, अन्तमा यहाँ चिङ्गाड खोलाबाट पानी भन्ने कुरा आको छ । अब वीरेन्द्रनगर नगरपालिकालाई भेरी नदीकै पानीलाई बढी प्रयास गर्नुपर्छ । वीरेन्द्रनगर यो चाहिँ नगरपालिकालाई हरित नगरपालिका बनाउने सवालमा यो उत्तरी जलाधारलाई विशेषगरी संरक्षण गरेर यो वीरेन्द्रनगर नगरपालिकालाई हरित नगरपालिका र यसलाई के भनदेखिन्अब समुन्त बनाउनका लागि हिजो जे-जति हामीले चाहिँ निरन्तरता दिने सवालमा एउटा चाहिँ नीति तथा कार्यक्रममा हामी जति हामी नीतिहरू बनाउछौं । त्यो हिसाबले अब यो सरकार यो गरिमामय सदनले पास गरेका कुराहरू अगाडी बढाउने छ भन्ने आशा राख्दै मेरो भनाइ यहि अन्त्य गर्दछु, हवस्, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुखः** माननीय श्री सीताकुमारी नेपाली, त्यसपछि माननीय कृष्णा शाह (आचार्य) तयार अवस्थामा बस्नु होला ।

**माननीय श्री सीताकुमारी नेपालीः** माननीय सभामुखज्यू, प्रदेश प्रमुख माननीय गोविन्दप्रसाद कलौनीज्यूले कर्णाली प्रदेश सभामा प्रस्तुत गर्नुभएको कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमको छलफल गरिरहेका छौं । विषम परिस्थितिमा हामी यो छैठौं अधिवेशनका काम-कारबाहीहरूलाई अगाडी बढाइरहेका छौं । यो विषम परिस्थितिमा हाम्रा अगाडी थुप्रै चुनौतीहरू छन् । र त्यो चुनौतीसँग सामना गरेर जानका निम्ति कर्णाली प्रदेश सरकार तम्तयार छ । र, चुनौती एकातिर छ र चुनौतीसँगै कर्णाली प्रदेशका निम्ति यो एउटा अवसर पनि छ र यो अवसरलाई आत्मसाथ गर्दै हामी अगाडी बढ्यौं भने साँच्चिकै पिछडिएको यो हाम्रो कर्णालीलाई हामीले अगाढि बढाउन सक्छौं भन्ने विश्वास पनि लागिरहेको छ । म सर्वप्रथम कर्णाली प्रदेश सरकारलाई धन्यवाद पनि दिन चाहान्छु, कर्णाली प्रदेश सरकारले जसरी यो नीति कार्यक्रम यहाँ प्रस्तुत गरेको छ । नीति कार्यक्रम ल्याउँदै गर्दा विनियोजन विधेयकको सिद्धान्त प्राथमिकता, उद्देश्य र प्रमुख नीतिहरू पनि यो सदनमा पेश भएर यो सदनमा छलफल भैसकेको अवस्था छ र त्यसको मातहतमा रहेर नीति तथा कार्यक्रम आउँदै गर्दा प्राथमिकता क्रमअनुसार यो विषम परिस्थिति कोरोना भाइरसको महामारी भइरहेको अवस्थामा स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्दै कृषि, रोजगारी, उद्योग र शिक्षालाई हामीले जसरी ल्याएका छौं, त्यही अनुरूप यो नीति तथा कार्यक्रममा पनि त्यो अन्तर्गतका नीति र कार्यक्रमहरू आएकै छ । र मैले यो नीति तथा कार्यक्रममा सबै बुँदाहरूमा बुँदागत रूपमा छलफल गर्न सक्ने त हामीलाई समयको पावन्दी छ । त्यो समयभित्र बुँदा-बुँदामा हामीले छलफल गर्न सक्ने अवस्था छैन र पनि बुँदा नम्बर १ को विषयमा यहाँ छलफल पनि चलिरहेको छ । विगतका नीति र कार्यक्रम पनि यहाँ यो गरिमामय सदनबाट पास भैसकेको अवस्था छ । जनयुद्ध र जनआन्दोलनको कुरा र विभिन्न आन्दोलनका कुराहरूलाई समेट्दै गर्दा जनयुद्धसँगै जनआन्दोलन पनि विगतदेखि हामी भन्दै आइरहेका छौं, जोड्दै आइरहेका पनि छौं। त्यसैले जनआन्दोलनको विषय यहाँ छुटेको जस्तो मलाई अनुभूति भएको छ,र जनआन्दोलनलाई पनि यसमा समेट्नु पर्छ भन्ने म राख्न चाहान्छु

रसँगसँगै कोरोना भाइरस कोभिड-१९ रोकथाम, प्रतिकार्य र उपचारसँग सम्बन्धित भएर स्वास्थ्य सेवाका कुराहरू स्वास्थ्यसँग सम्बन्धित पूर्वाधारहरू बनाउने कुरा यो अवसर हामीलाई छ र यो अवसर अनुसारै यहाँ आएको मैले महसुस गरेको छु । र कृषिमा आत्मनिर्भर बन्ने पनि यो एउटा अवसर छ । र कृषि अन्तर्गतका भौतिक पूर्वाधारहरू निर्माणको कार्यक्रमहरूपनि जोडिएर आउनु पर्छ भन्ने मलाई लाग्दछ । र यतिबेला रोजगारीका निम्ति विदेश गएकाहरू फर्किरहेको अवस्था छ । बेरोजगारहरूलाई रोजगार बनाउने कुरा र स्वरोजगार बनाउने र आत्मनिर्भर बनाउनका निम्ति पनि कृषिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू र उद्योगहरू अहिलेको आवश्यकता छ । त्यसैले कर्णाली प्रदेशभित्रै पाइने कच्चा पदार्थहरूसँग सम्बन्धित रहेर कर्णाली ब्राण्डका धेरै उद्योगहरू हामी सञ्चालन गर्न सक्छौं र त्यो प्रकारको कार्यक्रम जस्तो जडिबुटिका कुराहरू होलान्, थुप्रै कृषिसँग सम्बन्धित उत्पादनका उद्योगहरू होलान्, त्यो कार्यक्रमहरू ल्याउनका निम्ति पनि म अनुरोध गर्न चाहान्छु र सँगसँगै यो पनि भन्न चाहान्छु, माननीय सभामुख महोदय, नीति र कार्यक्रममा अब समेटिसकेपछि त्यलाई बजेट बनाउदै गर्दा बजेट त्योसँग सम्बन्धित भएर आओस् न कि प्राथमिकता एकातिर नीति कार्यक्रम एकातिर र बजेटसम्म आइपुग्दा अर्कैतिर जाने स्थिति नहोस् भन्ने कुरा पनि म सुझाबको रूपमा राख्न चाहान्छु । शिक्षाको कुरा गर्दाखेरि यतिबेला कोरोना भाइरस कोभिड-१९ कहिलेसम्म रहन्छ ? कुन अवस्थामा रहन्छ ? भन्ने कुराको कुनै निक्यौंल छैन । त्यसैले शिक्षाका विषयमा पनि अनलाइन भर्च्यूअल कलासको कुरा मात्रै गरेर हुने अवस्था छैन, रेडियो नभएको अवस्था छ, यो अवस्थामा यलाई कसरी व्यवस्थापन गर्न सक्छौं? भन्ने कुरा पनि हामीले सोचौं। सुन्दैछु, असार १ गतेदेखि स्कुलहरू खुल्ने कुरा यहाँ आइरहेको छ । जेठ ३२ सम्म लकडाउनको अवस्था छ । असार १ गते हामीले स्कुल खोल्न सक्ने अवस्था हुन्छ कि हुँदैन र विद्यालयहरू अहिले क्वारेन्टाइनको रूपमा बनाइएको निर्माण गराइएको छ, त्यहाँ बसिराख्नु भएको छ । बाहिरबाट आउने नागरिकहरू र यो विद्यालय खोल्न सक्ने अवस्था हुँदैन जस्तो लाग्छ । भनिएको छ यहि नीति कार्यक्रममा जीवन रहे सबथोक रहन्छ । पहिला जीवन रहनु पऱ्यो, त्यसपछि सबथोक रहने कुरा पनि योसँग सम्बन्धित होला र यो विषम परिस्थितिमा विद्यालयहरू खेल्न सकिने अवस्था हुँदैन जस्तो लाग्छ र यार्सागुम्वाको कुरा पनि यहाँ आइरहेको छ । यार्सा खोल्नका निम्ति सिफारिश पनि गइरहेको कुरा हामीले सुन्यौं र अब यो स्थितिमा त्यो सम्भव हुन्छ कि हुँदैन भन्ने कुरा पनि म राख्न चाहान्छु । र सँगसँगै यो नीति कार्यक्रममा मलाई राख्न मन लागिरहेको कुरा यो निर्वाहामुखी भत्ता दिने कुरा पनि आएको छ । के साँच्चिकै हामीले खानाको व्यवस्थापन गर्न नसकिरहेको यो स्थितिमा निर्वाहमुखी भत्ता दिन सकिने अवस्था हुन्छ कि हुँदैन, यसमा पुनर्विचार गर्नका निम्ति म अनुरोध गर्न चाहान्छु किनभने ०७१ सालका बाढीपीडितहरू अहिले पनि पालमुनि बसिरहेको अवस्था छ, तिनको व्यवस्थापन अझैं हामीले गर्न नसकिरहेको स्थिति छ र मैले अहिले धेरै कुरा नराखिकन पहेंलो बत्ती बलिसकेको अवस्था छ । र यसमा जस्तो दलित र राउटेलाई एकै ठाउँमा राखिएको छ । दलितलाई

राउटेसँग नमिसाइयोस् किनकि राउटे लोपोन्मुख छ, उलाई संरक्षण चाहिएको छ । दलितहरूले अधिकारको निम्ति उनीहरूलाई अधिकार चाहिएको छ, रोजगारी चाहिएको छ । दलित साँच्चिकै भन्ने हो भने उनीहरूसँग सीप छ । त्यो सीपलाई परिस्कृत गर्नका निम्ति बरु, **(माननीय सभामुख:** सकौं माननीयज्यू सकौं) सभामुखज्यू म १ मिनेटमा सक्काएँ, त्यो अवस्थामा दलितहरूले गर्न सक्ने जुन कला र सीप छ, त्यलाई चाहिँ परिमार्जन गर्नका निम्ति बरु व्यवस्थित तरिकाले प्रविधिमैत्री मैत्री व्यवस्थापनको कार्यक्रम आवश्यक छ र कार्यक्रमहरू धेरै आइरहेको अवस्था छ मैले धेरै कुराहरू नगरीकन यतिबेला कर्णाली प्रदेश सरकारको नीति कार्यक्रमले जनतालाई निराश होइन, आशावादी बनाऔं निराशाले खाल्डोमा धकेल्छ भने आशाले उज्यालोतिर डोऱ्याउँछ । त्यसैले हामी यतिबेला हाम्रा अगाडी अवसरहरू छन् र यो अवसरलाई समातेर अगाडी बढौं । धन्यवाद।

**माननीय सभामुखः** माननीय कृष्णा शाह (आचार्य), त्यसपछि माननीय बद्मी क्वारी बोहोरा तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री कृष्णा शाह (आचार्य):** माननीय सभामुख महोदय, समयले अकल्पनीय ढंगले कोल्टो फेरेको यो विषम परिस्थितिमा हामी छौं । र यो परिस्थितिलाई मध्यनजर गर्दै सरकारको०७७/७८ को नीति तथा कार्यक्रममाथि घनिभूत ढंगले छलफल भइराखेको छ र सर्वप्रथम त नीति कार्यक्रमको लागि म कर्णाली प्रदेश सरकारलाई धेरै धन्यवाद दिन चाहान्छु। नीति कार्यक्रम सस्तो प्रचारात्मकभन्दा सफल कार्यान्वयनमूलक हुनु पर्छ ।

सभामुख महोदय, र दुई तरिकाले आउनु पर्छ । एउटा दीर्घकालिन र अर्को तत्कालिक र नीति कार्यक्रम हेर्दा सबै कुरा आएको जस्तो मलाई लाग्छ र खासगरी तात्कालिक हिसाबले गर्नुपर्ने कुन-कुन क्षेत्रमा के-के गर्नुपर्ने हो ? त्यो कुरा स्पष्ट ढंगले नआएको अलिकति अलमल भएको जस्तो मलाई महसुस भएको छ र विगतको तुलनामा प्राथमिकताहरू बदलिएका छन् । र सम्पूर्ण कर्णालीवासीको दुर्घटना बीमा लगायत दर्जनौं कार्यक्रमहरूले पुरानै कार्यक्रमहरूलेनिरन्तरता पाएका छन् । र त्यसैगरी परियोजना बैंक लगायत धेरै नयाँ कार्यक्रम महत्त्वपूर्ण कार्यक्रम पनि आएका छन् । र केही कार्यक्रम छुटेका पनि छन् । म त्यसमा मैले जानेजति देखेजति नदोहोरिने तरिकाले छोटो सुझाब राख्न चाहान्छु ।

पहिलो प्राथमिकतामा स्वास्थ्य क्षेत्र परेको छ, यो सकारात्मक पक्ष छ र छुटेजस्तो पनि केही लाग्दैन, नीतिगत हिसाबले सबै आएको छ तर महामारीको स्थितिलाई हेर्दाखेरि यही नीति कार्यक्रमले यही हिसाब-किताबले हामी यसका विरुद्ध जान सक्छौं त ?मलाई कन्फ्युज लागेको छ । वास्तविक रूपमा एकीकृत ढंगले आउनुपर्ने तत्कालिन योज-योजनाहरू के हुन्? त्यो आएको जस्तो मलाई लाग्दैन, म अस्पष्ट पनि हुन सक्छु । र ईक्वीपमेन्टका कुरा गर्दाखेरि जस्तो आइसोलेसन बेड, भेन्टिलेटीन भेन्टिलेटरका कुरा गर्दै गर्दाखेरि हामीले दखिराख्या छौं हामीसँग अक्सिजन प्लान्टहरू कति छन् ? त्यसको हिसाब-किताब हामीले

किन गरेनौं? यतिबेला त हामीले स्वास्थ्य क्षेत्रलाई मजबुत बनाउने अवसर पनि हो । र त्यसैगरी भौतिक संरचनाहरू निर्माण गर्ने कुरा गर्दै गर्दाखेरि हाम्रा कैयौं वडाहरूमा स्वास्थ्यचौकी छैनन्, बर्थिङ्ग सेन्टर व्यवस्थित बर्थिङ्ग सेन्टर लगायत प्रत्येक वडामा स्वास्थ्यचौकी निर्माण गर्ने कुरा किन आएन ? यो आउनु पर्थ्यो भन्ने मैले यहाँ सुझाब राख्न चाहान्छु ।

त्यसैगरी कृषि दोस्रो प्राथमिकतामा परेको छ । कृषिमा पनि यो महामारीले निम्त्याउने भोकमरी विरुद्ध लड्न कुनै कसुर बाँकी राखिएको छैन यो नीतिमा तर पनि भन्नै पर्छ तत्कालीन हिसाबले हेर्दाखेरि आखिरी तल्लो वर्गसम्म जाने कार्यक्रम के आयो त ? त्यो मैले स्पष्ट ढंगले आएको पाएको छैन । र मैले यहाँ के कुरा राख्न चाहान्छु भने कृषिमा उत्पादन बढाउने र कृषिमा सफल हुने हो भने पहिलो कुरा हामीले कर्णालीका १७ लाख जनतामध्ये कति जना कृषकहरू असल कृषकहरू वास्तविक कृषकहरू हुनुहुन्छ ? त्यो तथ्याङ्क संकलन गरौं र त्यो क्याटागोरिज गरौं र त्यही अनुसारले हाम्रा हरेक कार्यक्रमहरू तल लैजाऔं । ती अनुदानका कार्यक्रम हुन्, सिंचाइका कार्यक्रम हुन्, साझेदारीका कार्यक्रम हुन्, हाम्रा सहुलियत ऋणका कार्यक्रम हुन,ती त्यसरी लग्यौं भने हामी कृषिमा आत्मनिर्भर हुन सक्छौं, रोजगारी बढाउन सक्छौंरउत्पादनमा हामी अगाडी बढ्न सक्छौं नत्र भने हामी होलसेल ढंगले १७ लाख मान्छेहरूलाई नै कृषक ठानेर कार्यक्रम बनाउन थाल्यौं भने हामी कहिल्यै पनि सफल हुन सक्दैनौं यो कुरा म यहाँ राख्न चाहान्छु । अर्को कुरा सिंचाइ, हामीले हाम्रा हेरौं भने सुर्खेतको पश्चिमतिर प्लटका-प्लटहरू त्यसै बाँझै छन्, के सिँचाई नपाएर । त्यसपछि यो भेरी करिडोरका पूरै प्लटहरू त्यस्तै बाँझै छन् होइन सुक्खा छन् । तिनीहरूलाई मध्यनजर गर्दै हामीले सिंचाइ, सिंचाइ, सिंचाइ । सिंचाइलाई पनि जोड्न आवश्यक छ । डीप बोरिङ्ग हुन्छ, लिफ्ट हुन्छ, त्यसपछि गएर पाइप सिंचाइ हुन्छ, थोपा सिंचाइ हुन्छ, कसरी हुन्छ ? जब हामी सिंचाइलाई जोड दिदैनौं, हामी कृषिमा आत्मनिर्भर हुन सक्दैनौं र कृषि उत्पादन हामी बढाउन सक्दैनौं । यो कुरा मैले यहाँ राख्न चाहान्छु । र अर्को कुरा पशुको नश्ल सुधारको कुरा छ। यहाँ आई आएको छ सामान्यत तर यसलाई पनि जोड दिन पर्छ । पशुको नश्ल सुधार नगरीकन जस्तो एउटा किसानले १० ओटा गाई पाल्दाखेरि १० माना दूध पाउँछ भने एउटा गाई पालेर १० माना दूध उले पाउने गरी हामीले सोच्ने कि नसोच्ने त्यो कुरा यहाँ आउन पर्छ । र पहेंलो बत्ती बलिसकेको छ, सभामुख महोदय ।मैले थोरै समय माग गर्न चाहान्छु। अँअरु अब कृषिमा धेरै कुरा छ । यो केरे कृषिमा एक स्थानीय तह एक विशेष उत्पादनको ठाउँमा अब धरै सम्भव नभएपनि एक वडा एक विशेष उत्पादन राख्दा राम्रो हुन्थ्यो । त्यसपछि गएर यो एक-एक वडा एक पोखरी वा जलाशयको कार्यक्रम छ । यसलाई सबैतिर एक वडा एक जलाशय भन्नुभन्दा पनि हाम्रामुहान नभएका मूल नभएकासुख्खा त्यस्ता ठाउँहरूमा जलाशय पोखरीहरूको कार्यक्रम ल्याउँदा अझ राम्रो हुन्छ, जस्तो मलाई लाग्छ र त्यसैगरीअँ अहिले तात्कालिक हिसाबले हामीले हुनत एक स्थानीय तह एक अन्न भकारी भन्यौं तर यो ३६५ दिनको लागि होला अर्थात दीर्घकालीन योजना होला । हामीले

तात्कालिक हिसाबले आपूर्ति त्यसपछि खाद्य सुरक्षाका लागि भण्डारणको लागि अहिले हाम्रो सरकारसँग केरे प्रदेशमा कति खाद्य स्टोर छ ? भोलि समस्या, एकदमै तत्काल त्यस्तो समस्या आइपऱ्यो भने हामीले त्यो खाद्य हामीले उ गर्नको लागि केरे सप्लाई गर्नको लागि जनतालाई पुऱ्याउनका लागि हामीसँग छ कि छैन ?त्यो खाद्य भण्डारणलाई प्रदेश र जिल्ला स्तरमा पनि सोच्नु पर्छ कि भन्ने मैले यहाँ सुझाब राख्न चाहान्छु र समय गइसकेको छ । यो पठन-पाठनका कुरा आइसकेको छन्, सवारी दुर्घटना न्यूनीकरण सबै कुरा हेर्दाखेरि यातायाततिर अरु सबै कुरा आको छ । मैले जिष्टमा के राख्छु भने यातायाततिर यो अहिलेको ट्राफिक नियमलाई चुस्त-दुरुस्त पार्ने कुरालाई जिष्टमा राख्दै र अझ स्पष्ट हुन्छ जस्तो लाग्छ । त्यसैगरी अघि पनि आयो कुरा यो भ्रष्टाचार र कालोबजारीको कुरा, एउटा केही पनि यहाँ-यहाँ एक शब्द पनि यहाँ आएको छैन । यो कुरा के हामी साँच्चै भ्रष्टाचारमुक्त भएकै हौं? कालोबजारी मुक्त भएकै हो त कर्णाली प्रदेश ? यो कुरा आउनुपर्छ । आज योजनामा, कार्यक्रमहरूमा पूरै भ्रष्टाचार भयो, अनियमितता भयो भन्ने कुरा आइराछ । यो कुरा हामीले गर्ने कि नगर्ने ? नियमन गर्नको लागि हामीले के गर्ने ? भन्ने कुरा यहाँ भ्रष्टाचार र कालोबजारी अनियमितताको बारेमा पनि आउनु पर्छ । र धेरै कुरा गर्नुभन्दा पनि समयले, **(माननीय सभामुख:** सकौं माननीयज्यू) सभामुख महोदय, निश्चितरूपमा पनि हामी ठूलो संकटमा गुज्रिराखेका छौं । र एकले अर्कालाई दोषारोपण गर्दै गर्ने भन्दा पनि एक-अर्कामा रचनात्मक सुझाबहरू दिदै छलफल गर्दै हामी अगाडी बढौं, निश्चित रूपमा पनि हामी सफल हुन सक्छौं भन्ने कुरा राख्दै मैले आफ्ना भनाइ यहिँ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री बद्मीक्वाँरी बोहोरा, त्यसपछि माननीय श्री धर्मराज रेग्मी तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री बद्मीक्वारी बोहोराः** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको छैठौं अधिवेशनको नीति तथा कार्यक्रमको छलफलको क्रममा छौं हामी । आज यो नीति तथा कार्यक्रममाथिको छलफलमा सुझाब दिने टाइमभन्दा पहिला जुन हिजोराति करिब १२:०० बजेतिर भारतबाट आएका नेपाली नागरिकलाई उद्धार गरी सलेनका, सलेन जिल्ला पुऱ्याउने र दाङ्गका र अरु जिल्लामा पुऱ्याउने बाँकेको राप्तीमा सोनारी गाउँपालिका-२ मा जुन राति घटना भयो र दुःखद् घटनामा ज्यान गुमाउनु हुने १२ जनालाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्न चाहान्छु र अर्को कोरोना भाइरस कोभिड-१९बाट ज्यान गुमाउनुहुने सम्पूर्ण नेपाली लगायत विभिन्न विश्वका सम्पूर्णलाई भावपूर्ण श्रद्धाञ्जली र संक्रमितलाई स्वास्थ्य लाभको कामना गर्न चाहान्छु र त्यसै अन्तर्गत यही अधिवेशन हाम्रो सरकार प्रदेश सरकारको अधिवेशन चलिरहेको बेला दुईटा ठाउँमा जुन बालिका बलत्कृत हुनुभएको छ, उहाँहरूलाई छिटोभन्दा छिटो उहाँहरूले चाहिँ नियममा कानूनमा उहाँहरूलाई बलत्कारीहरूलाई कानूनी कठघरामा उभ्याउन हुन अनुरोध गर्दै जुन रुकुम र जाजरकोट केरे रुकुम र जाजरकोटको बीचको जुन घटना जातीय घटनामा जो व्यक्तिगत घटना जस्तो जस्तो

गरेर जरिएको घटनालाई पनि निष्पक्ष रूपमा छानविन गर्न हुन माग गर्दै म आजको यस सदनमा म आफ्ना कर्णाली प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमलाई जुन अहिलेको यस्तो विषम परिस्थितिमा सरकारले जुन कठिन अवस्थामा, जुन कार्य नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ सरकारले सदनमा, हामीलाई छलफलको लागि सरकारले सदनमा टेबुल गरेको छ, यसमा हामी छलफलमा छौं । यसको बुँदागत रूपमा जान चाहदैन । ६३ बुँदा छ, ३२ पेजमा छ, यसमा यो सरकारले गरेको सम्पूर्ण सरकारले यो नीति तथा कार्यक्रममा ल्याएको सबै कुराहरू राम्रा छन् । गत साल पनि यो समेत हामीले तीनटा सरकारका नीति तथा कार्यक्रम पढिसक्यौं । अहिले तेस्रो नीति तथा कार्यक्रम हामी सदनमा हेर्दै छौं । यसमा अरु सबै बुँदागत हिसाबमा जानुभन्दा पनि समय छोटो भएको हुँदा छोटो टाइममा म छोटो कुरा गर्न चाहान्छु । प्रदेश सरकारको क्याबिनेटले मन्त्रालय र मन्त्रीज्यूहरूले जुन किसिमको एउटा म त मेरो भाषामा के भन्छु भने प्रदेश सरकारले हामी जनताका माननीय प्रदेश सभासदज्यूहरूसँग उहाँहरूले जुन किसिमको यो योजनाको विकासको तमसुक ल्याउनु भएको छ, त्यसको साँक्षी हामीलाई राखेर जुन किसिमको सरकारले तमसुक पेश गरेको छ र यसका साँक्षी हामी माननीयहरू छौं र यसको अवलोकन गर्ने, जनतालाई सरकारले गरेको तमसुकमा कुन-कुन कामहरू भए कुन-कुन भएनन् ? भनेर हामी हेर्ने माननीयको हिसाबले हामी आज यो माननीय मन्त्रीज्यू प्रदेश सरकारले जुन किसिमले हामलाई यो बजेट कार्यक्रम नीति तथा कार्यक्रम पेश गरेको छ र यसमा हामी छलफलमा छौं र यसमा मेरो प्रदेश सरकारलाई पूर्ण समर्थन छ । म हृदयदेखि प्रदेश सरकारलाई धन्यवाद पनि दिन चाहान्छु तर यहाँभित्र धेरै बुँदाहरू छन् केही कुराहरू नपुग पनि छन् । यहाँ बुँदागत हिसाबमा गएर यो पुगेन, त्यो पुगेन, सरकारले यसो गर्नु पऱ्यो, त्यसो गर्नु पऱ्यो भन्नु भन्दा पनि सरकारले लिएको लक्ष्य अनुरूप यहाँभित्र लेखिएका, दर्ज भएका कुरा साना-साना कुराहरू पनि कार्यान्वयन गर्न हार्दिक अनुरोध सभामुखज्यूमार्फत् म प्रदेश सरकारलाई अनुरोध गर्न चाहान्छु । विभिन्न किसिमका कुराहरू छन्- कृषि, शिक्षा,स्वास्थ्य । अहिले हामी देश मात्रै नभएर विश्व एउटा महामारीको रूपमा फैलिएको कोभिड-१९ को चपेटामा छौं । हाम्रा मनसायहरू विकासभन्दा पनि स्वास्थ्यतिर ध्यान देओस् सरकारले भन्ने छ । जनतालाई पनि सरकारले हामीलाई गर्ने विकास-निकासभन्दा पनि हामलाई स्वास्थ्य कुरा स्वास्थ्यको लागि हामलाई चाहिने सामाग्रीहरू, चाहिने उपकरणहरू उपलब्ध गराओस् भन्ने छ । स्थानीय सरकारको पनि हामीलाई चाहिने स्रोत सामाग्रीहरू देओस् प्रदेश सरकारले भन्ने छ ।अहिले विकासभन्दा पनि जनतालाई बचाउनतिर प्रदेश सरकारको ध्यान जानेछ ।जनता बाँचे बाटो अर्को साल खनौंला, जनता बाँचे विकास अर्को साल गरौंला, कृषि व्यवसाय अर्को साल गरौंला तर जनतालाई बचाउनु नै अहिलेको आवश्यकता ठान्छु मेरो आफ्नो मेरो भनाइ छ । जनतालाई सुरक्षित बनाऔं, अहिले विभिन्न किसिमका कुराहरू आएछन्, यो भन्दा अगाडीका पूर्ववक्ता माननीयज्यूहरूले पनि भन्नुभयो स्कुल खोल्ने कुरा, यार्चागुम्वाका पाटनहरू खोल्ने कुरा, होला सरकारलाई केही राहत दिनेकुरा भोलि डोल्पा जिल्ला लगायत विभिन्न दुर्गम जिल्लाका

यार्चापाटनहरू भएका जिल्लाहरूमा सरकारले राहत दिने कुरा होला तर क्षति धेरै ठूलो भएको छ । जनताले करोडौंको क्षति सहनु परेको छ तर मानव स्वास्थ्यभन्दा सम्पत्ति ठूलो होइन। भोकले बरु मान्छे मर्दैन, रोगले मर्छ । भोलि पाटन खुल्दावित्तिकै एउटा पालिकाको जनता अर्को पालिकामा जस्तै धेरै पालिकाहरूमा नीजि वनहरू छैनन् । मेरो डोल्पा जिल्लाको हिसाबको कुरा गर्ने हो भने धेरै पाटनहरू मान्छे कुनै दुई गाउँपालिका चार ओटा गाउँपालिका आठओटा स्थानीय तहमा ४/५ ओटा गाउँपालिकामा मात्रै यार्चापाटन भएको ठाउँ छ र अर्को पालिकाबाट अर्को पालिकामा जानु पर्छ । त्यस्तैगरी नजिकको जुम्ला जिल्ला, डोल्पाको सिमानामा जोडिएको जुम्ला जिल्लामा अहिले कोभिड-१९ ले महामारीको रूप सुरु गरिसक्यो। १८/१९ जना कति पुगिसक्नुभयो अझैंकति संक्रमित हुनुहुन्छ, अझ परीक्षण हुँदैछ तर भोलि यहाँ यार्चा छोड्दा वित्तिकै डोल्पाली जनताको स्वास्थ्य जोखिम हुनुभन्दा जनतालाई आर्थिक क्षति सहनु ठिक छ, मानवीय क्षतिभन्दा ठूलो केही होइन । आर्थिक क्षति प्रदेश सरकारले भोलि यहाँको भोकमरीलाई यहाँको रोगलाई प्रदेश सरकारले हेर्ने छ भन्ने म सभामुखज्यूमार्फत प्रदेश सरकारलाई अनुरोध गर्दै मान्छे बाँचेपछि विकास भन्ने कुरा विस्तारै गरिन्छ र प्रदेश सरकारको ध्यान जनताको स्वास्थ्यतिर जाओस् बजेट पनि प्रदेश सरकारको स्वास्थ्य क्षेत्रमा धेरै जाओस्, शिक्षा, रोजगार, कृषि भोलि तिनी कुराहरू आउने कुराहरू आउने दिनमा बाँचे गरौंला, भन्दै अबआइन्दा आउने दिनहरूमा प्रदेश सरकारको दिमाग, प्रदेश सरकारको बुद्धि, जनताको सुरक्षातिर जाओस् भन्ने शुभकामना दिदै तपाइँ हामी सबैलाई कोभिड-१९सँग लड्ने क्षमता र शक्ति प्रदेश सरकारले प्रदान गरोस् भन्ने शुभकामनासहित मरो भनाइ यहि अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय धर्मराज रेग्मी । त्यसपछि माननीय कौशिलावती खत्री तयारी अवस्थामा रहनुहोला, समय ७ मिनेट ।

**माननीय श्री धर्मराज रेग्मीः** माननीय सभामुख महोदय, यो अस्ति-अस्तितिर त सेतो लुगा हुन्थ्यो यदि यो एफेक्टेड होला मेरो विचारमा, सेतो तानिसक्नु भारैछ, यो राम्रै होला भन्ने मैले सुरु गरेँ माननीय सभामुख महोदय, प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि संक्षिप्त टिप्पणी गर्न म उभिएको छु र यो अवसरको लागि म माननीय सभामुखज्यूप्रति आभारी छु । यो डकुमेन्टको ६३ ओटा दफाको धेरै विषयहरूमा विमति राख्नुपर्ने विषय छैन । यसका सैद्धान्तिक आयामहरू यले चाहिँ लिएको लक्षहरू हामीले परिस्थितिकोगरेको मूल्याङ्कनहरू प्रति चाहिँ धेरै विमति राख्नुपर्ने विषयहरू छैन तर त्यसो हुँदाहुँदै पनि केही विषयहरूमा चाहिँ सुझाव दिनुपर्ने जरुरी छ म त्यसका लागि चाहिँ यहाँ उभिएको छु ।

सभामुख महोदय, हाम्रो एउटा आफ्नो हरेक विषयको आफ्नो एउटा मानक हुन्छ, आफ्नो एउटा स्टाण्डर्ड हुन्छ । कर्णालीको हाम्रो आफ्नै मानक छ, आफ्नै मानक रहेछ, म आफू पनि यो ०७४ देखि त म सँगसँगै छु यो सभामा । कर्णालीको हाम्रो आफ्नै एउटा स्ट्याण्डर्ड छ । यलाई मैले चाहिँ बुझ्ने भाषामा कर्णाली हाइट भन्ने गर्‍याछु आजकाल । म

यो सम्मानित सभामा यो पहिलो पटक पेश गर्छु एक-दुई ठाउँ मैले भनिसक्याछु । यो कर्णाली हाइटको आधारामा यो डकुमेन्ट चाहिँ उपयुक्त छ सभामुख महोदय ।कर्णालीको आफ्नै स्टाण्डर्ड छ । यदि यो बाहिर हुँदो हो त यो भन्दा फरक हुन्थ्यो सभामुख महोदय । कर्णालीकोस्टयाण्डर्ड मानक के छ भनेर भन्दाखेरि यसमा हाम्रो आफ्नै खालको जनताको लेवल छ, त्यो भनेको हाम्रा मान्छेहरूले जे गर्दा पनि त्यो कुरा सहेर बस्छन् त्यो हाम्रा मान्छेहरूको सबभन्दा ठूलो गुण हो । एउटा कर्णालीमा हाम्रो नेताहरूको आफ्नै खालको लेवल छ । हाम्रो हामी सबै जो-जति जनताका प्रतिनिधि छौं, नेता छौं, हाम्रो आफ्नै लेवल छ। यता आउने कर्मचारीहरूमा पनि म त्यहि लेवल देख्छु । पत्रकारहरू पनि त्यस्तै भेटिन्छ। यो भन्दा अझ बिचौलीयाहरू पनि हाम्रो चाहिँ एउटा हाम्रै स्टयाण्डर्डको विचौलिया हुन्छ । राष्ट्रिय स्तरको तथा अरु प्रदेशसँग ट्याकल गर्ने त्यो सबैलाई मैले के भने भने कर्णालीमा हाम्रो चाहिँ अरुभन्दा औषत खालको हाइट छ । त्यलाई कर्णाली हाइट भने मैले त्यो कर्णाली हाइटअनुसार यो डकुमेन्ट चाहिँ उपयुक्त छ, यलाई मैले चाहिँ समर्थन गर्नुपर्छ सभामुख महोदय ।हाम्रो आफ्नो आफ्नै स्टेण्डर्ड हो किनभने तीन वर्ष हामीले ल्याएका डकुमेन्टहरूमा खास चाहिँ धेरै भिन्नता छैन । यो वर्ष यो संक्षिप्त हुनु पर्थ्यो, यो छोटो हुन पर्थ्यो, यो के कारणले लम्बियो, यो त धेरै माननीय मन्त्रीज्यूहरूलाई अथवा सरकारका साथीहरूलाई थाहा होला । यसमा सचिवज्यूहरू कसैलाई थाहा होला । यतापट्टि आएर सचिवहरू बस्ने त त्यो नाम मात्रै छ । अस्ति यतापट्टि बस्नलाई मागदावी चाहिँ चलिराख्या थियो म त कोहि देख्दिन । यो अन्त कतैबाट फेरि टिप्ने काम भइराहोला किनभने यो डिजिटल उसमा हामी छौं । सबै भर्चुअल नै हुन्छ योबेला त्यसो हुँदाखेरि भाषा हेर्दा चाहिँ धेरै जनाले लेख्याहुनाले यस्तो पनि भयो होला तर यसको अघि मैले भने जस्तो यसको सैद्धान्तिक कुरा र यसका लक्ष्यहरूमा मेरो ठूलो चाहिँ असहमति छैन । म यलाई समर्थन गर्न यहाँ उभिएको छु र म यो समर्थन गर्छु । यदि गर्दा पनि मैले दुईतीनटा कुराहरू यसमा चाहिँ मैले टिप्पणी गर्नुपर्छ । मैले सबै दफामा त म गइन यदि लकडाउनकोअवधिमा हामीले तयार पारेको हो भने सभामुख महोदय, त्यसो हो भने यसमा अलिकति हामीले चाहिँ त्रास, अलिकति जिम्मेवारी, अलिकति डर, अलिकति उत्तरदायित्व यसमा देखिन्थ्यो सभामुख महोदय ।यो लकडाउन भन्दा अगाडी तयार-तयार पारेर लकडाउनको परिस्थितिको च्याप्टर मात्रै थपेको हो कि जस्तो चाहिँ मलाई लाग्छ किनभने विज्ञहरूले अहिले पहिल्यै तयार पार्‍या हुन्छ । विज्ञहरूलाई भ्याईनभ्याई हुन्छ सात ठाउँ सरकार छ त्यता समय दिन पर्‍यो, यिनीहरू एउटैले धेरै कन्सल्टेन्सी चलाउँछ सभामुख महोदय ।अबयो अलिकति त्रास, जिम्मेवारीयी कुराहरू मैले देखिन । म चाहिँ धेरै दफाहरूमा चाहिँ म गइन् । जस्तो सरकारले चाहिँ परिस्थितिको मूल्याङ्कन गरेको, बजेट कार्यान्वयन हुन नसकेको अवस्था, कोभिडको अवस्था, प्रदेशका नागरिकहरूको जीवन सुरक्षाका लागि लिएका जिम्मेवारीहरूको महत्त्वपूर्ण छन् र सह्रानीय छन् । हाम्रो तागत अनुसार हामीले जे जिम्मेवारी लिएका छौं यो जिम्मेवारीहरू डकुमेन्टमा व्यक्त भएका जिम्मेवारीहरू सह्रानीय छन् सभामुख महोदय, यसको चाहिँ हामीले कार्यान्वयन

गर्नुपर्छ । माननीय मुख्यमन्त्रीज्यू अगाडी हुनुहुन्छ, मन्त्रीज्यूहरू हुनुहुन्छ । म यो जस्तो प्रदेश समन्वय परिषद्, विकास परिषद्बाट केही डकुमेन्टहरू पास भएछन् । त्यसपछि चाहिँ म अस्ति आउँदा त्यो पिजनहोलमा पञ्चबर्षीय योजनाहरू देख्याथिएँ । मेरो गम्भीर प्रश्न यो सभामा के छ भन्दाखेरि ती पञ्चबर्षीय योजानाहरू विकास परिषद् र प्रदेश परिषद्बाट पारित भएका डकुमेन्टहरूको संसद्ले कसरी स्वामित्व लिन सक्छ ?त्यो विषय कहिले संसद्मा विषय प्रवेश गराउनुभयो ? पञ्चबर्षीय योजनामाथि सांसदका रूपमा इन्डिभिज्यूअल सांसदका रूपमा मैले सुझाब दिएको र मलाई चाहिँ त्यो पञ्चबर्षीय योजना तयार पार्दा मलाई बोलाइएको मलाई चाहिँ सम्झना छैन । अरु माननीयहरू जानुभयो त्यो डकुमेन्ट यो हाउसको विषय बनेर छलफल हुन सक्थ्यो, त्यो डकुमेन्ट किन छलफल नभएर एकै पटक पीजनहोलमा आयो ? प्रदेश परिषद् र विकास परिषद्मा चाहिँ होटेलमा पास गरेका डकुमेन्टहरू प्रदेश सभाले स्वामित्व लिइदिनुपर्ने चाहिँ यसको औचित्य के हो ?अथवा यो सभाले चाहिँ त्यो डकुमेन्टहरूमा सुझाब दिन पाउँछ कि पाउँदैन ?जनताबाट निर्वाचित जनप्रतिनिधिको नाताले मेरो क्षेत्रको विकासका बारेमा मैले सुझाब दिने अधिकार तपाइँहरूले चाहिँ राख्नु पर्छ कि पर्दैन ?त्यसकारणले यले त्यो डकुमेन्टले चाहिँ त्यसको स्वामित्व लिनोस् र त्यसका निर्दिष्ट लक्ष्यहरूमा तपाइँहरूले पास गर्दिनुहोस् भन्नुभयो भने मैले विनम्रतापूर्वक भन्नुपर्छ सभामुख महोदय ।होटेलमा पास गरिएका डकुमेन्टहरू संसद्ले चाहिँ जिम्मेवारी लिन सक्दैन, सभामुख महोदय ।यसमा तपाइँहरू चाहिँ स्पष्ट चाहिँ यसमा चाहिँ मेरो दृष्टिकोण छ सभामुख महोदय ।तपाइँले संसद्लाई त्यसको सुझाब दिने केही वातावरण बनाउनु भो र संसद्ले वन गर्न सक्ने कुनै ठाउँ राख्नु भयो कि राख्नु भएन ? यो मेरो चाहिँ सिरियस कन्सल्ट हो सभामुख महोदय ।अँ अब यो विकासको चाहिँ ठूला पूर्वाधार विकासको लागि हामीले परियोजना बैंक प्रोजेक्ट बैंक बनाउने कुरा पनि हामी हरेक वर्ष राख्छौं तर हरेक वर्ष हामीले प्रोजेक्ट बैंक बनाछौं कि छैनौं?अघिल्ला वर्ष बनाका प्रोजेक्ट बैंकहरूको अवस्था के छर त्यसमा चाहिँ के थप गर्नुपर्ने हो ? र हरेक वर्ष चाहिँ प्रोजेक्ट बैंक बनाउनुपर्छ अथवा चाहिँ सालिन्दा बनाएका प्रोजेक्ट बैंकहरूले त पछि के होला भने प्रोजेक्ट बैंक चाहिँ संख्या बढ्दै जाने तर चाहिँ विकास चाहिँ फेरि फिल्डमाचाहिँ नदेखिने होला त्यो भएर अघिल्ला वर्षका प्रोजेक्ट बैंकहरूको अवस्था हेरेर मात्रै यो नियमित आइराख्ने कार्यक्रम हो। एउटा एक सय १७.५ मा भेटिदोरहेछ, यस महामारी नियन्त्रणका लागि आवश्यक मास्क, पीपीई,सेनिटाइजर,साबुन लगायतका स्वास्थ्य सामग्रीहरू उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन दिने त्यस्ता उद्योगहरू हामीसँग छन् कि छैनन् ? छैनन् भने बरु त्यो उद्योगहरू चाहिँ सरकारी स्तरबाट त्यस्ता उद्योगहरू चाहिँ निर्माण गरौं, निर्माण गरौं र यो स्थिति अलिकति चाहिँ लम्बिनेवाल छ सभामुख महोदय, कृषिमा धेरै कार्यक्रमहरू छन् तर यसको चाहिँ भ्यालु चेनको आधारमा चाहिँ उत्पादनमा लगानी गर्ने, उत्पादनमा लगानी गर्ने, उत्पादनमा लगानी गर्ने उत्पादन भइरहेको वस्तुहरू कहाँ लिने गुराँसेमा जम्मा भएको आलुलाई कहाँ स्टोर गर्ने ? यहाँबाट आलु आएपछि अरु प्रोडक्ट के गर्ने ? तरकारीलाई बजारमा कसरी लिने ? एउटा किसानदेखि चाहिँ बजारसम्मको चाहिँ

भ्यालु चेनको बारेमा हाम्रो कार्यक्रमहरू धेरै हुँदैनन् । धेरै कार्यक्रम उत्पादनलाई बृद्धि, सहकारी र नीजि, सहकारी र नीजि भन्ने छ मेरो एउटा अर्को एउटा टिप्पणी छ, यो सरकारलाई लाभै हुन्छ यस्तो चिज लिँदाखेरि चाहिँ । लघुवित्तहरूलाई पैसा बाँड्नलाई चाहिँ तपाईँको लघुउद्यम, साना उद्योगवाला हो भने एक दुई मिनेट मैले अनुरोध गरेँ सभामुख महोदय, म थोरै अनुरोध गरेँ, के भन्दाखेरि चाहिँ यो लघुवित्तहरूलाई लघुउद्यम, लघुउद्यम र मुख्यमन्त्री यो यहिँ पनि हुनुहुन्छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा धेरै कार्यक्रमहरू थुप्रिए यले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको जनशक्ति र संरचनाको आधारमा तपाईँहरू कसरी चलाउनुहुन्छ ? मलाई त चिन्ता लाग्या छ । यो माथि पनि प्रचलन के छ भने प्रधानमन्त्रीको नामसँग जोडेर धेरै कार्यक्रमहरू - प्रधानमन्त्री कृषि आधुनिकीकरण, प्रधानमन्त्री चाहिँ स्वरोजगार यतापट्टि आएपछि मुख्यमन्त्री स्वरोजगार अघिल्लो वर्ष थियो, सायद त्यसको अनुभवले हामीले मुख्यमन्त्री युवा उद्यमशिलताका कार्यक्रमहरू बनायौं। मत पहिले-पहिले यो प्रधानमन्त्री कप हुन्थ्यो, मुख्यमन्त्री कप हुन्छ । वडामा वडाअध्यक्ष कप हुन्छ । यो हामीले व्यक्तिलाई केन्द्रित गरेर पदलाई केन्द्रित गरेर कार्यक्रम चाहिँ किन बनाउँछौ ? यसको मोह केहो ?माथिदेखि संघमा पनि त्यो अभ्यास भइराख्याछ र यहाँ पनि त्यो अभ्यास भैराख्याछ । यले त मुख्यमन्त्री कार्यालय चाहिँ विकासे कार्यालय होइन, यले त मुख्यमन्त्री कार्यालयलाई विकासे कार्यालयमा रुपान्तरण गर्ने र मुख्यमन्त्री कार्यालयले समग्र प्रदेशको सुशासन विकास निर्माणको नेतृत्व गर्न नपाउने अवस्था आयो भनेत मुख्यमन्त्री कार्यालयको पर्फर्मेन्स माथि प्रश्न उठ्छ भोलि। त्यसमा के संरचनाहरू छ ? त्यले उद्यमशीलतालाई अहिले हामीले अघिल्लो वर्षको त्यो चाहिँ मुख्यमन्त्री स्वरो यो उसको चाइने यो स्वरोजगारपछि त्यसको अनुभवबाट हामीले उद्यमशीलतामा कसरी आयौं? अब हाम्रा कुरा टाइपको कार्यक्रम त ठिकैछ । मुख्यमन्त्री कार्यालयबाट धेरै विषयहरूचाहिँ छलफल गर्न **(माननीय सभामुख:** सकौं माननीयज्यू) प्रस्तुत हुन सभामुख महोदय मैले १ मिनेट अब मैले आधा मिनेट पनि लगाइन र यो ३७ मा मैले समाजवादी अवधारणाको अनुसार आमनागरिक र निजी क्षेत्रको शेयर स्वामित्व रहने, यो समाजवादी अवधारणा अनुसार तपाईँहरू कम्पनी मोडलमा जाने चाहिँ अभ्यास गर्नुभा्छ । यो त समाजवादी अवधारणाको कम्पिलिट्ली यो चाहिँ फरक अवधारणा हो । त्यो चाहिँ पूँजीवादी अवधारणा हो । पूँजीवादी अवधारणाको पनि नवउदारवादी कन्सेप्ट हो, कम्पनी कन्सेप्ट । समाजवादी अवधारणा भनेको त उत्पादनका साधनहरूमा सरकारको स्वामित्वको कुरा होला त समाजवादी अवधारणा । तपाईँहरू समाजवादी अवधारणा भनि राख्नुभा्छ । कम्पनीलाई चाहिँ पैसा दिने कुरा आइराख्या छ, कम्पनीसँग साझेदारी गर्ने कुरा आइराख्याछ । कृपया कि चाहिँ यो मोडल छोडौं कि चाहिँ यलाई समाजवादी अवधारणाको हामी चाहिँ जलब नलगाऔं,त्यसो भएर कोभिडको स्थिति कति लम्बिन्छ । यो स्थिति हेरेर बरु चाहिँ हामीले कोभिडलाई नियन्त्रण गर्ने प्रभावकारी योजनाहरू बनाउन र यो असामान्य परिस्थितिको चाहिँ बजेट आउनै पर्ने भा्हुनाले यलाई चाहिँ बरु तपाईँहरूले मैले अन्तिममा भने सभामुख महोदय, कोरोनाको

प्रतिकार्य, रासन, उद्धार, उनीहरूको न्यानो बसाइ, हामी यो ६ महिना अथवा एक वर्ष हामी जनता पाल्न सक्छौं कि सक्दैनौ ?यो डकुमेन्टमा हामीले ग्यारेन्टी गर्नुपर्छ । हामी ६ महिना एक वर्ष जनता पाल्छौं, कि पाल्दैनौ ? कोभिड सुरु भएको आज ६ महिनातिर जाँदैछ । यो चाहिँ डिसेम्बरको लास्टतिरबाट सुरु भएर हामी आज जुनमा आ'छौं भनेपछि यो ६-८ महिना त अरु जाने यो विषयमा त खास हामीलाई कसैलाई शंका छैन होला । त्यसो हुँदा यो अवधिमा हामीले जनतालाई कसरी जोगाउँछौं । मैले निश्कर्षमा के भने भने हामीले बजेट निर्माण गर्दा अब नीति कार्यक्रमहरू अगाडी बढाउँदा हामीले चाहिँ जनतालाई यो डकुमेन्टबाट भरोसा दिन पर्छ । आईसीयूका मान्छेहरूलाई आइसोलेसनका मान्छेहरूलाई यो डकुमेन्टबाट हामीले जीवन दिनुपर्छ । त्यो जीवन दिन चाहिँ यलाई बजेटमा चाहिँ यो तारतम्य केही मिलाएर चाहिँ आओस् भन्ने कुरा चाहिँ मैले विनम्रतापूर्वक निवेदन राखेर फण्डामेन्टल रूपमा यसमा केही हामी चाहिँ समस्याहरू छन् । त्यसको करेक्सन गर्न सरकारले पहल गरोस् मैले यति कुरा चाहिँ यो उसमा राखें । एक दुई मिनेट बढी लिएँ यसको लागि माफी मागेर मैले आफ्ना कुरा यहिँ टुङ्ग्याएँ । धेरै धन्यवाद ।

**माननीय सभामुखः** माननीय कौशिलावती खत्री । यसपछि माननीय माननीय पद्मा खड्का तयारी अवस्थामा रहनुहोला, समय ७ मिनेट ।

**माननीय श्री कौशिलावती खत्री:** माननीय सभामुख महोदय, सर्वप्रथम त म अघैया बस दुर्घटनामा ज्यान गुमाउने मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु र सोक सन्तप्त परिवारमा गहिरो समावेदना र घाइतेको शीघ्रस्वास्थ्य लाभको सभामुखमार्फत कामना गर्न चाहान्छु । माननीय सभामुख महोदय, कर्णाली प्रदेश सरकारको ०७७/७८ को नीति तथा कार्यक्रममा हामी हिजोदेखि नियमित छलफलमा छौं । त्यही क्रममा पनि सरकारलाई सुझाबका रूपमा आफ्नो मत दर्ज गर्न म यहाँ उपस्थितिभएको, भएको छु । सभामुख महोदय, धेरैकुरा र यो नीति तथा कार्यक्रममा समेटेर आएको छ, यसमा पनि मेरो धेरै कुरामा विमति छैन । केही कुरामा असाध्यै फोकस गर्नुपर्ने भएकाले बल पुऱ्याउनु पर्ने भएकाले म यहि कुरामाबल पुऱ्याएर यी नीति तथा कार्यक्रम ल्याएर बजेट कार्यान्वयन गर्नको लागि सभामुखमार्फत् सरकारलाई विनम्र अनुरोध गर्दछु ।

सभामुख महोदय, अहिले महामारीले विश्व आक्रान्त भएको बेला मानव जीवननै संकटमा परेको बेला हामीले स्वास्थ्यसम्बन्धी बजेट सरकारले केही नीतिहरू बजेट ल्याउनको लागि यहाँ दर्ज गरेको छ, यो दस्तावेजमा तर पनि प्रशस्त नभएकोजस्तो मलाई लाग्छ । यसमा ठोस नीतिहरू र ठोस कार्यक्रम ल्याउनु पर्छ तब मात्र बजेटमा ठोस कदम ल्याउन सकिन्छ भन्ने मेरो मत छ । यो कोभिड-१९लाई परास्त गर्नको लागि यो महामारीलाई जित्नको लागि हामीले हाम्रा भौतिक संरचनाहरू कहाँ-कहाँ कसरी बना-ब-बनाउने हो ? कसरी बनाउने हो र आयस्रोत कसरी परिचालन गर्ने हो ? र यसमा जनशक्ति के हो ?र त्यहाँक्वारेन्टाइनमा बसेका र संक्रमितहरूलाई भनिन्छ । कोरोना जित्नको लागि हिम्मत

चाहिन्छ र आफ्नो हिम्मत बढाउनु पर्छ भन्ने गरिन्छ, यसमा सरकारले प्रत्यक्ष रूपमा मनोचिकित्सक जोड्ने र सरकारसँग जनप्रतिनिधिसँग जोड्ने व्यवस्था के हो ? यो पनि व्यवस्था गर्न पर्छ भन्ने म चाहान्छु ।

अर्को कुरा महामारीलाई नै ध्यानमा राखेर यहाँ घटना विभिन्न किसिमका लैङ्गिक हिंसाहरू र आत्महत्याका प्रयासहरू बढीरहेका छन् यसमा पनि यसैसँग जोडेर केही नीतिहरू ल्याउनु पर्छ भन्ने म सरकारलाई सुझाब दिन चाहान्छु र कृषिको क्षेत्रमा यहाँ प्रशस्त अभ्यासहरू गर्ने पस-कृषिमा आत्मनिर्भर बनाउने भन्ने बुँदाहरू आएका छन् । त्यसमा सहमति छु, यसमा जोड गर्न म के चाहन्छु भने कृषि भनेर मात्र उत्पादन हुँदैन, प्रत्येक वडामा चाहिँने जति अर्गानिक मल उत्पादनको पनि व्यवस्था हुनु पर्छ । थोपा सिंचाइको पनि यहाँ अवधारणा ल्याइनु पर्छ भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, यस्तै भोकमारी र महामारीलाई जोड लगाएर अहिलेको बजेटलाई कार्यान्वयन गर्नुपर्छ, बाँचेपछि नाच्न पाइन्छ । बाँचे ज्यूँ रहेकाज्यूला पाउ रहेका पाउला हुन्छन् ।यसैले अहिले हरेक किसिमका ठूल-ठूला योजनाको परिकल्पना गरेर ठूल-ठूला कुराको दस्ताबेज गरेर मात्र यो हुनेवाला छैन र हामीले विगतका नीति तथ कार्यक्रममा पनि देख्यौं,कुरा ठूलठूला कार्यान्वयन पिरामिड शैलीमा भइरहेको छ । यो पिरामिडी शैली अन्त्य गर्न सक्नु पर्छ । म सरकारका काम गर्ने तौरतरिकाका बारेमा सानो एउटा कथा भन्छु । एउटा क कुनै पहिला जंगलमा सिंह राजा स्थिति थियो, कुनै बेला बाँदर राजा भएछ । बाँदरराजा हुँदा मृगको बच्चा सिंहले लगेछ । बाँदरले मृगले उजुर गऱ्यो, मृगले उजुर गर्दाखेरि सिंह यही दुलामा छ भनेर त्यो जंगलकोराजा बाँदरलाई भन्यो, जंगलको राजा बाँदरले अथक प्रयास गर्न गऱ्यो, रुखको बाहिरपट्टि रुखमा गयो तल-माथि गऱ्यो,कति दिनदिनै तल-माथि गऱ्योत्यो त्योउ भित्र गुफाभित्र जाने प्रयास पनि गऱ्यो तर त्यो मृगको बच्चालाई बचाउन सकेन किभने ऊ जंगलको सिंहदेखि डराउँथ्यो किनभने उसकै ज्यान धरापमा थियो । त्यसैले हाम्रो सरकारले कर्णाली प्रदेश सरकारले अथक प्रयास नगरेको होइन, बजेट कार्यान्वयन गर्नेदेखि लिएर महामारी विरुद्धको अथक प्रयास नगरेको होइन तर काम गर्ने ढंग, तौरतरिका र समन्वयको कमी भएको मलाई अनुभूति छ । म अब पनि यसैगरी सरकारको काम गर्ने ढंग पुगेन भने न तपाईँहरूको काम गरेको शैली जनप्रतिनिधिले देख्ने छ, न जनतासम्म जाने छ, लावान्वित हुनेछन् र सरकारले दिनानुदिन गाली खाने स्थिति मात्र आउनेछ भन्ने मलाई अनुभूति भएको छ । मेरो बुँदानम्बर १ मा पनि जनआन्दोलन थपिनु पर्छ भन्ने मेरो मत छ किनभनेयो संविधानको मर्म अनुसार यो बुँदालाई समेट्नु पर्छ र यो जनआन्दोलन पनि महत्त्वपूर्ण एउटा जनसंघर्षको आयाम हो भन्ने मलाई लाग्छ ।

अन्त्यमा, सभामुख महोदय, नीति तथा कार्यक्रमको जगमा रहेर स्पष्ट मापदण्डका अनुसार यो बजेट आओस् कार्यान्वयन होस् र यो जुन अहिले हामीले सुसुलभ रूपमा शिक्षा दिने भनेका छौं । विद्यालय मर्जको कुरा आइरहेको छ, यो विद्यालय मर्जले विद्यार्थीलाई झन्

सास्तीको रूपमा नफसाओस्, उनीहरूलाई सहज रूपमा विद्यालय पुगेर शिक्षा आर्जन गर्ने वातावरणको सिर्जना गरोस् रअहिले तत्काल रूपमा शिक्ष गरिब-किसान गरिब-किसानलाई राहात हुने रगरिबका छोराछोरी कसरी शिक्षा दिन सकिन्छ ? त्यसमा पनि सरकारले सोचोस् र अन्त्यमा गतवर्ष जस्तै कर्णालीको बजेट कर्णाली जनताका लागि आकाशको फल आँखातरी मर नहोस्। मामाको बारीमा साग छ भान्जीको के लाग्छ भन्ने स्थिति नहोस् जनप्रतिनिधिसँग समन्वय गरेर महामारी र भोकमरीका बिरुद्ध हामी जड् लड्ने हामीमा एउटा किसिमको समन्वय र सल्लाह गर्ने परिस्थिति बनोस् । बजेटले महामारीलाई र भोकमरीलाई अन्त्य गर्ने अथक प्रयास कर्णाली प्रदेश सरकारमार्फत रहोस् भनी सभामुखमार्फत् भन्न चाहान्छु, धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री पद्मा खड्का, समय ७ मिनेट । त्यसपछि माननीय श्री कुर्मराज शाही तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री पद्मा खड्काः** माननीय सभामुख महोदय, छैठौं अधिवेशनको सातौं यो गरिमामय सभामा प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा हामी व्यापक रूपमा छलफल गरिरहेका छौं । सर्वप्रथम मैले छिमेकी देश भारतबाट मजदूरी गरी आफ्नो घरमा फर्किने ठूलो सपना बोकेर आउनुभएका हाम्रा कर्णालीवासीका दाजुभाइहरू गएराति भएको जुन गाडी दुर्घटनामा ज्यान गुमाउनु भको छ । १२ जनाले जुन ज्यान गुमाउनु भएको छ, उहाँप्रति म उहाँहरूप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु । परिवारलाई धैर्यधारण गरी कम्तीमा पनि एउटा ठूलो संख्यामा भएको त्यो क्षतिलाई मलम-पट्टि लाउन कर्णाली प्रदेश सरकारले पनि केही राहत दिनेछ भन्ने म यही गरिमामय सदनमा केही आफ्ना कुरा राख्न चाहान्छु र शी घाइतेहरू जो २१ जना हुनुहुन्छ, घाइतेहरूलाई शीघ्र स्वास्थ्य लाभको कामनासहित जुन ठाउँमा उहाँहरूलाई उपचार भइरहेको छ । छिटोभन्दा छिटो सम्बन्धित अस्पतालमा उपचारको व्यवस्था मिलाउनका लागि पनि म कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु । र मैले आज यहाँ प्रदेश सरकारको नीति कार्यक्रमको छलफलमा उभिरहँदा यो कर्णाली प्रदेश सभाको गरिमामय सदनमा उभिरहँदा सभामुखमार्फत मैले कर्णाली प्रदेश सरकारलाई यो अहिलेको अवस्थामा कर्णाली प्रदेश सरकारले ल्याइरहेको नीति तथा कार्यक्रम सर्वप्रथम मैले कर्णाली प्रदेश सरकारलाई अहिलेको परिवेशअनुसार जसरी ल्याइएको छ । त्यसका लागि म सर्वप्रथम यो नीति तथा कार्यक्रमको समर्थन गर्दै धन्यवाद दिंदै र यो कार्यक्रमलाई ३२ पेज र ६३ ओटा बुँदामा जसरी कोरेर ल्याइएको छ । यी कर्णालीवासीका सपनाहरूलाई जसरी कोरेर ल्याउनुभएको छ, कार्यान्वयनमा जाने बेला चुस्तदुरुस्त कार्यान्वयनको लागि पनि म शुभकामना दिन चाहान्छु । सर्वप्रथम हामीले पनि सोचिरहेको अवस्था छ, कर्णाली प्रदेश सरकारले पक्कै पनि अहिलेको यो अवस्थालाई हेरेर छोटो एउटा नीति तथा कार्यक्रम यो छोटो कार्यक्रम सँगसँगै ठोस रूपमा चाहिँ कार्यान्वयन गर्ने दिशातिर अगाडी बढ्ने र सामान्य नागरिकले पनि सँगसँगै र अहिले कोरोना भाइरसबाट संक्रमित भएका बिरामीले पनि सरल

तरिकाले बुझ्ने गरी यो कर्णालीमा यो नीति कार्यक्रम आउँछ भन्ने सबैले बुझेको एउटा अवस्था हो र त्यो सँगै यहाँ मैले के भन्न चाहान्छु भने स्वास्थ्य, शिक्षा, उत्पादन र आपूर्ति रोजगारी आजीविका पूर्वाधार समृद्धि भन्ने मूल धेयका साथ आर्थिक वर्षको यो कार्यक्रम जुन जसरी तर्जुमा गरेर ल्याइएको छ । यो एउटा राम्रो पक्ष छ र कोरोना भाइरसको लागि रोकथाम, नियन्त्रण, प्रतिकार्य, उपचारलाई प्रभावकारी बनाउने, स्वास्थ्य क्षेत्रको जनशक्तिलाई प्रभावकारी र क्षमतावान बनाउने, जुन कार्यक्रमहरू ल्याइएको छ, यो पनि सकारात्मक पक्ष छ । र यसैगरी विगतका वर्षमा ल्याइएका नीति तथा कार्यक्रमलाई छोरीबुहारी शिक्षा कार्यक्रम, बैंक खाता छोरीको सुरक्षा जीवन सुरक्षाभरिको, यी महत्वाकांक्षी कार्यक्रम जसले आम नेपा यहाँ कर्णालीवासी नागरिकहरूलाई जसरी प्रभाव पारेको छ, यो कार्यक्रमलाई निरन्तरता दिएको छ । यो सकारात्मक कार्यक्रम छ । यसैगरी कृषि उत्पादन, रोजगार, मेरो किसान मेरो अन्नदाता, यी विभिन्न कृषि उत्पादनका कार्यक्रमहरू ल्याइएको छ । यो गत वर्षको कार्यक्रमलाई पनि केही धेरै बुँदामा निरन्तरता दिइएको छ । अझ यलाई अहिले के भन्न चाहान्छु भने ठोस रूपमा हामीले अहिले यो कर्णाली प्रदेशमा रोग र भोकसँग नै केन्द्रित रहेर हामीले कार्यक्रम ल्याउनु पर्ने, नीति ल्याउनु पर्ने अवस्थामा धेरैभन्दा धेरै फेरि उत्पादन, उत्पादन कृषि उत्पादन प्रोत्साहन भनेर भन्दा पनि हामीले कसरी अगाडी भर्खरै मात्र मजदूरी गरेर फर्किरहेका यी धेरैभन्दा धेरै हजारौं युवाहरूलाई हामीले उत्पादनमा जोड्न सक्छौं । रोजगारीमा जोड्न सक्छौं । ठोस खालको एउटा नीति यसमा स्पष्टसँग आइदिएको भए अझ राम्रो हुन्थ्यो भन्ने मैले आफ्नो सुझाब राख्न चाहान्छु । र मैले यसैगरी सरकारले ल्याइरहेका नीति तथा कार्यक्रममा अहिले पनि हाम्रो कर्णाली प्रदेश यो अनुभवका आधारमा यो चुनौतीसँगै हामीले लिएको यो दुई महिनाको अनुभवका आधारमा कर्णाली प्रदेशमा जसरी हामीले भारत लगायत विभिन्न हाम्रा अन्य अन्तर प्रदेशबाट आउने जुन विभिन्न वस्तुहरू छन्, ती वस्तुहरू भित्राउनुमा हामीले जसरी प्रतिबन्ध लगाई र उत्पादनमा केन्द्रित भएर यहाँका किसानहरूलाई एउटा जो खालको हौसला मिलेको छ । जसरी अब हामी आत्मनिर्भर बन्नु पर्छ भन्ने खालको एउटा उत्प्रेरणा जागेको छ, त्यो अवसरलाई यो नीति तथा कार्यक्रमले कुन बुँदामा समेट्छ ? कुन बुँदामा हामीले यलाई जोड्न खोजेका छौं? अझ स्पष्टसँग आइदिएको भए यो अझ राम्रो हुन्थ्यो भन्ने मलाई लाग्छ र यो छलफल जारीरहँदा हामी प्रदेश सभाको सदन चल्नुभन्दा अगाडी पनि विभिन्न भर्चुअल मिटिङ्गमा हामीले सुनिरहेको सल्लाह-सुझाबहरू सुन्दा कर्णाली प्रदेशले आफैमा आत्मनिर्भर बन्ने गरी बीउ-बैंकहरू उत्पादन गर्ने त्यस्ता खालका हाम्रा चाहिँ अनुसन्धान केन्द्रहरू कति अस्त-व्यस्त रहेछन् ? भन्ने कुरा हामीले यतिखेर बुझिऔं । एउटा दैलेखमा रहेको बागवानी केन्द्रले दैलेख जिल्लालाई पर्याप्त मात्रामा मैले बीउ पुऱ्याउन सक्छु भन्दा सुर्खेतको राजधानी एउटा दशरथपुरमा रहेको अनुसन्धान केन्द्रले हामीसँग बीउ छैन भन्ने अवस्था आयो आज दशौओटा जिल्लामा यिनी अनुसन्धान केन्द्रको आवश्यकता पर्छ कि पर्दैन ? अब हामी आत्मनिर्भरतिर जानीहो उत्पादनतिर जाने हो भने, यस्तो खालको संरचना जुन भइरहेका संरचनालाई नै व्यवस्थित गर्ने र आफ्नै प्रदेशमा बीउ उत्पादन गर्नेदेखि लिएर मल

उत्पादन गर्ने देखि लिएर हामीले उत्पादन त भन्यौं तर उत्पादनलाई व्यवस्थापन गर्ने कुरा कहाँसम्मन पुगेको छ ? त्यो पछि हामीले खोज्न किन पछाडि परेका छौं? यो सुझाब म दिन चाहान्छु ।

सभामुख महोदय, र यसैगरी मैले पशुपंछि, फलफूल, तरकारी विभिन्न यावत विषयमा हामी आत्मनिर्भर कर्णाली बन्ने भनेका छौं । सायद लाग्छ कर्णाली प्रदेश सरकारको पहिलो क्याबिनेटले पनि हामी अर्गानिक प्रदेश बनाउछौं भन्नलाई हामीले निर्णय पनि गरेका छौं तर हामी कुन जमिनमा के उत्पादन हुन्छ ? हिमाली, पहाडी र मध्य-पहाडी हामी अब, क्षेत्र छुट्याऔं, पहाडी क्षेत्रमा पशुपालन अथवा मध्यपहाडी तरकारी फलफूल कुन-कुन क्षेत्र हो ? अब हामी यो क्षेत्रमा काहिँ हामीले चौंरीपालन मात्र होला, भेडापालन मात्रै होला, काहिँ हाम्रो जडीबुटी मात्रै होला, कुनै ठाउँमा हाम्रो तरकारी मात्रै होला, कहीं हाम्रो अन्न बाली मात्रै उत्पादन होला, यो क्षेत्रलाई हामीले चाहिँ अब क्षेत्रगत रूपमा चाहिँ विभाजन गरौं र हाम्रा लगानी त्यहाँ केन्द्रित गरौं जहाँ धेरैभन्दा धेरै अन्न बाली उत्पादन हुन्छ, त्यहाँ अन्न बालीमा मात्रै केन्द्रित गरौं । फेरि हामीले नीति तथा कार्यक्रमसँगै फेरि बजेटलाई छर्ने गरी हामीले कार्यक्रम ल्याइम् भने यो प्रभावकारी कार्यान्वयनमा पुग्न सक्दैन भन्ने कुरा म राख्न चाहान्छु।

सभामुख महोदय, निश्चित रूपमा मैले अलिकति थोरै विषय फेरि यहाँ राख्न चाहान्छु । जसोगरी हामीले बजेट निर्माण गर्दा नीति तथा कार्यक्रमलाई हामी तालमेल मिलाउँछौं कि मिलाउदैनौं । अहिलेको अवस्थामा हामीले भनिरहेका छौं, स्वास्थ्य क्षेत्रको पहिलो प्राथमिकता भनिरहेका छौं । दोस्रो भनेको भोकमरी नै हो । भोकमरीलाई हामीले कति प्रतिशत बजेट छुट्टाएका छौं? त्यो सम्बन्धित हामीले शिक्षालाई कति प्रतिशत बजेट छुट्टाएका छौं? भन्ने बेला हामीले अहिले रोग, भोक र शिक्षा भनिराछौं तर बजेट छुट्याउने बेला फेरि, (**माननीय सभामुख:** सकौं माननीयज्यू सकौं) त्यही हिसाबले हामीले बजेट छुट्टाइम् भने हामले ल्याएका महत्वाकांक्षी योजनाहरू कार्यान्वयनमा जाने कुरामा समस्या देख्दछु । यसैगरी सभामुख महोदय, मैले थोरै किन हामीले हाम्रो प्रदेशमा विगतदेखि ल्याइरहेका नीति कार्यक्रम र बजेटहरू खर्च किन हुन सक्दैनन् ? किन हामीले विकास खर्चलाई बृद्धि गर्न सकिरहेको अवस्था छैन अन्य प्रदेशको भन्दा ? सकिरहेका छैनौं, के समस्या हो ? त्यसका लागि के गर्नुपर्छ कर्णाली प्रदेश सरकारले ? खोइ नीतिमा कतै बोलेको ? त्यो कतै बालेको देख्दैन, मैले । त्यसकारणले हामीले ल्याइरहेका नीति कार्यक्रम र प्रि-बजेट, बजेटका नीति तथा सिद्धान्तहरू र उद्देश्यहरू त्यसपछि आउने नीति कार्यक्रम त्यसपछि आउने बजेट कहाँ हाम्रो तालमेल मिलिरहेको छैन ?कहाँ हामीले यलाई अगाडी बढाउन सकिरहेको छैनौं ? यो कुरामा प्रदेश सरकारको ध्यान जानेछ । अन्तमा, पुनः मैले जसरी ल्याइएको यो नीति तथा कार्यक्रम छ, यसलाई दृढताकासाथ आत्मबलकासाथ आत्मविश्वासकासाथ कर्णालीवासी सम्पूर्णका एउटा जनभावनालाई कदर गर्दै, जनाभावनाको मतलाई कदर गर्दै यो बजेट सुन्दर ढंगले आउनेछ भन्ने एउटा आशा र विश्वास व्यक्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय श्री कुर्मराज शाही ।

**माननीय श्री कुर्मराज शाहीः** माननीय सभामुखज्यू, प्रदेश प्रमुखले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०७७/७८को नीति तथा कार्यक्रम र मुख्यमन्त्रीले टेबुल गर्नुभएको कार्यक्रममा म मेरो आफ्नो तर्फबाट केही सुझाबहरू दिन गइरहेको छु । यो नीति र कार्यक्रम सरसर्ती अध्ययन गर्दाखेरि सायद राम्रै छ । विषयवस्तु सबैलाई समेटेको छ । केही क्रमबद्धता तल-माथि पऱ्यो होला । यलाई मिलाउने प्रयत्न गर्नुहुने छ र योसँगसँगै मेरो आफ्नो केही सुझाबहरू राख्ने अनुमति चाहान्छु सभामुख महोदय। सैद्धान्तिक हामीले यो २/३ दिन पहिले प्री-बजेट छलफलमा सैद्धान्तिक त्यसको उद्देश्य, लक्ष्य प्राथमिकीकरणको विषयमा हामीले व्यापक छलफल गरेका छौं । सायद मलाई लाग्छ त्यही आधारमा टेकेर यो नीति कार्यक्रम आएको छ भन्ने कुराको विश्वास मैले लिएको छु र यसमा मेरो सुझाब के छ भन्दाखेरि सैद्धान्तिक धरातललाई नटेकिकन सैद्धान्तिक धरातललाई नटेकेर हामी अगाडीका लक्ष्य उद्देश्यहरू, त्यसको नीति कार्यक्रमहरू प्रष्ट पार्न हामी सक्दैनौं। त्यसो भएको हुनाले हाम्रो सैद्धान्तिक लक्ष्य, हाम्रो सैद्धान्तिक लक्ष्य सायद मलाई लाग्छ यो नीति र कार्यक्रमले यड्रेस गरेको छ-सम्बोधन गरेको छ भन्ने मलाई लागेको छ । प्राप्त उपलब्धि हामीले रक्षा गर्ने कुरा त भनिनै हाल्यौं । अहिले हामीले गर्नुपर्ने क्रान्ति भनेको आर्थिकक्रान्ति र साँस्कृतिक क्रान्ति र सामाजिक क्रान्ति हो । त्यो क्रान्ति सम्पन्न गर्नको निम्ति यो सतहतको नीति र कार्यक्रममा आउनु पर्छ र आएको छ भन्ने कुराको विश्वास मैले लिएको छु । र यसमा आर्थिक रूपमा दलाल-नोकरशाही पूँजीवादलाई अन्त्य गर्नुछ हामीले, राजनीतिक रूपमा सामन्तवादका अवशेषहरूलाई साम्राज्यवादको चाहिँ एकाधिकार पूँजीवाद छ । विस्तारवादको जो हस्तक्षेप छ, त्यसको प्रवृत्तिलाई अन्त्य गर्नुछ हामीले सैगरी सामाजिक क्षेत्रमा प्राप्त र चिन्तन छ, सोच छ,प्रवृत्ति छर यसलाई अन्त्य गर्नुछ । बाल विवाह छ, बहुविवाह छ, अनमेल विवाह छ । सबै प्रकारका जो बिसंगतिहरू छन् त्यलाई अन्त्य गर्नुपर्छ र अर्को कुरा सांस्कृतिक रूपमा रुकुममा हामीले देखिसक्या छौं । जातीय विभेद अन्त्य गरी समतामूलक समाजको हामीले निर्माण गर्नुछ र संगै समाजवादको यात्रा हामी तय गर्नुछ, हाम्रो यो दीर्घकालीन लक्ष्य हो । यो लक्ष्यलाई पूरा गर्नका निम्ति कही तत्कालीन हाम्रो कार्यनीति र रणनीति बनाउनु पर्छ । कार्यनीति लक्ष्य के होर रणनीति लक्ष्य के हो ?हाम्रो कार्यनीति लक्ष्य भनेको मलाई लाग्छ, केन्द्र सरकारले अगाडी सारेको छ- समृद्ध नेपाल सुखी नेपाली जनता, त्यो त्यही धरातलमा त्यहि कार्यनीति लक्ष्यमा टेकेर मलाई लाग्छ प्रदेश सरकारले साह्रै राम्रो नारा ल्याएको छ-समृद्ध कर्णाली प्रदेश र सुखारी कर्णाली प्रदेशका जनताहरू । त्यो कार्यनीति रणनीतिक लक्ष्य पूरा गर्दै हामी अगाडी बढीरहने क्रममा दुईटा आर्थिक वर्ष हामीले समाप्त गरिका छौं र यो आर्थिक वर्षभित्र हामीले ०७७/७८ को आर्थिक वर्षमा हामी प्रवेश गऱ्या छौं । हामी बजेट बनाउदैछौं, त्यसका निम्ति अहिले नीति र कार्यक्रम अगाडी प्रस्तुत गरेका छौं र यति भनिरहँदाखेरि र गरिरहँदाखेरि हाम्रो सामु एउटा ठूलो अगाडी पर्खाल आयो, चाहे त्यो बर्लिनको पर्खाल भन्नुहोस्, चाहे ग्रेटवाल भन्नुहोस्,चाहे ठूलो पहाड भन्नुहोस्, हाम्रो सामु तेर्सिएर आयो ।

आर्थिक क्रान्ति र सामाजिक क्रान्तिलाई यले अवरोध सिर्जना गऱ्यो हाम्रो अगाडी, बीचमा आयो । त्यो भको हुनाले अहिले हाम्रो सबभन्दा पहिला कार्यभार त यही नै बनेर आयो । ती कामहरू आर्थिक क्रान्ति र सामाजिक क्रान्तिका केही कुराहरू यले अवरोध गऱ्यो रअगाडी एउटा पर्खाल बनेर आयो । सबभन्दा अहिले पहिला हामीले गर्नुपर्ने हाम्रो कार्यभार नै यही कार्यभार बनेर आयो यसका निम्ति स्वास्थ्य हाम्रो पहिलो कारोबार बनेर आएको छ र स्वास्थ्यसम्बन्धी म केही सुझाबहरू दिन चाहन्छु । स्वास्थ्यसम्बन्धी सबभन्दा पहिले हामीले गर्नुपर्ने काम यसका नीम्ति विदेशमा रहनुभएका कर्णाली प्रदेशका नागरिकलाई सहज, सरल र सुरक्षित ढंगले बजेटलाई खर्च गर्नुहोस्, मेरो आग्रह । र जिल्ला क्वारेन्टिनमा राख्नुहोस्, त्यो राम्रो होला, नराम्रो होला हाम्रो सामर्थ्यले जे भेटाको छ, त्यहाँ राख्नुहोस् त्यसमा खर्च गर्नुहोस्, नम्बर १ । नम्बर २ मा क्वारेन्टिनको व्यवस्था राम्रो गर्नुहोस्, हाम्रो सामर्थ्यकति छ ? पूँजी जति छ, त्यति पूँजीलाई प्रयोग गर्नुहोस् । त्यो क्वारेन्टिन निर्माण गर्ने दिशातिर हामी जाऔं पछि त्यहाँ केन्द्रित गरौं र दोस्रो कुरा क्वारेन्टिन भएको ठाउँमा सुरक्षित ट्वाइलेट बनाइदिनुहोस्, आवाज उठिरहेको छ ।स्वच्छ खानेपानी र व्यवस्थित बेड सकिन्छ भने कति सकिन्छ नभए चारपाईबनाइकन पनि बसाल्ने बेडमा, काठको त्यो खटिया बनाउन सकिन्न भने चारपाईबनाउँदा पनि हुन्छ केही फरक पर्दैन यो । अर्को क्वोन्टिनमा बसेकाहरूका लागि खानाको व्यवस्था राम्रो गर्नुहोस्, झाडापखाला लाग्नबाट बचाइदिनुहोस्। झाडापखाला लागेको भनेर धेरै मान्छेले भन्याछन् । खाना शुद्ध बनाइदिनुस्- दालभात, तरकारी, मासु खोज्छन् भने नदिनुहोला, अरु दारु केही खोज्यो भने नदिनुहोला, त्यसको व्यवस्था नगर्नु होला । यो राम्रो व्यवस्था गर्दिनुहोस् । त्यस्तो स्वास्थ्य कर्मचारी र सुरक्षाको व्यवस्थालाई प्रभावकारी बनाउनुहोस् । कर्मचारी र सुरक्षाकर्मीका लागि नेपाल सरकारले भत्ता थप भत्ता तोकेको होला त्यसमा केही दिन सकिन्छ भने कर्णाली प्रदेशले बजेटको व्यवस्था गरोस् । अर्को कोरोना परीक्षणमा चाहिँ यो आरडिटि जे भन्याछ पिसिआर टेष्ट जे-होस् यलाई व्यापक विस्तार गर्नुहोस् । खरिद गर्ने कुरामाचाहिँ पछि नपरौं, अघि स्वास्थ्य मन्त्रीले भनिसक्नु भाछ । जति पैसा चाहिन्छ, हामी खर्च गर्न रेडी छौं तर प्रक्रिया हाम्रो अलिकति समस्या भाहुनाले प्रक्रिया अलिकति लामो बनाइदियो, हामी आलोचित बनेका छौं भनेर उहाँले सर्लक्कै स्वीकार्नु भाछ । यो गरौं, त्यसपछि गएर यलाई अब हुन नदिऔं । कोरोना पोजेटिभ भएकाहरूलाई आइसोलेसन बेड वाड प्रत्येक जिल्लामा निर्माण गर्नका लागि स्वास्थ्य मन्त्री उहाँले भनिसक्नु भाछ जति सकिन्छ बजेट यसमा खर्च गर्नुहोस्,कन्चुस्याईं गर्नु कुनै जरुरी छैन । अनि कोरोनाबाट मृतक घरपरिवारलाई त्योनिर्वाहा भत्ता दिनुपर्दैन, यो नीति र कार्यक्रममा आएको छ । बरु तिनी मृतक परिवारलाई राहात दिने व्यवस्था कसरी हुन्छ ? त्यतातिर बरु बजेट केन्द्रित गरौं, नीति कार्यक्रम केन्द्रित गरौं । प्रत्येक निर्वाचन क्षेत्रलाई एउटा ५० शैयाको हस्पिटल गाउँपालिका र नगरपालिकामा एउटा-एउटा भनेर यहाँ आएको छ, नीति र कार्यक्रममा यो स्वागतयोग्य छ । हाम्रो प्रदेशमा करारमा भए पनि यो अभ्यास सकेका स्वास्थ्यकर्मीहरू सबैलाई परिचालन गर्न सकिन्छ भने करारमा नियुक्ति गरौं, सबैलाई । कोहि

बेरोजगारी नहोऔं, रोजगारी पनि पाउँछन्। जिल्लामा दरबन्दी अनुसार चिकित्सकहरू विशेषज्ञहरू र गाउँ नगरमा कम्तीमा एक जना चिकित्सक अनिवार्य व्यवस्था गराउने वातावरण मिलाउनुहोस् । सकिन्छ भने डाक्टरहरू पढेका छन् काठ्माण्डौ तिनलाई ल्याएर भए पनि करारमा नियुक्ति गरेर भए पनि नयाँ गर्न पर्‍यो प्रत्येक वडामा त्यहाँ बजेट केन्द्रित गरौं । जीवनबाट हारेका मनोविज्ञान पढेको जो छ उच्च मनोविज्ञान बनाउनका लागि जनचेतना अभियान प्रत्येक टोल-टोलमा सञ्चालन गर्नका निम्ति पर्‍यो, जसका लागि युवापरिचालन गर्नुपर्ने देखिन्छ । अहिले विद्यार्थीहरू खाली बस्याछन्, तिनलाई परिचालन गरौं, माइकिङ्ग बनाऔं ल ठाउँ-ठाउँ प्रचार गर भनेपछि गर्न तयार रेडि छन् । त्यसका निम्ति यिनीहरूलाई परिचालन गरौं र यसैगरी चाहिँ मलाई लाग्छ अब दोस्रो कृषि, समय सकिन ला्छ । अर्गानिक प्रदेशको नारा नछोड्नु होला फेरि यो छोड्नु भयो भने समस्या हुन्छ । अनि कम्पोस्टमल उत्पादनमा यो मैले कृषिको कुरा गर्दैछु, कम्पोष्टमल उत्पादनका लागि कृषकलाई आवश्यक सामग्री वित्तीय व्यवस्थापन तपाईँले गर्नुहोस्, अनुदानको रूपमा । कम्पोष्ट मल उत्पादन गर्नका निम्ति यसमा बजेट केन्द्रित गरौं । बाँझो जग्गामा सामुहिक खेती गर्न युवाहरूलाई परिचालन गर्नुहोस् । युवासँग मुख्यमन्त्री भन्ने आएकै छ । गर्नुहोस् जसमा सरकारले युवा कृषक कार्यविधि बनाउनुहोस् । कार्यविधि बनाएर चाहिँ सस्तो व्याजमा सकिन्छ भने ऋण उपलब्ध गर्नुस्, राम्रो काम गर्ने युवाहरूलाई अनुदानको व्यवस्था गर्नुहोस् तेस्रो दोस्रो चरणमा(अब सक्नतिर लागौं माननीय सदस्य), सकिएछ जस्तो लाग्यो । त्यो भएको हुनाले अब यो अलि लामो भएछ, अनि अब सस्तो मूल्यमा अब म धेरै गइन अन्त्यमा चाहि अब रोजगारीसिर्जना गर्ने क्रममा चाहिँ कृषि रोजगारी र घरेलु उद्योगमध्ये घरेलु उद्योगमा चाहिँ साना तथा मझौला उद्योगहरू, कृषि कृषि औजार उत्पादन उद्योगहरू, कपडा उद्योगहरू, लिऊ-फेरे-कम्मल उद्योगहरू बनाउनुहोस् । पत्थर उद्योग छन् प्रशस्त मात्रमा प्रस्तर उद्योग बनोस्, ढुंगा मसिना बनाए चिन्नचाहिँ राम्रोहुन्छ । त्यसपछि गएर यो कम्मल उद्योग बनाउनुहोस्, त्यसपछि गएर फर्निचर उद्योग बनाउनुहोस् । डकर्मी सिकर्मीको तालिम दिनुस्, जडीबुटी प्रशस्त उद्योग खोल्नुहोस् । गलैंचा उद्योग बनाउनुस्, सिल्पकला हस्तकला उद्योग बनाउनुहोस । ब्रिगेट उद्योग भन्दछ यो हाम्रो गाउँतिर हुन्छ त्यो ब्रिगेट उद्योग बनाए पछि तातो पनि ताप्न पाइन्छ त्यो होइन,को हुन्छ त्यो । अनि काठाको भाडाँको उद्योग बनाउनुहोस्, कुमालेहरू छन् । कागजको उद्योग बनाउनुहोस्,साबुन उद्योक कृेतुकि र उसबाट बनाउनुहोस् । यसमा बजेट केन्द्रित गर्नुस् अनि बल्ल केही गर्न सकिन्छ । (अब सकौं माननीय सदस्य) र अब अन्तिममा, चाहिँ यो भौतिक पूर्वाधारलाई सक्दै भौतिक पूर्वाधार जो क्रमागत योजनाहरू छन्, क्रमागत योजानाहरू नछोड्नु होला । क्रमागत योजाना अहिले सम्पन्न गर्ने गरी बजेटको व्यवस्थापन गर्नुहोला, ऋण भए पनि गर्नुहोला ।२ खर्बको ऋण केन्द्रीय संघीय सरकारले गर्‍या छ । हामीले ऋण ल्याएर काहिँबाट गर्न सकिन्छ भने यो क्रमागत योजना सम्पन्न गर्नुहोला । सडक नपुगेको ठाउँमा सडक पुर्‍याउनुहोला । सिंचाइ नपुगेको ठाउँमा सिचाई पुगाउनुहोला र खानेपानी नपुग्या ठाउँमा खानेपानी पुराउनु होला भन्दै

सडकको स्तरउन्नति गर्ने क्रममा चाहिँ यो चाहिँ मलाई लाग्छ सुर्खेतदेखि जुम्लासम्मको गाल धेरै गरेका छन्, गालबाट कम हुनका लागि संघीय सरकारसँग सहकार्य गरेर अगाडी बढ्नुहोला यहि सुझाबसहित म विदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरू, प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमाथिको छलफल भोलि पनि जारी जारी रहने व्यहोरा जानकारी गराउँछु । बोल्न बाँकी माननीय सदस्यहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउँछु ।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ २० गते मंगलबार दिनको ३ बजेसम्मका लागि स्थगित हुन्छ ।

□□□

**(वि.सं. २०७७ साल जेष्ठ २० गते मंगलबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको आठौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानमा आफ्ना भनाइ राख्न विशेष समयको व्यवस्था गरेको छु। सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नुहुन्छ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्माननीय सभामुख महोदय, यो असाध्यै डरलाग्दो अवस्था भयावह अवस्था चाहिँ हुँदै आइरहेको छ। प्रत्येक दिन मानिसहरू सयौं हजारौंको संख्यामा हाम्रो प्रदेशभित्र भित्रिएको अवस्था छ। रात दुई गुना दिन चौगुनाको हिसाबले चाहिँ हाम्रो सङ्क्रमितहरू बढिरहेको अवस्था देखिन्छ सभामुख महोदय। हिजो हामी यहाँ बस्दाबस्दै २ सय ३३ जना हुनुहुन्थ्यो, आज २ सय ६४ भइसकेको छ। र यो स्वाब संकलन गरेर जुम्लामा पठाइएका, केही काठमाडौंमा पठाइएका, केही नेपालगञ्जमा पठाइएका, केही यहाँ पठाइएका भन्ने कुराहरू पनि यहाँ आयो। त्यो पठाइएकाहरूको अहिलेसम्म रिपोर्ट आउन सकेको छैन। यो स्थितिले हो भने भयावह अवस्था चाहिँ छ र सदनमा सबै माननीयज्यूहरूले आफ्ना कोइसनहरू राख्नु भयो, प्रस्तुति गर्नुभो, सायद त्यसैले होला एक जना माननीयज्यूले भन्नु भयो कर्णाली हाइट, मैले हेपाली हाइट भन्ने हेपाली हाइट भन्ने फिलिम त हेर्या थिएँ, यो कर्णाली हाइट भन्ने चाहिँ कहाँबाट आयो भनेर सोचें र हिजो कर्णाली हाइट यहाँ देखियो सभामुख महोदय, यो सदनभित्र देखियो। हामी पनि केन्द्रका मन्त्री भयौं र अर्को पनि यहाँ माननीयज्यू हुनुहुन्छ मन्त्री भइसकेको, केन्द्रमा पनि माननीयज्यूहरूले प्रश्न सोध्ने यसरी नै हो न्याखऱ्याखती गर्ने, कहिले कहिले त हामीलाई यस्तो गाली गर्ने अवस्था पनि माननीयजीहरूले गर्ने तर मन्त्री भनेको चाहिँ के हुन्थ्यो भने यहाँ आइसकेपछि संयम भएर, नाचेर होइन, गाएर होइन, संयम भएर वास्तविकताको जवाफ दिने चाहिँ प्रचलन हुन्थ्यो। त्यसैले एउटा देखियो सम्माननीय सभामुख महोदय, यो हाइट कस्तो हुन्छ ? र कस्तो मान्छेहरू मन्त्री हुनका लागि योग्य हुन्छन् भन्ने कुराहरू चाहिँ देखिएको छ, यसैले पनि होला सायद कर्णाली प्रदेशलाई सबैले हेप्ने। सायद यस्तै ओठे जवाफ दिने भएको भए, सम्माननीय के.पी. ओलीले पूर्वमन्त्री बाबुरामलाई धेरै ओठे जवाफ दिनुहुन्थ्यो होला, पूर्वमन्त्री शेरबहादुरलाई धेरै ओठेजवाफ दिनुहुन्थ्यो होला। तिमीहरू प्रधानमन्त्री हुँदा के हेरेका थियौ ? तिमीले गर्नुपर्दैन भन्नुहुन्थ्यो होला तर उहाँले कहिल्यै त्यस्तो भन्नु भएन किनकि माननीयको सिटमा बसेको मान्छेले ती कुराहरू गर्ने हो र मन्त्रीले प्रधानमन्त्रीले संयमित भएर त्यसको जवाफ दिने हो। र हामीले सोचेका थियौं त्यो खालको जवाफ यहाँ आउँछ किनकि सबै यो सदनमा सभासद्ज्यूहरूले भन्नु

भएको थियो - यी यी कमजोरी भए, यी-यी कुराहरू किन भएनन्, यो अवस्था के छ ? भनेर सोध्नुभयो कि त्यसको जवाफ केही पनि आएन। जवाफ सिर्फ दुईटा मात्र आयो सभामुख महोदय, एक तिमीहरू हुँदा हेलिकप्टर चढेका होइनौं र हेलिकप्टर चढ्न नपाउनु भन्ने आयो। सबैले सुनेकै छ सभामुख महोदय। हामीले हेलिकप्टर नचढेका भनेका छैनौं, चढ जतिसक्छौं चढ तर हामीले के भन्यौं भने विवेक पु¥याएर चढ। लिनुपर्ने मान्छेलाई लिएर जाऔं। औषधि पु¥याउन जानको लागि मन्त्रीले औषधि पु¥याउन बोकेर जानुपर्दैन। किनकि मन्त्री लोडर होइन, उले लोड र अनलोड गर्नुपर्दैन। हामीले स्वास्थ्यकर्मीहरूलाई पठाऔं, हामी औषधीलाई पठाऔं भनेका हौं। हामीले भन्यौं कि अहिले सेनाको हेलिकप्टरलाई प्रयोग गरौं भन्यौं, के त्यो भन्नु अपराध हो ? सम्माननीय सभामुख महोदय। किनकि यो सरकारी हो, त्यसमा भएन भने प्राइभेट प्रयोग हुन्छ, आपतै पर्यो भने त्यसमा कमसेकम मौखिक कोटेसन लिन सकिन्छ। नेपालमा अहिले १२ वटा हेलिकप्टर संस्थाहरू छन्, डाइरेक्ट कम्पनीसँग चाहिँ कन्ट्याक्ट गर, बीचका यो विचौलियासँग कन्ट्याक्ट नगर त्यो सुझाव दिनु के गलत हो ? आज हिजो सभामुख महोदय हिजो सुनियो हामीलाई त थाहा छैन, हेलिकप्टर गरे पनि सस्तो गर्नु भन्या´छ रे। सरकारी कारोबारो त्यसरी चल्छ। ल सामान पठाइदिहाल भोलि तिमी सस्तो गर्नु है भनेर त्यो सस्तो हुन्छ कि हुँदैन ? त्यो यो सिंगो सरकारको सिंगो सदनको मानमर्दन हो कि होइन ? भन्ने चाहिँ म भन्न चाहन्छु, सम्माननीय सभामुख महोदय। वास्तवमा डक्टरको कुरामा यहाँ सदनलाई भ्रमित गरियो, यहाँ चाहिँ झूठा आरोपहरू लगाउने, हामी त नजिकै डक्टर थियो नि त्यसकारणले चाहिँ त्यहाँ नखटाइएको हो। त्यसकारणले चाहिँ हामीले यी-यी भनेका हौं भनेर पनि आयो। मैले आज प्रमाणसहित नै भन्नु पर्ने भयो सभामुख महोदय। के भन्नुपर्ने भयो भने, अरुलाई चाहिँ प्रदेश सरकारले राख्नुनपर्ने त्यही खार्पुनाथलाई चाहिँ जहाँ मेरो जन्मथलो पनि हो, त्यहाँ डक्टर पठाउँदाखेरी आतेजाते टिएडिए पछि तिमीले पु¥याउनुपर्ने भनेर लेखेको चिठी छ सभामुख महोदय, म आज यो चिठी पनि संसद्मा म पेश गर्न चाहन्छु। भनिएको छ - भ्रमणसम्बन्धी अन्य आवश्यक कुराहरू खार्पुनाथ गा.पा.बाट नै भ्रमण हुने गरी, अरुलाई नपर्ने खार्पुनाथ गा.पा.लाई मात्र पर्ने अनि मैले डक्टर दिएको छु भन्न मिल्छ कि मिल्दैन सभामुख महोदय। त्यतिमात्र होइन, मैले सदनलाई पेश गर्न सक्ने चाहिँ मैले चाहिँ रेकर्ड गरेका र त्यहाँको मान्छेले भनेको तिमीलाई डक्टर चाहिन्छ भने खान-बस्न देऊ १ सय २५ प्रसेन्ट दिनुपर्छ भन्ने थाहा छैन डक्टरलाई ? भन्ने कुराहरू पनि छन्। त्यसैले हामीले हिजो सायद सारा संसद्ले सुन्न चाहेको थियो, सरकारले कतिको उद्दार गर्यो ? कति वटा संख्या दियो ? त्यो हिजो मलाई आए जस्तो लाग्दैन। संख्या कति हो ? कतिलाई उद्दार गर्यो ? सरकारले बसलाई आउन देऊ भन्ने मात्र उद्दार हो ? या बस र प्लेनबाट पनि मान्छेहरू पठाइएका छन्। त्यो प्लेनको फेयर कति तिरियो ? आधा तिरियो कि पूरा तिरियो कि। बस कहाँ-कहाँ ठाउँमा पु¥याइयो ? त्यो हामीले सुन्न चाहेका थियौं सभामुख महोदय। अब भारतबाट फर्किने कति ? हिजो के भनियो भने ८० हजार भने हाम्रो चाहिँ ऊ मिलेन मूल्याङ्कन मिलेन। कति आउँछन् ? अब भारतबाट यति जना मान्छे आउँदैछन् भनेर हामीले सुन्न चाहेका थियौं सभामुख महो-

महोदय। अनि अरु मुलुकबाट कति आउँदैछन् ? अब भारतबाट मात्र कुरा होइन, अरु मुलुकबाट कति आउँदैछन् भन्ने त्यो एजम्सन कति हो ? त्यो हामीले सुन्न चाहेका थियौं सभामुख महोदय। हाम्रो टेस्टिङ्ग, ट्रेसिङ्ग गर्न म्यानपावर कति छ ? आरटी-पीसीआर मेसिन भए अहिले त्यले कति दिनमा कति टेस्ट गरिरहेको छ ? अनि ती मेसिनहरू कति हामीलाई चाहिने हुन् ? कति वटा चाहिने हो ? भीटीएम भन्ने पदार्थ हामीसँग छ कि छैन ? यति हामीसँग छन् यति चाहिँ स्वास्थ्यकर्मीहरू हामीलाई पुगेका छैनन्, हामीले त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। अनि क्वारेन्टाइनमा बसेका अहिले भन्ने आएको छ। २२ हजारलाई चेक गर्न सकिन्छ कि सकिन्न समयभित्रमा। हामीले सुन्ने गरेका छौं, देख्ने गरेका छौं, ७ सय/८ सय स्वाब संकलन गरेर राखिएका छन् ती टेस्टिङ्गमा गएका छैनन्, त्यो अवस्थालाई यति यति चाहिनेछ यो भएको छ भन्ने हामीले सुन्न चाहेका थियौं सभामुख महोदय, अनि हामीलाई चाहिने आइसीयू बेड अब कति हुन् ? यति संख्यामा हामीले आइसीयू बेड चाहिने भएको छ भन्ने हामीले सुन्न चाहेका थियौं। २० वटा आइसीयू बेड छन् अब त्यसपछि कति चाहिन्छ भनेर हामीले त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। यो डब्लुएचओले भनिसक्यो नेपाल पहिलो स्टेजमा प्रवेश गर्यो। अब यो भयावह ढंगले जाँदैछ भनिसकेपछि भेन्टिलेटर कति चाहिन्छ त ? यति वटा भेन्टिलेटर चाहिने छन्। हामीलाई यति वटा भेन्टिलेटरको आवश्यकता पर्नेछ भनेर हामीले सुन्न चाहेका थियौं सभामुख महोदय। व्यवस्थित क्वारेन्टाइन बनाउन रकम कति चाहिन्छ ? अब यो क्वारेन्टिनको बारेमा कहिले गोठका कुराहरू आकाछन्, कहिले पालका कुराहरू आकाछन्। यो बनाउनको लागि कति रकम चाहिने हो र प्रदेश संसद्ले चाहिँ यो कुराहरू कति पुऱ्यायइदिनु भन्ने हामीले त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। फ्रन्टलाइनमै हिंड्ने हेल्थ-वर्करहरू सेकुरिटीलाई प्रोत्साहन भत्ताको लागि रकम कति चाहिन्छ ? भन्ने कुरा हामीले सुन्न चाहेका थियौं किनकि अहिले सुरक्षाको कमी भइरहेको छ। यहाँ चाहिँ स्वास्थ्यकर्मीहरूको त्यो कमी भइरहेको छ। यति यति जना रैछ अब, अब हामीलाई चाहिने यति छ, त्यो हामीले सुन्न चाहेका थियौं सभामुख महोदय। अनि प्रदेशभरिमा आइसोलेसन बेडको संख्या कति चाहिन्छ ? अहिले भएकोमा कति वटा छन् ? एक दुई वटा दुईचार सय कतिका कुरा आका छन्, यति अब हामीलाई चाहिने छ, यो यो चाहिनेछ भनी हामीले त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। पीपीई सेट, सेनिटाइजर, सोप, मास्क, ह्याण्ड ह्याण्डग्लोव आदि इत्यादि कुराहरू यति हजार थानले चाहिँ अब हामीलाई चाहिने छ किनकि हामीले कल्पना गरेको संख्याभन्दा यो बढी आउँदैछ भनेको कुरा हामीले सुन्न चाहेका थियौं सभामुख महोदय। अनि यो प्रदेश सरकारले नेपाल सरकारलाई चाहिँ सपोर्ट गर्न चाहिँ कति रिसोर्स चाहिन्छ। अब हिजो दिएको रिसोर्स पुगेन यी-यी रिसोर्सहरू हामीलाई चाहिने भएको छ, यसको लागि चाहि म यो सदनमा यी कुराहरू राख्न चाहन्छु भनेर हामीले त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। महामारीले गर्दा अरु दीर्घरोगीहरूको अवस्था के छ ? सुत्केरीहरूको अवस्था के छ ? बालबच्चाहरूको अवस्था के छ ? किनकि महामारी महामारी भनेर अहिले त यो कोरुना, मैले त अब कोरोना भन्न छोडिसकें सभामुख महोदय को रुना भयो को-रुने, को-

रुने ? अब हाम्रो त यो के को रुने होइन कि सब रुने भइसकेको छ। त्यसको लागि के भएको छ ? ओपीडी हामीले खोल्न सकेका छ कि छैनौं ? ओपिडीको लागि हामीले डक्टर दिन सकेका छौं कि छैनौं ती कुरा हामीले सुन्न चाहेका थियौं सभामुख महोदय। हामीले अस्ति यो कालागाउँको हस्पिटलमा बस्दाबस्दै यो कोभिड-१९ को विषयमा छलफल हुँदाहुँदै एक जना भाइ युवा भाइ कहाँको हुनुहुन्छ मलाई थाहा छैन आएर भन्नुभो तपाईँहरू के को मिडिङ्ग गर्दै हुनुहुन्छ ? आज एउटा बिरामी त्यहाँ मर्न लागेको छ, त्यो ओपीडीमा कोही मान्छे डक्टर जान चाहँदैनन् तपाईँहरू यहाँ वार्ता गफ गरेर बस्ने ? भनेका तिनका पीडाहरू हामीले कानमा गुञ्जिएका छन् सभामुख महोदय। हामीले यी कुरा उठाएका थिएनौं र त्यो कुरामा ओपिडिमा यो अवस्था हुँदैछ। त्यहाँका डक्टरहरू यति छन् ती कुराहरू हामीले यहाँ सुन्न चाहेका थियौं सभामुख महोदय। त्यलाई सहज ढंगले अगाडि कसरी बढाउन सकिन्छ ? त्यसको उपायहरू के हुन सक्छ ? यो सम्मानित सदनले मलाई चाहिँ त्यसको चाहिँ आवश्यकता पूरा गरिदियोस् भनेर ती कुरा सुनाउन् भन्ने हामीले चाहेका थियौं सभामुख महोदय। अनि जिल्ला अस्पतालमा पैसा पठाइएको छ रे। त्यो पैसा के मा खर्च भयो ? डक्टरहरूको लागि भयो अथवा जिल्ला अस्पतालका तिनीहरूलाई बाँडिचुँडी खानका लागि भयो। काहीँ २५ लाख दिएको छ, काहीँ २४ लाख दिएको छ, काहीँ ३० लाख दिएको छ। तिनको रिपोर्टचाहिँ यो किसिमले आएको छ भनेर हामीले त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। अनि हालसम्म डोनरबाट के के स्वास्थ्य सामग्री र नगद प्राप्त भयो ? कुन कुन डोनरले के-के सामानहरू हामीलाई दिएको छ र कुन कुन डोनरले हाम्रो चाहिँ यो कोषमा पैसा दिएको छ ? त्यो सुन्न चाहेका थियौं सभामुख महोदय। तर हामीले त्यो सुन्न पाएनौं। अनि भन्ने गरियो सभामुख महोदय, हाउ हातपाउ जोडी सष्टाङ्ग दण्डवत् गरी ल्याएका आरटीपीसीआर मेसिन डोनेसन हुन् कि सभामुख महोदय, सवसिडीमा आएका हुन् कि किनिएका हुन् कि ती के हुन् ? किनकि यहाँ सुनियो यहाँ एकदम सास्टाङ्ग दण्डवत गरेर ती सामानहरू ल्याएका टीयूकोबाट दियो ती के दिएको ? डोनेसन हो अथवा हुन सक्छ अहिले त के देखङमा आयो भने ती पुराना चीजहरू भएकोले आएको हुनाले कतै त्यले राम्रो रिपोर्ट नदिइरहेको हो कि भन्ने कुरामा चाहिँ हामीलाई शंका लाग्न थालेको छ सभामुख महोदय। अनि हालसम्म पोजेटिभ भारतबाट आएका, आएकामा देखिएको हामीले सुनिरहेका छौं। र स्थानीय, स्थानीयमा कति जनामा सरेको छ या सरेको छैन ? भारतबाट आएकामा मात्रै त्यो भएको छ र स्थानीयमा यति जनालाई सरेको छ अथवा सरेको छैन। त्यो कुरा हामीले सुन्न चाहेका थियौं तर त्यो कुरा पनि आएन सभामुख महोदय। हातपाउ जोड्न सरकारमा सरकार सिपालु छ किन, भनियो हातपाउ जोड्न सरकारहरू सिपालु भएको हुँदा कतै कुनै विदेशीहरूसँग पनि हातपाउ जोडियो कि जोडिएन ? जोडिएको भए केही प्राप्त हुन्थ्यो होला, भयो कि भएन ? मैले देखेथ गरेको छु, १ नम्बरले चाहिँ हिजो तिब्बत सरकारले धेरै सामानहरू दियो भन्ने कुरा थियो।

हाम्रो सरकार त बेलाबेलामा चीनको भ्रमण पनि गर्ने गर्थ्यो। हाम्रो सरकार त बेलाबेलामा चीनका टेक्निसियनहरू ल्याएर भएनि त्यताबाट केही आयो कि अथवा हामीले

पहल गर्न सक्यौ कि सकेनौं ? त्यो भन्ने कुराहरू पनि हामीले सोच्नुपर्थ्यो। हामीले यी-यी कुराहरू सुन्न चाहेका थियौं। न कि यहाँ आएर कुनै मन्त्री आएर, आवेषमा आएर अब भोलि हामी, हामी पनि मन्त्रीबाट हटेपछि धेरै बोल्दैछौं भन्ने, के यही हो शिष्टता ? मन्त्री हुनको लागि त्यति सजिलो छैन। त्यसकारणले मन्त्रीबाट हटेका दिनदेखि अरु माननीयहरूले पनि बोल्ने, त्यो किनभने त्यो परम्परा, त्यो चेतना नभइसकेपछि एउटा पँधेरीमा गएर चाहिँ बोल्ने भाषाहरू मन्त्रीका हुन्छन् कि हुँदैनन् ? त्यले गर्दाखेरि सरकार प्रमुखले पनि ध्यान दिनुपर्ने कुरा के छ भने सभामुख महोदय, यस्ता मन्त्रीहरूले चाहिँ यो प्रदेशको चाहिँ इज्जत राख्छ कि राख्दैन ? यी कुराहरूलाई हामीले ध्यान। अनि एउटा कुरा सभामुख महोदय, म यहाँ भन्न चाहन्छु, सभामुख महोदयमार्फत म चाहिँ सरकारलाई पनि भन्न चाहन्छु र सिंगो संसद्लाई पनि म भन्न चाहन्छु कि एउटा सरकारको मन्त्रीले यहाँ आएर चाहिँ हामीलाई सदन, सदनलाई झूठो विवरण दिएको छ। हिजो माननीय सांसदज्यूहरूले धेरैले के भन्नुभयो भने यस्तो बेलामा पनि स्कूल खोल्न मिल्छ, यस्तोबेलामा पनि यार्सागुम्बा खुल्न मिल्छ भन्ने कुराहरूको जवाफमा के आएको छ भने होइन यो कुरा त पहिल्यै भएको थियो अहिले हामीले गरेको छैन। तर मरो, मेरो नलेजमा आएको चाहिँ के हो भने सभामुख महोदय १८ गतेको क्याविनेटमा स्कूल खोल्ने, यार्सा खोल्नको लागि सिफारिस गरिएको छ, १८ गतेको। त्यो निर्णय सार्वजनिक चाहिँ हिजो १९ गते भएको छ अनि हिजो सोधेको प्रश्नमा चाहिँ गुम्राहमा राख्ने गरी पहिलेका कुरा हुन भनी ठाडठाडै झूठो बोलिएको छ, झूठो बोल्ने मान्छेलाई सरकारमा बस्ने नैतिकता हुन्छ कि हुँदैन ? र झूठो बोल्नेलाई सरकार प्रमुखले चाहिँ कारबाही गर्नु पर्छ कि पर्दैन किनकि अब कुनै कुराको पनि विश्वास रहेन सरकारप्रति चाहिँ यो सदनको सम्माननीय सभामुख महोदय। र यी-यी कुराहरू आउनुपर्थ्यो हामीले चाहेका त्यही थियौं, आउने कुरा यो छ, रिसोर्सको कुरा यो छ, हामीले प्राप्त हुनुपर्ने चीजहरू यी हुन् भनेर ती आउनुपर्नेमा त्यो नभएर एउटा आएर एकदम उच्छृङ्खल भाषा गरेर मैले त अझ त्यति पनि गरिन सभामुख महोदय, मैले नियमापत्ति गर्नुपर्ने थियो किनकि हाम्रो २५ नम्बरले नियमापत्ति जनाउँछ र त्योभन्दा अगाडि काम-कारबाही चल्दाखेरि कुनै व्यक्तिलाई आक्षेप लगाउने गरी कुनै व्यक्तिको मान मर्यामर्दन गर्ने गरी बोल्न पाइन्न भनेको छ।

यो कुरा हामीले राखेछौं मन्त्रीहरूले त पाउँदै पाइन्न, त्यसै कारणले त मन्त्री भए सबैको सहनका लागि मन्त्री भएका हुन् सभामुख महोदय। हिजो पूर्व प्रधानमन्त्री प्रचण्डले कति गाली पाउनुहुन्थ्यो, पूर्व प्रधानमन्त्री शेरबहादुरले कति गाली पाउनुहुन्थ्यो, पूर्व प्रधानमन्त्री बाबुरामले कति गाली पाउनुहुन्थ्यो। माधवकुमार नेपालले कति गाली पाउनुहुन्थ्यो, अरुले कति गाली किन मन्त्री हुँदा प्रधानमन्त्री हुँदा। आज एउटा बिरामी हुँदाहुँदै पनि अहिलेको बहालवाला प्रधानमन्त्रीले कति गाली खाएको हुनुहुन्छ। त्यसकारणले एउटा हैसियत के हो भन्ने कुरा पनि हिजो मलाई लाग्यो। फरि पनि कर्णाली हाइटको कुरा यहाँ देखिएको छ। यो हाइटले चाहिँ कसैको हाइट बढाउनेवाला छैन। त्यसकारणले यी-यी कुराहरू आउनको लागि चाहन्छौं। फेरि पनि भन्न चाहन्छु, आज अब २ सय ६३ भैसक्यो। सभामुख महोदय, म

सरकारलाई भन्न चाहन्छु बेलकासम्म यो पक्कै पनि ३ सय क्रस गर्छ जस्तो लाग्छ। आज प्रत्येक दिनमा चाहिँ ३० जनाको हैसियतले चाहिँ यो संख्याले बढिरहेको अवस्था छ। त्यसकारण अहिले आइरहेका छन् पीसीआर मेसिनहरू कति चाहिने हुन् किनकि यो ढंगले जुन २२ हजार राखेका मान्छेहरूले पनि दिनमा हिजो सुन्नमा आकोछ ४४-४५ जनाभन्दा बढीको टेस्टिङ्ग हुँदैन भने महिनौं दिनपछि हुने अवस्था आयो। यो भयावह अवस्थालाई अगाडि बढाउनको लागि र म आज यो विशेष समय लिएको हुँ। र यो विशेष समय लिएका गरेका कुराहरू कुनै आज भन्ने गरिएको छ सायद मलाई आज पनि गर्व छ म जुन दिन यो सदनमा उभिएको थिएँ र मैले र एकजना माननीयज्यूले त्यो नेताले भन्नुभएको थियो यहाँको हाम्रो शत्रु भनेको भोक हो, हाम्रो शत्रु भनेको रोग हो, हाम्रो शत्रु हाम्रो अझ केन्द्रीय सरकार संघीय सरकार हाम्रो संरचना हामी एक हौं भनेका थियौं। आजसम्म नहुने कुराहरू हामीले कहिल्यै बोलेनौं। हाम्रो बोलीले सरकार सुधारात्मक रूपमा जाओस् हाम्रो बोलीले सरकारको इज्जत रहोस् भनेर हामीले बोल्दाबोल्दै पनि एउटा, एउटा तल्लोस्तरको, एउटा हीनताबोधको एउटा यस्तो खालको परिवेश जुन सिर्जना गरिएको छ, त्यसले गर्दाखेरि सदनको मर्यादा त घटेको छ-छ, स्वयम् सरकारलाई चाहिँ बाहिर मुख देखाउने ठाउँ छैन। त्यो कुराको लागि पनि म आग्रह गर्न चाहन्छु र म भन्न चाहन्छु यस्ता चाहिँ अब मलाई कहाँसम्म पनि लाग्छ भने सायद यी त्यति सजिलैसँग आमाका कसम खानेहरूले भोलि केही झूठो बोले पनि आमाको कसम नखालान भन्न सकिदैन। यस्तो खालले यो सरकार चल्न सक्दैन, यो सदनले सधैं सही सहयोग गरिरहन सक्ने अवस्था हुन सक्दैन। फेरि पनि म अन्तिममा भन्न चाहन्छु, कोभिड-१९ को जुन छ, यो महामारी बढ्दैछ अब कति हजार तपाईँहरूको अहिले पनि डाटाहरू गलत भइरहेका छन्। २५-३० हजार होइन, डेढ लाखभन्दा कममा भारतबाट आउनेवाला छैनन्। यसको व्यवस्थापन कसरी गर्ने हो। तपाईँहरू बस्नुस् सांसदहरूको सल्लाह लिनुहोस्। यलाई गरेर जानुस् र अर्को विनम्र अनुरोध गर्न चाहन्छु, सरकार भनेको दूरदृष्टी बोकेको हुनुपर्छ। सरकारले निर्णय नगर्नुस् गरिसकेपछि अर्को दिन काम नलाग्ने निर्णय नगर्नुहोस्। यस्ता चाहिँ सुझावहरू लिने पनि गरौं। यहाँ त के देखियो भने सायद सरकार प्रमुखले एकपटक भन्नुभएको थियो, त्यही नै लागू भएको हो कि भन्ने पनि लाग्छ सभामुख महोदय। एउटा भ्यागुत्तो रहेछ कान नसुन्ने अरु भ्यागुत्ता कान सुन्ने रहेछन् र गाली गरेर सबै झरे, कान नसुन्ने भ्यागुत्तो रुख चढ्यो। भन्याजस्तै त्यस्तै रुख चढ्न खोजिएको हो भने मैले भन्नु केही पनि छैन। होइन भने मेरो यो सुझाव आज मैले लाग्छ यी जिन्यून कुराहरू तपाईँहरूले हेर्नुभयो भने हरेक बुँदा बुँदाहरूमा यी कुराहरू कुन चाहिँ आए कुन चाहिँ आएनन्, त्यो बुझ्नुहोस्, यो गर्नुहोस्। अब ६ करोड दिऔं त्यहाँबाट भयो यस्तो भयो। अब अर्को कुरा चाहिँ अहिले मैले फेरि एउटा दोहोर्याउन चाहें जुन कुनै पनि सरकारी काम गर्दा हचुवाको तालमा फोन गरेर तिमीले भोलि सस्तो गर्नु है भनेर चाहिँ यो सरकारी कामकाज जाँदैन, त्यले गर्दाखेरि भोलि ठूलो धोका हुन्छ र हामी चाहन्छौं, यहाँ कति जनालाई कति खर्च भएको छ र अब अपुग कति हो ? त्यसकारण मैले यो कुरा किन अहिले दोहोर्‍ए र आज मैले यो बोल्ने

मौका लिएको छु भने पछि हामीले बजेट ल्याउँदैछौं बजेट ल्याउँदाखेरि त्यही ढंगले सा सभासदज्यूहरूले पनि बोलिसकेपछि त्यही ढंगले त्यो बजेट प्रस्तुत हुन्छ भन्ने कुरामा मैले विश्वास राखेको छु। यी कुराहरूलाई गुम्राह राख्नुभयो भने फेरि पोहोरसालकै जस्तो बजेटको पनि हविगत त्यस्तै हुनसक्छ भन्ने कुरा राख्दै मलाई जुन बोल्ने मौका दिनुभयो, त्यसको लागि हार्दिक हार्दिक धन्यवाद दिंदै विदा हुन्छु। धन्यवाद। जय नेपाल।।

**माननीय सभामुखः** माननीय श्री पदमबहादुर रोकाया, समय ५ मिनेट।

**माननीय श्री पदमबहादुर रोकायाः** माननीय सभामुख महोदय आज कर्णाली प्रदेशमा विश्वमा मात्र नभएर यो हाम्रो प्रदेशमा भयावह स्थिति आउँदैछ। सबै ठाउँमा यस्तै हो हामीले समयमै सोच पुऱ्याएनौं, हुन त के थाहा ? यो विश्व महामारी कोरोना भाइरस पहिलो पटक हामी जन्मेदेखि अहिले थाहा पायौं हामीले। सरकारले पनि त्यही होला, यही विषयमा सरकारका मन्त्रीहरू कोरोना भाइरसको विषयमा स्नातक, डिग्री, पीएचडी गर्या भैदिएको भएले उहाँलाई हामी तपाइँ यो विषयमा मन्त्री हुनुभयो के भन्नु भयो ? भन्थ्यौं हामी। उहाँलाई पनि के थाहा ? हामीजस्तै माननीय हुन् उहाँ। त्यसैकारणले जुम्लामा पनि हिजोमात्रै १९ जना पोजेटिभ देखिए, त्यसमध्ये २ जना सुरक्षाकर्मी पनि जुम्लाको प्राविधिक कार्यालय केटीएसमा राखिएका क्वारेन्टाइनमा उनीहरू देखिएका हुन्। अहिले त्यहाँका जो पोजेटिभ देखिएका मानिसहरूले भनेका छन् हामीला आइसोलियसनमा राख्नु पर्यो हामीले उपचार गर्नुपर्यो, होइन भने हामी बजारमा पस्छौं, त्यतिसम्म भनेका छन् उनले, आन्दोलन गर्छौं भनेका छन् उनीहरूले। त्यसैकारणले अब त्यो आइसोलेसनमा राख्या छैन उनीहरूलाई। अहिले पोजेटिभ र नेगेटिभ एकै ठाउँमा राखिएको छ जुम्लामा, केटीएसमा। अनि गाउँबाट चेक गर्ने भनेर ल्याउने अनि रोग सल्काउन आएजस्तो भएको छ त्यहाँ। गाउँ-गाउँबाट आएर त्यहाँ रोग सल्काए जस्तो भइरहेछ त्यहाँ। त्यसकारणले क्वारेन्टाइन गाउँ गाउँपालिकामा रहनुपर्दछ, सुरक्षित हुन्छन् उनीहरू। स्थानीय तहमा अब भवनहरू छन् स्कूलहरू छन्। त्यसैकारणले प्रत्येक गाउँपालिकामा क्वारेन्टाइन गाउँपालिकामा राख्नु पर्दछ। अनि एकै ठाउँमा राख्दाखेरिमा नेगेटिभ र पोजेटिभ एकै ठाउँमा देखिन्छ।

गाउँबाट ल्याएर रोग सल्काउन आएजस्तो भए, गाउँबाट मान्छेहरू ल्याउने, बजारमा ल्याउने रोग सल्काएर पठाउने त्यो भइराछ। त्यसैकारणले अब स्वास्थ्यकर्मीले पनि गाउँमै गएर चेक गर्नुपर्यो, अहिले जुम्लामा पनि धेरै देखिसकिएको छ। त्यसैकारणले यो कर्णाली प्रदेशमै अब कोही जिल्ला, कोही गाउँ, कोही ठाउँ खाली हुनेवाला छैन। हामी समयमै सचेत होऔं। यो विषयमा अहिले कर्णाली प्रदेशको सबै माननीयले भनिसकेका छौं हामीले। बरु सबै रकम, सबै पैसा यही कोरोना भाइरसमा खर्च गरौं। खर्च पैसा जस्तो मात्र गरेर मात्रै भएन, समयमै व्यवस्थापन हुनुपर्यो। जब हामीले पहिलै हामीले जुन ठाउँमा छौं, त्यही स्थानमा बसौं। यहाँ नल्याऔं, ल्याउन खोजेनौं हामीले। इण्डियाबाट समयमै हामीले ल्याइदिएको भइदियाले इण्डिया त्यति सङ्क्रउमित थिएन। धेरै ठाउँमा इण्डियामा यो सङ्क्रमित थियो न।

सबै मान्छे सङ्क्रमित नभएर आउँथिए। जब इण्डियामा भयावह स्थिति प्रत्येक ठाउँमा भयो, (**माननीय सभामुख:** मोबाइल प्रयोग नगरौं माननीय सदस्य) तब हामी नेपाली नेपालका मान्छेहरू यता ओसारपसार गर्यौं, अनि इण्डियाबाट आउने मान्छेहरू सबै सङ्क्रमित छन्। त्यसैकारणले यहाँ पनि सुर्खेतमा मान्छे यहाँ क्वारेन्टाइनमा बसेका छन्, १४-१५ दिन भइसक्यो। उनीहरू चेक भइसक्याछ, उनीहरू पठाउने कसरी पठाउने हामीले ? उनीहरू फोन गरेका छन् हामीलाई। अब हामीले चेक भइसक्यो हामी यहाँबाट हाम्रो नेगेटिभ आयो हामी जाने कसरी ? हाम्रो सिफारिस गर्दिनपर्यौं भन्ने कुरो आयो छ। हामीले सिडियोसापलाई फोन गर्दा सिडियोसाप त फोनै उठाउनुहुन्न। अहिलेको सिडियो साप त अहिले हाम्रा सरकारभन्दा माथि हुनुहुन्छ सिडियोसाप अहिले, फोनै नउठाउने सिडियोसाप। भन्नुपर्योह उहाँले अब क्वारेन्टाइनमा बसिसकेपछि उनीहरू नेगेटिभ आइसकेपछि अनि उनीहरू त पठाउनुपर्यो घर। घरमा नपठाउने ? भनेपछि यस्ता कुराहरू इण्डियाबाट आएका मान्छेहरू पनि आएको मान्छे र सङ्क्रमित मान्छे र पोजेटिभ नेगेटिभ सँगै यहाँबाट गएका छन्। एक जना मान्छे रोग छ भने अरु मान्छे पनि सँगै जाँदाखेरिमा त त्यो रोग सबैसँग सल्कन्छ। त्यसैकारणले हामीहरूले यो व्यवस्थापन गर्नुपर्दछ। हाम्रो कर्णाली प्रदेश सरकारले अहिले यो धेरै भयावह स्थिति आइसक्यो हामी सबै सचेत हुनुपर्यो। हामीले हामी माननीयलाई पनि भोलि नहोला भन्न सकिदैन। हामी यहिँ सधै यही हाउसमा बसेका छैनौं। अब हामी कोठामा जान्छौं, कोठामा हाम्रा मान्छे को छन त्यहाँ घर घरपटी कस्ता छन् ? हाम्रा मान्छे कस्ता छन् ? कहाँ भेटेका छन् ? कहाँ गएका छन् ? त्यसैकारणले हामीलाई पनि नहोला भन्न सकिने छैन। हामीले समयमै आफू पनि सचेत होऔं अरुलाई पनि सचेत रहौं। धन्यवाद।

**माननीय सभामुख:** अब माननीय श्री हिमबहादुर शाही, यसपछि माननीय अम्मरबहादुर थापा तयार रहनुहोला।

**माननीय श्री हिमबहादुर शाही:** माननीय सभामुख महोदय, मानव जीवनकै अजात परम शत्रु कोभिड-19 कोरोना भाइरसले आज विश्व मानवलाई नै एक ठूलो पीडाको खाल्डोमा दलदलमा लगिरहेको छ। यसैको सिलसिलामा हाम्रो देश र हाम्रो कर्णाली प्रदेश पनि अछुतो रहन सकेन। आज कर्णाली प्रदेशको विधिको शासन विभिन्न संघसंस्था हाम्रो राजनीतिक, आर्थिक, सामाजिक आधारभूत मूल्य र मान्यतालाई आज कोभिड-19 अथवा कोरोना भाइरसले ठूलो चुनौती दिइरहेछ। यस चुनौतीको अवसरमा जनताको अगुवा, जनताको अभिभावक आज भाषणमा महाभारत युद्धको भीष्म पितामह गाण्डीव धनु बोकेको अर्जुन हुँ भन्ने अर्जुनदृष्टि राख्ने दुई तिहाइको सरकार हामले देख्यौं कोरोना कर्णाली प्रदेशको कोरोना भाइरसबाट हायलकायल भइसकेको छ। उले आँसु चुहाउन मात्र बाँकी छ। कोरोना भाइरससँग लड्न सक्ने कुनै किसिमको रणकौशल, कुनै किसिमको कला, कुनै किसिमको साहस देखाउन सकेको छैन। आज कर्णाली प्रदेशका जनता चाहन्छन्, कोरोना भाइरससँग युद्ध गरेर कोरोना भाइरसबाट मुक्ति लिनको निमित्त ठूलो साहस भएको ठूला रणकौशल भएको ठूलो दक्ष भएको

भीष्म पितामहको संकल्प प्रतिज्ञाजस्तो प्रतिज्ञा गरेको सरकार अगाडि आओस् भनेर देख्न चाहन्छन्। त्यो गर्न सक्ने कर्णाली प्रदेश सरकारसँग दक्ष र क्षमता छ कि छैन ? हामी चाहन्छौं कर्णाली प्रदेश सरकार ठूलो साहस देखाएर अगाडि आवस् कुन किसिमको सहयोग गर्नुपर्छ कुन किसिमको सुझाव दिनुपर्छ हामी तयार छौं। हैन भने खास गरेर शब्दले मुखले प्रतिकार गरेर अनायस बढाइचढाइँ शाब्दिक बढाइचढाइँ गरेर यो शत्रु पराजय हुन सक्दैन। यो शत्रुलाई पराजय गर्ने खास बटमलाई सरकारको के हो ? खास बटमलाइन, स्पष्ट बटम लाइन के हो ? ठोस रूपमा यो कर्णाली प्रदेश सभाको माझमा अगाडि ल्याउन सक्नु पर्दछ। हामीले देख्यौं, हिजो सुनियो हामीले, हामीले यति पैसा यहाँ पठायौं, यति पैसा यहाँ पठायौं, यति पैसा यहाँ पठायौं। त्यो पैसा कहाँ गएको छ ? त्यो पैसा के भइरहेको छ ? हामीलाई पनि थाहा भइसकेको छ। कुनै व्यक्तिको निहित स्वार्थमा व्यक्तिगत लाभमा दुरूपयोग भइराखेको कुरा पनि हामीलाई थाहा भो। आज सरकारसँग सेना होला, पुलिस होला, सामाजिक संघसंस्था होलान्, ठेकादारलाई अथवा व्यक्तिलाई आज चाहिँ त्यो न केरे आइसोलेसन कक्षहरू बनाउन कसरी कुन नियतले सरकारले दिन सक्छ ? कुन नियतले सरकारले त्यलाई स्वीकार गर्न सक्छ ? यस्तो किसिमको गैरजिम्मेवारी काम भएको हामीले थाहा पाइसकेका छौं। यसैले म कर्णाली प्रदेश सरकारलाई आग्रह गर्दछु दैलेख जिल्लाको अस्ति मैले ८ गतेको ८ बजे भनेको थिएँ केरे १८ गतेको ८ बजे भनेको थिएँ, ९ हजार ७ सय १८ जना क्वारेन्टाइनमा छन्, ९८ जना आइसोलेसनमा छन् १ जनाको मृत्यु भएको छ भन्याथिएँ मैले। आज करिब करिब १३ हजार मानिस पुगिसकेका छन्। चामुण्डाविन्द्रासैन नगरपालिकाको क्याम्पसमा राखेको क्वारेन्टाइनमा एक जना युवा पोजेटिभ देखिएको छ। अहिलेसम्म त्यो पोजेटिभ व्यक्तिलाई अर्को ठाउँमा लैजाने कुरो भएको छैन। त्रिभुवन माध्यमिक विद्यालयबाट मान्छे भाग क्वारेन्टाइनबाट मान्छे भागिरहेका छन्, पुलिस रातिराति दौडिरहेको छ। नाराजुलुस भइरहेको छ, त्यो केरे झुप्रेसालको क्वारेन्टाइन केरे आइसोलेसनमा तातो पानी खानेसम्म व्यवस्था छैन भने यस्तो हायलकायल भएर सरकारले पुच्छर लुकाउने काम नगरौं, मुख्यमन्त्रीज्यू आग्रह गर्दछु और मन्त्रीजीहरू हुनुहुन्छ तपाईँहरू साहस देखाएर अगाडि आउनुस्, कला देखाएर आउनुहोस्, क्षमता देखाएर आउनुहोस् जनताको आज यस्तो विजोग, जनतालाई आज एउटै खाल्डोमा पुर्ने कर्णाली प्रदेश सरकार जसका जनताले एउटै खाल्डोमा पुर्ने यस्तो काम नगरौं तर म त आज दुःखी छु, कर्णाली प्रदेशको सुरुमा पहिलो चरणमा सभा हुँदाखेरिमा प्रतिपक्षरहित भएर कर्णाली प्रदेशलाई सुखी कर्नाली सुखारी कर्नाली बनाउँछौं भन्ने शब्द सबैको जिब्रोको छेउछेउमा आएर सबैको ओठओठबाट बाहिर आएको हो तर त्यसमा हामी पनि सहमत भयौं, ठूलो भूल गरेछौं। प्रतिपक्षरहित हैन प्रतिपक्ष अलग हो भनेर हामीले त्यतिबेलै भन्नुपर्ने रहेछ। प्रतिपक्ष सरकारको साथमा छैन भनेर हामीले भन्न सक्नुपर्ने रैछ। आज यसले हामीलाई बिजाइसकेको छ। यसैले भोलिका दिनमा दैलेख जिल्लावासीले तीनलाख जनसंख्या भएको दैलेख जिल्लावासीले कुनै पनि विकल्पको बाटो रोज्यो भने त्यसको जवाफदेहिता

कर्णाली प्रदेश सरकार हुनेछ भन्ने कुरा राख्दै म अहिले विदा हुन्छु। धन्यवाद। जय नेपाल ।

**माननीय सभामुख:** माननीय श्री अम्मरबहादुर थापा, यसपछि माननीय श्री बदमी क्वाँरी बोहोरा तयार रहनुहोला।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, वास्तवमै कोभिड-19 संक्रमणले दैलेख जिल्ला कर्णाली प्रदेशकै सबैभन्दा बढी सङ्क्रमित भएको छ र दैलेख जिल्लालाई हेर्ने दृष्टिकोण सरकारले राम्रो बनाएको छैन भन्ने दैलेखी जनताको भनाइ छ। जस्तै दैलेख जिल्लामा अस्ति ८ गतेको सरकारी डाटा करिब ७ अ, ६ हजार ७ सय ३१ जनाको क्वारेन्टाइनमा बस्ने डाटा थियो तर त्यो डाटा पनि गुराँसमा चाइने सीमानामा लिएको डाटा र क्वारेन्टाइनमै बस्ने त्यतिबेला पनि यो डाटा कम अ गलत छ भन्ने भनाइ छ र आज १० हजार ८ सय क्वारेन्टाइनमा छन्। कति पा कुन पालिकामा कति छन् भन्ने पनि डाटा छ। त्यसोभाहुनाले अब त्यो क्वारेन्टाइनमा बस्ने यी १० हजार मान्छे सबै सङ्क्रमित हुने सम्भावना धेरै बढेको छ। अहिले त्यहाँ जुन किसिमको पिसीआर र जाँच गर्ने कुरा हो त्यो पिसिआर जाँच गरेर पोजेटिभ देखिएका मान्छेहरू त्यही क्वारेन्टाइनमा छन्, तिनलाई छुट्याउन सकिएको छैन। त्यसैले पटक-पटक सरकारलाई अनुरोध गरियो, कर्णाली प्रदेश अस्पताल कोरोना अस्पताल भनेर राखियो तर त्यहाँ हामीलाई समस्या भो, त्यहाँ समस्या हुँदा एक जना मान्छे पनि हाम्रो दैलेखबाट ल्याउने हिजो एक जना हुँदा त्यहाँ दैलेखमै राख्नुस् भन्दा जाइने यहाँ सुर्खेतमा नल्याई नहुने भन्ने भो। आज त्यहाँ संकट पर्यो, त्यहाँ जाइने आइसोलेसन बेड छैन, त्यो वातावरण सिर्जना गर्न पर्छ भनेर भन्दा कर्णाली प्रदेश अस्पतालमा ३ सय बेड तयार छन् भन्ने छ तर दैलेखका ३६ जना मान्छेलाई मात्रै ल्याइदिनुस्। ४० जना मान्छे नारायण क्याम्पसमा ४० जनाको स्वाब टेस्ट गर्दा ३४ जना मान्छे सङ्क्रमित देखिए, ती ३४ जना र दुल्लुको १ जना महिला जो सुत्केरी हुन गएको महिलालाई पनि सङ्क्रमण भएकोले ती ३५ जना महिलाहरूलाई ३५ जनालाई ल्याएर जाइने कर्णाली प्रदेश व्यवस्थापन गरिदिनुस् बाँकी आइसोलेसन व्यवस्थापन गर्छौं भन्दा कर्णाली प्रदेश सरकारले सुनेन र सरकारले भन्यो डाक्टरलाई कुरा गर, डाक्टरलाई भन्दा यो आइसोलेसन राख्नेछ ठाउँ होइन। यो आइसोलेसन भनेको त उपचार गर्ने ठाउँ हो यहाँ बिरामी सिरियस छन् भनेपछि मात्र ल्याइन्छ तर पोजेटिभ देखिएकाहरूलाई राखिदैन भन्ने भयो। त्यसकारणले सरकारले आफ्नो कमाण्ड गर्न पर्यो भन्ने छ मेरो। सरकारको कमाण्ड भएन, सरकारको भनेको नसुन्ने मान्छेले अहिले त्यो किसिमको कर्णाली प्रदेशलाई समस्याग्रस्त बनाउने प्रवृत्तिबाट अन्त कसरी हुन सक्छ कर्णाली प्रदेशको सरकारले आफ्नो कमाण्डलाई फुत्काउने काम गरिरहेको छ भन्ने लाग्छ। कमाण्डमा राख्ना पर्यो। त्यसैले ती सङ्क्रमितहरूलाई अहिले पनि मैले भने अहिले डाक्टरको भनाइ छ त्यहाँ २ सय १२ जना राखिएकामा २ सय १२ पोजेटिभ हुने सम्भावना छ। हिजो अस्ति नै सिल गर्यौं भन्दै हुनुहुन्थ्यो हिजो बिहानबाट त्यो नारायण क्याम्पस सिल गरिएको छ र नारायण

क्याम्पसका मान्छेहरूलाई ३४ जनालाई अन्यत्र सारेर बाँकी अरु सिल गरिएको अवस्था छ। त्यसकारण अहिले कर्णाली प्रदेशको अस्ति मात्रै हिजो मात्रैको डाटामा १ सय ९८ जनामा ९८ जना दैलेखमा मात्रै देखिए भने त्यो संवेदनशील ठाउँ हो कि होइन ? कर्णाली प्रदेशको सरकार संघीय सरकार हिजो जाइने एउटा सानो सामान्य कुरामा सटासट जाइने भ त्यहाँ जाइने मेनपावरहरू पठाउने आज त्यहाँ एउटा पनि मेनपावर छैन। दुई जना डाक्टरले त्यहाँ चलाइरहनुपर्ने अवस्था छ। त्यसकारणले पिसिआर जाँच भएका छन् जुम्ला पठाइएको छ नेपालगञ्ज पठाइएको छ। एकहप्ता परी एक हप्तापछि त्यो भिक्टिम निश्क्रिय हुन्छ रे एक हप्ता भइसक्यो त्यसको रिपोर्ट आउँदैन। त्यसकारण यतातिर ध्यान दिन पर्यो।

आइसोलेसन बेडहरू छैनन्, आइसोलेसन चाहि जाइने अस्पताल भनेर हामीले हिजो नारायण क्याम्पसलाई तोक्यौं तर त्यो सम्भवै भएन भनेर मैले बारबार यहाँबाट फोन गर्दा केही गर्दा उपाय लागेन अस्ति त्यसपछि जाइने हामी दैलेख जान पर्यो अब सिडियोले भन्यो हजुर पनि आउनै पर्यो यो बैठकमा आएर छलफल गरेर के गर्न पर्छ गर्न पर्यो माननीयज्यू भनेर बोलाइयो, त्यहाँ गइयो। त्यहाँ गइसकेपछि अहिले के गर्न सकिन्छ त भन्दा अहिले ५०/५० बेड दुल्लु र दैलेखको अस्पतालमा ५० बेडका अ आइसोलेसन बेडहरू तयार गर्ने भन्ने कुरामा निर्देशन अथवा सुझाव दिइयो, त्यो पैसाको व्यवस्था सकेसम्म प्रदेश सरकारले गर्छ। यदि सकिएन भने हामीले यदि आउँदो बजेटबाट पनि व्यवस्था गरेर आउँदो आर्थिक वर्षमा भुक्तानी हुने गरेर हामीले आइसोलेसन बेड बनाउनु पर्यो जनतालाई मार्ने कुरा गर्नु भएन भनेर दैलेखमा त सुरु भइसकेको छ (**माननीय सभामुख:** सकौं माननीय सदस्य) त्यसैले ५० शैयाको आइसोलेसन बेड १५ दिनभित्र तयार हुन्छ। सरकारले त्यस्ता काम गर्न किन सक्दैन ? म दावाका साथ भन्न चाहन्छु, १५ शैयाको हस्पिटल आजको १३ दिनभित्र पछि हाम्रो मुख्यमन्त्री जानुहुने हो कि स्वास्थ्यमन्त्री जानुहुने हो उद्घाटन हुन्छ। त्यसकारणले यसरी काम गर्न जाँदा दुल्लू र यो दैलेखमा गइयो र ती सबै कामहरू गरेर सामाजिक दुरीलाई काम गरेर माननीयहरू माननीय सदस्यहरू सामाजिक दुरी कायम गर्न जरुरी छ भनेर हामीले सामाजिक दुरी कायम गरेर त्यहाँ कार्यक्रमहरू गरेका थियौं (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य) आज मलाई, मलाई केरे नेपाल टेलिभिजनबाट निलम्बन सात दिन निलम्बन गरिएको समाचार सुनियो तर होइन होला। बाहिरिय सञ्चार माध्यममा कसरी जान सक्छ ? त्यसकारणले निलम्बन गर्ने काममा जाने काममा खटाउनुपर्ने मान्छेहरूलाई उल्टै त्यहाँको त्यो विरुद्धमा जाने हो भने यी कर्णाली प्रदेशको सरकारका मन्त्रीहरूलाई यहाँ प्रवेश किन दिएको छ ? हुम्ला गएर (**माननीय सभामुख:** सकौं सकौं माननीय सदस्य सकौं) त्यो कोरोना भाइरसमा अनि दैलेख गएर कोरोना भाइरसमा गएको उहाँहरूलाई नगर्ने अनि कोही रुकुम सलेनमा शवको जाइने केरे आर्यघाटमा गएर अँगालो हाल्नेहरूको त्यो कुराको प्रक्रिया नआउने दैलेखमा गएका दुईजना माननीयहरू काम गर्न गएका माननीयहरूलाई त्यसलाई सात दिनसम्म मलाई नसोधिकन के भएको छ ? दुरी कायम गर्नुभा छ कि छैन। हो वास्तवमा कहिँकेही (**माननीय सभामुख:** सकौं माननीय सदस्य सकौं आफ्नो भनाइ) भाको

छ भने अलि विशेष समय दिनुभयो सभामुखज्यू त्यो दोष भएको छ भने मैले आफै होशियार हुन जरुरी छ। १४ दिनसम्म आउन्न भनेर यो संसद्मा सभामुखलाई जानकारी दिनु मेरो दायित्वभित्र पर्छ। त्यो नसोधिकनै सात दिन सम्म आउन पाईँदैन भन्ने प्रक्रिया यो गलत हो कि होइन ? गलत। यो पूर्वाग्रही हो कि होइन। यो कले गरेको ? कहाँबाट गरेको ? कसको सल्लाहले गरेको ? यो पूर्वाग्रह पूर्ण निर्णय गर्नु अपराध हो भन्दै मेरो भनाइ यही अन्त गर्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री बदमी क्वाँरी बोहोरा, यसपछि माननीय श्री पद्मा खड्का तयार रहनुहोला।

**माननीय श्री बदमी क्वारी बोहोरा:** सभामुख महोदय, कोभिड-१९ कोरोना भाइरस हाम्रो प्रतिपक्ष दलका नेताले को-रोना भन्नु भयो। मैले चाहिँ नोभिड-१९ नामाकरण गर्ने मान्छेले भीड नहुने १९ राख्नुपर्ने रैछ जस्तो मलाई पनि लाग्या छ। नोभीड-१९ राखें। जनताको उद्धार गर्ने क्रममा सरकारले भि बाहिरबाट जति जनताहरू आफ्नो प्रदेशमा भित्र्यायो, बाध्यता थियो सरकारलाई कुनै रहर थिएन सरकारलाई। आज बाहिरबाट जनता आउने क्रममा जति बाहिरबाट आउनुभयो, सङ्क्रमण सुरु भयो। सरकारलाई पनि हम्मे-हम्मे भइराखेको छ, हामीले देखिराखेका छौं र स्थानीय सरकारलाई पनि हम्मेहम्मे भइराखेको छ। आज गर्दागर्दै पनि धेरै कुराहरू नपुग्याजस्तै भएर स्थानीय सरकारलाई प्रदेश सरकारलाई जुन तरिकाको आलोचना भोग्नुपरेको छ। यसमा दु:खको कुरा हो र यसै अन्तर्गत डोल्पा जिल्लाको माथिल्लो डोल्पा ४ वटा गाउँपालिका छ। से-फोक्सुण्डो, डोल्पाबुद्ध, छार्काकान्सुङ र काइके गाउँपालिका। प्रदेश सरकारले समनव्य गरिराख्याछु भनेर जुन सामाजिक मन्त्रीज्यूले भन्नुभयो। सभामुख महोदय, सरकारको गर्ने इच्छा जनतालाई गर्ने इच्छा सरकारलाई छैन भन्ने होइन, सरकारले आफ्नो सक्दोपुग्दो गरिराखेको छ तर पनि माथिल्लो डोल्पाको लागि जुन हेलिकप्टरको लागि समन्वय संघीय सरकारसँग गरिराखेका छौं र हामीलाई अहिलेसम्म संघीय सरकारले केही टुङ्गो लगाएको छैन भनेर जुन भन्नुभएको छ। सभामुख महोदय, यो भयावह अवस्था भोलि डोल्पाको चाइनासँग जोडिएको सीमानामा नआउला भन्न सकिदैन। त्यसैले तुरुन्तै माथिल्लो डोल्पाका जनताको सुरक्षाको लागि प्रदेश सभामुखज्यूमार्फत् प्रदेश सरकारमार्फत संघीय सरकारलाई आग्रह गर्न चाहन्छु। जतिसक्दो छिटो हेलिकप्टरको व्यवस्था गरिदिन हुन अनुरोध गर्छु र त्यसैगरी स्थानीय पालिकाका जनप्रतिनिधिहरू दिनहुँ दिनहुँ यहाँ फोन गरेर हामीलाई खै हामी के गर्ने ? जनताको सेवामा हामी रातदिन लागिरहेका छौं, प्रदेश सरकारले अझसम्म हाम्रो केही दु:ख गरेको हामीलाई भत्तासत्ताको टुङ्गो लगाएको छैन भनेर भन्नुहुन्छ, यो कुरा पनि हामीले सरकारले तयारी गर्दैछ भनेर हामीले सुनेका छौं तर सरकारको निर्णय गर्ने कुरा अलि ढिलो हुने भएको हुँदा छिटो सरकारले विपद्को बेलामा छिटो निर्णय गर्नुहुन अलि घुमाउरो पाराले हिजोका ती ०७०/७१ सालका भू-कम्प बाढी पीडितका रकम अहिलेसम्म नदिएको पीडितलाई राहत नदिएको कुरा र डोल्पाका तिनी बाढीपीडितलाई पनि अहिलेसम्म राहत

नदिएको कुराले गर्दा कतै सरकारको यो छिटो जनतामा जाने प्रक्रिया अलि झन्झटिलो भएको हुँदा क्याविनेटले निर्णय गरेर आफ्नो प्रदेशमा प्रदेशका जनताहरूलाई जतिसक्दो छिटो निर्णय गरेर पठाउन हुन सभामुखज्यूमार्फत् प्रदेश सरकारलाई अनुरोध गर्न चाहन्छु। अर्को कुरा जिल्लामा, जिल्ला समन्वय कि जिल्ला विकास उही पहिलेकै जिल्ला विकास मात्रै राखेको भए जिल्लामा विकास निकास हेर्थ्यो बस्थ्यो। जिल्ला समन्वय भनेर एउटा जिल्ला समन्वय स्थापना गरेको छ। पहिलाको जिल्ला विकासलाई अहिले जिल्ला समन्वय भनिएको छ। जिल्ला समन्वयलाई जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय, अहिले जुन किसिमको स्थानीय सरकारसँग धेरै भूमिकामा नभएजस्तो सँगै नभएजस्तो सल्लाहसुझावमा चाहिँ धेरै नभएको जस्तो स्थानीय सरकारले गरेको क्वारेन्टाइनका व्यवस्थाका कुराहरूदेखि अरु कुराहरूमा जिल्लाले चाहिँ चासो नदिएको जस्तो छ। यसलाई जिल्ला समन्वयलाई पनि जिल्लामा रहेका सम्पूर्ण स्थानीय पालिकामा जनताका त्यहाँका आवश्यकतामा त्यहाँका क्वारेन्टाइनहरू त्यहाँका बाहिराबाट गएका जनताहरूको आवश्यकतामा जिल्ला समन्वयलाई पनि भूमिका दिनु हुन प्रदेश सभामुखज्यूमार्फत् प्रदेश सरकारलाई अनुरोध गर्दै मेरो भनाइ यही अन्त्य गर्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री पद्मा खड्का, समय ५ मिनेट। यसपछि माननीय श्री मिनासिं रखाल तयार हुनुहोला।

**माननीय श्री पद्मा खड्का:** सभामुख महोदय, आज यो कर्णाली प्रदेश सरकारको छैटौं अधिवेशनको आठौं बैठकमा कर्णाली प्रदेश सरकारलाई अ सार्वजनिक केही महत्त्वपूर्ण विषयमा म आफ्नो सुझाव राख्न चाहन्छु। ध्यानाकर्षण गराउन चाहन्छु। सभामुख महोदय, यो बन्दाबन्दी लकडाउनको अवधिले कर्णाली प्रदेशमा निम्त्याएका जुन अकल्पनीय घटनाहरू छन्, जसले गर्दा एउटा अँ सिङ्गो महिला, महिलाहरूमा भइरहेको एउटा हिंसा, घरेलु हिंसा त्यो विषयलाई मैले यहाँ राख्न चाहन्छु। यो लकडाउनको अवधिमा कर्णाली प्रदेशमा २१ जनाको आत्महत्याले मृत्युवरण गर्नुपरेको जुन घटना हामीले सुनिरहेका छौं, यो हामीले अ जिल्ला प्रहरी कार्यालयको डाटाबाट मैले यो प्राप्त गरेको यसमा २१ जनामा १५ जना महिलाले आत्महत्या गरेका छन् भने ५ जना बालिका-महिलाले आत्महत्या गऱ्या छन् भने १ जना बालक, बालकले आत्महत्या गरेका छन्। यो घटनाको स्थिति हेर्दाखेरि महिला र बालबालिकालाई कति प्रभाव परिरहेको छ ? भन्ने कुरा यले उजागर गरेको छ। त्यसकारणले मैले यहाँ हाम्रो कर्णाली प्रदेश सरकारलाई मैले के सुझाव राख्न चाहन्छु भने यो बन्दाबन्दीले विभिन्न ठाउँमा रोजगारी गरेर विभिन्न ठाउँमा श्रम गरेर आफ्नो घरपरिवार सुखशान्तिसँग चलाइ-चलाइरहेको जुन अवस्थाले अहिले सबै रोजगार सबै श्रम गर्ने ठाउँहरू बन्दाबन्दी भको कारणले घरमा दिनप्रति दिन घरेलु हिंसादेखि विभिन्न घटनाका क्रमहरू बढेका कारणले मानिसहरू दिनप्रतिदिन त्यो घटनाले सिङ्गो महिला त्यसमा पनि बालबालिकालाई ठूलो एउटा क्षति पुऱ्याएको छ। यतातिर मैले कर्णाली प्रदेशलाई ध्यानाकर्षण किन गराएको छु भन्दा यो अवस्थालाई मध्यनजर गरेर अब हामीले यो लकडाउनलाई कुन अवस्थाले लैजाने हो। स्थिति

एकातिर भयावह बन्दैछ, स्थिति एकातिर हामीले भारतबाट मात्रै आएका नागरिकहरूसँग मात्रै सङ्क्रमण फैलिएको छ भन्ने छ तर तेस्रो व्यक्तिसम्म पनि सङ्क्रमण फैलिएको एउटा देखिएको अवस्था छ। अहिले मात्र पनि वीरेन्द्रनगरमा एउटा सुरक्षाकर्मीलाई कोरोना पोजेटिभ भको देखिएको छ। यस्तै गर्ने हो भने अब एकातिर लकडाउन र बन्दाबन्दीले अनेकौं समस्याहरू सिर्जना हुने र अर्कोतिर हामी यसलाई खुकुलो बनाउने उपायहरू के हुन् भन्ने कुरा पनि प्रदेश सरकारले चाहिँ गम्भीर भएर चाहिँ सोच्नुपर्छ कि भन्ने कुरा म ध्यानाकर्षण गराउन चाहन्छु र अर्को विषय छ नेपाल सरकार संघीय सरकारले जेठ ३२ गतेसम्म लकडाउन गरेको छ, त्यो कुरा प्रदेश सरकार हुँदै स्थानीय सरकार र यहाँ विभिन्न निकायहरूले यो नेपाल सरकार संघीय सरकारले गरेको निर्णयलाई पालना गर्नु र त्यो पालनासँगसँगै यो भित्र पर्ने के के विषयहरू हामीले खोल्ने नखोल्ने विषयहरू त्यो कार्यान्वयनमा जानु हामी सबैको दायित्व होला तर सुर्खेत जिल्ला सुर्खेत उद्योग वाणिज्य संघले आज मात्रै एउटा प्रेस विज्ञप्ति निकालेर सुर्खेतमा भएका सम्पूर्ण पसल व्यवसायीहरू सम्पूर्ण भनेको छ है आजसम्मन हामीले खाद्यान्नको पनि हप्तामा तीन बार त्यसैगरी फलफूल तरकारीहरूको समय यसरी छुट्याएको थियो भने भोलि २१ गतेदेखि सम्पूर्ण पसलहरू खोल्ने एउटा प्रेस विज्ञप्ति निकाल्ने निर्णय गरेको छ। यो के हो ? यो एकातिर राजधानीमा यस्तो अवस्था आइरहेको छ, दिनप्रतिदिन एउटा कोरोनाको पोजेटिभको चाहिँ दर बढ्दै छ तर अर्कोतिर हामीले पसल खोल्ने सबै पसलहरू खोल्ने निर्णय गरिरहेको छ निजी क्षेत्रले। कर्णाली प्रदेश सरकारले यसको समन्वय गर्नुपर्छ कि पर्दैन ? यो विषयमा सोच्न पर्छ कि पर्दैन ? सहकार्य गर्न पर्छ कि पर्दैन ? यसलाई कसरी अगाडि बढाउनु पर्छ भन्ने कुरामा म ध्यानाकर्षण गराउन चाहन्छु र त्यसैगरी मैले अन्तमा हाम्रो स्वास् सामाजिक विकास मन्त्रीज्यू पनि यहाँ उपस्थित हुनुहुन्न, नभए पनि मैले एउटा कुरा के राख्न चाहन्छु भने शिक्षाका नाममा आज दुई खाले शिक्षा प्रणालीबाट जुन खालको भार परिरहेको छ विद्यार्थीहरूलाई, त्यो भार लकडाउनको अवधिमा पनि विभिन्न समयमा विभिन्न स्कुलहरूले एउटा समय तालिका सार्वजनिक गरेर भर्च्युअल क्लासहरू लिएको नाममा आज विभिन्न रकमहरू असुल गर्ने विभिन्न बहानामा (**माननीय सभामुख:** छोट्याऔं माननीयजयू छोट्याऔं) त्यो खालको एउटा प्रक्रिया चाहिँ अगाडि बढिरहेको छ तर यो यो अवस्थालाई हामीले कर्णाली प्रदेश सरकारले गम्भीर भएर सोचेर ती विद्यार्थी जसले एउटा किताबको पान्ना पनि किन्न नसक्ने विद्यार्थीहरू छन्, ती विद्यार्थीहरूलाई हामीले शिक्षाको पहुँच यो अवस्थामा यो बन्दाबन्दीमा बालबालिकाको मा-मानसपटलमा पर्न गएको जुन एउटा असर छ, त्यो असरलाई हामीले चाहिँ एउटा विद्यालय-विद्यालयमा जान नपाए पनि घरमा बसेर एउटा त्यो एउटा सकारात्मक एउटा बालबालिकालाई एउटा सिर्जनात्मक रूपमा अगाडि बढाउने खालको कर्णाली प्रदेश सरकारले समन्वय गरेर अगाडि बढाए भने पक्कै पनि यस्ता खालका बालिका आत्महत्या, बालक आत्महत्या जस्ता विभिन्न जघन्य यी घटनाहरू घटिरहेका छन् यी घट्दै जानेछन् भन्ने कुरा राख्दै अन्तमा मैले सुर्खेतै जिल्लामा यही अवधिमा पनि दुई-दुई वटा घटना जो कि एकदमै भन्नै नसकिने भन्दा पनि एकदमै मनैदेखि चाहिँ अप्ठ्यारो

महसुस हुने जो, जो त्यस्तो घटना कि सात वर्ष र चार वर्षको बालिकालाई बलत्कृत हुन्छ भने यो कस्तो घटना हो यो दोषी अहिलेसम्म पनि पक्राउ पर्न सकेको छैन, फरार भएको छ। यो दोषीलाई छिटोभन्दा छिटो कारबाही गर्नका लागि पनि अ समन्वय गर्न मैले प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय मिना सिं रखाल, समय ५ मिनेट। यसपछि माननीय खड्कबहादुर खत्री तयार रहनुहोला।

**माननीय श्री मिना सिं रखाल:** सम्माननीय सभामुखज्यू, आज छैटौं अधिवेशनको नवौं बैठकमा मैले फेरि पनि विशेष समयमा बोल्ने मौका पाएको छु र यो कोभिड-19 अथवा कोरोना भाइरसका कुरा गर्दागर्दा र कुरा सुन्दासुन्दा अब जनता पनि धकित भइसकेको अवस्था छ तर पनि नबोली नहुनेले भेटाइरहेको छ। हाम्रो दैलेख जिल्लामा अधिकांश मान्छेहरू भारत नजिकैको छिमेकी भारतमा काम गरेर फर्किरहेको अवस्थामा अधिकांश मान्छेहरू अहिले क्वारेन्टाइनभित्र बसिरहनु भएको छ। र सबैको जाँच गरिएको छैन र सबैको जाँच गर्ने हो भने ९० प्रसेन्ट पोजेटिभ देखिने सम्भावना छ। सभामुख महोदय दैलेखमा असाध्यै भयावह स्थिति छ। दैलेखका आम नागरिकहरू आतङ्कित छन् र क्वारेन्टाइनभित्र बस्नेहरू पनि व्यवस्थित छैनन र प्रदेश सरकारले पठाएका केही सामग्रीको लागि केही खाद्यान्नको लागि पठाएको पैसा पनि दामासाहीको रूपमा स्थानीय तहमा सचिवहरूसँग सचिवहरूलाई पेश्कीको रूपमा वितरण गरिएको छ र ती कहाँ कसरी प्रयोग भएका छन् कसरी लागू भएको छ ? त्यसको अनुगमन छैन, लेखाजोखा छैन र यही अवसर छोपेर र केही व्यक्तिहरू रातारात धनी हुने पनि सम्भावना देखिएको छ र हामीले लगानी गर्ने लगानीको मूल्य नहेर्ने लगानीको अनुगमन नगर्ने हो भने जसरी लगानी गरिन्छ बालुवामा पानी हालेजस्तै हुनेछ। सभामुख महोदय, नारायण क्याम्पसमा क्वारेन्टाइन बनाइएको छ। त्यहाँ भित्र अधिकांश नगरपालिका गाउँपालिकाका जनताहरू अथवा भारतबाट फर्किनुभएका मानिसहरू बसिरहनुभएको छ तर त्यहाँका खाने थालको मात्रै कुरा गर्दा लेख्ने बेलामा डिनर प्लेट भनेर लेखिएको छ तर दिने बेलामा प्लाष्टिकको भाँडोमा पाँच छ दिन धोएर त्यहाँका क्वारेन्टाइनभित्र बस्नेहरूले खानुपरेको अवस्था छ। त्यसैले हामीले काम एउटा गर्छौं, कुरा अर्को गर्छौं र क्वारेन्टाइनभित्र बस्ने समुदाय अथवा नागरिकहरूलाई कत्तिको सुरक्षित हुनुपर्छ, कत्तिको खानाको व्यवस्था हुनुपर्छ, कत्तिको प्रोटिनको आवश्यकता हुनुपर्छ भन्ने कुरा जानकारी हुँदाहुँदै पनि लापरबाही भएको देखिएको छ। यसमा स्थानीय सरकारले दु:ख नगरेको होइन, स्थानीय सरकारले धेरै नै मेहेनत गरेको छ तर संख्याको रूपमा धेरै वृद्धि भइसक्यो धान्न सकेन र धान्न नसक्ने नाममा चाहिँ घोटाला पनि नहोस् र एउटै थालमा पखालेर पनि खान नपरोस्। कर्णाली सजक सरकारले त्यसको अनुगमन गरोस्। आफूले पठाएका पैसा कसरी लगानी भाछ भन्ने कुरामा हेक्का राखेर पनि सत्यतथ्य खोजी गरोस् भन्न म कर्णाली सरकारलाई सभामुख महोदयबाट अनुरोध गर्न चाहन्छु। र अर्को कुरा भारतबाट रोजगारबाट फर्किनुभएका अधिकांश दैलेखी अथवा कर्णालीवासी विदेशमै रोजगार गरेर पठाएको पैसाले घरका परिवार पालिरहेको अवस्था

थियो। जब भारत सरकारले नाका खोलिसकेपछि आउने क्रममा (छोट्याऔं माननीय सदस्यज्यू) उहाँहरू बेरोजगारी हुनुभयो। उहाँहरू विना पैसाले आज सरकारले नै व्यहोरेर आफ्नो जिल्लामा फर्किनु भयो भने उहाँहरूको परिवार आज भोकमरीमा छ, छोरा-श्रीमानले पठाएको पैसाले चामल किनेर खाने आज ती नागरिकहरू भोकभोकै छन्। त्यसैले म कर्णाली सरकारलाई सभामुखद्वारा के भन्न चाहन्छु भने छिटोभन्दा छिटो उनको परिवारलाई खाद्यान्नको व्यवस्था गरोस्। मेरो यही माग छ, हवस् धन्यवाद।

**माननीय सभामुख:** माननीय खड्ग बहादुर खत्री, समय ५ मिनेट। यसपछि माननीय श्री कृष्ण शाह आचार्य।

**माननीय श्री खड्कबहादुर खत्री:** सभामुख महोदय, यो भारतको दक्षिण भारतबाट आउने प्रवेशद्वारको रूपमा रहेको भेरीगंगा र पश्चिमको कर्णालीबाट आउने चौकुने र सुर्खेतको यो उपत्यका राजधानीको उपत्यका दशै जिल्लाको अथवा पूर्वी एवम् संघीय सरकारबाट आउने अथवा भनौं पूर्व अर्घाखाँची, गण्डकी विभिन्न ठाउँको बस्ती छ, जो बस्ती यहाँ योभन्दा छुट्टै जिल्ला सुर्खेतको नभए पनि भनौं धुलियाबिटदेखि अगाडि पूर्वी क्षेत्र र शुभ पश्चिम बाङ्गेसिमलदेखि पश्चिम क्षेत्र टोटल घरपरिवारबाट कमाइ खान गर्न जाने इन्डियातिर गर्ने गरेको छ र जुन अहिले यो नाम हामी क्वारेन्टाइन राख्ने बस्दा मलाई लाग्छ यो सुरक्षित घर, एउटा घरमा एउटै घरमा एउटै भनौं वारिपारि पालतिर वालतिर एउटै कोठामा सुत्ने अवस्था कोठै हुँदैन घरमा। मलाई लाग्छ गाउँठाउँमा हामी चुनावमा जाँदा अथवा विजयको माला पहिरिँदा जानकारी होला। एउटै घरमा खान मलाई लाग्छ थाली ४ वटा हुन्छ, त्यही थालमा दुईतीन चोटि पालोपालो गरेर खाने अवस्था छ। नब्बे प्रसेन्ट असी प्रसेन्ट गरिब छन्। त्यसैले मलाई लाग्छ अहिले अब सरकारलाई मात्र दोष दिने अथवा हामी सरकारका सदस्यसँग सहकार्य गर्न यही सदनमार्फत् सभामुखमार्फत् सरकारलाई भन्न चाहन्छु, सुझावका रूपमा ग्रहण गरोस् सरकारले बजेट छ, मलाई लाग्छ गत वर्षको पनि बजेट ८० प्रसेन्ट ९० प्रसेन्टको बजेट मलाई लाग्छ हुनुपर्छ। अहिले पनि समान्यीकरणको बजेट यथास्थितिमा छ। त्यो फिर्ता जाने अवस्था छैन, अहिले विकास निर्माणका काम हुने अवस्था छैन। त्यसैले म के आग्रह गर्न चाहन्छु त भन्दा यो बजेटलाई अहिले मुखरित स्वास्थ्य क्षेत्रतिर गरियोस् र परीक्षणका कुराहरू पहिलो नम्बरमा ल्याइयोस्। अहिले राहतका भन्दा पनि परीक्षणका कुरातिर ल्याइयोस्। मलाई लाग्छ अहिले प्रत्येक जिल्लामा मलाई लाग्छ कालिकोट त्यसपछि जाजरकोट, सलेन, सुर्खेत सबै ठाउँ अलिकति यही भ्यालिका भनौं चौरजहारीको एउटा क्षेत्र, सुर्खेतको यो वीरेन्द्रनगर, जुम्लाको सदरमुकामबाहेक धेरैजसो ठाउँहरू कमाइ-कजाइ गर्ने ठाउँ हो र यो क्षेत्रका मान्छेहरू विशेषगरी भारततिर जाने अरु देशमा विदेशतिर नजाने त्यो भाको कारणले म के आग्रह गर्न चाहन्छु त भन्दा अहिले यो हामी सक्दाका नाममा क्वारेन्टाइन, पिसीआर के के नाम दिनप्रतिदिन प्रत्येक चेन्ज भइराछन् यो रोगको पनि परीक्षणको भनौं मापदण्ड छैन। कहिले २८ दिनको पनि पत्ता लागिराछ, ५६ दिनमा पत्ता लागिराछ। त्यसैले

यो महामारी विश्वमा चलेको महामारीप्रति सरकारको ध्यान गम्भीर रूपले जान जरुरी छ। यसमा हासिमजाक उठाउने यलाई चाहिँ भनौं ख्यालठट्टा गर्ने र माननीयका फोन नउठाउने, मलाई लाग्छ हामी एउटा सदस्य हौं, यो हामी कोही व्यक्तिगत सम्बन्ध गर्न, कुनै सम्धेलो गाँस्न अथवा कसै लेनदेन गर्ना लागि हामी फोन गर्दैनौं। मलाई लाग्छ डेली फोन उठाउनुपर्छ भन्ने पनि छैन। कम्तीमा पनि एउटा मिसकल गऱ्यो भने कम्तीमा त्यो क्षेत्रका माननीयले त्यहाँका समस्याहरू राख्न सक्छ। यो कस्तो तरिकाको सरकार हो ? यो के सरकार हो ? अब बजेट माथि संघीय सरकारले पठाइदिएको छ। त्यही वितरण गर्ने हो। जहाँ पायो छोड्वा फाल्याछ, उता दौडाछ यता दौडाछ। कम्तीमा पनि माननीयहरूसँग सल्लाह भन्नाले हामीले कोही लेनदेन गर्न व्यापार गर्नलाई त सम्पर्क गर्ने होइन। अनि सीमित मान्छे व्यापारीहरूसँग कोही बिचौलिया भन्ने कि दलाल भन्ने कि ब्रोकर भन्ने कि अरु देशमा ब्रोकरको महत्त्व हुन्छ नेपालमा अर्कै ढंगले बुझ्ने अवस्था भो।

कम्तीमा पनि माननीय सम्बन्धित क्षेत्रका माननीयलाई अथवा जिल्ला जिल्लाका माननीयलाई बोलाएर तपाईँहरूको जिल्लामा के समस्या छ ? कति समस्या छ ? कति मान्छे आए ? ठीक छ आज नभए दिनको एकचोटि त छलफल गर्न सकिन्छ। मन्त्रीहरू छ छ जना हुनुहुन्छ। कम्तीमा समिति छ भनौं अर्थ समिति छ, विषयगत समिति पनि छन्। मलाई लाग्छ यलाई अलि गम्भीर रूपले भन्दा पनि एउटा दोहोरीका रूपमा एउटा यताबाट प्रश्न गरिराछ उत्तर गरेर उताबाट उत्तर दिने सरकारले यो भन्दा पनि म के आग्रह गर्न चाहन्छु त भन्दा अहिले महामारीले भयावह स्थिति भइसक्यो। मलाई लाग्छ अहिले यो भेरीगंगा र लेकवेशी जस्तै मेरो निर्वाचन क्षेत्रमा तीनटा छ, चिङ्गाड छ, त्यहाँ जब मान्छै जान सक्दैन। जस्तै जाजरकोट त्यस्तै छ, सुर्खेतका भनौं पश्चिम लगाम, सिम्ता, त्यस्तै दैलेख त्यस्तै विकट ठाउँहरू छन् त्यस्तो ठाउँमा जुन हेलिकप्टरको व्यवस्था गरियाछ भने स्वाब परीक्षणका लागि त्यस्ता ठाउँबाट हेलिकप्टर परिचालन होस् । जस्तै स्वाब हामी एकै दिनमा डक्टर सहितको टिम गयो भने परीक्षण गर्ने सामग्री लिएर डक्टरसहित गयो भने हेलिकप्टर परिचालन गरी मलाई लाग्छ दुई जिल्ला एक जिल्ला त्यस्तो गरी व्यवस्था हुन सक्छ। म आग्रह गर्न सक्छु ध्यान मुख्यमन्त्रीसहित सरकारको ध्यान जान जरुरी छ र यो ध्यान मात्रै गएर यो भएको बजेट त्यतैतिर मुखरित गर्ने, त्यतैतिर लगाउने, अहिले मलाई लाग्छ विकास निर्माणका कुरा भन्दा पनि पहिला स्वास्थ्य बचाउने त्यसपछि भोक। मलाई लाग्छ ती गरिब दु:खीहरू एउटै घरमा सुत्ने अहिले कस्तो भई क्वारेन्टाइन छ नि स्कुलहरू। स्कुलहरू अधुरा छन्, स्कुलहरू टिनले चाहिँ भनौं पानी आयो भने वर्षा लागिसक्यो आकाशबाट पानी चुहुने अवस्था भइसक्यो स्कुलमा बस्ने सब अवस्था छैन। एउटा कोठामा छ जना सात जना भन्दा मान्छे चाहिँ अटाउदैन भने चाहिँ त्यस्तो अवस्थामा कोचिएर अब बसेको अवस्था छ भने घरमा पनि एउटै कोठामा एउटै परिवारका जहानहरू ७ जना ८ जना एउटै कम्बल, एउटै भनौ ओछ्यानमा सुत्ने अवस्थाको हाम्रो समाज छ। हामी गरिब छौं, दु:खी छौं, लाज मात्र जरुरी छैन, त्यसैले मलाई लाग्छ हामी त यहाँ भित्र बस्दा भ्यालिमा बस्दा एटेच बाथरुम छन्, हामी त्यहीं बसिराछौं भने

गाउँठाउँमा दु:खी गरिबहरूका निम्ति मलाई लाग्छ यो चुनावमा भोट लिन अथवा जनतालाई सुनाउन (**माननीय सभामुख:** छोटयाउ माननीय सदस्य समय सकिएको छ) गम्भीर रूपले आग्रह अनुरोध गर्न चाहन्छु। त्यसैले यो भेरीगंगा र लेकवेशीको ठाउँमा स्वास्थ्य भनौं प्रत्येक गाउँपालिका स्वास्थ्य चौकी छन् त्यो ठाउँमा एउटा १५ शैयाको अथवा आइसोलेसन त्यस्तो व्यवस्था गरियोस्, र परीक्षणका सम्बन्धमा छिटोभन्दा छिटो त्यहाँ भन्नुस् स्वास्थ्य मन्त्रालय सरकारले छिटो भन्दा व्यवस्था गरोस् भन्दै विदा हुन्छु, धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री कृष्णा शाह आचार्य, समय ५ मिनेट। यसपछि माननीय श्री सुशीलकुमार थापा तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री कृष्णा शाह (आचार्य):** माननीय सभामुख महोदय अ जेठ १० गते जुन सोतीमा एउटा दु:खद् घटना घट्यो, त्यसको बारेमा त्यसको सत्यतथ्य छानविनको लागि संघीय सरकारले एउटा प्रक्रिया अगाडि बढाइसकेको छ। र छानविन आयोग समिति पीडित र पीडकसम्म पुगेर पनि फर्किसकेको छ। प्रक्रिया यही नै हो, हामी अर्को प्रक्रियाद्वारा अगाडि बढ्न सक्दैनौं तर पनि कर्णाली प्रदेश सरकारको एउटा आँगनमै घटेको घटना त्यत्रो दु:खद् घटना हुँदाहुँदै पनि प्रदेश सरकार किन बेवास्ता गर्‍यो ? आफ्नो कम्तीमा अँ सरकारले एउटा प्रतिनिधिसम्म पनि भौतिक स्थिति जनाएन। यो के कारणले हो म यसको जवाफ माग्न चाहन्छु सभामुखमार्फत् सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। त्यसैगरी जाजरकोट जिल्ला हामी सबैलाई थाहा छ। कर्णाली प्रदेशको सबैभन्दा पिछडिएको जिल्ला कालिकोट होला त्यसपछि जाजरकोट नै होला त्यो हामीलाई थाह छ। र जाजरकोटलाई हेर्दाखेरि अलिकति कर्णाली प्रदेश सरकारले उपेक्षित ढंगले हेरिएको हामीले महसुस गरिराखेका छौं र जनताहरूमा पनि त्यो प्रकारको अनुभूति भइराखेको छ। बजेटमा पनि नि जाजरकोट कर्णाली प्रदेश सरकारको तर्फबाट पुछारमा पर्ने त्यसपछि गएर केरे योजनाको हिसाबले पनि पुछारमा पर्ने अहिले महामारीको यो स्थितिमा पनि हिजो कीटहरू बाँड्दै गर्दाखेरि पनि जुन आरडिटी कीटहरू पठाउदाखेरि सामग्री पठाउँदाखेरि पनि सबभन्दा लास्ट त्यही पठाउने। त्यसपछि भीटीएम त जो कीटहरू छ पिसिआर कीट त्यो पनि अ सबैतिर पुगाइसकेपछि मात्रै जाजरकोट पुर्‍याउने। यो त सबैलाई थाहा हुन्छ नि अहिलेको दुनियाँमा हैन। र अहिले आउँदाखेरि १३ गते भीटिएम स्वाब संकलन गरिएका ती संकलनहरू कहाँ छन् ? कुन अवस्थामा छन् ? अहिलेसम्म जाजरकोट जिल्लामा त्यसको कुनै रेकर्ड त्यसको परीक्षणको कुनै नतिजा निस्किए निक्सेको छैन। हिजो माननीय मन्त्रीज्यूले त्यो गरिमामय स्टेजबाट अ जवाफ दिँदै गर्दाखेरि जाजरकोटमा कुनै पनि उ देखिएको छैन केरे केशहरू देखिएको छैन भन्नुहुन्छ। जब कि संकलन गरेका स्वाबहरूलाई परीक्षण समयमै नगर्दिदाखेरि कसरी देखिन सक्छ ? त्यहाँ के अवस्था छ भन्ने कसरी थाहा हुन्छ ? त्यले गर्दाखेरि जाजरकोटलाई कर्णाली प्रदेश सरकारले कर्णाली प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरूले किन पिछारमा राख्नु हुन्छ, सधैं पनि। यो कुरा म कर्णाली प्रदेश सरकारको सभामुखमार्फत ध्यानाकर्षण गराउन चाहन्छु र

जिम्मेवार हुन पनि म यहाँ आग्रह गर्न चाहन्छु र अर्को कुरा दु:खका साथ भन्नै पर्छ। त्यो कुरा यहाँ नउठाउँदा पनि हुन्थ्यो र हामीले सुरुमै प्रमुख सचेतकज्यू सभामुखज्यूलाई पनि भनेकै हो। सरकारसँग समन्वय गर्ने भनेर तर अहिलेसम्म पनि भएन। अहिलेको विषम परिस्थितिमा हामी जाँदा पनि हामी हिँडेरै जानुपर्छ कैयौं सांसदहरू यहाँ हामी दु:खी गरिब सांसदहरू पनि त छौं।

गाडीहरू भका चिल्ला गाडी भका अँ माननीय सांसद मन्त्रीजीहरू त चढेर जानुहुन्छ होला तर हामी त अहिले त्यो हिजो चढ्दै गरेको त्यो सानो टुकटुके त्यो अटो पनि त चढ्न पाउँदनौं। आचारसंहिता छ हामीले आएर आफ्नो उपस्थिति जनाउनुपर्छ। आफ्नो भूमिका निर्वाह गर्नुपर्छ तर खै जिम्मेवार भको ? त्यत्रा गाडीहरू ती सो पिसमा राखिएका हुन् ? या त कसले चढ्ने गाडीहरू हुन् ? यस्तो बेलामा कम्तीमा पनि दुई टाइम जाने र आउनेबेला हामीलाई एक दुई वटा, दुई तीन वटा गाडी हामीलाई आउने जाने सवालमा अलिकति सहज बनाइदिएको भए पनि त राम्रै हुन्थ्यो तर त्यो छैन। हरेक कुरामा सरकार किन गैह्रजिम्मेवार भइराखेको छ। यी सबै प्रश्नहरूको जवाफ सरकारले दिनुपर्छ र सरकार जिम्मेवार हुनुपर्छ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री सुशीलकुमार थापा, समय ५ मिनेट।

**माननीय श्री सुशीलकुमार थापा:** माननीय सभामुख महोदय, अहिले देश कोरोना भाइरस कोभिड-19 कोरोना भाइरसले आक्रान्त छ। यही सन्दर्भमा हाम्रो कर्णाली प्रदेशका सबै नागरिकहरू यो रोगबाट अछुतो रहन सक्ने अवस्था छैन। यसै सन्दर्भमा कर्णाली प्रदेश अहिले नेपालकै सबैभन्दा यो रोगबाट जोखिममा छ, यो हामी सबैलाई थाहा छ। यति हुँदाहुँदै पनि कर्णाली प्रदेशको अहिले दैलेख कोरोना भाइरसको सङ्क्रमित हुनेहरूको संख्या लगभग लगभग दैलेख जिल्लाले आधा हिस्सा ओगटेर बसेको छ। हेर्नुभयो भने अहिले भारत लगायतका बाहिरबाट आउने नागरिकहरू सबैभन्दा बढी दैलेख जिल्ला, क्वारेन्टाइनमा रहेका सबभन्दा बढी जिल्ला दैलेख, सबैभन्दा बढी पोजेटिभ रिपोर्ट आएको जिल्ला दैलेख, सबैभन्दा पहिलो सङ्क्रमित देखा परेको जिल्ला दैलेख, त्यतिमात्रै होइन, एउटा सिटामोलसम्म नपाएर मृत्युशैयामा जानुपर्ने त्यो पहिलो जिल्ला पनि दैलेख। सबभन्दा पहिला त्यो मृत्युवरण गर्नुहुने कर्णबहादुर थापाप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र उहाँको परिवार एक छोरा र छोरी एउटा श्रीमती हुनुहुन्छ। उहाँलाई कर्णाली प्रदेश सरकारले राहतको व्यवस्था गर्नेछ भन्ने मैले विश्वास लिएको छु सभामुख महोदय। म सभामुख महोदयमार्फत कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु, यस्तो दर्दनाक अवस्थामा रहेको दैलेख जिल्लाको यो समस्या विकराल रूपमा देखा पर्ने अवस्था भइसकपछि स्वयम् म आफै पनि बाहिर देशमा तड्पिएर दाजुभाइ दिदीबहिनीहरू अर्काको देशमा अझ विशेषगरी भारतका पुलिसहरूका लातहरू ती सोझा इमानदार नागरिकहरूको छातीमा ती बुटहरू बजाइरहँदा अवश्य हामीले निहालेर हेर्न सकेनौं र प्रदेश सरकारले पनि केही खुकुलो गऱ्यो र हामी आफै पनि लागेर ती

सबै नागरिकहरूलाई जिनतिन थोरै भएपनि ज्यान बाँकी राखेर दैलेखसम्म पु¥याउने एउटा अवस्था मिल्यो। मलाई लाग्छ इतिहासकै सबैभन्दा बढी दु:ख पाएको नागरिकले यो समय होला जस्तो लाग्छ मलाई। आफ्नै देशमा आउँदा पनि रुपैडियाको नाकादेखि बबई हुँदै गुराँस देखि गुराँसेदेखि अगाडि क्रस गर्ने अवस्था हेर्नुहुन्छ भने बढो डरलाग्दो छ ती नागरिकहरूको कथा सुन्ने हो भने त्यस्तो संकटबाट गुज्रँदै गएर अहिले दैलेखका विभिन्न स्कुलहरूमा स्कुलहरूका बेञ्चमा ती नागरिकहरूको दिनचर्या बितिरहेको छ। प्रदेश सरकार अहिले पनि यहाँबाट घोषणा गर्दै छ कि कोही पनि नागरिक कोभिड-19 को पिसिआर टेस्ट लगायतको कुनै पनि सामग्री र डक्टरहरूको अपुग छैन। सबैलाई व्यवस्थित ढंगले हामीले सबै व्यवस्था गरेका छौं भन्नुहुन्छ उहाँहरू। म दैलेखमा जाँदै गर्दा सबै ठाउँमा हेर्दा अहिले पनि म जाँदा १६ दिन भइसक्यो बाहिर देशबाट आएका नागरिकहरू क्वारेन्टाइनमा बसेको त्यो बेन्चमा। राम्रोसँग दुई छाक पनि खान नसक्ने अवस्थाबाट दिनचर्या बितिरहेका ती दाजुभाइ दिदीबहिनीहरूको अवस्था हेर्दा तिनको अहिलेसम्मन पनि पिसिआर टेष्ट हुन सकेको छैन। आजभन्दा ३ दिन अगाडिको कुरा गर्दैछु, आज त १९-२० दिन हुन थाल्यो। अहिलेको अवस्थासम्म पनि पिसिआर टेष्ट हुन सकेको छैन। लगभग लगभग १० दिन अगाडि केही मान्छेहरूको पिसिआर टेष्ट हुँदा १० दिनसम्म पनि रिजल्ट आको छैन सभामुख महोदय। त्यो १० दिन अगाडि टेष्ट गरेर लिएको त्यो टेष्ट पनि सायद त्यसको अवधि पनि समाप्त भइसक्यो होला, त्यो पनि ड्यामेज भइसक्यो होला। ड्यामेज भइसकेको रिजल्ट सायद निस्कन्छ होला। हाम्रो कर्णाली प्रदेशमा एक जना मृत्यु हुनु, त्यो पनि मृत्यु भइसकेपछि स्वाब टेष्ट गर्नु, यो कर्णाली प्रदेशको विडम्बना छ यो परम्परा छ। त्यस्तो परम्परा अँगालेको प्रदेश सरकारसँग ती सबै नागरिकहरूको पिसिआर टेष्ट गर्ने क्षमता कत्तिको छ ? तर मलाई थाहा छैन उहाँहरूको प्रेसमिट हेर्दा र उहाँहरूले घोषणा गर्दै गरेको हेर्दा कर्णाली प्रदेशमा कोही पनि नागरिक आउनेवित्तिकै १२ घण्टा २४ घण्टाभित्रै सबैले पिसिआर टेष्ट भएर व्यवस्थित क्वारेन्टाइनमा र क्वारेन्टाइनबाट पोजेटिभ देखिएका नागरिकहरू लाग्छ अन्तर्राष्ट्रिय रूपमै सबैभन्दा राम्रो आइसोलेसन अस्पतालमा भर्ना गरेको जस्तो प्रदेश सरकारको त्यो अवस्था देख्दा त्यस्तो दम्भ र त्यो अवस्था मैले देख्छु। त्यस्तो अवस्थाबाट प्रदेश सरकार अगाडि बढेको अवस्था देखिन्छ तर अहिले दैलेखको अवस्था लगायतका थुप्रै ठाउँमा सबैभन्दा बढी बाहिर देशबाट आउने र क्वारेन्टाइनमा रहेका दाजुभाइ दिदीबहिनीहरूको अवस्था हेर्दा प्रत्येक दिन कुनै न कुनै स्कुलमा नारा-जुलुस र उनीहरूले ढुंगामुढा गर्नुपर्ने अवस्था त्यो बाध्यता सिर्जना भइरहेको छ। विभिन्न ठाउँमा अहिले त सडकमै आएर उनीहरू नाराजुलुस गर्न पर्ने अवस्था (**माननीय सभामुख:** समयलाई ध्यान दिऔं माननीय सदस्यज्यू) छ। सभामुख महोदय, (**माननीय सभामुख:** पहेंलो बत्ती बलिसकेको छ) सभामुख महोदय केही समय लिएर म बोल्न चाहन्छु। सभामुख महोदय, आज दैलेखको अवस्था यस्तो दर्दनाक अवस्था भइसकेपछि कर्णाली प्रदेश सरकारले कसरी अगाडि बढेको छ ? म प्रश्न गर्न चाहन्छु। र म जवाफ माग्न पनि चाहन्छु र आज यस्तो संकट परिसकेपछि एउटा 50 प्रतिशत यो कोरोना

भाइरसमा सङ्क्रमित भएको र बाहिरबाट आउने संख्या र क्वारेन्टाइनमा बस्ने संख्या भइसकेपछि तत्काल पिसिआर मेसिन जडान गरेर त्यहाँ चाहिँ त्यहीँबाट डक्टरहरूलाई डक्टरहरूको पर्याप्त मात्रामा त्यहाँ डक्टर पठाएर तिनीहरूको पिसिआर टेष्ट गरेर तत्काल रिजल्ट ल्याउनुपर्थ्यो कि पर्थेन ? त्यो उदासिनता हेर्दा नागरिकप्रति उहाँहरूको उत्तरदायित्व भएको महसुस मैले गर्न सकिरहेको छैन सभामुख महोदय। सरकार भनेको जनताको अभिभावक हो, त्यो अभिभावकको भूमिका खेल्न पर्थ्यो कि पर्थेन ? त्यसो गर्न नसकेपछि ती जनताको आँसु देखिसकेपछि जनताको बेहाल स्थिति देखिसकेपछि एउटा उहाँहरूबाटै जननिर्वाचित एउटा सांसद हुनुको नाताले जिल्लाको सिडियो लगायत जनप्रतिनिधिहरू प्रतिनिधिहरूको सल्लाहले यहाँ पनि केही जानकारी गरेर हामी दुई जना सांसद दैलेख गयौं तर हामी दैलेख गएर व्यवस्थित ढंगले सरकारले मापदण्ड जुन बनाएको छ, लकडाउनदेखि लिएर जुन आचारसंहिता बनाएको छ, त्यो सबैलाई पालना गर्दै हामी उच्चस्तरीय बैठक र सम्बन्धित ठाउँ केही त्यस्तो सम्बन्धित ठाउँमा पुग्यौं। हामी क्वारेन्टाइन र आइसोलेसनमा काहीँ गएनौं तर त्यस्तो अवस्थामा हामी गइसकेपछि हामीले घोषणा गऱ्यौं, दैलेखमा **(माननीय सभामुख:** अब छोट्याऔं माननीय सदस्यज्यू छोट्यौं) ५० शैयाको हामीले आइसोलेसन अस्पताल बनाउने भनेर त्यलाई बढाउदै जाने अहिले केही त्यसको बजेट व्यवस्थापन गरेर भोलि सरकारसँग त्यसको माग गर्ने भनेर केही रचनात्मक काम सहितको दैलेखको सबै सुरक्षा अवस्था, त्यहाँको स्वास्थ्य अवस्थादेखि लिएर सबै सामग्रीहरूको अवस्था बुझ्दै हामी आउँदा हामीले समाचारबाट सुन्नुपर्ने अवस्था आयो। हुन त त्यो हामीलाई सभामुखले पनि फोन गर्नुभाथ्यो, तपाईंहरूलाई निलम्बन गरिएको समाचार। साँच्चै उहाँले सभामुखले उहाँको अधिकार त होला। साँच्चै उहाँले पूर्वाग्रहविहीन ढंगले सभामुखले आफ्नो अधिकार प्रयोग गर्नुभा हो भने उहाँलाई सलाम छ। हैन यद्यपि सभामुख जस्तो गरिमामय पदमा बसेर विभेदकारी भूमिकाका साथ उहाँ सभामुखभन्दा पनि बाहिर, बाहिरी ढंगले उहाँले जुन ढंगले हामीलाई एक हप्ता भन्नु भो फेरि दुई दिनमै टेष्ट गराएर फेरि भित्रै प्रवेश गराउनु भो। यो कस्तो खालको सिस्टम हो ? घोषणा गरी रुलिङ्ग गरिसकेपछि फेरि बीचमा ल्याउने पठाउने आफ्नै मनमर्जीले जे पनि गर्न मिल्ने खालको यो हाम्रो कस्तो संसद् सचिवालय हो ? त्यो ढंगले त्यहाँ चाहिँ अगाडि बढेको देखिन्छ। धन्यवाद। धन्यवाद सभामुखज्यू।

**माननीय सभामुख**: माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदछौँ। माननीय सदस्यहरू, कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले सभामुख समक्ष टेबुल गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा सहभागी भएका विषयहरूमाथि माथिको छलफल आजै समाप्त हुने भएकोले बोल्न चाहने माननीय सदस्यहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई आफ्नो नाम टिपाउनुहोला। बोल्न चाहनुहुने माननीय सदस्यहरूलाई क्रमश: समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय श्री दीनबन्धु श्रेष्ठ। समय ७ मिनेट।

**माननीय श्री दीनबन्धु श्रेष्ठ:** माननीय सभामुख महोदय, आज हामीहरू यहाँ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममा छलफल गर्दैछौं। परिस्थिति बडा चुनौतीपूर्ण छ, कोभिड-19 को महामारीको बीचमा हामी यसमा छलफल गर्दैछौं। माननीय सभामुख महोदय, यो नीति तथा कार्यक्रम अहिलेसमेत हामीले तीन पटक कर्णाली प्रदेश सभामा छलफल गऱ्यौं। विगतमा पनि हामीले हेऱ्यौं धेरै राम्रा आयो र तर कार्यान्वय पक्ष त्यो देखिएन, कार्यान्वयन पक्ष महत्त्वपूर्ण हो। र हिजो सामान्य परिस्थितिमा पनि नीति तथा कार्यक्रमले ल्याएको बजेट हामीले कार्यान्वयन गर्न सकेनौं तर यो आज जटिल परिस्थितिमा यहाँ धेरै कुराहरू समेटिएको छ र यो आवश्यक होला तर अहिले यो हामी कार्यान्वयन गर्न सक्छौं सक्दैनौं यो चुनौतीको विषय हो। यो सरकारले निरन्तरता दिनै पर्छ, नीति तथा कार्यक्रम ल्याउनै पर्छ त्यो अनुसार आयो र कतिपय संघीय सरकारका कुराहरू पनि यसमा समावेश गरिएको छ तर सरकारले यो नीति तथा कार्यक्रम एउटा ठोस रूपमा र यो यो यलाई चाहिँ पहिचान गरेर ल्याउनुपर्थ्यो अहिलेकोमा आवश्यक के हो भनेर तर धेरै कुरा आयो। मलाई के लाग्छ कि बुँदागत रूपमा जान समय पनि छैन र अहिले यो कोभिड-19 को महामारीमा यो हामी नीति तथा कार्यक्रम छलफल गरेर बजेटमा समावेश गरेर कार्यान्वयन हुन्छ भन्ने विश्वास गर्ने पनि स्थिति छैन। किनभने विगत सामान्य परिस्थितिमा पनि हामीले त्यो कार्यान्वयन गर्न सकेनौं, बजेटमा आएका विकास निर्माणका कुराहरू।

सभामुख महोदय, पहिला म यसमा के राख्न चाहन्छु भने यो नीति तथा कार्यक्रममा सार्वभौमसत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष जनयुद्ध र विभिन्न अ विभिन्न संघर्ष जनआन्दोलनबाट प्राप्त उपलब्धि भनेको छ। यो नेपालको संविधानमा छैन। संविधानमै नभएको कुरा यहाँ उल्लेख गरियो, यसमा जनयुद्धको ठाउँमा सशस्त्र संघर्ष राख्नु पऱ्यो, जनआन्दोलनको अगाडि ऐतिहासिक जनआन्दोलन राख्नु पऱ्यो। यसलाई संशोधन गर्न म आग्रह गर्दछु। अब मैले अघि नै भने माननीय सभामुख महोदय, अब यसमा नीति तथा कार्यक्रममा धेरै बोलिराख्न मैले धेरै जरुरी ठानेको छैन। अहिले हामीले तत्काललाई हामीसँग भएका तीनटा कुराहरूमा हामीले ध्यानाकर्षण गर्नुपर्छ। स्वास्थ्य, कृषि र रोजगार। अब अहिलेको बजेट नीति तथा कार्यक्रम पनि त्यसरी नै आएको छ सबै समेटेको छ तर जसरी एउटा ठोस रूपले आउनुपर्थ्यो त्यसरी आएको हामीले पाएनौं। कोभिड-19 को चुनौतीको सँगसँगै यसमा अब हामीले सबैले एकजुट भएर योसँग कसरी लड्ने हो ? रोग र भोकसँग कसरी लड्ने हो ? भन्ने हिसाबले अगाडि हामी गएनौं भने पार्टपूर्जाको आधारमा एक दुई तीन गरेर हामी कहीँ पुग्न सक्दैनौं। अरु हामीले भोलिका दिनहरू दु:खदायी हुने स्थिति आउन सक्छ। म यहाँ भन्न चाहन्छु, पहिला स्वास्थ्य पूर्वाधारमा हामी ध्यान दिऔं। अहिलेको नीति तथा कार्यक्रमले ल्याएको छ तर त्यतिले मात्रै पुग्दैन ठोस रूपमा आएर एउटा कार्यान्वयन गर्न सक्ने प्रभावकारी कार्यान्वयन हुन सक्ने किसिमले अबको बजेटमा सम्बोधन हुनुपर्छ। स्वास्थ्य जनशक्ति, स्वास्थ्य सामग्री र क्वारेन्टाइनका कुरा धेरै उठेका छन्। मापदण्डअनुसार

हामी के-कति गर्न सक्छौं ? अहिले दिन प्रतिदिन महामारी बढिरहेको छ। भोलि गएर तपाईँको ८-१० दिनमै यसले कुन स्थिति लिन्छ र अहिले पनि हाम्रो पकडभन्दा बाहिर जाँदैछ। आइसोलेसनका कुराहरू गऱ्यौं, अझ यलाई बढी बढाउन जरुरी छ। यलाई पनि मध्यनजर राख्न जरुरी छ। आइसीयू बेड भयो र भेन्टिलेटरहरू अहिले जुन सोचेका छौं, अब आउने सिजन आउने अहिले कोभिड-19 का पोजेटिभ जसरी दिनप्रतिदिन बढिरहेको छ, यले अरु हाम्रो नियन्त्रणभन्दा बाहिर जाँदैछ। यसमा ध्यान दिएर अबको बजेटमा सम्बोधन र तत्काल गर्नुपर्ने काम सरकारले सुरु गर्न जरुरी छ। अब यसबाट उत्पन्न हुने भोकमरीबाट बचाउनलाई कसरी गर्ने भन्ने उत्पादनमुखी कृषिमा हामीले जोड दिनुपऱ्यो। आत्म आत्मनिर्भरमुखी कृषिमा जोड दिनुपऱ्यो र त्यही कृषि अब हामी कृषिमा परनिर्भर हुने परिस्थिति आउँदैन ताकि छिमेकी देशहरूबाट पनि हामी खाद्यान्न आयात गर्न सक्ने परिस्थिति छैन। अब वैदेशिक रोजगारमा गएका हजारौं युवा स्वरोजगारहरू अहिले तिनै कुरा जारी छ। अब उनीहरूलाई यो कृषि स्वरोजगारमा जोडेर हामीले एउटा रोजगारको पनि वातावरण बनाउन सक्दछौं, यसमा पनि ठोस कार्यक्रम आउनु पर्दछ। र कृषिमा पनि बालीहरूमा हामीले विशेषगरेर म यहाँ राख्न चाहन्छु रैथाने बालीमा हामी यलाई विशेष प्राथमिकता दिऔं। पशुपालन, फलफूल, तरकारी खेती माछापालन, कुखुरा पालन, मौरीपालनलाई पनि हामीले प्राथमिकतामा राख्नुपर्छ जस्तो लाग्दछ। हामीले अहिले यो परिस्थितिमा कृषिमा विशेष गरेर अहिले हामीलाई ठूलो एउटा आर्थिक लाभ र एउटा रोजगारको वातावरण सिर्जना गर्छ। कृषिजन्य कच्चा पदार्थमा आधारित साना घरेलु र लघु उद्योगलाई सहुलियतमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नु पर्दछ। भोकमरीबाट बच्नलाई हिजोअस्ति पनि उठ्यो यी कुराहरू अझैं यलाई ध्यान दिन तत्कालै यलाई खाद्यान्न भण्डारको जरुरी छ। मैले अघि नै भने दिनप्रतिदिन भयावह हुँदैछ। अब रोग त छ छ भोकमरीबाट पनि मर्न पर्ने स्थिति सिर्जना हुँदैछ। त्यले गर्दा ढिला नगरेर खाद्यान्न भण्डारण सके स्थानीय निकाय सरकारसँग समन्वय गरौं, स्थानीय निकायमा यदि हुन्न भने हामी जिल्ला र प्रदेशमा कति मेट्रिक टन खाद्यान्न जम्मा गर्नुपर्ने हो यसमा सरकार लाग्न जरुरी छ। शीत भण्डारण हामीले भोलि तरकार तरकारी र फलफूल उत्पादन गऱ्यौं भने त्यलाई पनि राख्नलाई कोल्डस्टोरको पनि प्रदेश र जिल्ला स्तरमा यलाई महत्त्व दिनुपर्छ जस्तो लाग्छ। शिक्षा अहिलेको परिस्थितिमा हामीले विशेषगरेर प्राविधिक व्यावसायिक शिक्षामा ध्यान दिन जरुरी छ र हामीले आर्को कुरो जनतालाई आधारभूत खानेपानीको पनि व्यवस्था गर्न जरुरी छ। यलाई पनि महत्त्वका साथ राख्न जरुरी छ। सिंचाई सुविधा उपलब्ध गराउनुपऱ्यो कृषि उत्पादन भन्यौं, आत्मनिर्भर भन्यौं, उत्पादनमुखी कृषि भन्यौं, त्यसको लागि सिंचाई त जरुरी हो। त्यसको लागि तपाईँको यो स्याउ खेती फलफूलको लागि पनि बेर्नाको उन्नत जातको स्याउखेतीको बेर्नाहरू बीउहरूको लागि पनि सरकारले विशेष ध्यान दिन जरुरी छ र अब यति हुँदाहुँदै पनि सरकारले कर्णाली प्रदेशमा उत्पादन भएको खाद्यवस्तुहरूको पनि बजार व्यवस्थापनतिर पनि ध्यान दिन जरुरी छ। यति भन्दै म यहाँ अन्त्यमा के भन्न चाहन्छु भने नीति अँ र कार्यक्रम जे-जस्ता कुराहरू आएपनि

सरकारले प्राथमिकताका आधारमा कोभिड-19 को महामारीलाई विशेष रूपले ध्यान दिएर भोलि निम्तिने जोखिमलाई न्यूनीकरण गर्ने किसिमले अहिले सरकार केन्द्रित हुने भनेको पहिलो स्वास्थ्य, कृषि र रोजगारी कृषिमा जोडेर खाद्यान्न यसमा सरकारको ध्यान जाओस् र बजेट ल्याउँदा यो पनि म जोड्न चाहन्छु विगतमा नीति तथा कार्यक्रममा एउटा आयो बजेटमा रातो किताबमा एउटा आयो जिल्लामा अख्तियारी गर्दाखेरि त्यो बिचमै हरायो। यो सरकारको गैरजिम्मेवारी हो कि होइन ? बजेट हामी ल्याउँछौं र संशोधन गर्छौं, बजेट संशोधन गर्ने काम हो अब यसबेला सरकारले ल्याउने बजेट बाटो खन्ने या अन्य विकास निर्माण र भौतिक पूर्वाधार होइन, स्वास्थ्य र यो खाद्यान्नको भोकमरीलाई बचाउनलाई तत्काल गर्नुपर्ने पछि भन्ने सरकारलाई छुट छैन। त्यसैले सरकारलाई यो नीति तथा कार्यक्रममा जुन आएका कुरा छन् र यो अहिले त्यही कुरामा ध्यान दिएर बजेटमा समावेश सरकारले गर्नेछ भन्ने विश्वास राख्दै विदा हुन्छु धन्यवाद। जय नेपाल।।

**माननीय सभामुख:** माननीय श्री अम्मरबहादुर थापा, समय ७ मिनेट। त्यसपछि माननीय श्री झोवा वि.क. तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री अम्मरबहादुर थापा:** माननीय सभामुख महोदय, आज यो नीति कार्यक्रमको छलफलमा सहभागी गराउनुभएकोमा धन्यवाद। मलाई नीति कार्यक्रमको विषयमा धेरै कुराहरू अहिले जुन किसिमको यो नीति कार्यक्रम पूर्वभन्दा पनि अझैं बढाएर आएको छ यसका बुँदाहरू अहिले घटाउनुपर्ने थियो भन्ने मलाई लाग्छ किन भन्दा हाम्रो ध्यान भनेकै कोभिड-19 सङ्क्रमणलाई कसरी व्यवस्थित गर्ने हो, नागरिकहरूलाई कसरी सुरक्षित गर्ने होला नागरिकहरू जब विदेशमा रहेका छन्, भारतमा पनि जब यो सङ्क्रमणले जान फेरि पनि जान नसक्ने। हामीलाई थाहा छ, अब यो चैतमा भित्रिने, असारमा फेरि इण्डिया भारत जाने र रोजगारी गर्ने अवस्था थियो र विदेशमा रहेका नागरिकहरू पनि फर्किने अवस्था छ। अब यो रोजगारीका अवसरहरू कसरी दिने होला ? यी स्वरोजगारका कुरा र कृषि र जाइने कोभिड-19 का कुराहरूलाई विशेष प्राथमिकता दिएर मात्रै हामी यो सङ्क्रमणलाई सहज बनाउन सक्छौं भन्ने मलाई लाग्छ। त्यसैले यो वितरणमुखीमै सबै कुराहरू फेरि परम्पराजस्तै विधिले अगाडि बढ्यौं भने यो सङ्क्रमणबाट हामी मुक्त हुन सक्दैनौं र हुने त सम्भावना धेरै कम देखिन्छ। त्यसैले हाम्रो सावधानी धेरै कमजोर छ तर पनि अब आउँदा दिनहरूमा यो सरकारले यो सावधानी अवलम्बन गरेर अगाडि बढ्ने वातावरण सिर्जना हुन जरुरी छ। त्यसैले मैले धेरै पटक कुराहरू राखें अब चारपाँच वटा कुराहरूलाई मात्रै ध्यान दिऔं, अरुलाई सामान्यकरण गरौं र विशेष फोकसमा जाने कुराहरू मैले भने जस्तै स्वास्थ्यसम्बन्धी यो अहिले यो अवसरलाई हामीले यतातिर त्यो सङ्क्रमणबाट जनतालाई बचाउन सक्छौं भने अर्कोतिरबाट यो अवसरलाई छोप्यौं भने स्वास्थ्यसम्बन्धी सबै कुराहरू यो वर्ष हामी तयार गर्न सक्छौं। किन सक्छौं भन्दा अहिले यो सङ्क्रमणको लागि पनि हामीले लगानी गर्नुछ। अहिले कहाँ बाटो चाहियो, कहाँ जाइके के अर्को कुलो चाहियो कहाँ जाइने पुल चाहियो भन्दा पनि

अहिले हामीले यो कोभिड-19 को समस्यालाई कसरी समाधान गर्न सक्छौं। हाम्रो यी जनताहरू अहिले पनि तड्पिरहेको अवस्था हामीले बारबार सुनाइराछौं यसलाई व्यवस्थित गरेर कसरी लैजान सक्छौं। त्यसकारणले त्यो पहिलो प्रायोरोटी र स्वरोजगारका निमित्त कृषिलाई प्रायोरोटी दिएर हामी अगाडि बढ्नुपर्ने हुन्छ। त्यसकारणले मैले अहिले पनि सुनिराछु कि जहाँ विकट विशेष फोकस गरिनुपर्ने बजेटमा त्यो बजेटलाई फेरि पनि वितरणको तयारी भन्ने कुरा आइरहेको छ। नीति कार्यक्रममा धेरै असल कुराहरू मैले बारबार भन्ने गऱ्या छु कि फूलबुट्टा भर्नमा नेपाली कम छैनौं। कार्यान्वय गर्नेमा जिरो। अहिले पनि मैले एउटा यहाँ हेरें कि कृषि उपजको भण्डारण गर्नलाई केरे प्रोत्साहन गरिने, प्रोत्साहन गर्ने होइन, कृषि उपजका भण्डारण गर्नलाई त भण्डार गरी गर्ने कि जाइने शीत भण्डारण निर्माण गरिनेछ भन्न पऱ्यो तर विगत जस्तै छ। कृषि केरे शीतभण्डार निर्माण गर्ने भन्याभन्यै छौं काहिँ हुँदैन। करोडका करोड रुपैयाँ छुट्टया छौं, काहिँ हुँदैन। विगतबाट पनि हामीले यो शीत केरे शीतभण्डारणको व्यवस्थापन कर्णाली प्रदेशमा गरौं भन्दा अहिलेसम्म त्यो निर्माण भाको छैन। आज त्यो ले त काम लाग्न सक्थ्यो नि। त्यसकारणले यतातिर ध्यान यो बजेटले जानेछ नीति कार्यक्रमले अलिअलि राम्रै बोल्याछ तर जहाँ फोकस गर्नुपर्ने ठाउँमा ठाउँ-ठाउँ गऱ्याछ तर पनि यसका बजेटमा तपाईँहरूले त्यस आधारमा अगाडि बढाउनुस् र बढाउन सक्नु भो भने हामीलाई सहज हुन्छ। हामीलाई अहिले यो माहामारीबाट तेस्रो विश्वयुद्ध संसारले घोषणा गरेको यो महामारीलाई हामीले लडाइँ लड्नुछ, त्यो लडाइँबाट मुक्त पाउन यो वातावरण सिर्जना गर्न जरुरी छ। हिजो जस्तै हामीले अब कर्णाली प्रदेशमा यो महामारी नै आउँदैन भन्दा आज सबै प्रदेशलाई उछिन्न पर्ने अवस्था सिर्जना भाको छ। कालिकोटमा जुम्लामा आज खाली रहेको जिल्ला भनेको एउटा डोल्पा र हुम्ला बाँकी रहेको छ। त्यसकारणले अब यस्तो छ कि फेरि जति जना मान्छे भित्रिएका छन् त्यो हन्ड्रेट प्रसेन्ट महामारीमा छन् अब दोस्रो फेजमा पुगिसक्यो। तेस्रो फेजमा गयो भने हामीले थाम्न सक्छौं कि सक्दैनौं ? त्यसोभा हुनाले यतातिर सरकारको ध्यान जाओस्। अर्कोतिर मैले अस्ति पनि यो जाइने विधेयकमा छलफल गर्दा भनेको थिएँ, केही साथीहरूले बजेटै पेश गर्न लाग्नु भो भन्ने कुरा पनि सुनें, सुनें मैले। यथार्थमा सरकारले हामी सांसद्हरूले यथार्थताको हिसाबले जाइने हामीले सरकारलाई सचेत गराउन जरुरी छ। मैले हिसाबै सहित गरेर ल्याएको छु। अहिले रोग र भोकबाट जनतालाई बचाउनका लागि हामीले त्यो योजना कार्ययोजनालाई विशेष प्राथमिकता दिन सकेनौं भने अब ती जनतालाई आज रोगबाट मात्रै छ, भोलि भोगबाट पनि हामीले बचाउन पर्ने अवस्था छ। सरकार समाधान, सावधानी अवलम्बन गर्न पर्छ कि पर्दैन, सरकारले ? त्यसकारणले मैले एउटा तपाईँहरूलाई लिखित रूपमा दिएको थिएँ, प्रत्येक ७ सय १८ वडालाई मैले हिसाबै गरेर एक अरब ६२ करोडको बजेट तपाईँहरूले व्यवस्थापन गर्न सक्नुभएन भने र त्यो खाद्यान्न उन्नाइस हजार पाँच सय मेट्रिक टन खाद्यान्न तपाईँहरूले यो प्रदेशमा स्टक राख्न सक्नुभएन भने भदौको महिना फेरि पनि संकट आउन सक्छ। मैले हिसाब गऱ्याछु, १ अरब ६२ करोड ४० प्रसेन्ट र ६० प्रसेन्ट खाद्यान्न ४० प्रसेन्ट अँ नगदको हिसाबले मलाई नीति कार्यक्रममा

त्यति राम्रोसँग बोलेको जस्तो लागेन। अस्ति विधेयकमा प्रष्ट रूपमा आको थियो, आज नीति कार्यक्रममा खाद्यान्नको व्यवस्था गरिने, खाद्य सुरक्षाको व्यवस्था गरिनेछ भन्ने छ। त्यसकारणले त्यो किटानीका साथ ७ सय १८ वटा वडालाई कति हो ? मैले २१ लाख र २५ लाख प्रति वडालाई दिन दिँदाखेरि १ करोड ६२ लाख, १ अर्ब ६२ करोडको हिसाब बुझाएको थिएँ तपाईँहरूलाई त्यसमा खाद्यान्न त्यो किन्दा १९ नेट १९ हजार ५ सय मेट्रिक टन खाद्यान्नको जोखो गर्नुपर्नेछ। त्यसकारणले मात्रै हामी भोगबाट जनतालाई बचाउन सक्छौं। अर्को कुरा मुख्यमन्त्री रोजगारको कार्यक्रम लेख्नुभाछ यहाँ, मुख्यमन्त्री रोजगारको कार्यक्रम के छुट्टै यहाँ जाइने झाडुबडारु गर्ने कार्यक्रम हो र ? होइन। म आग्रह गर्न चाहन्छु। अहिले पनि मुख्यमन्त्रीजीले अस्ति भन्नुभाछ, ८ लाख, कर्णालीका ८ लाख जनतालाई वर्षभरि सय, सय दिनको रोजगारी दिने कार्य कार्यक्रम ल्याइनेछ भन्ने। ८ लाखलाई त्यो पनि हिसाब गरेर मैले बताएको छु। ८ लाख जनसङ्ख्यालाई तपाईंले सय दिनको रोजगारी दिनुभो ५ सयले दिनुहुन्छ कि साढे ७ सयले दिनुहुन्छ कि, दिनको एक हजारले दिनुहुन्छ कि **(माननीय सभामुखः** छोट्याऔं माननीय सदस्य) हजारले दिनुभो भने भने ८० करोड रुपैयाँ चाहिन्छ। साढे ७ सयले दिनुभो भने ६० करोड रुपैयाँ चाहिन्छ। ५ सयले दिनुभो भने ४० करोडको यो व्यवस्था तपाईँहरूले गर्न सक्नुभएन भने स्वरोजगारका कुराहरू पनि हुँदैन। त्यसकारणले यो विधिमा यो प्रक्रियामा हामीले यो बजेटलाई हामीले छर्ने भन्दा पनि व्यवस्थित रूपले यिनी दुईचार ओटा कुराहरू स्वरोजगारका कार्यक्रमहरू र कृषिको कार्यक्रमहरू र स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू व्यवस्थापन गर्न सकेनौं भने राम्रो हुँदैन। आज मैले हिजो पनि हिजोमात्र मैले तपाईँहरू मन्त्रीजीहरूसँग छलफलमा एकछिन मैले अनुरोध गऱ्याथिएँ। अब आइसोलेसन बेड बनाउनुपर्ने भो सरकारले हरेक ठाउँमा कसरी बनाउन सकिन्छ आइसोलेसन बेडको भनेको त, तपाईँहरूले त ती जाइने खाट बनाउने काम गर्नुभएछ। अब ती १० हजारको एउटा पलङ्ग लिएर कुन चौरमा राख्ने हो ? त्यहाँ राख्ने ठाउँ छैन अनि त्यो जाइने खाट लिएर सबै ठाउँमा कहाँ राख्ने होला ? त्यसकारणले आइसोलेसन बेड निर्माण गर्न जरुरी छ। आइसोलेसन बेडको लागि त्यो अवस्थामा जान जरुरी छ। त्यसकारणले अहिले त्यो आधारहरू तयारी गर्न पर्ने छ। त्यसकारणल यो विधि र प्रक्रियाबाट हामी अगाडि बढ्न जरुरी छ। र अबका दिनमा हामी होशियारीपूर्वक अब तेस्रो पोजिशनमा यो कोभिड-19 को सङ्क्रमणलाई जान नदिने विधि के हो ? प्रक्रिया के हो ? आफ्नो निर्णयमा अडिएर आफूले कार्यान्वयन गर्नेमा बोल्यो, निर्णय गऱ्यो कार्यान्वयन गर्नेतिर होइन पछि हट्ने कामबाट हामी बञ्चित भयौं भने मात्रै हामी साकार गर्नेछौं। त्यसलाई हामीले त्यो हिसाबले मात्रै त्यो विरोध गरे भन्ने मात्रै आउने कुरा हो। के गर्ने जनता तल रुन्छन्, जनता तल कराउँछन्, जनता तड्पिरहेका छन्, ती जनताका प्रतिनिधिले नबोले कले बोल्ने ? त्यसकारणले कतिपय कुरा आउँछन्, गरे, मैले अघि भने एकपटक सुरुमा सङ्क्रमण आयो, कमसेकम जाइने केरे पीपीई सेट दिएर जाऔं, सेनिटाइजर त लिएर जनतालाई जाऔं, मास्क त लिएर जाऔं, भनेर गइयो फेसन भो वा फेसबुकमा आयो। दुई लाख रुपैयाँ खर्च भाछ, कसले गरे त..त्यसको जवाफ के

दिने ? पागटबाट खल्तीबाट हालेर देश र जनताका बीचमा दुई लाख रुपैयाँको सामग्री बुझाउँदा (**माननीय सभामुख:** समय सकिएको छ माननीय सदस्य) यहाँ केरे जाइने खिल्ली उठाउने कामहरू भाका छन्। आज दैलेखमा ५० बेडको शैयाको आइसोलेसन बनाऔं १५ दिनभित्र भन्दाखेरि आज पनि त्यो पनि खिल्ली उडाउने ? त्यो त क्यापन हुन आँट्यो भनेर त्यो पनि हुने भाछ। त्यसैले अहिले मैले एउटा बजेटमा हेरें, जनता सडक र पूर्वाधारको कार्यक्रम तपाईँहरूले यहाँ देखाउनु भाको छैन। त्यो हटाउन पाउनुहुने छैन, त्योबाट होशियार हुनुहोला है। यसमा जाइने मैले अहिल्यै ध्यानाकर्षण गराको छु, यसबाटै अब तपाईँहरूले गर्न सक्नु भएन भने हामीले त्यसैबाट पनि कोभिड-19 लाई हुन्छ कि जनतालाई संरक्षण दिने काम त्यही छ। त्यसकारण म यति कुरा राख्दै तपाईँहरूबाट विदा हुन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री झोवा वि.क., समय ७ मिनेट। यसपछि माननीय श्री गोपाल शर्मा, तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री झोवा वि.क.:** सभामुख महोदय, यो नीति कार्यक्रमको मा म उभेछु, अनि एस्सोरी महामारीको रोगकोमा मुख्यमन्त्रीलाई हातमा पञ्जा लाउँदै, मार त्यै मुखमा मास्क लाउँदै किताब ल्याउनुभयो धन्यवाद दिन्छु म। एकदम त्यै गरेर, दु:ख गरेर यति रोगसँग यति टाराटारा भइदेइ किताब ल्याएर धन्यवाद दिन्छन्। अनि यो के होरे हाम्रो रोगसँग लड्न्या भोकसँग लड्न्यालाई अनि यो त्यै क्यारे सर्वप्रथम रोगसँग, भोगसँग लड्नलाई हाम्रो यो, यो सालचाहिँ धेरै योजना नदिएपछिमा हामी चाहिँ दु:ख लाग्ने पनि छैन। अनि दु:ख यता रोग छँदैछन्, अनि त्यैपछि भोक छँदैछन्, त्यैलाई अब योजना नदिएपछिमा पोरजसो गुनासो पनि धेरै हामी गर्ने खालको पनि छैन। अनि अरू कुनाकोप्चोमा यो त्यै क्यारे टारा टारा साटिकन कर्नालीतिर आनि क्यारे रोग भोकलाई नसमाएपछिमा नदिएपछिमा हामी चाहिँ लड्ने लड्छन् अनि रोगभोक कुनाकोप्चामा हुने भन्छन् यसरी काखापाखा नगरेर कुनाकोप्चामा पनि लिएर कुनाकोप्चामा पनि दिएपछिमा हामी चाहिँ अरु केही भन्या छैन। अनि कुनाकोप्चामा नलिए, आफ्नै मान्छेलाई रोगभोक हेऱ्यो, आफ्नै मान्छेलाई नजिक गऱ्यो अनि त्यै साविक कर्नालीलाई टारा गरिसकेपछिमा हामी पनि लड्नको तयार छ अनि पोर चाहिँ अनि यति साविक कर्नाली हो भन्या- मुगुजसो, डोल्पाजसो, हुम्ला जसोलाई अनि दश-पन्ध्र दिएर अरुलाई चाहिँ अनि पचास २-२ करोडमा दिएर हामी चित्त दुखेछ। त्यै बरु त्या थोरै चाहिँ यो साल चाहिँ अब हामी लड्ने पनि छैन। अब यही रोगभोकलाई दिएपछिमा हामी पनि चित्त बुझ्यो पुग्यो। अनि यो त्यै क्यारे दलितमा यो क्या त्यै राउटेसँग कसै हो। तिनुसँग त्यै केरे, राउटेसँग हामी खुवाइलाइ मिल्दैन। हाम्रो त्यै क्यारे धर्मै मिल्दैन भनेपछिमा योसँगै कसरी भयो होला। सबैलाई थाह छ, राउटे चाहिँ पैसा पाएपछिमा आफैचाहिँ मासु खान्छन् अनि रक्सी खान्छन् हामीचाहिँ दलित चाहिँ पैसा पाएमा घर लाउँछन्, अनि त्यै क्यारे किसान गर्छन् र त्यै यो केरे श्रम यो त्यै केरे जे-सुकै काममा ला लगाउँछन् अनि तिनु-हामी राउटेसँग कसरी भयो होला म यो अचम्मै पो रैछ त। राउटेसँग हामी जोर्ने कुरा छ बरु चाहिँ दलित महिला भनेर त्या एक कुरा छ, जनजाति भनेर त मिल्दोजुल्दो छ। यो राउटेसँग कसरी मिल्दोजुल्दो भयो त ? कसरी

यो सरकार पनि अलि चाहिँ नहेरेर किन त्यसो लेख्यो होला ? अब का सेतो कागजमा त्यै कालो अक्षर लेख लेख्न त लेख्यो पछि मेट्नलाई गाह्रो होला तपाईँहरूलाई। अनि यसरी गर्नु हुँदैन। बरु अलि चाहिँ मिलाएर ल्याएपछिमा यो साल चाहिँ अब हामी दै त्यै योजना ल्या पनि हामी भन्दैन। अब केही बाँकी भएपछिमा यो रोगसँग भोकसँग अँ छुटाइसकेपछि बाँकी भएपछिमा हामीलाई चाहिँ अब काखापाखा नगरेर अँ त्यै साविक कर्णाली पनि बराबर गरेर दिनुहोला। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री गोपाल शर्मा। समय ७ मिनेट, यसपछि माननीय श्री दानसिं परियार तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री गोपाल शर्मा:** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको मार्गदर्शनको रूपमा हामीकहाँ २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत भएको छ। यो कार्य यो नीति तथा कार्यक्रम सामान्यतया तत्कालीन चुनौतीको सामाना गर्ने र रणनैतिक अपेक्षा पूरा गर्न दायित्व र दबाबबाट प्रभावित छ भन्ने कुरा मेरो बुझाइ छ। बुँदा नं. १६ मा यसको सार केन्द्रित भएको छ र यसमा मुख्यत: भोकमारी र महामारी नियन्त्रण गर्न र उत्पादन वृद्धि गर्ने र रोजगारी सिर्जना गर्ने कुरामा यो बढी केन्द्रित गरिएको छ। केही पुराना र केही नयाँ कार्यक्रम यहाँ मिश्रण गरिएको छ। र यद्यपि नयाँ कार्यक्रम यसमा मिश्रण गर्नुपर्थ्यो कि पर्दैन्थ्यो भन्ने कुरा यहाँ बढी छलफलको विषय छ। प्रदेश सरकारको स्वाभाविक रूपले अहिलेको जोड भनेको कोभिड-19 को महामारी नियन्त्रण गर्ने र यसबाट प्रभावित हुन सक्ने भोकमारी नियन्त्रण गर्ने कुरा नै मुख्य हो भन्ने कुरा हामी सबैको बुझाइ छ र सरकारले पनि मलाई लाग्छ यसलाई नै प्राथमिकता दिएको छ भन्ने कुरा यहाँ राख्न चाहन्छु। खासगरी यसबाट प्रभावित यो महामारीलाई नियन्त्रण गर्ने सन्दर्भबाट विषयलाई केन्द्रित गरेर नै यो नीति तथा कार्यक्रममा प्रत्येक जिल्लामा ५० देखि १०० बेडको आइसोलेसन र ५ बेडको आईसियू र १ बेडको भेन्टिलेटरसहितको व्यवस्थापन गर्ने जिम्मेवारी सरकार केरे कार्यक्रम ल्याएको छ। स्वस्थ प्रदेश अभियान ट्रमा सेन्टरको स्थापना, मुख्यमन्त्री युवा उद्यमी अभियान अन्तर्गत खासगरी श्रम-सहकारी, श्रम-कार्यदल, श्रम-स्वयम्सेवक परिचालन र श्रम अभियानमार्फत् निर्माण कार्य गर्ने र खाद्यका लागि श्रम कार्यक्रम, यस्ता महत्त्वपूर्ण कार्यक्रम पनि यसमा समावेश भएका छन्। यहाँ अरु पनि कार्यक्रमहरू छन्- खासगरी विद्यालय शिक्षादेखि लर्न आइन्ड केरे लर्न एण्ड अर्नको कुरा छ। सामाजिक सुरक्षा तथा जीविकोपार्जन कार्यक्रम छ। पब्लिक कम्पनी र सहकारीहरूमार्फत् जलस्रोतको कार्यक्रम र खासगरी अन्य सिर्जनटल साझेदारी कोष लगायतका केही कुराहरू छन्। अब यी सबै कुराहरू खासगरी नयाँ छन् तर मेरो आफ्नो भनाइ के छ भन्दाखेरि प्रदेश सरकारको प्राथमिकतामा परेको भनेको महामारी नियन्त्रण गर्ने र भोकमरी कन्ट्रोल गर्ने कुरामा समग्र कुरा फोकस हुनुपर्छ र भएको पनि छ। मलाई लाग्छ नीति तथा कार्यक्रमले समग्र पक्षलाई समेट्नुपर्छ, समेटेको पनि छ। र यो सबैको आधारभूत कुरा हामी सबैले सदनमा पनि यो प्रतिबद्धता गर्नु जरुरी छ।

सरकारले त्यो प्रतिबद्धता गर्न जरुरी छ कि समग्र नीति कार्यक्रमको सार संक्षेश संक्षेप कोभिड-१९ र यसबाट प्रभावित हुने विषयमा गर्नुपर्छ। यसको साधसाथै केही विषयमा ध्यान दिनुपर्ने पक्ष मैले यहाँ देखेको छु। एक वडा एक पोखरी भन्ने कुराले उत्पादन वृद्धिको संकेत चाहिँ एकदमै सीमित गरेको संकेत देखाउँछ। यसलाई वृद्धि गर्नुपर्‍यो। विमानस्थलको स्तरउन्नति गर्ने हाम्रो कार्यक्षेत्रभित्र चाहिँ छ कि छैन भन्ने कुरा पनि यसबाट हेरौं। त्यो गतवर्ष पनि हामीले गरेका थियौं, अहिले यसमा यो परेको छ। वीरेन्द्रनगरमा चक्रपथ दुइटा छ कि एउटै छ ? बाहिरी चक्रपथ भनेर आएको छ, कतिपय शब्दको कुरा छ, एउटै चक्रपथ हुन सक्छ। वीरेन्द्रनगरमा चक्रपथको जरुरी होला। साइकल लेन गत वर्ष नै असफल भएको योजना हो, तत्काल असफल भएका योजनाहरूलाई फेरि अहिले त तत्काल आवश्यक हो कि होइन भन्ने कुरामा पनि विचार गर्न जरुरी छ। यहाँ कतिपय विषयहरू खासगरी विशेष, प्रदेश विशेष विद्यालय भनेर एउटा विशेष विद्यालयलाई जोड गर्न खोजिएको छ, त्यसो गर्न जरुरी छैन। ६९ वटा नै विद्यालयलाई प्रदेश विशेष विद्यालयको रूपमा सरकारले लिन जरुरी छ। नीति तथा कार्यक्रम पनि त्यसतर्फ केन्द्रित हुन जरुरी छ भन्ने ठान्छु। केही महत्त्वाकांक्षी कुराहरू पनि छन्, त्यसलाई अहिले नै कार्यान्वयन गर्न सक्ने हो सरकारले त्यसलाई पुनर्विचार गर्न जरूरी छ कि। घुमफिरका कार्यक्रम पनि छ जस्तो सिकाइ अनुभव र अभ्यास आदानप्रदान गर्ने कार्यक्रमको नीति तथा कार्यक्रममा आएको छ। यो घुमफिर गर्ने कार्यक्रम अहिले सम्भव छ कि छैन ? त्यसतर्फ पनि विचार गरौं। प्रोत्साहन, सहुलियत, समन्वय, साझेदारीजस्ता शब्दहरू यहाँ कैयौं परेका छन् यस्ता शब्दहरूलाई औपचारिक रूपले नराखौं। मैले भनेको यसलाई ठोस रूपले प्रयोग गर्ने कोसिस गरौं। म अन्त्यमा एउटा कुरा भन्न चाहन्छु खासगरी केही स्पष्टता, कतिपय विषयहरू प्रत्येक विषयहरू संविधानमा उल्लेख भएका विषयहरू मात्रै यहाँ आउँछन् भन्ने अर्थबाट हामीले बुझ्नु हुँदैन। विगतका नजिरहरू पनि छन् जनयुद्ध लगायतका विषयहरू यहाँ हुँदाखेरि विगतका नजिरहरू पनि छन्। संघीय सरकारका नजिरहरू पनि छन् र हाम्रै नजिरहरू पनि छन्। प्रत्येक यो सरकारको आफ्नो मौलिक कार्यक्रम हो, त्यसमा कतिपय भावका कुराहरू पनि आइपुग्छन्, हामीले यलाई अन्यता लिन जरुरी ठान्दिन म। श्रम सहकारी ऐन विपरीत छ भन्ने कुरा त्यसो देखिंदैन। श्रम, श्रम ऐन २०७४ को दफा परिच्छेद २ को दफा ३ उपदफा २ मा हेर्न मलाई म जरुरी ठान्छु र श्रम कार्यदल र श्रम सहकारीले अहिले गरेका उदाहरणीय कामप्रति पनि हामी सबैको चासो जान जरुरी छ। १० दिनमा १५ शैयाका हस्पिटल बनेका उदाहरणहरू हामीसँग छन्। हामीले हिम्मत गर्‍यौं भने नयाँ खालको एउटा अभ्यास नयाँखालको स्क्रिप्ट हामी सबैले राख्न जरुरी छ। सरकारले ल्याएको यो नीति तथा कार्यक्रमप्रति म समर्थन जनाउँदै म सरकारलाई धन्यवाद दिन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री दान सिं परियार, यसपछि माननीय श्री खड्कबहादुर खत्री तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री दान सिं परियार:** सभामुख महोदय, आर्थिक वर्ष ०७७/७८ को कर्णाली प्रदेश सरकारले ल्याएको वार्षिक नीति कार्यक्रमचाहिँ आफ्नो धारणा राख्नको लागि यहाँ उपस्थित भएको छु। र आज हामीले वार्षिक नीति कार्यक्रममा चाहिँ हाम्रो कुरा राखिरहँदा कर्णालीका चाहिँ आम जनताहरूले हेरिराख्याछन् कि कर्णालीको नीति कस्तो बन्दैछ ? र यसको बारेमा चाहिँ नजिकबाट हेरिराख्या छन् र जनताका जनप्रतिनिधिहरूले त्यहाँ के बोलिराख्या छन् भन्ने कुरा नजिकबाट हेर्न खोजिराख्याछन्। र मैले यहाँ धेरै कुरा केहि गर्दिन मैले गत वर्षको नीति कार्यक्रममा पनि धेरै कुरा राखिराख्या थिएँ मैले, पहिलो पटक मैले भनेको थिएँ कि तपाईंको चाहिँ कम्युनिष्टहरू सत्तामा चाहिँ हुँदा हिजोभन्दा अलि फरक किसिमको चाहिँ नीति कार्यक्रम हामीले ल्याउन सक्छौं कि सक्दैनौं ? दलाल, पूँजीवादलाई चाहिँ निरुत्साहित गर्ने हामीहरूका योजना छन् कि छैनन् ? र हामीले खोजेको कर्णालीको समृद्धि कुन क्षेत्रबाट हो ? यो ठोस हामीले गर्न सक्यौं कि सकेनौं ? र सामाजिक, आर्थिक रुपान्तरणका चाहिँ आधारहरू हामीले तय गऱ्यौं कि गरेनौं ? यो प्रश्न हो। र हामीले जहिले पनि बजेट बनाउँदा कुन कुरा कुन सूचकलाई हामीले आधार बनाएर हामी बजेट निर्माण गर्छौं ? यो पहिलो कुरा हो। तर हामीले हिजोकै संसदीय व्यवस्थाको चाहिँ निरन्तरता कुनै कुरा चाहिँ नयाँ देखिन्न यहाँ। १३ सयलाई कन्टिन्यूटी गरेको देखिन्छ यहाँ। आज गत वर्षको नीति कार्यक्रमभन्दा यो वर्षको नीति कार्यक्रम अझैं कमजोर छ, धेरै कार्यक्रम चाहिँ छुटेको छ। हामीले भन्यौं कोभिड-19 को बारेमा, यो विश्वको अहिले महामारीमा लडिराख्या छ, यसको बारेमा सरकारले ठोस कार्यक्रम ल्याओस् र आवश्यक पऱ्यो भने सरकारले आवश्यकताको आधारमा चाहिँ ठोस कार्यक्रम फेरि पनि तय गरेर जान सक्छ। हरेक क्षेत्रमा छुट्याएको बजेटलाई पनि रकमान्तर गरेर पनि हामी ठोस कार्यक्रम गरेर जान सक्छौं। यसको बारेमा पनि तपाईंको ठोस कार्यक्रम देखिएन यहाँ, तपाईंको चाहिँ। कोरोनाको विरुद्धमा चाहिँ ठोस कार्यक्रम के हो हाम्रो ? यसका विरुद्धमा कर्णालीले कर्णाली सरकारले गर्न खोजेको कुरा के हो ? हामीले कति वटा भेन्टिलेटर ? कति वटा आइसियू ? कति वटा तपाईंको चाहिँ क्वारेन्टिनहरू बनाउन खोज्यौं ? यो कुरा ठोस रूपमा छैन यहाँ तपाईंको चाहिँ। तत्काल हामीले गर्नुपर्ने कुरा यो हो, यसको बारेमा हामीले ठोस देखिएको छैन। र दोस्रो कुरा अहिले, रोग जति समस्या छ त्योभन्दा ठूलो समस्या चाहिँ भोक छ। हजारौं कालापहाडका युवाहरू आज गाउँमा आकाछन्। रोगको विरुद्धमा जसरी सरकार लड्दै छ त्यसका भोकका विरुद्धमा लड्ने हामीले ठोस योजना बनाउनुपर्छ। भोकका विरुद्धमा रोजगार भन्ने कार्यक्रम हामीले ल्याउनुपर्छ अब। कर्णालीका सबै कार्यक्रमहरू ती बेरोजगार युवाहरूले काम गरेर खाने स्थिति चाहिँ हामीले अबको कार्यक्रममा चाहिँ तय गर्नुपर्छ। दोस्रो कुरामा कोरोनापछि चाहिँ त्यो भोकको कुरा राख्न चाहन्छु मैले। र तेस्रो कुरा चाहिँ उत्पादनको कुरा हामीले गर्न खोजेको ठोस उत्पादन के हो ? उत्पादन सँगसँगै चाहिँ हामीले उत्पादनसँग जोडिएका के-के उद्योगहरू हामी बनाउन सक्छौं त्यो नीतिमा ठोस देखेन मैले, त्यो कुरा पनि आउनुपर्छ भन्ने लाग्छ। अर्को चौंथो कुरा अहिले सबैभन्दा बढी देशभरिको चाहिँ समस्या के हो भने बेरोजगारपछिको ठूलो समस्या चाहिँ भ्रष्टचार हो। भ्रष्टाचारको केही

कतै कुरा यहाँ उल्लेख छैन यहाँ। भ्रष्टाचारको विरुद्धमा चाहिँ कर्णाली सरकारले शून्य सहनशीलताको चाहिँ नीति लिइनेछ भन्ने कुरा चाहिँ नीतिमा आउनुपर्थ्यो। हामीले भ्रष्टाचारको विरुद्धमा केही बोलिराख्या छैनौं। कर्णालीको गरिबीको एउटै कारणचाहिँ भ्रष्टाचार हो। बेरोजगारी नियन्त्रणसँगसँगै भ्रष्ट्राचार हो यसका बारेमा पनि हामीले ठोस योजना अगाडि बढाइराख्या छैनौं भन्ने लाग्छ मलाई। र अर्को कुरा हामीले अहिले संविधानमा भनिराख्याछौं समाजवादउन्मुख अर्थ व्यवस्था त्यसको निर्माण गर्ने त्यो आधार तयार गर्नको निमित्त हामीले समाजवादउन्मुखका आधारहरू कुन बेला तयार हुन्छन् भनेर हामीले प्रदेश पूँजी निर्माण गर्ने आधारहरू के के तयार गर्‍यौं। हामीले कर्णाली प्रदेशको साँच्चिकै समृद्धि कुन क्षेत्रबाट खोज्या हामीले ? उत्पादनबाट हो कि, हाइड्रोबाट हो कि, त्यसपछि आएर तपाइँको पर्यटनबाट हो कि ? कुन क्षेत्रबाट हामीले कर्णालीको समृद्धि खोज्या हो ? त्यो कुरा ठोस देखिएन यहाँ तपाइँको चाहिँ। हामी सबै कुरा चाहिँ गर्न खोजेजस्तो र साँच्चिकै हामीले कर्णालीलाई समृद्ध गर्न खोज्ने कुन क्षेत्रमा चाहिँ सरकारले लगानी गर्‍यो भने हामीले प्रदेशको विकास गर्न सक्छौं र जनताका आधारभूत आवश्यकता चाहिँ प्रदेश पूँजीबाट सम्बोधन गरेर हामीले समाजवादउन्मुख एउटा नमूनाबाट गर्न सक्छौं भनेर यो ठोस देखिराख्या छैन तपाइँको। त्यसो भएकोले मैले यहाँ धेरै कुरा गर्दिन मैले। गत वर्ष पनि हामीले हेर्‍यौं, बजेटमा एउटा कुरा छ, नीतिमा एउटा कुरा छ। यो वर्ष यो नहोस्। र बजेट असन्तुलन, गत वर्ष धेरै बजेट असन्तुलन भो। जहाँ मन्त्रीहरूको हक क्षेत्रमा बढी बजेट, मन्त्री नभको ठाउँमा कम बजेट। र रकमान्तर पनि मन्त्री भको ठाउँमा फेरि। र कार्यान्वयन पनि मन्त्री भएको ठाउँमा चाहिँ त्यो भयो। यो वर्ष त्यो नहोस् भन्ने कुरा राख्न चाहन्छु र अन्तमा मैले भन्छु, अहिले हामीले जति पनि हामीले समृद्धिका कुरा गरिराख्याछौं परिवर्तनका कुरा गरिराख्याछौं, आज हजारौं मान्छेहरू तपाइँको चाहिँ मरिराखेको स्थित छ। हिजोआजको घटनामात्र हामीले हेर्‍यौं। कम्युनिष्टहरू सत्तामा गइसकेपछि सामाजिक सांस्कृतिक र आर्थिक रुपान्तरणको नेतृत्व गर्छन् भन्ने हामी सोचिराख्या थियौं। विश्व कम्युनिष्ट आन्दोलनको महत्त्व हेर्दा पनि पूँजीवादीहरूको नेतृत्व चाहिँ पूँजीवादी देशहरूले गरिराख्याछन्, त्यहाँ नागरिक र तपाइँको चाहिँ राजनीतिक अधिकारको कुरा छ, पूँजीवादीहरूले अन्तर्राष्ट्रिय जगतमा त्यसको नेतृत्व गरिराख्याछन् र कम्युनिष्टहरूले सामाजिक सांस्कृतिक र तपाइँको आर्थिक रुपान्तरणको नेतृत्व गरिराखेको इतिहास हो तर हामीले देख्यौं, हिजोआज मात्रै हेर्‍यौं हामीले, दिनदहाडै मान्छे मरिराख्याछ, एउटा विगतको कहानीले गर्दा। तीनचार वर्षको चाहिँ बालिका बलत्कारको अवस्थामा चाहिँ हामीले देखिराख्याछौं। एउटा प्रहरी, प्रहरी क्याम्पभित्रचाहिँ गोली लागेर मरिराख्या स्थिति छ। हामीले शान्ति सुरक्षा चाहिँ कायम गर्न सक्यौं कि सकेनौं ? हामीले सामाजिक सांस्कृतिक रुपान्तरणका चाहिँ आधारहरू तयार गरेर गर्न सक्यौं कि सकेनौं ? त्यसोभकोले यो नीति जसरी आइराख्या छ, यहाँ केही प्रयास गरेर ६३ बुँदामा आइराख्याछ तर ठोस हामीले गर्न खोज्या कुरा के हो ? कुन क्षेत्रबाट चाहिँ हामीले समृद्धि खोज्या हो? कुन क्षेत्रबाट हामीले रुपान्तरण खोज्या हो भन्ने कुरा चाहिँ यहाँ ठोस नीतिमा देखिन्न। यो एकातिर चाहिँ संसदीय

व्यवस्थाभित्र चाहिँ दलाल पूँजीवादलाई निरन्तरता दिने, अर्कोतिर चाहिँ आधारभूत वर्गका चाहिँ व्यक्तिहरूले आधारभूत वर्गका समुदायले चाहिँ राज्यबाट कुनै पनि किसिमको चाहिँ सेवा सुविधा नपाउने किसिमको नीति देख्छु मैले। प्रत्येक्ष चाहिँ लाभ नपाउने ती बेरोजगारहरूले, ती गरिबहरू ती दुखीहरूले त्यस्तो किसिमको कार्यक्रमहरू चाहिँ तय गरिराख्याछौं। त्यसो भकोले मलाई लाग्छ अहिले जति पनि नीतिमा कुन-कुन क्षेत्रमा चाहिँ हामीले चाहिँ प्राथमिकता गर्न खोज्या हो। अहिले पनि हामीले हेर्‍यौं, भू-नीतिको बारेमा यसमा चाहिँ प्रष्टै देखिराख्या छैन। पर्यटन नीति के हो ? त्यो प्रष्ट छैन। त्यसपछि आएर शैक्षिक माफियाहरूले अहिले हावी भइराख्या छन्। भूमि माफियाहरू अझैं हावी भइराख्याछन् र हरेक क्षेत्रमा दलालीहरू चाहिँ अगाडि बढिराख्याछन्। उत्पादन गर्ने मान्छेहरू पनि गरिब भइराख्याछ, उपभोग गर्न मान्छे पनि गरिब ग गरिब भइराख्याछ र बीचका दलालहरू तपाईंको चाहिँ लाखौं करोडौं चाहिँ पैसा कमाइराख्याछन्। त्यसो भकोले मलाई लाग्छ आगामी नीति हामीले तय गर्दा बजेटले यो नीतिलाई कति छुन्छ र सकारात्मक विभेदको नीति हामीले केश के मा अवलम्बन गर्‍यौं हामीले ? कुन नीतिमा हामीले सकारात्मक नीति अवलम्बन गर्‍यौं ? हामीले त भन्याछौं कम्युनिष्टहरू वर्गीय पक्षधर हुन्छन्, वर्गीय पक्षधरताको नीतिलाई पूर्णता दिनको निमित्त हाम्रो कार्यक्रम के हो ? बजेट के हो ? सकारात्मक विभेदको नीति हामीले कहाँ अपनायौं र आज तमाम बेरोजगारहरू छन् अहिले कर्णालीमा। हजारौं कालापहाडबाट आएका बेरोजगार युवाहरू छन्, ती युवालाई हामीले रोजगार दिन सक्ने हामीसँग के छ सोच हामीसँग ? र कर्णालीभित्रको चाहिँ प्राकृतिक स्रोधसाधनलाई अधिकतम प्रयोग गरेर हामीसँग चाहिँ के खाले हामीसँग सोच छ। त्यसोभकोले यो कुरा देखिदैन, त्यसोभकोले आगामी नीतिमा धेरै कुरा त हामी समेटिएको छ। अझैं सकारात्मक विभेद सहितको नीति अवलम्बन गर्ने र सबै क्षेत्रलाई समेट्ने र व्यवस्था विरोधी दलाल पुँजीवादीहरूलाई चाहिँ निरुत्साहित गर्ने र समाजवादन्मुख अर्थव्यवस्थाको आधार तय गर्ने किसिमको नीति तय होस् र यो बजेटले कैयौं असन्तुलन सबै क्षेत्र, सबै जिल्ला, सबै निर्वाचन क्षेत्रलाई चाहिँ न्यायोचित किसिमको बजेट आओस् र सकारात्मक विभेदसहितको चाहिँ नीतिले चाहिँ बजेटमा चाहिँ सम्बोधन गरोस् भन्ने कुरा राख्दै मेरो भनाइ यही टुङ्ग्याउँछु धन्यवाद। नमस्कार।

**माननीय सभामुख:** माननीय श्री खड्कबहादुर खत्री, यसपछि माननीय श्री रातो कामी।

**माननीय श्री खड्कबहादुर खत्री:** सभामुख महोदय, यो नीति तथा कार्यक्रम अन्तर्गत यो माननीय सदस्य प्रदेश सभाका विषयगत समिति, यी विभिन्न यहाँ सबैको सुझाव सल्लाह लिएर चाहिँ गरेको भन्थे एउटा किताबमा छ नीति तथा कार्यक्रममा। मलाई त के लागिरहेको छ भन्दा यो किताबमा कुनै बाँकी छैन। विकासका आधारहरू, विकासका पूर्वाधारहरू गर्नु पर्ने काम र सबै सकिएको छ। विज्ञहरूका कुरा पनि यहीँ छन्, अब विभिन्न माननीयहरूको मलाई लाग्छ मसँग त सल्लाह भएन। अब कताबाट यहाँ लेखियाछ जेहोस् जसो लेख्ने एउटा गर्ने एउटा स्थितिको सिर्जना भयो। त्यसैले म मुख्यमन्त्रीजीलाई विनम्रसाथ आदर गरेर म भन्न

चाहन्छु, मलाई लाग्छ धेरै दु:ख पाएर तपाइँ ज्यान बचाएर यहाँ बाँच्नु भएको एउटा जिउँदो सहिद हो। म आग्रह गर्न चाहन्छु एउटा मन्त्री परिषद्मा म केही समय बस्ने अवसर पनि पाएँ। मलाई लाग्छ तपाइँको एउटा इमानदारीता र सोझोपन लाग्थ्यो र अहिले पनि लाग्छ। तपाइँ बाहिरबाट कतैबाट यो चल्ने अवस्था हो कि भन्ने मलाई लागिराछ। मलाई लाग्छ भन्ने र तपाइँ व्यवहार पनि र काम गराइ शैली पनि केही समय तपाइँको साथमा एउटा सदस्यको नाताले बस्ने अवसर पाएँ। वास्तविक कुरो तपाइँको लगाम, तपाइँको एउटा दौडधुप, तपाइँको क्रियाशीलता एकदमै मलाई मनमा जीवनभरिमा छुनेछ। र मैले यो कुरा काट्नका लागि मात्र होइन वास्तविक कुरो कुनै ठाउँबाट चल्ने - कुनै विज्ञ होस्, अथवा कोही त्योभन्दा छुटै कमान्डर होस् अथवा त्यहीभित्रबाट कताबाट चल्नुभाछ मलाई थाहा छैन। निर्णय धेरैचोटि पनि म क्याबिनेटमा रहँदा होला अब यसको एउटा हामी एउटा लाटा अथवा सोझा हामी केही नबुझेका भएर पनि एउटा भनौं सुरुवात भयो। तीनटा संघ संरचनाको सुरुवात भयो। एकैचोटि माननीय चुनाव भो त्यसपछि मन्त्री भन्ने झण्डा हल्लाइयो को मन्त्री भका त्यता दौडियो। त्यसपछि माननीय भन्ने शब्द छ माननीयज्यू नमस्कार गरेका छन् जनताहरू तल तर नीतिगत रूपमा हामी प्रशिक्षित छैनौं। जस्तै म यहाँ पूर्व संविधान सभामा बस्नुभको, धेरै अनुभव खारिनुभको, मन्त्री हुनुभको अनुभव छ, बोल्ने शैली, गर्ने शैली मलाई लाग्छ यहाँ पनि कति बोल्ने ? कति दायरा हुन्छ यी भित्र ? कति गर्न पर्छ र मलाई लाग्छ अग्रगमनको कुराभन्दा मलाई लाग्छ गरिब दु:खी पीडित मान्छेका पक्षमा बोल्न पर्छ चाहे नेपाली कांग्रेस होस्, चाहे नेपाल कम्युनिष्ट पार्टी होस् गरिब ती समाजवादको नारा नेपाली कांग्रेसको छ। त्यस्तै भनौं आज उत्पादनमूलकसँग गएर गरिब दु:खीका भनौं उसमा जान पर्छ भन्ने नारा कम्युनिष्ट पार्टीको छ। म के आग्रह गर्न चाहन्छु त भन्दा मुख्यमन्त्रीलाई म विशेष गरी अनुरोध गर्न चाहन्छु। तपाइँको नियत सफा भए पनि कतै केहीबाट घुस्याछ कि अथवा भनौं यो मलाई लाग्छ माननीयज्यूहरूले हामी धेरैचोटि हामी कुरा राख्छौं यो एकैचोटि म त माननीय भएँ, एकैचोटि मन्त्री हुने एउटा अवसर पाइसकेपछि त्यहीभित्र बसियो र तलबाट पटक-पटक माननीयज्यूहरूका कुरा आउँथे, गर्थे। कति कुरा जानिएर गरियो, कति कुरा नजानिएर गरियो। म आग्रह गर्न चाहन्छु मुख्यमन्त्रीलाई, तपाइँको जुन एउटा हिजोको इतिहास छ, त्यो इतिहासलाई तपाइँको मैले अवसरले कालिकोट जाने अवसर पाथैं तपाइँको गाउँ पनि मैले देख्याछु। त्यस्तै हामी दु:खी ठाउँका गरिबका मान्छे हौं हामी। मलाई लाग्छ यो अवस्थाले तपाइँले आफ्नो दिमागले चल्न पर्छ म आग्रह गर्न, सुझाव सल्लाह लिनुहोस्, सबैको भनौं साथ-सहयोग लिनुहोस् निर्णय आफूले गर्नुहोस्। बोलेको जो गरेको निर्णय छ जे भनिएको छ त्यो गर्न सकियो भने सबै जनताका निम्ति हुन सक्छ यले इतिहासमा नाम रच्न सक्छ। म आग्रह गर्न चाहन्छु यहाँ विभिन्न ठाउँका विभिन्न कुरा छन् म दुईचार वटा मेरो अनुभवका नाताले। अहिले काँक्रेविहारमा हामी फेरि प्रतिपक्षको दलको नेताले जनताका पक्षमा कम्युनिष्ट पट्टिको कम्युनिष्ट पार्टीको नाराका कुराहरू जनताका आवाज प्रतिपक्षबाट उठिरहेको छ। कार्यान्वयन गर्ने ठाउँमा हामी छौं, हामी दुईतिहाइको बहुमत छ, बहुमतका

नाममा यहाँ भित्र म यहाँ भन्न चाहन्छु एउटा शब्द छुटयो छ। यो दलालको पनि सुझाव, दलाल भनेको फेरि शेयर मार्केटमा मैले एउटा अनुभव गरेको नाताले यहाँ दलाल भन्दा हाम्रो शब्द अर्कै छ। यो शब्द पनि राख्न यहाँ जरुरी छ। यता जे शब्दले बुझ्छन् यता जे हुन्छ यहाँ दलालको पनि सुझाव, विचौलियाको पनि सुझाव भन्ने भो भने पनि मलाई लाग्छ ती पनि कामहरू त्यहाँ घुस्न सक्यो भने सजिलो हुन्छ। म विशेषगरी म आज मुख्यमन्त्रीलाई नै आग्रह गर्न चाहन्छु, यो कस्तो रैछ भने सिस्टमै भनौं मुख्यमन्त्रीले जता भन्यो अथवा भनौं निर्णय जे गर्‍यो, मन्त्री क्याविनेटको त्यस्तो एउटा शैली हुँदोरैछ। त्यसैले मलाई लाग्छ टोटल अधिकार कार्यकारी अधिकार भएको मन्त्री मुख्यमन्त्रीजी हुनुहुन्छ। यो कुनै डाइलग मार्नपर्ने कसैलाई खिसीउटी गर्नुपर्ने अवस्था पनि छैन। तपाइँ हामी दु:खी गरिब सबै हाम्रा भनौं खानपान रहनसहन हामी सबैले बुझेकै छौं। हामीमा लाग्छ कामी दमाई भनौं, सार्की भनौं, क्षेत्री बाहुन विभिन्न जाति गरे पनि दु:खी गरिब ठाउँबाट आका छौं। हुँदाहुँदा माला लाउँदै कुना कुना बसेर हामी भात खाने ती दमाइका घर बस्ने सिलाएर त्यहीँ नुहाउने अहिले चाहिँ विभिन्न नारा लाउँदै विभिन्न ठाउँबाट भड्केर हिँनिरहेको अवस्था छ। मलाई लाग्छ भोलि भोट दिने तिनै हुन्। अहिले त यहाँ के देखियो भने मञ्चमा आउने बोल्ने भाषण दिइसकेपछि जनतालाई प्रभाव पार्ने साहित्यिक शब्द दिने तर कारोबारोभित्र अर्कै छ। म आग्रह गर्न चाहन्छु यो कृषि मन्त्रीसँग मेरो केही छैन। हिजो पनि मैले बोलें, आज पनि भौतिक पूर्वाधार मन्त्रालय निर्माणका पूर्वाधारका कामहरू पटक भौतिक पूर्वाधार मन्त्रालयमा जान पर्छ। हिजो कृषि सडकका क्याविनेट मञ्च होस्। अहिले फोटासोटा देखाएर मलाई लाग्छ फोटाबाट ती चित्रण गर्न पर्‍यो। सिँचाइ भएका साना सिचाई कहाँ छन् ? ती चित्रण गर्नुपर्‍यो। उपभोक्ता समिति रुकु उता बोटेचौरको, काम गर्ने मेरो क्षेत्रमा त्यो दशरथपुरको चाहिँ उपभोक्ता समिति भाछ। मेसिन आइराछ उपभोक्ता यसको मकसद के हो त भन्दा मैले धेरैचोटि कुरा उठाएँ। सार्वजनिक लेखा समितिमा प्रष्टै उ चाहिँ छ सार्वजनिक ऐनमा प्रष्टै छ, उपभोग गर्ने मान्छेहरू त्यसबाट छानिएका चाहे कोही विपक्षका हुन् चाहे पक्ष हुन् त्यसभित्रले आफ्नो कुटोकोदालो गरेर श्रम लगाएर खाने र आ-आफ्नो संरक्षण गरुन भन्न धेय हो भन्ने मलाई लाग्छ। त्यस्तै अर्को म आग्रह गर्न चाहन्छु। मन्त्रालय सम्हाल्ने मन्त्रीज्यूहरूलाई मुख्यमन्त्रीजीलाई म विशेष यही उसबाट आव्हान गर्न चाहन्छु, काँक्रेविहारको टेण्डर आज हुँदैछ, त्यो टेण्डर भइसकेपछि ४० प्रसेन्ट विलो ३० प्रसेन्ट ३९ प्रसेन्ट विलो गरेको टेण्डर त्यलाई बदर गरेर फेरि आज टेण्डर निकालिएको छ। कि..कु..क जतिखेर चाहिँ बदर हुन्छ, जतिखेर पैंसा छैन जतिखेर कुनै संकट पर्‍यो, अथवा भनौं प्राविधिक दृष्टिकोणले पर्‍यो पैसै भएन भने त्यतिखेर मात्र बदर हुन्छ, त्यो मलाई लाग्छ इतिहासले भोलि बिहान सधैं यो दुईतिहाईको बहुमत हाम्रो रहन्छ कि रहन्न मलाई लाग्छ यही शैली लिँदै गयो भने भोलि हामी कतापट्टि जाने हो हाम्रो, हाम्रो स्थिति के हुने हो ? भोलिका दिनले चाहिँ देखाउनेछ म आग्रह गर्न चाहन्छु, त्यो टेण्डर एकदम पूर्णरूपले जस्तै चाहे भनौं वन मन्त्रालयबाट गर्‍यो कि पर्यटनबाट गर्‍यो कि त्यसै नामका विकासका नाममा दिएर भएन। एउटा हिँड्ने ओभरसियर बाटोमा

ल्याएर भएन एउटा हिंड्ने कोही पत्रकार, अडिट गर्ने पत्रकार मिडियामा देखाएर। यो हल्लाखल्ला यो भोलिबिहान आज म भोक्दै छु म यहाँ भन्दैछु। म एउटा साँक्षी ग्यारेन्टीमा बस्दा आज ४ वर्ष अगाडिको केश मलाई लागिराछ। यस्तै केश भोलि कठघरामा उभिनुपर्नेछ। अभिलेख दर्ज हुनेछ मलाई लाग्छ मन्त्रालयका कागजपत्र त कहीं जान्नन होला नि त। त्यसैले म आग्रह, मुख्यमन्त्रीजीलाई नै विशेष आग्रह गर्न चाहन्छु, सुझबुझका साथ यो भनौं कोभिड-19 लाई बजेटभरि मुखरित तपाईंको कमाण्डरमा हुनुपर्छ यो, कुनै मन्त्रालयमा जानु हुँदैन। दश अरब पैसा खाद्यान्न चाहिँ व्यवस्थामा गरियो भने मलाई लाग्छ आज कुलो नभएपनि हुन्छ, बाटो नभए पनि हुन्छ, आज पर्यटकीय क्षेत्र हामी ननाचेपनि हुन्छ। यो नाच्ने, गाउने, मयुरका प्वाँख लगाउने, टप्पा चाच नाचेर ठाउँठाउँ देखाएर चाहे केन्दीय नेता हुन् चाहे तलका नेता हुन्। यो पैसाको विनाश वडा कार्यालयबाट हाम्रा पूर्खाले ल्याएको बाजा बजाउने, गाउने, नाच्ने चाहिँ त्यी खेलमा चाहिँ रंगगाएर कपडा लगाएर बजेट वडाका बजेट त्यही छन्, प्रदेशका बजेट त्यहीं छन्, केन्द्रका बजेट त्यहीं छन्। विभिन्न नामबाट यी फूलबुट्टा भर्न छैन। अहिलेको बजेट विशेष गरेर भोग र रोगमा जाओस्। मलाई लाग्छ पहिलो नम्बरमा ८-१० करोड पैंसा खाद्यान्न र ८-१० करोड स्वास्थ्यमा गरियो भने यहाँ जीवन बचाउने एउटा सोच ६ नम्बरमा छ। जीवन रहे सबथोक रहन्छ यही म उद्धृत गर्दै मुख्यमन्त्रीलाई विशेष आग्रह गरें म विनम्रका साथ अझ पनि भन्न चाहन्छु आज विभिन्न ठाउँमा ठूलो संकट परेको छ। हिजो हामीले केही नहुँदा राहत बाँड्यौं त्यसको कुनै एउटा विधि बनेन र मलाई लाग्छ यो कार्यविधि बनाउँदै भन्दा पनि मुख्यमन्त्रीजीले यसमा कमाण्ड अब सम्हाल्नुपर्ने बेला भएको छ। म के भन्न चाहन्छु त भन्दा कुनै खर्च गर्ने चाहे खर्चको प्रक्रिया होस्। चाहे भनौं रासनको प्रक्रिया होस् चाहे भनौ राहतका कुरा हुन् चाहे खाद्य भण्डार यसको भनौं तपाईंमार्फत् एउटा भनौं मुख्यमन्त्री अन्तर्गतको रहेको एउटा समिति बनाई खाद्य भण्डारण तथा खरिद गर्ने एउटा सिस्टम बनाइयो भने त्यले चाहिँ प्रभावकारी पाल प्रभावकारी पार्छ र यसले जनतालाई राहत दिन्छ। हामी कस्ता क्षेत्रका मान्छे छौं, हाम्रो जनताको अवस्था के छ ? ती दुनदेखि गरिब दु:खी एउटा कोठामा बस्ने मैले अघि भने क्वारेन्टाइनमा बसेर होइन, यो शब्द क्वारेन्टाइन राखेर केही काम छैन। त्यो सुरक्षित घर एउटा घरमा हामी एउटै ओछ्यानमा एउटा पाखी समातेर मात्र ७ जना सुत्ने एउटा भनौं त्यो समाज, समाजका मान्छे छौं। ददुई प्रसेन्ट तीन प्रसेन्ट केही भ्यालीभित्र हामी केही भनौं मा बाँचेको अवस्था होला। त्यसैले यतातिर ध्यान आकर्षण गर्छु। प्रतिपक्ष दलको नेताजीले धेरै कुराहरू जनता पक्षमा उठेको छ। मैले उहाँको सपोर्ट गरेको पनि होइन **(माननीय सभामुख:** समयलाई ध्यान दिऔं माननीय सदस्य) हामीले लिएको नारा आज प्रतिपक्षले एउटा कार्यान्वयन गर्ने ठाउँमा छौं, त्यो चाहिँ कार्यान्वयन होस्। कार्यान्वयन गरियो भने भोलि जनताले सुखसुविधा पाउँछन् भन्दै मेरा भनाइ यहि राख्छु। हवस त धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री रातो कामी। यसपछि माननीय श्री करवीर शाही तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री रातो कामी:** माननीय सभामुखज्यू, माननीय प्रदेश प्रमुखज्यूबाट कर्णाली प्रदेश सरकारको नीति तथा ०७७/७८ को नीति कार्यक्रम प्रस्तुत भइसकेपछि अहिले हामी छलफलमा छौं र कर्णाली प्रदेश सरकारले ३२ पेज ६३ बुँदामा आफ्ना ०७७/७८ का सरकारका नीति तथा कार्यक्रमहरू ल्याएको छ। यसका सन्दर्भमा छलफलमा भाग लिइरहँदा यो कर्णाली प्रदेश सरकारले ल्याएका नीति तथा कार्यक्रमहरू कतिपय दीर्घकालीन र कतिपय तत्कालीन रूपमा कार्यान्वयन गर्ने र कर्णालीको भाग्य र भविष्यको फैसला गर्नका खातिर यो आइपुगेको छ। यस अर्थमा म कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र सँगसँगै यहाँ दुई/तीनवटा विषयमा अलि बढी फोकस गर्न खोजिएको छ। यो मध्येमा अहिले विश्वव्यापी रूपमा फैलिएको यो महामारीलाई कन्ट्रोल गर्नका लागि महामारीमा परेका जनसमुदायको रक्षाका लागि तिनको स्वास्थ्य लाभका लागि पनि यो बढीभन्दा बढी जोड गर्न खोजेको छ। जरुर रूपमा यो नगर्ने हो भने हामीलाई यो महामारीलाई जित्न सकेनौं भने हामीले ठूलो क्षति व्यहोर्न पर्ने स्थिति आउन सक्छ। यस अर्थमा यलाई जति सक्यो जोड गर्नु नै छ। यसका बारेमा अब तत्काल अहिले विभिन्न देशबाट र देशकै पनि एउटा जिल्लाबाट अर्को जिल्लामा आउनेहरूले असाध्यै ठूलो संकट खेपिरहेका चाहिँ छन्। अहिले क्वारेन्टाइनमा बसेका साथीहरूले स्वच्छ पानी पाइरहेका छैनन्। ट्वाइलेटको व्यवस्था छैन। स्वास्थ्यकर्मीहरू असाध्यै एउटा चाहिँ ठूलो तनावमा छन्। स्थानीय स्तरमा रहनुभएका जनप्रतिनिधिज्यूहरूलाई धेरैभन्दा धेरै समस्या छ। रातदिन दौडेर तिनको व्यवस्थापनमा चाहिँ लाग्नुभएको छ। नेपाली समाजको चेतनाअनुरूप तिनको कमाण्ड कन्ट्रोल हुन सकिरहेको छैन। तसर्थ यावत समस्याहरू सिर्जना भएका छन् र यले अझै थप समस्याहरू ल्याउन सक्छ। यसप्रति हामी सबै र कर्णाली प्रदेश सरकार पनि गम्भीरतापूर्वक लाग्न, लाग्न जरुरी छ भन्न चाहन्छु। त दोस्रो कुरा हामीले यो महामारीबाट पार पाउन पाइसकेपछि हामीलाई खानपानमा समस्या अथवा खाद्यवस्तुमा समस्या हुने कुरा हामीले चाहिँ दोस्रो रूपमा लेखेका छौं राखेका रहेछौं, कार्यक्रममा यसमा चाहिँ कर्णाली प्रदेश सरकारले कृषिलाई बढावा दिन र रोजगारी सिर्जना गर्नका लागि कृषिलाई केबल चाहिँ हामीले उत्पादनको कुरा मात्र गरेर हुँदोरहनेछ। कृषिको चाहिँ उत्पादित वस्तुलाई हामीले त्यसको लेवलिङ्ग गर्नुपर्ने, प्याकेजिङ्ग गर्नुपर्ने, त्यसको भण्डारण गर्नुपर्ने, त्यलाई बजारसम्म लिनका लागि हामीले गुरुयोजना बनाउनु नै छ। यदि हामीले उत्पादन मात्रै गऱ्यौं भने हामीले यसै भएर पनि नेपालीहरू हामी गरिब भएका चाहिँ छौं। कर्णालीको चाहिँ समग्र जडीबूटी हामीले प्याकेजिङ्ग नगर्दा लेवलिङ्ग नगर्दा त्यसको भण्डारण नगर्दा हामीले घुइयाको भाउमा हामीले बाहिर पठाउने र पछि गएर हामीले चाहिँ असाध्यै महँगो तरिकाबाट किन्नुपर्ने जो थिति छ। यलाई चाहिँ मध्यनजर गरेर हामी कर्णाली प्रदेशको भाग्य भविष्य निर्माण गर्नका लागि हामी अगाडि सरेका सबैले चाहिँ हामीले यलाई सोचेर यसको गुरुयोजना निर्माण गरेर अगाडि बढ्नुपर्ने बेला भएको छ, म यो भन्न चाहन्छु। र सँगसँगै उद्यम र रोजगारीमा हामीले सीप विकास उद्यम र रोजगारीमा बढीभन्दा बढी फोकस गर्न जरुरी छ आजका मितिमा यले पनि चाहिँ संकेत गरेको छ। अझैं यलाई

चाहिँ हामीले सरकारको यो नीतिमा र पछि गएर बजेट र कार्यक्रममा पनि यलाई ल्याउन जरुरी छ। धेरै सीप दक्षता बाहिर गएर सिक्नुभएका हाम्रा दाजुभाइहरू अहिले हाम्रो गाउँघरमा आउनुभएको छ। उहाँहरूको चाहिँ दक्षतालाई उहाँहरूको सीपलाई र त्यो बेरोजगारीमा रहने प्रबल सम्भावना भइसकेको रोजगारीमा जोडिएका साथीहरू अहिले आएर हाम्रो चाहिँ घरगाउँमा आइसकेपछि बेरोजगारी हुने सम्भावना छ। यलाई रोजगारी सिर्जना गरेर सापेक्षित ढंगले यलाई यलाई चाहिँ सीप दक्षताको सदुपयोग गर्न र कर्णाली प्रदेशको समृद्धिमा चाहिँ जोड दिनका लागि हामी जोड गर्नुपर्दछ। यो निश्चित रूपमा हामी सबै एउटा राजनीतिबाट हामीले एउटा राजनीति र आफ्नो आर्थिक सामाजिक र राजनीतिक क्षेत्रमा परिवर्तन गर्ने भनेर हामी आएका छौं। यो राजनीति भनेको अर्थतन्त्रको चाहिँ केन्द्रीय अभिव्यक्ति हो। यो कार्लमार्क्सले भन्नुभएको छ राजनीति भनेको अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति हो केवल राजनीति भनेको राजनीति कोरा राजनीति मात्रै होइन, यसले समाजलाई गाइड गर्दछ र समाजलाई सेवाभावका साथ र समाजलाई रुपान्तरणको दिशा अगाडि लैजानका लागि त्यो प्रकारको अर्थनीति चाहिँ आवश्यक पर्दछ। भनेको छ यहाँ समृद्ध कर्नाली, सुखी कर्नाली, खुसी कर्नाली भनिएको छ। त्यतिबेला मात्र हुन्छ हामीले विषयलाई बुझ्यौं र विषयलाई बदलियौं भनेमात्र, हैन। बुझ्ने कुरा मात्र ठूलो होइन बदल्ने कुरा ठूलो हुन्छ। कर्णालीका समस्याको बारेमा हामीले बुझिसकेका चाहिँ छौं तर बदल्ने बारेमा हाम्रो एक स्टेप पनि अगाडि नबढेको जस्तो मलाई भान भइरहेको छ। त्यसैले गर्दा बुझ्ने मात्रै ठूलो कुरो होइन, यसलाई बदल्नका लागि हामीले हदैसम्मको चाहिँ प्रयत्न गर्नुपर्दछ। अहिले अर्को समस्या हाम्रो बीचमा आइरहेको छ। कसरी बालबालिकाहरूलाई चाहिँ पठनपाठनमा अगाडि बढाउने यो दुईतीन वर्ष ग्याप भयो भने त गाह्रो भइहाल्छ। त्यसो भएको हुनाले विद्यार्थीको चाहिँ भविष्यलाई कसरी सुरक्षित बनाउने कसरी चाहिँ बालबालिकालाई चाहिँ पठनपाठनमा अगाडि बढाउनुपर्ने त्यो भको हुनाले कर्णाली प्रदेशले पनि त्यतातिर पनि चाहिँ र चाहिँ शानदार ढंगले चाहिँ एउटा रणनैतिक योजना बनाउनुपर्ने अथवा गुरुयोजना तयार गरेर अगाडि बढ्नु नै छ आजका मितिमा। त्यसो भएको हुनाले यति कुरा चाहिँ मैले भन्न चाहें र यो दस्तावेजमा जे जति कार्यक्रमहरू नीतिहरू छन् यो सकारात्मक छन्। यले सकारात्मक दिशा लैजान्छ, यलाई कुनै पनि विषय वा वस्तुलाई सही ढंगले परिचालन गऱ्यौं भने मात्रै त्यो सही ठाउँमा पुगिन्छ। र विषयवस्तुलाई एउटा ढंगले ल्याउने र अर्को ढंगले पेश गर्ने र अर्को ढंगले चाहिँ कार्यान्वयन गर्ने र अर्को ढंगले बुझ्ने र अर्को ढंगले बुझाउने भयो भने यो आफैमा चाहिँ यो के भने अधुरो हुन्छ। त्यसो भएको हुनाले यहाँ अगाडि पनि पूर्ववक्ता माननीयज्यूहरूले राख्नुभयो, यो कर्णालीका चाहिँ दु:खी गरिबको अथवा चाहिँ पछि परेका समुदायको सन्दर्भमा अहिले चाहिँ हामीलाई क्रमश: चाहिँ राउटेहरूको व्यवस्थापन, दलितहरूको विपन्न समुदायहरूको सन्दर्भमा जो कुरा छ। राउटेका समस्या छुटै होलान्, संरक्षित गर्नुपर्ने होला तिनीहरूको चाहिँ भन्दा आजका मितिमा (**माननीय सभामुख:** समयलाई ध्यान दिऊँ माननीय सदस्यज्यू) दलितहरूको समस्या फरक हो। दलितहरूको समस्या र

राउटेको समस्या एउटै होइन। सभामुख महोदय, त्यसो भएको हुनाले यो, यसका बारेमा अलि चाहिँ बढी सोचेर सीप दक्षता र एउटा योग्यताका आधारमा चाहिँ यिनीहरूको चाहिँ व्यवस्थापन गर्न सकियो भने यलाई चाहिँ अँ अगाडि बढ्नका लागि सजिलो हुन्छ भन्ने कुरा राख्दै म विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुख**: माननीय श्री करवीर शाही, यसपछि माननीय श्री वीरबहादुर शाही तयारी अवस्थामा रहनुहोला।

**माननीय श्री करवीर शाही:** माननीय सभामुख महोदय, विषम परिस्थितिमा संसारभर कोभिड-१९को महामारीबाट प्रभावित देश र विदेशमा र कर्णाली प्रदेशमा मृत्युवरण गर्नुहुने महानुभावहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु। आइसोलेसनमा रहनुभएका महानुभावहरूलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु र क्वारेन्टाइनमा रहनुहुने महानुभावहरूलाई सरकारले अवलम्बन गरेका नीतिहरू पालना गरिदिनु हुन अनुरोध गर्दछु र सरकारले चाँडोभन्दा चाँडो क्वारेन्टाइनमा रहेका नागरिकहरूको सुरक्षाका लागि छिटोभन्दा छिटो जाँजपड्ताल गरी यसलाई निराकरणको बाटोतर्फ लैजान र नागरिकलाई आ-आफ्नो बाटो आ-आफ्नो कर्म तर्फ लाग्नका लागि सहयोग गर्न अनुरोध गर्दछु। आज हामी यो विषम परिस्थितिमा आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रममा छलफल गर्दै छौं। निश्चित रूपमा हामीले यो कार्यक्रम नीति तथा कार्यक्रम आगामी वर्षको ऐन र कोरोनोबाट प्रभावित कर्णालीवासीको उद्धार, राहत तथा पुन:स्थापनाका लागि यो एउटा यो नीति तथा कार्यक्रम कोसेढुङ्गा सावित हुनेछ भन्ने मैले अनुमान गरेको छु। विषयहरू पुराना पनि छन्, समेटिएका छन्, केही निरन्तरता दिनुपर्ने विषयहरू पनि छन्। कोभिड-१९ को प्रभावबाट त्यसको प्रभावले हामीलाई ग्रसित गर्ने केही विषयहरू पनि यहाँ समेटिएका छन्। यी विषयहरू धेरै लामो नराखिकन आजको आवश्यकता र आजको कोभिड-१९ को प्रभाव आगामी वर्ष कति पर्न सक्ला र यो वर्ष पनि हामी कति आक्रान्त हौला भन्ने हिसाबले दुईटा विषयमाथि मात्र छलफल गर्न सके र यसलाई राख्न सक्यौं भने राम्रो होला भन्ने मलाई लाग्याछ। खास गरीकन रोगको उपचार रोगको पहिचान आजको दिनमा हामी रोगको पहिचानमा नै भुँमरीमा छौं र आजको कर्णालीमा मान्छेको आगमन कर्णालीवासीको आगमनको हिसाब हेर्‍यो भने परीक्षणको दायराको हिसाब हेर्‍यो भने हामीलाई यो खोपको यो कोभिड-१९ को खोपको खोप उत्पादन गरून्जेलसम्म हामीले परीक्षण गरेर सक्छौं कि सक्दैनौं हामी त्यहाँ पुगेका छौं। त्यसकारणले कसरी हुन्छ अरु ल्यावहरूमा अरु ठाउँहरूमा केही प्रयोगशालाहरूमा पठाएर हुन्छ कि के गरी हुन्छ चाँडोभन्दा चाँडो मान्छेको रोगको पहिचानका लागि सरकार अगाडि बढोस् म यसका लागि सरकारलाई अनुरोध गर्न चाहन्छु। यहाँ केही विषयहरू राखिएका छन् विषयगत रूपमा कति भन्न सकिएला म यहाँ केही विषयहरू राख्न चाहन्छु। यो बुँदा नं. ९ मा यो विशिष्टीकृत सेवा प्रदान गर्ने अस्पतालको रूपमा तीनटाको विकास गरिएको छ भन्ने छ। यलाई मैले सुनेको क्याविनेटको निर्णय मलाई कस्तो लाग्छ भने कोरोना डेडिकेटेड

हस्पिटल बनाएको हो जस्तो लाग्छ। विशिष्टीकृत हस्पिटलको हिसाबले पछि प्रयोग गर्ने गरी त्यसका संरचनाहरू निर्माण गर्ने तर आजको दिनमा के हो भन्दा कोरोना डेडिकेटेड हस्पिटलका हिसाबले तिनलाई तीनटालाई प्रयोग गर्ने हिसाबले मैले सुनेको हुँ। त्यसकारण यलाई जस्ताको तस्तै भाषामा आगामी दिनमा त्यसका त्यले बनाएका सिर्जना गरेका पूर्वाधारहरू प्रयोग गर्न सक्ने गरी विशिष्टीकृत हस्पिटल होला तर आज कोरोना डेडिकेटेड हस्पिटलका हिसाबले यलाई लेख्ने लेख्दा राम्रो होला। जनताले को हो त कोरोना डेडिकेटेड हस्पिटल भन्दाखेरि के भने विशिष्टीकृत र डेडिकेटेट भन्ने कुरा बुझेनन् वास्तवमा बुझ्दैनन् होला। कोरोनाका लागि कोरोना हस्पिटलै कतिपय ठाउँमा कोरोना हस्पिटलै भनिएको छ, त्यसकारण यो लेख्दा राम्रो होला। त्यसै गरी १९.३ मा यसमा श्रम सहकारी धेरै विषयहरू राखिएको छ, यसमा माननीयज्यूहरूले कुरा पनि राखिसक्नु भो। सरकारको तीन खम्बे अर्थनीतिलाई मात्र पुष्ट्याइँ गऱ्यो भने आजका दिनमा धेरै विषयहरू मुखरित गरेर धेरै अँ के भन्छ सर्पहरूले चाइने अनुहार देखाउने हिसाबले नजाऔं। त्यलाई किन केन्द्रीकृत गरेर काम गर्ने वातावरण बनाऔं भन्छु मैले। यो मेरो कि किसान मेरो अन्नदाता भन्ने कुरा छ। यले कति सिर्जना गऱ्यो कति कामको थालनी गऱ्यो र यलाई कति राख्न आवश्यक छ कि छैन त्यो पनि खाल गरेर कतिपय वास्तवमा असफल कार्यक्रमहरू राखिरहन र धेरै चाहिँ लिपिबद्ध गरिरहन आवश्यक देख्दिन। त्यसैगरी २०.१ मा स्थानीय तहमा यो जलाशय भन्ने शब्द हटाइकन वडामा एउटा होइन अधिकाअधिक चाइने के भन्छ पोखरीहरू र सिंचाईहरू र साना सिंचाई गरिनेछ भन्ने शब्द राख्यो भने यले धेरैभन्दा धेरै श्रम केरे रोजगारीको सिर्जना गर्ला। त्यसैगरी यता पोहोरसाल जनभकारी थियो होला अन्न भकारी आ`छ। यो अन्नभकारीको ठाउँमा नबुझिने र पपुलर शब्द राखेर मात्र केही हुनेवाला छैन। यसपालिका लागि सबै स्थानीय तहमा खाद्य डीपो राख्ने कुरा राख्यो भने सबैभन्दा राम्रो हुन्छ, सुझाव हो यो मेरो। त्यसैगरी यो भूगोल र विद्यार्थीको संख्याका हिसाबले स्थानीय तहहरूले विद्यालयहरू मर्ज गरेर भुङ्ग्रोमा फस्या बेला हामीलाई अधिकारै नभएको चीज प्रयोग गरेर यो भुङ्ग्रोमा फस्ने काम नगरौं यो चाहिँ २१.1 मा। यो हटाउँदा हुन्छ किनभने स्थानीय तहले आफै भुङ्ग्रोमा फस्याछन्, हामीले अर्को थप उनीहरूले गरेको कुरा हामीले साँक्षी बस्ने काम नगरौं भन्छु मैले यो अधिकार पनि हामीलाई छैन। प्राविधिक शिक्षालगायतका हामीलाई अधिकार छ। त्यसैगरी २५.२ को कुरा यो प्रदेश विशेष विद्यालय भन्ने छ। यलाई वास्तवमा तल २६.१ मा पनि राखिएको छ पोहोर साल नमूना विद्यालय बनाएका छौं तिनैलाई अहिले विशिष्टीकृत गरौं। त्यलाई केरे व्यवस्थित गरेर अगाडि जाऔं अहिले विशेष भन्ने शब्द नथपौं। विशेषभन्दा यो वर्ष पढाइलाई असर पर्ने विषयलाई के गरेर सञ्चालन गर्न सकिन्छ भन्ने बाटोतिर जाँदाखेरि राम्रो होला। त्यसैगरी कर्णालीको पानी जनताको लगानीको यो अन्तिम चारमा बहुउद्देश्यीय आयोजनाको सम्भाव्यता अध्ययन गरिने भन्ने छ। यत्तिमा यलाई कर्णालीको पानीमा टुङ्ग्याएर त्यहाँ आधारभूत भन्ने शब्द र राष्ट्रिय विद्युत प्रशारण सञ्जाल भन्ने शब्दलाई एकै ठाउँ राखेर वैकल्पिक ऊर्जा दुवै ठाउँमा राखिएको छ एकै ठाउँ राखियो भने नपुग्नु आधारभूत भन्नु र अँ

विद्युत चाइने के भन्छन् सुविधा नपुग्नु एउटै चीज हो, एकै ठाउँ राखेपछि राम्रो होला, छोटो होला, बुझ्न सजिलो होला भन्ने मलाई लाग्छ। यो विषय उठिसकेको छ दलित र राउटे। राउटेको संरक्षण गर्नुपर्ने छ, दलितको समृद्धि गर्नुपर्नेछ, विषय एकै ठाउँमा जोडियो। त्यसकारणले यलाई अलग-अलग राख्दा राम्रो होला। यो जमिन बाँझोको विषय गीत गाउने विषय मात्र भो यो सक्नेलाई दिऔं भन्ने कुरा छ तर अ सक्नेलाई खेती गर्न दिने कृषिमा श्रम गर्ने मान्छे अत्यन्तै कम छन्। मान्छेले रोजगारी भनेको नगदमा खोज्छन्। त्यसकारणले अहिले विदेशबाट आएका जे सुकै रोजगारी गुमेका मान्छेलाई पनि वास्तवमा नगदमा रोजगारी गर्ने वातावरण सिर्जना गराउन सकियो भने राम्रो होला। त्यसपछि ५८ मा के लेखिएको छ भने जनताको लोकतान्त्रिक सचेतना अभिवृद्धि मानव अधिकारको प्रबर्द्धन, शासकीय सूचनाको प्रत्याभूतिभन्दा शासकीय सुधारको प्रत्याभूति दिनलाई सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम गर्ने भनेर राख्यो भने अलि शब्द चयनमा राम्रो होला कि भन्ने मलाई लाग्याछ। ५८.३ मा प्रदेश सरकारबाट संचालित रु.५ करोडभन्दा माथिका भन्ने शब्द हटाएर वास्तवमा यो जिल्ला समन्वय समिति बेरोजगार पनि भएको छ। त्यले गर्दाखेरि एउटा संरचना पनि हुँदै होस्। संविधानले पनि त्यलाई त्यो राखेकै छ। त्यसकारणले यो काम करोडभन्दा माथि होइन, प्रदेश सरकारबाट संचालित सबै आयोजनाहरूको अनुगमन, मूल्याङ्कन गर्ने के भन्छ, अनुगमन र मूल्याङ्कन गर्ने ठाउँ चाहिँ जिल्ला समन्वय उलाई चाहिँ दिने कि मेरो प्रस्ताव, योभन्दा राम्रो होला यो पाँच करोड भन्ने शब्द हटाउनुपर्छ। अब त्यसैगरी यसमा छुटेकै विषय भनेको यति लामो ६३ बुँदामा लेख्दाखेरि फरक क्षमता तथा अपाङ्ग भन्ने शब्द चाहिँ चटक्कै छुटेछ, कहीँ न कहीँ यो विषयचाहिँ समावेश गर्दा राम्रो होला। अँ कृषि सिंचाई र सडकलाई अब निरन्तरता दिन राम्रो होला। अब यो मैले अँ निर्वाचन क्षेत्र स्तरीय हामीले अब कुरा पनि उठिरहेको छ। माननीयज्यूहरूले धेरैले कुरा उठाउनु पनि भको छ वास्तवमा कस्तो छ भने अँ प्रदेशको आफ्नो कुनै भूगोल छैन, क्षेत्र छैन भनेर चारैतिरबाट हामीलाई घेराबन्दी भएको बेला हामीले संस्थागत हिसाबले संरचनाहरू प्रदेश निर्वाचन क्षेत्र अन्तर्गत रहने गरी बनाउन सकियो भने यलाई एउटा जिल्लामा एउटा बहुप्राविधिक भन्दा प्रत्येक निर्वाचन क्षेत्रमा प्रदेशको निर्वाचन क्षेत्रमा एउटा प्रा बहुप्राविधिक शिक्षालय भन्यौं भने हामीले संरचनागत हिसाबले पनि स खडा गर्नुपर्ने हुँदाखेरि यो राम्रो होला भन्ने मलाई लाग्या छ। अँ र आज जे विषयमा छलफल भइरहेको छ, वडा नं.१ मा यो मैले सत्तापक्षको सांसदले कति भन्न मिल्छ कि मिल्दैन ? तर संविधानले नचिनेका शब्दहरू प्रयोग गरियो भने शब्दावली प्रयोग गरियो भने त्यति राम्रो देखिँदैन होला। यले भाषाले नै अलि अन्टसन्ट भएको जस्तो देखिने हुनाले संविधानले चिन्ने पदावली प्रयोग गर्दाखेरि यो १ नम्बरमा सार्वभौमसत्ता सम्पन्न भन्ने उसको जनयुद्ध भन्नेलाई अब यो सम्झौताको दस्ताबेज हुँदै हो यो संविधान संविधानले सबैलाई स्वीकारेर लेखिएका विषय हुन् सबै सहमत भएर लेखिएको हुनाले यलाई यसो गर्दा राम्रो होला भन्ने मलाई लाग्छ र खासगरीकन यो बेलामा भोक र स्वास्थ्य र भोकलाई खासगरीकन हेर्‍यौं र यो बेलामा स्वास्थ्यलाई यो बेला पनि विशिष्टीकृत गर्‍यौं भने आगामी वर्षका लागि र पछिका लागि

कर्णालीवासीलाई के गर्न सकिएला अलग कुरा हो। तर यो बेलामा हामीले गर्नुपर्ने काम भनेको जनतालाई जोगाउनका लागि परीक्षण प्रमुख जिम्मेवार कुरा हो र त्यो परीक्षणबाट सिर्जित जिम्मेवारीलाई हामीले कसरी निरूपण गर्न सक्छौं । यतातर्फ हामीले चाहिँ ध्यान दिँदाखेरि राम्रो होला। धन्यवाद।

**माननीय सभामुख**: माननीय श्री वीरबहादुर शाही । यसपछि माननीय श्री मिनासिं रखाल तयार रहनुहोला।

**माननीय श्री वीरबहादुर शाही**: सम्माननीय सभामुख महोदय, २०७७/०७८ को नीति तथा कार्यक्रममा बोल्दै गर्दा यो अहिले विश्वमा महामारी फैलिरहेको अवस्था र त्यो सँगसँगै अहिले हाम्रो कर्णाली प्रदेशमा पनि दिनप्रतिदिन यो महामारीको अगाडि बढेको अवस्थामा यो जो नीति कार्यक्रमले कोरोना कोरोना भन्ने ल्याएको छ। यो एकदमै यो जायज पनि हो र अहिलेको प्रमुख लक्ष्य भनेको हामीले प्रमुख उद्देश्य भनेको मानव बचाऔं र रोग र भोगबाट बचाऔं भन्ने नारासहित अगाडि बढेको छ र यो म समर्थन गर्न चाहन्छु र कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु र अहिले हामीले जो नीति कार्यक्रममा सबै कुरा समेटेको छ। कतै मलाई लाग्छ, एउटा उखान छ: आफू हिँड्दै जान्छ पाइलो मेट्दै जान्छ भन्ने उखान छ। कहिले यो सरकार फेरि आफू हिँड्दै जाने पछिपछि पाइला मेट्ने त होइन, त्यो पनि शंका लाग्दैछ। गत सालको नीति कार्यक्रम बजेटमा आएको छ- पर्यटन सडक, पर्यटन पदमार्ग, उद्योग आका छन्। आज त्यो आजको मितिसम्म त्यो काहिँ पनि मैले सुरुवात भएको देखेको छैन। यो के कति कारणले चाहिँ नीतिमा आउने बजेटमा आउने कार्यान्वयन पक्षमा नजाने ? यसको सरकारले हामीलाई जवाफ दिनुपर्छ र यहाँ थोरै म चाहिँ यो जो आएको छ, दलित, राउटे भन्ने कुरा शब्द निस्कियो। मलाई लाग्छ यो हिमाली जिल्लामा राउटे तहकै एउटा हामीसँग भोटे जाति हुन्छ, यलाई पनि समेट्नु राम्रो होला किनभने उहाँको हिमाली जिल्लाका भोटेहरू जो नेपाली बोल्नै नसक्ने अवस्था र नेपाली बुझ भाषा उहाँहरूसँग केही पनि थाहा छैन उहाँलाई चाहिँ भोटे भन्ने शब्द जोड्न राम्रो होला मलाई लाग्छ। अर्को यो धेरै ठाउँ हेर्दा युवक मुख्यमन्त्री स्वरोजगार कार्यक्रम युवकमै छ, मुख्यमन्त्री युवक उद्योगशीलता छ, यो यो युवकसँगसँगै युवती जोड्दा पनि राम्रो होला। जबकि नेपालमा ५१ प्रतिशत महिला भएको ठाउँमा युवती जोड्न पनि मलाई यो राम्रो लाग्छ मलाई। अर्को यो विकासभन्दा एउटा समस्या आइरहेको छ यो म प्रदेश यो सम्मानित सदनमार्फत प्रदेश सरकार लगायत संघीय सरकारलाई म ध्यानाकर्षण गर्न चाहन्छु। जो यो राष्ट्रिय निकुञ्जभित्रको मानव जाति हो कि त्यलाई के भन्ने हो। एकदमै सास्तीबाट चाहिँ गरेर अहिले यलाई एकदमै जटिल प्रश्न उठिरहेको छ। त्यहाँ हामीले कुनै पनि जन जन नागरिकहरूले उपभोग गर्न नपाउने, त्यहाँ पशुवस्तु चराउन नपाउने र हिजोअस्ति कुरा चाहिँ उपल्लो डोल्पामा एउटा चाहिँ गएर चौंरी ग्वाला लो भीरबाट खसेर ढाड भाँचिएको त्यो हेलिकप्टरबाट लग्दा पनि उले गृह मन्त्रालयको सिफारिस दिएको उले चाहिँ रक्षा मन्त्रालय चाहिँ गएर दुनैमा ल्याएर विभिन्न किसिमका आरोप लगाएको छ र रक्षामन्त्री मन्त्रालयबाहेकको सिफारिस विना उडाउन पाउँदैन भन्ने खालको

कुरो पनि उठिरहेको छ। यसमा चाहिँ केन्द्रीय सरकारले प्रदेश सरकारलगायत केन्द्रीय सरकार र स्थानीय सरकार तीनटै सरकारले यो राष्ट्रिय निकुन्ञजको कोर एरियाभित्र बाहेक अरु एरियामा सबै यो सामुदायिक वन उपभोक्ता समितिले लिनुपर्छ। उसको कोर मात्रै एरिया दिनुपर्छ। हिजोको महाराजा राजाले गरेको निर्णय अहिले पनि लागू भएर २१औं शताब्दीमा अझै पनि यहाँका जनताहरू त्यो राष्ट्रिय निकुञ्जका जनताहरू चाहिँ एकदम पीडितमा बसिरहेका छन्। जब रुख लगाउन दिन्छ तर रुख काट्न दिन्न। त्यहाँ एउटा दाउरा टिप्न दिन्न। अहिले हाम्रो कर्णाली प्रदेशले हालेको बजेटमध्येमा कुनै पनि बजेटमा अगाडि बढ्न दिएको छैन। विद्यालयको पनि बढ्न दिएको छैन, हामीले फर्म पनि बढ्न दिएको छैन। त्यसपछि गएर कुनै पनि त्यो सडकहरू पनि बनाउन दिएको छैन। यसको चाहिँ नीति कार्यक्रममा राष्ट्रिय वन वन मन्त्रालयअन्तर्गत राष्ट्रिय निकुञ्जभित्र पठाउनुपर्छ कि अथवा के गरेर सहज हुन्छ यसको। यो प्रदेश सरकारले यसको राष्ट्रिय निकुञ्जभित्रको एकदमै ध्यानाकर्षण गराउन म चाहन्छु। र अहिले हामीले यो महामारीका कुराहरू जति बोलिराका छौं यो प्रश्नउत्तर गर्ने मैले थलो देख्दैन। यो अवस्थामा सबै जुटेर मानव बचाऔं। सरकार, हामी माननीय, स्थानीय सरकार, सुरक्षाकर्मी सबै लागेर चाहिँ बचाऔं भन्ने नाराको सहित अगाडि बढ्नुपर्छ र एउटा कुरा कृषिमा आएको छ, माछा, कुखुरापालन आको छ। मुख्यतया गरेर एउटा हिमाली जिल्लामा हुने चौंरी र च्याङ्ग्राको यो कुनै पनि यसमा आएको छैन बजेटमा आओस् भन्ने म सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु। र अर्को अहिलेसम्म पहाडी हिमाली जिल्लामा काठको पुलमा हिँडिरहेको छन्, काठको पुलको अन्त्य गर्न एउटा बजेटमा ल्याइयोस् अहिलेसम्म डोल्पाको सदरमुकाम जाँदा काठको पुलमा गाडी हिँडेर जानुपरेको छ। काठे पुलको अन्त्यको एउटा त्यो नीतिसहित कुराहरू आउनुपर्छ र अर्को हामीले यो जो निर्वाचन क्षेत्र पूर्वाधार यलाई निरन्तरता दिनुपर्छ र जनता सडकलाई पनि यो कतिपय योजनाहरूको टेण्डर प्रक्रिया अगाडि बढेको छ, कतिपय का-कामहरू अगाडि बढेको छैन। यलाई पनि निरन्तरता दिनुपर्छ र पहिलो प्राथमिकता हामीलाई भोगलाई रोगी-रोगीलाई खोजी खोजी बचाऔं। भोगीलाई रोजीरोजी जाहिँ खाना राशनपानी व्यवस्था गरौं र यसमा मेरो भनाइ र सुझाव यति नै छ र अहिले भर्खरै एउटा डोल्पा जिल्लाबाट म यो सदनमार्फत सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु। अहिले ३ बजेको एउटा सूचना आयो डोल्पामा दु:खद् घटना दुनैको ठुलीभेरीअन्तर्गत सुपानीमा ३ जना बच्चा बगेको खबर आयो, २ जना सिकिस्तै बिरामी भएर हस्पिटल लिएको खबर छ। एक जना चाहिँ बेपत्ता भएको खबर छ। यसमा सरकारले पहल कदम चालोस् र यो आउँदो कार्यक्रमको यो नीति कार्यक्रमलाई स्वागत गर्दै धन्यवाद दिँदै मेरो भनाइ अन्त्य गर्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री मिनासिं रखाल, त्यसपछि विन्दमान विष्ट तयार रहनुहोला।

**माननीय श्री मिनासिं रखाल:** सभामुख महोदय, यो सदनको मान-मर्यादालाई पालना गर्दै समय पालना गर्न कोसिस गर्नेछु र सरकारले ल्याएको २०७७/०७८ को नीति तथा कार्यक्रमलाई

म पूर्णरूपमा समर्थन गर्दछु। यो विषम परिस्थितिको बाबजुद पनि यहाँ केही रोग-भोकलाई समेटेर आएको नीति तथा कार्यक्रमलाई समर्थन गर्दागर्दै पनि मैले भन्नै पर्छ यो विभेदकारी पनि छ। यहाँ सबै बुँदाहरू पढैं, र कसरी विभेदकारी छ भने म सुरुमै के भन्न चाहन्छु भने म लामो समय लिदिन र म बुँदागत पनि पढ्दैन। म आफूलाई लागेका कुराहरू पढेर सुझाव मात्रै दिन चाहन्छु। यो नीति भनेको यले थिति बसाल्छ, कार्यक्रम भनेपछि प्रभाव पार्छ। यो नीतिले समृद्धिको दिशातिर ल्याउँछ, तान्छ र आज हामी कर्णाली प्रदेशलाई समृद्धि र सुखारी बनाउने कार्यक्रम ल्याउँदैछौं। समृद्धि र सुखारी हुँदाहुँदै पनि यहाँ केही जातजाति छुटेका छन्, केही महिलाहरू छुटेका छन् र मैले भन्नुपर्दा आज दलित महिलालाई आयआर्जनको कार्यक्रम राखेर मात्रै पुग्दैन। अन्य महिलाहरूको अवस्था र अन्य महिलाको सीप, अन्य महिलाको आयआर्जनलाई पनि ध्यान दिनुपर्छ र विशेष गरेर कर्णाली प्रदेशमा महिला हिंसाको बढिरहेको अवस्था छ। कि यो कर्णाली प्रदेशमा महिला हिंसा भएकै छैन भनेर भन्न पऱ्यो, हैन भने महिला हिंसा भन्ने यहाँ विषय छुटेको छ। र आज कतिपय महिलाहरू हिंसामा परेका बाटोमा भौंतारिरहेको हिनेको हामीले देखेकै छौं। आर्थिक हिंसा होस्, मानसिक हिंसा होस्, शारीरिक हिंसा होस्। हिंसा त हिंसै हो। धेरैजसो आफ्नै श्रीमानबाट हिंसा भएर यहाँ संघसंस्थाले सुरक्षा गरेर राखेको छ। त्यसैले त्यस्ता हिंसा पीडित महिलाहरूको लागि यहाँ सम्बोधन गरेको छैन। त्यसैले मैले विभेदकारी भनें। र अर्को कुरा यत्रो नीति कार्यक्रम ल्याराउँदा ल्याराउँदै तर पनि जनजातिहरू छुटेका छन्। यो जनजातिलाई नियतवश छुटाइएको हो कि या आवश्यकता महसुस नगरेको हो। कि जनजातिको धर्म, संस्कृति, पेशा केही छैन ? उनीहरूलाई सम्बोधन गर्नुपर्दैन ? उनीहरूको सीपको कदर गर्नुपर्दैन ? संस्कृतिको कदर गर्नुपर्दैन ? किन जाजातिहरू छुटाइयो ? अर्को कुरा, अर्को के छ भनेपछि जनता आवास कार्यक्रम, यो संघीय सरकारले हेर्ने तापनि प्रदेश सरकारको आवश्यकता हो कि होइन ? भौतिक पूर्वाधारमा कार्यक्रम गको छ। जनता आवास भन्ने कार्यक्रम छ। हामीले बाँडफाँड गर्दाखेरि यो संघीय सरकारले पठाको तपाईंहरूको राय दिनु पऱ्यो भनेर त्यहाँका डिईहरूले भनेको अवस्था छ। त्यसैले यो जनता आवास कार्यक्रम आज लथालिङ्ग भइरहेको छ। हैन भने जनता आवास कार्यक्रम त साह्रै राम्रो छ नि त। असाध्यै दु:खी दलितहरूले घर पाएका छन्। सीमान्तकृत वर्गहरूले घर पाएका छन् अझ पाउनुपर्ने आवश्यकता छ त्यसैले यो सरकारले पनि सम्बोधन गऱ्या भए हुन्थ्यो भन्ने मलाई लागिरहेको छ र म माग पनि गर्दछु कति सकिन्छ या सकिन्न र अर्को कुरा हामीले मैले भनिसके- नीतिले थिति बसाल्छ, कार्यक्रमले प्रभाव पार्छ। भनिसकेपछि आज स्थानीय निकाय, स्थानीय निकायका कहिँ पनि सम्बोधन गरिएको छैन। संघीयता चाहिँदैन, संघीयता सफल हुँदैन भन्दाभन्दा पनि आज कोभिड-19 को प्रभावले गर्दाखेरि संघीयताको ठूलो प्रभाव परेको छ। आज स्थानीय निकाय हुन्थेन भने यो कोरोना भाइरसले पारेको प्रभावमा कसले जिम्मा लिन्थ्यो। हामी त बोलेका छौं - यो भएन, त्यो भएन तर स्थानीय निकायका जनसरकारहरूले प्रत्यक्ष त्यसको समस्या व्यहोरिरहनुभएको छ। स्थानीय तहको कोषमा रकम छैन, संघले पठाएको र प्रदेशले पठाएको रकमलाई उनीहरूले प्रभावकारी

हिसाबले वितरण गर्न नसक्दा अथवा अधिकार नहुँदा पनि मुख ताकेर बस्नुपर्ने अवस्था भएको छ। त्यसैले स्थानीय तहको सेवा सुविधाको कुराहरू पनि ल्याउनपर्छ भन्ने मेरो मान्यता हो। अब म अलिकता बुँदागत गए, यहाँ धेरै कुराहरू माननीयज्यूले भनिसक्नु भाको छ। मैले यसलाई चाहिँ समर्थन गरिसकेको छु। यो नीतिलाई यो कार्यक्रमलाई समर्थन गरेको छु किनभने यो विषम परिस्थितिमा कोभिड-19 को प्रभावले आज कर्णालीवासी मात्र नभएर विश्व आतङ्कित भइरहेको बेलामा आएको कार्यक्रमले पहिलो प्राथमिकता स्वास्थ्यमै दिनुपर्छ, कृषिमा दिनुपर्छ, उत्पादनमा, खाद्यान्नमा र वन तथा पर्यटनहरूमा पनि हामीले दिनुपर्छ किनभने पछि यो रोग भनेको ६ महिना वर्षैदिन युगौं पनि लाग्न सक्छ। ६ महिनामा पनि निर्मूल हुन सक्छ तर हाम्रो योजनालाई चाहिँ हामीले तलै सिध्याउनु हुँदैन। वर्षको लागि गर्ने केही कार्यक्रमलाई हामीले गर्नुपर्छ र राउटे र दलितका कुराहरू आएका छन् यहाँ। मलाई पनि लागेको हो - राउटे र दलितलाई एकै ठाउँमा राख्नु हुन्थेन कि तर लेख्नमा चाहिँ राखिएको होला तर एकीकृत वस्ती भन्ने जहाँ छ ती राउटेहरू हाम्रो संस्कृति हो, ती राउटेहरू फिरन्ते हुन्, उनीहरू एकै ठाउँमा कहिल्यै पनि बस्न चाहँदैनन्। उनीहरू वर्षैपिच्छे ठाउँ फेरेर बस्ने भाको हुनाले उनीहरूको गासको सुरक्षा गर्नुपर्छ, स्वास्थ्यको सुरक्षा गर्नुपर्छ तर बासको लागि उहाँहरू उनीहरू आफैले रोज्ने भएको हुनाले उनीहरू एकीकृत बस्तीमा बस्न चाहँदैनन् र स्वास्थ्य सुरक्षा र अँ गासको व्यवस्था गर्नुपर्छ तर सबैलाई सोलोडोलोमा अ मिसाउनु हुँदैन भन्ने मेरो सुझाव हो। त्यसै गरी कारागारको कुरा आएको छ, खुल्ला कारागार। खुल्ला कारागार भन्ने वित्तिकै मान्छेहरूले कारागार त खुला रहेछ है जे पनि गर्न पर्ने रैछ भन्ने कुराको शब्दले त्यस्तो आभाष गराउँछ तर तर यलाई नमूना कारागर भनौं र व्यवस्थित कारागारभित्र हरेक सीपका कुराहरू गरौं, उत्पादनका कुराहरू गरौं तर नमूना गरौं भन्ने मेरो आफ्नो भनाइ यहाँ राख्दै र पूर्ण समर्थन गर्दै विदा हुन्छु, हवस्। धन्यवाद।।

**माननीय सभामुख:** माननीय श्री विन्दमान विष्ट । यसपछि माननीय श्री सुशीलकुमार थापा तयार रहनुहोला।

**माननीय श्री विन्दमान विष्ट:** माननीय सभामुख महोदय, हाम्रो यो कर्णाली प्रदेश सभाको छैटौं अधिवेशन सुरु भएदेखि आजसम्म हामी सदनमा घनीभूत ढङ्गले छलफलमा सहभागी भइराखेका छौं। विषय जहाँ केन्द्रित भइराखेको छ अवस्था दिनप्रतिदिन भयावह जटिल र विषम बन्दै गइराखेको तपाईं हामी सबैले अनुभूति गरिराखेका छौं। हामीले बजेटको प्राथमिकता र सिद्धान्तमाथि छलफल गर्दाखेरि यो सदनमा हाम्रा प्राथमिकताहरू कहाँ हुनुपर्छ भनेर सदनमा सांसदहरूले पर्याप्त मात्रामा सुझावहरू दिइम् र त्यो परिस्थिति एकपछि अर्को गर्दै जटिल हुँदै जाँदाखेरि हामीले यो सदनमा बहस, छलफल जे विषयमा गरिराखेका छौं, हामी ठीक ठाउँमै छलफल बहस गरिराखेका छौं भन्ने कुराको एकपछि अर्को गर्दै पुष्टि हुँदै गइराखेको छ र आर्थिक वर्ष ०७७/०७८ को नीति कार्यक्रमले आफ्ना नीतिहरू आफ्ना कार्यक्रमहरूमा कार्यक्रमहरूलाई जहाँ केन्द्रित गर्न खोजेको छ। यसले आजको चुनौतीहरू के

हुन् ? आजका समस्याहरू के हुन् भन्ने कुराको पहिचान गरेर त्यलाई निराकरण गर्नको लागि आफ्ना कार्यक्रमहरू तय गरेर अगाडि बढ्नको निमित्त यले आधार तयार गरेको छ, यले मार्ग निर्देशन गरेको छ भन्ने कुराको अनुभूति मलाई भएको छ। सभामुख महोदय, यसका केही जरुर रूपमा सीमाहरू छन् यसका केही ल्याप्सेसहरू छन्। यलाई अझ कसरी समृद्ध बनाउने होला, अझ कसरी यसलाई ठोस रूपमा मार्ग निर्देशन गर्ने एउटा उपयुक्त भरपर्दो डकुमेन्टको रूपमा कसरी विकसित गर्ने होला हामी यतातिर छलफल, यो सदनको छलफलले यतातिर केन्द्रित गर्नेछ भन्ने कुरा म राख्न चाहन्छु। अब कोरोना भाइरसले कोभिड-१९ को यो महामारीले अहिले हाम्रो प्रदेशलाई एकपछि अर्को गर्दै चाप्दै गइराखेको छ। महामारी अब यो अलिकति सीमाक्रस गर्दै अगाडि बढ्न खोजिराखेको छ। यसको उपचारको लागि, यसको पहिचानको लागि, यसको उपचारको लागि, यसको निराकरणको लागि हामीले चाल्ने कदमहरू आर्थिक वर्षको बजेट पास भइसकेपछि मात्रै गरौंला भन्नेतिरबाट नसोचेर आजका दिनदेखि नै हामी अहिले जे छलफल गरिराखेका छौं। अहिलेको समयबाट नै हामीले केही न केही उपयुक्त ढङ्गबाट कदमहरू चाल्नुपर्ने ठाउँमा छौं। त्यसरी अगाडि बढौं, आगामी कार्यक्रमको लागि यो एउटा कस्तो भन्दाखेरि महामारी त आएको छ। हामीलाई ठूलो संकट पनि पैदा गरेको छ। हामीले यलाई ठीक ढंगले समस्याको पहिचान गरेर अगाडि बढ्ने र यसको सही ढंगले निरकरण गरेर अगाडि बढ्ने हामीले यदि संकल्प गर्ने हो भनेपछि कर्णालीको विगत जे हो, त्योबाट हामी एउटा फड्को मारेर अगाडि जान सक्ने ठाउँमा पनि छौं। केही सकारात्मक चुनौतीहरू पनि हामीसँग छन्, जस्तो स्वास्थ्य क्षेत्रको लागि हामी धेरै पछि परेको हाम्रो प्रदेश हो। स्वास्थ्य क्षेत्रमा अहिले जे महामारी छ यसको रोकथामको लागि यसको निराकरणको लागि यलाई जित्नको लागि हामीले स्वास्थ्य क्षेत्रमा ठूलो फड्को मार्न सक्ने ठाउँमा हामी छौं। त्यसको लागि सरकारले संकल्प गर्छ कि गर्दैन, त्यसको लागि सरकारले उपयुक्त बजेटको विनियोजन गर्छ कि गर्दैन, त्यसको लागि सरकार पूर्ण रूपमा प्रतिबद्ध भएर अगाडि बढ्न सक्छ कि सक्दैन यो प्रश्न छ नीति कार्यक्रमलाई यसले केही सम्बोधन गर्न खोजेको छ आगामी बजेटसम्म आइपुग्दाखेरि यसको समाधान गरेर अगाडि जान सक्ने ठाउँमा भयौं भने हामी आगामी दिनमा पनि अझ दूर भविष्यको लागि पनि स्वास्थ्य क्षेत्रको राम्रो एउटा पूर्वाधार निर्माण गरेर स्वास्थ्यमा राम्रो पहुँच पुऱ्याउने कर्णाली प्रदेशवासी जनताको राम्रो पहुँच पुऱ्याउने अवस्था सिर्जना गर्न सकौं, यलाई हामीले त्यो रूपमा परिभाषित गरौं, अगाडि बढौं म यो कुरा राख्न चाहन्छु।

दोस्रो कुरा, भोकमारीको कुरा छ मैले अस्ति पनि भनें आज पनि जोड दिएर भन्न चाहन्छु कि खाद्य सुरक्षाको निमित्त एउटा कम्पनी निर्माण गरेर सरकारी स्तरको कम्पनी निर्माण गरेर हिजो त एउटा बहस पनि उठ्यो यहाँ समाजवादमा कम्पनी पनि हुन्छ कि हुँदैन भन्ने बहस पनि यहाँ आयो। समाजवादमा कम्पनी हुन्छ सरकारी कम्पनी हुन्छ पब्लिक कम्पनी हुन्छ। समाजवादमा कम्पनी नै नहुने भन्ने हुँदैन। समाजवादमा कम्पनी हुन्छ त्यसकारणले गर्दा एउटा कम्पनी निर्माण गरेर यहाँको खाद्य उत्पादनलाई संरक्षण गर्ने

भण्डारण गर्ने, अपुगलाई बाहिरबाट खरिद गर्ने र त्यसपछि गएर यहाँ बढी भएकोलाई बाहिरसम्म बिक्री गर्ने यो परिकल्पना सहितको एउटा हामीले कम्पनी निर्माण गरेर अगाडि बढ्न सक्यौं भने पछि हामी आजको दिनको समस्यालाई हल गर्न, आजको चुनौतीलाई हल गर्न र भोलिका दिनहरूलाई हामीले अझ यलाई व्यवस्थित गरेर अगाडि बढ्नको निमित्त एउटा उपयुक्त एउटा अँ वातावरण निर्माण भएको छ त्यो धरातलमा उभिएर यो काम हामी अगाडि बढाऔं भन्ने म कुरा राख्न चाहन्छु।

तेस्रो कुरा, रोजगारीको कुरा हो। सरकारले नीति कार्यक्रममा युवा उद्यमशीलता र रोजगारीलाई सँगसँगै अगाडि बढाएर लिन खोजेको छ र त्यसपछि गएर ब्याज सहुलियत दिएर स्वरोजगार निर्माण गर्ने कुरा गरेको छ। यी तीनटा कुरालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सक्यौं भनेपछि रोजगारी गुमेको अवस्था जो छ त्यलाई हल गरेर अगाडि बढ्न सक्छौं। त्यसकारणले गर्दाखेरि म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि नीति कार्यक्रम आएको छ तर यो नीति कार्यक्रम र बजेट पास हुनुभन्दा अगाडि नै मुख्यमन्त्री रोजगार कार्यक्रमको कार्यविधि के हो ? यसको कार्यान्वयनको इकाइ के हो ? यो कुरालाई क्लियर गरिनुपर्दछ। युवा उद्यमशीलताको यसको कार्यक्रमको मोडालिटी के हो ? यो क्लियर गरि गरिनुपर्दछ। त्यसपछि गएर सहुलियत के ऋणको कुरा छ यसको मोडालिटी के हो ? यसको अवधारणा के हो ? यो कुरा क्लियर गरिनुपर्छ। नारा लगाउने र त्यसपछि गएर आर्थिक वर्षको अन्त्यसम्म गइपुग्दाखेरि पनि त्यसको कुनै प्रत्याभूति हुन सकेन भने पछि यो जटिल हिजो गत वर्षको जस्तो चालु आर्थिक वर्षको जस्तो होइन हामी नयाँ ठाउँमा छौं। यसकारणले गर्दाखेरि बेलैमा यो कुराहरू ... निराकरण गरेर अगाडि जानुपर्ने ठाउँमा हामी छौं। यतातिर ध्यान केन्द्रित होस्। कार्यक्रम आएको छ यसको कार्यान्वयनको यहाँ सदनमा माननीय सदस्यज्यूहरूले थुप्रै गम्भीरतापूर्वक आ आफ्नो धारणाहरू राख्नुभएको छ म पनि जोड दिएर के भन्न चाहन्छु त भन्दाखेरि यसको भरपर्दो उपयुक्त कार्यान्वयनको वातावरण सिर्जना गर्ने गरी सरकार अगाडि बढोस्। यो कुरा म राख्न चाहन्छु। अब अर्को कुरा छ, शिक्षाको कुरा छ। हाम्रोजस्तो प्रदेशमा यो अवस्थामा बन्दाबन्दी भएको अवस्थामा शिक्षाको प्रश्नलाई कसरी अगाडि बढाउने होला? संघीय सरकारले त भन्दियो एउटा निजी विद्यालयले एउटा सामुदायिक विद्यालयको जिम्मा लिने र त्यसपछि गएर शैक्षिक सुधार गर्ने। हामीले ख्याल गर्नुपर्ने कुरा के छ त भन्दाखेरि नीति निर्माण गर्दाखेरी, ऐन निर्माण गर्दाखेरि, कानून निर्माण गर्दाखेरि माफियाहरू कसरी गर्दा रैछन्। कर्णाली प्रदेश सरकारलाई म विनम्रतापूर्वक आग्रह गर्न चाहन्छु यस्ता कुरामा हामी ख्याल गरौं। एउटा सामुदायिक विद्यालयको शिक्षक शैक्षिक गुणस्तर बृद्धि गर्नको निमित्त एउटा निजी विद्यालयले जिम्मा लिनुपर्ने ? संविधानमा उल्लेख गरिएको छ, शिक्षा भनेको एउटा मौलिक हक हो भनेर विद्यालय तहको शिक्षा नि:शुल्क दिनुपर्छ भनेर उल्लेख गरिएको छ तर हामी कुरा गर्दैछौं एउटा निजी विद्यालयले सामुदायिक विद्यालयको जिम्मा लिनुपर्ने, यो यो अवस्था छ तर हाम्रो प्रदेशमा हामीले यो शिक्षाको अवस्थालाई कसरी व्यवस्थित गर्ने होला ? यसमा हामी अझै, अझै हामीले छलफल गरेर गहिरिएर छलफल गरेर

अगाडि बढौं म यो कुरा आग्रह गर्न चाहन्छु। अहिले हामी न केरे, केरे शिक्षालाई अब व्यवस्थित ढंगले अगाडि बढाउनको निमित्त दूर शिक्षा हाम्रो केरे सन्दर्भमा हाम्रो प्रदेशको सन्दर्भमा दूर शिक्षा एउटा उपयुक्त विधि हुन सक्छ। रेडियोमार्फत् शिक्षा दिने त्यसका केही समस्याहरू त छन्, तर पनि हल गरेर अगाडि बढ्न सकिने स्थिति छ। त्यसकारण त्यसरी अगाडि बढौं म यो आग्रह गर्न चाहन्छु। त्यसपछि गएर अर्को यो नीति कार्यक्रमका के कुरा उल्लेख गरिएको छ भन्दाखेरि कर्णालीको पानी जनताको लगानीमा अब केही आयोजनाहरूमा साझेदारी गर्ने र केही आयोजना आफै गर्ने भन्ने कुरा गरिएको छ। त्यो आवश्यकता होला तर जगदुल्ला जनताको लगानी केरे नेपालको पानी जनताको लगानीको एउटा वास्केटमा रहेको परियोजना हो त्यो कहिले थालनी हुन्छ त्यसको कुराको त्यति धेरै ग्यारेन्टी नभएको अवस्था छ। त्यो नजिकै हाम्रो यो प्रदेश राजधानीको नजिकै रहेको बेतन कर्णालीमा अहिले उनीहरूको बोर्डबाट के निर्णय गरेका छन् त भन्दाखेरि ५ प्रतिशत शेयर सुदुरपश्चिम प्रदेश सरकारलाई दिने र ५ प्रतिशत शेयर कर्णाली प्रदेश सरकारलाई दिने भनेर आ-आफ्नो यो शेयर संरचनामा उनीहरूले परिवर्तन गरेर त्यो कुरा अगाडि ल्याएका छन्। यसमा पनि ध्यान जाओस् म यही आग्रह गर्न चाहन्छु र त्यसपछि गएर अरु कुराहरू जस्तो थुप्रै विषयहरू छन् हामीले अँ अगाडि बढाउनुपर्ने जस्तो पूर्वाधारको क्षेत्रमा जनता सडक हाम्रो कर्णाली प्रदेशको आफ्नो आफ्नो पहिचान हो। आफ्नो केरे जनता सडक भनेर हामीले कर्णाली प्रदेशमा नयाँ जन्माएको एउटा अवधारणा हो। त्यसकारणले गर्दाखेरि यसको अपनत्व गम्भीरतापूर्वक हामीले लिन जरुरी छ। यसरी अगाडि बढौं, म यो कुरा गर्न चाहन्छु र अब फेरि पनि म के आग्रह गर्न चाहन्छु त भन्दाखेरि प्रदेश सरकारको नीति कार्यक्रम जे आएको छ, त्यसको मूल मार्गनिर्देशन ठिकै छ। यसका केही अँ ल्याप्सेसहरू जरुर रूपमा छन् यसका केही अभावहरू छन् यलाई हामीले व्यवस्थित गरेर अगाडि बढौं र बजेटसम्म गइपुग्दखेरि आमजनताले हामी जनप्रतिनिधिले मात्रै हैन हामी सदनमा जो छलफल गरिराखेका छौं हामीहरूले मात्रै हैन आम जनताले बुझ्नेगरी बुझ्ने भाषामा त्यो कार्यक्रम तय गरौं र त्यसपछि गएर जनताले यहाँ बजेट पास भइसकेपछि भोलिका दिनदेखि रोजगारी सिर्जना हुने, भोलिका दिनदेखि भोको पेट भर्ने, भोलिका दिनदेखि औषधी उपचार प्राप्त गर्ने यो प्रकारको वातावरण हामी सिर्जना गरेर अगाडि बढौं। हामी प्रदेश सभामा हामी छलफल यो सम्मानित सदनमा हामी छलफल गरिराखेका छौं हामीले त्यो देखिराखेका छौं संघीय सरकारले हामी प्रदेशहरूलाई चार प्रतिशत बजेटमा सीमित गरिदिएको छ तर जनताका अपेक्षा नजिकको सरकार हुनुको नाताले जनताको अपेक्षा सबै प्रदेश सरकारसँग मुखरित भएर आइराखेका छन्, यो चुनौतीलाई हामीले कसरी समाधान गर्ने होला ? त्यसकारणले गर्दाखेरि हामी आग्रह पूर्वाग्रह यो कुनै कुरा नराखेर हामी यो चार प्रतिशतमा सीमित राखिएको हाम्रो प्रदेश प्रदेशको संरचनाको जो अँ बजेटरीको अवस्था छ, त्यो कुरालाई हामीले ठीक ढंगले हामी सदुपयोग गर्ने र जनताका आवश्यकतालाई हल गर्ने गरी कसरी अगाडि बढ्ने होला ? यो कुरामा सरकार गम्भीर रहोस्। सदनको तर्फबाट संसद्को तर्फबाट हामीले गर्नपर्ने सहयोग के हो ? हामी सहयोग गर्न तयार छौं। त्यसकारणले गर्दाखेरि

सरकारका सीमाहरू कमजोरीहरू पाइला पाइलामा व्यक्त भइराखेका छन्। त्यो कुरालाई गम्भीरतापूर्वक समीक्षा गरेर अगाडि बढ्ने सहास गरोस् नीति कार्यक्रमलाई अझै व्यवस्थित गरेर अगाडि बढौं र त्यसलाई बजेटमा व्यक्त गर्दाखेरि अझ व्यवस्थित गरौं भन्न चाहन्छु धन्यवाद।

**माननीय सभामुखः** माननीय श्री सुशीलकुमार थापा, यसपछि माननीय सोशीला शाही तयार रहनुहोला।

**माननीय श्री सुशीलकुमार थापाः** सभामुख महोदय, आज हामी ०७७/७८ को नीति तथा कार्यक्रममा छलफल गरिरहेका छौं। यो भविष्य बोकेको नीति तथा कार्यक्रमले पक्कै पनि सिङ्गो कर्णालीका जनताको भावना र उनीहरूको सम्मानलाई यसले उजागर गर्नेछ भन्ने मैले महसुस गरेको छु। सभामुख महोदय, हामी यो नीति तथा कार्यक्रममा सहभागी भइरहँदा विगत हामीले दुईटा नीति तथा कार्यक्रम व्यहोरिसकेका छौं र अहिले हामी तेस्रो नीति तथा कार्यक्रममा सहभागी भइरहेका छौं। यसो हेर्दा नीति तथा कार्यक्रमले कर्णाली प्रदेशका अहिलेको परिवेशलाई केही हदमा आत्मसात गरेको देखिन्छ। यसका केही महत्त्वकांक्षी योजनासहित केही पुरानै नीति कार्यक्रममा समावेश गरिए तापनि यसमा केही अहिलेको विशेष परिस्थितिको पनि समावेश गरेको अवस्था छ तर मैले अघि विशेष समयमा बोल्दै गर्दा सभामुख महोदय, समय एउटा सांसदले बोल बोल्दै गर्दा उसलाई कति समय छुट्टाइएको छ त्यो समय आफै बोल्दा सुरु गर्दा अटो रेकर्ड हुने र समय यति सकियो भने आफै अफ हुने खालको व्यवस्था बरु हाम्रो संसद् सचिवालयमा गरौं तर लाजमर्दो कुरा के हो भने सभामुखले टाइमको व्यवस्था गर्दागर्दै पनि सचिवले हातै लिएर बन्द गर्नुस् न भन्नुपर्ने खालको अवस्था अहिले भर्खर देखियो। यसकारणले म संसद् सचिवालय जो छ, संसद् सचिवालय भनेको यो सामान्य कुरा हैन, यसले अन्तर्राष्ट्रिय जगतमै कर्णाली प्रदेशको संसद् कसरी सञ्चालन गरिरहेको छ भन्ने कुराको सन्देश दिन्छ। त्यसकारणले सभामुख महोदय, संसद् सचिवालयले योभन्दा बाहिर सेल्फ स्टडी गर्न जरुरत छ र उले आफै एकदम होमवर्क गर्न विभिन्न खालका तालिमहरू एनजिओ/आइएनजिओले पनि दिएकै थिए। अझैं पनि आवश्यकता पर्छ भने बजेट छुट्याऔं त्यो तालिमहरूको व्यवस्था गरौं तर एउटा सांसदलाई बोल्दै गर्दा सभामुखलाई सिस्टमभन्दा बाहिर हस्तक्षेप गर्ने खालको यो भूमिका राम्रो भएन सभामुख महोदय, यो जानकारी गराउन चाहन्छु। सभामुख महोदय सार्वभौमसत्ता सम्पन्न नागरिकको बलिदानीपूर्ण ऐतिहासिक जनआन्दोलन राख्दा राम्रै हुन्छ, यो ऐतिहासिक जनआन्दोलनलाई हामीले नकार्न मिल्दैन। ऐतिहासिक जनआन्दोलन थप्नका लागि म आग्रह गर्न चाहन्छु र सभामुख महोदय यो १७ को ३ मा अहिलेको यो कोभिड-19 का सबै कुराहरूलाई केही हदसम्म समेट्न खोजेको छ। जस्तै आवश्यकताका आधारमा सबै जिल्ला अस्पतालहरूलाई कम्तीमा पनि पचासदेखि एकसय शैयाको आइसोलेसन कक्ष कम्तीमा पाँच शैयाको आइसियू कक्ष र कम्तीमा एक भेन्टिलेटर सहितको सघन उपचारको कक्षको व्यवस्था शीघ्र मिलाइनेछ

भनिएको छ लगायतका केही कुरा राखियाछ। यो कहिलेसम्म हुन्छ सभामुख महोदय ? भारतबाट आएर क्वारेन्टिनमा बसेका नागरिकहरू अहिले पनि हेर्नुहुन्छ भने दैलेख लगायतका अन्य जिल्लामा पनि जो क्वारेन्टाइनमा राखिएको छ, तिनीहरू लगभग लगभग पिसिआर टेस्ट गर्दा अहिले आएको रिपोर्टअनुसार हिजो मात्रै दैलेखमा आएको रिपेट रिपोर्ट अनुसार ८० प्रतिशत, टेस्ट गरेकामध्ये ८० प्रतिशतमा देखा पर्‍यो, हिजोको टेस्टमा। ३० जनामा टेस्ट गर्दा २६ जनामा देखा पर्ने अवस्था आयो भनेपछि यस्तो अवस्थामा कहिलेसम्म हुन्छ ? १७ लाख कर्णालीका जनताबाट ८ लाखमा झरिसकेपछि सुरु हुने हो कि यो कहिले हुने हो? यसको पनि टाइम अलिकति छिटो फास्ट ट्र्याकबाट गरिनेछ भनेर अलि छिटो हुने गरी अलि यसको व्यवस्थापन गरेको भए अझै राम्रो हुन्थ्यो मैले त्यो महसुस गर्‍याछु। अर्को १७.४ मा यो माथिबाट सबै कुरा लेख्या छ नपढौं तर तल चाहिँ प्रोत्साहन गरिनेछ हैन कि यलाई अनिवार्य गरिनेछ। यस्तो व्यवस्थापन अनिवार्य गरिनेछ भन्ने पनि यहाँ चाहिँ लेखियोस् म यो कुरा राख्न चाहन्छु। १८ को १ मा प्रदेश अस्पताललाई विशिष्टीकृत र सबै जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्न अस्पतालको रूपमा गरिनेछ भन्ने कुरा छ यो अत्यन्तै स्वागतयोग्य छ यसैमा कर्णाली प्रदेशको दोस्रो ठूलो नगरपालिका दुल्लू अस्पताललाई र राकमको अस्पताललाई प्रदेश अस्पताल अन्तर्गतको अस्पतालका रूपमा निर्माण गरिनेछ भनेर यो उल्लेख गरेको भए लाग्छ अहिले त्यो क्षेत्रको सबैभन्दा जनसंख्या र भौगोलिक बनावटदेखि अन्य कारणले पनि ठूलो र अहिले कोभिड-19 ले आक्रान्त भएको एउटा त्यो क्षेत्रलाई अलि मलजल हुने थियो भन्ने मलाई विश्वास लग्या छु। यो पनि समेटिने छ भन्ने मैले आशा गरेको छु। सभामुख महोदय, हामीले यो नीति तथा कार्यक्रममा छलफल गरिरहँदा कोभिड-19 बाट जति पनि समस्याहरू आका छन् त्यसलाई समाधान गर्नका लागि कम्तीमा ५० प्रतिशत ६० प्रतिशत कति बजेट छुट्याउन सकिन्छ? समावेशी समानुपातिक ढंगले आवश्यकताका आधारमा पहुँचका आधारमा होइन कि आवश्यकताका आधारमा बजेट विनियोजन गर्ने एउटा नीतिगत हामीले यसमा निर्णय गरेको भए हुन्थ्यो। जस्तो रोग, भोग, राहत, खाद्य भण्डारण, उत्पादन, कृषि, स्वास्थ्य, शिक्षा प्रत्येक नागरिकलाई अनिवार्य रोजगारीको व्यवस्था गरिने गरी यो चाहिँ यसमा अझै प्रष्ट थुप्रै कुराको त आका छन् अनिवार्य ग्यारेन्टी कोही पनि नागरिक अब हाम्रो प्रदेशबाट विदेशमा कोही पनि नागरिक रोजगारी नपाएर अन्य देशमा परिश्रमका लागि जानपर्ने बाध्यताको अन्त्य गरिनेछ भनेर यो यो कारणले गरिनेछ यति बजेटको व्यवस्थापन गरिनेछ, रोजगारीको आयाम यो यो निर्धारण गरिनेछ। यति उद्योग कलकारखाना यति हाइड्रो उत्पादन गर्नेछौं यसबाट हामी यति मान्छेलाई रोजगारीको व्यवस्थापन गर्नेछौं भनेर यसमा किटानीसहित अझै ल्याउन सकेको भए मलाई लाग्छ ती क्वारेन्टाइनमा बसेका र अब आइसोलेसनमा बस्न पर्ने ती दाजुभाइ दिदीबहिनीहरू पनि आत्मबल बनाएर आत्मबल वृद्धि गरेर मलाई लाग्छ कोभिड-19 लाई जितरे अगाडि बढ्न सक्ने त्यो अवस्था सिर्जना हुन सक्थ्यो होला। यति भन्दै यो निलो बत्ती बलिसकेको कारण यो पहेंलो बत्ती बलिसकेको कारण यो ०७७/७८ को नीति कार्यक्रम यो व्यवस्थित ढंगले जसरी आएको छ यसैगरी

यसको मिलन फेरि बजेटसँग पनि सँगसँगै बजेटसँग समान ढंगले हुनेछ भन्ने अपेक्षा गर्‍यछु धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री सोशीला शाही, यसपछि माननीय श्री यामलाल कँडेल तयार रहनुहोला।

**माननीय श्री सोशीला शाही:** सभामुख महोदय, छैटौं अधिवेशनको आठौं बैठकमा नीति तथा कार्यक्रममा छलफल भइरहेको बेला सर्वप्रथम कोरोना संक्रमणबाट मृत्यु भएका दैलेखका एकजना र भारतबाट आफ्नो घर फर्किने क्रममा सलेनवासी १२ जना बाँकेमा गाडी दुर्घटनामा परी ज्यान गुमाउनु हुने सबैलाई गहिरो भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र घाइतेहरूलाई शीघ्र स्वास्थ्यको लागि कामना गर्दछु र आज हामी अत्यन्त असहज परिस्थितिको सामना गरिरहेका छौं। कोरोना कहरबाट विश्व आतंकित भइरहेको र नेपाल पनि यसबाट अछुत अछुतो छैन। त्यसमध्ये पनि कर्णाली प्रदेश अत्यन्तै ठूलो जोखिम क्षेत्रका रूपमा देखिएको छ। भारतमा ठूलो संख्यामा रहेका कर्णालीवासी स्वदेश फर्किने ओइरो लागिरहेका छन्। निश्चय पनि यसमध्ये केहीलाई कोरोना संक्रमण भएको छ। ती आउने व्यक्तिहरूलाई व्यवस्थित तरिकाले क्वारेन्टाइन राख्नु ठीक ढंगले तिनीहरूको जाँच गराउने र रिपोर्ट रिपोर्ट ठीक आएपछि मात्र घर पठाउने कामको व्यवस्था गर्न सकेनौं भने डरलाग्दो र भयावह स्थिति आउन सक्छ। यो व्यवस्थित महामा महामारीको बेलामा जनता रोगबाट बच्ने बचाउने सरकारको पहिलो दायित्व र कर्तव्य हो। यसमा हामी चुक्नु हुँदैन, सरकारको क्षमता, कौशलता पनि यस्तै यस्तै बेलामा देखि देखिन्छ। सामान्य अवस्थामा त जसले पनि चलाउन सक्छ। त्यसका लागि कुनै न  क्षमता, दक्षता आवश्यकता पर्दै पर्दैन यस्तो कठिन घडीमा हाम्रो ज्यानको प्रवाह आफ्नो ज्यानको प्रवाह नगरी दिनरात खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकारलाई म विशेष धन्यवाद दिन चाहन्छु। उहाँहरूको सेवा सुविधा अझैं पनि थप वृद्धि गर्नु गरिनु पर्ने गर्नु पर्दछ पर्छ। उहाँको हौसला र मनोबल बढाउनु पर्छ पर्दछ। नीति तथा कार्यक्रमको यति लामो ढड्डा प्रस्तुत भएको छ। यो कर्मकाण्डी पाराले नै प्रस्तुत भएको छ। असहज अवस्थामा खास खास विषयमा फोकस गरेर सम्बोधन गर्नुपर्नेमा कर्णालीलाई कायापलट गर्छौं भन्ने तरिकाबाट आएको छ। यसमा प्राथमिकताहरू छु-छुटाउनु पर्छ अहिलेको बेलामा जतिसुकै भए तापनि जनतालाई रोगबाट बचाउने भोगबाट बचाउने काम नै महत्त्वपूर्ण हो भन्ने मलाई लाग्छ। सबै काम हामी गर्छौं भन्न थालियो भने हामीले कुनै पनि काम गर्न सक्दैनौं। सभामुख महोदय, भर्खरै यो सात वर्षीय जो ८ वर्षीय अँ नानीको जुन बलात्कार भएर घट्ना भएको छ भन्ने जुन कुरा आएको छ, यो पनि अत्यन्तै दु:खदायक छ। यसमा विशेष गरेर सरकारले पनि ध्यान दिनुपर्छ र भोलि लैङ्गिक हिंसा अन्त्य गर्ने हामी सबै थोकको हामीले अँ नीति तथा कार्यक्रममा पनि त्यस्तो महिलाको उ आको छैन यो महिलासम्बन्धी अब पहिला त समानुपातिकको लागि केही दिनुपर्छ भन्ने योजना दिनुपर्छ भन्ने थियो, त्यो पनि आओस् न, यसमा त त्यो पनि देखिएको छैन समानुपातिकलाई अझै पनि छु-

छटाएकै हो कि जस्तो लाग्यो किनभने अँ यो यत्तिकै हामी अ यो उ मात्रै सुझाव सल्लाह मात्रै दिएर कसैले अ के काम गर्न सक्छ नत्र नसक्ने हो कि, हैन। अब यस्ता कुराहरू अँ सरकारले पनि विशेष गरेर सोचोस् र अर्को कुरा के हो भने अ यो अ कालीकोट जिल्लामा रास्कोट नगरपालिकामा क्वारेन्टाइनको जुन व्यवस्था गरिएको छ, त्यसमा भन्न सुन्नमा आएको छ, आफू गएर त देख्न सकेको छैन। फोन गरेको फोनको आधारले सुनेको छु, चिउरा अ चिउरा र चिउरा दिने एकछाक त्यसपछाडि चाहिँ तिमीहरू जहाँ जाऊ-जाऊ भन्ने त्यस्तो चाहिँ आको छ रे त्यस्तो नहोस्। यहाँहरूले पनि हा फोन उठ्दैन भनेर आधा आधा माननीयज्यूहरूले पनि भन्नु भो लगभग कुनै बेला उहाँहरू बिजीहुनुहुन्छ होला त्यही भएर नउठ्न सक्छ। हामीले त्यसको लागि पनि सोच्नुपर्ने हुन्छ किनभने अँ हामीलाई त एकदम केरे अफ्ठेरो हुन्छ भने उहाँहरूलाई पनि अफ्ठेरो नहुने कुरा भएन। जनताहरूको लागि भोलि हामी भोटै ल्याएर हामी जितेर हामी यो सदनमा आउँला नआउँला त्यो छुट्टै कुरा भ किनभने हामीले सही नीति र नियममा बस्न सक्यौं भनेपछि जनताले आफै चुन्ने छन् को को भ्रष्टाचारी छ को के ऊ सुन के भ्रष्टाचारी छैन भन्ने जनताले पनि चिन्नेछन्। र यहाँ आएर हामीले ठूलठूलो भाषण गरेर मात्रै जनताहरूले पत्याउँदैनन् जस्तो लाग्छ मलाई भोलि किनभने अहिले हामी सत्ता पक्ष र प्रतिपक्ष भनेर पनि अगाडि पछाडि हामी भइरहेका छौं किनभने सत्ता पक्ष र प्रतिपक्ष प्रमुख प्रमुख प्रतिपक्ष छ सत्तापक्ष छ किनभने त्यसको लागि हामीले पनि ख्याल गरेका छौं। हामी पनि हाम्रो पार्टी पनि अ प प्रतिपक्ष हो भन्न यसमा हेक्का रहोस् भन्ने हामी चाहन्छौं किनभने भोलि यस्ता दिनहरू आउनसक्छन् भोलि कुनै त्यो त्यो समय पनि आउन सक्छ हजुरहरूले यसमा ध्यान दिनुहुनेछ भन्ने आशा राखेको छु। त्यो भन्दा बढी केही भन्न पर्‍यो भने पनि भन्दै जाऔंला, त्यसको लागि धन्य सभामुखज्यू त्यसको लागि धन्यवाद। जय राष्ट्रवाद।

**माननीय सभामुख**: माननीय श्री यामलाल कँडेल।

**माननीय श्री यामलाल कँडेल:** माननीय सभामुख महोदय, माननीय गोविन्दप्रसाद कलौनीज्यूले आर्थिक वर्ष ०७७/७८ को कर्णाली प्रदेशको नीति तथा कार्यक्रम यो सदन समक्ष प्रस्तुत भइसकेपछि त्यसमा छलफल गर्न जनताको प्रतिनिधि भाहुनाले आफ्नो पनि उपस्थिति देखाउन म यो कार्यक्रममा सहभागी भइरहेको छु। जे पे जे माननीय मन्त्रीज्यूले यहाँ जे टेबुल गर्नुभएको छ, हाम्रो परम्परा यस्तो छ- पास गर्दा त्यही पास हुने हो। न हामी माननीय सदस्यज्यूहरूले भनेको सुझाव पास हुन्छ न स्वयम् माननीय मुख्यमन्त्रीज्यूले स्वीकार गरेका कुरा पास हुन्छ। पास गर्दा जे टेबुल गरिएको छ त्यही टेबुल हुन्छ तर पनि हामी छलफलमा भाग लिइरहेका छौं यसको मतलव के हो भने तीनटा विषयमा विशेष यस्तो अधिवेशनमा छलफल हुन्छ। यो भन्दा अगाडि विनियोजन विधेयकको सिद्धान्त, उद्देश्य, प्राथमिकता र नीतिमा छलफल गरियो। त्यो छलफल गर्नुको अर्थ के हो भने आज हामीले छलफल गरेको कार्यक्रममा समावेश हुन सक्दा संसद्को भूमिका प्रभावकारी हुन्छ। आज हामीले छलफल गरिरहेको पास हामीले जे भनिरहेका छौं, यद्यपि यसमा धेरै कुरा राम्रा छन्

तर कतिपय लेख्नै नपर्ने कुरा छन् कतिपय मिल्नै मिल्नै नहुने कुरा छन् तर पनि त्यही पास हामीले गर्नुपर्ने हुन्छ तर आज छलफल गरिएको सभासद् हामी माननीय सदस्यहरूले छलफल गरेको माननीय मुख्यमन्त्रीजीले पछि जवाफमा के भन्नुहुन्छ त्यो कुराको आधारबाट यसपछि आउने दस्तावेज समृद्ध बन्न सक्यो भने हाम्रो छलफलको सार्थक अर्थ राख्छ। प्रचलन त्यस्तो छैन। अस्तिको नीति छलफलको यहाँ समेट्न सकेको भए, यो आफैमा समृद्ध हुन्थ्यो यद्यपि यो हाम्रो प्रचलन यस्तो छ। यो कोभिडको कारणले होइन हाम्रो संसद्को हालत अवस्था यस्तो छ। सरकार दुई राजनीतिक तहबाट नेतृत्व गर्ने एउटा, प्रशासनबाट नेतृत्व गर्नेहरूको माथि नेम प्लेट लेखिएको छ। यद्यपि त्यो दुईटै काम हाम्रो माननीय मन्त्रीज्यूहरूले नै गर्नुहुन्छ होला, मैले त्यही विश्वास गर्नपर्ने हुन्छ, त्यसको कहीँ उपस्थिति हाम्रो यो संसद्मा देखिँदैन। त्यसप्रति म धेरै दिन चाहन्न म यसकारणले केही सुझाव केही छलफलका निम्ति विषय राख्न चाहन्छु किनकि हामी दुई वर्षको अनुभवका साथ तेस्रो वर्षको नीति तथा कार्यक्रममा सामेल छौं। यसो हुँदा म बुँदा बुँदामा जान चाहन्न किनकि समयलाई मैले पनि हेक्का राख्नुपर्ने हुन्छ। म एउटा कुरा भन्न चाहन्छु अनुभवको आधारबाट तीन तहका सरकार छन्, दुई वर्षको अभ्यासबाट आफ्ना सीमा र दायराहरू केही बुझेका छौं केही प्रष्ट हुन बाँकी छ होला त्यही आधारबाट यो नीति कार्यक्रममा सबै कार्यक्रम उल्लेख गरेको भए यो संक्षिप्त हुन्थ्यो व्यवहारिक हुन्थ्यो। आफ्ना सीमा र दायरालाई सम्झिएर वडा तहसम्म पनि पुग्ने भन्न त राम्रै हुन्छ होला। क्षेत्रै नभएका विषयहरूमा पनि प्रवेश गर्ने जुन तरिका छ यलाई हामीले बदलौं भन्ने मेरो विनम्रतापूर्वक अनुरोध छ। अहिले हामी जे बाटोबाट हिँडिरहेका छौं, जे मान्यताहरूमा छौं, आजको बाटोमा हिजका हाम्रा कतिपय विरासतहरू मिल्दैनन् भने छोड्ने हिम्मत गरौं। आज एउटा बाटो हिँड्ने एउटा नीति अवलम्बन गर्ने तर हिजका कतिपय विरासत र धङ्धडीबाट हामी प्रभावित हुने हो भने हामीमा द्विविधा हुन्छ, त्यसबाट मुक्त हुनु पर्ने गरी हामीले आफ्ना नीति, विचार, कार्यक्रम र व्यवहार गर्न जरुरी र आवश्यकता म त्यस्तो देख्छु। त्यसकारणले आफ्ना सीमा र दायरालाई बुझेर प्रष्ट नभएका संघसँग कति हो ? कानून बनाउँदै, नियम बनाउँदै भएका बैठकमा छलफल गरौं र यो प्रदेश सभालाई प्रदेश तहको संरचनालाई बलियो बनाऔं त्यसमा मेरो पनि पूरापूरा ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै स्थानीय निकायसँगका कुरालाई पनि हामीले प्रष्ट पार्ने कुरा गर्नपर्ने हुन्छ। त्यसकारणले नीति तथा कार्यक्रम बनाउँदा आफ्नो सीमा र दायरालाई पनि आजसम्मको अनुभवको आधारबाट बुझेर गरियो भने त्यो छिटो-छरितो र प्रभावकारी र कार्यान्वयन गर्न सकिने अवस्था रहन्छ। कतिपय हाम्रा कानुनी दायराहरू हाम्रो जतिसुकै भावना भए पनि हामीलाई थाहा छ यो हुँदैन तर किन लेखिरहनु लेखिरहने कुराबाट हामी मुक्त हुनुपर्ने अवस्था म त्यस्तो देख्छु। म विषयसँग केन्द्रित गर्न चाहन्न। दोस्रो, यो दस्तावेज हो। हामी जनताका जनप्रतिनिधि यहाँ छौं। हामीले मात्र हैन यो दुनियाँले हेरिरहेको छ। सबैले पढिरहेको छ भने कमसेकम यो यथार्थपरक हुनुपऱ्यो। यहाँ लेखिएका कुरा कमसेकम यथार्थपरक हुनुपऱ्यो। यहाँ लेखिएका कुरा कमसेकम यथार्थपरक हुनुपऱ्यो। त्यस्तो गर्न सकियो भने यो विश्वासिलो

दस्तावेज बन्छ। म धेरै कुरा त गर्न चाहन्न, अहिलेको सन्दर्भमा लेखिएको दुई लाइन यद्यपि लेख्ने प्रस्तोताहरूलाई सरकारलाई यो राम्रोसँग थाहा छ, म एउटा मात्र लेख्न भन्न चाहन्छु। प्रदेश सरकारले आरडिटी पिसिआर लगायतका मेसिन उपकरणको उचित व्यवस्थासहितको ठूलो सङ्ख्यामा परीक्षणको कार्यलाई निरन्तरता दिइएको छ। यसको पक्षमा बाहिर त नजानुस् यहाँ कोही समर्थक छ ? बाहिर नजाऔं, आज हामी आरडिटी होइन, त्यत्तिकै घर फर्काउनुपर्ने परिस्थिति हामीले जहाँ राखिरहेका छौं त्यो ठाउँमा छौं। बरु हामीले भन्यौं हामीले यति प्रयत्न गऱ्यौं, हामी यति समस्यामा छौं, हामी यो बाटोबाट जाँदै छौं भन्नुभयो भने मलाई लाग्छ त्यलाई सबैले साथ दिन्छन् किनभने त्यो यथार्थता हो। मैले त्यति मात्रै भने त्यसकारणले हाम्रो नीति तथा कार्यक्रम यथार्थपरक भयो भने त्यो विश्वासिलो दस्तावेज हुन्छ। त्यस्तो स्वीकार गर्ने कुरा मलाई लाग्छ कुनै गाह्रो र अफ्ठ्यारो हुन्छ मलाई त्यस्तो लाग्दैन, म त्यतापट्टि ध्यान दिन चाहन्छु। त्यस्तै मैले अस्ति पनि भन्याथिएँ र आज पनि भन्न चाहन्छु। दुई वर्षको अनुभवबाट हाम्रो कार्यक्षमता नबढाउने हो भने यहाँ लेखिएका कुरा निराशाजनकै हुन्छन्। अहिलेकै कोभिड अभियानमा तपाईँहरूले थुप्रै निर्णय गर्नुभाछ परिणामत: हेर्ने हो भने निराशाजनक छ। मिलिराछैन, तपाइँहरूलाई गरेको जस्तो लागिराछ तल हेर्दा नगरेको देखिएको अवस्था हुँदा हाम्रो कुरा मिल्न सकिरहेको छैन। यो कार्यक्षमता कसरी बढाउने होला? म कर्मचारी साथीहरूको त धेरै कुरा सुन्याछैन, भेट्याछैन तर म जो साथीहरू हुनुहुन्छ २ वर्षको अनुभवका आधारबाट तपाइँहरूको कार्यशैली बदल्नुस्। यसको मतलव कर्मचारीले जे भन्छन् त्यही मान्न मान्नुस् भन्या हैन मैले तर कोही पनि यहाँबाट फर्किएका कर्मचारीको रिपोर्टिङ्ग यो प्रदेशको बारेमा सकारात्मक छैन। तपाईँसँगै काम गरेकाहरूको राम्रो भन्नुभाछ भने त मेरो भन्नु केही छैन, त्यस्तो भन्लान् जस्तो मलाई लाग्दैन। के कारणले होला त ? के ती सबै खराबै खराब भएर होला त ? कि हाम्रो तरिका हामीले बदलौं। त्यसमा आत्म समिक्षा गर्नु भएन भने यो परको कुरा त परै जानुस् यही कोभिड अभियान अभियान अन्तर्गत यो नीति तथा कार्यक्रम र बजेटमा लेखिएका कुराको कार्यान्वयन नगर्दा जनताले र जनताका प्रतिनिधिहरूले गर्दागर्दै पनि तपाईँहरूप्रति प्रश्नचिन्ह खडा हुनै अवस्था छ। अघि पनि उठाउनु भो, म एउटा उदाहरण दिऔं, दुई वर्ष भो काँक्रेविहार पोहोर आर्थिक वर्षको अन्तमा रद्द भो। उहिल्यै स्वीकृत हुनुपर्ने २७ गते म्याद छ रे। फेरि रद्द गर्ने कि स्वीकृत गर्ने छलफल गरेको बैठक सुन्दैछु म। जब एउटा प्रोजेक्ट तपाइँहरूले पनि समर्थन गर्नुभएको र उठाइरहेको विषय दुई वर्षमा टेण्डर हुँदैन, सुर्खेत जस्तो ठाउँमा तर रेकर्ड हेर्दा यहाँ खर्च नहुने र अन्त खर्च हुने रेकर्ड पनि देखिएको छ अब के रहेछ त्यहाँ त म पुग्याछैन। त्यहाँ पुग्ने कुरा पनि भएन। त्यसकारणले म अनुरोध गर्न चाहन्छु, कार्यक्षमता बढाऔं, यद्यपि मेरा विषय धेरै थिए, म सिधा सिधा अब एक मिनेट होला जस्तो लाग्यो। अर्को चाहिँ योजना छनौट र पहिचान जे तरिका छ त्यो बदल्नुहोस्। सुर्खेतलाई पनि ..गर्नुभाछ चिङ्गाडको खा भेरीबाट पानी ल्याउने एक मत्र विकल्प सुर्खेती जनताको उपत्यकाको जनताको त्यो कम्पिलिट गरेपछि विकल्प खोजौं, अहिले चिङ्गाड ०३२ सालमा तपाइँहरूलाई मास्टर प्लान चाहियो भने सिंचाई विभागमा

पढ्न पाइन्छ, हेर्न पाइन्छ। ३२ सालमा सर्भे डिजाइन गरेको योजना आज हामी सुर्खेती जनताले चिङ्गाडबाट खानेपानी ल्याउनुपर्‍यो भनेर विकल्प सोचिराछैनौं। यस्तो भ्रम सिर्जना गर्ने काम नगरियोस् अघि पनि साथी माननीयजीले उठाउनु भो, यहाँ कुनै दुईटा चक्रपथ छैन, एउटा मात्रै चक्रपथ छ। भित्री र बाहिरी गर्दा त्यले अर्थ राख्छ। त्यस्तै अर्को के छ त भन्दाखेरि पाँच वर्षपछि बनाउँला तर अहिले साइकिल लेन बनाउनेगरी हाम्रा कुनै पूर्वाधार खडा भएका छैनन् त्यो यस्ता कुरा कसरी छनोट हुन्छ ? कसको लहडमा हुन्छ ? कसको स्वार्थपूर्तिका निम्ति गरिन्छ ? खाली डीपीआर गरेर म अब समय त छैन म एउटा दृष्टान्त तपाईंहरूलाई सजिलै हुन्छ। गएको साइकिल लेन आएपछि मात्रै थाहा पाएँ त्यतिबेला भौतिक योजना मन्त्री माननीय खड्कबहादुर खत्री हुनुहुन्थ्यो। मैले भने यो योजना कसको ? प्रतिनिधि त म हुँ। अरु माननीयहरू हुनुहुन्छ, मैले सोधेँ। हैन म यो त त्यतिबेलाको प्रमुख सचिवको रहेछ। उहाँले साइकिलको पनि देखाउनु भो। मैले गएर सचिवलाई भेटें, पाँचलाखको एउटा मात्र मान्छेलाई रोजगार दिएछ। प्रारम्भिक सर्भे गरियो। मैले प्रारम्भिक सर्वे गरेपछि डिटेल गर्न परेन, नगर्नुस् भन्दा उसलाई प्रमुख दबाब दिएर हटाउनेसम्मको काम भयो वा कसैलाई रोजगार सिर्जना गर्नका निम्ति प्रारम्भिक सर्वे र डिटेल सर्वे गर्ने नामका योजनाहरू समावेश गर्ने कुरा कहीं गर्नुछ कसैलाई दिनुछ भने अन्त नदिनुस् न म भन्दिन तर मैले पनि जवाफ दिने ठाउँमा यस्ता योजना नछान्दिएको भए हुन्थ्यो। म यस्तै एउटा प्रतिनिधि बनें। भएका योजना पनि आएर कटाइदिनुस् भनेर अनुरोध गर्नुपर्ने तहमा सरकार किन पुग्दैछ ? झन त सरकारलाई त सजिलो कुरा हो। त्यस्तै एउटा म सानो सुर्खेत उपत्यकाको केही कुरा भन्दियो भने तपाईंहरूलाई भोलिपर्सी पनि योजना बनाउन सजिलो होला जस्तो लाग्यो। देशभरिको सहरमध्ये क्षेत्र छुट्याएको प्लानिङ्गसहितको कुनै नगरपालिका छ भने त्यो वीरेन्द्रनगर नगरपालिका हो। त्यसको पनि राजधानीदेखि, के हाइवेदेखि माथितिर तलतिरर केही प्लानिङ्ग छैन। अहिले त्यो विस्तार भएर त्यहाँ पुग्यो। त्यहाँभित्रको प्लानिङ्ग आफैमा कानून बन्छ, त्यो संघीय सरकारका कार्यालयले पनि मान्दै आएको कुरा हो। त्यसको कार्यान्वयन नगर विकास समिति भन्ने छ त्यसको अहिले अध्यक्ष मेयर हुनुहुन्छ। मैले यसकारणले भनिराहुँ यदि हामीलाई हामी नयाँ संरचना भाहुनाले मैले त्यतिबेला खड्ग मन्त्रीज्यूलाई मा त्यतिबेला तत्कालीन मन्त्रीज्यूलाई र मेयरलाई सँगै राखेर के भन्याथें भन्दाखेरि आज प्रदेश यहाँ प्रवेश भयो भने यो जोनिङ्ग भित्र प्रदेशको संरचना बनाउने गरी एउटा कार्यदल बनाउनुस्। प्रदेश कहाँ रहने ? संघीय सरकार कार्यालय कहाँ रहने ? अरु कहाँ रहने ? त्यस नक्सा अनुसार अगाडि बढाउने कुरा राखेको थिएँ। तपाईंहरूलाई यदि उपयुक्त लाग्छ भने आर्को सिंहदरबार बनाउन सकिने गरी जोनिङ्ग सिस्टम भएको यो भू-भाग छ। दश करोड छुटाउनु भयो भने दुईटा गेट उत्तर र दक्षिणतिर राखेर स्थानीय तहसँग छलफल गरौंला। पर्खाल लगाउनुभयो भने यहाँभित्रिका सबै खाली जग्गालाई विना लगानी अर्को निर्माण नहुँदासम्म बगैचाका रूपमा रुपान्तरण गर्न सकिन्छ, विना पैंसा। एउटा पैसा मात्रै पर्खाल सिंहदरबार जस्तो बनाउन सकियो भने त्यस्तो राम्रो हुन्छ। यसरी योजना बनाउनुभयो भने केही गरेको पनि देखिन सक्ने

अवस्था रहन्छ। यदि तपाईँहरूलाई उपयुक्त लाग्छ भने त्यतातिर म ध्यानाकर्षण गराउन चाहन्छु। आर्को विषय मात्र राख्न चाहन्छु अहिले राहत र रोजगारको कुरा छ विषम परिस्थिति भाहुनाले मेरो विनम्रतापूर्वक अनुरोध छ कार्यविध बनाऔं, यी सबै स्थानीय तहलाई जिम्मा लाइदिऔं, कार्यविधि हाम्रो नियन्त्रणमा होस्, प्रदेश सरकार र प्रदेश सांसदले अनुगमन गरौं, त्यो वनको पनि, त्यो कृषिको पनि वा रोजगार सिर्जनाका निम्ति, अहिलेका राहतका निम्ति बनाइएका विशेष कार्यक्रम कार्यविधिका आधारबाट स्थानीय तहलाई हस्तान्तरण गर्ने कुरामा जानु उपयुक्त हुन्छ, हाम्रो मेकानिज्म मैले त्यस्तो देख्दिन। मैले समितिमा सुनेको र मैले हेरेको आधारबाट हेर्दा चाहे त्यो वनले बाँडेको अनुदान होस्, चाहे त्यो कृषिले बाडेको कुरा होस्। दु:खका साथ भन्न चाहन्छु त्यले भरणपोषणलाई नै सहयोग पुग्या पुऱ्याइरा छ। मन्त्रीज्यूहरूलाई के-के नै गरें भन्नेजस्तो देख्छु उहाँहरूको प्रतिक्रिया हेर्दा, म दु:खका साथ भन्न चाहन्छु, त्यले भरणपोषणलाई नै सहयोग पुऱ्याइरहेको छ। त्यसकारणले यसचोटिको महान यो महामारीको अभियानमा राहत रोजगारका निम्ति बनाइएका कार्यक्रम निर्दिष्ट कार्यविधिका आधारबाट भन्नुस् न - जिल्ला तहका राजनीतिक पार्टीका माननीयका गाउँतहका जनप्रतिनिधिका परिवारका मान्छे कोही पनि उपभोक्ता समितिमा बस्न नपाउने गरी यो कार्यविधि तय गरिएको छ भनेर तल दिऔं न त। दिऔं न, यहाँ माननीयज्यूले ठूलाठूला गर्नुहुन्छ तर म मलाई लाग्छ हामी नै कति ठाउँमा कति सामेल छौं कि छैनौं थाहा छैन। त्यसकारणले हाम्रो पार्टीको कुरा त गर्न नहुने तर प्रदेश कमिटीले भन्याथ्यो पार्टीका जिल्ला तहका मान्छे कुनै पनि उपभोगता समितिमा बस्न नपाउने निर्णय गरेको अवस्था थियो भने सरकारले भन्न सक्छ कुनै पनि तहको जनप्रतिनिधिका सन्तान, परिवारका सदस्यहरू नरहन पाउने गरी एउटा मापदण्ड राखेर कार्यविधि बनाउन सकियो भने त आफू सामेल नभएपछि त हेर्न सकिन्छ नि त तर मलाई लाग्छ, हामी हाम्रा कोही न कोही मान्छे सामेल भएर तल उपभोक्ता समितिमा छन्, भाषण गर्दा विरोध गर्ने व्यवहार आउँदा तै चुप मै चुप हुने परिस्थिति छ जस्तो मलाई लाग्छ। त्यसकारणले म अनुरोध र आग्रह गर्न चाहन्छु त्यो आधारबाट अगाडि बढ्ने कुरा गर्नु राम्रो हुन्छ। अर्को अस्ति अर्थमन्त्रीको भाषण सुन्दा हामी विपन्न छौं रोजगार पनि दिनुपर्ने हुन्छ तर म त्यो उहाँको मानसिकता र विचारलाई बदल्न अनुरोध गर्न चाहन्छु। काम दिऔं, काम लिऔं। के खाद्यान्न दिऔं, रोजगार दिऔं तर काम लिऔं है किनभने विकास हामीले गर्नपर्ने छ। हामीलाई दिएको पैंसाबाट हामीले काम पनि गर्ने तर उहाँहरूले के काम पनि दियो, रोजगार पनि दियो भने के हो त विकास पनि हुन्छ रोजगार पनि पाउने हुन्छ नत्र भने यो बाँड्ने पैंसा हो, यो खान दिएको हो, बचाउन दिएको भन्ने मानसिकता भयो भने बचाउन त सकिएला तर हाम्रो समाज जस्ताको तस्तै रहन सक्ने अवस्था रहन्छ। म यसमा यति मात्रै भन्न चाहन्छु।आर्को यही वर्ष अर्को वर्ष हामीले कर्णाली के राष्ट्रिय खेल खेलकूद यहाँ बनाउने हामीले दावी गऱ्या थियौं तपाईँहरूले पनि निर्णय गर्नुभाथ्यो प्रदेश सरकारले। त्यो गण्डकी प्रदेशमा गयो, आर्को चोटि कर्णालीले गर्ने हो भने यहाँ प्रस्तुत गरेको यो फिल्ड देखाउने खनेजस्तो गर्ने तलब खुवाने जस्तो परम्परा भन्दा हाम्रो बदलेर

राष्ट्रिय खेलकूद बन्ने गरी जिल्ला जिल्लामा जहाँ उपयुक्त हुन्छ राष्ट्रिय खेलकुद बनाउने गरी तपाईंहरूले संरचना बनाउने गरी हामीले त्यो अवसर लिन सक्ने गरी बजेट छुटयाउने कुरामा मलाई लाग्छ प्रदेश सरकारको ध्यान जानपर्ने हुन्छ। हामीले छुटयाएनौं हामीले त्यस्तो गरेनौं भने त्यो अवसर हामीबाट गुम्छ। त्यसका नाममा हामीले जे विकास गर्न सक्थ्यौं त्यो गर्न सक्तैनौं। त्यसकारणले आगामी दिनमा हुने राष्ट्रिय खेलकुद हामीले हाम्रो कर्णाली प्रदेशमा गर्ने कर्णाली प्रदेशको सरकारको जे माग छ त्यलाई परिपूर्ति गर्ने हो भने यो महामारीका बेलामा पनि त्यलाई प्रमुख एजेण्डाका रूपमा अगाडि बढाउनुपर्ने हुन्छ। अन्तमा जे महामारी छ, हिजो जवाफ पनि सुनियो परिस्थिति विकराल बन्दैछ। यहाँ जे माननीय सदस्यहरूले जे प्रश्न उठाउनुभाछ, त्यसको प्रभावकारीता हो भने मेरो अनुरोध छ, संरचना नबन्दासम्म हामीले फूल फेजको अधिकार प्रयोग नगर्दासम्मन स्थानीय प्रशासनसँगको हाम्रो सम्पर्क जति बलियो हुन सक्छ, जति राम्रो हुन सक्छ, जति सौहार्द हुन सक्छ त्यति यो संसद्मा उठेका कुराहरूको कार्यान्वयन हुन सक्छ। चाहे त्यो महिला हिंसाका कुरा होस्, चाहे त्यो अनियमितताको कुरा होस्, चाहे त्यो कालाबजारीको कुरा होस्, चाहे अहिले कोभिडको अभियानको कुरा होस्। माननीयज्यूहरू सरकारले त बैठक गरेको गर्‍यै छ, प्रयत्न गर्नु भाकै छ तर फिल्डमा हेर्दा समन्वयको प्रभावकारी प्रत्याभूति हुने अनुभूति, जिम्मेवारीमा भाको अहिले तपाईंहरूले भन्न मिल्दैन, बाँकीलाई सोध्नुभो भने तपाईंलाई साथ दिने कोही मान्छे छैनन्। के सबै मूर्ख भएर त्यस्तो गरिरा हो त ? भन्दा तल ल्याप्सेस छ। म सुन्दैछु नारायण नगरपालिकामा बसिरहेका क्वारेन्टाइनमा बसेका मान्छेलाई सल्लाहले आरडिटीपछि घर फर्काइयो अरे। सल्लाहले विसल्लाहले हैन, हालत हाम्रो त्यस्तो छ भने म अनुरोध गर्न चाहन्छु तलको मैले त क्याटगोरीकल्ली भने हिजो पनि यहाँ मन्त्रीज्यूले भन्नु भो कोले हो त पहलकदमी गर्ने ? आइसोलेसन गर्ने कुरा त गरियो। कोले हो त पहलकदमी गर्ने ? भर तिनैलाई पर्नुपर्ने हुन्छ, तिनले हाम्रो भावना अनुसार अहिलेको आवश्यकता अनुसार काम गरिराछैनन्। एम्बुलेन्स छैन त ? तपाईंहरूले जतिसुकै छ भने पनि म तपाईंहरूका अगाडि भन्न चाहन्छु एम्बुलेन्स छैन त। हिँ त यस्तो छ, अन्त के होला ? त्यसकारणले मसिनो काममा दुईटा मात्रै लिऔं अहिले हामी आइसोलेसन व्यवस्थापन गर्ने, क्वारेन्टाइन व्यवस्थापन गर्ने त्यलाई चाहिने साधन स्रोतका मात्रै ध्यान केन्द्रित गर्ने कुरा गरियो भने मलाई लाग्छ हामीले पार लगाउनै पर्ने छ हामीले पार लगाउन सक्छौं त्यसका निम्ति प्रशासनिक परिचालनले मात्रै यो यस्ता महाविपत्तीहरू पार लाउन सकिँदैन। राजनीतिक वा जनप्रतिनिधि निकायहरूलाई पनि नियममा बसेर अधिनमा बसेर सिमामा बसेर परिचालित गर्ने कुरामा हेक्का राख्नुभयो भने मात्रै महाविपत्तिको पार लगाउन सकिन्छ। त्यो कुराको कुरा मैले तपाईंहरूका बीचमा राख्न चाहन्छु र अन्तमा एउटा सुझाव - म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु तपाईंहरूले पनि फिल गर्नुभाहोला, यहाँ पनि कुरा आइसक्यो, ढिलो निर्णय गर्नुस् जे पनि निर्णय नगर्नुस्। कसैको लहडमा निर्णय नगर्नुस् म खण्डन धेरै चाहन्न त्यस्तो उपकारी गर्न सक्दा त हुन्छ, निर्वाह भत्ता आयो। साउनसम्म भर भर्सक हामीले क्वारेन्टाइनमा कोही पनि राख्न नपर्ने गरी काम गर्ने अवस्था

देख्छु म। यो नीति तथा कार्यक्रम साउनपछि पो हुने हो त्यस्तो कुरा आछ। १८ गते एउटा निर्णय गर्नुभो। आर्को निर्णय भएर नै होला हिजो आर्को मन्त्रीले जवाफ दिँदा भन्नु भो स्कुल खोल्ने भाछैन भन्दिनु भो। म अनुरोध गर्न चाहन्छु यस्ताले परिपक्क हुन वर्षौं लाग्छ अपरिपक्क हुन एउटा घटना भए पुग्छ। विश्वास जित्न वर्षौं लाग्छ अविश्वासिलो हुन एउटा घटनाले अविश्वासिलो बनाउँछ। त्यसकारणले म तपाईँहरूलाई पनि समीक्षा गर्न चाहन्छु अभियान अन्तर्गत यति धेरै निर्णय गर्नुभयो निर्णय गर्दा सबैलाई खुस बनाउन सकिदैन। त्यसकारणले मरो अनुरोध छ हचुवाका भरमा लहडका भरमा एक दिन पनि अब त्यस्तो टिक्न नसक्ने कुरा गरियो भने दलीय व्यवस्था छ। यो सरकार प्रदेश सरकार हुँदाहुँदै पनि यो दुईतिहाइको भन्ने कुरा हामीले पनि सुन्न पर्ने हुन्छ। दुईतिहाइ भन्नासाथ धेरैलाई त्यले छुन्छ। सुन्दा तिनलाई पनि असजिलो अफ्ठेरो हुन्छ जस्तो लाग्छ। त्यसकारणले म अन्तिममा प्रदेश सरकारलाई के अनुरोध र आग्रह गर्न चाहन्छु भने कि तपाईँहरूका गरिएका निर्णाय चित्त बुझोस् या नबुझोस् यो राष्ट्रव्यापि अभियान भाॅहुनाले माथिको कुरालाई प्रतिकूल नहुने गरी जानुभो भने स्थानीय प्रशासनले असहयोग गर्नुपर्नेमा कुनै कारण देख्दिन तर तपाईँहरूका कतिपय यस्ता निर्णयहरू छन्, तपाईँका अगाडि विरोध गर्छन् कि गर्दैनन् पर गएर तिनले कार्यान्वयन गर्दैनन् भन्ने कुरा के मन्त्रीज्यूहरूलाई थाहा छैन र ? थाहा छ त। थाह छ भने त्यस्तो किन गर्ने? मैले उद्घाटनको दिन पनि भन्याथिएँ आज पनि म दोहोऱ्याउन चाहन्छु म त्यस्तो देख्छु। त्यसकारणले अहिलेको बेलाको समन्वय स्थानीय तहमा स्थानीय प्रशासनसँग गर्नपर्ने अवस्था म देख्छु त्यो आधारबाट अगाडि बढौं र यथार्थ जो हो त्यो कुरालाई स्वीकार गरेर जाँदा तलवितल हुँदैन, कमजोर हुँदैन, त्यले विश्वास आर्जन गर्न सकिने अवस्था मैले त्यस्तो देख्छु र अन्तमा फेरि पनि भन्न चाहन्छु - सबैलाई मननयोग्य भए पनि अन्तत्वगत्त्वा पास गर्ने यही का यहीँ हो। खोज्दै जाँदा अर्को वर्ष नीति तथा कार्यक्रम भन्दाखेरि यही किताब पाइन्छ, यही इतिहासमा पुस्तकालयमा हामीले। त्यसकारणले आज भनिएका कुराका आधारबाट आउने बजेट आज भनिए सबै हामी मिलेर भनेको कुराका आधारबाट आत्मसाथ गऱ्यौं भने आजको छलफलको सार्थकता रहन्छ। अहिले नै माननीय मुख्यमन्त्रीज्यूले सबै कुरा स्वीकार गरे पनि अन्तमा सभामुखज्यूले भन्दा माननीय मुख्यमन्त्रीले टेबुल गर्नुभएको नीति तथा कार्यक्रममा हुन्छ भन्नेहरूले हुन्छ भन्नुस्, हुन्न भन्नेहरूले हुन्न भन्नुहोस् भन्दा पास गर्नुपर्ने कागज यही हो। तर म फेरि पनि भन्न चाहन्छु- आज भनिएका कुरा आउने दस्तावेजमा वा बजेटमा, बजेटमा भनिएका कुरा विनियोजन विधेयकमा आउने कुरा हुन सक्यो भने हाम्रो छलफल सरकारका निम्ति फलदायी हुन्छ अनि यो छलफलमा बोलौं-बोलौं भन्ने जाँगर लाग्न सक्छ। यो आधारबाट अगाडि बढ्न पर्ने एउटा अवस्था मैले त्यस्तो देख्छु। त्यसकारणले मैले फेरि पनि अनुरोध गर्न चाहन्छु-त्यो आधारबाट हामी अगाडि बढौं। अर्थमन्त्रीजी यहीँ हुनुहुन्छ अस्ति पनि भन्याथिएँ अहिलेकै सालबसालीमा शीर्षक अनुसार सकिने काम अनुसार दायित्व सिर्जना गरेका योजनाहरू समावेश गर्ने कुरामा ध्यान दिनुभएन भने धेरै कुराको समस्या व्यवहारिक रूपले हामी तल पर्ने अवस्था मैले त्यस्तो देख्छु किनकि हाम्रो सरकार यस्तो हो कि ठेक्का यति

प्रसेन्टमा घटुवा भनेर बजेट बनाएर त बजेट प्रस्तुत गर्ने सरकार हो। त्यस्तो विधिमा आउने वर्षमा नजानु होला। र फेरि पनि भन्न चाहन्छु- यो त साउन १ गतेदेखि लागू हुने हो। भोलिदेखि नै प्रभावकारी कदम हुने गरी हिजो स्वास्थ्य मन्त्री केरे सामाजिक मन्त्रीले भन्नुभएका अनुसारको आइसुलेशनको त्यो तालिका त त्यो योजना हो माननीय मु मन्त्रीज्यू भन्न चाहन्छु, देखिने गरी हामी अगाडि बढ्ने कुरा गऱ्यौं भने राहत हुन्छ किनकि सबैभन्दा प्रमुख समस्या त्यो हो। त्यसका निम्ति मूलभूत रूपले स्थानीय प्रशासन सिडियोसापलाई जवाफदेही बनाउने गरी जिम्मेवार हुने गरी र स्थानीय जो क्वारेन्टाइन सञ्चालनका जनप्रतिनिधिहरूलाई सहयोग पुग्ने गरी हामीले भूमिका खेल्न सक्यौं भने मलाई लाग्छ। जतिसुकै ठूलो भएपनि जतिसुकै धेरै संख्यामा भए पनि आर्कोले आएर भन्दिने होइन। हामीले नै त्यसको सामना गर्नुपर्ने हुँदा नभाग्ने गरी म यति भन्न चाहन्छु- नभाग्ने गरी आजैदेखि तयारी गरेनौं भने यहाँ यो भयो, त्यहाँ त्यहाँ भयो भनेर उदाहरण किन दिउँ हामी आफू सबै नभाग्ने गरी जनताको समस्या समाधान गर्ने गरी अगाडि बढ्ने कुरामा हामी सबै लागौं। यही अनुरोध गर्दै केही समय मैले लिएँ, त्यसका निम्ति अन्यथा मानिदिनु हुने छैन भन्ने अनुरोध र आग्रहका साथ विदा हुन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब म कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममाथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनुभएका विभिन्न प्रश्न तथा जिज्ञासाहरूको सम्बन्धमा प्रदेश सभा नियमावली २०७४ को नियम ३७ को उपनियम २ बमोजिम सरकारो तर्फबाट जवाफ दिन समय दिन्छु।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही:** माननीय सभामुखज्यू, सम्मानित कर्णाली प्रदेश सभामा कर्णाली प्रदेश सरकारको आ.व.०७५, ०७७/७८ का लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रम गहन छलफल गरेर महत्त्वपूर्ण सुझावहरू दिनुभएकोमा प्रदेश सभाका माननीय सांसदज्यूहरूलाई हार्दिक आभारसहितको धन्यवाद भन्न चाहन्छु र सरकारको नीति तथा कार्यक्रममा रचनात्मक सुझावहरू प्राप्त भएका छन्। यसबाट यो नीति तथा कार्यक्रमलाई बढी गहन र वर्तमान चुनौतीलाई सामना गर्न सकिने गरी यथार्थपरक बनाउन ठूलो सहयोग हुनेछ। यतिबेलाको विषम परिस्थिति र महामारीको संकटसँग जुध्नका लागि हाम्रा प्राथमिकताका बारेमा हाम्राबीच सर्वसहमति देखिएको छ र यो नीति तथा कार्यक्रमको पहिलो प्राथमिकता कोरोनाबाट जनताको जीवन रक्षा गर्ने नै हो र अर्को प्राथमिकता भनेको जनतालाई भोकबाट बचाउनु हो। यो महामारी र भोकमारीबाट जनतालाई बचाउने कुरामा सरकारले सम्पूर्ण ध्यान केन्द्रित गरेको छ। नीति तथा कार्यक्रममा भनिएको छ, जीवन रहे सबै रहन्छन्, यो भनाइलाई आत्मसात गरेर अहिले कोरोना भाइरस कोभिड-१९ सँग लडेर जित्नु हामी कर्णालीवासीहरूको प्रमुख दायित्व चाहिँ छ र यसका लागि कर्णाली प्रदेश सरकारले यो ०७७/७८ को नीति तथा कार्यक्रम केन्द्रित यहाँ भएको कुरा माननीय सभामुखमार्फत् म

सदनलाई पनि फेरि भन्न चाहन्छु र यसको रोकथामका लागि, नियन्त्रणका लागि र उपचारका लागि अहिले कोरोना भाइरस कोभिड रोकथाम, नियन्त्रण र उपचारका लागि हामीले आवश्यक कोष खडा गरी यस सम्बन्धीका सम्पूर्ण कामहरू हामीले अगाडि बढाउने चाहिँ छौं र सरकारले अगाडि बढाउनेछ र यहाँभन्दा पहिला पनि प्रदेश सरकारले विश्व महामारीकै रूपमा यो कोरोना भाइरस व्यापक रूपमा फैलिसकेपछि कर्णाली प्रदेश सरकारले पनि त्यसको रोकथामका लागि, त्यसको नियन्त्रणका लागि र उपचारका लागि भनेर हामीले अन्य विभिन्न शीर्षकबाट बजेटलाई ल्याएर ५० करोडको हामीले कोष खडा गर्ने भनेर निर्णय गरियौं, र त्यसपछि त्यो कोषमा आवश्यक सहयोगका लागि भनेर हामीले सबैलाई अपिल पनि हामीले गर्‍यौं। त्यसपछि हामीले त्यो कोषबाट यसको नियन्त्रण, रोकथाम र उपचारका लागि खर्च गर्ने भनेर हामीले भनेका चाहिँ थियौं। र अब हामीले यसका बारेमा यो विभिन्न विचारहरू यहाँ व्यक्त भएका चाहिँ छन् र सायद यति लामो छलफल नहुन पनि सक्थ्यो हामीले खाली कोरोना भनेर मात्रै हामीले लेखिदिएको भए नीति तथा कार्यक्रममा अब हामी सबैको विचार भनेकै अहिलेको प्रमुख चुनौती भनेकै कोरोना भाइरस चाहिँ हो र यसकै रोकथाम, नियन्त्रण र उपचार प्रमुख हो भनी सकिसकेपछ फेरि अब सरकारले नीति तथा कार्यक्रममा अरु विषयहरू पनि फेरि समावेश गरेर ल्याउँदा सरकारले त्यति महत्त्वचाहिँ दिएन कि कोभिडका लागि भन्ने विषय उठ्नु र फेरि पनि सरकारको मुख्य ध्यान केन्द्रित भनेको यही कोभिडमै केन्द्रित हुनुपर्छ भन्ने कुराको जोड दिनुको एउटा मात्रै मक्सद भनेको अब आउने बजेटमा त्यो सरकारको स्प्रीड प्रतिबद्धता र हामीले भनेका कुराहरू व्यक्त हुन् भन्ने हिसाबले नै सबै माननीय सदयस्यहरूले बढी नै जोड दिएर यो विषय यहाँ प्रस्तुत गर्नुभएको चाहिँ छ। र अब यसका लागि अब हामीले कोरोना भाइरस नियन्त्रणका लागि क्वारेन्टाइन व्यवस्थापन गर्न र संक्रमितलाई समुदायमा फैलिन नदिन नियन्त्रणमा राख्नका लागि भरपुर प्रयत्नहरू भएका चाहिँ छन् तर पनि व्यवस्थित हुन सकिराखेको चाहिँ छैन। र अहिलेको क्वारेन्टाइन व्यवस्थापन हाम्रा लागि धेरै ठूलो चुनौतीको रूपमा खडा भएको चाहिँ छ। र अब यसको व्यवस्थापन तत्काल चाहिँ हामीले कसरी गर्ने ? भनेर हामीले केही निर्णय चाहिँ गर्‍यौं प्रदेश सरकारले यो क्वारेन्टाइन व्यवस्थापनका लागि भनेर स्थानीय तहलाई जिम्मा नदिईकन सम्भव छैन र त्यो स्थानीय तहलाई जिम्मा दिनका लागि क्वारेन्टाइनको व्यवस्थापनको लागि आवश्यक पर्ने आर्थिक व्यवस्थापनको जिम्मा पनि कर्णाली प्रदेशले लिनुपर्छ र केही सपोर्ट भन्ने हिसाबले व्यवस्थापन चाहिँ गरिएको थियो। र अहिले यसको थप व्यवस्थापनका लागि स्थानीय तहले अहिले आर्थिक हिसाबले हामी धान्न नसक्ने भयौं भन्ने कुरा पनि सबै ठाउँबाट त्यो विषय आएको छ र माग पनि आएको छ। र हामीले यसको व्यवस्थापन गर्नको लागि प्रदेश सरकारको तर्फबाट आवश्यक पहलहरू अगाडि बढाइने र त्यसको व्यवस्थापन एक पछि अर्को सुधार्दै लैजाने कुराको बारेमा म सरकारको तर्फबाट सदनलाई प्रतिवद्धता व्यक्त गर्न चाहन्छु। र यहाँ क्वारेन्टाइन व्यवस्थापनपछि अहिलेको अर्को समस्या भनेको परीक्षणकै समस्या चाहिँ हो। क्वारेन्टाइन व्यवस्थापनका लागि पनि केही जटिलताहरू चाहिँ छन् अहिले

मान्छेहरू आएर क्वारेन्टाइनमा बस्न नचाहने, अलिकति बल प्रयोग गर्नुपर्ने, धेरै कन्भिन्स गर्नुपर्ने अवस्था पनि छ भने अर्को कुरा क्वारेन्टाइनको क्यापासिटी चाहिँ कम र हामीसँग भारतबाट आउनेहरूको संख्या बढी भएको हुँदा विद्यालयहरू सबै भरिएका छन् र अरु संरचनाहरू चाहिँ छैनन्। र धेरै ठाउँमा पाल टाँगेर भए पनि फेरि पनि अब क्वारेन्टाइनमा राख्ने काम चाहिँ भइराखेको चाहिँ छ भने त्यसपछिको अबको हाम्रो चुनौती भनेको परीक्षणको चुनौती चाहिँ हो। र यसका लागि चाहिँ हामीले व्यवस्थापन गर्नका लागि दुईवटा आरटीपीसिआर मेसिनहरू हामीसँग छन् र यत्तिले मात्रै परीक्षण गर्न सकिने अवस्थाचाहिँ छैन। हामीसँग भारतबाट आउने कर्णाली प्रदेशका नागरिकहरूको एकपछि अर्को संख्यामा वृद्धि चाहि हुँदै आइराखेको चाहिँ छ।र यो अहिलेको यो दुईटा मात्रै मेसिनबाट सम्भव चाहिँ छैन। तत्कालका लागि अर्को एउटा मेसिन चाहिँ थप गरेर तीनटा मेसिनबाट परीक्षण कार्य अगाडि बढाउने भनेर सरकारले निर्णय गरेर अर्को मेसिन पनि ल्याउने तयारीमा चाहिँ छ। र यी हाम्रा तीनवटा मेसिनहरू र त्यसपछि हामीले अरु पनि थप थप्दै जाने गरीकन आवश्यकताको आधारमा फेरि यसको पनि थप व्यस्थापन गर्ने गरीकन एउटा पीसीआर प्रविधिको माध्यमबाट परीक्षण गर्ने र अहिले अब हामीले सबैलाई फेरि पिसिआर प्रविधिको माध्यमबाट परीक्षण गर्ने सम्भावना पनि त्यति देखिदैन। र संख्या धेरै बढ्दो छ। अहिले पनि हामीले दुईवटा मेसिनबाट एकदिनमा त्यलाई लगातार चलायो भने पछि पनि त्यही ढाइ तीनसय जना भन्दा बढीको परीक्षण गर्न सकिदैन भने हामीकहाँ त अहिलै १९-२० हजारको संख्यामा आइसकेको छ र फेरि दैनिक आउने क्रम जारी छ। अब दिनको हामीले ३ सयको हिसाबले परीक्षण गर्दाखेरि अब हामीले त्यत्रो संख्यामा आएका नागरिकको परीक्षण गर्नका लागि त हामीलाई एक डेढ महिनै लाग्ने, २-३ महिनै लाग्ने देखिन्छ र हामीले २-३ महिना क्वारेन्टाइनमा हामी राख्न सक्दैनौं। क्वारेन्टाइनमा राख्न नसक्ने भएको हुँदाखेरि फेरि पनि अर्को हाम्रो अगाडि जटिलता चाहिँ छँदैछ। यो जटिलताको हल गर्नको लागि अरु प्रदेशमा पनि आरडिटि टेस्ट गरेर १४ दिन क्वारेन्टाइनमा राख्ने र कुनै पनि प्रकारका त्यस्ता लक्षणहरू चाहिँ देखिएनन् भने आरडिटी चाहिँ टेस्ट गरेर परीक्षण गरेर पठाउने गरिएको चाहिँ छ तर हामीले आरडिटीकै रिपोर्टका आधारमा पठाउनु चाहिँ हुँदैन। र यसका लागि हामीले पिसिआर आरडिटी अब यलाई यस क्षेत्रका एक्सपोर्टहरू डक्टरहरूले लाई भनिएको छ कि भोलि हामीले यहाँबाट पठाइएका नागरिकलाई घरमा जाँदा संक्रमण पछि भेटिने स्थिति सिर्जना नहुने गरी त्यसको चाहिँ व्यवस्थापन कसरी गर्न सकिन्छ त्यतापट्टि चाहिँ सोच्नुहोस् भनेर भनिएको चाहि छ र यसका लागि अब अहिले ग्रुपमा प्रत्येक चाहिँ ग्रुपमा आएर चाहिँ बसेका अलग अगल क्वारेन्टाइनमा चाहिँ छन्। तिनीहरूको चाहिँ अहिले आरडिटीका लागि पीसिआरका लागि केही स्वाब संकलन गर्ने र टेस्ट गर्ने ग्रुपमा र ग्रुपमा त्यहाँ पोजेटिभ देखियो भने प्रत्येक व्यक्ति व्यक्तिले अलग पिसीआर चाहिँ गर्ने र जुन ग्रुपमा देखा परेन त्यो ग्रुपमा आरडिटी गरेर चाहिँ पठाउने र आरडिटी गर्दा पनि फेरि चाहिँ ग्रुपमा आरडिटी पिसिआर चाहिँ गरिसकेको हुन्छ। त्यो गर्दा बढी भरपर्दो कर्णाली प्रदेशको हकमा हाम्रो अझै बढी भरपर्दो

चाहिँ हुन सक्छ भनेर यसरीकन परीक्षण कार्यलाई चाहिँ अगाडि बढाउने भनिएको चाहिँ छ। यसका लागि चाहिने आवश्यक आरडिटी कीटहरू र पिसिआरका कीटहरूका लागि आवश्यक व्यवस्थापन गर्ने निर्णय गरी यो खरिद प्रक्रियामा अगाडि बढिसकेको चाहिँ छ। र हामीले तुरुन्तै १४ दिन पुगिसकेका क्वारेन्टाइनहरूमा टेष्ट घर पठाउने व्यवस्थाका लागि सबै तयारी भइराखेको म जानकारी चाहिँ म गराउन चाहन्छु। यो संक्रमितहरूलाई राख्ने आइसोलेसन बेडका बारेमा टेस्ट गरिसकेपछ पोजेटिभ देखिएका नागरिकलाई बिरामीहरूलाई आइसोलेसन बेडमा राख्नका लागि अहिले कल्पना गरेको भन्दा पनि अलिकति माथि परिस्थिति सिर्जना चाहिँ भयो र हामीले यो सोचेका चाहिँ थिएनौं, यो स्थिति चाहिँ आउला भन्ने बारेमा। हामीले अब लकडाउन छ, लकडाउनमा अहिले भारतमा रहेका नागरिकहरू यसै गरीकन यो तरिकाबाट आउँछन् भन्ने कुरा हामीले कल्पना नगरेकै कुरा चाहिँ थियो। र बाहिर रहेका भारतलगायत अन्य मुलुकमा रहेका नागरिकहरू यो लगभग लगभग यो रोग नियन्त्रण आइसकि सकेपछि परिस्थिति सहज भइसकेपछि मात्रै ती नागरिकलाई भित्र ल्याउने व्यवस्थापन चाहिँ होला, या ल्याउनु परेपछि पनि पूर्व तयारी चाहिँ गरेर हाम्रा नागरिक भारतमा कति छन् ? र अन्य मुलुकमा कति छन् उनीहरूका लागि चाहिँ यहाँ ल्याएर क्वारेन्टाइनमा राख्ने जस्तो कि चाइनाबाट विद्यार्थी ल्याउँदा पहिले कोरेन्टाइनको तयारी चाहिँ भयो त्यसपछि चाइनाबाट विद्यार्थी लाइयो। त्यसरी कति जनाको संख्यामा छन् यता त्यो संख्याको आधारमा सबभन्दा पहिला तयारी पूरा गरेर मात्रै नागरिक चाहिँ ल्याउनुपर्ने स्थिति सिर्जना हुन्छ होला। त्यो भयो भने हामीले पूर्व तयारी गर्न सक्छौं भन्ने सोच हामीले बनाएका चाहिँ थियौं तर त्यो भएन। अहिले पनि औपचारिक निर्णय भएको छैन, भारतमा रहेका नागरिकलाई नेपालमा ल्याउने कुरा तर भारतबाट नागरिकहरू आइराखेका चाहिँ छन्। कति जना आए भन्ने कुराको पनि अब हामीले सूचना हाम्रै सीमाना आएपछि मात्रै प्राप्त गर्ने वातावरण सिर्जना भइसकिसकेपछि नागरिक पुगिसके तर कहाँ राख्ने भन्ने कुराको कुनै ठाउँ ठेगानै छैन। त्यो स्थिति सिर्जना भइसकेपछि अहिले फेरि क्वारेन्टाइनको सम्पूर्ण जिम्मेवारी फेरि स्थानीय तहलाई संघीय सरकारको क्याविनेटले फेरि निर्णय गरेर त्यो अधिकार स्थानीय तहलाई दिइसकेपछि फेरि सबै लोड स्थानीय तहको फेरि टाउकोमा चाहिँ आयो र अहिले स्थानीय तहलाई निकै गाह्रो चाहिँ भाचाहिँ छ भने अब अहिले फेरि आइसोलेसनको कुरा चाहिँ फेरि आयो र हामीले आइसोलेसनमा राख्ने पनि हामीले हाम्रो प्रदेशमा संक्रमित हुन हामी दिँदैनौं यसका लागि कडाइ नै हो लकडाउन कडाइ नै गर्ने हो भनेर सायद सबै प्रदेशको भन्दा एकदम कडा लकडाउन चाहिँ कर्णाली प्रदेशमै भाको धेरै ठाउँबाट विरोध पनि आयो। हामीले पूरै आवतजावतलाई बन्दै गर्‍यौं बाहिरबाट आउने आपूर्तिका सामग्रीहरू, निर्माण सामग्रीहरू, खाद्य सामग्री कुनै पनि हामीले चाहिँ अब सामग्रीहरू पनि भित्र आउन दिएनौं मान्छेलाई पनि धेरै कडाइ गर्‍यौं टाइट गर्‍यौं। त्यसपछि यसरी नै अब हामीले नियन्त्रण चाहिँ गर्न सक्छौं रोकथाम गर्न सक्छौं भन्ने सोचसाथ हामी लागिराखेका चाहिँ थियौं तर त्यति गर्दागर्दै पनि तपाईंको यति संक्रमण चाहिँ भयो भने एकै पटक ठूलो संख्यामा भयावह स्थिति चाहिँ सिर्जना

हुँदैन। विस्तारै विस्तारै चाहिँ हुने हो एक जना दुई जना तीन जना सके काहिँ कतैबाट छिरि नै हाल्छन् पक्कै पनि हामी धेरै लामो समय रोक्न त सक्दैनौं तर ठूलो संख्यामा एकै पटक संक्रमितहरू हुँदैनन्। त्यसो हुँदा हामीले जब संक्रमित बढ्दै जान्छन् त्यसको आधारमा हामीले पनि हाम्रो क्षमता बढाउँदै जाउला, अहिले हामीले त्यस क्षेत्रमा धेरै ठूलो लगानी किन गर्ने ? खर्च किन गर्ने ? अहिले हामीले सुरुमै खर्च नगरौं र थोरथोरै गर्दै गरौं। त्यसो हुनाले ३ सय सम्मको बेड जुम्लामा तयार पारौं। डक्टर पनि छन् त्यहाँ, विशेषज्ञ सेवा पनि चाहिँ छ। त्यसपछि ३ सय बेडसम्म हामीले सुर्खेतमा तयार पारौं र १ सय बेडसम्म चौरजहारीमा तयार पाऱ्यौं भने यति भयो भने हामीले लगभग लगभग पुग्छ पछि क्रमश: थपिदै गयो भने त्यसपछि हामी त्यसको क्षमता फेरि बढाउँदै जाउला र अहिले फेरि अब हामीले जिल्लामा पनि पछि फेरि चाहिने नै हो। जिल्ला हस्पिटललाई पनि कम्तीमा पनि ५० बेडसम्मको आइसोलेसन चाहिँ बेडको रूपमा स्तरोन्नति चाहिँ गरौं भनेर त्यो सरकारले तयारी गरेर त्यो नीति चाहिँ लियो र अब अहिले ठूलो संख्यामा बाहिरबाट आइसकिसकेपछ अब भयावह स्थिति हाम्रो त काबुभन्दा पनि बाहिर जाने स्थिति चाहिँ देखा पर्दैछ। अहिले पनि सबै इण्डियाबाट आएका नागरिकहरूको परीक्षण नगरेर मात्रै हो। आजकै दिनमा हामीले १९ हजार २० हजार कति पुगेका चाहिँ छन् आजसम्म ती सबैको टेस्ट गर्ने हो भने ४-५ हजार त कम्तीमा पनि त्यत्तिकै निक्लन्छन् यहाँनेर। अब ४-५ हजार, ४-५ हजार मान्छेलाई हामीले अहिले आइसोलेसनको व्यवस्थापन गर्ने कुरा हाम्रा लागि सामान्य कुरा चाहिँ छैन। यसका लागि अब अहिले हामीले फेरि निर्णय गऱ्यौं कि पहिला बुझाई के भयो भने यी तीनटा तोकिएका कोभिड उपचारका हस्पिटल हुन् भन्ने कुरा नै बुझाइ भयो हुँदा पनि हुन्, साँचो अर्थमा सबैले त्यही बुझे तर अहिले भारतबाट संक्रमित नआएर यहिँ फाट्टफुट्ट संक्रमित चाहिँ निक्लिन्थे त यी तोकिएको हस्पिटलमा नै उपचार गर्न सक्थ्यौं तर ठूलो संख्यामा आइसकिसकेपछि अब अहिले यी तोकिएको हस्पिटलमा मात्र राखेर उपचार गर्न सकिने अवस्था नरहीसकेपछि हामीले के निर्णय चाहिँ गऱ्यौं सरकारले भने अब तीनटा चाहिँ स्टेज चाहिँ बनाऔं। र पहिलो स्टेज भनेको पोजेटिभ देखियो र कुनै पनि प्रकारका लक्षणहरू छैनन् ती स्थानीय तहमै राख्ने, जहाँ छन्, जता छन्, जुन ठाउँमा त्यही आइसोलेसन स्कुल पनि आइसोलेसन हुन सक्छ टेन्ट पनि आइसोलेसन हुन सक्छ। आखिर पोजेटिभ मात्रै देखियो कुनै लक्षण छैन त्यस्तालाई अहिले हस्पिटलमा ल्याएर राख्न जरुरी चाहिँ छैन, त्यही चाहिँ राखौं। त्यसपछि अलिकति लक्षण देखियो जरो आयो र केही त्यसका लक्षण देखा परे भने लक्षण देखिएकालाई हामीले जिल्ला हस्पिटलमा ल्याएर जिल्ला हस्पिटलमा रहेको आइसोलेसनमा ल्याएर उपचार गर्ने दोस्रो स्टेप र त्यसपछि सिकिस्त बिरामीहरू अब अलिकति सिकिस्त हुँदै गए भने त्यस्ता बिरामीलाई मात्रै हामीले तोकिएका तीनवटा हस्पिटलमा ल्याउने गरीकन तेस्रो फेजमा तेस्रो स्टेजमा गएकालाई मात्रै त्यहाँ ल्याउने गरीकन व्यवस्था गर्ने भनेर भनियो र अहिले त्यो तयारी चाहिँ भएको छ यसका लागि हामीले अहिले तत्कालका लागि हिजो विभागीय मन्त्रीले जिल्लाभित्रका केही सेन्टरहरू भनेर एउटा जिल्लामा कुनैमा 4-5 वटा कुनैमा 2-३ वटा सेन्टर तोकेर त्यो

सेन्टरका लागि भनेर निर्णय भइसक्यो। बजेट गइसक्यो। चिठी पनि सायद आज गइसक्यो होला तुरुन्तै स्थानीय तहलाई कामलाई अगाडि बढाउनु भनेर जहाँ जुन तहमा चाहिँ त्यो स्थानीय तहमा परेको छ सेन्टर भनेको छ भने अब त्यतिले मात्रै पुग्दैन अब हामीले बढाउनुपर्छ र प्रत्येक हामीले पालिका लेवलमा ७९ वटै पालिकामा अब हामीले केही नभए पनि तपाईँको ५० बेडसम्मको आइसोलेसन बेडका लागि हामीले तयारी चाहि गर्नुपर्छ। अस्थायी भनेर चाहिँ भनेका छौं र त्यो व्यवस्थापन चाहिँ होला आइसोलेसनका लागि।

अब यसका लागि जिल्ला हस्पिटल पनि तोकिएका छन् र सबै जिल्लामा हामीले हिजो पनि भनिसक्नुभएको चाहिँ छ- एउटा भेन्टिलेटर, पाँचवटा तपाइँको आइसियू र त्यसपछि सबै गरेर १ सय बेड जिल्लामा रहने गरी आवश्यक बजेटसहितको व्यवस्थापन भइसकेको कुरा चाहिँ छ। अब यो सबै जिल्लाका बिरामीहरू ओसारपसारका लागि अब अहिले एम्बुलेन्सै छैन भन्ने हो भने प्राय: सडक पुगेका पालिकाहरूमा एम्बुलेन्स चाहिँ छ तर फेरि हस्पिटलमा पनि छ, खोज्याबेला पाईंदैन, खोज्याबेला टेक्टरमा तपाईँको बिरामी ओसार्नुपर्ने अवस्था छ। अब यसको अन्त्य गर्नका लागि यहाँभन्दा अगाडि पिसिएमसीमा बसेर निर्णय चाहिँ गरिएको चाहिँ थियो। जिल्लामा रहेका सबै एम्बुलेन्सहरू डिसिएमसीको मातहतमा ल्याएर कोरोना संक्रमितहरूलाई चाहिँ बोक्ने कतिवटा एम्बुलेन्स र अन्य बिरामीहरू बोक्ने एम्बुलेन्स छुट्याउने भनेर भनिएको चाहिँ थियो तर त्यो कार्यान्वयन हुन चाहिँ सकेको छैन। यलाई हामीले तत्काल कार्यान्वयन गर्नका लागि यी एम्बुलेन्सहरू केन्द्रित गर्ने र त्यसपछि अपुग एम्बुलेन्सहरू हामीले तत्कालका लागि अहिले खरिद गर्नका लागि त केही समय लाग्छ। अहिले भाडामा चाहिँ लिने। माइक्रोबसहरू चाहिँ भाडामा लिएर अझैं बसहरू भाडामा लिएर त्यलाई पनि तपाइँको एम्बुलेन्सकै रूपमा प्रयोग गर्ने ठूलो संख्यामा संक्रमितहरूलाई अब एउटा सानो एम्बुलेन्स मात्र लिएर हुँदैन, बसहरूकै व्यवस्थापन गरेर एम्बुलेन्सकै रूपमा चाहिँ प्रयोग गरेर यसको व्यवस्थापन गर्ने भनिएको छ। र यो निर्णय पनि भइसकेको चाहिँ छ भने अब यसका लागि फेरि स्थिति त भोलि अब भयावह नहोला भनेर भन्न सकिँदैन। हुने देखीई नै सक्यो र भोलि अब मर्नेहरू संख्या पनि भोलि बढ्न जान सक्छ र भोलि फेरि स्थिति शवहरूलाई पनि भोलि व्यवस्थापन गर्नका लागि हामीलाई धेरै चुनौती हुन सक्छ भनेर यसका लागि अहिले जिल्लाहरूमा रहेका सबै एम्बुलेन्सहरू र आवश्यक पर्ने गाडीहरू हामीले नि एउटा एम्बुलेन्स अब हामीले यहाँ मात्रै भएर सबै जिल्लाहरूमा भ्याउने हाम्रो भौगोलिक आधारमा पनि सम्भव छैन। त्यसो भा हुनाले हामीले प्रत्येक जिल्लामा एउटा हामीले शव-वाहनका रूपमा प्रयोग गर्ने गरी एउटा गाडी चाहिँ तत्काल व्यवस्थापन गरेर राख्ने भन्ने पनि निर्णय चाहिँ भइसकेको चाहिँ छ र यो यही तपाइँको कोरोना भाइरस रोकथाम, नियन्त्रणका लागि भनेर सुरुमै हामीले ५० लाख जिल्ला विपद् व्यवस्थापन कोषमा त्यसपछि प्रत्येक गाउँपालिकामा १५, नगरपालिकामा २० र प्रदेश राजधानी रहेको नगरपालिका वीरेन्द्रनगर सुर्खेतलाई ३० लाख चाहिँ पैसा दिइसकेको चाहिँ छ र थप पैसा दिने व्यवस्थापन पनि हुँदैछ र थप दिँदाखेरिमा हामीले क्वारेन्टाइनमा राख्ने संख्याको आधारमा त्यो गरिएको चाहिँ छ।

अब जनताको नियमित स्वास्थ्य सेवाका लागि यो पूर्वाधारहरू, उपकरणहरू, औषधीहरू र आवश्यक जनशक्तिको पूर्ति गर्ने कुरामा सरकारले चाहिँ विशेष जोड चाहिँ दिएको चाहिँ छ र यसका लागि तत्काल कर्णाली प्रदेशमा यहिँकै स्वास्थ्यकर्मीहरू पढेर आएका र अहिले काम नपाएकाहरूका लागि रोजगारी पनि चाहिँ हुन्छ भनेर सबै स्वास्थ्य क्षेत्रका अब विद्यार्थीहरू जसले पढाइ सकेका तिनीहरूलाई हामीले लिने भनेर ती विद्यार्थीहरू भर्खर पढेर सकेर आएकालाई पनि लिइसकिएको चाहिँ छ र उनीहरू पनि काममा खटिएका चाहिँ छन्। र अहिले थप नयाँ जनशक्ति व्यवस्थापनका लागि हामीले गर्ने कुरा हाम्रा लागि अलिकति चुनौती चाहिँ छ, गाह्रो छ। र यसका लागि पनि अब आवश्यक हामीले सूचना पनि प्रकाशित चाहिँ गर्‍यौं। अहिले कोही पनि तपाईँको चाहिँ दरखास्त दिएर आएर काम गर्ने स्थिति सिर्जना चाहिँ भएको चाहिँ छैन। र अहिले पनि हामीले अब जनशक्ति स्वास्थ्यकर्मी आपूर्तिका हाम्रा धेरै चुनौती छ। फेरि पनि हामीसँग भएकै सीमित शक्तिबाट हामीले हाम्रो यो चुनौतीको सामना गर्नुछ। यो क्वारेन्टाइनमा बसेका व्यक्तिहरूको संख्या अनुसार दिनको १ सय ७५ का दरले खाना खर्च भनेर नेपाल सरकारले निर्णय गरेर उपलब्ध गराको चाहिँ छ, अहिले क्वारेन्टाइनमा बस्नेहरूले त्यही हो उहाँहरूले पाउने भनेको र यसमा प्रदेश सरकारले यो नीति तथा कार्यक्रममा राखौं, यो ठिकै हुन्छ भन्ने हिसाबले राखिएको हो तर कार्यान्वयन हामीले जति विषय नीति तथा कार्यक्रमलाई राखेका चाहिँ छौं, कोरोना सम्बन्धीका कामहरू त हामीले पहिलेदेखि अगाडि बढाइसकेका चाहिँ छौं। र हामीले यहाँ पनि सबै विषय उल्लेख गर्दा त्यो पनि गर्दा ठिकै हुन्छ भन्ने हिसाबले मात्र उल्लेख गरिएको कुरा चाहिँ थियो। हामीले निर्वाह भत्ताको कुरा हामीले गर्‍यौं, र अहिले इण्डिया जाने यहाँका नागरिक भनेका त्यही ४ महिनाका लागि बढीमा त्यही ४ महिनाका लागि मात्रै इण्डिया जाने हुन्। ४ महिना इण्डिया जाने हुन् काम खोज्दाखोज्दै तिनीहरूको समय वितिहाल्छ, त्यही काम पाउने भनेको त त्यही बढीमा ३ महिना/९० दिनको नत्र भने त्यही ५०-६० दिन त उनले रोजगारी गरेर २० देखि ३० हजारसम्म आइसी कमाएर भारु कमाएर अनि अलिअलि लत्ता कपडा र त्यही तराईको चामल बोकेर पहाडमा गएर पकाएर खाने चलन चाहिँ थियो। अवस्था त्यही हो। अब यतिखेर त रोजगारी गुमाए, खाली हात घर फर्केका चाहिँ छन्। धेरै दुःख पाएर खाली हात घर फर्केका चाहिँ छन्। र अहिले क्वारेन्टाइनमा बस्न इच्छुक छैनन् त्यो, घर जान चाहन्छन्। यस्तालाई हामीले अलिकति क्वारेन्टाइनमा बस्नका लागि पनि उत्प्रेरित गर्नका लागि र आखिर यिनीहरू भन्या त ठूलो समस्यामै परेका छन्, ठूलो विपद्मै परेका छन् र यस्ता चाहिँ नागरिकलाई क्वारेन्टाइनमा बसे वापत केही पैँसाको व्यवस्थापन चाहिँ गर्‍यो भने ५०० रुपैयाँ मात्रै दियो भने १४ दिन त्यहाँ बस्यो भने केही नभए पनि ७ हजार रुपैयाँ त घर लिएर फर्किन्छ। एकै हजार दियौं भने पनि अब त्यही १४ हजार लिएर त कमसेकम घर मान्छे फर्किन्छ। जाने वित्तिकै अलिकति केही घर खर्च चलाउला, आखिर हामीले दिने त भनेकै छौं, राहत त बाँडिराखेकै छौं। त्यसो भाहुनाले त्यो गर्दा राम्रो होला। पैंसा यत्ति त हामी पछि छलफल गरौंला। बजेटका बारेमा छलफल त हामीले गरौंला तर त्यति दिंदा चाहिँ

राम्रै हुन्छ भन्ने हिसाबले पनि त्यो गरिएको हो भने केही अहिले अब नेपालका साझेदारी संघ संस्थाहरूसँग पनि छलफल भएको छ। यस्तो विपद्को बेला यो बेला तिमीहरूले साथ दिँदैनौ, सहयोग गर्दैनौं भने सजिलो बेला मात्रै आएर तपाइँहरूको कुनै अर्थ छैन काम छैन। यो त विपत्तिको बेला यतिखेर तपाइँहरूले पनि सहयोग गर्नुपर्छ, भनेर उहाँहरूसँग पनि छलफल अगाडि बढाको छ। र हामीले क्वारेन्टाइनमा बस्नेहरूका लागि केही सपोर्ट हामीले गर्न सक्छौं भन्ने कुरा साझेदार संस्थाहरूको पनि वचन चाहिँ छ। त्यसो भाहुनाले सरकारले सहयोग चाहिँ जुटाएर गर्न सक्दा यो राम्रै हुन्छ भनेर नै यो भनिएको चाहिँ हो।

यसरी तत्कालीन महामारी र यो दीर्घकालीन रूपमा जनतालाई सुरक्षित राख्न जनस्वास्थ्य नै हाम्रो प्राथमिकता हो भनेर अहिलेको हाम्रो पहिलो प्राथमिकता भनेकै यही कोभिडमा केन्द्रित अहिलेको हाम्रो प्राथमिकता हो र यसमा पहिलो प्राथमिकता चाहिँ राखेर यसमा चाहिने आवश्यक व्यस्थापनाका लागि बजेटमा कमी नहुने व्यवस्थापन गर्ने कुराको मैले प्रतिबद्धता म व्यक्त गर्न चाहन्छु। र त्यसपछि अब अहिले हामीले यलाई रोकथाम गर्नको लागि लकडाउनलाई के गर्न भनेर छलफल गर्न जरुरी चाहिँ छ र लकडाउन मात्रै हाम्रो समस्याको समाधान हो कि होइन ? अहिले पनि विद्यालय खोल्ने, यार्चागुम्बा खोल्ने भन्ने कुराको पनि आयो भन्ने कुराको पनि आयो र हामीले यो विद्यालय खोल्ने भन्ने कुराको निर्णय त गरिएको छैन, सिफारिस पनि भाछैन तर फेरि अहिले हुम्ला, डोल्पा र जुम्ला। अहिले जुम्लामा त भारतबाट त्यहाँ गए पछिल्लो चरणमा, पहिला हामीले के भन्या थियौं भने सबै वडाहरूको चाहिँ स्वाब संकलन गरेर नागरिकहरूको ती ४ वटा जिल्लामा सकिसकेपछि तल कहिँ पोजेटिभ एक जनामा पनि देखा परेन, लगभग लगभग डोल्पामा मुगुमा हुम्लामा र जुम्लामा अब संक्रमित छैनन्। आखिर यार्चागुम्बा टिप्न जाने नागरिक भनेका ती जिल्लाका चाहिँ हुन् तिनलाई अब यत्रो केही नभए पनि पैंसा त्यहाँबाट आउँछ, त्यत्रो चाहिँ करोडौंको हिसाबले आउने पैंसालाई पनि हामीले किन उ गरौं, यो त रोजीरोटीसँग जोडिएको छ ती जिल्लाहरूको भन्ने हिसाबले खुला गरिदिने कि भन्ने कुराको सिफारिस मात्रै गर्ने हो र हामीले खोलेर खोलिने कुरा पनि होइन र त्यो फेरि संघले नै निर्णय चाहिँ गर्नुपर्ने भाहुनाले खोल्दा चाहिँ हुन्छ भन्ने किसिमको चाहिँ सिफारिस भएको कुरा चाहिँ थियो। र अब, अब हामीले लकडाउनलाई कसरी लैजाने भन्ने कुराका बारेमा पनि अलिकति लकडाउनको पनि नयाँ परिभाषित गर्न चाहिँ जरूरी छ र त यो समग्र संघले पनि गर्ला देशभरिकै अब लकडाउनको नयाँ परिभाषा चाहिँ गर्नुछ, अहिले पनि कोरोना संक्रमितहरूको मृत्यु कम र अरुको मृत्यु चाहिँ बढी अहिलेको तथ्याङ्कले देखाएको चाहिँ छ। अब अझैं केही एक दुई महिना थप यही स्थितिमा रहिराख्ने हो भने अझैं तपाइँको विभिन्न प्रकारका चाहिँ आन्तरिक घटनाहरू चाहिँ घट्ने धेरै चाहिँ तपाइँको सम्भावना देखिएको छ। त यसका लागि पनि अब हामीले कसरी यलाई चाहिँ व्यवस्थित गर्ने भन्ने कुराका बारेमा पनि हामीले सोच्न जरुरी चाहिँ छ। र यसको नयाँ ढंगको अलिकति व्यवस्थापन नगरी त्यसपछि हामीले के भन्यौं भन्नुहुन्छ भने भोकमारी भनेर भन्यौं। अब यसो जनताको जिउ जोगाउने कुरा भयो भोकबाट। अब भोकबाट

नागरिकको जिउ जोगाउनका लागि हामीले लकडाउनलाई नयाँ ढंगबाट परिभाषित नगरेर सम्भव चाहिँ छैन। अब यो कोरोना भाइरस् यो एकै चोटि अबको केही दिनभित्रै यो नियन्त्रणमा आइहाल्छ भनेर पनि भन्न सकिने हामीसँग आधार चाहिँ छैन। यो यस क्षेत्रका विज्ञहरूले भनेका छन् कि यो अलि लामो समयसम्म रहन सक्छ भन्ने पनि छ। त्यसो भाहुनाले यलाई हामीले अलिकति व्यवस्थित कसरी गरेर जाने ? हामीले त अब कोरोनासँगै खेलेर हामीले जित्नुपर्ने अवस्था चाहिँ छ। यो अवस्था सिर्जना कसरी गर्ने ? यसका लागि पनि हामीले भन्यौं केही हाम्रा आफ्ना चाहिँ तपाईँको केही प्रविधिहरू अब अलिकति आफूसँग कोरोना भाइरसविरुद्ध लड्न सक्ने क्षमता वृद्धि कसरी गर्न सकिन्छ ? यी विभिन्न प्रकारका उपायहरू अपनाएर पनि यसका विरुद्धमा चाहिँ लड्न सक्ने क्षमता वृद्धि गर्नका लागि पनि हामी लाग्नुपर्छ भन्ने हो। र यसका लागि अब हामीले अबको अब दोस्रो विषय भनेकै भोकसँगको चाहिँ अब हामीले कसरी जुध्ने, भोकसँगको संघर्ष कसरी गर्ने र भोकको व्यवस्थापन कसरी गर्ने भन्ने कुरामा हाम्रो अर्को प्राथमिकता हाम्रो त्यहाँ रहन्छ। र यसका लागि अहिले हामीले निर्णय गरिसकेको कुरा सरकारले के छ भने यसै आर्थिक वर्षको बजेटभित्र हामीले कम्तीमा पनि यो २५ हजार क्विन्टल चामल र १२ हजार क्विन्टल गौं र ३ हजार क्विन्टल दाल खरिदका लागि भनेर आवश्यक निर्णय भइसकेको चाहिँ छ। यो खरिद प्रक्रियामा अगाडि गइराखेको चाहिँ छ र यले हामीले अब ल्याएर खाद्यान्न संकट हुने जिल्लाहरूमा हामीले सबै जिल्लाहरूमा यलाई हामीले स्टोरको रूपमा राख्ने र सबै माननीय सदस्यहरूले भन्या जस्तै हामीले खाद्यान्नका लागि काम। हामीले काम गर्ने र अब खाद्यान्न दिने गरीकन यलाई अगाडि लैजान पर्छ भन्ने कुरा चाहिँ छ। र त्यसपछि संघीय सरकारसँग पनि यो खाद्य आपूर्तिका लागि पनि आवश्यक समन्वय भइराखेको छ। नियमित सम्पर्कमा चाहिँ छौं र समन्वय भइराखेको छ र हामीले पनि कर्णाली प्रदेशका लागि विगतको जति हाम्रो सप्लाई गर्ने कोटा थियो त्यो कोटालाई चाहिँ हामीले नघटाइकन हामीले दिन्छौं भन्ने कुराको उहाँ पनि वचन व्यक्त गर्नुभएको चाहिँ छ। विगतका वर्षहरूमा ठ्याक्कै तोकेको भन्दा ५० प्रसेन्ट मात्रै चामल खाद्यान्न कर्णाली प्रदेशमा आउँदो रैछ भने अहिले यो वर्ष हामीले तोकिएको सबै हामीले सप्लाई गर्ने कुरा गर्छौं भन्ने कुराहरू उहाँले भनिराख्नुभएको चाहिँ छ भने त्यसपछि अब हामीले यसैसँग जोडेर अब यो रोजगारी सिर्जना गर्ने गरी हामीले कार्यक्रम पहिला हामीले विभिन्न प्रकारका रोजगारीहरू चाहिँ भन्यौं र विभिन्न मन्त्रालयबाट रोजगारीका कार्यक्रमहरू चाहिँ भए । अब रोजगारी गुमाएका धेरै नागरिकहरू आई सकिसकेपछि अब बेरोजगारहरूको संख्या विगत वर्षभन्दा पनि धेरै बढ्ने पनि भको हुँदाखेरि अब हामीले विभिन्न मन्त्रालयमा रोजगारीका कार्यक्रमहरू राख्नेभन्दा पनि माननीय सदस्यले सुझाव दिए जस्तै हामीले एकमुष्ट हामीले राख्ने हामीले एउटै कोषमा चाहिँ राख्ने र त्यसपछि कार्यविधि बनाएर अनि हामीले स्थानीय तहसँगको समन्वय नगरी फेरि हुँदैन। अब अहिले संघले पनि उस्तै उस्तै प्रकृतिका कार्यक्रम लिने अनि प्रदेशले पनि लिने, स्थानीय तहले लिने छुट्टाछुट्टै लिने अलग अलग लिने गरियो भने फरि उही भू-कम्पको बेला राहत बाँड्याजस्तै हुन्छ। कतिसँग

कतिपयलाई राख्ने ठाउँ नै नपाउने कतिपयले पाउँदै नपाउने जस्तो स्थिति सिर्जना फेरि हुन सक्छ भनेर हामीले यलाई समन्वय गरेर तीनटै सरकारको यो सम्बन्धीको कार्यक्रमलाई समन्वय गरेर अब हामीले प्रत्येक वडा लेबलमा हामीले यो रोजगारीमूलक कार्यक्रमहरू लैजानुपर्छ र प्रत्येक वडामा पुग्ने गरी लिनुपर्छ भनेर यो राखिएको चाहिँ छ। त्यसो हुनाले अब अहिले यो मुख्यमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिने र त्यसमा विभिन्न उद्यमशील हुने पनि भए त्यो भनेको अलि विभिन्न प्रकारको उद्योगहरू सञ्चालन गर्ने अलि उद्यमशील युवाहरूलाई पनि आवश्यक उनीहरूलाई तालिम दिएर उद्यमशीलतातिर लाउने र त्यसपछि अन्य आम चाहिँ तपाईंको बेरोजगार नागरिकलाई रोजगारीका लागि चाहिँ हामीले कुनै पूर्वाधारमै केन्द्रित गरेर कृषिमा केन्द्रित गरेर हामीले रोजगारीमूलक कार्यक्रम लैजाने गरी यो वर्ष धेरै चाहिँ बन्ने भए अब यो वर्ष धेरै सिँचाइहरू पनि धेरै बन्छन्, खानेपानी पनि धेरै बन्छ। अब अघिल्लो वर्ष केन्द्रित केन्द्रित १ करोडभन्दा मुनि नजाने भन्या अब १ करोडभन्दा माथि खासै कार्यक्रम नजाने नै देखिन्छ। अब १ करोडभन्दा मुनि आएर हामीले अब कार्यक्रमले नै त्यो गाउँको समस्या के हो ? खानेपानी हो कि, सिँचाइ हो कि, सडक हो कि, विद्यालय हो कि अब कुनै फिल्ड हो कि, के हो ? उनीहरूको चाहिँ के छ ? छनोट गर्ने र काम गर्ने गरी गर्ने र यसमा मुख्यगरीकन अब अहिले स्थानीय तहसँग समन्वय गरेर र सबै प्रदेश सभाका माननीय सदस्यहरूले आ-आफ्नो निर्वाचन क्षेत्रमा यो बजेटको समन्वय गर्ने गरीकन यसको हामीले कसरी कार्यान्वयन गर्ने भन्ने एउटा कार्यविधि चाहिँ बनाएर के गर्दा बढी प्रभावकारी चाहिँ हुन्छ ? राम्रो गर्न सक्छौं। जुन उद्देश्यका साथ यो कार्यक्रम हामीले लिन खोजेका चाहिँ थियौं। त्यो उद्देश्य प्राप्त गर्ने गरी हामी जाने गरीकन हामीले कार्यविधिका लागि व्यापक छलफल गरेर हामीले सबै सुझावहरू लिएर हामी कार्यान्वयनमा गयौं भने हामीले भोकमारीबाट कर्णाली प्रदेशका नागरिकलाई बचाउन सक्छौं। यसका लागि अब अहिले हामीले बजेट सम्बोधन गर्दा त्यसपछि प्राथमिकता कहाँ हुन् ? कता हुन् ? सरकारका भन्ने कुराहरू बजेटले छुट्याउने हो। अहिले त हामीले सबै विषयहरूको सम्बोधन नीति तथा कार्यक्रममा धेरै प्राथमिकताहरू चाहिँ अलग-अलग हुँदैनन्। अब यसमा त फेरि हाम्रो कर्मचारीले त भनिराख्नु भा चाहिँ थियो - होइन यो अल्फावेटको आधारमा अरु ठाउँमा त्यसरी नै गर्छन् अब त्यसरी गरौं भन्ने कुरा पनि थियो। फेरि अल्फाबेटको आधारमा गए त धन्नै धन्नै फेरि यहाँ कुरा त फेरि चर्कै चर्कै हुन्थे जस्तो लाग्यो फेरि त्यो। सुरुमै हैन हामीले प्राथमिकता १ नम्बर २ नम्बर नै राखौं त्यो भए त यो रैछ है सरकारको प्राथमिकता भन्ने हुन्छ। १ नम्बरै हो, १ नम्बर भन्या भनेर हामीले त्यसरी राख्ने व्यवस्था गरेर पनि सायद यलाई चाहिँ धेरै बुझ्नका लागि गाह्रो भएन भन्ने नै लाग्छ र यसरीकन यसको चाहिँ अब हामीले भोकबाट बचाउनका लागि पनि अब हामीले हिसाब गरेका चाहिँ छौं कि १७ लाख यहाँका नागरिकहरू चाहिँ छन् भने अब १७ लाखभित्र बेरोजगार रोजगारी गुमाउनेको संख्या कम्तीमा पनि ८ लाख त होला। ८ लाखका लागि त तपाईंको खाद्य संकट, भोकमारी अवश्य पनि हुन्छ, नपुग्ने नागरिकहरू त्यति हुन सक्छन् भनेर अब हामीले ८ लाख

नागरिकलाई कम्तीमा पनि १ सय भन्या छ। १ सय कम्तीमा भने अब गाह्रो चाहिँ छ अब हामीले १ सय भन्या त करिब करिब ७-८ अरबै कति माथि नाग्दो रैछ फेरि त्यो। त्यसो भाहुनाले अब फेरि बजेटको फेरि सीमितता पनि अब फेरि उपचारमा कति खर्च हुने हो। यो सबै कुरालाई चाहिँ हामीले गरेर अब कति सकिन्छ ? जति सकिन्छ हामीले रोजगारी दिने कम्तीमा पनि ३ महिना ४ महिना चाहिँ हामीले नागरिकलाई पाल्ने भोको नराख्ने किसिमको हामीले अब व्यवस्थापन जहाँ जसरी जहाँबाट भएपनि स्रोत व्यवस्थापन गर्नुपर्ने चाहिँ छ।

त्यसपछि हामीले भन्यौं कृषिको कुरा। कृषिलाई पनि अब हामी ४ महिनासम्म त खाद्यान्न व्यवस्थापन गरेर पालौंला। सधैं फेरि खाद्यान्न व्यस्थापन गरेर मात्रै सम्भव छैन। अब त्यसपछि हामीले कृषिमा केही लगानी गर्ने र अहिले मुखगरी तत्कालका लागि भनेको हामीले धान कति उत्पादन वृद्धि गर्न सक्छौं। त्यसपछि मकै कति गर्न सक्छौं र मुख्यगरी खाद्य वस्तुमा उत्पादन वृद्धि गर्नका लागि केमा हामीले कार्यक्रम सपोर्ट गऱ्यौं भने उत्पादन वृद्धि गर्न सकिन्छ भन्ने कुराका बारेमा पनि हाम्रो बजेट त्यहाँ केन्द्रित हुन्छ। मलमा हामीले लगानी गर्दा उत्पादन वृद्धि हुन्छ कि बीउमा चाहिँ लगानी गर्दा उत्पादन वृद्धि हुन्छ कि के मा हामीले चाहिँ लगानी गर्दाखेरिमा किसानहरूको उत्पादन वृद्धि गर्न सकिन्छ। यो वर्षको सिंचाईमा गर्दाखेरिमा हुन्छ कि के गर्दाखेरिमा यो वर्षमा हामीले खाद्यान्नमा कृषिमा तपाईंको चाहिँ उत्पादन वृद्धि गर्न सकिन्छ, तत्कालीन कार्यक्रम हाम्रा कृषिमा ती आउनेछन् भने बजेट त्यहाँ प्राथमिकता दिने चाहिँ छौं। त्यसपछि हामीले अलिकति दीर्घकालीन पछिका लागि एक वर्ष दुई वर्ष पछाडि चाहिँ हामीले उत्पादन हुने इन्कम हुने ठाउँ क्षेत्रहरूमा लगानी गर्नका लागि फलफूलहरू अब हामीले कति लाख स्याउका बुटाहरू ल्याउने ? अब यो स्याउ पनि फुजी स्याउ भनेको एक वर्ष दुई वर्षमै फल्न थाल्दो रैछ। अनि ओखरहरू पनि तुरुन्तै फल्न थाल्दो रैछ, एक दुई वर्षमै र तत्काल चाहिँ हाम्रो उत्पादन वृद्धि हुने किसिमका अब अलि ठूलो संख्यामा बिरुवाहरू चाहिँ हामीले ल्याउने अब। साना साना ठाउँ ठाउँमा अब त्यो टुक्रे टुक्रे चाहिँ अनुदान वितरण गर्ने भन्दा पनि अब हामीले त्यो दिने गरेर फलफूलमा उत्पादन वृद्धि गर्ने। त्यसपछि दूधजन्य उत्पादनमा वृद्धि गर्ने कस्तो प्रकारको हामीले कार्यक्रम बनाउने बारेमा साँच्चिकै हामीले दूधमा उत्पादन वृद्धि गर्न सक्छौं। मासुजन्यमा हामीले उत्पादन वृद्धि कसरी गर्न सक्छौं त्यहीं हामीले केन्द्रित बजेटको फोकस हाम्रो चाहिँ कृषिमा हुनेछ र त्यसपछि हामीले उद्योगका कुरा चाहिँ छन् र हामीले साना केही लघुउद्योगहरू कृषिबाट चाहिँ उत्पादित वस्तुहरूको चाहिँ उद्योगहरू खोल्नु पर्ने हुन सक्छ, अब यो हामीले जैविक मलदेखि लिएर विषादीहरूका हाम्रा केही उद्योगहरू सञ्चालन गर्ने होला र तत्कालचाहिँ हामीलाई चाहिने उत्पादित वस्तुहरू वृद्धि गर्नका लागि पनि अब हामीले केही साना लघुउद्योगहरूलाई पनि लगानी चाहिँ हामीले गरेर त्यतापट्टि अगाडि बढाउने गरीकन पनि केही बजेट व्यवस्थापन चाहिँ हाम्रो हुन्छ नीति तथा कार्यक्रमले पनि त्यलाई प्राथमिकतामा राखेको छ यले नै उत्पादन चाहिँ वृद्धि ल्याउँछ र रोजगारी सिर्जना गर्छ भन्ने हाम्रो चाहिँ हो यहाँ। त्यसपछि हामीले शिक्षालाई भनेर भनेका चाहिँ छौं। र शिक्षा पनि लगभग लगभग अब यो स्थिति अझैं

विकराल बन्दै गयो भने पठनपाठन सहज हुने देखिदैन। यसका लागि अब लामो समयसम्य यही स्थितिमा पनि रहन सकिदैन। विद्यार्थीको भविष्यको कुराहरू चाहिँ छन्। अब हामीले यलाई कसरी सञ्चालनमा ल्याउन सकिन्छ। अलि केही प्रविधिको उच्च प्रविधिको प्रयोग गरेर हामीले पठनपाठनलाई पनि सहज पार्ने व्यवस्था गर्नुपर्छ जहाँ विद्युत पुगेको चाहिँ छ, जहाँ टेलिभिजनको पहुँचमा चाहिँ छन्, इन्टरनेटको पहुँचमा रहेका भर्चुअलबाट चाहिँ कलास सञ्चालन गर्ने जहाँ टेलिभिजनको पहुँचमा रहेकालाई टेलिभिजन मार्फत् क्लास सञ्चालन गर्ने र जहाँ रेडियोको मात्रै पहुँचमा रहेका गाउँहरूमा हामीले रेडियोमार्फत् भए पनि हामीले दूरसञ्चारको माध्यमबाट भए पनि हामीले क्लास सञ्चालन गर्ने गरीकन व्यवस्थापन गर्नुपर्छ भनेर आवश्यक बजेट यसमा पनि केही व्यवस्थापन गरिनेछ भने त्यसपछि अब यहाँ केही सामाजिक सुरक्षाका कुराहरू पनि छन्- सामाजिक सुरक्षातिर पनि अब केही लगानी गर्नुछ जस्तो कि यहाँ महिलाका लागि केही अलिकति हामीले लगानी गर्नुपर्ने, दलित, अपाङ्ग भएका द्वन्द्वपीडितहरू घाइते अपाङ्गहरू सीमान्तकृतहरू ती सबैलाई तपाईंको केही छुट्टै व्यवस्थापन गर्नुपर्ने पनि सम्बोधन गर्नुपर्ने पनि अहिलेको आवश्यकता भएको हुँदाखेरि यतापट्टि पनि ध्यान गएको चाहिँ छ। र त्यसपछि अब यहाँ यो पूर्वाधार क्षेत्रमा पनि अहिले अब हामीले खासै धेरै हामीले नयाँ कार्यक्रम राखिएका चाहिँ छैनन् र रहँदैनन् पनि। हामीले पूर्वाधारमा अहिले जे-जति विषयहरू राखिएका चाहिँ छन् यो यदि सामान्य अवस्थामा चाहिँ रह्यो भने सामान्य अवस्थामा चाँडै फर्कियो भने हामीले धेरै लगानी त्यो क्षेत्रमा यदि गर्नु परेन भने मात्रै हाम्रो बजेट जो पूर्वाधार अघिल्लो वर्षका धेरै ठूलो आर्थिक दायित्व चाहिँ भएका आयोजनाहरू हामीसँग चाहिँ छन्। अघिल्लो वर्ष, अघिल्लो वर्षको पनि कार्यक्रम कार्यान्वयन नभएर थपिदै आएका छन्। तीनटा आर्थिक वर्षको तपाईंको बजेट थपिदै आएको छ। सुरुमा तपाईंको कति ७ अरब त्यसपछिको १० अरब थपिदै आयो आर्थिक दायित्व भने अहिले अब हामीले पूर्वाधार क्षेत्रमा धेरै बजेट छुट्याउन सक्ने अवस्था चाहिँ छैन र यी हामीले प्राथमिकता जहाँ हामीले छुट्याएका चाहिँ छौं त्यसबाट कति बजेट बच्न आउँछ अहिले फेरि अर्को समस्या छ टेन्डर भइसकेको आर्थिक दायित्व लिइसकेको समय पनि तोकिसकेको त्यो समय सीमाभित्र निर्माण व्यवसायले आफ्नो चाहिँ तपाईंको आयोजना कम्पिलिट गर्‍यो भने तुरुन्तै हामीले फेरि भुक्तानी दिनुपर्ने चाहिँ छ यदि भुक्तानी दिएनौं भने फेरि उ मुद्दा-मामिलामा जाने खतरा फेरि देखिया हुँदाखेरिमा पनि अर्को जटिलता हामीसँग थपिएकै छ। त्यसोभाहुनाले अहिले हामीले हाम्रो प्राथमिकता भनेको यलाई हामीले निरन्तरता दिइरहने र अन्य जति हाम्रा लागि पूर्वाधार क्षेत्रका आवश्यक पर्ने नयाँ योजनाहरूका बारेमा अहिले हामीले जति योजनाहरू आउँछन् हाम्रा सूचीकृत हुन्छन् लिष्ट बन्छ र अहिले अब हामीले यसको सम्भाव्यता अध्ययन मात्र हामीले गर्छौं र यदि परिस्थिति सामान्य रह्यो भने पछि बजेट हामीले जुटाउन सक्यौं भने हामीले त्यलाई आवश्यकता हेरेर त्यसपछि क्रमश: हामीले कार्यान्वयनमा लिने नीति लिइने चाहिँ छ। हामी त्यसरी जानेछौं भने त्यसपछि अब यहाँ थुप्रै यहाँ सामाजिक सुरक्षा लगायतका केही विषय पनि आए यहाँ फेरि अलि यहाँ विषय यो दलित राउटेसँग जोडिएर आयो भन्ने कुरा पनि

यहाँ आयो राउटेसँग यहाँ नजोडिएकै हो यहाँ। ठ्याक्कै अगाडि र पछाडि चाहिँ भएछ र जोडिएछ ठ्याक्कै यहाँ। यहाँ भनिएको के छ भने अब यो दलित, राउटे, विपन्न त्यसपछि घरबारविहीन जनता र छरिएर रहेका र जोखिमयुक्त बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी शिक्षा स्वास्थ्य रोजगारी र आयआर्जन अवसर उपलब्ध गराउने गरी एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिने कुरा मात्रै थियो। भनेको यो हिजो जनता आवास कार्यक्रम चाहिँ भनेर केही घरहरू बनाउन थिए भने अब हामीले जनता आवास कार्यक्रमअन्तर्गत अलग-अलग त्यही फेरि छरिएर घर बनाउनुभन्दा हामीले यी सबै जहाँ चाहिँ सेवा चाहिँ हामीले उपलब्ध गराउन सक्छौं, त्यस्ता स्थानहरू हामीले छनौट गरेर त्यहाँ राख्ने भनेर भनिएको कुरा हो। यो घर बनाउनेसँग सम्बन्धित विषय हो र राउटेहरू पनि लगभग लगभग अब हामीले घर बनाइदियौं भने बस्न सक्छन् भन्ने चाहिँ तपाइँको काहीकतैबाट यसो चाहिँ उ आहुँदाखेरि अब नबसे त अरु बस्छन् बस्ने मान्छे बस्छन् तर हामीले राउटेहरू पनि अब घर बनाइदिएर बस्न सक्छन्। उनीहरू पनि एकीकृत बस्ती विकास कार्यक्रमअन्तर्गत एक ठाउँमा एकीकृत घर बनाइदिएर राख्ने भन्ने मात्रै हो, अरु कुनै चीज यहाँ जोडिएको चाहिँ छैन।

त्यसपछि अब अर्को कुरा यहाँ मैले धेरै विषयवस्तुमा म गइन। विषयवस्तु धेरै उठेका चाहिँ छन्, यलाई हामले ग्रहण गर्ने कुरा छँदैछ र यहाँ भ्रष्टाचार र अनियमितताका सवालमा यहाँ विषयहरू चाहिँ आयो र हामीले नीति तथा कार्यक्रममा भन्यौं कि अब एउटा उच्चस्तरीय तपाइँको एउटा संयन्त्र बनाएर अलि ठूला प्रदेश सरकारका ठूला आयोजनाहरूको अनुगमन चाहिँ अलिकति गर्ने भनेर भनिएको हो। त्यसपछि अब साना फेरि अनुगमन नगर्ने भनेर भन्या हैन। साना गर्नका लागि हामीले अरु समिति पनि बन्छन्, नियमित हेर्ने केही व्यवस्थाहरू पनि छन्। यता संसदीय समिति पनि हुन्छ, सरकारी समिति पनि हुन्छ र अहिले हामीले यलाई व्यवस्थित गर्नका लागि संसदीय समिति र सरकारको समितिले तपाइँको यलाई अझैं कडाइ गर्नको लागि हामीले भन्यौं शून्य सहनशीलता ल्याउनका लागि यसमा चाहिँ भ्रष्टाचार हुन नदिन अनियमितता हुन नदिनका लागि अब यलाई हामीले सक्रिय चाहिँ बनाउन जरुरी चाहिँ छ र यसका लागि हामीले केही कानुनी व्यवस्थापन चाहिँ गरेर जिल्ला समन्वय समितिलाई मुख्य गरी यसको अनुगमनको हामीले जिम्मा दिने र यसका लागि आवश्यक कानूनी व्यवस्थापन गर्ने गरीकन कुनै पनि यसको चाहिँ अनुगमन गर्ने पाटो चाहिँ छँदैछ। र यसको अर्थ हामीले अहिले सुशासनमा हामीले ध्यान नदिने भन्ने कुरा चाहिँ होइन। अब अहिले हामीले खर्च प्रणालीलाई पनि अघिल्लो वर्ष पनि व्यापक रूपमा चाहिँ उठ्यो संसद्मा अलि फजुल खर्च चाहिँ बढी भयो, चालुमा फजुल खर्च चाहिँ बढी राखियो भन्ने कुरा पनि व्यापक रूपमा उठे र त्यलाई हामीले कन्ट्रोल गर्ने भन्ने कुराको प्रतिबद्धता पनि भयो र धेरै भएको छ यो वर्ष कन्ट्रोल र अहिले हामीले के भन्नुहुन्छ भने अहिले हामीले अनावश्यक गाडी विल्कुल खरिद नगर्ने यो वर्ष हामीले गाडी खरिद गर्ने छैनौं। फर्निचर खरिद हुने चाहिँ छैनन्, कम्प्यूटर खरिद हुने चाहिँ छैनन् र अहिले बढी जो अनावश्यक खर्च शीर्षकहरूलाई पूरै

कटौति गरेर अहिले हामीले भन्यौं पानी पनि नखाने अब त्यो ठ्याक्कै धाराको पानीमा बरु फिल्टर मेसिन जोडेर त्यही पानी खाने। पानी किनेर कसैले पनि खान अब नमिल्ने भनेर पनि भनेका चाहिँ छौं र त्यो पछि बजेटमा पनि अब काहिँकतै पनि तपाईंको यो अब भोलि काहिँ यो चालुमा आउँदाखेरि अलि कडा ढंगले हामीले हेर्नुछ। यलाई हामीले टाइट गरेर अहिले अब हामीसँगको सीमित बजेटबाट पनि हाम्रो अगाडिको चुनौतीको सामना गर्नुपर्ने भाहुनाले यतापट्टि हामी लाग्छौं र अनि नयाँ संरचना पनि कुनै हाम्रा बन्दैनन्। यो वर्ष हाम्रा कुनै संरचना आर्थिक दायित्व थपिने किसिमका कुनै पनि संरचना हुने छैनन्। अहिले हामीले स्थानीय तहसँगको समन्वय गर्नका लागि स्थानीय तहले पनि पटक पटक भनेका चाहिँ छन्। अब हामीले एउटा समन्वय गर्नका लागि मुख्यमन्त्री कार्यालयमा एउटा समन्वय इकाइ हुनुपर्‍यो। हामीले नियमित जीवन्त सम्पर्कका लागि पनि यो चाहिँ जरुरी छ भनेर भन्या हुँदाखेरिमा हामीले मुख्यमन्त्री कार्यालयमा त्यहाँ एउटा इकाइ मात्रै रहन्छ। त्यहाँ कुनै नयाँ थप कर्मचारी पनि त्यहाँ हामीले भर्ना गर्दैनौं कोही रहँदैनन् र भएकै हामी सबै साधनस्रोत भित्रबाट तपाईंको एउटा व्यवस्थित गर्नका लागि मात्रै यो संरचना रहन्छ भने अरु थप अहिले यो वर्ष हामी नयाँ संरचनामा जानेछैनौ र संरचनामा जानका लागि त अहिले फेरि पनि यो लोकसेवा आयोग बनिसकिसकेपछि हामीले यो ऐन बनाइसकिसकेपछि प्रदेश सरकारका संरचनाहरू कस्तो बनाएर जाने अहिले तत्काल हामीले धेरै पटक पनि काम चलाऊ अहिले तत्काल काम चलाउनकै लागि चाहिँ बनाएका संरचनाहरू चाहिँ हुन् यिनीहरू। अब हामीले स्थायी संरचना बनाउनका लागि हामीले भोलि कस्तो संरचना राख्ने के राख्ने भन्ने कुराका बारेमा पछि हामीले नयाँ व्यवस्था गरेर जान्छौं भन्ने कुरा भनेकै छौं र हामीले अब पछि हामीले यसका लागि आवश्यक व्यस्थापन अब आगामी दिनमा मात्रै हामी गर्ने छौं यतापट्टि।

अब मैले भने पूर्वाधार क्षेत्रमा पनि अब केही कोडेट गरिएको चाहिँ छ जस्तो कि यो एयरपोर्टका बारेमा सुर्खेत एयरपोर्ट स्तरोन्नतिका बारेमा पनि संघीय सरकारले प्रदेश सरकारको सँग समन्वय गरेर चाहिँ गर्ने भन्ने कुराका बारेमा पूर्व छलफल भाहुँदाखेरि हामीले कहाँ कति कुन के ठाउँमा हामीले सहयोग गर्नुपर्ने हो ? त्यो छलफल गरिसकिसकेपछि आवश्यक सहजीकरणका लागि पनि हामी जाने भन्ने कुरा त्यसपछि हामीले यो रिङ्गरोडको सम्भाव्यता अध्ययन गरेर अहिले एउटा हामीले चिनियाँ कम्पनीलाई पनि जिम्मा दिएका चाहिँ छौं, यसको एउटा सम्भाव्यता अध्ययनका लागि हाम्रै तपाईंको चाहिँ अहिले सडकले पनि अध्ययन गरेको चाहिँ छ र यलाई अलिकति राम्रो फेरि यो टोटल यो उपत्यका प्लानिङ्गको पनि फेरि अब भइराखेको चाहिँ छ। यो सबै चिजलाई हेरेर यसका लागि पनि रिङ्गरोडलाई हामीले अब यही वर्ष कार्यान्वयन गर्छौं भन्ने त होइन तर हाम्रो प्राथमिकतामा रहने कुरा र त्यसपछि सुर्खेतदेखि हिल्सासम्मको सडक पनि प्रदेश सरकारले बनाउने भनेको होइन। प्रदेश सरकारले समन्वय गर्ने सहजीकरण गर्ने र त्यसपछि हामी लगानी जुटाएर यलाई हामीले कार्यान्वयनमा लैजाने गरीकन जानु पर्छ भन्ने कुरा नै मुख्यगरी अब यतापट्टि चाहिँ हो। त्यसपछि अब यो खानेपानीका बारेमा यो त्यही तपाईंको अहिले खानेपानी मन्त्रालयसँगकै छलफलबाट अहिले

डीप गरेर ल्याउने तलबाट लिफ्टिङ्ग गरेर ल्याउने भनेको यो अस्थायी प्रकृतिको मात्रै हुन्छ यो स्थायी हुँदैन भन्ने कुरा नै अब यस क्षेत्रका जलस्रोत क्षेत्रका एक्सपोर्टहरूको भनाइ विज्ञहरूको त्यही छ। तत्कालका लागि अहिले भेरीबाट पानी ल्याइए पनि यो दिगो दीर्घकालीन चाहिँ हुँदैन, समस्या आइरहन्छ भन्ने कुरा नै छ। टिकेपछि राम्रै भइहाल्यो। अहिले अब त्यही तपाईँको मन्त्रालयकै खानेपानी मन्त्रालयको र त्यो जलस्रोत मन्त्रालयको के छ भने चिङ्गाडको पानीलाई हामीले जलाशय बनाएर स्टोरेज चाहिँ गरेर हामीले यलाई अलिकति बहुउद्देश्यीय परियोजनाको रूपमा हामीले यलाई प्रयोग गर्न सकिन्छ। खानेपानी पनि बन्न सक्छ सिंचाई पनि बन्न सक्छ यसका लाग सम्भाव्यता अध्ययन गर्दा राम्रो हुन्छ अब प्रदेश सरकारले अध्ययन गरोस् र हामी चाहिँ लगानी चाहिँ गर्छौं भन्ने छलफल चाहिँ भएको चाहिँ थियो। र हामीले भनेका छौं सम्भाव्यता अध्ययन पनि तपाईँहरूले नै गर्नुहोस् भनेर भनिएको चाहिँ छ। यसका बारेमा त अब अहिले हामीले गर्ने, नगर्ने, के गर्ने ? भन्ने कुरा फेरि यो वर्ष हामी गर्न सक्ने पनि छैनौं हामीले। त्यो त हामी अहिले त यसैमा हामी केन्द्रित हुन्छौं। यदि सम्भव भयो भने हामीले छलफल गर्‍यौं भने त्यो प्रक्रिया अगाडि बढाउनका लागि मात्रै यो हो।

अब बाढी पीडितहरूका बारेमा पनि हामीले यही वर्ष नै ०७० का बाढी पीडितहरूलाई अब कम्पिलिट गर्ने गरीकन केही व्यवस्थापन चाहिँ गर्नुपर्छ भनेर संघले पनि आवश्यक चाहिँ सपोर्ट गर्ने भन्ने कुरा भनेको छ। ६० उसले सपोर्ट गर्ने भनेर यो वर्ष पनि नीतिमा र बजेटमा आको चाहिँ छ। हामीले पनि थप त्यसमा सपोर्ट गर्‍यौं भने यिनीहरूको व्यवस्थापन स्थायी रूपमा हुन सक्छ भन्ने हिसाबले नै अब यहाँ जोडिएको कुरा चाहिँ हो। अब यो स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धीको ऐन संशोधन गर्नुपर्नेछ र हामीले यही अधिवेशनभित्र यो संशोधन गरेर अब सरकारले विधेयक चाहिँ अगाडि बढाउँछ र संसदेले चाहिँ पास गर्नुपर्ने चाहिँ हुन्छ होला।

अब धेरै विषयहरूमा यहाँ उठेका चाहिँ छन् प्रश्नहरू म धेरै चाहिँ प्रश्नको जवाफ दिने पक्षमा चाहिँ म गइन। र माननीय सांसदज्यूहरूले उ दिनुभएको महत्त्वपूर्ण सुझावहरूलाई हामीले यलाई आत्मासाथ चाहिँ गर्दै आगामी दिनहरूमा यलाई सुझावलाई बजेटमा आइपुग्दा अझै यलाई चाहिँ व्यवस्थित गर्ने गरी हामी जाने कुराको फेरि पनि मैले प्रतिबद्धता व्यक्त गर्न चाहेँ र अन्तिममा कोभिड-१९ सँग स १९ सँग बाँच्न र यसैसँग जनजीवनलाई सुरक्षित राख्दै आर्थिक गतिविधिलाई पनि निरन्तरता दिदै अगाडि बढ्ने सरकारको नीति हो र माननीय सदस्यहरूको सुझावहरूलाई बजेट निर्माणको क्रममा समेत ध्यान दिइनेछ र कोभिड-१९ सँगै विकाससँगै गर्नुपर्ने भएकोले पहिला यसको रोकथाम र नियन्त्रण र उपचार नै सरकारको प्राथमिकता हो र हुनेछ भने रोगबाट बाँचेर मात्रै पुग्दैन भोगबाट पनि सँगसँगै बाँच्न पर्ने हुन्छ यसका लागि उत्पादन रोजगारी शिक्षा पूर्वाधारका विषयमा पनि सँगसँग जनपरिचालनको माध्यमबाट यो वर्षको हामीले कार्यक्रमहरू कार्यान्वयन गर्ने छौं भन्ने कुरा चाहिँ राख्दै यहाँ उठाउनुभएको विषयवस्तुहरूमा सामान्य मैले मेरा भनाइहरू राख्दै माननीय सभामुखज्यू,

कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रम प्रदेश सभा नियमावली २०७४ को नियम ३७ (३) बमोजिम पारित गरियोस् भनी सभासमक्ष पेश गर्दछु। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममाथिको छलफल समाप्त भएको जानकारी गर्दछु।

माननीय सदस्यहरू, कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममाथि संशोधनको प्रस्ताव प्राप्त हुन आएको छ। संशोधनको प्रस्तावकर्ता माननीय श्री जीवनबहादुर शाहीलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने फिर्ता लिन समय दिन्छु। माननीय सदस्यले रोष्ट्रम प्रयोग गर्न सक्नुहुन्छ।

**माननीय श्री जीवनबहादुर शाही:** सभामुख महोदय, यो मान्छेले खप्परमा लेखेर आएको हुनु पर्दोरहेछ। नर्मल्ली के हो भने मुख्यमन्त्रीले बोलिसकेपछि हामीले बोलेका मान्छेहरूले पूरक प्रश्नहरू सोध्न पाउनुपर्ने हो। अब अहिलेसम्म सिक्ने पक्षमै छौं र मैले अहिले यहाँ निवेदन पनि गरें। मानिसको अभावले गर्दाखेरि सायद दलको नेता बोल्नु हुन्थ्यो कि हुन्नथ्यो थाहा भएन तर मान्छेको अभावले गर्दाखेरि बोल्नुपर्ने कुराहरू चाहिँ आयो। अब यहाँ मेरा दुई-तीन वटा चाहिँ सम्माननीय सभामुखले सबैको कुरा मेरा सबै कुरा एकैचोटि राखिहाल्नु भो। त्यसैले अब म पनि दफावार गइन तर अलिकति म यहाँ क्लियर गर्न के चाहन्छु भने माननीय सदस्यज्यूहरूले पनि बोल्ने क्रममा मैले कुनै दूर भावना राखेर अँ जनयुद्धले खतम बनायो, यो जनयुद्ध राख्नै हुन्न भन्ने मनसाय हाम्रो होइन, होइन तर संविधानमा के लेखिएको छ यो सरकारको मौलिकता भन्ने कुरो हुँदैन। यो सरकारको आफ्नो मौलिकता भन्ने कुरो चाहिँ हुँदैन। सरकारको कुरामा के हुन्छ भने संविधानमा लेखेको कुराहरू के हो त्यो छुटाउनु हुँदैन। बोलीचालीका भाषामा एउटा हुन्छ र मैले यो गत सालमा पनि यो विषय उठाएको थिएँ। सभामुखज्यूलाई चाहिँ थाह नै छ। म एकपल्ट यो पढेर सुनाउन चाहें यसमा चाहिँ - कर्णाली प्रदेशको समग्र आर्थिक, सामाजिक, संस्कृति रुपान्तरणका लागि आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ। यस अवसरमा अधिकार प्राप्तिका लागि भएका जनयुद्ध, जनआन्दोलन र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गरेका ज्ञातअज्ञात महान... अब यी सबै कुराहरू यहाँ आएको थियो। त्यसमा हामी हिजो पास भएन हैन। त्यो बेला यो संविधान संवैधानिक कुराहरू केही पनि लेखिएको थिएन सभामुख महोदय तर अहिले आएर के लेखियो भने भोलि मैले यो दर्ज गराउन खोजिएको हो। भोलि इतिहासले पनि भन्नेछ, कस्ता-कस्ता चाहिँ माननीय रैछन् भनेर भन्छन् भनेर मैले यो दर्ज गराउन खोजिएको हो। सार्वभौम सत्ता सम्पन्न नेपाली नागरिकको बलिदानीपूर्ण संघर्ष, जनयुद्ध र विभिन्न समयका आन्दोलनहरूबाट भने... संविधानमा के लेखिएको छ भने- ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष, त्यसपछि अन्य आन्दोलनहरू भनी लेखिएको छ। यति मात्र लेखिएर मेरो विरोध होइन सभामुख महोदय।

उपलब्धिहरूलाई संस्थागत गर्ने गरी जन निर्वाचित संविधान सभाबाट घोषणा भएको नेपालको संविधानमा व्यवस्था भएबमोजिम संघीय शासन प्रणालीबाट गठित कर्णाली प्रदेशका नागरिकहरूको प्रतिनिधिमूलक यस गरिमामय भनेपछि संविधानमा कहाँ लेखिएको छ। यसरी राख्न मिल्छ कि मिल्दैन। यहाँ कमसेकम पहिलाकोमा राखे संविधानको कुरा उठाइएन भन्दाखेरि हामीलाई इतिहासले भन्नेछ, आउने पुस्ताले भन्नेछ कस्ता मूर्ख चाहिँ माननीयहरू बसेका रैछन्। त्यसकारणले पनि अब यहाँ हुन त अघि नै एकजना माननीयजीले अब त थपडी बजाउने हो भन्ने कुरा त आइसकेको छ। त्यसकारणले यसलाई हटाउनुपर्छ र माननीयज्यूहरूले बोलेजस्तै यसमा चाहिँ जनआन्दोलन ऐतिहासिक भन्ने राख्नु पर्छ भन्ने हो। यसमा चाहिँ के कतै पनि सुरसार नभएकोले मैले फिर्ता लग्ने कुरा भएन सभामुख महोदय। त्यसरी नै यो श्रम अभियान श्रम सहकारी भनेर भनिएको छ। हुन त दफा कतिको उसमा छ भन्ने कुरा आयो। अब यहाँ चाहि के हुने भो भने आफ्नो मन लागेको चाहिँ दफा देखाउने भए आफ्नो मन नलागेको चाहिँ यो मौलिकता हो भन्ने कुरा पनि आउन थाल्यो। मौलिकता हो भने पछि सबै मौलिकता होलान्, दफावार हो भनेपछि सबै दफावारमा जानुपर्छ तर तीनखम्बे नीति अनुसार नै जानुपर्छ भन्ने हो। त्यसैले यो पनि मलाई लागेको श्रम सहकारी अब कुरा गर्दा कुरैको दु:ख भनेजस्तै हस्पिटलको मापदण्ड के हुन्छ ? १५ दिनमा बनेको हस्पिटल कस्तो होला ? हैं कस्तो होला ? अब त्यलाई हस्पिटल भन्ने हो कि हेल्थपोष्ट भन्ने हो कि सेवा केन्द्र भन्ने हो कि यी यी-धेरै कुराहरू छन् सभामुख महोदय। त्यसको पनि न गरेर मैले फिर्ता लिन सक्ने अवस्था चाहिँ भएन र मुख्यमन्त्रीज्यूबाट आयो यो सबै जिल्लामा विमानस्थल विस्तार गरिनेछ भन्ने कुरामा चाहिँ मैले भन्न खोजेको के हो, म अलिकति पढेर पनि भविष्यको लागि पनि यो काम लागोस् भनेर चाहिँ मैले यो राख्दै छु सभामुख महोदय। *(उनन्चालिसमा हो ....कता हो ... हैन हैन कहाँ अर्को*) अब यहाँ मुख्यमन्त्रीज्यूले भन्नु भो हामीले समन्वय गर्ने भनेका हौं विमानस्थलको सम्बन्धमा अँ हामीले गर्ने होइन भन्ने अहिले मेरो कानले सही सुनेको हो भने। ३९.१ मा के भन्या हो भने विमानस्थलबाट टाढा पर्ने विकट क्षेत्रमा हेलिप्याड निर्माण ठीक छ यो गरेको पनि छ गर्न पनि सक्छ। तथा प्रदेशका सबै विमानस्थल एवम् सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नति गरिनेछ। गरिनेछ। संघले गर्ने भन्या हो ? सायद म अलि पढेलेखेको नभाहुनाले नबुझेको पनि हुन सक्ला। अनि तलतिर के भनियो भने नियमित उडान व्यवस्थाका लागि दुर्गम क्षेत्र सेवा कोष परिचालन गर्न पहल गरिनेछ। एउटा रिमोट एरिया सर्भिस फन्ड भनेर चाहिँ केन्द्रमा छ, अब त्यलाई चाहिँ बरु भन्न मिल्यो। अब यो गरिनेछ भनेपछि त यो सरकारले गरिनेछ भन्या हो नि त सभामुख महोदय। लेखेका कुरामा मुखले चाहिँ भनेर त्यो हुँदैन। त्यसकारणले यो चाहिँ हटाइनुपर्छ भन्ने कुरा चाहिँ मेरो लिखित भइसकेपछि लेखिए त देखियो भन्ने त हाम्रो उखानै छ सभामुख महोदय। अनि अर्को चाहिँ यो खुला कारागार हटाउने भनेर भनेको छु। ह उद्देश्य एकदम राम्रो हो, एउटा क्वारेन्टिन बनाउदाखेरि त अमेरिका दाँजोमा हामी पुग्याछौं र ? भनेर हामी भन्छौं, खुला कारागार भनेको एकदम सेन्सीबल पढेका लेखेका मान्छेहरूलाई राखेर उनीहरू काहिँ

भाग्दैनन्, डिजिटाइज सिस्टमले काहिँ यताउता जान दिदैन भन्ने उद्देश्यले, यो उद्देश्य जुन हुन त हाम्रो आन्तरिक मामिला मन्त्रीज्यूको उद्देश्य एकदम राम्रो हो। उद्देश्य के केरे उद्देश्य अरु के लिनु उडि छुन चन्द्र एक भन्ने कुरा होला। त्यो अलिकति यो बेला नभएको हुनाले यो पनि त्यहाँबाट कुरा आएन यो चाहिँ फिर्ता लिन सकिएन सभामुख महोदय। अनि यो हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कति चोटि लेख्ने हो यो ? हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कि एकचोटि अर्को थपौं कि होइन भने दफा ११ मा हाम्मा कुडा हाम्मा मुख्यमन्त्री हुँदाहुँदै फेरि दफा ५८.१ मा चाहिँ यो राखेर यसको उपलब्धि कुराहरू छैनन्। यले गर्दाखेरि यो डकुमेन्टेसन राम्रो गर्दैन। हुन त अँ माननीय मुख्यमन्त्रीज्यूले यहाँहरूका सल्लाह सुझावलाई म सबै लिएर चाहिँ गर्ने भने जस्तै तर देखिएकै बुझेकै कुरा हो। यो चाहिँ रेकर्ड होस् र यी कुराहरू चाहिँ र यो उसको लागि जनयुद्ध जनआन्दोलन हटाइएको, जनयुद्धलाई संविधानमा भएको भन्ने कुरामा हाम्रो एकदम आपत्ति छ हैन, यो कुरा हटाइनुपर्छ र अहिले यस्तो अवस्थामा मात्र हामीले उभिएर यी शब्द नहटाउँदासम्म हामी अगाडि बढ्दैनौं भन्ने कुरामा हामी परिस्थितिमा छैनौं किनकि कोभिड-१९ अब अघि नै एकजना माननीयज्यूले भनिहाल्नु भो साँच्ने चाहिँ यो चाहिँ कोभिड हैन को हटाएर भीड-१९ को ग्रुपमा हामी छौं। अ त्यसकारणले चाहिँ यो कुनै पनि मुख्यमन्त्रीज्यूले फिर्ता लिने केही महसुस नगर्नुभएको हुनाले मैले फिर्ता लिन सकिन सभामुख महोदय, मैले फिर्ता लिँदिन धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू माननीय श्री जीवनबहादुर शाहीले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रममाथि संशोधनको प्रस्ताव फिर्ता लिन नचाहनु भएकाले उक्त संशोधनको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

अँ यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस् : हुन्छ ...

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस् : हुन्न ....

हुन्न भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकाले कर्णाली प्रदेश सरकारको २०७७/०७८ को नीति तथा कार्यक्रममाथि संशोधनको प्रस्तावकर्ता माननीय श्री जीवनबहादुर शाहीले प्रस्तुत गर्नुभएको संशोधनको प्रस्तावहरू बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, यस सभामा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमलाई पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव प्रदेश सभा नियमावली २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्य श्री जीवनबहादुर शाही: सभामुख महोदय, (के भन्न खोज्नुभयो माननीय सदस्य) कुरा ...दुई जनाको (एउटै प्राप्त भाको छ माननीय सदस्य) सभामुख महोदय, यो यो सभामुख महोदय अब यस्तो हो यो नयाँ भएको हुनाले पनि हामीले अलग अलग गरेका छौं। तर यहाँ चाहिँ त्यहाँ पढ्नमा अलि मिस्टेक भयो होला अब यो सुध्रिदै जाने कुरामा मेरो चाहिँ हेर्दाखेरि क्रम संख्या १ का माननीय क्रम संख्या १ का माननीय जीवन शाही भयो। क्रम संख्या २ का माननीय सदस्य अँ दीनबन्धु श्रेष्ठको पनि यहाँ चाहिँ क्रमसंख्या २ का माननीय सदस्य भनेका दीनबन्धु श्रेष्ठ हुन् त्यहाँ राखेकै छ हजुर।

**माननीय सभामुख:** अँ ठीकै छ माननीय सदस्य, यहाँ त अब त्यो प्राप्त नभएको देखिएको हुनाले केही प्राविधिक मिस्टेक भयो होला।

**माननीय जीवनबहादुर शाही:** ... त्यतैबाट मिस्टेक भएको हो कि।

**माननीय सभामुख:** माननीय सदस्यहरू, यस सभामा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमलाई पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले राख्नुभएको प्रस्ताव प्रदेश सभा नियमावली २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोला। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नुहोस्। .. हुन्छ....।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नुहोस्। ... हुन्न ...।

हुन्न भन्ने आवाजभन्दा हुन्छ भन्ने आवाज प्रदेश सभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले तसर्थ प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम पारित गरियोस भन्ने माननीय मुख्यमन्त्रीले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले म बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ २२ गते बिहीबार दिनको ३ बजेसम्मको लागि स्थगित हुन्छ।

□□□

a}7s ;¥of-(

**(वि.सं. २०७७ साल जेष्ठ २२ गते बिहीबार)**

राष्ट्रिय धुन,

**माननीय सभामुख:** माननीय सदस्यहरू, कर्णाली प्रदेश सभाको छैटौं अधिवेशनको नवौं बैठकको कारबाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइ राख्न

विशेष समयको व्यवस्था गरेको छु। सर्वप्रथम माननीय श्री जीवनबहादुर शाही, माननीय सदस्य रोष्टम प्रयोग गर्न सक्नुहुन्छ।

**माननीय श्री जीवनबहादुर शाही:** सम्माननीय सभामुख महोदय, हुन त यो विशेष परिस्थिति भएको हुनाले कोभिड-१९ ले गर्दाखेरि जुन हामीले बोल्ने क्रमहरू दिन प्रतिदिन हामीले विशेष समयहरू राख्नुपर्ने परिस्थिति आएको होला। त्यही सन्दर्भमा आज यहाँ आउँदा र बोल्दा मलाई अलिकति विरक्त लागेर बोल्ने क्रममा छु। अब हामी सांसद मैले होला या अरु कोले होला, हामीबाट नै रुल अफ ल हुन सकेन भने रुल बाइ ल को प्रक्रियामा हामी गयौं भने हाम्रो हैसियत यो प्रदेशको हैसियत कर्णाली प्रदेशको हैसियत कहाँसम्म पुग्ने हो ? एउटा सभासद् जीवन शाहीले बोलेका गरेका कुराहरूले सोच्नुहोला जीवन शाही एकजनाले बोलेर खराब बोल्यो भनेर त आउला तर देशभरि र संसारभरि बुझ्दाखेरि यहाँको सभालाई नै त्यले घात गर्छ। मैले धेरै हिजो दिनभरि एउटा धेरै प्रयासहरू गरे मैले सबै कुराहरू गरें जुन अहिले यहाँ चर्चाको विषय आयो, हाम्रा सांसदज्यूहरू जसलाई हामीले यहाँ छोडेर गइसकेपछि फेरि आउँदा पिसिआर आरटीपिसिआर भनेर भन्ने गरिंदो रैछ मेडिकल टर्ममा भनेर भनियो, त्यसपछि विभिन्न खालका हल्ला पनि चले काँ निलम्बन पनि गरे भन्ने चले। वास्तवमा हामी कानून बनाउने, हामीहरूलाई भन्ने गरिन्छ ल मेकर ले नै उल्लङ्घन गऱ्यौं र गलत चिठीहरू लेखाउन थाल्यौं भने हाम्रो विश्वसनीयता कहाँ रहन सक्ला ? मैले अहिले एउटा चिठी पढेर सुनाउँछु। भएको कुरा स्वयम् पेश गर्ने माननीयज्यूले आरडिटी गरेको हो, रगत लिएको हो भन्नुहुन्छ। मैले भर्खरै विभागीय मन्त्रीज्यूलाई पनि सोधें यो के गर्नुभएको हो भने उहाँले पनि आरडिटि गरेको हो भन्नुहुन्छ तर चिठी लेखिन्छ - जो जससँग सम्बन्धित छ प्रस्तुत विषयमा मिति २०७७ /०२/२० का दिन प्रदेश सभा सदस्य माननीय फलानो फलानो र चालक फलानोको फलानो रावलको आरटीपिसिआर परीक्षण गर्दा नतिजा नेगेटिभ आएको व्यहोरा जानकारी गराइन्छ, डक्टर लक्ष्मीनारायण तिवारी। अफिसियल चिठी। यो भन्दा दुर्भाग्य के हुन सक्छ ? आरडिटी गरेको ठाउँमा आरडिटी गरेको छ भन्न मिल्ने कि नमिल्ने ? मैले माननीयज्यूहरू र उ गरेको मान्छे मैले यो किनभने सार्वजनिक उसमा जाने नाम भनिन। यले गर्दाखेरि रुल बाइ ल भयो कि रुल अफ ल भयो ? यस्ता कुराहरू लेखाउनलाई हामीले दबाब दिनुहुन्छ कि हुँदैन ? यो कुरामा हामीले ख्याल गरौं किनकि एकजना माननीयज्यूको कुरा होइन, हामी सबैको लागि चाहिँ यो घात हुने कुरा हो। यो दु:खको पक्षको कुरा मैले पहिले राखें। यो त नितान्त किर्ते चिठी भनिन्छ। यस्तो बेलामा यलाई त किर्ते चिठी भनिन्छ। अब आरडीटी र उसको पनि छ नि। अस्ति विभागीय मन्त्रीले भन्दै हुनुहुन्थ्यो सभामुख महोदय, हैन, आरटीपिसिआर भनेको रिभर्स ट्रान्सक्रिप्सन पोलियोमर्स क्यान रियाक्सन अनि आरडिटी भनेको ऱ्यापिड डायग्नोस्टिक टेस्ट अथवा यो चाहिँ गाउँ लेबलमा त्यो लेवलमा गर्न सकिने र पिसिआर भनेको हाइली टेक्निकल कुराहरू रैछ यस्तो कुरामा गर्ने कुरा हामीबाटै हामी ल मेकरबाट नै यस्ता अँ चिठीहरू गर्न गर यो संविधान यसको चाहिँ कसैले विश्वास गर्न सक्दैन। अब यो हिजोको घटनाको विषयमा म भन्न चाहन्छु, दैलेखमा जुन घटना

घटेको छ भैरवी गाउँपालिकामा कटुपिट भएको छ, त्यहाँको प्रशासकीय निमित्त प्रशासकीय अधिकृतलाई कुटिएको छ। त्यतिमात्र होइन, स्वास्थ्यकर्मीहरू पनि कुटिएका छन्। त्यही भैरवीको अस्ति एउटा फोटो आयो, भैंसी गोठमा नागरिकहरूलाई राखियो, क्वारेन्टाइन बनाइयो। र यसको पनि मैले अस्तिदेखि यसको अनुसन्धान गरिरहेको थिएँ, साँच्चै क्वारिन्टाइन त्यहीं नै बनाएको हो त ? भन्दाखेर त्यहाँ भएको के रैछ भने दुई चार जना तन्देरीहरू ख्वाक-ख्वाक खोकिरहनु भएको रैछ, यता क्वारिन्टिनको व्यवस्था हुँदै रैछ स्कूलमा तपाईँहरू खोक्नुहुन्छ त्यसकारणले अहिले त्यो सुरक्षित हुन्छ भनेर त्यहाँभित्र राखिएको रैछ। त्यसै मौकामा फोटो खिचेर देशभरि भाइरल गरियो- कर्णाली प्रदेश गरिब प्रदेश भैंसी गोठमा भन्ने कुराहरू आए। यसमा हामीले पनि सम्बन्धित जिल्लाका माननीयज्यूहरूले पनि यो कुराहरू उठाउनुभएन भन्नु भएन, यो सत्य थियो या गलत हो, चौध दिन राखेको हो कि होइन। तर बुझ्दाखेरि एकछिन राखेको सदर रैछ यो किसिमले जाने हो भने हामी सबैको अवस्था के होला ? सायद आज एउटा प्रशासकीय अधिकृत कुटियो होला, स्वास्थ्यकर्मीहरू कुटिए होलान्। अनि हामीले सरकारले गरेन, ठीक छ सरकारले नगरेका, कमीकमजोरीलाई भन्नु हाम्रो दायित्व होला तर हाम्रो दायित्व सल्लाह दिनु पनि होला नि। गरेका प्रयासहरूलाई धन्यवाद दिँदै कमीकमजोरी भएकालाई चाहिँ सुधार्न लाउने हामी माननीयहरूको पनि जिम्मेवारी होला नि सभामुख महोदय तर हामी नै कानून हातमा लिएर जाने हो भने हाम्रो आज आइसक्यो, केन्द्रमा दर्ता भइसक्यो संघीयता खारिज गर्न पाउँ भन्ने कुरा। हाम्रा यी व्यवहारहरूले त यस्तै यस्तै नहोला भन्न सकिन्न। अब अर्को आको छ सभामुख महोदय, कर तिर्ने विषयमा भनियो कर तिर्नु चाहिँ जेठ २५ गतेभित्र कर तिर, नतिर्ने भए तिमी कारबाहीमा पर्छौ। राज्यले यस्तो बेला कि गर कि मर भन्नु उपयुक्त हो कि होइन ? हुन त आज विहान सुधार गरेर २५ गते होइन असार ७ गतेसम्म तिर्नुस्। लकडाउन भएको बेला व्यवसायीहरूले गर्न नसकेको बेला निजी हामी यहाँ ल्याउँदैछौं सरकारी निजी विधेयकहरू हामी पास गर्दैछौं। अहिले हामीले निजी व्यवसायीहरूलाई प्रोत्साहन दिने बेला पनि त हो नि। अहिले धेरै गर्नुपर्ने कुराहरू छैनन्। सरकारले तिमीले कर तिर्नुपर्छ, कर त राज्यले तिर्नुपर्‍यो हामी सबैले तिर्नुपर्छ, हामी सबैले तिररहेका छौं तर यो तीन महिना लकडाउनको अवस्थामा तिमीले व्यवसाय गर्न पाएनौ, त्यो भन्दा अगाडि समय मिलाएर तिर है भनेको भए सायद मान्छेहरू खुसी भई भई जान्थे होला नि। तर के भने भने कि तर होइन भने हामी जरिवाना ठोक्छौं अनि त्यो गाली कले पाउने ? सरकारले पाउने। अनि त्यो गाली कले पाउने ? सांसदहरूले पाउने। अनि हामी सबैलाई चाहिँ अनेकथरीका गाली गर्ने कुराहरू भए। त्यसकारण यो कुरा त अब नेपाली कंग्रेसले त भद्र अबज्ञा सुरु गर भनेको छ। म त त्यो भन्दिन केन्द्रले त्यो तोकेता पनि म के भन्छु भने सरकारले पुनर्विचार गर्‍यो सोच्नपर्‍यो कि समयमा तिर, कर तिर, अहिले तिमीलाई दु:ख छ केही समय साछौं भनेर भन्नुपर्ने हो भने म भन्न चाहन्छु सभामुख महोदय। यहाँ छ समस्या अहिले सबैलाई छ। सबैका समस्याहरू छन् तर मैले देखेको मेरो विचारमा लागेको कुरा के हो भने अहिले सबैभन्दा बढी प्रताडित भएका चाहिँ

होटल व्यवसायीहरू, पर्यटन व्यवसायीहरू, यातायात व्यवसायीहरू, वायुसेवा व्यवसायीहरू तिनीहरू असाध्यै प्रताडित भएका छन्। यदि हामीहरूले उनीहरूलाई अलिकति भए पनि क्षतिपूर्तिको व्यवस्था र अनुदानको व्यवस्था गरेनौं भने फेरि यो उठ्न सक्ला जस्तो लाग्दैन यो उठ्न सक्दैनन्। त्यसकारणले उनलाई त्यो अवस्थामा जाऔं भन्ने म चाहिँ यो सम्मानित सदनमार्फत सम्माननीय सभामुखमार्फत् सम्मानित सदनलाई र सम्माननीय सभामुखज्यूमार्फत् हाम्रो सरकारले बेलाबेलामा निर्णय गर्ने गर्छ सभामुख महोदय, त्यो निर्णयमा यो कुराहरू पनि केन्द्रीय सरकारलाई अनुरोध गऱ्यो भन्न चाहन्छु। त्यस्तै यो भइसकेपछि अरु घरेलु उद्यमीहरू लगायतका सबै उद्यमीहरू चाहिँ लकडाउनको अवधिभरि चैत ११ देखि यता कहिलेसम्म हुन्छ त्यो अवधिभरि उनीहरूलाई चाहिँ हामीले ब्याज मिनाह गरिदियौं। लकडाउनमा त उनीहरूले काम गर्न पाएनन्, त्यो म अहिले चाहिँ एउटा लक ब्याज मिनाह गरिदियौं अनि तिर्नुपर्ने किस्ता चाहिँ उनीहरूले सुविधा दिनुपऱ्यो समयअनुसार दिनलाई गराइयोस् भन्न म चाहिँ चाहन्छु स सभामुख महोदय। अनि यो कोरोनाका कारण सबैको व्यवसाय संकटमा छ ध्वस्त छ सायद यहिँ पनि कै कैयौं माननीयज्यूहरू पनि हुनुहोला। बैंकबाट ऋण लिनुभएको छ सारा छ यस्तो अवस्थामा बैंकहरूले चाहिँ मुनाफा खोज्ने हिजोको जस्तो मुनाफाको प्रतिस्पर्धामा नजाओस्। बैंकले चाहिँ केही ब्याज घटाओस् र बैंकले आफ्ना प्रशासनिक खर्चहरू पनि कटाओस्। अहिले डिबिडेन दिने कुराहरू पनि घटाओस्। एउटा सियोले नेपालमा कम खाने सिइयोले पनि चार लाख पाँच लाख खान्छ। यो अवधिको लागि उहाँहरूले त्यो घटाएर चारलाख खानेले दुई लाख गरोस् अठार लाखसम्म खानेछन् त्यो गरोस् र त्यो चाहिँ म सभामुख महोदयमार्फत् सरकारलाई अनुरोध गर्न चाहन्छु किनकि सरकारले निर्णय गरेर माथि पठाउने कुराहरू हुन्। त्यसरी नै सभामुख महोदय, साना व्यापारीहरूलाई कम्तीमा पनि चार महिनासम्मको लाई कर छुट दियोस् सरकारले अब यो कर छुट दिने त हाम्रो यो सरकारलाई छैन, त्यसको लागि हाम्रो यहाँको पिडालाई चाहिँ सरकारले माथि चाहिँ समन्वय गरोस् भन्न चाहन्छु सभामुख महोदय। त्यसैगरी ज्यालामजदुरी खानेलाई छ महिना सम्म निर्वाह भत्ताहरू तिनीहरूलाई दिनुपऱ्यो त्यो कुरा माथिले मात्र हैन हामीले पनि यहाँ गर्न सक्ने अवस्थाहरू छन् त्यसको लागि म चाहिँ सभामुखज्यूमार्फत् यो सम्माननीय सदनमार्फत् सरकारलाई अनुरोध गर्न चाहन्छु सभामुख महोदय। अब यो कोरोना कहरको मोडालिटीको बारेमा यही रोष्टमबाट हामी धेरै सरकारको आलोचना पनि गऱ्यौं सरकारलाई सुझाव पनि दियौं, सरकारका भएका कमीकमजोरीलाई पनि हामी औंल्याउने प्रयास गऱ्यौं। त्यसमा सभामुख महोदय सरकारले कसरी लिएको छ ? त्यो सरकारको कुरा हो। आज पनि म फेरि मोडालिटी सम्बन्धमा अहिले के हुन थाल्यो भने ठाउँ-ठाउँका उद्योग वाणिज्य संघहरूले चाहिँ हामीले यो खुला गर्छौं भनेर च्यालेन्ज दिन थाले ठाउँ ठाउँमा त्यो गर्न थाले एउटा बौद्धिक सर्कलले के भन्न थाले भने यलाई लकडाउन ओपन गरे हुन्छ भन्न थाले सभामुख महोदय, अर्को बौद्धिक समूहले के भन्न थाले भने लकडाउन गऱ्यो भने खतम छ कि त हामीले डब्लुएचओलाई मान्नु भएन सभामुख महोदय। यदि डब्लुएचआलाई मान्ने हो भने अब नेपालमा अब खतरा हुँदैछ जुन,

जुलाई, अगस्तसम्म भयानक डरलाग्दो अवस्था हुनेछ भनेर डब्लुएचओले भनेको छ। डब्लुएचओका विज्ञ हुन् या होइनन् यहाँ चाहिँ भावमा लाग्ने विज्ञहरू हुन् कि होइनन् त्यलाई हामीले सोच्नुपर्छ भन्ने मलाई लाग्छ। अहिले जुन सरकाले गरिरहेको सभामुख महोदय, सरकारले म एउटा प्रतिपक्षको नाताले सरकारले गरेका राम्रा कुरालाई पनि गलत हुन् पक्षमा छैन। जुन सरकारले एउटा मोडालिटीहरू ल्याइरहेको छ, त्यसमा हामी सबैले मान्नुपर्छ भन्ने मेरो चाहिँ मेरो मान्यता हो सभामुख महोदय। अहिले राष्ट्रमा प्रतिपक्ष भइसकेपछि यलाई ठीक गर्नुपर्छ भन्ने मान्यताले पनि यहाँ कुरो आएको छ। म मेरो व्यक्तिगत तवरबाट यो कर्णाली प्रदेशको कंग्रेसको संसदीय दलले त्यो गर्न चाँहदैन। हामीले त्यो मोडालिटीमा हेऱ्यौं अब कसरी गर्न सकिन्छ ? किनकि यहाँ देखिसक्यो करिब-करिब ४ सयको हाराहारीमा यहाँ पनि पोजेटिभ देखिसकेका छन्। अब हामीले सबै आएका मान्छेलाई क्वारेन्टिनमा राख्न सक्छौं कि सक्दैनौं ? त्यो व्यवस्था हामीले गर्न सक्छौं कि सक्दैनौं ? त्यसकारण मेरो एउटा भनाइ के हो भने बिहान पनि हामी समितिमा छलफल गऱ्यौं साथीहरूसँग पनि छलफल गर्दाखेरि अब हामीले हेर्ने कुराहरू के छ भने यहाँ आएका क्वारेन्टिनमा बस् राख्नै पर्ने मान्छेलाई राखेर अन्यथा अरुलाई आरडिटी टेस्ट जुन छ अहिले सुन्नमा आएको आरडिटी पनि धेरै किसिमका छन् भन्ने कुरा आएको छ सभामुख महोदय। र अहिले हाम्रो प्रदेशमा आएको सायद यो नाम अलिकति फरक पर्न सक्ला तर त्यही नै हो भन्ने मलाई लाग्छ। एउटा लिपो कम्पनीको आरडिटी साह्रै राम्रो छ भन्ने कुरा आएको छ, त्यले चाहिँ सही रिपोर्ट देखाको छ भने हाम्रो सरकारले पनि त्यो खरिद गर्दाखेरि यसैलाई खरिद गरेर टेस्ट गरेर उनीहरूलाई चाहिँ आफ्नो घरमा पठाउने जो मान्छे घरमा बस्ने ठाउँ नै छैन, जो आफ्नो क्वारेन्टिन जस्तो छुट्टै बस्न सक्दैन तिनलाईमात्र स्थानीय तह र प्रदेश सरकारले क्वारिन्टिनमा केरे राख्ने व्यवस्था गर्नुपर्छ जस्तो लाग्छ तर ती गाउँमा गएकाहरूलाई जो आफ्ना घरमा बसेकाहरूलाई हामीले के गर्नुपऱ्यो भने अब स्वास्थ्यकर्मीहरूको संख्या बढाउनु पऱ्यो, ती स्वास्थ्यकर्मीहरूले पीपीई सेट समेत लाएर प्रत्येक बिहान गएर उनीहरूको चाहिँ यो ज्वरो नाप्ने र त्यसपछि अहिले के देखियो भने सबैलाई जुन रोगले मरे पनि यो कोरोनाबाट मऱ्यो भन्ने डरलाग्दो अवस्था आएको हुनाले मुटु रोगी आइसकेपछि क्वारेन्टिनमा बस्नेहरूका पनि एनालाइसिस गर्नुपऱ्यो। मुटु रोगी हो कि, कलेजो रोगी हो कि, मृगौंला रोगी हो कि यी भनेर यी कुराहरूलाई हामीले छानविन गरेर हेऱ्यौं भने अनि उनीहरूलाई त्यो औषधी उनीहरूले खान पाउने औषधीको व्यवस्था गर्न सक्यौं भने यलाई चाहिँ राम्रो हुन सक्ला र अर्को कुरा चाहिँ आइरहेको छ कि वास्तवमा असाध्यै महत्त्वपूर्ण कुरा हो भन्ने लाग्छ। अब जनरल चेकअप पनि गर्नुपऱ्यो सबैको जेनरल चेकअप गर्दाखेरि उसको प्रेसरको अवस्था के छ ? उसको अरु अवस्था के छ ? भारतबाट आकालाई त कम्पल्सरी गर्नै पऱ्यो, त्यले गर्दाखेरि अरु रोगबाट उनीहरू मृत्यु हुँदा पनि तिनलाई बचाउन सक्ने अवस्था हुन सक्छ सभामुख महोदय। अनि अर्को हामीले भन्ने गरेका छौं। हुन त हामीले यो रोष्टमबाट भाषण गर्ने गऱ्यौं। हामीले एकद्वार प्रणाली हुनुपर्छ, आज ठाउँ-ठाउँमा गएर जसले पाए त्यसले मनपरी बोल्ने कुराहरू

चाहिँ यो नियमसंगत हुन सक्छ कि सक्दैन ? म सुन्नमा आइरहेको छ अहिले भिटिएम भन्ने पदार्थ त्यो चाहिँ प्रशस्त मात्रामा बजारमा हुँदो रैछ, प्रत्येक गाउँपालिकाहरूले भिटिएम खरिद गर्ने अनि भन्ने के भन्दाखेरि यलाई पिसिआर गर। भिटिएम त्यो भिटिएम प्राप्त भइसकेपछि त्यलाई त्यस स्वाब संकलन गर्नलाई त समस्या भएन। २ हजार ३ हजार स्वाब पनि संकलन गर्न सकिएला तर त्यलाई टेस्ट गर्ने मेसिन त चाहियो नि तर स्वाब संकलन गरिसकेपछि हामीले त्यसको अ अवधि कति हुने हो त्यसको लाइफ सर्कल कति हो ? त्यलाई हेर्नुपर्ने हुन्छ। त्यसकारणले यस्तो गर्न नदिएर हामीले वानडोर सिस्टमबाट जानु पऱ्यो। कुनै गाउँपालिकाले गर्ने हो उले ल्याएको छ भने तिमीले यतिवटा मात्रै स्वाब संकलन गर है भन्ने कुरामा गयौं भने सायद हाम्रो चाहिँ सरकार सफल होला, प्रदेश सफल होला, यो संविधान, यो प्रदेश सभा पनि सफल होला भन्ने कुरा गर्दै म चाहिँ सभामुखमार्फत् आग्रह र अनुरोध गर्न चाहन्छु।

अब हेल्थ वर्करहरूको अस्ति आएको थियो सभामुख महोदय, यहाँ मानिसहरूको कमी छ कि प्राप्त भएनन् कि भन्ने कुरा छ तर मेरो नलेजमा पनि थुप्रो मान्छहरू जो अहिले पनि बेरोजगारी छन् पढेलेखेका छन्, ल्याव टेक्निसियन छन् उनीहरूलाई गरेर, यस्तो बेलामा कमसेकम सम्माननीय सभामुख महोदय, सरकारले मेरो र तेरो होइन, यो बेला मेरो मान्छेलाई दिनुपर्छ भन्ने अवस्थाले नगरेर गर्ने हो भने थुप्रै स्वास्थ्यकर्मीहरू भेट्न सकिन्छन्। उनीहरूलाई पीपीई सेटको चाहिँ राम्रो बन्दोबस्द गरेर जसरी चिनमा गर्ने गर्छन्। प्रत्येक दिन चाहिँ उनीहरूलाई चेक गर्ने त्यो कुरामा जाओस् भन्ने कुरा चाहिँ म आग्रह गर्न चाहन्छु। र अब अर्को कुरा सभामुख महोदय, एउटा कुरा व्यापक रूपले बजारमा आयो। धेरै कुराहरू भए, त्यसमा हामीले त्यति साह्रो चासो दिएका थिएनौं किनकि स्थानीय पत्रपत्रिकाहरूले लेखे, यो हाम्रो संविधान सभा वास्तवमा त्यो हो र सभामुखको नाममा एउटा गाडीको विषय चाहिँ निकै निस्क्यो। यहाँ धेरै पत्रपत्रिकाले लेखेका थिए, अब कसैका रिस ईवीले लेखेको हुन सक्ला भन्ने मलाई लागेको थियो सभामुख महोदय। हिजो त नयाँ पत्रिकाले नै लेख्यो र कान्तिपुरको त्यो फलक भन्नेमा त्यो बनायो भने भैरवी गाउँको त्यो घरको फोटो राखेर अनि यतातिर राखेर सभामुखको गाडी सररर अनि यतातिर क्वारिन्टिन भैंसी गोठमा भनेर राखियो। त्यो राखेपछि मैले सम्झें सभामुख महोदय, त्यो मेरो दायित्व हो, त्यो कुरा मैले यहाँ उठाउनुपर्छ। के भएको हो ? लेखेका कुरा हेर्दा सरकारको सायद सभामुख महोदय, आर्थिक मन्त्रालयको मन्त्रीज्यू हुनुहुन्न। हुन त आजकाल कोही नभएर केही फरक पर्दैन, उहाँहरू जरुर आफ्नो कोठाबाट अनलाइनमा सुनि नै रहनुभएको होला। त्यो मलाई विश्वास छ, सायद अनलाईनबाटै सुन्ने गरेको हुनाले मन्त्रीज्यूहरूलाई यहाँ आउनुपर्ने त्यो मन्त्रालयका कर्मचारी आउनु नपर्ने अवस्था त छँदै छैन। त्यसको लागि हामीले खाली गरेका थियौं, सुनि नै रहनुभएको होला। अब यो एउटा सभामुख एउटा व्यक्तिको कुरा नभएर यो संस्थाको कुरा पनि हो भन्ने मलाई लाग्छ। जसरी पत्रपत्रिकामा आको छ, पौने दुई करोडको गाडी कोरोनाले मान्छे मरिरहेका छन्, भैंसी गोठमा कोरोना चाहिँ कोरोना नियन्त्रण गर्ने क्वारिन्टिन

बनाएका छन् र त्यहाँ यस्तो गऱ्यो भनेर अहिले छ्यापछ्याप्ति हिजोबाट यो इन्टरन्यास्नल्ली पनि गइरहेको छ र बाहिरबाट कुराहरू पनि आइरहेका छन्। अब मेरो भनाइ के छ भने सभामुख महोदय, यो भएको के हो ? सत्यता के हो ? पत्रकार पत्रकारहरूले लेख्ने कुरा एउटा छन्। पत्रकारहरूले लेखेको मैले के देखें भने उनीहरूले के भनेका छन् यो मापदण्ड विपरीत त्यहाँको सभामुखले गाडी किन्यो भन्ने छ। मापदण्डमा ७० लाखसम्मको गाडी किन्न पाउने त्यसपछि त्योभन्दा बढी गाडी किन्न नपाउने भनी मापदण्ड बनाइएको थियो त्यसको उल्लंघन गऱ्यो भन्ने कुरा छ, लेखेकोमा। त्यतिमात्र भनेको छैन सभामुख महोदय, मापदण्ड विपरीत भइसकेपछ सभामुखले अथवा यो संसद् सचिवालयले टेणडर गर्यौं, टेण्डर गरिसकेपछि सरकारलाई दवाफ दिएर मापदण्ड फेर्न लगायो भन्ने कुरा पनि आएको छ। टेण्डर गरिसकेपछि मापदण्ड परिवर्तन गर्न लगाएको भन्ने कुरा पनि आयो सभामुख। हैन मैले यो कुराहरू यहाँ के हो गुनगुन गुनगुन साथीहरूले पनि भनिरहनु भएको अवस्था थियो। एउटा जिम्मेदार पार्टीको साधारण मान्छे भए पनि मैले सुझबुझका साथ बोल्नुपर्छ र नबुझिकन बोल्नु हुन्न भन्ने मनसायले आजका दिनसम्म बोलेको थिएन सभामुख महोदय। मैले सबै डकुमेन्टेसन तयार र यो पत्रपत्रिकामा लेखिएको कुराहरू सबै हेरिसकेपछि यहाँ देखियो सभामुख महोदय। कर्णाली प्रदेश खर्च मापदण्डमा चाहिँ २०७५ साल २ महिना २० गते निर्देशिका क्याविनेटले जारी गरेछ, त्यसमा भनिएको छ सभामुख महोदय, क्याटगोराइज गरेको रहेछ - मुख्यमन्त्री सभामुखहरूलाई ७० लाख सम्मको गाडी, त्यसपछिकालाई ६० लाखसम्मको गाडी त्यसपछिका क्याटगोरीलाई ५० केरे यो ५० लाखसम्मको गाडी भनिएको रहेछ तर २०७५/08/29 मा त्यो निर्देशिका क्याविनेटले पहिलो चोटि संशोधन गऱ्यो सभामुख महोदय। अनि त्यो मापदण्ड हटायो। अनि मलाई लाग्यो ए यो हटाउन लगाएको बाहिर लेखेको कुरा ठीक रहेछ नि त भन्ने कुरा लाग्यो। त्यसपछि मैले यो टेण्डर कहिले भएको छ भनेर त्यसको खोजी गरे सभामुख महोदय, २०७५/०८/२९ मा पहिलो अँ प्रथम संशोधन भएको छ तर टेण्डर भनेको २०७६ साल ८ महिना ८ केरे १८ गते टेण्डर भएको छ। यसैले पनि द्वेषपूर्ण ढंगले लेखिएको रहेछ भन्ने कुरा यले यले प्रमाणित गऱ्यो सभामुख महोदय। यले प्रमाणित गऱ्यो। यसरी द्वेषपूर्ण ढंगले लेख्ने सिङ्गो सभा चुप लागेर बस्ने कुरामा चाहिँ कतिसम्मको उचित हो भन्ने मलाई लाग्छ सभामुख महोदय। अनि अर्को चाहिँ त्यहाँ हेरेँ नियम विपरीत अनुमति नलिइकन लग्यो, अनुमति लिनुपर्छ भने त, अनुमति त लिनुपऱ्यो नि प्रदेशले किन लिएन अनुमति ? भन्ने त्यसमा पनि मैले खोजी गरेँ सभामुख महोदय। साँच्चै अनुमति नलिएर गरेको रैछ त भन्ने कुरा गर्दा मैले खोज्दै जाँदा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन जुन छ हाम्रो त्यो ऐन कहिले बनेको हो भने २०७४ मा हामीले ऐन जारी गऱ्यौं सभामुख महोदय। यो सम्मानित सभालाई थाहा छँदैछ अनि ऐनको दफा त्यो जारी भइसकेपछि ऐनको दफा ६२ ले के भन्यो भने ऐनले चाहिँ नियम ६२ ले चाहिँ दफा ६२ ले चाहिँ नियम बनाउने अधिकार दियो तर नियम बनाइएन सभामुख महोदय। ऐनले नियम बनाउने अधिकार दियो, नियम नबनाएर के लेखिएछ भने ०७४ मा ऐन बनेको नियम अहिले

हामीले बनाउन नसकेको हुनाले मापदण्ड बनाउनको लागि निर्देशिका जारी गरिएको छ भनियो सभामुख महोदय। म सम्मानित यो सदनलाई पनि म चाहिँ आग्रह गर्न चाहन्छु सभामुख महोदय। निर्देशिका जारी गऱ्यो, हाम्रो व्यवस्थापन भनेको के हो भने संविधानसँग नबाझिने गरी ऐन बनाउने हो। ऐनसँग नबाझिने गरी नियम अथवा नियमावली बनाउने हो। नियम अथवा नियमावलीसँग नबाझिने गरीकन निर्देशिका अथवा कार्यविधि बनाउने हो। त्यसपछि परिपत्र अर्को गर्ने कुराहरू हुन्। नियम बनाउन नसक्नुको कारण के थियो त्यो मैले बुझ्न सकिन सभामुख महोदय। नियम नबनाइकन किनभने हामी अहिले यहाँ सबै ल-मेकर कानूनवेत्ताहरू हामी यहाँ छौं सभामुख महोदय। हामीले नियम नबनाइकन कुन दफाको कुन ऐनको कुन नियमको कति नम्बरले निर्देशिका बनायौं। अहिले भन्ने गरेको छ मापदण्डलाई मिचियो भनेर भनिएको छ, त्यसकारणले मैले भन्न चाहन्छु सभामुख महोदय। मैले यसका धेरै अध्ययन गरे म अरु पनि अहिले मेरो भन्न चाहन्छु। त्यसपछि ऐनमा (माननीय सदस्य आसनग्रहण गरौं माननीय सदस्य) ऐनको दफा ७ को ऐनको दफा ७ को उपदफा ५ मा के भन्यो भने सभामुख महोदय। प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ भनेर भनियो र यो मैले कुन मानेमा भन्दैछु भने सभामुख महोदय। विनियोजन ऐन २०७६ मा सवारी खरिदमा २ करोड भनेर दियो, प्रदेशलाई प्रदेश सभालाई २ करोड दियो। तल यो कुरा लेख्यो, त्यसपछि के भन्यो भने - दफा ७ को उपदफा १ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि विनियोजन भएको रकम प्रचलित कानूनका अधिनमा रही खर्च गर्ने अख्तियारी सो ऐन प्रारम्भ भएका दिनदेखि अधिकार प्रान्त अधिकारीलाई हुनेछ। २ करोड रुपैयाँ दियो तिमी सवारी साधन किन भन्यो, यति वटा भनेन अनि त्यो भनिसकेपछि तिम्रो चाहिँ यहाँ भित्र पस्यो, तिमीले किन्न पाउँछौ त्यही नै कार्यक्रम हो भन्यो। त्यसपछि त्यो सही गर्ने अधिकार चाहिँ को हो भन्दाखेरि त्यहाँको अधिकारी भनेको यहाँको सचिव होला। हँ अनि यस्तो खालको व्यवस्था हुँदाहुँदै सभामुख महोयदय, सरकारले यसको जवाफ किन दिँदैन? यो अवैधानिक निर्देशिका खारेज हुनुपर्छ कि पर्दैन ? यो अवैधानिक निर्देशिकालाई हामीले कार्यान्वयन गऱ्यौं भने त हामी सभासदहरूको पनि इज्जत गयो कानून विपरीत निर्देशिका बनाउन मिल्दैन सभामुख महोदय। मैले के सोचेको थिएँ भने कानून विपरीत साँच्चै नै हाम्रो सभाले सभामुखले सचिवालयले कानून विपरीत जसले कानून बनाउँछ हामी ल मेकर हौं। जसले कानून बनाउँछ उसले कानूनको उल्लङ्घन गर्छ भने यो क्षेम्य हुन सक्दैन भन्ने कुराहरू थिए। यस्तो अवस्थामा बोल्नुपर्ने तर मैले सबै हेर्दाखेरि कानूनले दिएको कुरा अवैधानिक ढंगले चाहिँ निर्देशिका बनाउने, अनि निर्देशिका बनाइसकेपछि मन्त्रालयले के भने ने हाम्रो निर्देशिकाको विपरीतमा जान्छ भने पछि हाम्रा यी ऐनहरू च्यात्नु पऱ्यो कि परेन सभामुख महोदय। यस्ता कुराले साह्रै चित्त दुखेको छ। हाम्रो पनि मुटु बिझेको छ र एउटा खालको बदनामी हुने कुराहरू पनि देखिए त सभामुख महोदय। सभामुख एउटा व्यक्ति होला तर संसद्लाई के भनियो भने मैले

खोज्दै गएँ मलाई कसैले पनि दबाब भन्नुभएन भैरवी भन्ने गाउँपालिका सभामुख क्षेत्र हो कि होइन भनेर पनि मैले त्यो खोज्न खोजें। भैरवी भन्ने त हाम्रो अर्को माननीयज्यूको क्षेत्र रैछ। अनि भैरवीको त्यो भैंसी गोठलाई देखाएर आफ्नो क्षेत्रको आफ्नो निर्वाचन क्षेत्रको क्वारेन्टाइन भैंसीगोठमा बनाउने, अनि यतिको गाडी गर्ने भनेर यो बेइज्जत भनेको यो सम्पूर्ण हामी सभासदहरूको पनि हो कि होइन सम केरे यो प्रदेश सभाको पनि हो कि होइन? सही कुरो के हो भने पछि चाहे त्यो सही कुरो हो त्यो प्रमाणित हुन्छ भने म आज च्यालेन्ज गर्न चाहन्छु मैले बोल्नु हुन्छ कि हुँदैन यदि त्यो सत्य कुरा हो भने नियम विपरीत गरेर प्रमाणित भयो भने सभामुखज्यूलाई सायद कुर्चीमा बस्न कत्तिको उ दिन्छ त्यो अर्को कुरा हो अर्को पक्ष हो। र यसमा भ्रष्टाचार भयो कि भएन भन्ने कुरा अर्को पक्ष हो। त्यसैले मैले सोंचे सभामुख महोदय, सबैले भन्ने गरेका छन् संसारको गरिब नेपाल नेपालको गरिब कर्णाली। कर्णालीकाले पनि गाडी चढ्ने ? कर्णालीकाले पनि यस्तो गर्ने ? मलाई पनि लाग्यो बिहान सम्झें मेरो गाउँमा त बाटो गएको छैन सभामुख महोदय। म सिमीकोट पुगिसकेपछि मैले काँधमा झोला बोकेर हिँड्नै पर्छ सभामुख महोदय। मैले पनि गाडीको सुविधा लिने हो र ? अब लिनु हुँदैन भन्नेमा गइरहेछु सभामुख महोदय। विपक्षी दलको नेताको हैसियतले कानूनले पाउनुपर्ने मैले गाडी पाएँ। त्यो गाडी स्कर्पियो गाडी मेरो हैसियत हो कि हैन किनकि मेरा जनताहरू खाली खुट्टामा हिँडिरहेका छन्। त्यस्तै हामी हाम्रो समितिहरू छन्। समितिका अध्यक्षहरूको हैसियत गाडी चढ्ने हो कि हैन सभामुख महोदय, त्यस्तै हाम्रा मन्त्रीज्यूहरू हुनुहुन्छ। मन्त्रीज्यूहरूको हैसियत गाडि चढ्ने हो कि हैन। यो गरिब प्रदेश भएको हुनाले म एउटा प्रस्ताव राख्न चाहन्छु सभामुख महोदय, किनकि गरिब प्रदेशकाले गाडी चढ्नु हुन्न भन्ने कुरा सबैबाट फैलन सुरु गरेपछि अब हामीले गाडी फिर्ता गरौं। यो सचिवालयले चाहिँ चिठी लेखोस् म त आज नै गाडी छोड्न यहाँ तयार छु। हामी हिँडेर जान्छौं, अब म मन्त्रीहरूलाई चाहिँ हिँड्नुस् भन्न चाहँदिन सभामुख महोदय। उहाँहरूलाई पनि यो गरिब प्रदेशको मन्त्रीहरूलाई चाहिँ स्कर्पियो गाडी फोर ह्वीलर गाडि चढ्ने चाहिँ हैसियत छैन। त्यसकारणले उहाँहरूलाई गाडी दिनुपर्छ सभामुख महोदय मारुती-800 भन्दा माथिको गाडी चढ्ने हैसियत हाम्रो प्रदेशको होइन। सभामुखले पनि 800 मारुती-800 भन्दा माथिको चढ्ने यो उ होइन र म प्रतिपक्ष दलको त म हिँड्न चाहन्छु। र समितिका सभापतिहरूलाई चाहिँ दिने नै हो भने एउटा एउटा मोटरसाइकलको व्यवस्था गरौं यी भएका गाडीहरू बिक्री गरेर यी गाडीहरूको मूल्य हामी चाहिँ यहाँ लगानी गरौं किनकि अब त हामी गरिब प्रदेशकाले गाडी चढ्नु हुन्न भन्ने कुराहरू चाहिँ माननीयज्यूहरूबाट आइसकेपछि मैले चाहिँ यो प्रस्ताव राख्न खोजें सभामुख महोदय। हामी त्यो हैसियतका छैनौं, किनकि हामी त त्यस्ता मान्छे जलाई खान पुग्दैन, लाउन पुग्दैन किन गाडी चढ्ने ? यो गाडीहरू चाहिँ फिर्ता होस्, हामी त त्यसरी जानुपर्छ भन्ने कुरा म यो स्रोत तथा साधन। अनि अर्को म भन्न चाहन्छु सभामुख महोदय। हाम्रो मन्त्रालयहरू, हाम्रा यी कार्यालयहरू हाम्रो यो चाहिँ संविधान सभा यसरी यो कति कति टनका हुन् एसी राख्ने ल्याकतको प्रदेश हो त यो ? जनता भोकभोकै बसिरहेका छन्, जनताले बिजुली नपाएर चाहिँ

गर्मी खाइरहेका छन् भने अब यहाँ पनि फ्यान जोडौं सभामुख महोदय। यी एसीहरू चाहिँ भोलिबाट झिकियोस् र यी बिक्री गरेर त्यो पैसा पनि राखौं हामी त्यो लायकका छैनौं। मन्त्रालयका मन्त्रीहरूका सोफाहरूमा पनि मापदण्ड तोकौं सभामुख महोदय। कुन, हामी कुन हैसियतका मन्त्रीहरू हुन कुन हैसियतका हामी सांसदहरू हौं, त्यही अनुसारका सोफासेट राखौं। मन्त्रालयका प्रत्येक मन्त्रालयका चाहिँ यो एसीहरू झिकौं किनकि अब त हामी भन्न थाल्यौं हामी गरिबकाले चाहिँ एसी राख्यो। गरिबै हो भने त्यो ढंगले जाऔं भन्न चाहिँ सभामुख महोदयलाई चाहिँ आग्रह गर्न चाहन्छु। अब हामीले त धेरै कुराहरू गऱ्यौं सरकारलाई गाली पनि गऱ्यौं, सुझाव पनि दियौं सभामुख महोदय। म आज भन्न चाहन्छु, अब यी सबै कुराहरू आइसकेपछि हामी सांसदहरूले जुन पोहोरसाल क्षेत्र विकास कोष, निर्वाचन क्षेत्र विकास कोष भनेर चाहिँ छुट्यायौं अब यो वर्ष त छुट्याउन पनि नमिल्ने जस्तो मलाई लाग्यो सभामुख महोदय, किनकि यो कोरोना नियन्त्रण गर्नुछ। यो वर्षका लागि त्यो पनि बजेटमा नआओस् भन्न चाहन्छु सभामुख महोदय। त्यसपछि यी आएका हरेक कुराहरू नयाँ नयाँ खरिद गरेका अब हाम्रा मन्त्रीहरूको सभामुख महोदय। यी डेल ल्यापटप बोक्ने हैसियत होइन सभामुख महोदय। यो सस्तो ३०-३२ हजार चाइने नै भयो भने किनकि अब त भन्न मैले सोच्न सुरु गरें, हाम्रो हैसियत त हामी डिजिटलमा जाने हैसियत पनि हैन, भुजपत्र बोकेर हिँडौं सभामुख महोदय, किनकि हामी त गरिब प्रदेशका न हौं। आज गर्ने गरेका रैछन् यो अति ज्यादति कसैले गर्नुहुँदैन। कुनै ठाउँमा राम्रा विल्डिङ्गहरू बनेका छन्। गाउँपालिकाका विल्डिङ्गहरू बनेका छन् गाउँमा के हुन्छ ? पिरल भनिन्छ, सल्लाका पिरलहरू हुन्छन् सभामुख महोदय, पहिला पिरल विछ्याएर त्यसपछि ओछ्यान हाल्ने क्रममा हुँदा हुँदै युवाहरू गएर उत्ताना परेर फोटो खिचेर यो प्रदेशको बेइज्जत भएको छ। यो कुनै व्यक्तिको बेइज्जत भएको छैन। यसमा हामीले परिकल्पना गर्ने कि नगर्ने सभामुख महोदय। आज मेरो हृदय रोइरहेको छ, आज हामीमा गर्व छ हामी गरिब मलाई लाग्छ कर्णाली प्रदेश जतिको धनी कोही पनि छैन। आज भोकमरी नहुँदा पनि भातमरी प्रदेश भएको प्रदेश हो सभामुख महोदय। हामीलाई त्यो रहर हो भने कर्णालीका प्रदेशका मान्छेहरूको त कोट लाउने हाम्रो हैसियत पनि छैन। त्यसकारण त्यस्ता चाहिँ एउटा उरन्ठेउलो ढंगले चाहिँ हामी सबै बोल्दै हिँड्ने, सही सत्य कुराहरू ननिस्किने हुन् भने पछि यो अगाडि बढ्न सक्दैन। नियमविनाका निर्देशनहरू बनेका हुन्, त्यसलाई नै मापदण्ड गरेको कुरा आज चाहिँ यो प्रदेशको बेइज्जत गर्न खोजिएको छ भने तुरुन्त यी चाहिँ खारेज गरियोस्। यी निर्णयबाट गरिएका सम्पूर्ण कुराहरू चाहिँ जे जे भएका छन् असुलउपर होस् भन्न म चाहन्छु सभामुख महोदय। आज त के देखायो भने कर्णाली प्रदेशका माननीयहरू, कर्णाली प्रदेशका मन्त्रीहरू, कर्णाली प्रदेशका सभामुख उपसभामुखहरू यिनलाई त सधैं आमा गाली र बाबु गालीहरू दिइरहेका छन्। त्यसैले यो सहन नसकेको हुनाले म आजबाट गाडी नचढ्ने भनेर म गाडी फिर्ता गर्दैछु सभामुख महोदय। अरु गाडीहरू पनि फिर्ता गरियोस् किनकि हामी त्यो प्रदेशका हौं जसको गाडि चढ्ने हैसियत छैन। मन्त्रीहरूलाई पनि मैले आज पनि अनुरोध गरें सभामुख महोदय अब मारुती-

800 बाहेक यी लेवलका गाडीहरू चढ्न पाइँदैन। त्यसकारणले अनि बल्ल चाहिँ सबै खुसी हुनेछन्, जनता खुसी होलान्, अरु खुसी होलान्। यी कुरामा जानको लागि मैले आजको यो मुटुभरि केरे एउटा छातीभित्र ढुंगा राखी मैले यो कुरा राखेको छु। अब त छातीभित्र ढुंगा राख केरे मुटुभरि ढुंगा राखी हैन कि ढुंगामाथि मुटु राखी यो भन्नु पर्ने अवस्था आयो। यी कुराहरूको सत्यतथ्य अब छानविन होस् चाहे हाम्रो यो सार्वजनिक लेखा पनि छ त्यले पनि ल्याओस्। तुरुन्तका तुरुन्त, मैले पत्ता लगाएका सत्यतथ्य यी हुन् यी गलत हुन सक्छन्, सत्य हो भनेर नियम कानून मिचेर गरेको छ भने कारबाही होस् यदि नियम कानून नमिचिकन सही ढंगले गरेको र बद्नाम गर्न खोजिएको हो भने त्यसको लागि कारबाही होस् र आर्थिक मामिला मन्त्रालयले पनि यसको स्पष्टीकरण देओस् सभामुख महोदय। एकातिर चाहिँ त्यो भन्ने यदि टेण्डर हुँदाखेरि त्यो मिल्दैनथ्यो भने आर्थिक मामिला मन्त्रालयले भन्नुपर्थ्यो सभामुख महोदय। यो टेण्डर तपाईँको मिल्दैन भनेर तर कानूनमा एउटा बनाउने, ऐनमा एउटा बनाउने, नियमावली नबनाएर चाहिँ निर्देशिका बनाएर मनपरि गरेर रुल अफ ल लाई चाहिँ रुल बाइ ल बनाउन मिल्दैन सभामुख महोदय। यति कुरा राख्दै म यहाँबाट विदा भएँ, धन्यवाद। जय नेपाल।

**माननीय सभामुखः** माननीय श्री बद्मी क्वाँरी बोहोरा, समय ५ मिनेट। यसपछि माननीय श्री यज्ञबहादुर बि.सी. तयार रहनुहोला।

**माननीय श्री बद्मी क्वाँरी बोहोराः** माननीय सभामुख महोदय, भर्खरै मिति २०७७/२/२० गतेका दिन डोल्पा जिल्लाको ठूली भेरी नगरपालिका वडा नं. ९ मा पर्ने मोतीपुर गाउँको बगरमा सोही मोतिपुर गाउँका तीनटा बालिका जुन दुईटा १० वर्षका र एउटा ११ वर्षका तीनटा बालिका गाई ग्वाला गएको बेला दिउँस १२ बजेतिर गाईले भेरी तरेर पारी जान लाग्दा भेरीमा गाई फर्काउन जाने क्रममा तीनटै बालिका बगेरेर जुन मृत्यु भएको छ, मृतकका बुवाआमा लगायत सम्पूर्ण आफन्त र डोल्पा जिल्ला जुन स्तब्ध भएको छ त्यो घटनाले मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार आपन्तजन र डोल्पाका सम्पूर्णलाई समवेदना व्यक्त गर्न चाहन्छु। सोही घटनामा ठूलीभेरी नगरपालिका अन्तर्गत सुरक्षाकर्मी खटिएका सुरक्षाकर्मी जिल्ला प्रहरी कार्यालयको जिल्ला प्रशासनको निर्देशनमा तुरुन्तै उहाँहरूले जुन विचमा सुरक्षाको लागि खटिनुभएको सुरक्षा टोली कालागौंडाको चौकीबाट र भेती बसेको सुरक्षा टोलीले बग्दाबग्दै जुन बालिकाको लाश भेरीबाट झिकेर जुन बुवाआमाले मुख हेर्ने बच्चाको मुख हेर्ने अवसर दिलायो, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय डोल्पा र सम्पूर्ण त्यो घटनामा संलग्न त्यहाँका स्थानीय जनप्रतिनिधिहरूलाई हृदयदेखि धन्यवाद दिँदै र प्रदेश सरकारले जिल्लाबाट ती पीडित परिवारलाई केही राहतको व्यवस्था गरेर पीडित परिवारलाई राहत उपलब्ध गराइदिन हुन प्रदेश सम्बन्धित मन्त्रालयलाई सभामुखज्यूमार्फत् अनुरोध गर्न चाहन्छु।

अर्को कुरा, संघीय सरकारका उपप्रधान तथा रक्षामन्त्री, प्रदेशका ईन्चार्ज, प्रदेशका माननीय अर्थमन्त्रीज्यू, माननीय स्वास्थ्य मन्त्रीज्यू गत साल हामी भदौको २०७६ भदौ २८-२९ गतेका दिन जुन हामी डोल्पाको उपल्लो डोल्पा धोँमा डोल्पो महोत्सवको कार्यक्रममा हामी गएका थियौं, त्यतिखेर एक-एक पाइला र हाम्रो कर्णाली प्रदेशले पनि प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले पनि त्यसमा केही सहयोग गरेको थियो र जिल्ला अस्पतालका टीम पनि गएका थिए। एक एक पाइला भन्ने एउटा संस्थाले डक्टरहरूको संस्थाले त्यहाँ आँखा शिविर राखेको थियो। त्यो कार्यक्रममा हाम्रो प्रदेशका मन्त्रीज्यूहरू पर्यटन मन्त्रीज्यू पनि हुनुहुन्थ्यो। त्यतिखेरको एक-एक पाइलाको त्यो आँखा शिविरको टीमले सर्वेक्षण गरेको र विभिन्न संघसंस्थाले सर्वेक्षण गरेअनुसार त्यहाँका डोल्पा बुद्ध, से-फोक्सुण्डो र छार्कताङ्छुङ तीनटा गाउँपालिकाको कूल जनसंख्याको ३०-४० प्रसेन्ट जनसंख्या हेपाटाइटिस-बीले ग्रस्त छन्। अहिले त्यहाँका जनताहरू त्यतिखेर मन्त्रीज्यूहरूको छोटो टाइम भयो। त्यति राम्रोसँग कुरा राख्न पाइनन्, मन्त्रालयका सम्बन्धित मन्त्रालयका हाम्रा सामाजिक मन्त्री पनि जानुभएको थियो। केही कुरा उहाँले पनि थाहा पाउनुभएको छ र केही त्यहाँका जनताले हामीलाई प्रदेश सरकारले स्वास्थ्य शिविर राखेर हाम्रो सम्बन्धित हेपाटाइटिस-बी सम्बन्धी ग्रसित जनतालाई उपचार गर्दिनुपर्‍यो भनेर जुन त्यहाँका जनताले माग गरेका छन्। प्रदेश सभामुखज्यूमार्फत् सामाजिक विकास मन्त्रालयका मन्त्रीज्यू सामाजिक मन्त्रीज्यू यहीँ हुनुहुन्छ उहाँलाई प्रदेश सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु सभामुखज्यूमार्फत्।

र अर्को राष्ट्रिय निकुञ्जभित्रको क्षेत्र नेपालको सबैभन्दा ठूलो राष्ट्रिय निकुञ्ज हाम्रो डोल्पामा छ, से-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज आज त्यहाँभित्र हुने विकासका कुराहरू पूरै अवरुद्ध भएका छन्। निकुञ्ज एरियाभित्र आफूले काम गर्न नपाउने भा हुँदा जनताका विकास निकासहरू प्रभावित भएका छन्। आज जडीबूटी नटिप्नाले त्यहाँको राजस्व जुन त्यहाँको निकुञ्जभित्रबाट उठ्ने राजस्वको पचास प्रसेन्ट बजेट त्यहाँकै विकास, निकास र संरक्षणको लागि जुन त्यहाँ लगानी गर्ने सिस्टम थियो, त्यहाँ आज रोकिएको छ। प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको सभामुखज्यूमार्फत सम्बन्धित मन्त्रालयको ध्यान जाओस् भन्न चाहन्छु। नियमावली बनाउँदाखेरि प्रदेशको नियमावली बनाउँदाखेरि राष्ट्रिय निकुञ्जलाई प्राथमिकता दिनु हुन सभामुखज्यूमार्फत् प्रदेश सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री यज्ञबहादुर बि.सी.। यसपछि माननीय श्री कौशिलावती खत्री तयार रहनुहोला।

**माननीय श्री यज्ञबहादुर बि.सी.:** सभामुख महोदय, आज सार्वजानिक केही महत्त्वका विषयमा मैले आफ्ना भनाइहरू राख्न गइरहेको छु। सभामुख महोदय, मैले अस्ति सामाजिक विकास मन्त्रीज्यूले अस्पतालहरू जिल्ला अस्पतालहरू जुन हाम्रो नीति तथा कार्यक्रम ०७७/०७८ को नीति तथा कार्यक्रममा व्यवस्था भए अनुसार जिल्ला अस्पताललाई ५० देखि १०० सम्मको आइसोलेसन कक्ष जुन 077/78 को कार्यनीतिमा आएको थियो, त्यसैको

सिलसिलामा उहाँहरूले यस गरिमामय सदनमा जवाफ दिने क्रममा हामीले आइसोलेसन शैयाहरू स्थानीय स्वास्थ्य संस्थाहरूको पनि केही छनौट गरिरहेका छौं त्यसैगरी सुर्खेत जिल्लाको पञ्चपुरी नगरपालिका वडा नं.२ मा रहेको सालकोट पलैटेमा पनि हामीले छनोट गरिरहेका छौं आइसोलेसन कक्ष तयार गर्नका लागि र हामीले परिपत्र यहाँबाट पठाइसकेका छौं भन्ने यस गरिमामय सदनमा सूचना प्रवा प्रवाह गर्नुभएको र त्यो कुरालाई सम्बन्धित तहलाई सोध्दा अहिलेसम्म यस विषयमा कुनै कुराको सुझाव आइरहेको छैन भन्ने कुरा जानकारीमा आएको छ। सभामुख महोदय, म सभामुख महोदयमार्फत कर्णाली प्रदेश सरकारलाई अनुरोध गर्दछु, यो तत्काल यदि जानकारी भएको छैन भने यस बारेमा तत्काल स्थानीय स्वास्थ्य संस्थाहरूलाई परिपत्र गरेर आइसोलेसनको व्यवस्था गर्ने माग गर्न चाहन्छु। त्यसैगरी अहिले हाम्रा विदेशबाट भारतबाट आउने दाजुभाइहरूको संख्या बढिरहेको र दिनानुदिन बढिरहेको अवस्था छ। त्यो सबै जिम्मेवारी क्वारेन्टाइनको व्यवस्था गर्ने जिम्मेवारी स्थानीय सरकारलाई भएको कारणले हिजो मात्रै मलाई पञ्चपुरी नगरपालिकाका प्रमुख उपेन्द्र थापाज्यूले फोनमार्फत् यहाँ विद्यालयहरू सबै भरिभराऊ भइसके खचाखच भइसक्यो अब केही मान्छेहरूलाई हामीले खुल्ला चौरमा राखिरहेका छौं। तपाईंहरूले भनिदिनुपऱ्यो प्रदेश सरकारलाई प्रदेश सरकारले कि पालै भए पनि किनेर पठाइदेओस् हामी तिनी मान्छेहरूको जीवन रक्षाका लागि हामी त्यही चौरमा भएपनि क्वारेन्टाइन पालको क्वारेन्टाइन व्यवस्था गरेर हामी जनताका जीवन रक्षा गर्ने काममा लाग्नेछौं भन्ने कुरा आएको हुनाले म चाहिँ सभामुखमार्फत् कर्णाली प्रदेश सरकारलाई यो चाहिँ अनुरोध गर्न चाहन्छु। त्यसैगरी जुन हाम्रो अहिलेको नीति तथा कार्यक्रममा पनि समावेश भएको छ। २०७१ सालका बाढी पीडितहरूलाई को आवासको निमित्त जुन भएको जुन पीडितहरूको चाइने आवास निर्माण गर्ने सुसम्पन्न कार्य गरिसक्ने व्यवस्था यहाँ गरिसकिएको छ। यो चाहिँ कार्य नीति तथा कार्यक्रममा सधैं आइरहने ०७१ देखि हाम्रो जब यो सरकार गठन भयो हामीले ०७५/७६ मा पनि आयो आवासका निमित्त राहतका निमित्त ०७६/७७ मा पनि आयो अहिले ०७७/७८ मा पनि आएको छ। म यो अनुरोध के गर्न चाहन्छु सभामुखज्यूमार्फत् यो कर्णाली प्रदेशको सम्बन्धित मन्त्रालयका मन्त्री विभागीय मन्त्रीज्यूलाई कि गरिसक्ने ए गतका वर्षहरूमा हामीले १ हजार ४५ बाढी पीडित पीडितहरूको के कति चाहिँ राहत कार्य गर्न सक्यौं ? के कति भवनहरू बनाउन सक्यौं अब बाँकी रहेका ०७७/७८ मा बाँकी रहेका जुन, जुन राहत एवम् बास हो अथवा घरबास हो बनाउनका लागि के कति छन् यस गरिमामय सदनमा सम्बन्धित मन्त्रालय विभागीय मन्त्रीज्यूले जवाफ दिनु हुने कुरा पनि म सभामुख महोदयमार्फत् अनुरोध गर्न चाहन्छु। त्यसैगरी यही ०७७ साल बैशाख ७ गते अविरल वर्षा र पानी र असिनोका कारणले पञ्चपुरी नगरपालिका वार्ड नं.१ मा छिपछिपे भन्ने गाउँ र त्यसपछि र घोडासैनी र दह तिनी गाउँहरूमा असिनाको कारणले त्यहाँ गहुँ गहुँबाली एकदम नष्ट भएर गयो सबै नाश भयो र त्यसको कारण आज भोकमरीको भयावह अवस्थामा **(माननीय सभामुख:** सकौं माननीय सदस्य) अल्झिरहेका छन्। त्यसको व्यवस्थाको लागि पनि

म सभामुखमार्फत् सम्बन्धित कर्णाली प्रदेशको सरकारलाई अनुरोध गर्न चाहन्छु। हवस् त धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री कौशिलावती खत्री। त्यसपछि माननीय श्री खड्कबहादुर खत्री तयार रहनुहोला।

**माननीय श्री कौशिलावती खत्री:** माननीय सभामुख महोदय, कोरोना पराजित गर्न बनेका क्वारेन्टाइन र यसको प्रक्रियाले जाजरकोट जिल्लावासीले व्यहोर्नुपरेको हरिबिजोगको बारेमा म आज सभामुखमार्फत कर्णाली प्रदेश सरकारलाई जानकारी गराउन चाहन्छु। सभामुख महोदय, डब्लुएचओको मापदण्डअनुसार हाम्रो ल्याकतले नभ्याउला हाम्रो क्षमताले नभ्याउला, तर पनि सामान्य क्वारेन्टाइनमा हुनुपर्ने व्यवस्थापन गर्नुपर्दछ। जहाँ एउटा स्कुलको कोठामा १० जना मात्रै राख्ने क्षमता हुन्छ १ मिटरको दुरी कायम गर्दा पनि त्यहाँ २६ जनालाई राखिएको छ। न सिटामोल छ, न त्यहाँ सुरक्षाकर्मी नै छ जाजरकोटको जुनीचाँदेको भैरव भैरवी माविमा त्यहाँ स्वास्थ्यकर्मी एउटा पनि छैन। ५ जना सुरक्षाकर्मी र दैनिक उनीहरूको खानपानको व्यवस्था गरिरहनु भएको छ। उहाँहरूलाई कतिले त टाउको दुख्यो र भनेर, भनेर एकदम आफू हतोत्साहित भएर आफ्नो चित्कार त्यहाँबाट व्यक्त गरिरहनुभएको छ। सभामुख महोदय, त्यहाँ औषधी पठाउनुपर्छ कि पर्दैन ? कति चोटि भन्यौं हामीले जाजरकोटलाई किन उपेक्षा गरिन्छ ? सभामुख महोदय, उपेक्षाको एउटा मात्रै म यहाँ प्रमाण भन्न चाहन्छु। सलेन र जाजरकोटका जाँदा भारतबाट फर्कने जनता सँगै फर्केका होइनन् र ? सलेनमा कतिको चेक गर्दाखेरि कोरोना पोजेटिभ देखियो तर जाजरकोटमा अहिले, अहिले एउटाको पनि परीक्षण रिपोर्ट आएको छैन। अहिलेसम्मन १०-१२ दिन भइसक्दा तिनीहरू पोजेटिभ भएका र नेगेटिभ भएका जति हुनुहुन्थ्यो ती सँगै हुनुहुन्छ उहाँहरू। त्यति मात्रै होइन उहाँहरूलाई खानेसम्मन थाली एउटै प्रयोग गरिन्छ। धोएर तुरुन्त १ मिनेटमै धोइ खाइसकेपछ १ मिनेटमा धोएर त्यही थालीमा खानुहुन्छ। यसरी उहाँहरूको हरिबिजोग भएको छ। गाउँपालिका स्थानीय पालिकाहरूले एकदम प्रदेश सरकार हाम्रो पक्षमा छैन भनेर दिनानुदिन हामीलाई फोन गर्नुहुन्छ। उहाँहरूले अहिले आफ्नै पहलमा पिसिआर र आरडिटी किन्ने मेसिन किन्ने प्रक्रियामा हुनुहुन्छ तर उहाँहरू विवश हुनुहुन्छ, जुन कोरोना व्यवस्थापन क्वारेन्टाइन व्यवस्थापन गर्नमा उहाँहरूको पालिकाको रकम सिध्दिएको छ प्रदेशले पठाउनुपर्ने रकम पनि अहिलेसम्म पठाएको छैन। जुन अघि पठाएको पालिकामा खर्च भइसक्यो। यसरी तुरुन्त समन्वय गरेर प्रदेश सरकारको विभागीय मन्त्रीज्यूलाई तुरुन्त पालिकासँग समन्वय गरेर यहाँ परीक्षण ढिलो हुन्छ भने अब यसरी कर्णालीमा आगो बल्दा कोरोनाको आगो बल्दा यहाँ मात्रै केही सीमित मेसिनहरूले अब परीक्षण गर्न लाग्यो भने आधा जनसंख्या कर्णालीको मृत्युवरण गर्न बाध्य हुनेछ। त्यसैले जिल्लामा अब यी व्यवस्थापन गर्न सकिन्छ भने तुरुन्त गरियोस्। प्राविधिक कारणले कत्तिको सम्भव छ, छैन, म प्राविधिक होइन तर तुरुन्त गर्न म सभामुखमार्फत् आग्रह गर्न चाहन्छु। सभामुख महोदय, अहिले मलाई त प्रदेश सभा सदस्य भन्न पनि अफ्ठेरो लाग्छ किनभने दिनानुदिन, दिनानुदिन जाजरकोटका

दुर्गम गाउँबा गाउँहरूबाट मलाई फोन आइरहन्छ उहाँहरूले गाली गरेर थर्काइरहनुहुन्छ किनभने अब वर्षा लाग्दै गर्दा सामान्य औषधी र मास्क सेनिटाइजर पनि त्यहाँ पुऱ्याउन सकिदैन। कच्ची बाटो छ, खोलाले गर्दा त्यहाँ पुऱ्याउन सकिदैन। अहिले पनि जाजरकोटमा रहेका क्वारेन्टाइनहरूमा न मास्क छ, न सेनिटाइजर छ। अरु पीपीइ पीपीए अरु पन्जाका त कुरै छोडौं। जिल्लाका स्वास्थ्य, स्वास्थ्य प्रमुखसँग समन्वय गर्दा उहाँले छैन पहिला पठाएको हामीले वितरण गरिसक्यौं अहिले छैन। १२ सय मात्र छ त्यो कहाँ पठाउने ? यहाँ हामीलाई चाहिन्छ भनेर हामीलाई उत्तर दिनुहुन्छ। सभामुख महोदय, यस्तै यस्तै आँसीले आफूतिर तान्ने प्रवृत्ति कहिलेसम्म रहन्छ ? जाजरकोटको मापदण्ड के हो ? सबैभन्दा पछाडिबाट जाजरकोट प्राथमिकतामा पर्नु। तुरुन्त जति रिपोर्ट आएका छन्, तुरुन्त यलाई जति संकलन गरिएको स्वाबहरू तिनीहरूलाई प्रक्रयामा तुरुन्त चेक गरेर रिपोर्ट बाहिर आओस् किनभने अहिलेसम्म एउटा पनि जाजरकोटमा छैन भन्नको कारण त्यहाँ चेक नभएर हो। नभएको होइन। सँगै इण्डियाबाट आएका छन्, आम नागरिक आइसोलेसनमा छन् अ अ क्वारेन्टाइनमा छन्। त्यसैले जाजरकोटमा झन भयावह हुने स्थिति एकातिर छ। एकातिर हामीले अब प्रदेश सरकारको बजेट आउने बेला भयो, संक्रमितको आधारमा बजेट छुट्याउने भन्ने छ, जाजरकोटमा अहिलेसम्म चेक भएको छैन। अहिले पनि जाजरकोट फेरि, फेरि उपेक्षामा पर्ने मैले अनुमान गरेको छु। यसैले अब जाजरकोटमा सामान्य रूपमा हामीले डब्लुएचओको माध्यम त छोडौं सामान्य रूपमा पाउनुपर्ने सेवासुविधा सिटामोलसम्म पनि त्यहाँ व्यवस्था भएको छैन। सिटामोल, सेनिटाइजर र आवश्यक पर्ने औषधीको व्यवस्थापन गरोस् भन्नका लागि म प्रदेश सरकारको ध्यान सभामुखमार्फत् आकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री खड्कबहादुर खत्री। यसपछि माननीय श्री विन्दमान विष्ट तयार रहनुहोला।

**माननीय श्री खड्कबहादुर खत्री:** माननीय सभामुख महोदय, कर्णाली प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत रहेको पूर्वाधार निर्देशनालय संगठन संरचना बनाउँदा पूर्वाधार निर्देशनालय रह्यो । हामी माननीय सुर्खेतका माननीयजीहरूले कतिले मौखिक कतिले लिखित रूपमा हामीले सल्लाह गरेर यो पूर्वाधार निर्देशनालयले काम गर्ने गरी पूर्वाधार विकास कार्यालय मलाई लाग्छ संगठन र संरचना अरु नौ जिल्लामा पूर्वाधार विकास कार्यालय छ। सुर्खेतमा पूर्वाधार विकास निर्देशनालय र त्यसैले तोके बमोजिम काम गर्ने भनेर त्यस्तो किसिमको संरचना बनाइयो। त्यले गर्दा म पूर्वाधार विभागीय मन्त्रीज्यू त हुनुहुन्न, म उहाँलाई आग्रह गर्न चाहन्छु क्याविनेटले पनि यो संगठन संरचना सुधारोस्। यसका निम्ति पूर्वाधार विकास कार्यालय सुर्खेत जिल्ला राखोस्। न निर्देशनालयले सम्पूर्ण काम दशै जिल्लाको काम पुलका रूपमा त्यहाँका समस्या अथवा बजेट बजेटिङ्गको कुरा त्यसको निरीक्षणको कुरा, अनुगमनको कुरा गर्नतिर ध्यान देओस् भनेर म आग्रह गर्न चाहन्छु। र अर्को कुरा यो कर्णाली प्रदेश पूर्वाधार विकास कार्यक्रम जुन २४सै क्षेत्रहरूमा ५ लाखका दरले गयो र यो

पाँच करोडका दरले गयो पूर्वाधार विकासका कार्यक्रमहरू अर्थ मन्त्रालयबाट जुन अब आर्थिक मामिला योजना मन्त्रालय छ। यसले जस्तै पूर्वाधारतिर गर्दा १ करोडभन्दा माथिका कार्यक्रमहरू सार्वजनिक खरिदमा प्रष्टै छ मलाई लाग्छ त्यो तल कार्यविधि ऐन नियम बनाउन जरुरी छैन यले समया बनाइराछ। मलाई लाग्छ मेरो क्षेत्रमा अथवा मैले काम गर्ने थलोमा एकदम समस्या बनाछ। अरु माननीयज्यूलाई कति अफ्ठ्यारो भाछ, के भाछ, मलाई जानकारी छैन। जस्तै स्थानीय तहमा चाहिँ समन्वय गऱ्यो। स्थानीय तहले हेर्ने गरी जिम्मा दिँदा कार्यविधि एउटा कार्यविधि बनायो जस्तै लकडाउन आज तीन महिना भइसक्यो, काम हुन सकिराछैन। सम्झौता भएको छैन। हिजो बजेट चाहिँ पास गर्दा एउटा भनौं माननीयज्यूहरूले कुरा उठाउँदा, संसद्सँग कुरा गर्दा छलफलमा एउटा शर्तका रूपमा सम्झौताका रूपमा चाहिँ ती बजेटहरू भए भने त्यो कार्यान्वयन गर्न अहिले गाह्रो भइराछ। एकातिर बजेट दिएको जस्तो गर्ने उता कार्यविधिमा समस्या बनाउँदा मलाई लाग्छ अहिले काम भएको अवस्था छैन र लकडाउन भएको अवस्था हुँदा यो कार्यक्रम पनि आउँदा वर्षतिर निरन्तर जाओस् यो दायित्व थपिदै जाओस् भनेर म आग्रह गर्न चाहन्छु र यो कार्यविधि अथवा नियमावलीलाई नियमा टेकेर सुधार गर्न जरुरी छ मेरो मैले हिजो पनि कुरा राखें पूर्वाधारका कामहरू सम्पूर्ण पूर्वाधार विकास मन्त्रालयले सम्हाल्नुपर्छ यसको समूह छ, उपसमूह छ, सिचाईमा काम गरेको मान्छे विज्ञ हुन्छ। विद्युतमा काम गरेको मान्छे विज्ञ हुन्छ। हाइवेमा काम गरेको मान्छे विज्ञ हुन्छ। खानेपानीमा विज्ञ गरेको काम विज्ञ हुन्छ जब कि २० वर्ष ३० वर्ष काम गरेको समूह बनाईराछन्। मलाई लाग्छ केन्द्रीय सरकारले पनि त्यसको विज्ञता त्यसको भनौ क्षमताको हासिलका निम्ति पनि पूर्वाधार विकासले काम गर्न पर्छ। जस्तै मैले वनका कुरा उठाएँ जस्तै काँक्रिविहारको टेण्डर गत वर्ष भयो त्यहाँ रेञ्जरले टेण्डर गर्न सक्दैन, त्यहाँ डिएफओ टेण्डर गर्न सक्दैन। कृषिको वागवानी मान्छेले के टेण्डर गर्न सक्ने हुन्छ ? त्यसैले पूर्वाधार विकासको एउटा बैंकिङ्ग भोलि बिहान प्राविधिक बैंक बनाउने एउटा कुराकानी भो जस्तै त्यो कार्यक्रम यसपालि छुटेको छ। त्यस्तै पूर्वाधार विकासले सम्पूर्ण निर्माणका कामहरू अथवा भौतिक पूर्वाधारका कामहरू जिम्मा लियो भने त्यले चाहिँ विज्ञता पनि राम्रो गर्छ र त्यले गुणस्तरीय पनि चाहिँ गर्न सक्छ। त्यसको जिम्मेवारी पनि हुन्छ र त्यसको दिगोपन पनि हुन सक्छ म त्यो आग्रह गर्न चाहन्छु। र अर्को यो जुन हामीले पूर्वाधार विकास निर्माणका काम सम्बन्धी हामीले चासो गरिराछैनौं जस्तै जिल्ला समन्वय समितिलाई जिम्मेवारी दिन पर्छ। अनुगमनको जिम्मेवारी छ, हाम्रा साझा अधिकार छन्, स्थानीय तहका छन् । अहिले स्थानीय तहले पूर्वाधार विकास हाम्रो कार्यक्रम प्रदेशले आफूले किन गर्न सक्दैन ? अनि स्थानीय तहको एउटा किसिमको निर्णय छ, जस्तै वडा कार्यालयबाट सिफारिस गर्ने उहाँहरूको आफ्नै निर्णय स्थानीय तहको अधिकारको कुरा हो उहाँहरूको। उहाँहरूले त्यो कार्यक्रमलाई हाम्रो बुझाउन सकेनौं। प्रदेशको जिम्मेवारी भएको एउटा भनौं कार्यविधि अथवा त्यसको मापदण्ड त्यसको भनौं लेखाजोखा गर्ने एउटा तौरतरिका हामीले गर्न नसक्दा आज झमेलामा फसेको अवस्था छ। त्यसैले कति ठाउँमा सिफारिस नदिएको अवस्था

छ, सिफारिस नभएर योजना अगाडि नबढेको अवस्था छ। त्यले गर्दा जति ठाउँमा मैले मेरो क्षेत्रमा भोगेको भोगेका कारणले उपभोक्ता समितिमा विवाद हुने त्यही त्यसैमा भनौं समस्या भएर त्यो काम अगाडि बढ्न नसकेको अवस्था छ। त्यसैले यो, यो दायित्व अहिलेको दायित्व आउने वर्षतिर सरोस् र त्यो त्यलाई चाहिँ भनौं कार्यक्रम अगाडि बढाउनतिर चाहिँ ध्यान देओस् म विशेषगरी अर्थ सम्हाल्नु भएको अर्थसँग सम्बन्धित आर्थिक मामिला योजना मन्त्रीजीलाई भन्न चाहन्छु, अनुभवी पनि हुनुहुन्छ। धेरै उ पनि छ मलाई लाग्छ। दुई चोटि चेन्ज गर्नुभाछ उहाँहरूले पहिलो चोटि एउटा गर्नुभो फेरि पछाडि अर्को चेन्ज भएर मलाई लाग्छ, त्यो अहिलेसम्म सम्झौता नभएछ अब मानौं एक महिना दिनमा के काम हुन सक्छ। जब लकडाउन छ, सिमेन्ट पाउदैन, छ छड पाउदैन, कहीं खन्ने मान्छे पाउदैन, काम गर्ने डकर्मी सिकर्मी पाउदैन, गाह्रो छ। त्यसैले यतातिर ध्यान चाहिँ दिन म आग्रह गर्न चाहन्छु।

त्यस्तै भेरीगंगामा आइसोलेसनको व्यवस्थापन गर्न ५० बेडको अन्त गर गरेको छ त्यो प्रवेशद्वार छ। बबई वारी चाहिँ भनौं यता सुर्खेत पर्छ, उता पारि भेरी नदी, बबई पारी चाहिँ बर्दिया पर्छ। त्यले गर्दा सुर्खेत पनि आउन सक्दैन। यहाँ अस्पतालमा आइसियू बसेका अँ संक्रमण देखिएका नल्याउन दिने त्यस्तो किसिमको निर्देशन भएको छ त्यसैले म आग्रह सभामुखमार्फत् सरकारलाई के भन्न चाहन्छु त भन्दा भेरीगंगा प्रवेशद्वार हो त्यो ठाउँले भनौं संक्रमण छ। त्यसैले मलाई लाग्छ मेहेलकुना जान पनि गाह्रो छ त्यहाँ मेहेलकुना पनि व्यवस्थापन राम्रो छैन र सुर्खेत आउन गाह्रो भएको हुँदा यतातिर ध्यान दिन म सरकार सरकारलाई विभागीय मन्त्रीजीलाई म हार्दिक अनुरोध गर्न चाहन्छु। भेरीगंगामा छिटो उपचार (**माननीय सभामुख:** सकौं माननीय सदस्य) गरियोस्, धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री विन्दमान विष्ट। यसपछि माननीय श्री ठम्मरबहादुर विष्ट।

**माननीय श्री विन्दमान विष्ट:** माननीय सभामुख महोदय, भारतबाट अस्ति भर्खरै आएर पञ्चपुरी नगरपालिकाको विद्यापुरको क्वारेन्टाइनमा बसेका एकजना युवा हिजो आरडिटी चेक गर्दाखेरि रिपोर्ट नेगेटिभ थियो र साँझ घर जाँदाखेरि राति आकस्मिक रूपमा श्वासप्रश्वासमा समस्या आएर उहाँसँगै सुतेको अरु साथीहरूको भनाइ अनुसार श्वासप्रश्वासमा समस्या आएर उहाँको निधन भयो। उहाँको स्वाब विहान ल्याइएको छ, रिपोर्टे जे आउला, जे भए पनि, जे जसरी भए पनि निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। र यो घटनासँगै मैले एउटा गम्भीरतापूर्वक यहाँ उठाउन खोजेको विषय के छ भने सभामुख महोदय, इण्डियाबाट आउने र यो प्रदेशभन्दा बाहिरबाट आउने हाम्रा यहाँका नागरिकहरू जति हुनुहुन्छ, दाजुभाइ दिदीबहिनीहरू जति हुनुहुन्छ, उहाँहरू बडो कष्टपूर्ण यात्रा गरेर आउनु भएको छ। एक महिना डेढ महिना दुई महिना हिँडेर आउनुभएको छ, त्यसपछि बाटोभरि खानापिन खान पनि पाइएको छैन पानी पनि पिउन पाइएको छैन। यो अवस्थाबाट यहाँ आएर फेरि क्वारेन्टाइनमा बस्नुभएको छ। क्वारेन्टाइनको हाम्रो अवस्था अलि नाजुक छ भन्ने कुरा यहाँ बारम्बार उठिराखेकै विषय हो। त्यसकारणले गर्दाखेरि अहिले हाम्रो प्रदेश सरकारले विशेष ढंगले

गम्भीरतापूर्वक ध्यान दिनुपर्ने विषय के छ त भन्दाखेरि उहाँहरूको कोरोनाको लागि चेक अप गर्ने कुरा त छँदैछ। त्यसमा पनि केही अभावहरू छन् त्यलाई फूलफिल गर्दै जानुपर्छ तर त्यो भन्दा अगाडि उहाँहरूको जनरल हेल्थ चेकअप गर्न जरुरी छ जसको कारणले गर्दाखेरि लामो यात्राबाट कष्टपूर्ण यात्राबाट खानपिन नभएर जसरी आइराख्नु भाको छ। उहाँहरूको जनरल हेल्थ चेकप गरेर त्यसपछि आधारभूत स्वास्थ्यको कुरा जो छ त्यो कुराको ग्यारेन्टी प्रदेश सरकारले गर्न जरुरी छ। यसको लागि म विशेष आग्रह के गर्न चाहन्छु त भन्दाखेरि सभामुख महोदयमार्फत् हाम्रो प्रदेशका ७ सय १८ वटा वडाहरू जो छन् त्यो ७ सय १८ वटा वडामा कम्तीमा पनि एक जना पुग्ने गरी एचए र स्टाफ नर्स स्तरको स्वास्थ्यकर्मी हामीले व्यवस्थापन गरौं। अस्ति सामाजिक विकास मन्त्रीले जवाफ दिने सन्दर्भमा जनशक्तिको अभाव भो भन्ने कुरा पाइएन भन्ने कुरा गर्नुभएको छ। सरकारले अपील गरोस् जनशक्ति हामीसँग छ। त्यो जनशक्ति उपलब्ध हुन्छ त्यसकारणले गर्दाखेरि ७ सय १८ वटा वडामा अरु हस्पिटल लगायतका ठाउँहरूमा परिचालित भइरहेको जनशक्तिबाहेकको ७ सय १८ वटा वडामा कम्तीमा पनि हेल्थ असिस्टेन्ट र स्टाफ नर्स स्तरको स्वास्थ्यकर्मीको हामीले व्यवस्थापन गरेर त्यसपछि गएर स्वास्थ्यमा अँ हामीले यो विषयलाई जोडेर जान जरुरी छ। यतातिर ध्यान जाओस् प्रदेश सरकारको यो आग्रह गर्न चाहन्छु। क्वारेन्टाइनमा कम्तीमा पनि अ स्वास्थ्यकर्मीको स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन गर्‍यौं हामीले तर अहिले त के छ त भन्दाखेरि ज्वरो नाप्ने टाढैबाट ज्वरो नाप्ने उसको प्रेसर पनि ननाप्ने उसको के छ अरु केही ननाप्ने एउटा लिएर जो ज्वरो नाप्ने मात्रै जो भइराखेको छ कम्तीमा पनि त्यो अप्ठेरोबाट आइराखेको नागरिकलाई हामीले केरे अँ के आवश्यक पर्छ औषधी आधारभूत स्वास्थ्य उपचारको व्यवस्था हामीले गर्न सक्यौं भने पछि त्यसको अलिकति रिलिफ हुन सक्छ र त्यसपछि गएर अँ हामी अरु बिरामीबाट अरु बिरामहरूबाट जो अँ दयनीय अवस्था हुँदै गइराखेको छ त्यसबाट हामी नागरिकहरूलाई बचाउन सक्छौं। यतातिर ध्यान जाओस् म यो आग्रह गर्न चाहन्छु। र मैले अर्को कुरा म यहाँ विशेष ढंगले उठाउन खोजेको विषय कुरा के छ त भन्दाखेरि सभामुख महोदय अहिले हामी यी जति चुनौतीहरू छन् यी हामी सबैका साझा चुनौतीहरू हुन्। साझा चुनौती भको कारणले गर्दाखेरि वाद-प्रतिवाद गर्ने, त्यसपछि गएर आरोप प्रत्यारोप गर्ने यतातिर हामी कोही पनि नजाऔं। अघि चर्चा भयो एउटा भैरवी गाउँपालिकाको क्वारेन्टाइनको अवस्था अर्को रैछ यहाँ प्रचार अर्को भो भनेर। त्यही कुरालाई लिएर सदनमा हामी चर्को चर्को स्वरले भाषण पनि गरी राखेकाछौं। क्वारेन्टाइनको व्यवस्था यस्तो भो भनेर हामीले गरिरा। त्यसको यथार्थता के हो ? त्यो विषयलाई बुझेर हामीले समाधान कसरी गर्ने हो ? यो चुनौती हामी सबैको साझा चुनौती हो। त्यसकारणले गर्दाखेरि साझा ढंगले हल गर्नको निमित्त प्रयत्न गर्नको लागि हामी सबै त्यतातिर लागौं, माननीय सभामुखज्यूमार्फत म यो सम्मानित सदनमा र सबै नागरिकहरूलाई कर्णाली प्रदेशका सबै नागरिकहरूलाई म यो विशेष अपील गर्न चाहन्छु। आग्रह गर्न चाहन्छु। र म अर्को एउटा र अर्को कुरा के थप्न चाहन्छु त भन्दाखेरि सभामुख महोदय हामी अब यो बाली लगाउने

बेलामा छौं। कर्णाली प्रदेश सभाले यो सम्मानित सभाले एउटा संकल्प गरोस् कि यो बाली लगाउने बेलामा यो मौसममा कर्णाली प्रदेशको सबै बाँझो जमिनलाई हामीले खेतीमा परिणात गर्ने बालीनाली लगाउने अवस्थामा कसरी परिणत गर्ने होला ? यो साझा संकल्प हामीले गरौं जसको कारणले गर्दाखेरि अहिले बाली लगाउने बेला छ। यसमा सरकारले गर्नुपर्ने केरे जनतालाई गर्नुपर्ने नागरिकहरूलाई गर्नुपर्ने सहयोग र सपोर्टको कार्यक्रमको त्यो कार्यक्रमको पनि घोषणा गरोस् र त्यसपछि गएर हामी सबैले त्यो अपिल गरेर यो प्रदेश सभाबाट सम्मानित सभाबाट एउटा साझा संकल्पको रूपमा त्यो घोषणा गरेर हामीले के गरम् त भन्दाखेरी सबै बाँझो जग्गालाई खेतीमा परिणात गर्ने हामीले संकल्प गरौं त्यो अपिल गरौं र त्यसले आगामी दिनहरूमा अलि परसम्म जो हाम्रो उत्पादन बढेर भोकमरी हुने अवस्थाबाट हामी अलि पर गएर त्यो जोगाउन सकिन्छ। यो कुरा राख्दै म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय श्री ठम्मरबहादुर विष्ट।

**माननीय श्री ठम्मरबहादुर बिष्ट:** माननीय सभामुख महोदय, मैले अब खासगरी हाम्रो प्रदेशमा केही समय यता घटेका जघन्य अपराधहरूको विषयमा विशेष ढंगले ध्यानाकर्षण गराउन गइरहेको छु। र विषय चाहिँ अब रुकुम जो सोती घटना हो त्यो घटनामा अझ फेरि सुनिएको छ जो अब अंगभंग हुने र घाइतेहरू हुनुहुन्छ उहाँहरूको पनि राम्रोसँग उपचार भइराख्या छैन भन्ने कुरा पनि आइरहेको छ। अब अर्कोतिर पीडितहरू जसरी त्यहाँ नेपालकै इतिहासमा र यो गणतन्त्र आइसकेपछि हाम्रो प्रदेशमा भको त्यो एउटा जघन्य अपराध हो। यो एउटा विवाहसँग जोडिएर पछि एउटा दलित अथवा गैरदलित एउटा जातीय लिङ्गीयसँग जोडिएता पनि यो समग्र एउटा हामी कर्णाली प्रदेशको लागि सरकारको लागि र यो व्यवस्थाकै लागि एउटा धज्जी उडेको छ। र एउटा ठूलो चाहिँ पीडा बोध त्यहाँ भको छ, त्यसकारण अब हुन त त्यो आयोग गठन भएको छ मन्त्रालयको। तर हामीलाई थाहा छ नेपालमा जब दरबार हत्याकाण्ड भयो, मदन भण्डारी हत्याकाण्ड भयो, यहाँ ऋषि काण्डहरू भए।जब थुप्रै थुप्रै मान्छेहरू मारिन्छन् त्यसपछि कुनै नामको आयोग बनाउने या ठूलठूला भ्रष्टाचारका काण्डहरू हुन्छन्, आयोग बनाउने र अनि चोख्याउने, र तपाईंको वास्तविकतालाई बङ्ग्याएर एउटा चाहिँ ठूलो एउटा पीडाको रोष्टलाई तपाईंको चिसो पानी खन्याउने भइराख्याछ यो निरन्तर। त्यसकारण यो एउटा यो अर्को नेपालको ध्रुबसत्य हो र तीतो यथार्थता हो। त्यसकारण वास्तविकता राम्ररी आउला हामीले अहिले आशा गरौं तर पनि यो बाट धेरै चाहिँ कुराहरू आउँछ, त्यस्तो लाग्दैन। त्यसकारण यहाँ सरकारको उपस्थिति मन्त्रीजीहरू हुनुहुन्छ मैले उहाँहरूको ध्यानाकर्षण गर्न चाहन्छु, तत्कालै उहाँहरूलाई राहत ठीक छ त्यसको लागि चाहिँ को कति चाहिँ सजायको भागिदार छ त्यले चाहिँ भोलि भोग्ला नै भोग्नुपर्छ आशा गरौं तर तत्काल क्षतिपूर्तिको व्यवस्था किनकि यत्रो स्केलमा १२-१५ जना दर्जनौं घाइते र ६-७ जनाको ज्यान जाने भनेको नेपालकै इतिहासमा एउटा पहिलो घटना

हो। हामी सबैको चाहिँ शीर निहुँरिएको छ। तत्काल त्यसको चाहिँ एउटा राहतको व्यवस्था कुनै राहतको प्याकेजको व्यवस्था त्यहाँ घोषणा आओस् र घाइतेहरूको जो विचल्ली भएको छ उनीहरूलाई तत्काल राम्रो हस्पिटलमा लगेर उपचार गर्ने व्यवस्था गरियोस् म यो सरकारको ध्यानाकर्षण गर्न चाहन्छु। यो अविलम्ब केही यो २४ घण्टाभित्र नै गरिने काम हुन यी। त्यसकारणले यसको लागि सरकार अगाडि बढोस्। त्यसैगरी मैले निर्वाचन क्षेत्रबाट जो प्रतिनिधित्व गरेको छु, सिम्ताको चाहिँ देउलीमा जसरी एउटा नगेन्द्र खड्का भन्ने सुरुमा फरार भनियो त्यसपछि आत्महत्या भनियो, त्यसपछि फेरि आयोग नामको गठन भाछ। त्यो पनि यति दिनभित्र आउने भन्ने छैन त्यो अनिश्चित कति सालसम्म आउने हो त्यसको रिपोर्ट थाहा छैन। त्यो अहिलेसम्म कुनै अपडेटमा पनि छैन। त्यसकारण त्यो सत्यतथ्य के हो ? त्यहाँको वास्तविकता खोजी समयभित्र हुनुपर्छ ढिलो गरेर न्याय दिनु नै त्यो अर्को अभिषाप हुन्छ भन्ने भनाइ छ न्यायमा। त्यसकारण यसको लागि पनि तुरुन्तै के हो ? हामी कमसेकम अहिले एउटा व्यवस्थामा छौं। हामी एउटा कुनै न कुनै एउटा चाहिँ निर्णय गर्ने अंगमा छौं भने सरकारले त्यो कुरा चाहिँ किन सिरियसली लिन सकेन ? र त्यसको लागि पनि परिवारहरूलाई क्षतिपूर्ति दिने व्यवस्था गरिनुपर्‍यो र तत्कालै सत्यतथ्य घटना के हो ? त्यो फेरि यो पहिलो घटना होइन, पहिला पनि त्यहाँ एकदुई वटा चाहिँ हतियारहरू हराए, सम्भवत: केही जनताहरू अहिले पनि जेलमा छन्। थुप्रै त्यस्ता घटना घटेको छन्। माननीय आन्तरिक मन्त्री हुनुहुन्छ उहाँले पहल गर्न पर्‍यो। त्यहाँ यही अस्थायी चौकी राख्ने र त्यही असई र हवल्दारको कमाण्डमा राख्ने ६/६ महिना त्यहाँ कि हतियार लुटिने कि त्यहाँ मान्छे मर्ने, यो भइराछ। तत्कालै त्यहाँ इलाका स्तरको या त त्यहाँ चौकी नै नराखौं, राख्ने हो भने इन्स्पेक्टरको कमाण्डमा अलि ठूलो फोर्ससहितको अलि अनुशासन डफ्फा त्यहाँ राखौं। अ त्यही दिनभरि चाहिँ विभिन्न चाहिँ तपाईंको जाँडसाँड खाने, त्यही हराउने, त्यही आफू हराउने, त्यही कहीं मान्छे मार्ने, आफ्नो हतियार कले लग्यो त्यो पनि थाहा छैन। अहिले थुप्रै जनताहरू जेलमा बसिराख्याछन्। त्यो अर्को अभिषाप बनेको छ। त्यसकारण यसको लागि तत्काल छानविन र तपाईंको यसको प्रक्रिया के हो? त्यो ठोस गरियोस् लगायत थुप्रै बलात्कारका काण्डहरू भएका छन्, त्यसको लागि पनि क्षतिपूर्ति परिवारलाई दिने व्यवस्था गरियोस्। त्यो बलात्कार मात्रै हैन, त्यो एउटा भन्ने नसकिने जघन्य अपराध ४ वर्ष, ५ वर्ष, ७ वर्ष जसको कि कुनै चाहिँ एउटा शारीरिक अंग नै एउटा विकास भको हुँदैन। त्यस्तो कुरामा तपाईंको मानवीय एउटा चाहिँ दुर्घटना अथवा चाहिँ एउटा ठूलो अपराधजन्य घटनाहरू भको छ। यी सबैमा तत्काल चाहिँ तपाईंको अनुसन्धान होस्, क्षतिपूर्ति होस् र कडा चाहिँ तपाईंको अभियुक्तहरूलाई पहिचान गरेर कारबाही होस्। म यो सभामुखमार्फत् सरकारको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, विशेष समयमा बोल्ने माननीय सदस्यहरूको बोल्ने क्रम समाप्त भएको जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब यस सभाको अघिल्लो बैठक र आजको बैठकको विशेष समयमा सार्वजनिक सरोकारका विषयहरूमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्न एवम् जिज्ञासाको सन्दर्भमा आफू सम्बद्ध विषयहरूमा यस सभालाई जानकारी गराउन कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारीलाई समय दिन्छु।

**आन्तरिक मामिला तथा कानून मन्त्री माननीय श्री नरेश भण्डारी:** माननीय सभामुख महोदय, कोरोनाका कारण ज्यान गुमाउने दिव-दिवंगत हुने दैलेखका कर्णबहादुर थापा, चौरजहारी घटनामा दिवंगत हुने ६ जना व्यक्तिहरू, बाँकेमा भएको गाडी दुर्घटनामा दिवंगत हुने सलेनका १२ जना र डोल्पामा पानीमा डुबेर दिवंगत हुने तीन जना माननीयहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र शोक सन्तप्त परिवारजन, आफन्तजनप्रति म हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु र यी घटनाहरूमा घाइते हुनेहरूप्रति म शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। माननीय सभामुखज्यू, माननीय सदस्यज्यूहरूले हाम्रो मन्त्रालयसँग सम्बन्धित विषयहरू उहाँहरूले उठान गर्नुभएको छ। उहाँहरूले आफ्ना मतहरू रायहरू सुझावहरू र जिज्ञासाहरू प्रकट गर्नुभएको छ। म ती जिज्ञासाहरूको जवाफ दिन यहाँ सम्मानित सदनको यो रोष्टममा उभिएको छु। यो मानव जातिले भोगिरहेको विषम परिस्थतिमा हामी सम्मानित सदनमा बहस गरिरहेका छौं, उभिएका छौं, हामी सहभागी भइरहेका छौं, सार्वभौम जनताको प्रतिनिधि संस्थामा जनताका प्रतिनिधिहरूले उठाएका जिज्ञासा हामी जिइरहेका परिस्थितिका उपज हुन्। सिङ्गो मानवजाति साह्रै कठिन परिस्थितिबाट गुज्रिरहेको छ। ज्ञातव्य छ कि असाधारणा परिस्थितिले असाधारण जिज्ञासा र असाधारण प्रश्न उद्घाटित गरिदिन्छन्। असाधारण जिज्ञासा मेटाउन असाधारण प्रश्न असाधारण जवाफ दिन त्यति सहज छैन र पनि असाधारण परिस्थितिमा राखिएका जिज्ञासा र सोधिएका प्रश्नको जवाफ दिन सम्मानित सदनमा उभिएको छु। जनताको असाधारण अपेक्षाको भारी बोकेर यो गरिमामय सदनमा प्रतिनिधित्व गरिरहनु भएका तपाईं जनप्रतिनिधिबाट व्यक्त भावना जनताका भावना हुन्, भलै व्यक्तिने शैली फरक होलान्। मन्त्रालय यी भावनाको सदैव उच्च सम्मान गर्दछ। माननीय सभामुखज्यू, जवाफ दिइरहँदा सायद यो धर्तीमा कुनै मानवले कोरोनाको कारणले जीवनको अन्तिम सास लिइरहेको छ, हुनुपर्दछ। केवल सु-स्वास्थ्यको कामना गर्दै टुलुटुलु हेररहन उनका आफन्तजन बाध्य छन्। चाहेर पनि भौतिक रूपमा स्पर्श गर्न सकिने अवस्था छैन। मृत्यु कुरेर बसिरहेका छन् उनीहरू दाहसंस्कार कसरी गर्ने भन्ने चिन्ताबाट मुक्त हुन उनीहरू सकिरहेका छैनन्। हरेकले चाहन्छ, प्रियजनको अन्तिम संस्कारमा सहभागी हुन पाइयोस्। कोरोनाले यी चाहनामा असिना बर्साइदिएको छ। मलामी जानसमेत डराउनुपर्ने नियतिबाट सिङ्गो मानव जाति गुज्रिरहेको छ। हरेक आफन्तले र शुभचिन्तकले चाहन्छ जीवनका कठिन घडीमा उसलाई भौतिक रूपमा सघाउन पाइयोस्। मरणलाई सहज बनाउन सकियोस् तर जीवाणु आतंकले यो अवसर समेतलाई खुम्च्याइदिएको छ। मृतकको पार्थिव शरीरलाई अंकमाल गरेर धित् मरुन्जेल रुन पाइयोस् र आफन्तजनको कठिन घडीमा भौतिक सामिप्यता

स्थापित गर्न सकियोस् भन्ने चाहनामाथि कोरोनाले चिसो पानी खनाइदिएको छ। अन्त्यष्टीमा सहभागी हुने संस्कार नै यतिबेला संकटमा परेको छ। माननीय सभामुखज्यू, केही दिन अगाडिसम्म ग्रीनजोनमा स्थापित कर्णाली प्रदेश अहिले उच्च जोखिममा छ। पछिल्ला दिनहरूमा रोजगारीका लागि भारत गएका कर्णालीवासी फर्किएसँगै संक्रमण पनि कर्णालीमा प्रवेश गरेको छ। संक्रमणको ग्राफ बढिरहेको छ यो संक्रमण फैलिरहेको छ। क्वारेन्टाइनको क्षमता अभिवृद्धि स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकास आइसोलेसन बेडसंख्या थप गर्ने संघीय सरकारसँग मेडिकल सामाग्री माग गर्ने र आफैले पनि खरिद गरेर परीक्षणको दायरा बढाउने गरी सरकार अगाडि बढिरहेको छ। यति हुँदाहुँदै पनि अन्य प्रदेशको तुलनामा कर्णाली प्रदेश कमजोर स्वास्थ्य संरचना, कम जनशक्ति र न्यून स्वास्थ्य चेतना भएको प्रदेश हो। त्यसैले कोरोनाविरुद्धको लडाइँ निकै सकसपूर्ण हुने देखिन्छ। आरोपप्रत्यारोप नगरी सामुहिक रूपमा जुट्न जरुरी छ। यो इतिहासको अपरिहार्य आवश्यकता हो। रोकथाम तथा नियन्त्रण गर्न नसक्दा राष्ट्र र सामाजिक जीवन सामाजिक जीवनका अवयवहरू पक्षघात पीडित बन्न पुग्छन्। यो थाहा छ नेतृत्वले जनविश्वास गुमाउँछ सक्षम नेतृत्वको अभावमा प्रणाली असफल हुन्छ, असफल प्रणालीले व्यवस्थाको असफलतालाई मलजल गर्छ। असफल व्यवस्थाको जगमा राष्ट्र उभिन सक्दैन, अन्ततः संकटको हुरीले राष्ट्रलाई नै बढारिदिन्छ। नेतृत्व प्रणाली व्यवस्था र राष्ट्र असफल हुने अवस्था कदापि सिर्जना हुन दिनु हुँदैन। खुसी व्यक्त गर्दछु यो अवस्था सिर्जना हुन नदिने चिन्तन सम्मानित सदनमा प्रकट भएको छ। यहाँहरूले निरन्तर घच्घच्याइरहनु भएको छ।

माननीय सभामुख महोदय, माननीय सदस्यहरूले क्वारेन्टाइनबारे चासो राख्नुभएको छ। यतिबेला विदेशबाट नेपाल फर्किने क्रम तीव्र बनेको छ। प्रदेशमा क्वारेन्टिनको बेड संख्या ८ सय ७० छ। कतिपय स्थानीय तहमा क्वारेन्टिन खाली हुने र कतिपय स्थानीय तहमा भारतबाट आउनेको चाप बढी भएर व्यवस्थापन गर्न कठिन भएको छ। बन्दाबन्दीको कारण निर्मित क्वारेन्टिनका बेडहरू थपिएको अवस्था छैन। आवश्यक सामग्रीको अभाव झेलिरहनुपरेको छ। बजारमा सामग्रीहरूको अभाव छ, जसका कारण क्वारेन्टिन मापदण्ड पूरा गर्न कठिन भएको छ। उद्दार, राहत र क्वारिन्टिन व्यवस्थापनार्थ स्थानीय तहले आर्थिक अभाव झेलिरहेको छ। स्थानीय सरकारलाई १३ करोड २० लाख प्रदेश सरकारको तर्फबाट पठाइएको छ, थप रकम पठाउने गृहकार्य भइरहेको छ। हामीले पठाउने रकम मात्र पर्याप्त हुँदैन। संघीय सरकारले पनि आवश्यक रकम उपलब्ध गराउन जरुरी देखिन्छ। कर्णालीमा बनेका सार्वजनिक संरचनाहरू कमी हुनु र भएका संरचनाहरूप्रति पनि स्तरीय नहुनु क्वारेन्टिन मापदण्ड पूरा गर्न नसक्नु अर्को कारण हो। निःसन्देह कोरोना कोभिड-१९ तीव्र गतिमा १९ को संक्रमण तीव्र गतिमा फैलिरहेको छ र यो प्राणघातक रोग हो। नागरिकलाई क्वारेन्टिनमा राख्ने मामलामा दुईटा अतिवादी सोचहरू बाधक बनेका छन्। पहिलो मौसमी फ्लु झैं ठानेर सामान्य सावधानी पनि नअपनाउने दोस्रो कोरोना संक्रमित व्यक्तिले पाइला टेकिहालेमा त्यो धर्ती नै भासिन्छ वा उसले त्यो भू-भागमा उभिने वित्तिकै आसपासका सबै मानिसहरू एकैपटक

ढल्छन्, सोत्तर हुन्छन्। क्वारेन्टाइन जेल होइन, सुधारगृह हो भन्ने बुझाइ संस्थागत गर्न आवश्यक छ। यहाँ अपराधी बस्दैनन् । हाम्रा दाजुभाइ दिदीबहिनी विदेश र स्वदेशका विभिन्न स्थानबाट आफ्नो मातृभूमिमा फर्किरहेका छन् र उनीहरू बस्छन्। उनीहरूलाई क्वारेन्टाइनमा राख्न पर्छ र त्यसका लागि सरकारसँग हातेमालो गर्नुपर्छ भन्ने मान्यता स्थापित गर्न सके कोरोनाविरुद्ध विजय हासिल गर्न सकिन्छ। कोरोनाविरुद्धको लडाइँ सामुहिक लडाइँ हो एकल प्रयत्नबाट सम्भव हुँदैन। क्वारेन्टाइन कोर्ष पूरा नगरी सिधै घर प्रवेश गराउने हो भने कोरोना भुसको आगो झैं हुनेमा दुईमत छैन। यसका लागि तीन तहका सरकार आम जनताको सहकार्य भइरहेको छ। अझै सघन सहकार्यको जरुरी देखिन्छ। क्वारेन्टाइन उपचार र यातायातको व्यवस्था गर्नको लागि स्वेच्छाले सरकारलाई चाबी हस्तान्तरण गर्ने मानवीयता समयको आह्वान हो। सिङ्गो मानव जाति र राष्ट्र संकटमा पर्दा उपयोग नहुने तारे लगायतका होटेल के का लागि ? सुविधासम्पन्न हस्पिटल के का लागि ? प्राइभेट शैक्षिक संस्था के का लागि ? हाउजिङ्ग कम्पनीले निर्माण गरेका गगनचुम्मी भवन के का लागि ? के निजी संस्थाहरू नाफाको क्यालकुलेटर चलाउन मात्र खोलेका हुन् ? के सामाजिक उत्तरदायित्व वहन गर्नु उनीहरूले पर्दैन ? यी प्रश्न बहसमा आएका छन्, यति बेला। हस्पिटल, कलेज, स्कूललाई निश्चित शुल्क दिएर वा प्रयोग गरे बापत् न्यून शुल्क लिएर वा पछि दिने गरी कोरोना संक्रमितहरूको क्वारेन्टाइन उपचारका लागि प्रयोग गर्नुपर्दछ भन्ने मतहरू व्यक्त भएका छन्। राज्यले त्यतातिर सोच्नुपर्ने अवस्था सिर्जना हुँदैछ, म संघीय सरकारलाई रोष्ट्रमबाट म विशेष अपिल गर्दछु र गम्भीर ध्यानाकर्षण पनि गराउन चाहन्छु। यो कर्णाली प्रदेशको जो कोरोनाको यतिबेला ग्राफ ह्वात्तै बढिरहेको छ र यो निकै जोखिमका बीचबाट गुज्रिरहेको छ। यो रोष्ट्रमबाट म संघीय सरकारलाई विशेष अपिल गर्न चाहन्छु। माननीय सभामुखज्यू, टन्टलापुर घामले दुधे नानी बोकेर भोकै-प्यासै भौंतारिएका आमा कैयौं दिन पैदल हिँडेर ठेला परेर खट्टा सुनिएका दाजुभाइको लस्करले हाम्रा आँखा रसाए, हृदय टुक्रिए, सरकारले व्यापक, सरकारको व्यापक आ-आलोचना सरकारले व्यापक आलोचना खेप्नु पर्‍यो। अलपत्र यो लस्करलाई कम्युनिष्ट पार्टीको शोक जुलुसको संज्ञा पनि दिइयो। हरेक व्यक्तिको लागि घर सुरक्षित स्थान हो। भारत र स्वदेशका विभिन्न स्थानहरूबाट नाङ्गै भोकै अनिद्रै आफ्नो जन्मभूमि सम्झेर आउँदा अलपत्र परेका नागरिकलाई सरकारले उद्दार गर्नै पर्थ्यो, त्यो गर्‍यौं हामीले। आलोचना रोकिएन, गाउँमा कोरोना पठाएको भनियो, विरोधमा अखबारका पानाहरू रंगीए, यो पनि ठीक छैन, ऊ पनि ठीक छैन। ठीक के हो ? त्यो पनि थाहा छैन भन्ने मतहरू पनि आए। असाधारण परिस्थितिमा यस्ता विचार आउँछन्, सहज अवस्थामा यस्ता सोच आउँदैनन्। त्यही रूपमा बुझ्नु पर्दछ हामीले। यलाई अस्वभाविक रूपमा बुझ्नु पनि हुँदैन। २०७६ चैत ६ गतेदेखि २०७७ बैशाख ३१ गतेसम्म भारतबाट आएका व्यक्तिहरूको संख्या कुल २४ सय ८३ र ०७७ जेठ १ देखि २० गतेसम्म भारतबाट आएका व्यक्तिहरूको कुल संख्या ३० हजार ५ सय १२ रहेको छ र लकडाउनपछि भारतबाट कुल ३२ हजार ९ सय ४० व्यक्तिहरू औपचारिक नाकाबाट प्रदेश

प्रवेश गरेका छन्। भारतबाट आउन सक्ने व्यक्तिको अनुमानित संख्या ८६ हजार ९ सय ९१ अनुमान गरिएको छ। ३९ सय ९१ जना अलपत्र परेका व्यक्तिलाई यातायातको व्यवस्था गरी गन्तव्य स्थानसम्म प्रदेश सरकारले पुऱ्याएको छ आफ्नै खर्चमा।

बाढीपीडितका सवालहरू यहाँले उठाउनुभएको छ। सम्मानित सदनलाई अवगत छ, ०७१ सालको सुर्खेतमा आएको बाढीका कारणले सिर्जित बाढी पीडितहरूको समस्या दुखिरहने घाउ बनेको छ। ६ सय १४ जनालाई १ लाख ५० हजारका दरले पहिलो किस्ता वितरण गरिएको छ। जमिन नभएका पीडितलाई जमिन खरिद गर्ने परियोजनका लागि प्रति परिवार दुई रु दुईलाख उपलब्ध गराउने पनि निर्णय भएको छ। निर्णित २ लाखले जमिन खरिद गर्न नसकिने गुनासा पनि बाढी पीडितले गर्नुभएको छ। प्रक्रियागत समस्याहरू बन्दाबन्दीका कारण वितरणमा केही विलम्ब हुन गएको छ। निकासा लिनसम्म स्थानीय तहलाई पत्राचार गरी सकिएको छ। केही महिना अगाडि नै गरिएको हो। स्थानीय सरकारले सक्रियताको खाँचो म स्थानीय सरकारको सक्रियताको खाँचो हामीलाई महसुस भएको छ। खाँचो चाहिँ देखिन्छ। उहाँहरूको सक्रियता अलि नपुगेको पटक-पटक पत्राचार गर्दा पनि उहाँहरूले हामीलाई विवरण अथवा प्रकृति रिपोर्ट अथवा डिमाण्ड लेटर उहाँहरूले सम्प्रेषण नगरेको अवस्था छ। संघीय सरकारले नीति कार्यक्रममा सुर्खेतका बाढी पीडितहरूको समस्या समाधान गर्ने प्रतिवद्धता गरेको छ। सुकुम्बासी समाधान आयोग गठन भइसकेकाले भूमिहीन बाढी पीडितहरूले जमिन प्राप्त गर्ने विश्वास चाहिँ बढेको छ। संघ र स्थानीय सरकार समेतको सहयोगमा आ.व.२०७७/०७८ मा बा ०७८ बाढी पीडितको आवास निर्माण कार्यलाई सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएको छ। विपद्का कारण मृत्यु भएका मृतकका परिवारलाई रु. २ लाख उपलब्ध गराउने गरी सम्पूर्ण कर्णालीवासी र कर्णालीमा कार्यरत राष्ट्रसेवक कर्मचारीको जोखिमविरुद्ध सामुहिक दुर्घटना बीमा गरिएको छ। यो प्रदेशका विभिन्न स्थानमा बाढी र अग्निका कारण क्षति भएका घरलाई राहतको व्यवस्था गरिनेछ। पलाताका अग्नि पीडितको आवास निर्माण कार्य सम्पन्न भइसकेको छ। र यो जो विपद् बीमामा आवद्ध मतलव त्यो लाभान्वित हुन नसक्ने स्थिति छ उहाँहरूलाई सरकारले अलग्गै डिसिजन गरेर बीमा बराबरको रकम प्राकृतिक मतलव कारणले मृत्यु भएको छ भने हामी उपलब्ध गराउने छौं ।

चौरजहारी घटना। चौरजहारी घटनाले सत्यतथ्य छानविन गर्नको लागि संघीय गृह मन्त्रालयले गठन गरेको उच्च स्तरीय छानविन समितिले स्थलगत अध्ययन गरेर, स्थलगत अध्ययन गरेर फर्किसकेको छ। त्यो टोलीसँग समन्वय हामीले गरेका छौं। ६ जनाको शव भेटिएको छ, २० जनालाई पक्राउ गरी म्याद थप गरिएको छ। गृह मन्त्रालयले नै छानविन समिति गठन गरिसकेपछिको अवस्थामा उस्तै प्रकृतिको अर्को समिति गठन नगरी त्यही समितिलाई अनुसन्धानमा सहयोग गर्न उपयुक्त हुने निश्कर्षमा प्रदेश सरकार पुगेको व्यहोरा म अवगत गराउन चाहन्छु। चौरजहारी घटनाको निश्पक्ष छानविनका लागि सम्बद्ध निकायहरूसँग समन्वय भइरहेको छ, अपराध कर्ममा संलग्नलाई कानुनी दायरामा ल्याउन प्रदेश सरकार प्रतिबद्ध छ। यसका लागि हामी आवश्यक पहल गरिरहेका छौं। सोती

घटनाप्रति प्रदेश सरकार गम्भीर र संवेदनशील छ। मृतक परिवारलाई राहतको व्यवस्था गरिनेछ। यो घटनालाई साम्प्रदायिक नबनाई अनुसन्धानमा सघाउन सम्बद्ध पक्षलाई अपिल गर्न चाहन्छु।

यो कोषको विषयमा माननीयज्यूहरूले जिज्ञासा राख्नुभको थियो म त्यसको म यहाँहरूको बीचमा विवरण चाहिँ म प्रस्तुत गर्न चाहन्छु। यो प्रदेश विपद् व्यवस्थापन कोषमा खासगरी हामीलाई हालसम्म कुल चाहिँ ३५ करोड ३३ लाख ५५ हजार। कूल रकम २७ करोड १९ लाख ३५ हजार ५ सय ६९ कोषमा रकम प्राप्त भएको छ। जसमध्ये २ करोड २४ लाख २९ हजार ५ सय ६९ रुपैयाँ विभिन्न व्यक्ति संघसंस्थाबाट प्राप्त भएको छ। बाँकी प्रदेश सरकारबाट प्राप्त भएको छ यो कोषमा। जिल्ला विपद् व्यवस्थापन समितिलाई, समितिलाई सबै जिल्लालाई हामले ५ करोड रुपैयाँ चाहिँ प्रति जिल्ला ५ लाख मतलव ५० लाखका दरले ५ करोड रुपैयाँ हामीले उपलब्ध गराएका छौँ। स्थानीय निकायलाई हामीले ९९ सय ७९ वटै स्थानीय चाहिँ तहलाई १३ करोड २० लाख रुपैयाँ यो कोषबाट उपलब्ध राइएको छ। नेपाली सेना उत्तर पश्चिम पृतना कार्यालयलाई हामीले २ करोड ५ लाख रुपैयाँ हामीले उपलब्ध गराएका छौँ। उद्योग वन, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयलाई ६० लाख रुपैयाँ उपलब्ध गराएका छौँ। भौतिक पूर्वाधार विकास कार्यालयलाई १० लाख रुपैयाँ उपलब्ध गराइएको छ। सामाजिक विकास मन्त्रालयलाई २ करोड ५० लाख रुपैयाँ उपलब्ध गराइएको छ। अँ प्रदेश प्रहरी कार्यालय सुर्खेतलाई १० लाख रुपैयाँ उपलब्ध गराइएको छ। सशस्त्र प्रहरी बल नेपाल महेश्वरी बाहिनीलाई पाँचलाख रुपैयाँ उपलब्ध गराइएको छ र आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई यो ६ लाख रुपैयाँ ३० लाख उपलब्ध गराइएको छ र भर्खरै मात्रै ५० लाख चाहिँ उपलब्ध गराउने डिसिजन चाहिँ गर भएको छ। अहिले यो विवरण चाहिँ यहाँहरूको बीचमा पेश गरेँ र कूलमा हालसम्मको खर्च २३ करोड ६६ लाख रुपैयाँ खर्च भएको छ बाँकी रूपैयाँ चाहिँ बाँकी रकम चाहिँ बचत छ खातामा। र यो बीचमा अघि मैले चाहिँ भारतबाट आउने नागरिकहरूको संख्याचाहिँ यहाँहरूको बीचमा चाहिँ राखिसके र अन्य यहाँहरूले चाहिँ विभिन्न समयमा चाहिँ अब खासगरी बाढी पहिरोका कारणले अब ज्यान गुमाउने घर क्षेतिको पनि हामी अब एउटा निर्णय चाहिँ गर्दैछौं। यो सामुहिक दुर्घटना बीमामा आबद्ध हुनको लागि अथवा त्यो बाट लाभान्वित हुनको लागि चाहिँ यहाँहरूले जुन जुन जिल्लामा चाहिँ प्राकृतिक विपद्का कारणले मृत्यु हुनुभएको छ।उहाँहरूलाई त्यो सूचित गर्ने खासगरी स्थानीय सरकारलाई जिल्ला प्रशासन कार्यालयलाई सूचित गर्ने र प्रक्रियामा आउनको लागि चाहिँ यहाँहरूले र यो मैले यो रोष्टमबाट सञ्चार जगतलाई पनि त्यसका लागि सूचित गरिदिनको लागि, पीडित पक्षलाई सूचित गरिदिनका लागि म अनुरोध गर्न चाहन्छु र यो समयका लागि म माननीय सभामुखज्यूप्रति म आभार प्रकट गर्न चाहन्छु। यहाँहरूको जिज्ञासा यहाँहरूका सुझाव, राय र मतहरूलाई सम्मान गर्दछु र आभार प्रकट गर्दछु र आफ्नो यो प्रस्तुतीकरण यही विट मार्ने अनुमति चाहन्छु। हवस त। धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, सभाको आजको बैठकको विशेष समयमा माननीय सदस्यहरूले सार्वजनिक सरोकारका विषयहरूमा उठाउनु भएको प्रश्न एवम् जिज्ञासाको सम्बन्धमा आफ्नो जवाफ वा धारणा सभाको आगामी बैठकमा राख्न सरकारका विभागीय माननीय अ मन्त्रीलाई रुलिङ्ग गर्दछु।

माननीय सदस्यहरू, अब म खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि संशोधन प्रस्ताव परी सामाजिक विकास समितिमा छलफल भएपश्चातका निर्णय र प्रतिवेदन सभा समक्ष राख्न समितिका अध्यक्ष माननीय श्री राजु नेपालीलाई समय दिन्छु।

**माननीय श्री राजु नेपाली:** माननीय सभामुख महोदय, खाद्य, खाद्य उत्पादन तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ प्रदेश सभा सचिवालयमा मिति २०७४ चैत्र १ गते दर्ता भई मिति २०७५ चैत्र ५ गते सभामा टेबुल भएको थियो। मिति २०७४ चैत्र १५ गते प्रदेश सभामा सैद्धान्तिक छलफल भएको थियो। सो पश्चात २०७५ चैत्र २४ गते २४ मा बसेको प्रदेश सभा बैठकको निर्णयअनुसार खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्न बनेको विधेयक २०७५ माथि प्राप्त संशोधन सहित दफावार छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन प्रदेश सभामा पेश गर्न यस समितिमा प्राप्त भएको थियो र विधेयकमाथि संशोधन प्रस्तावसहितको अन्य दफाहरूमा व्यापक छलफल गरिएको थियो। यस विधेयकमा माननीय गोपाल शर्मा, माननीय चन्द्रबहादुर शाही, माननीय देवी ओली र माननीय विन्दमान विष्टज्यूले संशोधन प्रस्ताव राख्नुभएको थियो। यस विधेयकलाई हामीले प्रदेश सभामा यसप्रकारको विधेयक बन्न बन्ने क्रममा रहेको छ भन्ने जानकारी गराउने र केही राय सुझाव लिई कानून निर्माण प्रक्रियामा जनताको प्रत्येक्ष संल संलग्नता हुने ठानी मिति २०७६ कार्तिक २९ गते डोल्पा जिल्लाको दुनैमा र माघ १३ गते मुगु जिल्लाको गमगढीमा अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रमबाट प्रस्ताव भएका सुझावहरू समेत समेटी विधेयकलाई पूर्णता दिने काम भएको छ। खाद्य उत्पादन अधिकार तथा सम्प्रभूता सुनिश्चित गर्ने बनेको विधेयक २०७५ माथि दफावार छलफलमा माननीय सदस्यज्यूहरूले आफ्ना विचार राख्ने क्रममा समाप्त भएपछि सो विधेयक टेबुल गर्नुभएका माननीय मन्त्रीज्यू, संशोधन सूचना दर्ता गराउनुभएका माननीय सदस्यज्यूहरू, सम्बन्धित मन्त्रालयका सचिव र कर्मचारीहरू समेत वृहत छलफल गरिएको थियो। उक्त छलफलमा सक्रिय रूपमा भाग लिनुहुने समितिका माननीय सदस्यज्यूहरू, संशोधनकर्ताहरू र माननीय सदस्यज्यूहरू र माननीय मन्त्रीज्यू छलफलमा सहभागी मन्त्रालयका कर्मचारीहरू समिति सचिव प्रस्तावनाकर्ता माननीयज्यूहरू र लगायत सचिवालयका सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद दिन्छु। यसैगरी समितिको कामकारबाहीको सन्दर्भमा मार्गनिर्देशन आवश्यक निर्देशन समन्वय तथा सद्भाव प्रकट गर्नुहुने माननीय सभामुख र उपसभामुखज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

सभामुख महोदय, समितिमा प्राप्त प्रस्तावित संशोधनहरूमाथि छलफल गर्ने क्रममा विज्ञ, विशेज्ञ र सम्बद्ध सरोकारवालाका राय, सुझावहरू र विधेयकको मनसाय र आवश्यकता, महत्त्व र औचित्य समेतलाई ध्यान दिई घनिभूत छलफल गरिएको थियो। सोही आधारमा देहायबमोजिम क्रम संख्या १ देखि ४८ सम्म रहेको संशोधन प्रस्ताव सहितको प्रतिवेदन समितिको बैठकबाट पारित गरी प्रदेश सभामा पेश गर्ने सर्वसम्मत निर्णय भए बमोजिम यो प्रतिवेदन सम्मानित सभा समक्ष पेश गर्दछु। हवस, धन्यवाद।

**माननीय सभामुख:** माननीय सदस्यहरू, अब यो बैठक २०७७ साल जेठ २८ गते बुधबार दिनको ३:०० बजेसम्मको लागि स्थगित हुन्छ।

□□□